# कुर्आनको
## नेपाली अनुवाद

NEPALI

Quran PDF

# कुर्आनको
## नेपाली अनुवाद

This translation of the Quran is copyright free
First published 2024

Translation from Arabic to Urdu:
Maulana Wahiduddin Khan

Goodword Books
A-21, Sector 4, NOIDA-201301, Delhi-NCR, India
Tel. +91 120-4314871, Mob: 8588822678
email: info@goodwordbooks.com
www.goodwordbooks.com

CPS International
Centre for Peace and Spirituality International
1, Nizamuddin West Market, New Delhi-110013
Mob. +91-9999944119
info@cpsglobal.org
www.cpsglobal.org

Center for Peace and Spirituality, USA
2665 Byberry Road, Bensalem, PA 19020, USA
Cell: 617-960-7156
email: kkaleemuddin@gmail.com

Printed in India

# कुर्आनको
## नेपाली अनुवाद

नेपाली अनुवाद
अलाउद्दीन अन्सारी फलाही

मौलाना वहीदुद्दीन खानको
उर्दू अनुवादमा आधारित

GOODWORD BOOKS

# अनुक्रम


| क्रम | सूरह | पृष्ठ |
|---|---|---|
| | परिचय | 8 |
| 1. | सूरह अल्-फातिहा | 19 |
| 2. | सूरह अल्-बकरह | 19 |
| 3. | सूरह आले इम्रान | 62 |
| 4. | सूरह अन्-निसा | 86 |
| 5. | सूरह अल्-माइदा | 110 |
| 6. | सूरह अल्-अन्आम | 130 |
| 7. | सूरह अल्-आराफ | 153 |
| 8. | सूरह अल्-अन्फाल् | 177 |
| 9. | सूरह अत्-तौबा | 186 |
| 10. | सूरह यूनुस | 204 |
| 11. | सूरह हूद | 217 |
| 12. | सूरह यूसुफ | 231 |
| 13. | सूरह अर्रअद | 243 |
| 14. | सूरह इब्राहीम | 250 |
| 15. | सूरह अल्-हिज्र | 256 |
| 16. | सूरह अन्-नहल | 262 |
| 17. | सूरह अल्-इस्रा | 276 |
| 18. | सूरह अल्-कहफ | 288 |
| 19. | सूरह मर्यम | 300 |
| 20. | सूरह ता. हा. | 307 |
| 21. | सूरह अल्-अम्बिया | 318 |
| 22. | सूरह अल्-हज्ज | 327 |
| 23. | सूरह अल्-मुमिनून | 336 |
| 24. | सूरह अन्-नूर | 344 |
| 25. | सूरह अल्-फुर्कान | 353 |
| 26. | सूरह अश्शुअरा | 359 |
| 27. | सूरह अन्नमल | 370 |

**क्रम सूरह पृष्ठ**

28. सूरह अल्-कसस्....................................................................378
29. सूरह अल्-अन्कबूत..............................................................388
30. सूरह अर्रूम..........................................................................395
31. सूरह लुक्मान........................................................................401
32. सूरह अस्सज्दह....................................................................404
33. सूरह अल्-अहजाब ...............................................................407
34. सूरह सबा...............................................................................416
35. सूरह फातिर ...........................................................................422
36. सूरह या. सीन. .......................................................................428
37. सूरह अस्साफ्फात..................................................................434
38. सूरह साद ...............................................................................441
39. सूरह अज्जुमर .......................................................................446
40. सूरह गाफिर ..........................................................................455
41. सूरह हा. मीम. अस्सज्दह ....................................................464
42. सूरह अश्शूरा.........................................................................470
43. सूरह अज्जुख्रुफ ...................................................................476
44. सूरह अद्दुखान.......................................................................483
45. सूरह अलजासियह ..............................................................486
46. सूरह अल्-अह्काफ...............................................................489
47. सूरह मुहम्मद.........................................................................494
48. सूरह अल्-फत्ह ....................................................................498
49. सूरह अल्-हुजुरात ...............................................................503
50. सूरह काफ.............................................................................505
51. सूरह अज्-जारियात ..............................................................508
52. सूरह अत्-तूर.........................................................................511
53. सूरह अन्-नज्म ....................................................................514
54. सूरह अल्-कमर.....................................................................517
55. सूरह अर्-रहमान ...................................................................520
56. सूरह अल्-वाकिअह ...............................................................523
57. सूरह अल्-हदीद....................................................................526

**क्रम सूरह** **पृष्ठ**

58. सूरह अल्-मुजादिला....530
59. सूरह अल्-हश्र....534
60. सूरह अल्-मुम्तहिनह....537
61. सूरह अस्-सफ....539
62. सूरह अल्-जुमुआ....541
63. सूरह अल्-मुनाफिकून....542
64. सूरह अत्-तगाबुन....544
65. सूरह अत्-तलाक....546
66. सूरह अत्-तह्रीम....548
67. सूरह अल्-मुल्क....550
68. सूरह अल्-कलम....553
69. सूरह अल्-हाक्कह....556
70. सूरह अल्-मआरिज....558
71. सूरह नूह....559
72. सूरह अल्-जिन....561
73. सूरह अल्-मुज्जम्मिल....563
74. सूरह अल्-मुद्दस्सिर....565
75. सूरह अल्-कियामह....567
76. सूरह अद्दह्र....568
77. सूरह अल्-मुर्सलात....570
78. सूरह अन्-नबा....572
79. सूरह अन्-नाजिआत....573
80. सूरह अ-ब-स-....575
81. सूरह अत्-तक्वीर....576
82. सूरह अल्-इन्फितार....577
83. सूरह अल्-मुतफ्फिफीन....578
84. सूरह अल्-इन्शिकाक....579
85. सूरह अल्-बुरूज....580
86. सूरह अत्-तारिक....581
87. सूरह अल्-आला....581

**क्रम सूरह** **पृष्ठ**

88. सूरह अल्-गाशियह ....................582
89. सूरह अल्-फज्र ....................583
90. सूरह अल्-बलद ....................584
91. सूरह अश्-शम्स ....................584
92. सूरह अल्-लैल ....................585
93. सूरह अद्-दुहा ....................585
94. सूरह अल-इन्शिराह ....................586
95. सूरह अत्-तीन ....................586
96. सूरह अल्-अलक ....................586
97. सूरह अल्-कद्र ....................587
98. सूरह अल्-बय्यिना ....................587
99. सूरह अज्जिल्-जाल ....................588
100. सूरह अल्-आदियात ....................588
101. सूरह अल्-कारिअह् ....................589
102. सूरह अत्-तकासुर ....................589
103. सूरह अल्-अस्र ....................589
104. सूरह अल्-हुमजह ....................590
105. सूरह अल्-फील ....................590
106. सूरह कुरैश ....................590
107. सूरह अल्-माऊन ....................591
108. सूरह अल्-कौसर ....................591
109. सूरह अल्-काफिरून ....................591
110. सूरह अन्-नस्र ....................591
111. सूरह अल्-मसद ....................592
112. सूरह अल्-इख्लास ....................592
113. सूरह अल्-फलक ....................592
114. सूरह अन्-नास ....................592

# परिचय

कुर्आन ईश्वरको किताब हो। जो आफ्नो मूल अरबी भाषामा पूर्णरूपमा सुरक्षित छ। यस्तो किताबको अनुवाद कहिल्यै मूल किताबको विकल्प बन्न सक्दैन। कुर्आनको अनुवादको उद्देश्य यसलाई बुझ्ने योग्य बनाउनु हो। तसर्थ यसको यो अर्थ होइन कि अरबी न जान्ने व्यक्ति कुर्आनलाई बुझ्न सक्दैन। कुर्आन अरबी भाषा न जान्नेहरूका लागि पनि बुझ्ने लायक किताब हो। कुर्आन स्पष्ट अरबी भाषामा छ। वास्तवमा यो प्राकृतिक भाषामा छ जसमा जसमा ईश्वरले अवतरणकालमा सबै मानिसहरूलाई प्रत्यक्ष सम्बोधन गर्नुभएको थियो। यो सम्बोधन सबै महिला तथा पुरुषको मनमा विद्यमान रहन्छ। तसर्थ कुर्आन सबै मानिसहरूका लागि बुझ्ने योग्य किताब हो, यसले गर्दा कसैमा चेतना आउँछ र कसैमा आउँदैन।

यस वास्तविक्तालाई कुर्आनले यसरी वर्णन गरेको छ- यी स्पष्ट श्लोकहरू हुन् यस्ता मानिसहरूको छातीमा जसलाई ज्ञान प्रदान भएको छ। (४९/४९)।

यसको अर्थ के छ भने कुर्आन जुन आकाशीय वास्तविक्तालाई चेतनाको भाषामा बताउँदैछ त्यो सरल भाषामा मानवभित्र पहिलैदेखि छ। कुर्आनको सन्देश मानवको लागि कुनै अपरिचित सन्देश होइन, बरु त्यो त्यसै ज्ञानको शाब्दिक अभिव्यक्ति हो जोसँग मानव प्राकृतिकरूपमा पहिलै देखि परिचित छ।

कुर्आनमा बताइएको छ कि जुन मानिसहरू पछिको युगमा जन्म लिँदैछन् उनीहरू सबैको सृष्टि प्रारम्भिक रूपमा आदमको रचनाको समयमा भइ सकेको थियो। त्यतिखेर ईश्वरले उनीहरू सबैलाई सम्बोधन गरेर भन्नु भएको थियो-

जब तपाईंका पालनकर्ताले आदम का सन्तानहरूका पिठ्यूँहरूबाट तिनका सन्तानहरूलाई सृष्टि गर्नुभयो र उनीहरूलाई उनीहरूमाथि गवाह बनाउनु भयो। के म तिमीहरूको पालनकर्ता होइन ? तिनीहरू सबैले भने- किन नहुनु ? हामी

स्वीकार गर्छौं। ताकि तिमीहरूले महाप्रलयको दिन यो न भन- हामीलाई यसको खबर थिएन। (७/१७२)

ईश्वर तथा भक्तबीच एउटा अर्को वार्तालापको उल्लेख कुर्आनमा यसरी गरिएको छ-

हामीले अमानत (नासो) लाई आकाशहरू, पृथ्वी र पहाडसमक्ष प्रस्तुत गर्यौं तर तिनीहरूले यसलाई उठाउन अस्वीकार गरे र यसबाट डराए। तर मानवले यसलाई उठायो। निस्सन्देह मानव अत्याचारी र अज्ञानी थियो। (३३/७२)

यी दुवै श्लोकहरूबाट के स्पष्ट हुन्छ भने रचनाको शुरुमा नै ईश्वरले सबै मानवलाई प्रत्यक्षरूपमा सम्बोधन गर्नुभएको थियो र यस सम्बोधनमा जे जति कुरा भनिएको थियो त्यो मानवको अवचेतनमा सुरक्षित गरियो। मानौँ जुन कुरालाई मानव कुर्आनको रूपमा पढछ त्यो उसले पहिला नै ईश्वरको सम्बोधनको रूपमा सुनि सकेको छ र बुझि सकेको छ। कुर्आन एउटा जानिएको कुरालाई जनाउनु हो न कि कुनै नयाँ कुरा अकस्मात सुनाउनु। वास्तवमा कुर्आन मानवको चेतनाको प्रकटन (Unfolding) हो।

यस सन्दर्भमा यो जान्नु कठिन छैन कि कुर्आनलाई बुझ्नको लागि यसको अनुवाद पनि एउटा पर्याप्त साधनको हैसियत राख्छ। यस्तो व्यक्ति जसको प्राकृति जीवित छ र जसले आफूलाई पछिको कण्डिश्निङ्ग (Conditioning) बाट जोगाएको छ, ले कुर्आनको अनुवाद पढदा उसको मनको त्यो भाग खुल्नेछ जहाँ ईश्वरको त्यो सम्बोधन सुरक्षित छ जो उसको संरचनाको समयमा गरिएको थियो। अलस्तु बिरब्बिकुम (के म तिमीहरूका पालनकर्ता होइन) को प्रतिज्ञा यदि यो ईश्वरको पहिलो सम्बोधन हो भने कुर्आन ईश्वरको दोस्रो सम्बोधन हो। यी दुवै एक अर्काको पुष्टि गर्छ। अरबी भाषा न जान्ने वा कम जान्ने व्यक्ति जो यसको अनुवाद पढने क्षमता राख्छ भने उसले निराश हुनुहुँदैन। कुर्आनको यो मानव धार्णा वर्तमान युगमा एउटा वैज्ञानिक तथ्य बनि सकेको छ। वर्तमान

युगमा जेनेटिक (अनुवशिंक) कोडको विज्ञान र एंथ्रोपोलोजी (मानव विज्ञान) को अध्ययन दुवै कुर्आनको यस दृष्टिकोणको पूर्णतः पुष्टि गर्दछ।

## कुर्आन ईश्वरको किताब

कुर्आन ईश्वरको किताब हो, जो इस्लामको सन्देष्टा मुहम्मद (सल्ल.) लाई प्रदान गरियो। पूरा कुर्आन एकै पटक अवतरित भएन बरु २३ वर्षको अवधिमा अलि अलि गरेर अवतरित भयो। ईशदूत मक्कामा हुँदा ६१० ई. मा पहिलो पटक केही श्लोकहरू अवतरित भए अनि त्यसपछि निरतरन्तर त्यसका विभिन्न अंशहरू अवतरित भए। कुर्आनको अन्तिम भाग ६३२ ई. मा उहाँमाथि अवतरित भयो, जब उहाँ मदीनामा हुनुहुन्थ्यो। कुर्आनको यो अवतरण देवदूत जिब्रीलको माध्यमबाट हुने गर्थ्यो। अन्तमा जिब्रीलको मध्यमबाट ईश्वरको निर्देशनअनुसार पूरा कुर्आनलाई एकसाथ सङ्कलन गरियो।

कुर्आनमा जम्मा ११४ अध्यायहरू छन्, केही ठूला सूरहहरू छन् र केही साना सूरहहरू। श्लोकहरूको सङ्ख्याँ ६२३६ छ । वाचान सजिलो होस् भन्ने उद्देश्यले कुर्आनलाई ३० खण्ड र ७ मन्जिलमा बाँडिएको छ। कुर्आन सातौँ शताबदिको पहिलो चौथाइमा अवतरित भयो, त्यतिखेर कागज अस्तित्वमा आइ सकेको थियो। यो कागज केही विशेष रूखबाट हस्त उद्योगको रूपमा बनाइन्थ्यो, जसलाई पपायरस (Papyrus) भनिन्थ्यो। कुर्आनको कुनै अंश अवतरित हुँदा त्यसमाथि लेखिन्थ्यो। यसलाई अरबी भाषामा किरतास भनिन्छ। साथै मानिसहरू कण्ठ पनि गर्ने गर्थे किनभने त्यतसखेर मात्र कुर्आन नै एक मात्र साहित्य थियो। कुर्आनलाई नमाजमा पढिन्थ्यो र मानिसहरूलाई इस्लाम धर्मतर्फ आमन्त्रित गर्नको लागि पनि पाठ गरिन्थ्यो। यसरी कुर्आन लेखिएर पनि सुरक्षित गरिँदै थियो र कण्ठ गरेर पनि।

इस्लामको सन्देष्टा मुहम्मद (सल्ल.) को अन्तिम समयसम्म कुर्आनलाई

सुरक्षित राख्ने यही तरिका प्रचलित रहयो । ६३२ ई. मा उहाँको देहान्त भएपछि अबूबक्र (रजि.) इस्लामको पहिलो उत्तराधिकारी बन्नु भयो । उनले नियमित रूपमा आफ्नो रेख देखमा पूरा कुर्आनको एक प्रति एक जिल्दमा तयार गराउनुभयो । यो प्रति पराचीन कालको कागज किरतासमा थियो । कुर्आनको यस प्रतिको साइज चौकोर थियो । अतः त्यसलाई रबआ (वर्ग) भनिन्थ्यो यसरी कुर्आन पहिलो उत्तराधिकारी अबूबक्र (रजि.) को कालमा जिल्द चढाइएको किताबको रूपमा सुरक्षित भयो । तेस्रो खलीफा उसमान बिन अफ्फान (रजि.) को कालमा कुर्आनको थप प्रतिहरू तयार पारिए र विभिन्न नगरहरूमा पठाइयो । यी प्रतिहरू नगरका जामे मस्जिदहरूमा उपलब्ध रहने गर्थे । मानिसहरू यसलाई पढने पनि गर्थे र यसका थप प्रतिहरू पनि तयार पार्ने गर्थे ।

कुर्आनलाई लेख्ने यो क्रम १९ सौँ शताबदिसम्म जारी रहयो । १९ सौँ शताबदिमा प्रिन्टिङ्ग प्रेसको अविष्कार भयो र साथै आधूनिक औद्यौगिक ढङ्गले ठूलो मात्रामा कागज तैयार पारिन थालियो । यसरी १९ सौँ शताबदिदेखि नियमित रूपमा छापा खाना द्वारा छपाइको आरम्भ भयो । छपाइ विधिमा निरन्तर विकास हुँदै गयो र यसरी कुर्आनको मुद्रित प्रतिहरू अधिक उतकृष्ट रूपमा तयार हुन थाल्यो । अब कुर्आनका मुद्रि प्रतिहरू यति ठूलो संख्याँमा प्रकाशित हुन थाल्यो कि यो घर-घर, मस्जिद-मस्जिद, बजार-बजार उपलब्ध छ र सबै मानिसहरू जुन सुकै भाषामा प्राप्त गर्न सक्छन् चाहे उनीहरू संसारको जुन सुकै ठाउँमा होउन् ।

## ईश्वरको सृष्टि निमार्ण योजना

प्रत्येक किताबको एउटा विषय (Subject) हुन्छ । कुर्आनको विषय हो ईश्वरको सृष्टि निर्माण योजना (Creation Plan of God) सित मानवलाई अवगत गराउनु, अर्थात उनीहरूलाई यो बताउनु कि ईश्वरले यो संसारको सृष्टि

किन गर्नु भयो ? मानवलाई यस धर्तीमा किन बसाइयो ? मृत्युअघिको जीवनमा मानवले के गर्नु पर्छ र मृत्युपछ ऊसँग के हुनेछ ? कुर्आन यस सम्पूर्ण जीवन यात्रमा एउटा मार्गदर्शक किताबको हैसियत राख्छ। कुर्आनको उद्देश्य मानवलाई यसै कुराबाट अवगत गराउनु हो र यही कुर्आनको विषय हो।

ईश्वरले मानवलाई एउटा अमर अमर रचनाको रूपमा सृष्टि गर्नु भएको छ र उसको जीवन काललाई दुई भागमा बाँड्नु भएको छ। उसको जीवनको सानो अंश मृत्युअघि राख्नु भयो र धेरै ठूलो अंश मृत्युपछि राख्नुभयो। मृत्युअघिको सानो काल परीक्षा काल हो भने मृत्युपछिको ठूलो अंश परीक्षा फल अनुसाार राम्रो वा नराम्रो परीणाम पाउने काल हो। कुर्आन जीवनको यसै वास्तविक्ता बताउनको लागि एउटा परिचयात्मक किताब हो ।

कुर्आन एक दृष्टिले उपकार गर्ने वालाको तर्फबाट पुरस्कारको अनुस्म्रण हो। ईश्वरले मानवलाई विशेष गुणका साथ सृष्टि गर्नु भएको छ उनि उसलाई पृथ्वी जस्तो ग्रहमा बसाउनु भयो। कुर्आनको उद्देश्य के छ भने मानव प्राकृतिका यी पुरस्कारहरूबाट लाभ उठाउन् र उपकार गर्नेलाई याद राखुन्, पुरस्कारका रचयतामाथि आस्था राखुन्। पुरस्कारलाई उपभोग गर्दै उपकारकलाई मान्नु, र उहाँको चाहना तथा मागलाई पूरा गर्नु नै सदा रहने स्वर्गको प्रमाण पत्र (Certificate) हो। यसको विपरी पुरस्कारहरूलाई उपभोग गर्दै उपकारकलाई बिर्सनु मानवलाई नर्क (जहन्नम) को भागेदार बनाउँछ। कुर्आन वास्तवमा यही सबै भन्दा ठूलो वास्तविक्ताको अनुस्म्रण हो।

कुर्आन पढदा तपाईंले पटक पटक यस्तो वर्णन पाउनु हुन्छ- यो ईश्वरको तर्फबाट अवतरित भएको वाणी (Word of God) हो। प्रत्यक्षरूपमा यो साधारण कुरा हो तर जब यसलाई तुलनात्मक रूपमा हेर्दा के थाहा हुन्छ भने यो अति साधारण कुरा हो। संसारमा धेरै किताबहरू छन् जसको बारेमा मानिसहरूको आस्था छ कि ती आकाशीय किताबहरू हुन्। तर कुर्आन बाहेक अरू कुनै किताबमा यो

लेखिएको छैन कि यो ईश वाणी हो । यस्तो वर्णन मात्र कुर्आनमा छ । कुर्आनमा यस्तो वर्णन हुनु त्यसको पाठकलाई एउटा प्रारम्भिक बिन्दू (Starting Point) दिन्छ । पाठकले यसको अध्ययन एउटा विशेष पुस्तकको रूपमा गर्छ, न कि साधारण मानवीय पुस्तकको रूपमा ।

कुर्आनको शैलीपनि एउटा अनौठो शैलि हो । मानवीय किताबको शैली के कस्तो हुन्छ भने त्यसका कुराहरू एउटा लेखन क्रमका साथ लेखिन्छ । त्यसमा A देखि Z सम्म क्रमबध्द रूपमा कुराहरूको वर्णन गरिन्छ । तर कुर्आनमा यस्तो शलि छैन । साधारण व्यक्तिलाई स्पष्टरूपमा कुर्आन अक्रमबध्द वाणी कहसूस हुन्छ । तर वस्तवक्ता के छ भने कुर्आन एउटा व्यवस्थित तथा क्रमबध्द वाणी हो । कुर्आनको वाक्य शैली सम्बन्धमा यो भन्नु उपयुक्त हुन्छ कि त्यसको शैली एउटा राजसी शैली हो जसको लेखक एउटा उच्चतम स्थानमा हुनुहुन्छ जहाँबाट सबै मानिसहरूको अवलोकन गरि राख्नुभएको छ । सबै मानिसहरू उहाँको सरोकार वाला (Concern) हुन् । उहाँ महान स्थानबाट मानवलाई सम्बोधन गरि राख्नुभएको छ । यद्यपि यस सम्बोधनबीच कहिले एउटा समूतर्फ फर्कनु हुन्छ र कहिले अर्को समूहतर्फ ।

कुर्आनको एउटा विशेष पक्ष के छ भने त्यसको पाठक जतिखेर पनि त्यसको लेखकसँग सम्पर्क (Consult) गर्न सक्छ । कुर्आनको लेखक ईश्वर हुनुहुन्छ, उहाँ जीवन्त हुनुहुन्छ र सबै मानिसहरूलाई आफ्नो घेरामा लिनुभएको छ । उहाँ कुनै मध्यत-कर्ताबिना मानिसहरूको कुरा सुन्नुहुन्छ र त्यसको उत्तर दिनुहुन्छ, तसर्थ कुर्आनको पाठकको लागि हरेक क्षण सम्भव छ कि ऊ ईश्वरसँग सम्बन्ध स्थापित गर्न सक्छ, सोध्न सक्छ र उत्तर पाउन सक्छ ।

कुर्आनलाई मात्र मिडियाको माध्यमले जान्नेहरू के ठान्छन् भने कुर्आन जिहादको किताब हो र तिनीहरूको विचारमा जिहाद नाम हो हिंसाको माध्यमबाट आफ्नो उद्देश्य पूरा गर्न । तर यो भ्रम हो । प्रत्यक्ष रूपमा कुर्आन पढनेहरू सजिलै

बुझ्न पुग्छन् कि कुर्आनको कुनै सम्बन्ध हिंसासँग छैन । कुर्आन पूर्णरूपमा शान्तिको किताब हो न कि हिंसाको ।

## जिहाद भनेको के हो ?

यसमा कुनै सन्देह छैन कि जिहाद पनि कुर्आनका शिक्षाहरूमध्ये एक शिक्षा हो । तर जिहादको अर्थ हो शान्तिपूर्ण प्रयास, न कि कुनै प्रकारको हिंसात्मक कार्यवाही । यस कुराको पुष्टि कुर्आनको यस श्लोकबाट हुन्छः तिमीहरू कुर्आनको माध्यमबाट तिनीहरूविरुध्द ठूलो जिहाद गर । (२५/५२)

कुर्आनको यस श्लोकमा कुर्आनकै माध्यमबाट जिहाद गर्ने शिक्षा दिइएको छ । स्पष्ट छ कि कुर्आन कुनै हतियार होइन । कुर्आन एउटा वैचारिक किताब हो । कुर्आन ईश्वरको विचार धारा (Ideology) को परिचय हो । यसबाट कुर्आनमा जिहादको धारणा स्पष्टरूपमा परिलक्षित हुन्छ । कुर्आन अनुसार जिहाद भनेको शान्तिपूर्ण वैचारिक संघर्ष (Peaceful Ideological Struggle) हो । यस वैचारिक संघर्षको उद्देश्य कुर्आनमा यो बताइएको छः कुर्आनको शान्तिपूर्ण सन्देश मानिसहरूको मनमा पसोस् (४/६३) ।

यस श्लोकमा भनिएको कुरा बोधगम्य कथन (कौले बलीग) हो, अर्थात मनलाई सम्बोधित गर्ने र मनलाई सन्तुष्ट पार्ने कुरा, जसलाई पढेर मानिसहरूलाई कुर्आनको सच्चाइमा विश्वास पैदा हुन्छ र मनभित्र क्रान्ति उत्पन्न हुन्छ । यही कुर्आनको मिशन हो र यस प्रकाको वैचारिक मिशन मात्र तर्कहरूबाट पूरा गर्न सकिन्छ, हिंसा वा कुनै पनि सशस्त्र कार्यवाहीबाट पूरा गर्न सम्भव हुँदैन ।

यो ठीक हो कि कुर्आनमा केही श्लोकहरू छन् जो युध्दको अनुमति दिन्छन्, तर यी श्लोकहरू मात्र युध्द स्थितीका लागि हुन्, ती मात्र आक्रमण हुँदा बचावका लागि हुन् । रक्षात्मक युध्दबाहेक अरू कुनै युध्द इस्लाममा वैध छैन । यो

रक्षात्मक युध्द पनि मात्र एउटा स्थापित राज्य (Stablished State) गर्न सक्छ। राज्यबाहेक कुनै व्यक्ति विशेष वन संस्थाविशेषलाई यसको अनुमति छैन।

कुर्आनलाई बुझ्नको लागि एउटा महत्वपूर्ण कुरा के छ भने कुर्आन कुनै कानूनी किताब नभएर एउटा दावती (आह्वान) को किताब हो। कुर्आनको वाक्य शैली कानूनी नभएर आवाहक छ। कानूनी भाषा निर्धारण गर्ने भाषा हुन्छ कानूनी लेखमा कुराहरू शाब्दिक रूपमा वांछित हुन्छन् जब कि आवाहक लेखमा मामिला यस्तो हुँदैन। आवाहक लेखमा त्यसको अर्थमा बढी ध्यान दिइन्छ। आवाहक किताबमा शब्दहरूको हैसियत मात्र एउटा माध्यमको हुन्छ, जब कि कानूनी किताबमा शब्द स्वयम आफैँमा वांछित हुन्छ।

यसको एउटा पक्ष यो हो कि आवाहक लेखमा विशेष बल दिएर उद्देश्यलाई प्राप्त गर्नको लागि तिब्रताको शैली अपनाइन्छ र यस्तो शब्दको प्रयोग गरिन्छ जाहेरमा कठिन देखिन्छ तर यो कठोरता विवेकमा आधारित हुन्छ। यस्तो कुनै वाणीमा कठोरतालाई देखेर त्यसलाई कानूनी कठोरताको अर्थमा लिन मिल्दैन। यसै तत्वदर्शिताको यो परिणाम हो कि आवाहक भाषामा बढि यस्तो कुरा भनिन्छ जो कानूनी शैली अनुसार अति कठोर प्रतीत हुन्छ तर त्यो मात्र त्रास उत्पन्न गर्नको लागि आउँछ, मानवको प्राकृतलाई जगाउनको लागि आउँछ, त्यसभित्र लुकेको भावहरूलाई गति दिइयोस्। निम्न उदाहरणबाट यो कुरा स्पष्ट हुन्छः

सन्देष्टा मुहम्मदको जीवन कालमा बद्र (२ हि.) को युध्द भयो। यो युध्द उहाँले आक्रमण हुँदा बचावको लागि गर्नुभएको थियो। यस युध्दमा उहाँलाई विजय प्राप्त भएको थियो। युध्दपछि उहाँले विरोधीहरूको ७० जनालाई बन्दी बनाउनु भएको थियो, जसलाई मदीना ल्याइए। यस घटनाको बारेमा कुर्आनको यो श्लोक अवतरित भयोः कुनै सन्देष्टाको लागि यो उपयुक्त छैन कि उनीकहाँ बन्दीहरू हुन् जब सम्म उनले धर्तीमा राम्ररी रक्तपात नगरुन् (८/६७)।

यस श्लोकका शब्दहरूलाई यदि कानूनी अर्थमा लिइन्छ भने यसको अर्थ

हुन्छ कि युध्द बन्दीहरूलाई अवश्यरूपमा हत्या गर्नुपर्छ, जब कि युध्द बन्दीहरू पूर्णरूपमा त्यतिखेर मुहम्मदको नियन्त्रणमा थियो। यस्तो स्थितिमा यदि यो श्लोक कानूनी भाषामा भएको भए यसमा यस्तो शब्द हुनु पर्ने थियोः जुन ७० जनालाई तिमीहरूले युध्दको मैदानबाट बन्दी बनाएर मदीना ल्याएका छौ तिनीहरू सबै आफ्नो अपराधको कारणले हत्या गरिने योग्य छन्, तसर्थ तत्कालै तिनीहरूको हत्या गरेर तिनीहरूलाई सखाप पार। तर न त कुर्आनमा यस्तो श्लोक अवतरित भयो न मुहम्मदले यस श्लोकलाई कानूनी ठानेर कार्यान्वयन गर्नुभयो।

यो घटना स्पष्टरूपमा बताउँछ कि यस श्लोकको त्यो अर्थ होइन जो जाहेरमा देखिन्छ। यो भाषाको कठोरताको मामिला थियो जो यस कारणले थियो कि युध्द बन्दीहरूभित्र सुधारको भावना उत्पन्न होस्। अर्को शब्दमा उपर्युक्त श्लोकमा जुन कुरा छ त्यो कानूनी आदेश थिएन बरु यो मात्र हैम्रिङ्गको भाषा (Language of hammering) थियो। यस श्लोकको अर्थ अपराधीहरूको सुधार थियो न कि अपराधीहरूको हत्या। अतः यी युध्द-बन्दीहरूमध्ये पछि धेरै मानिसहरू इस्लाममा प्रवेश गरे, जस्तै सुहैल बिन अम्र इत्यादि।

## गर्नु पर्ने कार्यहरू

जुन मानिसहरू कुर्आनको माध्यमबाट सत्य खोज्न चाहन्छन् उनीहरूलाई कुर्आन दुई सुत्रीय कार्यक्रम दिन्छ। पहिलो आफ्नो जीवनमा ईश्वरको मार्गदर्शनको पूर्ण पालना र दोस्रो अन्य मानिसहरूलाई यस आकाशीय मार्गदर्शनबाट अवगत गराउनु। आकाशीय मार्गदर्शनको आज्ञापालनको शुरुवात बोध तथा आकाशीय वास्तविक्ताको खोजबाट हुन्छ। एकजना व्यक्ति जब कुर्आनको माध्यमबाट सत्यताको खोज गर्छ तब ऊभित्र एउटा मांसिक क्रान्ति उत्पन्न हुन्छ, उसको सोचमा परिवर्तन आउँछ, उसको चाहने वा न चाहने मापदण्डमा बदलाव आउँछ र उसको जीवन भित्र देखि बाहिरसम्म एउटा दिब्य नक्शामा ढल्छ।

ईश्वरको बोधको यो अभिव्यक्ति जिक्र (गुणगान), इबादत (उपासना), उत्तम व्यवहार, ईशप्रायणताको रूपमा जाहेर हुन्छ । सत्यको खोज कुनै मेकानिकल खोज होइन बरु सत्यको खोज जीवनको वास्तविक्ताको खोज हो । जुन व्यक्तिलाई जीवनको वास्तविक्ताको बोध हुन्छ ऊ स्वयम आफ्नो प्राकृतिको बलमा एक जना नयाँ पुरुष बन्न पुग्छ । सत्यको खोज कुनै मनुष्यको लागि एउटा जन्म लिएपछि अर्को जन्म लिनु जस्तै हुन्छ । यो नयाँ जन्म एउटा यस्तो विकासशील रूख जस्तो हो जो सधैँ बढ्दै जान्छ र जसको विकासको यात्रा कहिले समाप्त हुँदैन ।

कुर्आनको माध्यमबाट जसले सत्यको खोज गर्छ उसको व्यवहारिक कार्यक्रमको दोस्रो अंश त्यो हो जसलाई कुर्आनमा ईश्वरतर्फ आह्वान भनिएको छ, अर्थात आकाशीय सत्यतासित अरूलाई अवगत गराउनु । यो आह्वान प्रक्रिया अति अत्यन्त गम्भीर प्रक्रिया हो । यो पूर्ण डेडिकेशन (Dedication) चाहन्छ । यसै दृष्टिकोणले त्यसलाई जिहाद पनि भनएको छ ।

कुर्आनअनुसार जिहाद पूर्णरूपमा एउटा अराजनैतिक (Non-Political) प्रक्रिया हो । आवाहक जिहादको लक्ष्य मानिसको दिल तथा मनलाई परिवर्तन गर्नु हो र दिल तथा मनको परिवर्तन मात्र शान्तिपूर्ण प्रचारको माध्यमबाट आउँछ, न कि कुनै बलपूर्वन तथा हिंस्रक कार्यको माध्यमबाट ।

कुर्आनले चाहना गरेको व्यक्ति दिब्य मनुष्य (३/७९) हो, अर्रथात त्यो मनुष्य जो यस संसारमा ईश्वर वाला मनुष्य बनोस्, जो पालनकर्तातर्फ एकाग्र भएर जीवन बताओस् । पालनकर्ताले चाहना गर्नुभएको मनुष्य बन्ने यसै प्रक्रियालाई कुर्आनले तज्किया (शुध्दिकरण) (२/१२९) भनेको छ । कुर्आनअनुसार स्वर्ग त्यस्तै मानिसहरूको लागि हो जो संसारमा आफ्नो शुध्दिकरण गर्छ र मुजक्का (शुध्द) व्यक्ति बनेर आउने जीवनमा प्रवेश गर्छ । (ता. हा./७६) ।

तज्कियाको अर्थ हो शुध्दिकरण (Purification) अर्थात आफ्नो व्यक्तित्वलाई नचाहिने कुराहरूबाट जोगाउनु । व्यक्तित्वलाई पवित्र पार्ने यो

प्रक्रिया एउटा सधैँ चल्ने प्रकिया हो, यो कहिले समाप्त हुँदैन। कुर्आनलाई मान्ने (आस्थावान) भित्र यो प्रक्रिया उसको जीवनको अन्तिम क्षणसम्म जारी रहन्छ।

वास्तविक्ता के छ भने प्रत्येक व्यक्ति आफ्नो जन्म अनुसार मूल पाकृतिमा जन्म लिन्छ । जन्म अनुसार प्रत्येक व्यक्ति मिस्टर नेचर (Mr. Nature) हुन्छ । तसर्थ जीवनमा प्रत्येक दिन यस्तो अनुभव हुन्छ जो उसको प्राकृतिक व्यक्तित्वमाथि नकारात्मक दाग लगाउँछ। क्रोध, द्वेष, इर्ष्या, लालच, भेदभाव, घमण्ड, इन्कार र बदलाको भावना यस्ता नकारात्मक दागहरू हुन् जो मानिसको प्राकृतिक व्यक्तित्वलाई दुषित पार्छन्। यस्तो स्थितीमा प्रत्येक स्त्री तथा पुरुषले आत्मनिरिक्षण (Introspection) द्वारा आफ्नो शुध्दिकरण गरिराख्नु पर्छ, आफ्नो मनमा उत्पन्न हुने दुषित व्यक्तित्वलाई प्राकृतिक व्यक्तित्व बनाइ राखोस्। प्रत्येक व्यक्तिको वातावरण उसलाई एउटा कण्डिशण्ड (Conditioned) व्यक्ति बनाउँछ। अब प्रत्येक व्यक्तिले यो गर्नु छ कि उसले डि कण्डिशनिङ्ग (De-conditioning) को माध्यमबाट आफूलाई पुनः मिस्टर नेचर बनाओस्। यसै मिस्टर नेचरको कुर्आनी नाम दिब्य व्यक्ति वा ईश्वरले मन पराउनुभएको मानव हो।

नयाँ दिल्ली, ३ जून २०१० वहीदुद्दीन खाँ

www.mwkhan.com

## सूरह अल्-फातिहा- १

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- सबै प्रशंसा एक मात्र सत्य ईश्वर ईश्वरका लागि हुन्, जो सम्पूर्ण सृष्टिका मालिक हुनुहुन्छ। २- अत्यन्त दयालु तथा करुणामय हुनुहुन्छ। ३- निसाफको दिनको मालिक हुनुहुन्छ। ४- हामी मात्र तपाईंको उपासना गर्छौं र तपाईंसँग सहयोग खोज्छौं। ५- हामीलाई सीधा मार्ग देखाउनुहोस्। ६- यस्ता मानिसहरूको मार्ग, जसमाथि तपाईंको कृपा भयो। ७- यस्ता मानिसहरूको मार्ग होइन जसमाथि तपाईंको प्रकोप भयो, न बाटो बिराएका मानिसहरूको मार्ग।

## सूरह अल्-बकरह- २

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- अलिफ० लाम० मीम०। २- यो ईश्वरको किताब हो। यसमा कुनै सन्देह छैन। ईशभय राख्नेहरूलाई सीधा मार्ग देखाउँछ। ३- जो नदेखिकन आस्था राख्छन् र नमाज कायम गर्छन्। जो हामीले प्रदान गरेको धनसम्पत्तिबाट खर्च गर्छन्। ४- जो तपाईं माथि र तपाईंभन्दा अघि अवतरित भएको प्रकाशनामा विश्वास गर्छन्। यिनीहरू नै परलोकमा विश्वास राख्छन्। ५- यस्ता मानिसहरू नै सीधा मार्ग पाए र यिनीहरू नै सफल हुनेछन्।

६- जुन मानिसहरूको इनकार गरे उनीहरूलाई खबरदार गर्नु वा नगर्नु दुवै समान छ, तिनीहरू मान्ने छैनन्। ७- सत्य ईश्वरले तिनीहरूका मुटु र कानमाथि मोहर लगाई दिनुभएको छ र आँखाहरूमा पर्दा लगाई दिनुभएको छ। तिनीहरूका लागि दु:खदायी यातना छ। ८- केही मानिसहरू ईश्वर तथा आखिरतमा आस्था ल्याएको दावी गर्छन्, तर वास्तवमा तिनीहरू आस्था ल्याएका छैनन्।

९- तिनीहरूले ईश्वर तथा आस्थावानहरूलाई धोका दिन खैज्दैछन्, तर तिनीहरू आफैंलाई धोका दि रहेका छन्, जसलाई तिनीहरू महसुस गरिरहेका छैनन् । १०- तिनीहरूको मनमा रोग छ अनि सत्य ईश्वरले तिनीहरूको रोग बढाइ दिनुभएको छ । ११- जब तिनीहरूलाई धर्तीमा आतंक मच्चाउनबाट मनाहि गरिन्छ तब तिनीहरू भन्छन्- हामीहरू त सुधारक हौ । १२- वास्तवमा भन्ने हो भने तिनीहरू आतंककारी हुन्, तर यस कुरालाई बुझिरहेका छैनन् । १३- जब तिनीहरूलाई अरू मानिसहरूले आस्था ल्याए झैं आस्था ल्याउन भनिन्छ तब जवाफ दिन्छन्- के हामीहरू मुर्ख व्यक्तिहरू झैं आस्था ल्याउने ? यद्यपि तिनीहरू नै मुर्ख हुन् तर तिनीहरू जान्दैनन् । १४- तिनीहरू आस्थावानहरूसँग भेट हुँदा भन्छन्, हामीले आस्था ल्यायौं । तर आफ्ना शैतानको सभामा जाँदा भन्छन्, हामी त तिमीहरूको साथमा छौं । तिनीहरूसंग मात्र ठट्टा गरिरहेका छौं । १५- ईश्वरतिनीहरूसंग ठट्टा गरिराख्नुभएको छ र उद्दण्ड मच्चाउन छूट दिनुभएको छ, अनि तिनीहरू बाटो बिराइ रहेका छन् । १६- तिनीहरूले मार्गदर्शनको सट्टा पथभ्रष्टतालाई रोजेका छन्, अनि तिनीहरूको व्यापारले केही नाफा दिएन र तिनीहरू सीधा मार्ग पाउन सकेनन् ।

१७- तिनीहरूको उपमा कस्तो छ भने एक जनाले आगो बाल्यो, जब आगोले जरिपरिलाई प्रकाशित पार्यो तब सत्य ईश्वरले उसको आँखाको ज्योति खोस्नुभयो र उसलाई घोर अन्धकारमा छोड्नुभयो, जसमा केही पनि देख्न सकेन । १८- तिनीहरू बहिरा हुन्, लाटा हुन्, अन्धा हुन्, तिनीहरू फर्कनेछैनन् । १९- तिनीहरूको उपमा यस्तो छ मुसलधारे वर्षा हुँदैछ, जसमा मेघ गर्जन तथा बिजुलीको चमक पनि छ । अनि तिनीहरूले कडा मेघ गर्जनको कारण र मृत्युबाट बच्न कानमा औँला घुसारिरहेका छन् । जब कि सत्य ईश्वरले तिनीहरूलाई आफ्नो घेरामा लिनुभएको छ । २०- चाँडै नै बिजुलीको चमकले तिनीहरूको तिनीहरूको आँखाको ज्योतिलाई खोसेर लैजानेछ । जब बिजुली चम्किन्छ तब

तिनीहरू त्यसमा हिंड्न थाल्छन् र जब तिनीहरूलाई अँध्यारोले छोप्दछ तब तिनीहरू रोकिन्छन् । सत्य ईश्वरले चाहनुभएमा तिनीहरूको कान तथा आँखाहरू खोस्न सक्नुहुन्छ । उहाँ हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ ।

२१- हे मानव हो ! आफ्ना पालनकर्ताको भक्ति गर, जसले तिमी र तिमीभन्दा पूर्वका मानिसहरूको सृष्टि गर्नुभयो । ताकि तिमीहरू नर्कबाट जोगिन सक । २२- जसले तिमीहरूका लागि धर्तीलाई बिछयौना, आकाशलाई छाना बनाउनुभयो र आकाशबाट पानी बर्साउनु भयो । अनि तिमीहरूको जीविकाको लागि त्यसबाट फलफूलहरू उमार्नुभयो । अतः जानीजानी ईश्वरसँग कसैलाई साझेदार नबनाऊ । २३- यदि तिमीहरू यस वाणि जसलाई हामीले आफ्नो भक्तमाथि अवतरित गरेका छौं, सन्देहमा छौ भने यो झैं एउटा सूरह (अध्याय) रचना गरी ल्याऊ । यदि तिमीहरू सच्चा छौ भने ईश्वरबाहेक आफ्ना अन्य सहयोगीहरूलाई पनि गुहार । २४- यदि तिमीहरू यसो गर्न सक्दैनौ र कदापि गर्न सक्दैनौ भने त्यस नर्कको आगोबाट डराऊ जसको इन्धन मनुष्य र ढुङ्गाहरू हुनेछन् । यसलाई नकार्नेहरूका लागि तयार पारिएको छ । २५- ईश्वरमाथि आस्था ल्याउने तथा सत्कर्म गर्नेहरूलाई शुभसूचना दिनुहोस् । उनीहरूका लागि यस्ता बगैंचाहरू हुनेछन् जसका तलतिरबाट नदीहरू बगिरहेका हुनेछन् । त्यस बगैंचाबाट कुनै फल तिनीहरूलाई खान दिइँदा भन्नेछन्- यस्तै किसिमका फलहरू हामीहरूलाई यसअघि दुनियाँमा पनि प्रदान गरिएको थियो । तिनीहरूलाई मिल्दोजुल्दो थप फलहरू दिइनेछन् । उनीहरूका लागि त्यहाँ पवित्र जोडीहरू हुनेछन् । उनीहरू त्यसमा सदासर्वदा रहनेछन् ।

२६- ईश्वर लामखुट्टे वा त्यसभन्दा सानो चीजको कुनै उपमा दिन सङ्कोच मान्नुहुन्न । आस्थावानले यो सत्य हो र पालनकर्ताको तर्फबाट हो भन्ने कुरा जान्दछन् । तर नकार्नेहरू सोध्छन्- सत्य ईश्वरले यसबाट के चाहनुभएको छ ? सत्य ईश्वरले धेरैलाई पथभ्रष्ट गर्नुहुन्छ र धेरैलाई सत्मार्ग देखाउनुहुन्छ । सत्य

ईश्वरले अवज्ञाकारीहरूलाई पथभ्रष्ट गर्नुहुन्छ । २७- जसले सत्य ईश्वरसँग गरि सकेको बाचालाई तोड्छन् । सत्य ईश्वरले जोड्ने आदेश दिनुभएको सम्बन्धलाई तोड्छन् र धर्तीमा आतंक मच्चाउँछन् । तिनीहरू नै घाटा बेहोर्ने छन् । २८- तिमीहरू कसरी ईश्वरको इन्कार गर्छौ ! जब तिमीहरूमा ज्यान थिएन, अनि उहाँले जीवन प्रदान गर्नुभयो । फेरि उहाँले नै तिमीहरूलाई मृत्यु दिनुहुनेछ अनि फेरि जीवित पार्नुहुनेछ । फेरि उहाँतिर नै फर्काइनेछौ । २९- उहाँले नै तिमीहरूका लागि धर्तीमा रहेका सबै वस्तुहरू सृष्टि गर्नुभयो । त्यसपछि उहाँले आकाशहरूतर्फ ध्यानाकर्षण गर्नुभयो अनि सातवटा आकाशहरू सृष्टि गर्नुभयो । उहाँ नै सबै चीजका ज्ञाता हुनुहुन्छ ।

३०- जब ईश्वरले फरिश्ताहरूलाई भन्नुभयो- म धर्तीमा एउटा उत्तराधिकारी बनाउन चाहन्छु । फरिश्ताहरूले सोधे- के तपाईंले धर्तीमा यस्ता मानिसहरूको सृष्टि गर्न चाहनुहुन्छ जसले धर्तीमा आतंक र रक्तपात मच्चाउनेछन् ? जब कि हामी तपाईंको प्रशंसा र पवित्रताको वर्णन गर्छौं । ईश्वरले जवाफमा भन्नुभयो- म त्यो कुरा जान्दछु जो तिमीहरू जान्दैनौ । ३१- ईश्वरले आदमलाई सम्पूर्ण नाम सिकाउनु भयो । अनि उनलाई फरिश्ताहरूसमक्ष प्रस्तुत गर्नुभयो र सोध्नुभयो- यदि तिमीहरू सच्चा छौ भने यी मानिसहरूको नाम बताऊ । ३२- फरिश्ताहरूले भने- तपाईं पवित्र हुनुहुन्छ । हामीलाई त त्यति मात्र ज्ञान छ जति तपाईंले हामीलाई सिकाउनुभएको छ । निस्सन्देह तपाईं नै सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ । ३३- ईश्वरले भने- हे आदम ! यिनीहरूलाई ती मानिसहरूको नाम बताऊ । जब आदमले उनीहरूलाई ती नामहरू बताए तब ईश्वरले भन्नुभयो- म नै आकाशहरू र पृथ्वीका भेदहरू जान्दछु । तिमीहरूले व्यक्त गर्ने गरेका र लुकाउने गरेका सबै कुराहरूलाई म जान्दछु ।

३४- जब हामीले फरिश्ता (देवदूत) हरूलाई आदेश दिनुभयो- आदमलाई सज्दा (ढोग) गर, तब इब्लीस (शैतान) बाहेक सबैले सज्दा गरे । इब्लीसले

इन्कार गर्यो, घमण्ड गर्यो र इन्कार गर्ने (नकार्ने ) हरूमध्ये बन्यो। ३५- हामीले भन्यौं- हे आदम ! तिमी र तिम्री पत्नी हव्वा दुबै स्वर्गमा बस र अघाउञ्जेल खाऊ। तर त्यस रूखनजिक नजाऊ है, नत्र तिमीहरू अत्याचारी ठहरिनेछौ। ३६- तर शैतानले दुवै जनालाई यस रूखद्वारा गलती गरायो र त्यस ऐश मौजबाट निकाल्यो जसमा उनीहरू थिए। हामीले भन्यौं- यहाँबाट ओर्लेर जाऊ। तिमीहरू दुबै एक अर्काका शत्रु भयौ। तिमीहरूले धर्तीमा एउटा अवधिसम्म बस्नुछ र काम चलाउनुछ। ३७- फेरि आदमले आफ्नो पालनकर्ताबाट केही शब्द सिके। अनि ईश्वरउनीतर्फ फरके। वास्तवमा उहाँ भक्तहरूको तौबा स्वीकारकर्ता र क्षमाशील हुनुहुन्छ। ३८- हामीले भन्यौं- तिमीहरू सबै यहाँबाट ओर्ल। तिमीहरूसमक्ष मार्गदर्शन आउँदा ज-जसले त्यसको अनुसरण गर्छन् उनीहरूलाई कुनै डर र चिन्ता हुने छैन। ३९- जसले हाम्रा निशानीहरूलाई झुठ्ल्याउनेछन् तिनीहरू नर्कबासी हुन्। तिनीहरू त्यसमा सधैं रहनेछन्।

४०- हे बनी इस्राईल हो ! मैले गरेका कृपाहरूलाई याद गर। मसंग गरेका प्रतीज्ञा पूरा गर। मैले तिमीहरूसंग गरेको वाचा पूरा गर्नेछु। मसित मात्र डराउ। ४१- मैले अवतरित गरेको कुर्आनमाथि आस्था ल्याऊ। यसले तिमीहरूसंग रहेको कुराको पुष्टि गर्दछ। यसलाई इन्कार गर्ने पहिलो समूहमध्ये नबन। मेरा आयतहरूलाई तुच्छ मूल्यमा नबेच। मसित डराऊ। ४२- नितान्त सत्यलाई झूटसित नमिसाऊ। जानी जानी सत्यलाई नलुकाऊ। ४३- नमाज कायम गर। जकात देऊ, झुक्ने मानिसहरूसंग झुक्ने गर। ४४- अरूलाई त आस्था तथा भलो काम गर्ने सल्लाह दिन्छौ तर आफूलाई बिर्सि दिन्छौ जबकि तिमीहरू किताब पढ्छौ , के तिमीहरू बुझ्दैनौ ? ४५- धैर्य र सलाहले मद्दत माग। सलाहले तिमीहरूलाई ईश्वरसित नजिक पार्छ र उहाँसित जोड्छ। निस्सन्देह नमाज यस्ता मुस्लिमहरूका लागि सजिलो तथा सहज छ जो आफ्नो पालनकर्ता ईश्वरसँग

डराउँछन् । ४६- किनभने उनीहरू ईश्वरसमक्ष पुग्नेछन्, उहाँसँग भेट्नेछन् र ईश्वरले उनीहरूका कर्मको बदला दिनुहुनेछ भन्ने कुराको विश्वास राख्छन् ।

४७- हे बनी इस्राईल ! मैले तिमीहरूमाथि गरेका वरदानहरूलाई र संसारबासीहरूमाथि प्रदान गरेको प्राथमिकता तथा सत्तालाई याद गर । ४८- आफूलाई यस्तो दिनको यातनाबाट जोगाऊ, जुन दिन कोही कसैलाई अलि पनि बचाव गर्न सक्ने छैन र सत्य ईश्ररको अनुमतिबिना कोही कसैको सिफारिश गरेर न त फाइदा पुर्याउन सक्छ न कष्ट टार्न सक्छ, न कसैसित बदलामा केही स्वीकार गरिनेछ, न कसैको मद्दत गरिनेछ । ४९- जब हामीले तिमीहरूलाई फिऔंनका मानिसहरूबाट मुक्त गरायौं । जसले तिमीहरूलाई विभिन्न किसिमका कठोर यातना दिएर सताउने गर्थे । तिमीहरूका छोराहरूलाई मार्ने गर्थे र स्त्रीहरूलाई जीवित छोड्ने गर्थे । यसमा तिमीहरूका पालनकर्ताको तर्फबाट ठूलो परीक्षा थियो । ५०- हामीले समुद्रमा तिमीहरूका लागि बाटो बनायौं र तिमीहरूलाई पार जोगायौं, अनि फिऔंन र उसका मानिसहरूलाई चुर्लुम्मै डुबाइदियौं र तिमीहरू देखिरखेका थियौ । ५१- जब  हामीले सन्देष्टा मूसा संग चालीस रातका वाचा गर्यौं । तर तिमीहरूले बाछालाई उपास्य बनायो र तिमीहरू अत्याचारी थियौ । ५२- अनि हामीले माफ गर्यौं र तिमीहरूको पकड गरेनौं, ताकि तिमीहरू आभारी बन । ५३-  जब हामीले मूसा लाई तौरात तथा निर्णायक वस्तु प्रदान गर्यौं । ताकि तिमीहरूलाई मार्गदर्शन प्राप्त होस् । ५४- जब मूसा ले तिमीहरूलाई भने- हे मेरा समुदायहरू हो ! निश्चय नै तिमीहरूले बाछालाई उपास्य बनाएर आफूमाथि ठूलो अन्याय गरेका छौ, तसर्थ तिमीहरू तौबा (प्रायश्चित) गर र आफ्ना सृष्टिकर्तातर्फ फर्क; आफ्ना अत्याचारीहरूको हत्या गर । यो तिमीहरूको सृष्टिकर्ताको दृष्टिमा राम्रो हुनेछ । ईश्वरले तिमीहरूलाई क्षमा गरिदिनुभयो । निस्सन्देह उहाँ अति नै माफ गर्नुहुन्छ तथा दया गर्नुहुन्छ । ५५- जब तिमीहरूले मूसा लाई भनेका थियौ- हे मूसा ! हामी ईश्वरलाई साक्षात नदेखेसम्म तिमीमाथि कदापि विश्वास गर्दैनौं,

अनि तिमीहरूलाई डढाउने चट्याङले समात्यो, अनि तिमीहरू एक अर्कालाई हेर्दै थियौ । ५६- तिमीहरू मुर्दा भएपछि पुनः हामीले तिमीहरूलाई जीवित पर्यौं ताकि तिमीहरू कृतज्ञ होऊ । ५७- हामीले तिमीहरूमाथि बादलको छायाँ पार्यौं र तिमीहरूमाथि मन्न र सलवा अवतरित गर्यौं र तिमीहरू प्रदान गरिएका पवित्र भोजनहरू खाऊ । तिनीहरूले हाम्रो कुनै हानि गरेनन् बरु आफैंमाथि अत्याचार गरे ।

५८- जब हामीले भन्यौं- यस नगरभित्र प्रवेश गर र जहाँबाट जे पवित्र खानेकुराहरू चाहन्छौ अघाउञ्जेल खाऊ । ढोकाभित्र निहुरेर प्रवेश गर अनि यसरी प्रार्थना गर-हे हाम्रा पालनकर्ता ! हाम्रा पापहरू माफ गरि दिनुहोस् । हामी तिम्रा प्रार्थनालाई स्वीकार गर्नेछौं र सुकर्मीहरूका सत्कर्मको पुण्य अझ थपेर दिनेछौं । ५९- तर तिनीहरूले भनिएको कुरालाई फेरबदल गरिदिए । अनि हामीले तिनीहरूमध्ये अत्याचारीको अवज्ञाको कारणले आकाशबाट प्रकोप पठायौं । ६०- जब मूसा ले प्रार्थना गर्दै तिमीहरूका तिर्खा मिटाउन पानी मागे । हामीले लौरोलाई ढुङ्गामा हान्ने आदेश दियौं । अनि १२ वटा मुहान फुटे र त्यसबाट पानी निस्कन थाल्यो, प्रत्येक समूहले आफ्ना घाट चिन्यो । ईश्वरको जीविका खानपिन गर तर धर्तीमा आतंक मच्चाउँदै नहिंड । ६१- जब तिमीहरूले भन्यौ- हे मूसा ! हामी एकै किसिमको खानामा कदापि सन्तोष गर्न सक्दैनौं, आफ्ना पालनकर्तासँग हाम्रो लागि जमिनका अन्न, सागपात, कांक्रा, लसुन, दाल र प्याज उमारिदिने प्रार्थना गर । मूसा ले भनेका थिए- के तिमीहरू उत्कृष्ट भोजनको सट्टामा त्यसभन्दा तल्लो स्तरको खानाको माग गर्छौ ? त्यसो भए यहाँबाट निस्केर कुनै नगरमा जाऊ, तिमीहरूले खोजेका कुराहरू त्यहाँ पाउनेछौ । निरन्तर आफ्नो मनचाही गरेकोले, ईश्वरको चाहना विपरीत गरेकोले, ईश्वरका धर्मलाई नमानेकोले, उहाँका निशानीहरूको इन्कार गरेकाले तथा अनाहक र अत्याचारपूर्ण तरिकाले सन्देष्टाहरूको हत्या गरेकाले तिनीहरू अपमान र दरिद्रता थोपारियो र

प्रकोपमा घेरिए। यी सबै तिनीहरूले गर्ने गरेका ईश्वरको अवज्ञा र सीमाहरूको उल्लङ्घनको परिणाम थियो। ६२- मोमिन, यहूदी, इसाइ, तथा साबिईमध्ये जसले ईश्वर तथा आखिरतमाथि आस्था ल्याए र सत्कर्म गरे, उनीहरूका लागि ईश्वरकहाँ राम्रो प्रतिदान छ। उनीहरूलाई कुनै कुराको डर हुने छैन र न कुनै पछुतो हुनेछ। ६३- याद गर जब हामीले तिमीहरूसंग पक्का वचन लिएका थियौं र तूर नामक पहाडलाई तिमीहरूमाथि उठाएका थियौं र आदेश दिएका थियौं कि जुन किताब हामीले तिमीहरूलाई दिएका छौं त्यसलाई बलपूर्वक समात, त्यसमा जे छ त्यो सम्झिराख, ताकि तिमीहरू बच्न सक। ६४- तर तिमीहरू वाचाबाट बिमुख भयौ। तिमीहरूमाथि ईश्वरको कृपा र माफि नभएको भए तिमीहरूबर्बाद हुने थियौ। ६५- तिमीहरू त्यसता मानिसहरूबारे जान्दछौ जसले शनिवारको दिनबारे ईश्वरको आदेशको उल्लङ्घन गरे अनि उहाँले भन्नुभयो- तिमीहरू तुच्छ बाँदरमा बनिहाल। ६६- अनि हामीले यस अत्याचारी गाऊँलाई वरिपरिका गाऊँहरू तथा भविष्यमा आउने सबैका लागि पाठ बनाइदियौं ताकि भविष्यमा कसैले यसो गरेर प्रकोपको हकदार नबनोस्। हामीले यसलाई यसता ईशभय राख्नेहरूका लागि उपदेश बनायौं।

६७- याद गर जब मूसाले भने- तिमीहरू एउटा गाईलाई वध (जबह) गर, तिनीहरूले भने- के तिमी हामीहरूसित ठट्टा गर्दैछो ? म मानिसहरूको खिल्ली उडाउनबाट ईश्वरको शरण चाहन्छु। ६८- उनीहरूले मूसा लाई सोधे- त्यो बध गरिने गाई कस्तो हुनुपर्छ भन्ने कुरा ईश्वरलाई सोध। मूसा ले भने- ईश्वर भन्नुहुन्छ- त्यो गाई न बढी उमेरको होस् न कम उमेरको, बरु मध्य आयुको होस्। अतः तिमीहरू खुरुक्क आदेशको पालना गर। ६९- तिनीहरूले यो भन्दै मूसा सोधे - त्यो बध गरिने गाईको रङ्ग कस्तो हुनुपर्छ भन्ने कुरा ईश्वरलाई सोध। मूसा ले भने- ईश्वरले भन्नुभयो- त्यो निक्खर पहेँलो होस् जसले सबैलाई एकै नजरमा मन परोस्। ७०- तिनीहरूले अझै भने- हाम्रो निम्ति आफ्नो पालनकर्तासित

त्यो गाई के कस्तो हुनुपर्छ भन्ने कुरालाई स्पष्ट पारिदिनका लागि प्रार्थना गरिदेऊ किनभने हामीले कुन गाईलाई बध गरौं भन्न छुट्याउन गाह्रो भइरहेको छ। ईश्वरले चाहनुभएमा हामी ठीक निर्णयमा पुग्नेछौं। ७१- मूसाले भने- ईश्वर भन्नुहुन्छ- त्यो गाई न काममा लगाइएको होस्; न खेत जोत्ने र न खेतमा सिंचाइ गर्ने काममा नै र त्यो स्वस्थ्य होस् कुनै दाग लागेको नहोस्। तिनीहरूले भने- तिमीले बल्ल स्पष्ट गुण बतायौ जसले गर्दा ठ्याक्कै चाहिएको गाई चिन्न सजिलो भयो। अन्ततः तिनीहरूले त्यसलाई वध गरे जबकि तिनीहरू यसो गर्ने मानसिकतामा थिएनन्। ७२- जब तिमीहरूले एक जनाको हत्या गरी हत्याको आरोप एकअर्कामाथि लगाउन थालेका थियौ र तिमीहरूले जुन कुरा लुकाइरहेका थियौ ईश्वरले त्यसलाई प्रकट गर्नु चाहनुभएको थियो। ७३- अनि हामीले आदेश दियौँ- मृत व्यक्तिलाई त्यस वध गरिएको गाईको सिनोले हिर्काऊ। यसरी ईश्वरले मृतलाई जीवित पार्नुहुन्छ र आफ्ना निशानीहरू देखाउनुहुन्छ ताकि तिमीहरू बुझ। ७४- त्यसपछि तिमीहरूको हृदय कठोर हुन पुग्यो ढुङ्गा जस्तै वा त्योभन्दा पनि कठोर; केही यस्ता ढुङ्गाहरू पनि हुन्छन् जसबाट खोलाहरू बगिरहेका हुन्छन् र केहीबाट पानीको धारा निस्कन्छ। केही ईश्वरको भयले पहाडको उँचाईबाट झरिरहेका हुन्छन्। ईश्वर तिमीहरूको क्रियाकलापबाट अनभिज्ञ हुनुहुन्न।

७५- के तिमीहरूलाई अशा छ, यहूदीहरूले तिमीहरूको कुरा मानेर आस्था ल्याउनेछन्? जबकि तिनीहरूमध्ये केही यस्ता पनि थिए जसले तौरात वाणीलाई बुझिसकेपछि पनि जानीजानी फेरबदल गर्थे। ७६- आस्थावानहरूसँग भेट हुँदा तिनीहरू भन्छन्- हामीहरू ईमान ल्याएका छों। तर एकान्तमा आपसमा भेट्दा भन्छन्- के तिमीहरू तिनीहरूलाई त्यो कुरा बताउँछौ जो ईश्वरले तिमीहरूलाई बताउनुभएको छ ? ताकि तिनीहरूले तिमीहरूविरुध्द पालनकर्ताकहां तर्क वितर्क गरुन्। ७७- के यिनीहरूले जानेका छैनन्, तिनीहरूले गोप्य राखेका र जाहेर गरेका क्रियाकलापदेखि ईश्वर अनभिग हुनुहुन्न।

७८- तिनीहरूमध्ये केही अनपढ छन् जो किताबलाई जान्दैनन् मात्र इच्छा गर्छन् र अनुमान गर्छन् । ७९- बर्बादी छ यस्ता मानिसहरूको लागि जो आफ्नो हातले किताब लेख्छन् अनि यो ईश्वरको तर्फबाट आएको हो भन्छन् । ताकि यसबाट अलि धनसम्पत्ति आर्जन गरुन् । तिनीहरूले आफ्ना हातले जे लेखेका छन् त्यसले गर्दा र जे कमाइ गरेका छन् त्यसले गर्दा तिनीहरूका लागि बर्बादी छ । ८०- तिनीहरूले भने- हामीलाई नर्कको आगोले कदापि छुन सक्दैन; छोइहाल्यो भने पनि केही दिनको लागि मात्र हो । यिनीहरूलाई सोध्नुहोस्- के तिमीहरूले ईश्वरसित कुनै वाचा लिएका छौ कि यहाँले त्यसको उल्लङ्घन गर्नुहुने छैन । वा ईश्वरको बारेमा यस्तो कुरा भन्दैछौ जसको ज्ञान तिमीहरूलाई छँदै छैन । ८१- अँ जसले कुनै पाप गर्यो र त्यस पापले उसलाई आफ्नो घेरामा लियो तिनीहरू नै नर्कमा हालिनेछन्, जहाँ तिनीहरू सधैँ रहनेछन् । ८२- जसले आस्था राखे तथा सत्कर्म गरे उनीहरू स्वर्गमा प्रवेश गर्नेछन्; जहाँ उनीहरू सदा रहनेछन् ।

८३- जब हामीले इस्राईलका सन्तानहरूसित वाचा लिए- तिमीहरू ईश्वरबाहेक अन्य कसैको उपासना गर्ने छैनौ, आमा-बुवा, नातेदार, अनाथ तथा दीन-दुःखीहरूसँग राम्रो व्यवहार गर्नेछौ, मानिसहरूसित मीठो बोली बोल्नेछौ, नम्रता पूर्वक सत्कर्मको आदेश दिनेछौ, दुष्कर्मबाट रोक्नेछौ, हाम्रो आदेश अनुसार पूर्णरूपमा नमाज कायम गर्नेछौ र खुशी खुशी जकात हकदारहरूसम्म पुर्याउनेछौ । तर पछि तिमीहरू सबै हामीले लिएको वाचाबाट विमुख भयौ । अँ तिमीहरूमध्ये केही व्यक्तिहरूले वाचा पुरा गरे । तिमीहरू वाचा भङ्ग गर्ने मानिसहरू हौ ।

८४- जब हामीले वचन लियौँ- तिमीहरूले आपसमा रक्तपात गर्ने छैनौ तथा आफ्ना मानिसहरूलाई घरबाट निकाल्ने छैनौ । तिमीहरूले यसलाई स्वीकारेका थियौ जस कुराको साक्षी तिमीहरू आफैँ हौ । ८५- फेरि तिमीहरू नै हौ जसले एकअर्कालाई हत्या गर्छौ र आफ्नै समुदायका मानिसहरूलाई गाउँबाट

निकाल्छौ। पाप र अत्याचार गर्दै तिनीहरूका शत्रुहरूको मद्दत गर्छौ । तिनीहरू बन्दी भएर आउँदा तिमीहरू हर्जाना तिरेर तिनीहरूलाई मुक्त पनि गराउँछौ जबकि तिनीहरूलाई निष्कासित गर्नु नै तिमीहरूका निम्ति अवैध थियो । के तिमीहरू ईश्वरीय किताबको केही अंशमाथि आस्था राख्दछौ अनि केही अंशप्रति कुफ्र गर्छौ ?! यस्ता कार्य गर्नेलाई दुनियाँमा अपमान छ र महाप्रलयको दिन अत्यन्त कठोर यातना दिइनेछ । ईश्वर तिमीहरूले गर्ने गरेका कार्यहरूबाट अचेत हुनुहुन्न । ८६- यिनीहरू नै हुन् जसले आखिरत (परलोक) को साटो सांसारिक जीवन खरिद गरेका छन् । तिनीहरूको यातनामा न त कमी गरिनेछ, न तिनीहरूलाई सहयोग गरिनेछ ।

८७- हामीले मूसा लाई किताब प्रदान गर्यौं । त्यसपछि लगातार रसूलहरू पठाइराख्यौं । मर्यम-पुत्र ईसा लाई स्पष्ट निशानीहरू प्रदान गर्यौं । जिब्रईलद्वारा उनलाई सहायता गर्यौं । तर तिमीहरूसमक्ष कुनै रसूल तिम्रो चाहना विपरीत कुनै कुरा लिएर आउँदा तिमीहरूले जहिले पनि घमण्ड गर्यौ अनि एक जमातलाई झूठो ठहर गर्यौ र एक समूहको हत्या नै गर्यौ । ८८- यहूदीहरूले भने- हाम्रो हृदय खोलमा बन्द छ, होइन, बरु तिनीहरूको कुफ्रले गर्दा ईश्वरले तिनीहरूलाई आफ्नो कृपाबाट वञ्चित गर्नुभयो । त्यसैले तिनीहरू बिरलै आस्था ल्याउँछन् । ८९- जब ईश्वरको तर्फबाट तिनीहरूसमक्ष एउटा किताब आयो तब तिनीहरूले त्यसको इन्कार गरे जब कि त्यो किताब तिनीहरूसमक्ष रहेको किताबको पुष्टि गर्छ र तिनिहरू त्यसलाई चिन्दथे र त्यसबाट तिनीहरू इन्कार गर्नेहरूमाथि विजय माग्ने गर्थे । इन्कार गर्नेहरूमाथि धिक्कार छ । ९०- तिनीहरूले गरेको सौदाबाजी एकदमै तुच्छ छ । तिनीहरूले ईश्वरले अवतरण गर्नुभएका कितबालाई इन्कार गरे । जब कि अल्लमह जसलाई चाहनुहुन्छ आफ्नो केपा प्रदान गर्नुहुन्छ । तिनीहरू दोब्बर क्रोधको शिकार भए । तिनीहरूका लागि अपमानजनक यातना छ ।

९१- जब तिनीहरूलाई ईश्वरद्वारा अवतरित वाणिमाथि आस्था ल्याउन

भनिन्छ तब तिनीहरू भन्छन्- हामीले हाम्रा सन्देष्टाहरूमाथि अवतरित किताबमाथि मात्र आस्था राख्छौं । यसरी तिनीहरू पछि अवतरित किताबको इन्कार गर्छन् । जब कि यो किताब सत्य हो र तीहरूसमक्ष रहेको किताबको पुष्टि गर्छ । यदि तिमीहरू वास्तवमा आस्थावान हौ भने यस अघिका सन्देष्टाहरूको किन हत्या गर्यौ ?! ९२- मूसा ले तिमीहरूसमक्ष स्पष्ट प्रमाणहरू लिएर आए, तर तिमीहरूले उनीपछाडि बाछालाई देवता बनायौ । तिमीहरू अत्याचारी हौ । ९३- जब हामीले तिमीहरूसँग वाचा लिएका थियौं र तिमीहरूलाई डराउनको लागि तिमीहरूमाथि तूर नामक पहाडलाई उभ्याएका थियौँ । हाम्रो आदेशलाई बलपूर्वक समात र सुन । अनि तिनीहरूले भने- हामीले सुन्यौं तर अवज्ञा गर्यौं । तिनीहरूको कुफ्रले गर्दा नै बाछाको मोह तिनीहरूको हृदयमा बस्यो । भनिदिनुहोस्- यदि तिमीहरू आस्थावान हौ भने, के तिमीहरूको आस्थाले कस्तो नराम्रो आदेश दिन्छ । ९४- भनिदिनुहोस्- यदि आखिरतको घर (स्वर्ग) मा तिमीहरू मात्र जान्छौ र अन्य मानिसहरू जाँदैनन् भन्ने कुरा ठानेकाछौ र तिमीहरू आफ्नो यस दाबीमा सच्चा छौ भने तिमीहरू मृत्युको कामना गरेर देखाऊ । ९५- तर तिनीहरूले आफ्नो कुकर्महरूले गर्दा कहिल्यै पनि मृत्युको कामना गर्ने छैनन् । ईश्वर अत्याचारीहरूलाई राम्ररी जान्नुहुन्छ । ९६- यहूदीहरू यो दुनियाँमा अन्य मानिसहरूभन्दा बढी बाच्ने लालायित छन्, बरु मुश्रिक (बहुदेववादी) हरूभन्दा पनि बढी । तिनीहरूमध्ये प्रत्येक व्यक्ति हजार वर्षसम्म बाँच्न चाहन्छ । आयु जति लामो भए पनि उसलाई ईश्वरको यातनाबाट बचाउन सक्दैन । तिनीहरूले गरिराखेको क्रियाकलापदेखि ईश्वर अवगत हुनुहुन्छ ।

९७- भनिदिनुहोस्- जो जिब्रीलको शत्रु हो उसले थाहा पाइराखोस्- जिब्रीलले नै ईश्वरको आदेशानुसार यस वाणिलाई तपाईंको हृदयमा अवतरण गरेका हुन्, जसले पहिलेदेखि विद्यमान किताबहरूको पुष्टि गर्दछ । यो मोमिनहरूलाई मार्गदर्शन गर्छ र स्वर्गको शुभसूचना दिन्छ । ९८- जुन नकार्ने

हरू ईश्वर, उहाँका फरिश्ताहरू, उहाँका रसूलहरू र जिब्रील एवं मीकाईलको शत्रु हो, ईश्वर पनि त्यस्ता नकार्ने हरूको शत्रु हुनुहुन्छ। ९९- हामीले तपाईंलाई स्पष्ट निशानीहरू प्रदान गयौं। यस्ता स्पष्ट कुराको इन्कार सीमा उल्लङ्घन गर्नेहरू मात्र गर्छन्। १००- जब जब तिनीहरूले वाचा गर्छन्, तब तब तिनीहरूमध्येको एउटा समूहले त्यसलाई भङ्ग गर्छ। वास्तवमा तिनीहरूमध्ये धेरैजसो विश्वास नै राख्दैनन्। १०१- जब तिनीहरूसमक्ष एक जना रसूल को आगमन भयो जसले तिनीहरूसमक्ष रहेको किताबको पुष्टि गर्नुभयो तब किताब पाएकाहरूले ईश्वरको किताबलाई पिठ्यूँपछाडि फ्याँके मानौँ तिनीहरूलाई केही थाहै थिएन।

१०२- तिनीहरू त्यस कुराको पछाडि परे जसलाई शैतानहरू सुलैमान को सत्तातर्फ जोडेर पढने गर्थे। सुलैमान ले कुफ्र गरेनन्, बरु शैतानहरूले कुफ्र गरे। तिनीहरू मानिसहरूलाई जादू सिकाउने गर्थे। गिनीहरू त्यस कुरामा परे जो बेबीलोनमा हारूत र मारूत दुई जना फरिश्ताहरूमाथि अवतरित गरिएको थियो। दुवैले कसैलाई पनि त्यसको शिक्षा दिँदाखेरि स्पष्ट पार्ने गर्थे- हामी परीक्षा मात्र हौं, अतः यसलाई सिकेर कहिल्यै कुफ्र नगर्नु। तिनीहरू त्यो जादू सिक्दथे जसको माध्यमले श्रीमान-श्रीमतीबीच सम्बन्धविच्छेद गरुन्। जब कि तिनीहरू ईश्वरको अनुमतिबिना कसैलाई पनि कुनै हानि पुर्याउन सक्दैनथे। तिनीहरू त्यो कुरा सिक्दथे जो तिनीहरूका लागि हानिकारक थियो; लाभदायक थिएन। तिनीहरूलाई राम्ररी थाहा थियो- जो ईश्वरको किताबको सट्टामा जादूको अनुसरण गर्छ आखिरत (परलोक) मा उसको लागि कुनै अंश हुने छैन। तिनीहरूले आफ्नो ज्यानलाई कति तुच्छ मूल्यमा बेचेका छन्। यस कुरालाई तिनीहरूले जानेका भए बेस हुन्थ्यो। १०३- यदि तिनीहरूले ईमान ल्याएका भए र ईशभय अपनाएका भए, ईश्वरका बदला तिनीहरूका लागि बेस हुने थियो। तिनीहरूले यस कुरालाई बुझेका भए।

१०४- हे आस्थावानहरू हो ! राइना नभन, बरु 'उन्जुर्ना' भन र सुन । नकार्ने हरूका लागि दु:खदायी यातना छ ।

१०५- तपाईंलाई माथि कुनै भलाई अवतरण होस् भन्ने कुरा नकार्ने ; यहूदी, ईसाई र बहुदेववादीलाई कदापि मन पर्दैन । तर ईश्वर जसलाई चाहनुहुन्छ आफ्नो कृपाको लागि रोज्नुहुन्छ । उहाँ परम दयालु हुनुहुन्छ । १०६- हामी कुर्आनको कुनै आयतलाई रद्द (मन्सुख) गर्छौं, वा अनि बिर्सन लगाउँछौं भने त्यसको स्थानमा त्यो भन्दा उत्कृष्ट वा कमसेकम त्यस्तै आयतलाई ल्याउँछौं । के तपाईंलाई थाहा छैन कि ईश्वर सबै कार्यको सामर्थ्य राख्नुहुन्छ । १०७- के तपाईंलाई थाहै छैन- आकाश र धर्तीका शासक ईश्वर नै हुनुहुन्छ । उहाँ बाहेक तपाँईंको कोही मित्र छ, नत कोही सहयोगी नै । १०८- के तिमीहरू आफ्ना रसूल सँग त्यस्तै प्रश्न गर्नु चाहन्छौ जसरी तिमीहरू भन्दा पहिला सन्देष्टा मूसा सँग प्रश्न गरियो । जो कोहीले ईमानको सट्टा कुफ्र (नास्तिक हुनु) लाई आत्मसात गर्यो, ऊ मध्य मार्गबाट पथभ्रष्ट हुन पुग्यो ।

१०९- धेरैजसो यहूदी र ईसाईहरू तिमीहरूप्रति रहेको डाहाको कारणले ईमानपछि पनि तिमीहरूलाई पुनः कुफ्रतिरै फर्काउन चाहन्छन् । जब कि सत्य तिनीहरूसमक्ष स्पष्ट भइ सकेको छ । अनि तिनीहरूको पापलाई क्षमा गरिदिनुहोस् यहाँ सम्म कि ईश्वरको आदेश आइपुगोस् । निस्सन्देह ईश्वर सम्पूर्ण कार्यको शक्ति राख्नुहुन्छ । ११०- नमाज कायम गर, जकात चुक्ता गर । जेजति सत्कर्म गर्छौ त्यसलाई ईश्वरकहाँ पाउनेछौ । निस्सन्देह तिमीहरूले गरिराखेको कुरालाई ईश्वर देखि राख्नुभएको छ । १११- तिनीहरू भन्छन्- स्वर्गमा मात्र यहूदी र ईसाईहरू प्रवेश गर्नेछन् । यी यिनका झुटा कामना मात्र हुन् । भनिदिनुहोस्- यदि तिमीहरू आफ्नो दाबीमा सच्चा हौ भने आफ्ना प्रमाणहरू प्रस्तुत गर । ११२- बरु जसले आफूलाई ईश्वरसमक्ष समर्पण गरे र उनीहरू निष्कपट पनि छन् उनीहरू नै प्रतिफल पाउनेछन् । उनीहरूलाई न कुनै डर हुने छ न पछुतो हुने छ ।

११३- यहूदीहरू भन्छन्- ईसाईहरू सही धर्ममा छैनन् । ईसाईहरू भन्छन्- यहूदीहरू सही धर्ममा छैनन् । यद्यपि हरेकले आफ्नो धर्मग्रन्थ पाठ गर्छन् । बहुदेववादीहरूले पनि त्यस्तै कुरा गरे । त्यसैले महाप्रलयको दिन ईश्वरले तिनीहरूले वाद विवाद गरेको कुरामा फैसला गर्नुहुनेछ । ११४- यस्तो व्यक्तिभन्दा ठूला अत्याचारी को हुन सक्छ जो ईश्वरका घर (मस्जिद) हरूमा उहाँकै नाम लिनमा बाधा पुर्याउँछन् र त्यसलाई बर्बाद पार्ने प्रयास गर्छन् । तिनीहरू त मस्जिदमा प्रवेश गर्दा डराउनु पर्ने थियो । तिनीहरूका लागि दुनियाँमा अपमान छ र परलोकमा कठोर यातना छ । ११५- पूर्व तथा पश्चिम ईश्वरकै लागि हो । जतातिर अनुहार फर्काउँछौ त्यसैतर्फ ईश्वर हुनुहुन्छ । निस्सन्देह ईश्वर विशाल र सर्वज्ञ हुनुहुन्छ । ११६- तिनीहरू भन्छन्- ईश्वरले सन्तान ग्रहण गर्नुभएको छ । उहाँ यस्तो कार्यबाट पवित्र हुनुहुन्छ । आकाश र धर्ती तथा त्यसमा भएका सबै प्राणी र चीजबिजहरू उहाँकै दास हुन् र उहाँकै आज्ञापालन गर्छन् । ११७- ईश्वरले आकाशहरू, धर्ती तथा त्यसमा रहेका सम्पूर्ण चिजबिजहरूलाई सृष्टि गर्नुभयो । उहाँ जब कुनै कार्य गर्न चाहनुहुन्छ, तब 'भइहाल' भनेर आदेश दिनुहुन्छ अनि त्यो हुनपुग्छ ।

११८- अज्ञानीहरू भन्छन्- ईश्वर हामीसँग प्रत्यक्ष किन कुराकानी गर्नुहुन्न वा हाम्रै लागि कुनै निशानी किन पठाउनु हुन्न ? अघिल्लो मानिसहरूले पनि यस्तै कुरा गरेका थिए । यिनीहरूको मन एकसमान छ । सत्यमा विश्वास राख्ने मानिसहरूका लागि हामीले धेरै निशानीहरू प्रस्तुत गरेकाछौं । ११९- हामीले तपाईंलाई सत्य कुरा दिएर शुभसूचना दिनेवाला र डराउनेवाला बनाएर पठाएका छौँ । नर्कमा जाने मानिसहरूको सम्बन्धमा तपाईंसँग कुनै सोधपुछ गरिने छैन । १२०- जबसम्म तपाईंले इस्लाम धर्म छोडेर यहूदी र ईसाई धर्म अनुसरण गर्नुहुन्न तबसम्म तिनीहरू तपाईंसँग पटक्कै खुशी हुने छैनन् । भनिदिनुहोस्- निस्सन्देह अल्लाले बताउनुभएको मार्ग नै असल मार्ग हो । यो स्पष्ट सत्य आइसकेपछि यदि

तपाईंले तिनीहरूको इच्छाको अनुसरण गर्नुहुन्छ भने ईश्वरको मुकाबिलामा न कुनै मित्र हुनेछ र न कोही सहयोगी नै । १२१- जसलाई हामीले किताब प्रदान गरेका छौँ उनीहरू त्यसलाई राम्ररी पढछन् । यिनीहरू नै त्यसमा आस्था ल्याउँछन् । तर इन्कार गर्नेहरू घाटामा छन् ।

१२२- हे बनी इस्राईल ! मैले तिमीहरूलाई प्रदान गरेको वरदान र संसार बासीहरूमाथि प्रदान गरेको प्राथमिकतालाई पनि याद गर । १२३- त्यस दिनप्रति डराऊ जुन दिन कसैले कसैलाई काम आउने छैन । कुनै मूल्य स्वीकार गरिने छैन, न कसैको सिफारिशले फाइदा पुर्याउनेछ र न कतैबाट कुनै सहायता पुग्नेछ । १२४- जब ईश्वरले इब्राहीम लाई केही कुराहरूमा परीक्षा लिनुभयो अनि उनी त्यसमा पूर्णरूपमा सफल भए । ईश्वरले भन्नुभयो- म तिमीलाई मानवको लागि इमाम (अगुवा) बनाउनेछु । इब्राहीम ले भने- र मेरा सन्ततीलाई पनि अगुवा बनाइ दिनुहोस्, उहाँले भन्नुभयो- तिम्रो सन्तानमध्ये अत्याचारीहरू इमाम (अगुवा) बन्न सक्ने छैनन् ।

१२५- जब मैले काबालाई मानिसहरूका लागि भेला हुने स्थान र शान्ति-केन्द्र बनाएं । उहाँले आदेश दिनुभयो- मकामे इब्राहीम (जुन ढुंगामाथि चढेर इब्राहीम ले काबाको निर्माण गर्नुभयो), त्यसलाई नमाज पढ्ने स्थान बनाऊ । हामीले इब्राहीम एवं उनका छोरा इस्माईल लाई मस्जिदे हरामलाई तवाफ (परिक्रमा), एअतिकाफ (एकान्तमा बस्ने), रूकू (झुक्ने) तथा सज्दा (ढोग्ने काम) गर्ने भक्तजनहरूका लागि पवित्र राख्ने उपदेश दियौं । १२६- जब इब्राहीम ले प्रार्थना गरे- हे मेरा पालनकर्ता ! यस मक्का शहरलाई शान्ति क्षेत्र बनाइदिनुहोस्, यसका बासिन्दाहरूमध्ये ईश्वर एवं आखिरतमाथि ईमानराख्नेहरूलाई विभिन्न खालका फलफूल प्रदान गर्नुहोस् । ईश्वरले भन्नुभयो- म नकार्नेहरूलाई पनि केही दिनसम्म जीवीका प्रदान गर्नेछु, अन्ततः तिनीहरूलाई नर्कतिर घचेट्नेछु र त्यो अति निकृष्ट बास स्थान हो ।

१२७- जब इब्राहीम र इस्माईल काबाको जग उठाइरहेका थिए र भन्दै थिए- हे हाम्रा पालनकर्ता ! हाम्रा सत्कर्महरू स्वीकार गर्नुहोस् । निस्सन्देह तपाईं सुन्नुहुन्छ र जान्नुहुन्छ । १२८- हे हाम्रा पालनकर्ता ! हामीलाई आज्ञाकारी बनाउनुहोस् र हाम्रा सन्ततिहरूमध्ये एउटा आज्ञाकारी समुदाय बनाउनुहोस् । हामीलाई उपासनाको विधि सिकाइदिनुहोस् अनि हाम्रो तौबा (प्रायश्चित) स्वीकार गर्नुहोस् । निस्सन्देह तपाईं तौबा स्वीकार गर्नुहुन्छ र परम् दयालु हुनुहुन्छ । १२९- हे हाम्रा पालनकर्ता ! उनीहरूमध्ये बाट एकजना रसूल (ईशदूत) पठाउनुहोस् जसले उनीहरूलाई तपाईंको आयतहरू सुनाउन्; कुर्आन तथा तत्वदर्शिताको शिक्षा देउन्, उनीहरूलाई पवित्र पारुन् । निस्सन्देह तपाईं शक्तिशाली र तत्वदर्शी हुनुहुन्छ ।

१३०- मूर्खबाहेक इब्राहीम को धर्मलाई मन नपराउने कोही छैन । निस्सन्देह हामीले उनलाई दुनियाँमा चयन गरेका थियौं र उनी आखिरत (परलोक) मा सत्कर्मीहरूमध्ये हुनेछन् । १३१- जब पालनकर्ताले उनलाई भन्नुभयो- आफूलाई समर्पित गर । इब्राहीमले जवाफमा भने- मैले सम्पूर्ण जगतकाका पालाकर्ताप्रति आफूलाई समर्पित गरिदिएँ । १३२- इब्राहीम ले आफ्ना सन्तानहरूलाई यसै कुराको उपदेश दिए । याकूब ले पनि आफ्ना सन्तानहरूलाई यसै वाणीको उपदेश दिएका थिए हे मेरा सन्तान ! ईश्वरले तिम्रा लागि इस्लाम धर्म रोज्नुभएको छ त्यसैले तिमीहरू मरुन्जेल वाह्य तथा आन्तरिक दुवैरूपमा आज्ञाकारी (मुस्लिम) भएर यस धर्मलाई समाति राख । १३३- के तिमीहरू सन्देष्टा याकूबको मृत्यु बखत उपस्थित थियौ ? उनले आफ्ना सन्तानहरूलाई सोधेका थिए- तिमीहरू मेरो मृत्युपश्चात कसको उपासना गर्नेछौ ? उनीहरूले जवाफमा भनेका थिए- हामीहरू एक मात्र ईश्वरको भक्ति गर्नेछौं, जसको भक्ति तपाईं तथा तपाईंका पूर्वजहरू इब्राहीम, इस्माईल एवं इस्हाकले गर्दै आउनुभएको छ । उहाँ मात्र पूज्य हुनुहुन्छ र हामी उहाँकै आज्ञाकारी भएका छौं । १३४- त्यो एउटा समुदाय थियो

जो अन्य समुदाय झैं बितिसक्यो। उनीहरूले गर्ने गरेका कर्मको फल उनीहरूलाई र तिमीहरूले गर्ने गरेका कर्मको फल तिमीहरूलाई नै प्राप्त हुनेछ। उनीहरूले गर्ने गरेका कर्मबारे तिमीहरूसँग तिनीहरूसँग सोधिने छैन।

१३५- तिनीहरू भन्छन्- यहूदी वा ईसाई बन, अनि मात्र सीधा मार्ग पाउनेछौ। भनिदिनुहोस्- हामी इब्राहीम को धर्मको अनुसरण गर्छौं। उनी एक मात्र ईश्वरको भक्तिमा एकाग्र थिए र उहाँसँग कसैलाई साझेदार ठहर गर्दैनथे। १३६- भनि दिनुहोस्- हामीले एक ईश्वर र हामीतर्फ अवतरित गरिएको कुर्आनमाथि आस्था ल्यायौं। त्यसैगरी इब्राहीम, इस्माईल, इस्हाक, याकूब एवं याकूबका सन्तानहरूमाथि अवतरित ग्रन्थमाथि आस्था ल्यायौं। मूसालाई प्रदान गरिएको तौरात, ईसा लाई प्रदान गरिएको इन्जील तथा अन्य सबै सन्देष्टाहरूलाई प्रदान गरिएका किताबहरूमाथि आस्था ल्यायौं। हामी यिनीहरूबीच कुनै भेद भाव गर्दैनौं। केहीमाथि ईमान राख्ने र अन्य केहीमाथि नराख्ने बरु सबैमाथि आस्था राख्छौं। हामी ईश्वरका आज्ञाकारी हौं। १३७- यदि तिनीहरूले तिमीहरूले झैं आस्था ल्याए भने तिनीहरू सत्मार्ग प्राप्त गर्नेछन्। यदि तिनीहरू विमुख भए भने तिनीहरू जिद्दी गर्दैछन्। तपाईंको तर्फबाट तिनीहरूविरुध्द ईश्वर नै पर्याप्त हुनुहुन्छ। उहाँ सुन्नुहुन्छ र जान्नुहुन्छ। १३८- भनिदिनुहोस्- हामीले ईश्वरको धर्मलाई ग्रहण गर्यौं। वास्तवमा, ईश्वरको रङ्ग (धर्म) भन्दा उत्कृष्ट अरु कुनै रङ्ग छैन। हामी त मात्र एक ईश्वरको उपासना गर्छौं। १३९- भनिदिनुहोस्- के तिमीहरू ईश्वरको सम्बन्धमा हामीसित झगडा गर्छौ, जबकि उहाँ हाम्रो पनि पालनकर्ता हुनुहुन्छ र तिमीहरूको पनि। हाम्रो लागि हाम्रो कर्म र तिमीहरूका लागि तिम्रा कर्म। हामी त उहाँको मात्र भक्ति गर्छौं। १४०- के तिमीहरू इब्राहीम, इस्माईल, इस्हाक, याकूब तथा याकूबका सन्तान यहूदी वा ईसाई थिए ? भनिदिनुहोस्- के तिमीहरू ईश्वर भन्दा बढी जानकार छौ ? स्पष्ट गवाही लुकाउने व्यक्तिभन्दा ठूलो अत्याचारी अरू को होला ? ईश्वर तिमीहरूले गरिरहेका कर्महरूबाट अनभिज्ञ

हुनुहुन्न । १४१- त्यो एउटा समूह थियो जो बितिसक्यो । उनीहरूका कर्मको फल उनीहरूलाई नै प्राप्त हुनेछ र तिमीहरूको कर्मको फल तिमीहरूलाई नै । तिमीहरूसँग उनीहरूको बारेमा केही सोधिनेछैन ।

१४२- अब मन्द बुद्धि भएका व्यक्तिहरूले भन्नेछन्- मुस्लिमहरू त पहिला बैतुल्-मक्दिसतर्फ फर्केर नमाज पढ्ने गर्थे, अब किन त्यसलाई छोडेर काबातर्फ पढ्न थालेका छन् ? भन्नुहोस्- पूर्व तथा पश्चिम ईश्वर कै लागि हुन् । उहाँले आफ्ना भक्तहरूमध्ये जसलाई चाहनुहुन्छ, सीधा मार्ग देखाउनुहुन्छ । १४३- यसरी हामीले तिमीहरूलाई सम्पूर्ण समुदायहरूमध्ये मध्यमार्गी बनायौँ । ताकि तिमीहरू मानिसहरूसमक्ष सन्देश पुर्याऊ र रसूल ले तिमीहरूसमक्ष सन्देश पुर्याऊन् । तिमीहरूमध्ये कसले रसूल को अनुसरण गर्छ र को विमुख (मुर्तद) हुन्छ भन्ने कुरालाई जान्नको लागि हामीले तिमीहरूले पालना गरेको किब्ला ठहर गरेका थियौँ । वास्तवमा यो कुरा मानिसहरूका लागि कठिन कार्य थियो तर मार्गदर्शन पाएका मानिसहरूका लागि सजिलो थियो । ईश्वरले तिमीहरूका आस्था खेर फाल्नुहुन्न । उहाँ मानवप्रति अत्यन्त स्नेही र परम दयालु हुनुहुन्छ ।

१४४- तपाईंको घरि-घरि आकाशतिर हेर्नु हामी देखिराखेका छौँ । तपाईंलाई मन पर्ने किब्ला (मस्जिदे हराम) तर्फ नै हामीले तपाईंको अनुहार फर्काइ दिनेछौं । लौ त अबदेखि आफ्नो अनुहारलाई मस्जिदे हराम तिर फर्काउनुहोस् । हे आस्थावानहरू हो ! तिमीहरू जहाँसुकै भए पनि आफ्नो अनुहार त्यसैतर्फ गर । किब्ला परिवर्तन, सत्य हो र ईश्वरकै तर्फबाट हो भन्ने कुरा यहूदी र ईसाईलाई राम्ररी थाहा छ । यिनीहरूको कार्यहरूबाट ईश्वर अनभिज्ञ हुनुहुन्न । १४५- यहूदी र ईसाईहरूलाई जतिसुकै प्रमाणहरू ल्याए पनि तिनीहरूले तपाईंको किब्लालाई मान्ने छैनन् । तपाईंले पनि तिनीहरूको किब्लाको अनुसरण गर्न सम्भव छैन । न तिनीहरूले आपसमा एकअर्काको किब्लाको अनुसरण गर्छन् । सत्य ज्ञान आइसकेपछि तपाईंले तिनीहरूको इच्छाको अनुसरण गर्नुभयो भने निश्चय नै

तपाईं पनि अत्याचारीहरूमध्ये हुनुहुनेछ । १४६- ईशवरीय किताब पाएका यहूदी र ईसाई धर्मगुरुहरू यसलाई त्यसरी नै चिन्दछन्, जसरी आफ्ना सन्तानहरूलाई चिन्दछन् । तिनीहरूमध्ये एउटा समूह जानीजानी यस सत्य तथ्यलाई लुकाउँदैछन् । ईश्वरले भनेको कुरा मात्र सत्य हो । १४७- तपाईं यसमा पटक्कै सन्देह गर्नेहरूमध्ये नबन्नुहोस् ।

१४८- प्रत्येकको लागि एउटा दिशा हुन्छ, जुन दिशातिर ऊ फर्कने गर्दछ, तसर्थ भलाईतर्फ अग्रसरता देखाऊ । तिमीहरू जहाँसुकै भए पनि ईश्वरले एकत्रित गर्नुहुनेछ अनि तिमीहरूको कर्मको बदला दिनुहुनेछ । निस्सन्देह ईश्वर सम्पूर्ण कार्यहरूको सामर्थ्य राख्नुहुन्छ । १४९- तिमीहरू जहाँसुकैबाट निस्के पनि आफ्नो अनुहार मस्जिदे हराम (काबा) तर्फ फर्काऊ । निस्सन्देह यो तपाईंको पालनकर्ताको तर्फबाट नितान्त सत्य हो । गिमीहरूले गरेको कार्यहरूबाट ईश्वर अनभिज्ञ हुनुहुन्न ।१५०- तिमीहरू जहाँसुकैबाट निस्के पनि आफ्नो अनुहार मस्जिदे हराम (काबा) तर्फ फर्काऊ । तिमीहरू जहाँ रहे पनि आफ्नो अनुहार मस्जिदे हराम (काबा) तर्फ फर्काऊ । ताकि मानिसहरूका लागि तिमीहरू विरुद्ध कुनै तर्क बाँकी नरहोस् । सिवाय अत्याचारीहरूको । तसर्थ तिमीहरू तिनीहरूसित नडराऊ, मात्र मसित डराऊ । ताकि म आफ्नो वरदान पूरा गरुँ, र ताकि तिमीहरू मार्गदर्शन प्राप्त गर । १५१- हामीले तिमीहरूमध्येबाट एक जना रसूल मुहम्मद लाई पठायौँ, जसले तिमीहरूलाई हाम्रा आयतहरू भट्याएर सुनाउनुहुन्छ, तिमीहरूको शुध्दि गर्छ, तिमीहरूलाई कुर्आन र तत्वदर्शिताको शिक्षा दिनुहुन्छ र तिमीहरूलाई थाहै नभएका कुराहरू सिकाउनुहुन्छ । १५२- तसर्थ तिमीहरू मलाई याद गर, म तिमीहरूलाई याद गर्नेछु । मेरा वरदानहरूप्रति आभार प्रकट गर र बैगुणीपन नदेखाऊ ।

१५३- हे आस्थावानहरू हो ! नमाज तथा धैर्यद्वारा मद्दत प्राप्त गर । निस्सन्देह ईश्वर धैर्यवानहरूका साथ हुनुहुन्छ । १५४- ईश्वरको मार्गमा शहीद हुनेहरूलाई मुर्दा

नभन। उनीहरू जीवित छन्। तर तिमीहरू महसुस गर्न सक्दैनौ। १५५- हामीले निश्चय नै तिमीहरूको परीक्षा लिनेछौं, त्रास, भोक, धन-सम्पत्ति, ज्यान तथा अनाज तथा फलफूलको कमिद्वारा । धैर्य गर्नेहरूलाई शुभसूचना सुनाउनुहोस्। १५६- जसले यी संकटहरूमध्ये कुनै संकट पर्दा भन्ने गर्छन्- निस्सन्देह हामी ईश्वरकै छौं र उहाँतर्फ नै फर्केर जानेछौं। १५७- यस्ता गुणहरू भएका मानिसहरूको लागि पालनकर्ताको तर्फबाट प्रशंसा र कृपा छ र उनीहरूले नै मार्गदर्शन पाएका छन्।

१५८- निस्सन्देह सफा र मर्वा ईश्वरका चिनारीहरूमध्येका हुन्। जो पनि काबा गएर हज वा उम्रा गर्छ उसले यदि यी दुवै पहाडबीच दगुर्छ भने उसलाई कुनै पाप लाग्दैन। जसले इच्छापूर्क सत्कर्म गर्छ उहाँले त्यसलाई स्वीकार गर्नुहुन्छ र उहाँ सर्वज्ञ हुनुहुन्छ। १५९- जो कोही ईश्वरका खुल्ला प्रमाणहरू तथा मार्गदर्शनलाई लुकाउँदछन्, जबकि ती कुराहरू तिनीहरूको किताबमा स्पष्टसँग लेखिएको छ, त्यस्ता मानिसहरूका लागि ईश्वरको तर्फबाट धिक्कार छ र धिक्कार्नेहरूको तर्फबाट पनि धिक्कार छ। १६०- तर तिनीहरूमध्ये जो तौबा गर्छन्, सुधार गर्छन् र गल्तीलाई स्पष्टरूपमा स्वीकार गर्छन् त्यस्ता मानिसहरूको तौबा म स्वीकार गर्नेछु । म तौबा स्वीकार गर्नेवाला तथा परम् दयालु हुँ । १६१- यदि कसैले कुफ्र (अवज्ञा) कै अवस्थामा तौबा नगरिकन मृत्युवरण गर्यो भने तिनीहरूमाथि ईश्वर, फरिश्ताहरू तथा सम्पूर्ण मानवजातिको धिक्कार छ । १६२- उनीहरू यसै अवस्थामा सदासर्वदा रहने छन्। तिनीहरूको यातनामा कमी हुने छैन, न तिनीहरूलाई कुनै छुट नै मिल्नेछ।

१६३- तिमीहरूको ईश्वर एक मात्र ईश्वर हुनुहुन्छ। उहाँबाहेक कोही उपास्य छैन । १६४- उहाँ अत्यन्त दयावान तथा परम कृपावान हुनुहुन्छ । निश्चय नै आकाश र धर्तीको सृष्टि, त्यसमा रहेका सृष्टिहरू, रातले दिनलाई र दिनले रातलाई पछ्याउने क्रम, मानिसहरूका लागि खाने कुरा लिएर समुद्रमा हिँड्ने

डुङ्गाहरू, आकाशबाट ईश्वरले बर्साएका पानी जसबाट उहाँले मुर्दा भूमिलाई जीवित पार्नु भयो, धर्तीमा अनेक प्रकारका बाली नालीलाई उमार्नु भयो र विभिन्न किसिमको जीव-जन्तु फैलाउनु भयो, विभिन्न दिशामा हावा चल्नु तथा आकाश एवं पृथ्वीबीच नियन्त्रणमा राखिएका बादलमा बुद्धिमान मानिसहरूका लागि निशानीहरू छन् ।

१६५- केही मानिसहरू अरूलाई ईश्वरको समकक्ष बनाउँछन् र तिनीहरूसित यसरी प्रेम गर्छन् जसरी ईश्वरसित मात्र गर्नु पर्ने हो । तर मोमिनहरू ईश्वरसितको सबै भन्दा बढी प्रेम गर्छन् । यी अत्याचारीहरूले त्यस समयलाई देखेको भए जब यिनीहरूलाई यातना दिइनेछ र सम्पूर्ण शक्ति ईश्वरको हातमा हुनेछ तब यिनीहरूले विश्वास गर्नेछन् कि ईश्वर कडा यातना दिने वाला हुनुहुन्छ । १६६- त्यस दिन अग्रजहरू आफ्ना अनुयायीहरूदेखि अलग हुनेछन् । यातना तिनीहरू अगाडि हुनेछ । त्यतिबेला सबै नाताहरू छिन्नभिन्न भएका हुनेछन् । १६७- अनुयायीहरूले भन्नेछन्- फेरि दुनियाँमा फर्किने मार्ग पाएको भए हामीहरू पनि तिनीहरूसित कुनै सम्बन्ध राख्ने थिएनौं, जसरी यिनीहरू हामीसित अलग भए । ईश्वरले तिनीहरूलाई तिनीहरूका कर्महरू चिन्ता बनाएर देखाउनु हुनेछ र तिनीहरू आगोबाट उम्कन पाउने छैनन् ।

१६८- हे मानव ! धर्तीमा रहेका वैध एवं पवित्र वस्तुहरू खाऊ । शैतानको अनुसरण नगर । निस्सन्देह ऊ तिम्रो खुल्लम-खुल्ला शत्रु हो । १६९- उसले तिमीहरूलाई केवल पाप तथा अश्लील कार्यहरू गर्ने आदेश दिन्छ र ईश्वरबारे ज्ञान नै नभएका कुराहरू भन्न लगाउँछ । १७०- जब यिनीहरूलाई ईश्वरद्वारा अवतरित मार्गदर्शनको अनुसरण गर्न भनिन्छ तब तिनीहरू भन्छन्- हामी त ती कुराहरूको अनुसरण गर्नेछौं जसमाथि आफ्ना पूर्वजहरूलाई पाएका छौं । के तिनीहरू आफ्ना पुर्खाहरूकै अनुसरण गर्नेछन् चाहे तिनीहरूले कत्ति पनि बुध्दि नराखेका हुन् र न सत्मार्ग नै प्राप्त गरेका होउन् ?

१७१- यी नकार्नेहरूको उपमा यस्तो छ- एउटा गोठालोले जनावरहरूलाई डाक्दछ र ती जनावरहरू गोठालोको पुकार, कराइ र चिच्याइ बाहेक केही सुन्दैन । यिनीहरू पनि बहिरा हुन्, लाटा हुन्, अन्धा हुन् । केही बुझ्दै बुझ्दैनन् ।

१७२- हे आस्थावानहरू हो ! हामीले प्रदान गरेका पवित्र खाने कुराहरू खाऊ र ईश्वरप्रति आभार प्रकट गर, यदि साँच्चिकै उहाँको भक्ति गर्छौ भने । १७३- ईश्वरले तिमीहरूका निम्ति मरेको जन्तु, रगत, सुंगुरको मासु र ईश्वरबाहेक अन्य कसैको नाम लिएर वध गरिएको जनावरहरू खान अवैध गर्नुभएको छ । तर, जो बाध्य छ र इच्छा नराखेर तथा सीमा उल्लङ्घन नगरिकन प्रयोग गर्दैन भने उसलाई कुनै पाप लाग्ने छैन । निस्सन्देह ईश्वर अत्यन्तै क्षमाशील तथा परम कृपावान हुनुहुन्छ । १७४- ईश्वरले आफ्नो किताबमा अवतरण गर्नुभएको सत्य तथ्यलाई जुन मानिसहरू लुकाउँछन् र थोरै सांसारिक लाभ प्राप्त गर्नका लागि यी कार्य गर्छन्, तिनीहरू आफ्नो पेटमा आगो भर्दैछन् । महाप्रलयको दिन ईश्वरले तिनीहरूसंग कुरा गर्नुहुन्न र तिनीहरूलाई चोखो पार्नुहुन्छ । तिनीहरूका लागि दु:खदायी यातना छ । १७५- यी ती मानिसहरू हुन् जसले सत्मार्गलाई छोडेर पथभ्रष्टता र क्षमालाई छोडेर यातना रोजेका छन् । यी मानिसहरूले आगोमा जल्ने कस्तो दुस्साहस गर्छन् त ! मानौं यिनीहरूलाई यति भयावह आगोको पनि परवाहै छैन । १७६- यो यस कारणले कि ईश्वरले आफ्नो किताबलाई सत्यका साथ अवतरण गर्नुभएको छ । तर जसले आकाशीय किताबमा मतभेद गरेर विभिन्न मार्ग निकाले तिनीहरू ढीपिमा धेरै टाढा पुगे ।

१७७- पूर्व वा पश्चिमतिर अनुहार फर्काउनु सत्कर्म होइन । बरु एक ईश्वर, महाप्रलयको दिन, फरिश्ताहरू, ईश-ग्रन्थहरू तथा नबी (सन्देष्टा) हरूमाथि आस्था राख्छन् सत्कर्म हुन् । आफन्त, अनाथ, गरिब, अलपत्र बटुवा, माग्न बाध्य भएका मानिस तथा दासहरूलाई मुक्त गर्न खर्च गर्नु, नमाज कायम गर्नु, जकात (दान) दिनु, वाचा पुरा गर्नु, संकट, विपत्ति, गरिबी, युद्धको अवस्थामा

धैर्य गर्नु सत्कर्म हुन् । यस्ता गुणहरू भएका मानिसहरू नै सच्चा हुन् र यिनीहरू नै डराउँछन् ।

१७८- हे आस्थावानहरू हो ! तिमीहरूमाथि हत्या गरिएको व्यक्तिको किसास (सजाय) अनिवार्य गरिएको छ । कुनै स्वतन्त्र व्यक्तिले हत्या गरेमा बदलामा स्वतन्त्र व्यक्तिको, दासले हत्या गरेमा दासको र नारीले हत्या गरेमा नारीको ज्यान लिइछ । तर मृतक पक्षले रक्त मूल्य लिएर हत्यारालाई क्षमा गर्छ भने हत्यारा पक्षले राम्ररी रक्त मूल्य तिर्नु पर्दछ । यो तिम्रा रबको तर्फबाट ठूलो दया हो । जसले त्यसपछि अन्याय गर्छ, उसको लागि दुःखदायी यातना रहेकोछ । १७९- किसास (मृत्युदण्ड) मा तिमीहरू सबैको लागि जीवन छ, ताकि हिंसाको अन्त होस् । १८०- यदि तिमीहरूमध्ये कसैको मृत्युको सङ्केतहरू देखापर्छ र केही धनसम्पत्ति छोड्दैछ भने आमा-बुवा तथा नातेदारहरूका लागि नियमअनुसार एक तिहाइसम्मको वसीयत गर्नु तिमीहरूमाथि अनिवार्य गरिएको छ । यो ईश्वरसँग भय राख्नेहरूको कर्तब्य हो । १८१- जसले वसीयत सुने पछि त्यसमा फेरबदल गर्छ, त्यसको पाप फेरबदल गर्नेवालालाई लाग्छ । निस्सन्देह ईश्वर सुन्नुहुन्छ र जान्नुहुन्छ । १८२- यदि कसैले वसीयतकर्तामाथि पक्षपात वा ज्यादती गरेको आभास गर्छ र उसले उनीहरूवीच मिलापत्र गर्छ भने उसलाई कुनै पाप लाग्ने छैन । निस्सन्देह ईश्वर अत्यन्त क्षमाशील एवं परम दयालु हुनुहुन्छ ।

१८३- हे आस्थावानहरू हो ! ईश्वरले तिमीहरूमाथि ब्रत अनिवार्य गर्नुभएको छ, जसरी तिमीहरू भन्दा अघिका समुदायहरूमाथि अनिवार्य गरिएको थियो । आशा छ तिमीहरूभित्र तक्वा (ईशभय) उत्पन्न हुनेछ । १८४- यी गन्तीका केही दिनहरू मात्र हुन् । यदि तिमीहरूमध्ये कोही बिरामी पर्छ वा यात्रा गर्छ जसले गर्दा ब्रत बस्न कठिन हुन्छ भने ती दिनहरूमा ब्रत नबस्ने अनि ठ्याक्कै त्यति दिनहरू पछि पुरा गर्नुपर्दछ । यदि कसैले ब्रत बस्ने क्षमता राख्दैन भने उसले प्रत्येक ब्रतबापत एक जना गरीबलाई खाना खुवाउनु पर्दछ । यदि कसैले आफूखुसी

बढी पुण्य गर्छ भने त्यो उसैको हकमा राम्रो हुनेछ। यदि तिमीहरू ब्रत बस्छौ भने झन राम्रो यदि तिमीहरू जान्दछौ भने। १८५- रमजान महिना, जसमा कुर्आन अवतरण भयो; सबै मानवजातिका लागि मार्गदर्शन, स्पष्ट प्रमाण र यसमा सत्य तथा असत्यबीच फरक छुट्याउने चीज हो। अतः जसले यस महिनालाई पाउँछ उसले अनिवार्यरूपमा यसको ब्रत (रोजा) राखोस्। जो बिरामी छ वा यात्रामा छ र ब्रत राख्न कठिन छ भने उसले ती दिनहरूमा ब्रत नराखे पनि हुन्छ, तर ती दिनहरूमा नराखेका ब्रत अनिवार्यरूपमा अरू दिनहरूमा राखोस्। ईश्वर तिम्रो लागि सुविधा चाहनुहुन्छ; तिमीहरूलाई कष्टमा पार्न चाहनुहुन्न ताकि तिमीहरूले एक महिनाको संख्या पुरा गर। मार्गदर्शन गरेको मा ईश्वरको महानता वर्णन गर र उहाँको प्रशंसा व्यक्त गर।

१८६- मेरा भक्तहरू मेरो बारेमा तपाईंलाई सोध्छन् भने भनिदिनुहोस्- म उनीहरूदेखि एकदमै नजिक छु र जब पुकार्नेवालाहरू पुकार्छन् तब उनीहरूको उत्तर दिन्छु। अतः उनीहरूले मप्रति आत्मसमर्पण गर्नुपर्छ, मेरो आदेशको पालना गर्नुपर्छ ताकि उनीहरू मार्गदर्शन पाउन्। १८७- अब तिमीहरूको लागि फज्रसम्म पत्नीहरूसँग सम्भोग गर्न ईश्वरले वैध गर्नुभयो। पत्नीहरू तिमीहरूका लागि र तिमीहरू पत्नीहरूका लागि पोशाक हौ। ईश्वरलाई थाहा छ, आफैंसँग कपट गरिरहेका थियौ तर ईश्वरले तिमीहरूमाथि दया गर्नुभयो र तिमीहरूलाई क्षमा गर्नुभयो। अब तिमीहरू आफ्ना पत्नीहरूसँग राति बिताउ अनि ईश्वरले तिमीहरूका लागि जे जति लेख्नु भएको छ त्यसको लागि चेष्टा गर। बिहानिको सेतो रेखा रातिको कालो रेखादेखि स्पष्ट होउन्जेल खानपिन गर। अनि रातको आगमन (सूर्यास्त) सम्म उपवास बस। तिमीहरू मस्जिदमा एअ्तिकाफमा बसेको समयमा पत्नीहरूसँग राति नबिताऊ। यी ईश्वरका सीमाहरू हुन्। अतः त्यसको निकट नजाऊ। ईश्वर आयतहरू स्पष्टरूपमा बयान गर्नुहुन्छ ताकि उनीहरू उहाँसँग

डराउन् । १८८- तिमीहरू एकअर्काका सम्पत्ति अनाहक तरिकले नखाऊ । त्यसैगरी न्यायकर्ताहरू नपुर्याऊ ताकि एक अर्काको सम्पत्ति जानीजानी नखाऊ।

१८९- मानिसहरूले तपाईसँग चन्द्रमाको बारेमा सोध्दछन्; भनिदिनुहोस्- यो मानिसहरूका लागि तीथि निर्धारण गर्ने र हजको समय थाहा पाउने माध्यम हो। हज तथा उम्राको इहराम लाएपछि घरमा पछाडिबाट प्रवेश गर्नु सत्कर्म होइन, बरु ईश्वरसित डर्नु नै ठूलो सत्कर्म हो। ईश्वरसित डराऊ, ताकि तिमीहरू सफल होऊ। ईश्वरको मार्गमा यस्ता मानिसहरूविरुद्ध युद्ध गर जो तिमीहरूविरुद्ध युद्ध गर्छन्। १९०- तर सीमा उल्लङ्घन नगर सीमा उल्लंघन गर्नेहरूलाई ईश्वर मन पराउनुहुन्न। १९१- (युद्धावस्थामा) तिनीहरूलाई जहाँ पाउँछौ त्यहीं हत्या गर र तिनीहरूलाई त्यहाँबाट निकाल जहाँबाट तिनीहरूले तिमीहरूलाई निकालेका थिए। किनभने आतंक हत्याभन्दा पनि झन् खतरनाक हो। काबा नजिक युद्ध नगर । यदि तिनीहरूले युद्ध गर्छन् भने तिमीहरूलाई हत्या गर । १९२- यदि तिनीहरू यसबाट रोकिन्छन् भने ईश्वर अत्यन्त क्षमाशील र दयावान हुनुहुन्छ । १९३- नकार्नेहरूविरुद्ध युद्ध गर यहाँसम्म कि आतङ्कवाद समाप्त होस् र इस्लाम कायम होस्। यदि तिनीहरू रोकिन्छन् भने अत्याचारीहरूबाहेक कसैमाथि कुनै कारवाही हुने छैन।

१९४- हराम (प्रतिष्ठित) महिना हराम महिनामाको बदला हो र हराम महीनामा पनि अत्याचारीहरूमाथि किसासको नियम लागु हुन्छ। जसले ज्यादती गर्छ उसलाई उसले गरेको ज्यादती बराबर नै जवाफ देऊ। ईश्वरको भय गर। जानि राख, ईश्वर भय राख्नेहरूको साथमा हुनुहुन्छ। १९५- ईश्वरको मार्गमा खर्च गर र आफूलाई बर्बाद नगर। उत्तम ढंगले कार्य गर। वास्तवमा ईश्वर उत्तम ढंगले कार्य गर्नेहरूलाई प्रेम गर्नुहुन्छ। १९६- ईश्वरको लागि हज तथा उम्रा गर। घर पुगेपछि उपलब्ध जनावरको कुर्बानी (बलि) गर। कुर्बानीका जनावरहरू कुर्बानी स्थलसम्म पुगुञ्जेल आफ्ना टाउको मुन्डन नगराऊ। तिमीहरूमध्ये जो बिरामी

छ वा जसको टाउकोमा कष्ट छ, भने उसले ब्रत, सदका वा बलिको फिदया (जरिवाना) तिरोस् । जब तिमीहरू शान्ति अवस्थामा हुन्छौ त्यतिबेला जो हजका साथै उम्राबाट पनि लाभान्वित हुन चाहन्छ उसले उपलब्ध जनावरको कुर्बानी गर्नुपर्दछ । जसले कुर्बानी गर्न सक्दैन उसले हजका दिनहरूमा तीन दिन र फर्केपछि सात दिन ब्रत राख्नु पर्दछ । यी जम्मा दस दिन भए; यो छुट उनीहरूका लागि हो जसको घरबार हरमको परिधीमा छैन । ईश्वरसँग डराऊ । जानि राख, ईश्वर कठोर दण्ड दिनुहुन्छ । १९७- हजका महिनाहरू निर्धारित छन् । जसले हज गर्ने निर्णय गर्छ उसले अश्लील कार्य, पाप तथा झगडा त्याग्नु पर्छ । तिमीहरूले जुन सत्कर्म गर्नेछौ ईश्वरलाई थाहा हुन्छ । हजको लागि यात्रा गर्दा बाटो-खर्च लिएर जाऊ । जानिराख, सबभन्दा उत्कृष्ट बाटो-खर्च तकवा अर्थात ईश्वरको डर हो । हे बुद्धिमानहरू हो ! मसित डराऊ ।

१९८- हज अवधिमा ईश्वरका जीविका खोजेमा कुनै आपत्ति छैन । अरफातबाट प्रस्थान गर्दा मुजदलेफा अवस्थित मश्अरेहराममा ईश्वरलाई खुब याद गर जसरी उहाँले सिकाउनुभयो । तिमीहरू यसभन्दा पहिले बाटो बिाएका थियौ । १९९- तवाफमो लागि प्रस्थान गर जहाँबाट मानिसहरू प्रस्थान गर्छन् । ईश्वरसँग माफि माग । निस्सन्देह ईश्वर तौबा गर्ने भक्तहरूप्रति अत्यन्तै क्षमाशील तथा परम कृपावान हुनुहुन्छ । २००- हजका सबै प्रक्रियाहरू पुरा गरिसकेपछि ईश्वरको खुब जप गर । जसरी तिमीहरू आफ्ना पूर्खाहरूको सम्झना गर्ने गर्थ्यौ त्यसरी नै वा त्यसभन्दा पनि बढी । मानिसहरूमध्ये कोही भन्छन्- हे पालनकर्ता ! हामीलाई यसै संसारमा प्रदान गर्नुहोस् । आखिरतमा यिनीहरूको कुनै अंश हुने छैन । २०१- केही मानिसहरू भन्छन्- हे हाम्रा पालनकर्ता ! हामीलाई यस संसारका कृपा पनि प्रदान गर्नुहोस् र आखिरत (परलोक) को कृपा पनि र नर्कको आगोबाट मुक्ति प्रदान गर्नुहोस् । २०२ यस्ता मानिसहरूको लागि राम्रो बदला छ । ईश्वरले चाँडै नै कर्मको हिसाब किताब लिनुहुन्छ । २०३- निश्चित दिनहरूमा

ईश्वरको गुणगान गर । जो ईश्वरको भय राख्दै हतार गर्छ अनि दूई दिनमा मक्का फर्कन्छ उसमाथि कुनै पाप छैन, र जो मिनामै बस्छ त्यसमाथि पनि कुनै आपत्ती हुँदैन । यो ईश्वरको भय राख्नेहरूको लागि हो । तिमीहरू खल्लमहको भय गर । राम्ररी जानिराख-तिमीहरू उहाँको सामु जम्मा गरिनेछौ ।

२०४- केही मानिसहरू यस्ता छन् जसको कुरा तपाईंलाई सांसारिक जीवनमा राम्रो लाग्छ । उनीहरू आफ्नो कुरामा ईश्वरलाई गवाह बनाउँछन् जब कि तिनीहरू अति झगडालु हुन् । २०५- तिनीहरू फर्केपछि धर्तीमा आतंक मच्चाउन थाल्छन् र खेती बालीलाई नष्ट पार्छन् र ज्यानहरूलाई हानि पुर्याउँछन् । ईश्वर विध्वंसलाई कदापि मन पराउनु हुन्न । २०६- जब तिनीहरूलाई ईश्वरको भय राख्ने उपदेश दिइन्छ तब उसको घमन्डले उसलाई पापमा अडिग पार्दछ । उसको लागि नर्क नै पर्याप्त हुन्छ । यो अति नराम्रो बासस्थान हो । २०७- मानिसहरूमध्ये कोही यस्ता छन् जो ईश्वरको प्रसन्नता प्राप्त गर्नको लागि स्वयंलाई बेचिदिएका छन् । ईश्वर आफ्ना भक्तहरूप्रति अत्यन्तै दयावान हुनुहुन्छ ।

२०८- इस्लाममा पूर्णरूपमा प्रवेश गर । शैतानको अनुसरण नगर, किनभने ऊ तिमीहरूको खुल्लम खुल्ला शत्रु हो । २०९- स्पष्ट प्रमाणहरू आइसकेपछि पनि यदि तिमीहरूमध्ये कोही बहकियौ भने जानिराख ईश्वर अत्यन्त प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ । २१०- के यिनीहरू यस प्रतीक्षामा छन्, महाप्रलयको दिन ईश्वर आफ्नो शानअनुसार तिनीहरूसमक्ष बादलको छानामा प्रकट होउन् र फरिश्ताहरू पि प्रकट होउन् अनि ईश्वरले तिनीहरूको फैसला गरुन् । अन्ततः सबै सारा मामिला ईश्वरकै सामु पेश गरिनेछन् । २११- इस्राईलका सन्तानलाई सोध्नुहोस्, हामीले तिनीहरूलाई कति धेरै स्पष्ट निशानीहरू प्रदान गर्यौं। ईश्वरको बरदान पाएपछि त्यसलाई बदलनेहरूलाई उहाँले कठोर यातना दिनुहुनेछ । २१२- नकार्नेहरूका लागि यस सांसारिक जीवनलाई आकर्षक बनाइएको छ । यिनिहरू आस्थावानहरूको ठट्टा गर्छन् । ईशभय राख्नेहरू नै महाप्रलयको

दिन तिनीहरूभन्दा उच्च स्थान पाउनेछन् । ईश्वर जसलाई चाहनुहुन्छ अनगनती जीविका प्रदान गर्नुहुन्छ ।

२१३- शुरुमा सम्पूर्ण मानवजाति एउटै समुदाय थियो । जब तिनीहरूले मतभेद गरे तब ईश्वरले नबीहरूलाई शुभ-सूचक तथा सचेतक बनाएर पठाउनुभयो । नबीहरूलाई सत्यमा आधारित आकाशीय ग्रन्थहरू प्रदान गर्नुभयो ताकि उनीहरूले तिनीहरूले गरिराखेका मतभेदहरूको नपर्णय गरुन् । यो मतभेद सत्य पाएकाहरूले नै गरे । तिनीहरूले स्पष्ट निशानीहरू पाइसकेपछि परस्पर जिद्दीको कारणले मतभेद गरे । ईश्वरले मोमिनहरूलाई आफ्नो कृपाले सत्यको मामिलामा सीधा बाटो देखाउनु भयो, जसको बारेमा तिनीहरू झगडा गरिराखेका थिए । ईश्वर जसलाई चाहनुहुन्छ सीधा मार्ग देखाउनुहुन्छ । २१४- के तिमीहरू बिना जाँच त्यसै स्वर्गमा प्रवेश गर्नेछौ भन्ने ठानेका छौ जबकि तिमीहरूभन्दा पहिलेका मानिसहरूको जस्तो सङ्कट तिमीहरूमाथि आएकै छैन ? उनीहरू ठूलाठूला कठिनाई तथा दुःखमा पिल्सिए र यसरी घच्घच्याइए कि त्यस बखतका रसूल तथा उनका साथमा रहेका आस्थावानहरूसमेत चिच्याउन पुगे- ईश्वरको सहायता कहिले आउने हो त ? सुन, निश्चय नै ईश्वरको सहायता नजिक छ ।

२१५ मानिसहरू धनसम्पत्ति कहाँ खर्च गरून् भनेर प्रश्न सोध्छन् ? भनिदिनुहोस्- तिमीहरूले खर्च गर्न चाहेको धन-सम्पत्ति माता-पिता, निकटतम नातेदार, अनाथ, गरीब, असहाय तथा बटुवाहरूको हक छ । जेजति भलो गर्छौ ईश्वर ती सबैलाई जान्नुहुन्छ । २१६- तिमीहरूमाथि ईश्वरको मार्गमा युद्ध गर्न अनिवार्य गरिएको छ तर यो तिमीहरूलाई अप्रिय लाग्छ । हुन सक्छ तिमीहरू जुन कुरालाई अप्रिय ठानिरहेका छौ, त्यो तिम्रा लागि राम्रो होस् र हुन सक्छ तिमीहरू जुन कुरालाई प्रिय ठानिरहेका छौ, त्यो तिम्रालागि नराम्रो होस् । ईश्वर जान्नुहुन्छ बरु तिमीहरू पो जान्दैनौ ।

२१७- मानिसहरूले तपाईंलाई हराम (प्रतिष्ठित) महिनामा युद्ध गर्ने हुकुम

सोधिरहेका छन् । भनिदिनुहोस्- ती महिनाहरूमा युद्ध गर्नु ठूलो पाप हो । तर ईश्वरको मार्ग तथा मस्जिदे हरामबाट रोक्नु तथा मानिसहरूलाई त्यहाँबाट निस्कासित गर्नु ईश्वरको दृष्टिमा हराम (प्रतिष्ठित) महिनामा युद्ध गर्नुभन्दा पनि ठूलो पाप हो । आतङ्कवाद हत्या गर्नुभन्दा पनि ठूलो पाप हो । यिनीहरू तिमीहरूसित निरन्तर युद्ध गरिरहने छन्; यहाँसम्म कि सामर्थ्य पुगेमा तिमीहरूलाई इस्लामबाट नै निकाल्नेछन् । तिमीहरूमध्ये जो पनि आफ्नो धर्मबाट निस्कन्छ अनि कुफ्रकै अवस्थामा तिनको निधन हुन्छ, त्यस्ता मानिसहरूका कर्महरू लोक र परलोक दुवैमा खेर जानेछ । तिनीहरूको बास स्थान नर्क हुनेछ, जहाँ तिनीहरू सदासर्वदा रहने छन् । २१८- निस्सन्देह जो मानिसहरूले आस्था ल्याए, हिजरत गरे र ईश्वरको मार्गमा युद्ध गरे, तिनीहरू नै उहाँको कृपाका उम्मेदवार हुन् । ईश्वर क्षमाशील एवं परम कृपावान हुनुहुन्छ ।

२१९- मानिसहरू तपाईंलाई जांड रक्सी सेवन गर्ने तथा जुवातास खेल्ने बारे सोध्छन्, भनिदिनुहोस्- यी दुवैमा ठूलो पाप छ र मानिसहरूका लागि केही फाइदाहरू पनि छन् । तर तिनका पाप तिनका लाभभन्दा धेरै छ । मानिसहरू तपाईंसँग कति धनसम्पत्ति खर्च गर्ने भनेर सोध्छन् । भनिदिनुहोस्- जुन तिमीहरूको आवश्यकताभन्दा बढी छ त्यो खर्च गर । यस प्रकार ईश्वर तिमीहरूका लागि आफ्नो आदेश स्पष्ट पार्नुहुन्छ ताकि तिमीहरू विवेक प्रयोग गर, २२०- लोक र परलोक दुवैका मामिलामा । उनीहरू अनाथहरूबारे सोध्छन् । भनिदिनुहोस्- उनीहरूको भलो जसमा छ त्यही गर्नु बेस हुन्छ । यदि उनीहरूलाई साझेदार बनाउँछौ भने उनीहरू तिमीहरूका भाइ हुन् । ईश्वर हिना मिना गर्नेहरूलाई पनि जान्नुहुन्छ र भलो गर्नेहरूलाई पनि जान्नुहुन्छ । ईश्वरले तिमीहरूलाई कठिनाइमा पार्न चाहेकोमा पार्न सक्नु हुन्थ्यो । निस्सन्देह ईश्वर प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ ।

२२१- जबसम्म मुश्रिक (बहुदेववादी) महिलाहरू इस्लाममा प्रवेश गर्दैनन्

तबसम्म तिनीहरूसँग बिहे नगर । मोमिन दासी स्वतन्त्र मुश्रिक नारीभन्दा श्रेष्ठ छन् । चाहे त्यसको सुन्दरता र धनसम्पत्तिले तिमीहरूलाई लठ्ठ किन नपारुन् । त्यस्तै जबसम्म मुश्रिक पुरुषहरू आस्था ल्याउँदैनन् तबसम्म तिनीहरूसँग मुस्लिम महिलाहरूको विवाह नगर । आस्थावान दास स्वतन्त्र मुश्रिक पुरुषभन्दा श्रेष्ठ छन् । चाहे त्यो मुश्रिक तिमीहरूलाई लठ्ठ किन नपारुन् । यिनीहरू नर्कतर्फ बोलाउँछन् । तर ईश्वर स्वर्ग एवं क्षमातर्फ बोलाउनुहुन्छ । उहाँले आफ्ना शिक्षाहरू स्पष्ट रूपमा बताउनुहुन्छ ताकि तिनीहरूले उपदेश ग्रहण गरून् । २२२- मानिसहरू तपाईंसँग महिनवारीको बारेमा सोध्दछन् । भनिदिनुहोस्- यो फोहर रगत हो तसर्थ यस अवस्थामा सहवास नगर । महिनवारीको रगत बन्द नहोउन्जेल र तिनले न नुहाउन्जेल सहवासको लागि तिनको नजिक नजाउ । तिनीहरू पवित्र भएपछि तिनीहरूसँग ईश्वरले जायज गर्नुभएको तरिकाअनुसार नजिक जाऊ । निस्सन्देह ईश्वर धेरै तौबा (प्रायश्चित) गर्ने तथा सफासुग्घर रहनेहरूलाई मन पराउनुहुन्छ । २२३- तिम्रा पत्नीहरू तिमीहरूका खेती हुन् । उनीहरूसँग जसरी चाहन्छौ त्यसरी सम्पर्क बनाउ । आफ्नो लागि अगाडि पठाऊ । उहाँसँग डराऊ अनि जानिराख- तिमीहरूले ईश्वरसँग भेट्नुछ । आस्थावानहरूलाई शुभसूचना दिनुहोस् ।

२२४- तिमीहरू ईश्वरलाई आफ्नो कसमको निशाना न बनाउ कि तिमीहरू भलो न गर, ईशभय न राख र मानिसहरूबीचको सम्बन्ध सुधार्ने कार्य न गर । ईश्वर सुन्नेवाला र जान्नेवाला हुनुहुन्छ । २२५- बिना इरादा कसमहरूप्रति ईश्वरले तिमीहरूको पकड गर्नुहुने छैन । नीयतका साथ कसम खाएमा ईश्वरले पकड गर्नुहुन्छ । ईश्वर क्षमाशील र सहनशील हुनुहुन्छ । २२६- आफ्ना पत्नीहरूसँग सम्पर्क नगर्ने कसम खानेहरूले यदि चार महिना भित्र कसम तोडेर सम्पर्क बनाउँछ भने ईश्वर क्षमाशील र परम दयालु हुनुहुन्छ । २२७- यदि उनीहरूले तिनीहरूलाई तलाक (पारपाचुके) दिने निर्णय गर्छन् भने ईश्वर सर्वश्रोता र सर्वज्ञाता हुनुहुन्छ । २२८- तलाक (पारपाचुके) दिइएकी महिलाहरूले तीन पटक रजस्वला

नभएसम्म प्रतीक्षा गरून्। त्यसैगरी गर्भ धारण भएको कुरालाई नलुकाउन्, यदि उनीहरू ईश्वर एवं आखिरतमाथि आस्था राख्छिन् भने। यदि पतिहरू मेल मिलाप गर्छन् भने इद्दतको अवधिमा उनीहरूलाई फिर्ता लिने बढी अधिकार राख्छन्। महिलाहरूलाई पनि पुरुषहरू जस्तै चलनचल्ती अनुसार हक, अधिकार तथा जिम्मेवारी छ। तर पुरुषहरूको लागि उनीहरूमाथि एक दर्जा प्राथमिकता प्राप्त छ। ईश्वर शक्तिशाली र तत्वदर्शी हुनुहुन्छ।

२२९- तलाक दुई पटक हुन्छ। त्यसपछि नियमानुसार नारीलाई दाम्पत्य जीवनमै रोकिराख्न सक्छ वा सम्मानका विदा गर्न सक्छ। विदा गर्दा तिम्रा लागि तिनीहरूलाई दिएको कुनै चीज वा महर फिर्ता लिनु जायज छैन। तर यदि दुवैलाई ईश्वरको नियमभित्र नरहने डर छ भने श्रीमतिले फिर्ता गरेको सामान लिनु जायज छ। यी ईश्वरका कानुनहरू हुन्, यसको उल्लङ्घन नगर। उल्लङ्घन गर्नेहरू नै अत्याचारी हुन्। २३०- यदि पतिले तेस्रो पटक तलाक दियो भने त्यो महिला अब उसका लागि हलाल (वैध) हुने छैन यहाँसम्म उसले अन्य पुरुषसँग इच्छाअनुसार हलाला गराउने मनशाय न राखेर विवाह गरुन् तथा श्रीमान-श्रीमतीबीच सहवास पनि होस्। यदि उसको दोस्रो श्रीमानको मृत्यु भयो वा दुवैमा खटपट भएकोले तलाक भयो भने अब त्यो महिला तथा पहिलो श्रीमान यदि दुवै जनाले ईश्वरको कानुनको पाबन्दी गर्न सक्छन् भने आपसमा नयाँ महर दिएर पुनः विवाह गर्न सक्छन्। यी ईश्वरका कानुनहरू हुन्, जसको वर्णन ईश्वरले बुध्दिमानहरूको लागि गर्नुभएको छ। २३१- जब तिमीहरू महिलालाई तलाक दिन्छौ भने इद्दत (निश्चित अवधि) भित्र या त फर्काइ हाल वा नियम अनुसार बिदा गरिदेऊ। तर उनीहरूलाई कष्ट दिने र अत्याचार गर्ने उद्देश्यले नरोक। जसले यस्तो गर्यो उसले आफ्नै हानि गर्यो। ईश्वरका आदेशहरूलाई ख्याल-ठट्टा नबनाऊ। ईश्वरले तिमीहरूमाथि गर्नुभएका अनेकौं वरदानहरू सम्झि राख। ईश्वरले तीहरूको उदेशको लागि

अवतरित गर्नुभएको कुर्आन तथा सुन्नतलाई सम्झि राख । ईश्वरसँग डराऊ । जानिराख- ईश्वर सर्वज्ञाता हुनुहुन्छ ।

२३२- यदि तिमीहरूले श्रीमतीलाई तीनभन्दा कम तलाक दिएकाछौ र इद्दत पुरा भयो भने हे अभिभावकहरू हो ! यदि ती महिलाहरू पुरानै श्रीमानहरूतर्फ प्रचलित तरिका अनुसार राजीखुसी नयाँ निकाह गरेर फर्कन चाहन्छन् भने उनीहरूलाई नरोक । ईश्वर एवं आखिरतमाथि आस्था राख्नेलाई यो आदेश दिइएको छ । यो तिमीहरूको लागि राम्रो तरिका हो । ईश्वर जान्नुहुन्छ; तिमीहरू पो जान्दैनौ । २३३- स्तनपान गराउने आमाहरूले आफ्ना शिशुहरूलाई दुई वर्षसम्म दूध खुवाउन् । दुई वर्षको कैद त्यसको लागि छ जो पुरा अवधीसम्म दूध खुवाउन चाहन्छ । तलाक पाएकी दूध खुवाउने आमाहरूको निर्वाह-व्यय तथा पालन-पोषण खर्च प्रचलित तरिका अनुसार शिशुको पितामाथि हुन्छ । ईश्वरले कुनै पनि व्यक्तिलाई त्यति मात्र जिम्मेवारी दिनुहुन्छ जति उसको सामर्थ्य हुन्छ । आमा तथा बाबुमध्ये कसैलाई पनि शिशुको कारणले कष्ट नदिइयोस् । यही जिम्मेवारी वारिस (अभिभावक) माथि आउँछ । दुवैले आपसी समझदारी एवं सल्लाहमा दुई वर्षको अवधि पुरा नगरिकन पहिला नै दूध छुटाउन चाहेमा उनीहरूमाथि कुनै पाप छैन । यदि तिमीहरू आफ्ना शिशुहरूलाई आमाबाहेक अन्य महिलाको दूध खुवाउन चाहन्छौ भने यसमा पनि कुनै पाप छैन । यदि सम्झौता अनुसार कमि तथा ढीला नगरीकन महिलालाई भुक्तानी गर्छौ भने । ईश्वरसँग डराऊ । जानिराख, ईश्वर तिमीहरूले गरेका सबै कार्यलाई देखिराख्नु भएको छ ।

२३४- तिमीहरूमध्ये कसैको मृत्यु हुन्छ र आफूपछाडि पत्नीहरू छोड्छ भने ती पत्नीहरूले चार महिना दस दिनसम्म पर्खनुपर्छ । इद्दत पुरा गरेपछि उनीहरूले प्रचलित तरिका अनुसार केही गरेमा तिमीहरूलाई कुनै पाप लाग्ने छैन । तिमीहरू जे गर्दैछौ त्यसको पूरा खबर ईश्वरले राख्नुहुन्छ । २३५- यस्ता महिलालाई साङ्केतिकरूपमा विहेको सन्देश दिनु वा बिहे गर्ने इच्छा मनमा लुकाएर राख्नुमा

कुनै पाप छैन । तिमीहरूले उनीहरूलाई मनमा याद गर्नेछौ भन्ने कुरा ईश्वरलाई राम्ररी थाहा छ । तिनीहरूलाई गोप्य रूपमा कुनै पनि वचन नदेऊ । मात्र नियम अनुसार कुरा गर । इद्दतको अवधि पूरा भएपछि मात्र बिहेको इरादा गर । जानिराख- ईश्वर तिमीहरूको मनका सम्पूर्ण कुराहरू जान्नुहुन्छ । उहाँसँग डराउ र जानिराख- निस्सन्देह ईश्वर क्षमाशील र सहनशील हुनुहुन्छ । २३६- महिलाहरूसँग सहवास तथा महर निर्धारण गर्नुअघि नै तलाक दिएमा तिमीहरूमाथि महरबारे कुनै दोष लाग्दैन । तर केही न केही अवश्य दिनुपर्छ, सम्पन्न व्यक्तिले आफ्नो सामर्थ्य अनुसार र गरीबले आफ्नो सामर्थ्य अनुसार । सत्कर्मीहरूमाथि यो एक प्रकारको जिम्मेवारी हो । २३७- यदि तिमीहरूले सहवास गर्नुअघि तर महर निर्धारण गरिसकेपछि तलाक दिन्छौ भने तिमीहरूले निर्धारित महर को आधा तिर्नुपर्छ । यदि महिलाहरूले महर माफ गर्छे भने यसको पनि अनुमति छ । वा बिहेको डोर जसको हातमा छ यसले माफ गर्न सक्छ । माफ गर्नु ईशभयको नजिकको कुरा हो । परस्पर उपकार गर्न नबिर्स । तिमीहरू जे गर्छौ ईश्वर देखिराख्नु भएको छ ।

२३८- पूर्णरूपमा नमाज कायम गर । विशेष रूपमा बीचमा पर्ने नमाजको रक्षा गर । २३९- ईश्वरसमक्ष विनम्र भएर उभ । शत्रु इत्यादिको डरले गर्दा पूर्णरूपमा नमाज पढ्ने अवस्था नभएमा पैदल, वा सवारीमा नमाज पढ्ने गर । त्रासको अवस्था समाप्त भइसकेपछि उहाँको आदेश अनुसार ईश्वरलाई खुब याद गर जसरी ईश्वरले तिमीहरूलाई सिकाउनुभयो, जसबाट तिमीहरू अनभिज्ञ थियौ । २४०- ती मानिसहरू जसको मृत्युको समय आउँछ तिनीहरूले आफ्ना पछाडि छोडेका आफ्ना पत्नीहरूका लागि एक वर्षसम्म खाना-खर्च दिइने तथा घरबाट जबरजस्ती ननिकालिने वसियत (अन्तिम आदेश) गरून् । उनीहरू आफ्नो इच्छाले स्वयं निस्कन्छिन् र नियमानुसार आफ्नो लागि गर्छिन् भने त्यसको लागि तिमीहरूलाई कुनै पाप लाग्दैन । ईश्वर अत्यन्त प्रभुत्वशाली, तत्वदर्शी हुनुहुन्छ । २४१- तलाक (पारपाचुके) पाइसकेकी महिलालाई तलाक दिएको

श्रीमानले प्रचलित तरिका तथा आफ्नो कमाइअनुसार खर्च दिनुपर्छ । ईश्वरसँग डराउने संयमीहरूमाथि यसो गर्नु अनिवार्य छ। २४२- यसरी ईश्वरले तिमीहरूलाई स्पष्टरूपमा आफ्ना आदेशहरू बताउनुभयो, तमकि तिमीहरू बुझ।

२४३- के मृत्युको डरले आफ्नो घरबार छोडेर भागेका मानिसहरूको बारेमा तपाईंले खबर पाउनुभयो ? उनीहरू मृत्युको डरले भागेका थिए र तिनीहरू ठूलो संख्यामा थिए । ईश्वरले भन्नुभयो- मरि हाल, अनि ईश्वरले तिनीहरूलाई पुनः जीवित पार्नुभयो । निस्सन्देह ईश्वर मानिसहरूमाथि कृपावान हुनुहुन्छ । तर अधिकांश मानिसहरू उहाँप्रति आभार प्रकट गर्दैनन् । २४४- ईश्वरको मार्गमा युद्ध गर अनि जानिराख- ईश्वर सुन्नुहुन्छ र जान्नुहुन्छ । २४५- कोही छ जसले ईश्वरलाई ऋण देओस् अनि ईश्वरले त्यसलाई कैयौं गुणा बढाएर फिर्ता गरुन् ? उहाँले नै कसैलाई धौ-धौ पारदिनुहुन्छ र कसैलाई अत्याधिक जीविका प्रदान गर्नुहुन्छ। तिमीहरू उहाँतर्फ नै फर्काएर लगिनेछौ।

२४६- के तपाईंले मूसापछि बनी इस्राईलका अगुवाहरूको बारेमा जानकारी पाउनु भएन ? जब उनीहरूले आफ्ना सन्देष्टालाई भनेका थिए- हाम्रो लागि एकजना शासक नियुक्त गरिदिनुहोस्, हामी उहाँको साथमा ईश्वरको लागि युद्ध गर्नेछौं। सन्देष्टाले भने- यस्तो नहोस् कि युद्ध अनिवार्य गरिएपछि तिमीहरूले युद्ध नगर। उनीहरूले भने- हामी ईश्वरको मार्गमा युद्ध किन गर्दैनौ जब कि हामीहरूलाई हाम्रा घरबाट निकालिएको छ र सन्तानहरूबाट अलग गरिएको छ ? तर जब ईश्वरले युद्ध अनिवार्य गर्नुभयो तब केही मानिसहरूबाहेक सबै बिमुख भए । ईश्वर अत्याचारीहरूलाई राम्ररी जान्नुहुन्छ । २४७- उनीहरूका सन्देष्टाले भने- ईश्वरले तालूतलाई तिमीहरूका लागि शासक नियुक्त गर्नुभएको छ। उनीहरूका अगुवाहरूले भने- उनलाई हामीमाथि कसरी शासन प्राप्त हुन सक्छ ? जब कि उनी धनि पनि होइन। सन्देष्टाले भने- ईश्वरले उनलाई चयन गर्नुभएको छ र बढी ज्ञान एवं शारीरिक शक्ति प्रदान गर्नुभएको छ । ईश्वर जसलाई चाहनुहुन्छ राज्य

सत्ता प्रदान गर्नुहुन्छ। ईश्वर महान र सर्वज्ञ हुनुहुन्छ। २४८- उनीहरूका सन्देष्टाले भने-तालूत तिमीहरूको राजा नियुक्त गरिएको हो भन्ने कुराको पहिचान के हुनेछ भने ईश्वरले तिमीहरूको ताबूत (उनीहरूबाट खोसिएको पवित्र पेटी) फरिश्ताद्वारा फिर्ता पठाउनुहुन्छ। यसभित्र तिमीहरूका लागि शान्ति-सामग्री र मूसा एवम् हारून का सन्ततिले छोडेका वस्तुहरूको शेष अंश हुनेछन्, जस्तै लठ्ठी, केही पाटीहरू इत्यादि। निस्सन्देह यसमा तिमीहरूका निम्ति निशानी छ यदि तिमीहरू पक्का आस्थावान हौ भने।

२४९- जब तालूत सेनाहरूलाई लिएर प्रस्थान गरे तब उनले भने- निश्चय नै ईश्वरले एउटा नदीद्वारा तिमीहरूको परीक्षा लिनुहुन्छ। जसले त्यो नदीबाट पानी खानेछ ऊ मेरो साथी रहने छैन। तर जसले अलिगति चाख्छ ऊ मेरो साथी हो। तर उनीहरूमध्ये केही व्यक्तिबाहेक सबैले खुबै त्यसको पानी खाए। केही व्यक्तिहरूले अति तिर्खालु भए पनि पानी खाएनन्। तालूत तथा उनीसँग आस्था ल्याएका मानिसहरूले जब नदी पार गरे तब केही सैनिकहरूले भने- आज जालूत एवं उसका सेनाहरूविरुद्ध युद्ध गर्ने शक्ति हामीमा छैन। तर उनीहरूमध्ये महाप्रलयको दिन ईश्वरसँग साक्षात हुनेछ भनी विश्वास राख्नेहरूले भने- कतिपय मोमिनका साना समूहले ईश्वरको आज्ञाद्वारा नकार्नेहरूका शक्तिशाली समूहमाथि विजय प्राप्त गरेका छन्। ईश्वर धैर्यवानहरूका साथ हुनुहुन्छ। २५०- उनीहरूले जालूत एवम् उसका सेनाविरुद्ध युद्धको लागि तयार भएपछि ईश्वरसित प्रार्थना गरे- हे हाम्रा पालनकर्ता ! हामीलाई धैर्य प्रदान गर्नुहोस्, हाम्रा पाउहरूलाई मजबुत पारिदिनुहोस्। नकार्नेहरूमाथि हामीलाई सहयोग प्रदान गर्नुहोस्।

२५१- अन्ततः उनीहरूले ईश्वरको आदेशले तिनीहरूलाई पराजित गरे र दाऊदले जालूतको हत्या गरे। ईश्वरले दाऊदलाई शासन तथा तत्वदर्शिता प्रदान गर्नुभयो। साथै जुन कुराको ज्ञान चाहनुभयो प्रदान गर्नुभयो। ईश्वरले

मानिसहरूलाई एकअर्काद्वारा परास्त गरी हटाउने नियम नबनाएको भए धर्तीमा विध्वंश फैलिने गर्थियो। ईश्वर सबै संसारबासीप्रति उदार हुनुहुन्छ।

२५२- यी ईश्वरका स्पष्ट निशानीहरू हुन् जसलाई हामी तपाईंसामु राम्ररी पढेर सुनाउँदैछौं। निश्चय नै तपाईं ईश्वरका सन्देष्टा हुनुहुन्छ।

२५३- हामीले केही रसूलहरूमध्ये केही रसूलहरूलाई श्रेष्ठता प्रदान गर्यौं। उनीहरूमध्ये केहीसँग ईश्वरले कुराकानी गर्नुभयो र केहीका दर्जा उच्च पार्नुभयो। हामीले मर्यम-पुत्र ईसा लाई स्पष्ट चमत्कारहरू प्रदान गर्यौं र रूहरलकुदुस (जिब्रील) द्वारा उनको मद्दत गर्यौं। यदि ईश्वरले चाहनु भएको भए तिनीहरूले स्पष्ट निशानीहरू पश्चात् आपसमा झगडा गर्ने थिएनन्। तर तिनीहरूले मतभेद गरे। तिनीहरूमध्ये केही आस्थावान भए भने केहीले कुफ्र गरे। ईश्वरले चाहनु भएको भए तिनीहरू आपसमा झगडा गर्ने थिएनन्। ईश्वर जे चाहनुहुन्छ गर्नुहुन्छ।

२५४- हे आस्थावानहरू हो ! हामीले प्रदान गरेको धनसम्पत्तिबाट खर्च गर। त्यो दिन आउनुअघि जुन दिन नत किन-बेच हुन्छ; नत मित्रता, न सिफारिश। ईश्वरलाई नकार्नेहरू नै अत्याचारी हुन्। २५५- ईश्वर, उहाँबाहेक कोही पूज्य छैन, उहाँ जीवन्त हुनुहुन्छ, सबैलाई थामनेवाला। उहाँलाई न त उंघ लाग्छ न निन्द्रा नै। आकाशहरू तथा पृथ्वीका सम्पूर्ण सृष्टिहरू उहाँकै हुन्। को हो जो उहाँको अनुमतिबिना कसैको सिफारिश गर्न सकोस्। विगत र भविष्यका सबै कुराहरू राम्ररी जान्नुहुन्छ। उहाँले नचाहेसम्म कसैले पनि उहाँको ज्ञानको सानो अंश जान्न सक्दैन। उहाँको शासन आकाशहरू तथा पृथ्वी सबैमाथि हावी छ। यी सबैको संरक्षणले उहाँलाई थकित तुल्याउँदैन। उहाँ उच्च तथा महान हुनुहुन्छ। २५६- धर्मको मामिलामा कुनै जबरजस्ती छैन। मार्गदर्शन पथभ्रष्टताबाट अलग भइसकेको छ। निश्चय नै जसले शैतानलाई अस्वीकार गरेर एक ईश्वरमाथि आस्था ल्यायो, उसले कहिल्यै न टुट्ने बलियो माध्यम समात्यो। ईश्वर सुन्नेवाला र जान्नेवाला हुनुहुन्छ। २५७- ईश्वर मोमिनहरूका कार्यसाधक हुनुहुन्छ।

उनीहरूलाई अन्धकारहरूबाट निकाली प्रकाशतर्फ डोर्याउनुहुन्छ । नकार्नेहरूका मित्र शैतान हो, जो तिनीहरू तिनीहरूलाई प्रकाशबाट अन्धकारहरूतर्फ डोर्याउँछ । तिनीहरू नर्कबासी हुन्, जहाँ सदासर्वदा रहनेछन् ।

२५८- के तपाईंले त्यस व्यक्तिको बारेमा थाहा पाउनुभएन, जसले इब्राहीम सँग ईश्वरको बारेमा वाद-विवाद गरेको थियो, किनभने ईश्वरले त्यसलाई शासन प्रदान गर्नुभएको थियो ? जब इब्राहीम ले भने- मेरा पालनकर्ता त्यो हो, जसले जीवन तथा मृत्यु दिनुहुन्छ । तब उसले भन्यो- म पनि जीवन दिन्छु र मृत्यु दिन्छु । इब्राहीम ले भने- ईश्वरले पूर्व दिशाबाट सूर्य उदाउनुहुन्छ; तिमीले पश्चिम दिशाबाट उदाएर देखाऊ । तब त्यो नकार्ने व्यक्ति आश्चर्य चकित भयो । ईश्वर अत्याचारीहरूलाई मार्गदर्शन गर्नुहुन्न ।

२५९- वा जस्तै त्यो व्यक्ति, जो यस्तो गाउँबाट गुज्रियो, जहाँका घरहरू छाना तथा परखालसहित भत्केर घोप्टो परेका थिए । त्यो व्यक्तिले भन्यो- ईश्वरले यस बस्तीलाई कसरी जीवित पार्नुहुनेछ ? अनि ईश्वरले त्यो व्यक्तिलाई एक सय वर्षको लागि मृत्यु दिनुभयो र पुनः जीवित पारी उठाउनु भयो । अनि सोध्नुभयो- तिमी त्यस अवस्थामा कति समयसम्म बस्यौ ? उसले भन्यो- एक दिन वा आधा दिन होला । ईश्वरले भन्नुभयो- होइन, तिमी एक सय वर्षसम्म रह्यौ । अब तिम्रो खाद्य र पेयपदार्थतर्फ हेर, सडेको छैन । तर चाँडै मृत गधातर्फ हेर त्यो त सडिसकेको छ । तिमीलाई मानिसहरूका लागि चिन्ह तथा निशानी बनाउन हामीले यस्तो गरेका हौं । गधाको हाडहरूतर्फ हेर हामी कसरी तिनीहरूका ढाँचा खडा गर्छौं र त्यसमा मासु चढाउँछौं ! जब सबै कुरा उसको सामु स्पष्ट भयो तब उसले पुकार्दै भन्यो- अवश्य नै, ईश्वर हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ भन्ने कुरा मैले थाहा पाएँ । २६०- जब इब्राहीम ले भने- हे मेरा पालनकर्ता ! तपाईं मृतलाई कसरी जीवित गर्नुहुन्छ भन्ने कुरा मलाई देखाउनुस् । ईश्वरले भन्नुभयो- के तिमीलाई विश्वास छैन ? इब्राहीम (अलैहिस्साम) ले भने- हो, मलाई विश्वास

छ, तर मेरो आत्म-सन्तुष्टिको लागि । ईश्वरले भन्नुभयो- तिमी चार वटा पंक्षीहरू लेऊ र आफूसँग हेल मेल गर । र तिनीहरूलाई अलग अलग पहाडहरूमा राख, अनि तिनीहरूलाई डाक । तिनीहरू तिमीतर्फ दगुर्दै आउने छन् । जानिराख ईश्वर प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ । २६१- ईश्वरको मार्गमा आफ्ना धन-सम्पत्ति खर्च गर्नेहरूको उदाहरण त्यस बिउ जस्तो छ, जसमा सातवटा बालाहरू उत्पादन हुन्छन्; जसका प्रत्येक बालामा सय-सय वटा दानाहरू हुन्छन् । ईश्वर जसको लागि चाहनुहुन्छ कैयौं गुणा बढाउनुहुन्छ । ईश्वर अति महान र कृपावान हुनुहुन्छ । २६२- जो मानिसहरूले ईश्वरको मार्गमा खर्च गर्छन् र उपकार जताउँदैनन् वा कष्ट पुर्याउँदैनन्, उनीहरूको पुण्य उनीहरूका पालनकर्ताकहाँ सुरक्षित छ । उनीहरूलाई न कुनै डर हुनेछ न चिन्ता हुनेछ । २६३- उचित कुरा गर्नु र माफी दिनु त्यस सदका (दान) भन्दा उत्तम छ जसपछि उपकार जताएर कष्ट दिइन्छ । ईश्वर आत्म-निर्भर र सहनशील हुनुहुन्छ । २६४- हे आस्थावानहरू हो ! उपकार जताएर तथा कष्ट दिएर दानलाई बर्बाद नगर । यस्तो गर्ने व्यक्ति त्यो नकार्ने जस्तो छ, जो मानिसहरूलाई देखाउन तथा तिनीहरूको प्रशंसा बटुल्नको लागि दान दिन्छ र ईश्वर तथा आखिरत (मृत्यु पश्चात) मा आस्था राख्दैन । मानौं, एउटा चिल्लो चट्टान छ जसमाथि माटो जमेको छ र जब त्यसमाथि मुसलधारे पानी पर्छ तब सबै माटो बगेर जान्छन् र चट्टान चिल्लो र खाली रहन्छ । देखावटी गर्नेहरूको पुण्य तथा खर्च पनि ठीक त्यस्तै खेर जान्छ र ईश्वरसम्म पुग्दैन । ईश्वर नकार्नेहरूलाई सीधा मार्ग देखाउनुहुन्न ।

२६५- ईश्वरको प्रसन्नता प्राप्त गर्ने तथा उहाँको वाचालाई सच्चा मानेर खुशीले दान दिने मोमिनहरूको उदाहरण उच्च स्थानमा रहेको यस्तो बगैंचा जस्तो छ, जसले मुसलधारे वर्षा भएमा दोब्बर फल दिन्छ । सामान्य वर्षा पनि पर्याप्त हुन्छ । ईश्वरले तिमीहरूका कार्यहरू हेरिराख्नु भएको छ । २६६- के तिमीहरूमध्ये कुनै व्यक्तिले यो कुरा मन पराउँछ- बुढेसकालमा उसको खजुर

र अंगुरको बगैंचालाई एउटा डढेलोले जलाएर सखाप पारोस् ?! यस्तो बगैंचा जसको फेद हुँदै नहर बगिरहेको होस् र जसमा उसको लागि सबै प्रकारका फल होउन्, जबकि उसका सन्तानहरू अहिले कमजोर र साना साना होउन् । ईश्वर आफ्ना कुराहरू स्पष्टरूपमा वर्णन गर्नुहुन्छ ताकि तिमीहरूले चिन्तन-मनन् गर ।

२६७- हे आस्थावानहरू हो ! तिमीहरूले आर्जन गरेका वस्तुहरूमध्ये र हामीले तिमीहरूका निम्ति भूमिबाट उत्पन्न गरेका वस्तुहरूमध्ये उत्तम वस्तु खर्च गर । खर्च गर्नको लागि यस्तो खराब वस्तु नछान जुन तिमी स्वयं लिनका लागि तयार हुने छैनौ । यो अर्कै कुरा हो कि तिमीहरू नजरअन्दाज गर । जानिराख ईश्वर आत्म-निर्भर र प्रशंसनीय हुनुहुन्छ । २६८- शैतानले तिमीहरूलाई गरिबीको डर देखाउँछ र अश्लील कार्य गर्न प्रेरित गर्छ । तर ईश्वरले तिमीहरूलाई महान क्षमायाचना तथा प्रशस्त जीविकाको वचन दिनुहुन्छ । ईश्वर अपार कृपावान र सर्वज्ञ हुनुहुन्छ ।

२६९- ईश्वर जसलाई चाहनुहुन्छ तत्वदर्शिता प्रदान गर्नुहुन्छ । जसलाई तत्वदर्शिता प्रदान गरियो, मानौं उसलाई धेरै भलाई दिइयो । बुद्धिमानहरू मात्र ईश्वरका निशानीहरूबाट उपदेश ग्रहण गर्दछन् ।

२७०- तिमीहरूले गरेको खर्च र मानेको भाकललाई ईश्वर जान्नुहुन्छ । अत्याचारीहरूको सहयोगी छैन । २७१- तिमीहरूले खुल्लारूपमा सदका गर्छौ भने यो राम्रो काम हो तर यदि गोप्यरूपमा निर्धनहरूलाई दिन्छौ भने झन् राम्रो । ईश्वर तिमीहरूको पापलाई क्षमा गर्नुहुन्छ र तिमीहरूले गरि राखेका कार्यहरूको उहाँ खबर राख्नुहुन्छ । २७२- उनीहरूलाई मार्गदर्शन गराउने जिम्मेवारी तपाईंको होइन । बरु मार्गदर्शन दिनु ईश्वरको हातमा छ । उहाँ जसलाई चाहनुहुन्छ सत्मार्गमा हिँडाउनुहुन्छ । जेजति धन-सम्पत्ति तिमीहरू खर्च गर्छौ त्यो आफ्नै लागि गर्नेछौ । तिमीहरूले ईश्वरकै प्रसन्नता प्राप्तिका लागि खर्च गर्नुपर्छ । तिमीहरू जे पनि कम बेशी धनसम्पत्ति खर्च गर्छौ तिमीहरूलाई कुनै कमि नगरिकन पूर्णरूपमा दिइनेछ,

त्यसमा कमि गरिने छैन। २७३- सदकालाई यस्ता गरिबहरूमाथि खर्च गर जो ईश्वरको मार्गमा व्यस्त भएकोले जीविकोपार्जनका लागि धर्तीमा कुनै भागदौड गर्न सक्दैनन् । उनीहरू कसैसित नमागेको कारणले नजानेका मानिसहरूले उनीहरूलाई सम्पन्न ठान्दछन् । उनीहरूको रूपबाट उनीहरूलाई चिन्न सक्छौ । उनीहरू मानिसहरूसित जिद्दी गरेर माग्दैनन् । तिमीहरू जेजति धनसम्पत्ति खर्च गर्नेछौ त्यसलाई ईश्वर अवश्य नै जान्नुहुन्छ । २७४- जो मानिसहरू खुल्लम खुल्ला र गोप्य तरिकाले दिन-रात खर्च गर्छन्, तिनीहरूका लागि ईश्वरकहाँ पूण्य छ । उनीहरूलाई कुनै प्रकारको डर र पछुतो हुने छैनन् ।

२७५- ब्याजी कारोबार गर्ने मानिसहरू महाप्रलयको दिन शैतानले छोएर बौलाहा बनाइएको मानिस झैं चिहानबाट उठ्नेछन् । तिनीहरूले भने- व्यापार गर्नु जस्तै ब्याज लिनु पनि हो । जब कि ईश्वरले ब्योपारलाई हलाल गर्नुभयो तर ब्याजलाई हराम गर्नु भयो । अतः जसले ईश्वरको आदेशपछि ब्याजको कारोबार त्याग गर्छ र तौबा गर्छ भने उसले पहिला खाएको ब्याजलाई ईश्वरले माफी दिनुहुन्छ । उसको मामिला ईश्वरको हातमा छ । तर जसले ब्याज खान छोडेन, तिनीहरू नर्कबासी हुन् जहाँ सदासर्वदा रहनेछन् । २७६- ईश्वर ब्याजलाई कम गर्नु हुन्छ र सदका (दान) मा बढोत्तरी गर्नुहुन्छ । ईश्वर बेगुणिहरू तथा पापीहरूलाई मन पराउनुहुन्न । २७७- निश्चय नै जो मानिसहरूले आस्था ल्याए, सत्कर्म गरे, नमाज कायम गरे र जकात दिए उनीहरूका निम्ति पालनकर्ताकहाँ पुण्य छ । उनीहरूलाई कुनै प्रकारको डर हुने छैन र न कुनै पछुतो हुनेछ ।

२७८- हे आस्थावानहरू हो ! ईश्वरसित डराउ । ब्याजको बक्यौता फिर्ता नमाग, यदि तिमीहरू साँच्चिकै आस्थावान हौ भने । २७९- यदि तिमीहरू यस्तो गर्दैनौ भने ईश्वर एवं रसूल सँग युद्धको लागि तयार बस । यदि तिमीहरूले तौबा (प्रायश्चित) गर्छौ भने तिमीहरूका मूलधनको हकदार हौ । न तिमीहरू अत्याचार नगर र न कसैले तिमीहरूमाथि अत्याचार गरोस् । २८०- यदि ऋणी गरिब छ

भने त्यसलाई सम्पन्न हुन्जेल मौका देऊ। यदि तिमीहरू उसलाई माफ गर्छौ भने तिमीहरूका लागि झन् राम्रो हो। यदि तिमीहरू बुझ्छौ भने। २८१- त्यस दिनसित डराउ जुन दिन तिमीहरू ईश्वरतर्फ फर्काइनेछौ। प्रत्येक मानिसलाई उसले गरेको कर्मको पूरा पूरा बदला दिइनेछ र कसैमाथि अत्याचार हुने छैन।

२८२- हे आस्थावानहरू हो ! यदि तिमीहरू आपसमा ऋणको लेनदेन गर्छौ वा कसैले कसैलाई निर्धारित समयको लागि ऋण दिन्छ भने त्यसलाई लेख्ने गर। लेखनदासले न्याय-निसाफ अनुसार लेखोस्। लेखनदासले ऋणको लेनदेनलाई ईश्वरले प्रदान गर्नुभएको ज्ञानको प्रकाशमा न्याय-निसाफका साथ लेख्न अस्वीकार नगरोस्। ऋण लिने व्यक्तिले भने बमोजिम लेखनदासले लेखोस्। उसले ईश्वरको भय गरोस् र त्यसमा कुनै कमी नगरोस्। यदि स्वयम् लेखाउने अवस्थामा छैन भने उसको अभिभावकले सत्य तथा न्यायपूर्वक लेखाओस्। तिमीहरूले दुईजना पुरुषहरूलाई साक्षी बनाऊ। दुईजना पुरुष उपलब्ध नभएको खण्डमा मन पराएका एकजना पुरुष र दुईजना महिलालाई साक्षी बनाऊ। एकले बिर्सेको खण्डमा अर्कोले स्मरण गराउन सकोस्। ऋणको लेनदेन गर्ने क्रममा साक्षीहरूलाई बोलाउँदा आउन अस्वीकार नगरून्। ऋण सानो होस् वा ठूलो, तिमीहरूले त्यसको अवधी तोकेर लेख्न अल्छी नगर। ऋण लेनदेन गर्दा लेख्नु ईश्वरको दृष्टिमा न्यायपूर्ण तरिका हो। ऋणलाई लेखेमा गवाह जुटाउन र ऋण चुक्ता गर्नमा पनि सहायक हुन्छ। भविष्यमा ऋणको किसिम, मात्रा र समय-अवधिबारे उत्पन्न हुन सक्ने शङ्काको ढोका पनि लेख्ने कार्यले बन्द गर्छ। तर नगदी कारोबारमा लेख्ने आवश्यक्ता नभएमा नलेखे पनि हुन्छ। तर लेन देन गर्दा गवाह बनाऊ। लेखनदास वा गवाहलाई कुनै कष्ट दिनु वैध छैन। यसो गर्नु पाप कर्म हुन्छ। ईश्वरकासँग डराऊ, उहाँ सिकाउनुहुन्छ। उहाँ सर्वज्ञ हुनुहुन्छ। २८३- यदि तिमीहरू यात्रामा छौ र कुनै लेखनदास पाउँदैनौ भने ऋण-दातालाई धितो राख। यदि एकले अर्कामाथि भरोसा गर्छ भने भरोसा गरिएको व्यक्तिले भरोसा

पूरा गर्नुपर्छ र यस अमानतको बारेमा पालनकर्ता ईश्वरसँग डराउनुपर्छ । गवाहले गवाही लुकाउनुहुँदैन । यदि गवाहले कुरा लुकायो भने उसको मन पापी हुन्छ । तिमीहरूले गर्ने गरेका सबै कार्यहरूलाई ईश्वर जान्नुहुन्छ ।

२८४- ईश्वरकै हुन् जे जति आकाशहरू र पृथ्वीमा छन् । तिमीहरूले मनमा राखेका कुरा प्रकट गर वा गोप्य राख, ईश्वरले तिमीहरूसँग त्यसको हिसाब लिनुहुन्छ । त्यसपछि उहाँले जसलाई चाहनुहुन्छ माफ गर्नुहुनेछ र जसलाई चाहनुहुन्छ दण्ड दिनुहुनेछ । ईश्वर सबै कार्य गर्ने सामर्थ्य राख्नुहुन्छ । २८५- ईशदूतले आफ्ना पालनकर्ताको तर्फबाट अवतरित कुराहरूमाथि आस्था ल्याउनु भएको छ र मोमिनहरूले पनि त्यस्तै आस्था ल्याएका छन् । यिनीहरू सबै ईश्वर, उहाँका फरिश्ताहरू, किताबहरू, सन्देष्टाहरूमाथि आस्था ल्याए । हामी ईश्वरका रसूलहरूबीच कुनै भेदभाव गर्दैनौं । उनीहरूले भने- हामीले सुन्यौं र आज्ञापालन गर्यौं । हे हाम्रा पालनकर्ता ! हामी क्षमा याचना गर्छौं र हामीले तपाईंतर्फ नै फर्केर जानुछ । २८६- ईश्वर कुनै पनि व्यक्तिमाथि उसको क्षमता भन्दा बढी बोझ दिनुहुन्न । उसले त्यही पाउनेछ जो उसले कमाएको हुनेछ । जसले जे जति पाप गर्छ त्यसको दण्ड उसैले भोग्नुपर्ने हुन्छ । हे हाम्रा पालनकर्ता ! हामीबाट कुनै भूल वा गल्ती हुन्छ भने त्यसप्रति हामीलाई सजाय नदिनुहोस् । हे हाम्रा पालनकर्ता ! सहन गर्न नसक्ने बोझ हामीमाथि नराख्नुहोस्, जस्तो तपाईंले हामीभन्दा अघिका समुदायहरूमाथि राख्नु भएको थियो । हे हाम्रा पालनकर्ता ! हामीले सहन नसक्ने जिम्मेवारी हामीमाथि नराख्नुहोस् । हाम्रा पापहरूलाई माफ गर्नुहोस्, क्षमा प्रदान गर्नुहोस् र दया गर्नुहोस् । तपाईं हाम्रो कार्य-साधक हुनुहुन्छ । अतः नकार्नेहरूविरुद्ध हामीलाई सहयोग प्रदान गर्नुहोस् ।

# सूरह आले इम्रान- ३

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- अलिफ० लाम० मीम०। २- ईश्वरबाहेक कोही उपास्य छैन, जीवन्त सबैलाई थामनेवाला हुनुहुन्छ । ३- उहाँले तपाईंमाथि सत्यका साथ किताब अवतरण गर्नुभयो, जसले आफूभन्दा पहिलेका किताबहरूको पुष्टि गर्छ । यसअघि उहाँले तौरात तथा इन्जील अवतरण गर्नुभयो । ४- यी सबैमा मानवजातिका लागि मार्गदर्शन छ । उहाँले फुर्कान (सत्य र असत्यबीच फरक छुट्याउने प्रमाण) अवतरण गर्नुभयो । निश्चय नै ईश्वरका निशानीहरूलाई अस्वीकार गर्नेहरूका लागि कडा यातना छ । ईश्वर अति प्रभुत्वशाली बदला लिनेवाला हुनुहुन्छ । ५- पृथ्वी तथा आकाशमा रहेको कुनै पनि चीज ईश्वरबाट ओझेलमा छैन । ६- उहाँले नै आफ्नो चाहना अनुसार गर्भाशयभित्र तिमीहरूको शरीरको विभिन्न रूप बनाउनुहुन्छ । उहाँबाहेक अन्य कोही उपास्य छैन । उहाँ प्रभुत्वशाली तत्वदर्शी हुनुहुन्छ ।

७- उहाँले नै तपाईंलाई कुर्आन प्रदान गर्नुभयो जसमा केही आयतहरू मुहकम (एकदमै स्पष्ट) छन्, जुन मूल किताब हुन् । केही आयतहरू मुतशाबिहात (अनेकार्थ बोकेका) छन् । जो मानिसहरूको हृदयमा टेढोपन छ, तिनीहरू उत्पिडनको उद्देश्यले त्यसको अर्थको खोजमा लाग्छन् । जब कि यी आयतहरूको वास्तविक अर्थ ईश्वरबाहेक कोही जान्दैनन् । तर परिपक्व धर्मगुरू भन्दछन्- हामीले यसमा आस्था ल्यायौं, किनभने यी सबै हाम्रा पालनकर्ताको तर्फबाट हुन् । वास्तवमा बुद्धिमानहरू मात्र उपदेश ग्रहण गर्छन् । ८- हे हाम्रा पालनकर्ता ! मार्गदर्शन गरेपछि हाम्रा हृदयलाई सत्यबाट नफेर्नुहोस् । हामीलाई आफ्नो तर्फबाट कृपा प्रदान गर्नुहोस् । निस्सन्देह तपाईं महादाता हुनुहुन्छ । ९- हे हाम्रा पालनकर्ता ! तपाईंले सम्पूर्ण मानिसहरूलाई हिसाब किताबको लागि एक

दिन एकत्रित गर्नुहुनेछ । त्यसको आगमनमा कुनै शंका छैन । निस्सन्देह ईश्वर कहिल्यै पनि वाचा तोड्नु हुन्न ।

१०- निस्सन्देह इन्कार गर्ने मानिसहरूलाई तिनीहरूका धनसम्पत्ति तथा सन्तानहरू ईश्वरको मुकाबिलामा कुनै काम लाग्ने छैन । यिनीहरू नै नर्कको इन्धन बन्नेछन् । ११- यी नकार्नेहरूको दुर्गत फिऔंनका अनुयायी तथा तिनीहरूभन्दा पहिलेका नकार्नेहरू झैं हुनेछ । उनीहरूले हाम्रा निशानीहरूलाई झूठो ठहर गरे अनि ईश्वरले तिनीहरूलाई तिनीहरूको पापको कारण समात्नुभयो । ईश्वर कडा दण्ड दिनेवाला हुनुहुन्छ । १२- नकार्नेहरूलाई भनिदिनुहोस्- अब तिमीहरूमाथि विजयी प्राप्त गरिनेछ र एकत्रित गरी नर्कतर्फ लगिनेछौ । नर्क एकदमै निकृष्ट स्थान हो । १३- बद्र नामी युद्धमा युद्धरत दुवै जमातमा तिमीहरूको निम्ति निशानी छ । एउटा समूह ईश्वरको मार्गमा युद्ध गर्दै थियो । अर्को समूह नकार्नेहरूको थियो । नकार्नेहरू मोमिनहरूलाई आफूभन्दा दुईगुना देखिरहेका थिए । ईश्वर जसलाई चाहनुहुन्छ मद्दत गर्नुहुन्छ । निश्चय नै यसमा बुद्धिमानहरूका लागि ठूलो पाठ छ ।

१४- मानिसहरूका लागि आकर्षक बनाइएका छन्, इच्छा, महिलाहरू, सन्तानहरू, सुनचाँदीको थोक, चिन्ह लगाइएका घोडा, जनावरहरू र खेती बाडी । यी सांसारिक जीवनका सर सामान हुन् । उत्तम बास-स्थान त ईश्वरकहाँ नै रहेको छ । १५- भनिदिनुहोस्- के म तिमीहरूलाई यी वस्तुहरूभन्दा उत्तम वस्तुको बारेमा जानकारी दिऊँ ? ईशभय राखेका मानिसहरूका लागि बगैंचाहरू हुने छन् । जसको तलतिरबाट नदीहरू कलकल बगिरहेका हुने छन्, त्यहाँ सदासर्वदा रहने छन् । सुन्दर श्रीमतीहरू हुनेछन् र ईश्वरको प्रसन्नता समेत मिल्नेछ । ईश्वर आफ्ना भक्तहरूबाट अनभिज्ञ हुनुहुन्न । १६- उनीहरू दुआ गर्छन्- हे हाम्रा पालनकर्ता ! हामीले आस्था ल्यायौं अनि हामीले गरेका पापहरूलाई माफ गर्नुहोस् र हामीलाई नर्कको यातनाबाट जोगाउनुहोस् । १७- उनीहरू धैर्य गर्छन्, सत्य बोल्छन्, आज्ञा पालन गर्छन्, खर्च गर्छन् र रातका अन्तिम प्रहरहरूमा क्षमायाचना गर्छन् ।

१८- ईश्वरबाहेक कोही पूज्य छैन भन्ने कुराको साक्षी स्वयं ईश्वरले, फरिश्ताहरूले र ज्ञानीहरूले दिन्छन् । उहाँ निसाफ कायम गर्नुहुन्छ । उहाँबाहेक कोही पूज्य छैन । उहाँ प्रभुत्वशाली तत्वदर्शी हुनुहुन्छ । १९- ईश्वरको दृष्टिमा इस्लाम एक मात्र धर्म हो । यहूदी र ईसाईहरूले ज्ञान तथा प्रमाणको आगमनपश्चात्, जिद्दीको कारणले मतभेद गरे । जसले पनि ईश्वरका निशानीहरूको इन्कार गर्छ ईश्वरले निश्चय नै हिसाब लिनुहुनेछ । २०- यदि यिनीहरूले यसबारे वाद-विवाद गर्छन् भने, भनिदिनुहोस्- मैले र मेरा अनुयायीले आफ्नो अनुहार ईश्वरतर्फ गरेकाछौं । हे रसूल ! यहूदी तथा अनपढहरूलाई सोध्नुहोस्- के तिमीहरूले पनि यसरी इस्लाम ग्रहण गरेकाछौ ? यदि तिनीहरू इस्लाम ग्रहण गर्छन् भने तिनीहरूले सत्मार्ग पाउनेछन् । यदि तिनीहरू विमुख हुन्छन् भने तपाईंको जिम्मेवारी मात्र सन्देश पुर्याउनु हो । ईश्वरका निरीक्षणमा छन् उहाँका भक्तहरू । २१- ईश्वरका निशानीहरूलाई अस्वीकार गर्ने, नबीहरूको अनाहकमा तथा अत्याचारपूर्ण तरिकाले हत्या गर्ने, न्याय-निसाफ तथा सत्कर्मको आदेश दिने र दुष्कर्मबाट रोक्ने मानिसहरूको पनि हत्या गर्ने मानिसहरूलाई दुःखद यातनाको शुभसूचना सुनाइ दिनुहोस् । २२- यस्ता मानिसहरूका कर्महरू लोक तथा परलोक दुवैमा बर्बाद भए । तिनीहरूका कोही सहयोगी छैन ।

२३- के तपाईंले ती मानिसहरूको अवस्था हेर्नुभयो जसलाई किताबको केही अंश दिइएको थियो ? उनीहरूलाई त्यस किताबतर्फ आह्वान गरिदैछ कि उनीहरूले त्यस अनुसार निर्णय गरुन् । तर तिनीहरूको एउटा गुट विमुख भएर फर्किन्छ । २४- यो यस कारणले कि तिनीहरू भन्छन्- हामीहरूलाई नर्कको आगोले छुने छैन । वा छोइहाल्यो भने केही दिनको लागि मात्र हो । तिनीहरूको बनावटी कुराले तिनीहरूलाई धर्मको बारेमा भ्रममा पारेको छ । २५- तिनीहरूको के हुनेछ जब तिनीहरूलाई महाप्रलयको दिन एकत्रित गरिनेछ जसको आगमनमा कुनै सन्देह छैन । प्रत्येक मानिसलाई उसको कर्मको बदला पुरा-पुरा दिइनेछ र

तिनीहरूप्रति अन्याय गरिने छैन। २६- भनिदिनुहोस्- हे ईश्वर, राज्य मालिक ! तपाईं जसलाई चाहनुहुन्छ शासन-सत्ता प्रदान गर्नुहुन्छ र जसबाट चाहनुहुन्छ शासन-सत्ता खोस्नुहुन्छ । जसलाई चाहनुहुन्छ सम्मान प्रदान गर्नुहुन्छ अनि जसलाई चाहनुहुन्छ आफ्नो ज्ञान तथा निसाफले अपमानित गर्नुहुन्छ। सबै गुण तपाईंकै हातमा छ। निश्चय नै तपाईं सबै कार्यको सामर्थ्य राख्नुहुन्छ। २७- तपाईं रातलाई दिनमा प्रवेश गराउनुहुन्छ र दिनलाई रातमा प्रवेश गराउनुहुन्छ। तपाईं निर्जीवबाट सजीवलाई निकाल्नुहुन्छ र सजीवबाट निर्जीवलाई निकाल्नुहुन्छ। तपाईं जसलाई चाहनुहुन्छ अनगिन्ती जीविका प्रदान गर्नुहुन्छ।

२८- मोमिनहरूले आस्थावानहरूलाई छोडेर नकार्नेहरूसँग कदापि मित्रता नगाँसुन् । यस्तो गर्नेसंग ईश्वरले कुनै सम्बन्ध राख्नुहुने छैन । यदि तिमीहरू तिनीहरूबाट बचाव गर्न चाहन्छौ भने सम्बन्ध राख्न सक्छौ । ईश्वर तिमीहरूलाई स्वयंसँग सावधान गर्नुहुन्छ। तिमीहरूले उहाँतर्फ नै फर्केर जानुछ। २९- भनिदिनुहोस्- तिमीहरूले मनमा राखेका कुरा चाहे गोप्य राख वा प्रकट गर ईश्वरलाई त्यसको ज्ञान छ । उहाँ आकाशहरू तथा पृथ्वीमा रहेका सबै कुराहरूलाई जान्नुहुन्छ। ईश्वर सबै कार्यको सामर्थ्य राख्नुहुन्छ। ३०- प्रत्येक मानिसले आफूले आर्जन गरेको पुण्य र पापलाई महाप्रलयको दिन उपस्थित पाउनेछ। यो दिन टाढा रहोस् भन्ने कामना सबैले गर्नेछ। ईश्वर आफूसित सचेत गर्नुहुन्छ । ईश्वर अति दयावान हुनुहुन्छ । ३१- भनिदिनुहोस्- यदि तिमीहरू वास्तवमा ईश्वरसँग प्रेम गर्छौ भने मेरो अनुसरण गर। उहाँले तिमीहरूलाई माया गर्नुहुन्छ र तिमीहरूका पापलाई माफ गर्नुहुन्छ। उहाँ माफ गर्नेवाला र परम् दयालु हुनुहुन्छ। ३२- भनिदिनुहोस्- ईश्वर एवं उहाँका रसूल को आज्ञापालन गर। यदि तिनीहरू विमुख हुन्छन् भने नकार्नेहरूलाई ईश्वर मन पराउनुहुन्न।

३३- निस्सन्देह ईश्वरले आदम, आले इब्राहीम, आले इम्रानलाई सम्पूर्ण संसारमाथि रोज्नुभयो। ३४- यिनीहरू एक अर्काका संतान हुन। ईश्वर सुन्नेवाला

र जान्नेवाला हुनुहुन्छ । ३५- जब इम्रानकी श्रीमतीले भनेकी थिइन्- हे मेरा पालनकर्ता ! मैले मेरो गर्भमा रहेको शिशुलाई तपाईंको लागि अर्पण गरेकी छु । त्यो स्वतन्त्र राखिनेछ, यसलाई स्वीकार गर्नुहोस् । निश्चय नै तपाईं सुन्नेवाला र जान्नेवाला हुनुहुन्छ । ३६- जब उनले छोरीलाई जन्म दिए तब उनले भनिन्- हे मेरा पालनकर्ता ! मकहाँ त छोरीको जन्म पो भएछ ! त्यसको बारेमा ईश्वरलाई राम्ररी थाहा थियो । छोरा चाहिं छोरी जस्तो हुँदैन । मैले उनको नाम मर्यम राखेको छु । उनलाई र उनका सन्तानहरूलाई तिरस्कृत शैतानबाट जोगाउन तपाईंको शरण चाहन्छु । ३७- उनका पालनकर्ताले उनको भाकललाई राम्ररी स्वीकार गर्नुभयो र उनलाई राम्ररी हुर्काउनुभयो । जकरिय्या लाई उनका अभिभावक बनाउनु भयो । जब-जब जकरिय्या उनले इबादत गर्ने ठाउँमा प्रवेश गर्ने गर्थे तब-तब उनीसमक्ष राम्रो खाने कुरा पाउँथे । जकरिय्या (अलैहस्सलाम) ले सोधे- हे मर्यम् ! यो तिम्रो लागि कहाँबाट आउँछ ? उनले जवाफमा भनिन्- यो ईश्वरको तर्फबाट हो । निश्चय नै उहाँले जसलाई चाहनुहुन्छ अनगिन्ती खाने कुराहरू प्रदान गर्नुहुन्छ ।

३८- त्यतिखेर जकरिय्या ले ईश्वरसित यसरी दुआ गरे- हे मेरा पालनकर्ता ! मलाई पवित्र संतान प्रदान गर्नुहोस् । अवश्य नै, तपाईं दुआ सुन्नुहुन्छ । ३९- प्रार्थनास्थलमा उभिएर नमाज पढ्दै गरेको अवस्थामा फरिश्ताहरूले उनलाई सम्बोधन गरे- ईश्वर तपाईंलाई यहया नामी छोराको शुभसूचना दिनुहुन्छ, उनी ईश्वरको एउटा वाणीको पुष्टिकर्ता हुनेछन्, सरदार हुनेछन्, कामवासनाबाट जोगिनेछन र सत्कर्मीहरूमध्येको सन्देष्टा हुनेछन् । ४०- जकरिय्या ले भने- हे मेरा पालनकर्ता ! मलाई कसरी पुत्र हुन सक्छ ? जबकि म बुढो भइसकेको छु र मेरी पत्नी बाँझी छिन् ? भन्नुभयो- ईश्वर जे चाहनुहुन्छ गर्नुहुन्छ । ४१- जकरिय्या ले भने- हे मेरा पालनकर्ता ! मेरो लागि कुनै निशानी निर्धारण गरिदिनुहोस् । ईश्वरले भन्नुभयो- तिम्रो निशानी के छ भने, तिमी मानिसहरूसँग तीन दिन मात्र सङ्केतले कुराकानी गर्न सक्नेछौ । ईश्वरको अत्याधिक जप गर र साँझ-बिहान

तस्बीह (गुणगान) गर । ४२- फरिश्ताहरूले भने- हे मर्यम ! ईश्वरले तिमीलाई चयन गर्नुभएको छ, पवित्र गर्नुभएको छ र संसार भरिका महिलावर्गमध्ये तपाईंलाई छान्नु भएको छ । ४३- हे मर्यम ! आफ्नो पालनकर्ताको आज्ञापालन गर, सज्दा (ढोग) गर र रूकू गर्नेहरूसँग रूकू गर । ४४- यी गैब (अदृश्य) का सूचनाहरूमध्येका हुन् जुन हामी वही (प्रकाशना) द्वारा तपाईंलाई बताउँदैछौं । मर्यम (अलैहस्सलाम) को संरक्षक को हुनेछ भन्ने कुरामा चिठ्ठा निकालेको बेला र झगडा भएको बेला तपाईं त्यहाँ हुनुहुन्नथ्यो ।

४५- जब फरिश्ताहरूले भने्- हे मर्यम ! ईश्वरले आफ्नो तर्फबाट तपाईंलाई एउटा वाणी (छोरा) को शुभसूचना दिनुहुन्छ । जसको नाम मसीह मर्यम-पुत्र ईसा हुनेछ । लोक एवं परलोक दुवैमा उनको लागि उच्च स्थान हुनेछ । ईश्वरको एकदमै निकटतम भक्तहरूमध्ये हुनेछन् । ४६- उनी आमाको झोलीमा मानिसहरूसँग कुरा गर्नेछन्, र परिपक्व भएपछि । उनी सत्कर्मी हुनेछन् । ४७- मर्यमले सोधिन्- मकहाँ कसरी पुत्र हुनसक्छ, जबकि मलाई कुनै पुरुषले छोएको छैन,?! फरिश्ताले उत्तर दिए- ईश्वर जे चाहनुहुन्छ गर्नुहुन्छ । उहाँ कुनै कुराको निर्णय गर्दा भइहाल भन्नुहुन्छ अनि त्यो हुन पुग्छ । ४८- ईश्वरले उनलाई किताब, तत्वदर्शिता, तौरात र इन्जील सिकाउनु हुनेछ । ४९- उनी इस्राईलका सन्तानहरूका निम्ति रसूल (ईशदूत) हुनेछन् र भन्नेछन्- म तिमीहरूका लागि ईश्वरका चमत्कार लिएर आएको छु । म तिमीहरूसमक्ष माटोबाट चरा जस्तो एउटा आकृति बनाएर त्यसमा फुक्छु अनि त्यो ईश्वरको आज्ञाले वास्तविक चरा हुनपुग्छ । म ईश्वरको आज्ञाले जन्मजात अन्धा तथा कुष्ठ रोगीहरूलाई निरोगी बनाउँछु । म ईश्वरको आज्ञाले मृतहरूलाई जीवित पार्छु । जो तिमीहरूले खान्छौ र जुन खाने कुरा आफ्ना घरहरूमा जोगाएर राख्छौ, त्यसको बारेमा बताउँछु । निस्सन्देह यसमा निशानीहरू छन् यदि तिमीहरू आस्था राख्छौ भने । ५०- म आफूअघि अवतरित तौरातको पुष्टि गर्छु । म केही कुराहरूलाई वैध तुल्याउन आएको छु जुन यसअघि अवैध गरिएका थिए । म

तिमीहरूसमक्ष तिमीहरूका पालाकर्ताको तर्फबाट स्पष्ट निशानी लिएर आएको छु । अतः ईश्वरको भय तथा मेरो आज्ञापालन गर । ५१- निस्सन्देह ईश्वर मेरो पनि पालनकर्ता हुनुहुन्छ र तिमीहरूको पनि । मात्र उहाँकै उपासना गर यही सीधा मार्ग हो ।

५२- जब ईसा ले तिनीहरूको इन्कार थाहा पाए तब भने- को हुन् मेरा सहयोगी ईश्वरको मार्गमा ? हवारीहरूले भने- हामी हौं ईश्वरको सहयोगी । हामी ईश्वरमाथि आस्था ल्याएका छौं र तपाईं साक्षी बस्नुहोस् कि हामी आज्ञापालन गर्दछौं । ५३- हे हाम्रा पालनकर्ता ! तपाईंले अवतरण गर्नुभएको किताबमाथि हामीले आस्था ल्यायौं र सन्देष्टाको अनुसरण गर्यौं । अतः साक्षीहरूमा हामीलाई पनि समावेश गर्नुहोस् । ५४- तिनीहरूले चलखेल गरे र ईश्वरले पनि जुक्ति गर्नुभयो र र ईश्वर सबैभन्दा राम्रो जुक्ति गर्नेवाला हुनुहुन्छ । ५५- जब ईश्वरले भन्नुभयो- हे ईसा ! म तिमीलाई उठाउनेछु र नकार्नेहरूको फोहरबाट पवित्र गर्नेछु । तिमीमाथि आस्था ल्याउने तिम्रा अनुयायीहरूलाई तिमीलाई इन्कार गर्नेहरूको तुलनामा महाप्रलयको दिनसम्म उच्च स्थानमा राख्नेवाला छु । फेरि तिमीहरू सबै मतर्फ फर्केर आउनेछौ अनि त्यस बेला म तिमीहरूबीच भएको मतभेदहरूको फैसला गर्नेछु । ५६- अनि इन्कार गर्नेहरूलाई म यस लोक र परलोकमा कडा यातना दिनेछु र तिनीहरूको कोही पनि सहयोगी हुने छैन । ५७- जो मानिसहरूले आस्था ल्याए र सत्कर्म गरे ईश्वरले उनीहरूलाई पूर्ण बदला प्रदान गर्नुहुनेछ । ईश्वर अत्याचारीहरूलाई मन पराउनुहुन्न । ५८- हामी तिमीहरूलाई सुनाउँछौं ठोस आयतहरू र तत्वदर्शितामा आधारित विषयहरू ।

५९- ईसा को उदाहरण ईश्वरकहाँ आदम जस्तै छ । ईश्वरले आदम लाई माटोबाट सृष्टि गर्नुभयो अनि भन्नुभयो- भइहाल, अनि भइहाले । ६०- सत्य कुरा हो तपाईंको पालनकर्ताको तर्फबाट । अतः तपाईं शंका गर्नेहरूमध्ये नबन्नुहोस् । ६१- अनि जसले यसबारेमा सत्य शिक्षा आएपछि तर्क वितर्क

गर्छन्, तिनीहरूलाई भन्नुहोस्- आऊ हामी तथा तिमी स्वयम पनि हाजिर होऔं र आ-आफ्ना सन्तान तथा महिलालाई हाजिर हुन बोलाऔं अनि मिलेर नम्रताका साथ प्रार्थना गरौं कि हामी तथा तिमीहरूमध्ये झुटाहरूमाथि ईश्वरको धिक्कार होस् ! ६२- निस्सन्देह यी सबै सत्य कुराहरू हुन्, यसमा कुनै शंका छैन । सत्य ईश्वरबाहेक कोही वास्तविक पूज्य छैन । निश्चय नै ईश्वर प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ । ६३- यदि तिनीहरू मान्दैनन् भने ईश्वरले विध्वंसकारीहरूलाई राम्ररी जान्नुहुन्छ ।

६४- भनिदिनुहोस्- हे यहूदी र ईसाईहरू हो ! हामी सबै ती कुराहरूमा एकमत होऔं जो हामी र तिमीहरूबीच एकसमान छन् अर्थात हामी एक ईश्वरबाहेक कसैको भक्ति नगरौं, उहाँसंग कसैलाई साझेदार नबनाऔं, उहाँबाहेक अन्य कसैलाई आफ्नो पालनकर्ता नठानौं । यदि तिनीहरू विमुख हुन्छन् भने, तिमीहरू साक्षी बस- हामीहरू ईश्वरप्रति समर्पित छौं । ६५- हे यहूदी र ईसाईहरू हो ! तिमीहरू इब्राहीम को सम्बन्धमा किन तर्क-वितर्क गर्छौ ? जबकि तौरात तथा इन्जील उनीपछि अवतरित भए । के तिमीहरू त्यसलाई बुझ्दैनौ ?! ६६- तिमीहरू ती मानिसहरू हौ जो ज्ञान नभएको कुराहरूमा वाद-विवाद गरिसक्यौ । यस्तो कुरामा किन तर्क-वितर्क गर्दैछौ जसको ज्ञान तिमीहरूलाई छैन ?! ईश्वरलाई ज्ञान छ, तिमीहरूलाई छैन । ६७- इब्राहीम न त यहूदी थिए न ईसाई । उनी एकाग्र मुस्लिम थिए । उनी मुश्रिक (बहुदेववादी) त पटक्कै थिएनन् । ६८- इब्राहीम संग निकटतम ती मानिसहरू हुन् जसले उनको अनुसरण गरे र नबी र मुस्लिमहरू हुन् । ईश्वर मोमिनहरूका संरक्षक मित्र हुनुहुन्छ । ६९- यहूदी र ईसाईहरूमध्ये एउटा समूह तिमीहरूलाई पथभ्रष्ट गर्न चाहन्छन् । तर तिनीहरूले आफैंलाई पथभ्रष्ट गर्दैछन् । तर तिनीहरू महसूस गर्दैनन् । ७०- हे यहूदी र ईसाईहरू हो ! तिमीहरू ईश्वरका निशानीहरूलाई किन अस्वीकार गर्दछौ जबकि तिमीहरू गवाह

छौ ? ७१- हे यहूदी र ईसाईहरू हो ! तिमीहरू किन सत्यमा असत्यलाई मिसाउँछौ र सत्यलाई लुकाउँछौ, यद्यपि तिमीहरू जान्दछौ ?!

७२- अहले किताबको एउटा समूहले भन्यो- मोमिनहरूमाथि अवतरित कुर्आनमाथि बिहान आस्था ल्याऊ अनि साँझ नपर्दै इन्कार गरिदेऊ, शायद मोमिनहरू पनि आफ्नो धर्मबाट विमुख होउन् । ७३- तिमीहरू आफ्नो धर्ममा रहेका मित्रहरूबाहेक अन्य कसैमाथि विश्वास नगर । भनिदिनुहोस्- वास्तविक मार्गदर्शन त ईश्वरको मार्गदर्शन मात्र हो । यो उहाँकै दैन हो कि तिमीहरूलाई प्रदान गरिएको कृपा अरू कसैलाई प्राप्त होस् । वा तिनीहरूले तिमीहरूविरुद्ध ईश्वरको दरबारमा कुनै प्रमाण पेश गरुन् । भनिदिनुहोस्- कृपा त ईश्वरको हातमा रहेको छ । उहाँले आफ्ना भक्तहरूमध्ये जसलाई चाहनुहुन्छ प्रदान गर्नुहुन्छ । उहाँको कृपा कुनै एउटै समुदायमा सीमित छैन । ईश्वर विशाल कृपावान तथा सर्वज्ञ हुनुहुन्छ । ७४- उहाँ आफ्ना भक्तहरूमध्ये जसलाई चाहनुहुन्छ आफ्नो कृपाको लागि चयन गर्नुहुन्छ । उहाँ अति महान र कृपावान हुनुहुन्छ । ७५- यहूदी र ईसाईमध्ये कोही यस्ता छन् जसमाथि तपाईंले भरोसा गरेर धनसम्पत्तिको थुप्रो नै नासो स्वरूप दिनुहुन्छ भने तिनीहरूले तपाईंलाई फर्काउने छन् तर तिनीहरूमध्ये यस्ता पनि छन् जसलाई एक दीनार मात्र नासो स्वरूप दिनुहुन्छ भने पटक पटक नमागुञ्जेल फर्काउने छैनन् । तिनीहरूको यस अनैतिकताको कारण यो गलत धारणा हो कि गैर अहले किताबको धनसम्पत्ति खाएमा पाप लाग्दैन । तिनीहरू जानीजानी ईश्वरमाथि झूठो आरोप लगाईरहेका छन् । ७६- बरु जसले आफ्नो वाचालाई पुरा गर्छ र ईशभय राख्छ, ईश्वरले यस्ता ईशभय राख्नेहरूलाई मन पराउनुहुन्छ ।

७७- जुन मानिसहरूले आफ्नो वचन र कसमहरूलाई संसारको तुच्छ वस्तुसँग साटासाट गर्छन्, तिनीहरूका निम्ति आखिरतमा कुनै अंश छैन। ईश्वरले महाप्रलयको दिन तिनीहरूसँग न त कुरा गर्नुहुनेछ, न कृपादृष्टि गर्नुहुनेछ, न तिनीहरूलाई शुद्ध पार्नुहुनेछ, तिनीहरूका लागि दु:खद यातना छ ।

७८- तिनीहरूमध्ये केही मानिसहरू यस्ता छन् जो किताब पढ्दा आफ्नो जिब्रो बङ्गाएर उच्चारण गर्छन्, ताकि तिमीहरू त्यसलाई किताबको अंश ठान, जबकि त्यो किताबको अंश होइनन् । तिनीहरू दाबी गर्छन्- यो ईश्वरको तर्फबाट हो जब कि त्यो ईश्वरको तर्फबाट होइन । तिनीहरू जानीजानी ईश्वरको बारेमा झूठो कुरा बोल्छन् ।

७९- यदि ईश्वरले कसैलाई सन्देष्टा चुन्नुहुन्छ र उसलाई किताब र तत्वदर्शिता प्रदान गर्नुहुन्छ भने उनले मानिसहरूलाई कदापि भन्न सक्दैन- ईश्वरको भक्ति त्यागेर मेरो भक्ति गर । बरु उनले भन्छ- तिमीहरू ईश्वरको भक्ति गर किनभने तिमीहरू अरूलाई किताबको शिक्षा दिन्छौ र स्वयम पनि किताब पढछौ । ८०- उनले फरिश्ताहरू तथा नबीहरूलाई पूज्य बनाऊ पनि भन्नुहुन्न । के उनले तिमीहरूलाई आज्ञाकारी मुस्लिम भएपछि कुफ्रतर्फ आह्वान गर्न सक्छ र ?

८१- जब ईश्वरले सन्देष्टाहरूसित वचन लिनुभयो- तिमीहरूलाई किताब र तत्वदर्शिता प्रदान गरिएको ले जब तिमीहरूसमक्ष अन्तिम रसूल मुहम्मदको आगमन हुन्छ तब तिमीहरूले उहाँमाथि आस्था ल्याउनु पर्छ र सहयोग गर्नुपर्छ । ईश्वरले सोध्नुभयो- के तिमीहरूले स्वीकार गगर्यौ र बचन दियौ ? नबीहरूले भने- हामीले हजुरको बचनलाई स्वीकार गर्यौं । ईश्वरले भन्नुभयो- त्यसो भए तिमीहरू साक्षी बस र म पनि साक्षी बस्नेछु । ८२- यसबाट विमुख हुने व्यक्तिहरू अवज्ञाकारी हुन् । ८३- के यिनीहरू ईश्वरको धर्मबाहेक कुनै अन्य धर्मको चाहना गर्छन् त ? यद्यपि आकाश एवं पृथ्वीमा रहेका सबै सृष्टिहरू ईश्वरप्रति समर्पित छन्, चाहे स्वेच्छाले होस् वा अनैच्छिक रूपले होस् । सबैलाई उहाँतर्फ नै फर्काइनेछ । ८४- भनिदिनुहोस्- हामी आस्था ल्यायौं ईश्वरमाथि, उहाँले अवतरण गर्नुभएको वही (प्रकाशना), माथि र ती किताबहरूमाथि जो इब्राहीम, इस्माईल, इस्हाक, याकूब, याकूबका सन्तानहरू, मूसा, ईसा तथा अन्य नबीहरू माथि अवतरित भए । हामी उनीहरूबीच भेदभाव गर्दैनौं । हामी ईश्वरकै आज्ञाकारी भक्त

हौं । ८५- जसले ईश्वरले मन पराउनुभएको धर्म; इस्लामबाहेक कुनै अन्य धर्म ग्रहण गर्न खोज्छ, उसको धर्म कदापि स्वीकार्य हुने छैन र ऊ आखिरतमा घाटा बेहोर्नेहरूमध्ये हुनेछ । ८६- ईश्वर यस्ता मानिसहरूलाई कसरी मार्गदर्शन गर्नुहुन्छ, जसले आस्था ल्याइसकेपछि र मुहम्मद ले ल्याउनु भएको सन्देश सत्य हुन् भन्ने कुरा प्रमाणित भइसकेपछि कुफ्र (इन्कार) गरे । अत्याचारीहरूलाई उहाँले सत्यमार्ग देखाउनु हुन्न । ८७- यस्ता मानिसहरूको सजाय के छ भने तिनीहरूमाथि ईश्वर, फरिश्ताहरू एवं सम्पूर्ण मानवजातिको अभिशाप छ, ८८- तिनीहरू सधैं नर्कको आगोमा रहने छन्; न तिनीहरूको यातना कम गरिनेछ न तिनीहरूलाई मौका दिइनेछ । ८९- तर जुन व्यक्तिहरूले प्रायश्चित गरी आफ्नो सुधार गर्छन् ईश्वर आफ्ना भक्तहरूप्रति अति क्षमाशील एवं परम दयावान हुनुहुन्छ । ९०- जसले आस्था ल्याएपछि कुफ्र गरे र कुफ्रमै कायम रहे ईश्वरले यस्तो तौबालाई कदापि स्वीकार गर्नुहुन्न । वास्तवमा तिनीहरू नै पथभ्रष्ट छन् । ९१- जसले कुफ्र गरे अनि त्यसै कुफ्रकै अवस्थामा मरे, तिनीहरू नर्कबाट छुटकारा पाउनको लागि पृथ्वी बराबर सुन दिए पनि स्वीकार गरिने छैन । यस्ता मानिसहरूका निम्ति दुःखद यातना छ । यस्ता व्यक्तिहरूको कोही सहयोगी छैन ।

९२- जबसम्म तिमीहरू आफ्ना प्रिय वस्तुहरू ईश्वरको मार्गमा खर्च गर्दैनौ, तबसम्म सत्कर्मीहरूले प्राप्त गर्ने पुण्य र स्थान प्राप्त गर्न सक्दैनौ । तिमीहरूले जे जति खर्च गर्छौ, ईश्वरले त्यसलाई राम्ररी जान्नुहुन्छ । ९३- तौरात अवतरित हुनु अघि याकूबले आफूमाथि हराम गरेका खाने कुराहरू बाहेक सम्पूर्ण राम्रा खाने कुराहरू इस्राईलका सन्तानहरूका लागि हलाल (वैध) थिए । भनिदिनुहोस्- यदि तिमीहरू आफ्नो दाबीमा सच्चा हौ भने ल्याउ तौरात र पढ त्यसलाई । ९४- त्यसपछि पनि यदि कसैले ईश्वरमाथि झूठो आरोप लगाउँछ भने तिनीहरू नै अत्याचारी हुन् । ९५- भनिदिनुहोस्- ईश्वरले सत्य कुरा भन्नुभएको छ । अब इब्राहीमको धर्मको अनुसरण गर जो एकाग्र थिए । उनले कहिले पनि ईश्वरसँग

कसैलाई साझेदार बनाएनन् । ९६- निस्सन्देह मानवजातिका निम्ति धर्तीमा निर्माण गरिएको पहिलो घर मस्जिदे हराम (काबा) हो, जुन मक्कामा अवस्थित छ । यो बरकतवाला र सम्पूर्ण संसार बासीहरूका लागि मार्गदर्शनको केन्द्र हो । ९७- यसमा स्पष्ट निशानीहरू छन् । यसैमा मकामे इब्राहीम (ढुङ्गा) छ । जो पनि यसमा प्रवेश गर्छ सुरक्षित हुन्छ । यहाँसम्म पुग्न सामर्थ्य राख्ने सम्पूर्ण व्यक्तिहरूमाथि ईश्वरको यो हक हो कि उनीहरूले यस घरको हज गरुन् । यदि कसैले इन्कार गर्छ भने ईश्वर सुसम्पन्न हुनुहुन्छ । ९८- भनिदिनुहोस्- हे यहूदी र ईसाईहरू हो ! तिमीहरू किन अल्लाहका निशानीहरूको इन्कार गर्दछौ ? जब कि तिमीहरूले गरिराखेका कार्यहरूलाई ईश्वर देखिराख्नुभएको छ । ९९- भनिदिनुहोस्- हे यहूदी र ईसाईहरू हो ! तिमीहरू आस्था ल्याएकाहरूलाई ईश्वरको मार्गबाट किन रोक्छौ ? ततिमीहरू त्यसमा त्रुटि खोज्छौ जब कि तिमीहरू गवाह बनाइएका छौ । ईश्वर तिमीहरूको कार्यबाट बेखबर हुनुहुन्न ।

१००- हे आस्थावानहरू हो ! यदि तिमीहरूले यहूदी र ईसाईहरूको एउटा जमातको भनाइ र विचारको अनुसरण गर्छौ भने तिनीहरूले तिमीहरूलाई ईमानपछि इन्कारी बनाउनेछन् । १०१- तिमीहरू कसरी इन्कार गर्न सक्छौ ? जबकि तिमीहरूलाई ईश्वरका आयतहरू सुनाइन्छ र तिमीहरूबीच उहाँका रसूल मुहम्मद उपस्थित हुनुहुन्छ । जसले ईश्वरलाई बलपूर्वक समात्नेछ ऊ सीधा मार्गमा पुग्छ । १०२- हे आस्थावानहरू हो ! ईश्वरसँग डराऊ, जस्तो कि डराउनुपर्छ । तिमीहरूको मृत्यु इस्लामकै अवस्थामा होस् । १०३- तिमीहरू सबै मिलेर ईश्वरको डोरी (कुर्आन) लाई बलियोसँग समात र मतभद उत्पन्न नगर । ईश्वरले तिमीहरूमाथि गरेको वरदानलाई स्मरण गर, जब तिमीहरू परस्पर शत्रु थियौ उहाँले तिमीहरूको मनमा परेम हाल्नुभयो । अनि तिमीहरू उहाँको कृपाले परस्पर धार्मिक दाजुभाइ बन्यौ । तिमीहरू नर्कको खाडल नजिक थियौ; अनि ईश्वरले

त्यसबाट जोगाउनुभयो। यसरी ईश्वर तिमीहरूका लागि आफ्ना निशानीहरू वर्णन गर्नुहुन्छ ताकि तिमीहरू सत्मार्ग पाऊ।

१०४- तिमीहरूमध्येबाट एउटा यस्तो जमात अवश्य हुनुपर्छ, जसले पुण्यकर्मतर्फ आह्वान गरोस्। भलो कार्यको आदेश देओस् र दुष्कर्मबाट रोकोस्। यस्ता मानिसहरू नै सफल हुनेछन्। १०५- तिमीहरू ती मानिसहरू झैं नहोऊ जो स्पष्ट निशानीहरूका बावजुद विभिन्न गुटमा विभाजित भए र मतभेद गरे। यस्ता मानिसहरूका लागि कठोर यातना छ। १०६- महाप्रलयको दिन केही अनुहारहरू उज्जवल हुनेछन् भने केही अनुहारहरू कालो हुनेछन्। कालो मुहार भएका व्यक्तिहरूलाई सोधिनेछ- के तिमीहरूले ईमान ल्याए पछि इन्कार गर्यौ ? तसर्थ चाख यातनाको स्वाद आफ्नो इन्कारको कारणले। १०७- उज्जवल मुहार भएका व्यक्तिहरू सदासर्वदा ईश्वरको कृपा (स्वर्ग) मा रहनेछन्। १०८- यी ईश्वरका आयतहरू हुन् जो हामी तपाईंलाई सत्यका मथ सुनाउँदैछौं, जसमा सही सूचनाहरू तथा निसाफमा आधारित आदेशहरू छन्। ईश्वर संसारबासीहरूमाथि कुनै अत्याचार गर्न चाहनुहुन्न। १०९- आकाशहरू एवं पृथ्वीमा रहेका सम्पूर्ण वस्तुहरू ईश्वरका लागि हुन् र यी सबै मामिला उहाँतर्फ नै फर्काइनेछन्।

११०- अब तिमीहरू सबै समुदायहरू भन्दा उत्कृष्ट समुदाय हौ, जसलाई मानवजातिका निम्ति पठाइएको छ। तिमीहरू सत्कर्मको आदेश दिन्छौ, दुष्कर्मबाट रोक्छौ र ईश्वरमाथि आस्था राख्छौ। यहूदी र ईसाईहरू पनि आस्था ल्याएको भए तिनीहरूकै लागि राम्रो हुने थियो। तिनीहरूमध्ये थोरै आस्थावान हुन् र अधिकांश अवज्ञाकारी। १११- तिनीहरू सामान्य कष्ट दिनुबाहेक तिमीहरूको केही बिगार्न सक्दैनन्। तिनीहरूले तिमीहरूसँग युद्ध गरे पनि पिठ्यूँ फर्काउँदै भाग्नेछन्। तिनीहरूलाई कुनै सहयोग प्राप्त हुने छैन। ११२- यहूदीहरू जहाँसुकै रहे पनि तिनीहरूको भाग्यमा सधैं अपमान तथा हीनता नै थुपारिए। सिवाय यसको कि ईश्वरकै तर्फबाट कुनै प्रतिज्ञा होस् वा मानिसहरूको तर्फ कुनै प्रतिज्ञा होस्।

तिनीहरू ईश्वरको रिसको भागीदार भए। तिनीहरूमाथि हीनता थुपारियो। किनकि तिनीहरूले ईश्वरका आयतहरूलाई अस्वीकार गरे । सन्देष्टाहरूलाई अनाहक हत्या गरे। अतः तिनीहरूले अवज्ञा गर्दा सीमा नै उल्लङ्घन गरे।

११३- सबै यहूदी र ईसाईहरू एकनास छैनन् । तिनीहरूमध्ये एउटा समूह प्रतिज्ञामा कायम छ। तिनीहरू रातका समयहरूमा ईश्वरका आयतहरू पढ्दछन् र सज्दा गर्दछन्। ११४- उनीहरू ईश्वर र आखिरतको दिनमाथि आस्था राख्दछन्। सत्कर्मको आदेश दिन्छन्, दुष्कर्मबाट रोक्छन् र भलाइका कार्यहरूमा अग्रसर रहन्छन्। यिनीहरू सत्कर्मी हुन्। ११५- यिनीहरूले जेजति सत्कर्म गरेमा त्यसको कदर गरिनेछ। ईश्वर सत्कर्मीहरूलाई राम्ररी जान्नु हुन्छ। ११६- निस्सन्देह जसले इन्कार गरे, तिनीहरूको धनसम्पत्ति तथा सन्तानहरू ईश्वरको मुकाबिलामा कुनै काम लाग्ने छैन । तिनीहरू नर्कबासी हुन् र सदा त्यसैमा रहने छन् । ११७- तिनीहरू यस सांसारिक जीवनमा जे जति खर्च गर्दैछन् त्यसको उपमा त्यस हूरी बतास जस्तो छ जसमा पाला (अत्यन्तै चिसोपन) हुन्छ जसले खेतीलाई नष्ट पार्छ । नकार्ने हरूको खर्चको उदाहरण यस्तो हूरी-बतास जस्तो छ जसमा हुन्छ र जो अत्याचारीहरूको खेतीमा चल्छ र त्यस खेतीलाई नष्ट पार्छ। ईश्वरले तिनीहरूमाथि अन्याय गर्नुभएन बरु तिनीहरूले स्वयम् आफूमाथि अन्याय गरे।

११८- हे आस्थावानहरू हो ! गैरलाई आफ्नो भेदी नबनाऊ। तिनीहरूले तिमीहरूलाई हानि पुर्याउनमा कुनै कसर बाँकी राख्दैनन्। तिमीहरूलाई जति कष्ट पुग्छ तिनीहरू त्यति नै खुशी हुन्छन्। तिनीहरूको जिब्रोबाट शत्रुता निस्किन्छ। तिनीहरूका छातीले लुकाएका घृणा त्योभन्दा पनि भयानक छ । हामीले तिमीहरूका लागि निशानीहरू स्पष्ट पारेका छौं यदि तिमीहरू बुध्दि राख्छौ भने। ११९- तिमीहरू पो तिनीहरूलाई प्रेम गर्छौ तर तिनीहरूले तिमीहरूलाई मन पराउँदैनन् । जब कि तिमीहरू उनीहरूका किताबहरूमा आस्था राख्छौ । जब तिनीहरू तिमीहरूलाई भेट्दा मुखले भन्छन्- हामी आस्थावान भयौं । तर

आपसमा मिल्दा क्रोधले औंला चपाउँछन् । यिनीहरूलाई भनिदिनुहोस्- तिमीहरू आफ्नो क्रोध कै अवस्थामा मर । निस्सन्देह ईश्वर हृदयमा रहेका कुराहरूलाई जान्नुहुन्छ । १२०- तिमीहरूको राम्रो अवस्था प्रति तिनीहरू दुखित हुन्छन् । तर तिमीलाई दुख परेमा तिनीहरू खुशी हुन्छन् । यदि तिमीहरूले धैर्य गर्छौ र ईशभय राख्छौ भने तिनीहरूको षड्यन्त्रले तिमीहरूलाई कुनै हानि पुर्याउन सक्दैन। निश्चय नै ईश्वरले तिनीहरूले गरिरहेका सम्पूर्ण षड्यन्त्रदेखि अवगत हुनुहुन्छ र त्यसलाई विफल पार्नुहुनेछ ।

१२१- जब तपाईं बिहानि घरबाट निस्केर मुस्लिमहरूलाई युद्ध-रणमा तैनाथ गर्नु भयो । ईश्वर सुन्नेवाला र जान्नेवाला हुनुहुन्छ । १२२- जब तिमीहरूमध्ये दुई समूहले आँट गुमाउने इरादा गरे । ईश्वर दूई वटै समूहका सहयोगी हुनुहुन्थ्यो। मोमिनहरूले मात्र ईश्वरमाथि नै भरोसा राख्नुपर्दछ । १२३- ईश्वरले बद्रको युद्धमा तिमीहरूलाई मद्दत गर्नुभयो जब तिमीहरू कमजोर थियौ । अतः ईश्वरसँग डराऊ, ताकि तिमीहरू कृतज्ञ होउ । १२४- जब तपाईं मोमिनहरूहरूलाई भन्दै हुनुहुन्थियो- ईश्वरले तीन हजार फरिश्ताहरूद्वारा तिमीहरूको सहायता गर्नुहुनेछ भन्ने कुरा के तिमीहरूका लागि पर्याप्त छैन ?! १२५- यदि तिमीहरू धैर्य गर्छौ, ईश्वरसंग डराउँछौ र शत्रुले तिमीहरूमाथि अकस्मात आक्रमण गर्छ भने तपाईंका पालनकर्ताले विशेष चिन्ह भएका पाँच हजार फरिश्ताहरूद्वारा तिमीहरूको सहायता गर्नुहुनेछ । १२६- ईश्वरले तिमीहरूलाई खुशी पार्न र तिमीहरूको मनलाई सन्तुष्ट पार्नको लागि यो मद्दत गर्नुभयो । वास्तवमा मद्दत मात्र ईश्वरको तर्फबाट हो । उहाँ अति शक्तिशाली र तत्वदर्शी हुनुहुन्छ । १२७- ताकि ईश्वरले नकार्नेहरूको एक अंशलाई काटुन् वा अपमानित गरुन् कि तिनीहरू असफल भएर फर्कुन् । १२८- तपाईंलाई यस मामिलामा कुनै दखल छैन । ईश्वरले तिनीहरूको तौबा स्वीकार गरुन् वा तिनीहरूलाई यातना देउन् किनभने तिनीहरू अत्याचारी हुन् । १२९- आकाशहरू तथा पृथ्वीमा रहेका सबै कुराहरू ईश्वरकै अधिनमा छ । उहाँ

जसलाई चाहनुहुन्छ माफ गर्नुहुन्छ र जसलाई चाहनुहुन्छ यातना दिनुहुन्छ । ईश्वर अत्यन्त क्षमाशील एवं परम दयालु हुनुहुन्छ ।

१३०- हे आस्थावानहरू हो ! मूल-धनमा बढाई-चढाई ब्याज लिनबाट सावधान ! ईश्वरसित डराऊ ताकि तिमीहरू सफल होउ । १३१- डराउ त्यस आगोबाट जो नकार्नेहरूका लागि तयार पारिएको छ । १३२- ईश्वर र उहाँका रसूलको आज्ञापालन गर ताकि तिमीहरूमाथि दयागरियोस् । १३३- दगुर आफ्ना पालनकर्ताको क्षमातर्फ र स्वर्गतर्फ जो आकाश तथा पृथ्वी जस्तो विशाल छ । यो ईशभय राख्नेहरूका लागि तयार पारिएको छ । १३४- जो गरिबी र सम्पन्न दुवै अवस्थामा धनसम्पत्ति खर्च गर्छन्, रिसलाई दबाउँछन् र मानिसहरूलाई क्षमा गर्छन् । ईश्वर सुकर्मीहरूलाई मित्र बनाउनुहुन्छ । १३५- यस्ता मानिसहरू कुनै स्पष्ट पाप गरेमा वा आफूमाथि अत्याचार गरेमा ईश्वरलाई स्मरण गरेर माफि माग्छन् । किनभने एक ईश्वरबाहेक कसैले पापलाई क्षमा गर्न सक्दैन । उनीहरू जानीजानी आफ्ना कुकर्ममा जिद्दी गर्दैनन् । १३६- यी मानिसहरू हुन् जसको बदला उनीहरूका पालनकर्नको तर्फबाट क्षमादान छ र यस्ता बगैंचाहरू जसका तलतिरबाट नदीहरू बगिरहेका हुनेछन् । उनीहरू त्यसमा सदासर्वदा रहने छन् । सत्कर्मीहरूका निम्ति यो कति राम्रो प्रतिदान हो ! १३७- तिमीहरूअघि धेरै उदाहरणहरू बिति सकेका छन् । तसर्थ धर्तीमा घुमफिर गरी हेर । कस्तो परिणाम भयो नकार्नेहरूको । १३८- यो ब्याख्या हो मानिसहरूका लागि र मार्गदर्शन र उपदेश हो ईशभय राख्नेहरूका निम्ति ।

१३९- आँट न छोड, न निराश होउ । तिमीहरू नै विजयी हुनेछौ यदि तिमीहरू आस्थावान हौ भने । १४०- यदि तिमीहरूलाई कुनै आघात पुगेको छ भने शत्रुहरूलाई पनि त्यस्तै आघात पुगेको छ । हामी यी दिनहरूलाई मानिसहरूबीच फेर्दै गर्छौं ताकि ईश्वरले आस्थावानहरूलाई जानुन् र तिमीहरूमध्ये केही मानिसहरूलाई गवाह बनाउन् । अत्याचारीहरूलाई ईश्वर मन पराउनुहुन्न ।

१४१- ताकि ईश्वरले आस्थावानहरूलाई छुट्याउन् र नकार्नेहरूलाई सखाप पारुन् । १४२- के तिमीहरू स्वर्गमा त्यस्तै प्रवेश पाउनेछौ भन्ने ठानेका छौ जब कि ईश्वरले यो जान्नु भएको छैन कि कसले जिहाद गर्यो र को अडिग रहयो । १४३- तिमीहरू मृत्युको कामना गर्दथ्यौ त्यसलाई पाउनुअघि । अनि तिमीहरूले त्यसलाई प्रत्यक्ष रूपमा आफ्नै आँखाले देखि सक्यौ ।

१४४- मुहम्मद त एक जना रसूल हुनुहुन्छ । उहाँअघि पनि रसूलहरू बिति सकेका छन् । अनि यदि के नबीको मृत्यु भएमा वा उहाँको हत्या गरिएमा तिमीहरू इस्लाम धर्मबाट फिर्छौ त ? यदि कोही फिर्छ भने उसले ईश्वरको केही पनि बिगार्न सक्दैन । ईश्वरले आभार प्रकट गर्नेहरूलाई प्रतिदान दिनुहुनेछ । १४५- ईश्वरको आदेशबिना कोही मर्न सक्दैन । ईश्वरले लेख्नुभएको वाचा हो । जो सांसारिक लाभ चाहन्छ उसलाई हामी सांसारमा दिन्छौं । आभार व्यक्त गर्नेहरूलाई हामी अवश्य प्रतिदान दिनेछौं । १४६- कतिपय सन्देष्टाहरू छन् जोसँग मिलेर धेरै भक्तहरूले युद्ध गरे । ईश्वरको मार्गमा उनीहरूमाथि संकटहरू आए तर उनीहरू न त आँट छोडे न कुनै कमजोरी नै देखाए न पस्त भए । ईश्वर धैर्यवानहरूलाई मन पराउनुहुन्छ । १४७- उनीहरूको जिब्रोबाट यो मात्र निस्कियो- हे हाम्रा पालनकर्ता ! हामीले गरेका पापहरूलाई क्षमा गर्नुहोस् । हामीहरूले कार्य गर्दा कुनै जियादती भएमा माफ गर्नुहोस् । हामीहरूलाई अडिग राख्नुहोस् र नकार्नेहरूको मुकाबिलामा हाम्रो मद्दत गर्नुहोस् । १४८- अनि ईश्वरले उनीहरूलाई यस संसारको पनि राम्रो प्रतिदान दिनुभयो र परलोकको पनि राम्रो प्रतिदान । ईश्वर सुकर्मीहरूलाई मन पराउनुहुन्छ ।

१४९- हे आस्थावानहरू हो ! यदि तिमीहरूले नकार्नेहरूको आज्ञापालन गर्छौ भने तिनीहरूले तिमीहरूलाई विमुख पार्नेछन् । अनि तिमीहरू असफलहरूमध्ये बन्नेछौ । १५०- बरु ईश्वर तिमीहरूको सहयोगी हुनुहुन्छ र उहाँ सर्वोत्तम सहयोगी हुनुहुन्छ । १५१- हामीले नकार्नेहरूको हृदयमा तिमीहरूको त्रास हाल्नेछौं किनभने तिनीहरूले यस्तो वस्तुलाई ईश्वरको साझेदार बनाए जसको कुनै प्रमाण

उहाँले अवतरण गर्नुभएको छैन। तिनीहरूको बासस्थान नर्क हो। यो अति नराम्रो बास-स्थान हो, जुन अत्याचारीहरूको लागि तयार पारिएको छ। १५२- ईश्वरले तिमीहरूसँग गरेको आफ्नो वचन पुरा गर्नुभयो, जब तिमीहरू ईश्वरको आज्ञाले तिनीहरूको हत्या गर्दै थियौ। तर जब तिमीहरूले कमजोरी देखायौ र कार्यमा झगडा गर्यौं र अवज्ञा गर्यौं जब कि ईश्वरले त्यो वस्तु देखाउनुभएको थियो जो तिमीहरू चाहन्थ्यौ। तिमीहरूमध्ये कोही संसार चाहन्थ्यो र कोही परलोक। अनि ईश्वरले तिमीहरूको दिशा फेर्नुभयो ताकि उहाँले तिमीहरूको परिक्षण गरुन्। ईश्वरले तिमीहरूलाई माफ गर्नुभयो र उहाँ आस्थनवानहरूप्रति कृपावान हुनुहुन्छ। १५३- जब तिमीहरू भाग्दै थियौ र फर्केर पनि हेर्दैनथ्यो र रसूल पछाडिबाट बोलाउँदै हुनुहुन्थ्यो। अनि ईश्वरले तिमीहरूलाई धेरै चिन्ता दिनुभयो ताकि तिमीहरू निराश नहोऊ त्यस कुरा प्रति जो तिमीहरूले गुमायौ र त्यस दुख प्रति जो तिमीहरूले भोग्यौ। ईश्वर तिमीहरूले गर्ने कार्यबाट खबरदार हुनुहुन्छ।

१५४- ईश्वरले त्यसपछि तिमीहरूलाई सन्तुष्टि प्रदान गर्नुभयो अर्थात एक समूहलाई उंघले लट्ठ पार्यो तर अर्को समूहलाई मात्र आफ्नो ज्यानको चिन्ता थियो। तिनीहरू ईश्वरको बारेमा असत्य र अज्ञानकाल युगको अनुमानहरू गर्न थालेका थिए। तिनीहरू भन्थे- के हाम्रो पनि केही अधिकार छ ? भनि दिनुहोस्- सम्पूर्ण अधिकार ईश्वरसँग छ। तिनीहरू आफ्नो हृदयमा यस्ता कुराहरू लुकाइ राखेका छन् जो तपाईंसमक्ष प्रकट गर्दैनन्। तिनीहरू भन्दछन्- यदि यस मामिलामा हाम्रो पनि दखल भएको भए हामी यहाँ मारिने थिएनौं। भन्नुहोस्- यदि तिमीहरू आफ्नो घरमा पनि बसेको भए जहाँ तिमीहरूको मृत्यु लेखिएको छ त्यस मृत्यु-स्थलसम्म निस्कने थियौ। यो यस कारणले भयो कि ईश्वरले तिमीहरूको हृदयमा रहेका कुराहरूलाई जाँच गर्नु र छुट्याउनु थियो। ईश्वर मनका कुराहरू राम्ररी जान्नुहुन्छ। १५५- तिमीहरूमध्ये जो मानिसहरू दूई समूहबीच मुठभेड भएको दिन फिरेका थिए तिनीहरूलाई शैतानले तिनीहरूका केही कार्यहरूले गर्दा फेरेको

थियो। ईश्वरले उनीहरूलाई क्षमा प्रदान गर्नुभयो। निस्सन्देह ईश्वर अति क्षमाशील र दयावान हुनुहुन्छ।

१५६- हे आस्थावानहरू हो ! तिमीहरू ती मानिसहरू झैं नबन जसले इन्कार गरे । तिनीहरूले धर्म-युद्धमा निस्केका भाइहरूको बारेमा भने- यदि उनीहरू हामीसँग रहेका भए र युद्धको लागि नगएको भए उनीहरू मर्ने थिएन वा मारिने थिएन। ताकि ईश्वरले तिनीहरूको मनमा चिन्ताको विषय बनाउन्। ईश्वरले नै जीवन प्रदान गर्नुहुन्छ र मृत्यु दिनुहुन्छ। उहाँले तिमीहरूका कर्महरूलाई हेरिराख्नुभएको छ। १५७- यदि तिमीहरू ईश्वरको मार्गमा मारिनेछौ वा मर्छौ भने ईश्वरको क्षमादान र कृपा तिनीहरूले जम्मा गरिरहेका धन-सम्पत्ति भन्दा उत्तम छ । १५८- तिमीहरूको मृत्यु भएमा वा हत्या भए तिमीहरू एक ईश्वरकहाँ नै एकत्रित गरिनेछौ । १५९- ईश्वरको अपार कृपाले तपाईं आफ्ना साथीहरूसँग एकदमै नम्र हुनुहुन्छ। यदि तपाईं कडा र कठोर भएको भए यिनीहरू तपाईंबाट छुट्टिने थिए । अतः यिनीहरू क्षमा गर्नुहोस्; यिनीहरूका लागि क्षमायाचना गर्नुहोस् र मामिलाहरूमा यिनीहरूसित सर-सल्लाह गर्नुहोस्। जब तपाईं कुनै कार्यको दृढ़ सङ्कल्प गर्नुहुन्छ तब ईश्वरमाथि भरोसा गर्नुहोस्। निस्सन्देह ईश्वर भरोसा गर्नेहरूलाई मन पराउनुहुन्छ। १६०- यदि ईश्वरले मद्दत गर्नुहुन्छ भने कसैले पनि तिमीहरूलाई हराउन सक्दैन। यदि उहाँले नै मद्दत गर्नुभएन भने कसैले पनि तिमीहरूको मद्दत गर्न सक्दैन। मोमिनहरूले मात्र उहाँमाथि भरोसा राख्नु पर्दछ।

१६१- सन्देष्टाको काम कुनै पनि वस्तु लुकाएर राख्नु होइन। जसले पनि केही लुकाउँछ महाप्रलयको दिन उसले त्यसलाई हाजिर गर्नेछ । प्रत्येक व्यक्तिलाई उसले आर्जन गरेको पुण्यको पूरा बदला प्राप्त हुनेछ र उसमाथि कुनै अन्याय हुने छैन। १६२- के ईश्वरको चाहना अनुसार हिँड्ने व्यक्ति त्यो व्यक्ति जस्तो हुन सक्छ जो उहाँको रिसको भागी हुन्छ। उसको बासस्थान नर्क हो। कति निकृष्ट स्थान हो त्यो ! १६३- ईश्वरकहाँ उनीहरूका दर्जा छुट्टा छुट्टै हुनेछ । ईश्वर तिनीहरूले

गरिरहेका सबै कार्यहरू हेरिराख्नु भएको छ। १६४- ईश्वरले आस्थावानहरूमाथि कृपा गर्नुभयो कि उनीहरूमध्येबाट एक जना रसूल पठाउनुभयो जो उनीहरूलाई श्लोकहरू पढेर सुनाउनुहुन्छ; उनीहरूलाई शुद्ध पार्नुहुन्छ र उनीहरूलाई कुर्आन तथा सुन्नतको शिक्षा दिनुहुन्छ। वास्तवमा उनीहरू रसूलभन्दा पहिला स्पष्ट पथभ्रष्टमा थिए।

१६५- जब तिमीहरूलाई यस्तो कष्ट पुग्यो जसको दूइगुणा कष्ट तिमीहरू पुर्याइ सकेका थियौ, तब तिमीहरूले भन्यौ- यस्तो कष्ट कहाँबाट पुग्यो ? भनिदिनुहोस्- यो तिमीहरूको आफ्नै तर्फबाट पुग्यो। निस्सन्देह ईश्वर हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ। १६६- दूई जमातबीच मुठभेटको दिन तिमीहरूलाई जुन कष्ट पुग्यो त्यो ईश्वरकै आदेशले पुग्यो, त्यो यस कारणले कि ईश्वरले आस्थावानहरूलाई जानुन्, १६७- र मोनाफिकहरूलाई पनि जानुन्, जसलाई जब ईश्वरको मार्गमा युद्ध गर्न वा शत्रुहरूको मुकाबिला गर्न भनियो, तब तिनीहरूले भने- हामीलाई युद्ध हुने जानकारी भएको भए हामी अवश्य तिमीहरूसंग जाने थियौं। तिनीहरू ईमानको अनुपातमा कुफ्रको बढी निकट थिए। तिनीहरू मनमा नभएका कुराहरू मुखले गर्दैछन्। ईश्वर तिनीहरूले मनमा लुकाएका कुराहरू राम्ररी जान्नुहुन्छ। १६८- यिनीहरू जो स्वयम बसिरहे, आफ्ना भाइहरूको बारेमा भन्छन्- यदि उनीहरूले हाम्रो कुरा मानेका भए तिनीहरू मारिने थिएनन्। भनिदिनुहोस्- यदि तिमीहरू सच्चा हौ भने स्वयंलाई मृत्युबाट बचाऊ।

१६९- ईश्वरको मार्गमा मारिएकाहरूलाई मृत नठान्नुहोस्, बरु उनीहरू जीवित छन्, आफ्ना पालनकर्ताकहाँ जीविका पाइरहेका छन्। १७०- उनीहरू खुशी छन् ती वरदानहरूप्रति जो ईश्वरले आफ्नो कृपामध्ये उनीहरूलाई प्रदान गर्नुभएको छ। शुभसूचना पाइ रहेका छन् आफूपछि रहेकाहरूको बारेमा जो अहिले त्यहाँ पुगेका छैनन्। उनीहरूलाई पनि न कुनै किसिमको डर हुनेछ न कुनै चिन्ता। १७१- उनीहरू खुशी हुँदैछन् ईश्वरबाट पाउने कृपाप्रति र यस कुराप्रति

कि ईश्वर आस्थावानहरूको पुण्य खेर फाल्नुहुन्न। १७२- जुन व्यक्तिहरूले ईश्वर तथा उहाँका रसूलको आदेशको पालना गरे घाइते भएपछि, उनीहरूमध्ये ईशभय राख्नेहरूका निम्ति ठूलो पुण्य छ। १७३- जब उनीहरूलाई भनियो- शत्रुहरूले तिमीहरूविरुद्ध शक्तिशाली सैनिकहरू एकत्रित गरेका छन् तीहरूसंग डराउ, तब उनीहरूको आस्था झन बढयो। उनीहरूले भने- हाम्रो लागि ईश्वर नै पर्याप्त हुनुहुन्छ। उहाँ अति राम्रा संरक्षक हुनुहुन्छ। १७४- उनीहरू ईश्वरको वरदान तथा कृपा लपएर फर्के। उनीहरूलाई कुनै कष्ट पुगेन। उनीहरू ईश्वरको इच्छाअनुसार हिँडे। ईश्वर अति कृपावान हुनुहुन्छ। १७५- यो शैतान हो जो आफ्ना मित्रहरूद्वारा तिमीहरूलाई डराउँछ। तिमीहरू शैतानबाट नडराउ, मसँग डराउ यदि तिमीहरू आस्थावान हौ भने।

१७६- यस्ता मानिसहरू तिमीहरूका लागि चिन्ताको विषय नबनुन् जो नकार्ने कार्यमा पष्रतिष्प्रधा गर्दैछन्। तिनीहरूले कदापि ईश्वरको केही पनि बिगार्न सक्दैनन्। ईश्वर तिनीहरूका लागि परलोकमा कुनै अंश राख्न चाहनुहुन्न। तिनीहरूका लागि कठोर यातना छ। १७७- जुन मानिसहरूले आस्थाको सट्टामा इन्कारलाई रोजेका छन् तिनीहरूले ईश्वरको केही बिगार्न सक्दैनन्। तिनीहरूका लागि पीडादायक यातना छ। १७८- हामीले छूट दिएको कुरालाई नकार्नेहरूले उत्तम नठानुन्। तिनीहरू अपराधमा झन बढुन भन्ने उद्देश्यले हामी तिनीहरूलाई छूट दिरहेका छौं। तिनीहरूका लागि अपमानजनक यातना छ। १७९- ईश्वरले आस्थावानहरूलाई अहिलेको अवस्थामा छोड्नु हुने, बरु उहाँ अपवित्रलाई पवित्रबाट छुट्याउन चाहनुहुन्छ। ईश्वर तिमीहरूलाई गैब (अदृश्य) को बारेमा जानकारी दिन चाहनुहुन्न। बरु ईश्वरले आफ्ना रसूलहरूमध्ये जसलाई चाहनुहुन्छ छान्नुहुन्छ। अतः तिमीहरू ईश्वर तथा उहाँका रसूलहरूमाथि आस्था ल्याऊ। यदि तिमीहरूले आस्था ल्याउँछौ र ईशभय राख्छौ भने तिमीहरूका लागि ईश्वरकहाँ अत्यन्तै ठूलो पुण्य छ।

१८०- ईश्वरले आफ्नो कृपाले दिनुभएको धनसम्पत्तिमा कन्जुस्याइँ गर्नेले आफ्नो लागि राम्रो नठानुन् । यो तिनीहरूका लागि नराम्रो कुरा हो । जुन धनसम्पत्तिमा तिनीहरू कन्जुस्याइँ गर्दैछन् महाप्रलयको दिन त्यसलाई तिनीहरूको गर्धनको कठालो बनाइनेछ । आकाशहरू एवं धर्तीका सम्पूण सम्पत्तिका वारिस ईश्वर नै हुनुहुन्छ । तिमीहरूले गरिरहेको कार्यको उहाँले खबर राख्नुहुन्छ । १८१- ईश्वरले सुन्नुभयो ती मानिसहरूको कुरा जसले भने- ईश्वर निर्धन हुनुहुन्छ र हामी धनी छौं । तिनीहरूले भनेको यस कुरालाई र नबीहरूको अनाहक गरेको हत्यालाई हामी लेखेर राख्नेछौं । हामीले भन्नेछौं- ल, दन्किरहेको आगोको यातना चाख । १८२- यो तिमीहरूको आफ्नै हातको कमाइ हो । ईश्वर आफ्ना भक्तहरूमाथि अन्याय गर्नुहुन्न । १८३- जुन मानिसहरू भन्छन्- ईश्वरले हामीलाई तबसम्म कुनै रसूलमाथि आस्था नल्याउने आदेश दिनुभएको छ जबसम्म उनले यस्तो दान नल्याउन्, जसलाई आकाशबाट आएको आगोले जलाओस् । तिनीहरूलाई भन्नुहोस्- म भन्दा पहिले तिमीहरूसमक्ष स्पष्ट प्रमाणका साथ र तिमीहरूले वर्णन गरेको वस्तुका साथ नबीहरू आए, यदि तिमीहरू आफ्नो भनाइमा सच्चा छौ भने उनीहरूको हत्या किन गर्यौ त ?!

१८४- यदि तिनीहरूले तपाईंलाई झूठलाउँछन् भने तपाईंभन्दा अघि तिनीहरू धेरै रसूलहरूलाई झुट्लाइए । उनीहरू स्पष्ट प्रमाण र प्रकाशमय किताबहरू लिएर आएका थिए । १८५- प्रत्येक प्राणीले मृत्युको स्वाद चाख्नुपर्छ । तिमीहरूलाई पूरा बदला त महाप्रलयको दिन दिइनेछ । अनि जसलाई नर्कबाट जोगाइयो र स्वर्गमा प्रवेश गराइयो निश्चिय ऊ सफल भयो । सांसारिक जीवन त धोकाको ब्योपार हो ।

१८६- तिमीहरूको ज्यान र धनसम्पत्तिमा अवश्य नै तिमीहरूको परीक्षा हुनेछ । तपाईंले अवश्य नै कष्टपूर्ण कुराहरू सुन्नुहुनेछ ती मानिसहरूको तर्फबाट जसलाई किताब प्रदान गरियो र जसले साझेदार बनाए । यदि तिमीहरूले धैर्य

गर्छौ र ईशभय अवलम्बन गर्छौ भने निस्सन्देह यो अति साहसी कार्य हुनेछ। १८७- जब ईश्वरले अहले किताबसित पक्का वचन लिनु भएको थियो- तिमीहरूले ईश्वरको किताबलाई मानिसहरूमाझ स्पष्ट पार्नेछौ र यसलाई लुकाउने छैनौ, तर तिनीहरूले बेवास्ता गरे र त्यसलाई थोरै मूल्यमा बेचे। कति नराम्रो वस्तु हो जसको खरिदारी तिनीहरू गर्दैछन्! १८८- नराम्रा कार्य गरेर प्रसन्न हुने र आफूले नगरेको राम्रो कार्यको प्रशंसा खोज्नेहरू ईश्वरको यातनाबाट बच्नेछन् भन्ने कुरा तपाईं नठान्नुहोस्। बरु तिनीहरूका लागि दुःखदायी यातना छ। १८९- निस्सन्देह आकाशहरू एवं पृथ्वीको राज्य सञ्चालन ईश्वरकै हुन्। ईश्वर सम्पूर्ण कार्यको सामर्थ्य राख्नुहुन्छ।

१९०- आकाशहरू एवं पृथ्वीको सृष्टि र रात एवं दिनको पालैपालो आउनेजाने क्रममा बुद्धिमानहरूका लागि धेरै निशानीहरू छन्। १९१- जो उभिँदा, बस्दा, सुत्दा ईश्वरलाई स्मरण गर्छन् र आकाशहरू एवं पृथ्वीको संरचनामा चिन्तन गर्छन् अनि भन्न थाल्छन्- हे हाम्रा पालनकर्ता! तपाईंले यी सबै व्यर्थ सृष्टि गर्नुभएको छैन। तपाईं पवित्र हुनुहुन्छ। अतः हामीलाई नर्कको यातनाबाट बचाउनुहोस्। १९२- हे हाम्रा पालनकर्ता! तपाईंले जसलाई नर्कमा हाल्नुहुन्छ उसलाई पक्कै अपमानित गर्नुहुन्छ। अत्याचारीहरूको कोही सहयोगी छैन। १९३- हे हाम्रा पालनकर्ता! हामीले एक जना पुकार्नेवालाको कुरा सुन्यौं जो आस्थातर्फ बोलाउँदै थिए, तसर्थ हामीले आस्था ल्यायौं। हे हाम्रा पालनकर्ता! हाम्रा पापहरूलाई माफ गर्नुहोस्, हाम्रा दुष्कर्महरूलाई हामीहरूबाट टाढा पार्नुहोस्। हामीलाई सत्कर्मीहरूसंग मृत्यु दिनुहोस्। १९४- हे हाम्रा पालनकर्ता! तपाईंले रसूलहरूको माध्यमबाट दिनुभएको वचन पूरा गर्नुहोस्। महाप्रलयको दिन हामीलाई अपमानित नगर्नुहोस्। निस्सन्देह तपाईं आफ्नो वाचा कहिल्यै तोड्नुहुन्न।

१९५- उनीहरूका पालनकर्ताले उनीहरूको प्रार्थना स्वीकार गर्नुभयो कि

म तिमीहरूमध्ये कसैको कर्म खेर फाल्दिनं, चाहे त्यो पुरुष होस् वा महिला। तिमीहरू एक अर्काबाट हौ। जो मानिसहरूले मेरो मार्गमा पलायन गरे, घरबाट निकालिए र मेरो मार्गमा सताइए, युद्ध गरे तथा मारिए, महाप्रलयको दिन मैले उनीहरूका पापहरू अवश्य तीहरूबाट टाढा पार्नेछु। उनीहरूलाई यस्ता बगैंचाहरूमा प्रवेश गराउनेछु जसको तलतिरबाट नदीहरू कलकल बगिरहेका हुनेछन्। यो ईश्वरको तर्फबाट बदला हो र सर्वोत्तम बदला ईश्वरसँग नै रहेको छ। १९६- देशभित्र नकार्नेहरूको क्रिया कलापले तपाईंलाई धोकामा नपारोस्।

१९७- यो थोरै लाभ हो। अनि यिनीहरूको बासस्थान नर्क हो। यो अति नराम्रो बासस्थान हो ! १९८- तर जुन मानिसहरू आफ्ना पालनकर्ता संग भय राख्छन् उनीहरूका लागि बगैंचाहरू छन्, जसको तलतिरबाट नदीहरू बगिरहेका हुनेछन्। उनीहरू त्यसमा सदासर्वदा रहने छन्। यो ईश्वरको तर्फबाट उनीहरूका लागि सत्कार हुनेछ। जे जति ईश्वरकहाँ सत्कर्मीहरूका लागि छ त्यो अति उत्तम छ। १९९- निस्सन्देह अहले किताबहरूमध्ये यस्ता मानिसहरू पनि छन् जो ईश्वरमाथि आस्था राख्छन्, तपाईंतर्फ पठाइएको किताबमाथि पनि आस्था राख्छन् र यसअघि उनीहरूतर्फ अवतरित किताबमाथि पनि आस्था राख्छन्। उनीहरू ईश्वरसमक्ष विनम्र छन्। ईश्वरका आयतहरूलाई सांसारिक तुच्छ मूल्यमा विक्री गर्दैनन्। उनीहरूका पुण्य उनीहरूका पालनकर्ताकहाँ छ। ईश्वर चाँडै हिसाब लिनेवाला हुनुहुन्छ। २००- हे आस्थावानहरू हो ! धैर्यधारण गर, मुकाबिलामा बलवान रह, निरन्तर संघर्ष गर, ईश्वरसंग डराऊ। आशा छ तिमीहरू सफल हुनेछौ।

## सूरह अन्-निसा- ४

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- हे मानव ! आफ्ना पालनकर्तासँग डराऊ, जसले तिमीहरूलाई एक ज्यानबाट सृष्टि गर्नुभयो र त्यसबाट उसको जोडी सृष्टि गर्नुभयो, अनि यी दुवैबाट धेरै पुरुष तथा महिलाहरू फैलाउनुभयो । त्यस ईश्वरसँग डराऊ जसको माध्यमबाट तिमीहरू एकार्कासँग सहयोग माग्दछौ । नातागोता तोड्ने काम नगर । निस्सन्देह ईश्वर तिमीहरूका निरीक्षक हुनुहुन्छ । २- अनाथहरूको धनसम्पत्ति उनीहरूलाई फिर्ता गर । आफ्नो खराब धनसम्पत्तिलाई उनीहरूको असल धनसम्पत्तिबाट न बद्ल । उनीहरूको धनसम्पत्तिलाई आफ्नो धनमा मिसाएर नखाऊ । यो महापाप हो । ३- यदि तिमीहरूलाई आशंका छ कि तिमीहरू अनाथहरूसंग निसाफ गर्न सक्दैनौ भने तिमीहरू मन पराएकी दुई-दुई, तीन-तीन वा चार-चार महिलाहरूसँग बिहे गर । यदि न्याय गर्न सक्दैनौ भन्ने आशङ्का छ भने एउटीमा मात्र सीमित रह वा आफ्नो अधीनमा रहेकी कुनै दासीहरूसँग । आशा छ तिमीहरू निसाफबाट हटने छैनौ । ४- महिलाहरूलाई उनीहरूको महर खुशी खुशी देऊ । यदि उनीहरूले राजीखुशी त्यसबाट केही छोडछन् भने त्यो मजाले खाउ ।

५- अपरिपक्वलाई आफ्नो त्यो धनसम्पत्ति नदेउ जसलाई ईश्वरले तिमीहरूको जीवन यापनको माध्यम बनाउनु भएको छ । त्यस धन-सम्पत्तिबाट उनीहरूलाई खुवाऊ तथा पहिराऊ र उनीहरूसित मीठो बोली बोल । ६- अनाथहरूको जाँच गर यहाँसम्म कि जब उनीहरू बिहेको उमेरमा पुग्छन् तब उनीहरूमा परिपक्वता देख्छौ भने उनीहरूका धनसम्पत्ति उनीहरूलाई सुम्पि देऊ । उनीहरूको धनबाट बढी न खाउ र यस डरले न खाउ कि उनीहरू ठूलो भएर आफ्ना धनसम्पत्ति फिर्ता लिनेछन् । अभिभावकसँग पर्याप्त धनसम्पत्ति छ भने उसले अनाथको धनसम्पत्ति न खाओस् । जो गरिब छ उसले कानुन अनुसार मात्र खाओस् । उनीहरूको

सम्पत्ति उनीहरूलाई सुम्पने बेलामा केही व्यक्तिहरूलाई साक्षी बनाउ । ईश्वर हिसाबको लागि पर्याप्त हुनुहुन्छ । ७- आमा-बाबु एवं निकटतम नातेदारहरूका धनसम्पत्तिमा पुरुषको अंश छ । आमा-बाबु एवं निकटतम नातेदारहरूका धनसम्पत्तिमा महिलाको पनि अंश छ । चाहे थोरै होस् वा धेरै । निर्धारित गरिएको अंश । ८- यदि अंशबण्डाको समयमा नातेदार, अनाथ तथा गरिबहरू आउँछन् तिनीहरूलाई पनि त्यसबाट केही देऊ । उनीहरूसँग मीठो बोल । ९- यस्ता मानिसहरूले आफूपछाडि ससाना बालबालिका छोडेर गएको विषयमा डराउनुपर्छ कि उनीहरूलाई तिनीहरूको चिन्ता रहनेछ । तिनीहरूले ईश्वरसित डराउनुपर्दछ र ठोस कुरा गर्नुपर्छ । १०- जो मानिसहरू अनाथहरूको सम्पत्ति अन्यायपूर्वक खान्छन्, तिनीहरू वास्तवमा आफ्नो भुँडीमा आगो भर्दछन् । तिनीहरू चाँडै नै दन्कदो आगोमा हालिनेछन् ।

११- ईश्वर सन्तानहरूमा तिमीहरूलाई आदेश दिनुहुन्छ- एक जना छोराको अंश दुई जना छोरीहरू बराबर हुन्छ । यदि छोरीहरू दुईभन्दा बढी छन् भने उनीहरूको अंश दुई तिहाई छ त्यस सम्पत्तिमा जो मृतक छोडेर जान्छ । एउटी मात्र छोरी छे भने उसले सम्पत्तिको आधा अंश पाउनेछे । मृतकको कुनै सन्तान छ भने मृतकका माता-पितामध्ये प्रत्येकले मृतकले छोडेको सम्पत्तिको छैंठो भाग पाउनेछ । तर, छोरा-छोरी कुनै सन्तान छैन र उत्तराधिकारी केवल आमा-बुवा नै हुन् भने आमाको अंश एक तिहाई हुनेछ । मृतकको दाजुभाइ छन भने आमाको अंश छैठौं भाग हुनेछ । मृतकको अन्तिम उपदेशलाई लागु गरेपछि र ऋण तिरेपछि भाग-बण्डा गर्नुपर्छ । तिमीहरूका माता-पिता र सन्तानहरूमध्ये तिम्रा लागि को बढी लाभदायक हुनेछ भन्ने कुरा तिमीहरूलाई थाहा छैन । यो ईश्वरले निर्धारित गर्नुभएको अनिवार्य कार्य हो । निस्स्न्देह ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ । १२- तिम्रा श्रीमतीहरूले छोडेका सम्पत्तिमा तिमीहरूलाई आधा अंश प्राप्त हुनेछ यस शर्तमा कि श्रीमतीको कुनै सन्तान नहोस् । उनीहरूको सन्तान

भएमा तिमीहरूलाई चौथो भाग प्राप्त हुनेछ । मृतकको अन्तिम उपदेशलाई लागु गरेपछि र ऋण तिरेपछि भाग-बण्डा गर्नुपर्छ । यदि तिमीहरूको कुनै सन्तान छैन भने तिमीहरूले छोडेका सम्पत्तिमा तिम्रा पत्नीहरूलाई चौथो भाग प्राप्त हुनेछ । तर, सन्तान छ भने श्रीमतीहरूलाई आठौं भाग प्राप्त हुनेछ । मृतकको अन्तिम उपदेशलाई लागु गरेपछि र ऋण तिरेपछि भाग-बण्डा गर्नुपर्छ । यदि कुनै यस्तो पुरुष वा महिलाको मृत्यु हुन्छ जसको माता-पिता वा सन्तान जीवित छैन तर एकजना दाजुभाइ अथवा एकजना दिदीबहिनी मात्र छ भने यस्तो अवस्थामा उसलाई छैठौं भाग प्राप्त हुनेछ । तर, उनीहरूको सङ्ख्याँ एकभन्दा बढी छ भने उनीहरू सबैले एक तिहाईमा साझेदार बन्नेछन् । मृतकको अन्तिम उपदेशलाई लागु गरेपछि र ऋण तिरेपछि भाग-बण्डा गर्नुपर्छ । कसैलाई  हानि न होस् । यो आदेश ईश्वरको तर्फबाट रहेको छ । ईश्वर सर्वज्ञ र सहनशील हुनुहुन्छ । १३- यो ईश्वरले ठहर गर्नुभएका सीमाहरू हुन् । जसले ईश्वर र उहाँका रसूलको आज्ञापालन गर्नेछन् ईश्वरले उनीहरूलाई यस्ता बगैंचाहरूमा प्रवेश गराउनुहुनेछ जसको तलतिरबाट नदीहरू बगिरहेका हुनेछन् । त्यसमा उनीहरू सदासर्वदा रहने छन् । यही ठूलो सफलता हो । १४- जसले ईश्वर र उहाँका रसूलको अवज्ञा गर्छन् र उहाँले बनाउनुभएको कानुनको उल्लङ्घन गर्नेछन् तिनीहरूलाई उहाँले आगोमा फ्याँकिनुहुनेछ जहाँ ऊ सदासर्वदा रहनेछन् । तिनीहरूका लागि अपमानजनक यातना छ ।

१५- तिम्रा महिलाहरूमध्ये जो पनि व्यभिचार गर्छिन्, तिनीहरूबिरुद्ध आफ्ना पुरुषहरूमध्ये चार जनालाई साक्षी बनाऊ । तिनीहरूले साक्षी दिएमा ती महिलाहरूलाई सजायस्वरूप घरभित्र कैद गरेर राख । यहाँसम्म कि त मरेर समाप्त होओस् कि त ईश्वरले तिनीहरूका लागि अन्य बाटो निकालुन् । १६- तिमीहरूमध्ये दुईजना पुरुषले आपसमा त्यस्तो गरेमा कष्ट देऊ । यदि तिनीहरूले प्रायश्चित गर्छन् र त्यसतो गर्न छोड्छन् भने तिनीहरूलाई छोडिदेऊ ।

निस्सन्देह ईश्वर तौबा स्वीकार गर्नेवाला र दयावान हुनुहुन्छ । १७- प्रायश्चित, यसलाई स्वीकार गर्नु ईश्वरको जिम्मामा छ, यो यस्ता मानिसहरूको लागि हो जो नजानेको कारणले कुकर्म गरेका हुन्छन् अनि तुरुन्तै तौबा गर्छन् । यस्ता मानिसहरूको तौबा ईश्वरले स्वीकार गर्नुहुन्छ । ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ ।

१८- यस्ता मानिसहरूको प्रायश्चित स्वीकार गरिदैन जो निरन्तर दुष्कर्म गरिरहन्छन्, यहाँसम्म कि जब मृत्यु सामुन्ने आएपछि भन्छन्- अब म प्रायश्चित गर्छु । तिनीहरूको तौबा पनि स्वीकार गरिने छैन जो इन्कारको अवस्थामा मर्छन् । तिनीहरूका लागि हामीले दुःखदायी यातना तयार पारेका छौं ।

१९- हे आस्थावानहरू हो ! महिलाहरूलाई जबरजस्ती आफ्नो वारिस बनाउनु जायज छैन । न तिनीहरूलाई यस उद्देश्यले रोकेर राख कि जे जति दिएका छौ त्यसको केही अंश फिर्ता लेउ । स्पष्टरूपमा व्यभिचार गर्छिन् भने अर्कै कुरा हो । तिनीहरूसंग राम्ररी जीवन यापन गर । यदि तिनीहरू मन नपराएमा हुन सक्छ एउटा कुरा तिमीहरूलाई मन पराउँदैन तर ईश्वरले त्यसमा धेरै भलाइ राख्नुभएको होउन् । २०- यदि तिमीहरू एउटी श्रीमतीको स्थानमा अर्की श्रीमती ल्याउन चाहन्छौ र तिमीहरू प्रशस्त धनसम्पत्ति दिएका छौ भने त्यसबाट केही पनि फिर्ता लिनु जायज छैन । के तिमीहरू आरोप लगाएर र अत्याचार गरेर फिर्ता लिनेछौ । २१- तिमीहरूले कसरी फिर्ता लिन सक्छौ जबकि तिमीहरू सम्भोग गरि सकेकाछौ र तिनीहरूले तिमीहरूसित पक्का वचन लिसकेकिछिन् । २२- ती महिलाहरूसँग विवाह नगर जोसँग तिमीहरूका पिताहरूले विहे गरेका थिए । यसअघि जे भयो भयो । निस्सन्देह यो अश्लील, घृणित र नराम्रो चलन हो ।

२३- तिमीहरूका लागि अवैध गरिएका छन्- तिमीहरूकी आमाहरू, छोरीहरू, दिदीबहिनीहरू, फुपूहरू, सानीआमाहरू, भतिजीहरू, भान्जीहरू, दुधे-आमाहरू, दुधे दिदी-बहिनीहरू, सासुआमाहरू, सौतेनी छोरीहरू जसको जन्म तिमीबाट नभए पनि पालनपोषण तिम्रो काखमा भयो र उसको आमासँग

तिमीहरूको सहबास भइसकेको छ, तर यदि सहवास भएको छैन भने उनीहरूलाई तलाक दिएपछि उनका छोरीहरूसँग विवाह गर्नमा कुनै पाप छैन । साख्खै बुहारीहरू, दूई जना दिदी-बहिनीसँग एकैसाथ विवाहमा राख्नु, तर यसअघि जे भयो भयो । निस्सन्देह ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ ।

२४- कसैको विवाहमा रहेकी महिलाहरूसँग विवाह गर्नु पनि हराम हो तर युद्धमा हात आएकी महिलाहरू । यो ईश्वरको आदेश हो तिमीहरूमाथि । उनीहरूबाहेक अन्य महिलाहरू तिमीहरूका लागि वैध छन्, यस शर्तमा कि तिमीहरू आफ्नो धनसम्पत्ति खर्च गरेर खोज । बिहे गरेर कि व्यभिचार गरेर । जुन महिलाहरूसंग मामिला गर्छौ तिनीहरूलाई निश्चित महर देउ । महर निश्चित भएपछि आपसी समझदारी अनुसार जे गरेमा कुनै पाप लाग्ने छैन । निस्सन्देह ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ । २५- तिमीहरूमध्ये जो स्वतन्त्र महिलाहरूसँग बिहे गर्न सक्दैन उसको लागि ती दासी महिलाहरूसँग बिहे गर्नु जायज छ जो तिमीहरूको नियन्त्रणमा छिन् र आस्थावान छिन् । ईश्वर तिमीहरूको आस्था अवगत हुनुहुन्छ । तिमीहरू परस्पर एक समान छौ । अतः तिनीहरूका अभिभावकहरूको अनुमति लिएर बिहे गर र नियम अनुसार उनीहरूको महर चुक्ता गर । तिनीहरूलाई बिहेको घेरामा ल्याउनु पर्छ न कि खुल्ला वा लुकि छिपि व्यभिचार गर्न को लागि । यदि बिहे गरेपछि व्यभिचार गर्छिन् भने तिनीहरूलाई स्वतन्त्र महिलाभन्दा आधा सजाय देउ । दासीहरूसँग बिहेको अनुमति यस्ता व्यक्तिहरूका लागि मात्र छ जसलाई व्यभिचारमा लिप्त हुने डर छ । यदि तिमीहरू धैर्य गर्छौ भने यो तिमीहरूका लागि बेस हुन्छ । ईश्वर क्षमाशील तथा दयावान हुनुहुन्छ ।

२६- ईश्वर तिमीहरूलाई स्पष्टरूपमा बताउन चाहनुहुन्छ र अघिल्ला मानिसहरूको तरिका सिकाउन चाहनुहुन्छ र तिमीहरूतर्फ ध्यानाकर्षण गर्न चाहनुहुन्छ । ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ । २७- ईश्वर तिमीहरूतर्फ

ध्यानाकर्षण गर्न चाहनुहुन्छ र आफ्ना चाहनाको अनुसरण गर्नेहरू तिमीहरूलाई सीधा मार्गबमट धेरै टाढा पार्न चाहन्छन्। २८- ईश्वर तिमीहरूको बोझलाई हलुका गर्न चाहनुहुन्छ र मानव कमजोर सृष्टि गरिएको छ।

२९- हे आस्थावानहरू हो ! तिमीहरू परस्पर एक अर्काको धनसम्पत्ति अनाहक तरिकाले नखाऊ सिवाय आपसी सहमतिले व्यापारबाट । परस्पर एक अर्काको हत्या न गर । निस्सन्देह ईश्वर तिमीहरूप्रति दयावान हुनुहुन्छ । ३०- जसले जियादती तथा अत्याचार गरेर यस्तो गर्छ, उसलाई हामीले अवश्य नै आगोमा होम्नेछौं। यो ईश्वरको लागि सजिलो छ। ३१- यदि तिमीहरू मनाहि गरिएका ठुला पापहरूबाट जोगिनेछौ भने तिमीहरूका साना दुष्कार्यहरूलाई हामी माफ गर्नेछौं र सम्मानित स्थानमा प्रवेश गराउनेछौं। ३२- तिमीहरू यस्तो वस्तुको कामना नगर जसमा ईश्वरले एक अर्कामाथि श्रेष्ठता प्रदान गर्नुभएको छ। पुरुषका लागि उसको कर्म अनुसार बदला प्राप्त हुनेछ र महिलाका लागि उसको कर्म अनुसार बदला प्राप्त हुनेछ। ईश्वरसित उहाँको कृपा माग्ने गर। निस्सन्देह ईश्वर हरेक चिजका ज्ञाता हुनुहुन्छ। ३३- हामीले बुवा आमा तथा निकटतम नातेदारहरूले छोडेर गएका धनसम्पत्तिमा हरेकको लागि वारिस बनाएका छौं। यदि तिमीहरूले कसैसंग वाचा गरेका छौ भने उसलाई उसको अंश देऊ। निस्सन्देह हरेक वस्तु ईश्वर समक्ष छ।

३४- पुरुषहरू महिलाहरूका अभिभावक हुन्, किनभने ईश्वरले एकलाई अर्कामाथि प्राथमिकता प्रदान गर्नुभएको छ, यस कारणले कि पुरुषले आफ्नो धन खर्च गर्यो। सुकर्मी महिलाहरू आज्ञाकारी र ईश्वरको कृपाले तिनीहरू आफ्ना श्रीमानहरूको अनुपस्थितिमा रक्षा गर्छिन्। जुन महिलाहरूको बारेमा अवज्ञाको डर छ उसलाई पहिला सम्झाउ। यदि अटेरी गर्छे भने ओछ्यानमा एकलै छोड र सजाय देउ। यद आज्ञापालन गर्छे भने ज्याअभियोग लगाउने प्रयास नगर। ईश्वर अति उच्च तथा महान हुनुहुन्छ। ३५- यदि श्रीमान-श्रीमतीबीच सम्बन्ध

बिग्रने आशंका छ भने श्रीमान-श्रीमती दुवैका नातेदारहरूमध्ये एक एक जना मध्यस्थकर्ता पठाऊ । यदि दुवैले सुधार चाहेमा ईश्वरले श्रीमान-श्रीमतीबीच मिलाप पैदा गरिदिनुहुनेछ । निस्सन्देह ईश्वर सर्वज्ञ र खबरदार हुनुहुन्छ ।

३६- मात्र ईश्वरको भक्ति गर र कसैलाई पनि उहाँको साझेदार न बनाउ । राम्रो व्यवहार गर माता पिता, नातेदार, अनाथ, गरीब, नातेदार छिमेकी, गैर नातेदार छिमेकी, साथमा यात्रा गर्ने साथी, यात्री तथा दासहरूसँग । ईश्वर मपाईँ तथा घमण्ड गर्ने र प्रशंसा चाहनेहरूलाई मन पराउनुहुन्न । ३७- जो स्वयम पनि कञ्जुस्याईं गर्छन् र अरूलाई पनि कञ्जुस्याईं गर्न सिकाउँछन् । ईश्वरले प्रदान गर्नुभएको उपकारलाई लुकाउँछन् । हामीले नकार्नेहरूका लागि दु:खदायी यातना तयार पारेकाछौं । ३८- जो व्यक्ति अन्य मानिसहरूलाई देखाउनको लागि आफ्नो धनसम्पत्ति खर्च गर्छन् र ईश्वर तथा महाप्रलयको दिनमाथि आस्था राख्दैनन् । जसको साथी शैतान भयो उसले अति दुष्ट साथी पायो । ३९- तिनीहरूले ईश्वर तथा महाप्रलयको दिनमाथि आस्था ल्याएका भए र ईश्वरको मार्गमा खर्च गरेका भए तिनीहरूको के हानि हुन्थ्यो र ?! ईश्वर तिनीहरूसित अवतग हुनुहुन्छ । ४०- निस्सन्देह ईश्वरले कसैसंग अलि पनि अन्याय गर्नुहुने छैन । यदि पुण्य छ भने त्यसलाई दुई गुणा बढाइ दिनुहुन्छ र आफ्नो तर्फबाट धेरै पुण्य प्रदान गर्नुहुन्छ ।

४१- त्यतिखेर के हुनेछ जब हामीले हरेक समुदायबाट एक जना साक्षी ल्याउनेछौं र तपाईंलाई यस समुदाय विरुद्धसाक्षी स्वरूप खडा गर्नेछौं?! ४२- ईश्वरको इन्कार गर्ने र रसूलको अवज्ञा गर्नेहरू चाहना गर्नेछन्- उनीहरूलाई धर्तीमा पुरिदिए भने बेस हुन्थ्यो । तिनीहरू ईश्वरबाट केही पनि लुकाउन सक्दैनन् । सम्भोगपछि अपवित्रताको अवस्थामा स्नान नगरुन्जेल नमाज नपढ, तर बाटो हिँड्दा । यदि तिमीहरू रोगी छौ, वा यात्रामा छौ, वा दिसा-पिसाब गरेकाछौ वा महिलासँग सहवास गरेकाछौ र नुहाउनको लागि पानी छैन भने पवित्र माटो लिएर

तयम्मुम (पवित्रता प्राप्त) गर । आफ्नो अनुहार र दुबै हात पवित्र माटोबाट स्पर्ष गर । निस्सन्देह ईश्वर माफ गर्नेवाला क्षमाशील हुनुहुन्छ ।

४४- के तपाईंले किताबका अंश पाएका मानिसहरूलाई देख्नुभयो ? तिनीहरू स्वयम पनि पथभ्रष्ट हुन चाहन्छन् र तपाईंलाई पनि पथभ्रष्ट हेर्न चाहन्छन् । ४५- तिमीहरूका शत्रुलाई ईश्वर राम्ररी चिन्नुहुन्छ । संरक्षक तथा सहयोगीको रूपमा ईश्वर पर्याप्त हुनहुन्छ । ४६- यहूदीहरूमध्ये एउटा समूह कुरालाई त्यसको स्थानबाट हटाउँछन् । तिनीहरू भन्छन्- हामीले तपाईंको कुरा सुन्यौं तर तपाईंको आदेशको अवज्ञा गर्यौं । भन्छन्- सुन्नुस् तर तपाईंको कुरा नसुनियोस् । जिब्रोलाई बघ्याएर भन्छन् राइना, धर्ममा कटाक्ष गर्नको लागि । यदि तिनीहरूले यो भनेका भए- हामीले तपाईंका कुरा सुन्यौं र पालना गर्यौं, सुन्नुहोस्, कृपा दृष्टि गर्नुहोस्, यो तिनीहरूका लागि राम्रो हुने थियो । तर ईश्वरले तिनीहरूलाई धिक्कार्नुभयो, तिनीहरूको कुफ्रको कारणले । त्यसैले तिनीहरू आस्था ल्याउने छैनन् तर केही मात्र ।

४७- हे किताब प्राप्त गरेका मानिसहरू हो ! हामीले अवतरण गरिएको किताबमाथि आस्था ल्याउ । यो किताब तिमीहरूसँग रहेको किताबको पुष्टि गर्दछ, यसअघि कि हामी अनुहारहरूलाई समाप्त पारौं र फेरेर पछाडि गरौं वा तिनीहरूलाई त्यस्तै धिक्कार्नेछौं जसरी हामीले शनिबारवालाहरूलाई धिक्कारेका थियौं र ईश्वरको आदेश पुरा भएरै छाड्छ । ४८- निस्सन्देह ईश्वर शिर्क गर्नेहरूलाई पटक्कै माफ गर्नुहुन्न । त्यो भन्दा कम दर्जाको पापलाई जसको लागि चाहनुहुन्छ आफ्नो कृपाले माफ गर्नुहुनेछ । ईश्वरसँग शिर्क गर्नेहरू वास्तवमा ठूलो पाप गर्छन् । ४९- के तपाईंलाई ती मानिसहरूलाई देख्नुभयो जो आफूलाई पवित्र ठान्छन् ? बरु मात्र ईश्वर आफ्ना भक्तहरूमध्ये जसलाई चाहनुहुन्छ पवित्र पार्नुहुन्छ । उनीहरूमाथि अलि पनि अत्याचार हुनेछैन । ५०- हेर्नुहोस् ! यिनीहरू

कसरी ईश्वरमाथि झूठो आरोप लगाउँदै छन् । स्पष्ट पाप हुनको लागि यही पर्याप्त छ ।

५१- के तपाईंले किताबका केही अंश पाएका मानिसहरूलाई देख्नुभयो जो जिब्त (तुच्छ कार्यहरू जस्तै जादू इत्यादि) तथा तागूत (शैतानी शक्तिहरू, अपवित्र आत्माहरू इत्यादि) लाई मान्छन् र नकार्नेहरूको बारेमा भन्छन्- यिनीहरू मुस्लिमहरूभन्दा बढी सीधा मार्गमा छन् । ५२- यस्ता मानिसहरू हुन् जसलाई ईश्वरले धिक्कार्नु भएको छ र जसलाई ईश्वर धिक्कार्नु हुन्छ उसको कोही सहयोगी पाउनुहुन्न । ५३- के ईश्वरको सत्ता-शासनमा तिनीहरूको पनि दखल छ ? यस्तो भएको भए यिनीहरूले कसैलाई रत्तीभर पनि दिने थिएनन् । ५४- के तिनीहरू ती मानिसहरूको त्यस कृपाप्रति इर्ष्या गर्छन् जो ईश्वरले तिनीहरूलाई प्रदान गर्नुभयो । अनि हामीले इब्राहीमका सन्तानहरूलाई किताब तथा तत्वदर्शिता प्रदान गर्यौं ? हामीले उनीहरूलाई ठूलो सत्ता-शासन प्रदान गर्यौं ।

५५- तिनीहरूमध्ये कसैले त्यसलाई मान्यो र केही पर्खि राखे र यस्ता मानिसहरूका लागि नर्कको दन्कदो आगो पर्याप्त छ । ५६- हाम्रा श्लोकहरूको इन्कार गर्नेहरूलाई हामीले दन्कदो आगोमा फ्याँकिनुहुनेछौं । जब तिनीहरूका छाला डढिनेछ तब हामीले त्यसको ठाउँमा अर्को छाला दिनेछौं, ताकि यातनाको स्वाद चाखि राखुन् । निस्सन्देह ईश्वर प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ । ५७- आस्था ल्याएका र सत्कर्म गरेका मानिसहरूलाई हामीले यस्तो स्वर्गमा प्रवेश गराउनेछौं जसको तलतिरबाट नदीहरू बगि रहेका हुनेछन् । उनीहरू त्यसमा सधैं रहनेछन् । उनीहरूका लागि सफा श्रीमतीहरू हुने छन् । उनीहरूलाई बाक्लो छायाँमा राख्नेछौं ।

५८- ईश्वर आदेश दिनुहुन्छ- नासोहरू त्यसका हकदारहरूलाई हस्तान्त्रण गर, जुन मानिसहरूबीच निर्णय गर्छौ निसाफका साथ निर्णय गर । ईश्वर राम्रो उपदेश दिनुहुन्छ । निस्सन्देह ईश्वर सर्श्रोता, सर्द्रष्टा हुनुहुन्छ । ५९- हे आस्थावानहरू

हो ! ईश्वरको आज्ञापालन गर, रसूलको आज्ञापालन गर र आफ्ना शासकहरूको आज्ञापालन गर । जब तिमीहरूबीच कुनै कुरामा विभेद हुन्छ तब त्यसलाई ईश्वर र रसूलतर्फ फर्काउ, यदि तिमीहरू ईश्वर तथा परलोकमा आस्था राख्छौ भने । यो राम्रो कुरा र यसको परिणाम पनि राम्रो । ६०- के तपाईंले ती मानिसहरूलाई हेर्नुभयो जो तपाईंमाथि अवतरित किताब तथा तपाईंभन्दा अघिका किताबमा आस्था राख्ने दावी गर्छन् तर आफ्ना मुद्दा मामिला शैतानतर्फ लिएर जान्छन् । जब कि यसलाई नमान्ने आदेश दिइएको छ । शैतानले तिनीहरूलाई पथभ्रष्ट पारेर टाढा लिएर जान चाहन्छ । ६१- जब यिनीहरूलाई ईश्वरले अवतरण गर्नुभएको किताब तथा रसूलतर्फ आदेश हुन्छ तब तपाईं मुनाफिकहरूलाई अर्कोतर्फ फर्केको देख्नुहुन्छ । ६२- त्यतिखेर के हुनेछ जब तिनीहरूमाथि तिनीहरूको आफ्नै कर्मले गर्दा सङ्कटहरू आउनेछन् ?! तब तिनीहरू तपाईंसमक्ष कसम खाँदै आउनेछन्- हाम्रो उद्देश्य भलाइ र मेल मिलाप मात्र थियो । ६३- तिनीहरूको हृदयमा रहेको कुरा ईश्वर राम्ररी जान्नुहुन्छ । अनि तिनीहरूलाई छोडिदिनुहोस्, उपदेश दिनुहोस् र तिनीहरूको मनमा पस्ने खालको कुरा गर्नुहोस् ।

६४- हामीले जुन सुकै रसूल पठायौं, यस उद्देश्यका साथ पठायौं कि ईश्वरको आदेशले उनको आज्ञापालन गरियोस् । जब उनीहरूले आफूमाथि अत्याचार गरे तब तिनीहरूले तपाईंसमक्ष आउनुपर्ने थियो, ईश्वरसित क्षमा माग्नु पर्ने थियो, रसूलले पनि उनीहरूका लागि क्षमा माग्नु हुने थियो भने उनीहरूले अवश्य नै ईश्वरलाई क्षमाशील र कृपावान पाउने थिए । ६५- अनि तपाईंका पालनकर्ताको कसम, जबसम्म तिनीहरूले आफ्नो झगडामा तपाईंलाई निर्णायक मान्दैनन्, अनि तपाईंको निर्णयबारे हृदयमा कुनै सञ्कोच मान्दैनन् र खुशीका साथ स्वीकार गर्दैनन् । ६६- यदि हामीले तिनीहरूलाई आफ्नो हत्या गर्ने वा घरबाट निस्कने आदेश दिएका भयौं, तिनीहरूमध्ये थोरैले यस हुकुमको पालना गर्ने थिए । यदि तिनीहरूले उपदेशको पालना गरेका भए यो तिनीहरूका लागि बेस हुने

थियो र आस्थामा अडिग रहनमा सहयोगी हुने थियो। ६७- त्यतिखेर हामीले आफ्नोतर्फबाट उनीहरूलाई ठूलो प्रतिदान दिने थियौं। ६८- अनि तिनीहरूलाई सीधा मार्ग देखाउने थियौं। ६९- जसले ईश्वर तथा रसूलको आज्ञापालन गर्नेछन् उनीहरू ती मानिसहरूका साथ हुनेछन् जसमाथि ईश्वरको कृपा भयो, अर्थात नबी, सत्यवादी, शहीद, सत्कर्मी। कति राम्रो उनीहरूको संगत। ७०- यो कृपा हो ईश्वरको तर्फबाट र ईश्वरको ज्ञान पर्याप्त छ।

७१- हे आस्थावानहरू हो ! सावधान रह अनि कि त छुट्टा छुट्टै निस्क वा एकसाथ निस्क। ७२- तिमीहरूमध्ये केही यस्ता पनि छन् जो ढिलो गर्छन् र तपाईंलाई कुनै संकट पुगेमा तिनीहरू भन्छन्- ईश्वरले ममाथि कृपा गर्नुभयो कि म उनीहरूसंग थिएनं। ७३- यदि तिमीहरूलाई ईश्वरको वरदान प्राप्त भएमा तिनीहरू भन्छन्- म पनि उनीहरूसंग रहेको भए म पनि ठूलो सफलता प्राप्त गर्ने थिएँ। ७४- तसर्थ जुन मानिसहरूले पारलोकिक जीवनको लागि सांसारिक जीवनलाई बेच्छन् उनीहरूले ईश्वरको मार्गमा युद्धको लागि निस्कनु पर्छ। जो व्यक्ति ईश्वरको मार्गमा युद्ध गर्छ, अनि शहीद हुन्छ वा विजयी हुन्छ, उसलाई हामीले महान प्रतिदान दिनेछौं। ७५- तिमीहरूलाई के भएको छ कि तिमीहरू युद्ध गर्दैनौ ईश्वरको मार्गमा र ती कमजोर पुरुष, महिला, बाल-बालिकाहरूका लागि जो भन्छन्- हे ईश्वर ! हामीहरूलाई यस बस्तीबाट निकाल्नुस जसका बासीहरू अत्याचारी छन् र आफ्नो तर्फबाट कोही पुष्टिकर्ता र सहयोगी पठाउनुहोस्। ७६- आस्थावानहरू ईश्वरको मार्गमा युद्ध गर्छन्, जब कि नकार्नेहरू शैतानको मार्गमा युद्ध गर्छन्। अतः तिमीहरू शैतानका साथीहरूविरुद्ध युद्ध गर। निस्सन्देह शैतानको चलखेल कमजोर छ।

७७- के तपाईंले ती मानिसहरूलाई हेर्नुभयो जसलाई भनिएको थियो- आफ्नो हात रोकेर राख, नमाज कायम गर, जकात दिने गर। अनि जब तिनीहरूलाई युद्धको आदेश भयो तब तिनीहरूमध्ये एउटा जमात मानिसहरूसँग यसरी डराउन

थाल्यो जसरी ईश्वरसँग डराउनु पर्ने थियो, बरु त्यसभन्दा पनि बढी । भन्न थाल्यो- हे हाम्रा पालनकर्ता ! हामीमाथि तपाईंले युद्ध किन अनिवार्य गर्नुभयो ? संसारबाट थप मौका किन दिनुभएन । भनिदिनुहोस्- सांसारिक फाइदा थोरै छ र ईश्वरसँग डराउनेहरूका लागि परलोक नै राम्रो हो । तिमीहरूमाथि कुनै अत्याचार हुने छैन । ७८- तिमीहरू जहाँ रहे पनि मृत्यु आएरै छोड्छ, यद्यपि तिमीहरू बलियो किल्लाभित्र बस । जब तिनीहरूलाई कुनै भलाइ पुग्छ तब भन्छन्- यो ईश्वरको तर्फबाट हो । जब तिनीहरूलाई कुनै कष्ट पुत्छ तब तिनीहरू भन्छन्- यो तपाईंको कारणले हो । भन्नुहोस्- यी सबै ईश्वरको तर्फबाट हुन् । यिनीहरूलाई के भएको छ कि यिनीहरू कुरा बुझ्दैनन् ?! ७९- तिमीहरूलाई जे जति भलाइ प्राप्त हुन्छ ईश्वरको तर्फबाट प्राप्त हुन्छ । तिमीहरूलाई जे जति कष्ट पुग्छ त्यो तिमीहरूको आफ्नै कारणले हुन्छ । हामीले तपाईंलाई सबै मानिसहरूका लागि सन्देष्टा बनाएर पठाएकाछौं । गवाहीको लागि ईश्वर नै पर्याप्त हुनुहुन्छ ।

८०- जसले रसूलका आज्ञापालन गर्यो उसले ईश्वरको आज्ञापालन गर्यो । यदि कोही विमुख हुन्छ भने हामीले तपाईंलाई उनीहरूमाथि निरीक्षक बनाएर पठाएका छैनौं । ८१- यिनीहरू भन्छन्- हामी स्वीकार गर्छौं । तर तपाईंबाट फर्केर गएपछि तिनीहरूमध्ये एउटा समूह आफले भनेको विपरीत सल्लाह गर्छ । ईश्वर तिनीहरूको गोप्य परामर्शलाई लेख्दै हुनुहुन्छ । यस चलखेलको सजाय ईश्वरले चाँडै दिनुहुनेछ । अनि तपाईं तिनीहरूलाई नजरअन्दाज गर्नुहोस् र ईश्वरमाथि भरोसा गर्नुहोस् । तपाईंको लागि ईश्वर पर्याप्त हुनुहन्छ । ८२- के यिनीहरू कुर्आनमा विचार गर्दैनन् ? यदि यो ईश्वरबाहेक अन्य कसैको तर्फबाट रहेको भए यसमा धेरै विरोधाभाष पाउने थिए । ८३- जब तिनीहरूलाई शान्ति वा डरको कुनै कुरा पग्छ तब तिनीहरू फैलाइदिन्छन् । यदि तिनीहरूले यो कुरा रसूल र आधिकारिक व्यक्तिहरूसमक्ष पुर्याएका भए उनीहरूमध्ये अनुसन्धान गर्नेहरू

त्यसको वास्तविक्तालाई जान्ने थिए। यदि तिमीहरूमाथि ईश्वरको कृपा तथा दया न भए भए केही मानिसहरूबाहेक तिमीहरू शैतानको अनुसरण गर्ने थियौ।

८४- अनि युद्ध गर्नुहोस् ईश्वरको मार्गमा। तपाईंमाथि आफूबाहेक कसैको जिम्मेबारी छैन। आस्थावानहरूलाई युद्धको लागि प्रोत्साहित गर्नुहोस्। आशा छ, ईश्वरले नकार्नेहरूको शक्तिलाई परास्त गर्नुहुनेछ। ईश्वर सर्वाधिक शक्तिशाली तथा कडा सजाय दिनेवाला हुनुहुन्छ। ८५- जसले राम्रो कुराको पक्षमा बोल्नेछ, त्यसको पुण्यमा उसको पनि अंश हुनेछ। जसले त्यसको विरोमा बोल्नेछ, त्यसमा उसको पनि अंश हुनेछ। ईश्वर हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ। ८६- जब कसैले तिमीहरूका लागि प्रार्थना गर्छ तब तिमीहरूले पनि उसको लागि प्रार्थना गर त्यसभन्दा अझ राम्रो तरिकाले वा त्यस्तै। निस्सन्देह ईश्वर हरेक कार्यको हिसाब लिनेवाला हुनुहुन्छ। ८७- ईश्वर नै उपास्य हुनुहुन्छ, उहाँ बाहेक कोही उपास्य छैन। उहाँले तिमीहरूलाई महाप्रलयको दिन एकत्रित गर्नुहुनेछ, जसको आगमनमा कुनै सन्देह छैन। ईश्वर भन्दा बढी सत्य कुरा अरु कसको हुन सक्छ र?

८८- तिमीहरूलाई के भएको छ, मोनाफिकहरूको मामिलामा तिमीहरू दुई गुटमा हुँदैछौ? जब कि ईश्वरले तिनीहरूलाई तिनीहरूको कुकर्मको कारणले उल्टो फेर्नुभएको छ। जसलाई ईश्वरले पथभ्रष्ट पार्नु भएको छ, त्यसलाई तिमीहरूले सत्मार्ग देखाउन खोज्छौ? जसलाई ईश्वरले पथभ्रष्ट पार्नुभएको छ त्यसलाई कुनै पनि तरिकाले मार्गदर्शन गर्न सकिँदैन। ८९- तिनीहरू के चाहन्छन् भने तिमीहरू पनि तिनीहरू झैं इन्कार गर, ताकि तिमीहरू सबै एकसमान होउ। अतः तिनीहरूमध्ये कसैलाई घनिष्ट मित्र नबनाउ, यहाँसम्म कि तिनीहरू पलायन गरुन्। यदि तिनीहरू यस कुरालाई स्वीकार गर्दैनन् भने तिनीहरूलाई समात र जहाँ भेट्छौ त्यहीं हत्या गर। तिनीहरूमध्ये कसैलाई साथी र मित्र नबनाऊ। ९०- तर यस्तो व्यक्ति जसको सम्बन्ध यस्तो समुदायसँग छ जोसंग तिमीहरूको संधि छ वा यस्ता व्यक्तिहरू जो खिन्न भएका छन् तिमीहरूको युद्धबाट र आफ्नो

समुदायको युद्धबाट। ईश्वरले चाहेको भए तिनीहरू तिमीहरूविरुध्द शक्ति प्रदान गर्नुहुन्थ्यो र तिनीहरू तिमीहरूविरुद्ध युद्ध गर्ने थिए। यदि तिनीहरू युद्ध गर्दैनन् अनि तिमीहरूसँग सम्झौता गर्न चाहन्छन् भने ईश्वरले तिनीहरूमाथि आक्रमण गर्ने अनुमति दिनुहुन्न। ९१- तिमीहरूले केही यस्ता मानिसहरू पनि भेट्टाउनेछौ जो तिमीहरूबाट पनि सुरक्षित रहन चाहन्छन् र आफ्ना समुदायको तर्फबाट पनि सुरक्षित रहन चाहन्छन्। तर जब तिनीहरू कुनै उत्पिडनको अवसर पाउँछन् तब त्यसमा लिप्त हुन्छन्। यदि यस्ता व्यक्तिहरूले तिमीहरूको पक्षमा रहदैनन्, सन्धि गर्दैनन् र हात रोक्दैनन् भने जहाँ भेट्छौ तिनीहरूलाई समात र हत्या गर। हामीले यस्ता मानिसहरूवरुध्द तिमीहरूलाई स्पष्ट प्रमाण दिएका छौं।

९२- आस्थावानले कुनै आस्थावानको हत्या गर्नु हुँदैन सिवाय भुलचुकको। यदि कसैले भुलचुकमा गर्यो भने जरिवाना स्वरूप एउटा आस्थावान दासलाई मुक्त गर्नु पर्दछ र त्यसको वारिसलाई रक्त-मूल्य तिर्नु पर्दछ। तर उनीहरूले माफ गर्छन् भने त्यो तिर्नुपर्दैन। यदि हताहत भएको व्यक्ति तिम्रो शत्रु समुदायमध्येको र आस्थावान छ भने एक जना आस्थावान दासलाई मुक्त गर्नु पर्दछ। यदि हताहत भएको व्यक्ति सन्धि भएको समुदायमध्येको छ र मुस्लिम छ भने उसले त्यसको वारिसलाई अर्थ-दण्ड तिर्नुपर्छ र एक जना आस्थावान दासलाई मुक्त गर्नुपर्छ। जोसंग धनसम्पत्ति छैन भने उसले निरन्तर दुई महिनाको ब्रत राख्नुपर्दछ यो क्षमादान हो ईश्वरको तर्फबाट। ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ। ९३- जसले जानिबुझीकन आस्थावानको हत्या गर्छ, त्यसको सजाय नर्क हो जसमा ऊ सदासर्वदा रहनेछ। उसमाथि ईश्वरको रीस तथा धिक्कार छ। ईश्वरले उसको लागि कठोर यातना तयार पार्नुभएको छ।

९४- हे आस्थावानहरू हो ! जब तिमीहरू ईश्वरको मार्गमा प्रस्थान गर्छौ तब राम्ररी खोजबिन गर र जसले सलाम गर्छ उसलाई यो नभन कि तिमी मुस्लिम होइन। यदि तिमीहरू सांसारिक जीवनको धनसम्पत्ति चाहन्छौ भने ईश्वरसँग धेरै

सम्पत्ति छ। तिमीहरू पनि पहिले त्यस्तै थियौ अनि ईश्वरले तिमीहरूमाथि कृपा गर्नुभयो तसर्थ तिमीहरू छान-बिन गर्ने गर। निश्चय नै तिमीहरूका कार्यहरूसित ईश्वर अवगत हुनुहुन्छ। ९५- कुनै मजबूरीबिना घरमै बस्नेहरू र ईश्वरको मार्गमा जीउ-धनले युध्द गर्नेहरू समान हुन सक्दैनन्। ईश्वरले बिना मजबूरी बसिरहनेहरूको तुल्नामा आफ्नो जीउ-धनकासाथ युध्द गर्नेहरूको दर्जा उच्च राख्नु भएको छ। सबैसित ईश्वरले भलाइको वाचा गर्नु भएकोछ। धर्म-युध्द गर्नेहरूसित बसिरहनेहरूको तुलनामा ठूलो प्रतिदान दिनुहुनेछ। ९६- उनीहरूका लागि ईश्वरको तर्फबाट उच्च दर्जाहरू, क्षमादान तथा दया छन्। ईश्वर अति क्षमाशील तथा परम दयालु हुनुहुन्छ।

९७- जुन मानिसहरू आफ्नो नरनम्रो गर्दैछन् तिनीहरूको आत्मालाई समातेर देवदूतहरूले सोध्नेछन्- तिमीहरू कुन अवस्थामा थियौ ? उनीहरूले भन्नेछन्- हामीहरू धर्तीमा विवश थियौं। फरिश्ताहरूले भन्नेछन्- के ईश्वरको धर्ती विशाल थिएन कि तिमीहरू आफनो भूमि छोडेर त्यहाँ पलायन गर्न सक्थ्यौ। तिनीहरू नै हुन् जसको बासस्थान नर्क हो र कति नराम्रो बास स्थान हो नर्क ! ९८- सिवाय विवश पुरुष, महिला तथा बच्चाहरू जो कुनै उपाय गर्न सक्दैनन् र जो कुनै मार्ग पाउँदैनन्। ९९- आशा छ ईश्वरले उनीहरूलाई माफ गर्नुहुन्छ । ईश्वर क्षमाशील र माफ गर्नेवाला हुनुहुन्छ। १००- जो कसैले ईश्वरको मार्गमा पलायन गर्छ, उसले त्यहाँ ठूलो बास-स्थान र फराकिलो ठाउँ पाउनेछ। जो कोही आफ्ना घरबार छोडेर ईश्वर एवं उहाँका रसूल तर्फ पलायन गर्नेछ र उसको मृत्यु हुन्छ भने उसको प्रतिदान अवश्यरूपमा ईश्वरकहाँ निश्चित भयो। ईश्वर क्षमाशील तथा परम दयालु हुनुहुन्छ।

१०१- जब तिमीहरू यात्रामा निस्कन्छौ तब नमाजलाई कस्र (कम) गरेमा कुनै पाप छैन, यदि तिमीहरूलाई नकार्नेहरूले सताउनेछन् भन्ने डर छ भने। निस्सन्देह नकार्नेहरू तिमीहरूका स्पष्ट शत्रु हुन्। १०२- जब तपाईं

आस्थावानहरूका साथमा हुनुहुन्छ र उनीहरूसँग नमाज कायम गर्नुहुन्छ भने एउटा जमातले तपाईंसँग उभोस् र हतियार आफूसँग राखोस् । त्यस जमातले सज्दा गरेपछि अलप होस् र दोस्रो नमाज न पढेको जमात आओस् अनि तपाईंसंग नमाज पढोस् । त्यो जमातले पनि हतियार लिएको होस् । नकार्नेहरू के कामना गर्छन् भने तिमीहरू आफ्नो हात-हतियार तथा सर-सामानबाट असावधान होउ अनि तिनीहरूले तिमीहरूमाथि अकस्मात आक्रमण गरुन् । वर्षाको कारणले कष्ट भएमा वा विरामी भएमा यदि तिमीहरूले हतियार बोक्दैनौ भने तिमीहरूलाई कुनै पाप लाग्दैन । तर बचावको सामान लि राख । ईश्वरले नकार्नेहरूका लागि अपमानजनक यातना तैयार पार्नुभएको छ । १०३- नमाज पुरा गरेपछि उभिएको, बसेको, ढल्किएको अवस्थामा ईश्वरलाई स्मरण गर्ने गर । निश्चिन्त भएपछि नमाज कायम गर । आदेश दिइएको सबै अनिवार्य तथा ऐच्छिक स्तम्भ तथा कार्य पुरा गर्दै नमाज काम गर । निस्सन्देह मोमिनहरूमाथि समयको पालनाका साथ नमाज अनिवार्य गरिएको छ । १०४- नकार्नेहरूलाई लखेट्नमा ढीला नगर । यदि तिमीहरू कष्ट भोग्दैछौ भने तिनीहरू पनि तिमीहरूझैं कष्ट भोग्दैछन् । तिमीहरूले जे जति भोग्दैछौ तिनीहरू पनि त्यही भोग्दैछन् । तिमीहरू ईश्वरसित जुन आशा राख्दछौ तिनीहरू त्यस्तो आशा राख्दैनन् । ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ ।

१०५- निस्सन्देह हामीले तपाईंमाथि सत्यका साथ किताब अवतरण गरेकाछौं ताकि तपाईंले ईश्वरले सिकाए अनुसार मानिसहरूबीच निर्णय गर्नुहोस् । विश्वासघातीहरूको पक्षधर नबन्नुहोस् । १०६- ईश्वरसित क्षमायाचना गर, उहाँ क्षमाशील एवं परम दयालु हुनुहुन्छ । १०७-तपाईं ती मानिसहरूको पक्षमा वादविवाद न गर्नुहोस् जो आफैंसंग धोका गर्दैछन् । निस्सन्देह ईश्वर हिनमिना गर्ने तथा पाप गर्नेहरूलाई मन पराउनुहुन्न । १०८- तिनीहरू मानिसहरूसंग लाज मान्छन् तर ईश्वरबाट लाज मान्दैनन्, जब कि उहाँ तिनीहरूसंग हुनुहुन्छ जब

तिनीहरू यस्तो कुराबारे कानेखुसी गर्छन् जसलाई ईश्वर मन पराउनुहुन्न। ईश्वरले तिनीहरूका कर्महरूलाई घेरामा लिनुभएको छ।

१०९- तिमीहरूले त सांसारिक जीवनमा तिनीहरूको पक्षमा वाद विवाद गर्यौ तर महाप्रलयको दिन ईश्वरसमक्ष तिनीहरूको पक्षमा कसले वाद विवाद गर्छ ! वा को तिनीहरूको काम आउँछ ? ११०- जसले कुनै दुष्कर्म गर्छ वा स्वयंमाथि अत्याचार गर्छ अनि ईश्वरसित क्षमायाचना गर्छ भने उसले ईश्वरलाई माफ गर्नेवाला तथा दयालु पाउनेछ। १११- जसले कुनै पाप गर्छ आफ्नै विरुध्द गर्छ। ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ। ११२- जसले कुनै गल्ती वा पाप गर्छ अनि त्यसको दोष कुनै निर्दोषमाथि लगाउँछ उसले निश्चय नै एउटा अभियोग र ठूलो झूठ आफ्नो टाउकोमाथि उठाउँछ। ११३- यदि तपाईंमाथि ईश्वरको वरदान एवं कृपा नरहेको भए एउटा समूहले तपाईंलाई पथभ्रष्ट गर्ने सङ्कल्प गरिसकेको थियो, जब कि तिनीहरूले आफैंलाई पथभ्रष्ट गर्दैछन्। तिनीहरूको तपाईंलाई कत्ति पनि हानि पुर्याउन सक्दैनन्। ईश्वरले तपाईंमाथि किताब तथा तत्वदर्शिता अवतरण गर्नुभएको छ र ज्ञान नभएको कुराहरू सिकाउनु भएको छ। तपाईंमाथि ईश्वरको ठूलो वरदान छ।

११४- मानिसहरूका अधिकांश गोप्य परामर्शमा कुनै भलाइ हुँदैन। अँ, जसले दान गर्न, सुकार्य गर्ने वा दुई पक्षबीच मेल मिलाप गराउन कानेखुसी गर्छ भने त्यो राम्रो कानेखुसी हो। जसले ईश्वरको प्रसन्नताको लागि यस्तो गर्छ, हामीले उसलाई ठूलो पुण्य प्रदान गर्नेछौं। ११५- जो रसूलको विरोध गर्छ, सत्मार्ग स्पष्ट भएपछि आस्थावानहरूबाहेक अरू कुनै मार्गको अनुसरण गर्छ, हामीले त्यसतालाई त्यसै मार्गमा लग्नेछौं जसतर्फ ऊ लाग्छ। उसलाई नर्क फ्याँक्नेछौं, कति नराम्रो ठेगाना हो नर्क !

११६- निस्सन्देह ईश्वरले आफूसंग कसैलाई साझेदार ठहर गर्ने पापलाई कदापि माफ गर्नुहुने छैन। त्यसबाहेक अरू पापलाई माफ गर्नुहुन्छ जसको लागि

चाहनुहुन्छ । जसले ईश्वरसँग कसैलाई साझेदार बनायो ऊ पथभ्रष्ट भएर धेरै टाढा पुग्यो । ११७- तिनीहरूले ईश्वरलाई छोडी देवीहरू र विद्रोही शैतानलाई पुकार्दछन् । ११८- त्यसमाथि ईश्वरको धिक्कार छ । शैतानले भनेको थियो म तपाईंका भक्तहरूसित एउटा निश्चित अंश लिएरै छोडनेछु । ११९- म तिनीहरूलाई पथभ्रष्ट गर्नेछु, आशा दिलाउनेछु । म तिनीहरूलाई सम्झाउनेछु अनि तिनीहरूले ईश्वरको संरचनामा फेरबदल गर्नेछन् । जसले ईश्वरलाई छोडी शैतानलाई मित्र बनाउँछ ऊ हानिमा पर्यो । १२०- शैतान तिनीहरूसँग वाचा गर्छ र आकांक्षाको जालमा अल्झाउँछ । शैतानका सबै वाचाहरू धोका मात्र हुन् । १२१- यस्ता मानिसहरूको ठेगाना नर्क हो । तिनीहरूले त्यसबाट बाँच्ने कुनै बाटो पाउने छैनन् । १२२- जो मानिसहरूले सत्कर्म गरे उनीहरूलाई त्यस्ता बगैंचाहरूमा प्रवेश गराउनेछौं जसको तलतिरबाट नदीहरू बगिरहेका हुनेछन् । ईश्वरको वचन पक्का हो । ईश्वरभन्दा बढी आफ्नो वचनमा को सत्य हुन सक्छ ।

१२३- न तिमीहरूको इच्छामा निर्भर छ न यहूदी र ईसाईको कामनामा नै । जसले पनि दुष्कर्म गर्छ त्यसको सजाय पाउनेछ । ईश्वरबाहेक उसले कुनै समर्थक र सहयोगी पाउने छैन । १२४- पुरुष होस् वा नारी जसले पनि ईश्वरमाथि पक्का आस्था ल्याएर सत्कर्म गर्छ ऊ स्वर्गमा प्रवेश गर्छ । उसमाथि रत्ती बराबर अत्याचार गरिने छैन ।

१२५- त्यो व्यक्तिभन्दा राम्रो कसको धर्म हुन सक्छ जो आफ्नो अनुहार ईश्वरसमक्ष झुकाउँछ र सत्कर्म गर्छ । जो एकाग्र भएर इब्राहीमको धर्मको पालना गर्छ । इब्राहीमलाई ईश्वरले आफ्नो मित्र बनाउनुभयो । १२६- आकाशहरू तथा धर्तीमा रहेका सबै वस्तुहरू ईश्वरकै हुन् । सम्पूर्ण चिजलाई ईश्वरले आफ्नो अधिनमा लिनुभएको छ ।

१२७- मानिसहरू तपाईंसँग महिलाको हक अधिकारबारे सोध्दछन् । भनिदिनुहोस्- ईश्वर तिमीहरूलाई तिनीहरूबारे आदेश दिनुहुन्छ र किताबमा

रहेका ती श्लोकहरू पनि पढेर सुनाइन्छन् जो अनाथ महिलाहरूबारे छन्, जसलाई तिमीहरूले निर्धारित हक दिदैनौ र तिनीहरूसँग विवाह पनि गर्न चाहन्छौ । यी श्लोकहरू दुर्बल बाल बालिकाहरूको बारेमा छन् । अनाथहरूसँग निसाफ गर । तिमीहरूले जे जति भलाइ गर्छौ त्यसलाई ईश्वर राम्ररी जान्नुहुन्छ । १२८- यदि कुनै पत्नीलाई उनको पतिले नराम्रो व्यवहार गर्ने तथा बेवास्ता गर्ने आशङ्का छ भने दुवैले परस्पर सम्झौता गरेमा कुनै आपत्ति छैन । सम्झौता नै उत्तम हुन्छ । लालच तथा कञ्जुस्याईं मानिसहरूको प्रकृतिमा राखिएको छ । यदि तिमीहरूले राम्रो व्यवहार गर्छौ र ईश्भय अपनाउँछौ भने ईश्वर तिमीहरूको कार्यसित अवगत हुनुहुन्छ । १२९- तिमीहरूले चाहेर पनि पत्नीहरूबीच न्याय गर्न सक्दैनौ । अनि तिमीहरू एकैतर्फ न झुकि हाल कि अर्कीलाई झुण्डिएको अवस्थामा छोडिदेउ । यदि तिमीहरू सुधार गर्छौ र ईश्वरसँग डराउँछौ भने निश्चय नै उहाँ अति क्षमाशील एवं परम दयालु हुनुहुन्छ । १३०- यदि पति-पत्नी एकअर्काबाट सम्बन्ध बिछेद गर्छन् भने ईश्वरले ती दुवैलाई आफ्नो कृपाले आत्मनिर्भर तुल्याउनुहुनेछ । ईश्वर विशाल र तत्वदर्शी हुनुहुन्छ ।

१३१- आकाशहरू र पृथ्वीमा रहेका सबै वस्तु ईश्वर कै हुन् । हामीले आदेश दिएका छौं तपाईंभन्दा अघि किताब प्रदान गरिएकाहरूलाई र तिमीहरूलाई पनि कि ईश्वरसंग डराउ । यदि तिमीहरूले मानेनौ भने जानि राख आकाशहरू एवं पृथ्वीमा रहेका सम्पूर्ण चिज ईश्वर कै हुन् । ईश्वर सम्पन्न र सबै गुणहरूका मालिक हुनुहुन्छ । १३२- ईश्वरकै हुन् जेजति आकाशहरू एवं पृथ्वीमा छन् । भरोसाको लागि ईश्वर पर्याप्त हुनुहुन्छ । १३३- यदि ईश्वरले चाहनुभएमा तिमीहरूलाई सखाप पारेर अन्य जातिलाई ल्याउनुहुनेछ । ईश्वर यसको सामर्थ्य राख्नुहुन्छ । १३४- जसले यस संसारको भलाइ चाहन्छ, उसले यो कुरा जान्नुपर्छ, ईश्वरकहाँ लोक एवं परलोक दुवैको भलाइ छ । ईश्वर सर्वश्रोता र सर्वद्रष्टा हुनुहुन्छ ।

१३५- हे आस्थावानहरू हो ! निसाफमा एकदमै कायम रहनेवाला र ईश्वरको

लागि गवाही दिनेवाला बन, चाहे तिम्रा आमा–बाबु वा नातेदारहरूकै विरुद्धमा किन नजाओस् । यदि कोही धनि छ वा निर्धन, ईश्वर नै दुवैका लागि अधिक हितैषी हुनुहुन्छ । अतः तिमीहरू आफ्ना इच्छाको अनुसरण नगर कि सत्यबाट हट । यदि तिमीहरूले गलत वा कमि गर्छौ भने जानि राख जेजति तिमीहरू गर्दछौ त्यसबाट ईश्वर अवगत हुनुहुन्छ ।

१३६- हे आस्थावानहरू हो ! आस्था ल्याउ ईश्वरमाथि, उहाँका रसूलमाथि, उहाँले आफ्ना रसूलमाथि अवतरण गर्नुभएको किताबमाथि र यसभन्दा पूर्व आफ्ना रसूलहरूमाथि अवतरण गर्नुभएको किताबहरूमाथि । जसले इन्कार गर्छ ईश्वर, उहाँका फरिश्ताहरू, किताबहरू, रसूलहरू र महाप्रलयको, ऊ पथभ्रष्ट भएर धेरै टाढा पुग्यो । १३७- यस्ता मानिसहरू जसले आस्था ल्याए, अनि इन्कार गरे, फेरि आस्था ल्याए त्यसपछि इन्कार गरे अनि इन्कारमै बढदै गए ईश्वरले त्यस्ता मानिसहरूलाई कहिल्यै माफ गर्नुहुन्न र न तिनीहरूलाई सीधा नै देखाउनुहुनेछ । १३८- ढोंगीहरूलाई दुःखदायी यातनाको शुभसूचना दिनुहोस् । १३९- के जुन मानिसहरू आस्थावानहरूलाई छोडेर नकार्नेहरूलाई मित्र बनाउँछन् के तिनीहरू सम्मान प्राप्त गर्न चाहन्छन् ? सम्पूर्ण सम्मान त ईश्वरको लागि हो ।

१४०- ईश्वरले किताबमा यो आदेश अवतरण गर्नुभएको छ, जब तिमीहरू ईश्वरका निशानीहरूको इन्कार तथा मजाक गरेको सुन्छौ तब तिमीहरू त्यहाँ न बस । जब तिनीहरू अर्को कुरामा व्यस्त हुन्छन् भने तब त्यहाँ बस्न सक्छौ । नत्र तिमीहरू पनि तिनीहरू जस्तै हुन पुग्छौ । ईश्वरले पाखण्डीहरू र नकार्नेहरूलाई नर्कमा एउटै स्थानमा एकत्रित गर्नुहुनेछ । १४१- पाखण्डीहरू तिमीहरूको प्रतीक्षामा रहन्छन् । यदि तिमीहरूलाई ईश्वरको तर्फबाट कुनै जीत प्राप्त हुन्छ भने तिनीहरू भन्छन्- के हामी तिमीहरूसँग थिएनौं ? यदि नकार्नेहरूलाई कुनै अंश प्राप्त हुन्छ भने तब तिनीहरू भन्छन्- के हामीहरू तिमीहरूविरुध्द युध्द गर्ने शक्ति राख्दैन थियौं तै पनि हामीहरूले तिमीहरूलाई मुस्लिमहरूबाट जोगायौं ?!

ईश्वरले नै महाप्रलयका दिन तिमीहरूबीच फैसला गर्नुहुनेछ र नकार्नेहरूलाई आस्थावानहरूविरुद्ध कुनै बाटो दिनुहुने छैन।

१४२- पाखण्डीहरू ईश्वरसंग धोकेबाजी गर्छन् तर वास्तवमा ईश्वरले नै तिनीहरूलाई धोकामा राख्नु भएको छ। तिनीहरू नमाजको लागि उभिँदा अल्छी गर्दै उभिन्छन्, मानिसहरूलाई देखाउनको लागि । तिनीहरू ईश्वरलाई थोरै याद गर्छन्। १४३- तिनीहरू दुवैबीच झुण्डिएका छन्। नत यता तिर छन् न उता तिर। ईश्वरले जसलाई पथभ्रष्ट पार्नुहुन्छ उसलाई तपाईंले मार्गदर्शन गर्न सक्नुहुन्न। १४४- हे आस्थावानहरू हो ! आस्थावानहरूलाई छोडी नकार्नेहरूलाई आफ्ना मित्र नबनाउ। के तिमीहरू आफ्नै विरुद्धमा ईश्वरलाई स्पष्ट प्रमाण दिन चाहन्छौ ?! १४५- निस्सन्देह पाखण्डीहरू नर्कको सबभन्दा तल्लो खण्डमा हुनेछन् र तपाईंले तिनीहरूका लागि कुनै सहयोगी पाउनुहुने छैन। १४६- तर जसले प्रायश्चित गर्छन्, आफ्नो सुधार गर्छन्, ईश्वरलाई बलपूर्वक समात्छन्  र आफ्नो धर्मलाई ईश्वरको लागि निष्कपट पार्छन् भने तिनीहरू आस्थावानहरूका साथमा हुनेछन्। ईश्वरले आस्थावानहरूलाई ठूलो पुण्य प्रदान गर्नुहुनेछ । १४७- ईश्वरले तिमीहरूलाई यातना किन दिनुहुनेछ यदि तिमीहरू आभार व्यक्त गर्छौ र आस्था ल्याउँछौ भने ईश्वर अति कदर गर्नेवाला तथा कृपावान हुनुहुन्छ।

१४८- अपशब्द बोल्नु ईश्वरलाई मन पर्दैन, तर यस अवस्थामा कि कसैमाथि अत्याचार गरिएको होस् । ईश्वर सर्वश्रोता र सर्वद्रष्टा हुनुहुन्छ । १४९- यदि तिमीहरू भलाइलाई जाहेर गर वा लुकाउ, वा कसैको दुष्टतालाई माफ गर ईश्वर क्षमाशील एवं सर्वशक्तिमान हुनुहुन्छ । १५०- जुन मानिसहरू ईश्वर तथा उहाँका रसूलहरूलाई इन्कार गर्दछन्, ईश्वर तथा उहाँका रसूलहरूबीच विभेद गर्न चाहन्छन् र भन्दछन्- हामी केहीमाथि आस्था राख्दछौं र केहीलाई इन्कार गर्दछौं, त्यस्ता मानिसहरू आस्था तथा कुफ्रबीच एउटा नयाँ बाटो निकाल्न खोजीरहेका छन् । १५१- यस्ता मानिसहरू पक्का नकार्ने हुन् । हामीले नकार्नेहरूका लागि

अपमानजनक यातना तयार पारेका छौं। १५२- जुन मानिसहरूले ईश्वर र उहाँका रसूलमाथि आस्था ल्याए र उनीहरूबीच विभेद गरेनन्, उनीहरूलाई ईश्वरले बदला दिनुहुनेछ। ईश्वर क्षमाशील तथा परम दयालु हुनुहुन्छ।

१५३- अहले किताब माग गर्दैछन्- आकाशबाट किताब अवतरित गरिदिनुहोस्। तिनीहरूले योभन्दा ठूलो माग मूसासँग गरेका थिए। तिनीहरूले माग गरेका थिए- हामीलाई प्रत्यक्ष ईश्वर देखाउनुहोस्। तिनीहरूको यस अत्याचारले गर्दा तिनीहरूमाथि बज्रपात भएको थियो। खुल्ला निशानीपछि तिनीहरूले बाछाको पूजा गर्न थाले। अनि हामीले तिनीहरूलाई माफ गर्यौं। हामीले मूसालाई स्पष्ट प्रमाण प्रदान गर्यौं। १५४- हामीले तिनीहरूमाथि तूर पहाडलाई उठायौं, तिनीहरूसित वचन लिनको लागि। हामीले तिनीहरूलाई भन्यौं- ढोकाभित्र टाउको निहुराउँदै प्रवेश गर। तर तिनीहरू त्यसमा बसेर घिस्रदै प्रवेश गरे। हामीले तिनीहरूलाई शनिवारको नियमको उल्लङ्घन नगर्ने आदेश दियौं। हामीले तिनीहरूलाई भन्यौं- सब्त (शनिवार) को मामिलामा जियादती न गर। हामीले तिनीहरूसँग दृढ वचन लियौं।

१५५- तिनीहरूलाई यस कारणले सजाय मिल्यो कि तिनीहरूले वचनलाई भङ्ग गरे, ईश्वरका निशानीहरूको इन्कार गरे, सन्देष्टाहरूको अनाहक हत्या गरे र तिनीहरूको यस भनाइको कारणले कि हाम्रो हृदय बन्द छ। बरु तिनीहरूको इन्कारको कारणले ईश्वरले तिनीहरूका हृदयहरूमा मोहर लगाइदिनुभएको छ जसले गर्दा तिनीहरू कमै आस्था ल्याउँछन्। १५६- यस कारणले पनि कि तिनीहरूले इन्कार गरे र मर्यममाथि ठूलो आरोप लगाए। १५७- यस कारणले पनि कि तिनीहरूले भने- हामीले ईश्वरका रसूल मर्यम पुत्र ईसा मसीहको हत्या गरेका हौं। जबकि तिनीहरूले न त उनको हत्या गरे न शूली नै चढाए। बरु मामिला तिनीहरूमन लागि शंकास्पद बनाइयो। जुन मानिसहरू यसमा विभेद गर्दैछन् तिनीहरू शंकामा छन्। तिनीहरूलाई यसको कुनै ज्ञान छैन। तिनीहरू

भ्रमको अनुसरण गर्दैछन् । वास्तवमा तिनीहरूले ईसा मसीहको हत्या गरेनन् । १५८- बरु ईश्वरले उनलाई आफूतर्फ उठाउनुभयो। ईश्वर प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ।

१५९- अहले-किताबमध्ये कोही छैन जो ईसाको मृत्युअघि उनीमाथि आस्था ल्याउने छैन् र महाप्रलयको दिन उनले तिनीहरूको गवाही दिनेछन् । १६०- यहूदीहरूको अत्याचारको कारणले तिनीहरूका लागि वैध रहेका पवित्र चिजहरूलाई हामीले अवैध गरिदियौं र यस कारणले कि तिनीहरू मानिसहरूलाई ईश्वरको मार्गबाट रोक्ने गर्थे । १६१- यस कारणले कि तिनीहरू ब्याज लिने गर्थे जब कि त्यसबाट मनाहि गरिएको थियो । यस कारणले पनि कि तिनीहरू मानिसहरूको सम्पत्ति अनाहक खाने गर्थे । हामीले तिनीहरूमध्ये नकार्नेहरूका लागि दुःखदायी यातना तयार पारेकाछौं। १६२- तर तिनीहरूमध्ये गहिरो ज्ञानराख्नेहरू र आस्थावानहरूले तपाईंमाथि अवतरित किताब र तपाईं भन्दाअघि अवतरित गरिएका किताबहरूमा विश्वास गर्दछन्, नमाज कायम गर्छन् र जकात दिन्छन्, ईश्वरमाथि र महाप्रलयको दिनमाथि विश्वास गर्दछन् । यस्ता मानिसहरूलाई हामी अवश्य ठूलो प्रतिदान दिनेछौं।

१६३- हामीले तपाईंतर्फ त्यसरी नै प्रकाशना पठाएका छौं जसरी हामीले नूह र उनी पछि आउने सन्देष्टाहरू तर्फ प्रकाशना पठायौं। हामीले इब्राहीम, इस्माईल, इस्हाक, याकूब तथा याकूबका सन्तानहरू, ईसा, अय्यूब, यूनुस, हारून र सुलैमानतर्फ प्रकाशना पठायौं । अनि दाऊदलाई हामीले जबूर प्रदान गर्यौं । १६४- हामीले यस्ता रसूलहरू पठायौं जसको अवस्था हामी पहिला बताइ सकेका छौं र यस्ता रसूलहरू पनि जसको अवस्था बताएका छैनौं । मूसासँग ईश्वरले कुरा गर्नुभयो । १६५- ईश्वरले रसूलहरूलाई शुभ-सूचक तथा सचेतक बनाएर पठाउनु भयो, ताकि रसूलहरूपश्चात् मानिसहरूका लागि ईश्वरविरुध्द कुनै प्रमाण नरहोस्। ईश्वर प्रभुत्वशाली एवं तत्वदर्शी हुनुहुन्छ।

१६६- तर ईश्वरले तपाईंमाथि जे जति अवतरित गर्नुभएको छ त्यसमाथि गवाह हुनुहुन्छ कि उहाँले आफ्नो ज्ञान अनुसार अवतरित गर्नुभयो, देवदूतहरू पनि साक्षी छन् । ईश्वर गवाहीको लागि पर्याप्त हुनुहुन्छ । १६७- जुन मानिसहरूले इन्कार गरे र मानिसहरूलाई ईश्वरको मार्गबाट रोके तिनीहरू सत्यबाट धेरै टाढा निस्किसकेका छन् । १६८- जुन मानिसहरूले इन्कार गरे र अत्याचार गरे ईश्वरले तिनीहरूलाई कदापि माफ गर्नुहुने छैन र न तिनीहरूलाई कुनै मार्ग नै देखाउनुहुनेछ । १६९- सिवाय नर्कतर्फ लिएर जाने मार्ग, जसमा तिनीहरू सदासर्वदा रहने छन् र यो ईश्वरका लागि सरल छ । १७०- हे मानव ! तिमीहरूसमक्ष ईशदूत आइसक्नु भएको छ तिम्रा पालनकर्ताको ठीक कुरा लिएर । अतः तिमीहरू मानि हाल, यसैमा तिमीहरूको भलो छ । यदि तिमीहरूले मान्दैनौ भने जानिराख ईश्वर कै हुन् जे जति आकाशहरू र धर्तीमा छन् । ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ ।

१७१- हे अहले किताब ! आफ्नो धर्ममा बढाइ चढाइ नगर र ईश्वरको बारेमा नितान्त सत्यबाहेक केही नभन । मर्यम-पुत्र ईसा मसीह केवल ईश्वरका सन्देष्टा र वाणी हुन् जसलाई मर्यमतर्फ पठाउनुभयो । उनी ईश्वरको तर्फबाट एउटा आत्मा हुन् । अतः ईश्वर एवं उहाँका रसूलहरूमाथि आस्था ल्याउ । ईश्वर तीनवटा छन् न भन; यसबाट रोकिहाल । तिमीहरूका लागि यही राम्रो हो । पूज्य त मात्र एक ईश्वर हुनुहुन्छ । उहाँ यस कुराबाट पवित्र हुनुहुन्छ कि उहाँका सन्तानहरू होउन् । जेजति आकाशहरू र धर्तीमा छन् सबै उहाँकै हुन् । कार्य-सञ्चालकको रूपमा ईश्वर नै पर्याप्त हुनुहुन्छ । १७२- मर्यम पुत्र ईसा आफू ईश्वरका एक सेवक हुनुमा कहिल्यै अपमान ठान्दैनन् न निकटवर्ती फरिश्ताहरूले पनि आफू ईश्वरका भक्त हुने कुरालाई अपमान ठान्दछन् । जसले ईश्वरको भक्तिलाई आफ्नो लागि अपमान ठान्छ र घमण्ड गर्छ ईश्वरले यस्ता सबैलाई महाप्रलयको दिन भेला पार्नुहुनेछ । १७३- जसले ईश्वरमाथि आस्था ल्याए, सत्कर्म गरे, उनीहरूलाई ईश्वरले पुरा-पुरा बदला दिनुहुनेछ । उहाँले आफ्नो कृपाबाट थपेर दिनुहुनेछ । जसले ईश्वरको भक्त

हुनमा अपमान ठानेका हुनेछन् र घमण्ड गरेका हुनेछन् तिनीहरूलाई अपमानजनक यातना दिनुहुनेछ। १७४- तिमीहरूले ईश्वरको मुकाबिलामा न कुनै मित्र पाउनेछन् न सहयोगी नै।

१७५- हे मानव ! तिमीहरूसमक्ष तिमीहरूको पालनकर्ताको तर्फबाट एउटा प्रमाण आइ सकेको छ र हामीले तपाईंमाथि एउटा स्पष्ट प्रकाश अवतरित गरेका छौं। १७६- जसले ईश्वरमाथि आस्था ल्याए र उहाँलाई बलपूर्वक समाते उनीहरूलाई ईश्वरले अवश्य आफ्नो दया र कृपामा सामेल गर्नुहुनेछ र उनीहरूलाई आफ्नो तर्फबाट सीधा मार्ग देखाउनुहुनेछ । १७७- मानिसहरू तपाईंसित आदेश सोध्छन्, भनिदिनुहोस्- ईश्वर तिमीहरूलाई कलालह् (यस्तो व्यकति जसको मृत्युहुँदा उस कुनै सन्तान छैन र उसको एक जना दिदी वा बहिनी छ भने उसले छोडेको सम्पत्तिको आधा अंश पाउनेछिन्। त्यो पुरुष बहिनहीको वारिस हुनेछ यदि त्यस बहिनीको कुनै सन्तान छैन भने। यदि मृतकका वारिस दुईवटी दिदीबहिनी छिन् भने उनीहरू उसले छाडेको सम्पत्तिमध्ये दुई तिहाई अंशका पाउनेछिन्। यदि कैयौं दाजुभाइ तथा दिदीबहिनीहरू छन् भने उनीहरू एकजना पुरुषको अंश दुई महिलाको अंश बराबर हुनेछ। ईश्वर तिमीहरूका लागि स्पष्टरूपमा उल्लेख गर्नुहुन्छ ताकि तिमीहरू पथभ्रष्ट न होऊ। ईश्वर हरेक चिजको ज्ञान राख्नुहुन्छ।

## सूरह अल्-माइदा- ५

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- हे आस्थावानहरू हो ! तिमीहरूले दिएको वचन पूरा गर। तिमीहरूका लागि चौपाया खालका सबै जनावाहरू वैध गरिएका छन् । सिवाय ती जनावरहरू जसको वर्णन आउँदैछ । तर इह्राम को अवस्थामा जनावरहरूको शिकारलाई

वैध नठान । ईश्वर जे चाहनुहुन्छ आदेश दिनुहुन्छ । २- हे आस्थावानहरू हो ! अनादर नगर ईश्वरका प्रतीकहरूको, प्रतिष्ठित महिनाहरूको, हरममा बलिका जनावरहरूको, भाकलको लागि पट्टी बाँधिएका जनावरहरूको, प्रतिष्ठित घर काबातर्फ ईश्वरको प्रसन्नता र रोजीरोटीको खोजीमा आउनेहरूको । तिमीहरू इहराम फुकालेपछि शिकार गर । तिमीहरूलाई प्रतिष्ठित घर काबाबाट रोक्ने समुदायको शत्रुताले अत्याचार तथा निसाफलाई छोड्न कदापि उत्तेजित नगरोस् । तिमीहरू पुण्य कर्म र ईशभयको काममा एकअर्काको सहयोग गर । पाप कर्म र अत्याचारको कार्यमा परस्पर सहयोग नगर । ईश्वरसँग डराऊ । निस्सन्देह ईश्वर कठोर दण्ड दिनेवाला हुनुहुन्छ ।

३- तिमीहरूमाथि अवैध गरिएका छन् मरेका जनावरहरू, रगत, सुंगुरको मासु, ईश्वरबाहेकको नाममा जबह गरिएका, घाँटी थिचेर मारिएका, चोटपटकले मरेका, माथिबाट लडेर मरेका, सिङ लागेर मरेका र कुनै जंगली जनावरले खाएका जनावरहरू तर जुन जनावरहरूलाई तिमीहरूले जीवित पाएर वध गर्यौ ती हलाल हुन् । कुनै थानमा बध गरिएका जनावरहरू पनि हराम गरिएका छन् । जुवाको तीरले भाग्य निकाल्नु पनि तिमीहरूका लागि हराम गरिएको छ । यी पाप कर्म हुन् । आज नकार्नेहरू तिमीहरूको धर्मबाट निराश भएका छन् । अतः तिमीहरू तिनीहरूसित न डराऊ, मात्र मसित डराऊ । आज मैले तिमीहरूको धर्मलाई तिमीहरूका निम्ति पूर्ण गरेको छु र तिमीहरूप्रति आफ्नो वरदान पुरा गरेको छु र तिमीहरूका लागि धर्म स्वरूप इस्लामलाई रोजेको छु । इस्लामबाहेक अन्य कुनै पनि धर्म मैले स्वीकार गर्ने छैन । जसले भोकले गर्दा विवश भएर पाप गर्ने मनशाय न राखी मृत जनावरबाट खान्छ भने ईश्वर अति क्षमाशील एवं परम दयालु हुनुहुन्छ ।

४- उनीहरू सोध्छन्- उनीहरूका निम्ति कुन वस्तु वैध गरिएका छन् ? भनिदिनुहोस्- तिमीहरूका लागि स्वच्छ वस्तुहरू वैध गरिएका छन् । ती

जनावरहरू पनि जसलाई शिकारी जनावरहरू शिकार गर्छन् जसलाई तिमीहरूले सिकाएका हुन्छौ। यी शिकारी जनावरलाई तिमीहरू त्यस ज्ञानबाट सिकाउँछौ जो ईश्वरले तिमीहरूलाई सिकाउनु भयो। तिनीहरूले शिकार गरेका जनावर खाऊ। शिकारी जनावरलाई पठाउँदा ईश्वरको नाम लिएर पठाऊ। ईश्वरसित डराऊ। निस्सन्देह ईश्वर चाँडै नै हिसाब लिनुहुन्छ। ५- आज तिमीहरूका लागि स्वच्छ चिजहरू वैध गरिएका छन्। अहले किताबले बध गरेका जनावरको मासु खान वैध छ र तिमीहरूले बध गरेका जनावरको मासु तिनीहरूका लागि वैध छ। निष्कलङ्क स्वतन्त्र आस्थावान महिलाहरू तथा अहले किताब महिलाहरूसँग पनि विवाह वैध छन्, यस शर्तमा कि तिमीहरूले उनीहरूलाई महर देऊ। तिनीहरूसंग निकाह गर, न त खुल्ला न लुकि छिपी अश्लील कार्य गर। जसले आस्थाका इन्कार गर्छ उसले गरेको सत्कर्महरू व्यर्थ हुनेछन् र ऊ परलोकमा नोक्सान बेहोर्नेहरूमध्ये हुनेछ।

६- हे अस्थावानहरू हो ! जब तिमीहरू नमाज पढ्नको लागि उठ्छौ तब तिमीहरू अनुहार तथा हात- कुहिनासम्म धोऊ र टाउकोमाथि मसह गर र आफ्ना खुट्टा गोलीगाँठोसमेत धोऊ। यदि तिमीहरू अपवित्र अवस्थामा छौ भने नुहाउ। यदि तिमीहरू बिरामी छौ वा यात्रामा छौ वा तिमीहरूमध्ये कसैले दिसापिसाब गरेको छ वा महिलासंग सहवास गरेको छ अनि पानी पाइरहेको छैन भने उसले पवित्र माटोले तयम्मुम् गरोस् र त्यसमाथि हत्केला राखी आफ्ना अनुहार तथा हातमा दलोस्। ईश्वर तिमीहरूलाई कुनै किसिमको अप्ठ्यारोमा पार्न चाहनुहुन्न बरु उहाँले तिमीहरूलाई पवित्र पार्न चाहनुहुन्छ। तिमीहरूमाथि आफ्नो वरदान पुरा गर्न चाहनुहुन्छ ताकि तिमीहरू कृतज्ञ बन।

७- आफूमाथि ईश्वरको वरदानलाई याद गर। उहाँले तिमीहरूसित लिनुभएको वचनलाई याद गर, जब तिमीहरूले भनेका थियौ- हामीले तपाईंको कुरा सुन्यौं र आज्ञापालन गर्यौं। ईश्वरसँग डराऊ। निस्सन्देह ईश्वर हृदयका रहस्यहरू पनि

जान्नुहुन्छ। ८- हे आस्थावानहरू हो ! ईश्वरको लागि कायम रहने वाला र न्यायका साथ साक्षी दिनेवाला बन। कुनै समुदायको शत्रुताले तिमीहरूलाई यति उत्तेजित नगरोस् कि तिमीहरू न्यायलाई छोडि देऊ। निसाफ गर। यही ईशभय नजिक हो। ईश्वरसँग डराऊ। तिमीहरू जे गर्दछौ ईश्वर त्यसको खबर राख्नुहुन्छ। ९- आस्था ल्याउने र सत्कर्म गर्नेरूसंग ईश्वरको वाचा छ कि उनीहरूका लागि क्षमादान र ठूलो प्रतिदान छ। १०- जो मानिसहरूले इन्कार गरे र हाम्रा निशानीहरूलाई झूठो ठहर गरे तिनीहरू नर्कबासी हुन्। ११- हे आस्थावानहरू हो ! तिमीहरू आफूमाथि ईश्वरको कृपालाई याद गर जब एउटा समुदायले तिमीहरूमाथि हात हाल्न खोजेका थियो तब ईश्वरले तिमीहरूमाथि तिनका हातहरूलाई रोक्नुभयो। ईश्वरसँग डराऊ। आस्थावानहरूले मात्र ईश्वरमाथि भरोसा गर्नुपर्छ।

१२- ईश्वरले बनी इस्राईलसित दृढ वचन लिनुभयो। हामीले तिनीहरूमाझ १२ वटा नायक तैनाथ गर्यौं। ईश्वरले भननुभयो- म तिमीहरूसँग छु। यदि तिमीहरूले नमाज कायम गर्छौ, जकात दिन्छौ, मेरा रसूलहरूमाथि आस्था राख्छौ, उनीहरूको सहयोग गर्छौ र ईश्वरलाई राम्रो ऋण दिन्छौ भने म तिमीहरूका पापहरू माफ गर्नेछु र अवश्य नै यस्ता बगैंचाहरूमा प्रवेश गराउनेछु जसका तलतिरबाट नदीहरू बगिरहेका हुनेछन्। यस पछि जसले पनि इन्कार गर्छ ऊ सीधा मार्ग गुमाउँछ। १३- वचनलाई तोडेकाले हामीले तिनीहरूलाई आफ्नो कृपाबाट टाढा पार्यौं र तिनीहरूका हृदयलाई कठोर पारिदियौं। तिनीहरूले वाणीमा फेर बदल गर्छन्। जुन कुराको तिनीहरूलाई उपदेश दिइएको थियो त्यसको ठूलो भागलाई तिनीहरूले बिर्साइ दिए। तपाईंले तिनीहरूको विश्वासघातको कुनै न कुनै खबर सुनिरहनुहुन्छ थोरैबमहेक। अतः तिनीहरूलाई माफ गर्नुहोस्, र नजर अन्दाज गर्नुहोस्। ईश्वर पुण्य गर्नेहरूलाई मन पराउनुहुन्छ।

१४- आफूलाई ईसाई भन्नेहरूसित पनि हामीले वचन लियौं, तर तिनीहरूलाई जुन कुराको उपदेश दिइएको थियो त्यसका ठूलो अंशलाई बिर्सिदिए। अनि

हामीले तिनीहरूबीच महाप्रलयसम्मका लागि शत्रुता तथा घृणा उत्पन्न गरिदियौं। अन्तमा तिनीहरूले गर्ने गरेका कार्यहरूबारे ईश्वरले सूचित गर्नुहुनेछ।

१५- हे अहले किताब हो ! तिमीहरूसमक्ष हाम्रा रसूलको आगमन भइसकेको छ। उहाँले तिमीहरूसमक्ष किताबका धेरै कुराहरू स्पष्ट पार्दै हुनुहुन्छ जो तिमीहरू लुकाउँदै थियौ। धेरै कुराहरू उहाँले नजर अन्दाज गर्नुहुन्छ। निश्चय नै तिमीहरूका लागि ईश्वरको तर्फबाट एउटा प्रकाश र स्पष्ट किताब आइसकेको छ। १६- ईश्वरले यस किताबद्वारा यस्ता मानिसहरूलाई शान्ति मार्ग देखाउनुहुनेछ जो ईश्वरको प्रसन्नता चाहन्छन्। उहाँले उनीहरूलाई आफ्नो मर्जीले अँध्याराहरूबाट निकालेर प्रकाशमा ल्याउँदै हुनुहुन्छ र सीधा तथा सच्चा मार्ग देखाउँदै हुनुहुन्छ। १७- निस्सन्देह ती मानिसहरूले कुफ्र गरे जसले भने- मर्यम पुत्र ईसा मसीह नै ईश्वर हुन्। भनिदिनुहोस्- यदि ईश्वरले मर्यम पुत्र ईसा मसीह, उनकी आमा मर्यम तथा धर्तीका सम्पूर्ण चिजलाई विनाश गर्न चाहेमा कसले ईश्वरलाई यसबाट रोक्ने सामर्थ्य राख्छ त ?! आकाशहरू, पृथ्वी तथा यी दुवैबीच रहेका सबै कुराहरूका मालिक ईश्वर नै हुनुहुन्छ। जे चाहनुहुन्छ सृष्टि गर्नुहुन्छ। ईश्वर सम्पूर्ण कार्यको सामर्थ्य राख्नुहुन्छ।

१८- यहूदी र ईसाई दुवै भन्छन्- हामी ईश्वरका पुत्र तथा प्रिय पात्र हौं। भन्नुहोस्- त्यसो भए ईश्वरले तिमीहरूलाई तिमीहरूले गरेको पापहरूको सजाय किन दिनुहुन्छ ?! होइन, बरु तिमीहरू ईश्वरले नै सृष्टि गर्नुभएका पराणीहरूमध्ये एक जना व्यक्ति हौ। ईश्वरले जसलाई चाहनुहुन्छ माफ गर्नुहुनेछ र जसलाई चाहनुहुन्छ यातना दिनुहुनेछ। आकाशहरू, पृथ्वी तथा दुवैबीच जेजति छन् ती सबैका शासक मात्र ईश्वर हुनुहुन्छ। सबैले फर्केर उहाँतर्फ नै जानुपर्छ। १९- हे अहले किताब हो ! तिमीहरूसमक्ष हाम्रा रसूल आउनु भएको छ। ईश्वर सम्पूर्ण कार्यको सामर्थ्य राख्नुहुन्छ। उहाँले स्पष्टरूपमा बताइ राख्नुभएको छ। उहाँ एउटा अन्तरालपछि आउनुभएको छ, ताकि तिमीहरू यो न भन कि हामीसमक्ष कोही

शूसूचना दिने वाला र डराउने वाला आएन। शूसूचना दिने वाला र डराउने वाला आइ सक्नुभएको छ। ईश्वर हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ।

२०- जब मूसाले आफ्नो समुदायलाई भने- हे मेरा समुदाय हो ! आफूमाथि ईश्वरको कृपालाई स्मरण गर कि उहाँले तिमीहरूमाझ सन्देष्टाहरू पठाउनुभयो, तिमीहरूलाई शासक बनाउनुभयो अनि तिमीहरूलाई ती वरदानहरू दिनुभयो जो संसारमा कसैलाई दिनुभएको थिएन। २१- हे मेरा समुदायहरू हो ! त्यस पवित्र धर्तीमा प्रवेश गर जो ईश्वरले तिमीहरूका लागि लेख्नु भएको छ। आफ्नो पिठ्यूँ न फर्काउ नत्र घाटा खानेछौ। २२- तिनीहरूले भने- त्यहाँ धेरै शक्तिशाली मानिसहरू छन्। जबसम्म तिनीहरू त्यहाँबाट निस्कदैनन् तबसम्म हामी त्यहाँ जादैनौं। तिनीहरू त्यहाँबाट निस्के पछि हामी प्रवेश गर्नेछौं। २३- दुई जना जो ईश्वरसित डराउँथे र ईश्वरले ती दुवै जनामाथि कृपा गर्नुभएको थियो ले भने- तिमीहरू तिनीहरूमाथि आक्रमण गरेर शहरको ढोकाभित्र प्रवेश गर। २४- जब तिमीहरू प्रवेश गर्छौ तब तिमीहरू नै विजयी हुनेछौ। ईश्वरमाथि भरोसा गर यदि तिमीहरू आस्थावान हौ भने। तिनीहरूले भने- हे मूसा ! जबसम्म यी मानिसहरू त्यहाँ छन् तबसम्म हामी त्यसमा पस्दैनौं। तपाईं र तपाईंका पालनकर्ता दुवै जानुहोस् र तिनीहरूविरुद्ध युद्ध गर्नुहोस्, हामी यहीँ बसिरहनेछौं।

२५- मूसाले भने- हे मेरा पालनकर्ता ! म र आफ्नो भाइ हारूनबाहेक अरू कसैमाथि मेरो अधिकार चल्दैन। तसर्थ हामी र यस अवज्ञाकारी समुदायलाई अलग छुट्याइ दिनुहोस्। २६- ईश्वरले भन्नुभयो- त्यो देश तिनीहरूका लागि चालीस वर्षको लागि हराम गरियो। तिनीहरू धर्तीमा भौंतारी हिंड्नेछन्, तिमी यस अवज्ञाकारी सुदायप्रति न पछुताउनु होस्।

२७- तिनीहरूलाई आदमका दुई जना छोराहरूको सत्य कथा ठीक ठीक सुनाउनुहोस्। जब दुवै जनाले बलिदान पेश गरे तब उनीहरूमध्ये एक जनाको बलि स्वीकृत भयो, र अर्कोको बलि स्वीकृत भएन। अर्कोले भन्यो- म तिम्रो

हत्या गर्नेछु। पहिलोले भन्यो- ईश्वरले मात्र ईशभय राख्ने व्यक्तिहरूसित स्वीकार गर्नुहुन्छ। २८- यदि तिमीले मेरो हत्याको मनशायले हात उठाउनेछौ भने म तिम्रो हत्याको लागि हात उठाउँदिन। म सम्पूर्ण जगतका पालनकर्तासित डराउँछु। २९- म के चाहन्छु भने तिमी आफ्ना पापहरू र मेरा पापहरू तिमी नै लेउ। यसरी तिमी ती मानिसहरूमध्ये भइहाल जो नर्कमा जाने छन्। अत्याचारीहरूको यही सजाय हो।

३०- उसको आत्माले उसलाई आफ्नो भाइको हत्या गर्न तयार पार्यो अनि उसले उनको हत्या गरिदियो। अतः ऊ घाटा बेहोर्नेवाला बन्यो। ३१- ईश्वरले एउटा काग पठाउनु भयो जसले जमिन खन्न थाल्यो ताकि उसलाई देखाओस् कि उसले आफ्नो भाइको लासलाई कसरी लुकाउनु पर्छ भनेर। उसले भन्यो- धिक्कार छ आफैंलाई ! म काग जस्तो पनि बन्न सकिन ताकि आफ्नो भाइको शवलाई छोप्न सकुँ। अनि ऊ धेरै लज्जित भयो।

३२- यसै कारणले हामीले बनी इसराईलको लागि लेख्यौं- जसले हत्याको बदला हत्या वा विध्वंसबाहेक कसैको हत्या गर्यो, मानौं उसले सम्पूर्ण मानवसमुदायकै हत्या गर्यो। जसले एक जनालाई जोगायो मानौं उसले सम्पूर्ण मानवसमुदायलाई नै जीवन दियो। हाम्रा रसूल तिनीहरूसमक्ष स्पष्ट आदेशहरू लिएर आए तै पनि तिनीहरूमध्ये धेरैले धर्तीमा जियादती गर्छन् ।३३- जो मानिसहरू ईश्वर तथा रसूलविरुद्ध युद्ध गर्छन् र धर्तीमा विध्वंस मच्चाउने प्रयास गर्छन्, तिनीहरूको सजाय यही हो कि तिनीहरूलाई कि त मृत्युदण्ड दिनुपर्छ कि त शुली चढाउनुपर्छ, कि त तिनीहरूका हात खुट्टा विपरीत दिशाबाट काट्नुपर्छ कि त देशनिकाला गर्नुपर्छ। यो तिनीहरूको लागि संसमरमा छ र परलोकमा तिनीहरूका लागि ठूलो यातना छ। ३४- तर जुन मानिसहरू समातिनुअघि प्रायश्चित गर्छन् भने जानिराख ईश्वर अति क्षमाशील तथा परम दयालु हुनुहुन्छ।

३५- हे आस्थावानहरू हो ! ईश्वरसँग डराउ अनि उहाँसित नजिक हुने प्रयास

गर र उहाँको मार्गमा संघर्ष गर ताकि तिमीहरू सफल होउ। ३६- नकार्नेहरूसित यदि सम्पूर्ण धर्तीमा भए बराबरको धनसम्पत्ति होस् र त्यति नै थप धनसम्पत्ति अझै होस् र ती सम्पूर्ण धनसम्पत्ति दिएर पनि तिनीहरूले महाप्रलयको दिनको यातनाबाट बच्न चाहेमा तिनीहरूबाट स्वीकार गरिने छैन । तिनीहरूका लागि दुःखदायी यातना रहेको छ । ३७- तिनीहरू आगोबाट उम्कन खोज्नेछन् तर त्यसबाट उम्कन भने सक्ने छैनन्। तिनीहरूका लागि सदासर्वदाको यातना हुनेछ। ३८- चोर पुरुष र चोर महिला दुवैका हात काटिदेऊ। यो ती दुवैको कार्यको बदला हो र ईश्वरको तर्फबाट पाठ सिकाउने दण्ड हो। ईश्वर शक्तिशाली र तत्वदर्शी हुनुहुन्छ। ३९- जसले जियादती गरेपछि परायश्चित गर्यो र आफ्नो कर्मलाई सुधार गर्यो, ईश्वरले अवश्य नै कृपा-दृष्टि गर्नुहुन्छ। ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ। ४०- के तपाईंलाई थाहा छैन, आकाशहरू एवं धर्तीको सत्ताको मालिक ईश्वर मात्र हुनुहुन्छ। उहाँले जसलाई चाहनुहुन्छ यातना दिनुहुन्छ र जसलाई चाहनुहुन्छ माफ गर्नुहुन्छ। ईश्वर सबै कार्यको सामर्थ्य राख्नुहुन्छ।

४१- हे रसूल ! ती मानिसहरूले तपाईंलाई दुखी न पारुन् जो इन्कारको कार्यमा सक्रियता देखाउँदैछन्। चाहे तिनीहरू ती मानिसहरूमध्ये हुन् जो मुखले आस्था ल्याउने दावी गर्छन् तर तिनीहरूका मनले आस्था ल्याएका छैनन् वा यहूदीहरू मध्ये हुन्, झूठो कुरा सुन्नेहरू, अरूको लागि सुन्नेहरू, जो तपाईंसमक्ष आएनन् । तिनीहरू वाणीहरूमा फेरबदल गर्छन् । तिनीहरू मानिसहरूलाई भन्छन्- यदि तिमीहरूलाई यो आदेश मिल्छ भने पालना गर, यदि यो आदेश मिल्दैन भने त्यसलाई छोडि देऊ। जसलाई ईश्वरले नै उत्पीडनमा हाल्नुहुन्छ भने तपाईंले उसको मामिलामा ईश्वरको मुकाबिलामा केही गर्न सक्नुहुन्न। यिनीहरू नै हुन् जसको हृदयलाईलाई ईश्वरले पवित्र पार्न चाहनु भएन। तिनीहरूका लागि यस दुनियाँमा अपमान छ र परलोकमा कठोर यातना छ।

४२- तिनीहरू झूठो कुरा धेरै सुन्छन् र हराम धेरै खान्छन्। यदि तिनीहरू

तपाईंकहाँ आउँछन् भने कि त फैसला गर्नुहोस् कि त टार्दिनुहोस् । यदि तपाईंले टार्नुहुन्छ भने तिनीहरूले तपाईंको केही बिगार्न सक्दैनन् । यदि तिनीहरूबीच फैसला गर्नुहुन्छ भने न्यायका साथ फैसला गर्नुहोस् । ४३- ईश्वर न्याय गर्नेहरूलाई मन पराउनुहुन्छ । यिनीहरू तपाईंलाई कसरी न्यायधीश बनाउँछन् जब कि तिनीहरूसँग तौरात छ, जसमा ईश्वरको आदेश छ । तै पनि तिनीहरू विमुख हुन्छन् र तिनीहरू कदापि आस्थावान होइनन् ।

४४- निस्सन्देह हामीले तौरात अवतरण गरेका छौं जसमा मार्गदर्शन तथा प्रकाश छ । यसै अनुसार ईशभक्त सन्देष्टाहरू यहूदी मानिसहरूको निर्णय गर्ने गर्थे, तिनीहरूका जोगी र धर्मगुरुहरू पनि । किनभने तिनीहरूलाई ईशग्रन्थका संरक्षक बनाइएका थिए र उनीहरू यसको साक्षी थिए । तिमीहरू मानिसहरूसित नडराऊ केवल मसित डराऊ र यसका श्लोकहरूलाई तुच्छ मूल्यमा न बेच । जसले ईश्वरद्वारा अवतरित आदेश अनुसार निर्णय गर्दैन, तिनीहरू नै नकार्ने हुन् । ४५- हामीले यस किताबमा तिनीहरूका लागि लेखि सकेका छौं- ज्यानको बदला ज्यान, आँखाको बदला आँखा, नाकको बदला नाक, कानको बदला कान काटिनेछ, दाँतको बदला दाँत र घाउहरूको बदला त्यसको बराबर । तर जुन पीडितले त्यसलाई माफ गरिदिन्छ त्यो त्यस पीडितको पापको प्रायश्चित हुनेछ । जसले ईश्वरद्वारा अवतरित नियमअनुसार निर्णय गर्दैनन् तिनीहरू नै अत्याचारी हुन् । ४६- हामीले यिनीहरूपछि मर्यम पुत्र ईसालाई पठायौं, पुष्टि गर्दै आफूअघिको किताब तौरातको । हामीले उनलाई इन्जील प्रदान गर्यौं जसमा निर्देशनहरू र प्रकाश छन् र त्यो पुष्टि गर्दथ्यो आफूअघिको किताब तौरातको, ईशभय राख्नेहरूको लागि मार्गदर्शक र उपदेश ।

४७- इन्जील बाहकहरूले यस अनुसार फैसला गरुन्, जसलाई ईश्वरले अवतरण गर्नुभएको छ । जसले ईश्वरद्वारा अवतरित नियमअनुसार निर्णय गर्दैनन् तिनीहरू नै अवज्ञाकारी हुन् ।

४८- हामीले तपाईंमाथि सत्यकासाथ किताब अवतरण गर्यौं, यसले अघि अवतरित किताबहरूको पुष्टि गर्दछ र ती किताबहरूका विषयहरूको संरक्षक। अतः तपाईं ईश्वरले यसमा अवतरित गर्नुभएको नियम अनुसार मानिसहरूबीच निर्णय गर्नुहोस्। तपाईंसमक्ष आएको सत्यलाई छोडेर ती मानिसहरूको अनुसरण न गर्नुहोस् जो आफ्नो इच्छाको अनुसरण गर्छन्। हामीले हरेकका लागि एउटा धर्म-विधान एवं कार्यप्रणाली तय गरेकाछौं। यदि ईश्वरले चाहेको भए तिमीहरू सबैलाई एउटै समुदाय बनाउनु हुन्थ्यो। तर ईश्वरले तिमीहरूलाई दिनुभएको आदेशमा तिमीहरूको परीक्षा लिने निर्णय गर्नुभयो। अतः तिमीहरू भलाइतर्फ दगुर। अन्ततः तिमीहरूले ईश्वरतर्फ नै फर्केर जानु छ। अनि उहाँले तिमीहरूलाई तिमीहरूले मतभेद गरेका कुराहरूबारे बताउनुहुनेछ।

४९- यिनीहरूबीच त्यस कानून अनुसार फैसला गर्नुहोस् जुन ईश्वरले अवतरण गर्नुभएको छ। तिनीहरूको इच्छाको अनुसरण नगर्नुहोस्। तिनीहरूबाट सावधान ! तिनीहरूले तपाईंलाई पथभ्रष्ट न पारुन् तपाईंमाथि ईश्वरले अवतरण गर्नुभएको आदेशबाट। यदि तिनीहरू विमुख हुन्छन् भने जानी राख्नुस् ईश्वरले तिनीहरूलाई तिनका केही पापहरूको सजाय दिन चाहनुहुन्छ। निस्सन्देह अधिकांश मानिसहरू अवज्ञाकारी छन्। ५०- के यिनीहरू इस्लाम पूर्वका फैसला चाहन्छन् ?! ईश्वरको निर्णय भन्दा सर्वोत्कृष्ट निर्णय कसको हुन सक्छ ती व्यक्तिहरूका लागि जो विश्वास गर्न चाहन्छन् ?

५१- हे आस्थावानहरू हो ! यहूदी र ईसाईहरूलाई मित्र नबनाउ। तिनीहरू एक अर्काका मित्र हुन्। तिमीहरूमध्ये जसले तिनीहरूलाई आफ्नो मित्र बनाउँछ ऊ तिनीहरूमै गनिनेछ। ईश्वर अत्याचारीहरूलाई सत्मार्ग देखाउनुहुन्न। ५२- तपाईं हेर्नुहुन्छ, जसको हृदयमा रोग छ तिनीहरू यहूदी र ईसाईहरूतर्फ भाग्दै छन्। तिनीहरू भन्छन्- हामीहरू कतै कुनै सङ्कटमा फस्नेछौं कि भन्ने डर लाग्छ। सम्भव छ ईश्वरले विजय प्रदान गरुन् वा कुनै विशेष कुरा स्पष्ट पारुन् अनि

तिनीहरूले आफ्नो मनमा लुकाएको कुराप्रति लज्जित हुनेछन् । ५३- त्यतिखेर आस्थावानहरू भन्नेछन्- के यिनीहरू नै हुन् जो ईश्वरको दृढ कसम खाएर भन्ने गर्थे कि हामी तिमीहरूको साथमा छौं । तिनीहरूका सबै कर्महरू व्यर्थ भए र तिनीहरू घाटामा रहे ।

५४- हे आस्थावानहरू हो ! तिमीहरूमध्ये जो पनि आफ्नो धर्मबाट विमुख हुन्छ, ईश्वरले तिनीहरूको स्थानमा यस्ता मानिसहरूलाई ल्याउनु हुनेछ जसलालाई ईश्वरले मन पराउनुहुनेछ र उनीहरूले ईश्वरलाई मन पराउनेछन् । उनीहरू आस्थावानहरूप्रति कोमल तथा नकार्ने हरूप्रति कठोर हुनेछन्, ईश्वरको मार्गहरूमा युद्ध गर्नेछन् र कुनै निन्दा गर्ने व्यक्तिको निन्दाबाट डराउने छैनन् । यो ईश्वरको वरदान हो । उहाँ जसलाई चाहनुहुन्छ प्रदान गर्नुहुन्छ । ईश्वर महान र सर्वज्ञ हुनुहुन्छ । ५५- तिमीहरूका मित्र त मात्र ईश्वर, उहाँका रसूल तथा यस्ता आस्थावानहरू हुन् जो नमाज कायम गर्छन्, जकात दिन्छन् तथा ईश्वरसामु निहुरन्छन् । ५६- जो मानिसहरू ईश्वर, उहाँका रसूल र आस्थावानहरूलाई मित्र बनाउँछन् निस्सन्देह ईश्वरको जमात नै विजयी हुनेछ ।

५७- हे आस्थावानहरू हो ! यस्ता मानिसहरूलाई मित्र न बनाउ जसले तिमीहरूको धर्मको खिल्ली उडाए, ती मानिसहरूमध्ये जसलाई यसअघि किताब प्रदान गरियो न नकार्नेहरूलाई । ईश्वरसँग डराऊ यदि तिमीहरू आस्था राख्छौ भने । ५८- जब तिमीहरू नमाजको लागि अजान दिन्छौ तब तिनीहरू त्यसलाई खेल ठट्टा बनाउँछन् । किनभने तिनीहरूसंग बुध्दि छैन । ५९- भन्नुहोस्- हे अहले किताब हो ! के तिमीहरू हामीमाथि यस कारणले दोष लगाउँछौ कि हामीले ईश्वर, हामीतर्फ अवतरित किताब र यसअघि अवतरित किताबमा आस्था ल्याएका छौं । तिमीहरूमध्येका अधिकांश अवज्ञाकारी छन् । ६०- भनिदिनुहोस्- के म तिमीहरूलाई परिणामको दृष्टिकोणले ईश्वरकहाँ  यो भन्दा पनि निकृष्ट कुरा बताउँ ? त्यो जसलाई ईश्वरले धिक्कार्नु भयो र जसमाथि उहाँको रिस प्रकट

भयो । आफ्नो कृपाबाट टाढा पार्नुभयो र तिनीहरूमाथि क्रोध प्रकट गर्नुभयो । तिनीहरूमध्ये बाँदर तथा सुँगुर बनाउनुभयो । तिनीहरूले शैतानको भक्ति गरे । तिनीहरू स्थानको हिसाबले दुष्ट र सीधा मार्गबाट धेरै टाढा छन् ।

६१- जब तिनीहरू तिमीहरूसमक्ष आउँछन् तब भन्छन्- हामी आस्था ल्याएका छौं, जब कि तिनीहरू इन्कार गर्दै आएका थिए र इन्कार गर्दै फर्के । तिनीहरूले लुकाएको कुरासित ईश्वर राम्ररी अवगत हुनुहुन्छ । ६२- तपाईंले तिनीहरूमध्ये अधिकांशलाई देख्नुहुनेछ कि तिनीहरू पाप, अत्याचार र अवैध धनको लागि तछाड मछाड गर्छन् । कति नराम्रा कार्यहरू हुन् जो तिनीहरू गर्दैछन् ! ६३- तिनीहरूका धर्मगुरु तथा सन्तहरूले तिनीहरूलाई पापका कुरा गर्न र अवैध तरिकाबाट अरूको धनसम्पत्ति खानबाट किन रोक्दैनन् ? कति नराम्रा कार्यहरू हुन् जो तिनीहरू गर्दैछन् !

६४- यहूदीहरूलाई भन्दछन्- ईश्वरका हात बाँधिएका छन् । तिनीहरूका हात बाँधिउन् र तिनीहरूमाथि धपक्कार होस् यसो भनेकोले । बरु ईश्वरका दुवै हात खुल्ला छन् । उहाँ जसरी चाहनुहुन्छ खर्च गर्नुहुन्छ । तपाईंमाथि तपाईंका पालनकर्ताको तर्बाट जे जति अवतरित भएको छ त्यसले तिनीहरूमध्ये अधिकांशको विद्रोह तथा इन्कारमा वृद्धि गर्दैछ । हामीले तिनीहरूबिच शत्रुता र डाहा महाप्रलयसम्मको लागि हालि दिएका छौं । जहिले पनि तिनीहरू युद्धको आगो भडकाउँछन् ईश्वरले त्यसलाई निभाउनुहुन्छ । तिनीहरू धर्तीमा विध्वंस मच्चाउने कार्यमा सक्रीय छन् जब कि ईश्वर विध्वंसकारीहरूलाई मन पराउनुहुन्न ।

६५- यदि अहले किताब आस्था ल्याएका भए र ईशभय राखेका भए, हामीले अवश्य नै तिनीहरूले गरेका सबै पापहरूलाई मेटाउने थियौं र वैभव पूर्ण स्वर्गमा प्रवेश गराउने थियौं । ६६- यदि तिनीहरूले तौरात तथा इन्जीलको पाबन्दी गरेका भए र त्यसको जो उनीहरूको पालनकर्ताको तर्फबाट अवतरित गरिएको छ भने

तिनीहरूले खाने थिए माथिबाट र आफ्नो खुट्टाको मुनिबाट । तिनीहहरूमध्ये केही सीधा मार्गमा छन् तर अधिकांश एकदमै नराम्रो गर्दैछन् ।

६७- हे रसूल ! तपाईंमाथि जे जति तपाईंका पालनकर्ताको तर्फबाट अवतरण भएको छ त्यसलाई पुर्याइदिनुहोस् । यदि तपाईंले यस्तो गर्नु भएन भने तपाईंले सन्देशलाई पुर्याउनु भएन । ईश्वरले तपाईंलाई मानिसहरूबाट जोगाउनुहुनेछ । निस्सन्देह ईश्वरले नकार्नेहरूलाई सीधा मार्ग देखाउनुहुने छैन ।

६८- भनिदिनुहोस्- हे अहले किताब ! तिमीहरूको कुनै आधार छैन जबसम्म तिमीहरूले तौरात, इन्जील तथा तिमीहरूसमक्ष तिम्रा पालनकर्ताको तर्फबाट अवतरित किताबलाई कायम गर्दैनौ । तपाईंमाथि जे जति तपाईंका पालनकर्ताको तर्फबाट अवतरित भएको छ त्यसले अवश्य नै तिनीहरूमध्ये अधिकांशको विद्रोह तथा इन्कारलाई बढाउनेछ । तपाईं यी नकार्नेहरूको चिन्ता न लिनुहोस् । ६९- निस्सन्देह मुस्लिम, यहूदी, साबिई तथा ईसाईहरूमध्ये जो जो ईश्वर तथा परलोकमाथि आस्था राख्छन् र सत्कर्म गर्छन् तिनीहरूका लागि न कुनै डर हुनेछ न तिनीहरू चिन्तित हुनेछन् ।

७०- हामीले इस्राईलका सन्तानसित दृढ वचन लियौं र तिनीहरूतर्फ धेरै रसूलहरू पठायौं । जहिले पनि तिनीहरूसमक्ष यस्तो कुरा लिएर रसूल आए जसको कुरा तिनीहरूले मन पारउँदै थिए तब केहीलाई तिनीहरूले झूठो ठहर गरे र केहीको हत्या नै गरे । ७१- तिनीहरूलाई कुनै कष्ट पुग्ने छैन भन्ने कुरा तिनीहरूले ठाने । अनि तिनीहरू अन्धा भए, बहिरा भए । अनि ईश्वरले तिनीहरूतर्फ ध्यान दिनुभयो । फेरि तिनीहरू अन्धा भए र बहिरो भए । तिनीहरूले गर्ने सम्पूर्ण कर्महरूलाई ईश्वर हेरि राख्नुभएको छ ।

७२- निस्सन्दे तिनीहरूले इन्कार गर जसले भने- मर्यम पुत्र मसीह नै ईश्वर हुन् । जबकि मसीहले भनेका थिए- हे इस्राईलका सन्तानहरू हो ! मात्र त्यस

ईश्वरको उपासना गर जो मेरा पनि पालनकर्ता हुन् र तिमीहरूका पनि पालनकर्ता हुन् । जसले कसैलाई ईश्वरको साझेदार ठहरायो उसको लागि ईश्वरले स्वर्ग सधैंको लागि हराम गर्नुभएको छ र उसको निवास आगो हुनेछ । अत्याचारीहरूको कोही सहयोगी हुने छैन । ७३- निस्सन्देह ती मानिसहरूले इन्कार गरे जसले भने ईश्वर तीनमध्ये तेस्रो हुन् । जब कि एक ईश्वरबाहेक कोही पूज्य छैन । यदि तिनीहरूले आफ्ना यस कुराहरूलाई छोडेनन् भने तिनीहरूमध्ये इन्कारमा कायम रहनेहरूलाई एउटा दुःखदायी यातनाले समात्नेछ । ७४- यिनीहरू ईश्वरसमक्ष प्रायश्चित किन गर्दैनन् र माफि किन माग्दैनन् ?! ईश्वर माफ गर्नेवाला र परम दयालु हुनुहुन्छ । ७५- मर्यम पुत्र ईसा मसीह त एक जना रसूल हुन् । उनीअघि धेरै रसूलहरू बिती सकेका छन् । उनकी आमा मर्यम एक जना सच्चा नारी थिइन् र ती दुवै जना भोजन गर्ने गर्थे । हेर्नुहोस्, हामी कसरी यिनीहरूसमक्ष आफ्ना प्रमाणहरू पेश गर्दैछौं अनि हेर्नुहोस् यिनीहरू कसरी विमुख हुँदैछन् । ७६- भनिदिनुहोस्- के तिमीहरू ईश्वरलाई छोडेर त्यसको उपासना गर्छौ जसले न तिमीहरूलाई न कुनै हानि पुर्याउने अधिकार राख्छ न कुनै लाभ नै ?! सुन्ने र जान्ने मात्र एक ईश्वर हुनुहुन्छ ।

७७- भनिदिनुहोस्- हे अहले किताब ! धर्ममा अनाहक अति न गर । ती मानिसहरूको विचारको अनुसरण नगर यसअघि पथभ्रष्ट भए र धेरैलाई पथभ्रष्ट पारे र स्वयं पनि सीधा मार्गबाट विचलित भए ।

७८- बनी इस्राइलमध्ये जुन मानिसहरूले इन्कार गरे तिनीहरूमाथि धिक्कार गरियो दाउद तथा मर्यम पुत्र ईसाको मुखबाट । किनभने तिनीहरूले अवज्ञा गरे र तिनीहरू सीमा उल्लंघन गर्दथे । ७९- तिनीहरूले गर्ने गरेका कुकर्मबाट एक अर्कालाई रोक्दैनथे । अति नराम्रो थियो जो तिनीहरू गर्दै थिए । ८०- तपाईंले तिनीहरूमध्ये धेरैलाई नकार्नेहरूसंग मित्रता गाँसेको देख्नुहुन्छ । कति नराम्रो हो जो तिनीहरूले आफ्नो लागि अगाडि पठाए । तिनीहरूमाथि ईश्वरको क्रोध

प्रकट हहोस् । तिनीहरू सदासर्वदा यातनामा परिरहनेछन् । ८१- यदि यिनीहरू आस्था राखेका भए ईश्वरमाथि, सन्देष्टामाथि र तिनीहरू तर्फ अवतरित भएको किताबमाथि, तिनीहरूले नकार्नेहरूलाई मित्र बनाउने थिएनन् ।

८२- तपाईंले आस्थावानहरूसित सब भन्दा बढी शत्रुता राख्ने यहूदी तथा मूर्ती पूजकहरूलाई पाउनु हुनेछ । आस्थावानहरूसित सबै भन्दा बढी मित्रता राख्नेहरू ती मानिसहरूलाई पाउनुहुनेछ जो आफूलाई नसारा (ईसाई) भन्छन् । किनभने उनीहरूमाझ धर्मगुरु तथा भक्तहरू छन् र यस कारणले कि तिनीहरू घमण्ड गर्दैनन् ।

८३- उनीहरू रसूलमाथि अवतरित किताबको पाठ सुन्दा रुन थाल्छन् । यस कारणले कि उनीहरूले सत्यलाई चिने । उनीहरू पुकार्छन्- हे हाम्रा पालनकर्ता ! हामीले आस्था ल्यायौं अनि तपाईंले हाम्रो नाम साक्षी दिनेहरूमा लेख्नुहोस् । ८४- हामी ईश्वरमाथि र पुगेको सत्यमाथि किन आस्था नल्याउने ?! जबकि हामी कामना गर्दछौं कि हाम्रा पालनकर्ताले हामीलाई सत्कर्मीहरूमा सामेल गरुन् । ८५- अनि ईश्वरले उनीहरूको यस भनाइको बदलामा यस्ता बगैंचाहरू प्रदान गर्नुहुनेछ, जसको तलतिरबाट नदीहरू बगिरहेका हुनेछन् जहाँ उनीहरू सदासर्वदा रहने छन् । यही बदला हो सुकर्मीहरूको । ८६- जुन मानिसहहरूले इन्कार गरे र हाम्रा निशानीहरूलाई झुठो ठहर गरे तीनीहरू नर्क-बासी हुन् ।

८७- हे आस्थावानहरू हो ! ईश्वरले वैध गर्नुभएको पवित्र वस्तुलाई हराम न बनाउ र सीमाको उल्लङ्घन न गर । निस्सन्देह ईश्वर सीमा उल्लङ्घन कारीहरूलाई मन पराउनुहुन्न । ८८- ईश्वरले प्रदान गरर्नुभएको वैध चिजहरू खाऊ ईश्वरसँग डराउ, जसमाथि तिमीहरू आस्था ल्याएका छौ । ८९- बिना मनशाय खाएको कसममाथि ईश्वरले पकड गर्नु हुने छैन, तर बलियो कसममाथि उहाँले अवश्य पकड गर्नुहुनेछ । यस्तो कसमको प्रायश्चित हो दश जना गरिबलाई मध्य दर्जाको खाना खुवाउनु, जो तिमीहरू आफ्नो परिवारलाई खुवाउँछौ, वा लत्ताकपडा दिनु,

वा एकजना दासलाई मुक्त गर्नु । तर जो संग यसको क्षमता छैन उसले तीन दिनको व्रत बसोस् । यो प्रायश्चित हो तिमीहरूको कसमको जो तिमीहरू खाइ हाल्छौ । आफ्नो कसमको रक्षा गर । यदि तिमीहरूले यस्तो कसम खाएका छौ जसलाई पुरा नगर्नमा भलाइ छ भने त्यसलाई पुरा नगर, कसमको प्रायश्चित गर । यसरी ईश्वरले तिमीहरूका लागि आफ्ना आदेशहरू बयान गर्नुहुन्छ ताकि तिमीहरू उहाँप्रति आभार व्यक्त गर ।

९०- हे आस्थावानहरू हो ! मदिरा, जुवा, थान, तीर, यी सबै घृणित शैतानी कार्यहरू हुन् । तिमीहरू यी कार्यहरूबाट टाढा बस ताकि सफल होउ । ९१- शैतानले तिमीहरूबीच रक्सी तथा जुवाद्वारा शत्रुता एवं घृणा उत्पन्न गर्न चाहन्छ र तिमीहरूलाई ईश्वरको याद तथा नमाजबाट रोक्न चाहन्छ । के तिमीहरू त्याग्छौ त ? ९२- आज्ञापालन गर ईश्वरको र आज्ञापालन गर रसूलको र सावधान रहने गर । यदि तिमीहरू विमुख हुन्छौ भने जानीराख रसूलको जिम्मेवारी स्पष्टरूपमा पुर्याउनु मात्र हो । ९३- जो मानिसहरूले आस्था ल्याए र सत्कर्म गरे, तिनीहरूले यसअघि जे खाए त्यसको पाप लागेन, यदि उनीहरूले डर माने, आस्था राखे र सत्कर्म गरे । थप डराए र आस्था राखे, थप डराए र सत्कर्म गरे । ईश्वर सत्कर्मीहरूलाई मन पराउनुहुन्छ ।

९४- हे आस्थावानहरू हो ! ईश्वरले त्यस शिकारबाट तिमीहरूको परीक्षा अवश्य लिनुहुनेछ जो तिमीहरूको हात तथा भालाको निशानामा हुनेछ, ताकि ईश्वरले देखुन् को उहाँलाई न देखिकन डराउँछ । अनि जसले यसपछि पनि जियादती गर्छ उसको लागि दुःखदायी यातना छ । ९५- हे आस्थावानहरू हो ! तिमीहरू इहरामको अवस्थामा हुँदा जनावरहरूको शिकार न गर । तिमीहरूमध्ये जसले पनि जानीजानी मार्छ भने उसले मारेको जनावर जस्तै क्षतिपूर्ति दिनुपर्छ, जसको निर्णय दुई जना न्यायी मानिसहरूले गर्नेछन्, जसलाई काबा पुर्याइनेछ वा त्यसको सट्टामा केही गरिबहरूलाई खाना खुवाउनुपर्छ वा त्यसको बराबर

व्रत बस्नु पर्छ, ताकि उसले सजाय भोगोस् । जे जति भयो त्यसलाई ईश्वरले माफ गर्नुभयो । तर जो व्यक्ति यसलाई दोहोर्याउँछ ईश्वरले तिनीहरूसित बदला लिनुहुनेछ । ईश्वर शक्तिशाली र बदला लिनेवाला हुनुहुन्छ ।

९६- तिमीहरूका लागि नदीमा रहेका जनावरहरूको शिकार र त्यसलाई खानु जायज गरिएको छ, तिमीहरू र यात्रु-दलको फाइदाको लागि । इहराम अवस्थामा थलमा रहेका जनावरहरूको शिकार हराम गरिएको छ । ईश्वरको भय गर जोसमक्ष तिमीहरू हाजिर गरिनेछौ । ९७- ईश्वरले प्रतिष्ठित घर काबालाई मानिसहरूका लागि बसोबासको साधन बनाउनु भयो, प्रतिष्ठित महिनाहरू, बलिका जनावर, घाँटीमा पट्टा लगाइएका जनावरलाई पनि । ताकि तिमीहरूलाई थाहा होस् कि ईश्वर आकाशहरू एवं धर्तीका सबै चिज जान्नुहुन्छ र ईश्वर सबै कुराहरूबाट अवगत हुनुहुन्छ । ९८- जानि राख, ईश्वरको यातना कडा छ र उहाँ अति क्षमाशील एवं परम दयालु पनि हुनुहुन्छ । ९९- रसूलको जिम्मा सन्देश पुर्याउनु मात्र हो । तिमीहरू जे जति प्रकट गर्दछौ र जे जति लुकाउँछौ ईश्वर ती सबैलाई जान्नुहुन्छ । १००- भनिदिनुहोस्- अपवित्र र पवित्र वस्तु समान हुन सक्दैनन्, चाहे अपवित्रताको प्रचुरता तपाईंलाई आकर्षक महसूस होस् । हे बुद्धिमानहरू हो ! ईश्वरसँग डराऊ ताकि तिमीहरू सफल होउ ।

१०१- हे आस्थावानहरू हो ! यस्तो कुराबारे प्रश्न नगर जसलाई प्रकट गरेमा तिमीहरूलाई अप्ठ्यारो होस् । कुर्आन अवतरण भइरहेका बखतमा यदि तिमीहरूले प्रश्न सोध्यौ भने ती कुराहरू तिमीहरूसमक्ष प्रकट गरिनेछ। ईश्वरले त्यसलाई माफ गर्नुभयो । ईश्वर क्षमाशील र सहनशील गर्नुहुन्छ । १०२- तिमीहरूभन्दा पहिलेको एउटा समूहले यस्तै किसिमका प्रश्नहरू सोधेको थियो, तब तिनीहरू त्यसलाई नकारे । १०३- ईश्वरले बहीरा, साइबा, वसीला र हाम (मूर्तीको नाममा छोडिएका जनावरहरू) लाई निर्धारित गर्नुभएको छैन। नकार्नेहरूले ईश्वरमाथि झूठो आरोप लगाउँछन् र तिनीहरूमध्ये अधिकांश

बुध्दिले काम लिँदैनन् । १०४- जब तिनीहरूलाई भनिन्छ- ईश्वरद्वारा अवतरित कुर्आन तथा रसूलतर्फ आउ तब तिनीहरू भन्छन्- हाम्रो लागि त्यही पर्याप्त छ जो हामीले आफ्ना पूर्वजहरूबाट पाएकाछौं । के चाहे तिनीहरूका पूर्वजहरू जान्दैनन् र मार्गदर्शनमा हुँदैनन् ? १०५- हे आस्थावानहरू हो ! तिमीहरू आफ्नो चिन्ता गर । यदि तिमीहरू सत्मार्गमा छौ भने कसैको पथभ्रष्टताले तिमीहरूलाई हानि पुर्याउन सक्दैनन् । तिमीहरू सबैलाई ईश्वरकहाँ फर्केर जानुछ अनि उहाँले तिमीहरूले गरेका कार्यहरूबारे बताउनुहनेछ ।

१०६- हे आस्थावानहरू हो ! जब तिमीहरूमध्ये कसैको मृत्युको समय आउँछ र उसले अन्तिम उपदेश दिन्छ त्यतिखेरि दुई जना न्यायी साक्षी हुनुपर्छ । यदि तिमीहरू यात्राको अवस्थामा छौ र त्यहीं मृत्युको विपत्ति आइपुग्छ भने गैरमध्ये दुइ जना साक्षी हुनुपर्छ । यदि तिमीहरूलाई शंका हुन्छ भने नमाजपश्चात् दुवै साक्षीलाई रोक, अनि दुवैले ईश्वरको कसम खाएर भनुन्- हामी कुनै मूल्यको सट्टामा यसलाई बेच्ने छैनौं चाहे कोही नातेदार नै किन नहोस् र न हामी ईश्वरको साक्षीलाई लुकाउने नै छौं । यदि हामीले यस्तो गर्यौं भने हाम्रो गन्ती अवज्ञाकारीहरूमा हुनेछ । १०७- यदि साक्षीले बेइमानी गरेको ठहर हुन्छ भने यिनीहरूको ठाउँमा अन्य दुई जना व्यक्तिहरू ती मानिसहरूमध्ये खडा होउन् जसको हक पछिल्ला दुइ जना साक्षीले मार्न खोजेको होस् । यिनीहरूले ईश्वरको कसम खाउन्- हामीहरूको गवाही पछिल्ला दुई जनाको गवाहीभन्दा बढी सत्य छ र हामीहरूले कुनै जियादती गरेका छैनौं । यदि हामीहरू यस्तो गर्छौं भने हामीहरू अत्याचारीहरूमध्ये हुनेछौं । १०८- यो निकटतम तरिका हो कि मानिसहरूले ठीक गवाही देउन्, वा यस कुराबाट डराउन् कि हाम्रो कसम उनीहरूको कसमको विपरीत हुन्छ । ईश्वरसित डराउ र सुन । ईश्वर अवज्ञाकारीहरूलाई सत्मार्गमा हिँड्न लगाउनुहुन्न ।

१०९- जुन दिन ईश्वरले रसूलहरूलाई एकत्रित गर्नुहुनेछ अनि सोध्नुहुनेछ-

तिमीहरूलाई के कस्तो जवाफ मिल्यो ? उनीहरूले भन्नेछन्- हामीलाई केही ज्ञान छैन, गोप्य कुराको ज्ञानतपाईंलाई नै छ । ११०- जब ईश्वरले भन्नुहुनेछ- हे मर्यम पुत्र ईसा ! त्यस कृपालाई याद गर जो मैले तिमीमाथि र तिम्रो आमामाथि गरेको थिएं, जब मैले पवित्र आत्माबाट तिम्रो सहयोग गरें । तिमी मानिसहरूसंग कुरा गर्दथियो आमाको झोलीमा पनि र ठूलो उमेरमा पनि । जब मैले तिमीलाई किताब, तत्वदर्शिता, तौरात र इन्जीलको शिक्षा दिएं । र जब तिमी मेरो आदेशले माटोले पंक्षीको आकृति बनाएर त्यसमा फुक्थ्यौ अनि त्यो मेरो आदेशले पंक्षी बन्थ्यो । तिमी अन्धो एवं कुष्ठरोगीलाई मेरो आदेशले निको पार्थ्यौ । मृतलाई मेरो आदेशले जीवित पार्थ्यौ । जब मैले तिमीबाट बनी इस्राईललाई रोकें जब तिमी स्पष्ट निशानीहरू लिएर तिनीहरूसमक्ष पुग्यौ । त्यतिखेर तिनीहरूका नकार्नेहरूले भने- यो त स्पष्ट जादू हो ।

१११- जब मैले हवारीहरूको मनमा यो कुरा हालें; तिमीहरू ममाथि आस्था ल्याउ र मेरा रसूलमाथि आस्था ल्याउ तब उनीहरूले भने- हामीले आस्था ल्यायौं र तपाईं साक्षी बस्नुहोस् हामी सबै आज्ञाकारी हौं । ११२- जब हवारीहरूले भने- हे मर्यम पुत्र ईसा ! के तिम्रा पालनकर्ताले हामीमाथि आकाशबाट दसतरखान (थाली) अवतरण गर्न सक्नुहुन्छ ? ईसाले भने- तिमीहरू ईश्वरसँग डराउ यदि तिमीहरू आस्थावान हौ भने । ११३- उनीहरूले भने- हामी त्यसबाट खान चाहन्छौं ताकि हाम्रो हृदय सन्तुष्ट होस् । साथै हामी जानि हालौं कि तपाईंले सत्य कुरा भन्नु भएको छ र हामी यसमाथि साक्षी बनिहालौं । ११४- मर्यम पुत्र ईसाले दुआ गरे- हे ईश्वर हाम्रा पालनकर्ता ! हामीमाथि आकाशबाट दसतरखान अवतरण गर्नुहोस् जो हाम्रो लागि उत्सव बनोस् हाम्रो अघिल्लाको लागि पनि र पछि आउने मानिसहरूका लागि पनि र यो तपाईंको तर्फबाट एउटा निशानी होस् । हामीलाई प्रदान गर्नुहोस् र तपाईं सबै भन्दा राम्रा प्रदानकर्ता हुनुहुन्छ । ११५- ईश्वरले भन्नुभयो- म यो दसतरखान अवश्य तिमीमाथि अवतरित गर्नेछु,

तर त्यसपछि तिमीहरूमध्ये जो व्यक्ति नकार्नेछ म उसलाई यस्तो कडा यातना दिनेछु जस्तो कसैलाई दिएको छैन।

११६- जब ईश्वरले सोध्नुहुनेछ- हे मर्यम पुत्र ईसा ! के तिमीले मानिसहरूलाई ईश्वरलाई छोडेर मलाई र मेरी आमालाई ईश्वार बनाउन भनेका थियौ ? ईसाले भन्नेछन्- तपाईं पवित्र हुनुहुन्छ, मेरो यो काम होइन कि म त्यो कुरा भनुँ जसको हक मलाई छैन। यदि मैले त्यसो भनेको भए तपाईंलाई अवश्य थाहा हुने थियो। मेरो मनमा भएको कुरा तपाईंलाई थाहा छ तर तपाईंको मनमा रहेको कुरा मलाई थाहा छैन। निस्सन्देह तपाईं मात्र गोप्य कुराका महान ज्ञाता हुनुहुन्छ। ११७- मैले त्यही कुरा भनेमो थिएं जसको आदेश तपाईंले दिनुभएको थियो, यो कि मात्र एक ईश्वरको भक्ति गर जो मेरो पनि पालनकर्ता हुनुहुन्छ र तिमीहरूको पनि। जबसम्म म तिनीहरूबीच रहेँ तबसम्म म साक्षी थिएं। तर जब तपाईंले मलाई उठाउनु भयो तब तपाईं नै संरक्षक हुनुहुन्थ्यो। तपाईं सबै वस्तुमाथि गवाह हुनुहुन्छ। ११८- यदि तपाईंले उनीहरूलाई दण्ड दिनुहुन्छ भने उनीहरू तपाईंकै दास हुन्। यदि उनीहरूलाई माफ गर्नुहुन्छ भने तपाईं प्रभुत्वशाली तथा तत्वदर्शी हुनुहुन्छ। ११९- ईश्वरले भन्नुहुनेछ- यो त्यो दिन हो जुन दिन सत्यवादीहरूलाई तिनीहरूको सत्यता काम लाग्नेछ। उनीहरूका लागि यस्ता बगैंचाहरू हुनेछन् जसको तलतिरबाट नदीहरू बगि रहेका हुनेछन्। उनीहरू त्यसमा सधैं रहने छन्। ईश्वर उनीहरूसँग खुशी र उनीहरू ईश्वरसित खुशी। यही हो महान सफलता। १२०- आकाशहरू, पृथ्वी र यसमा रहेका सबै वस्तुहरूको राज्य सत्ता ईश्वरकै हातमा छ। उहाँ हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ।

# सूरह अल्-अन्आम- ६

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- प्रशंसा ईश्वरकै लागि हो, जसले आकाशहरू तथा पृथ्वीलाई सृष्टि गर्नुभयो । अन्धकारहरू र प्रकाश बनाउनुभयो । यसका बावजुद नकार्नेहरू अरूलाई आफ्ना पालनकर्ताको बराबर ठहर गर्छन् । २- ईश्वरले नै तिमीहरूलाई माटोबाट सृष्टि गर्नुभयो, अनि एउटा अवधि निश्चत गर्नुभयो, जसको ज्ञान मात्र उहाँलाई छ । यसका बावजुद तिमीहरू शंका गर्छौ । ३- त्यही ईश्वर आकाशमा पनि हुनुहुन्छ र पृथ्वीमा पनि । उहाँ तिमीहरूका गोप्य र वाह्य सबै कुराहरू र तिमीहले गर्ने सबै कार्यहरू जान्नुहुन्छ ।

४- तिनीहरूका पालनकर्ताका निशानीहरूमध्ये जे जति निशानीहरू तिनीहरूसमक्ष आउँछन् तिनीहरूले त्यसबाट विमुख हुन्छन् । ५- तसर्थ जो सुकै सत्य पनि तिनीहरूसमक्ष ती सबैलाई तिनीहरूले झूठो ठहर गरे । चाँडै नै तिनीहरूसमक्ष त्यस कुराको सूचना आउनेछ जसको तिनीहरू ठट्टा गर्दै थिए । ६- के तिनीहरूले देखेनन् हामीले तिनीहरूअघि कतिपय समूदायहरूलाई सखाप पार्यौं ?! तिनीहरूलाई हामीले धर्तीमा जमाएका थियौं, जति तिमीहरूलाई जमाएनौं । हामीले तिनीहरूमाथि आकाशबाट खुबै वर्षा बर्सायौं र हामीले नदीहरू जारी गर्यौं जो तीहरूको तलतिर बग्दै थिए । फेरि हामीले तिनीहरूको पापको कारणले तिनीहरूलाई सखाप पार्यौं र तिनीहरूपछि अन्य समूदायहरू सृष्टि गर्नुभयो ।

७- यदि हामीले तपाईंमाथि पानाहरूमा लेखिएका किताब अवतरण गरेका भयौं, जसलाई तिनीहरूले आफ्ना हातले छोइ हाल्ने थिए तब पनि नकार्नेहरूले भन्ने थिए- यो स्पष्ट जादू हो । ८- यिनीहरूले भन्छन्- यिनीहरूमाथि देवदूत किन पठाइएन ? यदि हामीले देवदूत पठाएको भयौं यिनीहरूको निर्णय भइसकेको

हुने थियो र कुनै मौका दिइने थिएन । यदि हामीले देवदूतलाई रसूल बनाएर पठाएको भयौं त्यसलाई मानवको रूपमा पठाउने थियौं र तिनीहरूलाई त्यसै शंकामा हाल्ने थियौं जसमा अहिले तिनीहरू परेका छन् । १०- तपाईंभन्दा अघि पनि रसूलहरूको ठट्टा गरियो, अनि ठट्टा गर्नेहरूलाई त्यसै आपदाले समात्यो जसको तिनीहरू खिल्ली उडाइदै थिए । ११- भन्नुहोस्- धर्तीमा घुम फिर गर अनि हे नकार्नेहरूको के कसतो परीणाम भयो । तिनीहरू शक्तिशाली हुँदाहुँदै पनि तिनीहरूमाथि ईश्वरको प्रकोप अवतरित भयो ।

१२- सोध्नुहोस्- कसको हो जे जति आकाशहरू तथा पृथ्वीमा छन् ? भनिदिनुहोस्- यी सबै ईश्वरका हुन् । उहाँले आफूमाथि दया कृपा लेख्नुभएको छ । उहाँले अवश्य नै तिमीहरूलाई महाप्रलयको दिन जम्मा गर्नुहुनेछ, जसमा कुनै सन्देह छैन । जसले आफुलाई घाटामा हाले तिनीहरू नै हुन् जो त्यसमाथि आस्था ल्याएका छैनन् । १३- ईश्वर कै हुन् जे जति रात तथा दिनमा बसोबास तर्छन् । उहाँ सबैका कुराहरू सुन्नेवाला तथा जान्ने वाला हुनुहुन्छ । १४- भनिदिनुहोस्- के म ईश्वरबाहेक अरूलाई मद्दतगार बनाउँ जब कि उहाँ आकाशहरू तथा पृथ्वीका सृष्टिकर्ता हुनुहुन्छ ?! जो सबैलाई खुवाउनुहुन्छ र उहाँलाई कसैले खुवाउँदैन । भनिदिनुहोस्- मलाई आदेश भएको छ कि सर्वप्रथम मुस्लिम (आज्ञाकारी भक्त) बनुँ । तिमीहरू कदापि साझेदार बनाउनेहरूमध्ये न बन । १५- भनिदिनुहोस्- यदि म आफ्ना पालनकर्ताको अवज्ञा गर्छु भने म एउटा ठूलो दिनको यातनाबाट डराउँछु । १६- जसबाट यस यातनालाई हटाइयो उसमाथि ईश्वरले कृपा गर्नुभयो र यही स्पष्ट सफलता हो ।

१७- यदि तिमीहरूलाई ईश्वरले कुनै कष्ट दिनुहुन्छ भने त्यसलाई उहाँबाहेक कोही पनि टार्न सक्दैन । यदि तिमीहरूलाई ईश्वरले कुनै भलाइ प्रदान गर्नुहुन्छ भने उहाँ हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ । १८- ईश्वरकै शक्ति चल्छ भक्तहरूमाथि र उहाँ तत्वदर्शी र खबर राख्ने वाला हुनुहुन्छ । १९- सोध्नुहोस्- सबै भन्दा ठूलो

साक्षी को हो ? भनिदिनुहोस्- ईश्वर, उहाँ मेरो र तिमीहरूबीच साक्षी हुनुहुन्छ । ममाथि यो कुर्आन अवतरित भएको छ, ताकि म तिमीहरूलाई र जोसमक्ष यो पुग्ने छ ती सबैलाई खबरदार गरुँ। के तिमीहरू यस कुराको साक्षी दिन सक्छौ कि ईश्वरबाहेक अन्य कोही पनि उपास्य हुन सक्छ ? भदिनुहोस्- म यसको गवाही दिन सक्दिन। ईश्वर मात्र पूज्य हुनुहुन्छ, । तिमीहरूले जे जस्तो साझेदार ठहर गर्ने कार्य गर्छौ त्यससँग मेरो कुनै सरोकार छैन।

२०- किताब-बाहकहरू आफ्ना सन्तानहरूलाई चिन्ने झैं यसलाई चिन्छन्। जुन मानिसहरूले आफूलाई घाटामा हाले तिनीहरू यसलाई मान्दैनन्। २१- त्यो व्यक्तिभन्दा ठूलो अत्याचारी को हुन सक्छ जो ईश्वरमाथि झुठो आरोप लगाउँछ वा ईश्वरका निशानीहरूलाई झूठो ठहर गर्छ । निस्सन्देह अत्याचारीहरूलाई सफलता मिल्दैन। २२- जुन दिन हामीले यी सबैलाई जम्मा गर्नेछौं, अनि साझेदार ठहर गर्नेहरूलाई भन्नेछु- कहाँ छन् तिम्रा ती साझेदारहरू, जसको तिमीहरू दावी गर्थ्यौ ?! २३- अनि तिनीहरूसंग कुनै धोका दिने चिज रहने छैन सिवाय यसको कि तिनीहरूले भन्नेछन्- आफ्नो पालनकर्ता ईश्वरको कसम ! हामी तपाईंसँग साझेदार ठहर गर्दैनथे। २४- हेर्नुहोस्, यिनीहरूले कसरी आफैंमाथि झूठो बोले। यिनीहरूबाट ती कुराहरू हराएर जो बनाउने गर्थे ?!

२५- तिनीहरूमध्ये केही यस्ता छन् जो तपाईंलाई कान थापेर सुन्छन्, तर हामीले तिनीहरूका हृदयमाथि पर्दा हालेकाछौं ताकि तिनीहरू बुझ्न नसकुन् । तिनीहरूका कानमा बुचो छ। तिनीहरूले सबै निशानीहरू देखे पनि त्यसमाथि आस्था ल्याउँदैनन् । जब तिनीहरू तपाईंसमक्ष झगडा गर्न आउँछन् तब यी नकार्नेहरू भन्छन्- यी सबै अघिल्ला मानिसहरूका कथाहरू हुन्। २६- तिनीहरू मानिसहरूलाई रोक्छन् र स्वयम पनि टाढा रहन्छन्। यसो गरेर आफैंलाई नष्ट पार्दैछन् तर तिनीहरू बुझ्दैनन्। २७- जब तपाईंले तिनीहरूलाई आगोमा उभिएको देख्नुहुनेछ, त्यतिखेर तिनीहरूले भन्नेछन्- हामीलाई फर्काइयो भने हामी

आफ्ना पालनकर्ताका निशानीहरूलाई झुठ्ल्याउने छैनौं र आस्थावानहरूमध्ये हुनेछौं। २८- अब तिनीहरूसमक्ष तिनीहरूले लुकाएको कुरा छर्लङ्ग भयो। यदि तिनीहरूलाई फेरि फर्काइयो भने तिनीहरूले पुनः मनाहि गरिएकै कार्यहरू गर्नेछन्। तिनीहरू झूठा हुन्।

२९- तिनीहरूले भन्छन्- जीवन त मात्र यही सांसारिक जीवन हो। हामीहरूलाई पुनः उठाइने छैन। ३०- यदि तपाईंले त्यतिखेर देख्नुहुनेछ जतिखेर तिनीहरूलाई आफ्ना पालनकर्तासमक्ष खडा गरिनेछ, अनि उहाँले तिनीहरूलाई सोध्नुहुनेछ- के यो सत्य होइन र ?! तिमीहरूले जवाफ दिनेछन्- अँ, मेरो पालनकर्ताको कसम ! यो सत्य हो। अनि ईश्वरले तिनीहरूलाई भन्नुहुनेछ- त्यो छ भने यस दिनलाई झूठो ठहर गरेकोले यातनाको स्वाद चाख। ३१- निस्सन्देह ती मानिसहरू घाटामा रहे जसले ईश्वरसंग भेटने वास्तविक्तालाई झूठो ठहर गरे। यहाँसम्म कि जब त्यो घडी तिनीहरूमाथि अकस्मात आउनेछ, तब तिनीहरूले भन्नेछन्- ! हाय अपसोच, यस सँबन्धमा हामी कस्तो कमि गर्यौं। तिनीहरूले गरेको पापको भारीलाई आफ्ना पिठ्यूँमाथि बोकेका हुनेछन्। हेर्नुहोस्, कति नराम्रो भारी छ जसलाई तिनीहरूले बोक्नेछन्। ३२- यो सांसारिक जीवन त खेल कुद हो। परलोकको घर उत्तम छ ती मानिसहरूका लागि जो ईशभय राख्छन्। के तिमीहरू बुझ्दैनौ ?

३३- उनीहरूले भनेको कुराले तपाईं चिन्तित हुनुहुन्छ भन्ने कुरा हामीलाई थाहा छ। तिनीहरू तपाईंलाई झूठो ठहर गर्दैनन् बरु यी अत्याचारीहरू वास्तवमा ईश्वरका निशानीलाई झूठो ठहर गर्दैछन्। ३४- तपाईं भन्दाअघि पनि रसूलहरू झूठो ठहर गरिए, तर उनीहरूले झूठो ठहर गरिने र कष्टप्रति धैर्य गरे, यहाँसम्म किउनीहरूलाई हाम्रो मद्दत पुग्यो। ईश्वरका वाणीलाई कोही बदलने वाला छैन। तपाईंसमक्ष रसूलहरूका केही समाचारहरू पुगि सकेका छन्। ३५- यदि उनीहरूको विमुखता तपाईंका लागि असहनीय छ र तपाईंमा केही बल छ भने पृथ्वीमा कुनै

सुरुङ्ग खोज्नु होस् वा आकाशमा कुनै भर्याङ्ग लगाउनुहोस् र तिनीहरूका लागि कुनै निशानीहरू ल्याउनुहोस् । ईश्वरले चाहनु भएको भए ती सबैलाई सत्मार्गमा एकत्रित गर्नुहुने थियो अतः तपाईं अज्ञानीहरूमध्ये न बन्नुहोस्। ३६- स्वीकार त ती मानिसहरू मात्र गर्छन् जो कुरा सुन्ने क्षमता राख्छन् । ईश्वरले मृतहरूलाई उठाउनुहुनेछ अनि तिनीहरू उहाँतर्फ फर्काएर लगिनेछन् ।

३७- तिनीहरू भन्छन्- रसूलमाथि कुनै निशानी उहाँको पालनकर्ताको तर्फबाट किन अवतरित भएन ? भनिदिनुहोस्- निश्चय नै ईश्वर निशानी अवतरित गर्न क्षमतावान हुनुहुन्छ तर अधिकांश मानिसहरू जान्दैनन् । ३८- भूमिमा हिँड्डोल गर्ने जति प्रकारका जनावरहरू छन् र आकाशमा दुई वटा पखेटाले उड्ने जति पंक्षीहरू छन् ती सबै तिमीहरू जस्तै किसिमहरू हुन् । हामीले लेख्नमा केही छुटाएका छैनौं । अनि यी सबै आफ्ना पालनकर्तासामु एकत्रित गरिने छन् । ३९- हाम्रा निशानीहरूलाई असत्य ठहर गर्नेहरू बहिरा तथा लाटा हुन् र अन्धकारमा डुबेका छन् । ईश्वर जसलाई चाहनुहुन्छ पथभ्रष्ट पार्नुहुन्छ र जसलाई चाहनुहुन्छ मार्गदर्शन गर्नुहुन्छ ।

४०- भन्नुहोस्- यदि तिमीहरूमाथि ईश्वरको प्रकोप आइपरेमा वा महाप्रलय नै आएमा के तिमीहरूले ईश्वरबाहेक अन्य कसैलाई बोलाउँछौ ? बताऊ यदि तिमीहरू सच्चा छौ । ४१- बरु तिमीहरू मात्र ईश्वरलाई पुकार्नेछौ अनि उहाँले चाहनुभएमा त्यो सङ्कट टारिदिनुहुन्छ जसको लागि तिमीहरू पुकार्छौ । त्यतिखेर तिमीहरूले ती पूज्यहरूलाई बिर्सन्छौ जसलाई तिमीहरू साझेदार बनाउँछौ ।

४२- हामीले तपाईं भन्दा पहिले धेरै समुदायहरूतर्फ रसूलहरू पठायौं । अनि हामीले तिनीहरूलाई कडा अवस्था र कष्टमा ग्रस्त गर्यौं तिनीहरू विनम्र होउन् । ४३- जब हाम्रोतर्फबाट प्रकोप आयो तब तिनीहरू किन बिनम्र भएनन् ? बरु तिनीहरूको हृदय झन् कठोर भयो । शैतानले तिनीहरूको कार्यलाई तिनीहरूको दृष्टिमा आकर्षक बनाएर देखाउँदै गर्यो । ४४- जब तिनीहरूले त्यस उपदेशलाई

बिर्से जो तिनीहरूलाई गराइएको थियो तब हामीले तिनीहरूका लागि सबै वस्तुहरूका ढोका खोलि दियौं । अनि जब तिनीहरू प्रदान गरिएका चिजहरूमा खुबै मग्न भए तब अकस्मात् हामीले समात्यौं अनि तिनीहरू निराश हुन् पुगे । ४५- अन्ततः अत्याचारी नकार्नेहरूको जरो नै काटियो । सम्पूर्ण प्रशंसाको मात्र ईश्वरको लागि जो हो सम्पूर्ण जगतका पालनकर्ता हुनुहुन्छ ।

४६- सोध्नुहोस्- यदि ईश्वरले तिमीहरूको कान, आँखा खोस्नु हुन्छ र तिम्रा हृदयहरूमा मोहर लगाउनुहुन्छ भने ईश्वरवाहेक कुन उपास्यले तिमीहरूलाई त्यो फिर्ता दिन सक्छ ? हेर, हामी कसरी विभिन्न तरिकाले निशानीहरू वर्णन गर्छौं तैपनि तिनीहरू विमुख हुन्छन् । ४७- भनिदिनुहोस्- यदि तिमीहरूमाथि ईश्वरको प्रकोप अकस्मात् वा खुल्लम खुल्ला आइपुग्यो भने अत्याचारीहरूबाहेक अरू को नष्ट हुन्छ ? ४८- हामीले रसूलहरूलाई शुभसूचना दिनेवाला वा सचेतक बनाएर पठाउने गर्छौं । अनि जो ल्याउँछ र सत्कर्म गर्छ उसको लागि न कुनै डर हुनेछ न तिनीहरू चिन्तित नै हुनेछन् । ४९- जसले हाम्रा निशानीहरूलाई झूठो ठहर गरे तिनीहरूमाथि प्रकोप आइलाग्नेछ, किनभने तिनीहरू अवज्ञा गर्थे । ५०- भन्नुहोस्- म यो दावी गर्दिन कि मसित ईश्वरको खजाना छ, वा मलाई रोक्षको ज्ञान छ, वा म देवदूत हुँ । म त मात्र सिवाय ती वही (प्रकाशना) को बारेमा जसबाट ईश्वरले मलाई सूचित गर्नुभएको छ । म यो पनि भन्दिन- म फरिश्ताहरूमध्ये एउटा फरिश्ता हुँ । म मात्र त्यस प्रकाशनाको अनुसरण जो म समक्ष आउँछ । भनिदिनुहोस्- के अन्धा र आँखा भएका एक समान हुन सक्छन् ? के तिमीहरू विचार गर्दैनौ ?

५१- तपाईं यस प्रकाशनाद्वारा ती मानिसहरूलाई डराउनुहोस्, जो आफ्ना पालनकर्तासमक्ष एकत्रित गरिनेबाट डराउँछन्, यस अवस्थामा कि यिनीहरूका लागि ईश्वरबाहेक न कोही संरक्षक हुनेछ र न कोही सिफारिशकर्ता । शायद, यिनीहरूले डराउनेछन् । ५२- ती मानिसहरूलाई आफूबाट टाढा न पार्नुहोस्,

जो आफ्नो पालनकर्तालाई उहाँको प्रसन्नता खोज्दै बिहान र साँझ पुकार्छन् । तिनीहरूको हिसाबमध्ये कुनै पनि भार तपाईंमाथि छैन र तपाईंको हिसाबमध्ये कुनै पनि भार तिनीहरूमाथि छैन कि तपाईंले तिनीहरूलाई आफूबाट टाढा पारेर निसाफ न गर्नेहरूमध्ये बन्नुहोस् । ५३- यसरी हामीले तिमीहरूमध्ये एकलाई अर्कोबाट जाँचेकाछौं । ताकि तिनीहरूले भनुन्- के हामीहरूबीच यिनै हुन् जसमाथि हामीहरूबीच ईश्वरको कृपा भएको छ ? के ईश्वर आभार प्रकट गर्नेहरूलाई राम्ररी जान्नुहुन्न ?

५४- जब तपाईंसमक्ष हाम्रा निशानीहरूमाथि आस्था राख्नेहरू आउँछन् तब तिमीहरूमाथि शान्ति होस् भन्नुहोस् । तिमीहरूका पालनकर्ता आफूमाथि कृपालाई अनिवार्य गर्नुभएको छ । तिमीहरूमध्ये कसैले नजानीकन कुकर्म गर्छ र त्यसपछि प्रायश्चित तर्छ र सुधार गर्छ भने ईश्वर अति क्षमाशील एवं परम दयालु हुनुहुन्छ । ५५- यसरी हामी आफ्ना निशानीहरू खुलस्त रूपमा वर्णन गर्छौं ताकि अपराधीहरूका तरिका स्पष्ट होस् ।

५६- भन्नुहोस्- ईश्वरबाहेक तिमीहरू जसको भक्ति गर्छौ त्यसको भक्तिबाट मलाई मनाहि गरिएको छ । भनिदिनुहोस्- म तिमीहरूको इच्छाको अनुसरण गर्दिन, यदि मैले यसो गरें भने म पथभ्रष्ट हुन्छु र सीधा मार्ग पाउनेहरूमध्ये रहँदिन । ५७- भन्नुहोस्- म आफ्नो पालनकर्ताको तर्फबाट स्पष्ट प्रमाणमा छु तर तिमीहरूले यसलाई झूठो ठहर गरेका छौ । तिमीहरू जुन कुराको लागि हतार गर्दैछौ त्यो मेरो हातमा छैन । निर्णय गर्ने अधिकार मात्र ईश्वरलाई छ । उहाँ नै सत्य भन्नुहुन्छ र उहाँ उत्तम निर्णयकर्ता हुनुहुन्छ । ५८- भनिदिनुहोस्- तिमीहरूले हतार गरिराखेको कुरा यदि मेरो हातमा भएको भए मेरो र तिमीहरूबीच मामिलाको निर्णेय भइ सक्थ्यो । ईश्वर राम्ररी जान्नुहुन्छ अत्याचारीरूलाई । ५९- मात्र ईश्वरसँग गैब (परोक्ष) को साँचाहरू छन् । उहाँबाहेक अरू कसैलाई त्यसको ज्ञान छैन । उहाँ जान्नुहुन्छ जे जति थल तथा जलमा छन् । रुखबाट कुनै पात झर्दैन जसको ज्ञान उहाँलाई हुँदैन ।

जमिनका अन्धकारमा कुनै दाना खस्दैन न कुनै कच्चा वा पक्का वस्तु तर ती सबै एउटा स्पष्ट किताबमा लेखिएको छ ।

६०- ईश्वर नै हुन् जो रातमा तिमीहरूको आत्माहरूलाई नियन्त्रणमा लिनुहुन्छ र दिनमा तिमीहरू गरेको कार्यलाई उहाँ राम्ररी जान्नुहुन्छ । उहाँ निन्द्राबाट जगाउनुहुन्छ ताकि निश्चित समय पूरा होस् । अन्ततः उहाँतिर नै तिमीहरू फर्केर जानेछौ अनि उहाँले तिमीहरूले गरेको कार्यहरूबारे सूचित गर्नुहुनेछ । ६१- ईश्वर आफ्ना भक्तहरूमाथि हावी हुनुहुन्छ । उहाँ तिमीहरूतर्फ निरिक्षक पठाउनुहुन्छ यहाँसम्म कि जब तिमीहरूमध्ये कसैको मृत्यूको समय आउँछ तब हामीले पठाएको यमदूतले उसको आत्मालाई नियन्त्रणमा लिनुहुन्छ र त्यसमा कुनै कमि गर्दैन । ६२- फेरि सबै वास्तविक पालनकर्ता ईश्वरतर्फ फर्काइनेछन् । सुन, उहाँकै आदेश लागु हुन्छ र उहाँ एकदमै छिटो हिसाब लिनुहुनेछ ।

६३- भनिदिनुहोस्- थल तथा जलका अन्धकारहरूमा कसले जोगाउँछ ? तिमीहरू ईश्वरलाई नै गोप्य रूपमा अति बिन्तीका साथ पुकाछौंः यदि ईश्वरले हामीलाई यस संकटबाट जोगाउनुहुनेछ भने हामी उहाँका कृपाहरूप्रति अति आभारी हुनेछौं । ६४- भनिदिनुहस्- ईश्वरले नै तिमीहरूलाई हरेक किसिमको संकटबाट जोगाउनुहुन्छ । तर तिमीहरू त्यसपछि ईश्वरसँग अरूलाई साझेदार बनाउन थाल्छौ । ६५- भनिदिनुहोस्- ईश्वर सामर्थ्य राख्नुहुन्छ यस कार्यामाथि कि तिमीहरूतर्फ माथिबाट वा मुनिबाट वा तिमीहरूलाई विभिन्न गुटहरूमा विभाजित गरेर तिमीहरूलाई एक अर्काको शक्तिको स्वाद चखाउन् । विचार गर्नुहोस्- हामी कसरी विभिन्न तरिकाले प्रमाणहरू प्रस्तुत गर्छौं ताकि तिनीहरूले बुझुन् । ६६- तपाईंका समुदायले यस कुर्आनलाई झूठो ठहर गर्यो जबकि यो सत्य हो । भनिदिनुहोस- म तिमीहरूमाथि निरिक्षक होइन । ६७- हरेक सस्चनाको लागि एउटा निश्चित समय तोकिएको छ । तिमीहरूले चाँडै नै जान्नेछौ ।

६८- तपाईंले हाम्रा श्लोकहरूमा त्रुटि निकाल्नेहरूलाई देख्दा, तिनीहरूबाट

टाढा भइ हाल्नुस् यहाँसम्म कि तिनीहरू अन्य कुराहरूमा व्यस्त होउन् । यदि तपाईंलाई शैतानले बिर्साइदिन्छ भने याद आएपछि यस्ता बे इन्साफ गर्नेहरूसंग न बस्नुहोस् । ६९- जो मानिसहरू ईश्वरसँग डराउँछन्, उनीहरूसित यी अत्याचारीहरूको बारेमा सोधपुछ हुने छैन, तर उनीहरूले तिनीहरूलाई याद दिलाउनुपर्छ ताकि तिनीहरू डराउन् । ७०- ती मानिसहरूलाई छोडिदिनुहोस्, जसले आफ्ना धर्मलाई खेल ठट्टा बनाएका छन् र जसलाई सांसारिक जीवनले धोकामा पारेको छ । कुर्आनद्वारा उपदेश दिनुहोस् ताकि कोही पनि आफूले कमाएको पापको कारणले विनाशको शिकार नहोस्, यस अवस्थामा कि ईश्वरबाट जोगाउने कोही पनि मद्दतगार र सिफारशकर्ता न होस् । संसारभरी अर्थ-दण्डको रूपमा दिए पनि स्वीकार्य हुने छैन । यिनीहरू नै हुन् जो आफूले गरेको पापकर्ममा समातिए । तिनीहरूलाई अति उम्लिरहेको पानी पिलाइनेछ र पीडादायी यातना दिइनेछ तिनीहरूले गरेको इन्कारको कारणले ।

७१- भनिदिनुहोस्- के हामी ईश्वरलाई छोडेर यस्तोलाई पुकारौं जो न त कुनै फाइदा पुर्याउन सक्छन् न हानि नै ? के हामी उल्टो पाउँ फर्कि हालौं जब कि ईश्वरले हामीलाई सीधा मार्ग देखाउनुभएको छ । त्यस व्यक्ति जस्तो जसलाई शैतानहरूले मरुभूमिमा भट्काएका छन् र ऊ हैरान घुम्दैछ र उसको साथी उसलाई सीधा मार्गतर्फ बोलाउँदैछ कि हाम्रो नजिक आउ । भन्नुहोस्- वास्तविक मार्गदर्शन त ईश्वरको मार्गदर्शन हो । हामीलाई आदेश दिइएको छ जगतका पालनकर्ताप्रति आत्मा-समर्पण गर, ७२- र यो कि नमाज कायम गर, ईश्वरसंग डराउ, कि उहाँसमक्ष नै तिमीहरू एकत्रित गरिने छौ । ७३- ईश्वर नै हुनुहुन्छ जसले आकाशहरू तथा पृथ्वीलाई सत्यका साथ सृष्टि गर्नुभयो । त्यस दिन ईश्वरले जुन सुकै वस्तुलाई भन्नुहुन्छ भइहाल, त्यो भइ हाल्छ । उहाँको कुरा सत्य हो र त्यस दिन उहाँ कै हातमा सबै शासन हुनेछ जुन दिन सूर (शंख) फुक्नेछ । देखिने तथा नदेखिने दुवै किसिमका कुराहरूका ज्ञाता, तत्वदर्शी र सुसूचित हुनुहुन्छ ।

७४- जब इब्राहीमले आफ्नो पिता आजरलाई भने- के तपाईं मूर्तीहरूलाई उपास्य ठान्नुहुन्छ ? ! म तपाईंलाई तथा तपाईंका समुदायलाई स्पष्ट पथभ्रष्टतामा देख्दछु । ७५- त्यस्तै हामीले इब्राहीमलाई आकाशहरू तथा पृथ्वीका राज्य-व्यवस्था देखायौं ताकि उनी विश्वास गरुन् । ७६- जब रातको अँध्यारो छायो तब उनले एउटा तारा देखे अनि भने- यो मेरो ईश्वर हो । अनि जब त्यो अस्तायो तब उनले भने- म अस्ताउने वस्तुलाई मन पराउँदिन ।

७७- जब उनले चन्द्रमालाई चम्किरहेको देखे तब भने- यही मेरो ईश्वर हो । अनि, जब त्यो पनि अस्तायो तब उनले भने- यदि मेरा वास्तविक ईश्वरले मलाई मार्गदर्शन न गरेको भए निश्चय नै म पथभ्रष्ट हुनेहरूमध्ये हुने थिएँ । ७८- जब उनले सूर्यलाई चम्कि रहेको देखे तब भने- यो मेरो ईश्वर हो । यो सबैभन्दा ठूलो छ । जब त्यो पनि अस्तायो तब उनले आफ्नो समुदायलाई भने- हे मानिसहरू हो ! जुन कुराहरूलाई तिमीहरू ईश्वरसँग साझेदार बनाउँछौ ती सबैबाट मेरो कुनै सरोकार छैन । ७९- मैले आफ्नो अनुहार एकाग्र भएर मात्र त्यस ईश्वरतर्फ फर्काएं जसले आकाशहरू तथा पृथ्वीको सृष्टि गर्नुभयो । म शिर्क (ईश्वरसँग साझेदार ठहर) गर्नेहरू मध्ये होइन ।

८०- उनका समुदायले उनीसँग वादविवाद गर्न थाले । इब्राहीमले जवाफ दिए- के तिमीहरू ईश्वरको मामिलामा मसंग वादविवाद गर्छौ जब कि उहाँले मलाई सीधा मार्ग देखाउनु भएको छ ? म ती वस्तुहरूसंग डराउँदिन जसलाई तिमीहरू ईश्वरसंग साझेदार ठहर गर्छौ, सिवाय यसको कि ईश्वर नै केही चाहुन् । मेरो ईश्वरको ज्ञान हरेक वस्तुमाथि छाएको छ, के तिमीहरू बुध्दि पुर्याउँदैनौ ? ८१- म तिमीहरूले ठहर गरेकाहरूसँग किन डराऊँ जबकि तिमीहरू ईश्वरसँग ती कुराहरूलाई साझेदार बनाउन डराउँदैनौ जसको कुनै प्रमाण ईश्वरले तिमीहरूमाथि अवतरण गर्नुभएको छैन ?! अब दुवै समूहहरूमध्ये को बढी अमन शान्ति को हकदार छ यदि तिमीहरू ज्ञान राख्छौ भने ? ८२- जुन मानिसहरूले आस्था ल्याए

र आफ्नो ईमानमा कुनै कमि मिसाएनन्, उनीहरूका लागि शान्ति छ र उनीहरू नै सत्यमार्गमा छन् । ८३- यो हाम्रो त्यो प्रमाण हो जो हामीले इब्राहीमलाई उनका समुदायविरुद्ध प्रदान । हामी जसलाई चाहन्छौं त्यसको दर्जा उच्च पार्दछौं । निस्सन्देह तपाईंका पालनकर्ता तत्वदर्शी र सर्वज्ञ हुनुहुन्छ ।

८४- हामीले इब्राहीमलाई इस्हाक तथा याकूब प्रदान गर्यौं । उनीहरू सबैलाई सीधा मार्ग देखायौं । यसअघि हामीले नूह, उनका सन्तानहरूमध्ये दाऊद, सुलैमान, अय्यूब, यूसुफ, मूसा एवं हारूनलाई पनि सीधा मार्ग देखायौं । हामी सुकर्मीहरूलाई यस्तै बदला दिनेछौं । ८५- हामीले जकरिय्या, यहया, ईसा तथा इल्यासलाई पनि सत्मार्ग देखायौं । उनीहरूमध्ये प्रत्येक सत्कर्मी थिए । ८६- हामीले इस्माईल, अल्-यसअ, यूनुस र लूतलाई पनि सत्मार्ग देखायौं । उनीहरूमध्ये प्रत्येकलाई हामीले संसारबासीहरूमाथि प्राथमिकता प्रदान गर्यौं । ८७- हामीले उनीहरूका पूर्वज, सन्तान तथा दाजु भाइहरूमध्येलाई पनि सत्मार्ग देखायौं । हामीले उनीहरूलाई चयन गर्यौं र सीधा मार्गमा हिँडायौं । ८८- यो ईश्वरको मार्गदर्शन हो । उहाँ आफ्ना भक्तहरूमध्ये जसलाई चाहनुहुन्छ सत्मार्ग प्रदान गर्नुहुन्छ । यदि यिनीहरूले पनि शिर्क (ईश्वरसँग कसैलाई साझेदार ठहर) गरेको भए यिनीहरूका सबै सत्कर्महरू व्यर्थ हुने थिए । ८९- यी मानिसहरू हुन् जसलाई हामीले किताब, तत्वदर्शिता तथा ईशदूतत्व प्रदान गर्यौं । यदि यी मक्का बासीहरूले इन्कार गर्छन् भने हामीले तिनीहरूका लागि यस्ता मानिसहरू तैनात गरेका छौं जो त्यसलाई नकार्दैनन् । ९०- यी मानिसहरू हुन् जसलाई ईश्वरले मार्गदर्शन गर्नुभएको छ, अनि तिमीहरू पनि उनीहरूका तरिकाअनुसार हिँड । भनिदिनुहोस्- म यसप्रति तिमीहरूबाट कुनै बदला माग्दिन । यो त मात्र एउटा उपदेश हो संसार बासीहरूका लागि ।

९१- तिनीहरूले ईश्वरको बारेमा अति नराम्रो अनुमान लगाए, जब तिनीहरू भने- ईश्वरले कुनै मनुष्यमाथि केही पनि अवतरण गर्नुभएको छैन । उनीहरूलाई

सोध्नुहोस्- त्यो किताब कसले अवतरण गर्नुभयो जसलाई मूसा लिएर आएका थिए ? त्यो प्रकाश र मार्गदर्शन थियो मानिसहरूका लागि, जसलाई तिमीहरूले अलग अलग पानाहरूमा गरिदिएका छौ । जसमध्ये केहीलाई व्यक्त गर्छौ र धेरै कुराहरूलाई लुकाउँछौ । तिमीहरूलाई त्यो कुरा सिकायो जसको ज्ञान न त तिमीहरूलाई थियो न त तिमीहरूका पूर्वजहरूलाई नै । भनिदिनुहोस्- यसलाई ईश्वरले अवतरण गर्नुभयो । तिनीहरूलाई बेकारको वाद विवादमा मग्न छोडिदिनुहोस् । ९२- यो एउटा किताब हो जसलाई हामीले अवतरित गरेका छौं, यो मङ्गलमय हो, यो पुष्टि गर्दछ पहिलेका किताबहरूको । ताकि तपाईंले डराउनुहोस् यसबाट मक्काबासीहरूलाई र त्यसका वरि परि रहेका मानिसहरूलाई। जुन मानिसहरू परलोकमाथि आस्था राख्दछन् उनीहरू नै यसमाथि आस्था ल्याउनेछन्। उनीहरू आफ्नो नामजको रक्षा गर्नेवाला हुन्।

९३- यस्तो व्यक्ति भन्दा ठूलो अन्यायी को हुन सक्छ जो ईश्वरमाथि झूठो आरोप लगाउँछ र भन्दछ- ममाथि वही (प्रकाशना) अवतरण भएको छ जब कि उसमाथि वही अवतरण भएको छैन, वा यो भन्छ- ईश्वरले पठाएको वही जस्तै म पनि वही अवतरण गर्ने छु। वा ऊ भन्छ- जसरी ईश्वरले कुर्आन अवतरण गर्नुभयो त्यसरी म पनि किताब अवतरित गर्नेछु । तपाईंले त्यो समय हेर्न पाउने भए बेस हुन्थ्यो जब यी अत्याचारीहरू मृत्युको कष्टमा हुनेछन् र यमदूतहरू हात बढाउँदै हुनेछन् कि ल्याउ आफ्नो प्राण निकाल। आज तिमीहरूलाई अपमानको यातना दिइनेछ यस कारणले कि तिमीहरू ईश्वरमाथि झूठो आरोप लगाउँदै थियो र तिमीहरू ईश्वरका निशानीहरूप्रति घमण्ड गर्दथियौ। ९४- तिमीहरू हामीसमक्षा एक्लै उपस्थित भएका छौ, जस्तो कि हामीले तिमीहरूलाई पहिलो पटक सृष्टि गरेका थियौं। हामीले तिमीहरूलाई जे जति सम्पत्ति प्रदान गरेका थियौं ती सबै तिमीहरू पछाडि छोडेर आएका छौ। हामी तिमीहरूसँग ती सिफारिश गर्नेहरूलाई पनि देखिरहेका छैनौं जसको बारेमा तिमीहरूले ठानेका थियौ कि तिमीहरूको

कार्य पूरा गर्नमा तिनीहरूको पनि अंश छ । तिमीहरूको सम्बन्ध विच्छेद भयो र तिमीहरूको दाबी पनि समाप्त भयो ।

९५- निस्सन्देह ईश्वरले नै अन्नका दाना र गेडालाई फोड्ने वाला हुनुहुन्छ । उहाँ निर्जीवबाट सजीव र सजीवबाट निर्जीव निकाल्नुहुन्छ । उहाँ नै तिमीहरूका ईश्वर हुनुहुन्छ, अनि तिमीहरू कता विमुख हुँदैछौ ?! ९६- ईश्वर नै बिहानिको प्रकाश निकाल्नुहुन्छ । उहाँले नै रातलाई आरामको समय बनाउनुभयो । उहाँले नै सूर्य तथा चन्द्रमालाई निर्धारित हिसाबका साथ राख्नुभएको छ । यी सबै सर्व शक्तिमान  र सर्वज्ञद्वारा निश्चत गरिएका छन् । ९७- उहाँले नै तिमीहरूका लागि आकाशमा ताराहरूलाई बनाउनुभयो ताकि तिमीहरू थल तथा जलमा मार्ग पत्ता लगाउ । निस्सन्देह हामीले प्रमाणहरू प्रष्टसँग बयान गरिदिएका छौं, यस्ता मानिसहरूका लागि जो जान्न चाहन्छन् ।

९८- ईश्वर नै हुनुहुन्छ, जसले तिमीहरूलाई एक जना व्यक्तिबाट सृष्टि गर्नुभयो। फेरि प्रत्येकको लागि एउटा बास स्थान छ र प्रत्येकको लागि एउटा सुम्पिने स्थान । हामीले निशानीहरू प्रष्टसँग बयान गरेकाछौं ती मानिसहरूका लागि जो बुझ्छन् । ९९- ईश्वर नै हुनुहुन्छ, जसले आकाशबाट वर्षा बर्साउनु भयो । त्यसपछि हामीले त्यसबाट हरेक किसिमका उम्रने वस्तुहरू बनायौं । अनि, हामीले त्यसबाट हरिया हाँगाहरू उमार्यौं, जसबाट हामी एक आपसमा गाभिएका दानाहरू उमार्यौ । खजुरका गाभाहरूबाट निहुरिएका फलका झुप्पाहरू उमार्यौं । हामीले अंगुर, जैतून तथा अनारका बगैंचाहरू उमार्यौं, जो मिल्दा जुल्दा पनि हुन्छन् र भिन्न भिन्न पनि । यी सबैका फल हेर जब ती फल्छन् र जब पाक्छन् । निस्सन्देह ती वस्तुहरूमा निशानीहरू छन् ती मानिसहरूका लागि जसमा आस्था ल्याउने इच्छा छ ।

१००- तिनीहरूले जिन्नहरूलाई ईश्वरका साझेदार ठहर गरे, जब कि उहाँले नै जिन्नहरूको सृष्टि गर्नुभयो । तिनीहरूले न जानिकन ईश्वरका लागि छोरा तथा

छोरि भन्ने कुरा रचे। तिनीहरूले रचेका कुराबाट ईश्वर पवित्र तथा उच्च हुनुहुन्छ। १०१- ईश्वर नै आकाशहरू एवं पृथ्वीका सृष्टिकर्ता हुन्। उहाँको छोरो कसरी हुन सक्छ जबकि उहाँको पत्नी छैन ? उहाँले नै सबै चिजहरू सृष्टि गर्नुभयो। उहाँ हरेक वस्तुका ज्ञाता हुनुहुन्छ र हरेक वस्तुबाट सुसूचित हुनुहुन्छ। १०२- यो हुनुहुन्छ ईश्वर, तिमीहरूका पालनकर्ता हुनुहुन्छ। उहाँबाहेक कोही उपास्य छैन। उहाँ नै सबै चिजका सृष्टिकर्ता हुनुहुन्छ। अतः तिमीहरू उहाँकै भक्ति गर। उहाँ सबै वस्तुका कार्य साधक हुनुहुन्छ। १०३- आँखाहरूले उहाँलाई देख्न सक्दैनन् तर उहाँले आँखाहरूलाई देख्नुहुन्छ। उहाँ सूक्ष्मदर्शी र खबरदार हुनुहुन्छ। १०४- अब तिमीहरूसमक्ष तिम्रा पालनकर्ताको तर्फबाट स्पष्ट प्रमाणहरू आइसकेका छन्। अनि जसले विवेक प्रयोग गर्छ त्यसको फाइदा उसैलाई पुग्नेछ। तर जो अन्धो बन्छ त्यसको हानि उसैलाई पुग्नेछ। म तिमीहरूमाथि निगरान होइन।

१०५- यसरी हामी विभिन्न तरिकाले आफ्ना निशानीहरू वर्णन गर्छौं, ताकि तिनीहरूले भनुन्- तिमीले (पहिलाका कुरा) पढेका छौ। ताकि हामी स्पष्टरूपमा बयान गरौं ती मानिसहरूका लागि जो जान्न चाहन्छन्। १०६- तपाईं मात्र ती वही (प्रकाशना) को अनुसरण गर्नुहोस् जो तपाईंका पालनकर्ताले तपाईंतर्फ अवतरित गरिन्छ। उहाँबाहेक कोही पूज्य छैन। तपाईं बहुदेववादीबाट पिठ्यूँ फर्काउहोस्। १०७- यदि ईश्वरले चाहनुभएको भए तिनीहरूले साझेदार ठहर गर्ने थिएनन्। हामीले तपाईंलाई तिनीहरूमाथि संरक्षक तैनात गरेका छैनौं र न तपाईं तिनीहरूमाथि हवल्दार हुनुहुन्छ। १०८- तिनीहरू ईश्वरबाहेक जुन वस्तुहरूलाई पुकार्छन् तिनीहरूलाई गाली नगर नत्र तिनीहरूले सीमा उल्लङ्घन गर्दै अज्ञानतावश सत्य ईश्वरलाई गाली गर्नेछन्। यसरी हामीले हरेक समुदायको लागि तिनको कर्मलाई आकर्षक बनाएका थियौं। तिनीहरू सबैले आफ्ना

पालनकर्तातर्फ फर्केर जानुछ, त्यतिखेर उहाँले बताउनुहुनेछ जो तिनीहरू गर्ने गर्थे।

१०९- यी मानिसहरू ईश्वरको पक्का कसम खाएर भन्छन्- यदि तिनीहरूसमक्ष कुनै निशानी आएमा तिनीहरूले अवश्य त्यसमाथि आस्था ल्याउने छन् । भनिदिनुहोस्- निशानीहरू त ईश्वरसंग छ । तिमीहरूलाई के थाहा, तिनीहरूसमक्ष निशानीहरू आए पनि तिनीहरूले आस्था ल्याउने छैनन्। ११०- हामीले तिनीहरूका हृदय तथा आँखाहरू फेरि दिनेछौं, जसरी तिनीहरू पहिलो पटक आस्था ल्याएनन्। हामीले तिनीहरूलाई तिनीहरूको उद्दण्डतामा नै बरालि रहन छोडिदिनेछौं।

१११- यदि हामीले तिनीहरूमाथि फरिश्ताहरू उतारे पनि, मृतहरूले तिनीहरूसँग कुराकानीसमेत गरे पनि र सबै वस्तुहरू तिनीहरूसमक्ष एकत्रित गरे पनि तिनीहरू आस्था ल्याउने थिएनन् सिवाय यसको कि ईश्वरले नै चाहुन्। तर तिनीहरूमध्ये अधिकांश मानिसहरू अज्ञानताको कुरा गर्छन्।

११२- यसरी हामीले बदमाश मनुष्य तथा बदमाश जिन्नलाई हामीले प्रत्येक सन्देष्टाको शत्रु बनाएका छौं। तिनीहरू एक अर्कालाई धोकापूर्ण कुरा सिकाउँछन् धोका दिनको लागि। यदि तपाईंका पालनकर्ताले चाहनु भएमा तिनीहरूले त्यस्तो गर्ने थिएनन्। अतः तिनीहरूलाई झूठ रच्नको लागि छोडिदिनुहोस्। ११३- यो यस कारणले कि त्यसतर्फ ती मानिसहरूका हृदय आकर्षित होस् जो परलोकमा आस्था राख्दैनन्। ताकि तिनीहरूले त्यसलाई मन पराउन् र ताकि तिनीहरूले जे कमाइ गर्नु छ गरुन्।

११४- के म ईश्वरबाहेक अन्य कसैला न्यायधीश बनाउँ, जब कि उहाँले तिमीमाथि स्पष्ट किताब अवतरण गर्नुभएको छ । जुन मानिसहरूलाई हामीले पहिला किताब प्रदान गरेका थियौं तिनीहरूलाई यस बारेमा ज्ञान छ कि यो वास्तवमा तपाईंका पालनकर्ताको तर्फबाट अवतरित गरिएको छ । अतः तपाईं

कदापि शंका गर्नेहरूमध्ये न बन्नुहोस् । ११५- तपाईंका पालनकर्ताको कुरा नितान्त सत्य हो र यो निसाफमा आधारित छ । यसमा कसैले पनि परिवर्तन गर्न सक्दैनन् । ईश्वर सर्वश्रोता र सर्वज्ञ हुनुहुन्छ । ११६- यदि तपाईंले अधिकांश मानिसहरूको आज्ञापालन गर्न खोज्नुभयो भने धर्तीमा रहेकाहरूले तपाईंलाई ईश्वरको मार्गबाट पथभ्रष्ट पार्नेछन् । तिनीहरू मात्र अनुमानको अनुसरण गर्छन् र अटकलबाजी गर्छन् । ११७- निस्सन्देह तपाईंका पालनकर्ता राम्ररी जान्नु हुन्छ ती मानिसहरूलाई जो पथभ्रष्ट भए र ती मानिसहरूलाई पनि राम्ररी जान्नुहुन्छ जो सीधा मार्ग पाए ।

११८- अतः खाउ ती जनावरहरूबाट जसमाथि ईश्वरको नाम लिइएको छ यदि तिमीहरू उहाँका श्लोकहरूमाथि आस्था राख्छौ भने । ११९- कुन कारणले तिमीहरू ईश्वरको नाम लिएर बध गरिएको जनावरहरूको मासु खाँदैनौ ? जबकि उहाँले तिमीहरूका लागि हराम गरिएका जनावरहरूको विवरण स्पष्ट रूपमा बताइसक्नु भएको छ । सिवाय यसको कि तिमीहरू वाध्य हुन्छौ । निस्सन्देह धेरै मानिसहरू आफ्नो आकांक्षाहरूले पथभ्रष्ट पार्छन्, बिना कुनै ज्ञान । निस्सन्देह तपाईंका पालनकर्ता सीमा उल्लङ्घनकारीहरूलाई राम्ररी जान्नुहुन्छ । १२०- तिमीहरूले खुल्लम खुल्ला वा गोप्य दुवै किसिमका पापहरूलाई त्याग । जुन मानिसहरू पाप कमाउँदैछन् तिनीहरूलाई तिनीहरूको पापको सजाय तत्कालै मिल्नेछ । १२१- यस्ता जनावरहरूको मासु नखाउ जसमाथि ईश्वरको नाम लिइएको छैन । निस्सन्देह यो अवज्ञा हो । शैतानहरू आफ्ना साथीहरूको मनमा सन्देह उत्पन्न गर्छन् ताकि तिनीहरूले तिमीहरूसँग झगडा गरुन् । यदि तिमीहरू तिनीहरूको आज्ञापालन गर्छौ भने तिमीहरू पनि बहुदेववादी हुनेछौ ।

१२२- के यस्तो व्यक्ति जो मुर्दा थियो, फेरि हामीले उसलाई जीवन प्रदान गर्यौं साथै हामीले उनलाई मानिसहरूबीच हिँड्नको लागि प्रकाश प्रदान गर्यौं, यस्तो व्यक्ति जस्तो हुन सक्छ जो अन्धकारमा डुबेको छ र त्यसबाट निस्कन सक्दैन ।

यसरी नकार्नेहरूको नजरमा तिनीहरूका कर्महरूलाई आकर्षक तुल्याइएको छ। १२३- यसरी हामीले हरेक गाउँमा पापीहरूका अगुवाहरूलाई राखेका छौं ताकि तिनीहरूले षड्यन्त्र गरुन्। जब कि तिनीहरूले जे षड्यन्त्र गर्दैछन् आफैं विरुध्द गर्दैछन्, तर यसलाई बुझ्दैनन्। १२४- जब तिनीहरूसमक्ष कुनै निशानी आउँछ तब तिनीहरू भन्छन्- हामी त्यतिखेरसम्म मान्दैनौं जबसम्म हामीलाई पनि त्यही प्रदान गरिदैन जो ईश्वरका रसूलहरूलाई प्रदान गरिएको थियो। उहाँले कसलाई ईशदूतत्व प्रदान गर्नु हुन्छ भन्ने कुरा उहाँ नै जान्नुहुन्छ। अपराधीहरूलाई ईश्वरकहाँ अपमान मिल्नेछ र कडा यातना पाउने छन्, किनभने तिनीहरू चलखेल गर्थे।

१२५- ईश्वरले जसलाई सत्मार्ग देखाउन चाहनुहुन्छ, उसको छातीलाई इस्लामको लागि खोल्नुहुन्छ। ईश्वरले जसलाई पथभ्रष्ट गर्न चाहनुहुन्न उसको छातीलाई सङ्कूचित तुल्याउनुहुन्छ, मानौं उसले आकाशमा चढन परेको छ। यसरी नै ईश्वर आस्था न ल्याउनेहरूमाथि फोहर हाल्नु हुन्छ। १२६- यही तिमिहरूका पालनकर्ताको सीधा मार्ग हो। हामीले चिन्तन मनन गर्नेहरूका लागि निशानीहरू स्पष्ट गरिदिएका छौं। १२७- उनीहरूकै लागि तिनका पालनकर्ताकहाँ शान्ति-गृह छ। उनीहरूले गर्ने गरेका सत्कर्महरूले गर्दा ईश्वर उनीहरूका सहयोगी हुनुहुन्छ।

१२८- जुन दिन ईश्वरले उनीहरूलाई एकत्रित गर्नुहुनेछ- हे जिन्नहरूको समुदाय! तिमीहरूले धेरै मानिसहरूलाई लियौ। तिनीहरूका मानव अनुयायीहरूले भन्नेछन्- हे हाम्रा पालनकर्ता! हामीहरूमध्ये हरेकले एक अर्कालाई प्रयोग गर्यो। अनि हामी त्यस वाचासम्म पुग्यौं जो तपाईंले हाम्रो लागि निश्चित गर्नुभएको थियो। ईश्वरले भन्नुहुनेछ- तिमीहरूको बासस्थान नर्क हो; सदा त्यसमै रहनेछौ, सिवाय त्यसको जो ईश्वरले चाहनुहुनेछ। निस्सन्देह तपाईंका पालनकर्ता तत्वदर्शी र सर्वज्ञ हुनुहुन्छ। १२९- यसरी हामीले पापीहरूलाई तिनीहरूले गरेका दुष्कर्महरूले गर्दा एक अर्कोसंग मिसाइ दिनेछौं। १३०- हे

जिन्न तथा मनुष्यका समूहहरू हो ! के तिमीहरूसमक्ष तिमीहरूमध्येबाट रसूलहरू आएनन्, जो तिमीहरूलाई मेरा श्लोकहरूको पाठ गरेर सुनाउने गर्थे र यस दिनको आगमनबाट डराउने गर्थे ? तिनीहरूले भन्नेछन्- हामी स्वयं आफैंविरुद्ध साक्षी छौं । तिनीहरूलाई सांसारिक जीवनले धोकामा पारेको थियो । तिनीहरूले आफैंविरुद्ध साक्षी दिनेछन् कि तनीहरूले इन्कार गरेका थिए । १३१- यो यस कारणले कि तपाईंका पालाकर्ता कुनै पनि बस्तीलाई यस अवस्थामा सर्वनाश गर्नुहुन्न कि तिनीहरू बेखर रहुन् ।

१३२- प्रत्येक व्यक्ति का लागि उसको कर्म अनुसार अलग अलग दर्जा छ । तपाईंका पालनकर्ता मानिसहरूका कार्यहरूबाट अनभिज्ञ हुनुहुन्न । १३३- तपाईंका पालनकर्ता सुसम्पन्न र दयावान हुनुहुन्छ । उहाँले चाहनुभएमा तिमीहरूलाई सखाप पार्नुहुनेछ र तिमीहरूको स्थानमा जसलाई चाहनुहुन्छ ल्याउनुहुन्छ । जसरी उहाँले तिमीहरूलाई अर्को नश्लबाट सृष्टि गर्नुभयो । १३४- तिमीहरूसित जुन कुराको वाचा गरिँदैछ त्यो निश्चित रूपमा आउनेछ । तिमीहरू ईश्वरलाई दिक्क पार्न सक्दैनौ । १३५- भनिदिनुहोस्- हे मानिसहरू हो ! तिमीहरू आफ्नो स्थानमा कार्य गरिराख म पनि कर्म गर्दैछु । तिमीहरू चाँडै नै जान्ने छौ कसको हकमा परीणाम राम्रो हुनेछ । निस्सन्देह अत्याचारी कहिल्यै मोक्ष पाउन सक्दैन ।

१३६- ईश्वरले सृष्टि गर्नुभएको खेती एवं पशुबाट तिनीहरू एक अंश ईश्वरका लागि निश्चित गर्छन् । तिनीहरू भन्छन्- यो अंश ईश्वरको लागि हो, तिनीहरूको गुमान अनुसार । अर्को अंश हामीहरूले ठहर गरेका साझेदारहरूका लागि। मूर्तीहरूको लागि हो । अनि साझेदारहरूको अंशबाट ईश्वरलाई त पुग्दैन तर ईश्वरका लागि निर्धारित अंश चाहिँ तिनीहरूका साझेदारहरूसम्म पुग्छ । कति नराम्रो फैसला हो जो यिनीहरू गर्छन् ! १३७- यसरी धेरै बहुदेववादीहरूको नजरमा तिनीहरूका साझेदारहरूले तिनीहरूका सन्तानहरूको हत्यालाई

आकर्षक बनाएका छन् । ताकि तिनीहरूलाई बर्बाद पारुन् र तिनीहरूका लागि तिनीहरूको धर्मलाई सन्दिग्ध पारुन् । यदि ईश्वरले चाहनुभएमा तिनीहरूले त्यस्तो गर्ने थिएनन् । अतः तिनीहरूलाई झूठो कुरा रच्न छोडिदिनुहोस् ।

१३८- तिनीहरू भन्छन्- यी पशुहरू तथा खेती निषेध छ, त्यसलाई कोही खान सक्दैन । सिवाय त्यसको जसलाई हामी चाहनेछौं । तिनीहरूको गुमान अनुसार । फोलानो चौपायाहरूको पिठ्यूँ हराम गरिएको छ । केही चौपायाहरूमाथि तिनीहरू ईश्वरको नाम उच्चारण गर्दैनन् । यी सबै तिनीहरूले ईश्वरमाथि झूठो कुरा रचेका छन् । ईश्वरले तिनीहरूले झूठो आरोप लगाएको सजाय चाँडै नै दिनुहुनेछ । १३९- तिनीहरू भन्छन्- जो फोलानो जनावरको पेटमा छ त्यो हाम्रा पुरुषहरूका लागि विशेष रूपमा (हलाल) छन् र हाम्रा महिलाहरूका लागि हराम छन् । यदि त्यो मृत अवस्थामा जन्म लिन्छन् भने त्यसमा सबै शरीक हुनेछन् । ईश्वरले चाँडै नै तिनीहरूलाई तिनीहरूले भनेको कुराहरूको सजाय दिनुहुनेछ । निस्सन्देह ईश्वर तत्वदर्शी तथा सर्वज्ञ हुनुहुन्छ । १४०- निस्सन्देह यस्ता मानिसहरू घाटामा परे जसले अज्ञानता एवं मूर्खताले गर्दा आफ्ना सन्तानहरूको हत्या गरे । तिनीहरूले त्यस जीविकालाई अवैध गरे जो ईश्वरले तिनीहरूलाई प्रदान गर्नुभएको थियो, ईश्वरविरुद्ध झूठो आरोप लगाउँदै । तिनीहरू पथभ्रष्ट भए र सीधा मार्ग पाउन सकेनन् ।

१४१- ईश्वर नै हुनुहुन्छ जसले बगैंचाहरू सृष्टि गर्नुभयो, केही लहरा भएका तथा केही लहरा नभएका । उहाँले नै खजुर एवं विभिन्न खेती सृष्टि गर्नुभयो, जसमा विभिन्न खाने कुराहरू हुन्छन् । उहाँले नै जैतुन तथा अनार सृष्टि गर्नुभयो, जो एक अर्कासँग मिल्दाजुल्दा पनि हुन्छन् र भिन्न पनि हुन्छन् । जब ती फल्छन् तब तिमीहरू त्यसका फलहरू खाउ र काट्ने दिन त्यसको हक (जकात वा अनिवार्य दान) दिने गर । अपव्याय नगर, निस्सन्देह ईश्वर अपव्याय गर्नेहरूलाई मन पराउनुहुन्न । १४२- ईश्वरले केही जनावरहरूलाई ढुवानीको लागि सृष्टि गर्नुभयो र

केही यस्ता जनावरहरू सृष्टि गर्नुभयो जो भुइँमा लागेका हुन्छन्। तिमीहरू ईश्वरले प्रदान गर्नुभएका खाद्य सामग्रीहरूमध्ये खाउ। शैतानको अनुसरण न गर। शैतान तिमीहरूको खुल्लम-खुल्ला शत्रु हो।

१४३- ईश्वरले आठ प्रकारका भाले पोथीहरू सृष्टि गर्नुभयो; दुईवटा भेडाको किसिमको र दुईवटा बाख्राको किसिमको। सोध्नुहोस्- के ईश्वरले यी दुवै भालेलाई अवैध गर्नुभएको छ वा दुवै पोथीलाई वा ती शिशुहरूलाई जो भेड वा बाख्रीका गर्भमा छन्। मलाई प्रमाण सहित बताउ यदि तिमीहरू सच्चा छौ। १४४- यसरी दुईवटा ऊँटको किसिमको र दुईवटा गाइको किसिमको। सोध्नुहोस्- के ईश्वरले यी दुवै भालेलाई अवैध गर्नुभएको छ वा दुवै पोथीलाई वा ती शिशुहरूलाई जो ऊँटनी वा गाईका गर्भमा छन्। के तिमीहरू त्यस समयमा उपस्थित थियौ जब ईश्वरले तिमीहरूलाई यसको आदेश दिनुभएको थियो ?! अनि त्योभन्दा ठूलो अत्याचारी को हुन सक्छ जो ईश्वरको बारेमा झूटो कुरो गढछ ताकि तिनीहरूले मानिसहरूलाई बिना ज्ञान पथभ्रष्ट पारुन्। निश्चय नै ईश्वर अत्याचार गर्नेहरूलाई मार्गदर्शन गर्नुहुन्न। १४५- भनिदिनुहोस्- ममाथि जुन वही (प्रकाशना) अवतरण भएको छ त्यसमा म कुनै पनि यस्तो चिज पाउँदिन जो अवैध होस् कुनै खाने व्यक्तिको लागि, सिवाय मृत जनावर वा बगेको रगत वा सुंगुरको मासु जो हराम छ। वा अवैध बध गरिएका जनावर जसमाथि ईश्वरबाहेक अन्य कसैको नाम लिइएको होस्। तर यदि कोही स्वादको लागि होइन बरु भोकबाट विवश भएर र आवश्यकताको सीमा न नाघेर खायो भने तपाईंका पालनकर्ता अति क्षमाशील र परम दयालु हुनुहुन्छ।

१४६- हामीले यहूदीहरूका लागि नङधारी जनावरहरू अवैध गरेका थियौं र गाई तथा बाख्राको बोसो पनि हराम गरेका थियौं सिवाय तिनका पिठ्यूँ, आन्द्रा वा हाडमा टाँसिएका बोसो। यो सजाय दिएका थियौं हामीले तिनीहरूका उद्दण्डताप्रति। हामी आफ्नो कुरामा एकदमै सत्यवादी हौं। १४७- अतः यदि

तिनीहरूले तपाईंलाई झूठो ठहर गर्छन् भने तिमीहरूका पालनकर्ता अपार दयावान हुनुहुन्छ र उहाँको प्रकोप अपराधीहरूबाट टर्न सक्दैन ।

१४८- ईश्वरसँग साझेदारी गर्नेहरूले भन्नेछन्- यदि ईश्वरले चाहनुभएको भए हामीले साझेदारी गर्ने थिएनौं । न हाम्रा पुर्खाले नै । त्यस्तै हामीले कुनै चिजलाई हराम ठहर गर्ने थिएनौं । यिनीहरू झैं यसभन्दा पूर्वका मानिसहरूले झूठो ठहर गरे, यहाँसम्म कि तिनीहरूले हाम्रो यातनाको स्वाद चाखे । भनिदिनुहोस्- के तिमीहरूसंग यस कुराको कुनै प्रमाण छ जसलाई तिमीहरू हामीसमक्ष प्रस्तुत गर ? तिमीहरू मात्र गुमान र अडकलको अनुसरण गर्दैछौ । १४९- भनिदिनुहोस्- ईश्वरसँग निर्णायक तर्कहरू छन् ! उहाँले चाहनुभएमा तिमीहरू सबैलाई सत्मार्गमा डोर्याउनु हुन्थ्यो । १५०- भनिदिनुहोस्- आफ्ना साक्षीहरूलाई लिएर आउ । जो यस कुराको साक्षि देउन् कि ईश्वरले यी वस्तुहरूलाई अवैध गर्नुभएको छ । यदि तिनीहरूले झूठो गवाहि दिए पनि तपाईंले तिनीहरूसंग गवाहि न दिनसुहोस् । तपाईं ती मानिसहरूका इच्छाहरूको अनुसरण न गर्नुहोस् जसले हाम्रा निशानीहरूलाई झूठो ठहर गरे, जो परलोकमा आस्था राख्दैनन् र अरूलाई आफ्ना पालनकर्ताको बराबर ठहर गर्छन् ।

१५१- भनिदिनुहोस्- आउ, म तिमीहरूलाई तिम्रा पालनकर्ताले हराम गर्नुभएको कुरा पढेर सुनाउँ । यो कि उहाँसँग कुनै पनि वस्तुलाई साझेदार न बनाउ, मातापितासंग राम्रो व्यवहार गर, गरीबीको डरले आफ्ना सन्तानको हत्या न गर, हामी तिमीहरूलाई पनि जीवीका प्रदान गर्छौं र उनीहरूलाई पनि । अश्लील कर्मतिर न जाउ, चाहे त्यो खुल्लारूपमा होस् वा गोप्य । ईश्वरले हराम गर्नुभएको जीवको हत्या न गर, तर हकका साथ । यी कुराहरू हुन् जसको निर्देशन ईश्वरले दिनु भएको छ ताकि तिमीहरू बुध्दिले काम लेउ ।

१५२- अनाथको धनसम्पत्तितिर न जाउ तर राम्रो तरिकाले, यहाँसम्म कि ऊ जवानीको उमेरमा पुगोस् । नापतौलमा पूरा निसमफ गर । हामी कसैको जिम्मा

त्यहरू कुरा अनिवार्य गर्छौं जसको उसमा सामर्थ्य हुन्छ। कसैसंग कुरा गर्दा निसाफको कुरा गर, चाहे मामिला आफन्तसंग नै किन न होस्। ईश्वरसँगको वचन पुरा गर। यी कुराहरू हुन् जसको आदेश ईश्वरले तिमीहरूलाई दिनुभएको छ, ताकि तिमीहरू उपदेश ग्रहण गर। १५३- ईश्वरले आदेश दिनु भएको छ कि यही मेरो सीधा मार्ग हो। अतः यसैमा हिँड र अन्य मार्गहरूमा न हिँड कि त्यसले तिमीहरूलाई ईश्वरको मार्गबाट मार्गबाट अलग पार्नेछ। यो ईश्वरको आदेश हो ताकि तिमीहरू बच।

१५४- हामीले मूसालाई किताब प्रदान गर्यौं, सत्कर्म गर्नेहरूमाथि आफ्नो कृपा पूरा गर्नको लागि, साथै सबै कुराहरूको तपसील, मार्गदर्शन र कृपा, ताकि तिनीहरूले आफ्ना पालनकर्तासित भेट हुनेछ भन्ने कुरामा आस्था ल्याउन्। १५५- यसरी हामीले यो किताब अवतरण गरेका छौं एउटा मङ्गलमय किताब। अतः यस अजसार हिँड र ईश्वरसंग डराउ ताकि तिमीहरूमाथि दया गरियोस्। १५६- ताकि तिमीहरू यो न भन- किताब त हामीभन्दा पहिले दूई वटा सुमुदायलाई दिइएको थियो तर हामी त्यसलाई पढन तथा पढाउनबाट बेखबर थियौं। १५७- वा भन- यदि हामीमाथि किताब अवतरण गरिएको भए हामी तिनीहरू भन्दा बढी सत्मार्गमा रहने थियौं। अतः आयो तिमीहरूका पालनकर्ताको तर्फबाट तिमीहरूसमक्ष एउटा प्रकाशमय प्रमाण, मार्गदर्शन एवं दया हो। तसर्थ वाहियात तथा बेकार किसिमका बहाना तथा तर्कहरू पेश नगर। त्यसभन्दा ठूलो अत्याचारी को हुन सक्छ जो ईश्वरका निशानीहरूलाई झूठो ठहर गर्छ र त्यसबाट विमुख हुन्छ। जो सुकै पनि हाम्रा निशानीहरूबाट विमुख हुन्छ त्यसलाई यस विमुखहुने कार्यको बदलामा ठूलो यातना दिनेछौं। १५८- के यिनीहरू यस कुराको प्रतीक्षामा छन् कि तिनीहरूसमक्ष दूतहरू आउन् वा तपाईंका पालनकर्ता आउन् वा तपाईंका पालनकर्ताका निशानीहरूमध्ये कुनै निशानी प्रकट होस्। जुन दिन तपाईंका पालनकर्ताको निशानी प्रकट हुनेछ तब पहिला आस्था न ल्याएको

वा आफ्नो आस्थामा कुनै सत्कर्म न गरेको व्यक्तिलाई उसको आस्थाले फाइदा दिने छैन। भन्नुहोस्- तिमीहरू प्रतीक्षा गर; हामी पनि प्रतीक्षा गर्दैछौं।

१५९- जसले आफ्नो धर्ममा पन्थहरू निकाले र विभिन्न गुटहरूमा विभाजित भए, तिनीहरूसँग तपाईंको कुनै सरोकार छैन। तिनीहरूको मामिला ईश्वरको जिम्मामा छ। अनि उहाँले नै तिनीहरूलाई तिनीहरूले गर्ने कार्यहरूबारे अवगत गराउनुहुनेछ। १६०- जो एउटा सत्कर्म लिएर आउनेछ उसलाई त्यसको दस गुणा पुण्य मिल्नेछ र जसले एउटा कुकर्म लिएर आउनेछ उसलाई केवल त्यस बराबरकै सजाय हुनेछ र त्यसानथि कुनै अत्याचार गरिने छैन।

१६१- भनिदिनुहोस्- मलाई मेरा पालनकर्ताले सीधा मार्ग देखाउनुभएको छ; त्यो ठीक धर्म, इब्राहीमको धर्म हो, जो एकाग्र थिए र बहुदेववादीहरूमध्येका थिएनन्। १६२- भनिदिनुहोस्- मेरो नमाज, मेरो बलिदान, मेरो जीवन तथा मेरो मरण सबै मात्र ईश्वर; सम्पूर्ण सृष्टिहरूका पालनकर्ताकै लागि हुन्। १६३- उहाँको कोही साझेदार छैन, मलाई यही आदेश भएको छ र म नै सर्वप्रथम आत्मासमर्पण गर्नेवाला हुँ। १६४- भन्नुहोस्- के म ईश्वरबाहेक अन्य कुनै पालनकर्ता खोजूँ जबकि उहाँ नै हरेक चिजका मालिक हुनुहुन्छ ?! जसले जे कमाइ गर्छ त्यो आफ्नै लागि गर्छ। कुनै पनि भारी बोक्नेले अरू कसैको भारी बोक्ने छैन। अनि तिमीहरू आफ्ना पालनकर्तातर्फ नै फर्केर जानेछौ। अनि जुन जुन कुरामा तिमीहरू मतभेद गर्दैथ्यौ त्यो उहाँले तिमीहरूलाई बताउनुहुनेछ। १६५- ईश्वर नै हुनुहुन्छ जसले तिमीहरूलाई धर्तीका एक अर्काको उत्तराधिकारी बनाउनुभयो। तिमीहरूमध्ये एकलाई अर्कोको तुलनामा उच्च दर्जा प्रदान गर्नुभयो ताकि जेजति उहाँले दिनुभएको छ त्यसमा तिमीहरूको परीक्षा लेउन्। तपाईंका पालनकर्ता चाँडै नै सजाय दिने वाला हुनुहुन्छ। निस्सन्देह उहाँ क्षमाशील तथा दयावान हुनुहुन्छ।

# सूरह अल्-आराफ- ७

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- अलिफ० लाम० मीम० साद० । २- यो किताब हो जसलाई तपाईंतर्फ उतारिएको छ । तसर्थ यसले गर्दा तपाईंको हृदय संकुचित न होस्, ताकि तपाईंले यसद्वारा मानिसहरूलाई डराउनुहोस् । यो मानिसहरूका लागि उपदेश हो । ३- जो अवतरित भएको छ तिम्रा पालनकर्ताद्वारा तिमीहरूतर्फ त्यसको अनुसरण गर । उहाँबाहेक अन्य कसैको अनुसरण नगर । तिमीहरू थोरै उपदेश स्वीकार गर्दछौ । ४- कतिपय गाँउहरू छन् जसलाई हामीले सर्वनाश गर्यौं । तिनीहरूमाथि हाम्रो प्रकोप रातको समयमा आयो वा अपराह्नको समयमा जब तिनीहरू आराम गर्दै थिए । ५- जब तिनीहरूमाथि हाम्रो प्रकोप आयो तब तिनीहरू यसबाहेक केही पनि भन्न सकेनन्- वास्तवमा हामी अत्याचारी थियौं । ६- हामी अवश्य नै सोध्नेछौं ती मानिसहरूसंग जो सम्म सन्देष्टाहरू पठाइए र हामी अवश्य सोध्नेछौं सन्देष्टाहरूलाई । ७- फेरि हामीले सबै बताइदिनेछौं आफ्नो ज्ञानको आधारमा । हामी तिनीहरूबाट अनुपस्थित थिएनौं । ८- त्यस दिन नितान्त सत्य मात्र भारी हुनेछ । अनि जसको सत्कर्मको पल्ला भारी हुनेछ उनीहरू मात्र सफल हुनेछन् । ९- जसको सत्कर्मको पल्ला हलुका हुनेछ उनीहरूले नै आफूलाई घाटामा हाले । किनभने तिनीहरू हाम्रा निशानीहरूसित बेइन्साफी गर्थे ।

१०- हामीले तिमीहरूलाई धर्तीमा तिमीहरूलाई स्थान र जीवन-सामग्री प्रदान गर्यौं, तर तिमीहरू थोरै आभार व्यक्त गर्छौ । ११- हामीले तिम्रो सृष्टि गर्यौं अनि हामीले तिम्रो रूपरेखा बनायौं । अनि देवदूतहरूलाई भन्यौं- आदमलाई सज्दा गर । अनि उनीहरूले सज्दा गरे तर इब्लीस सज्दा गर्नेहरूमा सामेल भएन । १२- ईश्वरले भन्नुभयो- तिमीलाई कुन चिजले सज्दा गर्नबाट रोक्यो, जब कि मैले यसको आदेश दिएको थिएं ? इब्लीसले भन्यो- म आदमभन्दा श्रेष्ठ हुँ ।

मलाई तपाईंले आगोबाट सृजना गर्नुभयो र उसलाई माटोबाट सृजना गर्नुभयो। १३- ईश्वरले भन्नुभयो- तिमी ओर्ल यहहाँबाट। तिमीलाई यहाँ घमण्ड गर्ने कुनै अधिकार छैन। निस्क यहाँबाट। निस्सन्देह तिमी अपमानित हौ। १४- इब्लीसले भन्यो- मलाई त्यस दिनसम्म अवसर दिनुहोस्, जब सबै मानिसहरू जीवित पारिनेछन्। १५- ईश्वरले भन्नुभयो- तिमीलाई अवसर दिइयो। १६- इब्लीसले भन्यो- तपाईंले मलाई पथभ्रष्ट पार्नुभयो त्यसैले म पनि मानिसहरूको लागि तपाईंको मार्गमा बस्नेछु। १७- त्यसपछि उनीहरूमाथि आउनेछु, उनीहरूको अगाडिबाट, उनीहरूको पछाडिबाट, उनीहहरूको दाहिनेबाट र उनीहरूको देब्रेबाट। र तपाईंले तिनीहरूमध्ये अधिकांशलाई आभारी पाउनुहुन्न। १८- ईश्वरले भन्नुभयो- निस्क यहाँबाट अपमानित र तिरस्कृत भएर ! जो पनि तिम्रो अनुसरण गर्नेछ म तिमीहरू सबैद्वारा नर्कलाई भर्नेछु।

१९- हे आदम ! तिमी र तिम्री पत्नी स्वर्गमा बस र खाउ जहाँबाट चाह तर यो रुख नजिक न जाउ नत्र  तिमीहरू घाटा बेहोर्नेहरूमध्ये हुनेछौ। २०- अनि शैतानले दुवैलाई बहकायो, ताकि छोपिएका लाजको अङ्गलाई खोलोस्। उसले भन्यो- तिमीहरूलाई तिम्रा पालनकर्ताले यस रुखबाट मात्र यस कारणले मनाही गर्नुभएको छ, तिमीहरू देवदूत न बन वा तिमीहरूलाई सधैंको जीवन प्राप्त न होस्। २१- उसले कसम खाएर भन्यो- निश्चय नै म तिमीहरूका सच्चा हितैषी हुँ।

२२- उसले दुवैलाई आफ्नो धोकामा पार्यो। जब दुवैले रुखको फल चाखे तब दुवैका गुप्ताङ्गहरू निवस्त्र भए र आफ्ना शरीरलाई स्वर्गका पातहरूले छोप्नको थाले। उनीहरूका पालनकर्ताले उनीहरूलाई पुकारे- के मैले तिमीहरूलाई त्यस रुखबाट मनाहि गरेको थिइनँ र यो भनेको थिइनँ- निश्चित रूपमा शैतान तिमीहरूको खुल्लम खुल्ला शत्रु हो ?! २३- दुवैले भने- हे हाम्रा पालनकर्ता ! हामीले आफूमाथि अत्याचार गरेकाछौं। यदि तपाईंले हामीलाई माफ गर्नु भएन

र हामीमाथि दया गर्नुभएन भने निश्चय नै हामी घाटा खानेहरूमध्ये हुनेछौं । २४- ईश्वरले भन्नुभयो- तिमीहरू यहाँबाट ओर्ल ! तिमीहरू एक-अर्काका शत्रु हौ। तिमीहरूका लागि धर्तीमा निश्चित अवधिसम्मको लागि बास-स्थान तथा लाभ उठाउनु छ । २५- ईश्वरले भन्नुभयो- तिमीहरू धर्तीमै जिउनेछौ, यसैमा मर्नेछौ, र यसैबाट निकालिनेछौ।

२६- हे आदमका सन्तान हो ! हामीले तिमीहरूका लागि पोशाकहरू उतारेका छौं, जो तिमीहरूका लाज लाग्ने खालका अङ्गहरूलाई छोपोस् र सुन्दर पारोस्। ईशभयको पोशाक यस भन्दा पनि उत्तम छ। यो ईश्वरका निशानीहरूमध्ये हो ताकि मानिसहरूले विचार गरुन्। २७- हे आदमका सन्तान हो ! शैतानले तिमीहरूलाई न बहकाओस्, जसरी उसले तिम्रा आमाबुवालाई स्वर्गबाट निष्कासित गराएको थियो । उसले उनीहरूका वस्त्र खोल्न लगाए ताकि उनीहरूलाई उनीहरूसमक्ष निवस्त्र पारोस्। त्यसका साथीहरू तिमीहरूलाई यस्तो ठाउँबाट हेर्छन् जहाँबाट तिमीले तिनीहरूलाई हेर्न सक्दैनौ। हामीले शैतानहरूलाई ती मानिसहरूका मित्र बनाएका छौं जो आस्था ल्याउँनन्।

२८- जब तिनीहरू अश्लील कार्य (स्पष्ट दुष्कर्म) गर्छन् तब भन्छन्- हामीले आफ्ना पूर्वजहरूलाई यस्तै गर्दै आएको पाएका छौं र ईश्वरले हामीहरूलाई यस्तो गर्ने आदेश दिनुभएको छ। भनिदिनुहोस्- ईश्वर कदापि पापको आदेश दिनुहुन्न। के तिमीहरू ईश्वरविरुद्ध यस्तो कुरा लाउँछौ जसको तिमीहरूलाई ज्ञान नै छैन ?! २९- भनिदिनुहोस्- मेरो पालनकर्ताल् मलाई न्याय गर्ने आदेश दिनुभएको छ, र यो कि प्रत्येक नामजमा आफ्नो अनुहार सीधा राख र धर्मलाई उहाँकै लागि निष्कप्ट पारेर उहाँलाई नै पुकार । जसरी उहाँले तिमीहरूलाई पहिलो पटक सृष्टि गर्नुभयो त्यसरी नै तिमीहरू दोस्रो पटक पनि जन्म लिनेछौ । ३०- एउटा समूहलाई ईश्वरले सत्मार्ग देखाउनुभयो। दोस्रो समुदाय छ कि उसमाथि पथभ्रष्टता

सिद्ध भयो। तिनीहरूले ईश्वरलाई छोडी शैतानहरूलाई मित्र बनाए, तर तिनीहरू स्वयंलाई सीधा मार्गमा हिँडिरहेका ठान्दछन्।

३१- हे आदमका सन्तान हो ! प्रत्येक नमाज को बेलामा आफ्नो पोशाक लगाउ र खान पिन गर र सीमा न नाघ। निस्सन्देह सीमा ईश्वर सीमा उल्लंङनकारीहरूलाई मन पराउनुहुन्न। ३२- भन्नुहोस्- ईश्वरले निकाल्नुभएका पोशाक तथा पवित्र खाने कुराहरूलाई कसले हराम गर्यो ? भनिदिनुहोस्- यी सांसारिक जीवनमा पनि आस्थावानहरूका लागि छन् र परलोकमा त विशेषरूपमा आस्थावानहरूका लागि हुने छन्। यसरी हामी आफ्ना श्लोकहरू स्पष्टरूपमा बताउँछौं ती मानिसहरूका लागि जो जान्न चाहन्छन्। ३३- भन्नुहोस्- मेरो पालनकर्ताले त अश्लील कार्यहरूलाई अवैध गर्नुभएको छ, त्यो स्पष्ट होस् वा गोप्य। त्यसैगरी पापलाई र अनाहक जियादतीलाई र यस कुरालाई कि तिमी ईश्वरसंग कसैलाई साझेदार बनाउ जसको उहाँले कुनै प्रमाण उतार्नु भएको छैन र यो कि तिमी ईश्वरको बारेमा ज्ञान न भएको कुरा भन।

३४- हरेक समुदायको निम्ति एउटा निश्चित अवधि छ। उनीहरूको म्याद पुरा भएपछि न एक क्षण ढिलो हुनेछ न छिटो नै। ३५- हे आदमका सन्तान हो ! यदि तिमीहरूसमक्ष तिमीहरूमध्येबाट रसूलहरू आएर तिमीहरूलाई मेरा श्लोकहरू सुनाएपछि जो व्यक्ति डराए र आफ्नो सुधार गरे तिनीहरूलाई न कुनै डर हुनेछ र न दुःखी नै हुनेछन्। ३६- जुन मानिसहरू हाम्रा निशानीहरूलाई झूटो ठहर गर्छन् र घमण्ड गर्छन् तिनीहरू नर्कबासी हुन्, जसमा तिनीहरू सदासर्वदा रहनेछन्। ३७- त्यो व्यक्तिभन्दा ठूलो अत्याचारी को हुन सक्छ जो ईश्वरमाथि अभियोग लगाउँछ वा उहाँका निशानीहरूलाई झूठो ठहर गर्छ ? तिनीहरूको भाग्यमा जे लेखिएको छ त्यो अवश्य मिल्नेछ। यहाँसम्म कि जब हामीले पठाएकाहरू तिनीहरूको प्राण लिन आइपुग्नेछन् तब सोध्नेछन्- ईश्वरलाई छोडेर तिमीहरू जसको पूजा गर्नेगर्थ्यौ तिनीहरू कहाँ छन् ?! तिनीहरू जवाफ दिनेछन्- तपनीहरू

हामीहरूबाट हराए । तिनीहरूले स्वीकार गर्नेछन् कि वास्तवमा तिनीहरू नकार्नेवाला थिए।

३८- ईश्वरले भन्नुहुनेछ- नर्कमा पस पहिला बितेका जिन्न तथा मानवका समूहहरूसँग । जुन सुकै समूह नर्कमा प्रवेश गर्छ आफ्नो साथी समूहलाई धिक्कार्नेछ यहाँसम्म कि जब सबै त्यसमा एकत्रित हुने छन् तब हरेक पछिल्ला समूहले आफूभन्दा अघिको समूहको विषयमा भन्नेछन्- हे हाम्रा पालनकर्ता ! यिनीहरू नै हुन् जसले हामीलाई पथभ्रष्ट गरेका थिए तसर्थ यिनीहरूलाई नर्कको दोब्बर यातना दिनुहोस् । ईश्वरले भन्नुहुनेछ- हरेक समूहको लागि दोहोरो यातना छ, तर तिमीहरू जान्दैनौ । ३९- अघिल्ला समूहले भन्नेछ- तिमीहरूलाई हामीमाथि कुनै प्रधानता प्राप्त छैन । अतः तिमीहरू पनि आफ्ना कुकर्मले गर्दा यातना भोग ।

४०- जुन मानिसहरूले हाम्रा निशानीहरूलाई झुठो ठहर गरे र त्यसबाट घमण्ड गरे तिनीहरूका लागि आकाशका ढोकाहरू कदापि खोलिने छैनन् र स्वर्गमा कहिले पनि पस्न सक्ने छैनन् जब सम्म सियोको अति सानो प्वालमा ऊँट न छिरोस् । हामी अपराधिहरूलाई यसरी नै सजाय दिन्छौं । ४१- तिनीहरूका मुनि पनि नर्कको ओछ्यान हुनेछ र माथिबाट पनि ओढना पनि आगोकै हुनेछ । हामी अत्याचारीहरूलाई यस्तै सजाय दिनेछौं । ४२- जुन मानिसहरूले आस्था ल्याए र सत्कर्म गरे, हामी कसैमाथि पनि उसको सामर्थ्यभन्दा बढी बोझ दिइदैन, त्यस्ता मानिसहरू नै स्वर्गबासी हुन्, त्यहाँ तिनीहरू सदासर्वदा रहनेछन् । ४३- हामीले उनीहरूको मनमा भएका द्वेषभाव बाहिर निकाल्नेछौं । उनीहरूको तलतिरबाट नदीहरू बगिरहेका हुनेछन् । उनीहरूले भन्नेछन्- सारा प्रशंसा ईश्वरकै निम्ति हुन्, जसले हामीलाई यहाँसम्म पुर्याउनुभयो । हामी मार्ग पाउने वाला थिएनौं यदि ईश्वरले हामीलाई मार्गदर्शन न गरेको भए । हाम्रा पालनकर्ताका रसूल सत्य कुरा

लिएर आएका थिए। आवाज आउनेछ- यो स्वर्ग हो, जसको तिमीहरू वारिस ठहर गरिएका छौ, तिमीहरूले गरेका सत्कर्मको बदलास्वरूप।

४४- स्वर्गबासीहरूले नर्कबासीहरूलाई पुकारेर भन्नेछन्- हामीले त हाम्रा पालनकर्ताले दिनुभएको वचनलाई सत्य पायौं। के तिमीहरूले पनि आफ्ना पालनकर्ताको वाचालाई सत्य पायौ ? तिनीहरूले भन्नेछन्- हो। अनि ती दुवैबीच एकजा घोषणा गर्नेले घोषणा गर्नेछ- अत्याचारीहरूमाथि ईश्वरको तर्फबाट धिक्कार छ। ४५- जो ईश्वरको मार्गबाट रोक्ने गर्थे, त्यसमा कमि खोज्थे र परलोकको इन्कार गर्थे।

४६- स्वर्गबासी तथा नर्कबासी दुवै समूहबीच एउटा उच्च पर्खाल हुनेछ। आराफमाथि केही मानिसहरू हुनेछन्, तिनीहरूले चिन्हबाट हरेकलाई चिन्नेछन्। उनीहरूले स्वर्गबासीहरूलाई भन्नेछन्- तिमीहरूमाथि शान्ति होस्! यद्यपि उनीहरूले स्वर्गमा प्रवेश गर्न न सके पनि त्यसको पूर्ण आशावादी भने रहनेछन्। ४७- जब तिनीहरूको दृष्टि नर्कबासीहरूतर्फ फर्काइनेछ तब तिनीहरूले भन्नेछन्- हे हाम्रा पालनकर्ता ! हामीलाई यी अत्याचारीमा सामेल नगर्नुहोस्। ४८- आराफ वालाहरूले ती मानिसहरूलाई पुकार्नेछन् जसलाई तिनीहरूले चिन्हबाट चिनिरहेका हुनेछन्- तिमीहरूको कुनै काम आएन तिमीहरूको जत्था र घमण्ड। ४९- यिनीहरू नै हुन् जसको सम्बन्धमा तिमीहरू कसम खाएर भन्ने गर्थ्यौ- यिनीहरूमाथि कहिल्यै ईश्वरको कृपा हुने छैन। स्वर्गमा प्रवेश गर, अब न त तिमीहरूलाई कुनै भय हुनेछ न कुनै चिन्ता नै।

५०- नर्कबासीहरूले स्वर्गबासीहरूलाई पुकार्नेछन्- हामीतर्फ पानी बगाउ वा ईश्वरले प्रदान गर्नुभएको खाना देउ। उनीहरूले उत्तर दिने छन्- ईश्वरले यी दुवै वस्तुहरूलाई नकार्नेहरूका लागि अवैध गर्नुभएको छ। ५१- यिनीहरूले नै आफ्नो धर्मलाई खेल ठट्टा बनाएका थिए र यिनीहरूलाई सांसारिक जीवनले धोकामा पारेको थियो। अनि आज हामीले तिनीहरूलाई बिर्साउनेछौं जसरी

तिनीहरूले यस दिनको भेँटलाई बिर्सेका थिए र हाम्रा निशानीहरूको इन्कार गर्दथे। ५२- हामीले तिनीहरूसमक्ष यस्तो किताब ल्याएका छौं जसलाई ज्ञानको आधारमा विस्तृत पारेका छौं। यो आस्थावानहरूका लागि मार्गदर्शन एवम् दया हो। ५३- के तिनीहरू यसै कुराको प्रतीक्षामा छन् कि त्यसको विषय स्पष्ट होस्। जुन दिन त्यसको विषय स्पष्ट हुनेछ त्यस दिन बिर्सेका मानिसहरू बोल्नेछन्- निस्सन्देह हाम्रा पालनकर्ताका सन्देष्टा सत्य लिएर आएका थिए। के अब कोही सिफारिशकर्ता छ जसले सिफारिश गरोस्, वा हामीलाई फिर्ता पठाउन् ताकि हामी त्यो भन्दा फरक कर्म गरौं जो हामी गर्दै थियौं। तिनीहरूले आफैंलाई घाटामा पारे। तिनीहरूले रचेका कुराहरू हराएर गए।

५४- तिमीहरूका पालनकर्ता ईश्वर हुनुहुन्छ, जसले आकाशहरू तथा पृथ्वीलाई ६ दिनमा सृष्टि गर्नुभयो अनि सिंहासनमा विराजमान हुनुभयो। उहाँ रातमाथि दिनबाट समाप्त पार्नुहुन्छ र दिन त्यसको पछि पछि दगुर्दै आउँछ। ईश्वरले नै सूर्य, चन्द्रमा तथा ताराहरूको सृष्टि गर्नुभयो। यी सबै उहाँकै आदेश अनुसार कार्यरत छन्। सावधान ! ईश्वर कै काम हो सृष्टि गर्नु र आदेश दिनु। मंगलमय हुनुहुन्छ ईश्वर जो सम्पूर्ण जगतका पालनकर्ता हुनुहुन्छ। ५५- आफ्ना पालनकर्तालाई पुकार बिलौना गर्दै र गोप्य रूपमा। निस्सन्देह उहाँ सीमा उल्लङ्घन गर्नेहरूलाई मन पराउनुहुन्न। ५६- धर्तीमा विध्वंस न मच्चाउ, त्यसको सुधार भएपछि। ईश्वरलाई नै पुकार डर तथा आशा राख्दै। निस्सन्देह ईश्वरको दया सुकर्मीहरूको नजिक रहेको छ।

५७- ईश्वरले नै हुनुहुन्छ जो हावालाई आफ्नो कृपाअघि शुभसूचनास्वरूप पठाउनुहुन्छ। जब हावाले बाक्ला बादलहरूलाई उठाउँछ तब हामी त्यसलाई एउटा मृत भूमितर्फ हँक्छौं अनि त्यहाँ पानी बर्साउँछौं। अनि त्यहाँ हरेक प्रकारका फलफूल उत्पन्न गर्छौं। त्यसरी नै हामीले मृतहरूलाई निकाल्नेछौं, ताकि तिमीहरूले चिन्तन मनन् गर। ५८- उत्तम भूमिले ईश्वरको अनुमतिले बनस्पति

उत्पन्न गर्छ । खराब भूमिले कमै बिरुवा उत्पन्न गर्छ । यस्तै हामी निशानीहरूका विभिन्न पक्षहरू देखाउँछौं, आभार व्यक्त गर्ने मानिसहरूका लागि ।

५९- हामीले नूहलाई उनको समुदायतर्फ पठायौं । नूहले भने- हे मेरा समुदाय ! मात्र ईश्वरको भक्ति गर । उहाँबाहेक तिमीहरूको कोही उपास्य छैन । म तिमीहरूमाथि आउने ठूलो दिनको यातनाबाट डराउँछु । ६०- तिनीहरूको समुदायका ठूला अगुवाहरूले भने- हामी त तिमीलाई स्पष्ट पथभ्रष्टतामा देख्छौं । ६१- नूह ले भने- ममा कुनै पथभ्रष्टता छैन, बरु म सम्पूर्ण जगतका पालनकर्ताको तर्फबाट पठाइएको छु । ६२- म आफ्नो पालनकर्ताको सन्देश तिमहरूलाई पुर्याउँदैछु । तिमीहरूका हितैषी छु । म ईश्वरको तर्फबाट मलाई त्यो कुराको ज्ञान छ जो ज्ञान तिमीहरूसँग छैन । ६३- के तिमीहरूलाई आश्चर्य भयो कि तिमीहरूसमक्ष तिमीहरूको पालनकर्ताको सन्देश तिमीहरूमध्येबाट एक जना व्यक्तिको माध्यमबाट आयो ताकि उहाँले डराउन् ताकि तिमीहरू बच र ताकि तिमीहरूमाथि कृपा गरियोस् ?! ६४- तर तिनीहरूले उनलाई असत्य ठहर गरे । हामीले उनी तथा उनीसंग डुंगामा सवार भएकाहरूलाई जोगायौं । हामीले यस्ता सबैलाई डुबायौं जसले हाम्रा निशानीहरूलाई झूटा ठहर गरे । निस्सन्देह ती मानिसहरू अन्धा थिए ।

६५- हामीले आद समुदायतर्फ उनीहरूका भाइ हूदलाई पठायौं । उनले भने- हे मेरा समुदायहरू हो ! मात्र ईश्वरको उपासना गर, उहाँबाहेक तिमीहरूको कोही उपास्य छैन । के तिमीहरू डराउँदैनौ ? ६६- त्यस समुदायका नकार्ने अगुवाहरूले भने- हामी त तिमीसँग कम बुद्धि भएको देख्छौं । तिमी पक्का झूठाहरूमध्ये हो भन्ने हाम्रो ठान्छौं । ६७- हूदले भने- हे मेरो समुदाय हो ! मेरो बुद्धिमा कमि छैन बरु म सम्पूर्ण संसारका पालनकर्ताका रसूल हुँ । ६८- तिमीहरूलाई आफ्ना पालनकर्ताका सन्देशहरू पुर्याउँदैछु । म तिमीहरूको हितैषी र इमान्दार छु । ६९- के तिमीहरू यस कुराले चकित छौ कि तिमीहरूसमक्ष तिमीहरूमध्ये एक

जना व्यक्तिको माध्यमले तिमीहरूका पालनकर्ताको तर्फबाट उपदेश आइसकेको छ, ताकि उनले तिमीहरूलाई डराउन् ?! याद गर जब ईश्वरले तिमीहरूलाई नूहको समुदायको उत्तराधिकारी बनाउनुभयो। तिमीहरूलाई ठूलो जिउ तथा शक्ति प्रदान गर्नुभयो। अनि ईश्वरका उपकारहरूलाई स्मरण गर ताकि तिमीहरू सफलता पाउ।

७०- हूदको समुदायले भने- के तिमी हामीहरूसमक्ष यस उद्देश्यले आएका छौ कि हामी मात्र एक ईश्वरको भक्ति गरौं र हाम्रा पूर्वजहरूले पुज्दै आएका मूर्तीहरूलाई त्यागिदिऔं ?! तिमी जुन प्रकोपको धम्की दिंदैछौ यदि तिमी सच्चा छौ भने लिएर आउ। ७१- हूदले भने- तिमीहरूमाथि तिम्रा पालनकर्ताको तर्फबाट प्रकोप तथा क्रोध आइसकेको छ, त्यो अवश्य नै आउनेछ । के तिमीहरू मसँग यस्ता नामहरूको बारेमा वादविवाद गर्छौ जसलाई तिमी र तिम्रा पूर्वजहरूले राखेका छन्। जसको लागि ईश्वरले कुनै प्रमाण अवतरण गर्नुभएको छैन। तिमीहरू पनि प्रतीक्षा गर र म पनि तिमीहरूसँग प्रतीक्षा गर्नेहरूमध्ये छु। ७२- अनि हामीले जोगायौं हूदलाई र उनका साथमा रहेकाहरूलाई आफ्नो कृपाबाट । तर हामीले ती मानिसहरूलाई जरासमेत नष्ट पारिदियौं जो हाम्रा निशानीहरूलाई झूठो ठहर गर्थे र त्यसलाई मान्दैनथे।

७३- समूदतर्फ हामीले उनका भाइ सालेहलाई पठायौं। सालेहले भने- हे मेरा समुदायहरू हो ! मात्र एक ईश्वरको भक्ति गर, उहाँबाहेक तिम्रा कोही उपास्य छैन। तिमीहरूसमक्ष तिम्रा पालनकर्ताको तर्फबाट स्पष्ट निशानी आइसकेको छ। यो ईश्वरको ऊँटनी तिमीहरूका लागि एउटा निशानी हो, यसलाई जमिनमा चर्नको लागि छोडि देउ। त्यसलाई ईश्वरको धर्तीमा खानको लागि छोडिदेउ र त्यसलाई कष्ट न पुर्याउ। नत्र तिमीहरूलाई एउटा पीडादायी प्रकोपले समात्नेछ। ७४- याद गर जब ईश्वरले तिमीहरूलाई आद समुदायको उत्तराधिकारी बनाउनुभयो र तिमीहरूलाई धर्तीमा बास-स्थान प्रदान गर्नुभयो । तिमीहरू

त्यसको समतल मैदानमा महल निर्माण गर्छौ र पहाडलाई खोपेर घर बनाउँछौ। ईश्वरका उपकारहरूलाई स्मरण गर र धर्तीमा विध्वंस मच्चाउने नगर।

७५- उनको समुदायका ठूला बडा घमण्डीहरूले कमजोर पारिएका आस्थावानहरूलाई भने- के तिमीहरूलाई विश्वास लाग्छ कि सालेह आफ्ना पालनकर्ताको तर्फबाट पठाइएका हुन् ? उनीहरूले भने- उनले जे जति ल्याएका छन् हामी त्यसमा आस्था खाख्छौं। ७६- ती घमण्डीहरूले भन्न थाले- जुन कुरामाथि तिमीहरूले आस्था ल्याएका छौ हामी त्यसको इन्कार गर्दछौं। ७७- त्यसपछि तिनीहरूले ऊँटनीलाई काटिदिए र आफ्ना पालनकर्ताको आदेशबाट फिरे। तिनीहरूले भने- हे सालेह ! यदि तिमी सन्देष्टा हौ भने त्यो प्रकोप लिएर आउ जसबाट तिमी हामीहरूलाई डराउँदै थियौ। ७८- अनि भूकम्पले तिनीहरूलाई समात्यो। तिनीहरू आफ्ना घरमा घोपटो परि रहे। ७९- सालेह यो भन्दै आफ्नो गाउँबाट निस्के- हे मेरा समुदायहरू हो ! मैले तिमीहरूलाई आफ्ना पालनकर्ताको सन्देश पुर्याइ दिएं। मैले तिमीहरूको भलो गरें तर तिमीहरू हितैषीहरूलाई मन पराउँदैनौ।

८०- हामीले लूतलाई पठायौं, याद गर्नुहोस, जब उनले आफ्नो समुदायलाई भने- के तिमीहरू खुल्लारूपमा यस्तो अश्लील कार्य गर्छौ जो तिमीहरू भन्दा अघि दुनियाँमा कसैले गरेन ?! ८१- तिमीहरू महिलाहरूसंग कामवासना न गरेर सिपुरुषहरूसित कामवासना गर्छौ, बरु तिमीहरू सीमा उल्लङ्घन गर्छौ। ८२- तर, तिनीहरूको उत्तर यसबाहेक केही थिएन- यसलाई आफ्नो गाउँबाट बाहिर निकाल। यिनीहरू बडो पवित्र बन्न खोज्छन्। ८३- अनि हामीले जोगायौं लूत तथा उनीमाथि आस्था ल्याएका मानिसहरूलाई। सिवाय उनकी पत्नी जो पछि रहनेहरूमध्ये थिइन्। ८४- हामीले तिनीहरूमाथि ढुंगाको वर्षा गर्यौं, अनि दुष्परीणाम भयो अपराधिहरूको ?

८५- मदयनयतर्फ हामीले तिनका भाइ शुऐबलाई पठायौं। उनले भने- हे

मेरा समुदायहरू हो ! मात्र ईश्वरको भक्ति गर । उहाँबाहेक तिमीहरूको कोही पुज्य छैन। ईश्वरको तर्फबाट तिमीहरूसमक्ष प्रमाण आइपुगेको छ । तिमीहरू नापतौल पुरा पुरा गर । मानिसहरूलाई तिनीहरूका वस्तुहरू घटाएर न देउ । धर्तीमा सुधारपछि विध्वंस न मच्चाउ । यो तिमीहरूको हीतमा उत्तम छ यदि तिमीहरू आस्थावान  हौ भने । ८६- बाटोहरूमा न बस कि मानिसहरूलाई रोक र आस्थावानहरूलाई आस्था ल्याएपछि रोक । यस मार्गमा कमि न खोज । याद गर जब तिमीहरू अति अल्पसंख्यक थियौ अनि हामपीले तिमीहरूको संख्यालाई बढायौं । हेर, विध्वंशकारीहरूको के कस्तो परिणाम भयो ! ८७- यदि मैले ल्याएको सन्देशमाथि तिमीहरूमध्येको एक जमातले आस्था ल्याएको छ अनि अर्को समूहले आस्था ल्याएको छैन भने प्रतीक्षा गर यहाँसम्म कि ईश्वरले हामीहरूबीच निर्णय गरुञ्जेल प्रतीक्षा गर । उहाँ सर्वोत्तम निर्णायक हुनुहुन्छ ।

८८- शुऐबको समुदायका ठूला घमण्डीहरूले भने- हे शुऐब ! तिमी र तिमीसँग आस्था ल्याउनेहरूलाई हाम्रो धर्ममा फिर्ता आउनै पर्छ नत्र हामीले तिमीहरूलाई आफ्नो समुदायबाट निकालेर नै छोडनेछौं । शुऐबले भने- हामीले मन न पराए पनि ?! ८९- यदि हामी तिमीहरूको धर्ममा फिर्ता भयौं भने हामी ईश्वरमाथि झूठ रचनेहरूमध्ये हुनेछौं, जब कि ईश्वरले हामीलाई त्यसबाट जोगाउनुभएको छ । तिमीहरूको धर्ममा फिर्ता हुनु हाम्रो लागि असम्भव छ, यदि ईश्वरले नै चाहनुभयो भने बेग्लै कुरा हो । हाम्रा पालनकर्ताले हरेक कुरालाई आफ्नो ज्ञानको परिधिमा राख्नुभएको छ । हामीले आफ्ना पालनकर्तामाथि भरोसा गर्यौं । हे हाम्रा पालनकर्ता ! हामी र हाम्रा समुदायबीच न्यायका साथ निर्णय गरिदिनुहोस्, तपाईं सर्वोत्तम निर्णायक हुनुहुन्छ । ९०- यस समुदायका इन्कार गर्ने ठूला मानिसहरूले भने-  यदि तिमीहरूले शुऐबको अनुसरण गर्छौ भने तिमीहरू बर्बाद हुनेछौ । ९१- अनि भूकम्पले तिनीहरूलाई समात्यो र तिनीहरू आफ्ना घरमै घोप्टो परे । ९२- शुऐबलाई झूटो ठहर गर्ने सबै यसरी बर्बाद भए मानौं तिनीहरू त्यहाँ कहिल्यै

बसेकै थिएनन् । शुऐबलाई झुठ्ल्याउनेहरू घाटामा रहे । ९३- त्यति खेर शुऐब मुख फर्काएर गए र भने- हे मेरा समुदायहरू हो ! मैले आफ्ना पालनकर्ताका सन्देशहरू पुर्याइदिएं र तिमीहरूको हित नै चाहें । अब म नकार्नेहरूप्रति किन पश्चाताप गरुँ ?!

९४- हामीले जुन सुकै बस्तीमा नबी पठायौं, त्यहाँका बासीहरूलाई हामीले कष्टमा ग्रस्त पार्यौं, ताकि तिनीहरू अनुनय विनय गरुन् । ९५- त्यसपछि हामीले दुखलाई सुखमा पऋणत गर्यौं यहाँसम्म कि तिनीहरूलाई धेरै प्रगति भयो र तिनीहरू भन्न थाले- दुःख-सुख त हाम्रा पूर्वजहरूलाई पनि पुग्दै गरेको छ । अनि हामीले तिनीहरूलाई अकस्मात् समात्यौं र तिनीहरूले यस्तो सोचेका पनि थिएनन् । ९६- यदि बस्तीका निवासीहरूले सीहरूले उनीहरूका सन्देशलाई स्वीकार गरेका भए, कुफ्र तथा पापहरूलाई त्यागेर तथा ईश्वरका आदेशहरूको आस्था ल्याएका भए र ईशभय राखेका भए हामीले तिनीहरूका लागि आकाश र धर्तीका वरदानहरू खोल्ने थियौं, तर तिनीहरूले झूठो ठहर गरे अनि हामीले तिनीहरूका कुकर्महरूको कारणले समात्यौं । ९७- के बस्तीका बासीहरू यस कुराबाट निश्चिन्त भएका छन् कि तिनीहरूमाथि हाम्रो प्रकोप रातिमा आओस् जब तिनीहरू सुतेका हुन्छन् ? ९८- के बस्तीका बासीहरू यस कुराबाट निश्चिन्त भएका छन् कि तिनीहरूमाथि हाम्रो प्रकोप दिनमा आओस् जब तिनीहरू खेल कुद गर्छन् ? ९९- के तिनीहरू ईश्वरको गोप्य योजनाबाट निश्चिन्त छन् ? ईश्वरको योजनाबाट सर्वनाश हुनेहरू मात्र निश्चिन्त रहने गर्छन् ।

१००- के पाठ मिलेन ती मानिसहरूलाई जो विगतमा सर्वनाश गरिएका समुदायहरूको उत्तराधिकारी बने ? हामीले चाहेमा यिनीहरूको पापले गर्दा यिनीहरूलाई समात्नेछौं । हामीले यिनीहरूका हृदयमाथि मोहर लगाएका छौं तसर्थ तिनीहरू बुझ्दैनन् । १०१- यी केही बस्तीहरू हुन् जसका केही अवस्थाहरू सुनाउँदैछौं । तिनीहरूसमक्ष हाम्रा रसूलहरू निशानीहरू लिएर आए । विगतमा

झूठा ठहर गरेका कुराहरूमाथि पटक्कै ओस्था ल्याएनन्। यसरी ईश्वर नकार्नेहरूका हृदयहरूमाथि मोहर लगाउनु हुन्छ । १०२- हामीले तिनीहरूका अधिकांश मानिसहरूमा प्रतिज्ञाको पालना पाएनौं । हामीले तिनीहरूमध्ये अधिकांशलाई अवज्ञाकारी पायौं।

१०३- त्यसपछि हामीले मूसालाई आफ्ना निशानीहरू दिएर फिरऔन एवं उनका समुदायका नेताहरूतर्फ पठायौं तर तिनीहरूले निशानीहरूसंग अत्याचार गरे। अनि हेर ! विध्वंशकारीहको कस्तो परिणाम भयो ? १०४- मूसाले भने- हे फिरऔन ! म सम्पूर्ण संसारका पालनकर्ताका रसूल हुँ। १०५- ईश्वरको नाममा म मात्र सत्य कुरा गर्छु । म तिमीहरूको लागि तिम्रा पालनकर्ताको तर्फबाट स्पष्ट निशानीहरू लिएर आएको छु। अतः बनी इस्राईललाई मसँग जान देउ। १०६- फिरऔनले भन्यो- यदि तिमी कुनै निशानी लिएर आएकाछौ भने त्यसलाई प्रस्तुत गर, यदि तिमी सत्य हौ भने । १०७- अनि मूसा ले आफ्नो लौरो फ्याँके र त्यो स्पष्ट अजिङ्गर बन्यो । १०८- उनले आफ्नो हात बाहिर निकाले र त्यो दर्शकहरूका सामु टल्कि राखेको थियो । १०९- फिऔंनको समुदायका अगुवाहरूले भने- यो व्यक्ति अत्यन्त दक्ष जादुगर हो। ११०- यसले तिमीहरूलाई तिम्रो देशबाट निकाल्न चाहन्छ। १११- अब तिमीहरूको के सलाह छ ? तिनीहरूले परामर्श दिए- मूसा र उनका भाइलाई मौका देउ र शहरहरूमा हल्काराहरूलाई पठाउ। ११२- तिनीहरूले सबै दक्ष जादूगरहरूलाई जम्मा गरेर ल्याउन्।

११३- जादुगरहरू फिऔंनसमक्ष हाजिर भए। तिनीहरूले भने- हामीलाई त पुरस्कार अवश्य मिल्नेछ यदि हामी विजयी हुन्छौं भने ? ११४- फिऔंनले भन्यो- अँ, निस्सन्देह तिमीहरू मेरो निकटतमहरूमा सामेल हुनेछौ। ११५- जादुगरहरूले भने- कि त तिमी जे फ्याँक्न चाहन्छौ त्यो फ्याँक वा हामी ल्याँक्ने छौं । ११६- मूसाले भने- तिमीहरू नै फ्याँक । अनि, जब तिनीहरूले फ्याँके तब

मानिसहरूका आँखाहरूमा जादू गरिदिए, तिनीहरूमाथि रुवाफ हाले र ठूलो कर्तब देखाए । ११७- हामीले मूसालाई आदेश पठायौं- आफ्नो लौरो फ्याँक। अनि अकस्मात निल्न थाल्यो तिनीहरूले फ्याँकेका वस्तुहरूलाई । ११८- नितान्त सत्यको विजयी भयो। र तिनीहरूले बनाएका वस्तुहरू असत्य प्रमाणित भयो । ११९- अतः तिनीहरू त्यहीँ पराजित भए र खुबै अपमानित भए। १२०- जादुगरहरू नतमस्तक भए। १२१- उनीहरूले भने- हामीले सम्पूर्ण जगतका पालनकर्तामाथि आस्था ल्यायौं। १२२- जो पालनकर्ता हुन् मूसा तथा हारूनका।

१२३- फिऔंनले भन्यो- मैले अनुमति दिनु पूर्व नै तिमीहरूले मूसा माथि आस्था ल्यायौ ? निश्चय नै यो यो एउटा षडयन्त्र हो, जो तिमीहरूले यस शहरमा यसका बासीहरूलाई यहाँबाट निष्कासन गर्नका लागि गरेका छौ। तिमीहरूले चाँडै नै जान्नेछौ । १२४- म तिमीहरूका हात तथा खुट्टा विप्रीत दिशाबाट काटनेछु, अनि तिमीहरूलाई शूली दिनेछु । १२५- उनीहरूले भने- हामीहरू आफ्ना पालनकर्तातर्फ नै फर्केर जानेछौं । १२६- तिमी हामीहरूलाई मात्र यस कुराको सजाय दिन चाहन्छौ कि हामीहरू आफ्ना पालनकर्ताका निशानीहरू देखेपछि त्यसमा आस्था ल्याएका छौं। हे हाम्रा पालनकर्ता ! हामीहरूलाई धैर्य प्रदान गर्नुहोस्। हामीहरूलाई इस्लाम धर्ममा मृत्युवरण गराउनुहोस्।

१२७- फिऔंनको समुदायका अगुवाहरूले भने- के तपाईंले मूसा र उनको समुदायलाई छोडिदिनु हुन्छ कि उनीहरूले धर्तीमा विध्वंश मच्चाउन् र तपाईं अनि तपाईंका भगवानहरूलाई त्यगुन्। फिरऔनले भन्यो- हामी बनी इस्राईलका छोराहरूको वध गर्नेछौं र उनीहरूका छोरीलाई जीवित छाड्नेछौं। हामी यसको सामर्थ्य राख्छौं। १२८- मूसाले आफ्नो समुदायलाई भने- ईश्वरसित सहायता माग र धैर्य धारण गर। धर्ती ईश्वरको हो, उहाँ जसलाई चाहनुहुन्छ यसको उत्तराधिकारी बनाउनुहुन्छ। सत्ता प्रदान गर्नुहुन्छ। अन्तिम सफलता ईश-भय राख्नेहरूको लागि

हो । १२९- मूसाको समुदायले भने- हामीहरू तपाईंभन्दा अघि पनि सताइयौं र पछि पनि । गर्थ्यो र तिम्रो आगमनपश्चात् पनि हामीलाई सताउँदैछ । मूसाले भने- चाँडै नै तिमीहरूका पालनकर्ताले तिम्रो शत्रुहरूलाई नष्ट पार्नुहुनेछ त्यसपछि तिमीहरूलाई धर्तीको सत्ता प्रदान गर्नुहुनेछ, अनि तिमीहरूले कस्तो कार्य गर्छौ भन्ने कुरा उहाँले देख्नुहुनेछ ।

१३०- हामीले फिऔंनका समुदायलाई सुख्खा तथा खाद्दानपदार्थको कमीमा ग्रस्त गर्यौं, ताकि तिनीहरूले उपदेश ग्रहण गरुन् । १३१- जब तिनीहरूलाई बढी पैदावार हुन्थ्यो तब तिनीहरू भन्थे- यो हाम्रो लागि हो । जब तिनीहरूमाथि कुनै विपत्ति आउँथियो तब भन्ने गर्थे- मूसा र उनका साथीहरू अशुभ भएको ले यस्तो भयो । सुन- तिनीहरूको अशुभ हुनु त ईश्वरको हातमा छ । तर तिनीहरूमध्ये अधिकांशलाई थाहा छैन । १३२- तिनीहरूले मूसालाई भने- तिमीले हामीहरूलाई जादूपीडित गर्नको समक्ष जुनसुकै निशानी लिएर आउ हामी आस्था ल्याउने छैनौं ।

१३३- अनि हामीले तिनीहरूमाथि ठूलो बाढी, सलह, जुम्रा, भ्यागुतो र रगत पठायौं । यी सबै निशानीहरू छुट्टा छुट्टै देखायौं । तर तिनीहरूले घमण्ड गरे, तिनीहरू अपराधी थिए । १३४- जब तिनीहरूमाथि कुनै प्रकोप आउँथ्यो तब तिनीहरू भन्ने गर्थे- हे मूसा ! तिमी हाम्रो लागि प्रार्थना गर, जसको वाचा ईश्वरले गर्नुभएको छ । यदि तिमीले हामीहरूबाट प्रकोप हटाउँछौ भने हामीहरू तिमीमाथि अवश्य आस्था ल्याउनेछौं, बनी इस्राईललाई मुक्त गरेर तिमीसँग पठाइदिनेछौं । १३५- जब हामी एउटा निश्चित अवधिका लागि प्रकोपलाई हटाउने गर्थ्यौं तब वचन भङ्ग गर्ने गर्थे ।

१३६- फेरि हामीले तिनीहरूलाई सजाय दियौं र समुद्रमा डुबाइ दियौं, किनभने तिनीहरूले हाम्रा निशानीहरूलाई झूठो ठहर गरे र त्यसबाट विमुख भए । १३७- हामीले कमजोर ठानिएका मानिसहरूलाई पूर्वदेखि पश्चिमसम्मका

उत्तराधिकारी बनायौं, जसमा हामीले बर्कत राखेका थियौं । बनी इस्राईलमाथि तपाईंका पालनकरताको राम्रो वाचा पूरा भयो, किनभने उनीहरूले धैर्य गरे । हामीले फिऔंन तथा उसको समुदायको सबै थोक नष्ट पार्यौं, जो तिनीहरू बनाउने गर्थे र चढाउने गर्थे ।

१३८- हामीले बनी इस्राईललाई समुद्र पार गरायौं । त्यहाँबाट हिँडेपछि तिनीहरू यस्तो समुदायकहाँ आए जो मूर्तीहरूको पूजा गर्दै थिए । तिनीहरूले भने- हे मूसा ! हाम्रा लागि पनि एउटा मूर्ती बनाइ दिनुहोस् तिनीहरूको मूर्ती जस्तै । मूसाले भने- तिमीहरू अज्ञानी मानिसहरू हौ । १३९- यिनीहरू जुन काममा लागेका छन् त्यो बर्बाद हुने वाला छ । तिनीहरू जे गर्दैछन् ती सबै असत्य हुन् । १४०- मूसाले भने- के म ईश्वरबाहेक तिमीहरूका लागि कुनै अर्को पूज्य खोजूँ, जबकि उहाँले तिमीहरूलाई धेरै मानिसहरूमाथि श्रेष्ठता प्रदान गर्नुभयो ?! १४१- जब हामीले तिमीहरूलाई फिऔंन तथा उसका समुदायबाट मुक्त पार्यौं, जसले तिमीहरूलाई ठूलो कष्ट पुर्याउने गर्थे । तिनीहरू तिमीहरूका छोराहरूलाई बध गर्थे र छोरीहरूलाई जीवित छोड्ने गर्थे । त्यसमा तिमीहरूका लागि तिम्रा पालनकर्ताको तर्फबाट कडा परीक्षा थियो ।

१४२- हामीले मूसासँग तीस रातको वाचा गर्यौं र त्यसमा १० रात थपेर चालीस रात पुरा गर्यौं । मूसाले आफ्नो भाइ हारूनलाई भने- हे हारून ! मेरो अनुपस्थितिमा मेरो समुदायमा उत्तराधिकारीको कार्यभार सम्हाल सुधार गर तथा विध्वंसकारीहरूको मार्गमा न हिँड । १४३- जब मूसा हाम्रो निर्धारित समयमा आए र उनका पालनकर्ताले उनीसंग कुरा कानि गरे । उनले भने- मलाई आफ्नो दर्शन गराउनुहोस् । अनि ईश्वरले भन्नुभयो- तिमी मलाई कदापि देख्न सक्दैनौ । तर, तिमी पर्वततर्फ हेर म प्रकट हुँदा यदि त्यो आफ्नो स्थानमा स्थिर रहयो भने तिमीले मलाई देख्न सक्नेछौ । जब ईश्वर पर्वतमाथि प्रकट हुनुभयो तब त्यो पर्वत

टुक्रा-टुक्रा भयो र मूसा बेहोश भएर लडे। जब उनी होशमा आए तब भने- तपाईं पवित्र हुनुहुन्छ। मैले तपाईंतर्फ रुजु गरै र म आस्था ल्याउनेहरूमध्ये सर्वप्रथम हुँ।

१४४- ईश्वरले भन्नुभयो- हे मूसा ! मैले तिमीलाई मानवजातिको लागि सन्देष्टा बनाएर र तिमीसँग कुरा गरेर सफल पारेको छु। अब ग्रहण गर जे जति मैले प्रदान गरेको छु। आभार प्रकट गर्नेहरूमध्ये बन। १४५- हामीले उनको लागि पाटीमा बनी हरेक किसिमको उपदेश र हरेक कुराको तपसील लेख्यौं। यसलाई बलपूर्वक सम्हाल र आफ्नो समुदायलाई त्यसमा रहेका उपदेशहरूलाई राम्रो तरिकाले पालना गर्ने आदेश देउ। चाँडै नै म तिमीलाई अवज्ञाकारीको घर देखाउनेछु।

१४६- म आफ्नो निशानीहरूबाट ती मानिसहरूलाई फेर्नेछु जो धर्तीमा अनाहक घमण्ड गर्दछन्। तिनीहरूले सबै निशानीहरू देखे पनि आस्था ल्याउँदैनन्। तिनीहरूले सीधा मार्ग पाएमा त्यसमा हिँड्दैनन्, तर, कुमार्ग भेट्टाएमा त्यसमा हिँड्छन्। किनकि तिनीहरूले हाम्रा निशानीहरूलाई झूठो ठहर गरे र त्यसबाट असावधान रहे। १४७- जुन मानिसहरूले हाम्रा निशानीहरू र महाप्रलयको भेँटलाई झूठो ठहर गरे तिनीहरूका कर्महरू अकार्थ गए। तिनीहरूले बदलामा त्ही पाउनेछन् जो तिनीहरू जो तिनीहरूले गरे।

१४८- मूसाको समुदायले उनको अनुपस्थितिमा गर-गहनाहरूबाट बाछा बनाए, एउटा शरिर जसबाट गोरुको आवाज निस्कन्थ्यो। के तिनीहरूले देखेनन्- यो बाछा तिनीहरूसँग न त कुराकानी गर्छ न मार्गदर्शन गर्छ ?! तिनीहरूले त्यसलाई पूज्य बनाए र तिनीहरू ठूला अत्याचारी थिए। १४९- जब तिनीहरू पछताए र महसूस गरे कि तिनीहरू पथभ्रष्ट भएका छन् तब भने- यदि हाम्रा पालनकर्ताले हामीहरूमाथि दया न गरेमा र हामीहरूलाई माफ न गरेमा हामीहरू घाटा खानेहरूमध्ये हुनेछौं। १५०- जब मूसा अति क्रोधित एवं दुखित भएर आफ्नो समुदायतर्फ फर्के तब भने- मेरो अनुपस्थितिमा तिमीहरूले कति नराम्रो

तरिकाले उत्तराधिकारीको जिम्मेबारी निर्वाह गर्यौ ?! के तिमीहरूले आफ्ना पालनकर्ताको आदेशभन्दा पनि चाँडै गर्यौ ?! मूसाले पाटीहरूलाई एकतर्फ फ्याँके र आफ्ना भाइ हारूनको कपाल तथा दाह्री समाती उनलाई आफूतिर तान्न थाले। हारूनले भने- हे मेरा आमाका छोरा ! मानिसहरूले मलाई समाते र मेरो हत्या गर्ने प्रयास गरे। अतः शत्रुहरूलाई मेरो हाँसो उडाउने मौका न दिनुहोस् र मेरा गणना अत्याचारीहरूमा न गर्नुहोस्। १५१- मूसाले भने- हे मेरा पालनकर्ता ! मलाई र मेरो भाइलाई क्षमा प्रदान गर्नुहोस् र हामीहरूलाई आफ्नो कृपामा समावेश गर्नुहोस्। तपाईं सबै दयालुहरूभन्दा महान दयावान हुनुहुन्छ।

१५२- निस्सन्देह जुन मानिसहरूले बाछालाई पूज्य बनाएर तिनीहरू आफ्ना पालनकर्ताको प्रकोपमा ग्रस्त हुनेछन् र सांसारिक जीवनमा अपमानित हुने छन् । ईश्वरमाथि झूठो गढ्नेहरूलाई हामीले यस्तै बदला दिने गर्छौं । १५३- जुन मानिसहरूले दुष्कर्म गरे र त्यसपछि प्रायश्चित गरे र आस्था ल्याए निश्चय नै तपाईंका पालनकर्ता त्यसपछि अति क्षमाशील एवं दयावान हुनुहुन्छ।

१५४- जब मूसा को क्रोध शान्त भयो तब उनले पाटीहरू उठाए। जे जति त्यसमा लेखिएको थियो त्यसमा मार्गदर्शन र कृपा थियो, आफ्ना पालनकर्तासित डराउनेहरूका लागि। १५५- मूसाले आफ्ना समुदायका सत्तरी जनालाई चयन गरे, हामीले निर्धारित गरेको समयको लागि। अनि जब तिनीहरूलाई भूकम्पले समात्यो तब मूसाले भने- हे मेरा पालनकर्ता ! यदि तपाईंले चाहनुभएको भए तिनीहरूलाई र मलाई पनि यहाँ आउनु अघि नै नष्ट गर्न सक्नु हुनुहुन्थ्यो। के तपाईंले हामीहरूमध्ये केही मूर्खहरूले गरेका कार्यले गर्दा हामी सबैलाई नष्ट गर्नुहुनेछ ? यी सबै तपाईंको तर्फबाट परीक्षा हो। जसद्वारा तपाईंले जसलाई चाहनुहुन्छ पथभ्रष्ट गर्नुहुन्छ र जसलाई चाहनुहुन्छ मार्गदर्शन गर्नुहुन्छ। तपाईं नै हाम्रा सहारा हुनुहुन्छ। अतः हामीहरूलाई माफ गर्नुहोस् र हामीहरूमाथि कृपा गर्नुहोस्। तपाईं सबै भन्दा बढी माफ गर्ने वाला हुनुहुन्छ। १५६- हामीहरूका

लागि यस लोकमा पनि भलाइ लेख्नु होस् र परलोकमा पनि भलाइ लेख्नु होस् । ईश्वरले भन्नुभयो- म आफ्नो यातनामा त्यसैलाई ग्रस्त गर्छौं जसलाई चाहन्छौं, तर मेरो दया चाहिँ हरेक वस्तुमाथि छाएको छ । आखिरतमा मैले आफ्नो कृपा ती मानिसहरूका लागि अवश्य नै लेख्नेछु जो मसित डराउँ छन्, जकात दिने गर्छन् र हाम्रा निशानीहरूमाथि आस्था राख्छन् ।

१५७- जुन मानिसहरूले अनुसरण गर्छन् नबीको जो उम्मी हुनुहुन्छ (अर्थात स्वयम लेख्न र पढ्नु जान्नु हुन्न ।) जसलाई तिनीहरू तौरात तथा इन्जीलमा लेखिएको पाउँछन् । मुहम्मदले तिनीहरूलाई राम्रा कार्यहरूको आदेश दिनुहुन्छ र नराम्रो कार्यहरूबाट मनाहि गर्नुहुन्छ । पवित्र वस्तुहरूलाई जायज ठहर गर्नुहुन्छ अपवित्र वस्तुहरूलाई अवैध गर्नुहुन्छ । तिनीहरूमाथि रहेका बोझबाट तिनीहरूलाई मुक्ति प्रदान गर्नु हुन्छ । जुन मानिसहरूले उहाँमाथि आस्था ल्याए, उहाँको सम्मान गरे, मद्दत गरे तथा उहाँमाथि अवतरण भएको प्रकाशको अनुसरण गरे, उनीहरू नै सफल मानिसहरू हुन् ।

१५८- भनिदिनुहोस्- हे मानव हो ! म तिमीहरू सबैतर्फ त्यस ईश्वरद्वारा पठाइएको रसूल हुँ जसको शासन आकाशहरू तथा धर्तीमा छ । उहाँ नै जीवन तथा मृत्यु प्रदान गर्नुहुन्छ । अतः आस्था ल्याउ ईश्वरमाथि र उहाँका नबी माथि जो उम्मी (स्वयम न पढ्नुहुन्छ न लेख्नुहुन्छ) हुनुहुन्छ । उहाँ ईश्वर तथा उहाँका वाणीमाथि आस्था राख्छन् । तिमीहरू उहाँको अनुसरण गर, ताकि तिमीहरू मार्गदर्शन पाउ । १५९- मूसा को समुदायमा एउटा यस्तो जमात पनि छ जो त्यसतर्फ बोलाउँछ र त्यसै अनुसार निसाफ गर्छ ।

१६०- हामीले बनी इस्राईललाई अलग अलग १२ वटा गोत्रमा विभाजित गरेर छुट्टा छुट्टै जमातमा विभाजित गर्यौं । जब मूसाको समुदायले पानीको माग गर्यो तब हामीले मूसालाई आदेश पठायौं- हे मूसा ! तिमी आफ्नो लौरो ठूलो ढुङ्गामा हान, अनि त्यसबाट १२ वटा मुहान फुटे र प्रत्येक जमातले आ-आफ्नो

पानीको घाट चिन्यो । हामीले तिनीहरूमाथि बादलको छायाँ पार्यौं, हामीले तिनीहरूका लागि मन्नो सलवा अवतरित गर्यौं र भन्यौं- हामीले प्रदान गरेको यी पवित्र खानाहरू खाउ । उनीहरूले हाम्रो केही पनि बिगारेनन् बरु आफ्नै हानि गरे । १६१- जब उनीहरूलाई भनियो- यस बस्तीमा गएर बस र जहाँबाट चाहन्छौ खाउ । भन- हे हाम्रा पालनकर्ता ! हाम्रा पापहरूलाई माफ गर्नुहोस् र ढोकाभित्र निहुरेर पस । हामी तिमीहरूको पापलाई क्षमा गरिदिनेछौं । हामी पुण्यकर्मीहरूलाई अझ बढाएर दिने गर्छौं । १६२- ती अत्याचारीहरूले त्यस शब्दलाई परिवर्तन गरे जो तिनीहरूलाई भनिएको थियो । हामीले तिनीहरूको अत्याचारको कारणले आकाशबाट प्रकोप पठायौं ।

१६३- तिनीहरूसित त्यस बस्तीको अवस्था सोध्नुहोस् जो नदीको किनारमा थियो । जब तिनीहरू शनिबारको दिन सिमा उल्लंघन गर्ने गर्थे । शनिबारको दिनमा नै माछाहरू तिनीहरूसमक्ष पानीको सतहमा आउने गर्थे र शनिवारबाहेक अन्य दिनहरूमा आउँदैनथे । यसरी हामीले तिनीहरूको परीक्षा लियौं । किनभने तिनीहरू अवज्ञा गर्दै थिए । १६४- तिनीहरूमध्ये एउटा समूहले भने- तिमीहरू यस्ता मानिसहरूलाई किन उपदेश दिन्छौ जसलाई ईश्वरले विनाश गर्नुहुनेछ वा कठोर यातना दिनुहुनेछ ?! उपदेश दिने समूहले जवाफ दियो- ईश्वरसमक्ष दोष मुक्त हुन, शायद तिनीहरू डराउन् ।

१६५- जब अवज्ञाकारीहरूको समूहले उपदेशलाई बिर्सि दिए तब हामीले नराम्रो कार्यबाट रक्ने समूहलाई त जोगायौं तर आफूमाथि अत्याचार गर्नेहरूलाई कडा प्रकोपमा समात्यौं । किनभने तिनीहरू आज्ञा गर्ने गर्थे । १६६- जब तिनीहरूले मनाहि गरिएका कार्यहरूमा अझ बढन थाले तब हामीले भन्यौं- तिमीहरू अपमानित बाँदर बनि हाल ।

१६७- जब तपाईंका पालनकर्ताले घोषणा गर्नुभयो- उहाँले महाप्रलयको दिनसम्म यहुदीहरूमाथि यस्ता मानिसहरूलाई थोपारिरहनुहुनेछ जसले

तिनीहरूलाई कडा यातना दि राख्नेछन् । निस्सन्देह तपाईंका पालनकर्ता छिटो दण्ड दिनुहुन्छ । निस्सन्देह उहाँ माफ गर्ने वाला र दयावान हुनुहुन्छ । १६८- हामीले तिनीहरूलाई धर्तीमा विभिन्न समूहमा विभाजित गरेर धर्तीमा फैलाइ दियौं । तिनीहरूमध्ये केही पुण्यकर्मी छन् र केही भिन्नै खालका छन् । हामीले तिनीहरूको परीक्षा सुख तथा दुःखबाट गर्दै गयौं ताकि तिनीहरूले गरिराखेको कुकर्मलाई त्यागुन् ।

१६९- तिनीहरूपश्चात् दुष्कर्मीहरू आए जो किताबको वारिस बने । तिनीहरू यसै संसारबाट लाभ लिँदै छन् र भन्छन्- हामी माफि पाउनेछौं । त्यस्तै सामान तिनीहरूलाई भेट्टाएमा तिनीहरूले लिनेछन् । के तिनीहरूसित किताबमा वचन लिइएको छैन- तिनीहरूले ईश्वरको नाममा सत्यबाहेक केही पनि भन्ने छैन। तिनीहरूले त्यसमा लेखिएका कुरा पढेका छन् । परलोकको घर राम्रो छ ईशभय राख्नेहरूका लागि । के तिमीहरू बुझ्दैनौ ?! १७०- जुन मानिसहरू ईश्वरका किताबलाई दृढतापूर्वक समात्छन्, नमाज कायम गर्छन्, निस्सन्देह हामीले सत्कर्मीहरूको पुण्यलाई व्यर्थ पार्ने छैनौं । १७१- जब हामीले पहाडलाई तिनीहरूमाथि उठायौं मानौं त्यो साइबान होस्, त्यो तिनीहरूमाथि खस्छ भन्ने तिनीहरूले ठाने । दृढतापूर्वक समात जे जति हामीले प्रदान गरेकाछौं त्यसमा रहेका कुराहरूलाई याद राख, ताकि तिमीहरू बच ।

१७२- जब तपाईंका पालनकर्ताले आदम का सन्तानहरूका पिठ्यूँहरूबाट तिनका सन्तानहरूलाई सृष्टि गर्नुभयो र उनीहरूलाई उनीहरूमाथि गवाह बनाउनु भयो । के म तिमीहरूको पालनकर्ता होइन ? तिनीहरू सबैले भने- किन नहुनु ? हामी स्वीकार गर्छौं । ताकि तिमीहरूले महाप्रलयको दिन यो न भन- हामीलाई यसको खबर थिएन । १७३- वा यो भन- हाम्रा पूर्वजले ईश्वरसंग साझेदार ठहर गरेका थिए र हामीहरू पछिका सन्तान हौं । के तपाईंले हामीलाई त्यस

दुष्कर्मले गर्दा नष्ट पार्नुहुनेछ जो जो दुष्कर्मीहरूले गरे। १७४- यसरी हामी आफ्ना निशानीहरू स्पष्ट रूपमा बयान गर्छौं ताकि तिनीहरू फर्कुन्।

१७५- तिनीहरूलाई एक जना व्यक्तिको अवस्था बताउनुहोस् जसलाई हामीले आफ्ना निशानीहरू प्रदान गर्यौं, तर ऊ त्यसबाट निस्क्यो। अनि शैतानले उसको पीछा गर्यो र ऊ पथभ्रष्टहरूमध्ये बन्यो। १७६- यदि हामीले चाहेको भए उक्त निशानीहरूद्वारा उसलाई उच्च पार्ने थियौं ऊ त धर्तीमा टासियो र आफ्नो इच्छाको अनुसरण गर्न थाल्यो। उसको उदाहरण कुकुर जस्तो छ, जसमाथि बोझ राखेमा पनि स्वाँ-स्वाँ गर्छ र छोडेमा पनि स्वाँ-स्वाँ गर्छ। यो उदाहरण ती मानिसहरूको हो जसले हाम्रा निशानीहरूलाई झूटो ठहर गरे। तपाईं यो अवस्था तिनीहरूलाई सुनाउनुहोस्, ताकि तिनीहरूले विचार गरुन्। १७७- कस्तो नराम्रो उदाहरण हो ती मानिसहरूको जो हाम्रा निशानीहरूलाई झूठो ठहर गर्छन्। तिनीहरू आफ्नै हानि गर्दै छन्। १७८- ईश्वरले जसलाई आफ्नो सीधा मार्ग देखाउनुहुन्छ उसले नै वास्तवमा सीधा मार्ग पाउँछ र जसलाई सीधा मार्गबाट टाढा पार्नुहुन्छ तिनीहरू घाटा खानेहरू हुन्।

१७९- हामीले धेरै जिन्न तथा मनुष्यहरूलाई नर्कको लागि सृष्टि गरेकाछौं। तिनीहरूको हृदय छ तर त्यसबाट बुझ्दैनन्; आँखा छन् तर त्यसबाट देख्दैनन्, कान छन् तर त्यसबाट सुन्दैनन्।तिनीहरू यस्ता छन् जस्ता पशुहरू, बरु त्यसभन्दा पनि बढी बाटो गुमाएका छन्। यिनीहरू नै हुन् असावधान। १८०- ईश्वरका लागि हुन् सबै उत्कृष्ट नामहरू, तिमीहरू उहाँलाई यी उत्कृष्ट नामहरूबाट पुकार। ती व्यक्तिहरूलाई छोडिदेउ जो उहाँका नामहरूलाईमा यताउति बहकिन्छन्। तिनीहरू अवश्य नै आफ्ना कर्मका बदला पाउनेछन्। १८१- हाम्रा सृष्टिमध्ये यस्ता जमात पनि छन् जो सत्मार्गतर्फ बोलाउँछन् र निसाफका साथ न्याय गर्छन्। १८२- जुन मानिसहरूले हाम्रा निशानीहरूलाई झूठो ठहर गरे तिनीहरूलाई

यस्तो स्थानबाट क्रमशः समात्नेछौं जहाँबाट तिनीहरूलाई खबर पनि हुने छैन। १८३- म तिनीहरूलाई अवसर दिन्छु, निस्सन्देह मेरो दाउ अति दृढ छ।

१८४- के तिनीहरूले विचार गरेनन्- उनीहरूका साथी (मुहम्मद) मा कुनै बौलाहापन छैन। उहाँ त प्रष्टरूपमा सचेतक हुनुहुन्छ। १८५- के तिनीहरूले आकाशहरू तथा धर्तीको प्रबन्धमा विचार गरेनन् र ती वस्तुहरूमा जो उहाँले सृष्टि गर्नुभएको छ ? र यस कुरामा कि शायद तिनीहरूको मृत्युको समय नजिक पुगेको छ ? यसपछि तिनीहरू कुन कुरामा आस्था ल्याउनेछन् ?! १८६- जसलाई ईश्वरले सत्यबाट टाढा पार्नु हुन्छ उसलाई कसैले सीधा मार्ग देखाउन सक्दैन। ईश्वरले तिनीहरूलाई तिनको उद्दण्डतामा नै हैरान भई घुम्न छोड्नु हुन्छ। १८७- तपाईंलाई महाप्रलयको बारेमा सोध्छन् कि त्यो कहिले आउनेछ ? भनिदिनुहोस्- त्यसको ज्ञान त मात्र मरो पालनकर्तासँग छ। यसलाई यसको निर्धारित समयमा मात्र ईश्वरले प्रकट गर्नुहुनेछ। त्यो भारी हुँदै आकाशहरू तथा पृथ्वीमा। जब त्यसको आगमन हुनेछ तब अकस्मात हुनेछ।। तिनीहरू तपाईंलाई यसरी सोध्छन् मानौं तपाई त्यसको खोज गरि सक्नुभएको छ। भनिदिनुहोस्- त्यसको ज्ञान मात्र ईश्वरलाई छ, तर अधिकांश मानिसहरू यसको बारेमा जान्दैनन्। १८८- भनिदिनुहोस्- म आफ्नो लाभ तथा हानिको पनि मालिक होइन, तर ईश्वरले जे चाहुन्। यदि मलाई परोक्षको ज्ञान भएको भए धेरै फाइदाहरू आफ्नो लागि प्राप्त गर्ने थिएं र मलाई कुनै हानि पुग्ने थिएन। म त मात्र एक जना सावधानकर्ता र शुभसूचना दिने वाला हुँ ती मानिसहरूका लागि जो मेरो कुरा मान्छन्।

१८९- ईश्वर नै हुनुहुन्छ जसले तिमीहरूलाई एक ज्यानबाट सृष्टि गर्नुभयो र त्यसबाट उनकी जोडी बनाउनु भयो। ताकि तिमी त्यसबाट सन्तुष्टि प्राप्त गर। जब पुरुषले स्त्रीलाई छोप्यो तब स्त्रीले हलुका गर्भ धारण गर्यो। फेरि त्यसलाई लिएर हिँडडुल गरि रहयो। बोझिलो भएपछि दुवै दम्पति आफ्ना पालनकर्तासित

यो भन्दै प्रार्थना गरे- यदि तपाईंले हामीलाई स्वस्थ्य सन्तान प्रदान गर्नु भयो भने हामी तपाईंप्रति आभारी रहनेछौं। १९०- जब ईश्वरले स्वस्थ्य सन्तान प्रदान गर्नु भयो तब तिनीहरूले त्यस वर्दानप्रति ईश्वरसँग अन्यलाई साझेदार ठहर गर्न थाले। ईश्वर तिनीहरूका साझेदारसम्बन्धि कुराबाट अति उच्च तथा पवित्र हुनुहुन्छ। १९१- के तिनीहरू यस्तो वस्तुलाई ईश्वरको भक्तिमा साझेदार बनाउँछन् जो कुनै पनि वस्तु सृष्टि गर्दैनन् बरु स्वयं सृष्टि गरिएका छन् ? १९२- तिनीहरू न त आफ्ना भक्तहरूको मद्दत गर्ने शक्ति राख्दछन् न स्वयंलाई मद्दत गर्न सक्छन्। १९३- यदि तिमीहरूले तिनीहरूलाई मार्गदर्शनको लागि बोलाउँछौ भने तिनीहरूले तिमीहरूको कुरा मान्ने छैनन्। तिमीहरूले तिनीहरूलाई बोलाउ वा न बोलाउ दुवै समान छ। १९४- तिमीहरू ईश्वरबाहेक जसलाई पुकाछौं तिनीहरू तिमीहरू जस्तै भक्तहरू हुन्। तिमीहरूले तिनीहरूलाई पुकार यदि तिमीहरू आफ्नो दाबीमा सच्चा छौ भने तिनीहरूले जवाफ दिनुपर्ने हो।

१९५- के यी मूर्तीहरूका खुट्टा छन् जसद्वारा हिँडडुल गर्न सकुन्, वा तिनीहरूका हातहरू छन् जसद्वारा तिनीहरूले समात्न सकुन्, वा तिनीहरूका आँखाहरू छन् जसद्वारा तिनीहरू देख्न सकुन वा के तिनीहरूका कानहरू छन् जसद्वारा तिनीहरू सुन्न सकुन् ? भनिदिनुहोस्- बोलाउ आफ्ना साझेदारहरूलाई, अनि मेरो विरुध्द उपाय गर र मलाई अवसर न देउ। १९६- निस्सन्देह मेरा कार्य-साधक ईश्वर हुनुहुन्छ, जसले किताब अवतरण गर्नुभयो। उहाँ सत्कर्मी भक्तहरूको संरक्षण गर्नुहुन्छ। १९७- ईश्वरबाहेक जसलाई तिमीहरू पुकाछौं तिनीहरूले न त तिमीहरूलाई मद्दत गर्न सक्दछन् न स्वयंलाई नै सहायता गर्न सक्छन्। १९८- यदि तिमीहरूले मूर्तीहरूलाई सत्मार्गतर्फ बोलाउँछौ भने तिनीहरूले सुन्ने छैनन्। तिनीहरू आँखाबाट तिमीहरूतर्फ देखिराखेको लाग्छ तर केही पनि देख्न सक्दैनन्।

१९९- माफ गर, सत्कर्मको आदेश देउ र अज्ञानीहरूसंग न अल्झ।

२००- यदि तपाईंलाई शैतानको तर्फबाट उक्साहट हुन्छ भने तपाईं ईश्वरको शरण माग्नुहोस् । उहाँ सुन्ने वाला र जान्ने वाला हुनुहुन्छ । २०१- ईश्वरसित डराउने मानिसहरूले जब शैतानको बहकाउले गर्दा नराम्रो विचार आएमा सतर्क हुन पुग्छन् अनि तत्कालै बुध्दि पुर्याउँछन् । २०२- तर शैतानले आफ्ना भाइ बन्धुहरूलाई पथभ्रष्टतामा नै तान्दै लिएर जान्छन् र त्यसमा कमि गर्दैनन् ।

२०३- जब तपाईं तिनीहरूसमक्ष कुनै निशानी (चमत्कार) प्रस्तुत गर्नुहुन्न तब तिनीहरू भन्छन्- तिमीले कुनै निशानी रचना गरेर किन ल्याएनौ ? भनिदिनुहोस्- म त त्यसैको अनुसरण गर्छु जो मेरो पालनकर्ताको तर्फबाट ममाथि प्रकाशना गरिन्छ । यो ज्ञानको कुरा हो तपाईंको पालनकर्ताको तर्फबाट । यो मार्गदर्शन तथा दया हो आस्थावानहरूका लागि । २०४- जब कुर्आनको पाठ गरिन्छ तब त्यसलाई ध्यानपूर्वक सुन्ने गर, चुप बस्ने गर ताकि तिमीहरूमाथि दया गरियोस् । २०५- आफ्ना पालनकर्तालाई बिहान बेलुका मनमनै बिलौना गर्दै तथा भयका साथ मध्य स्वरमा याद गर । असावधान मानिसहरूमध्ये न बन । २०६- तपाईंका पालनकर्ता नजिक रहेका (फरिश्ताहरू) ईश्वरको भक्ति प्रति घमण्ड गर्दैनन् । बरु पवित्र ईश्वरलाई स्म्रण गर्छन् र उहाँसमक्ष नै सज्दा गर्ने गर्छन् ।

## सूरह अल्-अन्फाल्- ८

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- उनीहरू तपाईंसित अन्फाल (युद्धबाट प्राप्त धन) को बारेमा सोध्दछन् ? भनिदिनुहोस्- अन्फाल त ईश्वर तथा रसूल को लागि हो । तिमीहरू ईश्वरको भय गर र आपसी सम्बन्धको सुधार गर । यदि तिमीहरू वास्तविक आस्थावान हौ भने ईश्वर तथा उहाँका रसूल को आज्ञा पालन गर । २- वास्तविक आस्थावानहरू ती हुन्, जब ईश्वरको जप गरिन्छ तब उनीहरूका हृदयहरू काम्न थाल्छ र जब ईश्वरका

श्लोकहरूको पाठ गरिन्छ तब उनीहरूका आस्था बढ्न थाल्छ र उनीहरू आफ्ना पालनकर्तामाथि भरोसा राख्छन् । ३- उनीहरू नमाज कायम गर्छन् र हामीले उनीहरूलाई प्रदान गरेको धनसम्पत्तिबाट खर्च गर्छन् । ४- यस्ता मानिसहरू नै सच्चा आस्थावान हुन् । उनीहरूका लागि उनका पालनकर्ताकहाँ दर्जाहरू, माफि तथा सम्मानित जीवीका छन् ।

५- जसरी तपाईंका पालनकर्ताले तपाईंलाई सत्यका साथ तिमीहरूका घरबाट निकाल्नु भयो । यद्यपि आस्थावानहरूको एउटा समूहलाई अप्रिय थियो । ६- तिनीहरू यस सत्यको मामिलामा तपाईंसँग झगडा गर्दै थिए, जबकि त्यो स्पष्ट भइसकेको थियो । मानौं तिनीहरू मृत्युतर्फ हाँकेर लगिदै छन् र मृत्युलाई आफ्नो आँखासामु देखिराखेका छन् । ७- जब ईश्वरले तिमीहरूसँग वाचा गर्दै हुनुहुन्थ्यो- दुई समूहमध्ये एउटा समूह तिमीहरूलाई प्राप्त हुनेछ । तिमीहरू त्यो समूह प्राप्त गर्न चाहन्थ्यो जसमा अप्ठ्यारो न होस्, तर ईश्वरको चाहना थियो आफनो वाणिद्वारा सत्यलाई सत्य प्रमाणित गर्नु र नकार्नेहरूको जरो काट्नु । ८- ताकि सत्यलाई सत्य र असत्यलाई असत्य सिद्ध गरियोस् । यद्दयपि बहुदेववादीहरूलाई जतिसुकै अप्रिय लागोस् ।

९- जब तिमीहरू ईश्वरसँग प्रार्थना गर्दै थियौ । अनि उहाँले तिमीहरूको प्रार्थना सुन्नु भयो कि म तिमीहरूको मद्दतको लागि एकपछि अर्को आउने गरी एक हजार फरिश्ताहरू पठाउँदैछु । १०- यो ईश्वरले मात्र यस कारणले गर्नु भयो कि तिमीहरूको लागि शुभसूचना होस् र ताकि तिमीहरूको मन सन्तुष्ट होस् । मद्दत त ईश्वर कै तर्फबाट आउँछ । निस्सन्देह ईश्वर प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ । ११- जब ईश्वरले तिमीहरूलाई आफ्नो तर्फबाट निन्द्रा दिनु भयो तिमीहरूको सन्तुष्टताको लागि र आकाशबाट पानी बर्साउनुभयो ताकि तिमीहरूलाई पवित्र पारुन्, शैतानका अपवित्रतालाई समाप्त पारुन्, तिमीहरू मनमस्तिष्कलाई बलियो बनाउन् र तिमीहरूका खुट्टालाई बलियो पारुन् । १२- जब तपाईंका

पालनकर्ताले फरिश्ताहरूलाई आदेश पठाउनु भयो- म तिमीहरूको साथमा छु। आस्थावानहरूलाई अडिग राख। म नकार्नेहरूका हृदयमा त्रास उत्पन्न गर्नेछु। तिमीहरू तिनीहरूको घँटी तथा जोर्नीहरूमा प्रहार गर। १३- यो यस कारणले कि तिनीहरूले ईश्वर एवं उहाँका रसूल को विरोध गरे। जुन मानिसहरू ईश्वर तथा उहाँका रसूल को विरोध गर्छन् निस्सन्देह ईश्वर सजाय दिनमा कडा हुनुहुन्छ। १४- यो तिमीहरू चाख र जानि राख नकार्नेहरूका लागि आगोको यातना छ।

१५- हे आस्थावानहरू हो ! जब तिमीहरूको भिडन्त युद्धको मैदानमा नकार्नेहरूसित हुन्छ तब तिमीहरू पिठ्युँ न फर्काउ। १६- जसले यस्तो अवस्थामा पिठ्यूँ फर्कायो, ऊ ईश्वरको क्रोधको भागीदार हुन्छ, उसको बास-स्थान नर्क हुन्छ र त्यो अति निकृष्ट स्थान हो। तर जसले युद्धको रणनीति स्वरूप फर्केर आक्रमण गर्ने वा अर्को सैन्यदलसंग मिल्ने उद्देश्यले यस्तो गर्छ भने केही आपत्ति छैन।

१७- तिनीहरूलाई तिमीहरूले हत्या गरेनौ बरु ईश्वरले हत्या गर्नुभयो। जब तपाईंले माटो फ्याँक्नुभयो त्यो तपाईंले फ्याँक्नुभएन बरु ईश्वरले फ्याँक्नुभयो। ताकि ईश्वरले आफ्नो तर्फबाट आस्थावानहरूमाथि खुबै कृपा गरुन्। निस्सन्देह ईश्वर सुन्ने वाला तथा जान्ने वाला हुनुहुन्छ। १८- यो त भयो। निस्सन्देह ईश्वरले नकर्नेहरूका सबै चलखेलहरूलाई परास्त पार्नु हुनेछ। १९- यदि तिमीहरू निर्णय चाहन्थ्यौ भने त्यो तिमीहरूसमक्ष आइ सक्यो। यदि तिमीहरू यस्तो गर्नबाट रोकिन्छौ भने यही तिमीहरूका लागि राम्रो हुनेछ। यदि फेरि त्यही गर्नेछौ भने हामी पनि फेरि त्यस्तै गर्नेछौं। तिमीहरूलाई तिमीहरूको ठूलो जत्थाले कुनै फाइदा दिने छैन, चाहे त्यो जति पनि ठूलो होस्। निस्सन्देह ईश्वरको आस्थावानहरूको साथमा हुनुहुन्छ।

२०- हे आस्थावानहरू हो ! ईश्वर र उहाँका रसूल को आज्ञापालन गर। उहाँको आदेशको उल्लङ्घन न गर। जबकि तिमीहरू सुनिरहेका छौ। २१- तिमीहरू ती मानिसहरू जस्तो न बन जसले भने- हामीले सुन्यौं जबकि

तिनीहरू सुन्दैनन् । २२- निस्सन्देह ईश्वरको दृष्टिमा सबैभन्दा निकृष्ट जनावर ती बहिरा तथा लाटा मानिसहरू हुन् जो बुध्दिले काम लिँदैनन् । २३- यदि ईश्वरले तिनीहरूभित्र कुनै भलाइ जान्नु भएमा अवश्य नै तिनीहरूलाई सुन्ने योग्य बनाउनुहुन्थ्यो । यदि ईश्वरले तिनीहरूलाई सुन्ने शक्ति प्रदान गरे पनि तिनीहरूले अवश्य नै विमुख हुँदै पिठ्यूँ फर्काउनेछन् ।

२४- हे आस्थावानहरू हो ! ईश्वर तथा उहाँका रसूलका आदेशहरूलाई स्वीकार गर, जब कि रसूल तिमीहरूलाई यस्तो कार्यतर्फ बोलाउनुहुन्छ जो तिमीहरूलाई जीवन प्रदान गर्ने वाला छ । जानि राख ! ईश्वर मानव तथा त्यसको हृदयबीच आड बन्नु हुन्छ । अन्ततः तिमीहरू उहाँसमक्ष नै भेला गराइनेछौ । २५- सावधान त्यस उत्पीडनबाट जो तिमीहरूमध्ये अत्याचारीहरूलाई मात्र होइन बरु अरूलाई पनि लपेटमा लिनेछ । जानि राख ! ईश्वर कठोर दण्डदाता हुनुहुन्छ ।

२६- याद गर जब तिमीहरू अल्पसंख्यक थियौ र धर्तीमा कमजोर ठानिन्थ्यौ । मानिसहरूले तिमीहरूलाई अकस्मात समात्नेछन् भनी डराउँथ्यौ । अनि ईश्वरले तिमीहरूलाई बास-स्थान प्रदान गर्नुभयो र तिमीहरूको सहयोग गरेर तिमीहरूलाई सशक्त बनाउनुभयो । उहाँले तिमीहरूलाई पवित्र जीवीका प्रदान गर्नुभयो ताकि तिमीहरू आभार प्रकट गर । २७- हे आस्थावानहरू हो ! तिमीहरू जानि जानि ईश्वर र उहाँका रसूलसंग विश्वासघात न गर र आफ्नो नासोहरूमा हिनामिना न गर। २८- जानिराख तिमीहरूका धनसम्पत्ति तथा सन्तानहरू परीक्षाका सामग्रीहरू हुन् र यो कि ईश्वरकहाँ ठूलो पुण्य छ ।

२९- हे आस्थावानहरू हो ! यदि तिमीहरू ईश्वरसँग डराउँछौ भने उहाँले तिमीहरूभित्र सत्य र असत्यबीच फरक छुट्याउने क्षमता प्रदान गर्नुहुनेछ, तिमीहरूबाट तिमीहरूका पापहरूलाई टाढा पार्नुहुनेछ र तिमीहरूलाई माफ गर्नुहुनेछ । ईश्वर महान वरदानवाला हुनुहुन्छ । ३०- जब नकार्नेहरू तपाईं लाई

बन्दी बनाएर वा हत्या गरेर वा देश-निकाला गरेर तपाईंविरुद्ध षड्यन्त्र गर्दै थिए र ईश्वर आफ्नो योजना बनाउदै हुनुहुन्थ्यो। ईश्वर नै सर्वोत्तम योजनाविद् हुनुहुन्छ।

३१- जब तिनीहरूसमक्ष हाम्रा श्लोकहरूको पाठ गरिन्छ तब तिनीहरू भन्छन्- हामीले सुन्यौं। हामीले चाहेमा यो जस्तै वाणी प्रस्तुत गर्न सक्छौं। यो त मात्र अतीतका झूठो कथाहरू हुन्। ३२- जब तिनीहरूले भने- हे ईश्वर ! यदि तपाईंको तर्फबाट यही नितान्त सत्य हो भने हामीमाथि आकाशबाट ढुङ्गा बर्साउनुहोस् वा कुनै दुःखदायी यातना पठाउनुहोस्। ३३- तर तपाईं तिनीहरूबीच रहुन्जेल वा उनीहरूले क्षमायाचना गरिरहुन्जेल ईश्वरले तिनीहरूलाई यातना दिनु हुने छैन। ३४- ईश्वरले तिनीहरूलाई किन यातना दिनुहुने छैन जब कि तिनीहरू मानिसहरूलाई मस्जिदे हरामबाट रोक्छन् जब कि तिनीहरू त्यसको संरक्षक होइनन्। त्यसको संरक्षक त ईशभय राख्नेहरू मात्र हुन सक्छन्। तर तिनीहरूमध्ये अधिकांश यस कुरालाई जान्दैनन्। ३५- मस्जिदे हराम नजिक तिनीहरूको नमाज सुसेल्नु र ताली पिट्नुबाहेक अन्य केही छैन। अब चाख यातना आफ्नो इन्कारको।

३६- ईश्वरको मार्गबाट रोक्नको लागि नकार्नेहरू आफ्नो धनसम्पत्ति खर्च गर्छन्। तिनीहरूले अझ खर्च गर्नेछन् तर यो तिनीहरूका लागि पश्चातापको कारण बन्नेछ। फेरि तिनीहरू पराजित गरिनेछन्। नकार्नेहरूलाई नर्कतर्फ एकत्रित गरिनेछ। ३७- ताकि ईश्वरले अपवित्रलाई पवित्रबाट छुट्याउन्। अनि अपवित्रलाई एक अर्कामाथि राखेर जम्मा पारुन् अनि त्यस थुप्रोलाई नर्कमा फ्याली दिउन्। यस्ता मानिसहरू नै घाटा खानेहरू हुन्।

३८- नकार्नेहरूलाई भनिदिनुहोस्- यदि तिनीहरू रोकिन्छन् भने जे जति भइ सकेको छ त्यसलाई माफ गरिनेछ। यदि तिनीहरू फेरि त्यही गर्नेछन् भने हाम्रो मामिला अघिल्ला मानिसहरूसंग बिति सकेको छ। ३९- तिनीहरूविरुद्ध युद्ध गर यहाँसम्म कि बाधा समाप्त होओस् तथा धर्म पूर्णरूपमा मात्र ईश्वरकै लागि

भइहालोस् । यदि तिनीहरूले यस कार्यलाई त्यग छन् भने ईश्वरले तिनीहरूको कार्यलाई देख्नेवाला हुनुहुन्छ । ४०- यदि तिनीहरू विमुख हुन्छन् भने ईश्वर तिमीहरूका संरक्षक हुनुहुन्छ । उहाँ कत्ति सर्वोत्तम संरक्षक हुनुहुन्छ र कति सर्वोत्तम सहायक हुनुहुन्छ !

४१- जानिराख ! जे जति धनसम्पत्ति तिमीहरूलाई युध्दमा प्राप्त हुन्छ त्यसको पाँचौं भाग ईश्वर, उहाँका रसूल, नातेदारहरू, अनाथहरू, निर्धनहरू र यात्रुहरूको लागि हो, यदि तिमीहरू आस्था राख्छौ ईश्वरमाथि र त्यस कुरामाथि जो हामीले आफ्नो भक्त (मुहम्मद) माथि अवतरित गर्यौं, निर्णयको दिन, जुन दिन दुई जमात बीच मुठभेड भयो । ईश्वर सम्पूर्ण कार्यको सामर्थ्य राख्नुहुन्छ ।

४२- जब तिमीहरू उपत्यकाको छेउमा थियौ, तिनीहरू टाढाको छेउमा थिए र काफिला तिमीहरूभन्दा तलतिर थियो । यदि तिमीहरू परस्पर मिल्ने समय पहिलेदेखि निर्धारित गरे पनि तिमीहरूबीच विभेद हुने थियो । तर जे भयो त्यो यस कारणले भयो कि ईश्वरले त्यस मामिलाको निर्णय गरुन् जो हुनै पर्ने थियो, ताकि जसले बर्बाद हुनुछ त्यो स्पष्ट प्रमाणसाथ बर्बाद होस् र जसले जीवन पाउनु छ त्यो स्पष्ट प्रमाणसाथ जीवित रहोस् । निश्चय नै ईश्वर सुन्ने वाला र जान्ने वाला हुनुहुन्छ । ४३- जब ईश्वरले तपाईंलाई सपनामा तिनीहरूको संख्या कम गरेर देखाउनुभयो । यदि ईश्वरले तिनीहरूको संख्या बढी देखाउनुभएको भए अवश्य नै तपाईंका साथीहरूका साहस गुम्ने थियो, यस विषयमा परस्पर झगडा गर्ने थियौ । तर ईश्वरले तिमीहरूलाई सुरक्षित राख्नुभयो । निस्सन्देह ईश्वर हृदयका कुरासमेत जान्नुहुन्छ । ४४- जब ईश्वरले तिनीहरूलाई तिमीहरूको दृष्टिमा कम संख्यामा देखाउनुभयो र तिमीहरूलाई तिनीहरूको दृष्टिमा कम संख्यामा देखाउनुभयो ताकि ईश्वरले त्यस मामिलाको निर्णय गरि देउन् जो अवश्य नै हुनु पर्ने थियो । सम्पूर्ण मामिलाहरू ईश्वरतर्फ नै फर्काइन्छन् ।

४५- हे आस्थावानहरू हो ! जब तिमीहरूको मुठभेट कुनै समूहसँग हुन्छ

तब अडिग रहने गर, ईश्वरलाई धेरै याद गर ताकि तिमीहरू सफल होउ । ४६- आज्ञापालन गर ईश्वरको एवं उहाँका रसूलको । परस्पर झगडा न गर, नत्र तिमीहरू कमजोर हुनेछौ, तिमीहरू अलपत्र हुनेछौ । धैर्य गर, निस्सन्देह ईश्वर धैर्यवानहरूका साथमा हुनुहुन्छ । ४७- तिमीहरू ती मानिसहरू जस्तो न बन जो आफ्नो घरबाट घमण्ड गर्दै र मानिसहरूलाई देखाउँदै निस्के र जो मानिसहरूलाई ईश्वरको मार्गबाट रोक्छन् । जब कि तिनीहरू जे गर्दैछन् त्यसलाई ईश्वरले आफ्नो घेरामा लिनुभएको छ ।

४८- जब शैतानले तिनीहरूलाई तिनीहरूका क्रियाकलाप आकर्षक बनाएर देखायो र भन्यो- आज कोही पनि तिमीहरूमाथि विजयी हुन सक्दैन र म तिमीहरूको साथमा छु । तर जब दुवै समूहबीच मुठभेट भयो तब शैतान पिठ्यूँ फर्काएर भाग्दै भन्यो- तिमीहरूसँग मेरो कुनै सरोकार छैन । म त्यस्ता कुरा देख्दैछु जो तिमीहरू देखि रहेका छैनौ । म ईश्वरसित डराउँछु र ईश्वर कठोर यातना दिनुहुनेछ । ४९- जब कपटीहरू र हृदय-रोगी मानिसहरू भन्दै थिए- यिनीहरूलाई यिनीहरूको धर्मले धोकामा पारेको छ । ईश्वरमाथि भरोसा गर्नेहरूप्रति ईश्वर प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ ।

५०- जब तपाईंले त्यो अवस्था देख्नु भएको भए फरिश्ताहरू नकार्नेहरूको अनुहार र ढाडमा हिर्काउँदै प्राण लुछदै थिए र भन्दै थिए- अब चाख आगोको यातना ! ५१- यो बदला हो त्यसको जो तिमीहरूले आफ्ना हातबाट अगाडि पठाएका थियौ । ईश्वर आफ्ना भक्तहरूमाथि कदापि अत्याचार गर्नुहुन्न । ५२- फिऔंनको समुदाय तथा तिनीहरूभन्दा अघिका समुदायहरू जस्तै । तिनीहरूले ईश्वरका निशानीहरूलाई अस्वीकार गरे । अनि ईश्वरले तिनीहरूलाई तिनीहरूको पापहरूको कारणले समात्नु भयो । निस्सन्देह ईश्वर शक्तिशाली र कठोर दण्डदाता हुनुहुन्छ । ५३- यो यस कारणले भयो कि ईश्वरले कुनै समुदायलाई प्रदान गर्नुभएको वर्दानलाई त्यति खेरसम्म परिवर्तन गर्नु हुन्न जबसम्म तिनीहरू

ती कुरालाई परिवर्तन गर्दैनन् जो तिनीहरूको मनमा छ। निस्सन्देह ईश्वर सुन्नेवाला र जान्ने वाला हुनुहुन्छ । ५४- फिऔंन तथा तिनीहरूभन्दा अघिका समुदाय जस्तो, तिनीहरूले आफ्ना पालनकर्ताका निशानीहरूलाई झूठो ठहर गरे । अतः हामीले तिनीहरूलाई तिनीहरूका पापको कारणले नष्ट पार्यौं। हामीले फिऔंनको समुदायलाई समुद्रमा डुबायौं। तिनीहरू सबै अत्याचारी थिए।

५५- निस्सन्देह सबै सृष्टिहरूमा सबैभन्दा नीच ती व्यक्तिहरू हुन् जो नकार्छन् र आस्था ल्याउँदैनन् । ५६- जोसँग तपाईंले सन्धि गर्नुभयो तर हरेक पटक तिनीहरूले सन्धि भङ्ग गर्छन् र डराउँदैनन्, ५७- यस्ता व्यक्तिहरू यदि युद्धमा भेट्टाउँछन् भने तपाईं यति कडा सजाय दिनुहोस् कि तिनीहरूका पछि रहेका व्यक्तिहरू पनि देखेर भागुन्, ताकि तिनीहरूले पाठ सिकुन्। ५८- कुनै समुदायको तर्फबाट यदि तपाईंलाई विश्वासघातको आशङ्का छ भने तिनीहरूसँगको सन्धि भङ्ग गरिदिनुहोस् । ताकि तिनीहरूको बराबरी होस् । निश्चय नै ईश्वर विश्वासघातीहरूलाई मन पराउनुहुन्न।

५९- नकार्नेहरू कदापि नठानुन् कि तिनीहरू निस्केर भाग्नेछन्। तिनीहरू ईश्वरलाई हैरान पार्न सक्दैनन् । ६०- तिनीहरूविरुद्ध हरसम्भव तैयार राख बढीभन्दा बढी सैन्य शक्ति तथा पालिएका घोडाहरू, ताकि त्यसबाट रुवाफ कायम रहोस् ईश्वरका शत्रुहरूमाथि र तिमीहरूका शत्रुहरूमाथि र तिनीहरूबाहेक अन्य मानिसहरूमाथि पनि जसलाई तिमीहरू जान्दैनौ, तर ईश्वर तिनीहरूलाई जान्नुहुन्छ । तिमीहरूले ईश्वरको मार्गमा जे पनि खर्च गर्नेछौ त्यो तिमीहरूलाई पूरा पूरा दिइनेछ र त्यसमा कुनै कमि गरिने छैन । ६१- यदि तिनीहरू सन्धि गर्न चाहन्छन् भने तपाईं पनि त्यसका लागि तयार हुनुहोस्, ईश्वरमाथि भरोसा गर्नुहोस्। निश्चय नै उहाँ सुन्ने वाला र जान्ने वाला हुनुहुन्छ। ६२- यदि तिनीहरूले तपाईंलाई धोका दिन खोज्छन् भने तपाईंका लागि ईश्वर नै पर्याप्त हुनुहुन्छ। उहाँले नै तपाईंलाई आफ्नो मद्दत गरेर तथा आस्थावानहरूद्वारा शक्ति प्रदान गर्नुभयो।

६३- ईश्वरले नै उनीहरूका हृदयलाई जोड्नुभयो। यदि तपाईंले धर्तीका सम्पूर्ण सम्पत्ति खर्च गर्नुभए ता पनि उनीहरूका हृदय जोड्न सक्नुहुन्न थियो, तर ईश्वरले तिनीहरूबीच एकता उत्पन्न गर्नुभयो। निस्सन्देह उहाँ प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ।

६४- हे नबी ! तपाईंको पर्याप्त हुनुहुन्छ ईश्वर र आस्थावानहरू जसले तपाईंलाई साथ दिए। ६५- हे नबी ! आस्थावानहरूलाई युद्धका लागि प्रेरित गर्नुहोस्। तिमीहरूमध्येका बीस जना धैर्यवान दुई सय जनामाथि विजयी हुनेछन् र तिमीहरूका सय जना धैर्यवान एक हजार नकार्नेहरूविरुद्ध विजयी हुनेछन्। किनभने तिनीहरू बुध्दि राख्दैनन्। ६६- अब ईश्वरले तिमीहरूमाथिको भारी हलुका गर्नुभयो र उहाँले जान्नुभयो कि तिमीहरूभित्र केही कमजोरी छ। अतः अब तिमीहरूमध्ये सय जना अडिग रहनेहरू दुई सय जनाविरुद्ध र तिमीहरूका एक हजार अडिग रहनेहरू दुई हजारविरुद्ध ईश्वरको आदेशले विजयी हुनेछन्। ईश्वर अडिग रहनेहरूका साथ हुनुहुन्छ।

६७- कुनै नबी को लागि उचित छैन कि उहाँनजिक बन्दी रहोस् जब सम्म धर्तीहरू भीषण युद्ध नहोस्। तिमीहरू सांसारिक लाभ चाहन्छौ जब कि ईश्वर परलोकको भलो चाहनुहुन्छ। ईश्वर प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ। ६८- यदि ईश्वरले पहिले देखि न लेख्नुभएको भए तिमीहरूले अपनाएको तरिकाले गर्दा तिमीहरूलाई कठोर यातना पुग्ने थियो। ६९- तिमीहरूले जुन धनसम्पत्ति लिएका छौ त्यसबाट खाउ। त्यो तिमीहरूका लागि वैध र पवित्र छ। ईश्वरसँग डराउ। निस्सन्देह ईश्वर माफ गर्नेवाला र दयावान हुनुहुन्छ।

७०- हे नबी ! तपाईंको हातमा रहेका बन्दीहरूलाई भनिदिनुहोस्- यदि ईश्वरले तिमीहरूको हृदयमा कुनै राम्रो भावना देख्नुहुन्छ भने जे जति तिमीहरूबाट लिइएको छ त्यो भन्दा उत्तम प्रदान गर्नुहुनेछ, तिमीहरूलाई माफ गर्नुहुनेछ। ईश्वर माफ गर्ने वाला र दयावान हुनुहुन्छ। ७१- यदि तिनीहरूले तपाईंसँग विश्वासघात

गर्छन् भने यसअघि तिनीहरूले ईश्वरसँग पनि विश्वासघात गरिसकेका छन् । अनि ईश्वरले तिनीहरूमाथि तपाईंलाई विजय प्रदान गर्नु भयो । ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ ।

७२- जुन मानिसहरूले आस्था ल्याए, घर बार छोडेर पलायन गरे, आफ्ना धनसम्पत्ति तथा ज्यानले ईश्वरको मार्गमा युद्ध गरे, आश्रय दिए र मद्दत गरे उनीहरू एक अर्काका मित्र हुन् । तर यस्ता व्यक्तिहरू जसले आस्था त ल्याए तर घर बार त्यागेर पलायन गरेनन् उनीहरू जबसम्म घरबार त्यागेर आउँदैनन् तबसम्म उनीहरूको संरक्षणको कुनै जिम्मेवारी तिमीहरूमाथि छैन । तर यदि उनीहरू तिमीहरूसँग मद्दत माग्छन् भने उनीहरूको सहयोग गर्नु तिमीहरूमाथि अनिवार्य छ । तर यदि तिमीहरूबीच र उनीहरूका शत्रुहरूबीच सम्झौता कायम छ भने उनीहरूको मद्दत न गर । ईश्वरले तिम्रा सम्पूर्ण कार्यहरू हेरिराख्नुभएको छ । ७३- नकार्नेहरू एक अर्काका सहयोगी-मित्र हुन् । यदि तिमीहरूले यस्तो गर्दैनौ भने पृथ्वीमा आतंक मच्चिनेछ ।

७४- जुन मानिसहरू आस्था ल्याए, घर बार त्यागेर पलायन गरे, ईश्वरको मार्गमा युध्द गरे, आश्रय दिए र सहयोग गरे, उनीहरू नै सच्चा आस्थावान हुन् । उनीहरूका लागि माफि छ र उत्कृष्ट जीविका छ । ७५- जुन मानिसहरू पछि आस्था ल्याए, घरबार त्यागेर पलायन गरे र तिमीहरूसँग मिलेर युद्ध गरे, उनीहरू पनि तिमीहरूमध्ये कै हुन् । रगतका नातेदारहरू ईश्वरको आदेशानुसार एक अर्काको बढी हकदार छन् । निश्चय नै ईश्वर हरेक कुराका ज्ञाता हुनुहुन्छ ।

## सूरह अत्-तौबा- ९

१- सम्बन्ध विच्छेद छ ईश्वर तथा उहाँका रसूलको तर्फबाट ती बहुदेववादीहरूसँग जोसँग तिमीहरूले सन्धि गरेका थियौ । २- तिमीहरू अझ चार महिनासम्म धर्तीमा घुमफिर गर, जानि राख, तिमीहरू ईश्वरलाई हैरान पार्न सक्दैनौ र यो कि

ईश्वरले नकार्नेहरूलाई अपमानित गर्नुहुनेछ । ३- घोषणा छ ईश्वर तथा उहाँका रसूलको तर्फबाट, महान हजको दिन, मानिसहरूका लागि कि ईश्वर तथा उहाँका रसूलको कुनै सम्बन्ध बहुदेववादीहरूसित रहेन । यदि तिमीहरू प्रायश्चित गर्छौ भने यो तिमीहरूकै लागि राम्रो हुनेछ र यदि तिमीहरू विमुख हुन्छौ भने जानि राख तिमीहरू ईश्वरलाई हैरान पार्न सक्दैनौ । नकार्नेहरूलाई कठोर यातनाको शुभसूचना दिनुहोस् । ४- जुन बहुदेववादीहरूसँग तिमीहरूले सन्धि गरेका थियौ र तिनीहरूले कुनै कमि गरेनन् न तिमीहरू विरुध्द कसैको मद्दत गरेन् तिनीहरूसंगको सन्धि त्यसको म्यादसम्म पुरा गर । निस्सन्देह ईश्वर डराउनेहरूलाई मन पराउनुहुन्छ ।

५- हराम (प्रतिष्ठित) महिनाहरू समाप्त भएपछि बहुदेववादीहरूलाई जहाँ पाउँछौ हत्या गर, समात, घेराउ गर र हरेक स्थानमा तिनीहरूको धरापमा बस । तर यदि तिनीहरूले प्रायश्चित गर्छन्, नमाज कायम गर्छन्, जकात दिन्छन् भने तिनीहरूलाई छोडिदेउ । ईश्वर माफ गर्नेवाला र दयावान हुनुहुन्छ । ६- यदि कुनै बहुदेववादी तमीहरूको शरण माग्छ भने त्यसलाई शरण देउ, यहाँसम्म कि ऊ कुर्आन सुनोस् । फेरि उसलाई उसको सुरक्षित गन्तब्यमा पुर्याइदेउ, किनभने ऊ ज्ञान राख्दैन ।

७- बहुदेववादीहरूका लागि ईश्वर तथा उहाँका रसूलको जिम्मामा कुनै सन्धि कसरी रहन सक्छ । तर ती बहुदेववादीहरू जोसंग तिमीहरूले मस्जिदे हरामनजिक सन्धि गर्यौ, जब सम्म तिनीहरू सीधा रहन्छन् तिमीहरू पनि सीधा रह । निस्सन्देह ईश्वर ईशभय राख्नेहरूलाई मन पराउनुहुन्छ । ८- कसरी सन्धि कायम रहन सक्छ जब कि तिनीहरूले तिमीहरूमाथि जहाँ विजय पाएमा न त नाता गोताको र न सन्धिको मान मर्यादा राख्नेछन् ?! तिनीहरूले आफ्ना मुखको कुराले त तिमीहरूलाई राजी गर्ने प्रयास गर्छन् तर तिनीहरूका हृदय त्यसको इन्कार गर्छ । तिनीहरूमध्ये अधिकांश विश्वासघाती छन् । ९- तिनीहरूले ईश्वरका श्लोकहरूलाई तुच्छ मूल्यमा बेचे । थप तिनीहरूले ईश्वरको मार्गबाट

रोके। अति नीच कार्य छ जो तिनीहरू गर्दैछन्। १०- कुनै आस्थावानको बारेमा न त नातेदारीको मान राख्छन् न सम्झौताको मान मर्यादा नै । तिनीहरू नै हुन् अत्याचारी। ११- यदि तिनीहरू प्रायश्चित गर्छन्, नमाज कायम गर्छन् र जकात दिन्छन् भने तिनीहरू तिमीहरूका धार्मिक बन्धु हुन्। हामी जान्ने मानिसहरूका लागि श्लोकहरू स्पष्ट रूपमा बयान गर्छौं।

१२- यदि यिनीहरू सन्धि गरेपछि आफ्नो कसमलाई तोड्छन् र तिमीहरूको धर्ममा दोष लगाउँछन् भने इन्कारका यी अगुवाहरूविरुद्ध युद्ध गर । निस्सन्देह तिनीहरूका कसमहरूको कुनै भरोसा छैन, ताकि तिनीहरू रोकिउन् । १३- के तिमीहरू त्यस्ता मानिसहरूविरुध्द युद्ध गर्दैनौ जसले आफ्ना सन्धिलाई भङ्ग गरे, रसूललाई निष्कासन गर्ने दुस्साहस गरे । तिनीहरूले नै युद्धको लागि पहल गरे । के तिमीहरू यस्ता मानिसहरूविरुद्ध युद्ध गर्न डराउनेछौ ?! यदि तिमीहरू आस्थावान हौ भने ईश्वर यसका अधिक हकदार हुनुहुन्छ कि तिमीहरू उहाँसित डराउ। १४- तिनीहरूविरुद्ध युद्ध गर, ईश्वरले तिनीहरूलाई तिमीहरूका हातबाट यातना दिनुहुनेछ र अपमानित गर्नुहुनेछ । तिमीहरूलाई तिनीहरूमाथि विजय प्रदान गर्नुहुनेछ, आस्थावानहरूका हृदयलाई शीतल पार्नु हुनेछ र उनीहरूका मनका क्रोधलाई निवारण गर्नुहुनेछ। १५- ईश्वरले प्रायश्चित गर्ने अवसर प्रदान गर्नुहुनेछ जसलाई चाहनुहुनेछ। ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुनहुन्छ।

१६- तिमीहरूले के ठानेका छौ तिमीहरूलाई छोडिनेछ जब कि अहिले सम्म ईश्वरले जान्नु भएन ती मानिसहरूलाई जसले धर्म-युध्द गरे र जसले ईश्वर, उहाँका रसूल तथा आस्थावानहरूलाई छोडेर नकार्नेहरूलाई मित्र बनाएनन् ?! तिमीहरूले गरिरहेका सबै कार्यहरूसित ईश्वर अवगत हुनुहुन्छ।

१७- मस्जिदलाई आवाद गर्नु बहुदेववादीहरूको काम होइन । जब कि तिनीहरू स्वयममाथि इन्कारका गवाह हुन्। तिनीहरूका कर्महरू अकार्थ गए र तिनीहरू सदासर्वदा आगोमा रहने वाला छन्। १८- ईश्वरका मस्जिदहरूलाई

ती मानिसहरू आबाद गर्छन् जो ईश्वरमाथि र परलोको दिनमा आस्था राख्छन्, नमाज कायम गर्छन्, जकात दिन्छन् र ईश्वरबाहेक अन्य कसैसित डराउँदैनन् । आशा छ, यस्ता मानिसहरू सत्मार्ग पाउनेहरूमध्ये बन्नेछन् । १९- के तिमीहरूले हाजीहरूलाई पानी खुवाउने र मस्जिदे हरामलाई आबाद गर्ने व्यक्तिहरूलाई ती व्यक्तिहरूको बराबर बनायौ जसले ईश्वरमाथि र परलोकको दिनमा आस्था ल्याए, ईश्वरको मार्गमा युद्ध गरे ?! यी दुवै किसिमका मानिसहरू ईश्वरकहाँ समान हुन सक्दैनन् । ईश्वरले अत्याचारीहरूलाई सीधा मार्ग देखाउनुहुन्न । २०- जुन मानिसहरूले आस्था ल्याए, घर बार त्यागेर पलायन गरे, ईश्वरको मार्गमा जनधनले युद्ध गरे, उनीहरूको दर्जा ईश्वरकहाँ उच्च रहेको छ । यस्ता मानिसहरू नै सफल हुनेछन् । २१- उनीहरूका पालनकर्ता उनीहरूलाई शुभसूचना दिनुहुन्छ आफ्नो कृपा र प्रसन्नताको र यस्ता स्वर्गको जसमा उनीहरूका लागि सधैंको वरदानहरू हुनेछन् । २२- उनीहरू ती स्वर्गहरूमा सदासर्वदा रहने छन्, निस्सन्देह ईश्वरकहाँ नै महान पुण्य छ ।

२३- हे आस्थावानहरू हो ! यदि तिमीहरूका पिता तथा दाजुभाइ आस्थाको मुकाबिलामा इन्कारलाई मन पराउँछन् भने तिनीहरूलाई मित्र न बनाउ । तिमीहरूमध्ये जसले तिनीहरूलाई मित्र बनाउछन् तिनीहरू नै अत्याचारी हुन् । २४- भनिदिनुहोस्- यदि तिमीहरूका पिता, सन्तान, दाजुभाइ, श्रीमती, खानदान, तिमीहरूले आर्जन गरेका सम्पत्ति, त्यो व्योपार जसमा मन्दी हुनबाट डराउँछौ अनि तिमीहरूले मन पराएका घरहरू ईश्वर, उहाँका रसूल र उहाँको मार्गमा युद्ध गर्नु भन्दा बढी पियारो छ भने प्रतिक्षा गर यहाँसम्म कि ईश्वरले आफ्नो आदेश पठाउन् । ईश्वरले अवज्ञाकारी मानिसहरूलाई सीधा मार्ग देखाउनु हुन्न ।

२५- निस्सन्दे ईश्वरले धेरै मौकामा तिमीहरू सहयो गर्नुभएको छ । हुनैनको दिन पनि जब तिमीहरूलाई तिमीहरूको ठूलो संख्याले तिमीहरूलाई अहङ्कारी बनाएको थियो । तर त्यो तिमीहरूको कुनै काम लागेन । पृथ्वी फराकिलो हुँदाहुँदै

पनि तिमीहरूका निम्ति सांघुरो भयो । अनि तिमीहरू पिठ्यूँ फर्काएर भाग्यौ । २६- त्यसपछि ईश्वरले आफ्ना रसूल तथा आस्थावानहरूमाथि सन्तुष्टता अवतरित गर्नुभयो । यस्ता लश्करहरू पठाउनुभयो जसलाई तिमीहरू देखिराखेका थिएनौ । ईश्वरले नकार्नेहरूलाई सजाय दिनुभयो र यही नकार्नेहरूको बदला हो । २७- फेरि यसपछि, ईश्वरले जसलाई चाहुन् प्रायश्चित गर्ने अवसर प्रदान गरुन् । ईश्वर क्षमाशील तथा दयावान हुनुहुन्छ । २८- हे आस्थावानहरू हो ! बहुदेववादीहरू अपवित्र हुन्, तसर्थ तिनीहरू यस वर्षपछि मस्जिदे हराम नजिक न आउन् । यदि तिमीहरूलाई गरीबीको भय छ भने ईश्वरले चाहनुभएमा आफ्नो वरदानले तिमीहरूलाई सम्पन्न तुल्याउनुहुनेछ । निस्सन्देह ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ ।

२९- यस्ता ग्रन्थबाहकहरू विरुध्द युध्द गर जो न त ईश्वरमा आस्था राख्छन् न परलोकमा नै । ईश्वर तथा उहाँका रसूलले अवैध ठहर गर्नुभएका वस्तुहरूलाई अवैध मान्दैनन् । तिनीहरू सत्य धर्मलाई स्वीकार गर्दैनन् । तिनीहरूविरुध्द युद्ध गर यहाँसम्म कि तिनीहरूले आफ्ना हातले सुरक्षा-कर तिरुन् र सानो बनेर बसुन् । ३०- यहूदीहरूले भने- उजैर ईश्वरका पुत्र हुन् । ईसाईहरूले भने- मसीह ईश्वरका पुत्र हुन् । यो तिनीहरूको आफ्नै मुखको कुरा हो । तिनीहरूले आफूभन्दा पहिलेका नकार्नेहरूका कुरा नक्कल गर्दैछन् । ईश्वरले तिनीहरूलाई बर्बाद पारुन्, तिनीहरू कता तिर बहकिँदैछन् ?! ३१- तिनीहरूले आफ्ना धर्मगुरूहरूलाई ईश्वर बनाएका छन् र मर्यम पुत्र मसीहलाई पनि । जब कि तिनीहरूलाई मात्र यो आदेश थियो कि उनीहरूले मात्र एक ईश्वरको भक्ति गरुन् । तिनीहरूले ठहर गरिरहेका साझेदारीबाट उहाँ पवित्र हुनुहुन्छ ।

३२- तिनीहरू ईश्वरको प्रकाशलाई आफ्नो मुखबाट निभाउन चाहन्छन् । जब कि ईश्वर आफ्नो प्रकाशलाई पूर्ण गरेरै छोड्नुहुनेछ यद्यपि नकार्नेहरूले कत्ति पनि मन न पराउन् । ३३- ईश्वरले नै आफ्ना रसूललाई पठाउनु भयो मार्गदर्शन

तथा सत्यका साथ ताकि यसलाई अन्य सबै धर्महरूमाथि विजयी गरुन् । चाहे बहुदेववादीहरूलाई कत्ति पनि अप्रिय होस् ।

३४- हे आस्थावानहरू हो ! यहूदी र ईसाईका अधिकांश धर्मगुरुहरू मानिसहरूका धनसम्पत्ति अनुचित तरिकाले खान्छन् र मानिसहरूलाई ईश्वरको मार्गबाट रोक्छन् । जुन मानिसहरू सुन तथा चाँदी थुपारेर राख्छन् र त्यसलाई ईश्वरको मार्गमा खर्च गर्दैनन् तिनीहरूलाई दुःखदायी यातनाको शुभ सूचना दिनुहोस् । ३५- त्यस दिन त्यसलाई नर्कको आगोमा तताइनेछ अनि त्यसबाट तिनीहरूका निधार, काखी एवं पिठ्यूँहरूलाई डामिनेछ र भनिनेछ यी हुन् तिमीहरूले आफ्नो लागि थुपारेर राखेका धनसम्पत्ति । अतः अब तिमीहरू चाख त्यसको सजाय जो तिमीहरूले थुपारेका थियौ !

३६- महिनाहरूको गणना ईश्वरकहाँ १२ रहेको छ, ईश्वरको किताबमा । जुन दिनदेखि उहाँले आकाशहरू तथा पृथ्वीको सृष्टि गर्नुभयो । ती महिनाहरूमध्ये ४ महिनाहरू आदरका हुन् । यही सीधा धर्म हो । अनि यी आदरका महिनाहरूमा स्वयम्माथि अत्याचार न गर । तिमीहरू सबै मिलेर बहुदेववादीहरूविरुद्ध युद्ध गर, जसरी तिनीहरू सबै मिलेर तिमीहरूविरुद्ध युद्ध गर्छन् । जानिराख ईश्वर ईशभय राख्नेहरूका साथ हुनुहुन्छ । ३७- महिनालाई सार्नु इन्कनरमा बृद्धी गर्नु हो । यसले गर्दा नकार्नेहरू पथभ्रष्टतामा पर्छन् । तिनीहरू कुनै वर्ष प्रतिष्ठत महिनालाई हलाल गर्छन् भने अर्को वर्ष त्यसैलाई हराम गर्छन् । ताकि तिनीहरूले ईश्वरले प्रतिष्ठत गर्नु भएको महिलाको गन्ती पूरा गरेर उहाँले प्रतिष्ठित गर्नु भएको लाई हलाल गरुन् । तिनीहरूका कुकर्महरू तिनीहरूका दृष्टिमा आकर्षक बनाइएका छन् । ईश्वरले नकार्नेहरूलाई सत्मार्ग देखाउनुहुन्न ।

३८- हे आस्थावानहरू हो ! तिमीहरूलाई के भएको छ कि जब तिमीहरूलाई भनिन्छ- ईश्वरको मार्गमा निस्क, तब तिमीहरू धर्तीमा बसिराख्छौ ?! के तिमीहरू परलोकको तुलनामा सांसारिक जीवनसँग नै प्रसन्न भएका छौ ?! सांसारिक

जीवनको सामग्री परलोकको तुलनामा थोरै छ। ३९- यदि तिमीहरू निस्कने छैनौ भने ईश्वरले तिमीहरूलाई दुःखदायी सजाय दिनुहुनेछ र तिमीहरूको स्थानमा अन्य मानिसहरूलाई ल्याउनुहुनेछ। तिमीहरूले ईश्वरको केही बिगार्न सक्ने छैनौ। ईश्वर हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ। ४०- यदि तिमीहरू ईश्वरका रसूल को सहयोग गर्दैनौ भने ईश्वरले उहाँ को सहयोग गर्नुभयो जब उहाँलाई नकार्नेहरूले निष्कासित गरेका थिए। उनी दुई मध्ये दोस्रो थिए जब उनीहरू गुफामा थिए। जब उहाँ आफ्नो साथीलाई भन्दै हुनुहुन्थ्यो- चिन्ता न लिनुस्, ईश्वर हामीहरूका साथमा हुनुहुन्छ। अनि ईश्वरले उहाँमाथि सन्तुष्टता अवतरण गर्नुभयो र उहाँको मद्दत यस्तो लकरद्वारा गर्नुभयो जसलाई तिमीहरू देखिराखेका थिएनौ। ईश्वरले नकार्नेहरूको वाणीलाई तल पार्नुभयो। ईश्वरकै वाणी उच्च छ। ईश्वर प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ।

४१- हलुका वा बोझिलो जुन सुकै अवस्थामा ईश्वरको मार्गमा आफ्नो जन-धनले युद्ध गर। यो तिमीहरूको लागि उत्तम छ यदि तिमीहरूलाई ज्ञान छ भने। ४२- यदि नाफा नजिक भएको भए र यात्रा सहज भएको भए तिनीहरूले अवश्य नै तपाईंसँग जान तयार हुने थिए तर यो गन्तब्य तिनीहरूका लागि कठिन भयो। अब तिनीहरूले कसम खाएर भन्नेछन्- यदि हामीहरूबाट सम्भव भएको भए तपाईंसँग अवश्य निस्कने थियौं। तिनीहरू आफैंलाई बरबादीमा पार्दैछन्। तिनीहरू पक्का झूठा हुन् भन्ने कुरा ईश्वरलाई थाहा छ।

४३- ईश्वरले तपाईंलाई माफ गरुन्, तपाईंले तिनीहरूलाई किन अनुमति दिनुभयो, यहाँसम्म कि तपाईंमाथि स्पष्ट हुने थियो कि कुन मानिसहरू सच्चा हुन् ? तपाईंले झूठाहरूलाई पनि जान्नु हुने थियो। ४४- ईश्वर एवं महाप्रलयको दिनमाथि साँच्चिकै आस्था राख्नेहरूले कहिल्यै अनुरोध गर्ने छैनन् कि उनीहरूले जन धनले ईश्वरको मार्गमा युद्ध गर्ने छैनन्। ईश्वर डराउनेहरूलाई राम्ररी जान्नुहुन्छ। ४५- तपाईंसँग अनुमति ती मानिसहरू माग्छन् जो ईश्वर एवं महाप्रलयको दिनमाथि

आस्था राख्दैनन् र तिनीहरूको मनमा शङ्का छ। तिनीहरू आफ्नो सन्देहमै हैरान भएर भट्कि रहेका छन्। ४६- यदि तिनीहरू युद्ध को लागि निस्कन तयार भएका भए तिनीहरूले अवश्य यसको तैयारी गर्ने थिए । तर तिनीहरू निस्कुन् भन्ने कुरालाई ईश्वरले मन पराउनु भएन। तसर्थ तिनीहरूलाई जमाउनुभयो र भनियो- तिमीहरू बस्नेहरूसंग बसि राख।

४७- यदि तिनीहरू तिमीहरूसँग निस्कनु भएका भए तिनीहरूले हानिमा नै बृद्धि गर्ने कारण बन्ने थिए र तिमीहरूबीच उपद्रव मच्चाउन भाग दौड गर्ने थिए। तिमीहरूबीच तिनीहरूका लागि सुन्नेहरू छन्। ईश्वर अत्याचारीलाई राम्ररी जान्नुहुन्छ। ४८- तिनीहरूले पहिला पनि उपद्रव मच्चाउने दुष्प्रयास गरिसकेका छन्। र तिमीहरूका कार्यहरूलाई खल्बल्याउँदै गरेका छन्। यहाँसम्म कि सत्य आयो र ईश्वरको आदेश सर्वोपरी भयो, यद्यपि तिनीहरू बेखुशी नै रहे।

४९- तिनीहरूमध्ये केही यस्ता पनि छन् जो भन्छन्- मलाई युध्दमा भाग न लिने अनुमति दिनुहोस् र मलाई उत्पीडनमा न हाल्नुहोस् । सुन ! तिनीहरू उत्पीडनमा परि सकेका छन् । निस्सन्देह नर्कले नकार्नेहरूलाई घेरामा लिएको छ। ५०- जब तपाईंलाई केही राम्रो प्राप्त भएमा तब तिनीहरूलाई अप्रिय लाग्छ र जब तपाईंमाथि सङ्कट आउँछ तब तिनीहरू भन्छन्-हामी पहिला नै आफ्नो बचाव गरि सकेका थियौं र तिनीहरू खुशी खुशी फर्कन्छन्। ५१- भनिदिनुहोस्- हामीमाथि ईश्वरले लेख्नुभएको सङ्कट मात्र आउनेछ। उहाँ हाम्रा कार्य साधक हुनुहुन्छ। आस्थावानहरूले मात्र उहाँमाथि भरोसा गर्नुपर्छ। ५२- भनिदिनुहोस्- तिमीहरू हामीहरूका लागि दुई वटा भलाइहरूमध्ये मात्र एउटा भलाईको प्रतीक्षामा छौ । तर हामीहरू तिमीहरूका लागि यस कुराको प्रतीक्षामा छौं कि ईश्वरले कि त आफ्नो तर्फबाट प्रकोप पठाउन् कि त हाम्रा हातबाट प्रकोप पठाउन्। तिमीहरू पनि प्रतीक्षा गर र हामीहरू पनि तिमीहरूका साथमा प्रतीक्षा गर्छौं।

५३- भनिदिनुहोस्- तिमीहरू इच्छापूर्वक खर्च गर वा अनिच्छापूर्वक

खर्च गर, त्यो स्वीकार गरिने छैन। निस्सन्देह तिमीहरू अवज्ञाकारी मानिसहरू हौ। ५४- तिनीहरूको दान यस कारणले स्वीकार गरिएन कि तिनीहरूले ईश्वर तथा उहाँका रसूल को इन्कार गरे। तिनीहरू नमाजको लागि आउँदा अनिच्छापूर्वक आउँछन् र तिनीहरू खर्च गर्दा अनिच्छापूर्वक खर्च गर्छन्। ५५- तपाईंले तिनीहरूको धनसम्पत्ति तथा सन्तानहरूलाई महत्व न दिनुस्। ईश्वरले तिनीहरूलाई यसद्वारा सांसारिक जीवनमा यातना दिन चाहनु हुन्छ र तिनीहरूको आत्मा इन्कारको अवस्थामा निस्कोस्। ५६- तिनीहरू कसम खाएर भन्छन् कि तिनीहरू तिमीहरूमध्येकै हुन्। तर वास्तवमा तिनीहरू तिमीहरूमध्येका होइनन्। बरु तिनीहरू यस्ता मानिसहरू हुन् जो तिमीहरूबाट डराउँछन्। ५७- यदि तिनीहरूले कुनै शरण-स्थल वा गुफा वा छिर्ने ठाउँ मात्र पाएमा सुटुक्क त्यसमा पसेर शरण लिनेछन्।

५८- तिनीहरूमध्ये यस्ता मानिसहरू पनि छन् जो दानहरूको वितरणबारे तपाईंमाथि आरोप लगाउँछन्। तिनीहरूलाई प्रदान गरिएमा खुशी हुन्छन् तर प्रदान न गरिएमा रिसाउँछन्। ५९- ईश्वर तथा उहाँका रसूलले प्रदान गर्नुभएका धनबाट तिनीहरू राजी-खुशी भएका भए कति बेस हुने थियो। साथै तिनीहरूले यो भन्नु पर्ने थियो- ईश्वर हाम्रा लागि पर्याप्त हुनुहुन्छ र ईश्वरले आफ्नो कृपाबाट अझै प्रदान गर्नुहुनेछ र उहाँका रसूलले पनि। हामीहरूलाई त मात्र ईश्वर चाहियो। ६०- अनिवार्य दान (जकात) वास्तवमा गरीबहरू र दीन-दु:खीहरूका लागि हुन्। दानको काममा लागेका व्यक्तिहरू, ती व्यक्तिहरूका लागि जसको सान्त्वना चाहिएको हुन्छ, दासलाई मुक्त गर्नको लागि, ऋणमा डुबेका मानिसहरूका लागि, ईश्वरको मार्गमा, यात्रीहरूको लागि। यो ईश्वरको तर्फबाट एउटा अनिवार्य कार्य हो। ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ।

६१- तिनीहरूमध्ये यस्ता मानिसहरू पनि छन् जो नबीलाई कष्ट दिन्छन् र भन्छन्- यो व्यक्ति त कान हो। भनिदिनुहोस्- उहाँ तिमीहरूको भलाइको लागि

कान हुनुहुन्छ। उहाँ ईश्वरमाथि आस्था राख्नुहुन्छ र आस्थावानहरूमाथि भरोसा गर्नुहुन्छ । उहाँ कृपावान हुनुहुन्छ उनीहरूमाथि जो तिमीहरूमध्ये आस्थावान हुन् । रसूललाई कष्ट दिनेहरूका लागि दुःखदायी यातना छ । ६२- तिनीहरू तिमीहरूलाई खुशी पार्न ईश्वरको कसम खान्छन्। जब कि ईश्वर तथा उहाँका रसूल यस कुराको बढी हकदार हुनुहुन्छ कि तिनीहरूले उनीहरूलाई प्रसन्न पारुन्, यदि तिनीहरू आस्थावान हुन् भने। ६३- के तिनीहरूलाई थाहा छैन कि जसले ईश्वर तथा उहाँका रसूल को विरोध गर्छ उसको लागि नर्कको आगो छ, जसमा ऊ सधैं रहनेछ। यो अति अपमानको कुरा हो। ६४- कपटीहरूलाई के डर लागिरहेको छ भने आस्थावानहरूसमक्ष यस्तो सूरह अवतरित न होस् जसमा तिनीहरूको भेद खुलोस्। भनिदिनुहोस्- तिमीहरू ठट्टा गरिराख। ईश्वरले अवश्य नै त्यसलाई जाहेर गर्नुहुनेछ जसबाट तिमीहरू डराउँछौ । ६५- यदि तपाईंले तिनीहरूलाई सोध्नुहुन्छ भने तिनीहरूले भन्नेछन्- हामी ठट्टा गर्दै थियौं । भनिदिनुहोस्- के तिमीहरू ईश्वर, उहाँका आयतहरू र उहाँका रसूल को ठट्टा गर्दै थियौ ?! ६६- बहाना न गर, तिमीहरूले आस्था ल्याएपछि इन्कार गरेका छौ। हामीले एउटा समूहलाई क्षमा गरिदिए पनि अर्को समूहलाई अवश्य दण्ड दिनेछौं, किनभने तिनीहरू अपराधी हुन्।

६७- कपटी पुरुष तथा कपटी महिला एक समान छन्। तिनीहरू कुकर्मको आदेश दिन्छन्, पुण्य-कर्मबाट रोक्छन् र आफ्ना हातलाई बन्द राख्छन् । तिनीहरूले ईश्वरलाई बिर्से तसर्थ ईश्वरले पनि तिनीहरूलाई बिर्सि दिनु भयो । निस्सन्देह कपटीहरू अवज्ञाकारी हुन् । ६८- कपटी पुरुष तथा कपटी महिला र नकार्नेहरूसित ईश्वरले नर्कको आगोको वाचा गर्नुभएको छ जसमा तिनीहरू सदा रहने छन्। त्यो तिनीहरूका लागि पर्याप्त हुनेछ। तिनीहरूका लागि ईश्वरको धिक्कार छ। तिनीहरूका लागि निरन्तर रहने यातना छ। ६९- जसरी तिमीहरू भन्दा विगतका समुदायहरूले आफ्नो अंशको फाइदा उठाए जब कि तिनीहरू

तिमीहरूभन्दा बढी शक्तिशाली र धनवान थिए, त्यस्तै तिमीहरूले पनि आफ्नो अंशको लाभ उठायो । ७०- तिमीहरूले पनि त्यस्तै वाद विवाद गर्यौं जस्तो वाद विवाद विगतका समुदायहरूले गरेका थिए । यिनीहरू नै हुन् जसका कर्महरू लोक तथा परलोकमा खेर गए । तिनीहरू नै घाटा खानेहरू हुन् । के तिनीहरूसमक्ष ती मानिसहरूको समाचार पुगेन जो तिनीहरूअघि बिति सकेका छन्, नूहको समुदाय, आद, समूद, ब्राहीमको समुदाय, मदयन बासीहरू, बरबाद पारिएको बस्तीहरू ?! तिनीहरूसमक्ष तिनीहरूका रसूलहरू स्पष्ट प्रमाणहरू लिएर आए । ईश्वरले तिनीहरूमाथि अत्याचार गर्नुभएन । बरु तिनीहरूले इन्कार गरेर आफैंमाथि अत्याचार गरे ।

७१- आस्थावान पुरुष तथा आस्थावान महिलाहरू एक अर्काका सहयोगी हुन् । उनीहरू सत्कर्मको आदेश दिन्छन् र कुकर्मबाट रोक्छन्, नमाज कायम गर्छन्; जकात दिन्छन् । ईश्वर तथा उहाँका रसूलको आज्ञापालन गर्छन् । यिनीहरू नै हुन् जसमाथि ईश्वरले आफ्नो कृपा गर्नुहुनेछ । निस्सन्देह ईश्वर प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ । ७२- आस्थावान पुरुष तथा आस्थावान महिलासित ईश्वरको वाचा छ यस्ता बगैंचाहरूको तलतिरबाट नदीहरू कलकल बगिरहेका हुनेछन् । उनीहरू त्यसमा सदासर्वदा रहनेछन् । सधैं रहने बगैंचाहरूमा चिटिक्क परेका भवनहरूको पनि वाचा छ । उनीहरूलाई ईश्वरको प्रसन्नता प्राप्त हुनेछ, जो सबै भन्दा उत्तम वाचा हो । यही महान सफलता हो ।

७३- हे नबी ! नकार्नेहरू र कपटीहरूविरुद्ध युध्द गर्नुहोस् र दुवै विरुध्द कडा बन्नुस् । तिनीहरूको बासस्थान नर्क हो जो अति निकृष्ट बासस्थान हो । ७४- तिनीहरू कसम खाएर भन्छन्- तिनीहरूले इन्कारको कुरा भनेका छैनन्, जब कि तिनीहरूले इन्कारको कुरा गरे र तिनीहरू इस्लामपछि इन्कार गरे । तिनीहरूले यस्तो कुराको चाहना गरे जो तिनीहरू पाउन सकेनन् । यो यस कुराको बदला थियो ईश्वर तथा उहाँका रसूलले आफ्नो वरदानबाट धनवान बनाउनुभयो

। तिनीहरू प्रायश्चित गर्छन् भने यो तिनीहरूको हीतमा हुनेछ । यदि तिनीहरू विमुख हुन्छन् भने ईश्वरले तिनीहरूलाई दु:खदायी यातना दिनुहुनेछ, लोकमा पनि र परलोकमा पनि । धर्तीमा तिनीहरूको मित्र तथा सहयोगी हुने छैन ।

७५- तिनीहरूमध्ये यस्ता व्यक्तिहरू पनि छन् जसले वाचा गरे- यदि ईश्वरले आफ्नो कृपाबाट धनसम्पत्ति प्रदान गर्नुहुन्छ भने हामी अवश्य नै दान दिनेछौं र सत्कर्मी बनेर बस्ने छौं । ७६- तर जब ईश्वरले आफ्नो कृपाबाट धन-सम्पन्न तुल्याउनु भयो तब तिनीहरूले कन्जुस्याईं गर्न थाले र विमुख भए । ७७- अतः ईश्वरले तिनीहरूको हृदयमा छल कपट हाल्नु भयो, त्यस दिन सम्मको लागि जब तिनीहरू उहाँसंग भेट्नेछन् । यस कारणले कि तिनीहरू झूठ बोल्दै गरे । ७८- के तिनीहरूलाई थाहा छैन- ईश्वर तिनीहरूका भेद तथा काने खुसीलाई जान्नुहुन्छ ? ईश्वर सबै गोप्य कुराहरूलाई जान्नु हुन्छ । ७९- तिनीहरू ती आस्थावानहरूमाथि दोष लगाउँछन् जो खुल्ला मनले दान दिन्छन् र जो मेहनत मजदुरी गरेर खर्च गर्छन् । तिनीहरू उनीहरूको ठट्टा गर्छन् । ईश्वरले ठट्टा गर्नेहरूको ठट्टा (आफ्नो शान अनुसार) गर्नु हुन्छ । तिनीहरूका लागि दुःखदायी यातना छ । ८०- तपाईंले तिनीहरूका लागि क्षमाको अनुरोध गर्नुस् वा न गर्नुस्, तपाईंले तिनीहरूका लागि सत्तरी पटक पनि क्षमाको अनुरोध गरे पनि ईश्वरले तिनीहरूलाई क्षमा गर्नुहुने छैन, किनभने तिनीहरूले ईश्वर तथा उहाँका रसूलको इन्कार गरे । ईश्वरले नकार्नेहरूलाई सीधा मार्ग देखाउनुहुन्न ।

८१- पछाडि रहनेहरू ईश्वरका रसूलबाट पछाडि रहेमा प्रसन्न भए । तिनीहरूले रुचाएनन् कि आफ्नो जन-धनबाट ईश्वरको मार्गमा युद्ध गरुन् । तिनीहरूले भने- घाममा न निस्क । भनिदिनुहोस्- नर्कको आगो त यस भन्दा पनि अधिक तातो छ यदि तिनीहरू बुझ्न सकेका भए । ८२- अनि तिनीहरूले कम हाँसुन् र बढी रोउन् ती कर्महरूले गर्दा जो तिनीहरूले गरेका छन् । ८३- यदि ईश्वरले तपाईंलाई यिनीहरूका कुनै समूहबीच फिर्ता ल्याउनुहुन्छ र तिनीहरूले युद्धमा भाग न लिने

अनुमति माग्नेछन् भने भनिदिनुहोस्- अब तिमीहरू मसँग कहिल्यै पनि निस्कन सक्ने छैनौ न कुनै शत्रुविरुध्द युध्द गर्न सक्नेछौ । तिमीहरूले पहिलो पटक पछाडि रहनेहरूसँग बस्न रुचायौ त्यस्तै अब पनि पछाडि बस्नेहरूसँग बस । ८४- तिनीहरूमध्ये जसको पनि मृत्यू हुन्छ तपाईं कहिल्यै उसको नमाज न पढ्नुहोस् र कहिल्यै उसको चिहाननिर उभ । निस्सन्देह तिनीहरूले ईश्वर तथा उहाँका रसूलको इन्कार गरे र अवज्ञाकारी भएको अवस्थामा नै मरे ।

८५- तिनीहरूका धनसम्पत्ति तथा सन्तानले तपाईंलाई आश्चर्यचकित न पारोस् । ईश्वरले तिनीहरूलाई यसबाट सांसारिक जीवनमा यातना दिन चाहनुहुन्छ । तिनीहरूको प्राण इन्कारकै अवस्थामा जाओस् भन्ने ईश्वर चाहनुहुन्छ । ८६- जब कुनै सूरह अवतरित हुन्छ कि ईश्वरमाथि आस्था ल्याउ र उहाँका रसूलका साथ मिलेर युध्द गर तब तिनीहरूमध्येका धनी व्यक्तिहरू तपाईंसँग अनुमति माग्न थाल्छन् र भन्छन्- हामीहरूलाई छोडदिनुस् कि हामीहरू यहाँ बस्नेहरूसंग बस्छौं । ८७- तिनीहरूले पछि रहने महिलाहरूसंग बस्न रोजे । तिनीहरूका मन-मस्तिष्कमा मोहर लगाइयो, त्यसैले तिनीहरू केही बुझ्दैनन् । ८८- रसूल तथा उहाँमाथि आस्था ल्याउनेहरूले जन-धनबाट युद्ध गरे । उनीहरूको लागि हो विशेषता र उनीहरू नै हुन् सफलता पाउनेहरू । ८९- ईश्वरले उनीहरूका लागि यस्ता बगैंचाहरू तयार पार्नुभएको छ जसका तलतिरबाट नदीहरू बगिरहेका छन् । उनीहरू त्यसमा सदा रहनेछन् र यही महान सफलता हो ।

९०- मदीना वरिपरि बस्ने केही गाउँलेहरू बहाना बनाएर रसुल कहाँ आए कि तिनीहरूलाई अनुमति मिलोस् र जसले ईश्वर तथा उहाँका रसूलसंग झूठ बोले तिनीहरू बसि रहे । तिनीहरूमध्ये नकार्नेहरूलाई पीडादायी यातनाले समात्नेछ । ९१- कमजोरहरू, रोगीहरू र खर्च जुटाउन न सक्ने व्यक्तिहरूलाई कुनै पाप छैन, यस शर्तमा कि उनीहरू ईश्वर तथा उहाँका रसूल प्रति पूर्ण हितैषी रहुन् । सुकर्मीहरूलाई पनि कुनै दोष लाग्दैन । ईश्वर क्षमाशील तथा दयावान हुनुहुन्छ ।

९२- यस्ता व्यक्तिहरूमाथि पनि कुनै दोष छैन जो तपाईंकहाँ सवारी दिनुहोस् भन्दै आए, अनि तपाईंले जवाफ दिनुभयो- मसँग तिम्रो लागि कुनै सवारी छैन, अनि यो सुनेर उनीहरू आफूसित खर्च गर्ने केही न रहेको पिरले आँखाबाट धर्धरी आँसु बगाउँदै फर्के । ९३- दोष यस्ता व्यक्तिहरूमाथि छ जो धनि हुँदाहुँदै पनि तपाईंसित अनुमति माग्छन् । तिनीहरू महिलासंग पछाडि रहन नै मन पराए । ईश्वरले तिनीहरूका मन-मस्तिष्कमा मोहर लगाउनुभयो, अनि तिनीहरू जान्दैनन् ।

९४- जब तिमीहरू तिनीहरूतर्फ फर्कनेछौ तब तिनीहरूले बहाना बनाउनेछन् । भन्नुहोस्- बहाना न बनाउ, हामी कदापि तिमीहरूको कुरा मान्ने छैनौं । निस्सन्देह ईश्वरले तिमीहरूको अवस्थाबाट सूचित गराइ सक्नुभएको छ । अब ईश्वर तथा उहाँका रसूलले तिमीहरूको कर्मलाई हेर्नुहुनेछ । फेरि तिमीहरू ईश्वरतर्फ नै फर्काइनेछौ जो खुल्ला तथा गोप्यका ज्ञाता हुनुहुन्छ । उहाँले तिमीहरूलाई तिमीहरूले गर्ने गरेका कार्यहरूबारे अवगत गराउनुहुनेछ । ९५- जब तिमीहरू फर्किनेछौ तब तिनीहरूले तिमीहरूसमक्ष ईश्वरको कसम खानेछन् ताकि तिमीहरू तिनीहरूलाई माफ गर । अतः तिनीहरूलाई छोडिदेउ, निस्सन्देह तिनीहरू फोहरी हुन् । तिनीहरूको बास-स्थान नर्क हो, तिनीहरूले गर्ने गरेका कर्मको कारणले । ९६- तिनीहरूले कसम खानेछन् ताकि तिमीहरू राजी होउ । तिमीहरू तिनीहरूसँग राजी भए पनि ईश्वर अवज्ञाकारीहरूसंग राजी हुनु हुन्न ।

९७- गाउँलेहरू इन्कार तथा छल कपटमा बढि कडा छन् । तिनीहरू यसै योग्य छन् कि ईश्वरले आफ्ना रसूलमाथि अवतरण गर्नुभएका सीमाहरूसित अनभिज्ञ रहुन् । ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ । ९८- गाउँलेहरूमध्ये केही यस्ता पनि छन् जो ईश्वरको मार्गमा खर्च गर्नु जरिवाना ठान्दछन् र तिमीहरूका लागि कुनै संकट आओस् भन्ने कुराको प्रतीक्षामा छन् । संकट तिनीहरू कै प्रतीक्षामा छन् । ईश्वर सर्वश्रोता र सर्वज्ञ हुनुहुन्छ । ९९- गाउँलेहरूमध्ये यस्ता व्यक्तिहरू

पनि छन् जो ईश्वर तथा महाप्रलयको दिनमाथि आस्था राख्छन्, र जे जति खर्च गर्छन् त्यसलाई ईश्वरको निकटता प्राप्त गर्ने र रसूलको आशिर्वाद लिने माध्यम बनाउँछन् । अँ निस्सन्देह त्यो उनीहरूका लागि ईश्वरको निकटता प्राप्त गर्ने साधन हो । ईश्वरले उनीहरूलाई अवश्य नै आफ्नो कृपामा सामेल गर्नुहुनेछ । निस्सन्देह ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ ।

१००- मुहाजिरहरू तथा अन्सारहरूमध्ये अग्रसर रहेका र राम्रो तरिकाले उनीहरूको अनुसरण गरेकाहरूसँग ईश्वर राजी खुशी हुनुभयो र उनीहरू पनि ईश्वरसंग राजी खुशी भए । ईश्वरले उनीहरूका लागि यस्ता बगैंचाहरू तयार पार्नुभएको छ जसका तलतिरबाट नदीहरू बगिरहेका हुनेछन् । उनीहरू त्यसमा सदा सर्वदा रहनेछन् । यहि महान सफलता हो । १०१- तिमीहरूको वरिपरि बस्ने गाउँलेहरूमध्ये पनि कपटी छन् र मदीनाबासीहरूमध्ये पनि कपटी छन् । तिनीहरू छल कपटमा जमेका छन् । तिमीहरू तिनीहरूलाई जान्दैनौ, बरु हामी तिनीहरूलाई जान्दछौं । हामीले तिनीहरूलाई दुई गुणा यातना दिनेछौं । फेरि तिनीहरू ठूलो यातनातर्फ पठाइनेछन ।

१०२- अन्य केही मानिसहरू छन् जसले आफ्ना गलती स्वीकार गरेका छन् । उनीहरूले राम्रा नराम्रा दुवै खालका कार्य गरेका थिए । आशा छ ईश्वरले उनीहरूतर्फ कृपा दृष्टि गर्नुहुनेछ । निस्सन्देह ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ । १०३- तपाईं उनीहरूको धनबाट जकात लिनुहोस् । तपाईंले यसबाट उनीहरूलाई शुद्ध पार्नु हुनेछ र उनीहरूका आत्मालाई शुद्ध पार्नु हुनेछ । उनीहरूका लागि प्रार्थना गर्नुहोस् । निस्सन्देह तपाईंको प्रार्थना उनीहरूका लागि शान्तिको कारण बन्नेछ । ईश्वर सर्वश्रोता र सर्वज्ञ हुनुहुन्छ । १०४- के तिनीहरूलाई थाहा छैन कि ईश्वरले नै आफ्ना भक्तहरूको प्रायश्चित स्वीकार गर्नुहुन्छ र दानलाई स्वीकार गर्नुहुन्छ । ईश्वर प्रायश्चित स्वीकार गर्नेवाला र दयावान हुनुहुन्छ । १०५- भनिदिनुहोस्- कर्म गर । ईश्वर, उहाँका रसूल र आस्थावानहरूले तिमीहरूले गरेका कर्महरूलाई

हेर्नुहुनेछ । तिमीहरू आफ्ना पालनकर्तातर्फ चाँडै नै फर्काइनेछौ, जो तिमीहरूका आन्तरिक तथा वाह्य सबै कुराहरू जान्नु हुन्छ । उहाँले तिमीहरूलाई तिमीहरूले गरिरहेका कार्यहरूबारे अवगत गराउनुहुनेछ । १०६- अन्य केही व्यक्तिहरू छन् जसको मामिला ईश्वरको आदेश आउञ्जेल स्थगित गरिएको छ । कि उहाँले उनीहरूलाई सजाय दिनुहुनेछ कि त प्रायश्चित स्वीकार गर्नुहुनेछ । उहाँ सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ ।

१०७- तिनीहरूमध्ये केहीले मस्जिदको निर्माण गरे, कष्ट पुर्याउनको लागि, इन्कारको लागि र आस्थावानहरूबीच मतभेद उत्पन्न गर्नको लागि र धराप-स्थल उपलब्ध गराउनको लागि यस्तो व्यक्तिको लागि जो पहिलै देखि ईश्वर तथा उहाँका रसूलविरुध्द युध्द गर्दै छ । तिनीहरूले कसम खानेछन्- हामीले त मात्र भलो चाहेका थियौं । तिनीहरू झूठा हुन् भन्ने कुराको ईश्वरले साक्षी दिनुहुन्छ । १०८- तपाईं त्यस भवनमा कहिल्यै न उभ्नुहोस् बरु जुन मस्जिदको निर्माण पहिले दिनदेखि नै ईशभयको आधारमा भएको छ, त्यो यस लायक छ कि त्यसमा उभ्नुहोस् । त्यसमा यस्ता मानिसहरू छन् जो सफा सुघ्घर रहन मन पराउँ छन् । ईश्वर पवित्र रहनेहरूलाई मन पराउनुहुन्छ । १०९- के यस्तो व्यक्ति उत्तम छ जसले ईशभयको आधारमा आफ्नो भवनको जग राखेको छ वा यस्तो व्यक्ति जसले खाडलको किनारमा आफ्नो भवनको जग राखेको छ जो खस्ने वाला छ ?! फेरि त्यो भवन उसलाई लिएर नर्कको आगोमा खस्यो । ईश्वर अत्याचारीहरूलाई सीधा मार्ग देखाउनुहुन्न । ११०- तिनीहरूले निर्माण गरिएको भवन तिनीहरूका हृदयमा सधैं सन्देहको जरो बनिरहनेछ यहाँसम्म कि तिनीहरूका हृदय नै छिया-छिया हुन पुगोस् । ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ ।

१११- निस्सन्देह ईश्वरले आस्थावानहरूको ज्यान तथा धनसम्पत्ति स्वर्गको सट्टामा खरीद गरिसक्नुभएको छ । उनीहरू ईश्वरको मार्गमा युद्ध गर्छन् अनि मार्छन् र मारिनेछन् । यो ईश्वरको जिम्मामा सच्चा वाचा हो, तौरात, इन्जील

तथा कुर्आनमा। ईश्वरभन्दा बढी वाचा पुरा गर्ने अरू को हुन सक्छ ? तिमीहरू खुशी मनाउ त्यस मामिलाप्रति जुन तिमीहरूले ईश्वरसित गरेका छौ। यही हो महान सफलता। ११२- उनीहरू प्रायश्चित गर्ने वाला, भक्ति गर्ने वाला, गुण गान गर्ने वाला, ईश्वरको मार्गमा घुम फिर गर्ने वाला, रुकु गर्ने वाला, सज्दा गर्ने वाला, सत्कर्मको आदेश दिने वाला र दुष्कर्मबाट मनाहि गर्ने वाला हुन्। उनीहरू ईश्वरका सीमाहरूको चिन्ता गर्छन्। आस्थावानहरूलाई शुभ सूचना दिनुहोस्।

११३- नबी र आस्थावानहरूको लागि उचित छैन कि उनीहरूले बहुदेववादीहरूका लागि क्षमाको प्रार्थना गर्नु, चाहे तिनीहरू उनीहरूका नातेदार नै किन नहोउन्। जब कि तिनीहरू नर्कबासी हुन् भन्ने कुरा छर्लङ्ग भइ सकेको छ। ११४- इब्राहीमले आफ्नो बुवाको निम्ति गरेको क्षमाको प्रार्थना केवल एउटा वाचाको कारणले थियो, जो उनले आफ्ना पितासित गरिसकेका थिए। तर, उनको बुवा ईश्वरका शत्रु हुन् भन्ने कुरा जब स्पष्ट भयो तब उनले बुवासितको नाता तोडे। निस्सन्देह इब्राहीम अति नम्र-हृदय र सहनशील थिए। ११५- ईश्वरले कुनै समुदायलाई मार्गदर्शनपश्चात् त्यतिखेरसम्म पथभ्रष्ट गर्नुहुन्न जतिखेरसम्म उसले बच्नु पर्ने कार्यहरू बताउनुहुन्न। निस्सन्देह ईश्वर हरेक कुराका ज्ञाता हुनुहुन्छ। ११६- ईश्वरकै शासन छ आकाशहरू तथा पृथ्वीमा। उहाँ जीवित गर्नुहुन्छ र मार्नुहुन्छ। ईश्वरबाहेक न तिमीहरूको कोही मित्र छ न कोही सहयोगी नै।

११७- ईश्वरले नबीतर्फ कृपा दृष्टि गर्नुभयो साथै मुहाजिर तथा अन्सारतर्फ पनि कृपा दृष्टि गर्नुभयो जसले अपठ्यारो समयमा नबीका साथ दिए। यस पश्चात कि उनीहरूमध्ये केही मानिसहरूको हृदयमा त्रुटि आएको थियो। अनि ईश्वरले उनीहरूतर्फ कृपा दृष्टि गर्नुभयो। निश्चय नै उहाँ उनीहरूप्रति करुणामय एवं परम दयालु हुनुहुन्छ। ११८- ईश्वरले ती तीन जनातर्फ पनि कृपा दृष्टि गर्नु भयो जसका मामिला स्थगित गरिएको थियो। यहाँ सम्म कि जब उनीहरूका निम्ति विशाल पृथ्वी पनि सङ्कीर्ण भएको थियो। उनीहरूको आफ्नो ज्यान पनि उनीहरूका

लागि बोझ हुन पुगेको थियो। ईश्वरबाहेक अन्य कहीं शरण प्राप्त हुँदैन भन्ने कुरा उनीहरूले बुझे। अनि ईश्वरले उनीहरूमाथि कृपा गर्नुभयो ताकि उनीहरूतर्फ फर्कुन्। निस्सन्देह ईश्वर प्रायश्चित स्वीकार गर्नेवाला र दयावान हुनुहुन्छ।

११९- हे आस्थावानहरू हो ! ईश्वरसित डराउ र सच्चा मानिसहरूसंग बस। १२०- मदीनाबासी तथा त्यसका वरिपरि बसोबास गर्ने गाउँलेहरूका निम्ति उचित थिएन कि उनीहरू ईश्वरका रसूललाई छोडेर पछि बसुन्। यो पनि उचित थिएन कि उहाँको ज्यान भन्दा आफ्नो ज्यानलाई पियारो ठानुन्। यो यस कारणले कि उनीहरूलाई ईश्वरको मार्गमा जुन तिर्खा, थकाइ तथा भोक लाग्छ, जुन पाइला पनि शत्रुहरूलाई चिन्तित पार्न उठाउँछन्, जुन वस्तु शत्रुहरूबाट लिन्छन् त्यसको सट्टामा एउटा पुण्य लेखिन्छ। ईश्वर सुकर्मीहरूको बदलालाई बर्बाद पार्नुहुन्न। १२१- उनीहरूले जुन सानो वा ठूलो धन-राशि खर्च गरे वा जुन उपत्यका पार गरे ती सबै उनीहरूको लागि लेखियो, ताकि ईश्वरले तिनीहरूलाई तिनीहरूले गरेका कार्यहरूको उत्तम पुण्य प्रदान गरुन्।

१२२- यो सम्भव थिएन कि सबै आस्थावानहरूले निस्कुन्। अनि यस्तो किन भएन कि सबै जमातहरूमध्ये केही व्यक्तिहरू निस्कुन्, ताकि उनीहरू धर्मको गहिरो अध्यन गरुन् र फेरि आफ्नो समुदायतर्फ फर्केपछि उनीहरूलाई सावधान गरुन्। ताकि तिनीहरूले पनि ईशभय अपनाउन्।

१२३- हे आस्थावानहरू हो ! ती नकार्नेहरूविरुद्ध युद्ध गर जो तिमीहरूको वरिपरि छन्। तिनीहरूले तिमीहरूभित्र कडापन पाउन्। जानिराख ईश्वर ईशभय राख्नेहरूका साथमा हुनुहुन्छ। १२४- जब कुनै सूरह अवतरित हुन्छ तब तिनीहरूमध्ये केही भन्छन्- यसले तिमीहरूमध्ये कसको आस्थामा बृध्दि गर्यो ? यसले आस्थावानहरूको आस्थामा बृध्दि गर्यो र उनीहरू प्रसन्न छन्। १२५- जुन मानिसहरूको हृदयमा रोग छ तिनीहरूको फोहरमै यसले वृद्धि गर्यो र तिनीहरू मृत्युसम्म नकार्ने नै रहे। १२६- के तिनीहरू देख्दैनन्- हरेक वर्ष एक-दुई पटक

तिनीहरू परीक्षामा हालिन्छन् ?! तै पनि तिनीहरू न त प्रायश्चित गर्छन् न कुनै पाठ ग्रहण गर्छन्। १२७- जब कुनै सूरह अवतरण गरिन्छ तब तिनीहरू एक अर्कलाई हेर्छन् कि कोही हेरिरहेका त छैनन्, फेरि हिँडि हाल्छन् । ईश्वरले तिनीहरूका हृदयहरूलाई नै फेर्नुभएको छ किनभने तिनीहरू बुद्धिले काम लिँदैनन्।

१२८- तिमीहरूसमक्ष एक जना रसूल आउनुभयो जो तिमीहरूमध्येबाट हुनुहुन्छ। तिमीहरूको कष्टमा पर्नु उहाँलाई दुखित तुल्याउँछ। उहाँ तिमीहरूको भलो चाहनुहुन्छ । उहाँ आस्थावानहरूप्रति अत्यन्तै ममतामय तथा दयावान हुनुहुन्छ। १२९- यति हुँदा हुँदै पनि यदि तिनीहरू विमुख हुन्छन् भने भनिदिनुहोस्- मेरो लागि ईश्वर पर्याप्त हुनुहुन्छ।

## सूरह यूनुस- १०

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- अलिफ० लाम० रा०। यी श्लोकहरू हुन् तत्वदर्शिताले भरिपूर्ण किताबका। २- के मानिसहरूका निम्ति यो आश्चर्यको विषय बनेको छ कि हामीले तिनीहरूमध्येकै एकजना व्यक्तिमाथि प्रकाशना गर्यौं कि मानिसहरूलाई सावधान गर्नुहोस् र आस्था ल्याउने मानिसहरूलाई शुभसूचना दिनुहोस् कि उनीहरूका लागि उनीहरूका पालनकर्ताकहाँ उच्च दर्जा छ ?! नकार्नेहरूले भने- यो व्यक्ति त स्पष्ट जादुगर हो।

३- निस्सन्देह तिमीहरूका पालनकर्ता ईश्वर हुनुहुन्छ जसले ६ दिन (युग) आकाशहरू तथा पृथ्वी सृजना गर्नुभयो। फेरि उहाँ सिंहासनमाथि विराजमान हुनुभयो। उहाँ नै मामिलाको सञ्चालन गर्नुहुन्छ। उहाँको अनुमतिबिना कोही पनि उहाँनजिक सिफारिश गर्न सक्दैन । उहाँ ईश्वर नै तिमीहरूका पालनकर्ता हुनुहुन्छ, तसर्थ तिमीहरू उहाँ कै उपासना गर । के तिमीहरू विचार गर्दैनौ ?

४- उहाँतर्फ नै तिमीहरू फर्केर जानेछौ। यो ईश्वरको सच्चा वचन हो। निस्सन्देह उहाँ सृष्टिको शुरुवात गर्नुहुन्छ र उहाँले पुनः सृष्टि गर्नुहुनेछ, ताकि उहाँले ती मानिसहरूलाई न्यायकासाथ बदला देउन् जसले आस्था ल्याए र सत्कर्म गरे। जुन मानिसहरूले इन्कार गरे तिनीहरूका लागि तिनीहरूले गरेका इन्कारको बदलामा उम्लिरहेको पानी र दुःखद यातना छ।

५- ईश्वर नै हुनुहुन्छ जसले सूर्यलाई प्रकाशमान बनाउनुभयो र चन्द्रमालाई ज्योती प्रदान गर्नुभयो र त्यसका लागि गन्तब्यहरू निर्धारित गर्नुभयो ताकि तिमीहरू सालहरूको गन्ती तथा हिसाब गर्न सक। ईश्वरले यी सबै बिना उद्देश्य बनाउनु भएको छैन। उहाँले निशानीहरू स्पष्ट रूपमा वर्णन गर्नुहुन्छ बुध्दि राख्ने मानिसहरूका लागि। ६- निस्सन्देह रात र दिनको आवत जावतमा र ईश्वरले जे जति आकाशहरू तथा धर्तीमा सृष्टि गर्नुभएको छ निशानीहरू छन् डराउने मानिसहरूका लागि।

७- निस्सन्देह जुन मानिसहरू हामीसित भेट्ने आशा राख्दैनन् र जो सांसारिक जीवनलाई रोजेका छन् र त्यसैमा सन्तुष्ट छन् र जो हाम्रा निशानीहरूसित असावधान छन्, ८- त्यस्ता व्यक्तिहरूको बास नर्क हुनेछ, तिनीहरूले गरेका कार्यहरूले गर्दा। ९- निस्सन्देह जुन मानिसहरूले आस्था ल्याए, सत्कर्म गरे ईश्वरले उनीहरूलाई उनीहरूको आस्थाको कारणले वैभव पूर्ण बगैँचामा प्रवेश गराउनुहुनेछ, जसको तलतिरबाट नदीहरू बगिरहेका हुने छन्। १०- त्यसमा उनीहरूको प्रर्थना हुनेछ- हे ईश्वर ! तपाईं पवित्र हुनुहुन्छ। उनीहरूको भेँट सलाम हुनेछ। उनीहरूको अन्तिम भनाइ हुनेछ- सबै प्रशंसाहरू सम्पूर्ण सृष्टिका पालनकर्ता ईश्वरका निम्ति हुन्।

११- यदि ईश्वरले मानिसहरूलाई त्यसरी नै आपदा दिनमा हतार गर्नुहुन्छ जसरी कृपा दिनमा गर्नुहुन्छ भने तिनीहरूको समयावधि समप्त पारिने थियो। तर हामी ती मानिसहरूलाई उद्दण्डतामा भौतारिरहेको छोड्छौं जो हामीसंग भेट्ने

आशा राख्दैनन् । १२- जब मानवलाई कुनै कष्ट पुग्छ तब उसले कोल्टो परेर, बसेर तथा उभिएर हामीलाई पुकार्छ तर जब हामी सङ्कट निवारण गर्छौं तब ऊ यस्तो बन्छ मानौं उसले कहिल्यै नराम्रो समयमा हामीलाई पुकारेकै थिएन । यसरी हद पार गर्ने मानिसहरूका लागि तिनीहरूका कर्महरू आकर्षक तुल्याइएको छ ।

१३- हामीले तिमीहरूभन्दा पहिलेका समुदायहरूलाई नष्ट गर्यौं, जब तिनीहरूले अत्याचार गरे । तिनीहरूका रसूल तिनीहरूसमक्ष स्पष्ट निशानीहरू लिएर आए तर तिनीहरू आस्था ल्याउनेवाला भएनन् । हामी अपराधीहरूलाई यस्तै सजाय दिने गर्छौं । १४- फेरि हामी तिनीहरूपश्चात तिमीहरूलाई उत्तराधिकारी बनायौं ताकि तिमीहरू कस्तो कार्य गर्छौ भन्ने कुरा हेरौं ।

१५- जब तिनीहरूसमक्ष स्पष्ट श्लोकहरू सुनाइन्छ तब तब पुनर्जन्मलाई इन्कार गर्नेहरू भन्छन्- यस कुर्आनको सट्टामा अर्को कुर्आन लिएर आउ, वा यसमा फेरबदल गर । भनिदिनुहोस्- मलाई यसमा परिवर्तन गर्ने कुनै अधिकार छैन । म त मात्र त्यस प्रकाशनाको अनुसरण गर्छु जो म कहाँ आउँछ । यदि मैले आफ्ना पालनकर्ताको अवज्ञा गरें भने मलाई एउटा भयावह दिनको यातनाबाट डर लाग्छ । १६- भनिदिनुहोस्- यदि ईश्वरले चाहनुभएको भए म तिमीहरूसमक्ष यो सुनाउने थिएन र न ईश्वरले नै तिमीहरूलाई अवगत गराउनु हुने थियो । म त तिमीहरूमाझ एउटा उमेर बिताइ सकेको छु । अनि के तिमीहरू बुध्दिले काम लिँदैनौ ?! १७- त्यो व्यक्तिभन्दा ठूलो अत्याचारी को हुन सक्छ जसले ईश्वरमाथि झूठो आरोप लगाउँछ वा उहाँको निशानीहरूलाई झूठो ठहर गर्छ ? निस्सन्देह अपराधीहरूलाई सफलता प्राप्त हुने छैन ।

१८- तिनीहरू ईश्वरलाई छोडेर यस्ता वस्तुहरूको भक्ति गर्छन् जो तिनीहरूलाई न त लाभ पुर्याउन सक्छन् न हानि नै । तिनीहरू भन्छन्- यिनीहरू ईश्वरकहाँ हाम्रा सिफारिशकर्ता हुन् । भन्नुहोस्- के तिमीहरू ईश्वरलाई यस्तो कुराको सूचना दिँदैछौ जसक बारेमा न त उहाँलाई आकाशहरूमा थाहा छ न पृथ्वीमा नै । ईश्वर

अति पवित्र तथा उच्च हुनुहुन्छ तिनीहरूले साझेर ठहर गरेका वस्तुहरूबाट । १९- सबै मानिसहरू एउटै समुदाय थियो, फेरि तिनीहरूले विभेद गरे । यदि तिमीहरूको पालनकर्ताको तर्फबाट एउटा कुरा निर्धारित न भएको भए तिनीहरूले गर्ने गरेको निर्णय पहिला नै गरिने थियो ।

२०- तिनीहरू भन्छन्- नबीमाथि उहाँको पालनकर्ताक तर्फबाट कुनै चमत्कार किन अवतरित गरिएन ? भनिदिनुहोस्- परोक्षको ज्ञान त मात्र ईश्वरलाई छ । तिमीहरू पनि प्रतीक्षा गर, म पनि तिमीहरूसँगै प्रतीक्षा गर्नेवालाहरूमध्ये हुँ । २१- जब हामीले मानिसहरूलाई कष्ट पुगेपछि कुनै कृपाको स्वाद चखाउँछौं तब तिनीहरू तुरुन्तै हाम्रा निशानीहरूको बारेमा कुनै बहाना बनाउन थाल्छन् । भनिदिनुहोस्- ईश्वर योजना बनाउनमा तिनीहरूभन्दा बढी तिब्र हुनुहुन्छ । निस्सन्देह हाम्रा देवदूतहरू तिमीहरूका चलखेलहरूलाई लेख्दैछन् ।

२२- उहाँ ईश्वर नै हुनुहुन्छ जो तिमीहरूलाई थलमा तथा जलमा हिँडाउनुहुन्छ । जब तिमीहरू डुङ्गामा हुन्छौ र डुंगाहरू अनुकूल वायुद्वारा मानिसहरूलाई लिएर गइरहेका हुन्छन् र तिनीहरू प्रसन्न हुन्छन् त्यत्तिकैमा अकस्मात् प्रतिकूल हुरी चल्न थाल्छ र हरेक दिशाबाट लहरहरू उठ्न थाल्छन् र तिनीहरू घेरिएका छन् भन्ने ठान्छन् तब तिनीहरू भक्तिलाई ईश्वरकै निम्ति शुद्ध पार्दै उहाँलाई पुकार्दछन्- यदि तपाईंले यस सङ्कटबाट हामीलाई बचाउनुभयो भने हामीहरू निश्चय नै आभारी भक्त बन्नेछौं । २३- अनि जब ईश्वरले तिनीहरूलाई सङ्कटबाट निकाल्नु हुन्छ तब तिनीहरू पृथ्वीमा अनाहक विध्वंश मच्चाउन थाल्छन् । हे मानव ! तिमीहरूको विद्रोह तिमीहरूविरुद्ध नै छ । सांसारिक जीवनको फाइदा उठाइ हाल । फेरि तिमीहरूले हामीतर्फ नै फर्केर आउनुपर्छ अनि तिमीहरूले गरेको कर्मबाट हामीले अवगत गराउनेछौं ।

२४- सांसारिक जीवनको उदाहरण वर्षा जस्तो छ । जब हामीले वर्षा गर्यौं तब धर्तीबाट खुबै बाली नाली उम्रियो, जसले मानिसले खान्छ र जनावरले खान्छ ।

यहाँसम्म कि जब धर्ती मनमोहक बन्यो र त्यसका जमीनदारले ठान्यो- यो हाम्रो वशमा छ, तब अकस्मात हाम्रो आदेश रातिमा वा दिनमा आयो । फेरि हामीले त्यसलाई काटेर सखाप पार्यौं मानौं हिजोसम्म त्यसमा केही थिएन । यसरी हामी आफ्ना निशानसीहरू स्पष्ट रूपमा वर्णन गर्छौं ती मानिसहरूका लागि जो चिन्तन मनन गर्छन् ।

२५- ईश्वर शान्ति-गृहतर्फ बोलाउनुहुन्छ । उहाँ जसलाई चाहनुहुन्छ सीधा मार्ग देखाउनुहुन्छ । २६- जुन मानिसहरूले भलो गरे उनीहरूका लागि भलाइ छ बरु अझ थप प्राप्त हुनेछ । उनीहरूको अनुहारमा न त कालोपन हुनेछ न अपमान नै । उनीहरू नै स्वर्गबासी हुन् जहाँ सदासर्वदा रहनेछन् । २७- जुन मानिसहरूले दुष्कर्म गरे, तिनीहरूका लागि दुष्कर्मको बदला त्यसकै समान हुनेछ । तिनीहरूका अनुहारमा अपमान छाएको हुनेछ । तिनीहरूलाई ईश्वरबाट बचाउने कोही हुने छैन । मानौं तिनीहरूका अनुहारहरू अन्धकार रातिको टुकडाबाट छोपियो । तिनीहरू हुन् नर्कबासी जहाँ सदासर्वदा रहने छन् ।

२८- जुन दिन हामीले सबैलाई एकत्रित गर्नेछौं । अनि बहुदेववादीहरूलाई भन्नेछौं- तिमीहरू तथा तिमीहरूले बनाएका साझेदारहरू पर्ख । फेरि हामीले तिनीहरूबीच विभेद उत्पन्न गर्नेछौं । अनि तिनीहरूले ठहर गरेका साझेदारहरूले भन्नेछन्- तिमीहरू हाम्रो भक्ति त गर्दैन थियो । २९- ईश्वर लहामीबीच गवाहीको लागि पर्याप्त हुनुहुन्छ । हामी तिमीहरूको भक्तिबाट अनभिज्ञ थियौं । ३०- त्यतिखेर हरेकआफ्नो त्यस कर्ममा अल्झेको हुनेछ जो उसले गरेको थियो । मानिसहरू सत्य मालिक ईश्वरतर्फ फर्काइनेछन् । तिनीहरूले रचेका झूठ तिनीहरूबाट हराउने छ ।

३१- भन्नुहोस्- कसले तिमीहरूलाई आकाशबाट तथा धर्तीबाट जीविका प्रदान गर्छ ? वा कसले कान तथा आँखाहरूमाथि नियन्त्रण राख्छ ? र कसले मृतबाट जीवित निकाल्छ र जीवितबाट मृतलाई निकाल्छ ? कसले

मामिलाहरूको सञ्चालन गर्छ ? तिनीहरूले भन्नेछन्- ईश्वर। अनि भन्नुहोस्- के तिमीहरू डराउँदैनौ ?!

३२- उहाँ ईश्वर नै तिमीहरूका वास्तविक पालनकर्ता हुनुहुन्छ । सत्यलाई जानेपछि किन त्यसबाट टाढा हुँदैछौ ? तिमीहरू कहाँ पथभ्रष्ट हुँदैछौ ? ३३- यसरी उद्दण्डहरूको हकमा तपाईंका पालनकर्ताको कुरा प्रमाणित भयो कि तिनीहरूले आस्था ल्याउने छैनन्।

३४- सोध्नुहोस्- के तिमीहरूले ठहर गरेका साझेदारहकरूमध्ये कोही यस्तो छ जसले पहिलो पटक सृष्टि गर्छ र पुनः सृष्टि गर्न सकोस् ? भनिदिनुहोस्- ईश्वरले नै पहिलो पटक पनि सृष्टि गर्नुहुन्छ र पुनः सृष्टि गर्नुहुनेछ । अनि तिमीहरू कहाँ भटकिदैछौ ?! ३५- सोध्नुहोस्- के तिमीहरूले बनाएका साझेदारहरूमध्ये कोही यस्तो पनि छ जसले सत्यतिर मार्गदर्शन गर्न सकोस् ? भनिदिनुहोस्- ईश्वर मात्र सत्यतिर मार्गदर्शन गर्नुहुन्छ। अनि के सत्यतर्फ मार्गदर्शन गर्ने बढी अनुसरण योग्य हुनुहुन्छ वा तिनीहरू जसलाई आँफै बाटो भेटाइ रहेको छैन बरु तिनीहरूलाई बाटो देखाइन्छ ?! आखिर तिमीहरूलाई के भएको छ ?! तिमीहरू कस्तो निर्णय गर्दैछौ ?! ३६- तिनीहरूमध्ये अधिकांश अनुमानको अनुसरण गर्दैछन् र अनुमानले सत्य कुरामा कुनै फाइदा पुर्याउँदैन। तिनीहरूले गरिरहेका कार्यहरूसँग ईश्वर पूर्ण रूपमा अवगत हुनुहुन्छ।

३७- यो कुर्आन यस्तो छैन कि ईश्वरबाहेक अरु कसैले बनाउन सकोस्। बरु यो पुष्टि हो ती भविष्यवाणीहरूको जो यस अघि देखि उपस्थित छ, यो अघिल्ला किताबहरूको तपसील हो । यो किताब सम्पूर्ण सृष्टिका पालनकर्ताको तर्फबाट अवतरित भएको कुरामा कुनै सन्देह छैन । ३८- के मानिसहरू भन्छन्- यस व्यक्तिले यस किताबलाई रचेका छन् ? भन्नुहोस्- तिमीहरू यो जस्तै कुनै सूरह रचना गरेर ल्याउ। तिमीहरू ईश्वरबाहेक ज-जसलाई बोलाउन चाहन्छौ बोलाउ यदि तिमीहरू सच्चा छौ भने । ३९- बरु तिनीहरूले त्यस कुरालाई झूठो ठहर

गर्दैछन् जो तिनीहरूको ज्ञानमा छैन र जसको वास्तविक्ता तिनीहरूमाथि स्पष्ट भएक छैन। यसरी नै विगतका समुदायहरूले पनि झूठो ठहर गरेका थिए, अनि हेर के कस्तो भयो अत्याचारीहरूको परिणाम।

४०- तिनीहरूमध्ये केही यस्ता व्यक्तिहरू छन् जसले कुर्आनमाथि आस्था ल्याउने छन् र केही यस्ता व्यक्तिहरू पनि छन् जसले आस्था ल्याउने छैनन्। तपाईंका पालनकर्ता आतङ्कवादीहरूलाई राम्ररी जान्नुहुन्छ । ४१- यदि तपाईंलाई तिनीहरूलेले झूठो ठहर गर्छन् भने, भनिदिनुहोस्- मैले गरेको कर्मको मेरो लागि छ र तिमीहरूको कर्म तिमीहरूको लागि। मैले गर्ने गरेको कार्यसित तिमीहरूको कुनै सरोकार छैन र तिमीहरूले गर्ने गरेको कार्यसित मेरो कुनै सरोकार छैन। ४२- तिनीहरूमध्ये केही यस्ता छन् तपाईतिर कान लगाएर सुन्छन्। के तपाईं यस्तो व्यक्तिलाई सुनाउन सक्नुहुन्छ जो बुध्दिले काम लि रहेका छैनन् ?! ४३- तिनीहरूमध्ये केही यस्ता छन् तपाईतिर देख्छन्। के तपाईं अन्धाहरूलाई मार्ग देखाउन सक्नुहुन्छ, यद्यपि तिनीहरू देख्दैनन् ?! ४४- ईश्वर मानिसहरूमाथि अत्याचार गर्नुहुन्न बरु मानिसहरू आफैंमाथि अत्याचार गर्छन्।

४५- जुन दिन ईश्वरले उनीहरूलाई एकत्रित गर्नु हुनेछ, मानौं उनीहरू संसारमा दिनको एक क्षण बसे। उनीहरू एक अर्कालाई चिन्नेछन्। निस्सन्देह ईश्वरसित भेँटको आशा नराख्नेहरू ठूलो घाटामा रहे र तिनीहरू सीधा मार्गमा आएनन्। ४६- हामी तिनीहरूसंग गरेको वाचाको केही अंश तपाईंलाई देखाएमा वा तपाईंलाई यसअघि नै मृत्यु दिएमा, जे भए पनि तिनीहरूले हामीकहाँ नै फर्केर आउनुछ। तिनीहरूले गरि राखेका कार्यहरूमाथि ईश्वर गवाह हुनुहुन्छ। ४७- प्रत्येक समुदायका लागि एक जना रसूल छन्। अनि जब रसूल आउँछन् तब तिनीहरूबीच निसाफका साथ निर्णय गरिन्छ र तिनीहरूमाथि कुनै अत्याचार गरिँदैन।

४८- तिनीहरू भन्छन्- यदि तिमीहरू सच्चा हौ भने त्यो वचन कहिले पुरा

हुनेछ ?! ४९- भनिदिनुहोस्- म स्वयम् आफ्नो हानि तथा लाभको पनि मालिक होइन तर ईश्वरले जे चाहुन् । हरेक समुदायको लागि एउटा निर्धारित समय छ, जब त्यो समय आइपुग्छ तब त्यसमा अलि कति पनि अगाडि पछाडि हुँदैन । ५०- भनिदिनुहोस्- मलाई बताउ, यदि ईश्वरको प्रकोप तिमीहरूमाथि रात वा दिनको कुनै समयमा आउँछ भने अपराधीहरूले त्यसअघि के गर्न सक्छन् ?! ५१- अनि के जब प्रकोप आइपुग्छ तब तिमीहरू त्यसमा विश्वास गर्नेछौ ? अब तिमीहरू मान्नेछौ यद्यपि यसैको तिमीहरू माग गर्दै थियौ ? ५२- अनि अत्याचारीहरूलाई भनिनेछ- तिमीहरू सधैं रहने यातना भोग । तिमीहरूलाई ती कार्यहरूको बदला मिल्दैछ जो तिमीहरूले गर्दै थियो !

५३- तिनीहरू तपाईसित सोध्छन्- के यो वाचा सत्य हो ? भनिदिनुहोस्- हो, ईश्वरको कसम त्यो सत्य हो । तिमीहरूले उहाँलाई यसबाट थकाउन सक्दैनौ । ५४- यदि हरेक अत्याचारीसंग पृथ्वीमा रहेको सम्पूर्ण धनसम्पत्ति बराबर भए पनि उसले ती सबै अर्थ-दण्डको रूपमा दिन तयार हुनेछ । जब तिनीहरूले यातनालाई देख्नेछन्, तब आफ्नो मनमा पछुताउनेछन् । तिनीहरूबीच न्यायकासाथ निर्णय गरिनेछ । तिनीहरूसँग अन्याय गरिने छैन । ५५- याद राख ! जे जति आकाशहरू तथा पृथ्वीमा छन् सबै ईश्वरकै हुन् । याद राख, ईश्वरको वचन सत्य हो । तर अधिकांश मानिसहरूलाई थाहा नै छैन । ५६- उहाँ नै जीवित पार्नुहुन्छ र उहाँ नै मार्नुहुन्छ । तिमीहरूलाई उहाँतर्फ नै फर्काएर लगिनेछ ।

५७- हे मानव ! तिमीहरूसमक्ष तिम्रा पालनकर्ताको तर्फबाट उपदेश आइसकेको छ । यसमा, छातीभित्र रहेको हृदयको उपचार छ आस्थावानहरूका लागि मार्गदर्शन तथा कृपा छ । ५८- भनिदिनुहोस्- यो ईश्वरको वरदान तथा दयाले गर्दा हो । तसर्थ मानिसहरूले प्रसन्न हुनुपर्छ । तिनीहरूले जम्मा गरिराखेको भन्दा यो उत्तम छ । ५९- भन्नुहोस्- बताउ, ईश्वरले तिमीहरूलाई प्रदान गर्नुभएको खाद्या पदार्थमध्ये स्वयम्ले केहीलाई हराम र केहीलाई हलाल किन गरेका छौ ।

सोध्नुहोस्- के ईश्वरले यसको आदेश दिनुभएको थियो वा तिमीहरू ईश्वरमाथि झूठो आरोप लगाउँदैछौ ?! ६०- महाप्रलयको बारेमा ईश्वरमाथि झूठो आरोप लगाउनेहरूको के विचार छ ?! निस्सन्देह मानिसहरूमाथि धेरै कृपावान हुनुहुन्छ । तर अधिकांश मानिसहरू आभार प्रकट गर्दैनन् ।

६१- तिमीहरू जुनसुकै कार्य गर्छौ र कुर्आनबाट जे पनि पाठ गर्छौ, ती सबैमाथि हामी गवाह रहन्छौं जतिखेर तिमीहरू त्यसमा व्यस्त रहन्छौ । तिमीहरूको पालनकर्ताबाट कुनै कण बराबर चिज पनि ओझेलमा रहदैन, न त पृथ्वीमा न आकाशमा, न त्यसभन्दा सानो र न त्यसभन्दा ठूलो तर त्यो एउटा सुरक्षित किताबमा लेखिएको छ । ६२- सुनि राख ! ईश्वरका मित्रहरूका लागि न त कुनै डर हुने छ न उनीहरू चिन्तित हुनेछन् । ६३- यिनीहरू ती मानिसहरू हुन् जसले आस्था राखे र डराइ राखे । ६४- उनीहरूका लागि शुभसूचना छ सांसारिक जीवनमा पनि र परलोकमा पनि । ईश्वरलेका कुराहरूमा कुनै फेरबदल हुँदैन । यही महान सफलता हो । ६५- तिनीहरूका कुराले तपाईंलाई चिन्तित न पारोस् । सम्पूर्ण प्रभुत्व ईश्वरकै लागि हुन् । उहाँ सर्वश्रोता तथा सर्वज्ञ हुनुहुन्छ ।

६६- सुनि राख ! जे जति आकाशहरूमा छन् र जे जति पृथ्वीमा छन् ती सबै ईश्वरकै हुन् । जुन मानिसहरू ईश्वरबाहेक आफैं ठहर गरेका साझेदारहरूलाई पुकार्छन् तिनीहरू कुन कुराको अनुसरण गर्दैछन् ?! तिनीहरू मात्र अनमानको अनुसरण गर्दैछन् र तिनीहरू अटकल बाजी मात्र गर्दैछन् । ६७- उहाँ ईश्वरले नै हुनुहुन्छ जसले तिमीहरूका लागि रात बनाउनुभयो ताकि त्यसमा सन्तुष्टता प्राप्त गर । उहाँले दिनलाई उज्यालो बनाउनुभयो । निस्सन्देह यस्ता व्यक्तिहरूका लागि त्यसमा निशानीहरू छन् जो सुन्छन् ।

६८- तिनीहरू भन्छन्- ईश्वरले सन्तान बनाउनुभएको छ । उहाँ पवित्र र सुसम्पन्न हुनुहुन्छ । आकाशहरू एवं पृथ्वीमा जेजति छन् सबै उहाँकै हुन् । तिमीहरूसँग यसको कुनै प्रमाण छैन । के तिमीहरू ईश्वरविरुद्ध त्यो कुरा गर्छौ

जसबारे तिमीहरूलाई कुनै ज्ञान नै छैन ? ६९- भनिदिनुहोस्- जुन व्यक्तिहरू ईश्वरबारे झूठो बोल्छन् तिनीहरू सफलता पाउने छैनन् । ७०- तिनीहरूले संसारका केही लाभ मात्र उठाउनेछन् । फेरि तिनीहरूले हामीतर्फ नै फर्कनु पर्नेछ । फेरि हामीले अस्वीकार गरेकोले कठोर यातनाको स्वाद चखाउनेछौं ।

७१- तिनीहरूलाई नूहको कथा सुनाउनुहोस् । जब उनले आफ्ना समूदायलाई भने- हे मेरा समुदाय ! तिमीहरूलाई मेरो बसाई, ईश्वरका श्लोकहरूद्वारा उपदेश दिनु कष्टपूर्ण लागिरहेको छ भने मैले ईश्वरमाथि भरोसा गरें । तिमीहरू एकमत भएर आफ्नो निर्णय गर र आफ्ना साझेदारहरूलाई पनि साथमा लेउ । तिमीहरूलाई आफ्नो निर्णयमा कुनै शंका न रहोस् । फेरि तिमीहरू मसंग जे गर्न चाहन्छौ गरि हाल र मलाई अवसर न देउ । ७२- यदि तिमीहरू विमुख हुन्छौ भने मैले तिमीहरूबाट कुनै पारिश्रमिक मागेको छैन । मेरो पारिश्रमिक त ईश्वरको दजिम्मामा छ । मलाई आज्ञाकारीहरूमध्ये बन्ने आदेश दिइएको छ । ७३- तर तिनीहरूले उनलाई झूठो ठहर गरे अनि हामीले नूह तथा डुङ्गामा सवार रहेकाहरूलाई जोगायौं र उनीहरूलाई उत्तराधिकारी बनायौं । हामीले यस्ता सबै मानिसहरूलाई डुबाइदियौं जसले हाम्रा निशानीहरूलाई असत्य ठहर गरेका थिए । हेर, कस्तो परिणाम भयो ती मानिसहरूको जसलाई सचेत गरिएको थियो ।

७४- फेरि नूहपछि हामीले कतिपय रसूलहरू पठायौं । उनीहरू स्पष्ट निशानीहरूका साथ तिनीहरूसमक्ष पुगे तर तिनीहरूले ती कुराहरूमाथि आस्था ल्याएनन् जसलाई तिनीहरूले झुठ्लाएका थिए । यसरी हामी हद पार गर्नेहरूका मन-मस्तिष्कमाथि सिल लगाउने गर्छौं ।

७५- फेरि हामीले उनीपश्चात् मूसा र हारूनलाई आफ्ना निशानीहरूका साथ फिऔंन एवं उनका दरबारियाहरूसमक्ष पठायौं, तर तिनीहरूले घमण्ड गरे, तिनीहरू अपराधी थिए । ७६- जब तिनीहरूसमक्ष सत्य कुरा पुग्यो तब तिनीहरूले भने- यो त स्पष्ट जादू हो । ७७- मूसाले भने- के तिमीहरू सत्यलाई जादू भन्छौ,

जब कि त्यो तिमीहरूसमक्ष पुगि सकेको छ ?! के यो जादू हो, जब कि जादूगर कहिल्यै सफल हुन सक्दैन ?! ७८- तिनीहरूले भने- के तिमीहरू हामीहरूसमक्ष यस उद्देश्यले आएका छौ कि हामीहरूलाई त्यस मार्गबाट रोक जसमा हामीहरूले आफ्ना पूर्वजहरूलाई पायौं । ताकि यस देशमा तिमीहरू दुवैको सत्ता कायम होस् ? हामीहरू कहिल्यै तिमीहरू दुवैको कुरा मान्ने छैनौं ।

७९- फिऔंनले भन्यो- सबै निपुण जादूगरहरूलाई मेरो अगाडि उपस्थित गराउ । ८०- जब जादूगरहरू आए तब मूसाले तिनीहरूलाई भने- तिमीहरूले जे फ्याँक्नु छ फ्याँक । ८१- जब तिनीहरूले फ्याँके तब मूसाले भने- तिमीहरूले फ्याँकेका सबै जादू हो । निश्चय नै ईश्वरले त्यसलाई व्यर्थ तुल्याउनुहुनेछ । ईश्वरले विध्वंसकारीको कार्यलाई सफल पार्नुहुन्न । ८२- ईश्वरले आफ्ना आदेशबाट सत्यलाई सत्य प्रमाणित गर्नुहुन्छ । चाहे अपराधीहरूले जति पनि मन नपराउन् । ८३- मूसामाथि उनको समुदायका केही युवाहरूबाहेक अन्य कसैले आस्था ल्याएनन्, फिऔंनको र आफ्नो समुदाय ठूला बडाहरूको डरले कि तिनीहरूले उत्पीडनमा हाल्नेछन् । निस्सन्देह फिऔंनले धर्तीमाथि प्रभुत्व कायम गरेको थियो र ऊ सीमा उल्लङ्घन गर्नेहरूमध्ये थियो । ८४- मूसाले भने- हे मेरा समुदाय ! यदि तिमीहरू ईश्वरमाथि आस्था राख्छौ भने उहाँमाथि नै भरोसा राख, यदि तिमीहरू आज्ञाकारी हौ भने । ८५- उनीहरूले भने- हामीहरूले मात्र ईश्वरमाथि भरोसा गर्यौं । हे हाम्रा पालनकर्ता ! हामीहरूलाई अत्याचारीहरूका लागि उत्पीडन न बनाउनुहोस् । ८६- हामीहरूलाई आफ्नो कृपाद्वारा नकार्नेहरूबाट मुक्ति प्रदान गर्नुहोस् ।

८७- हामीले मूसा तथा उनका भाइमाथि प्रकाशना अवतरण गर्यौं- तिमीहरू मिस्रमा आफ्ना समुदायका निम्ति केही घरहरू निर्धारित गर अनि आफ्ना ती घरहरूलाई किबला बनाउ र नमाज कायम गर र आस्थावानहरूलाई शुभसूचना देउ ।

८८- मूसाले भने- हे हाम्रा पालनकर्ता ! तपाईंले फिऔंन र उसका दरबारियाहरूलाई सांसारिक जीवनमा सौन्दर्य तथा धनसम्पत्ति प्रदान गर्नुभएको छ । हे हाम्रा पालनकर्ता ! ताकि तिनीहरूले मानिसहरूलाई तपाईंको मार्गबाट पथभ्रष्ट पारुन् । हे हाम्रा पालनकर्ता ! तिनीहरूका धनसम्पत्ति नष्ट गरिदिनुहोस्, तिनीहरूका हृदयलाई कठोर पारिदिनुहोस् ताकि तिनीहरू आस्था न ल्याउन्, यहाँसम्म कि तिनीहरूले पीडादायी यातना न देखुन् । ८९- ईश्वरले भन्नुभयो- तिमी दुवैको प्रार्थना स्वीकार गरियो । अब तिमी दुवैजना अडिग रह र अज्ञानीहरूको मार्गको अनुसरण न गर ।

९०- हामीले बनी इस्राईललाई सुरक्षित पार गरायौं, अनि फिऔंन र उसका सैनिकहरूले अत्याचार तथा जियादती गर्ने मनशायले तिनीहरूको पीछा गरे । जब फिऔंन डुब्न तब भन्यो- बनी इस्राईलले आस्था ल्याएको ईश्वरमाथि मैले पनि आस्था ल्याएँ, उहाँबाहेक कोही उपास्य छैनन् र म ईश्वरको आज्ञाकारीहरूमध्ये हुँ । ९१- के अब, जब कि यस अघि तिमी अवज्ञाकारी बनेर रहयो र तिमी फसाद फैलाउनेहरूमध्ये थियो ?! ९२- अनि आज हामी तिम्रो शवलाई सुरक्षि राख्नेछौं ताकि तिमी आफूपछि आउनेहरूका लागि पाठ बन । निश्चय नै धेरै मानिसहरू हाम्रा निशानीहरूबाट असावधान रहन्छन् ।

९३- हामीले बनी इस्राईललाई राम्रो बास-स्थान तथा पवित्र खाद्यान्न प्रदान गर्यौं, तर जब तिनीहरूसमक्ष ज्ञान आयो तब तिनीहरूले मतभेद गरे । निस्सन्देह तपाईंका पालनकर्ताले महाप्रलयको दिन तिनीहरू मतभेद गरिराखेका कुराबारे निर्णय गर्नुहुनेछ ।

९४- यदि हामीले तिमीहरूका लागि अवतरण गरेको बारेमा शङ्कामा छौ भने पहिले देखि किताब पढ्नेहरूलाई सोध । निस्सन्देह तिमीहरूसमक्ष तिमीहरूको पालनकर्ताको तर्फबाट सत्य आइपुगेको छ, तिमीहरू कदापि

सन्देह गर्नेहरूमध्ये नबन । ९५- तिमीहरू ती व्यक्तिहरूमध्ये नबन जसले ईश्वरका निशानीलाई असत्य ठहर गरे । नत्र तिमीहरू घाटा खानेहरूमध्ये बन्नेछौ ।

९६- निस्सन्देह जुन मानिसहरूमाथि तपाईंका पालनकर्ताको कुरा लागु भइ सकेको छ तिनीहरू कहिल्ये आस्था ल्याउने छैनन् । ९७- तिनीहरूसमक्ष सबै प्रकारका निशानीहरू आए पनि तिनीहरूले आस्था ल्याउने छैनन् । दुःखदायी यातना आएपछि मात्र आस्था ल्याउनेछन् । ९८- यस्तो किन भएन कि कुनै बस्तीले आस्था ल्याओस्, अनि त्यसको आस्थाले त्यसलाई फाइदा पुर्याओस्, सिवाय यूनुस को समुदायको, जब उनीहरू आस्था ल्याए तब हामीले सांसारिक जीवनमा तिनीहरूबाट अपमानजनक यातना हटाइदियौं र उनीहरूलाई एक अवधिसम्म लाभ उठाउने मौका प्रदान गर्यौं ।

९९- यदि तपाईंका पालनकर्ताले चाहनुभएको भए पृथ्वीमा बस्ने सबै मानिसहरूले आस्था ल्याउने थिए । अनि के तपाईंले मानिसहरूलाई आस्था ल्याउन बाध्य तुल्याउनुहुन्छ । १००- ईश्वरको अनुमतिबिना आस्था ल्याउनु कसैको लागि सम्भव छैन । ईश्वर यस्ता मानिसहरूमाथि फोहर थोपार्नु हुन्छ जो बुध्दिले काम लिँदैनन् ।

१०१- भनिदिनुहोस्- आकाशहरू तथा पृथ्वीमा जे जति फैलिएका छन् त्यसलाई हेर । निशानीहरू र चेतावनीले यस्ता मानिसहरूलाई लाभ पुर्याउँदैन जो आस्था ल्याउँदैनन् । १०२- तिनीहरू त त्यस्तै दिनको प्रतीक्षा गरिरहेका छन् जस्तो दिन विगतका समुदायमाथि आयो । भनिदिनुहोस्- तिमीहरू प्रतीक्षा गर, म पनि तिमीहरूसँगै प्रतीक्षा गर्नेहरूमध्ये छु । १०३- फेरि हामी जोगाउँछौं रसूलहरूलाई र आस्था ल्याउनेहरूलाई । तथा मोमिनहरूलाई जोगाउँछौं । यो हाम्रो जिम्मेबारी हो कि हामी आस्थावानहरूलाई जोगाउनेछौं ।

१०४- भनिदिनुहोस्- हे मानव ! यदि तिमीहरू मेरो धर्मको बारेमा शङ्कामा छौ भने म ईश्वरबाहेक ती वस्तुहरूको उपासना गर्दिन जसको उपासना तिमीहरू

गर्छौं । म त्यस सत्य ईश्वरको उपासना गर्छु जसले तिमीहरूलाई मृत्यु दिनुहुन्छ । मलाई आदेश भएको छ कि म आस्थावानहरूमध्ये बनुँ । १०५- र यो कि म आफ्नो अनुहार एकाग्र भएर धर्मतर्फ गरुँ र बहुदेववादीहरूमध्ये न बनुं । १०६- ईश्वरलाई छोडी ती वस्तुहरूलाई न पुकार जो न त फाइदा पुर्याउन सक्छन् न हानि नै । यदि तिमीहरूले यस्तो गर्छौं भने तिमीहरू अत्याचारीहरूमध्ये बन्नेछौ । १०७- यदि ईश्वरले तिमीहरूलाई कुनै कष्ट दिनुहुन्छ उहाँबाहेक कसैले पनि त्यसको निवारण गर्न सक्दैन । यदि उहाँले तिमीहरूलाई कुनै भलाइ प्रदान गर्न चाहनुहुन्छ भने त्यसलाई कसैले रोक्न सक्दैन । ईश्वर आफ्ना भक्तहरूमध्ये जसलाई चाहनुहुन्छ आफ्नो कृपा प्रदान गर्नुहुन्छ । उहाँ क्षमाशील र दयावान हुनुहुन्छ ।

१०८- भनिदिनुहोस्- हे मानव हो ! तिमीहरूसमक्ष तिम्रा पालनकर्ताको तर्फबाट सत्य आइपुगेको छ । जसले मार्गदर्शन स्वीकार गर्छ आफ्नै लाग गर्छ । जो पथभ्रष्ट हुन्छ त्यसको हानि उसैलाई पुग्छ । म तिमीहरूको पहरेदार होइन । १०९ तपाईंलाई जे प्रकाशना गरिन्छ त्यसको अनुसरण गर्नुहोस् र धैर्य गर्नुहोस् यहाँसम्म कि ईश्वरलेनिर्णय गरुन् र उहाँ उत्तम निर्णयकर्ता हुनुहुन्छ ।

# सूरह हूद- ११

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- अलिफ० लाम० रा० । यो किताब हो जसका श्लोकहरू पहिला दृढ पारिए अनि तत्वदर्शी तथा सुसूचित ईश्वरको तर्फबाट त्यसको तपसील गरियो । २- कि तिमीहरू ईश्वरबाहेक अन्य कसैको भक्ति न गर । म उहाँको तर्फबाट सावधानकर्ता र शुभसूचक हुँ । ३- तिमीहरू आफ्ना पालनकर्तासित माफि माग र उहाँतर्फ फर्क । उहाँले तिमीहरूलाई एउटा विशेष अवधिसम्म राम्रो जीवन प्रदान गर्नुहुनेछ । र प्रत्येक बढी हकदारलाई आफ्नो तर्फबाट बढी प्रदान गर्नुहुनेछ । यदि तिमीहरू

विमुख हुन्छौ भने म तिमीहरूलाई एउटा ठूलो दिनको यातनाबाट डराउँछु । ४- तिमीहरू सबैले ईश्वरतर्फ नै फर्केर जानुछ र उहाँ हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ ।

५- हर्नुहोस् ! तिनीहरू आफ्ना छातीहरूलाई दोब्बर पार्दछन् ताकि त्यसभित्र लुक्न सकुन् । खबरदार ! जब तिनीहरू आफूलाई लुगाले छोपछन् । ईश्वर तिनीहरूले लुकाएका वा प्रकट गरेका कुराहरूलाई जान्नुहुन्छ । उहाँ हृदय भित्र रहेका भेदहरूलाई पनि जान्नुहुन्छ ।

६- धर्तीमा हिंडडुल गर्ने कुनै यस्तो केही छैन जसको जीविका ईश्वरको जिम्मामा न होस् । उहाँ जान्नु हुन्छ जहाँ को बास लिन्छ र जहाँ कोही सुम्पिन्छ । सबै एउटा खुल्ला किताबमा लेखिएको छ ।

७- ईश्वर नै हुनुहुन्छ जसले आकाशहररू, पृथ्वी तथा ती दुवैमा रहेका वस्तुहरूलाई ६ दिनमा सृष्टि गर्नुभयो । उहाँको सिंहासन पानीमाथि थियो । ताकि तिमीहरूको परीक्षा होस् कि तिमीहरूमध्ये को सत्कर्म गर्छ । यदि तपाईं भन्नुहुन्छ- मृत्युपश्चात् तिमीहरूलाई जीवित पारिनेछ, तब नकार्नेहरू भन्छन्- यो पक्का जादू हो । ८- यदि हामीले केही दिनको लागि तिनीहरूको सजायलाई स्थगित गर्छौं तब तिनीहरूले भन्छन्- कसले यसलाई रोकेको छ ? खबरदार ! जब जुन दिन त्यो तिनीहरूमाथि आउनेछ तब तिनीहरूबाट फेरिने छैन । तिनीहरूलाई त्यो चिजले घेर्नेछ जसको तिनीहरू ठट्टा गर्दै थिए ।

९- यदि हामी मानवलाई आफ्नो कुनै वरदान प्रदान गर्छौं र फेरि त्यसबाट वन्चित गर्छौं भने ऊ निराश हुन्छ र कृतघ्न हुन पुग्छ । १०- यदि उसलाई पुगेको कुनै कष्टपछि वरदान प्रदान गर्छौं तब ऊ भन्छ- मेरो सबै दुःख समाप्त भयो र ऊ घमण्डी र मपाईं गर्नेवाला बन्छ । ११- तर जुन मानिसहरू धैर्यवान र सत्कर्मी छन् उनीहरूका लागि क्षमादान र ठूलो पुण्य छ ।

१२- यस्तो न होस् कि तपाईंले प्रकाशनाको केही अंश छोड्नुहोस् । यो

कुरा सोचेर तपाईंको हृदय सञ्कुचित नहोस् कि तिनीहरू भन्छन्- तपाईंमाथि कुनै खजाना किन अवतरित गरिएन वा तपाईंसँग कुनै फरिश्ता किन आएन। तपाईं मात्र सचेतक हुनुहुन्छ र ईश्वर सबै चिजहरूका जिम्मेबार हुनुहुन्छ। १३- के तिनीहरू भन्छन्- यो किताब सन्देष्टाले आफैं रचेका छन् ? भन्नुहोस्- तिमीहरू यस जस्तै दस वटा सूरहहरू रचना गरेर ल्याउ यदि तिमीहरू सच्चा छौ भने। १४- यदि तिनीहरूले यो गर्न सक्दैनन् भनेजानि राख- यो यो ईश्वरको ज्ञानबाट अवतरित भएको छ र यो कि ईश्वरबाहेक कोही उपास्य छैन। के अब तिमीहरू आज्ञाको पालना गर्नेछौ?

१५- जुन मानिसहरू मात्र सांसारिक जीवन तथा त्यसको रंगी चंगी चाहन्छन् हामीले तिनीहरूलाई तिनीहरूका कर्महरूको बदला यसै दुनियाँमा दिने गर्छौं र त्यसमा कुनै कमि गरिदैन। १६- यिनीहरू नै हुन् जसको लागि परलोकमा आगोबाहेक केही छैन। बरबाद भयो जो तिनीहरूले जो तिनीहरूले संसारमा बनाएका थिए र खेर गयो जो तिनीहरूले कमाइ गरे।

१७- यस्तो व्यक्ति जो आफ्ना पालनकर्ताको तर्फबाट एउटा प्रमाणमा हुनुहुन्छ, थप उहाँको लागि एउटा गवाह पनि आएको छ र यसअघि मूसाको किताब मार्दर्शन तथा कृपाको हैसियतमा उपस्थित थियो, यस्तै व्यक्ति त्यसमा आस्था राख्छन्। समूहहरूमध्ये जो यसलाई नकार्छन् तिनीहरूसंग आगोको वाचा छ। तपाईं तिनीहरूको बारेमा कुनै शंकमा न रहनुस्। यो सत्य हो तपाईंको पालनकर्ताको तर्फबाट तर अधिकांश मानिसहरू मान्दैनन्।

१८- यस्तो व्यक्ति भन्दा ठूला अत्याचारी को होला जो ईश्वरमाथि झूठो कुरा रच्छ। यस्ता व्यक्तिहरूलाई ईश्वरसमक्ष पेश गरिनेछ। गवाहहरूले भन्नेछन्- यिनीहरू नै हुन् ईश्वरमाथि झूठ रच्नेहरू। सुन, ईश्वरको धिक्कार छ तिनीहरूमाथि। १९- ती मानिसहरूमाथि जो ईश्वरको मार्गबाट मानिसहरूलाई रोक्छन् र त्यसमा त्रुटि खोज्छन्। तिनीहरू नै परलोकको इन्कार गर्छन्। २०- यस्ता व्यक्तिहरू

धर्तीमा ईश्वरलाई हैरान पार्न सक्दैनन् । ईश्वरबाहेक तिनीहरूको कोही सहयोगी हुने छैन । तिनीलाई दुइ गुणा यातना दिइनेछ । तिनीहरू न त सुन्न सक्थे न देख्न सक्थे । २१- यी ती मानिसहरू हुन् जसले आफैंलाई घाटामा पारे । ती सबै तिनीहरूलाई छोडेर गए जो तिनीहरू रचेका थिए । २२- यसमा कुनै सन्देह छैन कि महाप्रलयको दिन तिनीहरू नै सबै भन्दा घाटा खानेहरूमध्ये हुनेछन् ।

२३- जुन व्यक्तिहरूले आस्था ल्याए, सत्कर्म गरे र आफ्ना पालनकर्तासमक्ष नम्र भए उनीहरू नै स्वर्गमा जानेहरू हुन् । उनीहरू त्यसमा सदा रहनेछन् । २४- यी दुवै समूहको उदाहरण यस्तो छ जस्तो एउटा समूह अन्धा-बहिरा हुन् र दोस्रो समूह देख्ने र सुन्ने वाला छन् । के यी दुवै एक समान हुन सक्छ ?! के तिमीहरू चिन्तन मनन गर्दैनौ ?!

२५- हामीले नूहलाई उनको समुदायतर्फ पठायौं । उनले भने- म तिमीहरूका लागि स्पष्ट सचेतक हुँ । २६- यो कि तिमीहरू एक ईश्वरबाहेक अन्य कसैको भक्ति न गर । म तिमीहरूलाई हुने कष्टकर यातनाको दिनदेखि डराउँछु । २७- उनको समुदायका नकार्ने अगुवाहरूले भने- हामी त तिमीलाई आफ्ना जस्तै मानव देख्छौं । तिम्रो अनुसरण गर्नेहरू पनि हामीमध्ये नीच मानिसहरू हुन्, न बुझि कन । हामी देख्दैनौ कि तिमीलाई हामीमाथि कुनै महानता प्राप्त छ बरु हामी तिमीलाई झूठा ठान्छौं ।

२८- नूहले भने- हे मेरो समुदाय ! मलाई बताउ, यदि म आफ्ना पालनकर्ताको तर्फबाट स्पष्ट प्रमाणमा छु, र उहाँले आफ्नो तर्फबाट कृपा प्रदान गर्नुभएको छ, तर त्यो तिमीहरूलाई देखा परेन भने के हामीले तिमीहरूमाथि यसलाई टाँसि देऔं ?! जब कि तिमीहरू यसलाई मन पराइ रहेका छैनौ । २९- हे मेरा समुदाय ! म तिमीहरूसित कुनै धनसम्पत्ति माग्दिन । मेरो बदला मात्र ईश्वरको जिम्मामा छ । म कदापि यस्ता मानिसहरूलाई आफूबाट टाढा पार्दिन जो आस्था ल्याएका छन् । उनीहरूले आफ्ना पालनकर्तासित भेट्नुछ । तर तिमीहरू अज्ञानतामा लिप्त

छौ । ३०- हे मेरा समुदाय ! यदि मैले यिनीहरूलाई निष्कासित गरें भने मलाई ईश्वरको मुकाबिलामा कसले मेरो मद्दत गर्नेछ ? के तिमीहरू विचार गर्दैनौ ?! ३१- म तिमीहरूलाई यो भन्दिन- मसँग ईश्वरका खजानाहरू छन् । म अदृश्य वास्तविक्तबारे ज्ञान राख्दिन । म फरिश्ता हुँ भन्ने कुरा पनि भन्दिन । म यो पनि भन्दिन- तिमीहरूले तुच्छ ठानेकाहरूलाई ईश्वरले कहिल्यै उनीहरूलाई भलाइ दिनुहुने छैन । ईश्वर राम्ररी जान्नुहुन्छ जो उनीहरूको मनहरूमा छ । यदि मैले यस्तो दाबी गरेमा म नै अत्याचारी हुनेछु ।

३२- तिनीहरूले भने- हे नूह ! तिमीले हामीहरूसँग झगडा गर्यौ र खुबै झगडा गर्यौ । अब त्यो चिज ल्याउ जसको वाचा गर्यौ, यदि तिमी सच्चा छौ भने । ३३- नूह ले भने- यसलाई त तिमीहरूमाथि ईश्वरले नै ल्याउनुहुनेछ यदि उहाँले चाहनुहुनेछ । तिमीहरू कदापि बच्न सक्ने छैनौ । ३४- यदि ईश्वरले तिमीहरूलाई पथभ्रष्ट गर्न चाहेमा मेरो उपदेशले तिमीहरूलाई कुनै फाइदा पुर्याउने छैन । उहाँ नै तिमीहरूका पालनकर्ता हुनुहुन्छ । उहाँ उहाँतर्फ नै तिमीहरू फर्केर जानेछौ ।

३५- के तिनीहरू भन्छन्- सन्देष्टाले आफैं यसलाई रचेका छन् । हे रसूल ! भनिदिनुहोस्- यदि मैले रचेको छु भने मेरो अपराध ममाथि छ र तिमीहरूले गरेको अपराधसंग मेरो कुनै सरोकार छैन ।

३६- नूहतर्फ प्रकाशना गरियो- अहिलेसम्म जति मानिसहरूले आस्था ल्याए उनीहरूबाहेक अरू कसैले आस्था ल्याउने छैन । अनि तिनीहरूले गरिरखेका कुराहरूप्रति चिन्ता न गर । ३७- हामीसमक्ष हाम्रो निरीक्षणमा डुङ्गा बनाउ र अत्याचारीहरूको बारेमा मसंग कुरा न गर, तिनीहरू अवश्य डुबाइनेछन् । ३८- नूहले डुङ्गा बनाउन शुरु गरे । उनका समुदायका अगुवाहरू उनको नजिकबाट ओहोर दोहोर गर्दा उनको खिल्ली उडाउन थाले । उनले भने- यदि तिमीहरू हाम्रो ठट्टा गर्छौ भने हामी तिमीहरूको ठट्टा गर्दैछौं । ३९- तिमीहरूलाई

चाँडै थाहा हुनेछ, कसमाथि प्रकोप आउनेछ जसले त्यसलाई अपमानित गर्नेछ र तिनीहरूमाथि यस्तो प्रकोप आउँछ जो सधैंको लागि हुन्छ ।

४०- यहाँसम्म कि जब हाम्रो आदेश आइपुग्यो र बाढी शुरु भयो हामीले नूहलाई भन्यौं- सबै प्रकारका जनावरका एक-एक जोडी डुङ्गामा राख, आफ्नो परिवारका सदस्यहरूलाई पनि र सबै आस्थावानहरूलाई पनि सिवाय ती मानिसहरूको जसको बारेमा पहिला नै भनि सकिएको छ । नूहसंग आस्था ल्याउनेहरूको संख्या थोरै थियो । ४१- नूहले भने- तिमीहरू डुङ्गामा सवार होउ । ईश्वरकै नामले यो डुङ्गा गुड्नेछ र रोकिनेछ । निस्सन्देह मेरा पालनकर्ता क्षमाशील र परम दयालु हुनुहुन्छ । ४२- डुङ्गा तिनीहरूलाई बोकेर पहाडजस्ता अग्ला लहरहरूबीच गुड्दै थियो । नूहले छुट्टिएर बसेको आफ्नो पुत्रलाई पुकारे- हे पुत्र ! हामीसँग डुङ्गामा सवार होउ र नकार्नेहरूसंग न बस । ४३- उसले भन्यो- म कुनै पहाडको शरण लिन्छु, जसले मलाई पानीबाट सुरक्षित राख्नेछ । नूह ले भने- आज ईश्वरको आदेशबाट कसैले जोगाउन सक्दैन, मात्र ती मानिसहरू बाँच्न सक्छन् जसमाथि ईश्वरको कृपा हुनेछ । यत्तिकैमा नूह र उनको पुत्रको बीचबाट लहर उठ्यो अनि ऊ डुब्नेहरूमध्ये बन्यो । ४४- भनियो- हे जमिन आफ्नो पानीलाई निल र हे आकाश ! रोकिहाल, पानी सुकाइयो, मामिलाको निर्णय भयो र डुङ्गा जूदी पहाडमा रोकियो र भनियो- टाढा होउ हे अत्याचारी समुह ।

४५- नूहले आफ्ना पालनकर्तालाई पुकारे- हे मेरा पालनकर्ता ! मेरो पुत्र मेरो परिवारअन्तर्गत रहेको छ निश्चय नै तपाईंको वाचा सत्य हो । तपाईं सबै भन्दा ठूलो निर्णायक हुनुहुन्छ । ४६- ईश्वरले भन्नुभयो- हे नूह ! ऊ तिम्रो परिवार अन्तर्गतको पर्दैन । उसको कार्य नराम्रो छ । ज्ञान नभएको कुराको लागि तिमी म सँग प्रार्थना न गर । अज्ञानीहरूमध्ये न बन भन्ने मेरो उपदेश छ । ४७- नूहले भने- हे मेरा पालनकर्ता ! ज्ञान नभएको कुराबारे प्रार्थना गर्नबाट बच्न म तपाईंको

शरण चाहन्छु । यदि मलाई माफ गर्नुभएन र ममथि दया गर्नुभएन भने म घाटा खानेहरूमध्ये हुनेछु ।

४८- भनियो- हे नूह ! ओर्ल, हाम्रो तर्फबाट शान्ति पूर्वक र बरकतका साथ, तिमीमाथि र तिमीसंग रहेका समूहहरूमाथि र (उनीहरूबाट आउने) पीढीहरूमाथि कि हामीले उनीहरूलाई फाइदा दिनेछौं फेरि तिनीहरूलाई हाम्रोतर्फबाट एउटा दुःखदायी यातनाले समात्नेछ । ४९- यी परोक्षका खबरहरू हुन्, जसलाई हामी तपाईंतर्फ प्रकाशना गर्दैछौं । यस अघि न तपाईंलाई थाहा थियो न तपाईंको समुदायलाई । धैर्य गर्नुहोस्, निस्सन्देह अन्तिम परिणाम डराउनेहरूको लागि छ ।

५०- हामीले आदतर्फ उनका भाइ हूद लाई पठायौं । उनले भने- हे मेरा समुदाय ! मात्र ईश्वरको उपासना गर । उहाँसँग अन्य कसैलाई साझेदार न बनाउ । उहाँबाहेक तिमीहरूको कोही पूज्य छैन । तिमीहरूले मात्र झूठ रचेका छौ । ५१- हे मेरा समुदाय ! म यसको सट्टामा कुनै प्रतिदान तिमीहरूसित माग्दिन । मेरो प्रतिदान त त्यस ईश्वरको जिम्मामा छ जसले मेरो सृष्टि गर्नुभयो । के तिमीहरू बुझ्दैनौ ?! ५२- हे मेरा समुदाय ! तिमीहरू आफ्ना पालनकर्तासित क्षमायाचना गर अनि उहाँतर्फ फर्क उहाँले तिमीहरूमाथि आकाशबाट अविरल वर्षा बर्साउनुहुनेछ । तिमीहरूको शक्तिमा अझ शक्ति थप्नुहुनेछ । तिमीहरू अपराधी बनेर पिठ्यूँ न फर्काउ ।

५३- तिनीहरूले भने- हे हूद ! तिमीले हामीसमक्ष कुनै स्पष्ट प्रमाण लिएर आएका छैनौ र तिमीले भन्दैमा हामी आफ्ना उपास्यहरूलाई छोड्ने छैनौं । हामी कदापि तिमीलाई मान्ने छैनौं । ५४- हामीले यही भन्नेछौं कि तिमीमाथि हाम्रो कुनै देवताको मार परेको छ । हूद ले भने- म ईश्वरलाई साक्षी बनाउँछु र तिमीहरू पनि साक्षी बस, तिमीहरू जसको पूजा गर्छौ तिनीहरूसँग मेरो कुनै सरोकार छैन । ५५- ईश्वरबाहेक, अतः तिमीहरू सबै मिलेर मेरोविरुद्ध योजना बनाउ र मलाई मौका न देउ । ५६- मैले ईश्वरमाथि भरोसा गरें । उहाँ मेरो पनि पालनकर्ता हुनुहुन्छ

र तिमीहरूको पनि । यस्तो कुनै सृष्टि छैन जसको चुटी उहाँको हातमा न होस् । निस्सन्देह मेरा पालनकर्ता सीधा मार्गमा हुनुहुन्छ ।

५७- यदि तिमीहरू विमुख हुन्छौ भने मैले त्यो सन्देश तिमीहरूसमक्ष पुर्याइ सकेको छु जसलाई दिइएर मलाई तिमीहरूतर्फ पठाइएको थियो । मेरा पालनकर्ताले तिमीहरूको स्थानमा अन्य समुदायलाई उत्तराधिकारी बनाउनु हुनेछ । तिमीहरूले उहाँको केही पनि बिगार्न सक्ने छैनौ । निस्सन्देह मेरा पालनकर्ता सम्पूर्ण चिजका संरक्षक हुनुहुन्छ । ५८- जब हाम्रो आदेश आइपुग्यो तब हामीले आफ्नो कृपाले हूद र उनीसंग आस्था ल्याउनेहरूलाई एउटा कडा यातनाबाट जोगायौं । ५९- यो आद थियो, जसले आफ्ना पालनकर्ताका निशानीहरूको इन्कार गर्यो र उहाँका रसूलहरूको अवज्ञा गर्यो र प्रत्येक विद्रोही र विरोधीको अनुसरण गर्यो । ६०- तिनीहरूपछाडि धिक्कार लगाइयो, यो संसारमा पनि र महाप्रलयको दिन पनि । सुन, आदले आफ्नो पालनकर्ताको इन्कार गर्यो, सुन, धिक्कार छ आदको लागि जो हूदको समुदाय थियो ।

६१- हामीले समूदतर्फ उनका भाइ सालेहलाई पठायौं । उनले भने- हे मेरा समुदाय ! ईश्वरको उपासना गर । उहाँबाहेक तिमीहरूको कोही उपास्य छैन । उहाँले नै तिमीहरूलाई माटोबाट सृष्टि गर्नुभयो र धर्तीमा आबाद गर्नुभयो । अतः क्षमायाचना गर अनि उहाँतर्फ फर्क । निस्सन्देह मेरा पालनकर्ता नजिक हुनुहुन्छ र स्वीकारकर्ता हुनुहुन्छ । ६२- तिनीहरूले भने- हे सालेह ! यसअघि हामीलाई तिमीसंग आशा थियो । के तिमी हामीहरूलाई त्यसको पूजाबाट रोक्छौ जसको पूजा हाम्रा पूर्वजहरू गर्ने गर्थे ? जुन कुरातर्फ तिमी हामीहरूलाई बोलाउँछौ त्यसको बारेमा हामीलाई ठूलो शंका छ र हामीहरू अति नै अलमलमा छौं । ६३- उनले भने- हे मेरा समुदाय ! बताउ, यदि म आफ्नो पालनकर्ताको तर्फबाट स्पष्ट प्रमाणमा छु  र उहाँले आफ्नो तर्फबाट विशेष कृपा प्रदान गर्नु भएको छ, यसका

बावजुद यदि म उहाँको अवज्ञा गर्छु भने मलाई उहाँबाट कसले जोगाउनेछ। तिमीहरूले मेरो हानिमा नै बढोतरी गर्नेछौ ।

६४- हे मेरा समुदाय ! यो ईश्वरको ऊँटनी, तिमीहरूका लागि एउटा निशानी हो । यसलाई छोडिदेउ कि ईश्वरको धर्तीमा चरोस् । यसलाई कुनै किसिमको कष्ट न देउ, यसो गर्छौ भने तिमीहरूलाई चाँडै नै प्रकोपले समात्नेछ। ६५- अनि तिनीहरूले ऊँटनीको खुट्टा काटि दिए । सालेहले भने- तिमीहरू अझ तीन दिन आफ्ना घरहरूमा फाइदा उठाउ । यो एउटा वचन हो जो झूठो हुने छैन । ६६- जब हाम्रो आदेश आयो तब हामीले आफ्नो कृपाद्वारा सालेह र उनीसंग आस्था ल्याउनेहरूलाई जोगायौं र त्यस दिनको अपमानबाट (सुरक्षित राख्यौं)। निस्सन्देह तपाईंका पालनकर्ता नै सर्व-शक्तिमान तथा प्रभुत्वशाली हुनुहुन्छ । ६७- अत्याचारीहरूलाई भयानक गर्जनले समात्यो । अनि बिहानि तिनीहरू आफ्ना घरहरूमा घोपटो परेर लडे। ६८- मानौं तिनीहरू त्यहाँ बसेकै थिएनन्। सुन, समूदले आफ्ना पालनकर्ताको अवज्ञा गर्यो । सुन, धिक्कार छ समूदको लागि।

६९- इब्राहीमकहाँ हाम्रा देवदूतहरू शुभसूचना लिएर आए। उनीहरूले भने- तपाईमाथि शान्ति होस्, इब्राहीमले भने- तिमीहरूमाथि पनि शान्ति होस्। चाँडै नै इब्राहीमले भुटेको बाछा लिएर आए। ७०- जब इब्राहीमले उनीहरूका हात खानातर्फ बढेको देखेनन्, तब उनले मनमा डर महसुस गरे । उनीहरूले भने- नडराउनु होस्, हामीहरूलाई लूतको समुदायतर्फ पठाइएको छ । ७१- इब्राहीम की पत्नी उभिरहेकी थिइन् जसलाई हाँस उठ्यो जब हामीले उनलाई इस्हाकको शुभसूचना दियौं र इस्हाकपछि याकूबको। ७२- उनले भनिन्- हाय, म कसरी आमा बन्न सक्छु जबकि म बुढेसकालमा पुगेकी छु र यो मेरा पति पनि बूढा भइसकेका छन् । यो त आश्चर्यको कुरा हो । ७३- देवदूतहरूले भने- के तिमी

ईश्वरको आदेशप्रति आश्चर्य गर्छौ ? हे इब्राहीमका परिवार ! तिमीहरूमाथि ईश्वरको कृपा र वरदानहरू छन् । निस्सन्देह ईश्वर अति प्रशंसनीय र शानवाला हुनुहुन्छ ।

७४- जब इब्राहीमको डर हरायो र उनले शुभ सन्देश पाए तब उनी हामीसंग लूतको समुदायको बारेमा तर्कवितर्क गर्न थाले । ७५- निस्सन्देह इब्राहीम अति सहनशील, नम्र हृदयी र धेरै फर्कने वाला थिए । ७६- हे इब्राहीम ! यसलाई छोड । तपाईंका पालनकर्ताको आदेश आइसकेको छ । तिनीहरूमाथि यस्तो प्रकोप आउनेछ जो टारिने छैन ।

७७- जब हाम्रा देवदूतहरू लूतकहाँ पुगे तब उनी डराए चिन्तित भए र तिनीहरूको आगमनले मन सानो भयो । उनले भने- आजको दिन अति कठिन छ । ७८- उनको समुदायका मानिसहरू दगुर्दै उनीसमक्ष आए । उनीहरू पहिलेदेखि नै अश्लील कार्य गर्दै थिए । लूतले भने- हे मेरा समुदाय ! यी हाम्रा छोरीहरू हुन्, यिनीहरू बढी पवित्र हुन् । तिमीहरू ईश्वरसित डराउ र पाहुनाहरूको अगाडि मलाई अपमानित नगर । के तिमीहरूमध्ये कोही सज्जन व्यक्ति छैन ?! ७९- तिनीहरूले भने- तिमीलाई थाहा छँदैछ, हामीलाई तिम्रा छोरीहरूमा चासो छैन । हाम्रो चाहना बारे तिमीलाई थाहै छ ।

८०- लूतले भने- यदि ममा तिमीहरूसित मुकाबिला गर्ने शक्ति भएको भए वा कुनै शक्तिशाली शरणमा बास पाएको भए बेस हुने थियो । ८१- देवदूतहरूले भने- हे लूत ! हामी तपाईंका पालनकर्ताको तर्फबाट पठाइएका छौं । तिनीहरू कदापि तपाईंसम्म पुग्न सक्दैनन् । तपाईं आफ्ना मानिसहरूलाई लिएर रातको अन्म पहरमा निस्कि हाल्नुहोस्र तपाईंहरूमध्ये कसैले पनि पछाडि फर्केर न हेरोस् । सिवाय तपाईंकी पत्नी, उसमाथि त्यही प्रकोप आउनेछ जुन तिनीहरूमाथि आउनेछ । तिनीहरूको लागि बिहानिको समय निर्धारित छ । के बिहानि अति निकट छैन र ? ८२- जब हाम्रो आदेश भयो, तब हामीले त्यस गाउँलाई घोप्टाइदियौं र तिनीहरूमाथि तह तहमा ढुङ्गामुढाको वर्षा गरायौं ।

८३- तपाईंका पालनकर्ताको तर्फबाट विशेष चिन्हहरू अङ्कित भएका। यो गाउँ यी अत्याचारीहरूबाट धेरै टाढा छैन।

८४- मदयनतर्फ हामीले उनका भाइ शुऐब लाई पठायौं । उनले भने- हे मेरा समुदाय ! ईश्वरको उपासना गर, उहाँबाहेक तिमीहरूको कोही उपास्य छैन । नापतौलमा कमी नगर । म तिमीहरूलाई राम्रो अवस्थामा देख्दैछु र म तिमीहरूप्रती घेरामा लिने दिनको प्रकोपबाट डराउँछु । ८५- हे मेरा समुदाय ! न्यायकासाथ ठीक-ठीक नापतौल गरेर देउ। मानिसहरूलाई वस्तुहरू कमि गरेर न देउ र धर्तीमा विध्वंस न मच्चाउ। ८६- ईश्वरले प्रदान गर्नु भएको मा जो बाँकि रहन्छ त्यो नै तिमीहरूका लागि उत्तम छ, यदि तिमीहरू आस्थावान हौ भने। म तिमीहरूमाथि निरिक्षक होइन।

८७- तिनीहरूले भने- हे शुऐब ! के तिम्रो नमाज तिमीलाई यही सिकाउँछ कि पूर्वजले पुज्दै आएका मूर्तिहरूको पूजा हामीले त्यागि देऔं वा आफ्ना धन-सम्पत्तिमा आफ्नो इच्छा अनुसार लेनदेन त्यगि देऔं ?! तिमी मात्र एक जना बुद्धिमान तथा सुकर्मी व्यक्ति हौ ?!

८८- शुऐबले भने- हे मेरा समुदाय ! बताउ, यदि म आफ्ना पालनकर्ताको तर्फबाट स्पष्ट प्रमाणमा छु र उहाँले मलाई आफ्नो तर्फबाट उत्तम जीविका पनि प्रदान गर्नु भएको छ। म स्वयम् त्यही कार्य गर्न चाहन्न जसबाट म तिमीहरूलाई मनाहि गर्छु । म त हर सम्भव मात्र सुधार चाहन्छु । मलाई तौफीक ईश्वरकै तर्फबाट प्राप्त हुनेछ। मैले उहाँमाथि नै भरोसा गरेको छु। म उहाँतर्फ नै रुजु गर्छु। ८९- हे मेरा समुदाय ! यस्तो न होस् कि मसँगको जिद्दीले गर्दा तिमीहरूमाथि पनि त्यही प्रकोप आइपुगोस् जो नूह, हूद र सालेहका समुदायहरूमाथि आएको थियो । लूतको समुदाय तिमीहरूबाट टाढा छैन । ९०- आफ्ना पालनकर्तासंग क्षमा याचना गर र उहाँतर्फ फर्क। निस्सन्देह मेरा पालनकर्ता दयावान र माया गर्ने वाला हुनुहुन्छ।

९१- तिनीहरूले भने- हे शुऐब ! तिमीले भनेका धेरै कुराहरू हामी बुझ्दैनौं। हामीहरू तिमीलाई आफूमध्ये कमजोर देख्छौं। यदि तिम्रा नातेदारहरू नभएका भए निश्चय नै हामीले तिमीलाई ढुङ्गा बर्साएर मार्ने थियौं। तिमी हामीमाथि भारी छैनौं। ९२- शुऐबले भने- हे मेरा समुदाय ! के मेरा नातेदारहरू तिमीहरूमाथि ईश्वरभन्दा पनि भारी छन् ?! तिमीहरूले ईश्वरलाई पछि राखेका छौ। निस्सन्देह मेरा पालनकर्ताको नियन्त्रणमा छ जे तिमीहरू गर्छौ। ९३- हे मेरा समुदाय ! तिमीहरू आफ्नो तरिका अनुसार कर्म गर्दै गर र म आफ्नो तरिका अनुसार कर्म गरि राख्छु। तिमीहरूले चाँडै नै जान्नेछौ कसमाथि अपमानित गर्ने प्रकोप आउँछ र को झूठा छन्। तिमीहरू प्रतीक्षा गर म पनि तिमीहरूसँगै प्रतीक्षा गर्दैछु।

९४- जब हाम्रो आदेश आयो तब हामीले शुएबलाई र उनीसंग आस्था ल्याउनेहरूलाई आफ्नो कृपाबाट सुरक्षित राख्यौं। जुन मानिसहरूले अत्याचार गरेका थिए तिनीहरूलाई गर्जनले समात्यो। तिनीहरू आफ्ना घरहरूमा घोप्टो परेर लडे। ९५- मानौं तिनीहरू त्यहाँ बसेकै थिएनन्। सुन, धिक्कार छ मदयनमाथि जस्तो धिक्कार भयो समूदमाथि।

९६- हामीले मूसालाई आफ्ना निशानीहरू र स्पष्ट प्रमाणसहित पठायौं। ९७- फिऔंन र उसका दरबारियाहरूसमक्ष। तिनीहरूले फिऔंनको आदेशको पालना गरे जबकि उसको आदेश ठीक थिएन। ९८- महाप्रलयको दिन फिऔंनले आफ्नो समुदायको अगुवाइ गर्नेछ र तिनीहरूलाई नर्कमा लिएर जानेछ। कत्ति नराम्रो स्थान हुनेछ जहाँ तिनीहरू पुग्नेछन् ! ९९- यस संसारमा तिनीहरूमाथि धिक्कार भयो र महाप्रलयको दिन पनि धिक्कार हुनेछ। कति नराम्रो पुरस्कार छ जो तिनीहरूलाई प्राप्त भयो !

१००- यी केही बस्तीहरूका सत्य कथाहरू हुन् जुन हामी तपाईंलाई सुनाउँदैछौं। तीमध्ये केही बस्तीहरू कायम छन् भने केही मेटिसकेका छन्। १०१- हामीले तिनीहरूमाथि कुनै अत्याचार गरेनौं। बरु तिनीहरूले आफैंमाथि

अत्याचार गरे । जब तपाईंका पालनकर्ताको आदेश आइपुग्यो तब तिनीहरूका उपास्यहरूले तिनीहरूको केही काम आएनन् जसलाई तिनीहरू ईश्वरबाहेक पुकार्ने गर्थे । तिनीहरूले तिनीहरूको विनाशमै बृद्धि गरे ।

१०२- तपाईंका पालनकर्ताको पकड यस्तै छ जब उहाँ कुनै बस्तीलाई त्यसको अत्याचारमाथि समात्नु हुन्छ । निस्सन्देह उहाँको प्रकोप अति कडा र पीडादायी छ । १०३- यसमा ती मानजिसहरूका लागि निशानीहरू छन् जो परलोकको यातनासित डराउँछन् । त्यो यस्तो दिन हुनेछ जसमा सबै मानिसहरू जम्मा हुनेछन् । त्यो हाजिर गरिने दिन हुनेछ । १०४- हामी त्यस दिनलाई एक निश्चित दिनको लागि मात्र स्थगित गर्दैछौं । १०५- जब त्यो दिन आउनेछ तब कोही पनि ईश्वरको अनुमतिबिना कुरा गर्न सक्ने छैनन् । तिनीहरूमध्ये कोही अभागी हुनेछन् र कोही भाग्यशाली ।

१०६- अभागीहरू व्यक्तिहरू आगोमा हुनेछन्, जहाँ कष्टले गर्दा ठूलो स्वरमा रुने कराउनेछन् । १०७- तिनीहरू त्यसैमा रहनेछन्, जबसम्म आकाशहरू तथा धर्ती कायम रहनेछन्, सिवाय यसको कि तपाईंका पालनकर्ता चाहुन् । निस्सन्देह तपाईंका पालनकर्ता गरेरै छोड्नुहुन्छ जे चाहनुहुन्छ । १०८- भाग्यशाली व्यक्तिहरू स्वर्गमा हुनेछन् । उनीहरू त्यसैमा रहनेछन् जबसम्म आकाशहरू तथा धर्ती कायम रहनेछन् । सिवाय यसको जो तपाईंका पालनकर्ताले चाहुन् । ईश्वरको अनगनती वरदान छ । १०९- तपाईं ती वस्तुहरूबारे कदापि शङ्कामा न रहनुहोस् जसको तिनीहरू भक्ति गर्छन् । तिनीहरू त्यस्तै भक्ति गर्छन् जसरी तिनीहरू अघि तिनीहरूका पूर्वजहरू भक्ति गर्थे । हामीले तिनीहरूलाई पुरा पुरा बदला दिनेछौं, त्यसमा कुनै कमि गर्ने छैनौं ।

११०- हामीले मूसालाई किताब प्रदान गर्यौं । फेरि त्यसमा मतभेद भयो । यदि पहिला नै यसको निर्णय नभएको भए तिनीहरूबीच निसाफ गरिने थियो । तिनीहरू यसमा यस्तो सन्देहमा छन् जसले तिनीहरूलाई हैरान पारेको छ ।

१११- निस्सन्देह तपाईंका पालनकर्ताले प्रत्येकलाई उसको कर्महरूको पुरा पुरा बदला दिनुहुनेछ । उहाँ तिनीहरूले गर्ने गरेका सबै कार्यहरूसित अवगत हुनुहुन्छ ।

११२- तपाई अडिग रहनुहोस् जस्तो कि तपाईलाई आदेश भएको छ र ती व्यक्तिहरूले पनि जसले तपाईंसंग परायश्चित गरेका छन् । सीमाको उल्लङ्घन न गर । निस्सन्देह तिमीहरूले गरिराखेका कार्यहरूलाई उहाँ देखिराख्नु भएको छ । ११३- ती मानिसहरूतर्फ न झुक जसले अत्याचार गरे नत्र आगोले समात्नेछ । ईश्वरबाहेक कसैले पनि मद्दत गर्न सक्ने छैन र तिमीहरूले कहीँ पनि मद्दत पाउने छैनौ । ११४- नमाज कायम गर दिनको दुवै किनारामा र रातका केही प्रहरहरूमा । निस्सन्देह सत्कर्महरूले दुष्कर्महरूलाई समाप्त पार्छ । यो उपदेश हो उपदेश ग्रहण गर्नेहरूका लागि । ११५- धैर्य गर, ईश्वर सत्कर्मीहरूका प्रतिदानलाई नष्ट पार्नुहुन्न ।

११६- यस्तो किन भएन कि तपाईंभन्दा अघिका समुदायहरूमा यस्ता भलाइका कार्यहरू गर्नेहरू रहेका भए जसले मानिसहरूलाई धर्तीमा आतङ्क मच्चाउबाट रोकने थिए । तर यस्ता मानिसहरू थोरै थिए जसलाई हामीले जोगायौं । अत्याचारीहरू त्यसै रास लीलामा रहे जो तिनीहरूले पाएका थिए, तिनीहरू अपराधी थिए । ११७- तपाईंका पालनकर्ता यस्तो हुनुहुन्न कि उहाँले बस्तीलाई नष्ट पारुन् जब कि तिनीहरू सुधार गर्ने वाला होउन् ।

११८- तपाईंका पालनकर्ताले चाहनुभएको भए सम्पूर्ण मानवलाई एउटै समुदाय बनाउनुहुने थियो, तर तिनीहरू सधैं मतभेदमा रहनेछन् । ११९- सिवाय ती मानिसहरू जसमाथि ईश्वरले कृपा गरुन् । उहाँले यसै उद्देश्यले तिनीहरूको सृष्टि गर्नुभयो । तपाईंका पालनकर्ताको कुरा पुरा भयो कि मैले नर्कलाई जिन्न र मानवबाट एक साथ भर्नेछु ।

१२०- हामी रसूलहरूका सत्य कथाहरूबाट सबै कुराहरू सुनाउँदैछौं जसबाट तपाईंका हृदयलाई दृढ पारुँ । यसमा तमीहरूसमक्ष सत्य आएको छ र आस्थावानहरूका लागि उपदेश तथा पाठ । १२१- जुन मानिसहरूले आस्था

ल्याएका छैनन् तिनीहरूलाई भनिदिनुहोस्- तिमीहरू आफ्ना तरिका अनुसार कार्य गरिराख र हामी आफ्नो तरिका अनुसार कार्य गर्दैछौं । १२२- तिमीहरू पनि प्रतीक्षा गर हामी पनि प्रतीक्षा गर्दैछौं । १२३- आकाशहरू तथा धर्तीका अदृश्य कुराहरू ईश्वरसंग छ । सबै मामिलाहरू उहाँतर्फ नै फर्काइनेछन् । तिमीहरू उहाँको भक्ति गर र उहाँमाथि नै भरोसा गर । तिमीहरूले गरि रखेका कार्यहरूसित तिमीहरूका पालनकर्ता अनभिज्ञ हुनुहुन्न ।

# सूरह यूसुफ- १२

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- अलिफ० लाम० रा०। यो स्पष्ट किताबका श्लोकहरू हुन् । २- हामीले यसलाई अरबी कुर्आन बनाएर अवतरण गर्यौं, ताकि तिमीहरू यसलाई बुझ । ३- हामी तपाईंलाई यस कुर्आनद्वारा उत्कृष्ट कथा सुनाउँदैछौं, जसलाई हामीले तपाईंतर्फ अवतरण गरेका छौं । यसअघि तपाईंलाई यसबारेमा थाहा थिएन ।

४- जब यूसुफले आफ्ना पितालाई भने- हे मेरा पिता ! मैले ११ वटा तारा, सूर्य र चन्द्रमालाई सपनामा देखें । मैले यी सबैलाई आफूसमक्ष सज्दा गर्दै देख्यौं । ५- उनको बुवाले भने- हे मेरो पुत्र ! तिमी यो सपना आफ्ना दाजुभाइहरूलाई नसुनाउ कि तिनीहरूले तिमीविरुद्ध षडयन्त्र गर्न थालुन् । निस्सन्देह शैतान मानवको खुल्ला शत्रु हो । ६- यसरी तिम्रा पालनकर्ताले तिमीलाई चयन गर्नुहुनेछ र तिमीलाई कुराको तह सम्म पुग्न सिकाउनु हुनेछ । तिमीमाथि र यअकूबका सन्तानमाथि आफ्नो कृपा पूरा गर्नुहुनेछ । जसरी उहाँले तिम्र पूर्वज इब्राहीम तथा इस्हाकमाथि आफ्नो कृपा पूरा दगर्नुभयो । निस्सन्देह तिम्रा पालनकर्ता सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ ।

७- वास्तविक्ता के छ भने यूसुफ र उनका दाजुभाइहरूमा जान्न चाहनेहरूका

लागि धेरै निशानीहरू छन् । ८- जब यूसुफका दाजुभाइहरूले आपसमा भने- यूसुफ र उनका भाइ हाम्रा पिताका लागि हामीभन्दा बढी प्रिय छन् । जबकि हामीहरू एउटा जत्था हौं । निस्सन्देह हाम्रा पिताले स्पष्ट गल्तीमा छन् । ९- यूसुफलाई मारि देउ वा उसलाई कुनै स्थानमा फ्याँकि देउ ताकि हाम्रो पिताको ध्यान पूर्णरूपले मात्र हामीहरूतर्फ नै केन्द्रित होओस् । त्यसपछि तिमीहरू सत्कर्मी बनि हाल । १०- उनीहरूमध्ये एकजना भन्नेवालाले भन्यो- उसको हत्या नगर बरु केही गर्नै चाहन्छौ भने उसलाई कुनै गहिरो इनारमा फ्याँकिदेउ जहाँबाट कुनै यात्रा गरिरहेको काफिलाले निकालेर लैजान्छ ।

११- तिनीहरूले आफ्ना बुवालालाई भने- हे हाम्रा पिता ! आखिर यूसुफको सम्बन्धमा तपाईं हामीमाथि भरोसा किन गर्नुहुन्न ? जबकि हामी उसको हितैषी हौं । १२- भोलि उसलाई हामीसँगै पठाइ दिनुहोस् ताकि खेलकुद र खानपिन गरोस्, हामी उसको रक्षा गर्नेछौं । १३- बुवाले भने- तिमीहरूले उसलाई लगेमा मलाई चिन्ता लागिरहनेछ । तिमीहरू असावधान भएको अवस्थामा उसलाई ब्वाँसोले खाला कि भन्ने मलाई डर छ । १४- तिनीहरूले भने- हामी एउटा समूह हुँदाहुँदै पनि यदि ब्वाँसोले उसलाई खान्छ भने हामी घाटा खानेहरूमध्ये हुनेछौं ।

१५- जब तिनीहरू उसलाई लिएर गए र उसलाई गहिरो ईनारमा हाल्ने निश्चय गरे तब हामीले उसलाई प्रकाशना गर्यौं- तिमीले तिनीहरूलाई यस कर्तूतबारे अवगत गराउनेछौ र तिनीहरू त्यलाई मान्ने छैनन् । १६- तिनीहरू साँझमा रुँदै कराउँदै बुवाकहाँ आए । १७- तिनीहरूले भने- हे पिता ज्यू ! हामी दौडको प्रतिस्पर्धा गर्न थाल्यौं र यूसुफलाई आफ्नो सामान नजिक छोड्यौं, त्यत्तिकैमा ब्वाँसोले उसलाई खाइदियो । हामीले जतिसुकै सत्य बोले पनि तपाईं हाम्रो कुरा पत्याउनुहुन्न । १८- तिनीहरूले यूसुफ को कमिजमा झूठा रगत लगाएर ल्याए । पिताले भने- होइन, बरु यो तिमीहरूको मनले रचेको कुरा हो । अब धैर्य गर्नु नै बेस हुन्छ । तिमीहरूले जाहे गरेको कुरामा ईश्वरकै सहयोग खोज्नेछु ।

१९- एउटा यात्रुदल आयो जसले पानी भर्ने वालालाई पठायो । उसले बाल्टिन खसाल्यो । उसले पुकार्यो- शुभसूचना ! यो त एउटा केटा पो रहेछ । तिनीहरूले उसलाई व्यापारको सामान ठानेर सुरक्षित गरे । तिनीहरूले गरिराखेका कार्यलाई ईश्वर राम्ररी जान्नुहुन्थ्यो । २०- तिनीहरूले उसलाई कम मूल्यमा बिक्री गरे । ती गन्तीका केही दिर्हम थिए । तिनीहरूले उसमा चाख लिएनन् ।

२१- मिस्र-बासीहरूमध्ये उसलाई खरीद गर्ने व्यक्तिले आफ्नी पत्नीलाई भने- उसको राम्रो हेरचाह गर । आशा छ यो हाम्रो लागि लाभदायक हुनेछ वा यसलाई हामी पुत्र नै बनाउँछौं । यसरी हामीले यूसुफलाई यस देशमा स्थान प्रदान गर्यौं । ताकि उसलाई कुराहरूको अर्थ बुझ्न सिकाऔं । ईश्वर आफ्नो कार्यको पुरा सामर्थ्य राख्नुहुन्छ । तर अधिकांश मानिसहरूलाई थाहा छैन । २२- जब ऊ परिपक्व भयो तब हामीले उसलाई बुद्धि र ज्ञान प्रदान गर्यौं । सत्कर्मीहरूलाई हामी यस्तै प्रतिदान दिने गर्छौं ।

२३- यूसुफ जुन महिलाको घरमा थियो उसले यूसुफलाई फकाउन थालिन् । एक दिन महिलाले ढोकाहरू बन्द गरिन् अनि भनिन्- आइजा । यूसुफले भने- ईश्वरको शरण चाहन्छु । उहाँ मेरा मालिक हुनुहुन्छ । उहाँले मलाई राम्रो तरिकाले राख्नुभएको छ । अत्याचारीहरू कहिल्यै सफल हुन सक्दैनन् । २४- महिला उनको चाहना गरिन् । यूसुफले ईश्वरको निशानी नदेखेका भए उनी पनि उसको इरादा गर्ने थिए । यस्तो भयो ताकि ताकि हामीले उनीबाट अश्लीतालाई टाढा पारौं । निस्सन्देह उनी हाम्रा छानिएका भक्तहरूमध्ये थिए ।

२५- दुवैजना ढोकातर्फ हुत्तिए । महिलाले उनको कमिज पछाडिबाट च्यातिन् । ढोकामै ती दुवैले महिलोको श्रमानलाई पाए । महिलेले भनिन्- तपाईंको श्रीमतीसँग अश्लील कार्य गर्न खोज्नेलाई कि त जेल चालान गर्नुपर्छ कि त पीडादायी यातना दिनुपर्छ । २६- यूसुफले भने- उनले नै मलाई फकाउने प्रयास गरिन् । महिलाको परिवारका एक जनाले गवाही दियो- यदि यूसुफको कमिज

अगाडिपट्टि च्यातिएको छ भने यो महिला साँचो बोल्दैछ र यूसुफ झूठो हो । २७- यदि उनको कमिज पछाडिपट्टि च्यातिएको छ भने यूसुफ साँचो छ र महिलाले झूठो छे । २८- अजीजले कमिज पछाडिपट्टि च्यातिएको देखेर भने- यो तिमी महिलाहरूको षड्यन्त्र हो । तिमीहरूको षड्यन्त्र अति नै ठूलो हुने गर्छ । २९- हे यूसुफ ! उसलाई नजरअन्दाज गर र हे महिला ! तिमी आफ्नो गलतीको माफि माग, वास्तवमा तिमी नै दोषी थियो ।

३०- शहरकी महिलाहरू भन्न थालिन्- अजीजकी पत्नी आफ्नो युवा दासको पछाडि परेको छे । उसको प्रेममा बौलाहा बनेकी छे । ऊ ठूलो गल्ती गर्दैछे भन्ने कुरा हामी देख्दैछौं । ३१- जब महिलाले यो धोकापूर्ण कुरा सुन्यो तब तिनीरूलाई बोलायो, तिनीहरूका लागि विशेष बैठकको व्यवस्था गर्यो, प्रत्येकलाई एक एक वटा छुरी दिइ र यूसुफलाई तिनीहरूसमक्ष आउने आदेश दिइ । ती महिलाहरू उनलाई देखेपछि उनीहरू लट्ठ परिन् र आ-आफ्ना हात काटिन् । तिनीहरूले भनिन्- ईश्वर पवित्र हुनुहुन्छ ! यो व्यक्ति मानव होइन, यो त महान देवदूत हो ! ३२- अजीजकी श्रीमतीले भनि- यही हो जसको बारेमा तिमीहरू मलाई धिक्कार्दै थियौ । मैले उसलाई फकाउने प्रयास गरें तर ऊ जोगियो । यदि उसले मैले भनेको कुरा मानेन भने उसलाई कैद गरिनेछ र निश्चय नै अपमानित हुनेछ । ३३- यूसुफले भने- हे मेरा पालनकर्ता ! जुन कार्यतर्फ यो महिला मलाई बोलाउँदैछे त्यसभन्दा बढी प्रिय त कारागार नै छ । यदि तपाईंले त्यसको धोकालाई हटाउनु भएन भने म ऊतर्फ आकर्षित हुनेछु र अज्ञानीहरूमध्ये हुनेछु । ३४- अनि उनको पालनकर्ताले उनको प्रार्थना स्वीकार गर्नुभयो र उसको धोकालाई उनीबाट हटाउनुभयो । निस्सन्देह उहाँ सर्श्रोता र सर्वज्ञ हुनुहुन्छ ।

३५- निशानीहरू देखेपछि तिनीहरू यस निष्कर्षमा पुगे कि यूसुफलाई एक अवधिको लागि कारागारमा हाल्नु पर्छ । ३६- उनीसँगै अन्य दुई जना यूवाहरू पनि कारागारमा प्रवेश गरे । ती दुईमध्ये एकजनाले (एक दिन) भन्यो- मैले सपनामा के

देखेको छु भने मदिरा बनाउँदैछु । अर्कोले भन्यो- मैले सपनामा के देखेको छु भने म आफ्नो टाउकोमाथि रोटी बोकेको छु जसबाट पंक्षीहरू खाँदै छन् । हामीलाई सपनाको अर्थ बताइदिनुहोस् । हाम्रो दृष्टिमा तपाईं सुकर्मीहरूमध्ये हुनुहुन्छ ।

३७- यूसुफ ले भने- तिमीहरूलाई जुन भोजन मिल्छ त्यो आउनुभन्दाअघि नै म तिमीहरूलाई सपनाको अर्थ बताइदिनेछु । यो ती ज्ञानहरूमध्ये हो मलाई मेरो पालनकर्ताले सिकाउनुभएको छ । मैले ती मानिसहरूको धर्म छोडिसकेको छु जो एक ईश्वरमा आस्था राख्दैनन् र जो परलोकलाई नकार्छन् । ३८- म आफ्ना पूर्वज इब्राहीम, इस्हाक तथा याकूबको धर्मको अनुसरण गर्दैछु । हामीलाई यो अधिकार छैन कि ईश्वरसँग कुनै चिजलाई साझेदार बनाऔं । यो ईश्वरको कृपा हो हामीमाथि र सबै मानिसहरूमाथि । तर अधिकांश मानिसहरू आभार व्यक्त गर्दैनन् । ३९- हे मेरा कारागारका साथीहरू ! के छुट्टा छुट्टै विभिन्न उपास्यहरू राम्रा हो वा मात्र सत्य ईश्वरको भक्ति जो एक मात्र र प्रभुत्वशाली हुनुहुन्छ ? ४०- ईश्वरबाहेक तिमीहरू ज-जसको पूजा गर्छौ तिनीहरू केवल नाम हुन् जुन तिमीहरू तथा तिम्रा पुर्वजहरूले रचेका हुन् । ईश्वरले यसको कुनै प्रमाण अवतरण गर्नुभएकै छैन । शासन-सत्ता मात्र ईश्वरको लागि हो । ईश्वरको आदेश हो- मात्र उहाँकै उपासना गर । यही सीधा धर्म हो, तर अधिकांश मानिसहरू जान्दैनन् ।

४१- हे मेरा कारागारका दुवै साथीहरू ! तिमीहरूमध्ये एक जनाले आफ्नो मालिकलाई मदिरा पिलाउनेछ । र दोस्रो व्यक्तिलाई शूली चढाइनेछ र उसको टाउकोबाट पंक्षीहरूले खानेछन् । तिमीहरूले सोधेका कुराको निर्णय भइ सक्यो । ४२- यूसुफले त्यस व्यक्तिलाई भने जसको बारेमा उनले ठानेका थिए कि ऊ जोगिनेछ- आफ्नो मानिकसमक्ष मेरो चर्चा गर्नु होला । तर शैतानले उसलाई भुलाइदियो, जसले गर्दा उनी केही वर्षसम्म कारागारमै रहे ।

४३- राजाले भने- म सपनामा देख्छु- सातवटा मोटा गाईहरूलाई अन्य सातवटा दुब्ला गाईहरूले खाँदैछन् । सातवटा अन्नका हरिया बाला छन् र अन्य

सातवटा सुकेका बाला छन् । हे दरबारीहरू हो ! मेरो सपनाको अर्थ बताउ यदि तिमीहरू सपनाको अर्थ बताउँछौ । ४४- तिनीहरूले भने- यी अर्थहीन सपनाहरू हुन् । यस्ता सपनाको अर्थ हामीलाई थाहा छैन ।

४५- दुई जना कैदीहरूमध्ये जो जोगएको थियो लाई धेरै समयपछि याद आयो । उसले भन्यो- यसको अर्थ म बताउँछु, मलाई (यूसुफ कहाँ) जाने अनुमति दिनुहोस्, ताकि उनले तपाईंको सपनाको अर्थ बताउन् ।

४६- हे सच्चा यूसुफ ! मलाई एउटा सपनाको अर्थ बताउ- सातवटा मोटा गाईहरूलाई अन्य सातवटा दुब्ला गाईहरूले खाँदैछन् । सातवटा अन्नका हरिया बाला छन् र अन्य सातवटा सुकेका बाला छन् । ताकि म उनीहरूसमक्ष फर्केर जाउँ ताकि उनीहरूले सपनाको अर्थ जानुन् । ४७- यूसुफले भने- तिमीहरू सात वर्ष लगातार खेती गर्नेछौ । तिमीहरू काटेको अन्नलाई त्यसको बालामै रहन देउ सिवाय थोरै जो तिमीहरू खानेछौ । ४८- त्यसपछि भोकमरीका सातवटा कठिन वर्षहरू आउनेछन् । त्यस अवधिमा ती सबै अन्नहरू ग्रहण गरिनेछन् जुन तिमीहरूले जम्मा गरेर राखेका हुनेछौ । सिवाय थोरै जो तिमीहरूले जोगाएर राख्नेछौ । ४९- त्यसपछि एउटा यस्तो साल आउनेछ जसमा धेरै वर्षा हुनेछ । त्यसमा मानिसहरूले मदिरा बनाउनेछन् ।

५०- राजाले भने- यूसुफलाई मेरोसमक्ष ल्याउ । जब दूत आयो तब यूसुफले भने- तिमी राजाकहाँ जाउ र जुन महिलाहरूले आफ्ना हात काटे की थिइन् तिनीहरूको मामिला के हो भनी सोध । मेरा पालनकर्ता तिनीहरूका धोकासित अवगत हुनुहुन्छ । ५१- राजाले महिलाहरूलाई सोधे- तिमीहरूको के मामिला छ जब तिमीहरूले यूसुफलाई फकाउन खोजेका थियौ ? तिनीहरूले भनिन्- ईश्वरको आश्रय ! हामीहरूले उनमा कुनै किसिमको त्रुटि पाएनौ । अजीजकी श्रीमतीले भनिन्- अब सत्य कुरा स्पष्ट भइसकेको छ । मैले नै उसलाई फकाउने प्रयास गरेकी थिएँ । निस्सन्देह उनी सच्चा हुन् ।

५२- यो यस कारणले कि (मिश्रको अजीज) लाई थाहा होस् कि मैले लुकि छिपी कुनै हिना मिना गरिनँ । निस्सन्देह ईश्वरले हिना मिना गर्नेहरूको चलखेललाई समाप्त पार्नुहुन्छ ।

५३- म चोखो छु भन्ने दावी गर्दिन । मनले त दुष्कर्म गर्न प्रेरित गर्छ । सिवाय यसको कि मेरा पालनकर्ताले दया गरुन् । निस्सन्देह मेरा पालनकर्ता क्षमाशील र दयावान हुनुहुन्छ ।

५४- राजाले भने- यूसुफ लाई मसमक्ष हाजिर गर । म उनलाई आफ्नो निकट्तम बनाउनेछु । उनीसँग कुरा गरेपछि उनले भने- हे यूसुफ ! तिमी आजदेखि हामीकहाँ सम्मानित र विश्वासीलो भयौ । ५५- यूसुफले भने- मलाई देशको अर्थ तथा कोषको जिम्मेवारी दिनुहोस् । म विश्वासीलो र ज्ञानी छु । ५६- यसरी हामीले यूसुफलाई देशमा अधिकार प्रदान गर्यौं । उनी जहाँ चाहन्थे स्थान बनाउने गर्थे । हामी जसमाथि चाहन्छौं कृपा गर्छौं । हामी सत्कर्मीहरूको पुण्य बर्बाद पार्दैनौं । ५७- परलोकको प्रतिदान झन बढी छ आस्थावान तथा ईशभय राख्नेहरूका लागि ।

५८- यूसुफका दाजुभाइहरू मिस्रमा प्रवेश गरे र उनीसमक्ष आए, अनि यूसुफले उनीहरूलाई चिनिहाले । ५९- तर उनीहरूले यूसुफलाई चिनेनन् । जब उनले उनीहरूका सामान तयार पारि दिए तब भने- आफ्नो सौतेनी भाईलाई पनि लिएर आउनु, तपाईंहरूले देख्नु भएन, मैले तपाईंहरूलाई पूरा नापका साथ अनाज दिन्छु र राम्रोसँग सत्कार पनि गर्छु । ६०- यदि तपाईंहरूले सौतेनी भाइलाई लिएर आउनुहुन्न भने तपाईंहरूलाई अनाज मिल्दैन, म कहाँ नआउनु होला । ६१- उनीहरूले भने- हामीहरू यसको बारेमा बुवालाई राजी गर्ने प्रयास गर्नेछौं । हामीहरूले यो गर्नै पर्ने हुन्छ ।

६२- यूसुफले कर्मचारीहरूलाई भने- उनीहरूको मूलधन फिर्ता उनीहरूको सामानमा राखिदेउ ताकि उनीहरू घर फर्केपछि जान्नेछन् शायद फेरि आउनेछन् ।

६३- जब उनीहरू आफ्ना पितासमक्ष पुगे तब उनीहरूले भने- बुवा ! हामीलाई अन्न दिन मनाहि भएको छ मिल्दैन, हामीसँग हाम्रो भाइ (बिनयामीन) लाई जाने अनुमति दिनुहोस् ताकि अन्न लिएर आउन सकौं । हामी उसको रक्षा गर्छौं । ६४- याकूबले भने- के म उसको बारेमा तिमीहरूमाथि त्यसरी नै भरोसा गरूँ जसरी यसभन्दाअघि उसको साख्खै दाजु यूसुफ को बारेमा गरेको थिएँ ?! म ईश्वरमाथि भरोसा गर्छु, उहाँ उत्तम रक्षक र सर्वश्रेष्ठ दयालु हुनुहुन्छ ।

६५- जब उनीहरूले आफ्नो सामान खोले तब आफ्ना मूलधन पनि फर्काइएको पाए । उनीहरूले भने-हे बुवा ! हामीलाई के चाहियो ? हामीले दिएको मूलधन पनि फिर्ता गरिएको छ । अब हामीलाई के चाहियो । अब हामी जानेछौं र आफ्ना परिवारका लागि थप खाद्यान्न ल्याउनेछौं र आफ्नो भाइको रक्षा पनि गर्नेछौं । एउटा ऊँटले बोक्न सक्ने जति खाद्यान्न थप प्राप्त गर्नेछौं । यो खाद्यान्न त थोरै हो । ६६- याकूब ले भने- जबसम्म तिमीहरू ईश्वरलाई गवाह बनाएर उसलाई मसमक्ष फिर्ता लिएर आउनेछौ भनेर वाचा गर्दैनौ तबसम्म म उसलाई तिमीहरूसँग पठाउदिनँ । तिमीहरू सबै घेरिनेछौ भने यो बेग्लै कुरा हो । जब उनीहरूले आफ्नो वचन दिए, तब याकूबले भने- हामीले भनेको कुरामाथि ईश्वर साक्षी हुनुहुन्छ ।

६७- यअकूबले भने- हे मेरा पुत्रहरू ! तिमीहरू एउटै ढोकाबाट प्रवेश न गर बरु विभिन्न ढोकाहरूबाट प्रवेश गर । म तिमीहरूलाई ईश्वरको कुनै कुराबाट जोगाउन सक्दिनँ । आदेश त मात्र ईश्वरकै चल्छ । मेरो पूर्ण भरोसा उहाँमाथि छ । सबै भरोसा गर्नेहरूले उहाँमाथि नै भरोसा गर्नुपर्छ । ६८- उनीहरूबुवाको आदेशानुसार विभिन्न ढोकाहरूबाट प्रवेश गरे, तर तिनीहरूको यो उपाय ईश्वरको निर्णयबाट बचाउन सक्दैन थियो । केवल याकूब को मनको कुरा थियो जसलाई उनीहरूले पूरा गरे । निस्सन्देह उनी हामीले सिकाएको ज्ञानले गर्दा ज्ञानी थिए तर अधिकांश व्यक्तिहरूलाई थाहा नै छैन ।

६९- जब उनीहरू यूसुफसमक्ष पुगे तब यूसुफले आफ्नो भाइलाई साथमा राखे र भने- म तिम्रो दाजु (यूसुफ) हुँ । यिनीहरूले गरेको कार्यको कुनै चिन्ता लिनुपर्दैन । ७०- जब उनीहरूका सामान तैयार गराए तब पानी पिउने कचौरा आफ्नो भाइको सामानमा राखि दिए । फेरि एकजना पुकार्ने वालाले पुकार्यो- हे यात्रु-दल ! तिमीहरू चोर हौ । ७१- उनीहरू पुकार्ने व्यक्तितर्फ फर्केर भने- तिमीहरूले कुन चिज गुमाएका छौ ? ७२- पुकार्ने व्यक्तिले भने- शाही कचौरा पाइरहेका छैनौं । जसले त्यो ल्याउनेछ उसलाई एउटा ऊँटले बोक्न सक्ने बराबर अन्न प्राप्त हुनेछ जसको जिम्मा म लिँदैछु । ७३- उनीहरूले भने- ईश्वरको कसम ! तिमीलाई थाहा छ हामी यस देशमा आतंक मच्चाउन आएका होइनौं । न हामीले कहिले चोर थियौं । ७४- पुकार्ने व्यक्तिले भन्यो- यदि तिमीहरू झूठा प्रमाणित भयौ भने चोरी गर्ने व्यक्तिको के सजाय हुनुपर्छ ? ७५- उनीहरूले भने- जसको सामानमा त्यो वस्तु भेटिनेछ त्यसलाई नै दण्डस्वरूप राखिनेछ । हामी अत्याचारीहरूलाई यस्तै सजाय दिने गर्छौं । ७६- उनले आफ्नो (कन्छो) भाइको सामानभन्दा पहिले दाजुभाइहरूका सामानको खोज तलास शुरु गरे । फेरि भाइको सामानबाट राजाको कचौरा बाहिर निकाले । यसरी हामीले यूसुफको लागि योजना बनायौं । उनी राजाको कानुन अनुसार भाइलाई रोक्न सक्दैनथे, तर यो कि ईश्वरले चाहुन् । हामी जसलाई चाहन्छौं उसको दर्जा उच्च पार्छौं । जसरी हामीले यूसुफ को पदोन्नति गर्यौं । प्रत्येक ज्ञानी भन्दा ठूलो एक ज्ञानी हुन्छ ।

७७- यूसुफ का दाजुभाइहरूले भने- यदि उसले चोरेको हो भने यसअघि उसका दाजुले पनि चोरी गरेको थियो ! यूसुफ ले यस कुरालाई आफ्नो मनमै लुकाइ राखे, उनीहरूसमक्ष जाहेर गरेनन् । उनले मनमनै भने- तिमीहरूले नै नराम्रा मानिसहरू हौ । तिमीहरूले भनेको कुरालाई ईश्वर राम्ररी जान्नुहुन्छ । ७८- उनीहरूले भने- हे अजीज ! उसका बुवा अति वृद्ध छन् तपाईं उसको स्थानमा हामीहरूमध्ये कसैलाई राख्नुस् । हाम्रो दृष्टिमा तपाईं अति पुण्यकर्मी

हुनुहुन्छ। ७९- यूसुफले भने- ईश्वरको शरण चाहन्छौं यस कुराबाट कि हामी त्यस व्यक्तिबाहेक अन्य कसैलाई समातौं जोसंग हामीले आफ्नो वस्तु पाएका छौं। यसो गरेमा हामी अत्याचारी ठहर हुनेछौं।

८०- जब तिनीहरू निराश भए तब एकान्तमा परामर्श गर्न थाले। तिनीहरूका जेठो दाजुले भने- के तिमीहरूलाई याद छैन बुवाले उसको मामिलामा तिमीहरूसँग ईश्वरको नाममा दृढ वचन लिनुभएको थियो। यसअघि यूसुफको मामिलामा जुन जियादती गरिसकेका छौ तिमीहरूलाई त्यो पनि थाहै छ। अतः म यस भूमिबाट फर्केर जान्न जब सम्म मेरो बुवाले अनुमति दिनुहुन्न वा ईश्वरले नै मेरो लागि कुनै निर्णय गरिदिउन्। उहाँ सर्वश्रेष्ठ निर्णायक हुनुहुन्छ। ८१- तिमीहरू सबै आफ्ना बुवाकहाँ जाउ र भन- बुवा हो ! तपाईंको पुत्रले चोरी गर्यो। हामी त त्यही भन्न सक्छौं जो हामीले देखेका छौं। अदृश्यको ज्ञान हामीहरूलाई छैन। ८२- तपाईं त्यस बस्तीका बासीहरूलाई सोध्नुहोस् जहाँ हामी थियौं। त्यस काफिलालाई पनि सोध्नुहोस् जोसँग हामी आयौं। हामीहरू सत्य बोल्दैछौं।

८३- बुवाले भने- बरु तिमीहरू मनमा एउटा कुरा रचेका छौ। म धैर्य गर्नेछु, आशा छ ईश्वरले सबैलाई मसमक्ष ल्याउनु हुनेछ। उहाँ सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ। ८४- याकूब तिनीहरूबाट मुन्टो फर्काएर र भने- हाय यूसुफ ! पीरले उनका आँखाहरू सेता भए र उनी शोकमग्न रहन थाले। ८५- यूसुफ का दाजुभाइहरूले भने- ईश्वरको कसम ! तपाईं यूसुफ लाई नै याद गरिरहनु हुनेछ, यहाँसम्म कि या त तपाईं कमजोर पर्नुहुन्छ या आफ्नो ज्यान नै गुमाउनुहुन्छ। ८६- याकूबले भने- म आफ्नो शोक र वेदनाको गुनासो मात्र ईश्वरसमक्ष गर्छु। मलाई ईश्वरको तर्फबाट त्यो कुरा जान्दछु जो तिमीहरू जान्दैनौ। ८७- हे मेरा पुत्रहरू ! तिमीहरू जाउ र यूसुफ र उनका भाइलाई खोज। ईश्वरको कृपाबाट निराश नहोउ। ईश्वरको कृपाबाट मात्र इन्कार गर्नेहरू निराश हुने गर्छन्।

८८- जब तिनीहरू यूसुफ कहाँ पुगे तब भने- हे अजीज ! हामी र हाम्रा

परिवारलाई धेरै कष्ट पगेको छ, हामीले अति थोरै मूलधन ल्याएका छौं । अतः हामीलाई पुरा पुरा अन्न प्रदान गर्नुहोस् र दान पनि दिनुहोस् । निस्सन्देह ईश्वरले दान गर्नेहरूलाई बदला दिनु हुन्छ । ८९- यूसुफले सोधे- के तिमीहरूलाई थाहा छ तिमीहरूले यूसुफ र उनको भाइसँग के गरेका थियौ जब तिमीहरूलाई बुध्दि थिएन ?! ९०- उनीहरूले भने- के तपाईं नै यूसुफ हुनुहुन्छ र ?! उनले भने- हो, म यूसुफ हुँ र यो मेरो भाइ हो । ईश्वरले हामीमाथि उपकार गर्नुभयो । जुन व्यक्तिहरू डराउँछन् र धैर्यधारण गर्छन्, ईश्वरले सुकर्मीहरूको प्रतिदानलाई कदापि नष्ट गर्नुहुन्न ।

९१- दाजुभाइहरूले भने- ईश्वरको कसम ! उहाँले तपाईंलाई हामीहरूमाथि श्रेष्ठता प्रदान गर्नुभयो । निस्सन्देह हामीहरूले गलती गरेका थियौं । ९२- यूसुफले भने- तपाईंहरूमाथि आज कुनै दोष छैन । ईश्वरले तपाईंहरूलाई क्षमा गरुन् । उहाँ सबै दयालुहरूभन्दा ठूलो दयावान हुनुहुन्छ । ९३- मेरो यो कमिज लिएर जानुस् र मेरा बुवाको अनुहारमा राख्नुस् । उनको नेत्र-ज्योति फर्किनेछ अनि आफ्ना सम्पूर्ण परिवारहरूलाई लिएर मकहाँ आउनुस् ।

९४- जब काफिला (मिस्रबाट) प्रस्थान गर्यो तब उनका बुवाले (कनआनमा) भने- तिमीहरू मलाई यो बूढो त खुस्केछ क्यारे नभन्ने हो भने मलाई त यूसुफको सुगन्ध आइरहेको छ । ९५- मानिसहरूले भने- ईश्वरको कसम ! तपाईं अहिलेसम्म नरामो विचारमा हुनुहुन्छ । ९६- जब शुभसूचना दिने व्यक्ति आए र यूसुफ को कमिज याकूब को अनुहारमाथि राखे, तब उनको आँखाको ज्योति फर्केर आयो । उनले भने- के मैले तिमीहरूलाई भनेको थिइन म ईश्वरको तर्फबाट ती कुराहरू जान्दछु जुन तिमीहरू जान्दैनौ ? ९७- यूसुफका दाजुहरूले भने- हे बुवा ! हामीहरूका लागि ईश्वरसित क्षमा याचना गरिदिनुहोस् । निस्सन्देह हामीहरूले गलती गरेका थियौं । ९८- याअकूबले भने- तिमीहरूका लागि आफ्ना पालनकर्तासँग क्षमायाचना गर्नेछु । निश्चय नै उहाँ क्षमाशील र दयावान हुनुहुन्छ ।

९९- जब उनीहरू यूसुफकहाँ पुगे तब उनले बुवा आमा दुवैलाई आफ्नो नजिक बसाए। उनले भने- मिस्रमा तपाईंहरू शान्तिपूर्वक बसोबास गर्नुहोस्। १००- उनले आफ्ना आमा-बुवालाई सिंहासनमा बसाए र सबै उनीसमक्ष सज्दा गरे। यूसुफले भने- हे बुवा ! यो हो मेरो सपनाको अर्थ जो मैले पहिला देखेको थिएं। मेरो पालनकर्ताले त्यसलाई सत्य सिद्ध गर्नुभयो। ईश्वरले ममाथि कृपा गर्नुभयो कि उहाँले मलाई कारागारबाट निकाल्नुभयो। म र मेरा दाजुहरूबीच शैतानद्वारा सिर्जित फसादपछि तपाईहरूलाई गाउँबाट यहाँ पुर्याउनुभयो। निस्सन्देह मेरा पालनकर्ता जे चाहनु हुन्छ त्यसको राम्रो उपाय गर्नुहुन्छ। उहाँ सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ।

१०१- हे मेरो पालनकर्ता ! तपाईंले मलाई सत्तामा भागेदार बनाउनुभयो र मलाई कुराहरूको अर्थ सिकाउनुभयो। हे आकाशहरू तथा धर्तीका सृष्टिकर्ता ! तपाईं नै लोक र परलोकमा मेरा सबै मामिलाका संरक्षक हुनुहुन्छ। मलाई आज्ञाकारी भएको अवस्थामा मृत्यु दिनुहोस् र मलाई सत्कर्मी भक्तहरूमा सामेल गर्नुहोस्।

१०२- यो परोक्षका समाचारहरूमध्ये हो जसको प्रकाशना हामी तपाईंमाथि गर्दैछौं। तपाईं त्यति खेर उपस्थित हुनुहुन्थेन जब यूसुफका दाजुभाइहरूले पक्का इरादाका साथ चलखेल गर्दै थिए। १०३- तपाईंले जति चाहना गरे पनि अधिकांश मानिसहरूले आस्था ल्याउने छैनन्। १०४- तपाईं यसको लागि कुनै बदला माग्नुहुन्न। यो त एउटा उपदेश हो सबै संसार बासीहरूका लागि।

१०५- आकाशहरू र धर्तीमा कतिपय निशानीहरू छन् जसबाट तिनीहरू ओहो दोहोर गर्दछन् तर त्यसमा विचार गर्दैनन्। १०६- अधिकांश मानिसहरू जो एक ईश्वरमा आस्था राख्छन् उहाँसंग अरूलाई पनि साझेदार बनाउँछन्। १०७- के तिनीहरू यस कुराबाट निश्चिन्त छन् कि तिनीहरूमाथि ईश्वरको प्रकोप आओस् वा अकस्मात महाप्रलय आओस् र तनीहरूलाई त्यसको खबर पनि न

होस् ?! १०८- भनिदिनुहोस्- यो मेरो मार्ग हो । म ईश्वरतर्फ आह्वान गर्दछु स्पष्ट प्रमाणका साथ । म पनि र मेरा अनुयायीहरू पनि । ईश्वर पवित्र हुनुहुन्छ, र म बहुदेववादीहरूमध्ये होइन ।

१०९- हामीले तपाईंभन्दा पहिले विभिन्न बस्ती वालाहरूमध्ये जति पनि रसूलहरू पठायौं सबै मानव थिए । हामी उनीहरूमाथि पनि प्रकाशना पठाउने गर्थ्यौं । के तिनीहरूले धर्तीमा घुमफिर गरेनन् कि देखुन् तिनीहरूभन्दा अघिका मानिसहरूको परिणाम के कस्तो भयो ?! ईशभय राख्नेहरूका लागि परलोकको घर ईशभय राख्नेहरूका लागि उत्तम छ । के तिमीहरू बुझ्दैनौ । ११०- यहाँसम्म कि जब रसूलहरू निराश भए र उनीहरूले दिएको प्रकोपको धम्कीलाई मानिसहरूले झूठा ठाने तब अकस्मात हाम्रो सहयोग उनीहरूकहाँ पुग्यो । जसको लागि हामीले चाहना गर्यौं मोक्ष प्रदान गर्यौं र अपराधीहरूबाट हाम्रो प्रकोप टार्न सकिदैन ।

१११- उनीहरूका सत्य कथामा बुद्धि र विवेकले काम लिनेहरूका लागि ठूलो उपदेश छ । यो कुनै रचिएको कुरा होइन, बरु पुष्टि हो त्यस कुराको जो अघिदेखि छ, यो तपसील हो हरेक कुराको र मार्गदर्शन तथा कृपा हो आस्थावानहरूका लागि ।

## सूरह अर्रअद- १३

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- अलिफ० लाम० मीम० रा० । यी ईश्वरीय किताबका आयतहरू हुन् । तपाईंमाथि जे जति तपाईंका पालनकर्ताको तर्फबाट अवतरित भएका छन् ती सबै सत्य हुन् । तर, अधिकांश मानिसहरू मान्दैनन् । २- ईश्वरले नै आकाशहरूलाई माथि उठाउनुभयो बिना कुनै खम्बा जो तिमीहरूलाई देखा परुन् । फेरि उहाँ आफ्नो सिंहासनमाथि बिराजमान हुनुभयो । अनि उहाँले सूर्य र चन्द्रमालाई

एउटा नियमको पाबन्द बनाउनु भयो, हरेक एउटा निर्धारित समय अनुसार गतीशील छन् । ईश्वर नै सम्पूर्ण कार्य सञ्चालन गरिराख्नु भएको छ । उहाँ आफ्ना निशानीहरू स्पष्टरूपमा बताउनुहुन्छ ताकि तिमीहरू आफ्ना पालनकर्तासँगको भेटमा विश्वास गर ।

३- ईश्वर नै हुनुहुन्छ जसले पृथ्वीलाई फराकिलो पार्नुभयो, त्यसमा पहाड तथा नदी बनाउनुभयो र हरेक किसिमका फलहरूको जोडी बनाउनुभयो । उहाँ रातलाई दिनमाथि राख्नुहुन्छ । निस्सन्देह यी सबैमा प्रमाणहरू छन् चिन्तन मनन गर्नेहरूका लागि ।

४- पृथ्वीमा नजिक नजिक विभिन्न प्रकारका भू-भागहरू छन्, अंगुरका बगैंचाहरू छन्, खेतीबाडिहरू छन्, खजुरहरू छन्, तीमध्ये कुनैमा कुनैमा एउटै हाँगा छ भने कुनैमा दुई वटा हाँगाहरू छन् । यी सबै एकै किसिमको पानीबाट सिंचाइ गरिन्छन् । तर हामीले एकलाई अर्कोमाथि पैदावारमा प्राथमिक्ता दिन्छौं । निस्सन्देह यसमा विवेकले काम लिने व्यक्तिहरूका लागि प्रमाणहरू छन् ।

५- यदि तपाईं आश्चर्य मान्नुहुन्छ भने आश्चर्य मान्ने कुरा ती मानिसहरूका छन् जो भन्छन्- के जब हामी मरेपछि सडेर माटो बनिसकेका हुनेछौं तब के हामी पुनः जीवित पारिनेछौं ?! यिनीहरू नै हुन् जसले आफ्ना पालनकर्ताको इन्कार गरे । यिनीहरूका गर्धनमा नेल हालिएको छ । यिनीहरू आगो वाला मानिसहरू हुन् जसमा सदासर्वदा रहनेछन् ।

६- तिनीहरू भलाइअघि सङ्कटको लागि हतार गर्दैछन्, जब कि तिनीहरूअघि उदाहरणहरू बिति सकेका छन् । तपाईंका पालनकर्ताले मानिसहरूका अत्याचारका बावजुद तिनीहरूलाई माफ गर्ने वाला हुनुहुन्छ । निस्सन्देह तपाईंका पालनकर्ता कठोर दण्ड-दाता पनि हुनुहुन्छ ।

७- जुन मानिसहरूले नकारे, तिनीहरू भन्दछन्- यस व्यक्तिमाथि उहाँका

पालनकर्ताको तर्फबाट कुनै चमत्कार किन अवतरण गरिएन ? तपाई ं त सचेतक मात्र हुनुहुन्छ । प्रत्येक समुदायको लागि एकजना मार्गदर्शक छ ।

८- ईश्वर जान्नुहुन्छ प्रत्येक स्त्रीलिङ्गको गर्भलाई र जे जति त्यसमा घटबढ हुन्छ । उहाँनजिक हरेक चिजको निश्चित माप छ । ९- उहाँ अदृश्य र दृश्य सबैलाई जान्नुहुन्छ । उहाँ महान तथा उच्च हुनुहुन्छ । १०- तिमीहरूमध्ये कोही सानो स्वरमा कुरा गरोस् वा ठूलो स्वरमा, कोही रातमा लुकेको होस् वा दिनको उज्यालोमा हिँडि रहेको होस्, ईश्वरको लागि सबै एकसमान छ ।

११- प्रत्येक व्यक्तिको अगाडि र पछाडि उसको संरक्षक छ जो ईश्वरको आदेशले उसको रेखदेख गर्छ । ईश्वरले कुनै समुदायको अवस्थालाई तबसम्म परिवर्तन गर्नुहुन्न जबसम्म उसले आफ्नो अवस्थालाई स्वयम् बदल्दैन । जब ईश्वरले कुनै समुदायमाथि प्रकोप ल्याउने निर्णय गर्नुहुन्छ तब त्यसलाई टार्ने कुनै उपाय हुँदैन र ईश्वरको मुकाबिलामा कोही उसको सहयोगी हुँदैन ।

१२- ईश्वर नै हुनुहुन्छ जो तिमीहरूलाई बिजुलीको चमक देखाउनुहुन्छ , जसले गर्दा डर पनि उत्पन्न हुन्छ र आशा पनि जाग्दछ । उहाँ नै हुनुहुन्छ जो पानीले भरेको बादलहरू उठाउनुहुन्छ । १३- बिजुलीको गर्जनले ईश्वरकै प्रशंसाका साथ पवित्रताको गुणगान गर्छ र देवदूतहरूले पनि उहाँको डरले । उहाँ नै जसमाथि चाहनुहुन्छ चट्याङ्ग पठाउनुहुन्छ अनि जसमाथि चाहनुहुन्छ खसाल्नुहुन्छ। तिनीहरू ईश्वरको बारेमा वाद-विवाद गर्छन् । जब कि उहाँ प्रभुत्वशाली र सर्वशक्तिमान हुनुहुन्छ ।

१४- सत्य पुकार मात्र एक ईश्वरको लागि हो । ईश्वरबाहेक तिनीहरू जसलाई पुकार्छन् तिनीहरूले कुनै त्यति मात्र फाइदा पुर्याउन सक्छ जति पानीले त्यस व्यक्तिलाई फाइदा पुर्याउँछ जो आफ्ना दुवै हात पानीतर्फ फैलाएको हुन्छ ताकि त्यो उसको मुखसम्म पुगोस् । जबकि पानी त्यसको मुखसम्म पुग्ने वाला छैन । नकार्ने हरूको पुकार खेर नै जान्छ ।

१५- आकाशहरू र धर्तीमा जे जति छन् सबै ईश्वरसमक्ष नतमस्तक हुन्छन्, चाहे इच्छापूर्वक होस् वा विवश भएर र उनीहरूका छायाँहरू पनि, बिहान र बेलुका । १६- हुसोध्नुहोस्- आकाशहरू तथा धर्तीका सृष्टिकर्ता को हुन् ? भनिदिनुहोस्- ईश्वर । तै पनि तिमीहरूले ईश्वरलाई छोडेर यस्ता चिजहरूलाई आफ्नो मित्र बनाएका छौ जसलाई स्वयम् आफ्नो लाभ र हानिको पनि सामर्थ्य छैन ? सोध्नुहोस्- के दृष्टिविहीन र दृष्टिवान एक समान हुन सक्छन् ? के अन्धकार र प्रकाश एक समान हुन सक्छन् ? के तिनीहरूले ईश्वरका यस्ता साझेदारहरू ठहर गरेका छन् जो ईश्वर जस्तै सृष्टि गरेका छन् अनि तिनीहरूलाई सृष्टिबारे तिनीहरू अन्यौलमा परेका छन् ? भनिदिनुहोस्- ईश्वर मात्र यी सबैका सृष्टिकर्ता हुनुहुन्छ । उहाँ एक मात्र हुनुहुन्छ र प्रभुत्वशाली हुनुहुन्छ ।

१७- ईश्वरले आकाशबाट वर्षा बर्साउनु भयो अनि नालाहरू आफ्नो माप अनुसार बग्यो अनि पानीले फीजहरूलाई उठायो । यस्तो फीज ती वस्तुहरूमा पनि निस्कन्छ जसलाई मानिसहरू गर-गहना वा हात हतियारमा बनाउनको लागि आगोमा तताउँछन् । त्यसरी ईश्वर सत्य र असत्यको उदाहरण बयान गर्नुहुन्छ । फीज त सुकेर समाप्त हुन्छ र मानिसहरूका लागि लाभदायक वस्तुहरू धर्तीमा बाँकी रहन्छन् । त्यसैगरी फीँज बगेपछि असल धातु बाँकी रहे जस्तै सत्य बाँकी रहन्छ । यसरी ईश्वर उदाहरणहरू बयान गर्नुहुन्छ ।

१८- जुन मानिसहरूले आफ्ना पालनकर्ताको पुकारलाई स्वीकार गरे उनीहरूका लागि भलाइ छ । जुन मानिसहरूले यस पुकारलाई अस्वीकार गरे (तिनीहरूका लागि नर्क छ) यस्ता मानिसहरूले पृथ्वीमा भएका सम्पूर्ण चिजको दोब्बर मालिक भएर नर्कबाट बच्न ती सबैलाई अर्थदण्डको रूपमा दिए पनि तिनीहरू त्यसबाट बच्न सक्दैनन् । तिनीहरूको हिसाब कडा हुनेछ । तिनीहरूको बास-स्थान नर्क हो, कति नराम्रो बास स्थान हो नर्क !

१९- यस्तो व्यक्ति जो जान्दछ कि जे जति तपाईंमाथि अवतरित भएको छ

त्यो सत्य हो ऊ अन्धो व्यक्ति जस्तो हुन सक्छ ? उपदेश त बुद्धिमान व्यक्तिहरू नै ग्रहण गर्छन् ।

२०- यस्ता व्यक्तिहरू ईश्वरसंग गरेको वाचालाई पूरा गर्छन् र त्यस वाचालाई भङ्ग गर्दैनन् । २१- उनीहरू त्यस सम्बन्धलाई जोडेर राख्छन् जसलाई ईश्वरले जोडेर राख्ने आदेश दिनुभएको छ । उनीहरू आफ्ना पालनकर्तासित डराउँछन् । उनीहरू नराम्रो हिसाबसित डराउँछन् । २२- उनीहरू आफ्ना पालनकर्ताको प्रसन्नता प्राप्त गर्नको लागि धैर्य गर्छन्, नमाज कायम गर्छन्, हामीले प्रदान गरेका सम्पत्तिमध्ये गोप्यरूपमा र खुल्लम खुल्ला खर्च गर्छन् । उनीहरू नराम्रो व्यवहारको जवाफमा राम्रो व्यवहार गर्छन् । परलोकको घर यस्तै मानिसहरूको लागि हो । २३- सधैं रहने बगैंचाहरू जसमा उनीहरू प्रवेश पाउनेछन् र उनीहरूसँग यस्ता मानिसहरू पनि जो त्यसका हकदार बन्नेछन् उनीहरूका पूर्वज, पत्नीहरू र सन्तानहरूमध्ये । देवदूतहरू प्रत्येक ढोकाहरूबाट प्रवेश गर्नेछन् । २४- देवदूतहरूले भन्नेछन्- तिमीहरूमाथि शान्ति होस् त्यस धैर्यको बदलामा जो तिमीहरूले गर्यौ । कति उत्कृष्ट छ यो परलोकको घर !

२५- जुन मानिसहरू ईश्वरसँग गरेको दृढ वाचालाई भङ्ग गर्छन् , ईश्वरले कायम राख्ने आदेश दिनुभएको नातालाई तोड्ने गर्छन् र धर्तीमा आतंक मच्चाउने गर्छन्, यस्ता मानिसहरूका लागि धिक्कार छ र तिनीहरूका लागि नराम्रो घर छ । २६- ईश्वरले जसलाई चाहनुहुन्छ धैरै रोजीरोटी प्रदान गर्नुहुन्छ र जसको लागि चाहनुहुन्छ सङ्कीर्ण गर्नुहुन्छ । तिनीहरू सांसारिक जीवनमा नै प्रसन्न छन् । जबकि सांसारिक जीवन परलोकको जीवनको तुलनामा क्षणिक सामान मात्र हो ।

२७- नकार्नेहरू भन्छन्- यस व्यक्तिमाथि उनको पालनकर्ताको तर्फबाट चमत्कार किन अवतरण गरिएन, ताकि हामी आस्था ल्याउने थियौं ? भनिदिनुहोस्- ईश्वर जसलाई चाहनुहुन्छ पथभ्रष्ट गर्नुहुन्छ र सीधा मार्ग यस्ता मानिसहरूलाई देखाउनुहुन्छ जो उहाँतर्फ रुजु गर्छन् । २८- यस्तथा मानिसहरू जो

आस्था ल्याए र जसका हृदय ईश्वरको यादबाट सन्तुष्ट हुन्छ। जानिराख, ईश्वरको स्मरणबाट नै हृदयहरू सन्तुष्ट हुने गर्छन्। २९- जुन मानिसहरूले आस्था ल्याए सत्कर्म गरे उनीहरूका लागि शुभसूचना छ र उत्कृष्ट बास स्थान।

३०- यसरी हामीले तपाईंलाई एउटा समुदायतर्फ पठायौं जसअघि धेरै समुदायहरू बिति सकेका छन्, ताकि तपाईंले मानिसहरूलाई त्यो सन्देश सुनाउनुहोस् जो हामीले तपाईंतर्फ पठाएका छौं। तर तिनीहरू दयावान ईश्वरको इन्कार गर्छन्। भनिदिनुहोस्- उहाँ नै मेरो पालनकर्ता हुनुहुन्छ। उहाँबाहेक कोही पूज्य छैन। मैले उहाँमाथि नै भरोसा गरें र उहाँतर्फ नै फर्कनेछु।

३१- यदि यस्तो कुर्आन अवतरित भएको भए जसले गर्दा पहाड हिंड्ने थियो, वा पृथ्वी टुक्रा टुक्रा हुने थियो र मुर्दाहरू बोल्न थाल्थे भने (ता पनि तिनीहरूले आस्था ल्याउने थिएन) । बरु सबै अधिकार ईश्वरकै लागि हो । के आस्था ल्याउनेहरूलाई यस कुराबाट सन्तुष्टता भएन कि यदि ईश्वरले चाहनुभएको भए सबैलाई मार्गदर्शन गर्नुहुन्थ्यो ? नकार्नेहरूमाथि कुनै न कुनै प्रकोप निरन्तर अवतरण भइरहन्छ र तिनीहरूका घर छेउछाउमा तिनीहरूका कुकर्महरूले गर्दा कुनै न कुनै प्रकोप निरन्तर अवतरण भइरहनेछ, यहाँसम्म कि ईश्वरको वाचा आइ हालोस्। निस्सन्देह ईश्वर वाचा विरुध्द गर्नु हुन्न। ३२- तपाईंभन्दा अघि पनि रसूलहरूको ठट्टा गरियो अनि मैले ठट्टा गर्नेहरूलाई ढील दिएं अनि मैले समातें। अनि, हेर्नुहोस् कस्तो थियो मेरो प्रकोप ?

३३- के एक ईश्वर जो हरेक व्यक्तिको हिसाब लिने वाला हुनुहुन्छ (र जो कुनै काम गर्ने शक्ति राख्दैन एक समान छन् ) मानिसहरूले उहाँका साझेदारहरू बनाएका छन्। भन्नुहोस्- उहाँको नामलाई पुकार। के तिमीहरू ईश्वरलाई यस्तो वस्तुको सूचना दिँदैछौ जसलाई उहाँ धर्तीमा जान्नु हुन्न ? वा तिमीहरू माथि माथि नै कुरा गर्दैछौ । बरु नकार्नेहरूका लागि तिनीहरूको धोका आकर्षक बनाइएको छ । तिनीहरू सत्मार्गबाट रोकिएका छन्। जसलाई ईश्वरले पथभ्रष्ट

गर्नुहुन्छ उसलाई कसैले मार्गदर्शन गर्न सक्दैन। ३४- तिनीहरूका लागि सांसारिक जीवनमा यातना छ र परलोको यातना त अति कठोर छ। ईश्वरबाट तिनीहरूलाई कसैले बचाउन सक्दैन।

३५- ईशभय राख्नेहरूका लागि वाचा गरिएको स्वर्गको उदाहरण के छ भने त्यसको तलतिरबाट नदीहरू बगिरहेका हुनेछन्। त्यसका फल र छहारी सधैं रहनेछन्। यो ती मानिसहरूको लागि हुनेछ जो ईश्वरसंग डराउँछन्, जबकि नकार्नेहरूको परिणाम आगो हो।

३६- जुन मानिसहरूलाई हामीले किताब प्रदान गरेका थियौं तिनीहरू त्यस कुराप्रति खुशी छन् जो तपाईंमाथि अवतरण गरिएको छ। तर तिनीहरूमध्ये केही गिरोह यस्ता छन् जो त्यसको केही अंशको इन्कार गर्छन्। भनिदिनुहोस्- मलाई आदेश दिइएको छ कि म मात्र ईश्वरकै उपासना गरुं, उहाँसँग अन्य कसैलाई पनि साझेदार ठहर न गरुं। म उहाँकै भक्तितर्फ मानिसहरूलाई आह्वान गर्छु र उहाँतर्फ नै मलाई फर्केर जानुछ। ३७- यसरी हामीले यसलाई एउटा आदेशको रूपमा अरबी भाषामा अवतरण गर्यौं। यदि तिमीहरूले यो सत्य ज्ञान आएपछि तिनीहरूका चाहनाहरूको अनुसरण गर्छौ भने ईश्वरबाट जोगाउने तिमीहरूको कोही मित्र हुने छैन न कसैले उहाँबाट रक्षा गर्न सक्छ।

३८- हामीले तपाईंभन्दा पहिले धेरै रसूलहरू पठायौं। हामीले उनीहरूलाई पत्नी र सन्तानहरू पनि प्रदान गर्यौं। कुनै रसूलको लागि सम्भव छैन कि उनले ईश्वरको अनुमति बिना कुनै पनि चमत्कार ल्याउन्। हरेक वाचा लेखिएको छ। ३९- ईश्वरले जसलाई चाहनुहुन्छ समाप्त पार्नुहुन्छ र जसलाई चाहनुहुन्छ बाँकी राख्नुहुन्छ, उहाँसँगै छ असल किताब।

४०- हामीले तिनीहरूसंग जुन कुराको वाचा गर्दैछौं त्यसको केही अंश तपाईंलाई देखाऔं वा तपाईंलाई मृत्यु देऔं, तपाईंको जिम्मेवारी केवल सन्देश पुर्याउनु हो। हिसाब लिनु हाम्रो जिम्मामा छ। ४१- के तिनीहरू देखेनन्, हामी

तिनीहरूका भू-भागलाई चारैतिरबाट सङ्कुचित पार्दैछौं । ईश्वर आफ्ना निर्णय गर्नुहुन्छ, कसैले पनि उहाँको निर्णयलाई फेर्न सक्दैन । उहाँ चाँडै नै हिसाब लिनुहुन्छ। ४२- उहाँअघिका मानिसहरूले पनि चलखेल गरे तर सबै योजनाहरू ईश्वरको अख्तियारमा छ । उहाँ जान्नु हुन्छ हरेकले गरिराखेका कार्यहरूलाई । नकार्नेहरूले चाँडै जान्नेछन् कि महाप्रलयको घर कसको लागि हो।

४३- नकार्नेहरू भन्छन्- तपाईं ईश्वरको तर्फबाट पठाइएका हुनुहुन्न । भनिदिनुहोस्- मेरो तथा तिमीहरूबीच ईश्वरको साक्षी पर्याप्त छ र त्यसको साक्षी पर्याप्त छ जोसंग किताबको ज्ञान छ।

## सूरह इब्राहीम- १४

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- अलिफ० लाम० रा०। यो किताब हो जसलाई हामीले तपाईंमाथि अवतरण गरेकाछौं, ताकि तपाईं मानिसहरूलाई अन्धकारबाट निकालेर प्रकाशमा ल्याउनुहोस् । उनीहरूका पालनकर्ताको आदेशबाट प्रभुत्वशाली एवं प्रशंसनीय ईश्वरको मार्गतर्फ । २- त्यस ईश्वरतर्फ जसको लागि ती सबै वस्तुहरू छन् जो आकाशहरू र पृथ्वीमा छन् । नकार्नेहरूका लागि कठोर यातनाको बरबादी छ। ३- यस्ता मानिसहरू परलोकको तुलनामा लोकको जीवनलाई मन पराउँछन्, ईश्वरको मार्गबाट रोक्छन् र त्यसमा त्रुटि निकाल्न खोज्छन् । यस्ता मानिसहरू मार्गबाट पथभ्रष्ट भएर टाढा पुगेका छन्।

४- हामीले जति पनि रसूल पठायौं उनीहरूको समुदायको भाषामा पठायौं, ताकि मानिसहरूलाई बताउन् । ईश्वरले जसलाई चाहनुहुन्छ पथभ्रष्ट पार्नुहुन्छ र जसलाई चाहनुहुन्छ सत्मार्ग देखाउनुहुन्छ। उहाँ प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ।

५- हामीले मूसालाई आफ्ना निशानीहरू दिएर पठायौं कि आफ्नो

समुदायलाई अन्धकारबाट निकालेर प्रकाशमा ल्याउ र उनीहरूलाई ईश्वरका दिनहरू याद दिलाउ। निस्सन्देह त्यसमा स्पष्ट निशानीहरू छन् प्रत्येक धैर्यवान र कृतज्ञको लागि।

६- जब मूसाले आफ्नो समुदायलाई भने- आफूमाथि ईश्वरको त्यस वरदानलाई याद गर जब उहाँले तिमीहरूलाई फिऔंनको समुदायबाट मुक्त गर्नुभयो जो तिमीहरूलाई कडा यातना दिने गर्थे, जो तिम्रा छोराहरूलाई वध गर्थे र तिम्रा छोरीहरूलाई जीवित छोड्ने गर्थे र त्यसमा तिमीहरूका पालनकर्ताको तर्फबाट ठूलो परीक्षा थियो। ७- जब तिमीहरूका पालनकर्ताले तिमीहरूलाई खबरदार गर्नुभयो- यदि तिमीहरू आभार प्रकट गर्छौं भने म थप वरदान प्रदान गर्नेछु र यदि तिमीहरू कृतघ्न हुन्छौ भने मेरो सजाय अति कडा छ। ८- मूसाले भने- यदि तिमीहरू इन्कार गर्छौं र धर्तीका सबै मानिसहरू इन्कार गर्छन् भने ईश्वर आफैंमा सम्पन्न र प्रशंसनीय हुनुहुन्छ।

९- के तिमीहरूलाई पहिले बितेका समुदायहरूको सत्य कथाहरू पुगेनन् ? नूहको समुदाय, आद, समूद र तिनीहरूपछिका धेरै समुदायहरू जसलाई ईश्वरबाहे कोही पनि जान्दैन। तिनीहरूसमक्ष तिनीहरूका रसूलहरू प्रमाणहरू लिएर आए, तर तिनीहरूले आफ्ना हात उनीहरूका मुखमाथि राखे र भने- तिमीहरूलाई जे दिइएर पठाइएको छ त्यसलाई हामी मान्दैनौं र जुन कुरातर्फ तिमीहरू बोलाउँदैछौ त्यसको बारेमा हामी हैरान पार्ने द्विविधामा छौं।

१०- तिनीहरूका रसूलहरूले भने- के ईश्वरको बारेमा सन्देह छ जो आकाशहरू तथा पृथ्वीलाई स्तित्वमा ल्याउने वाला हुनुहुन्छ, उहाँ तिमीहरूलाई बोलाउनुहुन्छ ताकि तिम्रा पापहरूलाई माफ गरुन् र तिमीहरूलाई एउटा निश्चित अवधिसम्म मौका प्रदान गरुन्। तिनीहरूले भने- तिमीहरू मात्र हामी जस्तै मानव हौ। तिमीहरू हामीहरूलाई हाम्रा पूर्वजहरूले पूजा गर्दै आएका मूर्तीहरूको पूजाबाट रोक्न चाहन्छौ। तिमीहरू हामीहरूसमक्ष स्पष्ट प्रमाण प्रस्तुत गर।

११- तिनीहरूका रसूलहरूले भने- हो, हामी वास्तवमा तिमीहरू जस्तै मानव हौं । तर ईश्वर आफ्ना भक्तहरूमध्ये जसलाई चाहनुहुन्छ विशेष वरदान प्रदान गर्नुहुन्छ । ईश्वरको आज्ञाबिना तिमीहरूलाई चमत्कार देखाउनु हाम्रो अख्तियारमा छैन । आस्थावानहरूले ईश्वरहमाथि नै भरोसा गर्नुपर्छ । १२- मात्र ईश्वरमाथि भरोसा किन न गरौं जबकि उहाँले हामीहरूलाई मार्ग देखाउनुभयो ? तिमीहरूले जे जति कष्ट दिनेछौ त्यसमा हामी धैर्य गर्नेछौं । भरोसा गर्नेले मात्र ईश्वरमाथि भरोसा राख्नुपर्छ ।

१३- नकार्नेहरूले आ-आफ्ना रसूलहरूलाई भने- कि त हामीले तिमीहरूलाई आफ्नो भूमिबाट निष्कासित गरिदिन्छौं कि त तिमीहरूले हाम्रै धर्ममा फर्कनुपर्छ । रसूलहरूका पालनकर्ताले प्रकाशना पठाउनुभयो- हामीले यी अत्याचारीहरूलाई सर्वनाश गर्नेछौं । १४- तिनीहरूपछि तिमीहरूलाई त्यस भूमिमा पुनर्बास गराउनेछौं । यो ती व्यक्तिहरूको लागि हो जो हामीसमक्ष उभ्नबाट डराउँछ र जो मेरो चेतावनीबाट डराउँछ ।

१५- तिनीहरूले निर्णय खोजे र सबै उद्दण्ड र जिद्दी गर्नेहरू सर्वनाश भए । १६- तिनीहरूअगाडि नर्क छ र तिनीहरूलाई पीपको पानी खुवाइनेछ । १७- तिनीहरूले त्यसलाई घुट्रघुटु खानेछन् र कष्टले निल्ने प्रयास गर्नेछन् । चारै तिरबाट मृत्यु आइ रहेको र मर्न आँटेका महसुस गर्नेछन् तर मर्ने छैनन् । तिनीहरूका लागि कठोर यातना हुनेछ ।

१८- जुन मानिसहरूले आफ्ना पालनकर्ताको इन्कार गरे तिनीहरूका कर्महरू त्यस खरानी जस्तो छ जसलाई एउटा आँधीको दिनको हुरीले उडाएको होस् । तिनीहरूले गरेका सत्कर्महरूमध्ये तिनीहरूले केही पनि पाउने छैनन् । यही टाढाको पथभ्रष्टता हो । १९- के तिमीहरूले देखेनौ, ईश्वरले आकाशहरू र पृथ्वीलाई ठीक ठाक सृष्टि गर्नुभयो । उहाँले चाहनुभएमा तिमीहरूलाई नष्ट

पारेर तिमीहरूको स्थानमा नयाँ प्राणीको सृष्टि गर्नुहुनेछ। २०- यो ईश्वरको लागि अलिकति पनि कठिन छैन।

२१- सबै ईश्वरसमक्ष पेश हुनेछन्, अनि कमजोरहरूले ठूला बडाहरूलाई भन्नेछन्- हामी तिमीहरूका अनुयायी थियौं, के तिमीहरू हामीहरूलाई ईश्वरको यातनाबाट बचाउन सक्छौ त ? तिनीहरूले जवाफ दिनेछन्-यदि ईश्वरले हामीहरूलाई कुनै मार्ग देखाउनु भएका भए अवश्य तिमीहरूलाई त्यो मार्ग देखाउने थियौं। अब हामीहरू ब्याकुल हौं वा धैर्य गरौं बाँच्ने कुनै उपाय छैन।

२२- निर्णय भएपछि शैतानले भन्नेछ- ईश्वरले तिमीहरूलाई सत्य वचन दिनुभएको तर, मैले तिमीहरूलाई जुन वचन दिएको थिएँ, त्यसको विपरीत मैले गरेँ। तिमीहरूमाथि मेरो जोड जबर्जस्ती थिएनँ। मैले तिमीहरूलाई बोलाएँ अनि तिमीहरूले मेरो कुरा मान्यौ। तिमीहरू मलाई दोष न देउ बरु स्वयम् आफैंलाई दोष देउ। न म तिमीहरूको सहयोगी हुन सक्छु न तिमीहरू मेरो सहयोगी हुन सक्छौ। तिमीहरू मलाई साझेदार बनाउने गर्थ्यौ जोसंग मेरो कुनै सरोकार थिएन। निस्सन्देह अत्याचारीहरूका लागि पीडादायी यातना छ।

२३- जुन मानिसहरूले आस्था ल्याए र सत्कर्म गरे उनीहरू यस्ता बगैंचाहरूमा प्रवेश गराइनेछन् जसको तलतिरबाट नदीहरू बगिरहेका हुनेछन्। त्यसमा उनीहरू आफ्ना पालनकर्ताको आज्ञाले सदासर्वदा रहनेछन्। त्यसमा उनीहरूले आपसमा एक अर्कालाई शान्ति होस् भनेर अभिनन्दन गर्नेछन्।

२४- के तपाईंलाईले देख्नुभएन- ईश्वरले कसरी उदाहरण बयान गर्नुभयो कलिमए तय्यिबा (ला इलाह इल्लल्लाह- ईश्वरबाहेक कोही पूज्य छैन) को ? त्यो एउटा पवित्र रूख जस्तै हो, जसको जरो भूमिभित्र जमेको छ भने त्यसका हाँगाहरू आकाशसम्म पुगेका छन्। २५- जो आफ्ना पालनकर्ताको आज्ञाले निरन्तर फल दिने गर्छ। ईश्वरले उदाहरण बयान गर्नुहुन्छ ताकि मानिसहरूले उपदेश ग्रहण गरुन्। २६- कलिमए खबीसा (शिर्क-ईश्वरसंग साझेदारी) को उदाहरण नराम्रो

रूख जस्तो छ, जसको जरो भूमिको माथिल्लो भागबाट सजिलै उखेल्न सकिन्छ, यसमा जमाव हुँदैन ।

२७- ईश्वर आस्थावानहरूलाई एउटा ठोस वाणिबाट लोक तथा परलोकमा दृढता प्रदान गर्नुहुन्छ । ईश्वर अत्याचारीहरूलाई पथभ्रष्ट गर्नुहुन्छ । ईश्वर गर्नुहुन्छ जे चाहनुहुन्छ ।

२८- के तिमीहरूले ती मानिसहरूलाई देखेनौ जसले ईश्वरका वरदानको इन्कार गरे र आफ्नो समुदायलाई विनाशको घरमा पुर्याए । २९- तिनीहरू नर्कमा जानेछन्, जो अति निकृष्ट बास-स्थान हो । ३०- तिनीहरूले ईश्वरका साझेदार ठहर गरे ताकि मानिसहरूलाई पथभ्रष्ट पारुन् । भनिदिनुहोस्- केही दिनसम्म यस मोजमस्ती गरिराख । अन्ततः तिमीहरूको बास-स्थान नर्क नै हो ।

३१- मेरा जुन भक्तहरू आस्था ल्याएका छन् उनीहरूलाई भनिदिनुहोस्- तिमीहरू नमाज कायम गर, हामीले जे जति प्रदान गरेका छौं त्यसबाट गोप्य वा खुल्लारूपमा खर्च गर त्यस दिनको आगमनभन्दा अघि नै जुन दिन न किनबेच हुनेछ, न कुनै मित्रता काम लाग्नेछ ।

३२- ईश्वर उहाँ हुनुहुन्छ जसले आकाश र पृथ्वी सृष्टि गर्नुभयो र आकाशबाट पानी बर्साउनुभयो फेरि तिमीहरूको जीविकाको लागि विभिन्न प्रकारका फलहरू उत्पन्न गर्नुभयो । उहाँले नै डुङ्गाहरूलाई तिमीहरूको अधीनमा गर्नुभयो कि समुद्रमा उहाँको आदेशबाट गुडोस् । उहाँले नै नदीहरूलाई पनि तिमीहरूको सेवामा खटाउनुभयो । ३३- उहाँले नै सूर्य तथा चन्द्रमालाई तिमीहरूको सेवामा खटाउनुभयो कि निरन्तर गतिशील रहुन् । उहाँले नै रात र दिनलाई तिमीहरूको सेवामा खटाउनुभयो । ३४- उहाँले तिमीहरूलाई तिमीहरूले मागेका सम्पूर्ण वस्तुहरूमध्ये प्रदान गर्नुभयो । यदि तिमीहरूले ईश्वरका वरदानहरूको गणना गर्न चाहे पनि गर्न सक्ने छैनौ । निस्सन्देह मानव बेइन्साफ र बेगुणी छ ।

३५- जब इब्राहीमले भने- हे मेरा पालनकर्ता ! यस शहरलाई शान्तिपूर्ण

बनाउनुहोस् । मलाई र मेरा सन्तानलाई मूर्ति पूजाबाट टाढा राख्नुहोस् । ३६- हे मेरा पालनकर्ता ! यी मूर्तिहरूले धेरै मानिसहरूलाई पथभ्रष्ट पारेका छन् । अनि जसले मेरो अनुसरण गरे उनीहरू मेरा हुन् र जसले मैले भनेको मानेनन् तपाईं क्षमाशील र दयावान हुनुहुन्छ ।

३७- हे हाम्रा पालनकर्ता ! मैले आफ्ना सन्तानलाई खेती बाडी न हुने भूमि तपाईंका प्रतिष्ठित घरको छेउमा ल्याएर बसाएको छु । हे हाम्रा पालनकर्ता ! ताकि उनीहरूले त्यहाँ नमाज कायम गरुन् । अनि मानिसहरूका हृदयलाई त्यसतर्फ आकर्षित गरिदिनुहोस् र उनीहरूलाई फलफूलहरूद्वारा जीविका प्रदान गर्नुहोस् ताकि उनीहरूले आभार प्रकट गरुन् ।

३८- हे हाम्रा पालनकर्ता ! तपाईं अवगत हुनुहुन्छ जे जति हामीले मनमा लुकाउँछौं र जे जति व्यक्त गर्छौं । ईश्वरबाट कुनै चिज लुकेको छैन, न पृथ्वीमा र न आकाशमा । ३९- कृतज्ञता छ ईश्वरको जसले मलाई बुढेसकालमा इस्माईल र इस्हाक प्रदान गर्नुभयो । निस्सन्देह मेरा पालनकर्ता प्रार्थना सुन्नेवाला हुनुहुन्छ । ४०- हे मेरा पालनकर्ता ! मलाई नमाज कायम गर्नेवाला बनाउनुहोस् र मेरा सन्तानहरूलाई पनि । हे पालनकर्ता ! मेरो प्रार्थना स्वीकार गर्नुहोस् । ४१- हे हाम्रा पालनकर्ता ! मलाई माफ गर्नुहोस्, मेरा बुवा-आमालाई पनि र सबै आस्थावानहरूलाई पनि, त्यस दिन जब हिसाब कायम हुन्छ ।

४२- तपाईं कदापि न ठान्नुहोस् कि ईश्वर ती कार्यहरूसित असावधान हुनुहुन्छ जो अत्याचारीहरू गर्दैछन् । ईश्वरले तिनीहरूलाई त्यस दिनसम्म ढील दिराख्नुभएको जुन दिन आँखाहरू एकोहोरो हेरिरहनेछन् । ४३- तिनीहरू टाउको उठाएर तेज गतिमा भागिरहेका हुनेछन् । तिनीहरूका आँखाहरू ट्वाल्ल परेर हेरिरहेका हुनेछन् र तिनीहरूका हृदयहरू केही महसूस गर्न छोड्नेछन् ।

४४- मानिसहरूलाई त्यस दिनबाट सावधान गराउनुहोस् जुन दिन तिनीहरूमाथि आपदा आउनेछ । त्यतिखेर अत्याचारीहरूले भन्नेछन्- हे हाम्रा

पालनकर्ता ! हामीहरूलाई अलि अवसर दिनुहोस्, हामीले तपाईंको आह्वानलाई स्वीकार गर्नेछौं र रसूलहरूको अनुसरण गर्नेछौं । के तिमीहरूले यसअघि कसम खाएका थिएनौ कि तिमीहरू हुने छैनौं ?! ४५- तिमीहरू ती मानिसहरूको बस्तीमा आबाद थियौ जसले आफूमाथि अत्याचार गरेका थिए । तिमीलाई थाहा थियौ कि हामीले हामीले तिनीहरूसंग के गर्यौं । हामीले तिमीसमक्ष उदाहरण बयान गरेका छौं । ४६- तिनीहरूले सबै खाले चलखेल गरे र तिनीहरूको चलखेल ईश्वरसमक्ष थियो यद्यपि तिनीहरूका चलखेल यस्तो थियो कि पहाड आ-आफ्नो स्थानहरूबाट हल्लियोस् ।

४७- तिमीहरू कदापि यो न ठान कि ईश्वरले आफ्ना सन्देष्टाहरूसंग गरेको वाचा भङ्ग गर्नुहुनेछ । निस्सन्देह उहाँ प्रभुत्वशाली र बदला लिनेवाला हुनुहुन्छ । ४८- जुन दिन यो पृथ्वीलाई अर्कै पृथ्वीमा र आकाशहरूलाई अर्कै आकाशहरूमा पऋणत गरिनेछ । सबै एक मात्र महान सर्वशक्तिमान ईश्वरसमक्ष पेश गरिनेछन् । ४९- तपाईंले त्यस दिन अपराधीहरूलाई जञ्जीरमा जकडिएको पाउनुहुनेछ । ५०- तिनीहरूका वस्त्र अलकत्राको हुनेछ । तिनीहरूका अनुहारहरूमाथि आगो छाएको हुनेछ । ५१- ताकि ईश्वरले प्रत्येक व्यक्तिलाई उसले गरेको कर्मको बदला देउन् । निस्सन्देह ईश्वर चाँडै हिसाब लिनेवाला हुनुहुन्छ । ५२- यो मानिसहरूका लागि एउटा घोषणा हो ताकि त्यसमाध्यमबाट तिनीहरूलाई डराइयोस् र ताकि तिनीहरूले जानुन् कि उहाँ मात्र उपास्य हुनुहुन्छ । ताकि बुध्दिमानहरूले उपदेश ग्रहण गरुन् ।

## सूरह अल्-हिज्र- १५

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- अलिफ० लाम० रा० । यी श्लोकहरू हुन् किताबको र स्पष्ट कुरआनको । २- यस्तो समय आउनेछ जब नकार्नेहरू कामना गर्नेछन् आफू पनि मान्नेवाला

बनेका भए बेस हुने थियो। ३- तिनीहरूलाई छोडि देउ कि खाउन् र लाभ उठाउन् र कालपनिक आशाहरूले तिनीहरूलाई भुल्याइ राखुन्, पछि तिनीहरूले थाहा पाउनेछन्। ४- हामीले यसअघि जुन सुकै बस्तीलाई नष्ट पारेकाछौं, त्यसको लागि निश्चित समय तोकिएको थियो। ५- कुनै पनि समुदाय नत निश्चित समयभन्दा अगाडि बढ्छ न त पछाडि हट्छ।

६- तिनीहरूले भन्छन्- हे त्यो व्यक्ति जसमाथि कुर्आन अवतरण भएको छ, वास्तवमा तिमी बौलाहा हौ। ७- यदि तिमी सच्चा हौ भने हामीसमक्ष देवदूतहरू किन ल्याउँदैनौ ? ८- हामी देवदूतहरूलाई मात्र निर्णयको लागि अवतरित गर्छौं र त्यतिखेर मानिसहरूलाई मौका दिइदैन।

९- यो उपदेश (किताब) हामीले नै अवतरण गरेका छौं र हामी नै यसको रक्षक हौं।

१०- हामीले त विगतका समुदायहरूमा पनि रसूल पठाएका छौं। ११- जुन सुकै रसूल तिनीहरूसमक्ष आए, तिनीहरूले उनको खिल्ली नै उडाए। १२- यसरी हामी यो (खिल्ली उडाउने प्रवृति) अपराधिहरूको हृदयहरूमा हालिदिन्छौं। १३- तिनीहरू त्यसमाथि आस्था ल्याउने छैनन्। यो दस्तुर अघिल्लादेखि आउँदै गरेको छ। १४- यदि हामीले तिनीहरूका लागि आकाशको ढोका खोले पनि, जसमाथि तिनीहरू चढ्न थाले पनि १५- तिनीहरूले भन्ने थिए- हाम्रा आँखाहरूलाई धोका भइ रहेको बरु हामीमाथि जादू गरिदैछ।

१६- हामीले आकाशमा ताराहरू सृष्टि गर्यौं र देख्नेहरूका लागि आकर्षक बनायौं। १७- त्यसलाई हरेक शैतानबाट सुरक्षित पार्यौं। १८- यदि कसैले लुकीछिपी सुन्ने प्रयास गर्छ भने एउटा ज्वलन्त शिखाले त्यसको पीछा गर्छ।

१९- हामीले पृथ्वीलाई फैलायौं, त्यसमाथि पहाडहरू राख्यौं र त्यसमा हरेक वस्तुहरू निश्चित मात्रामा सृष्टि गर्यौं। २०- हामीले त्यसमा तिमीहरूका लागि

आर्थिक माध्यमहरू बनायौं र यस्ता वस्तुहरू बनायौं जसलाई तिमीहरू जीविका प्रदान गर्दैनौं।

२१- यस्तो कुनै वस्तु छैन जसको खजाना हामीनजिक छैन र हामी त्यसलाई एउटा निश्चित नापमा नै उतार्छौं। २२- हामी नै हावालाई गर्भ धारण बनाउने वाला बनाएर पठाउँछौं। फेरि हामी आकाशबाट पानी बर्साउँछौं अनि त्यस पानीबाट तिमीहरूको तिर्खालाई मेटाउँछौं। पानीलाई जम्मा गरेर राख्नु तिमीहरूको वशमा थिएन।

२३- निस्सन्देह हामी नै जीवन प्रदान गर्छौं र हामी नै मृत्यु दिन्छौं र हामी नै बाँकी रहनेछौं। २४- हामी तिमीहरूका बितिसकेका र पछि आउने वंशहरूलाई पनि जान्दछौं। २५- निस्सन्देह तपाईंका पालनकर्ताले सबैलाई एकत्रित गर्नुहुनेछ। उहाँ सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ।२६- हामीले मानवलाई सानिएर सुकेको र आवाज आउने माटोबाट सृष्टि गरेका छौं। २७- हामीले मानिसभन्दा पहिले जिन्नलाई आगोको ज्वालाबाट सृष्टि गर्यौं।

२८- जब तपाईंका पालनकर्ताले देवदूतहरूलाई भन्नुभयो- म सानिएर सुकेको माटोबाट एकजना मानव सृष्टि गर्ने वाला छु। २९- जब मैले पूर्णरूपले त्यसलाई बनाउँछु र त्यसमा आफ्नो आत्मामध्येबाट फूँक्छु तब तिमीहरू उसको लागि नतमस्तक हुनु। ३०- अनि सबै देवदूतहरू नतमस्तक भए। ३१- तर इब्लीस, जसले नतमस्तक हुनेहरूको साथ दिन इन्कार गर्यो। ३२- ईश्वरले इसोध्नुभयो- हे तँ किन नतमस्तक हुनेहरूमा सामेल भएनस्? ३३- इब्लीसले भन्यो- म यस्तो होइन कि मानवसमक्ष नतमस्तक होउँ जसलाई तपाईंले सानिएर सुकेको माटोबाट सृष्टि गर्नुभयो।

३४- ईश्वरले भन्नुभयो- यहाँबाट निस्क किनभने तँ धिक्कारिएका छस्। ३५- निस्सन्देह महाप्रलयसम्म तँमाथि धिक्कार छ। ३६- इब्लीसले भन्यो- हे मेरा पालनकर्ता! मलाई त्यस दिनसम्म अवसर प्रदान गर्नुहोस् जुन दिन मानिसहरू

जीवित पारिएर उठाइनेछन् । ३७- ईश्वरले भन्नुभयो- तेरोलागि अवसर छ । ३८- त्यस निश्चित दिनसम्म ।

३९- इब्लीसले भन्यो- हे मेरा पालनकर्ता ! जसरी तपाईंले मलाई पथभ्रष्ट गर्नुभयो म मानिसहरूका लागि धर्तीमा आकर्षित गर्ने चिज बनाउनेछु र सबैलाई पथभ्रष्ट पार्नेछु । ४०- सिवाय तपाईंका छानिएका भक्तहरूलाई ।

४१- ईश्वरले भन्नुभयो- यो एउटा सीधा मार्ग हो जो मसम्म पुग्छ । ४२- निस्सन्देह मेरा असल भक्तहरूमाथि उनीमाथि तेरो दाउ चल्ने छैन । सिवाय ती व्यक्तिहरू जो पथभ्रष्टहरूमध्ये तेरो अनुसरण गर्नेछन् । ४३- ती सबैको लागि नर्कको वाचा छ । ४४- नर्कका सातवटा ढोकाहरू छन् । प्रत्येक ढोकाको लागि तिनीहरूको निश्चित संख्याँ छ ।

४५- निस्सन्देह ईशभय राख्नेहरू बगैंचाहरू र मूलहरूबीच रहनेछन् । ४६- प्रवेश गर यसमा शान्तिपूर्वक र निश्चिन्त भएर । ४७- हामीले उनीहरूबाट छातीहरूमा रहेका डाहालाई निकाल्नेछौं । उनीहरू परस्पर दाजुभाइ बनेर पलङ्गमा रहनेछन् एक अर्काका आमुन्ने सामुन्ने । ४८- उनीहरूलाई त्यहाँ कुनै कष्ट पुग्ने छैन न उनीहरू त्यहाँबाट निकालिनेछन् । ४९- मेरा भक्तहरूलाई सूचित गरिदिनुहोस्- म माफ गर्नेवाला र दयावान छु । ५०- र मेरो यातना अति दुःखदायी छ ।

५१- उनीहरूलाई इब्राहीमका पाहुनाहरूको बारेमा बताउनुहोस् । ५२- जब उनीहरू आए तब सलाम गरे । इब्राहीमले भने- मलाई तिमीहरूबाट डर महसुस हुँदैछ । ५३- उनीहरूले भने- नडराउनुस् ! हामी तपाईंलाई एउटा पुत्रको शुभसूचना दिन्छौं जो ठूलो विद्वान हुनेछ । ५४- इब्राहीमले भने- के तिमीहरू मलाई यस बुढेसकालमा पुत्रको शुभसूचना दिइरहेका छौ ? यो तिमीहरू कस्तो चिजको शुभसूचना दिँदैछौ ? ५५- उनीहरूले भने- हामीहरू तपाईलाई सत्यताको आधारमा शुभसूचना दिँदैछौँ अतः तपाई निराश हुनेहरूमध्ये न बन्नुहोस् ।

५६- इब्राहीमले भने- आफ्नो पालनकर्ताको कृपाबाट पथभ्रष्टहरूबाहेक अरू को निराश हुन सक्छ।

५७- उनले भने- हे पठाइएका देवदूतहरू ! तिमीहको आगामि उद्देश्य के छ ? ५८- उनीहरूले भने- हामीहरूलाई एउटा अपराधी समुदायतर्फ पठाइएको छ । ५९- सिवाय लूतका अनुयायीहरू, उनीहरूलाई हामीले जोगाउनेछौं । ६०- सिवाय उनकी पत्नी, ऊ अवश्य नै अपराधी मानिहरूमध्ये हुनेछ भन्ने निर्णय भइसकेको छ।

६१- जब पठाइएका देवदूतहरू लूतको खानदानसम्म पुगे । ६२- उनले भने- तिमीहरू अपरिचित देखिन्छौ। ६३- उनीहरूले भने- होइन, बरु हामीहरू तपाईंसमक्ष त्यो चिज लिएर आएका छौं जसमा यी मानिसहरू सन्देह गर्छन्। ६४- हामी तपाईंसमक्ष सत्य लिएर आएका छौं र हामीहरू सच्चा हौं। ६५- अतः तपाईं आफ्ना परिवारसहित रात ढलेपछि घरबाट प्रस्थान गर्नुहोस्। तपाईं स्वयम् उनीहरूको पछि-पछि हिँड्नुहोस् । तपाईंहरूमध्ये कसैले पनि पछाडि फर्केर न हेरोस्। तपाईंहरूलाई जहाँ जाने आदेश भएको छ त्यहीं जानुहोस्। ६६- हामीले लूतलाई आदेश पठायौँ कि बिहान हुँदा-हुँदै तिनीहरू जरोबाट सर्वनाश गरिनेछन्।

६७- शहरका मानिसहरू हर्षोल्लासका साथ आए । ६८- लूतले भने- यिनीहरू मेरा पाहुनाहरू हुन्, तिमीहरू मेरो बेइज्जति न गर।

६९- तिमीहरू ईश्वरसँग डराउ र मेरो अपमान न गर । ७०- तिनीहरूले भने- हामीहरूले तिमीलाई संसार भरीका मानिसहरूबाट मनाही गरेका छैनौं ? ७१- उनले भने- यदि तिमीहरू गर्न चाहन्छौ भने यी मरी छोरीहरू हुन्।

७२- तपाईंको ज्यानको कसम ! तिनीहरू नशामा चूर थिए। ७३- अनि दिनको शुरुवातका साथ ठूलो धमाकाले तिनीहरूलाई समात्यो । ७४- फेरि हामीले त्यस बस्तीलाई घोप्टो पारिदियौं र मानिसहरूमाथि ढुङ्गाको वर्षा गरिदियौं । ७५- निस्सन्देह त्यसमा निशानीहरू छन् सोच-विचार गर्नेहरूका

लागि । ७६- यो बस्ती एउटा सीधा मार्गमा अवस्थित छ । ७७- निस्सन्देह यसमा निशानीहरू छन् आस्थावानहरूका लागि ।

७८- ऐका बासी वास्तवमै अत्याचारी थिए । ७९- अनि हामीले बदला लियौं । दुवै बस्तीहरू खुल्ला मार्गमा अवस्थित छन् । ८०- हिज्र वालाहरूले पनि आफ्ना रसूलहरूलाई झूठो ठहर गरे । ८१- हामीले तिनीहरूलाई आफ्ना निशानीहरू प्रदान गर्यौं तर तिनीहरूले त्यसबाट विमुख भए । ८२- तिनीहरू पहाडहरूलाई खोपेर त्यसमा शान्तिपूर्वक बस्न घरहरू बनाउने गर्थे । ८३- तर तिनीहरूलाई बिहानिको समय भयङ्कर आवाजले घेर्यो । ८४- अनि तिनीहरूले आर्जन गरेका केही पनि काम आएन ।

८५- हामीले आकाशहरू, पृथ्वी र यी दुवै बीचमा रहेका वस्तुहरू बिना तत्वदर्शिता सृष्टि गरेका छैनौं र महाप्रलय अवश्य नै आउनेछ । अतः तपाईं भलो तरिकाले नजरअन्दाज गर्नुहोस् । ८६- निस्सन्देह तपाईंका पालनकर्ता हरेक वस्तुका सृष्टिकर्ता र सर्वज्ञ हुनुहुन्छ ।

८७- हामीले तपाईंलाई पटक पटक दोहोर्याएर पढिने सातवटा श्लोकहरू र यो महान कुर्आन प्रदान गरेकाछौं । ८८- तपाईं यी सांसारिक धन-सम्पत्तितर्फ आँखा उठाएर न हेर्नुहोस् जो हामीले विभिन्न मानिसहरूलाई दिएका छौं । तिनीहरूप्रति चिन्ता नगर्नुहोस् र आस्थावानहरूसँग नम्रताको व्यवहार गर्नुहोस् । ८९- भनिदिनुहोस्- म स्पष्ट रूपमा सचेतक हुँ । ९०- यसरी हामीले बाँड फाँड गर्नेहरूमाथि पनि अवतरित गरेका थियौं । ९१- जसले आफ्ना कुर्आनलाई विभिन्न भागमा बाँडे । ९२- अनि तपाईंका पालनकर्ताको कसम ! हामीले तिनीहरूसंग अवश्य सोधपुछ गर्नेछौं । ९३- जे जति तिनीहरू गर्दै थिए ।

९४- तपाईंलाई जे आदेश भएको छ त्यसलाई खुल्लमखुल्ला सुनाउनुहोस् र बहुदेववादीहरूलाई नजरअन्दाज गर्नुहोस् । ९५- हामी तपाईंको तर्फबाट यी खिल्ली उडाउनेहरूको लागि पर्याप्त छौं । ९६- जो ईश्वरसंग अन्य उपास्यहरूलाई

साझेदार बनाउँछन् । अतः चाँडै नै तिनीहरूले जान्नेछन् । ९७- तिनीहरूले भनेको कुराबाट तपाईंका मन दुख्छ भन्ने कुरा हामीलाई थाहा छ । ९८- अतः तपाईं ईश्वरको प्रशंसाका साथ उहाँको पवित्रताको गुणगान गर्नुहोस् र नतमस्तक हुनेहरूमध्ये बन्नुहोस् । ९९- आफ्ना पालनकर्ताको उपासना गर्नुहोस् यहाँसम्म कि तपाईंसमक्ष अवश्यरूपमा आउने कुरा आओस् ।

## सूरह अन्-नहल- १६

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- आयो ईश्वरले निर्णय, अतः त्यसको लागि हतार न गर । उहाँ पवित्र तथा उच्च हुनुहुन्छ ती कुराहरूबाट जसलाई तिनीहरू साझेदार बनाउँछन् । २- उहाँ आफ्ना देवदूतहरूलाई आफ्नो आदेशको आत्माका साथ उतार्नुहुन्छ, आफ्ना भक्तहरूमाथि जसलाई चाहनुहुन्छ कि मानिसहरूलाई सावधान गर कि ममबाहेक अरू कोही पूज्य छैन । अतः तिमीहरू मसँग डराउ । ३- उहाँले आकाशहरू र पृथ्वीलाई सत्यका साथ सृष्टि गर्नुभयो । उहाँ त्यस साझेदारीबाट उच्च हुनुहुन्छ जो तिनीहरू गर्छन् ।

४- उहाँले मानवलाई एउटा थोपाबाट सृष्टि गर्नुभयो अनि ऊ खुल्लम खुल्ला झगडा गर्न थाल्यो । ५- उहाँले चौपायाहरू सृष्टि गर्नुभयो । त्यसमा तिमीहरूका लागि पोशाक पनि छ र खोराक पनि, साथै अन्य फाइदाहरू पनि । अनि तीमध्येबाट तिमीहरू खान्छौ । ६- ती चौपायाहरूमा तिमीहरूका लागि आकर्षण छ जब साँझमा तिनीहरूलाई ल्याउँछौ र बिहान तिनीहरूलाई छोड्छौ । ७- यी चौपायाहरू तिमीहरूका भारी बोकेर अर्को ठाउँसम्म पुर्याउँछन् जहाँ तिमीहरू बिना कडा परिश्रमबिना पुर्याउन सक्दैन थियौ । निस्सन्देह तिमीहरूका पालनकर्ता स्नेही र दयालु हुनुहुन्छ । ८- उहाँले घोडा, खच्चड र गधाहरू सृष्टि गर्नुभयो, ताकि

तिमीहरू त्यसमा सवारी गर र शोभाको लागि पनि । उहाँ यस्ता वस्तुहरू सृष्टि गर्नुहुन्छ जो तिमीहरूलाई थाहा छैन ।

९- ईश्वरकै लागि हो सीधा मार्ग र अन्य बँगा टिँगा मार्गहरू पनि छन् । ईश्वरले चाहनुभएमा तिमीहरू सबैलाई मार्गदर्शन गर्नुहुन्थ्यो ।

१०- उहाँ नै हुनुहुन्छ जसले आकाशबाट पानी बर्साउनुभयो । त्यसबाट तिमीहरू पिउने गर्छौ । त्यसै पानीले उम्रेका रूखहरूबाट आफ्ना चौपायाहरू चराउने गर्छौ । ११- उहाँ त्यसै पानीद्वारा तिमीहरूका लागि खेतीपाती, जैतून, खजूर, अंगूर र सबै प्रकारका फलहरू सृष्टि गर्नुहुन्छ । निस्सन्देह यसमा सोच-विचार गर्ने व्यक्तिहरूका लागि निशानीहरू छन् ।

१२- उहाँले तिमीहरूको सेवामा खटाउनुभयो रात, दिन, सूर्य, चन्द्रमा र ताराहरूलाई आफ्नो आदेशबाट । निस्सन्देह यसमा निशानीहरू छन् बुध्दिमानहरूका लागि । १३- उहाँले जमीनमा नाना थरिका वस्तुहरू फैलाउनु भयो । निस्सन्देह यसमा पनि शिक्षा ग्रहण गर्नेहरूका लागि निशानीणहरू छन् ।

१४- उहाँ नै हुनुहुन्छ जसले समुद्रलाई तिमीहरूको सेवामा खटाउनुभयो ताकि तिमीहरू त्यसबाट ताजा माछा खाउ र त्यसबाट गर-गहना निकाल जसलाई तिमीहरू लगाउँछौ । तिमीहरू डुङ्गाहरूलाई पानी चिर्दै गुडिरहका देख्छौ, ताकि तिमीहरू उहाँको वरदान खोज र उहँप्रति आभार प्रकट गर ।

१५- ईश्वरले पृथ्वीमा पहाडहरू राख्नुभयो ताकि त्यो तिमीहरूलाई लिएर न डगमगाओस् । उहाँले नदीहरू र मार्गहरू बनाउनुभयो ताकि तिमीहरू मार्ग पाउ । १६- अन्य थप निशानीहरू पनि छन् । मानिसहरू ताराहरूबाट पनि मार्ग पत्ता लगाउँछन् ।

१७- के जसले सृष्टि गर्छ त्यस समान हुन सक्छ जो सृष्टि गर्दैन ?! के तिमीहरू विचार गर्दैनौ । १८- तिमीहरूले ईश्वरका वरदानहरूलाई गणना गर्न चाहे पनि

गर्न सक्दैनौ। निस्सन्देह ईश्वर अति क्षमाशील र परम दयालु हुनुहुन्छ। १९- ईश्वर जान्नुहुन्छ जे तिमीहरू लुकाउँछौ र जो व्यक्त गर्छौ।

२०- तिनीहरू जुन वस्तुहरूलाई ईश्वरलाई छोडे पुकार्छन् तिनीहरूले केही पनि सृष्टि गर्न सक्दैनन्। बरु तिनीहरू सृष्टि गरिएका छन्। २१- मूर्तीहरू निर्जीव वस्तु हुन् त्यसमा ज्यान छैन। तिनीहरूलाई कहिले जीवित पारेर उठाइनेछन् भन्ने कुरा पनि तिनीहरू जान्दैनन। २२- तिमीहरूका पूज्य मात्र एक ईश्वर हुनुहुन्छ तर जुन मानिसहरू परलोकमा आस्था राख्दैनन् तिनीहरूका हृदय नकार्ने वाला छन् र तिनीहरू घमण्ड गर्छन्। २३- निश्चय नै तिनीहरूले लुकाउने र प्रकट गर्ने कार्यहरूलाई ईश्वर जान्नुहुन्छ। वास्तवमा ईश्वर अहङ्कारीहरूलाई मन पराउनुहुन्न।

२४- जब तिनीहरूलाई सोधिन्छ- तिमीहरूको पालनकर्ताले के अवतरण गर्नुभयो ? तिनिहरू भन्छन्- यी अतीतका कथाहरू हुन्। २५- ताकि महाप्रलयको दिन तिनीहरूले आफ्ना पापहरूको भार पनि उठाउन् र ती व्यक्तिहरूका पापहरूको भार पनि उठाउन् जसलाई तिनीहरूले बिना ज्ञान पथभ्रष्ट गरे। याद राख, अति निकृष्ट छ त्यो भार जसलाई तिनीहरू उठाउँदैछन्।

२६- तिनीहरूभन्दा अघिका मानिसहरूले पनि आफ्ना चलखेल गरे। फेरि ईश्वरले तिनीहरूका घरहरूलाई जगसमेत उखेलेर फ्याँक्नुभयो अनि तिनीहरूमाथि घरका छानाहरू भत्केर खसे। तिनीहरूमाथि यस्तो स्थानबाट प्रकोप आयो जहाँ तिनीहरूले कल्पनासमेत गरेका थिएनन्। २७- फेरि ईश्वरले महाप्रलयको दिन तिनीहरूलाई अपमानित गर्नुहुनेछ र सोध्नुहुनेछ- कहाँ छन् तिमीहरूले ठहर गरेका साझेदारहरू जसको लागि तिमीहरू झगडा गर्थ्यौ ? ज्ञानीहरूले भन्नेछन्- आज नकार्नेहरूका लागि अपमान र यातना छ।

२८- यमदूतहरूले ती मानिसहरूको प्राण यस अवस्थामा लुच्छनेछन् कि तिनीहरू आफूमाथि अत्याचार गरिराखेका हुनेछन्। त्यस समय तिनीहरूले

आत्म-समर्पण गर्नेछन् र भन्नेछन्- हामीहरू कुनै दुष्कर्म गरिराखेका थिएनौं। अँ, ईश्वर जान्नुहुन्छ जे जति तिमीहरू गर्दै थियौ। २९- अब तिमीहरू नर्कका विभिन्न ढोकाहरूमा पस र त्यसमा सदा सर्वदा बस। अनि कति निकृष्ट बास-स्थान छ घमण्डी मानिसहरूको।

३०- ईशभय राख्नेहरू सोधिए- तपाईंका पालनकर्ताले के अवतरण गर्नुभयो ? उनीहरूले जवाफ दिए- राम्रो वाणि। जुन मानिसहरूले संसारमा सत्कर्म गरे उनीहरूका लागि भलाइ छ र परलोकको घर उत्तम छ। कति उत्तम घर छ ईशभय राख्नेहरूका लागि। ३१- सदा रहने बगैंचाहरू छन् जसमा उनीहरू प्रवेश गर्नेछन् जसको तलबाट नदीहरू बगिरहेका हुनेछन्। उनीहरूका लागि त्यसमा ती सबै हुनेछन् जो उनीहरूले मन पराउनेछन्। ईश्वर आफ्नो भय राख्नेरूलाई यस्तै बदला दिनुहुनेछ। ३२- जसको आत्मा यमदूतहरूले त्यतिखेर नियन्त्रणमा लिनेछन् जब उनीहरू पवित्र हुन्छन्। देवदूतहरूले भन्नेछन्- तपाईंहरूमाथि शान्ति होस्। स्वर्गमा प्रवेश गर्नुहोस् आफ्ना सत्कर्महरूको बदलामा।

३३- के यिनीहरू यस प्रतीक्षामा छन् कि यमदूतहरू आउन् वा उहाँको आदेश आओस् ? यस्तै पहिले बितेका मानिसहरूले पनि गरे। ईश्वरले तिनीहरूमाथि अत्याचार गर्नुभएन बरु तिनीहरूले स्वयममाथि अत्याचार गरि रहेका थिए। ३४- फेरि तिनीहरूलाई तिनीहरूले गरेका कुकर्महरूको सजाय मिल्यो। तिनीहरू जुन प्रकोपको ठट्टा गर्दै थिए त्यही प्रकोपले तिनीहरूलाई घेरामा लियो।

३५- साझेदार ठहर गर्नेहरू भन्छन्- यदि ईश्वरले चाहनुभएको भए हामीहरू र हाम्रा पूर्वजहरूले उहाँबाहेक कसैको भक्ति गर्ने थिएनौं, न उहाँको आदेशबिना कुनै वस्तुलाई हराम ठहर गर्ने थियौं। विगतका मानिसहरूले पनि यस्तै गरेका थिए। रसूलहरूको जिम्मेबारी त सन्देशहरू स्पष्टरूपमा पुर्याउनु मात्र हो।

३६- हामीले प्रत्येक समुदायमा रसूल पठायौं कि मात्र ईश्वरको उपासना गर र उहाँबाहेक सीमा उल्लङ्घनकारीबाट सावधान रह। अनि तिनीहरूमध्ये

केहीलाई ईश्वरले सीधा मार्ग देखाउनुभयो र केहीलाई पथभ्रष्ट पार्नुभयो । अनि धर्तीमा घुमफिर गरेर हेर झूठा ठहर गर्नेहरूको के कस्तो परीणाम भयो। ३७- यदि तपाईं तिनीहरूको मार्गदर्शन चाहनुहुन्छ भने ईश्वरले तिनीहरूलाई मार्गदर्शन गर्नु हुन्न जसलाई उहाँ पथभ्रष्ट गर्नुहुन्छ। तिनीहरूको कोही सहयोगी छैन।

३८- तिनीहरू कसम खान्छन् कडा कसम कि मृत व्यक्तिहरूलाई ईश्वरले पुनः जीवित पार्नुहुने छैन । अँ, ईश्वरले अवश्य नै पुनः जीवित पार्नुहुनेछ, यो उहाँको सत्य वाचा हो । तर अधिकांश मानिसहरू जान्दैनन् । ३९- ताकि उहाँले त्यस कुरालाई स्पष्ट पारुन् जसमा तिनीहरू शङ्का गर्छन् । नकार्नेहरूले जानुन् कि तिनीहरू झूठा थिए। ४०- जब हामी कुनै कुराको निर्णय गर्छौं तब हामी भइहाल भन्छौं अनि त्यो भइहाल्छ।

४१- जुन मानिसहरूले अत्याचारको शिकार भएपछि ईश्वरको लागि आफ्नो देश छोडेर पलायन गरे हामीले अवश्य यस लोकमा सम्मानित बास-स्थान प्रदान गर्नेछौं र परलोकको प्रतिदान त अति महान हुनेछ । तिनीहरूले जानेका भए बेस हुने थियो । ४२- उनीहरू यस्ता छन् जो धैर्य धारण गर्छन् र आफ्ना पालनकर्तामाथि भरोसा राख्छन्।

४३- हामीले तपाईंभन्दा पहिले पनि मात्र पुरुषहरूलाई रसूल बनाएर पठायौं, उनीहरूमाथि हामी प्रकाशना गर्ने गर्थ्यौं । ज्ञानीहरूलाई सोध यदि तिमीहरू जान्दैनौ । ४४- हामीले यी रसूलहरूलाई स्पष्ट प्रमाण र किताबहरूका साथ पठाएका थियौं। हामीले तपाईंमाथि पनि उपदेश अवतरण गर्यौं ताकि तपाईंले मानिसहरूका निम्ति ती कुराहरू स्पष्ट पार्नुहोस् जो उनीहरूतर्फ उतारिएको छ र ताकि उनीहरूले विचार गरुन्।

४५- के षड्यन्त्रकारीहरू यस कुराबाट निश्चिन्त छन् कि ईश्वरले तिनीहरूलाई धर्तीमा धसाउन् वा तिनीहरूमाथि यस्तो ठाउँबाट आपदा आओस् जहाँबाट तिनीहरूले सोचेको पनि न होउन् । ४६- वा तिनीहरूलाई तिनीहरूले भाग-

दौड गरिरहेको अवस्थामा प्रकोपले समातोस् । तिनीहरू ईश्वरलाई विवश पार्न सक्दैनन् । ४७- वा तिनीहरूलाई खतरा महसुस गरिरहेकै अवस्थामा समातोस् । ईश्वर हरेक अवस्थामा यातना दिने सामर्थ्य राख्नुहुन्छ । तिमीहरूका पालनकर्ता स्नेही र परम दयालु हुनुहुन्छ ।

४८- के तिनीहरू देख्दैनन् हामीले जुन सुकै चिज सृष्टि गरेका छौं तिनीहरूका छायाँहरू दायाँबायाँ निहुरन्छन् ईश्वरसमक्ष नतमस्तक हुँदै ? ती सबै मजबूर छन् । ४९- ईश्वरसमक्ष नै नतमस्तक हुन्छन् जे जति हिँड्ने वस्तुहरू आकाशहरू र धर्तीमा छन् र देवदूतहरू पनि । उनीहरू घमण्ड गर्दैनन् । ५०- उनीहरू आफूमाथि हावी रहेका पालनकर्तासित डराउँछन् र त्यही गर्छन् जसको आदेश मिल्छ ।

५१- ईश्वरले भन्नुभयो- दुईवटा उपास्य न बनाउ । उहाँ एक मात्र उपास्य हुनुहुन्छ, अनि मात्र मसँग डराउ । ५२- उहाँकै लागि हो जे जति आकाशहरू र पृथ्वीमा छन्, सधैँ उहाँकै भक्ति छ । अनि के तिमीहरू ईश्वरबाहेक अरूसित डराउँछौ ?!

५३- तिमीहरूलाई प्राप्त जे जति वरदानहरू छन् सबै ईश्वरले नै तर्फबाट छन् । जहिले पनि तिमीहरूलाई कुनै दुःख, पुग्छ तिमीहरूको उहाँलाई नै बिलौना गर्छौ । ५४- फेरि जब उहाँले तिमीहरूको दुःख निवारण गर्नुहुन्छ तब तिमीहरूमध्येको एउटा गिरोह आफ्ना पालनकर्तासंग साझेदार बनाउन थाल्छ । ५५- ताकि तिनीहरू नकार्ने वाला होउन् त्यस वस्तुको जो हामीले प्रदान गर्यौँ। अनि केही दिनको लागि फाइदा उठाउ, चाँडै तिमीहरूले जान्नेछौ । ५६- तिनीहरू हामीले प्रदान गरेकामध्ये ती वस्तुहरूको अंश छुट्याउँछन् जसको बारेमा तिनीहरूलाई कुनै ज्ञान छैन । ईश्वरको कसम ! तिमीहरूले जे जति झूठ रच्दैछौ त्यसको बारेमा अवश्य सोध पूछ हुनेछ ।

५७- तिनीहरूले ईश्वरका लागि छोरीहरू ठहर गर्छन् । ईश्वर पवित्र हुनुहुन्छ, तिनीहरू मनचाहि कुरा गर्छन् । ५८- जब तिनीहरूमध्ये कसैलाई छोरीको

शुभसूचना दिइन्छ तब तिनीहरूको अनुहार कालो हुन पुग्छ । र ऊ मन मनै पीडा महसूस गर्छ । ५९- जुन वस्तुको उसलाई शुभसूचना दिइन्छ त्यसको लाजले मानिसहरूसित लुकेर हिँड्छ । अपमान सहेर यसलाई जीवित राखुँ कि माटोमा पुरिदेउँ भन्ने कुरा सोच्छ ? कति नराम्रो छ जुन निर्णय ऊ गर्छ । ६०- नराम्रो उदाहरण हो ती मानिसहरूको लागि जो परलोकमा आस्था राख्दैनन् । ईश्वरका लागि अति उच्च उदाहरणहरू छन् । उहाँ प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ ।

६१- यदि ईश्वरले मानिसहरूलाई तिनीहरूको अत्याचारले गर्दा समात्नु हुने थियो भने उहाँले धर्तीका कुनै प्राणीलाई छोड्नुहुने थिएन । तर उहाँ एउटा निर्धारित म्यादसम्म मानिसहरूलाई अवसर प्रदान गर्नुहुन्छ । अनि जब तिनीहरूको निर्धारित म्याद आइपुग्नेछ तब एक क्षिणको लागि पनि तिनीहरू न एक घडी पछि हट्न सक्नेछन् न अघि नै बढ्न सक्नेछन् ।

६२- तिनीहरू ईश्वरका निम्ति त्यो ठहर गर्छन् जुन तिनीहरू आफ्नो लागि मन पराउँदैनन् र तिनीहरूको जिब्राहरू झूठो बोल्छन् कि तिनीहरूका लागि भलाइ छ । निस्सन्देह तिनीहरूको बास-स्थान नर्क हो र तिनीहरू अवश्य नै त्यसमा फ्याँकिनेछन् ।

६३- ईश्वरको कसम, हामीले तपाईंभन्दा अघिका विभिन्न समूदायहरूसमक्ष आफ्ना रसूलहरू पठायौं फेरि शैतानले तिनीहरूका कुकर्महरूलाई तिनीहरूको दृष्टिमा आकर्षक तुल्याएर देखायो, अनि त्यो शैतान नै तिनीहरूको सहयोगी हो । तिनीहरूका लागि एउटा दुःखदायी यातना छ । ६४- हामीले तपाईंमाथि किताब यस उद्देश्यले अवतरण गरेकाछौं कि तपाईंले तिनीहरूसमक्ष ती कुराहरू स्पष्टरूपमा सुनाउनुहोस् जसमा तिनीहरू मतभेद गर्छन् । यो मार्गदर्शन र दया हो आस्था ल्याउनेहरूका लागि ।

६५- ईश्वरले आकाशबाट पानी बर्साउनुभयो । अनि त्यसबाट भूमिलाई मृत

भएपछि जीवित पार्नुभयो। निस्सन्देह यी सबैमा निशानीहरू छन् ती मानिसहरूका लागि जो सुन्छन्।

६६- निस्सन्देह तिमीहरूका लागि उपदेश छ चौपायारूमा। हामी तिनीहरूका पेटभित्रका गोबर र रगतको बीचबाट तिमीहरूलाई शुद्ध दूध खुवाउँछौं, जो स्वादिष्ट हुन्छ पिउने व्यक्तिहरूका लागि। ६७- खजुर र अंगुरका फलहरूमा पनि तिमीहरूका लागि उपदेश छ। तिमीहरू त्यसबाट नशालु पदार्थ पनि बनाउने गर्छौं र लाभदायक खानेकुरा प्राप्त गर्छौं। निस्सन्देह यसमा बुद्धिमानहरूका लागि निशानीहरू छन्।

६८- तपाईंका पालनकर्ताले माहुरीमाथि प्रकाशना गर्नुभयो- तिमीहरू पहाड, रूख तथा मानिसहरूले बनाएका छानाहरूमा आफ्नो घर बनाउ। ६९- फेरि हरेक प्रकारका फलहरूको रस चुस र आफ्नो पालनकर्ताले बताएको सहज मार्गमा हिड्ने गर। ती माहुरीका पेटबाट सेतो र पहेलो पिउने वस्तु (मह) निस्कन्छ, जसमा मानिसहरूका लागि उपचार छ। निस्सन्देह यसमा चिन्तन-मनन गर्नेहरूका लागि निशानीहरू छन्।

७०- ईश्वरले नै तिमीहरूलाई सृष्टि गर्नुभयो अनि उहाँले नै तिमीहरूलाई मृत्यु दिनुहुन्छ। तिमीहरूमध्ये केही काम गर्न न सक्ने अवस्थामा पुग्छन् कि तिनीहरूले जानेका कुराहरू पनि बिर्सन्छन्। निस्सन्देह ईश्वर सर्ज्ञ र सामर्थ्यवान हुनुहुन्छ।

७१- ईश्वरले तिमीहरूमध्ये केही व्यक्तिहरूलाई अन्य केही व्यक्तिहरूको तुलनामा बढी जीविका प्रदान गर्नुभयो। तर बढी धनिहरू आफ्ना दासहरूलाहरूलाई आफ्नो धन दिंदैनन् कि तिनीहरू बराबर होउन्। अनि के तिनीहरू ईश्वरका वरदानहरूको इन्कार गर्छन् ?!

७२- ईश्वरले तिमीहरूका लागि तिमीहरूमध्येबाट पत्नीहरू बनाउनुभयो र पत्नीहरूबाट सन्तान र नातिहरू प्रदान गर्नुभयो र तिमीहरूलाई पवित्र खानेकुरा प्रदान गर्नुभयो। अनि के तिनीहरू असत्यमाथि आस्था राख्दछन् र ईश्वरका

वरदानलाई अस्वीकार गर्दछन् ? ७३- तिनीहरू ईश्वरबाहेक यस्ता वस्तुहरूको पूजा गर्छन्, जो तिनीहरूलाई न त तिनीहरूका लागि आकाशबाट जीविका दिने अधिकार राख्छन् र न पृथ्वीबाट । तिनीहरू यसको क्षमतासमेत राख्दैनन् । ७४- अनि तिमीहरू ईश्वरको लागि उदाहरण बयान न गर । निस्सन्देह ईश्वर जान्नुहुन्छ बरु तिमीहरू पो जान्दैनौ ।

७५- ईश्वर एउटा उदाहरण दिनुहुन्छ; एकजना दास छ जो कुनै अधिकार राख्दैन । के यस्तो दास त्यस स्वतन्त्र व्यक्ति जस्तो हुन सक्छ जसलाई हामीले राम्रो जीविका प्रदान गरेकाछौं जसबाट ऊ गोप्य र वाह्य रूपमा खर्च गर्दछ । सम्पूर्ण प्रशंसा ईश्वरकै लागि हुन् तर अधिकांश मानिसहरू जान्दैनन् ।

७६- ईश्वर अर्को उदाहरण दिनुहुन्छ । दुई जना व्यक्तिहरू छन् जसमध्ये एकजना लाटो छ, कुनै काम गर्न सक्दैन, ऊ आफ्नो मालिकमाथि बोझ छ । उसलाई जता पठाए पनि उसले कुनै ठीक कार्य गरेर आउँदैन । के यस्तो व्यक्ति त्यस व्यक्ति समान हुन सक्छ जो न्यायको शिक्षा दिन्छ र सीधा मार्गमा छ ?!

७७- आकाशहरू र पृथ्वीका गोप्य कुराहरू ईश्वर कै लागि हुन् । महाप्रलयको मामिला पलभरमा वा त्योभन्दा पनि छिटो हुनेछ । निस्सन्देह ईश्वर प्रत्येक कार्यको सामर्थ्य राख्नुहुन्छ ।

७८- ईश्वरले तिमीहरूलाई तिमीहरूका आमाहरूका गर्भबाट निकाल्नु भयो । तिमीहरू केही पनि जान्दैन थियो । उहाँले तिमीहरूका लागि कान, आँखा र मन-मस्तिष्क बनाउनुभयो ताकि तिमीहरू आभार प्रकट गर ।

७९- के मानिसहरूले चराहरूलाई देखेनन् कि तिनीहरू आकाशको अन्तरिक्षमा नियन्त्रणमा रहन्छन् ? ईश्वरले मात्र तिनीहरूलाई थाम्नु भएको छ । निस्सन्देह त्यसमा निशानीहरू छन् आस्था ल्याउनेहरूका लागि । ८०- ईश्वरले तिमीहरूका घरहरूलाई शान्तिमय बनाउनुभयो र तिमीहरूका लागि जनावरहरूका छालाहरूबाट घर बनाउनुभयो जसलाई तिमीहरू यात्रा

गर्दा र बस्दा हलुका अनुभव गर्छौ । ईश्वरले नै तिमीहरूका लागि तिनीहरूका ऊन, रौं तथा कपाललाई एक अवधिको लागि घरका सामानहरू र फाइदा-जनक वस्तुहरू बनाउनुभयो ।

८१- ईश्वरले तिमीहरूका लागि आफूले सृष्टि गर्नुभएका वस्तुहरूका छायाँहरू बनाउनु भयो, तिमीहरूका लागि पहाडहरूमा लुक्ने ठाउँहरू बनाउनुभयो, यस्ता वस्त्रहरू बनाउनुभयो जसले तिमीहरूलाई गर्मी बाट बचाउँछन् र यस्ता वस्त्रहरू पनि बनाउनुभयो जसले तिमीहरूलाई युद्धमा सुरक्षित राख्छन् । यसरी ईश्वरले तिमीहरूमाथि आफ्ना वरदानहरू पूरा गर्नु हुन्छ, ताकि तिमीहरू आज्ञाकारी बन ।

८२- यदि तिनीहरू विमुख हुन्छन् भने तपाईंको जिम्मेवारी स्पष्टरूपमा पुर्याइ दिनु मात्र हो । ८३- तिनीहरू ईश्वरको वरदानहरूलाई चिन्दछन् अनि त्यस इन्कार गर्छन् । तिनीहरूमध्ये अधिकांश कृतघ्न छन् ।

८४- जुन दिन हामीले हरेक समुदायबाट एक जना गवाह खडा गर्नेछौं, फेरि इन्कार गर्नेहरूलाई मार्गदर्शन गरिने छैन न तिनीहरूसित प्रायश्चित गर्न भनिनेछ । ८५- जब अत्याचारीहरू यातनालाई देख्नेछन् तब तिनीहरूको यातना हलुका गरिने छैन र तिनीहरूलाई मौका पनि दिइने छैन ।

८६- जब बहुदेववादीहरूले परलोकमा आफूले साझेदार ठहर गरेकाहरूलाई देख्नेछन् तब भन्नेछन्- हे हाम्रा पालनकर्ता ! यिनीहरू हुन् ती साझेदारहरू जसलाई हामीहरू तपाईंलाई छोडेर पुकार्ने गर्थ्यौं । तब तिनीहरूले यो कुरा उनीहरूमाथि थुपार्नेछन् कि तिमीहरू झूठा हौ । ८७- त्यस दिन तिनीहरू ईश्वरसमक्ष निहुरन्छन् र तिनीहरूले रचेका कुराहरू तिनीहरूबाट गुम्नेछन् । ८८- जुन मानिसहरूले इन्कार गरे र मानिसहरूलाई ईश्वरको मार्गबाट रोके, हामीले तिनीहरूको यातनामाथि अझ बढी यातना थप्नेछौं, तिनीहरूले मच्चाएको आतंकको कारणले ।

८९- जुन दिन हामी प्रत्येक समुदायमा एक जना साक्षी उनीहरूमध्येबाट खडा गर्नेछौं र तपाईंलाई यिनीहरूमाथि साक्षीको रूपमा खडा गर्नेछौं । हामीले

तपाईंमाथि किताब अवतरण गरेका छौं हरेक कुरालाई स्पष्ट पार्नको लागि । यो मार्गदर्शन, दया र शुभसूचना हो आज्ञाकारीहरूका लागि ।

९०- निस्सन्देह ईश्वर आदेश दिनुहुन्छ निसाफको, उपकारको, नातेदारहरूमाथि खर्च गर्ने कार्यको । ईश्वर मनाहि गर्नु हुन्छ अश्लील कार्य, दुष्कर्म र उद्दण्डताबाट । ईश्वर तिमीहरूलाई उपदेश दिनुहुन्छ ताकि तिमीहरूले उपदेश ग्रहण गर ।

९१- तिमीहरूले ईश्वरसित गरेका वाचाहरू पूरा गर, ईश्वरसित खाएको कसमलाई पक्का गरेपछि न तोड, जब कि तिमीहरूले ईश्वरलाई जमानत दिने वाला पनि बनाइ सकेका छौ । निस्सन्देह ईश्वर जान्नु हुन्छ जो तिमीहरू गर्छौ । ९२- तिमीहरू त्यो महिला जस्तो न बन, जसले अति परिश्रम गरेर तयार पारेको धागोलाई आफैं टुक्रा-टुक्रा पारिन् । तिमीहरू आफ्ना कसमलाई एक परस्पर फसाद उत्पन्न गर्ने साधन बनाउँछौ ताकि एक गरोह अर्को गिरोहभन्दा बढी होस् । ईश्वर यस माध्यमबाट तिमीहरूको परीक्षा लिनुहुन्छ र महाप्रलयको दिन त्यस कुरालाई तिमीहरूमाथि राम्ररी स्पष्ट पार्नुहुनेछ जसमा तिमीहरू मतभेद गर्दैछौ ।

९३- यदि ईश्वरले चाहनुभएमा सबै मानिसहरूलाई एउटै समुदाय बनाउनुहुने थियो, तर उहाँले जसलाई चाहनुहुन्छ पथभ्रष्ट गर्नुहुन्छ र जसलाई चाहनुहुन्छ सीधा मार्ग देखाउनुहुन्छ । तिमीहरूसित अवश्य तिमीहरूका कर्महरूबारे सोध पूछ हुनेछ ।

९४- तिमीहरू आफ्ना कसमहरूलाई आपसमा धोका दिने साधन न बनाउ कि तिमीहरूका पाउहरू सीधा मार्गमा स्थिर भएपछि पुनः चिप्लन पुगोस् । यस्तो न होस् कि तिमीहरू यस कुराको यातनाको स्वाद चाख कि तिमीहरूले मानिसहरूलाई ईश्वरको मार्गबाट रोक्यौ । तिमीहरूका लागि ठूलो यातना छ । ९५- ईश्वरसित गरेका वाचालाई तुच्छ मूल्यमा न बेच । जे जति ईश्वरकहाँ छ ती सबै तिमीहरूका लागि उत्तम छ यदि तिमीहरू जान्दछौ ।

९६- जे जति तिमीहरूसँग छन् ती सबै समाप्त हुनेछन् र जे जति ईश्वरसँग छन्

ती सबै बाँकी रहनेछन् । जुन मानिसहरूले धैर्य गर्नेछन् हामीले उनीहरूले गरेका सत्कर्महरूको बदला अवश्य दिनेछौं । ९७- पुरुष होस् वा महिला जसले पनि सत्कर्म गर्छ हामीले अवश्य नै उसलाई सुखमय जीवन प्रदान गर्नेछौं यस शर्तमा कि ऊ आस्थावान होस् । जे जति उसले गरि राख्यो त्यसको उत्तम बदला हामीले दिनेछौं ।

९८- जब तिमीहरू कुर्आनको पाठ सुरु गर्छौ तब तिरस्कृत शैतानबाट ईश्वरको शरण माग्ने गर । ९९- शैतानको वश ती मानिसहरूमाथि चल्दैन जो आस्था ल्याएको हुन्छ र ईश्वरमाथि भरोसा गर्छ । १००- शैतानको वश मात्र यस्ता व्यक्तिहरूमाथि चल्छ जो ऊसित सम्बन्ध राख्छन् र जो ईश्वरको लागि साझेदार ठहर गर्छन् ।

१०१- जब हामी एउटा श्लोकको स्थानमा अर्को श्लोक ल्याउँछौं -ईश्वर राम्ररी जान्नुहुन्छ जो उहाँ अवतरित गर्नुहुन्छ- तब नकार्नेहरू भन्छन्- तिमी झूठो छौ । तर तिनीहरूमध्ये अधिकांश मानिसहरू ज्ञान राख्दैनन् । १०२- भनिदिनुहोस्- यसलाई रूहुल कुदुस् (माह देवदूत जिब्रील) ले तपाईंका पालनकर्ताको तर्फबाट सत्यका साथ अवतरण गरेका छन्, ताकि ईश्वरले आस्थावानहरूलाई अडिग राखुन् र त्यो मार्गदर्शन तथा शुभसूचना होस् आज्ञाकारीहरूका लागि ।

१०३- हामीलाई थाहा छ कि तिनीहरू भन्छन्- यसलाई एकजना व्यक्तिले सिकाउँछ । तिनीहरूको सङ्केत जुन व्यक्तितर्फ छ उसको भाषा त गैर-अरबी हो र यो कुर्आन स्पष्ट अरबी भाषामा छ । १०४- वास्तवमा जुन व्यक्तिहरू ईश्वरका श्लोहरूमाथि आस्था राख्दैनन् ईश्वरले कहिले पनि तिनीहरूलाई मार्गदर्शन गर्नुहुन्न र तिनीहरूका लागि दुःखदायी यातना छ । १०५- झूठ त तिनीहरू रच्छन् जो ईश्वरका श्लोकहरूमा आस्था राख्दैनन् । यिनीहरू नै झूठा हुन् ।

१०६- जो व्यक्ति आस्था ल्याएपछि ईश्वरको इन्कार गर्छ, सिवाय त्यसको जसमाथि जबजस्ती गरिएको होस् यस शर्तमा कि उसको मन आस्थामा अडिग

होस्, तर जो व्यक्ति खुल्ला मनले इन्कार गर्छ यस्तो व्यक्तिमाथि ईश्वरको क्रोध अवतरण हुन्छ र उसलाई ठूलो सजाय दिइनेछ। १०७- यो यस कारणले कि उसले सांसारिक जीवनलाई परलोकमाथि प्राथमिकता दियो । ईश्वर नकार्नेहरूलाई मार्गदर्शन गर्नुहुन्न । १०८- तिनीहरू यस्ता मानिसहरू हुन् ईश्वरले जसका हृदयहरू, कानहरू र आँखाहरूमाथि मोहर लगाउनुभयो । तिनीहरू बिल्कुलै असावधान छन्। १०९- अवश्य नै तिनीहरू महाप्रलयको दिन घाटा बेहोर्ने छन्।

११०- निस्सन्दे तपाईंका पालनकर्ता दयावान र क्षमाशील हुनुहुन्छ ती मानिसहरूका लागि जसले परीक्षामा हालिएपछि पलायन गरे, फेरि धर्म-युध्द गरे र कायम रहे। १११- त्यस दिन प्रत्येक व्यक्ति आफ्नै बचाव गर्दै हाजिर हुनेछ। प्रत्येक व्यक्तिलाई उसको कर्मको पूरा पूरा बदला प्रदान गरिनेछ र उनीहरूमाथि अत्याचार गरिने छैन।

११२- ईश्वर बस्ती वालाको उदाहरण प्रस्तुत गर्नुहुन्छ जो शान्त थियो र चारैतिरबाट खाद्य-सामग्री प्रशस्त मात्रामा सजिलै त्यहाँ आइरहेको थियो। तर तिनीहरूले ईश्वरको वरदानहरूप्रति कृतघ्नता देखाए अनि ईश्वरले तिनीहरूलाई तिनीहरूको कुकर्मले गर्दा भोक र त्रासको स्वाद चखाउनुभयो। ११३- उनीहरूसमक्ष उनीहरूमध्येबाट एकजना रसूलको आगमन भयो । तर तिनीहरूले उहाँलाई झूठा ठहर गरे। अनि तिनीहरूलाई भोक र त्रासले समात्यो। तिनीहरूले आफैंमाथि अत्याचार गरे।

११४- ईश्वरले जेजति वैध र पवित्र जीविका तिमीहरूलाई प्रदान गर्नुभएको छ त्यसबाट खाउ र ईश्वरको वरदानप्रति आभार प्रकट गर यदि तिमीहरू उहाँको भक्ति गर्छौ भने। ११५- ईश्वरले तिमीहरूका लागि मरेका जनावर, बगेको रगत, सुँगुरको मासु, ईश्वर बाहेक अन्य कसैको नाम लिइएर बध गरिएका जनावरहरूलाई अवैध गर्नुभएको छ। तर कोही विवश भयो, उसले अनिच्छापूर्वक र सीमा उल्लङ्घन नगरीकन खायो भने ईश्वर अति क्षमाशील हुनुहुन्छ।

११६- आफ्नो जिब्राले रचेका झूठो बोल्दै यो वस्तु वैध हो र यो वस्तु अवैध हो न भन कि तिमीहरूले ईश्वरमाथि झूठो आरोप लगाउ। जुन मानिसहरू ईश्वरविरुद्ध झूठो आरोप लगाउँछन् तिनीहरू सफल हुन सक्दैनन्। ११७- तिनीहरू थोरै फाइदा उठाइ हालुन् त्यसपछि तिनीहरूका लागि दुःखदायी यातना छ।

११८- यहूदीहरूका लागि जुन वस्तुहरू हामीले हराम गर्यौं त्यसको वर्णन यसअघि गरि सकेका छौं। हामीले तिनीहरूमाथि अत्याचार गरेनौं बरु तिनीहरू स्वयम् आफैंमाथि अत्याचार गर्दै राखे।

११९- ईश्वर यस्ता मानिसहरूलाई माफ गर्नुहुन्छ र दया गर्नुहुन्छ जसले अन्जानमा दुष्कर्म गरे फेरि प्रायश्चित गरेर आफ्नो कर्मको सुधार गरे।

१२०- निस्सन्देह इब्राहीम छुट्टै एउटा समुदाय थिए। ईश्वरको आज्ञापालन गर्ने र एकाग्र उनी कदापि साझेदार ठहर गर्नेहरूमध्ये थिएनन्। १२१ उनी ईश्वरका वरदानहरूप्रति कृतज्ञ थिए। ईश्वरले उनलाई रोज्नु भयो। ईश्वरले उनलाई सीधा मार्ग देखाउनु भयो। १२२- हामीले उनलाई लोकमा भलाइ प्रदान गर्यौं र परलोकमा पनि उनी राम्रा मानिसहरूमध्ये हुनेछन्। १२३- फेरि हामीले तपाईंतर्फ प्रकाशना गर्यौं- इब्राहीमको तरिकाको अनुसरण गर, जो एकाग्र थिए र साझेदार ठहर गर्नेहरूमध्ये थिएनन्।

१२४- शनिबार ती मानिसहरूमाथि नै अनिवार्य गरिएको थियो, जसले त्यसमा विभेद गरेका थिए। निस्सन्देह तपाईंका पालनकर्ताले महाप्रलयको दिन तिनीहरूबीच निर्णय गर्नुहुनेछ जुन कुरामा तिनीहरू विभेद गर्दै थिए। उहाँले तिनीहरूलाई तिनीहरूका कर्म अनुसार बदला दिनुहुनेछ।

१२५- तपाईं मानिसहरूलाई ईश्वरको मार्गतर्फ विवेक तथा राम्रो उपदेशका साथ आह्वान गर्नुहोस् र उनीहरूसंग राम्रो तरिकाले वाद विवाद गर्नुहोस्। निस्सन्देह तपाईंका पालनकर्ता राम्ररी जान्नुहुन्छ को उहाँको मार्गबाट पथभ्रष्ट भएका छन् र को सीधा मार्गमा छन्।

१२६- यदि तिमीहरू बदला लिन चाहन्छौ भने त्यही हदसम्म लेउ जति तिमीहरूमाथि अत्याचार गरिएको छ । यदि तिमीहरू धैर्य गर्छौ भने यो धैर्यवानहरूका लागि झन् राम्रो हुनेछ । १२७- धैर्य गर्नुहोस्, तपाईभित्र उहाँकै कृपाले धैर्य छ । तिनीहरूले गरेको चलखेलप्रति मन सानो न पार्नुहोस् । १२८- निस्सन्देह ईश्वर त्यस्ता व्यक्तिहरूका साथ हुनुहुन्छ जो ईशभय राख्छन् र पुण्य कर्म गर्ने वाला हुन् ।

## सूरह अल्-इस्रा- १७

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- पवित्र ईश्वर जसले आफ्ना भक्त (मुहम्मद) लाई एक रात प्रतिष्ठित मस्जिद (काबा) देखि बैतुल मक्दिसको भ्रमण गराउनुभयो, जसको वरिपरिलाई हामीले बर्कतमय तुल्यायौं, ताकि तिनीहरूलाई आफ्ना निशानीहरू देखाऔं । निस्सन्देह ईश्वर सर्वश्रोता सर्वद्रष्टा हुनुहुन्छ । २- हामीले मूसा लाई  किताब प्रदान गर्यौं र त्यसलाई बनी इस्राईलका लागि मार्गदर्शक बनायौं, (र भन्यौं-) मबाहेक अरू कसैलाई आफ्नो सहयोगी नबनाऊ । ३- तिमीहरू ती मानिसहरूका सन्तान हौ जसलाई हामीले नूह सँग डुङ्गामा सवार गरेका थियौं । उनी ईश्वरप्रति धेरै आभार व्यक्त गर्थे ।

४- हामीले बनी इस्राईललाई किताबमा बताएका थियौं- तिमीहरूले धर्ती (सिरिया) मा दुई पटक आतङ्क मच्चाउनेछौ र अति घमण्ड गर्नेछौ । ५- फेरि जब तीमध्ये पहिलो वाचा आयो तब हामीले तिनीहरूमाथि शक्तिशाली भक्तहरूलाई तैनात गर्यौं, तिनीहरूको घरहरूभित्र पसे र यसरी ईश्वरको वचन पूरा भयो । ६- फेरि हामीले तिमीहरूको पालो तिनीहरूमाथि फर्कायौं र धन-सम्पत्ति र सन्तानबाट तिमीहरूको मद्दत गर्यौं र तिमीहरूको जत्था ठूलो बनायौं ।

७- यदि तिमीहरूले राम्रो कर्म गर्छौ भने आफ्नै भलो गर्छौ। यदि तिमीहरूले कुकर्म गर्छौ भने आफ्नै कुभलो गर्नेछौ। फेरि जब तिमीहरूको दोस्रो वाचाको समय आयो तब हामीले शक्तिशाली भक्तहरूलाई तिमीहरूमाथि तैनाथ गर्यौं ताकि तिमीहरूको अनुहारहरूलाई बिगारुन्। तिनीहरू मस्जिद (बैतुल्-मक्दिस) मा पसुन् जसरी तिनीहरू पहलो पटक पसेका थिए। अनि जुन वस्तुहरूमाथि तिनीहरूको वश चलोस् ती सबैलाई तहस नहस पारुन्। ८- सम्भवतः ईश्वरले तिमीहरूमाथि दया गरुन्। यदि तिमीहरू त्यस्तै तर्छौ भने हामी पनि त्यस्तै गर्छौं। हामीले नर्कलाई नकार्नेहरूका लागि कारागार बनाएकाछौं।

९- वास्तवमा यो कुर्आन त्यो मार्ग देखाउँछ जो एकदम सीधा छ। यसले सत्कर्मी मोमिनहरूलाई ईश्वरको तर्फबाट महान बदलाको शुभ-सूचना दिन्छ। १०- महाप्रलयमाथि ईमान न ल्याउनेहरूलाई हामीले दुःखदायी यातना तयार पारेका छौं।

११- मानव कुभलोको लागि यसरी प्रार्थना गर्छ जसरी आफ्नो भलोको लागि प्रार्थना गर्नु पर्ने थियो। वास्तवमा मानवमा हतार गर्ने बानि बसेको छ। १२- हामीले रात र दिनलाई दुईवटा निशानी बनाएकाछौं। फेरि हामी रातलाई (अँध्यारो बनाएर) मेटायौं र दिनको निशानीलाई प्रकाशमय बनायौं। ताकि तिमीहरूले आफ्नो जीविका खोज, र वर्षहरूको संख्या, हिसाब राख। हामीले प्रत्येक वस्तुलाई विस्तृतरूपमा वर्णन गरेकाछौं।

१३- हामीले प्रत्येक मनुष्यको भाग्य उसको गर्धनमा झुण्ड्याइ दिएका छौं। महाप्रलयको दिन उसको लागि हामीले एउटा कर्म-पत्र निकाल्नेछौं जसमा उसले गरेका सबै कर्महरूलाई खुल्लारूपमा पाउनेछ। १४- (हामीले भन्नेछौं-) पढ आफ्नो कर्म-पत्र। आफ्नो हिसाब लिको लागि आफैं पर्याप्त छौ। १५- जसले मार्गदर्शनको प्राप्त गर्छ आफ्नै लागि गर्छ। जो पथभ्रष्ट हुन्छ, आफ्नै हानि गर्छ।

कोही भारी बोकनेले अरू कसैको भारी बोक्ने छैन । जबसम्म हामी कुनै रसूल पठाउँदैनौं तबसम्म त्यसलाई यातना दिंदैनौं ।

१६- जब हामी कुनै गाऊँलाई नष्ट गर्ने चाहना गर्छौं तब त्यहाँका सम्पन्न मानिसहरूलाई आदेश दिन्छौं तर तिनीहरू अज्ञा गर्छन् । अनि तिनीहरूमाथि हाम्रो आदेश लागु हुन्छ । अन्ततः हामी त्यस गाउँलाई पूर्ण रूपमा नष्ट गरिदिन्छौं । १७- नूह पछि हामीले कतिपय समुदायहरूलाई नष्ट पारिदियौं । तपाईंका पालनकर्ता आफ्ना भक्तहरूको पापहरूलाई जान्न र हेरचाहको लागि पर्याप्त हुनुहुन्छ ।

१८- जुन मानिसहरू चाँडै प्राप्त हुने (सांसारिक) लाभ चाहन्छन्, हामीले तिनीहरूमध्ये जसलाई जति चाहन्छौं प्रदान गर्छौं । तर उसको लागि नर्क लेखिदिएका छौं, जसमा तिनीहरू नराम्रो अवस्थामा फ्याँकिनेछन् । १९- जुन मानिसहरू ईमान राखेर परलोकको लागि चाहेको प्रयत्न गर्छन्, त्यस्ता सबै मानिसहरूको प्रयन्त स्वीकार्य हुनेछ ।

२०- हे रसूल हामीले (दुष्कर्मी र सत्कर्मी) सबैलाई आफ्नो वरदान निरन्तर प्रदान गर्नेछौं । यो संसारमा कसैलाई पनि तपाईंको पालनकर्ताको वरदानबाट वञ्चित गरिने छैन । २१- (हे रसूल सल्लल्लाहु अलैहि व सल्लम !) हेर्नुहोस्- कसरी हामीले एकलाई अर्कामाथि प्राथमिकता प्रदान गरेकाछौं । निस्सन्देह परलोक आफ्नो दर्जा तथा महत्वमा लोकभन्दा महान छ ।

२२- ईश्वरसँग अन्य कसैलाई पूज्य नबनाऊ । यसो गर्छौ भने तिमी तिरस्कृत र अपमानित हुनेछौ । कोही सहयोगी पनि हुने छैन । २३- तिम्रा पालनकर्ताले निर्णय गर्नुभएको छ- ईश्वरबाहेक कसैको भक्ति नगर, आमा बुवासँग राम्रो व्यवहार गर । यदि ती दुवैमध्ये एक वा दुवै बुढेसकालमा पुग्छन् भने उनीहरूलाई उफ् ! समेत नभन, न उनीहरूलाई हप्काऊ बरु उनीहरूसित आदरपूर्वक कुरा गर । २४- आमा बुवासँग उत्कृष्ट व्यवहार गर र यसरी प्रार्थना गर- हे मेरा पालनकर्ता ! उनीहरूमाथि दया गर्नुहोस् । किनभने उनीहरूले बाल्यकालमा मेरो पालनपोषण गरेका थिए ।

२५- तिमीहरूको मनमा भएका कुराहरूसित ईश्वर राम्ररी अवगत हुनुहुन्छ । यदि तिमीहरू संयमी रहन्छौ भने तौबा गर्नेहरूलाई ईश्वरले माफ गर्नुहुन्छ ।

२६- नातेदार, दीन-दुःखी र यात्रामा अलपत्र परेकाहरूलाई उनीहरूका हक-अधिकार प्रदान गर र अपव्याय नगर । २७- अपव्याय गर्नेहरू शैतानका भाइबन्धु हुन् । शैतान आफ्ना पालनकर्ताप्रति बेगुणी छन् । २८- यदि तिमीहरूले आफ्ना पालनकर्ताको वैभवको प्रतीक्षामा उनीहरूलाई नजरअन्दाज गर्नुपर्छ भने उनीहरूसँग नम्रताका साथ कुरा गर । यसको तिमीहरू आशा राख्छौ ।

२९- आफ्नो हात न त गर्धनसित बाँध र न पूरा खुल्ला छोडिदेउ (खर्च गर्नमा न त कन्जुस्याइँ गर न अनावश्यक खर्च गर) । यसो गर्छौ भने तिमीहरू निन्दनीय र लाचार बन्नेछौ । ३०- निस्सन्देह तपाईँका पालनकर्ता जसलाई चाहनुहुन्छ धेरै जीविका प्रदान गर्नुहुन्छ र जसलाई चाहनुहुन्छ कम जीविका प्रदान गर्नुहुन्छ । निस्सन्देह उहाँ आफ्ना भक्तहरूलाई जान्नेवाला देख्नेवाला हुनुहुन्छ ।

३१- तिमीहरूले गरीबीको आशङ्काले आफ्ना सन्तानको हत्या नगर । हामी नै उनीहरूलाई जीविका प्रदान गर्नेछौं र तिमीहरूलाई पनि जीविका प्रदान गर्छौं । निस्सन्देह उनीहरूको हत्या महापाप हो । ३२- व्यभिचारको नजिक पनि नजाउ, किनभने यो अति अश्लील कार्य र घृणित बाटो हो ।

३३- ईश्वरले सम्मानित पार्नुभएको मानिसको हत्या नगर, तर हकका साथ । यदि कोही अत्याचारपूर्ण तरिकाले कसैको हत्या गर्छ भने हताहत भएको व्यक्तिको अभिभावकलाई अधिकार दिएकाछौँ । तर अभिभावकलाई ज्यादती गर्ने अधिकार छैन, उसको मद्दत गरिनेछ ।

३४- टुहुराको धन-सम्पत्ति नजिक नजाऊ, तर राम्रो तरिकाले । यहाँसम्म कि ऊ परिपक्व हुन पुगोस् । वाचाहरूलाई पूरा गर, निस्सन्देह वाचाबारे सोध-पूछ हुनेछ । ३५- अरूलाई नापतौल गरेर दिंदा पूरा नापतौल गरेर दिने गर र सही तराजुले जोख्ने गर । यो उचित तरिका हो र यसको परिणाम पनि उत्तम हो ।

३६- ज्ञान नभएको कुराको पछि नलाग । निस्सन्देह कान, आँखा र हृदयका बारेमा सोध-पूछ गरिनेछ । ३७- धर्तीमा घमण्ड गर्दै नहिँड । न त तिमीले धर्तीलाई चिर्न सक्दैनौ र न उँचाइमा पहाड बराबर हुन सक्छौ । ३८- यी सबै कार्यहरू तिम्रा पालनकर्ताले मन पराउनुहुन्न ।

३९- (हे रसूल (सल्लल्लाहु अलैहि व सल्लम !) यी ती विवेकाका कुराहरू हुन् जो तपाईँका पालनकर्ताले तपाईँतर्फ वही गर्नुभएको छ । ईश्वरसित अन्य कसैलाई पूज्य नबनाऊ, अन्यथा तिमी धिक्कारिएर नर्कमा होमिनेछौ । तिमीमाथि तिम्रो आत्माले पनि धिक्कार्नेछ र मानिसहरूले पनि धिक्कार्नेछन् । तिमी सबै किसिमका भलाइबाट टाढा पारिनेछौ ।

४०- के ईश्वरले तिमीहरूलाई छोरा छानेर प्रदान गर्नुभएको छ र आफ्नो लागि फरिश्ताहरूमध्ये छोरी बनाउनु भएको छ ? निस्सन्देह तिमीहरू अति आपत्तिजनक कुरा गर्छौ । ४१- हामीले यस कुर्आनमा विभिन्न तरिकाबाट वर्णन गरेकाछौं ताकि मानिसहरूले उपदेश ग्रहण गरुन् । तर तिनीहरू गसबमट भाग्ने गर्छन् । ४२- भनिदिनुहोस्- तिनीहरूको दावी अनुसार यदि ईश्वरसँग अन्य ईश्वरहरू पनि भएका भए तिनीहरूले अवश्य सिंहासनको मालिक ईश्वरसम्म पुग्न कुनै न कुनै मार्ग खोजेर निकाल्ने थिए । ४३- बहुदेववादीहरूले आरोप लगाएको कुराहरूबाट ईश्वर पवित्र र महान हुनुहुन्छ । ४४- सातौँ आकाश, पृथ्वी र तिनीहरूबीच रहेका सम्पूर्ण सृष्टिहरू ईश्वरको पवित्रताको गुणगान र प्रशंसा गर्दैछन् । ईश्वरको पवित्रताको गुणगान र प्रशंसा न गर्ने कुनै पनि वस्तु छैन तर तिमीहरू त्यसलाई बुझ्दैनौ । निस्सन्देह ईश्वर सहनशील क्षमाशील हुनुहुन्छ ।

४५- जब तपाईं कुर्आनको पाठ गर्नुहुन्छ तब हामीले तपाईं र महाप्रलयको दिनमाथि ईमान नराख्ने बहुदेववादीहरूबीच एउटा पर्दा कायम गरिदिन्छौं । ४६- हामीले तिनीहरूका हृदयलाई पर्दाले ढाकिदिन्छौं ताकि तिनीहरू कुर्आन बुझ्नै नसकुन् र तिनीहरूका कान बहिरो पारिदिन्छौं ताकि तिनीहरू त्यसलाई

सुन्न नसकुन् । जब तपाईंले कुर्आनमा मात्र एक पालनकर्ताको चर्चा गर्नुहुन्छ तब तिनीहरू घिर्णा गर्दै पिठ्यूँ फर्काउँछन् ।

४७- तिनीहरू कुन मनशायले कुर्आन सुन्छन् र परस्पर कानेखुसी गर्छन् भन्ने कुरालाई हामी राम्ररी जान्दछौं । यी अत्याचारीहरू भन्छन्-तिमीहरू मात्र एकजना जादूपीडित व्यक्तिको अनुसरण गर्छौं । ४८- हर्नुहोस् तिनीहरूले तपाईंको बारेमा कति नराम्रा उदाहरण दिन्छन् । तिनीहरू पथभ्रष्ट भए र सत्मार्ग पाउन सकेनन् ।

४९- बहुदेववादीहरूले भने- के जब हामी मरेर सडेर करङ्ग र हड्डी मात्र हुनेछौं तब हामीलाई पुनः जीवित पारिने छ त ? ५०- भनिदिनुहोस्- तिमीहरू ढुङ्गा बन वा फलाम । ५१- वा अन्य कुनै वस्तु जो यी दुवैभन्दा कडा होस् । यिनीहरूले भन्नेछन्- मृत्युपछि हामीहरूलाई कसले जीवित पार्नुहुनेछ त ? भनिदिनुहोस्- जसले तिमीहरूलाई पहिलो पटक सृष्टि गर्नुभयो उहाँले नै दोस्रो पटक पनि सृष्टि गर्नुहुनेछ । तपाईंको जवाफ पछि टाउको हल्लाउँदै सोध्नेछन्- यो कहिले हुनेछ ?! भनिदिनुहोस्- यो चाँडै नै हुनेछ भन्ने कुरालाई अचम्म मान्नु हुँदैन । ५२- ईश्वरले तिमीहरूलाई जुन दिन बोलाउनुहुनेछ, तिमीहरूले उहाँको प्रशंसा गर्दै हाजिर हुनेछौ । त्यस दिन तिमीहरूले संसारमा थोरै दिन बिताएका छौ भन्ने अनुमान गर्नेछौ ।

५३- मेरा भक्तहरूलाई भनिदिनुहोस्- उनीहरूले राम्रो कुरा मात्र गर्ने गरुन् । वास्तवमा शैतानले मानवहरूबीच भट्भैलो उत्पन्न गर्छ । निश्चय नै शैतान मानवको खुल्लम खुल्ला शत्रु हो ।

५४- तिमीहरूका पालनकर्ता तिमीहरूलाई राम्ररी जान्नुहुन्छ । उहाँले चाहनुभएमा तिमीहरूलाई यातना दिनुहुनेछ । हामीले तपाईंलाई मानिसहरूका जिम्मेबार बनाएर पठाएका छैनौ । ५५- आकाशहरू र पृथ्वीमा रहेका सबै वस्तुहरूसँग तपाईंका पालनकर्ता राम्ररी अवगत हुनुहुन्छ । हामीले केही

सन्देष्टाहरूलाई अन्य केही सन्देष्टाहरूमाथि श्रेष्ठता प्रदान गरेकाछौं । हामीले नै दाऊद लाई जबूर नामक किताब प्रदान गरेकाछौं ।

५६- भनिदिनुहोस्- तिमीहरू पुकार जसलाई तिमीहरूले ईश्वर ठानेका छौ । तिनीहरू न त तिमीहरूको कष्ट निवारण गर्न सक्छन् न त्यसलाई सारेर अन्य कसैसम्म पुर्याउन सक्छन् । ५७- तिनीहरू जसलाई पुकार्छन् उनीहरू स्वयम् आफ्ना पालनकर्ताको निकटता प्राप्त गर्न खोज्दछन् कि को उहाँसित बढी निकट हुन्छन् । उनीहरू ईश्वरको दयाको आशा राख्छन् र उहाँको यातनाबाट डराउँछन् । वास्तवमा तपाईंका पालनकर्ताको यातना एकदमै डरलाग्दो छ ।

५८- यस्तो कुनै गाऊँ वा शहर छैन, जसलाई हामीले महाप्रलयअघि ध्वस्त पार्दैनौँ वा यातना दिदैनौँ । यो कुरा किताब (सुरक्षित पेटिका) मा लिपीबद्ध छ ।

५९- हामीलाई निशानीहरू पठाउनबाट मात्र यस कुराले रोक्यो कि बितेका मानिसहरूले झूठो ठहर गरे । हामीले समूद समुदायलाई सम्झाउनको लागि ऊँटनी प्रदान गरेका थियौं, तर तिनीहरूले त्यसमाथि अत्याचार गरे । हामीले तुरुन्तै प्रकोप पठाएर तिनीहरूलाई समात्यौं । हामी निशानीहरू मात्र डराउनको लागि पठाउँछौं ।

६०- जब हामीले तपाईँलाई भन्यौं- तपाईंका पालनकर्ताले मानिसहरूलाई आफ्नो घेरामा लिनुभएको छ । हामीले तपाईंलाई जे जति सपनामा देखायौं त्यो मानिसहरूका लागि परीक्षा थियो । कुर्आनमा तिरस्कृत गरिएको यो (सिउँडी) को रूखलाई पनि मानिसहरूका लागि परीक्षा बनायौं । हामी तिनीहरूलाई डराउँदैछौं तर तिनीहरूको उद्दण्डतामा नै वृद्धि हुन्छ ।

६१- जब हामीले फरिश्ताहरूलाई भन्यौं- आदम लाई सज्दा गर । तब सबैले सज्दा गरे, तर इब्लीसले सज्दा गर्न इन्कार गर्यो र भन्यो- के म यस्तो व्यक्तिलाई सज्दा गरूँ जसलाई तपाईंले माटोबाट सृष्टि गर्नुभयो । ६२- इब्लीसले भन्यो- अलि हेर्नुस्, यो व्यक्ति जसलाई ममाथि श्रेष्ठता प्रदान गर्नुभएको छ यदि तपाईंले मलाई

केही दिनसम्म अवसर दिनुहुन्छ भने केही बाहेक उसका सबै सन्तानलाई सखाप पारिदिन्छु । मेरो बहकावाबाट तपाईंका थोरै असल भक्तहरू सुरक्षित रहनेछन् जसलाई तपाईंले जोगाउनुहुनेछ ।

६३- ईश्वरले भन्नुभयो- तिमी जाऊ । तिनीहरूमध्ये तिम्रो अनुसरण गर्नेहरूको पूरा पूरा बदला नर्क हो । ६४- तिनीहरूमध्ये ज-जसमाथि तिम्रो वश चल्छ तिनीहरूलाई आफ्नो आवाजले बहकाऊ, तिनीहरूमाथि आफ्ना घोडसवार र पैदल तिनीहरूलाई आफ्नो आज्ञापालनको आह्वान गर, तिनीहरूका धन-सम्पत्ति तथा सन्तानमा साझेदार बन र झूठो वचन देऊ । शैतानको वचन धोका मात्र हुन्छ । ६५- मेरो भक्तहरूमाथि तिम्रो वश चल्ने छैन । सहयोगीको रूपमा ईश्वर पर्याप्त हुनुहुन्छ ।

६६- तिमीहरूका पालनकर्ता त्यो हुनुहुन्छ जसले समुद्रमा डुङ्गा गुड्न लगाउनुहुन्छ ताकि तिमीहरूले व्यापार इत्यादिद्वारा जीविका खोज । निस्सन्देह उहाँ तिमीहरूप्रति परम दयालु हुनुहुन्छ । ६७- जब समुद्रमा तिमीहरूमाथि सङ्कट आइलाग्छ तब तिमीहरूले पूजा गर्ने गरेका सबै देवी देवताहरूलाई बिर्सेर मात्र ईश्वरलाई मद्दतको लागि पुकार्छौ । जब उहाँले सुरक्षित ढङ्गले तिमीहरूलाई भूमितर्फ पुर्याइदिनुहुन्छ तब तिमीहरू उहाँबाट विमुख हुन्छौ । मानव ईश्वरप्रति बेगुणी छ ।

६८- जब ईश्वरले तिमीहरूलाई जलबाट जोगाएर थलमा ल्याउनुहुन्छ, के तिमीहरू यस कुराबाट निश्चिन्त हुन्छौ कि उहाँले तिमीहरूलाई धर्तीमा धँसाउनुहुनेछ वा तिमीहरूमाथि ढुङ्गा बर्साउनुहुनेछ । अनि तिमीहरूले कुनै सहयोगी पाउने छैनौ । ६९- के तिमीहरू यस कुराबाट पनि निश्चिन्त छौ कि ईश्वरले तिमीहरूलाई फेरि समुद्रमा फिर्ता लिएर जानुहुनेछ र तिमीहरूको इन्कारको कारणले भयानक आँधी पठाएर डुबाउनुहुनेछ ? त्यो बखत हामीसित सोधपूछ गर्नेवाला कोही हुने छैन ।

७०- हामीले आदम का सन्तानलाई सम्मानित तुल्याएकाछौं। तिनीहरूलाई हामीले थल तथा जलमा सवारी प्रदान गर्यौं। हामीले तिनीहरूलाई पवित्र जीविका प्रदान गर्यौं र धेरै सृष्टिहरूमाथि तिनीहरूलाई श्रेष्ठता प्रदान गर्यौं।

७१- जुन दिन हामीले प्रत्येक समूहलाई उनका अगुवासहित बोलाउनेछौं। अनि जसलाई उसको कर्म-पत्र दाहिने हातमा दिइनेछ ती व्यक्तिहरूले आफ्नो कर्म-पत्र पढ्नेछन्। उनीहरूसँग कण बराबर पनि बेइन्साफी गरिने छैन। ७२- जो व्यक्ति यस लोकमा अन्धो बनेर रहन्छ त्यो महाप्रलयको दिन पनि अन्धो बन्नेछ र मार्ग विहीन भएर रहनेछ।

७३- हामीले तपाईंमाथि अवतरण गरेको (कुर्आनको) वही (प्रकाशना) बाट यी बहुदेववादीहरूले तपाईंलाई उत्पीडनमा हालेर पथभ्रष्ट गर्ने आँट गरेका थिए ताकि तपाईंले हाम्रो नाममा आफ्नो तर्फबाट अन्य कुनै कुरा रचेर पेश गर्नुहोस् अनि तिनीहरूले पक्कै तपाईंलाई मित्र बनाउने थिए। ७४- यदि हामीले तपाईंलाई सत्यमाथि अडिग नपारेका भए तपाईंले तिनीहरूतर्फ केही हदसम्म झुक्नु हुन्थ्यो। ७५- अनि हामीले तपाईंलाई यस लोकमा पनि दुईगुणा (यातनाको) स्वाद चखाउने थियौं र परलोकमा पनि। अनि मेरो यातनाबाट जोगाउने कुनै सहयोगी पाउनुहुन्न थियो।

७६- नकार्नेहरू तपाईंलाई मक्काबाट निष्कासित गर्न बाध्य पार्दै थिए, तर ईश्वरले उनीहरूलाई रोक्नुभयो। यदि तिनीहरूले तपाईंलाई त्यहाँबाट निष्कासित गरेका भए तपाईंको निष्कासनपछि तिनीहरू केही दिन मात्र बस्न सक्ने थिए। ७७- जस्तो कि हाम्रो तरिका तपाईंभन्दा पहिले पठाएका आफ्ना रसूलहरूबमरे रहँदै आएको छ। तपाईंले हाम्रो सुन्नतमा कुनै परिवर्तन पाउनुहुन्न।

७८- नमाज कायम गर सूर्य ढल्केपछि, रात पूरै अंध्यारो हुञ्जेलसम्म।। फज्रमा कुर्आनको लामो पाठ गर। निस्सन्देह फज्रको पाठ प्रसिध्द हुन्छ।

७९- रातमा तहज्जुद पढ्ने गर्नुहोस्। यो तपाईंको लागि नफिल (अतिरिक्त)

नमाज हो । आशा छ तपाईंलाई मकामे महमूद (स्वर्गको उच्चतम स्थान) प्राप्त हुनेछ ।

८०- भन्नुहोस्- हे मेरा पालनकर्ता ! मलाई जहाँ पनि लिएर जानुहोस् र जहाँबाट पनि निकाल्नु होस् सत्यताका साथ निकाल्नुहोस् । आफ्नो तर्फबाट मलाई सहयोगी शक्ति प्रदान गर्नुहोस् । ८१- भन्नुहोस्- सत्यको विजय भयो र असत्य निर्मूल भयो । सत्यको अगाडि असत्य निर्मूल नै हुन्छ ।

८२- हामी कुर्आनमध्य अवतरण गरिरहेकाछौं जो उपचार हो । कुर्आन ती मोमिनहरूका लागि दया हो जो त्यस अनुसार कर्म गर्छन् । यसले अत्याचारीहरूको बर्बादीमा मात्र अभिवृद्धि गर्छ ।

८३- जब हामी मानवलाई वरदानहरू प्रदान गर्छौं तब ऊ विमुख हुन्छ र पिठ्यूँ फर्काउँछ । तर जब उसलाई कुनै कष्ट पुग्छ तब ऊ निराश हुन्छ । ८४- भनिदिनुहोस्- प्रत्येक आफ्नो तरिका अनुसार कार्य गर्छ । कुन व्यक्ति सीधा मार्गमा छ भन्ने कुरा ईश्वरले नै राम्ररी जान्नुहुन्छ ।

८५- नकार्नेहरू तपाईंसित रूह (आत्मा) को वास्तविकताबारे सोध्छन् । भनिदिनुहोस्- रूहको वास्तविकता ईश्वरलाई मात्र थाहा छ । तिमीहरू एकदमै कम ज्ञान दिइएको छ ।

८६- तपाईंतर्फ अवतरण गरेका वही (प्रकाशना) लाई हामीले पूर्णरूपमा समाप्त पार्न चाहेमा समाप्त पार्न सक्छौं । अनि तपाईंले कुनै सहयोगी पाउनुहुन्न । ८७- तर यो तपाईंको पालनकर्ताको कृपा । वास्तवमा ईश्वरले तपाईंमाथि ठुलो कृपा गर्नुभएको छ । ८८- भनिदिनुहोस्- यदि मनुष्य र जिन्न सबै भेला भएर यस कुर्आन जस्तो किताब ल्याउने प्रयास गरे पनि ल्याउन सक्ने छैनन् चाहे तिनीहरू आपसमा एक अर्काको सहयोग नै किन नगरुन् ।

८९- हामीले यस कुर्आनमा मानवका लागि हरेक प्रकारका विषयहरू विभिन्न तरिकाले प्रस्तुत गरेकाछौं । तर अधिकांश मानिसहरू इन्कारमै जमेका छन् ।

९०- बहुदेववादीहरूले भने- जबसम्म तपाईंले मक्काको भूमिबाट हाम्रो लागि सधैं बगि रहने मूल फुटाउनु हुन्न तबसम्म हामी तपाईंमाथि ईमान ल्याउँदैनौं। ९१- वा तपाईंसँग खजुर र अंगुरको यस्तो बगैंचा हुनुपर्छ जसको बीचमा धेरै नहरहरू जारी गर्नुहोस्। ९२- वा तपाईंले गरेको दावी अनुसार आकाशबाट टुक्रा खसाल्नुहोस् वा ईश्वर र फरिश्ताहरूलाई ल्याएर हाम्रा सामुन्ने साक्षातरूपमा खडा गर्नुहोस्। ९३- वा तपाईंको सुनको कुनै घर होस्। वा तपाईं आकाशमाथि चढ्नुहोस्। हामी तपाईंले चढेको कुरालाई पनि विश्वास गर्दैनौं जबसम्म तपाईंले त्यहाँबाट कुनै किताब अवतरण गर्नुहुन्न जसलाई हामी स्वयम् पढौं। भनिदिनुहोस्- मेरा पालनकर्ता पवित्र हुनुहुन्छ। म त अन्य रसूलहरू जस्तै मानव हुँ र ईश्वरका रसूल हुँ।

९४- मार्गदर्शन आएपछि तिनीहरूले भन्दै इन्कार गरे- के ईश्वरले एकजना मानवलाई हामीतर्फ रसूल बनाएर पठाउनुभयो त ?! ९५- भनिदिनुहोस्- यदि धर्तीमा फरिश्ताहरू निश्चिन्त भई हिंड्डुल र बसोबास गरेका भए हामीले तिनीहरूसमक्ष आकाशबाट कुनै फरिश्तालाई नै रसूल बनाएर पठाउने थियौं। ९६- भनिदिनुहोस्- म र तिमीहरूबीच साक्षीको रूपमा ईश्वर नै पर्याप्त हुनुहुन्छ। उहाँ आफ्ना भक्तहरूबारे पूर्ण ज्ञाता सर्वद्रष्टा हुनुहुन्छ।

९७- ईश्वरले जसलाई मार्गदर्शन गर्नुहुन्छ मात्र त्यो व्यक्ति मार्गदर्शन पाउँछ। जसलाई ईश्वरले पथभ्रष्ट गर्नुहुन्छ उसको लागि तपाईंले सत्मार्ग देखाउने कुनै सहयोगी पाउनुहुन्न। हामीले तिनीहरूलाई महाप्रलयको दिन घोप्टो पारेर अन्धो, लाटो र बहिरो अवस्थामा एकत्रित गर्नेछौं। तिनीहरूको बास-स्थान नर्क हुनेछ। जब जब नर्कको आगो निभ्न थाल्नेछ तब तब हामी त्यसको ज्वालालाई सल्काउनेछौं। ९८- यो हुनेछ तिनीहरूको सजाय। किनभने तिनीहरूले हाम्रा निशानीहरूको इन्कार गरे र भने- के जब हामी सडेर हाडका टुक्रा टाक्री हुन पुग्नेछौं तब हाम्रो पुनर्जन्म एउटा नयाँ सृष्टिको रूपमा हुनेछ त ?

९९- के तिनीहरूले जानेनन्- जुन ईश्वरले यति महान आकाशहरू र पृथ्वीको सृजना गर्नुभयो उहाँ त्यस्तै वस्तुलाई सृजना गर्ने सामर्थ्य राख्नु हुन्न ? उहाँले त्यसको लागि एउटा समय निर्धारित गर्नुभएको छ, जसमा कुनै सन्देह छैन । तर अत्याचारीहरूले इन्कार गरे ।

१००- भनिदिनुहोस्- यदि कहिले समाप्त नहुने मेरा पालनकर्ताको दयाको खजाना तिमीहरूसँग भएको भए तिमीहरूले त्यसलाई समाप्त हुने डरले रोकेर राख्ने थियौ र खर्च गर्ने थिएनौ । मानव अति संकुचित स्वभावको हुन्छ ।

१०१- हामीले मूसा लाई नौवटा स्पष्ट प्रमाणहरू प्रदान गर्यौं । बनी इस्राईललाई सोध्नुहोस्- जब मूसा तिनीहरूसमक्ष ती प्रमाणहरू लिएर आए तब फिऔंनले उनलाई भन्यो- हे मूसा ! तिमीलाई अवश्य कसैले जादू गरेको छ । १०२- मूसा ले भने- तिमीलाई राम्ररी थाहा छ कि यी स्पष्ट निशानीहरू मात्र आकाशहरू र पृथ्वीका पालनकर्ताले आँखा खोल्नको लागि अवतरण गर्नुभएको छ । हे फिऔंन ! मलाई थाहा छ तिमी विनाश हुने व्यक्ति हौ । १०३- फिऔंनले मूसा र बनी इस्राईललाई मिस्रको भूमिबाट निष्कासित गर्न खोज्यो तर हामीले ऊसमेत ऊसँग रहेका सबै सैनिकहरूलाई डुबाई दियौं । १०४- हामीले बनी इस्राईललाई भन्यौं- (सीरियाको) धर्तीमा बसोबास गर । अनि जब महाप्रलयको वाचा आइपुग्छ हामी तिमीहरू सबैलाई जम्मा गरेर ल्याउनेछौं ।

१०५- हामीले कुर्आनलाई सत्यका साथ अवतरण गर्यौं र सत्यकै साथ (बिना कुनै फेरबदल) उतार्यौं । हामीले तपाईंलाई शुभ-सूचना दिन र सचेत गर्न पठाएकाछौं । १०६- हामीले कुर्आनलाई थोरै-थोरै गरी अवतरण गरेकाछौं ताकि तपाईं समयको अन्तरालमा मानिसहरूलाई पढेर सुनाउनुहोस् । हामीले यसलाई अलि अलि गरेर अवतरण गरेकाछौं ।

१०७- भनिदिनुहोस्- तिमीहरू यसमाथि ईमान ल्याए पनि र ईमान नल्याए पनि जुन मानिसहरूले विगतका ज्ञानप्राप्त मानिसहरूसमक्ष यसको पाठ गरिन्छ

तब ईश्वरसमक्ष सज्दामा खस्छन् । १०८- र भन्छन्- हाम्रा पालनकर्ता पवित्र हुनुहुन्छ । उहाँको वाचा अवश्य पूरा हुनेछ । १०९- उनीहरू ईश्वरको डरले रुँदै सज्दा गर्छन् । कुर्आनले यिनीहरूको विनम्रतामा झन् बृद्धि गर्छ ।

११०- भनिदिनुहोस्-तिमीहरूले ईश्वरलाई ईश्वर भनेर पुकार वा रहमान भनेर उहाँका सबै सुन्दर नामहरू छन् । आफ्नो नमाज न त अति उच्च स्वरमा पढनुहोस् न अति निम्न स्वरमा, बरु यी दुवैका बीचको तरिका अपनाउनुहोस् । १११- भनिदिनुहोस्- सम्पूर्ण प्रशंसा ईश्वरकै लागि हुन् । उहाँले न त पुत्र ग्रहण गर्नु भएको छ र न कसैलाई आफ्नो शासन-सत्तामा कसैलाई साझेदार बनाउनुभएको छ । उहाँ कमजोर पनि हुनुहुन्न कि कुनै सहयोगीको आवश्यक्ता होस् । ईश्वरको खुबै महिमागान गर ।

## सूरह अल्-कहफ- १८

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- प्रशंसा ईश्वरकै लगि हुन् जसले आफ्ना भक्त (मुहम्मद) माथि कुर्आन अवतरण गर्नुभयो र यसमा अलिकति पनि टेढोपन राख्नुभयो । २- एकदम ठीक, ताकि यसले नकार्नेहरूलाई कठोर यातनाबाट डराओस् र मोमिनहरूलाई सदासर्वदा रहने उत्कृष्ट प्रतिदानको शुभसूचना देओस् । ३- मोमिनहरू सदा सर्वदा स्वर्गमा रहनेछन् । ४- र यस्ता मानिसहरूलाई यस कुर्आनमार्फत चेतावनी देओस् जो भन्छन्- ईश्वरले सन्तान गर्नुभएको छ । ५- उनीहरूलाई र उनीहरूका पूर्वजहरूलाई यसको कुनै ज्ञान छैन । उनीहरूको मुखबाट निस्केको यो कुरा अति घृणित छ । उनीहरू झूठो बोल्दैछन् ।

६- सम्भवतः तपाईंले आफ्नो ज्यान नै दिनुहुनेछ यदि तिनीहरूले ईमान ल्याउँदैनन् । ७- हामीले पृथ्वीमाथि रहेका वस्तुहरूलाई पृथ्वीको लागि शोभा

बनाएका छौँ। ताकि कसले सत्कर्म गर्छ भनि परीक्षा गरौं। ८- हामीले पृथ्वीका सम्पूर्ण वस्तुलाई सखाप पारेर मरुभुमि बनाइ दिनेछौँ।

९- के तपाईंको विचारमा गुफावालाहरू र रकीम (उनीहरूको नाम लेखिएको शिलालेख) को कथा हाम्रा निशानीहरूमध्येका अति आश्चर्यजनक निशानीहरू थिए। १०- जब ती नवयुवकहरूले गुफामा आश्रय लिए अनि दुआ गरेः हे हाम्रा पालनकर्ता! हामीलाई आफ्नो विशेष कृपा प्रदान गर्नुहोस् र हाम्रा मामिलाहरूलाई ठीक पार्नुहोस्। ११- अनि हामीले उनीहरूको कानमा धेरै वर्षको लागि गुफामा (निन्द्राको) पर्दा हालिदियौँ। १२- फेरि हामीले उनीहरूलाई ब्यूँझायौं ताकि गुफामा बिताएको अवधिको गणना दुबै समूहमध्ये कसले राम्ररी राख्दछ भनि हेरौं। १३- हामी तपाईंलाई तिनीहरूको वास्तविक कथा सुनाउँदैछौं। तिनीहरू केही नवयुवक थिए जसले आफ्ना पालनकर्तामा आस्था ल्याए र हामीले उनीहरूको मार्गदर्शनमा अझ बृध्दि गर्यौं। १४- हामीले उनीहरूको हृदयलाई सुदृढ तुल्यायौं। जब उनीहरू उभे र भने- हाम्रा पालनकर्ता उहाँ हुनुहुन्छ जसले आकाशहरू तथा पृथ्वीको सृष्टि गर्नुभयो। हामी उहाँबाहेक अरु कसैको उपासना गर्ने छैनौं। यदि यसो गर्छौँ भने हामी बेकारको कुरा गर्छौँ। १५- यी हाम्रा जातिका मानिसहरूले ईश्वरबाहेक अरूलाई उपास्य बनाएका छन्। उनीहरू यसको स्पष्ट प्रमाण किन ल्याउँदैनन्। ईश्वरमाथि मिथ्या अभियोग लगाउने व्यक्तिभन्दा बढी अत्याचार को हुन सक्छ।

१६- अब जब कि तिमीहरूले आफ्नो समुदाय र उनीहरूले ईश्वरबाहेक पुज्ने गरेका सम्पूर्णलाई छोडेका छौ र केवल ईश्वरको उपासना गर्ने सङ्कल्प गरेका छौ, आफ्नो आस्थाको सुरक्षाको लागि गुफामा शरण लेऊ। तिम्रा पालनकर्ताले तिमीहरूमाथि दया गर्नुहुनेछ। तिमीहरूका कार्यको लागि सरसामान प्रदान गर्नु हुनेछ।

१७- सूर्य उदाउँदा उनीहरूको गुफाको दायाँतिर ढल्कदै उदाउँथ्यो र अस्ताउँदा

उत्तरतिर ढल्कदै अस्ताउँथ्यो तर सीधा गुफामा पर्दैनथ्यो भन्ने कुरा तपाईंले देख्नु हुने थियो । उनीहरू गुफाको फराकिलो ठाउँमा थिए । यो ईश्वरका निशानीहरू मध्ये थियो । जसलाई ईश्वरले मार्ग देखाउनु हुन्छ उसले मात्र सत्मार्ग प्राप्त गर्नेछ र जसलाई उहाँले पथभ्रष्ट गर्नु हुन्छ उसले मार्गदर्शन गर्ने कोही सहयोगी पाउँने छैन ।

१८- उनीहरू ब्यूँझेका छन् भन्ने कुरा तपाईंले देख्नु हुने थियो तर वास्तवमा उनीहरू सुतिरहेका थिए । हामी कहिले दाहिनेतिर र कहिले देब्रेतिर उनीहरूको कोल्टो फेर्थ्यौं । उनीहरूको कुकुर आफ्ना दुईवटा हात (अगाडिका खुट्टा) गुफाको द्वारमा पसारेर बसिरहेको थियो । यदि तपाईंले उनीहरूलाई देखेको भए भयभीत भएर भाग्नु हने थियो र तपाईंको मनमा उनीहरूको डर बस्ने थियो ।

१९- हामीले उनीहरूलाई ब्यूँझायौं, ताकि तिनीहरूले एकआपसमा सोध पूछ गरुन् । तिनीहरूमध्ये एक जनाले भन्यो- तिमीहरू कति दिन यहाँ बस्यौ ? तिनीहरूले जवाफ दिए- एक दिन वा एक दिन भन्दा पनि कम । उनले भनेः यस अवधिको बारेमा ईश्वर नै राम्ररी जान्नुहुन्छ । तसर्थ आफूमध्ये एकजनालाई आफ्नो यो चाँदीको मुद्रा दिएर शहरतर्फ पठाऊ । उसले शहर गएर हेरोस् कि पवित्र खाना कहाँ पाइन्छ अनि तिमीहरूका लागि त्यहाँबाट खाना लिएर आओस् । ऊ सावधानीका साथ जाओस् कसैले पनि चाल नपाओस् । २०- यदि तिनीहरूले तिमीहरूको विषयमा चाल पाए भने उनीहरूले तिमीहरूलाई ढुङ्गाले हिर्काएर ज्यानले मार्नेछन् वा उनीहरूले आफ्नो धर्ममा फर्काएर लानेछन् । अनि कहिले पनि सफलता पाउने छैनौ ।

२१- यसरी हामीले शहरबासीहरूलाई उनीहरूबारे सूचित गर्यौं । ताकि उनीहरू जानुन् कि ईश्वरको वाचा सत्य हो र महाप्रलयको आगमनमा कुनै सन्देह छैन । गुफावालाहरूको बारेमा तिनीहरूले मतभेद गरे । केही व्यक्तिहरूले भनेः उनीहरूको लाशमाथि एउटा भवनको निर्माण गर । उनीहरूको पालनकर्ता

उनीहरूलाई राम्ररी जान्नुहुन्छ। वाद विवादमा जीत हासिल गर्ने व्यक्तिहरूले भनेः उनीहरूको उनीहरूको गुफामाथि उपासना-स्थल बनाउनेछौं।

२२- उनीहरूको संख्याको विषयमा केही व्यक्तिहरूले भने- उनीहरू तीन जना थिए र चौथो उनीहरूको कुकुर थियो। केहीले भने- उनीहरू पाँच जना थिए र छैठौं उनीहरूको कुकुर थियो। उनीहरूले बिना अनुसन्धान कुरा गरे। केहीले भने- उनीहरू सात जना थिए र आठौँ उनीहरूको कुकुर थियो। भनिदिनुहोस्- उनीहरूको संख्याको विषयमा मेरो पालनकर्तालाई राम्ररी थाहा छ। केही मानिसहरू मात्र जान्दछन्। उनीहरूको संख्या र अवस्थाको विषयमा उनीहरू (यहूदी-ईसाई वा अन्य कसै) सँग वादविवाद नगर्नुहोस्, सरसरती कुरा मात्र गर्नुहोस्। उनीहरूको विषयमा उनीहरूमध्ये कसैलाई पनि नसोध्नुहोस्।

२३- तपाईं कुनै कामको बारेमा म यो काम भोली गर्नेछु भनी नभन्नुहोस्, २४- तर यदि ईश्वरले चाहनुभयो भने। तपाईंले बिर्सेमा ईश्वरको स्मरण गर्नुहोस्। भन्नुहोस्- आशा छ, मेरा पालनकर्ताले मलाई भलाइको निकटतम मार्ग देखाउनुहुनेछ।

२५- गुफावालाहरू तीन सय वर्ष वर्ष गुफामै बसे, (केही मानिसहरूले) नौं सय वर्ष थपेका छन्। २६- भनिदिनुहोस्, उनीहरू गुफामा बसेको अवधीलाई ईश्वर बढि जान्नुहुन्छ। आकाशहरू तथा धर्तीका सम्पूर्ण अदृश्य कुराहरूको ज्ञान केवल ईश्वरलाई छ। ईश्वर अति दृष्टिवान अति सर्वश्रोता हुनुहुन्छ। उहाँबाहेक उनीहरूको कोही संरक्षक छैन र उहाँ आफ्नो शासनमा कसैलाई साझेदार बनाउनु हुन्न।

२७- ईश्वरले अवतरण गर्नुभएको किताबको पाठ गरेर सुनाउनुहोस् र त्यसको अनुसरण गर्नुहोस्। उहाँका कुराहरूलाई कसैले परिवर्तन गर्न सक्दैन किनकि त्यो पूर्णतया सत्य र निसाफमा आधारित रहेका छन्। तपाईंले उहाँबाहेक अर्को आश्रय कदापी पाउनुहुने छैन। २८- बिहान र बेलुका एकाग्रताका साथ आफ्ना

पालनकर्तासँग दुआ गर्नेहरूसँग आफूलाई जोडेर राख्नुहोस् । उनीहरू उहाँको प्रसन्नता खोज्दछन् । सांसारिक जीवनको तडकभडकको लागि आफ्नो दृष्टि यिनीहरूबाट नफेर्नुहोस् । ती मानिसहरूको अनुसरण नगर्नुहोस् जसको मनलाई हामीले आफ्नो सम्झनाबाट वञ्चित गरेका छौँ। तिनीहरू आफ्नो इच्छा अनुसार हिँड्छन्, उनीहरू सीमा नाघेकाछन् ।

२९- भन्नुहोस्- यो सत्य हो तिमीहरूको पालनकर्ताको तर्फबाट । अनि जसको इच्छा छ उसले अपनाओस् र जसको इच्छा छ उसले अस्वीकार गरोस् । हामीले अत्याचारीहरूका लागि विशाल आगो तयार पारेकाछौं जसको ज्वालाले चारैतिरबाट घेर्नेछ । जब उनीहरू पानी माग्ने छन् तब पग्लेको तांबा जस्तो उम्लिरहेको पानी दिइनेछ जसले उनीहरूको अनुहारहरूलाई भुट्नेछ । कति नराम्रो पानी कति नराम्रो बासस्थान हो ।

३०- आस्था राख्ने र सत्कर्म गर्नेहरूको प्रतिदान हामीले व्यर्थ जान दिंदैनौं । ३१- सत्कर्म गर्नेहरूका लागि सधैँ रहने बगैंचाहरू रहेका छन् जसको तलतिरबाट नदिहरू बगिरहेका हुनेछन् । त्यहाँ उनीहरूलाई सुनका बालाहरू लगाइनेछ । उनीहरूले रेशमको बाक्लो र पातलो कपडा लगाउनेछन् । सोफामा अडेस लागेर बस्नेछन् । कति राम्रो प्रतिदान र कति राम्रो बासस्थान ।

३२- तपाईं उनीहरूसमक्ष उदाहरण प्रस्तुत गर्नुहोस् । दुईजना थिए, उनीहरूमध्ये एक जनालाई हामीले अङ्गुरका दुईटा बगैंचा दियौं, जसलाई हामीले खजुरका रूखहरूद्वारा घेरेका थियौं र ती दुबै बगैंचाहरूबीच खेती लगायौं । ३३- दुबै बगैंचाले आफ्नो उत्पादन गर्यो, जसमा कुनै कमि गरेनन् । हामीले ती दुवै बीच एउटा नहर बगाइदियौं । ३४- उसलाई धेरै फलफुल प्राप्त भयो । उसले आफ्नो साथीसँग कुरा गर्दै भन्यो- म तिमीभन्दा बढी धनी र संख्याँमा पनि बढी शक्तिशाली छु । ३५- ऊ आफ्नो बगैंचा भित्र गयो र ऊ आफूमाथि अत्याचार गर्दै थियो । उसले भन्योः मेरो विचारमा यो बगैंचा कहिले सखाप हुने

छैन। ३६- महाप्रलय आउँछ भन्ने मलाई लाग्दैन। यदि महाप्रलय आयो र मलाई मेरो पालनकर्तातर्फ फर्काएर लगियो भने पनि अवश्य नै यो भन्दा राम्रो स्थान मिल्नेछ।

३७- उसको साथीले जवाफ दिंदै भन्योः के तिमी त्यस अस्तित्वलाई नकाछौं जसले तिम्रो पुर्खा आदम को सृष्टि माटोबाट र तिम्रो सृष्टि विर्यको थोपाबाट गर्नुभयो अनि तिमीलाई पूर्ण मानव बनाउनुभयो। ३८- मेरा पालनकर्ता मात्र ईश्वर हुनुहुन्छ। म उहाँसँग कसैलाई साझेदार बनाउँदिन। ३९- जब तिमी बगैँचामा प्रवेश गर्यो तब तिमीले यो किन भनेनौ- ईश्वरले जे चाहना गर्नुहुन्छ मात्र त्यही हुन्छ। केवल ईश्वरबाहेक अरू कसैमा कुनै सामर्थ्य छैन। यदि तिमी मलाई धन सम्पत्ति र सन्तानमा कम ठान्छौ भने। ४०- अनि आशा छ मेरा पालनकर्ताले मलाई यस बगैंचाभन्दा राम्रो दिनुहुन्छ र तिम्रो बगैंचामाथि आकाशबाट प्रकोप पठाउनुहुन्छ जसले गर्दा त्यो बाँझो भूमिमा पऋणत हुनेछ। ४१- वा पानी सुक्नेछ अनि तिमीले त्यसलाई पाउने छैनौ।

४२- त्यसको फलफूलहरूमाथि प्रकोप आयो, अनि आफ्नो लागत नष्ट भएको देखेर उसलाई पश्चताप हुन थाल्यो। बगैंचा खम्बाहरूमाथि खसेको थियो। उसले भन्न थाल्योः यदि मैले केवल ईश्वरमाथि आस्था राखेको भए र उहाँकै उपासना गरेको भए यो दिन देख्ने थिएन होला ! ४३- उसलाई जोगाउने कुनै जत्था थिएन, न स्वयम बदला लिनेवाला बन्न सक्यो। ४४- यहाँ सबै अधिकार मात्र सत्य ईश्वर ईश्वरको हातमा छ। उहाँ उत्कृष्ट सहयोगी र राम्रो परिणामवाला हुनुहुन्छ।

४५- उनीहरूलाई सांसारिक जीवनको उदाहरण दिनुहोस्। जस्तै पानी जसलाई हामीले आकाशबाट बर्सायौँ, जसले गर्दा अन्नबाली फस्टायो, अनि पछि सुखेर गयो, जसलाई हवा उडाएर अन्तै लग्ने गर्छ। ईश्वर हरेक कार्यको

सामर्थ्य राख्नुहुन्छ । ४६- धन-सम्पत्ति र सन्तानहरू यस संसारका शोभा हुन् । बाकि रहने सत्कर्मको प्रतिदान तपाईंको पालनकर्तानजिक उत्तम रहेको छ ।

४७- जुन दिन हामीले पहाडहरूलाई तिनीहरूको ठाउँबाट हटाउनेछौँ। तपाईंले धर्तीलाई खुल्ला चौर देख्नुहुनेछ अनि हामी सम्पूर्ण सृष्टिलाई भेला पार्नेछौं । अनि तिनीहरूमध्ये कसैलाई पनि छोड्ने छैनौँ । ४८- मानिसहरूलाई उनका पालनकर्तासमक्ष पंक्तिबद्ध ल्याइनेछ । तिमीहरू जन्मेको बेला जस्तै हामीसमक्ष आएकाछौ । बरु तिमीहरूले त हिसाबकिताबको लागि भेला नै नहुने भनी ठानेका थियौ ।

४९- अनि तिनीहरूसमक्ष कर्म-पत्र राखिनेछ । उनीहरू डराइरहेका तपाईंले देख्नुहुनेछ । उनीहरूले भन्नेछन्- हाय हाम्रो दुर्भाग्य ! कस्तो कर्म-पत्र हो यो ! यसले त हाम्रा साना ठूला सबै कार्यहरू लेखेर सुरक्षित गरेको छ । उनीहरूले गर्ने गरेका सम्पूर्ण कार्यहरूलाई त्यसमा सुरक्षित राखेको देख्नेछन् । तपाईंका पालनकर्ताले कसैमाथि अत्याचार गर्नुहुने छैन ।

५०- जब हामीले फरिश्ताहरूलाई आदम लाई सज्दा गर्ने आदेश दियौं । इब्लीसबाहेक सबैले सज्दा गरे, ऊ जिन थियो र उसले अस्वीकार गर्यो । के तिमीहरू मलाई छोडी उसलाई र उसका सन्तानहरूलाई आफ्ना मित्र बनाउँछौ जब कि उनीहरू तिमीहरूका शत्रु हुन् । अत्याचारीहरूका लागि गम्भीर परिणाम छ ।

५१- मैले उनीहरूलाई न त आकाश र धर्तीको सृष्टिको समयमा बोलायौँ न र स्वयम उनीहरूको सृष्टिको समयमा बोलायौँ । म पथभ्रष्ट गर्नेहरूलाई आफ्नो सहयोगी बनाउँदिन ।

५२- जुन दिन ईश्वरले भन्नुहुनेछ- तिमीहरूले बनाएका साझेदारहरूलाई बोलाऊ । तिनीहरूले पुकार्नेछन् तर तिनीहरूले कुनै जवाफ दिने छैनन् । हामी तिनीहरूबीच शत्रुताको आवरण बनाइदिनेछौँ । ५३- अपराधीहरूले नर्क देख्ने

बित्तिकै उनीहरू त्यसैमा जानेछन् भनी बुझ्नेछन् र उनीहरूले त्यसबाट बच्ने कुनै मार्ग पाउने छैनन् ।

५४- हामीले यस कुर्आनमा मानवलाई सम्झाउनका निम्ति थुप्रै उदाहरणहरू प्रस्तुत गर्यौं तर मानव सबै भन्दा ठूलो झगडालु हो । ५५- मानिसहरूसम्म मार्दर्शन पुगेपछि ईमान ल्याउन र क्षमायाचनाबाट जुन कुराले रोक्यो त्यो थियो पहिलेका समुदायहरूको मामिला स्पष्ट हुने डर र प्रकोप आउने डर ।

५६- हामीले रसूलहरूलाई शुभसूचना दिन र सचेत गर्न पठाएका हौं । नकार्नेहरू असत्य कुरा लिएर झूटा झगडा गर्छन् ताकि सत्यलाई परनजित गरुन् । तिनीहरूले मेरा निशानीहरू र सुनाएको डरको उपहास गरे । ५७- त्योभन्दा ठूलो अत्याचारी को हुनसक्छ जसलाई ईश्वरका आयतहरूबाट उपदेश गर्दा विमुख हुन्छ र आफ्नै हातले गरेको कार्यलाई बिर्सन्छ । हामीले यस्ता व्यक्तिहरूको हृदयलाई पर्दाले ढाकिदिएकाछौं ताकि तिनीहरू बुझ्न नसकुन् । तिनीहरूको कानमा बहिरोपन छ । यदि यस्ता व्यक्तिहरूलाई तपाईं आस्था अपनाउन आह्वान गर्नुहुन्छ भने उनीहरूले त्यसलाई स्वीकार्ने छैनन् ।

५८- तपाईंका पालनकर्ता क्षमाशील र दयावान हुनुहुन्छ । अवज्ञाकारीहरूलाई पश्चाताप गर्न अवसर प्रदान गर्नु ईश्वरको दया हो । यदि ईश्वरले उनीहरूको पकड गर्नु हुन्छ भने तत्कालै सजाय दिनुहुन्छ, तर त्यसको लागि एउटा निर्धारित समय छ । उनीहरूले ईश्वरको सजाँयबाट बच्ने कुनै आश्रय पाउने छैनन् । ५९- यी गाउँहरूलाई हामीले उनीहरूको अत्याचारले गर्दा नष्ट पार्यौं । हामीले उनीहरूको विनाशको एउटा निश्चित समय निर्धारित गरेका थियौं ।

६०- जब मूसा ले आफ्नो शिष्यलाई भन्नुभयो- म दुई समुद्रको संगमस्थलसम्म नपुगुञ्जेल वा त्यस्तै बसौं हिंडिरहनेछु । ६१- जब उनीहरू दुई समुद्रको संगमस्थलसम्म पुगे आफ्नो माछालाई बिर्सिए, जसले नदीमा आफ्नो बाटो बनायो । ६२- जब तिनीहरू त्यस ठाउँबाट अगाडि बढे मुसा ले

आफ्ना सेवकलाई भने- अब हाम्रो खाना ल्याऊ, यस यात्राबाट हामी एकदमै थाकिसकेकाछौं।

६३- शिष्यले भन्यो- तपाईंले हेर्नुभयो जब हामी चट्टाननजिक बसेका थियौं, म माछालाई बिर्से र शैतानले नै मलाई त्यसबारे तपाईंलाई बताउन बिर्सायो। माछा अचम्म तरिकाले निस्केर नदीमा गयो। ६४- मूसा ले भने- हामीले खोजेको यही त हो। अनि दुबै जना आफ्नो पद चिन्ह पछयाउँदै फर्केर गए। ६५- उनीहरूले त्यहाँ हाम्रा भक्तहरूमध्ये एक जना असल भक्तलाई भेटे। हामीले उनीमाथि विशेष कृपा गरेका थियौं र उनलाई विशेष ज्ञान प्रदान गरेका थियौं।

६६- मूसा ले उनलाई सोधे- के म तपाईंसँग बस्न सक्छु ताकि तपाईंले त्यो ज्ञान सिकाउनुहोस् जो तपाईंलाई सिकाइएको छ ? ६७- उनले भने-तपाईंले म सँग धैर्य धारण गर्न सक्नुहुन्न। ६८- जुन कुराको ज्ञान तपाईंलाई छैन त्यो देखेर तपाईं कसरी धैर्य गर्न सक्नुहुन्छ ?! ६९- मूसा ले भने- ईश्वरले चाहनुभयो भने तपाईंले मलाई सहनशील पाउनुहुनेछ। तपाईंको कुनै पनि आदेशको उल्लङ्घन गर्ने छैन। ७०- उनले भने- तपाईंले मेरो अनुसरण गर्ने क्रममा मैले गरेका कामहरूको विषयमा कुनै प्रश्न नगर्नु होला, जब सम्म म आफैं त्यसको वर्णन नगरुँ।

७१- अनि दुबै जनाले यात्रा शुरु गरे र एउटा डुङ्गा चढे। उनले त्यस डुङ्गामा प्वाल पारि दिए। मूसा ले भने- के तपाईंले यसका सवारहरूलाई डुबाउन यसमा प्वाल पार्नुभयो ?! तपाईंले असहनीय कार्य गर्नुभयो। ७२- उनले भने-तपाईंले मसँग धैर्य धारण गर्न सक्नुहुन्न भनी मैले भनेकै थिएँ। ७३- मूसा ले भने- मैले बिर्सेको कुरामा मेरो पकड नगर्नुहोस् र ममाथि कडाइ नगर्नुहोस्। ७४- दुवै जना हिंडे र एउटा नाबालक केटालाई भेटे। उनले उसको हत्या गरे। मूसा ले उनलाई भने- के तपाईंले एकजना निर्दोष नाबालकको हत्या गर्नुभयो, जब कि उसले कसैको रगत बगाएको थिएन ?! तपाईंले अति नबुझ्ने कार्य गर्नुभयो।

७५- उनले भने- हे मुसा ! तपाईंले धैर्य धारणको क्षमता राख्न सक्नुहुन्न भनी

मैले पहिले नै भनेको थिएँ। ७६- मूसा ले भने- यदि यसपछि नि मैले तपाईंलाई केही सोधें भने मलाई आफ्नो साथमा नराख्नुहोला। किनभने म माफ गरिने सीमा नाघि सकेको छु। ७७- दुबैजना हिंडे, यहाँसम्म कि एउटा गाऊँमा पुगे र गाऊँ-बासीहरूसँग खाना मागे तर तिनीहरूले सत्कार गर्न इन्कार गरे। तैपनि उनले त्यहाँ एउटा ढल्न लागेको पर्खाललाई सीधा पारिदिनुभयो। त्यसपछि मूसा ले खिज्र लाई भने- यदि तपाईं चाहनुहुन्छ भने यस कामको ज्याला लिन सक्नुहुन्छ। ७८- उनले भने- अब तपाईं र मबीच छुट्टिने समय आयो। मैले गरेका कामहरूको म विस्तृत जानकारी दिनेछु जसलाई देखेर तपाईंले धैर्य धारण गर्न सक्नुभएन।

७९- डुङ्गाको मामिला यो छ कि त्यो केही गरिबहरूको थियो जो नदीमा परिश्रम गर्दथे, अनि मैले त्यसलाई बिगारी दिएँ किनभने आगाडि एउटा राजा थियो जो राम्रा डुङ्गाहरू त्यसका मालिकहरूबाट खोसिने गर्थे।

८०- बालकको मामिला यो थियो कि मातापिता मोमिन थिए। हामीलाई आशंका भयो कि ठूलो भएपछि उसले आफ्ना मातापितालाई उद्दण्डता र कुफ्र गरेर हैरान पार्नेछ। ८१- तसर्थ ती दुबैलाई उनका पालनकर्ताले यस्तो सन्तान प्रदान गर्नुहुनेछ जो बढी पवित्र हुनेछ र आफ्ना मातापितामाथि अत्यन्तै दया गर्नेछ।

८२- पर्खालको मामिला यो छ कि त्यो त्यस सहरका दुई जना अनाथ केटाहरूको थियो र त्यस पर्खालमुनी उनी दुबैका लागि खजाना गाडिएको थियो। यी दुबैका पिता असल व्यक्ति थिए। यी दुबै ठूलो भइसकेपछि त्यहाँबाट त्यो खजाना निकाल्नेछन् भन्ने चाहना तपाईंका पालनकर्ताको थियो। यो तपाईंका पालनकर्ताको दयाले भयो। यी सबै मैले आफ्नो इच्छाले गरेन। यो हो मैले गरेको कार्यको वास्तविक्ता जसप्रति तपाईं धैर्य गर्न सक्नु भएन।

८३- यिनीहरू तपाईंलाई जुल्-कर्नैनको विषयमा सोध्छन्। भन्नुहोस्¬- म

तिमीहरूलाई उनको विषयमा केही सुनाउनेछु । ८४- हामीले उनलाई यस धर्तीमा सत्ता प्रदान गर्यौँ। साथै सम्पूर्ण सामग्रीहरू दियौं ।

८५- फेरि जुल्-कर्नैन एउटा मार्गतिर गए। ८६- उनी यात्रा गर्दा गर्दै सूर्य अस्त हुने स्थानमा पुगे । सूर्यलाई कालो पानीमा डुब्दै गरेको देखे । त्यहाँ उनले एउटा जातिलाई देखे । हामीले भन्यौँ- हे जुल्-कर्नैन ! तिमीले चाहेमा उनीहरूलाई सजाय देऊ वा उनीहरूसँग नम्रताको व्यवहार गर । ८७- उनले भने-उनीहरूमध्ये अत्याचारीहरूलाई सजाय दिनेछौं र कियामतको दिन आफ्नो पालनकर्ता समक्ष गएपछि उहाँले उसलाई कडा यातना दिनुहुनेछ । ८८- तिनीहरूमध्ये जसले आस्था राख्छ र सत्कर्म गर्छ उसको लागि राम्रो प्रतिदान छ । हामी उनीहरूसँग नम्रताको व्यवहार गर्नेछौं ।

८९- त्यसपछि उनी अर्को मार्गतर्फ हिंडे । ९०- उनी यस्तो ठाउँ पुगे जहाँ मानिसहरूमाथि सूर्य त उदाउँथ्यो तर घाम छेक्नका निम्ति घर र रूखहरू थिएनन् । ९१- यो यस प्रकार छ र हामी जुल्-कर्नैनको अवस्थासित अवगत छौं ।

९२- अनि उनले अर्को मार्ग अपनाए । ९३- जब उनी दुईवटा पहाडको बिचमा पुगे र त्यहाँ एउटा जातिलाई पाए जो कुनै कुरा बझिरहेको थिएन । ९४- तिनीहरूले भनेः हे जुल्-कर्नैन ! याजूज र माजूजले यस भूभागमा हत्या हिंसा गरिरहेका छन् । के तपाईंको लागि कर निर्धारण गरौं ताकि तपाईंले उनीहरू र हामीबिच पर्खाल खडा गर्नुहोस् ?

९५- जुल्-कर्नैनले भने- यस सम्बन्धमा मेरा पालनकर्ताले मलाई यसभन्दा उत्तम चिजहरू दिएर सक्षम बनाउनु भएको छ । तिमीहरू श्रमदान गरेर मेरो मद्दत गर, म तिमीहरू र उनीहरूबीच पर्खाल खडा गरिदिनेछु । ९६- मलाई फलामका टुक्राहरू ल्याएर देऊ । उनले पर्खाललाई दुबै पहाडहरू बराबर बनाए । उनले मानिसहरूलाई भने- आगो दन्काऊ । फलाम बलेर रातो भएपछि उनले भने- अब म त्यसमाथि पगलेको तामा खन्याउनेछु । ९७- अब याजूज र माजूज त्यसबाट

उक्लन सक्थे र न मुनितिर प्वाल पार्न सक्थे । ९८- जुल्-कर्नैनले भने- यो मेरा पालनकर्ताको कृपा हो । अनि जब मेरो पालनकर्ताले निर्धारित गर्नुभएको समय निकट आउँछ तब त्यसलाई नष्ट पारेर समतल बनाउनुहुनेछ । यो मेरो पालनकर्ताको बाचा सत्य हो ।

९९- त्यस (महाप्रलयको) दिन हामी मानिसहरूलाई छोड्नेछौं अनि बाढी जस्तै तिनीहरू एक अर्कामा पस्नेछन् । सूर फुकिनेछ र सबैलाई एकसाथ भेला पार्नेछौं । १००- त्यस दिन हामीले नर्कलाई नकार्नेहरूसमक्ष ल्याउनेछौँ । १०१- ईश्वरको यादप्रति अन्धो बनेकाहरू केही पनि सुन्न तयार थिएनन् ।

१०२- के यी नकार्नेहरूले मलाई छोडेर मेरा भक्तहरूलाई उपास्य ठानेका छन् ?! हामीले नकार्नेहरूको सत्कारको लागि नर्क तयार पारेकाछौं ।

१०३- भनिदिनुहोस्- के म सूचित गरुँ दुष्कर्म गर्नेहरूमध्ये सबैभन्दा धेरै घाटा बेहोर्ने को हो ? १०४- जसले यस सांसारिक जीवनमा गरेका सत्कर्म र मेहनतलाई कियामतको दिन बर्बाद भएको देख्नेछन् । उनीहरूको सोंचाइ अनुसार उनीहरूले राम्रा कार्यहरू गरेका छन् र उनीहरूले आफ्ना कार्यहरूबाट फाइदा उठाउनेछन् । तर वास्तविकता यसको बिपरित हुनेछ । १०५- यी तिनै व्यक्तिहरू हुन् जसले आफ्ना पालनकर्ताका निशानीहरू र उहाँसँग भेट्ने कुरालाई नकारे । अनि तिनीहरूका कार्यहरू व्यर्थ भए । १०६- महाप्रलयको दिन हामीले तिनीहरूको कर्मलाई कुनै वजन दिने छैनौँ ।

१०७- ईश्वरमाथि आस्था राख्नेहरू र सत्कर्म गर्नेहरूका सत्कारका लागि फिर्दौसका बगैँचाहरू छन् । १०८- उनीहरू त्यहाँ सदा रहनेछन् र त्यहाँबाट सर्न मन पराउने छैनन् ।

१०९- भन्नुहोस्- यदि ईश्वरका निशानीहरूलाई लेख्न हामी समुद्रलाई मसी बनाउँछौं भने, यी कुराहरू लेखिनु अघि नै समुद्रहरू सुख्नेछन् । यद्यपी हामी

त्यतिनै अरू समुद्रहरू पनि ल्याउँछौं भने पनि कुराहरू समाप्त हुनु अघि नै सम्पूर्ण समुद्रहरू सुख्नेछन् ।

११०- भनिदिनुहोस्- म तिमीहरू सरह एउटा मनुष्य हुँ । ममाथि वही आउँछ कि तिमीहरूका उपास्य एकमात्र ईश्वर हुनुहुन्छ । यदि कोही आफ्ना पलनकर्तासँग भेट हुने दिनको भय राख्छ भने उसले उहाँका शरीअत अनुसार एकाग्र भएर आफ्ना पालनकर्ताका लागि असल कर्म गरोस् र उहाँको उपासनामा कसैलाई साझेदार नबनाओस् ।

## सूरह मर्यम- १९

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- काफ० हा० या० ऐन० साद० । २- यो त्यस कृपाको वर्णन हो जो तपाईंको पालनकर्ताले आफ्ना भक्त जकरिया माथि गर्नुभयो । ३- जब उनले आफ्नो पालनकर्तालाई सानो स्वरमा पुकारे ।

४- जकरिया भनेः हे मेरा पालनकर्ता ! निश्चय नै मेरा हड्डीहरू कमजोर भएका छन् र मेरा कपाल फुलि सकेका छन् । तैपनि तपाईंसित प्रार्थना गर्दा म कहिल्यै वञ्चित भएको छैन । ५- म आफ्नो मृत्युपश्चात आफ्ना आफन्तहरूप्रति आशंकामा छु । मेरी पत्नी बाँझी छिन् तसर्थ तपाईं आफ्नो तर्फबाट एकजना वारिस प्रदान गर्नुहोस् । ६- जो मेरो र याकूब का सन्तानको उत्तराधिकारी बनोस् । हे मेरा पालनकर्ता ! उसलाई असल बनाउनुहोस् ।

७- हे जकरिया ! हामी तिमीलाई एउटा छोराको शुभसूचना दिंदैछौं । उनको नाम यहया हुनेछ । उनीभन्दा पहिले हामीले यो नाम अरू कसैको राखेका थिएनौं । ८- उनले भनेः मलाई कसरी छोरा हुनसक्छ र जब कि मेरी पत्नी त बाँझी छिन् र म अत्यन्तै बूढो भइसकेको छु ?

९- फरिश्ताले उत्तर मिल्यो- यस्तै हुनेछ, तिम्रो पालनकर्ता भन्नुहुन्छ- यो मेरो लागि एकदमै सहज छ। यसअघि तिम्रो कुनै अस्तित्व थिएन तर मैले तिम्रो सृष्टि गरेको थिएँ। १०- जकरिया ले भने- हे मेरा पालनकर्ता ! मलाई एउटा निशानी दिनुहोस्। उहाँले भन्नुभयो- तिमी तीन दिनसम्म कुराकानी गर्न सक्ने छैनौ जब कि तिमी स्वस्थ्य हुनेछौ। ११- जकरिया आफ्नो उपासना-गृहबमट उठेर सबैलाई बिहान र बेलुका ईश्वरको गुणगाण गर्ने ईशारामा उपदेश दिए।

१२- हे यहया ! किताबलाई गम्भीरताका साथ समात। उनलाई हामीले सानै उमेरमा बुद्धि र ज्ञान प्रदान गर्यौं। १३- हामीले आफ्नो तर्फबाट नम्रता र पवित्रता प्रदान गर्यौँ। १४- उनी संयमी र आमाबाबुका आज्ञाकारी थिए। उनी उद्दण्ड र अवज्ञाकारी थिएन। १५- उनीमाथि शान्ति होस् जुन दिन उनको जन्मको भयो, जुन दिन उनको मृत्यु हुनेछ र जुन दिन उनलाई जीवित पारेर उठाइनेछ।

१६- किताबमा मर्यम (अलैहस्सलाम) को कथाको वर्णन गर्नुहोस्, जब उनी आफ्ना मानिसहरूबाट टाढिएर पूर्वतिर एउटा ठाउँमा गइन्। १७- उनी आफ्ना समुदायबाट पर्दामा गइन्। अनि हामीले आफ्नो देवदूत (जिब्रील अलैहिस्सलाम) लाई पठायौं, जो उनीसमक्ष पुरुषको रूपमा प्रकट भए। १८- मर्यम ले भनेः म तपाईंबाट करूणामय ईश्वरको शरण चाहन्छु, यदि तपाईं ईश्वरबाट डराउनुहुन्छ भने। १९- उनले भने- मलाई तपाईंको पालनकर्ताले पठाउनुभएको छ ताकि तपाईंलाई पवित्र पुत्र प्रदान गरुँ। २०- मर्यम (अलैहस्सलाम) ले सोधिन्- मबाट पुत्र कसरी हुन सक्छ, जब कि मलाई कुनै पुरुषले छोएको पनि छैन र म व्यभिचारी पनि होइन। २१- देवदूतले भनेः यस्तै हुनेछ, तपाईंका पालनकर्ताले भन्नुभएको छ- यो मेरो निम्ति सहज कार्य हो। ताकि उनलाई निशानी तथा दया बनाउँ। यो निर्धारित कार्य हो।

२२- अनि मर्यमले गर्भ धारण गरिन् र त्यस गर्भलाई लिएर उनी मानिसहरूबाट टाढा गइन्। २३- त्यसपछि सुत्केरीव्यथाले उनलाई खजुरको रुखतर्फ लग्यो।

उनले भनिन्- हाय ! म यसअघि नै मरेको भए र बिर्सिएको वस्तु बनेको भए बेस हुन्थ्यो।

२४- मर्यम (अलैहस्सलाम) लाई उनको खुट्टाको तलतिरबाट पुकारेर भनेः तपाईं दुःखित नहुनुहोस्। तपाईंको पालनकर्ताले तपाईंको तलतिर पानीको मूल बनाउनुभएको छ। २५- खजुरको रूखलाई आफूतर्फ हल्लाउनुहोस्। तपाईंमाथि पाकेको खजुरहरू खस्नेछन्। २६- अनि खाउहोस्, पिउनुहोस् र आफ्नो आँखा शीतल पार्नुहोस्। यदि तपाईंलाई कुनै पुरुषले सोधेमा भन्नुहोस्- मैले मेरा पालनकर्ताका लागि मौन बर्त बसेको छु। तसर्थ म आज कसैसँग कुरा गर्ने छैन।

२७- त्यसपछि मर्यम (अलैहस्सलाम) आफ्नो छोरालाई लिएर आफ्नो समुदायमा आइन् अनि मानिसहरूले भने- हे मर्यम ! तिमीले त घिनलाग्दो काम गर्यौ ?! २८- हे हारूनकी बहिनी ! न त तिम्रो बुबा नराम्रो थिए न त तिम्री आमा व्यभिचारी थिइन्।

२९- अनि मर्यमले आफ्नो नवजात छोरा (ईसा अलैहिस्सलाम) तिर ईशारा गरिन्। उनको समुदायले आश्चर्यचकित भएर भन्यो- हामी कसरी नवजात शिशुसँग कुरा गर्न सक्छौं ? ३०- नवजात छोरा (ईसा अलैहिस्सलाम) ले भने- म ईश्वरको भक्त हुँ। उहाँले मलाई किताब दिनुभयो र नबी बनाउनुभयो। ३१- म जहाँ भए पनि उहाँले मलाई मानिसहरूका लागि लाभदायक बनाउनुभएको छ। उहाँले मलाई जीवनभरि सलाह पढ्ने र जकात दिने आदेश दिनुभएको छ। ३२- उहाँले मलाई मेरी आमाका लागि दयालु बनाउनुभएको छ। घमण्डी र अवज्ञाकारी बनाउनुभएको छैन। ३३- शान्ति छ म माथि जुन दिन म जन्मिएको थिएँ, जुन दिन म मर्ने छु र जुन दिन मलाई उठाइनेछ।

३४- उनी मर्यम-पुत्र ईसा हुन्। यो नै सत्य कुरा हो, जसको विषयमा उनीहरू झगडा गरिरहेका छन्। ३५- ईश्वरलाई सन्तानको आवश्यकता छैन। उहाँ पवित्र

हुनुहुन्छ । जब उहाँ केही गर्न चाहनुहुन्छ, उहाँ होऊ भन्नु हुन्छ, अनि त्यो पक्कै हुन्छ ।

३६- निस्सन्देह ईश्वर नै मेरा र तिमीहरूका पालनकर्ता हुनुहुन्छ तसर्थ उहाँको मात्र उपासना गर । यही सत्य मार्ग हो । ३७- उनका गुटहरूले मतभेद गरे । जसले एउटा महान दिनको आगमनपछि घाटा बेहोर्नेछन्, जुन दिन उनीहरू हामीकहाँ आउनेछन् । ३८- तिनीहरू प्रष्ट सुन्ने र देख्ने छन् । तर आज यी अत्याचारीहरू खुल्ला पथभ्रष्टतामा छन् ।

३९- तिनीहरूलाई त्यस पश्चातापको दिनबाट डराउनुहोस् जब मामिलाको निर्णय गरिनेछ । तर तिनीहरू असावधान छन् र आस्था ल्याइरहेका छैनन् । ४०- निस्सन्देह हामी नै धर्ती तथा धर्ती बासीहरूको वारिस हुनेछौं र उनीहरू केवल हामीतिर नै फर्केर आउनेछन् ।

४१- किताबमा इब्राहीम को उल्लेख गर्नुहोस् । उनी अति सत्य र नबी थिए । ४२- जब उनले आफ्ना बुवालाई भनेः हे मेरा बुवा ! यस्ता वस्तुहरूको उपासना किन गर्नुहुन्छ जो न सुन्छन् देख्छन् र न कुनै काम आउन सक्छन् ? ४३- हे मेरा बुवा! तपाईंलाई थाहा नभएको ज्ञान ईश्वरले मलाई दिनुभएको छ । त्यसैले मेरो अनुसरण गर्नुहोस् । म तपाईंलाई सीधा मार्ग देखाउनेछु । ४४- हे मेरा बुवा ! शैतानको अनुसरण नगर्नुहोस् । निस्सन्देह शैतान करुणामय ईश्वरको अवज्ञाकारी हो । ४५- हे मेरा बवा ! तपाईंमाथि ईश्वरको प्रकोप अवतरित होला भन्ने डर लागेको छ र तपाईं पक्कै शैतानको साथी बन्नुहुन्छ ।

४६- बुवाले भने- हे इब्राहीम ! के तिमी मेरा मूर्तीहरूबाट विमुख भएका छौ ? यदि तिमीले मेरा मूर्तीहरूलाई नराम्रो भन्न छोडेनौं भने म ढुङ्गाले हिर्काएर तिम्रो हत्या गर्नेछु । तिमी मबाट सधैंकालागि टाढा बस । ४७- इब्राहीम ले भनेः तपाईंमाथि शान्ति होस् । तपाईंमाथि शान्ति होस्, म मेरा पालनकर्ताबाट तपाईंका लागि क्षमा माग्नेछु । वास्तवमा उहाँ मप्रति अति दयालु हुनुहुन्छ । ४८- म

तपाईंलाई र तपाईंहरूले ईश्वरलाई छोडी पूज्ने गरेका उपास्यहरूलाई छोड्दैछु। म मात्र आफ्नो पालनकर्तालाई पुकार्नेछु। आशा छ म उहाँलाई पुकारेर निराश हुन्न।

४९- जब उनी मानिसहरूबाट र उनीहरूका मूर्तीहरूबाट अलग भए तब हामीले उनलाई इस्हाक र याकूब दियौं र हरेकलाई नबी बनायौं। ५०- हामीले उनलाई दयाको अंश प्रदान गर्यौं। अनि हामीले उनको नामलाई असल र उच्च पार्यौँ।

५१- किताबमा मूसा को वर्णन गर्नुहोस्। उनी रोजिएका र नबी थिए। ५२- हामीले उनलाई तूर पहाडको दायाँतिरबाट बोलायौं। आफ्नो गोप्य कुरा सुनाउनका लागि हामीले उनलाई अझै नजिक गर्यौं। ५३- हामीले आफ्नो कृपाले उनको दाई हारून लाई नबी बनाएर उनलाई दियौँ।

५४- किताबमा इस्माईल को वर्णन गर्नुहोस्। उनी प्रतिज्ञा पूरा गर्ने रसूल र नबी थिए। ५५- उनी आफ्ना माजिसहरूलाई नमाज पढ्ने र जकात दिने आदेश दिन्थे र उनी आफ्ना पालनकर्ताको प्रीय थिए। ५६- किताबमा इद्रीस को वर्णन गर्नुहोस्। उनी सच्चा थिए र ईश्वरका नबी थिए। ५७- हामीले उनलाई उच्च पद प्रादान गर्यौँ।

५८- यी ती सन्देष्टाहरू हुन् जसमाथि ईश्वरले कृपा गर्नुभयो। यिनीहरू आदम का सन्तानहरू, नूह सँग डुङ्गामा सवार भएकाहरू, इब्राहीम र याकूबका सन्तानहरू र मार्गदर्शन प्राप्त गरेका र नाम कमाएकाहरूमध्ये थिए। यिनीहरूलाई ईश्वरका श्लोक सुनाउँदा रूँदै ईश्वर समक्ष सज्दा गर्ने गर्थे।

५९- यिनीहरूपश्चात दुष्टहरू आए जसले नमाजलाई बेवास्ता गरे र इच्छाको अनुसरण गर्न थाले। ६०- तिनीहरूले चाँडै नै आफ्नो बरबादीलाई हेर्नेछन्। तर जसले पश्चताप गरे, आस्था राखे र सत्कर्म गरे उनीहरू नै स्वर्ग जानेछन् र उनीहरूको प्रतिदान रत्तीभर कम गरिने छैन।

६१- उनीहरूका लागि सदा रहने स्वर्गहरू छन्, जसको बाचा करुणामय

(ईश्वर) ले आफ्ना असल भक्तहरूसँग अप्रत्यक्षमा गर्नुभएको छ जो अवश्य पूरा हुनेछ। ६२- उनीहरूले त्यहाँ अपशब्द सुन्ने छैनन् बरु सलाम सुन्नेछन्। उनीहरूले बिहान र बेलुका आफ्नो जीविका पाउनेछन्। ६३- यस स्वर्गको वारिस हामीले ईशभय राख्नेहरूलाई बनाउनेछौं।

६४- हामी (देवदूतहरू) तपाईंका पालनकर्ताको आदेशबिना ओर्लिदैनौं। अगाडि, पछाडि र यी दुवैबीच रहेका सबै वस्तुहरू मात्र ईश्वर कै छन्। तपाईंका पालनकर्ता केही बिर्सनुहुन्न। ६५- उहाँ आकाशहरू, धर्ती र यी दुबैको बिचमा रहेका सम्पूर्ण वस्तुहरूका मालिक एक मात्र (ईश्वर) हुनुहुन्छ। उहाँकै उपासना गर। उहाँको उपासनामा अडिग रह। के तिमीहरू उहाँ जस्तो गुणहरू राख्ने कसैलाई पाउँछौ ?

६६- मानव भन्छः म मरेपछि फेरि जीवित पारेर मलाई उठाइनेछ ?! ६७- के मानवलाई हामीले उसको अस्तित्व नै नभएको बेला सृष्टि गरेको कुरा याद छैन ?! ६८- तपाईंको पालनकर्ताको कसम ! हामी अवश्य उनीहरूलाई र शैतानहरू भेला गर्नेछौं। त्यसपछि उनीहरूलाई घुँडा टेकेको अवस्थामा नर्कको वरिपरि उसस्थित गर्नेछौं।

६९- अनि तिनीहरूमध्ये यस्ता मानिसहरूलाई छाँट्नेछौं जो करुणामय ईश्वरको मुकाबिलामा सबै भन्दा ठूला उद्दण्ड थिए। ७०- त्यसपछि को को नर्कमा हालिने बढी हकदार छन् भन्ने कुरालाई हामी राम्ररी जान्दछौं। ७१- तिमीहरूमध्ये सबैले नर्कमाथि रहेको पुल (सिरात) पार गर्नु पर्नेछ। यो ईश्वरमाथि अनिवार्य छ जो अवश्य पूरा हुनेछ। ७२- हामीले ईशभय राख्नेहरूलाई सुरक्षित राख्नेछौं र अत्याचारीहरूलाई त्यसैमा खसेको अवस्थामा छोड्नेछौं।

७३- जब रसूल माथि अवतरित स्पष्ट आयतहरू मानिसहरूलाई पढेर सुनाइन्छन् तब नकार्नेहरू मोमिनहरूलाई भन्छन्- यी दुई समूहहरूमध्ये कसको दर्जा उच्च र कसको सभा उत्कृष्ट छ, हाम्रो वा तिमीहरूको ? ७४- यिनीहरूभन्दा

पहिले हामीले कति यस्ता समुदायहरूलाई नष्ट गरिसकेकाछौं जो यिनीहरू भन्दा बढी धन-सम्पत्तिवाला र बढी शानवाला थिए।

७५- भन्नुहोस्- जो पथभ्रष्ट हुन्छ करुणामय (ईश्वर) उसलाई छुट दिनुहुनेछ, यहाँसम्म कि उसले वाचा गरिएको चिज देख्नेछ, वा त यातना वा महाप्रलय, अनि जान्ने छ कसको अवस्था नराम्रो छ र कसको जत्था कमजोर छ।

७६- ईश्वर मार्गदर्शन समात्नेहरूको मार्गदर्शनमा बृध्दि गर्नुहुन्छ। बाकी रहने पुण्य तपाईंको पालनकर्ता नजिक पुण्यको दृष्टिकोणले उत्कृष्ट छ र परिणामको हिसाबले पनि झन राम्रो।

७७- के तपाईंले त्यस व्यक्तिलाई देख्नुभयो जसले हाम्रा निशानीहरूको इन्कार गर्यो र भन्योः मलाई धन-सम्पत्ति र सन्तान अवश्य मिल्नेछ। ७८- के उसले अदृश्यको ज्ञानलाई देखेको छ वा ईश्वरसँग कुनै वचन लिएको छ ?! ७९- कदापि होइन। उसले बोलेको कुरालाई हामीले लेख्नेछौं अनि उसको यातनामाथि थप यातना थप्नेछौं। ८०- उसले दावी गरेको कुराको वारिस हामी हुनेछौं। ऊ कियामतको दिन हामीकहाँ एक्लै आउनेछ।

८१- तिनीहरूले ईश्वरलाई छोडी अन्य उपास्यहरू बनाएका छन्, ताकि तिनीहरू सहयोगी बनुन्। ८२- कदापि होइन, तिनीहरूले यिनीहरूको भक्तिको इन्कार गर्नेछन् र यिनीहरूको विरोधी बन्नेछन्।

८३- हामीले नकार्नेहरूमाथि शैतानहरूलाई छोडेको कुरा के तपाईंले देख्नुभएन ?! तिनीहरू यिनीहरूलाई धेरै उत्तेजित पार्दैछन्। ८४- अनि तपाईं उनीहरूको बारेमा हतार नगर्नुहोस्। वास्तवमा हामी उनीहरूको गन्ती पूरा गर्दैछौं। ८५- जुन दिन हामी ईशभय राख्नेहरूलाई पाहुना बनाएर करुणामय (ईश्वर) समक्ष भेला पार्नेछौं। ८६- र हामीले अपराधिहरूलाई तिर्खाएको अवस्थामा नर्कतिर डोर्याउनेछौं। ८७- कसैलाई पनि सिफारिश गर्ने अधिकार हुने छैन। तर उसलाई मात्र जसले करुणामय (ईश्वर) बाट अनुमति पाउनेछ।

८८- यिनीहरू भन्छन्- करुणामय (ईश्वर) ले कसैला छोरा ग्रहण गर्नु भएको छ। ८९- तिमीहरूले गम्भीर कुरा गर्यौ, ९०- जसले गर्दा आकाश टुक्रिनेछ, धर्ती फाटिनेछ र पहाडहरू टुक्रा टुक्रा भएर खस्नेछ, ९१- यस कारणले कि तिनीहरूले करुणामय (ईश्वर) को छोरा छ भनेर भने। ९२- जब कि यो करुणामय (ईश्वर) को शान विपरीत कुरा हो।

९३- आकाशहरू तथा पृथ्वीमा रहेका सबै महाप्रलयको दिन ईश्वरसमक्ष उहाँको भक्त बनेर उपस्थित हुनेछन्। ९४- ईश्वरले सबैलाई आफ्नो ज्ञानले समेट्नु भएको छ, सबैको पूर्ण गणना गर्नुभएको छ। ९५- महाप्रलयको दिन तिनीहरूमध्ये हरेक ईश्वरसमक्ष एक्लै आउनेछ। ९६- र सत्कर्मीहरूको मनमा ईश्वरले प्रेम भरिदिनुहुनेछ।

९७- हामीले यस कुर्आनलाई तपाईंको भाषामा अवतरित गरि सहज बनाएकाछौं ताकि तपाईंले ईशभय राख्नेहरूलाई शुभसूचना दिनुहोस् र हठधर्महरूलाई चेतावनी दिनु होस्। ९८- तपाईंको समुदायभन्दा पहिले हामीले कैयौं समुदायहरूलाई नष्ट पारिसकेकाछौं। के तपाईं उनीहरूलाई देख्नु हुन्छ वा उनीहरूको सानो स्वर पनि सुन्नुहुन्छ ?

## सूरह ता. हा.- २०

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- ता० हा०। २- हामीले तपाईंमाथि यस कारणले कुर्आन अवतरण गरेका होइनौं कि तपाईं विपत्तिमा पर्नुहोस्। ३- बरु यस्तो व्यक्तिको उपदेशको लागि जो डराउँछ। ४- यो उहाँको तर्फबाट अवतरित गरिएको छ जसले पृथ्वी तथा उच्च आकाशहरूलाई सृष्टि गर्नुभएको हो। ५- जो कृपावाला तथा सिंहासन (अर्श) मा विराजमान हुनुहुन्छ। ६- उहाँकै हो जे जति आकाशहरू, धर्ती र माटोमुनि छन्।

७- तपाईं ठूलो स्वरमा कुरा गर्नुहोस् वा सानो स्वरमा वा त्यसभन्दा पनि गोप्य उहाँ सबै जान्नुहुन्छ । ८- उहाँ ईश्वर हुनुहुन्छ, उहाँबाहेक कोही उपास्य छैन र सबै राम्रा नामहरू उहाँकै हुन् ।

९- के तपाईं समक्ष मूसाको कथा पुगेको छ ? १०- जब उनले आगो देखे अनि आफ्ना परिवारलाई भनेः तिमीहरू यहीँ बस्दै गर । मैले आगो देखेको छु, शायद म त्यहाँबाट आगोको केही झिल्को लिएर आउन सक्छु वा त्यहाँ कोही बाटो देखाउने भेटाउन सक्छु ।

११- जब उनी आगोको नजिक आए तब उनलाई पुकारियो- हे मुसा । १२- म नै तिम्रो पालनकर्ता हुँ । तिमी आफ्ना जुत्ता फुकाल, किनभने तिमी तुवाको पवित्र उपत्यकामा छौ । १३- मैले तिमीलाई चुनेको छु । तसर्थ जुन वही तिमीमाथि गरिँदैछ त्यसलालाई ध्यानपूर्वक सुन । १४- म नै ईश्वर हुँ, म बाहेक अरु कोही उपास्य छैन । अतः मेरो मात्र उपासना गर र मलाई सम्झनको लागि नमाज कायम गर । १५- महाप्रलय अवश्य आउनेछ । म त्यसलाई गोप्य राख्न चाहन्छु ताकि हरेकलाई उसले गरेको बदला मिलोस् । १६- ताकि तपाईंलाई बर्बाद पार्न त्यसमा विश्वास नराख्नेहरूले र आफ्नो इच्छाको अनुसरण गर्नेहरूले त्यसबाट असावधान नपारुन् ।

१७- तपाईंको हातमा के छ हे मूसा ! १८- उनले भनेः यो मेरो लौरो हो । म यसलाई टेकेर हिँड्छु र यसबाट बाख्रीहरूको लागि पात झार्छु । यसबाहेक अन्य काम पनि गर्छु । १९- ईश्वरले भन्नुभयोः हे मूसा ! त्यसलाई भुइँमा राख । २०- उनले त्यसलाई भुइँमा राखे, अनि अनयास त्यो दगुरिरहेको सर्प बन्यो । २१- ईश्वरले भन्नुभयो- यसलाई समात र नडराऊ । त्यसपछि हामी त्यसलाई पुरानै रूपमा परिवर्ति गर्नेछौं ।

२२- आफ्नो हात काखिसँग मिलाऊ, त्यो बिना कुनै त्रुटि चम्किलो भएर निस्कनेछ । यो दोस्रो निशानी हो ।

२३- ताकि तिमीलाई केही निशानीहरू देखाऔँ। २४- तिमी फिर्औनकहाँ जाऊ। ऊ सीमाबाट निस्केको छ।

२५- मूसा ले भनेः हे मेरा पालनकर्ता ! मेरो छातीलाई फराकिलो बनाउनुहोस्। २६- मेरो लागि मेरो कार्य सहज बनाउनुहोस्। २७- मेरो जिब्रोको गाँठलाई खोल्दिनु होस् । २८- ताकि मानिसहरूले मेरो कुरा बुझ्न सकुन् । २९- मेरो खानदानबाट मेरो लागि एकजना सहयोगी प्रदान गर्नुहोस् । ३०- हारूनलाई जो मेरो दाई हुन् । ३१- उनलाई प्रदान गरेर मेरो कम्मरलाई बलियो बनाउनुहोस् । ३२- उनलाई मेरो काममा साझेदार बनाउनुहोस् । ३३- ताकि हामी दुवै तपाईंको धेरै धेरै गुणगाण गरौँ। ३४- तपाईंको धेरै चर्चा गरौँ। ३५- निस्सन्देह तपाईं हामीलाई देख्दै हुनुहुन्छ। ३६- ईश्वरले भन्नुभयोः हे मूसा ! तिमीले मागेको पूरा गरियो।

३७- हामीले फेरी तिमीमाथि उपकार गर्यौं । ३८- जब हामीले तिम्रो आमातर्फ प्रकाशना पठायौँ जो प्रकाशना पठाइँदै छ, ३९- कि मूसालाई एउटा बाकसमा राख र बाकसलाई समुद्रमा हाल, अनि मेरो आदेशले समुद्रले उसलाई किनारसम्म पुर्याइदिनेछ । त्यसपछि उनलाई एकजनाले उठाउनेछ जो मेरो पनि शत्रु हो र उनको पनि। मैले तिमीप्रति प्रेम हालिदिएँ। अतः मानिसहरूले तिमीलाई प्रेम गर्न थाले । ताकि तिम्रो पालनपोषन मेरो हेरचाहमा होस् । ४०-जब तिम्री दिदी पछयाउँदै आइन् अनि भन्न थालिन- के म तपाईंहरूलाई त्यस महिलाबारे जानकारी दिऊँ जसले उनको पालनपोषण राम्ररी गर्नेछिन् ? यसरी हामीले तिमीलाई तिम्री आमासम्म फर्काइदियौं ताकि उनको आँखा शीतल होस् र कुनै चिन्ता नरहोस्। तिमीले एकजनाको हत्या गर्यौं, अनि हामीले तिमीमाथि उपकार गर्यौं र चिन्ता मुक्त गर्यौं। हामीले तिम्रो खुबै परीक्षा लियौँ। केही वर्षको लागि मदयनबासीहरूका साथमा बस्यौ। अनि हे मूसा ! तिमी एउटा अनुमानमा आयौ।

४१- मैले तिमीलाई आफ्नो लागि चुनेको छु । ४२- तिमी आफ्नो दाईलाई साथ लिएर ईश्वरका निशानीहरू लिएर जाऊ र ईश्वरको सम्झनामा दुबैजना सुस्ती नगर । ४३- तिमी दुबैजना फिऔंनकहाँ जाऊ, ऊ उद्दण्ड भएको छ । ४४- अनि ऊसँग नम्रताका साथ कुरा गर । शायद उसले बुझ्नेछ र भय गर्नेछ ।

४५- दुवै जनाले भने- हे हाम्रा पालनकर्ता ! उसले हामीमाथि ज्यादती गर्नेछ वा उद्दण्डता देखाउनेछ भन्ने आशंका छ । ४६- ईश्वरले भन्नुभयो- आशंका न गर, म तिमीहरूसँगै छु, सुनिरहने र हेरिरहने छु । ४७- तिमीहरू ऊसमक्ष जाऊ र भन- हामीलाई तिम्रा पालनकर्ताले पठाउनुभएको छ, अतः इस्राईलका सन्तानहरूलाई हामीसँग जान देऊ । उनीहरूलाई नसताऊ । हामी तिम्रो पालनकर्ताको तर्फबाट एउटा निशानी पनि लिएर आएकाछौं । शान्ति यस्तो व्यक्तिको लागि हो जसले मार्गदर्शनको अनुसरण गर्छ । ४८- ईश्वरले हामीलाई वही मार्फत भन्नुभएको छ- जसले झूठो ठहर गर्छ र विमुख हुन्छ उसको लागि यातना छ ।

४९- फिऔंनले भन्यो- अनि तिमीहरू दुवैको पालनकर्ता को हुन् ? हे मूसा (अ.) ! ५०- हाम्रा पालनकर्ता उहाँ हुनुहुन्छ जसले हरेक वस्तुलाई रूप दिनुभयो अनि मार्गदर्शन गर्नुभयो । ५१- फिऔंनले भन्योः अघिल्ला जातिको दशा के हुनेछ ? ५२- मूसा ले भनेः तिनीहरूको अवस्थाको ज्ञान केवल ईश्वरसँग लौहे महफूज (सुरक्षित पेटिका) मा सुरक्षित राखिएको छ । मेरा पालनकर्ता न गलती गर्नुहुन्छ न उहाँ बिर्सनुहुन्छ ।

५३- उहाँ नै हुनुहुन्छ जसले यस धर्तीलाई विछयौना बनाउनुभयो र त्यसमा तिमीहरूका लागि मार्गहरू बनाउनुभयो । आकाशबाट पानी पराउनुभयो र हामीले त्यस पानीबाट विभिन्न प्रकारका बोटबिरूवाहरू उमार्यौं । ५४- खाऊ र आफ्ना घर पालुवा जीवजन्तुहरूलाई खुवाऊ । यसमा बुझ्नेहरूका लागि निशानीहरू छन् । ५५- हामीले माटोबाटै तिमीहरूको सृष्टि गर्यौं । मृत्युपछि तिमीहरूलाई त्यसैमा फर्काइनेछ र त्यहीँबाट फेरी निकाल्नेछौं ।

५६- हामीले फिऔंनलाई आफ्ना सबै निशानीहरू देखायौं । तर उसले झुट्लायो र मान्न इन्कार गर्यो । ५७- उसले भन्योः हे मूसा ! के तिमी जादूले हामीहरूलाई यहाँबाट निकाल्न खोजेका हौ ? ५८- अनि हामी पनि त्यस्तै जादू लिएर आउनेछौं । हामी दुवैजना एक सम्झौता गरौं जसको उल्लङ्घन न हामीले गर्नेछौं न तिमीले । यो मुकाबिला एउटा समतल मैदानमा हुनुपर्दछ ।

५९- मूसा ले भनेः त्यो दिन मेलाको दिन निश्चित भयो । दिन चढेसम्म मानिसहरू भेला होउन् । ६०- फिऔंन पर गयो अनि सबै किसिमको दाउ जम्मा गर्यो, अनि प्रतिस्पर्धा गर्न हाजिर भयो । ६१- मूसा ले भनेः तिम्रो नाश होस् । ईश्वरमाथि झूठो आरोप नलगाऊ कि उहाँले तिमीहरूलाई नष्ट पार्नुहुनेछ । जसले पनि ईश्वरमाथि झूठो आरोप लगाउनेछ असफल हुनेछ ।

६२- जादूगरहरूले आपसमा मतभेद गरे र गोप्य रूपमा सल्लाह गर्न थाले । ६३- तिनीहरूले भने- वास्तवमा यी दुवै (मूसा र हारून अलैहिमस्सलाम) जादूगर हुन् । उनीहरूले तिमीहरूलाई मिस्रबाट आफ्नो जादूद्वारा निकाल्न खोजेका छन् र तिमीहरूको उत्तम तरिकालाई नष्ट पार्न चाहन्छन् । ६४- आफ्नो उपायहरू एकत्रित गर र एकजुट भएर आऊ । आज जसले आफ्नो विपक्षीलाई हराउनेछ ऊ नै सफल हुन्छ ।

६५- जादूगरहरूले मूसा लाई भनेः हे मूसा ! कि त पहिले तिमी शुरु गर कि त हामी शुरु गर्छौं ? ६६- मूसा ले भनेः पहिले तिमीहरू नै शुरु गर । उनीहरूले फ्याकेका डोरीहरू र लौरोहरूलाई सर्पहरू जस्तै सल्बलाएको देखा परे । ६७- अनि मूसा को मनमा डर उत्पन्न भयो । ६८- हामी (ईश्वर) ले भन्यौं- हे मूसा ! नडराऊ, तिमी नै विजय हुनेछौ । ६९- तिम्रो दाहिने हातमा भएको लौरो भुइँमा फ्याक । त्यसले उनीहरूको जादूलाई निल्नेछ । उनीहरूले जे गरेका छन् त्यो जादूगरको धोका मात्र हो । जादूगरहरूले जे गरे पनि सफल हुनेछैनन् । ७०- अनि

जादूगरहरूले सज्दा गरे र भने- हामीले मूसा र हारून को पालनकर्तामाथि आस्था राख्यौं ।

७१- फिऔंले भन्योः के तिमीहरूले मेरो अनुमति बिना नै आस्था राख्यौ ? हे जादूगरहरू ! वास्तवमा मूसा तिमीहरूको अगुवा हो र जसले तिमीहरूलाई जादू सिकाएको हो । अब म तिमीहरूका हातखुट्टाहरू विपरीत दिशाबाट काट्नेछु र तिमीहरूलाई खजूरको हाँगामा शुली दिनेछु । अनि तिमीहरू अरूहरूका लागि पाठ हुनेछौ अनि हामी मध्ये कसको यातना अति कठोर र सधैं बाँकी रहने छ भनी तिमीहरूले थाहा पाउनेछौ ?!

७२- जादूगरहरूले भने- हामीले तिमीलाई प्राप्त भएका प्रमाणहरूमाथि र सृष्टिकर्तामाथि ग्राहयता दिने छैनौं । तिमीलाई जे गर्नुछ गर । तिमीले यस सांसारिक जीवनमा मात्र केही गर्न सक्छौ । ७३- हामीले पालनकर्तामाथि आस्था राखेका हौं ताकि उहाँले हाम्रा पापहरूलाई माफ गर्नुहुनेछ र त्यस जादूलाई पनि माफ गर्नुहुनेछ जसको लागि तिमीले बाध्य पार्यौ । ईश्वर उत्तम हुनुहुन्छ र स्थायी हुनुहुन्छ ।

७४- निस्सन्देह जो कोही अपराधी बनेर आफ्ना पालनकर्तासमक्ष आउनेछ उसको लागि नर्क हो, जहाँ न त उसलाई मृत्यु आउनेछ र न बाँच्नेछ । ७५- जो आफ्नो पालनकर्तासमक्ष आस्था राखेर आउनेछन् र सत्कर्महरू पनि गरेका हुनेछन् उनीहरूको लागि प्रतिष्ठित स्थानहरू र उच्च पदहरू छन् । ७६- उनीहरूका लागि सधैँ रहने बगैँचा हो जसको तलतिरबाट नदीहरू बगिरहेका हुनेछन् र त्यहाँ उनीहरू सदा रहनेछन् । यो पवित्रता ग्रहण गर्नेहरूको प्रतिदान हो ।

७७- हामीले मूसा लाई वही गर्यौं- तिमी मेरा भक्तहरूलाई लिएर रातारात निस्क । अनि समुद्रमा सुख्खा बाटो बनाऊ । तिमी पीछा गरिनबाट र अन्य कुराबाट नडराऊ । ७८- अनि फिऔंनले आफ्ना सेनाहरूका साथ उनीहरूलाई

पछयायो । तर समुद्रले उनीहरूलाई यसरी ढपक्कै ढाक्यो । ७९- फिऔंनले आफ्ना समुदायलाई पथभ्रष्ट गर्यो र सीधा बाटो देखाएन ।

८०- हे इस्राईलका सन्तानहरू ! हामीले तिमीहरूलाई शत्रुबाट बचायौं र तूर पहाडको दाहिनेतिर वाचा गर्यौं । हामीले तिमीहरूमाथि मन्न तथा सलवा अवतरित गर्यौं । ८१- हामीले प्रदान गरेका पवित्र खानेकुराहरू खाऊ तर नियमको उल्लंघन न गर कि तिमीहरूमाथि प्रकोप अवतरित होस् । जसमाथि मेरो प्रकोप अवतरित हुनेछ ऊ नष्ट हुनेछ । ८२- तर प्रायश्चित गर्ने, ममाथि आस्था राख्ने, सत्कर्म गर्ने अनि सत्यतामा अडिग रहने व्यक्तिको लागि म अति क्षमाशील रहेको छु ।

८३- हे मूसा ! तिमीलाई आफ्नो समुदायलाई पछाडी छोडेर कुन कुराले चाँडै आउन बाध्य बनायो ? ८४- मूसा ले भनेः उनीहरू मेरो पछाडी आइपुग्ने छन् । म उनीहरूभन्दा चाँडै आएको देखेर तपाई खुशी हुनुहुन्छ भनी मैले हतार गरें । ८५- ईश्वरले भन्नुभयो- तिमीले पछाडी छोडेकाहरूको परीक्षा हामीले लियौं र सामरीले उनीहरूलाई पथभ्रष्ट गर्यो ।

८६- मूसा रिसाउँदै र चिन्तित हुँदै आफ्नो समुदायतर्फ फर्किए । मुसा ले भने- हे मेरो समुदाय ! के ईश्वरले तिमीहरूसँग राम्रा वाचा गर्नुभएको थिएन ? के यो अन्तराल लामो भयो ? वा तिमीहरूमाथि तिमीहरूको पालनकर्ताको प्रकोप वा यातना अवतरित होस् भनी चाहन्छौ ? त्यसैले तिमीहरूले मेरो वाचा विपरीत गर्यौ !

८७- तिनीहरूले भने- हामीले आफ्नो खुशीले वाचा उल्लंङन गरेको होइन बरु हामीले फिऔंनको समुदायका गर-गहनाको डंगुर उठाइयो र त्यसलाई खाल्टोमा फ्याक्यौं । अनि सामरीले त्यसलाई अर्को रूप दियो । ८८- अनि सामरीले आत्मा नभएको बाछाको मूर्ति बनायो । एउटा मूर्ती जसबाट गोरुको जस्तो आवाज निस्कन्थ्यो । फेरि भन्यो- यो तिमीहरूको र मूसा को उपास्य हो तर

मूसाले बिर्सनुभयो। ८९- के उनीहरू देख्दैनन्- त्यो न त जवाफ दिन सक्छ र न फाईदा वा हानि पुर्याउन सक्छ ?!

९०- हारूनले अघि नै उनीहरूलाई भनेका थिए- हे मेरा समुदाय ! तिमीहरू यस बाछाले गर्दा बहकिएका छौ जब कि तिमीहरूका पालनकर्ता दयावान हुनुहुन्छ। केवल मेरो अनुसरण गर र मेरो कुरा मान। ९१- तिनीहरूले भनेः मूसा फर्केर नआउञ्जेल हामी यसैको उपासना गरि रहनेछौं।

९२- मूसाले भने- हे हारून ! उनीहरू पथभ्रष्ट भएको देख्दा तपाईंले किन रोक्नुभएन ? ९३- के तपाईंले मेरो कुराको उल्लंघन गर्नु भयो ? ९४- हारून ले भने- हे मेरा आमा पट्टीको भाई ! मेरो दाह्री र मेरो टाउकोको नसमात। बनी इस्राईललाई विभाजित गरेको र तिम्रो कुरालाई ध्यान नदिएको भनी तिमीले भन्ने थियौ भन्ने मलाई आशंका थियो।

९५- मूसा ले भनेः हे सामरी ! तिम्रो के मामिला छ ? ९६- उसले भन्यो- अरूले देख्न नसकेको कुरा मैले देखें। मैले देवदूतको घोडाको पाइलाको माटो लिएँ र त्यसलाई त्यसमा हालि दिएं। मेरो मनले त्यस्तै भन्यो। ९७- मूसा ले भने- तिमी टाढा बस। अब तिमीले जीवित रहुन्जेल भन्नेछौ- मलाई नछुअ। तिम्रो लागि एउटा अर्को वाचा छ जो तिमीबाट टल्ने छैन। तिमीले रोजेका उपास्यलाई हेर जोसँग तिमी टाँसेर बस्थ्यौ, हामी त्यसलाई आगो बालेर पगाल्नेछौं अनि त्यसलाई टुक्रा-टुक्रा पारेर समुद्रमा बगाउनेछौं। ९८- तिमीहरूको वास्तविक उपास्य मात्र ईश्वर हुनुहुन्छ। उहाँबाहेक अरू कोही उपास्य छैन। उहाँको ज्ञान सबैमाथि हावी छ।

९९- यसरी हामीले तपाईंलाई बिगतका समुदायको कथा सुनाउँछौँ र हामीले तपाईंलाई उपदेशमा आधारित किताब दिएकाछौं। १००- जो यसबाट विमुख हुन्छ कियामतको दिन ठूलो भार बोकेर आउनेछ। १०१- उनीहरू त्यसमा सधैं रहनेछन् र कियामतको दिन त्यो भार अति नै घृणित हुनेछ। १०२- जुन दिन सूर

फुकिनेछन् र हामीले अपराधीहरूलाई तिनीहरूको आँखा त्रासले नीलो भएको अवस्थामा उठाउनेछौं। १०३- तिमीहरू दस रात मात्र बस्यौ भन्दै उनीहरू एक अर्कासँग कानेखुसी गर्नेछन्। १०४- तिनीहरूले भन्ने कुरा हामी राम्ररी जान्दछौं। केही पनि हामीबाट लुकेको छैन। त्यसबेला सबैभन्दा ज्ञानी व्यक्तिले भन्नेछ- तिमीहरू जम्मा एक दिन बस्यौ।

१०५- कियामतको दिन पहाडहरूको अवस्था के हुने हो भनी उनीहरू तपाईंलाई सोध्छन्। भन्नुहोस्- मेरा पालनकर्ताले त्यसलाई उखेलेर उडाउनुहुनेछ। १०६- अनि उहाँले धर्तीलाई चट्यल मैदान बनाउनुहुनेछ।

१०७- तपाईंले यसमा न कुनै प्रकारको उकालो र ओरालो देख्नुहुने छैन। १०८- त्यसदिन मानिसहरू बोलाउने व्यक्तितपछाडि हिँड्नेछन्। कुनै त्रुटि हुने छैन। करुणामय ईश्वरको डरले सबै आवाजहरू मौन हुनेछन्। तपाईंले केवल कानेखुसी मात्र सुन्नुहुनेछ।

१०९- त्यस दिन कसैको सिफारिस काम लाग्ने छैन सिवाय त्यस व्यक्तिको जसलाई करुणामय ईश्वरले अनुमति दिनुभएको हुनेछ र उनले बोलोस् भन्ने कुरा मन पराउनु हुनेछ। ११०- उहाँ सबैको विगत तथा भविष्यको कुरा जान्नुहुन्छ। तर कसैले पनि उहाँको ज्ञानलाई जान्न सक्दैन। १११- सबै अनुहारहरू सदा जीवित रहने, कहिल्यै मृत्यु नआउने महान ईश्वरसमक्ष निहुरेका हुनेछन्। अत्याचारको भार बोकेर आउने व्यक्ति घाटामा हुनेछ। ११२- आस्था राखी सत्कर्म गर्ने व्यक्तिलाई न कुनै जियादतीको आशंका हुनेछ न कुनै कमिको।

११३- यसरी हामीले यस कुर्आनलाई प्रष्ट अरबी भाषामा अवतरण गर्यौं र यसमा विभिन्न चेतावनी र धम्की उल्लेख गर्यौं। आशा छ, उनीहरू ईश्वरको भय राख्नेछन् वा कुर्आनले उनीहरूको मनमा केही हाल्नेछ। ११४- ईश्वर महान र वास्तविक महाराजा हुनुहुन्छ। तपाईंसम्म कुर्आनको भाग पूर्ण रूपले पुर्याउनुअघि

कुर्आन पाठमा हतार नगर्नुहोस् । अनि भन्नुहोस्- हे मेरा पालनकर्ता ! मेरो ज्ञानमा बृद्धि गर्नुहोस् ।

११५- हामीले आदम लाई यसअघि आदेश दिएका थियौँ तर उनले बिर्सिदिए र हामीले उनमा अडिग रहने क्षमता पाएनौं । ११६- जब हामीले फरिश्ताहरूलाई आदम समक्ष सज्दा गर्ने आदेश दिएक थियौं तब इब्लीस बाहेक सबैले सज्दा गरे । ११७- अनि हामीले भन्यौं- हे आदम ! इब्लीस तिम्रो र तिम्री पत्नीको शत्रु हो । उसले तिमी र तिम्री पत्नीलाई स्वर्गबाट न निकालोस् नत्र तिमीले वंचित हुनेछौ ।

११८- यहाँ स्वर्गमा न त भोको रहनेछौ न नाङ्गो । ११९- न तिर्खा लाग्नेछ न घाम । १२०- शैतानले आदमलाई बहकायो र भन्यो- के म तिमीलाई एउटा यस्तो रूखको विषयमा भनौं जसको फल खाने मान्छे अमर हुनेछ र यस्तो राज्यको मालिक हुनेछ जसमा कुनै कमि कमजोरी आउने छैन ?! १२१- अन्ततः निषेध गरिएको रूखको फल आदम र हव्वा ले खाए, अनि उनीहरूका अङ्गहरू खोलिए । उनीहरूले स्वर्गको रूखका पातहरूबाट आफूलाई छोप्न थाले । आदम ले आफ्ना पालनकर्ताको आदेश विपरीत गरे अनि बहकिए । १२२- फेरि उनका पालनकर्ताले उनलाई प्रदान गर्नुभयो, उनको पश्चाताप स्वीकार गर्नुभयो र उनको मार्गदर्शन गर्नुभयो ।

१२३- ईश्वरले भन्नुभयो- तिमी दुबै स्वर्गबाट ओर्ल । इब्लीस र तिमी एक अर्काको शत्रु हो र तिमीहरू इब्लीसको शत्रु । जब तिमीहरूसमक्ष मेरो मार्गदर्शन आउँछ, अनि जसले मेरो मार्गदर्शनको अनुसरण गर्नेछ ऊ न कहिले पथभ्रष्ट हुनेछ न वंचित हुनेछ । १२४- तर जो मेरो उपदेशबाट विमुख हुनेछ, उसको जीवन संकुचित हुनेछ । कियामतको दिन हामीले अन्धो अवस्थामा उठाउनेछौं । १२५- उसले भन्नेछ- हे पालनकर्ता ! म त संसारमा सबै कुरा देख्थें तर आज मलाई किन अन्धो अवस्थामा उठाउनु भएको ? १२६- ईश्वरले भन्नु हुनेछ-

तिमीसमक्ष हाम्रा निशानीहरू आए तर तिमीले त्यसलाई बेवास्ता गर्यौ । आज तिमीलाई बेवास्ता गरिनेछ । १२७- हामी सीमा उल्लंघन गर्नेहरूलाई र आफ्ना पालनकर्ताका निशानीहरूलाई नकार्नेहरूलाई यस्तै यातना दिनेछौं । आखिरतको यातना बढी कष्टकर र सधैं बाँकी रहने छ ।

१२८- हामीले उनीहरूभन्दा पहिले ठूलो संख्यामा मानिसहरूलाई नष्ट पारिसकेकाछौं भन्ने कुराबाट के तिनीहरूले पाठ लिएनन् ?! उनीहरू तिनीहरूले बसोबास गरेका ठाउँबाट गुज्रने गर्छन् र उनीहरूले त्यहाँ अवतरित यातनाको अवलोकन गरेका छन् । वास्तवमा यसमा बुद्धिमानहरूको लागि ठूला निशानीहरू छन् । १२९- यदि तपाईंका पालनकर्ताको तर्फबाट एउटा कुरा पहिला नै निर्धारित नभएको भए र निश्चित मोहलत नदिइएको भए अवश्य नै तिनीहरूको निर्णय गरिने थियो । १३०- तसर्थ तपाईंलाई जे पनि भनिदा धैर्य गर्नुहोस् र आफ्नो पालनकर्ताको प्रशंसाका साथ पवित्रता वर्णन गर्नुहोस्, सूर्योदय अघि, सूर्यास्तभन्दा पहिले, रातका प्रहरहरूमा र मध्यान्नपछि, ताकि तपाईं खुशी हुनुहोस् ।

१३१- हामीले तिनीहरूका केही जमातहरूको परीक्षा लिनका निम्ति दिएको धन सम्पत्तितर्फ आँखा उठाएर पनि नहेर्नुहोस् । वास्तवमा तपाईंका पालनकर्ताको जीविका धेरै उत्तम छ र सदा रही रहनेछ । १३२- आफ्ना मानिसहरूलाई नमाज पढ्ने आदेश दिनुहोस् र स्वयं पनि पाबन्दी गनुहोस् । हामी तपाईंबाट जीविका चाहँदैनौं बरु हामीले जीविका प्रदान गर्नेछौँ । ईशभयकै लागि राम्रो परिणाम रहेको छ ।

१३३- मानिसहरू भन्छन्- आफ्नो पालनकर्ताको तर्फबाट हाम्रो लागि कुनै निशानी किन ल्याउनु हुन्न ? के तिनीहरूसमक्ष पहिलेका किताबहरूको प्रमाण पुगेन ? १३४- यदि हामीले यस अघि नै कुनै प्रकोपबाट नष्ट गरेको भए उनीहरूले आफ्नो कुफ्रको लागि तर्क प्रस्तुत गर्दै भन्ने थिएः हे मेरा पालनकर्ता ! तपाईंले

हामी संसारमा भएको बेला रसूल पठाउनुभएको भए तपाईंको यातनाको कारणले अपमानित हुनुभन्दा पहिले नै हामीले उहाँमाथि आस्था राख्ने थियौं र उहाँले ल्याउनुभएका आयतहरूको अनुसरण गर्ने थियौं । १३५- भन्नुहोस्- ईश्वरले के गर्नुहुन्छ भनी हामीमध्ये हरेक प्रतीक्षामा छ । तसर्थ तिमीहरू पनि प्रतीक्षा गर, हामी र तिमीहरूमध्ये को सीधा बाटोमा छ र कसले मार्गदर्शन प्राप्त गरेको छ भनी तिमीहरूले चाँडै नै थाहा पाउनेछौ ।

# सूरह अल्-अम्बिया- २१

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- मानिसहरूका लागि हिसाबको दिन निकट आइसकेको छ । तर तिनीहरू अचेत भएर बेवास्ता गर्दैछन् । २- उनीहरूको पालनकर्ताको तर्फबाट जुनसुकै उपदेश आउँदा उनीहरू खेल खेलमा र बेवास्ता गर्दै सुन्छन् । ३- उनीहरूका हृदय अचेत छन् । अत्याचारीहरूले गोप्य कानेखसी गरे र भने- ऊ तिमीहरू जस्तै मान्छे भएको पनि किन उसको जादूमा फँस्छौ ? ४- रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो- मेरो पालनकर्ता सबै कुराहरू राम्ररी जान्नुहुन्छ, चाहे त्यो आकाशमा होस् वा पृथ्वीमा । उहाँ जान्नेवाला र सुन्नेवाला हुनुहुन्छ ।

५- बरु उनीहरू भन्छन्- यी अर्थहीन सपना हुन् । बरु यी मनगढन्ते कुराहरू हुन्, बरु उनी कवि हुन् । उनले विगतका रसूलहरू झैँ निशानीहरू ल्याउनु पर्छ । ६- यिनीहरूभन्दा पहिले नष्ट पारिएका समुदयहरूले आस्था ल्याएनन् अनि के यिनीहरूले आस्था ल्याउनेछन् त ?!

७- हामीले तपाईंभन्दा पहिले मानिसहरूमध्ये केवल पुरूषहरूलाई नबी बनाएर पठायौं । हामी उनीहरूतर्फ वही पठाउने गर्थ्यौं । हामीले फरिश्ताहरूलाई रसूल बनाएर पठाएका छैनौं । यदि तिमीहरूलाई यसको ज्ञान छैन भने अह्ले

किताबहरूलाई सोध। ८- हामीले रसूलहरूलाई यस्तो शरीर दिएनौँ कि उनीहरू खानपिन नगरुन्। उनीहरू अमर पनि थिएनन्। ९- हामीले उनीहरूसँग गरेको बाचालाई पूरा गर्यौ र उनीहरूमध्ये ज-जसलाई चाह्यौं बचायौं। अनि सीमा उल्लंघन गर्नेहरूलाई नष्ट पार्यौं।

१०- हामीले तपाईंतर्फ एउटा किताब अवतरण गरेका छौँ जसमा तपाईंका लागि उपदेश छ। के यसबाट उपदेश लिनुहुन्न। ११- कतिपय अत्याचारी बस्तीहरू छन् जसलाई हामीले पिल्सि दियौँ। अनि उनीहरू पश्चात हामीले अन्य समुदायहरूको सृष्टि गर्यौं। १२- जब तिनीहरूले हाम्रो प्रकोप देखे, तब तिनीहरू त्यसबाट भाग्न खोजे। १३- तिमीहरू नभाग बरु आफ्नो अत्यन्त आरामदायी जीवन र घरहरूतर्फ फर्केर जाऊ, ताकि तिमीहरूसंग सोध पूछ होस्। १४- तिनीहरूले भने- कस्तो हाम्रो दुर्भाग्य ! वास्तवमा हामी अत्याचारी थियौँ। १५- अनि तिनीहरू यही पुकार्दै गरे यहाँसम्म कि हामीले तिनीहरूलाई काटिएको फसल र निभिएको आगो सरह बनाइदियौँ।

१६- हामीले आकाश, पृथ्वी र यी दुबैबीच रहेका वस्तुहरूलाई खेलको लागि सृष्टि गरेका होइनौं। १७- यदि हामीले खेलको लागि बनाउन चाहेकोआफ्नो तर्फबाट बनाउने थियौँ, यदि यस्तो गर्नु थियो भने। १८- बरु हामीले नितान्त सत्यलाई असत्यमाथि प्रहार गर्छौं, अनि त्यसको टाउको भाँच्नेछ अनि त्यो समाप्त हुनेछ। तिमीहरूको भनाएको कारणले तिमीहरूका लागि ठूलो बर्बादी छ।

१९- आकाशहरू र धर्तीमा रहेका वस्तुहरू उहाँकै हुन्। उहाँसँगै रहेकाहरू उहाँको उपासनाबाट विमुख हुँदैनन् र अवज्ञा गर्दैनन्। २०- उनीहरू रात दिन उहाँको महिमागान गर्छन् तर थाक्दैनन्।

२१- के उहाँले धर्तीमा कसैलाई उपास्य बनाउनु भएको छ जो कसैलाई जीवित पारोस् ? २२- यदि आकाशहरू र पृथ्वीमा ईश्वरबाहेक अरू धेरै भगवानहरू भएका भए ती द्रवै अस्त व्यस्त हुने थियो। ईश्वर सिंहासनका मालिक

यिनीहरूले लगाएको आरोपबाट पवित्र हुनुहुन्छ । २३- उहाँले गरेको कार्य बारे कसैले पनि सोध्ने अधिकार राख्दैन । बरु उनीहरूसंग सोधिनेछ ।

२४- के उनीहरूले ईश्वरलाई छोडेर अरू उपास्यहरू बनाएका छन् ? यिनीहरूलाई भन्नुहोस्-प्रमाण ल्याऊ । यही कुरा तिनीहरूको छ जो मसंग छन् र यही कुरा तिनीहरूको छ जो मअघि बितेका छन् । बरु तिनीहरूमध्य अधिकांश नितान्त सत्यलाई जान्दैनन्, अनि तिनीहरू विमुख हुँदैछन् । २५- हामीले तपाईंभन्दा पहिले पठाइएका हरेक रसूललाई वही गर्यौं- म नै तिमीहरूको वास्ताविक उपास्य हुँ तसर्थ मेरो मात्र उपासना गर ।

२६- तिनीहरूले भन्छन्- करुणामय (ईश्वर) ले सन्तान बनाउनुभएको छ । उहाँ यिनीहरूको यी कुराहरूबाट पवित्र हुनुहुन्छ । बरु (फरिश्ताहरू) ईश्वरका सम्मानित भक्तहरू हुन् । २७- उनीहरू आफ्ना उहाँभन्दा अगाडि बढेर बोल्दैनन् । बरु उनीहरू उहाँका आदेशको पालना गर्छन् । २८- उहाँ तिनीहरूका भूत र भविष्यका सम्पूर्ण क्रियाकलापहरू जान्नुहुन्छ । उनीहरू केवल त्यसका लागि सिफारिश गर्नेछन् जसको लागि उहाँले मन पराउन् । उहाँको रुवाफले उनीहरू डराइ रहन्छन् । २९- यदि उनीहरूमध्ये कसैले उपास्य हुने दावी गर्छ भने हामी उसलाई नर्कमा हाल्नेछौं । हामी अत्याचारीहरूलाई यस्तै सजाय दिन्छौं ।

३०- के नकार्नेहरूले विचार गरे- पृथ्वी र आकाशहरू दुवै बन्द थिए, अनि हामीले त्यसलाई खोलि दिएं । हामीले पानीबाट हरेक जीव जन्तु सृष्टि गर्यौं । के उनीहरू तै पनि आस्था राख्दैनन् ?!

३१- हामीले पृथ्वीमा पहाडहरू बनायौं ताकि त्यो न ढल्कोस् । हामीले फराकिला सडकहरू बनायौं ताकि उनीहरूले बाटो पाउन् । ३२- हामीले आकाशलाई सुरक्षित छाना बनाएकाछौं तै पनि तिनीहरू विमुख हुन्छन् । ३३- ईश्वरले नै रात, दिन, सूर्य तथा चन्द्रमा सृष्टि गर्नुभयो । सम्पूर्ण ग्रहहरू आ-आफ्नो कक्षमा परिक्रमा गर्छन् ।

३४- हामीले तपाईंभन्दा पहिले कसैलाई पनि यस संसारमा अमर बनाएनौं। यदि तपाईंको मृत्यु हुन्छ भने के यिनीहरू जीवित रहनेछन् त ? ३५- हरेक जीवले मृत्युको स्वाद चाख्नु पर्नेछ। हामी तिमीहरूको परीक्षा लिनेछौं राम्रो तथा नराम्रो अवस्थाबाट गुजारेर। अनि तिमीहरू हामीतर्फ नै फर्केर आउनेछौ।

३६- नकार्नेहरू तपाईंलाई हेर्दा खिल्ली उडाउँछन् र भन्छन्- तिमीहरूले उपासना गर्ने उपास्यहरूलाई गाली गर्ने यही नै हो, होइन र ?! उनीहरू करुणामय ईश्वरको इन्कार गर्छन्।

३७- हतार गर्नु मानवको प्रवृत्ति हो। म चाँडै नै आफ्ना निशानीहरू देखनउनेछु तर तिमीहरू हतार नगर। ३८- तिनीहरू भन्छन्- यदि तिमीहरू सच्चा हौ भने तिमीहरूले बाचा गरेको पुनर्जीवन कहिले हुनेछ ? ३९- यिनीहरूलाई त्यस समयको खबर भएको भए जब तिनीहरू आगोलाई न आफ्नो अगाडिबाट रोक्न सक्नेछन् न पछाडिबाट र न तिनीहरूलाई कुनै मद्दत पुग्नेछ। ४०- बरु त्यो एक्कासी आई लाग्नेछ। उनीहरू होश हवास गुमाउनेछन्। त्यसबाट बच्न सक्ने छैनन् र न तिनीहरूलाई अवसर दिइनेछ। ४१- तपाईंभन्दा पहिले पनि रसूलहरूको खिल्ली उडाइयो। खिल्ली उडाउनेहरूलाई खिल्ली उडाइएको प्रकोपले घेर्यो।

४२- भन्नुहोस्- रात र दिनको समयमा तिमीहरूलाई कृपावान (ईश्वर) को प्रकोपबाट कसले जोगाउँछ ? बरु उनीहरू आफ्ना पालनकर्ताका उपदेशबाट विमुख हुन्छन्। ४३- के हामीबाहेक अन्य कोही उपास्य छ जो यिनीहरूलाई जोगाउँछ ? उनीहरू त आफ्नो सुरक्षा गर्ने सामर्थ्य राख्दैनन्। न हाम्रो मुकाबिलामा कसैले तिनीहरूको सहयोग गर्न सक्छ।

४४- बरु हामीले यिनीहरू र यिनका पुर्खाहरूलाई सर सामान प्रदान गयौं। यसै अवस्थामा लामो समय बित्यो। हामीले धर्तीलाई विभिन्न दिशाबाट घटाउँदै लगेको कुरा यिनीहरूले देख्दैनन् ? अनि के उनीहरू नै जित्नेछन् त।

४५- भन्नुहोस्- म वही मार्फत तिमीहरूलाई डराउँछु। तर बहिरा पुकार सुन्दैन

जब कि उसलाई डराइन्छ । ४६- यदि तपाईंको पालनकर्ताको प्रकोपले थोरै मात्रै छोयो भने उनीहरूले भन्नेछन्- हाम्रो कस्तो दुर्भाग्य ! निस्सन्देह हामी अत्याचारी थियौं ।

४७- हामीले कियामतको दिन निसाफका साथ तराजु राखनेछौं । कुनै पनि जीवमाथि अलि पनि अत्याचार हुने छैन । यदि रायोको दाना बराबर पनि कसैको सत्कर्म भएमा हामी हामीले हाजिर गर्नेछौं । हिसाब राख्नको लागि हामी नै पर्याप्त छौं ।

४८- हामीले मूसा र हारून लाई कसौटी, प्रकाश र उपदेश प्रदान गर्यौं, पालनकर्ताको भय राख्नेहरूको लागि, ४९- जो आफ्नो पालनकर्तासित डराउँछन्, यद्यपी उहाँलाई देखेका छैनन्, साथै कियामतदेखि डराउँछन् । ५०- यो (कुर्आन) मंगलमय उपदेश हो, जसलाई हामीले अवतरित गरेका छौं । के तिमीहरू यसलाई इन्कार गर्छौ ?

५१- हामीले यसअघि इब्राहीम लाई यसको मार्गदर्शन प्रदान गर्यौं र हामी उनलाई राम्ररी जान्दथ्यौं । ५२- जब उनले आफ्ना पिता र समुदायलाई सोधे- यी कस्ता मूर्तिहरू हुन् जो समक्ष तिमीहरू जमेर बसेका छौ ? ५३- तिनीहरूले भने- हामीले आफ्ना पूर्वजहरूलाई यिनको उपासना गर्दै आएको पाएका छौं । ५४- इब्राहीम ले भने- निस्सन्देह तिमीहरू र तिम्रा पूर्वजहरू पथभ्रष्टतामा छौ ।

५५- तिनीहरूले भने- के तिमीले सत्य सन्देश ल्याएका छौ वा तिमी ठट्टा गर्दैछौ ? ५६- इब्राहीम ले भने- तिमीहरूको पालनकर्ता उहाँ नै हुनुहुन्छ जसले आकाशहरू र पृथ्वीलाई बिना कुनै नमुना सृष्टि गर्नुभएको हो । अनि यस कुराको म साक्षी छु । ५७ ईश्वरको कसम ! म तिमीहरूको मूर्तिहरूको बिरूद्ध यस्तो उपाय गर्नेछु जसले गर्दा तिमीहरूले पिठ्यूँ फर्काएर भाग्नेछौ । ५८- अनि उनले मूर्तिहरूलाई टुक्राटुक्रा पारिदिए, सबैभन्दा ठूलोबाहेक ताकि तिनीहरू त्यसतर्फ रुजु गरन् ।

५९- उनीहरूले भने- कसले हाम्रा उपास्यहरूलाई टुक्रा टुक्रा पारेको ? ऊ ठूलो अत्याचारी हो । ६०- केहीले भनेः इब्राहीम नाम गरेको एउटा युवक यिनीहरूको विषयमा कुरा गर्छ भन्ने कुरा हामीले सुनेकाछौं । ६१- तिनीहरूले भने- उसलाई सबै मानिसहरूसमक्ष लिएर आऊ । उसले गल्ती स्वीकारेको दृश्यलाई सबैले देखुन् । ६२- उनीहरूले सोधे- हे इब्राहीम ! तिमीले हाम्रा भगवानहरूलाई तोडफोड गरेको हो ? ६३- इब्राहीम ले भने- बरु मूर्तिहरूमध्ये ठूलोले गरेको हो। यदि कुरा गर्न सक्षम छन् भने आफ्ना मूर्तिहरूलाई सोध । ६४- उनीहरूले सोच विचार गरे अनि भन्न थाले- तिमीहरू नै असत्यमा छौ । ६५- अनि उनीहरूले टाउको निहुराए र भने- हे इब्राहीम ! तिमीलाई थाहा छ- यी मूर्तिहरू कुरा गर्दैनन्। ६६- इब्राहीम ले भने- के ईश्वरलाई छोडेर तिमीहरू यी मूर्तिहरूको पूजा गर्न चाहन्छौ जो तिमीहरूलाई लाभ वा हानि पुर्याउने क्षमता राख्दैन । ६७- कस्तो दुर्भाग्य ! तिमीहरूको र यी मूर्तिहरूको जसको उपासना तिमीहरू ईश्वरलाई छोडेर गर्छौ ! के तिमीहरू बुझ्दैनौ ।

६८- उनीहरूले भने- तिमीहरू इब्राहीमलाई जलाइदेऊ र आफ्नो भगवानहरूको सहयोग गर । यदि तिमीहरू केही गर्न चाहन्छौ भने । ६९- हामीले भन्यौँ- हे आगो ! तिमी इब्राहीमको लागि शीतल र शान्त बन । ७०- तिनीहरूले उनलाई हानि पुर्याउन खोजे तर हामीले उनीहरूलाई विफल बनायौं ।

७१- हामीले उनलाई र लूत लाई त्यस भूमितिर लग्यौं जसमा हामीले संसारबासीहरूका लागि बर्कत राखेका छौँ। ७२- हामीले उनलाई इस्हाक दियौं र थप याकूब पनि प्रदान गर्यौं र सबैलाई सत्कर्मी बनायौं। ७३- हामीले उनीहरूलाई अगुवा बनायौं जो हाम्रो आदेशबाट मार्गदर्शन गर्दथे। हामीले उनीहरूलाई सत्कर्म गर्ने, सही तरिकाले सलाह पढ्ने र जकात दिन आदेश दियौँ। उनीहरू हाम्रा भक्त थिए।

७४- हामीले लूत लाई विवेक र ज्ञान प्रदान गर्यौं र त्यस बस्तीबाट बचायौं

जो दुष्कर्म गर्थे । वास्तवमा उनीहरू दुष्कर्मी र अवज्ञाकारी थिए । ७५- हामीले उनलाई आफ्नो कृपाको पात्र बनायौं, निस्सन्देह उनी सत्कर्मी थिए ।

७६- नूह को कथालाई सम्झनुहोस् । जब उनले ईश्वरसँग दुआ गरे । हामीले उनको दुआ स्वीकार गर्यौं र उनलाई र उनका मानिसहरूलाई महापीडाबाट जोगायौं । ७७- हामीले उनलाई त्यस्ता मानिसहरूको षड्यन्त्रबाट जोगायौं जसले उनका निशानीहरूलाई झूठो ठहर गरे । वास्तवमा उनीहरू अति दुष्ट मानिसहरू थिए । हामीले उनीहरू सम्पूर्णलाई डुबाएर नष्ट पार्यौं ।

७८- दाऊद र उनका छोरा सुलैमान को कथालाई सम्झनुहोस् । जब उनीहरू खेतको मामिलामा फैसला सुनाइरहेका थिए । ती दुईमध्ये एकको भेडाले रातमा अर्कोको खेत चर्यो । हामी दुवैले गरेको फैसलालाई हेरिरहेका थियौं । ७९- हामीले सुलैमान लाई यसको समझ दियौं । हामीले दुबैलाई विवेक र ज्ञान प्रदान गरेका थियौँ । हामीले पहाडहरूलाई दाऊदको अधीनमा गर्यौं जो उनीसँगै ईश्वरको गुणगाण गर्दथे र चराहरूलाई पनि । हामीले नै सबै गर्यौँ । ८०- हामीले दाऊद लाई तिमीहरूको लागि कवच बनाउने कला सिकायौं ताकि युध्दमा तिमीहरूको रक्षा होस् । के तिमीहरू ईश्वरप्रति कृतज्ञ छौ त ?

८१- हामीले तिब्र गतिमा चल्ने हावालाई सुलैमानको अधीनमा दियौं । उनको आदेशले त्यो हावा त्यो ठाउँमा जाने गर्थ्यो जसलाई हामीले पवित्र बनायौं । ८२- हामीले केही शैतानहरूलाई उनको अधीनमा दियौं जो समुद्रमा डुबुल्की मार्ने गर्थे र अन्य कार्यहरू पनि गर्थे । हामी उनीहरूलाई सम्हालेका थियौं ।

८३- अय्यूब को कथा सम्झनुहोस् । जब उनले आफ्ना पालनकर्तालाई पुकारे- मलाई रोग लागेको छ, र तपाई सबै भन्दा महान दयावान हुनुहुन्छ । ८४- हामीले उनको दुआ स्वीकार गर्यौं, उनलाई पीडामुक्त गर्यौं, उनको परिवारलाई फर्कायौं र त्यति अझै थपेर दियौं । यी सबै हामीले भक्ति गर्नेहरूका लागि दया तथा पाठ होस् भनी गर्यौं ।

८५- इस्माईल, इद्रीस र जुल्-किफ्ललाई सम्झनुहोस् । यिनीहरू धैर्यवानहरूमध्ये थिए। ८६- हामीले उनीहरूलाई दयाको पात्र बनायौं, वास्तवमा उनीहरू सत्कर्मीहरूमध्ये थिए।

८७- माछावाला (यूनुस अलैहिस्सलाम) को कथा सम्झनुहोस्। जब उनी आफ्नो समुदायबाट रिसाएर गए। हामीले उनलाई समात्ने छैनौँ भनी ठाने। अनि उनले अन्धकारमा पुकारे- तपाईंबाहेक कोही सत्य उपास्य छैन । तपाईं पवित्र हुनुहुन्छ, वास्तवमा म गलती गर्नेवाला हुँ । ८८- हामीले उनको दुआ स्वीकार गर्यौं र चिन्ताबाट मुक्त गर्यौं। यसरी नै हामी मोमिनहरूलाई मुक्ति प्रदान गर्छौं।

८९- जकरिया लाई सम्झनुहोस्, जब उनले आफ्ना पालनकर्तालाई पुकारे- हे मेरा पालनकर्ता ! मलाई एकलै नछोड्नुहोस्, तपाईं उत्तम वारिस हुनुहुन्छ । ९०- अनि हामीले उनको दुआ स्वीकार गर्यौं, उनलाई यह्या प्रदान गर्यौं र उनकी पत्नीलाई उनको लागि ठीक पार्यौं । वास्तवमा यी सबै सत्कर्म गर्न तत्पर रहने गर्थे। हामीलाई आशा तथा डरले पुकार्ने गर्दथे र हामीसमक्ष निहुरिने गर्दथे।

९१- त्यो महिला (मर्यम अलैहिस्सलाम) जसले आफ्नो सम्मानलाई जोगाइन्, अनि हामीले उनीभित्र आफ्नो आत्मा फुक्यौं । उनलाई र उनको छोरालाई संसारबासीहरूका लागि निशानी बनायौं।

९२- तिमीहरूको समुदाय एउटै समुदाय हो र म नै तिमीहरूको पालनकर्ता हुँ, तसर्थ केवल मेरो उपासना गर। ९३- तिनीहरूले आफ्नो धर्म आफूभित्र टुक्रा टुक्रा गरे। यिनीहरू हामीतर्फ नै फर्केर आउनेछन्। ९४- जसले भएर सत्कर्म गर्यो उसको सत्कर्मलाई बेवास्ता गरिने छैन। हामी त्यसलाई लेख्ने गर्छौं।

९५- जुन बस्तीवालाहरूका लागि हामीले बर्बादी लेखेका छौं, तिनीहरूले रुजु गर्नु असंभव छ। ९६- यहाँसम्म कि याजूज र माजूज खोलिनेछन् र उनीहरू अग्लो स्थानहरूबाट निस्केर आउनेछन् । ९७- (कियामतको) सत्य वाचा नजिकिनेछ अनि त्यसको भयले नकार्नेहरूको आँखा खुलेको खुल्लै रहनेछन्।

उनीहरू भन्नेछन्- कस्तो हाम्रो दुर्भाग्य ! हामी असावधान रहयौं, बरु हामीले अत्याचार गर्यौं।

९८- वास्तवमा, तिमीहरू र तिमीहरूले उपासना गर्ने गरेका मूर्तिहरू नर्कको ईन्धन बन्ने छौ र त्यसैमा जानेछौ। ९९- यदि यी सत्य उपास्य भएको भए नर्कमा जाने थिएनन् र यी सबै त्यहाँ सदा रहनेछन्। १००- उनीहरू नर्कको पीडाले चिच्याइरहेका हुनेछन् र केही पनि सुन्ने छैनन्। १०१- निस्सन्देह जसको लागि पहिला नै भलाइको निर्णय भइ सकेको छ तिनीहरूलाई नर्कबाट टाढा राखिनेछ। १०२- तिनीहरूले नर्कको सानो आवाज पनि सुन्ने छैनन्। उनीहरू आफूले मन पराएको आनन्दमा सदाको लागि रहनेछन्। १०३- उनीहरूलाई ठूलो हैरान पार्ने दृश्यले चिन्तित पार्ने छैन। अनि फरिश्ताहरूले अभिनन्दन गर्नेछन्- यो हो तिमीहरूको त्यो दिन जसको वाचा गरिएको थियो।

१०४- त्यस दिन हामी आकाशलाई पन्नाहरू पट्याए झैं पट्याउनेछौं। जसरी पहिलो पटक हामीले सृष्टिको शुरुवात गरेका थियौं त्यसलाई फेरि दोहोर्याउनेछौं। हाम्रो यो वाचा कहिल्यै असफल हुनेछैन। यो हाम्रो वाचा हो जसलाई हामी अवश्य पूरा गर्नेछौं। १०५- जबूरमा उपदेशपछि हामी लेखि सकेकाछौं कि यस धर्तीका उत्तराधिकारी हाम्रा असल भक्तहरू हुनेछन्। १०६- यसमा असल भक्तहरूका लागि ठूलो खबर छ।

१०७- हामीले तपाईंलाई सम्पूर्ण संसार बासीहरूका लागि कृपा बनाएर पठाएकाछौं। १०८- भन्नुहोस्- वास्तवमा तिमीहरूको सत्य ईश्वर मात्र एक ईश्वर हुनुहुन्छ र उहाँको कोही साझेदार छैन भनी मतर्फ वही गरिएको छ। तसर्थ तिमीहरू आज्ञाकारी बन्छौ त। १०९- यदि यिनीहरू विमुख हुन्छन् भने भन्नुहोस्- मैले तिमीहरूलाई स्पष्ट खबरदारी गरी सकें। तिमीहरूसित गरिएको वाचा नजिक छ वा टाढा, मलाई थाहा छैन। ११०- वास्तवमा तिमीहरूले जाहेर गरेका र लुकाएका सबै कुराहरू उहाँ जान्नुहुन्छ। १११- मलाई थाहा छैन शायद यो

तिमीहरूका लागि परीक्षा होस् र फाइदा उठाउने अवसर होस् । ११२- ईश्वरका रसूल ले भन्नुभयो- हे मेरा पालनकर्ता ! न्यायका साथ फैसला गर्नुहोस् । उहाँ रहमान (अत्यन्त दयावान) हुनुहुन्छ । तिमीहरूले भनेको कुराप्रति हामी उहाँकै सहयोग चाहन्छौं ।

## सूरह अल्-हज्ज- २२

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- हे मानिसहरू हो ! आफ्ना पालनकर्ताको भय राख । वास्तवमा, कियामतको बेला हुने भूकम्प एकदमै खतरनाक छन् । २- त्यस दिनको डरले गर्दा हरेक स्तनपान गराउने आमाले आफ्नो शिशुलाई बिर्सेको र हरेक गर्भवतीले गर्भपतन गरेको तिमीहरूले देख्नेछौ । तपाईंले मानिसहरूलाई मात्तेकाहरू देख्नुहुनेछ । बरु ईश्वरको यातना कठोर हुनेछ । ३- मानिसहरूमध्ये केही यस्ता छन् जो कुनै ठोस प्रमाण बिना ईश्वरको बारेमा झगडा गर्दछन् । ४- हरेक उद्दण्ड शैतानको अनुसरण गर्न थाल्छन् । यसको बारेमा लेखिएको छ- जसले शैतानलाई मित्र बनाउनेछ उसले त्यसलाई पथभ्रष्ट पार्नेछ र नर्कको यातनातिर डोर्याएर लानेछ ।

५- हे मानवहरू हो ! यदि तिमीहरूलाई मृत्युपश्चात जिउँदो पारिने बारे शंका छ भने हामीले तिमीहरूलाई माटोबाट सृष्टि गर्यौं अनि वीर्यबाट सृष्टि गर्यौं। त्यसपछि रगतको ढिक्कोबाट । त्यसपछि मासुको यस्तो टुक्राबाट जो या त रूप राखेको हुन्छ वा राखेको हुँदैन ताकि हामी तिमीहरूका लागि स्पष्ट पारौं। हामी जे चाहन्छौं एउटा निश्चित समयसम्म गर्भाशयमा ठहराउँछौं, अन्तमा शिशु बनाएर बाहिर निकाल्छौं, ताकि तिमी यूवावस्थासम्म पुग । तिमीहरूमध्ये कोही त्यसभन्दा पहिले नै मर्छ, कोही बुढेसकालसम्म बाँच्छ ताकि ऊ जानेर पनि नजानोस् । तिमी धर्तीलाई सुख्खा देख्छौ । तर जब हामी पानी पराउँछौं त्यो

ताजा हुन्छ र नम्र हुन्छ र हरेक प्रकारका सुन्दर बोटबिरूवाहरू उब्जाउँछ। ६- यो यस कारणले कि ईश्वर नै नितान्त सत्य हुनुहुन्छ, मृत वस्तुमा ज्यान हाल्नुहुन्छ, र सम्पूर्ण कामको सामर्थ्य राख्नुहुन्छ। ७- कियामत आउने कुरामा कुनै शंका छैन। ईश्वरले नै मृतकहरूलाई चिहानबाट अवश्य जीवित पारेर उठाउनुहुनेछ।

८- केही मानिसहरू ईश्वरको विषयमा विवाद गर्छन्, त्यो पनि बिना ज्ञान, मार्गदर्शन र प्रकाशमय किताब। ९- घमण्ड गर्दै ताकि ईश्वरको मार्गबाट रोकुन्। उनीहरूका लागि संसारमा अपमान छ र महाप्रलयको दिन आगोको यातनाको स्वाद चखाउनेछौं। १०- यो तिमीहरूले गरेको पापको बदला हो र ईश्वर आफ्ना सृष्टिहरूमाथि अत्याचार गर्नुहुन्न।

११- केही मानिसहरू अलग थलग बसेर ईश्वरको उपासना गर्छन्। यदि उनीहरूलाई कुनै लाभ भएमा उनीहरू ईश्वरको उपासनामा अडिग रहन्छन्। यदि परीक्षा लिइन्छ भने उनीहरू विमुख हुन्छन्। उनीहरूको संसार पनि बर्बाद हुन्छ,र आखिरत पनि बर्बाद। यो स्पष्ट घाटा हो।

१२- ऊ ईश्वरलाई छोडी यस्ता उपास्य (मूर्ति) हरूको उपासना गर्छ जो न त उसलाई हानि पुर्याउन सक्छ र न फाइदा दिन सक्छ। यो वास्तविक पथभ्रष्टता हो। १३- ऊ यस्तो उपास्यलाई पुकार्छ जसको हानि उसको लाभभन्दा निकट छ। कति नराम्रो कार्य साधक र कति नराम्रो साथी। १४- वास्तवमा, ईश्वर उहाँमाथि आस्था राख्ने र सत्कर्म गर्नेहरूलाई यस्ता स्वर्गहरूमा प्रवेश गराउनुहुनेछ जसका महलहरूको तलतिरबाट नदीहरू बगिरहेका हुनेछन्। ईश्वर जे चाहनुहुन्छ गर्नुहुन्छ।

१५- ईश्वरले यस संसारमा र आखिरतमा सहयोग गर्नुहुने छैन भनी कसैले सोचेको छ भने उसले आकाशसम्म एउटा रस्सी झुन्ड्याओस् अनि त्यसलाई काटोस्। अनि हेरोस् के उसको यस उपायले ऊभित्रको क्रोधलाई समाप्त पार्छ त।

१६- यसरी हामीले कुर्आनका प्रष्ट प्रमाणका साथ अवतरण गरेकाछौं। निस्सन्देह ईश्वर जसलाई चाहनुहुन्छ मार्गदर्शन गर्नुहुन्छ।

१७- निस्सन्देह ईश्वरले मोमिन, यहूदी, साबिई, ईसाई, मजूस र मूर्तिका उपासकहरूबीच कियामतका दिन फैसला गर्नुहुनेछ। वास्तवमा ईश्वर सम्पूर्ण कुरा र क्रियाकलापहरूको गवाह हुनुहुन्छ। उहाँ हरेक कुराबाट अवगत हुनुहुन्छ।

१८- के तिमी देख्दैनौ आकाशहरू र पृथ्वीमा रहेका सबै ईश्वरलाई नै सज्दा गर्छन्। सूर्य, चन्द्रमा, ताराहरू र पहाडहरू, रूखहरू, चौपायाहरू र धेरै मानिसहरू पनि। धेरैमाथि ईश्वरको यातना अनिवार्य भएको छ। जसलाई ईश्वरले अपमानित गर्न चाहेमा कसैले पनि सम्मानित गर्न सक्दैन। निस्सन्देह ईश्वरले जे चाहनुहुन्छ गर्नुहुन्छ।

१९- यी दुई समूहहरू हुन् जसले आफ्ना पालनकर्ताको विषयमा मतभेद गरे। अनि नकार्नेहरूका लागि आगोको लुगा काटिनेछ र उनीहरूको टाउकोबाट उम्लदो पानी खन्याइनेछ। २०- जसले गर्दा उनीहरूको पेट भित्रका अङ्गहरू पग्लनेछन् र उनीहरूको छालासम्म पुगेर त्यसलाई पगाल्नेछ। २१- उनीहरूको लागि त्यहाँ फलामका घनहरू हुनेछन्। २२- जब उनीहरू त्यहाँबाट निस्कन खोज्नेछन् उनीहरूलाई त्यहाँ फर्काइनेछ र भनिनेछ- जल्ने यातनाको स्वाद चाखि राख।

२३- ईश्वरमाथि आस्था राखेर सत्कर्म गर्नेहरू ईश्वरले यस्ता स्वर्गहरूमा प्रवेश गराउनुहुनेछ जसका तलतिरबाट नदीहरू बगिरहेका हुनेछन्। ईश्वरले उनीहरूलाई सुनका बालाहरू र मोतीहरूले सजाउनुहुनेछ र उनीहरूको लुगा रेशमको हुनेछ। २४- उनीहरूलाई उत्कृष्ट वाणीहरू पढ्ने शक्ति र इस्लामको मार्गदर्शन गरिएको थियो।

२५- ईश्वरलाई नकार्नेहरू, अरूलाई इस्लामबाट रोक्नेहरू, मस्जिदे हरामबाट

टाढा राख्नेहरू र अत्याचारको तरिका अपनाउनेहरूलाई चाँडै नै हामी पीडादायी यातना दिनेछौं। यो मस्जिद अस्थानीय र बाहिरीहरूका लागि एक समान छ।

२६- जब हामीले इब्राहीम लाई बैतुल्लाहको ठाउँ देखायौं। अनि भन्यौं- मात्र मेरो उपासनामा कसैलाई पनि सामेल (शिर्क) नगर्न र मेरो घरलाई तवाफ गर्नेहरू, कियाम, रुकु तथा सज्दा गर्नेहरूका लागि पवित्र राख।

२७- मानिसहरूमा हजको घोषणा गर, उनीहरू तिमीकहाँ हिंडेर वा दुबला ऊँटहरूमा टाढाका ठाउँबाट आउनेछन्। २८- ताकि उनीहरू आफ्ना फाइदाहरूका स्थानहरूमा पुगुन् र केही निर्धारित दिनहरू ती जनावरहरूमाथि ईश्वरको नाम लिएर कुर्बानी गरुन् जो उहाँले उनीहरूलाई प्रदान गर्नुभएको छ। यी जनावरहरूबाट खाऊ र पीडित गरिबगुरूवाहरूलाई खुवाऊ। २९- अनि उनीहरूले आफ्ना मैलालाई सफा पारून्, भाकल पूरा गरुन् र पुरानो घर (बैतुल्लाह) को तवाफ (परिक्रमा) गरुन्।

३०- यो कुरा भयो अनि जसले ईश्वरले पवित्र ठहर गर्नुभएका कुराको मान राख्छ त्यो उसको लागि उसको पालनकर्तानजिक उत्तम छ। तिमीहरूका लागि चौपायाहरू हलाल गरिएका छन्, ती चौपायाहरूबाहेक जसलाई पढेर सुनाइएको छ। तसर्थ तिमीहरू मूर्तिको अपवित्रताबाट बच र हरेक प्रकारका असत्य कुराहरूबाट टाढा बस।

३१- मात्र ईश्वरको उपासना गर र उहाँसंग कसैलाई साझेदार नबनाऊ। जसले ईश्वरको साझेदार बनाउँछ मानौं ऊ आकाशबाट खस्यो। या त चराले उसको मासु र हड्डी खोसेर लैजाने छन् या हावाले उसलाई टाढाको ठाउँमा लगेर खसाल्नेछ।

३२- यो कुरा भयो, अनि जो व्यक्ति ईश्वका निशानीहरूको मान सम्मान गर्छ। यी चिन्हहरूको सम्मान भनेको हृदयमा ईशभयको प्रमाण हो। ३३- तिमीहरूले एउटा निश्चित समयावधिसम्मका लागि केही फाइदाहरू उठाउनुछ अनि ईश्वरको पूरानो घर (काबा) नजिक कुर्बानीको लागि लगिनुछ।

३४- हामीले हरेक समुदायको लागि कुर्बानी गर्नु निर्धारित गर्यौं ताकि उनीहरूले ती चौपायाहरूमाथि ईश्वरको नाम उच्चारण गरुन् जो उहाँले प्रदान गर्नुभएको छ। तिमीहरूको वास्तविक उपास्य एक मात्र हुनुहुन्छ। तसर्थ केवल उहाँप्रति समर्पित होऊ। नम्र र समर्पितहरूलाई प्रसन्न पार्ने खबर सुनाउनुहोस्। ३५- उनीहरूको अवस्था के छ भने जब उनीहरूसमक्ष ईश्वरको नाम लिइन्छ तब उनीहरू काप्न थाल्छन्, कुनै आपत विपत परेमा धैर्य गर्छन्, नमाज पढ्छन् र ईश्वरले प्रदान गर्नुभएको जीविकाबाट खर्च गर्छन्।

३६- कुर्बानीको ऊँटलाई हामीले तिमीहरूका लागि निशानी बनाएकाछौं। यसमा तिमीहरूको भलो छ। तसर्थ उनीहरूलाई उभ्याएर ईश्वरको नाम लिएर बध गर। जब उनीहरू एक तर्फ लड्छन् तब उनीहरूलाई खाऊ। अनि माग्ने र नमाग्ने दुबै थरीका गरिबहरूलाई खुवाऊ। यसरी हामीले यी जनावरहरूलाई तिमीहरूको अधीनमा गरेकाछौं ताकि तिमीहरू ईश्वरप्रति धन्यबाद व्यक्त गर। ३७- तिमीहरूले गरेको कुर्बानीको मासु र रगत कदापी ईश्वरसम्म पुग्दैन बरु ईश्वरसम्म तिमीहरूको ईशभय मात्र पुग्छ। त्यसैगरी उहाँले जनावरहरूलाई तिमीहरूको अधीनमा गर्नुभयो र ताकि उहाँले प्रदान गर्नु भएको मार्गदर्शनप्रति उहाँलाई धन्यबाद दिन सक। पुण्यकर्मीहरूलाई प्रसन्न पार्ने खबर सुनाइदिनुहोस्।

३८- निस्सन्देह ईश्वर आफूमाथि आस्था राख्नेहरूलाई शत्रुबाट बचाउनुहुन्छ। वास्तवमा, ईश्वर कुनैपनि विश्वासघाती र कृतघ्न व्यक्तिलाई मन पराउनुहुन्न। ३९- ईश्वरले मोमिनहरूलाई मुश्रिकहरूसँग युद्ध गर्ने अनुमति प्रदान गर्नुभयो किनभने उनीहरूमाथि अत्याचार भयो। वास्तवमा, ईश्वर मोमिनहरूको सहयोग गर्न सक्षम हुनुहुन्छ। ४०- उनीहरू आफ्ना घरहरूबाट बिना कारण बाहिर निकालिए, केवल यति भनेको ले कि हाम्रा पालनकर्ता त केवल ईश्वर (अल्लाह) हुनुहुन्छ। यदि ईश्वरले एक अर्कालाई एक अर्काबाट न जोगाएको भए आश्रमहरू, गिर्जाघरहरू, यहूदीहरूका उपासना गृहहरू र मस्जिदहरू जसमा ईश्वरको नाम

लिइन्छ, यी सबै पूर्णरूपले भत्काइने थिए । ईश्वरले अवश्य उनीहरूको सहयोग गर्नुहुनेछ जसले ईश्वरको सहयोग गर्छ । निस्सन्देह ईश्वर प्रभुत्वशाली र शक्तिशाली हुनुहुन्छ ।

४१- यी उनीहरू हुन् जसलाई हामीले सत्ता प्रदान गरेमा उनीहरू नमाज कायम गर्नेछन्, जकात दिनेछन्, सत्कर्मको आदेश दिनेछन् र दुष्कर्मबाट रोक्नेछन् । सबै कार्यको परिणाम मात्र ईश्वरको हातमा छ ।

४२- यदि तपाईंको समुदायले तपाईंलाई झूठो ठहर गर्छन् भने तपाईंको समुदायभन्दा पहिले नै नूहको समुदाय, आद र समूद झूठो ठहर गरिसकेका छन् । ४३- इब्राहीमको समुदाय र लूतको समुदायले पनि । ४४- मदयनबासीहरूले पनि । मूसा पनि झूठो ठहर गरिए । मैले उनीहरूलाई अवसर दिएं । फेरी मैले उनीहरूलाई समातें । अनि कस्तो रहयो प्रकोप ।

४५- हामीले कतिपय बस्तीहरूलाई सर्वनाश पार्यौं किनभने ती अत्याचारी थिए । अब त्यहाँका घरहरू भत्केर घोप्टो परेका छन्, कतिपय बेकार इनारहरू छन् र कतिपय अग्ला महलहरू खाली छन् । ४६- के यिनीहरूले धर्तीमा घुमेर हेर्दैनन् कि उनीहरूको हृदय बुझ्ने खालको होओस् उनीहरूको कान सुन्ने वाला होओस्, किनभने आँखा अन्धो हुनु वास्तविक अन्धोपन होइन बरु हृदय अन्धो हुनु असल अन्धोपन हो जो छातीभित्र छ ।

४७- यी नकार्नेहरू तपाईंसित प्रकोप चाँडै आओस् भन्ने माग गर्छन् । ईश्वरले आफ्नो वाचा पूरा गर्न पछि हट्नु हुने छैन । तपाईंका पालनकर्ताको एक दिन तिम्रो गन्ती अनुसार एक हजार वर्ष बराबरको हुन्छ । ४८- कतिपय यस्ता नगरहरू छन् जसलाई हामीले अवसर दियौँ जब कि ती अत्याचारी थिए । अनि त्यसपछि मैले समातें, उनीहरूले मैंरैतर्फ फर्केर आउनु छ ।

४९- भन्नुहोस्- हे मानिसहरू ! म त तिमीहरूको लागि स्पष्ट सचेतक हुँ । ५०- अनि जुन मानिसहरूले आस्था ल्याए, सत्कर्म गरे उनीहरूका लागि

क्षमादान र उत्तम जीविका छ । ५१- जुन मानिसहरूले हाम्रा निशानीहरूलाई परास्त पार्ने दुस्साहस गरे तिनीहरू नै नर्क बासी हुन् ।

५२- तपाईंभन्दा पहिले हामीले जति रसूल र नबी पठायौं र जब उनले ईश्वरको किताबको बाचन गर्न थाले शैतानले उनको बाचनमा आफ्नो कुरा मिसाए । तर शैतानले मिसाएको कुरालाई ईश्वरले हटाइदिनुहुन्छ र आफ्ना आयतहरूलाई सुरक्षित तथा बलियो पार्नुहुन्छ । ईश्वरलाई सबै कुराको ज्ञानवाला र तत्वदर्शी हुनुहुन्छ । ५३- ताकि जे जति शैतानले मिसाएको छ त्यसबाट ती मानिसहरूको जाँच गरुन् जसको हृदयमा रोग छ र जसको हृदय कडा छ । अत्याचरीहरू विरोधमा धेरै टाढा पुगेका छन् । ५४- ताकि ज्ञान प्राप्त मानिसहरूले जानुन् कि यो वास्तवमा यो तिम्रो पालनकर्ताको तर्फबाट छ अनि त्यसमा विश्वास गरुन् र उनीहरूको हृदयहरू त्यसप्रति समर्पित होउन् । ईश्वरले आफूमाथि आस्था राख्नेहरूलाई सत्य र सीधा बाटोको मार्गदर्शन अवश्य गर्नुहुन्छ ।

५५- नकर्नेहरू त्यसबारे शंकामा नै रहनेछन् यहाँ सम्म कि एक्कासी उनीहरूसमक्ष कियामत आउनेछ वा तिरस्कृत दिनको प्रकोप आउनेछ । ५६- त्यस दिन सम्पूर्ण अधिकार ईश्वरकै हातमा हुनेछ । उहाँले उनीहरूबीच फैसला गर्नुहुनेछ । तसर्थ जो ईश्वरमाथि आस्था राख्ने टन् र सत्कर्म गर्नेछन् उनीहरू कृपाका स्वर्गहरूमा बस्नेछन् । ५७- अनि जुन मानिसहरूले इन्कार गरे र हाम्रा आयतहरूलाई झूठो ठहर गरे तिनीहरूका लागि अपमानजनक यातना रहेको छ ।

५८- जसले ईश्वरको मार्गमा आफ्ना घर त्यागे अनि युद्धमा मारिए वा उनीहरूको मृत्यु भयो भने उहाँले उनीहरूलाई अवश्य उत्तम जीविका प्रदान गर्नुहुनेछ । निस्सन्देह ईश्वर नै सर्वश्रेष्ठ जीविका प्रदान गर्नुहुन्छ । ५९- ईश्वरले उनीहरूलाई यस्तो ठाउँमा प्रवेश गराउनुहुनेछ जसबाट उनीहरू सन्तुष्ट हुनेछन् । निस्सन्देह ईश्वर सर्वज्ञ र सहनशील हुनुहुन्छ ।

६०- यो कुरा भयो, अनि जसले सताइएको बराबर बदला लिन्छ, अनि

त्यसमाथि अत्याचार गरिन्छ भने ईश्वर सताइएकाहरूलाई सहयोग पुर्याउनुहुनेछ। वास्तवमा, ईश्वर क्षमाशील हुनुहुन्छ र माफ गर्नुहुन्छ।

६१- यो यस कारणले कि ईश्वरले रातलाई दिनमा र दिनलाई रातमा प्रवेश गराउनु हुन्छ। वास्तवमा, ईश्वर सुन्ने वाला र जान्ने वाला हुनुहुन्छ। ६२- यो यस कारणले कि ईश्वर नै नितान्त सत्य हुनुहुन्छ र ती सबै नितान्त असत्य हुन् जसलाई तिनीहरू ईश्वरबाहेक पुकार्दछन्। निस्सन्देह ईश्वर नै सबै भन्दा उच्च र महान हुनुहुन्छ।

६३- के तिमी विचार गर्दैनौ- ईश्वरले आकाशबाट वर्षा गराउनु भयो अनि भूमि हरियो भयो। निस्सन्देह ईश्वर सुक्ष्मदर्शी र सर्वज्ञ हुनुहुन्छ। ६४- आकाशहरू र पृथ्वीका सम्पूर्ण कुराहरूको मालिक ईश्वर नै हुनुहुन्छ। वास्तवमा, ईश्वर निस्पृह र प्रशंसनीय हुनुहुन्छ।

६५- के तिमी विचार गर्दैनौ- ईश्वरले धर्तीका सबै वस्तुहरूलाई तिम्रो सेवामा लगाउनुभएको छ। अनि डुङ्गालाई पनि जो उहाँकै आदेशबाट समुद्रमा चल्छ। उहाँले आकाशलाई पृथ्वीमा खस्नबाट थामेर राख्नुभएको छ तर उहाँको आदेशबाट। निस्सन्देह ईश्वर स्नेही र दयालु हुनुहुन्छ। ६६- ईश्वर नै हुनुहुन्छ जसले तिमीहरूलाई जीवन प्रदान गर्नुभयो, अनि मृत्यु दिनुहुनेछ त्यसपछि जीवित पार्नुहुनेछ। वास्तवमा मानिसहरू कृतघ्न छन्।

६७- हामीले हरेक समुदायका लागि एउटा तरिका निर्धारण गरेकाछौं जसको अनुसरण उनीहरूले गर्ने गर्थे। अनि यिनीहरूले तपाईंसित वाद विवाद नगरून्। तपाईं मानिसहरूलाई आफ्ना पालनकर्तातर्फ आह्वान गर्नुहोस्। निस्सन्देह तपाईं सीधा मार्गमा हुनुहुन्छ। ६८- यदि यिनीहरू तपाईंसित विवाद गर्छन् भने यिनीहरूको मामिलालाई ईश्वरको ईश्वर तिमीहरूको क्रियाकलापलाई राम्ररी जान्नुहुन्छ। ६९- ईश्वरले तिमीहरूबीच मतभेदबारे कियामतको दिन निर्णय गर्नुहुनेछ। ७०- के आकाशमा र पृथ्वीमा रहेका सम्पूर्ण कुराहरूको ज्ञान ईश्वर

राख्नुहुन्छ भन्ने कुरा तपाईंलाई थाहा छैन । वास्तवमा यो ज्ञान एउटा किताबमा छ । निस्सन्देह यो अल्लाहको निम्ति सहज रहेको छ ।

७१- तिनीहरू सत्य ईश्वरलाई छोडेर जुन मूर्तिहरूको उपासना गर्छन् उनीहरूको उपासनाको प्रमाण ईश्वरले उतार्नुभएको छैन र उनीहरूसँग यस विषयमा कुनै ज्ञान पनि छैन । यी अत्याचारीहरूको कोही सहयोगी हुने छैन । ७२- जब यिनीहरूलाई हाम्रा आयतहरू स्पष्ट रूपमा पढेर सुनाइन्छ तब नकार्ने व्यक्तिहरूको अनुहारनमा त्यो वाचन सुन्न न चाहेको चिन्ह स्पष्टरूपमा तपाईं देख्नुहुन्छ । मानौं हाम्रा आयतहरू सुनाउनेहरूमाथि यिनीहरूले आक्रमण गर्नेछन् । भन्नुहोस्- के म तिमीहरूलाई यसभन्दा नराम्रो कुराको सूचना दिउँ ? त्यो नर्कको आगो हो जसमा प्रवेश गराउने वाचा ईश्वरले नकार्नेहरूसँग गर्नुभएको छ । त्यो अति नराम्रो ठाउँ हो ।

७३- हे मानिसहरू हो ! एउटा उदाहरण प्रस्तुत गरिन्छ, त्यसलाई ध्यानपूर्वक सुन । तिमीहरू जुन मूर्तिहरूको पूजा गर्छौ तिनीहरू एउटा झिङ्गासम्म सृष्टि गर्न सक्दैनन् । यद्यपी त्यसको निम्ति सबैजना एकजुट होउन् । मद्दत खोज्नेहरू पनि कमजोर र जसबाट मद्दत चाहिन्छ त्यो पनि कमजोर । ७४- उनीहरूले ईश्वरको वास्ताविक कदर गरेनन्, जस्तो कि गर्नुपर्ने थियो । वास्तवमा, ईश्वर धेरै शक्तिशाली हुनुहुन्छ र प्रभुत्वशाली हुनुहुन्छ । ७५- ईश्वरले फरिश्ताहरूमध्येबाट सन्देशबाहकहरू चयन गर्नु हुन्छ र त्यसरी नै मानिसहरूमध्येबाट पनि । निस्सिन्देह उहाँ सुन्नेवाला र देख्नेवाला हुनुहुन्छ । ७६- ईश्वर अगाडिको र मृत्युपश्चातको अवस्थाको सर्वज्ञाता हुनुहुन्छ । सम्पूर्ण मामिलाहरू उहाँतर्फै फर्केर जानेछन् ।

७७- हे हरू हो ! रूकू तथा सज्दा गर, आफ्ना पालनकर्ताको भक्ति गर, भलाईका कामहरू गर । ताकि तिमीहरू सफल होऊ । ७८- ईश्वरको मार्गमा जिहाद (प्रयास) गर जस्तो कि गर्नुपर्ने हो । उहाँले तिमीहरूलाई चयन गर्नुभएको छ । उहाँले धर्मको मामिलामा कुनै कष्ट राख्नुभएको छैन । तपाईंको पुर्खा इब्राहीम

को धर्म। ईश्वरले नै तिमीहरूको नाम मुस्लिम राख्नुभएको छ, यस अघि पनि र यस कुर्आनमा पनि ताकि रसूल ले तिमीहरूको साक्षी बनुन् र तिमीहरू मानिसहरूप्रति साक्षी बन। नमाज कायम गर, जकात चुक्ता गर। ईश्वरलाई बलपूर्वक समात, उहाँ नै तिमीहरूका मालिक हुनुहुन्छ, कति राम्रो मालिक र कति राम्रो सहयोगी।

# सूरह अल्-मुमिनून- २३

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- यस्ता हरू सफल भए, २- जो आफ्ना नमाजमा विनम्रता अपनाउँछन्, ३- जो बेकारका कुराहरूबाट बच्छन्, ४- जो जकात चुक्ता गर्छन्, ५- जो गुप्ताङ्गको सुरक्षा गर्छन्, ६- पत्नी र दासी बाहेक किनकि उनीहरूसँग सम्बन्ध राख्दा यिनीहरू निन्दनीय हुँदैनन्, ७- जसले यिनीहरूबाहेक अन्यसँग सम्बन्ध राख्छन् उनीहरू ईश्वरले निर्धारण गर्नुभएको सीमा उल्लङ्घन गर्दछन्, ८- जो नासो तथा वाचाको पालना गर्छन्, ९- जो निरन्तर रूपमा नमाजको सुरक्षा गर्छन्। १०- यिनीहरू नै उत्तराधिकारी हुनेछन् फिर्दौस का उत्तराधिकारी ११- त्यसमा सधैं रहनेछन्।

१२- हामीले मनुष्यलाई माटोको सारबाट सृष्टि गर्यौं। १३- अनि हामीले पानीको थोपालाई एउटा सुरक्षित स्थानमा राख्यौं। १४- अनि वीर्य गर्भमा बसि सकेपछि त्यसलाई एउटा रगतको ढिक्को बनायौं। अनि त्यस रगतको ढिक्कोलाई मासुको डल्लो बनायौं। अनि त्यस मासुको डल्लोभित्र हड्डी बनायौं। अनि त्यस हड्डीमाथि हामीले मासु चढायौं। अनि त्यसलाई एउटा छुट्टै सृष्टि बनाएर खडा गर्यौं। तसर्थ पवित्र हुनुहुन्छ ईश्वर, सर्वोत्तम सृष्टिकर्ता। १५- त्यसपछि तिमिहरूले अवश्य मर्नु छ। १६- अनि तिमीहरूलाई महाप्रलयको दिन जीवित पारेर उठाइनेछ।

१७- हामीले तिमीहरूमाथि सातवटा मार्ग (आकाश) हरू बनायौं । हामी आफ्ना सृष्टिहरूबाट बेखबर भएनौं । १८- हामीले निश्चित मात्रामा आकाशबाट वर्षा गरायौं । अनि त्यसलाई धर्तीमा रोकेर राख्यौं । हामी त्यसलाई समाप्त पार्ने क्षमता राख्छौं । १९- अनि हामीले त्यस पानीबाट तिमीहरूका लागि खजूर र अङ्गुरका बगैंचाहरू उमायौं । त्यसमा तिमीहरूका लागि धेरै फलफूलहरू छन् । तिमीहरू यी फलफूलहरू खाने गर्छौ । २०- हामीले सैना पर्वतीय क्षेत्रमा उम्रने जैतुनको रूख उमायौं । जैतूनबाट तेल निकालिन्छ र तरकारीको रूपमा पनि प्रयोग हुन्छ । २१- तिमीहरूका लागि चौपायाहरूमा पनि पाठ छ । यसका पेटमा रहेको शुद्ध दूध तिमीहरूलाई पिउन दिन्छौं । यसमा तिमीहरूका लागि धेरै फाइदाहरू छन् । अनि तिमीहरू त्यसको मासु खान्छौ । २२- तिमीहरू चौपायाहरू र जहाजमा यात्रा गर्छौ ।

२३- हामीले नूहलाई उनको समुदायतिर पठायौं, उनले भने- हे मेरो समुदाय ! केवल ईश्वरको उपासना गर । उहाँबाहेक तिमीहरूको कोही उपास्य छैन । २४- के तिमीहरू उहाँबाट डराउँदैनौ ? ईश्वरलाई नकारिसकेका उनको समुदायका अगुवाहरूले भने- ऊ त तिमीहरू सरह नै एउटा मानव हो । ऊ तिमीहरूभन्दा उच्च हुन चाहन्छ । यदि ईश्वरले पठाउन चाहनुभएको भए फरिश्ता पठाउनु हुनेथ्यो । हामीले यो कुरा पहिलेका पुर्वजहरूबाट सुनेका छैनौं । २५- यो पागल व्यक्ति हो । अनि निश्चित समयसम्म उसको प्रतीक्षा गर ।

२६- नूहले भने- हे मेरा पालनकर्ता ! मलाई तिनीहरूले नकारेका छन्, अनि मेरो सहायता गर्नुहोस् । २७- हामीले नूहलाई हाम्रो निर्देशन र निग्रानीमा एउटा डुङ्गा बनाउन प्रकाशना गर्यौं । हाम्रो आदेश र भूमिबाट पानी बाहिर आएपछि सबै किसिमका जनावरहरू जोडी लिएर त्यसमा सवार होऊ । अनि आफ्नो परिवारलाई पनि त्यसमा राख तर यस्ता मानिसहरूलाई नराख जसलाई नष्ट पार्ने

फैसला पहिला नै भइ सकेको छ । अत्याचारीहरूको मामिलामा मसित कुरा नगर । निस्स्न्देह तिनीहरू डुब्नेछन् ।

२८- अनि जब तिमी र तिम्रा साथीहरू ढुङ्गामा सवार हुन्छन् तब भन- सम्पूर्ण प्रशंसा ईश्वरको लागि जसले हामीहरूलाई अत्याचारीहरूबाट जोगाउनुभयो । २९- अनि भन- हे मेरा पालनकर्ता ! मलाई कुशल मङ्गल धर्तीमा ओराल्नुहोस् किनकि तपाईं उत्कृष्ट ओराल्नेवाला हुनुहुन्छ । ३०-निस्सन्देह यसमा निशानीहरू छन् । निस्सन्देह हामी भक्तहरूको परीक्षा लिन्छौं ।

३१- त्यसपछि हामीले अर्को समुदाय सृष्टि गर्यौं । ३२- हामीले उनीहरूमध्येबाट एउटा रसूल पठायौं कि भने- मात्र एक ईश्वरको उपासना गर, वास्तवमा, उहाँबाहेक तिमीहरूको वास्तविक उपास्य छैन । के तिमीहरू डराउँदैनौ ?! ३३- उनको समुदायका अगुवाहरू जसले ईश्वरलाई नकारे, आखिरतलाई झूठो ठहर गरे र जसलाई हामीफे सांसारिक जीवनमा सुखी बनाएका थियौं ले भने- ऊ त तिमीहरू सरह एउटा मनुष्य मात्र हो । यसले पनि त्यही खान्छ र पिउँछ जे तिमीहरू खान्छौ र पिउँछौ । ३४- यदि तिमीहरू आफ्नो जस्तै मान्छेको अनुसरण गर्छौ भने अवश्य नै घाटा बेहोर्नेछौ ।

३५- के तिमीहरू मरेपछि, माटो र गलेको हाड भएपछि तिमीहरूलाई फेरी जीवित पारेर उठाइनेछ भनी यस व्यक्तिले भन्छ ? ३६- धेरै असम्भव कुरा हो यो, ३७- सांसारिक जीवन मात्र असल जीवन हो, हामी यहीँ मर्छौं र जीवित हुन्छौं र हामी फेरि उठाइने छैनौं । ३८- यो यस्तो व्यक्ति हो जसले ईश्वरमाथि अभियोग लगाएको छ र हामी उसलाई मान्ने छैनौं ।

३९- रसूलले भने- हे मेरा पालनकर्ता ! उनीहरूले मलाई झूठो ठहर गरेका छन्, तसर्थ मेरो मद्दत गर्नुहोस् । ४०- जवाफ दिनुभयो- यिनीहरू चाँडै नै पछुताउनेछन् । ४१- उनीहरूलाई एउटा विनाशकारी गर्जनले सत्यका साथ समात्यो । अनि हामीले धूलो माटो बनाइ दियौं । अत्याचारी मानिसहरूको विनाश होस् !

४२- त्यस पश्चात हामीले अन्य समुदायहरूको सृजना गर्यौं । ४३- कुनै पनि समुदाय न आफ्नो वाचाबाट अगाडि जान सक्छ न पछाडि नै । ४४- अनि हामीले लगातार रसूलहरू पठायौं । जहिले पनि कुनै रसूल आउँदा त्यो समुदायले उनलाई झूठो ठहर गरे । हामीले एक पछि अर्कोलाई नष्ट गर्यौं । हामीले तिनीहरूलाई कथा बनाइदियौं । ईमान न ल्याउनेहरू नष्ट होउन् ।

४५- त्यसपछि हामीले मूसा र उनका दाई हारून लाई हाम्रा स्पष्ट निशानी र प्रमाण सहित पठायौं, ४६- फिऔंन र उसको समुदायहरूतिर पठायौं तर तिनीहरूले घमण्ड गरे र उनीहरू अहङ्कारी थिए । ४७- अनि उनीहरूले भने- के हामी यी दुईजना मानिसहरूको कुरा मानौं, यद्यपी उनीहरूको समुदाय हामीप्रति आज्ञाकारी छन् ?! ४८- तिनीहरूले उनीहरूलाई झूठो ठहर गरे । तसर्थ उनीहरू नष्ट पारिए । ४९- हामीले मूसा लाई किताब प्रदान गर्यौं ताकि उनीहरूले मार्गदर्शन प्राप्त गरुन् ।

५०- हामीले ईसा बिन मर्यम र उसको आमा मर्यम लाई निशानी बनायौं, दुबैलाई धर्तीमा अग्लो ठाउँमा शरण दियौं, जो शान्त स्थान थियो र जहाँ पानीको मूल बगिरहेको थियो ।

५१- हे रसूलहरू हो ! पवित्र खाने कुराहरू खाऊ र सत्कर्म गर । म तिमीहरूको हरेक कार्यको ज्ञान राख्दछु । ५२- तिमीहरूको धर्म एउटै धर्म हो । म तिमीहरूको पालनकर्ता हुँ, तसर्थ मसंग डराऊ ।

५३- अनि उनीहरूले आफनो धर्मलाई विभाजित गरे । हरेक गुटसंग जे छ त्यसैमा मग्न छन् । ५४- उनीहरूलाई उनीहरूको बेहोशीमा नै डुबिरहन दिनुहोस् । ५५- हामीले तिनीहरूलाई संसारमा जे जति धन सम्पत्ति प्रदान गरिरहेका छौं, तिनीहरू के ठानि रहेका छन् भने ५६- हामी तिनीहरूलाई लाभ पुर्याउनमा सक्रीय छौं, कदापि होइन ।

५७- वास्तवमा, जुन मानिसहरू आफ्नो पालनकर्तासँग डराउँछन्,

५८- उहाँका आयतहरूमा आस्था राख्दछन्, ५९- आफ्ना पालनकर्तासँग कसैलाई पनि साझेदार बनाउँदैनन्, ६०- आफ्ना धन सम्पत्ति खर्च गर्छन् र यस कुराबाट डराउँछन् कि उनीहरूले आफ्ना पालनकर्तातर्फ फर्कनु पर्छ, ६१- सत्कर्मको मार्गमा अगाडि रहन्छन् र सबै भन्दा अगाडि पुग्नेछन्, ६२- हामी कसैलाई पनि उसले गर्न नसक्ने कामको भार दिदैनौं र हामीसँग एउटा यस्तो किताब छ जो सत्य बोल्छ र उनीहरूमाथि अत्याचार गरिने छैन।

६३- बरु नकार्नेहरूको हृदय उहाँप्रति अचेत छन्। उनका अन्य कामहरू पनि छन् जो तिनीहरूले गरि राख्नेछन्। ६४- यहाँसम्म कि जब हामी उनीहरूमध्ये सम्पन्न व्यक्तिहरूलाई समात्नेछौं तब उनीहरू सहयोगको लागि गुहार्नेछन्। ६५- अब सहयोगको लागि न गुहार किनभने हाम्रो तर्फबाट तिमीहरूको कुनै सहयोग गरिने छैन। ६६- जब तिमीहरूलाई मेरा श्लोकहरू पढेर सुनाइन्थ्यो तब तिमीहरू पिठ्यूँ फर्काएर भाग्ने गर्थ्यौ। ६७- घमण्ड गर्दै, मानौं कुनै कथा सुनाउनेलाई छोड्दैछौ।

६८- के तिनीहरूले यस वाणीमा विचार गरेनन्। वा तिनीहरूसमक्ष यस्तो कुरा आयो जो तिनीहरूका पुर्खासमक्ष आएको थिएन। ६९- वा तिनीहरूले आफ्ना रसूल लाई चिनेनन्। जस कारण उनीहरू उहाँलाई मानि रहेका छैनन्। ७०- वा उनीहरू भन्छन्- ऊ त पागल हो। जब कि उहाँ उनीहरूसमक्ष सत्यता लिएर आउनुभयो। उनीहरूमध्ये अधिकांशलाई सत्य कुरा अप्रीय लाग्छ। ७१- यदि नितान्त सत्य तिनीहरूको चाहना अनुसार भएको भए आकाश, पृथ्वी र यी दुवैमा भएका सबै वस्तुहरू नष्ट हुने थिए। बरु हामीले उनीहरूलाई उपदेश पठाएका छौं तर उनीहरू त्यसबाट विमुख हुँदैछन्।

७२- के तपाईंले तिनीहरूसित केही धन-सम्पत्ति माग्नुभएको छ जब कि तपाईंका पालनकर्ताको धन-सम्पत्ति अति उत्तम छ। उहाँ सर्वोत्तम जीविका प्रदानकर्ता हुनुहुन्छ। ७३- निस्सन्देह तपाईं यिनीहरूलाई सीधा बाटोतर्फ आह्वान

गर्नुहुन्छ । ७४- वास्तवमा आखिरतमाथि आस्था न राख्नेहरू सीधा मार्ग बिराएका छन् ।

७५- यदि हामीले तिनीहरूप्रति दया देखायौं र उनीहरूको कष्टलाई समाप्त पार्यौं भने तै पनि तिनीहरू पथभ्रष्ट भएर उद्दण्ड नै मच्चाउनेछन् । ७६- हामीले तिनीहरूलाई यातनामा ग्रस्त गर्यौं, तर तै पनि तिनीहरू न त आफ्ना पालनकर्तासमक्ष झुके न नम्रता नै देखाए । ७७- जब हामीले कठोर यातनाको ढोका खोल्नेछौं तब तिनीहरू आश्चर्यचकित हुनेछन् ।

७८- स्त्य ईश्वर नै हुनुहुन्छ जसले तिमीहरूको लागि कान, आँखा र दिल बनाउनुभयो । तिमीहरू थोरै धन्यबाद व्यक्त गर्छौ । ७९- उहाँले नै तिमीहरूलाई पृथ्वीमा सृष्टि गर्नुभएको हो । तिमीहरू हिसाबकिताबको लागि उहाँतिर नै फर्काएर लगिनेछौ ।

८०- उहाँ नै जीवन प्रदान गर्नु हुन्छ र मृत्यु दिनु हुन्छ । सक्दैन । रात र दिनको परिवर्तन पनि उहाँकै हातमा छ । के तिमीहरू बुझ्दैनौ ?!

८१- बरु तिनीहरूले त्यस्तै कुरा गरे जस्तो कुरा उनीहरूका पुर्खाहरूले गरेका थिए । ८२- तिनीहरूले भने- के हामीहरू मरेर माटो र गलेको हड्डी भएपछि फेरी जीवित पारिनेछौं ?! ८३- यसको वाचा हामीसँग र हामीभन्दा पहिले हाम्रा पुर्खाहरूसँग पनि गरिएको थियो । यो त पहिलेका मानिसहरूका परिकथा बाहेक केही होइन ।

८४- सोध्नु होस्- यदि तिमीहरूसँग ज्ञान छ भने भन यो पृथ्वी र यसका बासीहरूको मालिक को हो ? ८५- उनीहरूले भन्नेछन्- यी सबैका ईश्वरका हुन् । अनि भन्नुहोस्- के तिमीहरू विचार गर्दैनौ ? ८६- उनीहरूलाई सोध्नु होस्- सातवटा आकाश तथा महान सिंहासनको मालिक को हो ? ८७- उनीहरूले भन्नेछन्- ईश्वर हुनुहुन्छ । अनि उनीहरूलाई भन्नुहोस्- के तिमीहरू उहाँको भय राख्दैनौ ? ८८- उनीहरूलाई सोध्नु होस्- हरेक कुराहरूको अख्तियार

कसको हातमा छ, जो शरण दिनुहुन्छ, यदि तिमीहरूलाई यसको ज्ञान छ भने ? ८९- उनीहरूले भन्नेछन्- ईश्वरको हातमा छ । भन्नुहोस्- अनि तिमीहरू कहाँ जादू पीडित गरियौ ?

९०- बरु हामी उनीहरूसमक्ष सत्यलाई लिएर आएकाछौं र निस्सन्देह तिनीहरू झूठा हुन् । ९१- ईश्वरले छोरा ग्रहण गर्नुभएको छैन र उहाँसँग अरू कोही सत्य उपास्य छैन । यदि उहाँको साझेदार भएको भए हरेक उपास्यले एकअर्कामाथि प्रभुत्व प्राप्त गर्ने थिए । अनि जगतको व्यवस्थापन ध्वस्त हुनेथ्यो । तिनीहरूले लगाएको अभियोगबाट ईश्वर पवित्र हुनुहुन्छ । ९२- उहाँ दृश्य र अदृश्यका ज्ञाता हुनुहुन्छ । तिनीहरूले भनेको कुराबाट उहाँ अति उच्च हुनुहुन्छ ।

९३- भन्नुहोस्- हे मेरा पालनकर्ता ! यदि तपाईंले तिनीहरूसंग गरिएको वाचा मलाई देखाउनुहुन्छ भने, ९४- हे मेरा पालनकर्ता ! मलाई उनीहरूमा सामेल नगर्नुहोस् । ९५- वास्तवमा हामी त्यो कुरा तपाईंलाई दखाउने क्षमता राख्दछौं जसको वाचा तिनीहरूसंग गरिएको छ ।

९६- तपाईंले नराम्रो कुराको जवाफ राम्रो तरिकाले दिनुहोस्, तिनीहरूले भनेको कुरा हामी राम्ररी जान्दछौं । ९७- भन्नुहोस्- हे मेरा पालनकर्ता ! म शैतानहरूका उकसाहटबाट तपाईंको शरण चाहन्छु । ९८- हे मेरा पालनकर्ता ! शैतानहरू मेरा निकट आउलान् भन्ने कुराबाट पनि तपाईंको शरण चाहन्छु ।

९९- जब यिनीहरूमध्ये कसैको मृत्युको समय आउँछ तब उसले भन्छ- हे मेरा पालनकर्ता ! मलाई सांसारिक जीवनमा पुनः फर्काइदिनुहोस् । १००- ताकि मैले छोडेको स्थानमा फर्केपछि सत्कर्म गर्नेछु । कदापि होइन, यो त उसको मुखबाट निस्केको कुरा मात्र हो । यिनीहरूसमक्ष कियामतको दिनसम्म एउटा पर्दा छ, जुन दिन तिनीहरू उठाइनेछन् । १०१- जब नरसिङ्गा फुकिनेछ तब न त तिनीहरूबीच कुनै नाता रहनेछ र न कसैले कसैलाई सोध्नेछ । १०२- अनि जसको पुण्यको पल्ला भारी हुनेछ उनीहरू नै सफल हुनेछन् । १०३- र जसको

पल्ला हलुका हुनेछ तिनीहरू नै स्वयंलाई हानीमा फालेका हुनेछन् । तिनीहरू नर्कमा सदाका लागि रहनेछन् । १०४- आगोले उनीहरूको अनुहार पोल्नेछ र तिनीहरू त्यसमा कुरूप भइ रहेका हुनेछन् ।

१०५- के संसारमा तिमीहरूसमक्ष कुर्आनका आयतहरू पाठ गरेर सुनाइदैनथ्यो ?! तर तिमीहरू त्यसलाई झूठो ठहर गर्थ्यौ । १०६- उनीहरूले भन्नेछन्- हे हाम्रा पालनकर्ता ! हाम्रो दुर्भाग्यले हामीलाई घेरेको थियो र हामी पथभ्रष्ट थियौं । १०७- हे हाम्रा पालनकर्ता ! हामीलाई यसबाट मुक्त गर्नुहोस् । यदि हामीले फेरी हामीले यस्तो गर्यौं भने निस्सन्देह हामी अत्याचारी हुनेछौं । १०८- ईश्वरले भन्नु हुनेछ- पर हट, नर्कमा नै बस र मसँग कुरा नगर ।

१०९- मेरा भक्तहरूमध्ये एउटा यस्तो समूह थियो जसले भन्ने गर्थ्यो- हे हाम्रा पालनकर्ता ! हामीले तपाईंमाथि आस्था राख्यौं तसर्थ हामीहरूको पापलाई क्षमा गरिदिनुहोस् र हामीमाथि दया गर्नुहोस् किनकि तपाई सर्वश्रेष्ठ दयावान हुनुहुन्छ । ११०- तर तिमीहरूले उनीहरूसित ठट्टा गर्यौ अनि उनीहरूपछि हाम्रो सम्झना बिर्स्यौ । तिमीहरू उनीहरूलाई हाँसोको पात्र बनाउने गर्थ्यौ । १११- मैले आज उनीहरूको धैर्यको बदला गर्यौं र उनीहरू नै हुन् सफलता प्राप्त गर्नेहरू ।

११२- सोधिनेछ- तिमीहरू धर्तीमा कति वर्ष बस्यौ ? ११३- उनीहरूले भन्नेछन्- हामी एक दिन वा दिनको केही अंश त्यहाँ रहेका थियौं, गणना गर्नेहरूसित सोध्नुहोस् । ११४- भनिनेछ- तिमीहरू केही क्षण मात्र रहेका हौ । यदि तिमीहरूलाई यसको थाहा भएको भए बेस हुन्थ्यो ।

११५- के हामीले तिमीहरूलाई बिना कुनै उद्देश्य सृष्टि गरेका हौं र बदलाको लागि हामीतर्फ फर्केर आउने छैनौ भन्ने कुरा ठानेका छौ ?! ११६-अति उच्च हुनुहुन्छ ईश्वर जो वास्तविक सम्राट हुनुहुन्छ । उहाँबाहेक कोही सत्य उपास्य छैन । उहाँ महान सिंहासनका मालिक हुनुहुन्छ । ११७- जसले ईश्वर बाहेक अरूलाई पुकार्छ जसको कुनै पनि प्रमाण छैन, उसको हिसाब उसको पालनकर्तासँगै छ ।

नकार्नेहरूलाई सफलता प्राप्त सक्दैनन् । ११८- भन्नुहोस्- हे मेरा पालनकर्ता, मेरा पापहरू क्षमा गरिदिनुहोस् र ममाथि दया गर्नुहोस् । तपाईं सर्वश्रेष्ठ कृपावान हुनुहुन्छ ।

# सूरह अन्-नूर- २४

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- यो एउटा सूरह हो जसलाई हामीले उतारेका छौं । यसलाई हामीले अनिवार्य गर्यौं । यसमा हामीले स्पष्ट आयतहरू अवतरण गर्यौं ताकि तिमीहरू याद राख । २- अविवाहिता व्यभिचारिणी र अविवाहित व्यभिचारीहरूमध्ये प्रत्येकलाई सय कोर्रा लगाऊ । यदि तिमीहरू ईश्वर र आखिरतको दिनमाथि आस्था राख्छौ भने धर्मको मामिलामा दया न देखाउ । सजाय दिएको घटना हेर्नका लागि मोमिनहरूको एउटा समूहको उपस्थिति होस् । ३- व्यभिचारीले व्यभिचारिणी वा मुश्रिक महिलासित मात्र विवाह गरोस् । तिनीहरूसंग विवाह गर्नु मोमिनहरूमाथि हराम गरिएको छ ।

४- जसले पवित्र आचरण भएकी महिलाहरूमाथि अभियोग लगाउँछन् तर चार जना साक्षी पेश गर्न सक्दैनन्, तिनीहरूलाई अस्सी कोर्रा लगाऊ र उनीहरूको गवाही कहिल्यै स्वीकार नगर । उनीहरू अवज्ञाकारी हुन् । ५- तर त्यसपछि जसले ईश्वरसँग माफी मागे र आफ्ना क्रियाकलापहरूलाई सुधारे, ईश्वर आफ्ना माफी माग्ने भक्तहरूको लागि क्षमाशील र परम दयालु हुनुहुन्छ ।

६- जसले आफ्ना पत्नीहरूमाथि अभियोग लगाउँछन् र आफूबाहेक कोही साक्षी पाउँदैन भने उनीहरूको साक्षीको तरिका के हुन्छ भने उसले चार पटक ईश्वरको कसम खएर भनोस् कि ऊ सत्य हो, ७- र पाँचौ पटक भनोस- म माथि धिक्कार होस् यदि म झूठो छु भने । ८- महिलामाथिको सजाय यसरी टर्न सक्छ

कि उसले चार पटक कसम खाएर भनोस्- यो व्यक्ति झूठो हो। ९- र पाँचौ पटक भनोस्- म माथि ईश्वरको रोष होस् यदि यो व्यक्ति सच्चा छ भने। १०- यदि तिमीहरूमाथि ईश्वरको कृपा र दया नभएको भए, उहाँ क्षमाशील र विवेकशील हुनुहुन्छ।

११- उपद्रव मच्चाउनेहरू तिमीहरूकै एउटा समुह हो। उनीहरूले लगाएको अभियोग तिमीहरूको लागि नराम्रो हो भनी नठान। बरु यो फाइदाजनक कुरा हो। तिनीहरूमध्ये जसले जति भाग लिए त्यति नै पाप कमाए। जुन व्यक्तिले यसमा ठूलो भाग लिए उसको लागि कठोर सजाय रहेको छ।

१२- मुस्लिम पुरूष र महिलाहरूले यो कुरा सुनेपछि राम्रो गुमान किन गरेनन् र किन भनेनन्- यो स्पष्ट अभियोग हो। १३- तिनीहरूले चारजना साक्षीहरू किन प्रस्तुत गरेनन् ? यदि उनीहरूले चारजना साक्षी प्रस्तुत गर्न सकेनन् भने उनीहरू ईश्वर नजिक झूठा हुन्।

१४- यदि तिमीहरूमाथि लोक तथा परलोकमा ईश्वरको कृपा र उहाँको दया नभएको भए तिमीहरू जुन कुरामा परेका थियौ त्यसको कारणले तिमीहरूमाथि ठूलो आपत्ति आई पर्नेथ्यो। १५- जब तिमीहरू त्यसलाई आफ्नै जिब्रोले अरूलाई बताउँदै थियौ र मुखले ज्ञान नै न भएको कुरा भन्दै थियौ। तिमीहरूले त्यसलाई सानो कुरा ठान्दै थौ जब कि त्यो ईश्वरको नजरमा धेरै गम्भीर कुरा थियो। १६- तिमीहरूले यो अभियोग सुनेपछि किन भनेनौ- यस अप्रिय कुराको चर्चा गर्नु हाम्रो लागि उचित छैन, ईश्वरको शरण, यो गम्भीर अभियोग हो। १७- यस्तो कहिले नगर्नु यदि तिमीहरू छौ भने। १८- ईश्वरले तिमीहरूका लागि आफ्ना स्पष्ट आदेशहरू वर्णन गर्नु हुन्छ। ईश्वर सर्वज्ञ र विवेकशील हुनुहुन्छ।

१९- मोमिनहरूमाझ अश्लीलता फिंजाउन खोज्नेहरूका लागि लोक तथा परलोक दुवै ठाउँमा पीडादायी यातना रहेकोछ। ईश्वर जान्नु हुन्छ, तिमीहरू पो

जान्दैनौ। २०- यदि तिमीहरूमाथि ईश्वरको नम्रता र दया नभएको भए, तर उहाँ क्षमाशील एवं दयावान हुनुहुन्छ।

२१- हे हरू हो ! तिमीहरू शैतानको पदचिन्हमा न हिंड। जो उसका पदचिन्हको अनुसरण गर्दछ वास्तवमा, उसले नराम्रो तथा अश्लील काम गर्ने आदेश दिनेछ। यदि ईश्वरको कृपा तिमीहरूमाथि नभएको भए तिमीहरू कहिले पनि पवित्र हुने थिएनौ। तर ईश्वर जसलाई चाहनुहुन्छ पवित्र पार्नुहुन्छ। वास्तवमा, ईश्वर सर्वश्रोता र सर्वज्ञ हुनुहुन्छ।

२२- तिमीहरूमध्ये जुन मानिसहरू सम्पन्न छन् उनीहरूले नातेदारहरू, अभावग्रस्त र ईश्वरको मार्गमा घर त्यागेकाहरूलाई नदिने कसम नखाउन् । बरु उनीहरूलाई माफ गरून्। के तिमीहरू यो मन पराउँदैनौ कि ईश्वरले तिमीहरूलाई क्षमा गरून् ?! ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ।

२३- निस्सन्देह जुन मानिसहरू निर्दोष बेखबर महिलाहरूमाथि अभियोग लगाउँछन्, तिनीहरूमाथि लोक र परलोक दुवैमा धिक्कार छ र तिनीहरूको लागि कठोर यातना छ। २४- त्यस दिन जब कि उनीहरूको जिब्रोले उनीहरू विरूद्ध साक्षी दिनेछ र उनीहरूका हात खुट्टाले पनि उनीहरूले गरेको कार्यविरूद्ध साक्षी दिनेछन्। २५- त्यसदिन ईश्वरले उनीहरूलाई जरूरी बदला पूरा पूरा दिनुहुनेछ। ईश्वर सत्य हुनुहुन्छ र खोल्ने वाला हुनुहुन्छ भन्ने कुरा तिनीहरूले जान्नेछन्।

२६- चरित्रहीन महिलाहरू चरित्रहीन पुरूषहरूका लागि हुन् र चरित्रहीन पुरुषहरू चरित्रहीन महिलाहरूका लागि हुन्। पवित्र महिलाहरू पवित्र पुरुषहरूका लागि हुन् र पवित्र पुरुषहरू पवित्र महिलाहरूका लागि हुन्। उनीहरू तिनीहरूले लगाएको अभियोगबाट मुक्त छन्। उनीहरूका लागि क्षमा छ र पवित्र जीविका।

२७- हे हरू हो ! अन्य घरहरूमा प्रवेश गर्नु अघि अनुमति लिऊ अनि सलाम गर। यो तिमीहरूको लागि उत्तम रहेको छ। आशा छ, तिमीहरूले याद राख्नेछौ। २८- यदि त्यहाँ कसैलाई पाउँदैनौ भने अनुमति प्राप्त नहुन्जेल त्यहाँ

प्रवेश नगर। यदि फर्केर जान भनिएमा फर्केर जाऊ। तिमीहरूको लागि यही उत्तम छ। तिमीहरूको क्रियाकलापलाई ईश्वर जान्नुहुन्छ। २९- तिमीहरूका फाइदाका लागि खाली घरहरूमा अनुमति बिना प्रवेश गरेमा पाप लाग्दैन। तिमीहरूले जाहेर गर्ने र लुकाउने क्रियाकलापहरूसित ईश्वर अवगत हुनुहुन्छ।

३०- मोमिन पुरुषहरूलाई भन्नु होस्- उनीहरूले आफ्नो दृष्टि झुकाएर राखुन् र आफ्ना गुप्ताङ्गहरूको रक्षा गरुन्। यो उनीहरूको लागि बढी पवित्र रहेको छ। ईश्वर उनीहरूको क्रियाकलापहरूबाट अवगत हुनुहुन्छ।

३१- मोमिन महिलाहरूलाई भन्नुहोस्- उनीहरूले आफ्नो दृष्टि झुकाएर राखुन् र आफ्ना गुप्ताङ्गहरूको रक्षा गरुन्। आफ्नो श्रृंगार प्रदर्शन नगरुन्, सिवाय त्यसको जो आफैं जाहेर हुन्छ। आफ्ना लुगाबाट आफ्नो छातीलाई छोपेर राखुन्। आफ्ना भित्री श्रृंगार केवल आफ्ना पति, बुबा, ससुरा, छोराहरू, पतिका छोराहरू, दाजुभाईहरू, भतिजाहरू, भान्जाहरू, आफ्ना महिलाहरू, दास-दासीहरू, मातहतमा रहेका कामेच्छारहित पुरूषहरू वा त्यसता बच्चाहरूको अगाडि जाहेर गर्न मिल्छ जो सानो भएका कारणले महिलाहरूका गुप्ताङ्गहरूबारे अनभिज्ञ छन्। आफ्ना खुट्टा बजाउँदै नहिँड कि लुकेका श्रृंगार जाहेर होस्। हे मोमिनहरू ! तमीहरू ईश्वरतर्फ फर्क, ताकि तिमीहरू सफल होऊ।

३२- तिमीहरूमध्ये जो अविवाहित र अविवाहिता छन् तिनीहरूको विवाह गराऊ। अनि तिमीहरूका दास-दासीहरूमध्ये जो विवाह योग्य छन् उनीहरूको विवाह गराऊ। यदि उनीहरू गरिब छन् भने ईश्वरले आफ्नो अपार कृपाबाट उनीहरूलाई धनी बनाउनुहुनेछ। ईश्वर अपार जीविकाको मालिक हुनुहुन्छ र सर्वज्ञ हुनुहुन्छ। ३३- यदि केही व्यक्तिहरू विवाहको सामर्थ्य राख्दैनन् भने ईश्वरले उनीहरूलाई आफ्नो अपार कृपाले सम्पन्न नबनाएसम्म उनीहरू आफूलाई जोगाएर बसुन्। यदि केही दासहरू आफ्ना मालिकहरूलाई धन दिएर मुक्त हुनको निम्ति लिखित सम्झौता गर्ने प्रस्ताव पेश गर्छ भने उनीहरूको मालिकहरूले

यदि उनीहरूमा क्षमता देख्छन् भने उनीहरूले प्रस्तावलाई स्वीकार गरून् । अनि ईश्वरले दिनुभएको धनबाट उनीहरूमाथि खर्च गरुन् । धन प्राप्त गर्ने चाहनामा आफ्नी दासीहरूलाई व्यभिचारको लागि बाध्य नबनाऊ । जब कि उनीहरू पवित्र रहन चाहन्छन् । तिमीहरूमध्ये जसले उनीहरूलाई यसको लागि विवश पार्छ भने जानि राख उनीहरूलाई विवश गरिएपछि ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ । ३४- निस्सन्देह हामीले तिमीहरूको लागि स्पष्ट आयतहरू अवतरण गर्यौं । तिमीहरूभन्दा पहिलेका मानिसहरूको उदाहरण अवतरण गर्यौं । ईशभय राख्नेहरूका लागि उपदेश पनि अवतरण गर्यौं ।

३५- ईश्वर आकाशहरू र पृथ्वीको प्रकाश हुनुहुन्छ । उहाँको प्रकाशको उदाहरण भित्तामा रहेको प्वालमा एउटा दियो छ र त्यो दियो चम्किलो पानसभित्र छ जुन पानस चम्किलो तारा जस्तै छ । यो दियो जैतूनको त्यसतो पवित्र रूखको तेलबाट बल्छ जो न पुर्वेली छ न पश्चिमेली (जसमा बिहान र साँझ कसैले पनि घाम पर्नबाट छेक्न सक्दैन) । त्यो यस्तो तेल हो जो आगोले नछोए पनि त्यो प्रज्वलित हुन्छ । प्रकाशमाथि प्रकाश । ईश्वर जसलाई चाहनुहुन्छ आफ्नो प्रकाशको मार्ग देखाउनुहुन्छ । ईश्वर मानिसहरूका लागि उदाहरण वर्णन गर्नुहुन्छ । ईश्वर हरेक कुराको ज्ञान राख्नुहुन्छ ।

३६- यो दियो यस्ता घरहरू (मस्जिदहरू) मा बल्छ जसलाई उच्च पार्ने र त्यसमा जिक्र गर्ने आदेश ईश्वरले दिनुभएको छ । त्यसमा बिहान र बेलुकी ईश्वरको नामको जप गर्छन्, ३७- यस्ता पुरूषहरू जसलाई ईश्वरको सम्झनाबाट, नमाज पढ्नबाट र जकात दिनबाट व्यापार तथा किनबेचले रोक्दैन । उनीहरू त्यस दिनसँग डराउँछन् जुन दिन आँखाहरू उल्टनेछन् । ३८- कि ईश्वरले उनीहरूको कर्मको राम्रो प्रतिदान दिनुहुनेछ र ईश्वरले आफ्नो कृपाले उनीहरूको बदलालाई बढाउनुहुनेछ । ईश्वर जसलाई चाहनुहुन्छ अनगिन्ती जीविका प्रदान गर्नुहुनेछ ।

३९- ईश्वरमाथि आस्था नराख्नेहरूको उदाहरण धर्तीमा मृगतृष्णा जस्तै हुन् ।

तिर्खाएको मान्छेले त्यसलाई पानी ठान्छ। ऊ त्यसतिर हिंड्यो र त्यहाँ पुगेपछि उसले केही पनि फेला पारेन। बरु उसले ईश्वरलाई पायो जसले उसको हिसाब किताब लियो । ईश्वर चाँडै हिसाब लिने वाला हुनुहुन्छ। ४०- वा जस्तै गहिरो समुद्रमा अन्धकार होस्, छालमाथि छाल उठि रहेको होस्, माथि बादल छाएको होस्, साथै अन्धकारमाथि अन्धकार छाएको होस् कि आफ्नो हात पनि देखा नपरोस्। ईश्वरले जसलाई मार्गदर्शन प्रदान गर्दैन कसैले पनि उसलाई मार्गदर्शन दिन सक्ने छैन र कुनै पनि किताबबाट उसले ज्ञान प्राप्त गर्न सक्नेछैन।

४१- के तपाईंले देख्नु भएन, ईश्वरको पवित्रताको गुणगान गर्छन्, जे जति आकाशहरू र पृथ्वीमा छन् र चराहरू हावामा पखेटा लहराएर ? हरेकले आफ्नो नमाज तथा ‘तस्बीह’ (ईश्वरको पवित्रताको गुणगान) लाई राम्ररी जान्दछ। ईश्वर उनीहरूका क्रियाकलापहरूबाट अवगत हुनुहुन्छ। ४२- ईश्वरकै सत्ता शासन छ आकाशहरू र पृथ्वीमा। अनि सबैले उहाँतिर नै फर्केर जानुपर्नेछ।

४३- के तपाईंले देख्नु भएन, ईश्वर बादलहरूलाई चलाउनुहुन्छ, अनि तिनीहरूलाई आपसमा जोड्नुहुन्छ अनि तिनीहरूलाई तहमाथि तह बनाएर राख्नुहुन्छ ? अनि तपाईंले वर्षालाई त्यसको बीचबाट निस्कि रहेको देख्नुहुन्छ। उहाँले आकाश- त्यसको भित्रको पहाड- बाट असिना बर्साउनुहुन्छ, अनि जसमाथि चाहनुहुन्छ खसाल्नु हुन्छ र जसलाई चाहनुहुन्छ त्यसबाट सुरक्षित राख्नुहुन्छ । त्यसको बिजुलीको चमकले दुष्टिलाई नै खोसेर लैजाला जस्तो हुन्छ। ४४- ईश्वरले रात र दिनलाई बदलनुहुन्छ। निस्सन्देह यसमा दुष्टिवानहरूका लागि पाठ छ।

४५- ईश्वरले सबै जीवलाई पानीबाट सृष्टि गर्नु भएको छ। तिनीहरूमध्ये केही आफ्नो पेटले घिस्रिन्छन्, केही दुई खुट्टाले हिँड्छन्, केही चार खुट्टाले हिँड्छन्। ईश्वर जे चाहनुहुन्छ सृष्टि गर्नुहुन्छ । निस्सन्देह ईश्वर हरेक कुराको सामर्थ्य

राख्नुहुन्छ। ४६- हामीले स्पष्ट आयतहरू अवतरण गरेका छौं। ईश्वर जसलाई चाहनुहुन्छ सीधा मार्ग देखाउनुहुन्छ।

४७- कपटीहरू भन्छन्- हामीले आस्था राख्यौं र आज्ञापालन गर्यौं। तर उनीहरूमध्ये एउटा समूह विमुख हुन्छ। तिनीहरू आस्था ल्याउने वाला छैनन्। ४८- जब यिनीहरूलाई विवादमा निर्णयको लागि ईश्वर तथा रसूल तर्फ बोलाइन्छ तब तिनीहरूमध्ये एउटा समूह विमुख हुन्छ। ४९- यदि तिनीहरूको हक मिल्छ भने तिनीहरू उहाँतर्फ आज्ञाकारी भएर आउँछन्। ५०- के तिनीहरूको हृदयमा रोग छ वा तिनीहरू शंकामा ग्रस्त छन् ? वा तिनीहरूमाथि ईश्वर र रसूलले अत्याचार गर्नेछन् भन्ने डराउँछन्, बरु यिनीहरू नै अत्याचारी हुन्।

५१- जब आस्थावानहरूलाई ईश्वर र उहाँका रसूलतर्फ उनीहरूबीच निर्णय गर्नको लागि बोलाइन्छ तब उनीहरू भन्छन्- हामीले उहाँको कुरा सुन्यौं र उहाँको आदेश मान्यौं। यस्ता गुण भएकाहरू नै यस संसार र परलोकमा सफल हुनेछन्। ५२- जो व्यक्ति ईश्वर र उहाँका रसूलको आज्ञापालन गर्छन्, ईश्वरसित डराउँछन् र उहाँको आदेशको उल्लंघन गर्दैनन् उनीहरू सफल हुनेछन्।

५३- कपटीहरू ईश्वरको कडा कसम खाएर भन्छन्- यदि तपाईंले जिहादमा जाने आज्ञा दिनुभयो भने उनीहरू जिहादमा अवश्य जानेछन्। भन्नुहोस्- कसम नखाऊ। कानुन बमोजिम आज्ञापालन गर। तिमीहरूको क्रियाकलापबाट उहाँ अवगत हुनुहुन्छ। ५४- भन्नुहोस्- ईश्वरको आज्ञापालन गर र उहाँका रसूल को आज्ञापालन गर। यदि तिमीहरू विमुख हुन्छौ भने जानिराख रसूल माथि त्यो जिम्मेवारी छ जो उहाँमाथि हालिएको छ र तिमीहरूमाथि त्यो जिम्मेवारी छ जो तिमीहरूमाथि हालिएको छ। यदि तिमीहरू उहाँको आज्ञापालन गर्छौ भने सत्य मार्गदर्शन प्राप्त गर्नेछौ। रसूल माथि प्रष्ट रूपले सन्देश पुर्याउने जिम्मेवारी मात्र दिइएको छ। रसूल माथि स्पष्ट रूपमा पुर्याउनु मात्र हो।

५५- तिमीहरूमध्ये ईश्वरमाथि आस्था राख्नेहरू र सत्कर्म गर्नेहरूसँग

ईश्वरले शत्रु विरूद्ध सहयोग गर्ने र जसरी उनीहरूभन्दा पहिलेका मोमिनहरूलाई उत्तराधिकारी बनाउनुभएको थियो त्यसरी नै उनीहरूलाई पनि उत्तराधिकारी बनाउने बाचा गर्नुभएको छ। अनि उनीहरूको लागि उनीहरूले रोजेको धर्मलाई जमाउनुहुनेछ । उनीहरूको डरको अवस्था पश्चात शान्तिको अवस्था सृजना गर्नुहुनेछ। अनि तिनीहरूले मात्र मेरो उपासना गर्नेछन् र कसैलाई मेरो साझेदार बनाउने छैनन्। जसले यस पश्चात कुफ्र गर्नेछन् असफल हुनेछन्।

५६- नमाज कायम गर, जकात चुक्ता गर र रसूलको आज्ञापालन गर ताकि तिमीहरूमाथि दया गरियोस्। ५७- नकार्नेहरूले ईश्वरलाई धर्तीमा दिक्क पार्नेछन् भन्ने नसोच्नु होस्। उनीहरूको बासस्थान नर्क हो जो अति निकृष्ट बासस्थान हो।

५८- हे ईश्वरमाथि आस्था राख्नेहरू ! तिमीहरूका दास र दासी तथा गैर वयस्क बच्चाहरू तिमीहरूसित तीन अवस्थामा अनुमति लिउन्- फज्रको नमाजअघि, अपरान्ह जब तिमीहरू लुगा फेर्छौ र ईशाका नमाजपछि। यी तीन समय तिमीहरूको लागि पर्दाका समय हुन्। अन्य समयहरूमा न तिमीहरूको लागि कुनै आपत्ति छ न तिनीहरूका लागि। तिमीहरू सबै एकअर्काको नजिक पटक पटक आइ रहन्छौ। यसरी ईश्वर आफ्ना आयतहरू स्पष्ट पारि राख्नुहुन्छ। ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ। ५९- जब बच्चाहरू वयस्क हुन्छन् उनीहरूले त्यस्तै अनुमति लिनुपर्नेछ जसरी अघिल्ला मानिसहरू अनुमति लिने गर्थे । यसरी ईश्वर आफ्ना आयतहरू स्पष्ट पार्नु हुन्छ। ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ। ६०- अनि बृद्धा महिलाहरू जसले विवाहको आशा राख्दैनन् ले आफ्नो खोस्टो फुकालेर राखेमा कुनै आपत्ति छैन, यस शर्तमा उनीहरूले बनाव श्रृंगार जाहेर नगरुन्। तर यदि उनीहरूले पनि पर्दा गरेमा उत्तम हुनेछ। ईश्वर सर्वश्रोता र सर्वज्ञ हुनुहुन्छ।

६१- यदि अन्धा, अपाङ्ग रोगीहरू र तिमीहरूमाथि यस कुरामा कुनै आपत्ती छैन कि तिमीहरू आफ्ना घरहरू खाऊ, वा आफ्ना बुवा बराजेहरूका घरहरूमा,

वा आमाहरू, वा दाई भाइहरू, वा काकाहरू, वा फुपीहरू, वा मामाहरू, वा सानीमाहरूका घरहरूमा, वा ती घरहरू जसको साँचाहरूको तिमीहरू मालिक छौ, वा आफ्ना साथीहरूका घरहरूमा खाऊ । त्यसरी नै यदि तिमीहरू सँगै वा एक्ला एक्ला खान्छौ भने यसमा पनि कुनै पाप छैन । तिमीहरू घरहरूमा प्रवेश गर्नुअघि आफ्ना मानिसहरूलाई सलाम गर, जो ईश्वरको तर्फबाट बर्कत युक्त दुआ हो । यसरी ईश्वर तिमीहरूका लागि आफ्ना आयतहरू स्पष्ट पार्नुहुन्छ ताकि तिमीहरू बुझ ।

६२- वास्तवमा, हरू ती हुन् जो ईश्वरमाथि र उहाँका रसूलमाथि आस्था राखे । जब उनीहरू नबीसँग कुनै सामूहिक काममा हुन्छन् तब उहाँसँग अनुमति नलिएसम्म त्यहाँबाट नजाउन् । जो तपाईंसित अनुमति माग्छन् वास्तवमा, उनीहरू नै ईश्वर र उहाँका रसूलमाथि आस्था राख्छन् । जब उनीहरू तपाईंसित अनुमति लिन्छन् भने उनीहरूलाई अनुमति दिनुहोस् र उनीहरूको पापको लागि क्षमा माग्नुहोस् । निस्सन्देह ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ ।

६३- तिमीहरू रसूललाई बोलाउने कार्यलाई परस्पर एक अर्कालाई बोलाउनु झैं न ठान । तिमीहरूमध्ये अनुमति नलिई अर्काको आड लिएर लुकेर जानेहरूलाई ईश्वर जान्नुहुन्छ । ईश्वरको आदेशको उल्लङ्घन गर्नेहरूले डराउनु पर्छ कि उनीहरूमाथि कुनै संकट न आओस् वा कुनै पीडादायी यातनाले न समातोस् ।
६४- सावधान ! आकाशहरू र पृथ्वीका सम्पूर्ण वस्तुहरू केवल ईश्वरकै हुन् । तिमीहरूको अवस्थाको ज्ञान ईश्वरलाई छ । जब उनीहरू उहाँतर्फ फर्कनेछन् तब ईश्वरले तिनीहरूले गरेका कार्यहरूबारे बताउनुहुने छ । ईश्वर हरेक कुराको ज्ञान राख्नुहुन्छ ।

# सूरह अल्-फुर्कान- २५

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१-अति पवित्र हुनुहुन्छ ईश्वर जसले आफ्नो भक्तमाथि फुर्कान (सत्य असत्यबीच फरक छुट्याउने किताब) अवतरण गर्नुभयो ताकि त्यो डराउने वाला बनोस्। २- उहाँले नै आकाशहरू र पृथ्वीको सृष्टि गर्नुभयो, उहाँले छोरा ग्रहण गर्नुभएको छैन। उहाँको राज्यसत्तामा कोही साझेदार छैन। उहाँले सम्पूर्ण वस्तुको सृष्टि गर्नुभयो, अनि उहाँले भाग्य निर्धारित गर्नुभयो। ३- मानिसहरूले ईश्वरलाई छाडी यस्ता उपास्यहरू बनाएका छन् जसले कुनै पनि बस्तुको सृष्टि गरेका छैनन् बरु स्वयं सृष्टि गरिएका छन्। आफ्नो लागि न कुनै हानिको अधिकार राख्छन् न कुनै लाभको। न कसैलाई मार्ने अधिकार राख्छन् न जीवित पार्ने र न मृतहरूलाई पुनः जीवित पारेर उठाउने।

४- नकार्नेहरू भन्छन्- यो कुर्आन झूठ हो जुन मुहम्मदले रचेको हो र रच्नमा अन्य व्यक्तिहरूले पनि सहयोग गरेका छन्। होइन, बरु यिनीहरूले अत्याचार गरेका छन् र झूठ बोलेका छन्। ५- तिनीहरू भन्छन्- कुर्आन पहिलेका मानिहरूको कथा हो जसलाई उनले लेखेका हुन् र जसको बाचन गरेर बिहान र साँझ सुनाइन्छ। ६- भन्नुहोस्- ईश्वरले कुर्आनको अवतरण गर्नुभएको हो जो आकाशहरू र पृथ्वीका भेदहरूका ज्ञाता हुन्। निस्सन्देह उहाँ क्षमाशील र दयावान हुनुहुन्छ।

७- तिनीहरूले भने- यो कस्तो रसूल हो जो खाना खान्छ र बजारहरूमा घुम फिर गर्छ। ईश्वरले ऊसित कुनै फरिश्ता किन पठाउनुभएन जसको साथमा उनले डराउन्। ८- वा उनको लागि कुनै खजाना उतारिएको हुनु पर्थ्यो वा उसको बगैंचा नु पर्थ्यो जसबाट उसले फलफूलहरू खानेथ्यो। अत्याचारीहरूले भने- तिमीहरू एक जना पागलको अनुसरण गर्दैछौ। ९- हर्नुस त यिनीहरू कस्ता

कस्ता उदाहरणहरू तपाईंको लागि बयान गर्दैछन् । तिनीहरू बहकेका छन् र सीधा मार्ग पाउन सक्दैनन् ।

१०- ईश्वर अत्यन्तै शुभ हुनुहुन्छ, यदि उहाँले चाहनु भएमा त्योभन्दा उत्तम कुराहरू तपाईंलाई दिनुहुन्छ । उहाँले चाहेमा संसारमा तपाईंलाई बगैंचाहरू दिनु हुनेथ्यो जसको तलतिरबाट नदीहरू बगिरहेको हुनेथ्यो र महलहरू दिनु हुनेथ्यो । ११- तर उनीहरूले कियामतको दिनलाई नकारे । हामीले महाप्रलयलाई नकार्नेहरूका लागि नर्क तयार पारेकाछौं । १२- जब नर्कले नकार्नेहरूलाई टाढाबाट देख्नेछ तब उनीहरूले नर्कको भयङ्कर आवाज सुन्नेछन् । १३- जब यी नकार्नेहरूलाई नर्कमा एउटा साँघुरो ठाउँमा बाँधिएर फ्यालिनेछ तब तिनीहरूले मृत्युलाई पुकार्नेछन् । १४- आज एउटा मात्र मृत्युलाई होइन बरु धेरै मृत्युलाई पुकार । १५- भन्नुहोस्- के यो उत्तम छ वा सदाका लागि रहने स्वर्ग उत्तम छ जसको बाचा भय राख्नेहरूसित गरिएको छ । त्यो तिनीहरूका लागि बदला र ठेगाना हुनेछ । १६- त्यसमा उनीहरूले चाहेको हरेक वस्तु पाउनेछन् । उनीहरू त्यसमा सधैं रहनेछन् । यो तपाईंको ईश्वरको जिम्मा बाचा हो जो उहाँले पूरा गर्नुहुनेछ ।

१७- त्यो दिन ईश्वरले तिनीहरूलाई पनि र तिनीहरूले पुज्दै गरेका झूठा उपास्यहरूलाई पनि भेला पार्नुहुनेछ, अनि सोध्नुहुनेछ- के मेरा भक्तहरूलाई तिमीहरूले पथभ्रष्ट पारेका थियौ वा उनीहरू आफैं पथभ्रष्ट भएका थिए ? १८- उनीहरूले भन्नेछन्- तपाईं पवित्र हुनुहुन्छ, तपाईंसंग अरूलाई साझेदार बनाउनु उपयुक्त थिएन । तपाईंले यिनीहरू र यिनीहरूका पूर्वजहरूलाई सांसारिक सरसामान दिनुभयो यहाँसम्म कि तिनीहरूले तपाईंको उपदेशलाई बिर्से अनि विनाश हुनेहरूमध्ये बन्न पुगे । १९- अनि तिनीहरूले तिमीहरूलाई तिमीहरूको कुरामा झूठो ठहर गरे । अब न त तिमीहरू टार्न सक्छौ न कुनै सहयोग पाउन

सक्छौ। तिमीहरूमध्ये जसले अत्याचार गर्नेछ हामीले तिनीहरूलाई कठोर यातनाको स्वाद चखाउनेछौं।

२०- हामीले तपाईंभन्दा पहिले जति पनि रसूलहरू पठायौं सबै खाना खाने गर्थे र बजारहरूमा घुम फिर गर्थे। तपाईं कुनै नौलो रसूल हुनुहुन्न। हामीले तिमीहरूलाई एक अर्काको लागि परीक्षा बनाएका छौं। के तिमीहरू धैर्य धारण गर्नेछौ ?! तपाईंको पालनकर्ता सबै कुरा जान्नुहुन्छ।

२१- हामिसमक्ष पेश हुने आशा न राख्ने मानिसहरूले भने- हामीहरूतर्फ फरिश्ताहरू किन अवतरण गरिएन वा हामीहरूले आफ्ना पालनकर्तालाई आफ्ना आँखाले देखेका भयौं ? तिनीहरूले आफूलाई ठूला ठाने। तिनीहरू उद्दण्डतामा सीमा नाघेका छन्। २२- जुन दिन तिनीहरूले फरिश्ताहरूलाई देख्नेछन् त्यस दिन अपराधीहरूका लागि कुनै शुभ सूचना हुने छैन। तिनीहरूले भन्नेछन्- शरण शरण। २३- अनि हामी तिनीहरूले गरेका हरेक कार्यतर्फ बढनेछौं, अनि ती सबैलाई रद्द पारेर उड्दै गरेको धुलो माटो बनाइ दिनेछौं। २४- स्वर्गबासीहरू त्यस दिन उच्च स्थानमा हुनेछन्। अति आरामदायी बास स्थानमा।

२५- स्मरण गर्नुहोस् त्यस दिनलाई जब आकाश फुटेर नम्र सेतो बादल झैं बन्नेछ र भेला हुने स्थानमा फरिश्ताहरू धेरै संख्यामा अवतरण हुनेछन्। २६- त्यस दिन पूर्ण र वास्तविक सत्ता-शासन रहमान (करुणामय ईश्वर) कै लागि हुनेछ। त्यो दिन नकार्नेहरूका लागि अति कडा हुनेछ। २७- त्यस दिन अत्याचारीले आफ्नै हातलाई टोक्नेछ। उसले भन्नेछन्- रसूल (मुहम्मद) को अनुसरण गरेर सीधा मार्ग अवलम्बन गरेको भए कति जाति हुन्थ्यो। २८- म त बर्बाद भएं। त्यो व्यक्तिलाई साथी नबनाएको भएं कति जाति ! २९- उसले मलाई उपदेशबाट पथभ्रष्ट पार्यो जो मसमक्ष पुगि सकेको थियो। शैतान मानवलाई धोका दिनेवाला रहेछ। ३०- रसूलले भन्नुहुनेछ- हे मेरा पालनकर्ता ! मेरो समुदायले

कुर्आनलाई नजरअन्दाज गरेको थियो । ३१- यसरी हामीले अपराधीहरूमध्ये हरेक सन्देष्टाको लागि शत्रु बनायौं । ईश्वर मार्गदर्शन र सहयोग गर्न पर्याप्त हुनुहुन्छ ।

३२- नकार्नेहरूले भने- रसूलमाथि पूरा कुर्आन एकै चोटि किन अवतरण गरिएन ? तपाईंको हृदयलाई शक्तिशाल बनाउनको लागि हामीले यसलाई थोरै थोरै गरेर अवतरण गरेकाछौं । ३३- यिनीहरूले तपाईंसमक्ष जति सुकै अचम्म प्रश्न ल्याए पनि हामीले त्यसको सही जवाफ र उत्तम व्याख्या बताउनेछौं । ३४- अनुहारको बल घिसारिंदै नर्कमा फ्याँकिनेहरू नै सबै भन्दा निकृष्ट स्थानमा रहनेछन् । तिनीहरू नै सत्य मार्गबाट अति टाढा छन् ।

३५- हामीले मुसालाई तौरात प्रदान गर्यौं र हारून लाई सन्देष्टा बनाएर उनको सहयोगी बनायौं । ३६- हामीले ती दुवै जनालाई आदेश दियौं- तिमीहरू ती मानिसहरूकहाँ जाऊ जसले हाम्रा निशानीलाई झुठो ठहर गरेकाछन् । अनि हामीले तिनीहरूलाई सर्वनाश गर्यौं । ३७- हामीले नूहको समुदायलाई समुद्रमा डुबाएर नष्ट पार्यौं जब तिनीहरूले रसूलहरूलाई झूठो ठहर गरे । हामीले अत्याचारीहरूका लागि कष्टकर यातना तयार पारेकाछौं । ३८- हामीले आद, समूद, ईनार वालाहरू र यी तीनैबीच रहेका अन्य धेरै समुदायहरूलाई नष्ट पार्यौं । ३९- हामीले तिनीहरू सबैलाई उदाहरणहरू सुनायौं अनि हामीले तिनीहरू सबैलाई पूर्णरूपमा नष्ट पार्यौं । ४०- यिनीहरू ती बस्तीहरूबाट हिंडेका छन् जसमाथि ढुंगा बर्साइए । के तिनीहरूले त्यसलाई हेर्दै गरेका छैनन् ? वास्तनमा तिनीहरू पुनर्जन्मको आशा राख्दैनन् ।

४१- जब यिनीहरू तपाईंलाई हेर्छन् तब ठट्टा गर्छन्- के ईश्वरले यसै व्यक्तिलाई हामीहरूतर्फ रसूल बनाएर पठाउनुभएको छ र ?! ४२- यदि हामीहरू आफ्ना भगवानहरूको पूजामा अडिग न रहेको भए यस व्यक्तिले त्यसबाट विमुख पारि सकेको हुने थियो । यिनीहरूले यातना देखेपछि चाँडै नै जान्नेछन्- को बाटो बिराएर पथभ्रष्ट भएको छ ?

४३- के तपाईंले त्यस व्यक्तिलाई देख्नुभयो जसले आफ्नो इच्छालाई ईश्वर बनाएको छ । के तपाईंले त्यसको जिम्मा लिन सक्नुहुन्छ त ?! ४४- के तपाईंको विचारमा तिनीहरूमध्ये अधिकांश सुन्छन् र देख्छन् त ? तपाईंले जति मानिसहरूलाई एक ईश्वरको भक्तितर्फ बोलाउनुहुन्छ के अधिकांशले त्यसलाई स्वीकार गर्ने गरी सुन्छन् र प्रमाण तथा तर्कहरूलाई बुझ्छन् त ?! होइन, बरु तिनीहरू जनावर जस्तै छन्, बरु जनावरहरूभन्दा पनि बढी बाटो बिराएका छन् ।

४५- के तपाईंले आफ्नो पालनकर्तलाई देख्नुभएन, उहाँ कसरी छायाँ फैलाउनुहुन्छ । उहाँले चाहेमा छायाँलाई रोकेर राख्न सक्नुहुन्थ्यो । हामीले सूर्यलाई त्यसमाथि प्रमाण बनाएकाछौं । ४६- फेरी हामी छायाँलाई विस्तारै-विस्तारै आफूतर्फ तान्दै जान्छौं । ४७- ईश्वरले नै रातलाई पर्दा बनाउनुभयो, निन्द्रालाई आराम र दिनलाई जाग्ने समय बनाउनुभयो । ४८- उहाँ नै हुनुहुन्छ जसले वर्षाअघि त्यसको शुभ-सूचना दिनको लागि हावा चलाउनु हुन्छ । हामी नै आकाशबाट पवित्र पानी बर्साउँछौं । ४९- ताकि त्यसबाट बाँझो भूमिलाई जीवित पारौं । हामीले पराणीहरूमध्ये धेरै जनावर र मानिसहरूलाई खुवाउनको लागि पनि पानी बर्सायौं ।

५०- हामीले यसलाई विभिन्न तरिकाबाट वर्णन गरेकाछौं ताकि तिनीहरूले विचार गरुन् । तर पनि अधिकांश मानिसहरू बेगुणी छन् । ५१- हामीले चाहेमा हरेक गाउँमा डराउनेवाला पठाउने थियौं । ५२- अनि तपाईं नकार्नेहरूको कुरा न मान्नुहोस् र यस (कुर्आन) द्वारा तिनीहरूविरुद्ध खुबै सङ्घर्ष गर्नुहोस् ।

५३- ईश्वरले नै दूई समुद्रलाई मिलाउनुभयो, एउटा मिठो, तिर्खा मेटाउने र अर्को नूनिलो पिउन नमिल्ने । दुवै खालका पानी एक अर्कामा न मिसियोस भनेर दुवैबीच पर्दा हाल्नुभयो । ५४- उहाँले नै पानीबाट मानवको सृष्टि गर्नुभयो र मानवबीच रगत र ससुरालीको नाता बनाउनुभयो । तपाईंका पालनकर्ता अति शक्तिशाली हुनुहुन्छ ।

५५- तिनीहरू ईश्वरलाई छोडेर यस्ता वस्तुहरूको पूजा गर्छन् जो न फाइदा पुर्याउन सक्छन् न हानि नै । नकार्नेहरू ईश्वरविरुध्द सहयोगी बनेका छन् । ५६- हामीले तपाईंलाई शुभ-सूचक र डराउनेवाला बनाएर पठाएकाछौं । ५७-भनिदिनुहोस्- हामी तिमीहरूसित कुनै पारिश्रमिक माग्दिन । जसलाई इच्छा छ उसले आफ्नो पालनकर्ताको मार्ग अवलम्बन गरोस् ।

५८- सधैं जीवित रहने ईश्वरमाथि भरोसा गर्नुहोस् । ईश्वरको प्रशंसा गर्दै उहाँको पवित्रताको वर्णन गर्नुहोस् । उहाँ आफ्ना भक्तहरूका पापबाट अवगत रहन पर्याप्त हुनुहुन्छ । ५९- उहाँले नै ६ दिनमा आकाशहरू, पृथ्वी र यी दुवैबीच रहेका सम्पूर्ण वस्तुहरूको सृष्टि गर्नुभयो । त्यसपछि सिंहासनमा विराजमान हुनुभयो । उहाँ अर्रहमान (करुणामय ईश्वर) हुनुहुन्छ । उहाँको बारेमा जानकार मानिसहरूसित सोध । ६०- जब तिनीहरूलाई भनिन्छ- अर्रहमान (करुणामय ईश्वर) को लागि सज्दा गर, तब तिनीहरू भन्छन्- अर्रहमान भनेको के हो ? के तिमीले आदेश दिएमा हामीहरूले सज्दा गरौं ?! यसले तिनीहरूलाई झन टाढा पार्यो ।

६१- ईश्वर बर्कतवाला हुनुहुन्छ, जसले आकाशमा ग्रह (हिंडिरहने ताराहरू) प्रकाशमय दीपक (सूर्य) र चन्द्रमा बनाउनुभयो । ६२- उहाँले नै दिन र रातलाई एकपछि अर्को पालैपालो आवतजावत गर्ने बनाउनुभयो, यस्तो व्यक्तिको लागि जो पाठ लिन र सीधा मार्ग अवलम्बन गर्न चान्छन् ।

६३- अर्रहमान (करुणामय ईश्वर) का भक्तहरू ती हुन् जो भूमिमा नम्र चाल चल्छन् । मुर्खले अपशब्द बोल्दा उस्तै जवाफमा सलाम भन्छन् । ६४- जो रातलाई आफ्ना पालनकर्तासमक्ष सज्दा गरेर र उभेर बिताउँछन् । ६५- उनीहरू भन्छन्- हे हाम्रा पालनकर्ता ! हामीबाट नर्कलाई टाढा राख्नुहोस । निस्सन्देह यसको यातना विनाशकारी रहेको छ । ६६- निस्सन्देह यो निकृष्ट ठेगाना र पीडादायी स्थान हो । ६७- जो धन खर्च गर्दा न त अपव्याय गर्छन् न कन्जुस्याइँ नै गर्छन्, बरु मध्यमार्गी रहेर खर्च गर्छन् ।

६८- जो सत्य ईश्वरबाहेक अन्य कसैलाई पुकार्दैनन्। अनि अनाहक कसैको को हत्या गर्दैनन्, सिवाय हकका साथ। जो व्यभिचार गर्दैनन्। यस्ता महा पाप गर्नेहरू सजायको भागीदार बन्नेछन्। ६९- महाप्रलयको दिन तिनीहरूको यातना बढदै जानेछ। तिनीहरू अपमानित भएर सधैंको लागि नर्कमा रहनेछन्। ७०- तर जसले तौबा गर्नेछन्, ईमान ल्याउनेछन् र सत्कर्म गर्नेछन् ईश्वरले उनीहरूले गरेका दुष्कर्महरूलाई सत्कर्ममा पत्रृणत गर्नु हुनेछ। ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ। ७१- जसले तौबा गर्छ र सत्कर्म गर्छ वास्तवमा ऊ ईश्वरतर्फ रुजु गर्छ।

७२- उनीहरू झूठा कार्यहरूमा सामेल हुँदैनन्। फाल्तु कार्यहरू भइरहेका स्थानहरूबाट हिंड्नै परेमा त्यसमा संलग्न नभएर सुटुक्क हिँडि हाल्छन्। ७३- जब उनीहरूलाई उनीहरूका पालनकर्ताका आयतहरूबाट उपदेश दिंदा बहिरो र अन्धो बन्दैनन्। ७४- यस्ता भक्तहरू भन्छन्- हे हाम्रा पालनकर्ता ! हाम्रो लागि हाम्रा श्रीमती र सन्तानहरूलाई हाम्रा आँखाको शितलता बनाउनुस् र हामीलाई ईशभय राख्नेहरूका अगुवा बनाउनुहोस्।

७५- यिनीहरू हुन् जसलाई स्वर्गका भवनहरू प्राप्त हुनेछन्, किनभने उनीहरूले धैर्य गरे। उनीहरूको स्वागत दुआ र सलामबाट हुनेछ। ७६- उनीहरू स्वर्गमा सधैं रहनेछन्। कति राम्रो बास-स्थान हो स्वर्ग। ७७- भनिदिनुहोस्- तिमीहरूले ईश्वरलाई पुकार्दैनौ भने उहाँलाई कुनै परवाह छैन। तिमीहरूले झूठो ठहर गरेको कुरा चाँडै नै आउनेछ।

## सूरह अश्शुअरा- २६

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- ता सीम् मीम। २- यी स्पष्ट किताबका श्लोकहरू हुन्। ३- शायद तपाईंले नकार्नेहरूको मार्गदर्शनको चिन्तामा आफ्नो ज्यान नै गुमाउनुहुनेछ कि।

४- हामीले चाहेमा आकाशबाट निशानी अवतरण गर्न सक्छौं । अनि तिनीहरूका गर्धनहरू त्यसप्रति झुक्नेछ । ५- जहिले पनि यी बहुदेववादीहरूसमक्ष अर्रहमान (करुणामय ईश्वर) को उपदेश आउँदा तिनीहरू विमुख हुन्छन् । ६- तिनीहरूले झूठो ठहर गरे । अनि तिनीहरूले ठट्टा गरेका खबरहरूको वास्तविक्ता चाँडै नै जान्नेछन् ।

७- के तिनीहरूले धर्तीमा विचार गरेनन्- हामीले कसरी भूमिमा नाना प्रकारका बालीनाली उमारेकाछौं ?! ८- निस्सन्देह यसमा निशानीहरू छन्, तर अधिकांश मानिसहरू ईमान ल्याउँदैनन् । ९- निस्सन्देह तपाईंका पालनकर्ता विजयी र दयावान हुनुहुन्छ ।

१०- जब तपाइंका पालनकर्ताले मूसालाई पुकार्नुभयो- तिमी अत्याचारी समुदायतर्फ जाऊ । ११- फिऔंनको समुदायतर्फ । के तिनीहरू डराउँदैनन् । १२- मूसा ले भने- तिनीहरूले हाम्रो सन्देशलाई झूठो ठहर गर्नेछन् भन्ने मलाई आशंका छ । १३- मेरो छाती सञ्कुचित हुँदैछ र मेरो जिब्रो कुरा गर्नबाट रोकिन्छ । त्यसैले हारूनलाई सन्देश पठाउनुहोस् । १४- मैले एकजनाको हत्या गरेको कुरालाई आधार बनाएर तिनीहरूले मेरो हत्या गर्छन् भन्ने आशंका छ ।

१५- ईश्वरले भन्नुभयो- कदापि होइन, तिमी दुवै जना हाम्रा चमत्कारहरू लिएर जाऊ, हामी तिमीहरूसंग सुन्नेवाला छौं । १६- तिमीहरू दुवै जना फिऔंनकहाँ जाऊ र भन- हामीहरू ईश्वरका रसूल हौं । १७- कि बनी इस्राईललाई मुक्त गरेर हामीसँग जान देऊ । १८- फिऔंनले भन्यो- के तिमी सानो हुँदा हामीले तिम्रो पालन-पोषण गरेनौं र तिमीले हामीबीच वर्षौं जीवन बिताएनौं । १९- तिमीले यस्तो कार्य गर्यौं जो गर्नुपर्ने थिएन । तिमी बेगुणीहरूमध्ये हौ ।

२०- मूसाले भने- मैले त्यतिखेर त्यो गरेको थिएं र मैले गलती गरें । २१- त्यसपछि म तिमीहरूसित डराएं र टाढा गइ हालें । अनि ईश्वरले मलाई ज्ञान

प्रदान गर्नुभयो र रसूलहरूमध्ये बनाउनुभयो। २२- तिमीले गरेको यो परोपकार जताइरहेका छौ। जबकि तिमीले बनी इस्राईललाई दास बनायौ।

२३- फिऔंनले सोध्यो- सबै प्राणीहरूका पालनकर्ता को हुन् जसको रसूल हुने दावी तिमी गर्दैछौ ?! २४- मूसाले भने- आकाश, पृथ्वी र यी दुवैबीच रहेका सबै वस्तुहरूका पालनकर्ता यदि तिमी विश्वास गर्नेवाला छौ भने। २५- फिऔंनले आफ्नो वरिपरि रहेका समर्थकहरूलाई भन्यो- के तिमीहरू सुनिरहेका छैनौ ! २६- मूसाले भने- उहाँ तिमीहरू र तिमीहरूका पुर्खाहरूको पनि पालनकर्ता हुनुहुन्छ। २७- फिऔंनले भन्यो- तिमीहरूतर्फ पठाइएको यो रसूल बौलाएको छ। २८- मूसाले भने- उहाँ पूर्व, पश्चिम र यी दुवैबीच रहेका वस्तुहरूको सृष्टिकर्ता हुनुहुन्छ, यदि तिमीहरू बुद्धिले काम लिन्छौ भने। २९- फिऔंनले भन्यो- यदि तिमीले मबाहेक अन्य कसैलाई उपास्य बनाउँछौ भने तिमीलाई कारागारमा हालिदिन्छु। ३०- मूसा ले भने- म ईश्वरको तर्फबाट चमत्कार प्रस्तुत गरे पनि तिमीले मलाई कारगारमा हाल्छौ ? ३१- यदि तिमी सच्चा हौ भने आफ्ना ती चमत्कारहरू प्रस्तुत गर। ३२- मूसाले लौरो भुइँमा हाले, अनि त्यो अनयास सर्प बन्यो। ३३- उनले आफ्ना हात छातीबाट निकाल्दा सेतो र चम्किलो थियो। ३४- फिऔंनले आफ्नो वरिपरि रहेका नेताहरूहरूलाई भन्यो- यो व्यक्ति निपुण जादूगर रहेछ। ३५- आफ्नो जादूबाट तिमीहरूलाई तिमीहरूको देशबाट निकाल्न चाहन्छ। तिमीहरू के सलाह दिन्छौ ?

३६- दरबारीहरूले भने- उसलाई र उसको दाईलाई अवसर दिनुहोस् र शहरहरूमा हलकाराहरू पठाउनुहोस्, ३७- जसले निपुण जादूगरहरूलाई लिएर आउन्। ३८- जादूगरहरूलाई एउटा निश्चित समय र स्थानमा भेला गरियो। ३९- मानिसहरूलाई भनियो- तिमीहरू सबैले भेला हुनुपर्छ है, ४०- ताकि हामीहरू जादूगरहरूको साथ दियौं यदि तिनीहरू विजयी हुन्छन् भने। ४१- जब जादूगरहरू आए तब तिनीहरूले फिऔंनलाई सोधे- हामीहरू विजय भयौं भने के

कस्तो पुरस्कार मिल्नेछ ? ४२- फिऔंनले भन्यो- हो, यसो भएमा तिमीहरू मेरो निकटतम बन्नेछौ।

४३- मूसाले भने- तिमीहरू जे जति भुइँमा राख्न चाहन्छौ राख। ४४- अनि तिनीहरूले डोरी र लौरो भुइँमा राख्दै भने- फिऔंनको सम्मानको कसम ! आज हामीहरू नै विजयी हुनेछौं। ४५- मूसाले आफ्नो लौरो भुइँमा राखे, अनि त्यो (अजगरमा पत्रृणत भएर) तनीहरूले बनाएका सर्प, डोरी र लौरोहरूलाई निल्न थाल्यो। ४६- अनि जादूगरहरू सज्दामा खसे। ४७- उनीहरूले भने- सबै प्राणीहरूका पालनकर्तामाथि हामीले ईमान ल्यायौं। ४८- जो मूसा र हारूनका पालनकर्ता हुनुहुन्छ।

४९- फिऔंनले भन्यो- तिमीहरूले मूसा माथि मेरो अनुमतिबिना नै ईमान ल्यायौ ?! मूसा नै तिमीहरूको गुरु हो जसले तिमीहरूलाई जादू सिकायो। अब तिमीहरूले थाहा पाउनेछौ। म तिमीहरूको एकतर्फको हात र अर्कोतर्फको  खुट्टा अवश्य नै काटिदिनेछु र तिमीहरू सबैलाई शुलि दिनेछु। ५०- जादूगरहरूले भने- कुनै आपत्ति छैन, हामीहरू आफ्ना पालनकर्तासम्म पुग्नेछौं। ५१- हामीहरूलाई आशा छ, सर्वप्रथम ईमान ल्याएको कारणले हाम्रा पालनकर्ताले हाम्रा पापहरूलाई माफ गर्नुहुनेछ।

५२- हामीले मूसालाई आदेश दियौं- बनी इस्राईललाई रातौं रात यहाँबाट लिएर जाउ, तिमीहरूको पीछा गरिनेछ। ५३- अनि फिऔंनले हलकाराहरूलाई शहरहरूमा पठायो। ५४- फिऔंनले भन्यो- यो एउटा सानो समूह हो। ५५- उनीहरूले हामीलाई रिस दिलाउने काम गरेको छ। ५६- हामी एउटा तयार जमात हौं। ५७- ईश्वरले फिऔंन र उसको समुदायलाई बगैंचा र मूलहरूबाट निकाल्नुभयो। ५८- धन मालका खजाना र सुन्दर भवनहरूबाट। ५९- यो भयो, र ईश्वरले बनी इस्राईललाई त्यस्तै वरदानहरूका मालिक बनाउनुभयो।

६०- अनि फिऔंन र उसको समुदायले सूर्योदयको समयमा बनी इस्राईलको

पीछा गरे । ६१- जब दुवै समूहको सामना भयो तब मूसाका साथीहरूले भने- अब त हामीहरू समातिनेछौं । ६२- मूसाले भने- कदापि होइन, मेरा पालनकर्ता मेरो साथमा हुनुहुन्छ र उहाँले मार्ग देखाउनुहुनेछ । ६३- अनि हामीले मूसालाई प्रकाशना गर्यौं- समुद्रमा लौरोले हिर्काऊ । अनि समुद्र फुट्यो र प्रत्येक भाग पहाड जस्तो भयो । ६४- हामीले फिऔंन र उसको समुदायलाई पनि समुद्रको नजिक पुर्यायौं । ६५- हामीले मूसा र उनका साथमा रहेकाहरूलाई जोगायौं । ६६- तर हामीले फिऔंन र उसको समुदायलाई समुद्रमा डुबाएर सर्वनाश गर्यौं । ६७- निस्सन्देह यसमा निशानीहरू छन् तर अधिकांश मानिसहरू मान्दैनन् । ६८- निस्सन्देह तपाईंका पालनकर्ता सामर्थ्यवान र दयावान हुनुहुन्छ ।

६९- तिनीहरूलाई इब्राहीमको कथा सुनाउनुहोस् । ७०- जब उनले आफ्नो बुवा र समुदायलाई भने- तिमीहरू कुन वस्तुको पूजा गर्छौ ? ७१- तिनीहरूले भने- हामीहरू मूर्ती पूजा गर्छौं र त्यसैमा समर्पित रहन्छौं । ७२- इब्राहीम ले सोधे- के मूर्तीहरू सुन्छन् जब तिमीहरू तिनीहरूलाई पुकाछौं ? ७३- के तिनीहरूले केही लाभ वा हानि पुर्याउँछन् ? ७४- तिनीहरूले भने- बरु हामीहरूले आफ्ना पूर्वजहरूलाई मूर्ती पूजा गर्दै पायौं ।

७५- इब्राहीमले भने- के तिमीहरूले गरिराखेको मूर्ती पूजामा विचार गर्यौ ? ७६- तिमीहरू र तिम्रा पूर्वजहरू पनि । ७७- यी सबै मेरा शत्रु हुन्, सिवाय ईश्वर । ७८- जसले मलाई सृष्टि गर्नुभयो र उहाँले मेरो मार्गदर्शन गर्नुहुन्छ । ७९- उहाँले नै मलाई खुवाउनुहुन्छ र पिलाउनुहुन्छ । ८०- म बिरामि हुँदा मात्र उहाँले मलाई निको पार्नुहुन्छ । ८१- उहाँले नै मलाई मृत्यु दिनुहुनेछ र जीवित पार्नुहुनेछ । ८२- महाप्रलयको दिन मात्र उहाँले मेरा पापलाई माफ गर्नुहुनेछ भन्ने आशा राख्छु ।

८३- (इब्राहीमले प्रर्थना गरे-) हे मेरा पालनकर्ता ! मलाई धर्मको ज्ञान प्रदान गर्नुहोस् र मलाई सुकर्मीहरूमा सामेल गर्नुहोस् । ८४- मपछि आउने मानिसहरूमा

मेरो राम्रो नाम जारी गरिदिनुहोस् । ८५- मलाई स्वर्गका वारिसहरूमध्ये बनाउनुहोस्। ८६- मेरो बुवालाई क्षमा प्रदान गर्नुहोस् । निस्सन्देह उनी पथभ्रष्टहरूमध्ये हुन् । ८७- मलाई त्यस दिन अपमानित नगर्नु होला जुन दिन मानिसहरूलाई उठाइनेछ। ८८- त्यस दिन न त धन-सम्पत्ति काम लाग्छ न सन्तान नै। ८९- तर ती मानिसहरू जो ठीक दिल लिएर हाजिर हुनेछन्।

९०- स्वर्गलाई ईश्वरसंग डराउनेहरूको नजिक पारिनेछ । ९१- नर्कलाई पथभ्रष्टहरूको लागि प्रकट गरिनेछ । ९२- तिनीहरूलाई सोधिनेछ- कहाँ छन् तिमीहरूले पुज्दै आएका भगवानहरू ? ९३- ईश्वरबाहेक, के तिनीहरूले तिमीहरूको बचाव गर्न सक्छन् वा आफ्नो बचाव गर्न सक्छन् ? ९४- अनि तिनीहरूलाई घोपटो पारेर नर्कमा हालिनेछ। ९५- तिनीहरूलाई, पथभ्रष्टहरूलाई र इब्लीसका लस्करलाई अनि ती सबैलाई। ९६- तिनीहरूले झगडा गर्दै भन्नेछन् - ९७- निस्सन्देह हामीहरू स्पष्ट पथभ्रष्टतामा थियौं, ९८- जब हामीले तिमीहरूलाई सबै प्राणीहरूका पालनकर्ता ईश्वरको बराबर ठहर गर्थ्यौं । ९९- हामीहरूलाई त अपराधीहरूले पथभ्रष्ट पारे । १००- अनि हाम्रो कुनै सिफारिशकर्ता छैन । १०१- न कुनै निष्कपट मित्र।

१०२- हामीलाई पुनः संसारमा फर्काइयो भने हामी अवश्य ईश्वरमाथि ईमान ल्याउनेछौं । १०३- निस्सन्देह यसमा निशानी छ , तर अधिकांश मानिसहरू ईमान ल्याउनेवाला छैनन्। १०४- निस्सन्देह तपाईंका पालनकर्ता सामर्थ्यवान र दयावान हुनुहुन्छ।

१०५- नूह को समुदायले सन्देष्टाहरूलाई झूठो ठहर गरे । १०६- जब उनीहरूका भाइ नूहले भने- के तिमीहरू डराउँदैनौ ? १०७- म तिमीहरूका लागि अमानतदार रसूल हुँ। १०८- अनि तिमीहरू ईश्वरसित डराऊ र मेरो आज्ञापालन गर। १०९- म यसको लागि कुनै प्रतिदान माग्दिन। मेरो प्रतिदान मात्र ईश्वरको जिम्मामा छ जो सबै प्राणीहरूका पालनकर्ता हुनुहुन्छ।

११०- अनि तिमीहरू ईश्वरसित डराऊ र मेरो आज्ञापालन गर। १११- उनको समुदायले भन्यो- के हामी तिम्रो कुरा मानौं जब कि तपाईंमाथि आस्था राख्नेहरू तल्लोस्तरका मानिसहरू हुन्। ११२- नूह ले भने- उनीहरूले गरेको कार्यबारे मलाई के थाहा। ११३- उनीहरूको हिसाब ईश्वरमाथि छ यदि तिमीहरू बुझ्छौ भने। ११४- म मोमिनहरूलाई आफूबाट टाढा पार्दिन। ११५- म स्पष्टरूपमा डराउनेवाला हुँ।

११६- तिनीहरूले भने- हे नूह ! यदि तिमीले यस कार्यलाई छोडेनौ भने अवश्य नै ढुङ्गा प्रहार बाट मारिनेछौ। ११७- नूहले भने- हे मेरा पालनकर्ता ! मेरो समुदायले मलाई झूठो ठहर गर्यो। ११८- अनि तपाईंले मेरो र उनीहरूबीच राम्रो निर्णय गरिदिनुहोस् र मलाई र ममाथि ईमान ल्याएका मानिसहरूलाई जोगाउनुस्। ११९- अनि हामीले उनलाई र उनका साथीहरूलाई एउटा भरिएको डुंगामा जोगायौं। १२०- त्यसपछि बाँकी सबैलाई डुबायौं। १२१- निस्सन्देह यसमा निशानी छ र तिनीहरूमध्ये अधिकांश मानिसहरू मान्ने वाला छैनन्। १२२- निस्सन्देह तपाईंका पालनकर्ता सामर्थ्यवान र दयावान हुनुहुन्छ।

१२३- आदले सन्देष्टाहरूलाई झूठो ठहर गर्यो, १२४- जब उनका भाइ हूदले भने- के तिमीहरू डराउँदैनौं। १२५- म तिमीहरूका लागि भरोसामन्द रसूल हुँ। १२६- तसर्थ ईश्वरसित डराऊ र मेरो कुरा मान। १२७- म यसको लागि तिमीहरूबाट कुनै प्रतिदान माग्दिन। मेरो प्रतिदान मात्र ईश्वरको जिम्मामा छ जो सबै प्राणीहरूका पालनकर्ता हुनुहुन्छ। १२८- के तिमीहरू हरेक उच्च स्थानमा बिना मतलब स्मरणीय भवन निर्माण गर्छौ ?! १२९- ठूला ठूला महल बनाउँछौ, मानौं तिमीहरू सधैँ यहीं रहनेछौ ?! १३०- जब कसैमाथि हात हाल्छौ अति निर्दयी भएर मार्छौ। १३१- अनि तिमीहरू ईश्वरसित डराऊ र मेरो आज्ञापालन गर। १३२- त्यस ईश्वरसित डराऊ जसले तिमीहरूको सहयोग यस्ता वस्तुहरूबाट गर्नुभयो जो तिमीहरू जान्दछौ। १३३- उहाँले तिमीहरूको सहयोग

गर्नुभयो चौपायाहरू र सन्तानहरूबाट गर्नुभयो। १३४- बगैंचाहरू र बगिरहेका मूलहरूबाट। १३५- तिमीहरूलाई ठूलो प्रकोपले समात्नेछ भन्ने मलाई डर छ।

१३६- तिनीहरूले भने- तिम्रो उपदेश दिनु वा न दिनु एकसमान छ। १३७- यो विगतका मानिसहरूको तरिका हो। १३८- हामीलाई कदापि यातना दिइने छैन। १३९- अनि तिनीहरूले झूठो ठहर गरे। अतः हामीले तिनीहरूलाई सर्वनाश गर्यौं। निस्सन्देह यसमा उपदेश छ। तिनीहरूमध्ये अधिकांश मानिसहरू मान्नेवाला छैनन्। १४०- निस्सन्देह तपाईंका पालनकर्ता सामर्थ्यवान र दयावान हुनुहुन्छ।

१४१- समूदले रसूलहरूलाई झूठो ठहर गर्यो। १४२- जब उनीहरूका भाइ सालेहले भने- के तिमीहरू डराउँदैनौ ? १४३- म तिमीहरूका लागि भरोसामन्द रसूल हुँ। १४४- अनि तिमीहरू ईश्वरसित डराऊ र मेरो आज्ञापालन गर। १४५- म यसको लागि कुनै प्रतिदान माग्दिन। मेरो प्रतिदान मात्र ईश्वरको जिम्मामा छ जो सबै प्राणीहरूका पालनकर्ता हुनुहुन्छ। १४६- के तिमीहरूलाई निश्चिन्त बस्न दिइनेछ जसमा छौ ?! १४७- बगैंचाहरू र बगिरहेका मूलहरूमा। १४८- खेती बाडीहरू र रसिलो तथा स्वादिष्ट खजुर भएका रूखहरूमा। १४९- तिमीहरू घमण्ड गर्दै पहाड खोपेर घर बनाउँछौ। १५०- अनि ईश्वरसित डराऊ र मेरो आज्ञापालन गर। १५१- सीमा उल्लंघन गर्नेहरूको आज्ञापालन नगर। १५२- जो धर्तीमा आतङ्क मच्चाउँछन् र सुधार गर्दैनन्।

१५३- तिनीहरूले भने- तिमीमाथि कसैले जादू गरेको छ। १५४- तिमी हामीहरू जस्तै मानव हौ। यदि तिमी आफ्नो दावीमा सच्चा छौ भने कुनै निशानी पेश गर। १५५- सालेहले भने- यो एउटा उँटनी हो। यसको लागि पानी पिउने दिन निर्धारित छ र तमीहरूको लागि पानी पिउने दिन निर्धारित छ। १५६- यसलाई हानि पुर्याउनको लागि न छोऊ। यस्तो गर्छौ भने तिमीहरूलाई एउटा भयावह दिनको प्रकोपले समात्नेछ। १५७- तर तिनीहरू यसको हत्या गरे। अनि

तिनीहरू लज्जित भए। १५८- अनि तिनीहरूलाई प्रकोपले समात्यो। निस्सन्देह त्यसमा पाठ छ तर तिनीहरूमध्ये अधिकांश मानिसहरू मान्ने वाला छैनन् । १५९- निस्सन्देह तपाईंका पालनकर्ता सामर्थ्यवान र दयावान हुनुहुन्छ।

१६०- लूतको समुदायले सन्देष्टाहरूलाई झूठो ठहर गरे । १६१- जब तिनीहरूका भाई लूतले भने- के तिमीहरू ईश्वरसित डराउँदैनौ ? १६२- म तिमीहरूका लागि भरोसामन्द रसूल हुँ। १६३- अनि ईश्वरसित डराऊ र मेरो कुरा मान। १६४- म यसको लागि तिमीहरूबाट कुनै प्रतिदान माग्दिन। मेरो प्रतिदान मात्र ईश्वरको जिम्मामा छ जो सबै प्राणीहरूका पालनकर्ता हुनुहुन्छ। १६५- के तिमीहरू संसारबासीहरूमध्ये पुरुषबाट काम-इच्छा पूरा गर्छौ ?! १६६- ईश्वरले तिमीहरूका लागि जुन श्रीमतीहरू सृष्टि गर्नुभएको छ तिनीहरूलाई छोड्छौ ?! बरु तिमीहरू सीमा उल्लङ्घनकारी हौ।

१६७- तिनीहरूले भने- यदि तिमीले उपदेश दिन छोडेनौ भने तिमी अवश्य यहाँबाट निष्कासित गरिनेछौ । १६८- लूतले भने- म तिम्रो यस कार्यसित आत्तिएको छु । १६९- हे मेरा पालनकर्ता ! यिनीहरूको दुष्कर्मबाट मलाई र मेरा घर-परिवारलाई मुक्ति दिनुहोस् । १७०- अनि हामीले उनलाई र उनका घर.परिवारलाई मुक्ति प्रदान गर्यौं । १७१- सिवाय एउटी बुढी, ऊ छुटेका मानिसहरूमा सामेल भइ । १७२- फेरि हामीले अन्य सबैको सर्वनाश गर्यौं । १७३- हामीले तिनीहरूमाथि ढुङ्गा बर्सायौं । कति भयावह थियो त्यो वर्षा डराइएका मानिसहरूका लागि। १७४- निस्सन्देह यसमा पाठ छ तर तिनीहरूमध्ये अधिकांश मानिसहरू मान्नेवाला छैनन्। १७५- निस्सन्देह तपाईंका पालनकर्ता सामर्थ्यवान र दयावान हुनुहुन्छ।

१७६- ऐका बासीहरूले सन्देष्टाहरूलाई झूठो ठहर गरे। १७७- जब शुएबले- के तिमीहरू ईश्वरसित डराउँदैनौ ?! १७८- म तिमीहरूका लागि भरोसामन्द रसूल हुँ । १७९- ईश्वरसित डराऊ र मेरो आज्ञापालन गर । १८०- म यसको

लागि तिमीहरूबाट कुनै प्रतिदान माग्दिन । मेरो प्रतिदान मात्र ईश्वरको जिम्मामा छ जो सबै प्राणीहरूका पालनकर्ता हुनुहुन्छ । १८१- मानिसहरूका लागि नाप गर्दा पूरा पूरा नाप गर्ने गर, घटाएर न नाप । १८२- ठीक तराजुले तौल गर । १८३- मानिसहरूलाई उनीहरूका वस्तुहरू घटाएर न देऊ र धर्तीमा आतङ्क नमच्चाऊ । १८४- त्यस ईश्वरसित डराऊ जसले तिमीहरू र विगतका समुदायहरूलाई सृष्टि गर्नुभयो ।

१८५- तिनीहरूले भने- तिमीमाथि त कसैले जादू गरेको छ । १८६- तिमी त हामीहरू जस्तै मानव हौ ? तिमीलाई हामीहरू झूठाहरूमध्ये ठान्छौं । १८७- तिमी आफनो दावीमा सच्चा छौ भने आकाशको टुक्रा खसाल । १८८- शुएबले भने- तिमीहरूले गरिराखेका कर्यहरूसित मेरा पालनकर्ता राम्ररी अवगत हुनुहुन्छ । १८९- तर तिनीहरूले उनलाई झूठो ठहर गरे अनि तिनीहरूलाई बादलवाला दिनको प्रकोपले समात्यो । १९०- निस्सन्देह त्यो ठूलो दिनको प्रकोप थियो । निस्सन्देह त्यसमा पाठ छ । तिनीहरूमध्ये अधिकांश मानिसहरू मान्नेवाला छैनन् । १९१- निस्सन्देह तपाईंका पालनकर्ता सामर्थ्यवान र दयावान हुनुहुन्छ ।

१९२- निस्सन्देह यो (कुर्आन) सबै प्राणीहरूका पालनकर्ता ईश्वरको तर्फबाट अवतरण गरिएको छ । १९३- यसलाई अमानतदार दूत लिएर आए । ९९४- तपाईंका हृदयमाथि, ताकि तपाईं डराउनेहरूमध्ये बन्नुहोस् । १९५- शुध्द अरबी भाषामा । १९६- यसको वर्णन अघिल्ला आकाशीय किताबहरूमा पनि छ । १९७- के यो तिनीहरूको लागि निशानी होइन कि यसलाई बनी इस्राईलका धर्म गुरुहरू जान्दछन् ?

१९८- यदि हामीले यसलाई कुनै गैर-अरबीमाथि अवतरण गरेको भए, १९९- अनि उनले पढेर सुनाएमा उनीहरू ईमान ल्याउने थिएनन् । २००- यसरी हामीले आस्था न ल्याउने कुरा अपराधीहरूको हृदयहरूमा बसालेका छौं । २०१- यिनीहरूले भयावह प्रकोप नदेखुन्जेल आस्था ल्याउने छैनन् ।

२०२- यिनीहरूमाथि यो अकस्मात आउनेछ र तिनीहरूलाई थाहा पनि हुने छैन। २०३- अनि तिनीहरूले भन्नेछन्- के हामीहरूलाई अवसर मिल्नेछ त ?!

२०४- के यिनीहरू हाम्रो प्रकोपको लागि हतार गर्दैछन् ?! २०५- भन्नुहोस्- यदि हामी केही दिन फाइदा पुर्याऔं। २०६- फेरि तिनीहरूमाथि तिनीहरूसित वाचा गरिएको वस्तु आयो भने, २०७- यो फाइदा तिनीहरूको के काम काम लाग्छ ?! २०८- हामीले कुनै बस्तीलाई नष्ट पारेनौं तर त्यसको लागि कुनै डराउनेवाला थियो। २०९- स्म्रण गराउनको लागि र हामी अत्याचारी होइनौ। २१०- शैतानले यसलाई अवतरण गरेको होइन। २११- शैतानले यसलाई अवतरण गर्नु ठीक पनि छैन र गर्ने सामर्थ्य पनि राख्दैन। २१२- तिनीहरूलाई सुन्नबाट रोकिएको छ।

२१३- ईश्वरसँग अन्य कुनै भगवानलाई न पुकार, यसो गर्छौ भने तिमी पनि यातनाको भागिदार बन्छौ। २१४- तपाईं आफ्ना निकटतम नातेदारहरूलाई डराउनुहोस्। २१५- तपाईं यस्ता मानिसहरूसंग अति नम्रताका साथ व्यवहार गर्नुहोस् जो आस्था ल्याएर तपाईंको आज्ञापालन गर्छन्। २१६- यदि तिनीहरू तपाईंको अवज्ञा गर्छन् भने भनिदिनुहोस्- तिमीहरूले गरेको कार्यसित मेरो कुनै सरोकार छैन। २१७- तपाईं सामर्थ्यवान र दयावान ईश्वरमाथि भरोसा राख्नुहोस्। २१८- जो तपाईंलाई देख्नुहुन्छ जब तपाईं जाग्नुहुन्छ। २१९- नमाजीहरूसंग तपाईंको गतिविधी। २२०- निस्सन्देह उहाँ सुन्नेवाला र जान्नेवाला हुनुहुन्छ।

२२१- शैतानहरू कसमाथि अवतरण गर्छन् भन्ने कुरा बताउँ ? २२२- तिनीहरू हरेक झूठा, पापीमाथि अवतरण गर्छन्। २२३- कान थापेर कुरा सुन्छन् र तिनीहरूमध्ये अधिकांश झूठा छन्। २२४- कविहरूपछाडि पथभ्रष्टहरू हिंड्छन्। २२५- के तपाईंले हेर्नुभएन, तिनीहरू सबै उपत्यकामा पस्छन्। २२६- तिनीहरू त्यो कुरा भन्छन् जो तिनीहरू गर्दैनन्। २२७- कविहरूमध्ये ती मानिसहरू त्यस्तो गर्दैनन् जो आस्था ल्याए, सत्कर्म गरे र ईश्वरलाई खुबै स्मरण

गरे । शत्रुहरूले अत्याचार गरेमा उनीहरू बदला लिन्छन् । अत्याचरीहरू कहाँ फर्केर जानेछन् भन्ने कुरा चाँडै नै थाहा पाउनेछन् ।

## सूरह अन्नमल- २७

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- ता. सीम्. मीम. । यी आयतहरू हुन् स्पष्ट कुर्आनको र स्पष्ट किताब । २- मार्गदर्शन र शुभ-सूचना हरूका लागि । ३- जो नमाज कायम गर्छन्, जकात चुक्ता गर्छन् र आखिरतमा विश्वास राख्छन् । ४- जुन मानिसहरू आखिरतमा विश्वास राख्दैनन्, हामीले तिनीहरूका दुष्कर्महरूलाई तिनीहरूको नजरमा सुन्दर बनाइदिएकाछौं, अनि तिनीहरू बाटो बिराइरहेका छन् । ५- यस्ता मानिसहरूका लागि नराम्रो सजाय छ र महाप्रलयको दिन ठूलो घाटामा हुनेछन् । ६- निस्सन्देह तपाईंलाई यो कुर्आन तत्वदर्शी र सर्वज्ञ ईश्वरको तर्फबाट प्रदान गरिदैछ ।

७- जब मूसाले आफ्नो परिवारलाई भने- मैले त्यहाँ आगो देखेको छू, म त्यहाँबाट कुनै कुनै जानकारी लिएर आउँछु वा आगो लिएर आउँदैछु, ताकि त्यसबाट तिमीहरूले ताप । ८- जब उनी त्यहाँ पुगे तब पुकारियो- आगोमा रहेको र त्यसको वरिपरि रहेकाहरू मङ्गलमय छन् । पवित्र हुनुहुन्छ ईश्वर जो सम्पूर्ण जगतका पालनकर्ता हुनुहुन्छ ।

९- हे मूसा ! यो म हुँ ईश्वर, सामर्थ्यवान र तत्वदर्शी । १०- आफ्नो लौरो भुइँमा राख । मूसाले लौरो भुइँमा राखे । जब उनले लौरोलाई सर्प जस्तो हिंडेको देखे तब डराए अनि पिठ्यूँ फर्काएर भागे र फर्केनन् । हे मूसा ! न डराऊ, मनजिक सन्देष्टाहरू डराउँदैनन् । ११- तर जसले पाप गर्यो, फेरि त्यसपछि भलाई गर्यो, म क्षमाशील र दयावान छु । १२- तिमी आफ्नो हात आफ्नो छातीमा हाल, त्यो कुष्ठ रोगबिना सेतो चम्किलो भएर निस्कनेछ । यी दुई वटा लगायत जम्मा नौवटा निशानीहरू

लिएर फिर्औन र उसको समूदायमा जाऊ। निस्सन्देह तिनीहरू अवज्ञाकारी हुन्। १३- जब तिनीहरूसमक्ष यी स्पष्ट निशानीहरू आए तब तिनीहरूले भने- यी स्पष्ट जादू हुन्। १४- तिनीहरूले त्यसको इन्कार गरे जब कि तिनीहरूको दिलले विश्वास गरेका थिए। अत्याचार र घमण्डको कारणले। विचार गर्नुहोस्, कस्तो परिणाम भयो आतंकवादीहरूको।

१५- हामीले दाऊद र सुलैमानलाई ज्ञान प्रदान गर्यौं। उनीहरूले भने- सबै प्रशंसाहरू ईश्वरका लागि हुन् जसले हामीहरूलाई धेरै मोमिन भक्तहरूमाथि प्राथमिकता प्रदान गर्नुभयो। १६- दाऊदको वारिस सुलैमान बने। उनले भने- हे मानव ! हामीलाई चराको भाषा सिकाइएको छ र सबै थोक दिइएको छ। निस्सन्देह यो स्पष्ट वरदानहरू हुन्।

१७- सुलैमानको लागि उनका लस्कर जम्मा गरियो। जिन्न, मानव र चराहरू। अनि तिनीहरूको जमात बनाइन्थ्यो। १८- यहाँसम्म कि जब उनीहरू कमिलाको उपत्यकासम्म पुगे तब एउटा कमिलाले भनिन्- हे कमिलाहरू हो ! आ-आफ्ना दुलोमा पस, ताकि सुलैमान र उनका सैनिकहरूले तिमीहरूलाई नकुल्चोस् र उनीहरूलाई खबर पनि नहोस्। १९- सुलैमानले उसको कुरा सुनेर मुसुमुसु हाँसे र भने- हे मेरा पालनकर्ता ! तपाईंले ममाथि र मेरा माता पितामाथि गरेका वरदानहरूप्रति आभार व्यक्त गर्ने अवसर प्रदान गर्नुहोस्। मलाई यस्ता सत्कर्म गर्ने अवसर प्रदान गर्नुहोस् जसबाट तपाईं प्रसन्न हुनुहुन्छ। मलाई आफ्ना सत्कर्मी भक्तहरूमा प्रवेश गराउनुहोस्।

२०- सुलैमानले चराहरूको अनुगमन गर्दा हुद्हुद्लाई पाएनन्। उनले भने- म हुद्हुद्लाई किन देखि रहेको छैन ? २१- के त्यो अनुपस्थित भएको छ ? म उसलाई कडा सजाय दिन्छु वा बध नै गरिदिन्छु। अनुपस्थित हुनुको उचित कारण देखाउँछ भने अर्कै कुरा हो। २२- एक क्षिणपछि हुद्हुद्ले आएर भन्यो- म यस्तो कुरा थाहा पाएको छु जसको बारेमा हुजुरलाई थाहा छैन। म

सबाबाट सत्य खबर लिएर आएको छु। २३- मैले एकजना महिलालाई देशको सत्ता-शासन चलाइ राखेको पाएं। उनीसँग सबै किसिमका साधन छन्। उनीसँग ठूलो सिंहासन छ। २४- मैले यस महिला र उनको समुदायलाई ईश्वरको भक्ति नगरेर सूर्यलाई ढोग्दै पाएको छु। शैतानले तिनीहरूका कार्यहरूलाई तिनीहरूका लागि सुन्दर बनाएको छ र सीधा मार्गबाट रोकेको छ त्यसैले तिनीहरू सीधा मार्ग पाइ राखेका छैनन्। २५- कि तिनीहरूले ईश्वरलाई नढोगुन्, जो आकाशहरू र धर्तीमा लुकेका वस्तुहरूलाई निकाल्छन्। तिमीहरूले लुकिछिपि गर्ने र खुल्लमखुल्ला गर्ने सबै कार्यहरूलाई जान्नुहुन्छ। २६- ईश्वर, उहाँबाहेक कोही पनि पूज्य छैन, महान सिंहासनका मालिक। २७- सुलैमान ले भने- म छानबिन गर्छु, तिमीले भनेको कुरा सत्य हो वा असत्य। २८- सुलैमानले भने- मेरो यो पत्र लिएर जा र तिनीहरूसमक्ष राखि दे। अनि तिनीहरूबाट अलि पर हटेर तिनीहरूको प्रतिक्रिया हेर। २९- सबाकी रानीले भनिन्- हे मेरा सहयोगीहरू हो ! मलाई एउटा महत्वपूर्ण पत्र प्राप्त भएकोछ। ३०- त्यो सुलैमानको तर्फबाट छ र त्यो हो- शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ, ३१- तिमी मेरो मुकाबिलामा घमण्ड नगर र आत्म समर्पण गरेर मकहाँ आइहाल। ३२- रानीले सोधिन्- हे मेरा दरबारीहरू हो ! यस मामिलामा सल्लाह देउ। तिमीहरू उपस्थित नभएसम्म म कुनै निर्णय लिन सक्दिन। ३३- तिनीहरूले भने- हामीहरू शक्तिशालीछौं र युद्ध गर्ने क्षमता पनि राख्छौं। निर्णय हजुरको हातमा छ। हजुरको जो आदेश। ३४- रानीले भनिन्- राजाहरू जब कुनै देशमाथि आक्रमण गर्छन् तब त्यसलाई बरबाद पार्छन् र त्यहाँका सम्मानित मानिसहरूलाई अपमानित गर्छन्। यिनीहरू पनि त्यस्तै गर्नेछन्। ३५- म उनीकहाँ एउटा उपहार पठाउँछु अनि हेर्छु दूतले के कस्तो जवाफ ल्याउँछ।

३६- जब दूत सुलैमान कहाँ पुगे तब उनले भने- के तिमीहरू मेरो आर्थिक सहयोग गर्न चाहन्छौ ? ईश्वरले मलाई जे जति प्रदान गर्नुभएको छ त्यो तिमीहरूसँग

रहेका धन-सम्पत्तिभन्दा उत्तम छन् । बरु तिमीहरू नै आफ्नो उपहारबाट रमाउ । ३७- तिमी फर्केर तिनीहरूकहाँ जाउ । हामी तितिनीहरू विरुद्ध यस्तो सैन्य दल लिएर आउनेछौं जोसँग भीडन्त गर्ने शक्ति तिनीहरूमा छैन । हामीले तिनीहरूलाई त्यहाँबाट अपमानित गरेर निकाल्नेछौं । तिनीहरू अपमानित हुनेछन् ।

३८- सुलैमानले भने- हे मेरा सहयोगीहरू हो ! रानी आत्म-समर्पण गरेर यहाँ पुग्नुअघि तिमीहरूमध्ये कसले उसको सिंहासन लिएर आउन सक्छ ? ३९- ठूलो जिनले जवाफमा भन्यो- हजुर यस सभाबाट उभ्नुअघि नै म उनको सिंहासनलाई लिएर आउन सक्छु । म यसको शक्ति पनि राख्छु र अमानतदार पनि छु । ४०- किताबको ज्ञान राख्ने एक जना व्यक्तिले भने- हजुरको आँखा झम्किनु अघि नै त्यस सिंहासनलाई ल्याउन सक्छु । सुलैमानले आफ्नो नजिक सिंहासनलाई देखेर भने- यो मेरा पालनकर्ताको विशेष कृपाले हो ताकि उहाँले यस कुराको परीक्षा लेउन्- म उहाँको कृपाप्रति आभारी हुन्छु वा बेगुणी ? जसले ईश्वरप्रति आभार व्यक्त गर्छ त्यसको लाभ उसैलाई मिल्छ र जो ईश्वरका वरदानहरूप्रति कृतघ्न हुन्छ र आभार व्यक्त गर्दैन उसको हानि उसैलाई हुन्छ । निस्सन्देह मेरा पालनकर्ता सुसम्पन्न र दयावान हुनुहुन्छ ।

४१- सुलैमानले भने- रानीको सिंहासनको रूप रेखामा अलि फेरबदल गरिदेऊ, हेरौं, उनले यो उनकै सिंहासन हो भन्ने कुरा चिन्न सक्छे वा चिन्न सक्दैन ? ४२- जब रानी सुलैमान कहाँ पुगिन् तब सोधियो- के तिम्रो सिंहासन यस्तै छ ? रानीले जवाफ दिइन्- मानौं यो त्यही हो । मलाई पहिला नै थाहा भइसकेको थियो । हामी आज्ञाकारीहरूमध्ये थियौं । ४३- रानीलाई एक ईश्वरको भक्तिबाट त्यस पूजाले रोकेको थियो जो उनी आफ्ना समुदायको देखा सिकि गर्दै थिइन् । उनको सम्बन्ध नकार्ने व्यक्ति समुदायसँग थियो । ४४- उनलाई भनियो- महलमा प्रवेश गर । महल भूइँ तल्लामा थियो । जब उनले महलमा प्रवेश गरिन् तब त्यसलाई पानी ठानेर भिज्नबाट जोगाउन आफ्ना पिँडुलीबाट लुगा माथि

पारिन् । सुलैमानले भने- यो शिशाले बनेको महल हो । रानीले भनिन्- हे मेरा पालनकर्ता ! मैले आफूमाथि अत्याचार गरें र म सुलैमानसँग सबै प्राणीहरूका पालनकर्ता ईश्वरमाथि आस्था ल्याएं ।

४५- हामीले समूद समुदायतर्फ उसका भाइ सालेहलाई पठायौं कि मात्र एक ईश्वरको भक्ति गर । अनि तिनीहरू दूई समूहमा विभाजित भएर झगडा गर्न थाले । ४६- सालेहले भने- तिमीहरू ईश्वरको कृपाअघि चाँडै प्रकोपको माग किन गर्छौ ? ईश्वरसित क्षमा किन माग्दैनौ कि तिमीहरूमाथि दया गरियोस् । ४७- तिनीहरूले भने- हामीहरू त तिमी र तिमीसँग रहेका मोमिनहरूलाई अशुभ मान्छौं । सालेहले भने- तिमीहरूको नराम्रो भाग्य अल्लाहसंग छ बरु तिमीहरूको परीक्षण गरिँदैछ । ४८- शहरमा ९ जना मान्छेहरू थिए जो आतङ्क मच्चाउने गर्थे र सुधारको काम गर्दैनथे । ४९- तिनीहरूले भने- तिमीहरू कसम खाउ कि हामीहरूले एकसाथ रातमा सालेह र उनक परिवारका सदस्यहरूको हत्या गर्नेछौं । अनि तिनीहरूको अभिभावकलाई भन्नेछौ- हामीहरू उनीहरूको हत्याको समयमा उपस्थित थिएनौं, हामीहरू सत्य बोल्दैछौं । ५०- तिनीहरूले पनि षड्यन्त्र रचे र हामीले योजना बनायौं, जसको चाल तिनीहरूले पाएनन् । ५१- अनि विचार गर्नुहोस्, तिनीहरूको षड्यन्त्रको के कस्तो परिणाम भयो ? हामीले तिनीहरूलाई र तिनीहरूको समुदायलाई सर्वनाश पारिदियौं । ५२- यी हुन् तिनीहरूका घरहरू, तिनीहरूको अत्याचारको कारणले । यसमा जान्ने मानिसहरूका लागि पाठ छ । ५३- हामीले यस्ता मानिसहरूलाई जोगायौं जो आस्था र ईशभय राख्थे ।

५४- लूतलाई स्मरण गर्नुहोस्, जब उनले आफ्नो समुदायहरूलाई भने- के तिमीहरू अश्लील कार्य गर्छौ र हेर्छौ ?! ५५- के तिमीहरू महिलालाई छोडेर पुरुषसँग सहवास गर्छौ ?! बरु तिमीहरू बुझ्दैनौ ।

५६- उनको समुदायको जवाफ मात्र यो थियो- लूत का अनुयायीहरूलाई यस गाउँबाट निकाल । यिनीहरू बडो चोखो बन्छन् ।

५७- अनि हामीले लूत र उनका अनुयायीहरूलाई सुरक्षित राख्यौं, सिवाय उनकी श्रीमती, जो पछि रहनेछिन् भन्ने कुरा हामीले निश्चित गरेका थियौं । ५८- हामीले तिनीहरूमाथि भयावह तरिकाले ढुङ्गा बर्सायौं । त्यो कति निकृष्ट वर्षा थियो सचेत गरिएका मानिसहरूका लागि । ५९- भनिदिनुहोस्- सबै प्रशंसा ईश्वरको लागि र सलाम उनले चयन गरेका भक्तहरूमाथि । के ईश्वर श्रेष्ठ हुनुहुन्छ वा ती जसलाई तिनीहरू साझेदार बनाउँछन् ?!

६०- को हुन् जसले आकाशहरू र पृथ्वी बनाउनुभयो, तिमीहरूका लागि आकाशबाट पानी बर्साउनुभयो । अनि हामीले त्यस वर्षाको पानीबाट सुन्दर बगैँचाहरू उमार्यौं । तिमीहरूमा रूखहरू उमार्ने सामर्थ्य थिएन ?! के ईश्वरसँग अन्य कोही साझेदार छ त । बरु तिनीहरू सीधा मार्गबाट हटेका मानिसहरू हुन् । ६१- कसले पृथ्वीलाई स्थिर रहने योग्य बनाउनुभयो, त्यसमा नदीहरू बगाउनुभयो, पहाडहरू बनाउनुभयो, समुद्रबीच पर्दा बनाउनुभयो । के ईश्वरसँग अन्य कोही साझेदार छ त ?! बरु अधिकांश मानिसहरू जान्दैनन् ।

६२- को हुनुहुन्छ दुःखी मानिसहरूका पुकारलाई सुन्ने र दुःखलाई समाप्त पार्ने र तिमीहरूलाई धर्तीका वारिस बनाउने ? के ईश्वरबाहेक अन्य कोही पूज्य छ त ?! तिमीहरू कमै उपदेश ग्रहण गर्छौ । ६३- को हुनुहुन्छ तिमीहरूलाई थल र जलका अन्धकारहरूमा मार्ग देखाउने र वर्षाअघि वर्षाको शुभ-सूचना दिने हावा बगाउने ? के ईश्वरबाहेक अन्य कोही पूज्य छ त ?! यिनीहरूले ठहर गरेका सबै साझेदारहरूबाट ईश्वर पवित्र हुनुहुन्छ । ६४- को हुन् मानवको सृष्टि शुरु गर्ने अनि पुनः जीवित पार्ने र आकाश तथा भूमिबाट जीविका प्रदान गर्ने ? के ईश्वरसँग अन्य कोही पूज्य छ त ?! यदि तिमीहरू आफ्नो दावीमा सच्चा छौ भने यसको माणहरू पेश गर ।

६५- भनिदिनुहोस्- आकाशहरू र धर्तीको परोक्षको ज्ञान ईश्वरबाहेक कोही जान्दैन । तिनीहरूको पुनर्जन्म कहिले हुनेछ भन्ने कुरा पनि तिनीहरू जान्दैनन् ।

६६- बरु परलोकको बारेमा तिनीहरूको ज्ञान अल्झेको छ, बरु यसको बारेमा तिनीहरू शङ्कामा छन्, बरु तिनीहरू यस बारेमा अन्धा छन्। ६७- नकार्नेहरूले भने- के त्यतिखेर हामीहरूलाई जीवित पारेर उठाउन सम्भव छ र जब हामीहरू र हाम्रा पूर्वजहरू मरेर माटो भइहाल्छौं ?! ६८- यसको वाचा हामीहरूसित पनि गरियो र हाम्रा पूर्वजहरूसँग पनि गरियो। यी अघिल्ला मानिसहरूका कथा मात्र हुन्। ६९- भन्नुहोस्- धर्तिमा हिँड डोल गर र हेर अपराधीहरूको परिणाम।

७०- तपाईं चिन्ता न गर्नुहोस् र तपाईंको छाती सङ्कुचित नहोस् तिनीहरूले गरिराखेका चलखेलहरू प्रति। ७१- तिनीहरू भन्छन्- यदि तपाईं आफ्नो दावीमा सच्चा हुनुहुन्छ भने तपाईं गर्नु भएको वाचा कहिले पूरा हुन्छ ? ७२- भनिदिनुहोस्- जुन प्रकोपको लागि तिमीहरू हतार गर्दैछौ, शायद त्यसको केही अंश चाँडै नै आउनेछ। ७३- निस्सन्देह तपाईंका पालनकर्ता मानिसहरूमाथि कृपा गर्नुहुन्छ तर अधिकांश मानिसहरू आभार प्रकट गर्दैनन्। ७४- निस्सन्देह तपाईंका पालनकर्ता मानिसहरूले मनमा लुकाएका र प्रकट गरेका कुराहरू राम्ररी जान्नुहुन्छ। ७५- आकाशहरू तथा पृथ्वीमा लुकेको कुनै पनि वस्तु यस्तो छैन जो एउटा स्पष्ट किताबमा अंकित नहोस्।

७६- निस्सन्देह यो कुर्आन बनीइस्राईलप्रति धेरै कुराहरूलाई स्पष्ट पार्छ जसको बारेमा तिनीहरू विभेद गर्छन्। ७७- निस्सन्देह कुर्आन आस्था ल्याएका मानिसहरूका लागि मार्गदर्शन र कृपा हो। ७८- निस्सन्देह तपाईंका पालनकर्ताले तिनीहरूबीच निसाफका साथ निर्णय गर्नुहुनेछ। ईश्वर प्रभुत्वशाली र सर्वज्ञ हुनुहुन्छ। ७९- अतः ईश्वरमाथि भरोसा गर्नुहोस्, निस्सन्देह तपाईं स्पष्ट सत्यमा हुनुहुन्छ। ८०- तपाईंले मृतहरूलाई र बहिराहरूलाई आफ्नो पुकार सुनाउन सक्नुहुन्न जब तिनीहरू विमुख हुन्छन्। ८१- तपाईंले अन्धा मानिसहरूलाई पनि पथभ्रष्टताबाट जोगाएर सीधा मार्ग देखाउन सक्नुहुन्न। तपाईंले यस्ता

मानिसहरूलाई मात्र सत्य बुझाउन सक्नुहुन्छ जो हाम्रा निशानीहरूमा विश्वास गर्छन् र ईश्वरका आदेशहरूप्रति समर्पित छन् ।

८२- जब कुरा तिनीहरूमाथि आउनेछ तब भूमिबाट एउटा दाब्बाह (मानवबाहेक प्राणी) निकाल्नेछौं जसले मानिसहरूसँग कुरा गर्नेछ कि मानिसहरू हाम्रा निशानीहरूप्रति आस्था राख्दैनथे । ८३- जुन दिन हामीले सबै समुदायहरूमध्ये हाम्रा निशानीहरूको इन्कार गर्नेहरूको एउटा गिरोह भेला गर्नेछौं अनि तिनीहरूलाई विभिन्न गुटमा बाँडिनेछ । ८४- यहाँसम्म कि जब तिनीहरू पुग्नेछन् तब ईश्वरले भन्नुहुनेछ- तिमीहरूले मेरा श्लोकहरूको इन्कार गर्यौ, जसको बारेमा तिमीहरूलाई ज्ञान थिएन । बताउ तिमीहरू के गर्दैथियौ ? ८५- तिनीहरूले अत्याचार गरेको ले तिनीहरूमाथि कुरा पूरा हुनेछ । तिनीहरू (आफ्नो बचावको लागि) केही भन्ने अवस्थामा हुने छैनन् । ८६- के तिनीहरूले देखेनन्- हामीले रातलाई बनायौं ताकि तिनीहरूले आराम गरुन् र दिन बनायौं ताकि त्यसमा हेरुन् । निस्सन्देह यसमा विश्वास राख्नेहरूका लागि स्पष्ट निशानीहरू छन् ।

८७- जुन दिन सूर फुकिनेछ त्यस दिन आकाशहरू र पृथ्वीमा रहेका सबै वस्तुहरू डराउनेछन्, सिवाय ती वस्तुहरू जसलाई ईश्वरले जोगाउनुहुनेछ । त्यस दिन सबै प्राणीहरू नम्र भएर ईश्वरकहाँ आउनेछन् । ८८- तिमीहरू पहाडलाई जमेको ठान्छौ, जब कि त्यो बादल जस्तै हिँड्नेछ । यो ईश्वरले बनाउनु भएका वस्तुहरू हुन् जसले हरेक वस्तुलाई ठोस तरिकाले बनाउनुभयो । निस्सन्देह तिमीहरूले गरिराखेका कार्यहरूसित उहाँ अवगत हुनुहुन्छ । ८९- जसले राम्रा कर्महरू लिएर आउनेछ उसको लागि त्यसभन्दा उत्तम बदला मिल्नेछ । यस्ता मानिसहरू त्यस दिनको त्रासबाट सुरक्षित रहनेछन् । ९०- जसले दुष्कर्म लिएर आउनेछ उसलाई अनुहारको बलले घिसार्दै नर्कमा फ्याकिनेछ । तिमीहरू त्यही बदला पाउँदैछौ जो तिमीहरू गर्दैथियौ ।

९१- मलाई मात्र यस शहरका पालनकर्ताको भक्तिको आदेश मिलेको छ,

जसले यसलाई प्रतिष्ठत बनाउनुभयो र सबै वस्तुहरू उहाँ कै हुन् । मलाई यो आदेश पनि मिलेको छ कि एकाग्र भएर मात्र ईश्वरकै आदेशको पालना गरुँ । ९२- मलाई कुर्आनको पाठ गर्ने आदेश भएको छ । अनि जसले मार्गदर्शन प्राप्त गर्छ आफ्नै लागि हित गर्छ र जो पथभ्रष्ट भयो तिनीहरूलाई के भन्नुहोस् भने- म त मात्र डराउनेहरूमध्ये हुँ । ९३- भनिदिनुहोस्- सबै प्रशंसाहरू ईश्वर कै लागि हुन् । उहाँले तिमीहरूलाई आफ्ना निशानीहरू देखाउनुहुनेछ अनि तिमीहरू त्यसलाई चिन्नेछौ । तिमीहरूले गरिराखेका कार्यहरूसित ईश्वर अचेत हुनुहुन्न ।

# सूरह अल्-कसस्- २८

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१-ता. सीम्. मीम. । २- यी स्पष्ट किताबका आयतहरू हुन् । ३- हामी तपाईंलाई मूसा र फिऔंनका सत्य कथा वर्णन गर्दैछौं, आस्था राख्नेहरूका लागि । ४- निस्सन्देह फिऔंनले धर्तीमा घमण्ड गर्यो र त्यहाँका बासीहरूलाई विभिन्न गुटमा विभाजित गर्यो । ती गुटहरूमध्ये एउटा गुटलाई उसले कमजोर पारेर राखेको थियो । ऊ उनीहरूका छोराहरूलाई बद्ध गर्थियो र छोरीहरूलाई जीवित छोड्ने गर्थियो । निस्स्न्देह ऊ आतङ्क मच्चाउनेहरूमध्ये थियो । ५- जब कि हामीले कमजोर पारिएमाथि उपकार गर्न, अगुवा बनाउन र वारिस बनाउन चाहन्थ्यौं । ६-तिनीहरूलाई शासक बनाउन चाहन्थ्यौं । हामीले फिऔंन र हामान र तिनीहरूका सैनिकहरूलाई त्यही देखाउन चाहन्थियौं जसको तिनीहरूलाई डर थियो ।

७- हामीले मूसा को आमालाई प्रकाशना गर्यौं- उनलाई स्तन पान गराउ । जब तिमीलाई आशङ्का हुन्छ तब नदीमा हालि देउ । न डराउ र न चिन्ता लेउ । हामीले उनलाई तिमीतर्फ फर्काउनेछौं र रसूलहरूमध्ये बनाउनेछौं ।

८- फिऔंनका मानिसहरूले मूसालाई उठाए ताकि मूसा तिनीहरूको शत्रु र चिन्ताको विषय बनुन्। निस्सन्देह फिऔंन, हामान र उसका सहयोगीहरू गलत थिए। ९- फिऔंनकी श्रीमतीले भनिन्- यो शिशु आँखाको शीतलता हो मेरोलागि र तपाईंको लागि। यसको हत्या नगर्नुहोस्। आशा छ कि त यसले हामीलाई फाइदा पुर्याउनेछ कि त हामीले यसलाई दत्तक-पुत्र बनाउनेछौं। तिनीहरू बुझ्दैनथे।

१०- मूसाको आमाको हृदय ब्याकुल भयो। हामीले उनको हृदयलाई न बाँधेको भए उनले शिशुको कुरा जाहेर गर्ने थिए। उनी भरोसा गर्नेवालाहरूमध्ये भइन्। ११- आमाले उनकी दिदीलाई भनिन्- तिमी उनको पछि पछि जाऊ। उनले अन्जान बनेर अवलोकन गरिन् अनि तिनीहरूले थाहा पाएनन्। १२- हामीले पहिला नै मूसालाई अन्य कुनै पनि महिलाको स्तन-पानबाट रोकेका थियौं। उनकी दिदीले भनिन्- के म यस्तो परिवारको बारेमा नबताऊँ जसले उनको स्तन-पान र रेखदेख राम्रो तरिकाले गर्नेछन् र जो उनको हितैषी हुन्? १३- अनि हामीले मूसालाई उनकी आमातर्फ फर्कायौं, ताकि उनको आँखा शितल होस्। उनी चिन्तित नहोउन्। उनले जानुन्- ईश्वरको वाचा सत्य हो, तर अधिकांश मानिसहरू जान्दैनन्। १४- जब मूसा युवा अवस्थामा पुगे र परिपक्व भए तब हामीले उनलाई तत्वदर्शिता र ज्ञान प्रदान गर्यौं। यसरी नै हामी सुकर्मीहरूलाई बदला दिने गर्छौं।

१५- मूसा यस्तो समयमा शहर प्रवेश गरे जब मानिसहरू अचेत अवस्थामा थिए, उनले दुई जनालाई आपसमा झगडा गर्दै पाए। एकजना उनको आफ्नै समुदायको थियो र अर्को चाहिँ शत्रुहरूमध्ये थियो। उनको समुदायको व्यक्तिलेले शत्रुविरुद्ध मद्दत गर्न गुहार्यो। मूसाले शत्रुलाई एक मुक्का हाने, र उसलाई मारे। मूसाले भने- यो शैतानी कार्य हो। निस्सन्देह शैतान शत्रु हो स्पष्ट पथभ्रष्ट पार्नेवाला। १६- मूसाले प्रार्थना गरे- हे मेरा पालनकर्ता ! मैले आफूमाथि अत्याचार गरेको छु, मलाई माफ गर्नुहोस्। अनि ईश्वरलेमूसा लाई माफ गर्नुभयो। निस्सन्देह उहाँ

माफ गर्नेवाला दयावान हुनुहुन्छ। १७- मूसाले थप भने- हे पालनकर्ता ! तपाईंले ममाथि कृपा गर्नुभयो त्यसले गर्दा म कदापि अपराधीहरूको सहयोगी बन्ने छैन।

१८- अनि बिहान मूसा शहरमा डराएर तथा सूचना लिँदै हिँड्न थाले। हिजो जुन व्यक्तिले मद्दत मागेको थियो आज फेरि मद्दतको लागि गुहार गर्यो। मूसा ले भने- निस्सन्देह तिमी पक्का पथभ्रष्ट हौ। १९- जब मूसाले दुवैका शत्रुलाई समात्न खोजे तब इस्राईली व्यक्तिले भन्यो- के तपाईं मलाई मार्न चाहनुहुन्छ, जसरी तपाईंले हिजो एकजनालाई मार्नुभयो। तपाईं धर्तीमा उद्दण्ड भएर बस्न चाहनुहुन्छ। तपाईं सहमतिका साथ बस्न चाहनुहुन्न। २०- एकजना शहरको कुनाबाट दगुर्दै आए र भने- हे मूसा ! दरबारीहरू तपाईंलाई मार्ने सल्लाह गर्दैछन्, तपाईं यहाँबाट पलायन गर्नुहोस्, म तपाईंको हितैषीहरूमध्ये हुँ। २१- मूसा त्यहाँबाट डराउँदै तथा सूचना लिँदै प्रस्थान गरे। उनले भने- हे मेरा पालनकर्ता ! मलाई अत्याचारी मानिसहरूबाट जोगाउनुहोस्।

२२- मूसाले मदयनतर्फ जाँदै भने- आशा छ मेरो पालनकर्ताले मलाई सीधा मार्ग देखाउनुहुनेछ। २३- जब उनी मदयनको पानीसम्म पुगे तब एउटा समूहलाई पानी खुवाउँदै पाए र अर्कोतर्फ दुई जना महिलाहरूलाई आफ्ना बाख्राहरूलाई पानी खानबाट रोक्दै पाए। मूसाले उनीहरूलाई सोधे- तिमीहरूलाई के समस्या छ ? दुवै महिलाले भनिन्- जबसम्म चर्वाहाहरू आफ्ना बाख्राहरू हटाउँदैनन् तब सम्म हामी पानी खुवाउँदैनौँ। हाम्रा बुवा अति बुढो हुनुहुन्छ। २४- अनि मूसाले उनीहरूका बाख्राहरूलाई पानी खुवाइदिए, अनि छायाँतर्फ गएर र भने- हे मेरा पालनकर्ता ! जुन सुकै भलाई तपाईंले मलाई प्रदान गर्नुहुनेछ म त्यसको आवश्यक्तामा छु।

२५- दूई जना केटीहरूमध्ये एक जना लजाउँदै उनीसमक्ष आइन र भनिन्- मेरो बुवा तपाईंलाई बोलाउँदै हुनुहुन्छ ताकि तपाईंले जुन पानी खुवाउनुभयो त्यसको पारिश्रमिक प्रदान गरुन्। उनले त्यहाँ पुगेपछि आफ्ना सबै कुराहरू

भने। उनले भने- अब नडराऊ, तिमी अत्याचारीहरूबाट मुक्ति पाइसकेकाछौ। २६- उनका एक जना छोरीले भनिन्- हे बुवा ! उनलाई काममा राखिहाल्नुस्। उनी बलवान पनि छन् र इमानदार पनि। २७- उनले भने- म तिम्रो बिहे आफ्नी दुई वटी छोरीहरूमध्ये एउटीसँग गराउन चाहन्छु। यस शर्तका साथ कि तिमी आठ वर्षसम्म मकहाँ काम गर। यदि तिमीले दस वर्षसम्म काम गर्छौ भने यो तिम्रोतर्फबाट हुनेछ। म तिमीलाई अप्ठ्यारोमा पार्न चाहन्न। ईश्वरले चाहनु भएमा तिमीले मलाई सत्कर्मी पाउनेछौ। २८- मूसाले भने- यो मेरो र तपाईंबीच सहमती भयो। यी दुवै अवधिहरूमध्ये जुन सुकै अवधि बिताउनेछु, ममाथि कुनै जबरजस्ती हुने छैन। यस सम्झौतामाथि ईश्वर निरिक्षक हुनुहुन्छ।

२९- जब मूसाले अवधि पूरा गरे र आफ्नो परिवारलाई लिएर प्रस्थान गरे तब तूरतर्फ आगोलाई हेरे। परिवारलाई भने- तिमीहरू यहीँ पर्ख, मैले आगो देखेको छु, आशा छ म त्यहाँबाट कुनै समाचार लिएर आउँछु वा आगोको अगुल्टो लिएर आउँछु, ताकि तिमीहरू ताप। ३०- जब उनी त्यहाँ पुगे तब उपत्यकाको दाहिने तर्फको बर्कतयुक्त क्षेत्रको रुखबाट पुकारियो- हे मूसा ! म ईश्वर हुँ, सम्पूर्ण जगतका मालिक। ३१- तिमी आफ्नो लौरोलाई भूइँमा राख। जब उनले लौरोलाई सर्प जस्तै घिस्रिरहेको देखे तब डराएर भागे र फर्केर हेरेनन्। हे मूसा ! अगाडि आउ र नडराऊ। तिमी सुरक्षित छौ। ३२- आफ्नो हात छातीतर्फ लिएर जाऊ, त्यो रोगबिना चम्किलो भएर निस्कनेछ। डरले गर्दा आफ्नो हात आफूसँग मिलाऊ। यी दुवै ईश्वरको तर्फबाट चमत्कार हुन्, फिऔंन र उसका दरबारीहरूतर्फ जानको लागि। निस्सन्देह तिनीहरू अवज्ञाकारी मानिसहरू हुन्।

३३- मूसाले भने- हे मेरा पालनकर्ता ! मैले तिनीहरूमध्ये एक जनाको हत्या गरेको थिएं। तिनीहरूले मेरो हत्या गर्नेछन् भन्ने मलाई डर छ। ३४- मेरो भाइ हारून मभन्दा बढी स्पष्ट बोल्छन्, उनलाई मेरो सहयोगी बनाएर पठाउनुस् ताकि उनले मेरो पुष्टि गरुन्। तिनीहरूले मलाई झूठो ठहर गर्नेछन् भन्ने मलाई

डर छ । ३५- ईश्वरले भन्नुभयो- हामी तिम्रो भाइ हारूनद्वारा तिमीलाई बल पुर्याउनेछौं । हामीले तिमीलाई तिमीहरू दुवैलाई विजयी बनाउनेछौं, तिनीहरू तिमीहरूसम्म पुग्न सक्ने छैनन् । हाम्रा निशानीहरूका साथ तिमीहरू दुवै जना र तिम्रा अनुयायीहरू नै विजयी हुनेछन् ।

३६- जब मूसा स्पष्ट चमत्कारहरू लिएर तिनीहरूकहाँ पुगे तब तिनीहरूले भने- यो उनले आफैं रचेको जादू हो । हामीले अघिल्ला पूर्वजहरूमा यो कुरा सुनेका छैनौं । ३७- मूसाले भने- मार्गदर्शन लिएर आएकोलाई र आखिरतमा सफल हुनेलाई ईश्वर राम्ररी जान्नुहुन्छ । निस्सन्देह अत्याचारीहरू सफलता पाउन सक्ने छैनन् । ३८- फिऔंनले भन्यो- हे मेरा दरबारीहरू हो ! मबाहेक अन्य कोही ईश्वर छन् भन्ने कुरा म जान्दिन । हे हामान ! मेरो लागि माटोलाई आगोमा तताउ । अनि मेरो लागि त्यसबाट उच्च भवन बनाउ, ताकि म मूसाको मालिकको अवलोकन गरुँ । म उसलाई झूठा व्यक्ति ठान्छु ।

३९- फिऔंन र उसका सैनिकहरूले धर्तीमा अनाहक घमण्ड गरे । तिनीहरूले के ठाने भने तिनीहरू हामीतर्फ फर्केर आउने छैनन् । ४०- अनि हामीले फिऔंन र उसका सैनिकहरूलाई समात्यौं र समुद्रमा हालेर चुर्लुम्म डुबाइदियौं, विचार गर्नुहोस् कस्तो भयो अत्याचारीहरूको परिणाम । ४१- हामीले उसलाई अगुवा बनायौं कि उसले आगोतर्फ बोलाउँछ । महाप्रलयको दिन उसलाई मद्दत मिल्ने छैन । ४२- हामीले लोकमा तिनीहरूमाथि धिक्कारेका छौं र महाप्रलयको दिन तिनीहरू नराम्रो अवस्थामा हुनेछन् । ४३- हामीले विगतका समुदायहरूलाई समाप्त पारेपछि मूसालाई किताब प्रदान गर्यौं । त्यसमा मानिसहरूका लागि पाठ, मार्गदर्शन र कृपा छ ताकि तिनीहरूले उपदेश ग्रहण गरुन् ।

४४- पहाडको पश्चिमतर्फ तपाईंको उपस्थिती थिएन जब हामीले मूसालाई आदेशहरू दिएका थियौं । तपाईं गवाहरूमध्ये पनि हुनुहुन्न थियो । ४५- हामीले धेरै वंशहरू सृष्टि गर्यौं, त्यसमाथि लामो युग बित्यो । तपाईं मदयन बासीहरूबीच

पनि बस्नु भएन कि तिनीहरूलाई तपाईंले आयतहरू सुनाउनुहुन्थ्यो। तर हामी हौं सन्देष्टा पठाउनेवाला। ४६- तपाईंको उपस्थिती तूर पहाडको छेउमा पनि थिएन जब हामीले मूसालाई पुकार्यौं। तर यो तपाईंका पालनकर्ताको वरदान हो। ताकि तपाईंले यस्ता मानिसहरूलाई खबरदार गर्नुहोस् जो समक्ष तपाईंअघि कुनै रसूल आएन। ताकि तिनीहरूले उपदेश ग्रहण गरुन।

४७- तिनीहरूमाथि कुनै प्रकोप आएको भए तिनीहरूले हामीहरूसमक्ष रसूल आएनन् भन्ने कुरा भनेर तर्क दिने थिए र भन्ने थिए- हे हाम्रा पालनकर्ता ! हामीहरूतर्फ किन रसूल पठाउनुभएन ताकि हामीहरूले तपाईंका निशानीहरूको अनुसरण गर्ने थियौं र ईमान ल्याउने थियौं। ४८- अनि जब तिनीहरूसमक्ष हाम्रोतर्फबाट सत्य आयो तब तिनीहरूले भने- किन उनलाई त्यस्तै चमत्कारहरू प्रदान गरिएन जस्ता मूसालाई प्रदान गरिएको थियो। तिनीहरूले भने- यी दुवै जादू हुन् जो एक अर्काको पुष्टि गर्दछ। तिनीहरूले भने- हामीहरू दुवैको इन्कार गर्दछौं।

४९- भनिदिनुहोस्- यदि तिमीहरू आफ्नो यस दावीमा सच्चा छौ भने ईश्वरको तर्फबाट कुनै किताब लिएर आउ जो मार्गदर्शनमा यी दुवै भन्दा उत्तम होस्, म त्यसको अनुसरण गर्नेछु। ५०- यदि तिनीहरू यो कार्य गर्न सक्दैनन् भने जानिराख तिनीहरू मात्र आफ्नो इच्छाको अनुसरण गर्दैछन्। ईश्वरको मार्गदर्शनलाई छोडेर इच्छाको अनुसरण गर्नेहरूभन्दा बढी अरू को पथभ्रष्ट हुन सक्छ। निस्सन्देह ईश्वर अत्याचारीहरूलाई सीधा मार्ग देखाउनुहुन्न। ५१- हामीले तिनिहरूका लागि निरन्तर आफ्नो वाणी पठायौं ताकि तिनीहरू पाठ सिकुन्।

५२- जुन मानिसहरूलाई हामीले यसअघि किताब प्रदान गर्यौं तिनीहरू यस (कुर्आन) मा आस्था राख्छन्। ५३- जब तिनीहरूसमक्ष यसको पाठ गरिन्छ तब तिनीहरू भन्छन्- हामीले यसमा आस्था ल्यायौं। निस्सन्देह यो सत्य हो मेरो पालनकर्ताको तर्फबाट। हामी त पहिला नै यसलाई मान्छौं। ५४- यिनीहरू

हुन जसलाई दुई गुणा प्रतिदान दिइनेछ । किनभने उनीहरूले धैर्य गरे । तिनीहरू दुष्टतालाई भलाइबाट समाप्त पार्छन् र हामीले प्रदान गरेका जीविका खर्च गर्छन् । ५५- कामै न लाग्ने कुराबाट टाढा रहन्छन् र भन्छन्- हाम्रा लागि हाम्रा कर्महरू छन् र तिमीहरूका लागि तिमीहरूका कर्महरू । तिमीहरूलाई सलाम । हामी अशिक्षितहरूसँग हेल मेल चाहन्नौं । ५६- तपाईंले जसलाई चाहनुभएमा उसलाई मार्गदर्शन गर्न सक्नुहुन्न, बरु ईश्वरले जसलाई चाहनुहुन्छ उसलाई मात्र मार्गदर्शन गर्नुहुन्छ । कसले सीधा मार्ग पाउनेछ भन्ने कुरा ईश्वर राम्ररी जान्नुहुन्छ ।

५७- यिनीहरू भन्छन्- यदि हामीहरू तिमीहरूसंग यस मार्गदर्शनमा हिँड्छौं भने हामीहरू आफ्नो भूमिबाट लगिनेछौं । के हामीले यिनीहरूलाई शान्तिपूर्ण हरममा स्थापित गरेनौं, जहाँ हरेक प्रकारका फलफुल तानिदै आउँछन्, हाम्रो तर्फबाट जीविका स्वरूप । तर तिनीहरूमध्ये अधिकांश मानिसहरू जान्दैनन् ।

५८- हामीले कतिपय गाउँहरूलाई सखाप पार्यौं जो आफ्ना धन-सम्पत्तिमा घमण्ड गर्दै थिए । यी हुन तिनीहरूका गाउँहरू जो आबाद भएनन् सिवाय अलिगति र हामी नै यसको वारिस बन्यौं । ५९- तपाईंका पालनकर्ता जबसम्म ठूला बस्तीहरूमा रसूल पठाउनुहुन्न तबसम्म त्यसलाई सर्वनाश गर्नुहुन्न, जो तिनीहरूलाई किताब वाचन गरेर सुनाउनुहुन्छ । हामी कदापि गाउँहरूलाई सर्वनाश गर्दैनौं जबसम्म त्यहाँका बासीहरू अत्याचार गर्दैनन् ।

६०- तिमीहरूलाई जे जति प्रदान गरिएको छ ती सबै सांसारिक जीवनका सर-सामान र रङ्गी चङ्गी हुन् । जे जति ईश्वरकहाँ छ त्यो उत्तम पनि छ सदा सर्वदाको लागि पनि छ । अनि के तिमीहरू बुद्धि र विवेकबाट काम लिँदैनौ ?! ६१- यस्तो व्यक्ति जोसंग हामीले राम्रो वाचा गरेकाछौं र उनले त्यसलाई पाउने पनि छ त्यो व्यक्ति सरह हुनसक्छ जसलाई हामीले मात्र सांसारिक धन-सम्पत्ति प्रदान गरेकाछौं र महाप्रलयको दिन हाजिर गरिनेहरूमध्ये हुनेछ ?!

६२- जुन दिन ईश्वरले पुकारेर सोध्नुहुनेछ- कहाँ छन् मेरा ती साझेदारहरू

जसको तिमीहरू दावी गर्थ्यौं ? ६३- कुरा सिध्द भएका मानिसहरूले भन्नेछन्- हे हाम्रा पालनकर्ता ! यी हुन् जसलाई हामीले पथभ्रष्ट पार्यौं र हामीहरू पनि पथभ्रष्ट भयौं । वास्तवमा, यिनीहरूसँग हाम्रो कुनै सरोकार छैन । यिनीहरू हाम्रो भक्ति गर्दैनथे ।

६४- भनिनेछ- तिमीहरू ती भगवानहरूलाई बोलाऊ जसलाई तिमीहरू ईश्वरसँग साझेदार ठहर गरेका थियौ । तिनीहरूले ती भगवानहरूलाई पुकार्नेछन् तर तिनीहरूले कुनै जवाफ दिने छैनन् । तिनीहरूले आफ्नो यातनालाई देख्नेछन् । तिनीहरूले सत्य मार्ग अवलम्बन गरेका भए । ६५- जुन दिन ईश्वरले तिनीहरूलाई पुकारेर भन्नेछन्- तिमीहरूले सन्दष्टाहरूलाई के जवाफ दियौ ? ६६- अनि त्यस दिन तिनीहरूका सबै कुराहरू गुम्नेछन् । अनि तिनीहरू एक अर्कालाई सोध्न सक्ने छैनन् । ६७- तर जसले प्रायश्चित गरे, आस्था ल्याए र सत्कर्म गरे आशा छ उनीहरूले सफल हुनेहरूमध्ये हुनेछन् ।

६८- तपाईका पालनकर्ता जे चाहनुहुन्छ सृष्टि गर्नुहुन्छ र जसलाई चाहनुहुन्छ रोज्नुहुन्छ । तिनीहरूको हातमा छै रोज्नु । जसलाई तिनीहरू साझेदार ठहर गर्दैछन् त्यसबाट ईश्वर अति उच्च र पवित्र हुनुहुन्छ । ६९- तिनीहरूले आफ्ना मनमा लुकाएका र व्यक्त गरेका कुराहरूबाट ईश्वर अवगत हुनुहुन्छ । ७०- उहाँ मात्र ईश्वर हुनुहुन्छ, उहाँबाहेक कोही पनि पूज्य छैन । उहाँ कै लागि लोकमा पनि प्रशंसा छ र परलोकमा पनि । उहाँकै हातमा निर्णय छ र महाप्रलयको दिन तिमीहरू उहाँतर्फ नै फर्काएर लगिनेछौ ।

७१- बताउनुहोस्- यदि ईश्वरले महाप्रलयको दिनसम्म सधैंको लागि रात बनाउनुहुन्छ भने ईश्वरबाहेक को छ उपास्य जो तिमीहरूका लागि प्रकाश ल्याउन सक्छ ?! अनि के तिमीहरू सुन्दैनौ ?! ७२- सोध्नुहोस्- यदि ईश्वरले महाप्रलयसम्म सधैंको लागि दिन बनाउनुहुन्छ ईश्वरबाहेक कोही उपास्य छ जसले रात ल्याउन सकोस् जसमा तिमीहरू आनन्द प्राप्त गर्छौ ?! के तिमीहरू देख्दैनौ ?!

७३- ईश्वरले आफ्नो कृपाबाट तिमीहरूका लागि अन्ध्यारो रात बनाउनुभयो ताकि त्यसमा तिमीहरू आराम गर । उहाँले तिमीहरूका लागि उज्यालो दिन बनाउनुभयो ताकि तिमीहरू त्यसमा जीविकाको खोजिको लागि भाग दौड गर्न सक । ताकि तिमीहरू ईश्वरप्रति आभार व्यक्त गर ।

७४- जुन दिन ईश्वरले पुकारेर सोध्नुहुनेछ- कहाँ छन् तिमीहरूले ठानेका मेरा साझेदारहरू जसको पूजा तिमीहरू गर्ने गर्थ्यौ ? ७५- हामीले प्रत्येक समुदायबाट एक जना गवाह हाजिर गर्नेछौं र मानिसहरूलाई भन्नेछौं- आफ्नो प्रमाण प्रस्तुत गर । अनि तिनीहरूले जान्नेछन्- सत्य ईश्वरकै तर्फबाट हो । तिनीहरूले रचेका साझेदारहरू हराउने छन् ।

७६- कारून मूसा को समुदायमध्ये थियो तर उसले तिनीहरूप्रति उद्दण्ड भयो । हामीले उसलाई यति सम्पत्ति दिएका थियौं जसको साँचाहरू उठाउनबाट कतिपय बलिया पुरुषहरू थकित हुन्थे । जब उसको समुदायले भन्यो- घमण्ड नगर । ईश्वर घमण्ड गर्नेहरूलाई मन पराउनुहुन्न । ७७- ईश्वरले जे जति प्रदान गर्नुभएको छ त्यसबाट परलोकको तयारी गर र सांसारको अंशलाई नबिर्स । भक्तहरूसँग राम्रो व्यवहार गर, जसरी ईश्वरले तिमीमाथि कृपा गर्नुभयो । धर्तिमा आतङ्क नमच्चाऊ । ईश्वर धर्तिमा आतङ्क मच्चाउनेहरूलाई मन पराउनुहुन्न ।

७८- कारूनले जवाफ दियो- यी धन-सम्पत्ति मलाई एउटा ज्ञानले गर्दा प्राप्त भएको छ जो मलाई प्राप्त छ । के उसले जानेन कि ईश्वरले यसअघि कतिपय समुदायहरूलाई सर्वनाश पार्नुभयो जो ऊभन्दा बढी शक्तिशाली र धनी थिए ?! अपराधीहरूलाई तिनीहरूको अपराधको बारेमा सोधिने छैन ।

७९- कारून ठाटबाटका साथ आफ्नो समुदायमा निस्क्यो । सांसारिक धन-सम्पत्ति मन पराउनेहरूले भने- कारून जस्तै हामीहरूलाई पनि धन-सम्पत्ति प्राप्त भएको भए । निस्सन्देह ऊ अति भाग्यशाली छ । ८०- तर ज्ञानी मानिसहरूले

भने- तिमीहरूको बरबादी होस् ! ईश्वरको पुण्य उत्तम छ सत्कर्मीहरूका लागि। यो धैर्यवानहरूलाई मात्र प्राप्त हुन्छ।

८१- त्यसपछि हामीले कारून र उसको घरलाई धर्तीमा धसाइदियौं। अनि मानिसहरूको कुनै पनि समूह उसको मद्दतको लागि उठेन र न उसले आफूलाई जोगाउन सक्यो। ८२- हिजो जुन मानिसहरू ऊ जस्तो बून्ने कामना गर्दै थिए ले भन्न थाले- अपसोच, ईश्वर आफ्ना भक्तहरूमध्ये जसलाई चाहनुहुन्छ अनगन्ति जीविका प्रदान गर्नुहुन्छ र जसलाई चाहनुहुन्छ थोरै जीविका प्रदान गर्नुहुन्छ ?! यदि ईश्वरको कृपा नभएको भए उहाँले हामीहरूलाई पनि धर्तिमा धसाउनुहुन्थ्यो। अपसोच, निस्सन्देह नकार्नेहरू असफल हुनेछन्।

८३- परलोकको यो घर हामीले ती मानिसहरूलाई प्रदान गर्नेछौं जो धर्तिमा न त ठूलो बन्न चाहन्छन् न आतङ्क मच्चाउन खोज्छन्। अन्तिम परिणाम ईशभय राख्नेहरूको लागि छ। ८४- जुन मानिसहरू सत्कर्महरू लिएर हाजिर हुनेछन् उनीहरूलाई त्यसभन्दा उत्तम बदला प्रदान गरिनेछ। जुन मानिसहरू दुष्कर्महरू लिएर हाजिर हुनेछन्, तिनीहरूलाई तिनीहरूले गरेका दुष्कर्म बराबर सजाय दिइनेछ।

८५- निस्सन्देह जुन ईश्वरले तपाईंमाथि कुर्आन अनिवार्य गर्नुभएको छ, उहाँले तपाईंलाई राम्रो परिणाम सम्म पुर्याउनुहुनेछ। भनिदिनुहोस्- को सत्य लिएर आएको छ र को स्पष्ट पथभ्रष्टतामा छ भन्ने कुरालाई मेरा पालनकर्ता राम्ररी जान्नुहुन्छ। ८६- तपाईंमाथि किताब अवतरण गरिनेछ भन्ने कुराको आशा तपाईंलाई थिएन। यो ईश्वरको विशेष कृपा हो। अतः तपाईं नकार्नेहरूको सहयोगी न बन्नुहोस्। ८७- तिनीहरूले तपाईंलाई ईश्वरका श्लोकहरूबाट न रोकुन् जब कि यो तपाईंतर्फ अवतरित भइ सकेका छन्। ८८- ईश्वरको साथमा अन्य कुनै उपास्यलाई न पुकार, किनभे ईश्वरबाहेक कुनै उपास्य छैन। उहाँबाहेक सबै

वस्तुहरू नष्ट हुनेछन् । निर्णय उहाँ कै हात मा छ र तिमीहरू उहाँतर्फ नै फर्काएर लगिनेछौ ।

## सूरह अल्-अन्कबूत- २९

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१-अलिफ. लाम. मीम. । २- के मानिसहरूले ठानेका छन्, उनीहरूले ईश्वरमाथि ईमान ल्यएको दावी गरेमा छोडिनेछन् र उनीहरूको परीक्षा लिइने छैन ?! ३- हामीले उनीहरूअघिका मानिसहरूको पनि परीक्षा लियौं । ईश्वरले अवश्य नै ती मानिसहरूको परीक्षा लिनुहुनेछ जो सच्चा छन् र झूठाहरूको पनि पत्ता अवश्य लगाउनुहुनेछ ।

४- के दुष्कर्म गर्नेहरू हामीबाट जोगिनेछन् भन्ने कुरा ठानेका छन् ? एकदमै गलत छ त्यो निर्णय जो तिनीहरू गर्दैछन् । ५- जुन मानिसहरू ईश्वरसंग भेटने आशा राख्छन्, ईश्वरको वाचा अवश्य आउने वाला छ । ईश्वर सर्वद्रष्टा र सर्वज्ञ हुनुहुन्छ । ६- जुन मानिसहरूले परश्रम गर्छन् उनीहरू आफ्नै हीतको लागि परिश्रम गर्छन् । निस्सन्देह ईश्वर संसार बासीहरूबाट आत्म निर्भर हुनुहुन्छ । ७- जुन मानिसहरूले आस्था ल्याए र सत्कर्म गरे हामीले अवश्य नै उनीहरूका पापहरूलाई मेटाउनेछौं र तिनीहरूले गरेका सत्कर्मको उत्तम बदला दिनेछौं ।

८- हामीले मानवलाई माता-पितासँग राम्रो व्यवहार गर्ने उपदेश दियौं । यदि उनीहरूले तिमीहरूलाई ईश्वरसँग कसैलाई साझेदार ठहर गर्ने आदेश दिन्छन्, जसको तिमीहरूलाई ज्ञान छैन भने उनीहरूको आज्ञापालन न गर । तिमीहरू सबैले मेरैतर्फ फर्केर आउनुपर्छ अनि मैले तिमीहरूले गरिराखेका कार्यहरूबारे बताउनेछु । ९- जुन मानिसहरूले आस्था ल्याए, पुण्य कर्म गरे हामीले उनीहरूलाई सत्कर्मीहरूमा सामेल गर्नेछौं ।

१०- केही मानिसहरू यस्ता छन् जो ईश्वरमाथि ईमान ल्याउने दावी गर्छन्, तर जब तिनीहरूलाई ईश्वरको मार्गमा सताइन्छ तब उनीहरूले त्यस यातनालाई ईश्वरको यातना झैं ठान्छन् । तर जब तपाईंलाई ईश्वरको मद्दत पुग्छ तब तिनीहरू भन्छन्- हामी तपाईंको साथमा थियौं । मानिसहरूका मनमा लुकेका कुराहरू के ईश्वरलाई थाहा छैन र ?! ११- ईश्वरले पक्का ईमान ल्याउनेहरू र पाखण्डीहरूलाई अवश्य नै जान्नुहुनेछ ।

१२- नकार्नेहरू हरूलाई भन्छन्- तिमीहरू हाम्रो मार्गमा हिंड हामी तिमीहरूको पापको भार बोक्नेछौं । वास्तविकता के छ भने तिनीहरू उनीहरूका अलि पनि पापलाई आफूमाथि बोक्न सक्ने छैनन् । निस्सन्देह तिनीहरू झूठा हुन् । १३- तिनीहरू आफ्ना पापहरूको भार पनि उठाउनेछन् र थप भार पनि उठाउनेछन् । तिनीहरूले संसारमा रचेका असत्यहरूबारे महाप्रलयको दिन अवश्य नै तिनीहरूसँग सोधपूछ हुनेछ ।

१४- हामीले नूहलाई उनको समुदायतर्फ पठायौं । उनी आफ्नो समुदायबीच ९५० वर्ष बसे । अनि तिनीहरूलाई भीषण बाढीले समात्यो । तिनीहरू अत्याचारी थिए । १५- अनि हामीले नूहलाई र डुङ्गामा रहेकाहरूलाई जोगायौं । हामीले यस घटनालाई संसार बासीहरूका लागि पाठ बनायौं ।

१६- इब्राहीमलाई याद गर्नुहोस्, जब उनले आफ्नो समुदायहरूलाई भने- मात्र एक ईश्वरको भक्ति गर । उहाँसित डराऊ । यदि तिमीहरू जान्दछौ भने यो तिमीहरूका लागि राम्रो छ । १७- तिमीहरू ईश्वरलाई छोडेर मूर्तीहरूको पूजा गर्छौ र झूठा कुराहरू रच्छौ । ईश्वरबाहेक तिमीहरू जस-जसको पूजा गर्छौ तिनीहरू तिमीहरूलाई जीविका प्रदान गर्दैनन् । अनि ईश्वरसित जीविका माग, उहाँ कै भक्ति गर, उहाँप्रति आभार व्यक्त गर । तिमीहरू उहाँतर्फ नै फर्काइनेछौ । १८- यदि तिमीहरू झूठो ठहर गर्छौ भने तिमीहरूअघिका धेरै समुदायहरूले झूठो ठहर गरिसकेका छन् । रसूलमाथि स्पष्टरूपमा पुर्याउने जिम्मेवारी मात्र हो ।

१९- के यिनीहरूले देखेनन्- ईश्वर कसरी सृष्टिको आरम्भ गर्नु हुन्छ अनि उहाँले फेरि सृष्टि गर्नुहुनेछ ?! यो ईश्वरको लागि सहज कार्य हो। २०- भनिदिनुहोस्- धर्तीमा हिँडडोल गर अनि विचार गर पहिलो पटक ईश्वरले कसरी सृष्टि गर्नुभयो, उहाँले फेरि दोस्रो पटक जीवित पार्नुहुनेछ। निस्सन्देह ईश्वर सबै कार्यको सामर्थ्य राख्नुहुन्छ । २१- ईश्वरले जसलाई चाहनुहुनेछ यातना दिनुहुनेछ र जसमाथि चाहनुहुनेछ दया गर्नुहुनेछ। तिमीहरू उहाँतर्फ नै फर्केर जानेछौ। २२- तिमीहरू न त धर्तीमा विवश पार्न सक्छौ न आकाशमा। ईश्वरबाहेक तिमीहरूको न त कोही संरक्षक छ न कोही सहयोगी। २३- जुन मानिसहरूले मेरा निशानीहरू र मसँगको भेटलाई झूठो ठहर गरे तिनीहरू नै मेरो कृपाबाट वञ्चित भए। तिनीहरूका लागि पीडादायी यातना छ।

२४- उनको समुदायको जवाफ मात्र यो थियो, तिनीहरूले भने- यसको हत्या गर वा आगोमा जलाइदेउ। तर ईश्वरले उनलाई आगोबाट सुरक्षित राख्नुभयो। यसमा हरूका लागि निशानीहरू छन्। २५- इब्राहीमले भने- तिमीहरूले ईश्वर बाहेक जुन मूर्तिहरू बनाएका छौ, त्यो तिमीहरूको सांसारिक प्रेम सम्बन्धले हो, अनि महाप्रलयको दिन तिमीहरूमध्ये हरेकले अर्काको इन्कार गर्नेछ र एक अर्कालाई धिक्कार्नेछ। तिमीहरूको बास-स्थान आगो हुनेछ। कोही तिमीहरूको सहयोगी हुने छैन । २६- अनि लूतले माने र भने- म आफनो पालनकर्तातर्फ प्रस्थान गर्छु । निस्सन्देह उहाँ प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ । २७- हामीले इब्राहीमलाई प्रदान गर्यौं इस्हाक र याकूब। हामीले उनको सन्तानमा ईश्दूतत्व र किताबहरू राखि दियौं। हामीले उनलाई संसारमा पुण्य प्रदान गर्यौं र परलोकमा उनी अवश्य नै सत्कर्मीहरूमध्ये हुनेछन्।

२८- लूतलाई स्म्रण गर्नुहोस् जब उनले आफ्नो समुदायलाई भने- तिमीहरू यस्तो घृणित कर्म गर्छौ जस्तो तिमीहरूअघि संसारमा कसैले पनि गरेको थिएन। २९- के तिमीहरू पुरुषसंग सहवास गर्छौ र बाटोमा डकेती गर्छौ र सभामा दुष्कर्म

गर्छौं ? उनको समुदायहरूले जवाफ मात्र के थियो भने, तिनीहरूले भन- यदि तिमी सच्चा छौ भने प्रकोप ल्याएर देखाउ। ३०- लूतले भने- हे मेरा पालनकर्ता ! धर्तीमा आतङ्क मच्चाउने यस समुदायविरुद्ध मेरो मद्दत गर्नुहोस्।

३१- जब इब्राहीमसमक्ष हामीले पठाएका देवदूतहरू शुभसूचना दिनको लागि पुगे तब उनीहरूले उनलाई भने- हामीहरू यस बस्तीका बासीहरूलाई सर्वनाश गर्नको लागि आएका छौं, किनभने तिनीहरू अत्याचारी हुन् । ३२- इब्राहीमले भने- यसमा त लूत पनि छन्। उनीहरूले भने- हामीहरू त्यसमा रहेका सबैलाई राम्ररी जान्दछौं । हामीहरूले उनलाई र उनको परिवारलाई जोगाउनेछौं, तर उनको पत्नी चाहिँ पछि रहनेहरूमध्ये पर्नेछिन् । ३३- जब फरिश्ताहरू लूतकहाँ पुगे तब उनी चिन्तित भए र उनको मन सङ्कुचित भयो। उनीहरूले भने- तपाईं न डराउनु होस् र न चिन्ता लिनुहोस्। हामीहरूले तपाईं र तपाईंका परिवारका सबैलाई जोगाउनेछौं तर तपाईंको पत्नी पछि रहनेहरूमध्ये पर्नेछिन् । ३४- हामीहरू यस गाउँका बासीहरूमाथि आकाशबाट प्रकोप अवतरण गर्नेछौं, तिनीहरूको अश्लीलताको कारणले। ३५- हामीले यस गाउँका केही निशानीहरू छोडेका छौं बुद्धिमान मानिसहरूको पाठको लागि।

३६- हामीले मदयनतर्फ तिनीहरूका भाइ शुएबलाई पठायौं। उनले भने- हे मेरा समुदायहरू हो ! ईश्वरको भक्ति गर। परलोकको दिनको आशा राख। धर्तीमा आतङ्क मच्चाउनेहरूमध्ये न बन। ३७- उनको समुदायहरूले उनलाई झूठो ठहर गरे जसले गर्दा तिनीहरूलाई भूकम्पले समात्यो, फलस्वरूप तिनीहरू आफ्ना घरमा घोप्टो परे।

३८- हामीले आद र समूदलाई पनि सर्वनाश पार्यौं । तिमीहरूसमक्ष तिनीहरूका घरबाट तिनीहरूको अवस्था स्पष्ट भइसकेको छ । तिनीहरू दुष्कर्मलाई शैतानले तिनीहरूका लागि सुन्दर तुल्यायो र तिनीहरूलाई सीधा मार्गबाट रोक्यो र तिनीहरू होशियार मानिसहरू थिए।

३९- हामीलेले कारून, फिऔंन र हामानलाई सर्वनाश यौं । मूसा तिनीहरूसमक्ष स्पष्ट निशानीहरू लिएर पुगेका थिए तर तिनीहरूले धर्तीमा घमण्ड गरे र हामीबाट भाग्न सक्ने थिएनन् । ४०- हामीले प्रत्येकलाई उसको पापमा समात्यौं । अनि केहीमाथि हामीले ढुङ्गा प्रहार गर्ने हुरी-बतास पठायौं, केहीलाई ठूलो स्वरले समात्यो, तिनीहरूमध्ये केहीलाई धर्तीमा धसायौं र तिनीहरूमध्ये केहीलाई हामीले पानीमा डुबायौं । ईश्वरले तिनीहरूमाथि अत्याचार गर्नुभएन बरु तिनीहरू आफैंमाथि अत्याचार गरिराखेका थिए ।

४१- जुन मानिसहरूले ईश्वरबाहेक अन्य कसैलाई कार्य-साधक बनाएका छन् तिनीहरूको उदाहरण माकुरा जस्तो छ जसले एउटा घर बनायो र सबैभन्दा कमजोर घर माकुराको घर हुन्छ । यदि तिनीहरूले जानेका भए । ४२- निस्सन्देह ईश्वर जान्नुहुन्छ ती वस्तुहरूलाई जसलाई तिनीहरू पुकार्छन् । उहाँ प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ । ४३- यी उदाहरणहरू हुन् जसलाई हामी मानिसहरूका लागि बयान गर्दै आएका छौं र यसलाई ज्ञानीहरूले मात्र बुझ्दछन् । ४४- ईश्वरले आकाशहरू र पृथ्वीलाई सत्यका साथ सृष्टि गर्नुभयो, निस्सन्देह यसमा निशानी छ आस्थावाहरूका लागि ।

४५- तपाईं त्यस किताबलाई पढनुहोस् जो तपाईंमाथि अवतरित गरिएको छ । नमाज कायम गर्नुहोस् । निस्सन्देह नमाज दुष्कर्म र अश्लील कार्यबाट रोक्दछ । किनभने यसले हृदयमा प्रकाश उत्पन्न गर्छ, पाप कर्म गर्नबाट रोक्छ र सत्कर्म गर्न प्रेरित गर्छ । ईश्वरको स्मरण धेरै महान कार्य हो । तिमीहरूले गरेको कार्यलाई ईश्वर जान्नुहुन्छ ।

४६- तिमीहरू अहले किताबसँग वादविवाद न गर तर राम्रो तरिकाले । अत्याचारीहरूसँग वादविवाद नगर । भन्नुहोस्- हामीले आस्था ल्यायौं त्यसमाथि जो हामीहरूतर्फ पठाइयो र त्यसमाथि जो तिमीहरूतर्फ पठाइयो । हामीहरू र तिमीहरूको उपास्य एउटा मात्र हुन् । हामीहरू उहाँकै आज्ञापालन गर्छौं ।

४७- यसरी हामीले तपाईंमाथि किताब अवतरण गर्यौं । अनि जुन मानिसहरूलाई हामीले किताब प्रदान गरेका छौं उनीहरू यसमाथि आस्था ल्याउँछन् र उनीहरूमध्ये पनि केही आस्था ल्याउँछन् । हाम्रा निशानीहरूको इन्कार मात्र नकार्नेहरू गर्छन् । ४८- तपाईं यसअघि कुनै किताब पढ्नुहुन्न थियो र न आफ्नो हातले त्यसलाई लेख्नु हुन्थ्यो । यस्तो अवस्थामा असत्यवादीहरू शंकामा पर्छन् । ४९- बरु यी स्पष्ट श्लोकहरू हुन्, ती मानिसहरूको छातीमा जसलाई ज्ञान प्राप्त भएको छ । मात्र अत्याचारीहरू हाम्रा श्लोकहरूको इन्कार गर्छन् ।

५०- तिनीहरू भन्छन्- मुहम्मद माथि उहाँको पालनकर्ताको तर्फबाट चमत्कारहरू किन अवतरण गरिएनन् ?! भन्नुहोस्- चमत्कारहरू त ईश्वरको हातमा छ । म मात्र स्पष्टरूपमा सावधान गर्नेवाला छु । ५१- के तिनीहरूका लागि यो पर्याप्त छैन कि हामीले तपाईंमाथि किताब अवतरण गरेकाछौं, जसको पाठ तिनीहरूसमक्ष गरिन्छ । निस्सन्देह यसमा हरूका लागि कृपा र उपदेश छन् । ५२- भनिदिनुहोस्- मेरो र तिमीहरूबीच गवाहको रूपमा ईश्वर पर्याप्त हुनुहुन्छ । उहाँ आकाशहरू र पृथ्वीमा रहेका वस्तुहरूलाई जान्नुहुन्छ । जुन मानिसहरूले असत्य कुरामा विश्वास गरे ईश्वरको इन्कार तिनीहरू नै घाटा खानेहरू हुन् ।

५३- यिनीहरू प्रकोपको लागि हतार गर्दैछन् । यदि यसको लागि निर्धारित समय न भएको भने पहिला नै प्रकोप आउने थियो । निस्सन्देह यो अकस्मात आउने छ र तिनीहरूलाई थाहा पनि हुने छैन । ५४- तिनीहरू तपाईंसँग प्रकोपको लागि हतार गर्दैछन् । नकार्नेहरूलाई नर्कले घेरामा लिएको छ । ५५- त्यस दिन यातनाले तिनीहरूलाई माथिबाट पनि छोप्नेछ र मुनिबाट पनि बिछयौना बन्नेछ र भन्नेछ- चाख स्वाद तिमीहरूले गरेको कर्मको ।

५६- हे मेरा भक्तहरू हो ! मेरो धर्ती फराकिलो छ, तसर्थ मात्र मेरो भक्ति गर । ५७- प्रत्येक जीवले मृत्युको स्वाद चाख्नै पर्छ । अनि तिमीहरू हाम्रैतर्फ

फर्काइनेछौ । ५८- जुन मानिसहरूले आस्था ल्याए र सत्कर्महरू गरे हामीले उनीहरूलाई स्वर्गका उच्च भवनहरूमा बसोबास गराउनेछौं, जसका तलतिरबाट नहरहरू बगिरहेका हुनेछन् । उनीहरू त्यसमा सधैं बसोबास गर्नेछन् । ५९- कति राम्रो बदला हो सत्कर्मीहरूको जसले धैर्य गरे र जो आफ्ना पालनकर्तामाथि भरोसा राख्छन् । ६०- कतिपय प्राणीहरू यस्ता छन् जो आफ्नो जीविका बोक्दै हिँड्दैनन् । ईश्वरले तिनीहरूलाई पनि जीविका प्रदान गर्नुहुन्छ र तिमीहरूलाई पनि । उहाँ सर्वश्रोता र सर्वज्ञ हुनुहुन्छ ।

६१- यदि तपाईंले सोध्नुहुन्छ- कसले सृष्टि गर्नुभयो आकाशहरू र पृथ्वीलाई र कसले नियन्त्रणमा दिनुभयो सूर्य र चन्द्रमालाई ? तिनीहरूले जवाफ दिनेछन्- ईश्वरले । अनि तिनीहरू कहाँबाट फेरिन्छन् ? ६२- ईश्वरले नै आफ्ना भक्तहरूमध्ये जसलाई चाहनुहुन्छ खुबै जीविका प्रदान गर्नुहुन्छ र जसलाई चाहनुहुन्छ कम दिनुहुन्छ । निस्सन्देह ईश्वर हरेक वस्तुका ज्ञाता हुनुहुन्छ । ६३- यदि तपाईंले सोध्नुहुन्छ- कसले पानी बर्साउनुहुन्छ, र त्यसबाट मृत भूमिलाई जीवित पार्नुभयो ? तिनीहरूले अवश्य जवाफ दिनेछन्- ईश्वरले । भन्नुहोस्- सबै प्रशंसा ईश्वरको लागि हो । तर तिनीहरूमध्ये अधिकांश मानिसहरू बुझ्दैनन् ।

६४- सांसारिक जीवन, मोजमस्ती र खेल तमासा मात्र हो । परलोकको जीवन असल र सधैं रहने जीवन हो । तिनीहरूले जानेका भए । ६५- जब तिनीहरू नाउमा सवार हुन्छन् तब मात्र ईश्वरलाई पुकार्छन्, धर्मलाई उहाँ कै लागि निष्कप्ट पारेर । जब ईश्वरले तिनीहरूलाई जोगाएर थलतिर लिएर जानुहुन्छ तब तिनीहरू तुरुन्तै उहाँसँग साझेदार ठहर गर्न थाल्छन् । ६६- ताकि हाम्रा वरदानहरूप्रति कृतघ्नता गरुन् र केहि दिन फाइदा उठाउन् । तिनीहरूले चाँडै नै जान्नेछन् ।

६७- के तिनीहरू देख्दैनन्- हामीले हरम (काबा) बनायौं । त्यसको वरिपरिका मानिसहरू अकस्मात समातिन्छन् । के तिनीहरू असत्यलाई मान्छन् ईश्वरको वरदानप्रति कृतघ्न हुन्छन् ?! ६८-त्यो व्यक्तिभन्दा ठूलो अत्याचारी

को हुन सक्छ जो ईश्वरप्रति झूठो आरोप लगाउँछ वा सत्यलाई झूठो ठहर गर्छ त्यसको आगमनपश्चात । के नकार्नेहरूको बास-स्थान नर्क होइन र ? ६९- जुन मानिसहरूले हाम्रो लागि संघर्ष गर्नेछन् हामीले तिनीहरूलाई सीधा मार्ग देखाउनेछौं। निस्सन्देह ईश्वर सुकर्मीहरूको साथमा हुनुहुन्छ।

## सूरह अर्रूम- ३०

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- अलिफ. लाम. मीम.। २- रोम नजिकको क्षेत्रमा पराजित भयो। ३- रोमले चाँडै नै ईरानमाथि विजय प्राप्त गर्नेछ। ४- केही वर्षमा। ईश्वर कै हातमा सबै मामिला छन्। पहिला पनि र पछि पनि। त्यस दिन हरू खुशी हुनेछन्।

५- ईश्वरको मद्दतले। ईश्वर जसलाई चाहनुहुन्छ मद्दत गर्नुहुन्छ। उहाँ सामर्थ्यवान र दयावान हुनुहुन्छ। ६- ईश्वरको वाचा हो। ईश्वर आफ्नो वाचा भङ्ग गर्नुहुन्न। तर अधिकांश मानिसहरू जान्दैनन्। ७- तिनीहरू सांसारिक जीवनका वाह्य पक्षलाई मात्र जान्दछन् र परलोकबाट बेखबर छन्।

८- के तिनीहरूले आफूभित्र विचार गरेनन्- ईश्वरले आकाशहरू, पृथ्वी र यी भित्र रहेका सबै वस्तुहरूलाई सत्यका साथ सृष्टि गर्नुभयो, निर्धारित समयको लागि। तर धेरै मानिसहरू छन् जो आफ्नो पालनकर्तासंग भेटको इन्कार गर्छन्। ९- के तिनीहरूले धर्तीमा घुम फिर गरेनन् ताकि अघिल्ला समुदायहरूको परिणाम देखुन्। तिनीहरू यिनीहरूभन्दा बढी शक्तिशाली थिए। तिनीहरूले भूमिलाई जोतेका थिए र यिनीहरूभन्दा बढी आबाद गरेका थिए। तिनीहरूसमक्ष रसूल स्पष्ट प्रमाणहरू लिएर आए। ईश्वरले तिनीहरूमाथि अत्याचार गर्नुभएन बरु तिनीहरू आफैंमाथि अत्याचार गरिराखेका थिए। १०- जुन मानिसहरूले

दुष्कर्म गरे तिनीहरूको परिणाम नराम्रो भयो । किनभने तिनीहरूले ईश्वरका निशानीहरूलाई झूठो ठहर गरे र त्यसको ठट्टा गर्दै थिए।

११- ईश्वर प्राणीलाई पहिलो पटक सृष्टि गर्नुहुन्छ, फेरि दोस्रो पटक उसको सृष्टि गर्नुहुनेछ अनि तिमीहरू उहाँतर्फ नै फर्काइएर लगिनेछौ । १२- जुन दिन महाप्रलय कायम हुनेछ त्यो दिन अपराधीहरू आश्चर्यचकित हुनेछन् । १३- तिनीहरूले पूज्ने गरेको कुनै पनि भगवानले तिनीहरूको सिफारिश गर्ने छैन र तिनीहरूले साझेदार ठहर गर्नेहरूसँग कुनै सरोकार नरहेको दावी गर्नेछन्। १४- जुन दिन महाप्रलय कायम हुनेछ त्यस दिन सबै मानिसहरू विभाजित हुनेछन्। १५- जुन मानिसहरूले आस्था ल्याए र सतकर्म गरे उनीहरू स्वर्गको बगैंचामा रमाउनेछन्। १६- जुन मानिसहरूले इन्कार गरे र हाम्रा निशानीहरू तथा परलोकको आगमनलाई झूठो ठहर गरे तिनीहरू यातनामा परि रहनेछन्। १७- अनि तिमीहरू साँझ परेपछि र बिहान भएपछि पवित्र ईश्वरको महिमागान गर। १८- आकाशहरू तथा धर्तीमा ईश्वरकै प्रशंसा छ। तिमीहरू बिलुका पनि दिउँसो जुहरको समयमा पनि ईश्वरको महिमागान गर।

१९- ईश्वरले मृतबाट जीवितलाई निकाल्नुहुन्छ, जीवितबाट मृतलाई निकाल्नुहुन्छ, भूमिलाई मृत भएपछि जीवित पार्नुहुन्छ। त्यसरी नै तिमीहरू पनि निकालिनेछौ। २०- ईश्वरकै निशानीहरूमध्ये यो पनि हो कि उहाँले तिमीहरूलाई माटोबाट सृष्टि गर्नुभयो, अनि तिमीहरू मानव बनेर फैलिन्छौ । २१- ईश्वरकै निशानीहरूमध्ये यो पनि हो कि उहाँले तिमीहरूकै जतिबाट तिमीहरूको जोडी बनाउनुभयो ताकि तिमीहरू सन्तुष्टता प्राप्त गर। उहाँले तिमीहरूबीच प्रेम तथा दया उत्पन्न गर्नुभयो। चिन्तन मनन् गर्ने मानिसहरूका लागि धेरै निशानीहरू छन्।

२२- ईश्वरकै निशानीहरूमध्ये हुन् आकाशहरू र पृथ्वीको सृष्टि, तिमीहरूका भाषाहरू र रङ्गहरूमा फरक । यी कुराहरूमा ज्ञानी मानिसहरूका लागि धेरै निशानीहरू छन् । २३- ईश्वरकै निशानीहरूमध्ये हुन् रात तथा दिनमा

सुत्नु र जीविका आर्जन गर्नको लागि भाग दौड गर्नु । यी कुराहरूमा सुन्नेहरू मानिसहरूका लागि धेरै निशानीहरू छन् । २४- ईश्वरकै निशानीहरूमध्ये हुन् कि उहाँ बिजुली चम्काउनुहुन्छ, डरका साथ र आशाका साथ । आकाशबाट वर्षा बर्साउनुहुन्छ अनि त्यसबाट मृत भूमिलाई जीवित पार्नुहुन्छ । यी कुराहरूमा विवेकशील मानिसहरूका लागि धेरै निशानीहरू छन् ।

२५- ईश्वरकै निशानीहरूमध्ये हुन् कि उहाँको आदेशले आकाश र धर्ती कायम छन् । जब उहाँले तिमीहरूलाई एकपटक पुकार्नुहुन्छ तब तिमीहरू धर्ती बाट निस्कनेछौ । २६- आकाशहरू र पृथ्वीमा जे जति छन् ती सबै ईश्वरकै हुन् र उहाँकै आज्ञाकारी छन् । २७- ईश्वरले नै हुन् जो पहिलो पटक सृष्टि गर्नुहुन्छ र उहाँले नै दोस्रो पटक पनि सृष्टि गर्नुहुनेछ । यो उहाँको लागि झन सजिला छ । आकाशहरू र पृथ्वीमा उहाँकै लागि उच्च गुणहरू छन् । उहाँ प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ ।

२८- ईश्वर तिमीहरूको एउटा उदाहरण तिमीहरूकै बीचबाट दिनुहुन्छ । के तिमीहरूका नोकरचाकर हामीले प्रदान गरेको तिमीहरूको धन-सम्पत्तिमा बराबरको साझेदार छन् कि तिमीहरू तिनीहरू त्यसमा एक सामान छौ ? के जसरी तिमीहरू आफ्ना मानिसहरूको ध्यान राख्छौ त्यसरी नोकर चाकरको पनि ध्यान राख्छौ ? यसरी हामी बुद्धिमानहरूका लागि श्लोकहरू स्पष्ट रूपमा बयान गर्छौं । २९- बरु आफूमाथि अत्याचार गर्नेहरूले बिना प्रमाण आफ्नो इच्छाको अनुसरणले गर्दैछन् । जसलाई ईश्वर पथभ्रष्ट गर्नुहुन्छ उसलाई कसले सीधामार्ग देखाउन सक्छ ? तिनीहरूको कोही सहयोगी हुने छैन ।

३०- तपाईं एकाग्र भएर इस्लाम धर्मतर्फ नै आफ्नो अनुहार फर्काएर राख्नुहोस्, ईश्वरको प्राकृति, जसमाथि उहाँले मानवको सृष्टि गर्नुभएको छ । त्यसलाई न बदलनुहोस् । यही सीधा धर्म हो । तर अधिकांश मानिसहरू जान्दैनन् । ३१- ईश्वरतर्फ नै फर्क र उहाँसित नै डराऊ । नमाज कायम गर र बहुदेववादीहरूमध्ये

नबन। ३२- जसले आफ्नो धर्मलाई टुक्रा टुक्रा पारे र विभिन्न गुटमा विभाजित भए। प्रत्येक गुट आफूसंग रहेको तरिकामा प्रसन्न छन्।

३३- जब मानिसहरूलाई कुनै कष्ट पुग्छ तब आफ्नो पालनकर्तातर्फ फर्केर उहाँलाई पुकार्छन्। तर जब ईश्वरले तिनीहरूलाई दयाको स्वाद चखाउनुहुन्छ तब तिनीहरूका प्रत्येक गुट आफ्नो पालनकर्तासँग साझेदार बनाउन थाल्छन्। ३४- कि जे जति हामीले प्रदान गरेका छौं त्यसको इन्कार गर्न थालुन्। अनि केही दिन लाभ उठाइहाल, चाँडै नै तिमीहरूलाई थाहा भइ हाल्छ। ३५- के हामीले तिनीहरूमाथि कुनै प्रमाणपत्र अवतरित गरेका छौं, जसले तिनीहरूलाई ईश्वरसँग कसैलाई साझेदार ठहर गर्न भन्दैछ।

३६- जब हामी मानिसहरूलाई वरदानको स्वाद चखाउँछौं तब तिनीहरू खुशी हुन्छन्। तर जब तिनीहरूका कर्महरूले गर्दा कुनै कष्ट पुग्छ तब तिनीहरू एकाएक निराश हुन्छन्। ३७- के तिनीहरू देख्दैनन् कि ईश्वर जसलाई चाहनुहुन्छ बढी जीविका प्रदान गर्नुहुन्छ र जसलाई चाहनुहुन्छ थोरै जीविका प्रदान गर्नुहुन्छ। निस्सन्देह यसमा हरूका लागि निशानीहरू छन्। ३८- अनि नातेदारलाई उसको हक देउ, अभावग्रस्त र यात्रुको पनि। जुन मानिसहरू ईश्वरको प्रसन्नता प्राप्त गर्न चाहनछन् उनीहरूका लागि यो राम्रो हो। उनीहरू नै सफल हुनेछन्। ३९- तिमीहरू जुन ब्याज दिन्छौ कि त्यो मानिसहरूको धनमा मिलेर बढोस् त्यो ईश्वरकहाँ बढदैन। जुन जकात तिमीहरूले ईश्वरको प्रसन्नता प्राप्त गर्नको लागि दिन्छौ, यस्ता मानिसहरू नै आफ्नो धन-सम्पत्ति ईश्वरकहाँ बढाउने वाला छन्।

४०- ईश्वर नै हुनुहुन्छ जसले तिमीहरूको सृष्टि गर्नुभयो, अनि तिमीहरूलाई जीविका प्रदान गर्नुभयो, फेरि तिमीहरूलाई मृत्यु दिनुहुन्छ, फेरि जीवित पार्नुहुनेछ। के तिमीहरूले ठहर गरेका साझेदारहरूमध्ये कोही छ जो यर्यहरू गर्न सकोस् ?! तिनीहरूले गरेको साझदार बनाउने कार्यबाट ईश्वर उच्च तथा पवित्र हुनुहुन्छ। ४१- मानिसहरूका आफ्नै हातका कमाइले गर्दा थल र जलमा आतङ्क

मच्चिएको छ । ताकि ईश्वरले तिनीहरूलाई तिनीहरूका केही कर्महरूको स्वाद चखाउन् । शायद तिनीहरू रोकिउन् । ४२- भनिदिनुहोस्- धर्तीमा घुमफिर गर अनि हेर कस्तो परिणाम भयो तिमीहरू अघिका मानिसहरूको ? तिनीहरूमध्ये अधिकांश मूर्ती पूजक थिए ।

४३- आफ्नो अनुहार सीधा धर्मतर्फ फकर्काउनुस्, नटरिने महाप्रलय आउनुअघि । त्यस दिन मानिसहरू छुट्टा छुट्टै हुनेछन् । ४४- जसले इन्कार गर्यो उसको इन्कार उसैमाथि पर्छ र जसले सत्कर्म गर्यो उसले आफ्नै लागि सामान तयार गर्यो । ४५- ताकि ईश्वरले आस्था ल्याउने र सत्कर्म गर्नेहरूलाई आफ्नो कृपाबाट बदला देउन् । निस्स्न्देह ईश्वर नकार्नेहरूलाई मन पराउनुहुन्न ।

४६- ईश्वरका निशानीहरूमध्ये यो पनि हो कि उहाँ नै शुभसूचना दिनको लागि हावा चलाउनुहुन्छ । ताकि उहाँले तिमीहरूलाई आफ्नो कृपा प्रदान गरुन् । ताकि उहाँको आज्ञाले डुङ्गाहरू गुडुन्, ताकि तिमीहरू जीविका खोज । ताकि तिमीहरू ईश्वरप्रति आभार व्यक्त गर । ४७- हामीले तपाईं अघि रसूलहरूलाई उनीहरूका समुदायहरूतर्फ पठायौं । उनीहरू तिनीहरूसमक्ष स्पष्ट निशानीहरू लिएर गए । अनि हामीले अपराधीहरूबाट बदला लियौं । हरूको मद्दत गर्नु हाम्रो हक थियो ।

४८- ईश्वरले नै हावालाई पठाउनुहुन्छ अनि त्यसले बादललाई हाँकेर ल्याउँछ । अनि ईश्वरले त्यसलाई आकाशमा फैलाउनुहुन्छ जसरी चाहनुहुन्छ । उहाँले त्यसलाई तह तह पार्नुहुन्छ । तिमी त्यसको भित्रबाट पानी झरिरहेका देख्छौ । अनि जब उहाँले त्यसलाई भक्तहरूमाथि बर्साउनुहुन्छ तब उनीहरू तत्कालै खुशी हुन्छन् । ४९- जब कि त्यस वर्षाको खुशीअघि उनीहरू निराश थिए । ५०- अनि ईश्वरको दयाका प्रभावहरूलाई हेर्नुहोस् त्यसले कसरी मृत भएको भूमिलाई जीवित पार्नुहुन्छ । निस्सन्देह ईश्वर नै मृतहरूलाई पुनः जीवित पार्नुहुनेछ । उहाँ हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ । ५१- यदि हामीले

एक किसिमको हावा पठाएपछि तिनीहरूले खेतीलाई पहेलो देखेर इन्कार गर्न थाल्छन् । ५२- अनि तपाईंले मुर्दा सक्नुहुन्न र न बहिरालाई सुनाउन सक्नुहुन्छ जब ऊ विमुख भएर जान थाल्छ । ५३- न तपाईंले अन्धो मानिसलाई त्यसको पथभ्रष्टताबाट निकालेर मार्गमा ल्याउन सक्नु हुन्छ । तपाईंले मात्र त्यसता मानिसहरूलाई सुनउन सक्नुहुन्छ जो हाम्रा निशानीहरूमाथि आस्था राख्छन् । उनीहरू मात्र आदेशको पालना गर्छन् ।

५४- ईश्वर नै हुनुहुन्छ जसले तिमीहरूलाई कमजोर अवस्थामा सृष्टि गर्नुभयो, अनि कमजोर अवस्थापछि बलियो बनाउनुभयो, अनि बलियो अवस्थापछि कमजोर र बुढेसकालमा पुर्याउनुभयो । उहाँ जे चाहनुहुन्छ सृष्टि गर्नुहुन्छ । उहाँ सर्वज्ञ र शक्तिशाली हुनुहुन्छ । ५५- जुन दिन महाप्रलय कायम हुनेछ त्यस दिन अपराधीहरू कसम खाएर भन्नेछन्- हामीहरू एक घण्टाभन्दा बढी बसेनौं । यसरी तिनीहरू फेरिन्थे । ५६- ज्ञान तथा आस्था पाएका मानिसहरूले भन्नेछन्- ईश्वरको किताब अनुसार त तिमीहरू भला गरिने दिनसम्म बस्यौ । यो भेला गरिने दिन हो तर तिमीहरू जान्दैन थियौ । ५७- अनि त्यस दिन अत्याचारीहरूलाई तिनीहरूको बहाना कुनै फाइदा दिने छैन न तिनीहरूलाई माफि माग्न भनिनेछ ।

५८- हामीले मानिसहरूका लागि यस कुर्आनमा हरेक प्रकारका उदाहरणहरू वर्णन गरेकाछौं । यदि तपाईंले तिनीहरूसमक्ष कुनै निशानी लिएर आउनुहुन्छ भने नकार्नेहरूले यही भन्नेछन्- तिमीहरू असत्यमा छौ । ५९- यसरी ईश्वर सिल मोहर लगाउनुहुन्छ ती मानिसहरूका हृदयमाथि जो जान्दैनन् । ६०- अनि तपाईं धैर्य गर्नुहोस् । ईश्वरको वचन सत्य छ । तपाईंलाई विश्वास न रारखनेहरूले अधैर्य न बनाउन् ।

# सूरह लुक्मान- ३१

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१-अलिफ. लाम. मीम.। २- यी तत्वदर्शिताले भरिपूर्ण किताका श्लोकहरू हुन्। ३- मार्गदर्शन र दया सुकर्मीहरूका लागि। ४- जो नमाज कायम गर्छन्, जकात दिन्छन् र परलोकमा आस्था राख्छन्। ५- यिनीहरू आफ्ना पालनकर्ताका सीधा मार्गमा छन् र यिनीहरू नै सफल हुनेछन्।

६- मानिसहरूमध्ये केही यस्तो छ, जो यस्ता कुराहरूको खरिदार बन्छ जो मनलाई भटकाउँछन्, ताकि बिना कुनै ज्ञान ईश्वरको मार्गबाट रोकोस् र यसको ठट्टा गरोस्। यस्तो व्यक्तिको लागि अपमान जनक यातना छ। ७- जब उसलाई हाम्रा श्लोकहरूको पाठ गरेर सुनाइन्छ तब यसरी पिठ्यूँ फर्काएर भाग्छ मानौं उसले केही सुने कै छैन। मानौं उसको कानमा बहिरोपन छ। उसलाई पीडादायी यातनाको शुभसूचना दिनुहोस्। ८- निस्सन्देह आस्था राख्ने र सत्कर्म गर्नेहरूका लागि वरदानले भरिपूर्ण बगैंचा छ। ९- उनीहरू त्यसमा सधैं रहनेछन्, यो ईश्वरको पक्का वचन हो। ईश्वर प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ।

१०- ईश्वरले बिना स्तम्भ आकाशहरू बनाउनुभयो जो तमीहरू देखि राखेका छौ। उहाँले पृथ्वीमा पहाड गाड्नुभयो ताकि नढल्कोस् र त्यसमा विभिन्न प्रकारका जनावरहरू फैलाउनुभयो। हामीले आकाशबाट वर्षा बर्सायौं, र त्यसबाट भुइँमा हरेक थरिका सुन्दर वस्तुहरू उमार्यौं। ११- यी सबैलाई ईश्वरले नै सृष्टि गर्नुभयो। ईश्वरबाहेक जसको पूजा पाठ तिमीहरू गर्छौ, तिनीहरूले के सृष्टि गरेका छन् देखाऊ ?! बरु अत्याचारीहरू स्पष्ट पथभ्रष्टतामा छन्।

१२- हामीले लुक्मानलाई तत्वदर्शिता प्रदान गर्यौं कि ईश्वरप्रति आभार व्यक्त गर। जसले आभार व्यक्त गर्छ आफ्नै लागि गर्छ र जसले कृतघ्नता व्यक्त गर्छ, ईश्वर आत्म-निर्भर र गुणवान हुनुहुन्छ। १३- जब लुक्मानले आफ्नो पुत्रलाई

उपदेश दिँदै भने- हे मेरा पुत्र ! ईश्वरको साथमा अन्य कसैलाई साझेदार न बनाउ। निस्स्न्देह साझेदार बनाउनु अत्याचार हो।

१४- हामीले मानवलाई माता-पिताको मामिलामा उपदेश दियौं । उसकी माताले दुःख माथि दुःख उठाएर गर्भमा राखिन् र २ वर्ष स्तनपान गराइन् कि तिमीहरू मप्रति आभार व्यक्त गर र माता-पिताप्रति आभार व्यक्त गर। मैरैतर्फ तिमीहरूले फर्केर आउनुछ । १५- यदि तिमीहरूका माता-पिता ईश्वरसँग अरू कसैलाई साझेदार बनाउन दबाव दिन्छन् जसको तिमीहरूलाई ज्ञान छैन भने यस कुरामा उनीहरूको आज्ञापालन नगर। संसारमा उनीहरूसँग राम्रो र व्यवहार गर। मेरोतर्फ फर्कने व्यक्तिको अनुसरण गर। तिमीहरू सबैले मैरैतर्फ फर्केर आउनुपर्छ, अनि मैले तिमीहरूलाई ती कार्यहरूबारे अवगत गराउनुहुनेछ जो तिमीहरू संसारमा गर्दै थियौ।

१६- हे मेरा पुत्र ! रायोको दाना बराबर पनि कुनै कर्म चाहे त्यो चट्टानमुनि होस् वा आकाश वा पृथ्वीमा ईश्वरले त्यसलाई हाजिर गराउनु हुनेछ। निस्सन्देह ईश्वर सुक्ष्मदर्शी खबरदार हुनुहुन्छ। १७- हे मेरा पुत्र ! नमाज कायम गर, सत्य कर्म गर्ने आदेश देउ, दुष्कर्म गर्नबाट मनाहि गर । कुनै पनि कष्ट पुगेमा धैर्य गर। यो आँटिलो कार्य हो। १८- मानिसहरूबाट विमुख नहोउ, धर्तीमा मपाईं गर्दै नहिँड। ईश्वर मपाईं गर्दै हिँड्ने र घमण्ड गर्नेलाई मन पराउनुहुन्न। १९- मध्यम गतिमा हिँड र मध्यम स्वरमा कुरा गर। सबै भन्दा घृणित स्वर धाको स्वर हो।

२०- के तिमीहरूले देखेनौ, ईश्वरले तिमीहरूको सेवामा खटाउनुभएको छ जे जति आकाशहरूमा छ र जे जति पृथ्वीमा छ। उहाँले तिमीहरूलाई आँखाले देखिने वरदानहरू र नदेखिने वरदानहरू पूरा पूरा दिनुभएको छ। केही मानिसहरू बिना ज्ञान, बिना मार्गदर्शन र बिना स्पष्ट किताब एकेश्वरवादमा वाद विवाद गर्दछन् । २१- जब तिनीहरूलाई भनिन्छ, ईश्वरले अवतरण गर्नुभएको वहीको अनुसरण गर तब तिनीहरू भन्छन्- हामीले त्यसको अनुसरण गर्छौं जो हामीले

आफ्ना पूर्वजबाट पाएका छौं । के तिनीहरूले आफ्ना पूर्वजहरूकै अनुसरण गर्नेछन् जबकि शैतानले तिनीहरूलाई आगोतर्फ बोलाउँदैछन् ?!

२२- जो व्यक्तिले ईश्वरतर्फ आफ्नो अनुहार फेरयो, सुकर्म पनि गर्यो उसले बलियो डोरी समात्यो । सबै मामिलाहरू ईश्वरतर्फ नै फर्केर जानेछन् । २३- जसले इन्कार गर्यो उसको इन्कारले तपाईंलाई चिन्तित नपारोस् । तिनीहरू हाम्रैतर्फ फर्केर आउनेछन् अनि हामीले तिनीहरूले गरेका कर्मबाट तिनीहरूलाई अवगत गराउनेछौं । उहाँ मनमा लुकेका कुराहरू पनि जान्नुहुन्छ । २४- हामीले तिनीहरूलाई केही दिनको लागि लाभ दिनेछौं अनि अति कडा यातनातर्फ तान्नेछौं ।

२५- यदि तपाईंले तिनीहरूलाई सोध्नुहुनेछ- कसले आकाशहरू र पृथ्वीको सृष्टि गर्नुभयो ? तिनीहरूले अवश्य नै भन्नेछन्- ईश्वरले । भनिदिनुहोस्- सबै प्रशंसा ईश्वरको लागि छन्, तर तिनीहरूमध्ये अधिकांश मानिसहरू जान्दैनन् । २६- आकाशहरू र पृथ्वीमा रहेका सबै वस्तुहरू मात्र ईश्वरकै हुन् । निस्सन्देह ईश्वर निस्पृह र प्रशंसनीय हुनुहुन्छ । २७- यदि धर्तीमा रहेका सबै रूखहरूलाई कलम बनेमा र समुद्र र थप सात समुद्र मसी बनेमा ईश्वरको प्रशंसा लेखिए पनि उहाँको प्रशंसा पूरा हुने छैन । निस्सन्देह ईश्वर प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ ।

२८- तिमीहरू सबैको सृष्टि गर्नु र जीवित पार्नु ईश्वरको लागि एक जनाको सृष्टि गर्नु र जीवित पारेर उठाइनु जस्तै छ । निस्सन्देह ईश्वर सर्वश्रोता र सर्वद्रष्टा हुनुहुन्छ । २९- के तिमीहरूले देखेनौ ईश्वर रातलाई दिनमा प्रवेश गराउनुहुन्छ र दिनलाई रातमा प्रवेश गराउनुहुन्छ । उहाँले सूर्य र चन्द्रमालाई काममा खटाउनुभएको छ । प्रत्येक निर्धारित समयसम्म हिँड्छन् । ईश्वर तिमीहरूको कर्मसित अवगत हुनुहुन्छ । ३०- यो यस कारणले कि ईश्वर नै सत्य हुनुहुन्छ । तिनीहरू उहाँबाहेक जसको पनि पूजा गर्छन् ती सबै असत्य र निराधार हुन् । निस्सन्देह ईश्वर उच्च र महान हुनुहुन्छ ।

३१- के तिमीहरूले देखेनौ, डुङ्गा समुद्रमा ईश्वरको कृपाले गुड्छ, ताकि उहाँले आफ्ना निशानीहरू देखाउन् । निस्सन्देह यसमा निशानीहरू छन् धैर्य गर्ने र आभार प्रकट गर्नेहरूका लागि । ३२- जब मृत्यु तिनीहरूमाथि आइ लाग्छ तब ईश्वरकै लागि धर्मलाई निष्कप्ट पारेर उहाँलाई पुकार्छन् । तर जब उहाँले जोगाएर सकुशल थलमा पुर्याउनुहुन्छ तब तिनीहरूमध्ये केही मध्य मार्गमा रहन्छन् । हाम्रा निशानीहरूको इन्कार धोकेबाज र कृतघ्न मात्र गर्छन् ।

३३- हे मानव ! आफ्ना पालनकर्तासंग डराउ र त्यस दिनबाट डराउ जुन दिन न पिताले पुत्रको तर्फबाट र न पुत्रले पिताको तर्फबाट कुनै बदला दिन सक्छ । निस्सन्देह ईश्वरको वचन सत्य हो । सांसारिक जीवनले तिमीहरूलाई धोकामा न पारोस् न कुनै धोकेबाजले ईश्वरको बारेमा तिमीहरूलाई धोकामा पारोस् । ३४- निस्सन्देह ईश्वरलाई मात्र महाप्रलयको ज्ञान छ, उहाँ नै वर्षा बर्साउनुहुन्छ, उहाँ जान्नु हुन्छ जे पनि आमाको गर्भमा छ, कुनै व्यक्तिलाई थाहा छैन कि उसले भोली के कमाइ गर्छ, कसैलाई थाहा छैन कि उसको मृत्यु कुन स्थानमा हुन्छ । निस्सन्देह ईश्वर सर्वज्ञ र खबरदार हुनुहुन्छ ।

## सूरह अस्सज्दह- ३२

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- अलिफ. लाम. मीम. । २- यो किताब सम्पूर्ण जगतका पालनकर्ताको तर्फबाट अवतरण भएको छ । यस कुरामा कुनै सन्देह छैन । ३- के यिनीहरू भन्छन्- यसलाई यस व्यक्तिले रचेको छ ? बरु यो सत्य हो तिम्रो पालनकर्ताको तर्फबाट, ताकि तपाईंले डराउनुहोस् ती मानिसहरूलाई हो जो समक्ष कुनै सावधानकर्ता आएनन्, ताकि तिनीहरू सत्य मार्गमा आउन् ।

४- ईश्वर नै हुन् जसले आकाशहरू, पृथ्वी र यी दुवैबीचका वस्तुहरूलाई ६

दिनमा सृष्टि गर्नुभयो। त्यसपछि उहाँ सिंहासनमा विराजमान हुनुभयो। उहाँबाहेक तिमीहरूको न कोही सहयोगी छ न कोही सिफारिशकर्ता। अनि के तिमीहरू चिन्तन मनन् गर्दैनौ। ५- उहाँ आकाशदेखि पृथ्वीसम्म सबै मामिलाको सञ्चालन गर्नु हुन्छ। फेरि ती मामिलाहरू फर्कन्छन् ईश्वरकहाँ यस्तो दिनमा जसको अवधी तिमीहरूको गन्ती अनुसार १००० वर्ष छ। ६- उहाँ नै हुनुहुन्छ उपस्थित र अनुपस्थितका ज्ञाता। उहाँ प्रभुत्वशाली र दयावान हुनुहुन्छ। ७- उहाँले जे जति सृष्टि गर्नुभयो अति राम्रो गर्नुभयो। उहाँले मानवको सृष्टिको शुरुवात माटोबाट गर्नुभयो। ८- त्यसपछि उनको नसल तुच्छ पानीको सारांशबाट जारी गर्नुभयो। ९- फेरि मानवका अंगहरू ठीक पार्नुभयो र त्यसमा आफ्नो आत्मा हाल्नुभयो। ईश्वरले तिमीहरूका लागि कान, आँखा र दिल बनाउनुभयो। तिमीहरू कमै आभार व्यक्त गर्छौ।

१०- तिनीहरूले भने- के जब हामीहरू मरेर माटोमा मिसिन्छौं तब हामीहरूलाई पुनः नयाँ तरिकाले सृष्टि गरिनेछ ? ! बरु तिनीहरू आफ्ना पालनकर्तासंग भेटको इन्कार गर्छन्। ११- भनिदिनुहोस्- यमदूतले तिमीहरूको आत्मा लुछ्छ जो तिमीहरूमाथि तैनाथ गरिएको छ। फेरि तिमीहरू आफ्ना पालनकर्तातर्फ फर्काइनेछौ। १२- तपाईंले देख्नुभएको भए जब यी अपराधीहरू आफ्ना पालनकर्तासमक्ष टाउको निहुराएका हुनेछन्। तिनीहरूले भन्नेछन्- हे हाम्रा पालनकर्ता ! हामीले देख्यौं र सुन्यौं, हामीलाई पुनः फर्काउनुहोस् कि हामी सत्कर्म गरौं। अब हामी विश्वास गर्नेहरूमध्ये बन्यौं। १३- हामीले चाहेमा प्रत्येक व्यक्तिलाई मार्गदर्शन गर्ने थियौं। तर मेरो यो कुरा प्रमाणित भयो कि मैले अवश्य नै महाप्रलयको दिन नर्कलाई नकार्ने मानव र जिन्नहरूबाट भर्नेछु। १४- अब स्वाद चाख यस कुराको कि तिमीहरूले यस दिनको भेँटलाई बिर्साएका थियौ, अनि हामीले पनि तिमीहरूलाई बिर्साइ दियौं। आफूले गरेको कार्यले गर्दा सधैं रहने यातनालाई चाख।

१५- हाम्रा श्लोकहरूमाथि ती मानिसहरू ईमान ल्याउँछन् जो उपदेश सुनेपछि ईश्वरको प्रशंसा र महिमागान गर्दै सज्दामा खस्छन् र उनीहरू घमण्ड गर्दैनन् । १६- उनीहरूका कोल्टा उनीहरूका बिछयौनाबाट अलग रहन्छन् । उनीहरू डराउँदै र आशा राख्दै आफ्ना पालनकर्तासित दुआ गर्छन् । हामीले प्रदान गरेका धन-सम्पत्तिबाट खर्च गर्छन् । १७- उनीहरूको कर्मको बदलामा आँखा चिसो पार्ने के कस्तो लुकाइएर राखिएको छ भन्ने कुरा उनीहरूमध्ये कसैलाई थाहा छैन ।

१८- के आस्था राख्ने एक जना व्यक्ति यस्तो व्यक्ति जस्तो हुन सक्छ जो इन्कार गर्छ ? यी दुवै एकसमान हुन सक्दैनन् । १९- आस्था राख्ने र सत्कर्म गर्नेहरूका लागि स्वर्गका भवनहरू छन् । यो सत्कार उनीहरूले गरेका कार्यहरूले गर्दा हुनेछ । २०- अवज्ञाकारीहरूका लागि नर्कको आगो छ । जब जब त्यसबाट निस्कने प्रयास गर्नेछन् तब तब त्यसैमा धकेलिनेछन् । तिनीहरूलाई भनिनेछ- आगोको यातना चाख जसलाई तिमीहरू झूठो ठहर गर्दथ्यो । २१- हामीले तिनीहरूलाई अवश्य नै ठूलो यातनाअघि साना साना यातनाहरू चखाउनेछौं, शायद तिनीहरू रोकिन्छन् । २२- यस्तो व्यक्तिभन्दा ठूला अत्याचारी को हुन सक्छ जसलाई उसका पालनकर्ताका श्लोकहरू सुनाएर उपदेश दिंदा उसले त्यसबाट विमुख होस् । हामीले यस्ता अपराधीहरूसित अवश्य नै बदला लिनेछौं ।

२३- हामीले मूसालाई किताब प्रदान गर्यौं । मूसासँग तपाईंको भेँटमा शङ्का नगर्नुहोस् । हामीले यसलाई बनी इस्राईलको लागि मार्गदर्शन बनायौं । २४- हामीले उनीहरूमध्ये केहीलाई अगुवा बनायौं, जो हाम्रो आदेशले मानिसहरूको मार्गदर्शन गर्ने गर्थे । उनीहरूले धैर्य गरे । उनीहरू श्लोकहरूमाथि विश्वास राख्दथे । २५- निस्सन्देह तपाईंका पालनकर्ताले अवश्य ती मामिलाहरूको निर्णय गर्नुहुनेछ जसमा तिनीहरू विभेद गर्ने गर्थे । २६- के तिनीहरूका लागि यो कुरा मार्गदर्शनको कारण बनेन कि हामीले विगतमा कतिपै समुदायहरूलाई

सर्वनाश पार्यौं ?! तिनीहरू ती सर्वनाश पारिएका घरहरू नजिकबाट हिँड डोल गर्ने गर्छन् । यसमा निशानीहरू छन् । के यिनीहरू सुन्दैनन् ?!

२७- के तिनीहरूले हेरेनन्- हामी पानीलाई सुकेको भूमितर्फ लिएर जान्छौं, अनि त्यसबाट खेती उमाछौं, जसबाट तिनीहरूका चौपाया र तिनीहरू स्वयम् पनि खाने गर्छन् ?! के तिनीहरूले देखेनन् ?! २८- तिनीहरू भन्छन्- यो निर्णय कहिले हुनेछ यदि तिमीहरू सच्चा हौ ?! २९- भनिदिनुहोस्- निर्णयको दिन ईश्वरको इन्कार गर्नेहरूलाई तिनीहरूका ईमानले कुनै फाइदा दिने छैन न तिनीहरूलाई कुनै अवसर दिइनेछ । ३०- अनि तिनीहरूलाई बेवास्ता गर्नुहोस् र पर्खनुहोस् । यिनीहरू पनि पर्खि राखेका छन् ।

# सूरह अल्-अहजाब- ३३

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- हे नबी ! ईश्वरको शभ गर्नुहोस् र नकार्ने व्यक्ति र ढोंगीहरूको अनुसरण नगर्नुहोस् । निस्सन्देह उहाँ सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ । २- अनुसरण गर्नुहोस् ती कुराहरूको जो तपाईंमाथि तपाईंका पालनकर्ताको तर्फबाट अवतरण गरिदैछ । निस्सन्देह तिमीहरूले गरिराखेका कार्यहरूसित ईश्वर पूर्णरूपमा अवगत हुनुहुन्छ । ३- ईश्वरमाथि भरोसा गर्नुहोस् । उहाँ कार्य-साधकको रूपमा पर्याप्त हुनुहुन्छ ।

४- ईश्वरले कुनै पनि व्यरक्तिको छातीमा दुईवटा हृदयहरू बनाउनु भएन । उहाँले तिमीहरूका ती श्रीमतीहरूलाई आमा बनाउनु भएको छैन जोसंग तिमीहरू जिहार गर्छौ । उहाँले तिमीहरूका दत्तक पुत्रहरूलाई तिमीहरूका साख्वै पुत्र बनाउनु भएको छैन । यी सबै तिमीहरूका मुखको कुरा मात्र हो । ईश्वर सत्य कुरा भन्नुहुन्छ र सत्य मार्ग बताउनुहुन्छ । ५- दत्तक पुत्रहरूलाई उनीहरूका वास्तविक बुवाहरूतर्फ जोडेर बोलाउ । यो ईश्वर नजिक निसाफको कुरा हो । यदि उनीहरूका

बुवाहरूको बारेमा थाहा छैन भने उनीहरू तिमीहरूका धर्मिक बन्धु र साथी हुन् । यदि तिमीहरूबाट कुनै भूल चूक भयो भने त्यसको पाप लाग्ने छैन । तर इरादा गरेर कुनै कार्य गर्छौ भने त्यसको पाप लाग्छ । ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ ।

६- नबीको हक हरूमाथि उनीहरूका प्रणभन्दा पनि बढी छ । नबीकी श्रीमतीहरू हरूकी आमा हुन् । नातेदारहरू ईश्वरको किताबमा र शर्णार्थीहरूको तुलना एक अर्कासंग बढी सम्बन्ध राख्छन् । यदि आफ्ना मित्रहरूसंग कुनै परोपकार गर्न चाहन्छौ भने त्यो गर्न सक्छौ । यो आदेश सुरक्षित पेटिकामा लेखिएको छ ।

७- जब हामीले आफ्ना सन्देष्टाहरूसित वचन लियौं, साथै तपाईसित नूह, इब्रहीम, मूसा तथा मर्यम पुत्र ईसासित । हामीले यिनीहरूसित पक्का वचन लियौं । ८- ताकि ईश्वरले सच्चा मानिसहरूसंग उनीहरूको सच्चाइको बारेमा प्रश्न गरुन् र नकार्नेहरूका लागि उहाँले पीडादायी यातना तयार पार्नु भएको छ ।

९- हे आस्थावानहरू हो ! ईश्वरले तिमीहरूमाथि गर्नुभएको वरदानलाई याद गर्नुहोस्, जब सैनिकहरूले तिमीहरूमाथि आक्रमण गरे तब हामीले हुरी बतास पठायौं र यस्तो सैनिक जसलाई तिमीहरू देख्दैन थियौ । तिमीहरूले गरिरखेका कार्यहरूलाई ईश्वर देखिराख्नुहुन्छ । १०- जब तिनीहरूले तिमीहरूमाथि चढाइ गरे, तिमीहरूको तल तिरबाट र तिमीहरूको माथि तिरबाट । तब तिमीहरूको आँखा खुल्यो र मुटु घाँटीसम्म पुग्यो । तिमीहरू ईश्वरप्रति विभिन्न प्रकारका अनुमान गर्न थालेका थियौ । ११- त्यतिखेर हरूको खुबै परीक्षा भयो र तिनीहरू खुबै हल्लाइए ।

१२- जब कपटी र पापी मन भएकाहरूले भन्न थाले- ईश्वर र उहाँका रसूलले गरेका वाचा धोका थियो । १३- तिनीहरूमध्ये एउटा जत्थाले भन्यो- हे यस्रिब बासीहरू हो ! यहाँ बस्नको लागि तिमीहरूको लागि कुनै स्थान छैन, अनि फर्केर जाउ । तिनीहरूमध्ये एउटा समूह आफ्ना घर फर्कनको लागि नबीसित अनुमति

माग्न थाल्यो । तिनीहरूले भने- हाम्रो घर असुरक्षित, वास्तवमा असुरक्षित थिएन । तिनीहरू भाग्न मात्र खोज्दै थिए । १४- यदि मदीनाबाट कोही प्रवेश गरेर उत्पीडनको आह्वान गरेमा तिनीहरूले मान्ने थिए र त्यसमा ढीलो गर्ने थिएन । १५- तिनीहरूले यसअघि वाचा गरेका थिए कि तिनीहरूले पिठ्यूं फर्काए भाग्ने छैनन् । ईश्वरसँग गरेको वाचाबारे सोधपूछ हुनेछ । १६- भनिदिनुहोस्- मृत्यु वा हत्या गरिने डरले युद्धको मैदानबाट भाग्ने कार्यले तिमीहरूलाई कुनै फाइदा हुने छैन । तिमीहरू केही दिन मात्र लाभ उठाउने मौका मिल्छ । १७- भनिदिनुहोस्- यदि ईश्वरले तिमीहरूलाई हानि पुर्याउन चाहेमा वा वा कृपा गर्न चाहेमा कसले जोगाउन सक्छ ? तिनीहरूले ईश्वरको मुकाबिलामा कुनै मित्र र सहयोगी पाउने छैन ।

१८- ईश्वर तिमीहरूमध्ये ती मानिसहरूलाई जान्नु हुन्छ जो तिमीहरूलाई रोक्छन् र जो आफ्ना बन्धुहरूलाई भन्छन्- हामीतर्फ आउ र युद्धमा कमै भाग लिन्छन् । १९- तिनीहरू तपाईसंग कञ्जूस्याईं गर्छन् । जब डरको अवस्था आउँछ तब डरले गर्दा तिनीहरूको आँखा त्यस व्यक्तिको आँखा जस्तो घुम्न थाल्छ जसमाथि मृत्युको बेहोशी छाएको हुन्छ । डरको अवस्था समाप्त भएपछि र निश्चिन्त भएपछि तिनीहरू धनको लालचमा तेज जिब्रोले कष्ट दिन थाल्छन् । तिनीहरूले आस्था ल्माएनन् जसले गर्दा ईश्वरले तिनीहरूका कर्महरू रद्द गर्नुभयो । यो ईश्वरको लागि सजिलो कार्य हो । २०- तिनीहरू के ठानेकाछन् भने सैनिकहरू अहिले फर्केका छैनन् । यदि सैनिकहरू फर्केर आएमा यिनीहरू यही चाहना गर्नेछन् कि हामीहरू पनि गाउँलेहरूसँग गाउँमा बसेको भए र तिमीहरूको हाल खबर सोधि राखेको भए बेस हुन्थ्यो । यदि तिनीहरू तिमीहरूसँग भएका भए युद्धमा कमै भाग लिने थिए । २१- रसूलमा तिमीहरूका लागि उत्कृष्ट नमुना थियो, यस्तो व्यक्तिको लागि जो ईश्वर तथा परलोकको दिनको आशा राख्छ र ईश्वरलाई खुबै स्मरण गर्छ । २२- जब हरूले सैनिकहरूलाई देखे तब तिनीहरूले

भने- यही हो जसको वाचा ईश्वर र उहाँका रसूलले हामीसंग गरेका थिए। ईश्वर र उहाँका रसूल सत्य भनेका थिए। यसले उनीहरूको ईमान र आज्ञापालनमा झन बृद्धि गर्यो। २३-हरूमध्ये केही यस्ता मानिसहरू छन् जसले ईश्वरसंग गरेको वाचालाई पूरा गरे। उनीहरूमध्ये कसैले आफ्नो जिम्मा पूरा गरे र कोही आफ्नो पालो कुरिरहेका छन्। तिनीहरूले कुनै फेर बदल गरेनन्। २४- ताकि ईश्वरले सत्यवादीहरूलाई उनीहरूको बदला देउन् र कपटीहरूलाई उहाँले चाहेमा यातना देउन्, वा तिनीहरूले तौबा गरेमा माफ गरिदेउन्। निस्सन्दे ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ।

२५- ईश्वरले नकार्नेहरूलाई तिनीहरूको रिससमेत फेर्नु भयो कि तिनीहरूको कुनै पनि चाहना पूरा भएन। उनीहरूको तर्फबाट युद्ध गर्नको लागि ईश्वर पर्याप्त हुनु भयो। ईश्वर सर्वशक्तिमान र प्रभुत्वशाली हुनुहुन्छ। २६- ईश्वरले ती अहले किताबलाई तिनीहरूका किल्लाबाट बाहिर निकाल्नु भयो जसले आक्रमणकारीहरूको सहयोग गरेका थिए। उहाँले तिनीहरूको मनमा डर हाल्नुभयो। तिमीहरू तिनीहरूको एउटा जत्थाविरुद्ध युद्ध गर्दै छौ भने अर्को जत्थालाई बन्दी बनाउँदै छौ। २७- ईश्वरले तिमीहरूलाई तिनीहरूका भूमि, तिनीहरूका घरहरू र तिनीहरूका धन-सम्पत्तिहरूका वारिस बनाउनुभयो र यस्तो भूमिको पनि जसमा तिमीहरूले खुट्टा राखेका छैनौ। ईश्वर हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ।

२८- हे नबी ! तपाईं आफ्नी श्रीमतीहरूलाई भनिदिनुहोस्- यदि तिमीहरू सांसारिक जीवन र धन-सम्पत्ति चाहन्छौ भने आउ तिमीहरूलाई केही धन-सम्पत्ति दिएर विदा गर्छु। २९- यदि तिमीहरू ईश्वर तथा उहाँका रसूल र परलोकको घर चाहन्छौ भने ईश्वरले तिमीहरूमध्ये सत्कर्मीहरूका लागि महान प्रतिदान तयार पार्नुभएको छ। ३०- हे नबीकी श्रीमतीहरू हो ! तिमीहरूमध्ये

जसले खुल्लारूपमा अश्लील कार्य गर्छ उसलाई दुई गुणा यातना दिइनेछ । यो ईश्वरको लागि सजिलो छ ।

३१- तिमीहरूमध्ये जो ईश्वर र उहाँका रसूलको आज्ञापालन गर्नेछिन् र सत्कर्म गर्नेछिन्, उनीहरूलाई हामीले दुई गुणा पुण्य प्रदान गर्नेछौं । हामीले उनीहरूका लागि सम्मानित प्रतिदान तयार पारेकाछौं । ३२- नबीकी श्रीमतीहरू हो ! तिमीहरू आम महिलाहरू जस्तो छैनौ । यदि तिमीहरू ईश्वरसंग डराउँछौ भने तिमीहरू आफ्नो बोलीमा लचिलो पारा न अपनाउ कि मन-पापी मानिसहरू लालच गर्न थालुन् । तिमीहरू ठीक कुरा मात्र गर ।

३३- तिमीहरू घरमा टिकेर बस र इस्लाम पूर्व गरि राखेको झैं आफ्नो प्रदर्शन न गराउ । नमाज कायम गर, जकात देउ, ईश्वर र उहाँका रसूलको आज्ञापालन गर । ईश्वर तिमी अहले बैतबाट फोहर हटाउन र पूर्णरूपमा पवित्र पार्न चाहनुहुन्छ । ३४- तिमीहरूका घरमा ईश्वरका श्लोकहरू र तत्वदर्शिताको जुन पाठ हुन्छ त्यसलाई याद राख । निस्सन्देह ईश्वर सुक्ष्मदर्शी र सुसूचित हुनुहुन्छ ।

३५- निस्सन्देह आज्ञाकारी पुरुष र आज्ञाकारी महिला, पुरुष र महिला, अनुसरण गर्ने पुरुष र अनुसरण गर्ने महिला, सच्चा पुरुष र सच्चा महिला, धैर्यवान पुरुष र धैर्यवान महिला, डराउने पुरुष र डराउने महिला, दान गर्ने पुरुष र दान गर्ने महिला, ब्रत राख्ने पुरुष र ब्रत राख्ने महिला, गुप्ताङ्गको रक्षा गर्ने पुरुष र गुप्ताङ्गको रक्षा गर्ने महिला, ईश्वरलाई खुबै स्म्रण गर्ने पुरुष र ईश्वरलाई धेरै याद गर्ने महिला का लागि ईश्वरले क्षमादान तथा ठूलो प्रतिदान तयार पार्नु भएको छ ।

३६- कुनै पनि मामिलामा ईश्वर र उहाँका रसूलको निर्णय आएपछि पुरुष र महिलाको लागि त्यसलाई स्वीकार गर्ने वा नगर्ने अधिकार बाकी रहदैन । जुन व्यक्तिले ईश्वर र उहाँका रसूलको अवज्ञा गर्नेछ ऊ स्पष्टरूपमा सीधा मार्गबाट पथभ्रष्ट भयो ।

३७- जब तपाईं त्यस व्यक्तिलाई भन्दै हुनुहुन्थ्यो जसमाथि ईश्वरले उपकार गर्नु

भयो र तपाईंले पनि उपकार गर्नुभयो कि तिमी आफ्नी श्रीमतीलाई साथमा रोकि राख र ईश्वरसित डराऊ। तपाईंले आफ्नो मनमा एउटा कुरा लुकाउनु भएको थियो जसलाई ईश्वर जाहेर गर्न चाहनुहुन्थ्यो। तपाईं मानिसहरूसित डराउँदै हुनुहुन्थ्यो जब ईश्वर यस कुराको बढी हकदार हुनुहुन्थ्यो कि तपाईं उहाँसित डराउनुहोस्। अनि जब जैदले उनीबाट आफ्नो मनशाय पूरा गरे तब हामीले तपाईंसँग उनको बिहे गरिदियौं। ताकि दत्तक पुत्रहरूकी श्रीमतीहरूको बारेमा मुस्लिमहरूका लागि कुनै अप्ठ्यारो न रहोस्, जब उनीहरूले आफ्नो मनसाय पूरा गरि हालुन्। ईश्वरको निर्णय अवश्य पूरा हुन्छ।

३८- ईश्वरले निर्धारित गर्नुभएको कुरामा नबीको लागि कुनै आपत्ति छैन। विगतमा बितेका सन्देष्टाहरूको बारेमा यही तरिका रँहदै आएको छ। ईश्वरको आदेश एउटा पक्का निणर्य हुने गर्छ। ३९- उनीहरू ईश्वरको सन्देश पुर्याउने गर्थे र उहाँसित डराउने गर्थे।ईश्वरबाहेक अरु कसैसित डराउँदैनथे। हिसाब लिनको लागि ईश्वर पर्याप्त हुनुहुन्छ। ४०- मुहम्मद तिमीहरूमध्ये कुनै पुरुषको पिता हुनुहुन्न। तर उहाँ रसूल र नबीहरूका अन्तिम नबी हुनुहुन्छ। ईश्वर हरेक वस्तुका ज्ञाता हुनुहुन्छ।

४१- हे हरू हो ! ईश्वरलाई धेरै याद गर। ४२- बिहान र बेलुकि ईश्वरको महिमागान गर। ४३- ईश्वर नै हुनुहुन्छ जो तिमीहरूमाथि दया पठाउनुहुन्छ र उहाँका फरिश्ताहरू पनि ताकि तिमीहरूलाई अन्धकारबाट निकालेर प्रकाशमा ल्याउन्। ईश्वर हरूप्रति अति दयावान हुनुहुन्छ। ४४- जुन दिन उनीहरूईश्वरसँग भेँटछन् त्यस दिन उनीहरूको स्वागत सलामबाट गरिनेछ। ईश्वरले उनीहरूका लागि सम्मानित बदला तयार पार्नुभएको छ।

४५- हे नबी ! हामीले तपाईंलाई गवाह बनाएर, शुभ सूचना दिने वाला, सावधान गराउने वाला बनाएर पठाएका छौं। ४६- ईश्वरतर्फ उहाँको आज्ञाले आह्वान गर्नेवाला र उज्जवल दीप बनाएर पठाएका छौं। ४७- हरूलाई शुभसूचना

दिनुहोस्, उनीहरूका लागि ईश्वरको तर्फबाट महान कृपा छ। ४८- तपाईं नकार्ने व्यक्ति र पाखण्डीको आज्ञापालन नगर्नुहोस् र तिनीहरूले सताएको कुरालाई बेवास्ता गर्नुहोस् । ईश्वरमाथि भरोसा गर्नुहोस् । भरोसाको लागि ईश्वर पर्याप्त हुनुहुन्छ।

४९- हे आस्थावानहरू हो ! यदि तिमीहरू महिलाहरूसँग बिहे गरेपछि सहवास नगरिकन पारपाचुके दिन्छौ भने उनीहरूले इद्दत बिताउनु पर्दैन, जसको गन्ती तिमीहरू राख । मात्र उनीहरूलाई केही धन-सम्पत्ति देउ र राम्रो तरिकाले बिदा गरि देउ।

५०- हे नबी ! तपाईंले महर तिरेर बिहे गर्नु भएका श्रीमतीहरूलाई हामीले वैध गर्यौं र तपाईंका दासीहरूलाई पनि जो ईश्वरले तपाईंलाई युद्धमा प्रदान गर्नुभयो। साथै काकाकी छोरीहरू, फूपुकी छोरीहरू, मामाकी छोरीहरू, सानीमाकी छोरीहरू पनि हलाल गरिए जसले तपाईसंग हिज्रत गरिन्। यस्तो मुस्लिम महिला पनि जो नबीसमक्ष समर्पित गर्छे। यस शर्तमा कि नबी ऊसंग बिहे गर्न चाहुन्। यो विशेषरूपमा तपाईंको लागि हलाल हो मुस्लिमको लागि होइन। हामीलाई थाहा छ जो हामीले उनीहरूमाथि उनीहरूका श्रीतीहरू र दासीहरूको बारेमा अनिवार्य गरेका छौं ताकि तपाईंको लागि कुनै संकिर्णता न रहोस् । ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ।

५१- तपाईंले श्रीमतीहरूमध्ये जस जसलाई चाहनु हुन्छ टाढा राख्नुहोस् र जस जसलाई चाहनुहुन्छ नजिक राख्नुहोस् । जसलाई टाढा पार्नुभएको थियो त्यसलाई नजिक बोलाएमा पनि कुनै पाप छैन । यसमा बढी आशा छ कि उनीहरूका आँखालाई शीतलता प्राप्त हुनेछ र उनीहरू चिन्तित हुने छैनन् । तपाईंले दिनुभएको कुरामा उनीहरूले खुशी हुनु पर्छ। तिमीहरूको हृदयमा रहेका कुराहरूलाई ईश्वर जान्नुहुन्छ। ईश्वर सर्वज्ञ र सहनशील हुनुहुन्छ। ५२- तपाईंको संरक्षणमा रहेकी श्रीमतीहरूबाहेक अन्य महिलाहरूसँग बिहे गर्नु तपाईंको लागि

जायज छैन। उनीहरूलाई छोडेर अन्य अन्य महिलासँग बिहे गर्नु पनि जायज छैन, चाहे अन्य महिला बढी सुन्दर होस्। तर दासीहरूलाई आफ्नो अधीनमा लिन सक्नुहुन्छ। ईश्वर हरेक वस्तुको संरक्षक हुनुहुन्छ।

५३- हे आस्थावानहरू हो ! जबसम्म तिमीहरूलाई भोजनको लागि नबीको घर आउने अनुमति मिल्दैन तबसम्म उहाँको घरमा प्रवेश नगर। यस प्रकार कि तयारीको प्रतीक्षामा नबस। जतिखेर तिमीहरूलाई बोलाइन्छ त्यतिखेर उहाँको घरमा प्रवेश गर अनि भोजन गरेपछि निस्किहाल, कुरा गर्दै थपक्क त्यहीँ न बस। यस कुराले नबीलाई कष्ट दिन्छ तर उहाँ तिमीहरूको खयाल राख्नुहुन्छ तर ईश्वर सत्यको बारेमा खयाल राख्नुहुन्न। उहाँकी श्रीमतीहरूसँग कुनै वस्तु माग्दा पर्दा पछाडिबाट माग। यो तिमीहरू र उनीहरूका मनको शुद्धताको लागि बढी पवित्र छ। ईश्वरका रसूललाई कष्ट दिनु तिमीहरूको लागि जायज छैन। रसूलको देहान्तपछि उहाँकी श्रीमतीहरूसँग बिहे गर्नु पनि तिमीहरूका लागि जायज छैन। यो ईश्वरको नजिक गम्भीर कुरा हो। ५४- तिमीहरू कुनै कुरा जाहेर गर वा लुकाउ,, ईश्वर हरेक कुराको ज्ञाता हुनुहुन्छ।

५५- नबीकी श्रीमतीहरूले निम्न पुरुषहरूबाट पर्दा नगरेर कुरा गरेमा कुनै पाप लाग्दैनः बुवाहरू, छोराहरू, दाजु भाइहरू, भतिजाहरू, भान्जाहरू, आफ्नी महिलाहरू र दासहरू। तपमीहरू ईश्वरसँग डराऊ। निस्सन्देह ईश्वर हरेक कुरामाथि नजर राख्नुहुन्छ।

५६- ईश्वर र देवदूतहरू नबीमाथि कृपा वर्षण गर्नुहुन्छ। हे आस्थावानहरू हो ! तिमीहरू पनि नबीमाथि दया र सलामको प्रार्थना गर। ५७- जुन मानिसहरू ईश्वर र रसूललाई कष्ट पुर्याउँछन् ईश्वरले यस्ता मानिसहरूलाई लोक र परलोक दुवैमा धिक्कार्नु हुनेछ र तिनीहरूका लागि अपमानजनक यातना तयार पारेर रनख्नु भएको छ। ५८- जुन मानिसहरू आस्थावान पुरुष र आस्थावान महिलाहरूलाई

कष्ट पुर्याउँछन् जब कि उनीहरूले केही गरेका हुँदैनन् यस्ता मानिसहरूले अभियोग र स्पष्ट पापको भार बोके ।

५९- हे नबी ! आफ्ना श्रीमती, छोरी र मोमिनहरूकी महिलालाई भनिदिनुहोस्- उनीहरूले आफूमाथि पिछयौरालाई अलि तान्ने गरुन् । यसले गर्दा उनीहरूको पहिचान हुन्छ र कसैले दु:ख दिंदैन । ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ । ६०- कपटी, मन-पापी र मदीनामा झूठो खबर फैलाउनेहरूले दुष्कर्म गर्न छोडेनन् भने हामीले तिमीहरूलाई तिनीहरूको पछि लगाइ दिनेछौं अनि तिनीहरू मदीनामा तिमीहरूसंग कमै बस्न पाउनेछन् । ६१- धिक्कारिँदै, जहाँ पाइनेछन् समातिनेछन् र खुबै मारिनेछन् । ६२- यो ईश्वरको नियम हो विगतमा बितेका मानिसहरूको बारेमा । तपाईंले ईश्वरको नियममा कुनै फेरबदल पाउनु हुने छैन ।

६३- मानिसहरू तपाईंलाई महाप्रलय कहिले आउनेछ भनी सोध्छन् । भनिदिनुहोस्- यसको ज्ञान मात्र ईश्वरलाई छ । तपाईंलाई के थाहा, महाप्रलय अति नजिक छ कि ? ६४- निस्सन्देह ईश्वरले नकार्नेहरूलाई आफ्नो कृपाबाट टाढा पार्नुभएको छ र तिनीहरूका लागि दन्कदो आगो तयार छ । ६५- तिनीहरू त्यसमा सधैं रहनेछन् । तिनीहरूले मित्र पाउनेछन् न कुनै सहयोगी । ६६- त्यस दिन तिनीहरूका अनुहार आगोमा पल्टाइने छ । तिनीहरूले भन्नेछन्- हामीहरूले ईश्वरको आज्ञापालन गरेको भए र रसूलको आज्ञापालन गरेको भए कति जाति हुन्थ्यो । ६७- तिनीहरूले भन्नेछन्- हे हाम्रा पालनकर्ता ! हामीहरूले आफ्ना अगुवाहरूको अनुसरण गर्यौं अनि तिनीहरूले हामीहरूलाई सीधा मार्गबाट पथभ्रष्ट गरे । ६८- हे हाम्रा पालनकर्ता ! तिनीहरूलाई दुई गुणा यातना दिनुहोस् र तिनीहरूलाई खुबै धिक्कार्नुहोस् ।

६९- हे आस्थावानहरू हो ! तिमीहरू ती मानिसहरू जस्तै न बन जसहले मूसालाई कष्ट पुर्याए । तिनीहरूले लगाएको आक्षेपलाई ईश्वरले गलत प्रमाणित गर्नुभयो । मूसा ईश्वरनजिक प्रतिष्ठित थिए । ७०- हे आस्थावानहरू हो ! ईश्वरसित

डराऊ र पक्का कुरा गर। ७१- ईश्वरले तिमीहरूको कर्महरूलाई ठीक पार्नुहुनेछ र तिमीहरूका पापहरूलाई माफ गर्नुहुनेछ। जसले ईश्वर र रसूलको आज्ञापालन गरे उनीहरूले ठूलो सफलता हात पारे।

७२- हामीले अमानत (नासो) लाई आकाशहरू, पृथ्वी र पहाडसमक्ष प्रस्तुत गर्यौं तर तिनीहरूले यसलाई उठाउन अस्वीकार गरे र यसबाट डराए। तर मानवले यसलाई उठायो । निस्सन्देह मानव अत्याचारी र अज्ञानी थियो । ७३- ताकि ईश्वरले कपटी पुरुष र कपटी महिला तथा बहुदेववादी पुरुष र बहुदेव महिलालाई यातना देउन्। आस्थावान पुरुष र आस्थावान महिलातर्फ कृपा दृष्टि गर्रन्।

## सूरह सबा- ३४

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- सबै प्रशंसाहरू त्यस ईश्वरको लागि जो आकाशहरू र पृथ्वीमा रहेका सबै वस्तुहरूका मालिक हुनुहुन्छ। परलोकमा पनि उहाँ कै प्रशंसा छ। उहाँ तत्वदर्शी र सर्वज्ञ हुनुहुन्छ। २- ईश्वर अवगत हुनुहुन्छ जे जति भूमिभित्र पस्छन् र जे जति त्यसबाट निस्कन्छन् जे जति आकाशबाट झर्छन् र जे जति त्यसतर्फ चढछन्। उहाँ दयावान र क्षमाशील हुनुहुन्छ।

३- नकार्नेहरू भन्छन्- हामीमाथि महाप्रलय आउने छैन । भनिदिनुहोस्- किन न हुनु, कसम परोक्षका ज्ञाता पालनकर्ताको त्यो तिमीहरूमाथि अवश्य नै आउनेछ । ईश्वरबाट कण बराबर पनि वस्तु लुकेको छैन न त आकाशहरू न पृथ्वीमा। न कणभन्दा सानो न त्उसभन्दा ठूला, तर ती सबै सुरक्षित पेटिकामा छ। ४- ताकि ईश्वरले ती मानिसहरूलाई बदला देउन् जो आस्था ल्याए र सत्कर्म गरे। यस्ता मानिसहरूका लागि क्षमादान छ र उत्कृष्ट जीविका। ५- जुन मानिसहरूले हाम्रा श्लोकहरूलाई विफल पार्ने प्रयास गरे, तिनीहरूका लागि अति कडा यातना

छ। ६- जुन मानिसहरूलाई ज्ञान दिइएको छ उनीहरू यस कुरालाई जान्दछन् कि तपाईंमाथि तपाईंका पालनकर्ताको तर्फबाट पठाइएको कुरा सत्य हो र त्यो अति प्रभुत्वशाली र प्रशंसनीय ईश्वरको मार्ग देखाउँछ।

७- नकार्नेहरू भन्छन्- के हामी तिमीहरूलाई एकजना यस्तो व्यक्तिको बारेमा बताऔं जो सूचित गर्छ- जब तिमीहरू मरेर टुक्रा टुक्रा हुन पुग्छौ तब पुनः जीवित पारेर उठाइनेछौ ?! ८- के उहाँले ईश्वरमाथि झूठो रच्नु भएको छ, वा उहाँलाई कुनै पागलपन छ ? बरु जुन मानिसहरू परलोकमा आस्था राख्दैनन् तिनीहरू यातनामा र टाढाको पथभ्रष्टतामा फंसेका छन् । ९- के तिनीहरूले पृथ्वी र आकाशमा विचार गरेनन् ? हामीले चाहेमा पृथ्वीलाई धसाउन सक्छौं र आकाशको टुक्रालाई तिनीहरूमाथि खसाल्न सक्छौं। यसमा स्पष्ट निशानी छ यस्तो व्यक्तिको लागि जो रुजु गर्नेवाला छ।

१०- हामीले दाऊद लाई प्रशस्त वैभव प्रदान गर्यौं। हे पहाडहरू हो ! तिमीहरू पनि उनीसंग ईश्वरको महिमागानमा भाग लेउ। त्यस्तै आदेश हामीले चराहरूलाई दियौं । हामीले उनको लागि फलामलाई नम्र पार्यौं । ११- कि तिमीहरू ठूलो कवचहरू बनाउ र कवचका घेराहरू राम्ररी जोड। तिमीहरूको कर्महरूलाई देखि राखेको छु।

१२- हामीले हावालाई सुलैमानको नियन्त्रणमा दियौं । उनको बिहानको गन्तब्य एक महिनाको हुने गर्थ्यो र बेलुकीको गन्तब्य एक महिनाको। हामीले उनको लागि ताम्बाको मूल फुटायौं। जिन्नहरूमध्ये केही यस्ता थिए जो उनको पालनकर्ताको आदेशले उनी अगाडि काम गर्दथे। हाम्रो आदेशको उल्लङ्घन गर्ने जिन्नहरूलाई हामीले दन्कदो आगोको यातनाको स्वाद चखाउनेछौं । १३- उनीहरू बनाउने गर्थे जो उनी चाहना गर्थे जस्तै भवनहरू, चित्रहरू, कुण्ड जस्ता भाँडा जमेका हांडीहरू। हे दाऊदका मानिसहरू हो ! आभार व्यक्त गर्दै कार्य गर। मेरा भक्तहरूमध्ये आभार व्यक्त गर्ने कमै छन्।

१४- अनि जब हामीले सुलैमानमाथि मृत्युको निर्णयलाई कार्यान्वयन गर्यौं तब त्यसको खबर धमिरोले मात्र दियो । धमिरो उनको लौरोलाई खाँदै थिए । जब उनी धर्तिमा लडे तब मात्र जिन्नहरूलाई ज्ञान भयो । यदि जिन्नहरूलाई परोक्षको ज्ञान भएको भए तिनीहरू यस अपमानको कष्टमा लागि रहने थिएनन् ।

१५- सबाको लागि तिनीहरूको बसोबास स्थलमा निशानी थियो । दुईवटा बगैँचाहरू, दाहिने र देब्रे । आफ्ना पालनकर्ताको जीविकामध्ये खाऊ र उहाँप्रति आभार व्यक्त गर । राम्रो शहर र अति क्षमाशील पालनकर्ता । १६- तिनीहरूले उद्दण्डता देखाए अनि हामीले तिनीहरूतर्फ बाँधलाई भत्काइ ठूलो बाढी पठायौं जसले तिनीहरूका बगैंचाहरूलाई यस्ता बगैँचाहरमा पऋणत गरिदियौं जसमा पीरा फल, झाउका रुख र बयरका रुखहरू मात्र थिए । १७- यो हामीले तिनीहरूको बेगुणीको बदला दियौं र हामीले बेगुणीहरूलाई यस्तै सजाय दिने गर्छौं ।

१८- हामीले उनीहरूको र उनीहरूको गाउँको बीचमा, जहाँ हामीले बर्कत राखेका थियौं, यस्ता गाउँहरू आबाद गर्यौं जो स्पष्ट देखा पर्थे । हामीले तिनीहरूबीच यात्राका गन्तब्यहरू निर्धारित गर्यौं । त्यसमा तिमीहरू रात दिन निश्चिन्त भएर यात्रा गर । १९- फेरि तिनीहरूले भने- हे हाम्रा पालनकर्ता ! हाम्रो यात्राको दूरीलाई अझै बढाइ दिनुहोस् । जब तिनीहरूले आफूमाथि अत्याचार गरे तब हामीले तिनीहरूलाई कथा बनाइदियौं र तिनीहरूलाई अलग-अलग पारिदियौं । निस्सन्देह यसमा निशानी छ प्रत्येक धैर्य गर्ने र आभार व्यक्त गर्ने व्यक्तिको लागि ।

२०- इब्लीसले तिनीहरूप्रति आफ्नो सोच पूरा गर्यो । मोमिनहरूको सानो जमातबाहेक सबैले इब्लीसको अनुसरण गरे । २१- इब्लीसलाई तिनीहरूमाथि सामर्थ्य थिएन । तर हाम्रो उद्देश्य परलोकमा विश्वास राख्नेहरूलाई छट्याउनु थियो, (यस्ता मानिसहरूबाट जो त्यसको बारेमा शंकामा छन् ।) तपाईंका पालनकर्ता सबै वस्तुहरूका संरक्षक हुनुहुन्छ ।

२२- भनिदिनुहोस्- सत्य ईश्वरबाहेक तिमीहरू ज-जसलाई ईश्वर ठान्दथ्यो तिनीहरू सबैलाई बोलाउ। तिनीहरू न त आकाशहरूमा अधिकार राख्छन् न पृथ्वीमा। यी द्रवैमा तिनीहरूको कुनै साझेदारी छैन। न तिनीहरूमध्ये कोही उहाँका सहयोगी हुन्। २३- ईश्वरले जसलाई सिफारिश गर्ने अनुमति दिनुहुनेछ उसको सिफारिश मात्र उहाँनजिक फाइदा पुर्याउनेछ। जब तिनीहरूको मनबाट त्रास समाप्त हुन्छ तब तिनीहरूले जिब्रीललाई सोध्नेछन्- तपाईंको पालनकर्ताले के भन्नुभयो ? उनले भन्नेछन्- उहाँले सत्य कुराको आदेश दिनुभयो। ईश्वर सबै भन्दा उच्च र महान हुनुहुन्छ।

२४- सोध्नुहोस्- तिमीहरूलाई कसले आकाशबाट र भूमिबाट जीविका प्रदान गर्नुहुन्छ ? भनिदिनुहोस्- सत्य ईश्वर। कि त हामी कि त तिमीहरू स्पष्ट मार्गदर्शनमा छौं कि त स्पष्ट पथभ्रष्टतामा। २५- भनिदिनुहोस्- हामीले गरेको पापको बारेमा तिमीहरूलाई सोधिने छैन र तिमीहरूले गरेको पापको बारेमा हामीहरूलाई सोधिने छैन। २६-भनिदिनुहोस्- हाम्रा पालनकर्ताले हामीहरू सबैलाई जम्मा गर्नुहुनेछ अनि हामीहरूबीच सत्यका साथ निर्णय गर्नुहुनेछ। उहाँको हातमा निर्णय छ। २७- सोध्नुहोस्- मलाई देखाऊ जसलाई तिमीहरूले साझेदार बनाएर ईश्वरसंग मिलाएर राखेका छौ। कदापि होइन, उहाँ ईश्वर प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ।

२८- हामीले तपाईंलाई सबै मानिसहरूका लागि शुभ-सूचना दिने वाला र सावधानकर्ता बनाएर पठाएका छौं, तर अधिकांश मानिसहरू जान्दैनन्। २९- तिनीहरू सोध्छन्- यदि तिमीहरू आफ्नो दावीमा सत्य छौ भने यो वाचा कहिले पूरा हुनेछ ? ३०- भनिदिनुहोस्- तिमीहरूका लागि एउटा निश्चित दिनको वाचा छ, त्यसबाट न त एक घण्टा पछि हुन सक्छ न अघि।

३१- नकार्नेहरू भन्छन्- हामीले न त यस कुर्आनलाई मान्नेछौं न यस अघि अवतरण भएका किताबहरूलाई। तपाईंले त्यस समयलाई देखेमा कति जाति

हुन्थ्यो जब यी अत्याचारीहरूलाई आफ्ना पालनकर्तासमक्ष खडा गरिनेछ। तिनीहरू परस्पर आरोप प्रत्यारोप गर्नेछन् । कमजोर ठानिएका हरूले ठूला बन्नेहरूलाई भन्नेछन्- यदि तिमीहरू न भएको भए हामी अवश्य आस्थावान हुने थियौं। ३२- ठूला बन्नेहरूले जवाफ दिनेछन् के हामीहरूले तिमीहरूलाई मार्गदर्शनबाट रोकेका थियौं जब त्यो तिमीहरूसमक्ष पुगेको थियो ?! बरु तिमीहरू स्वयम अपराधी हौ। ३३- कमजोर पारिएका हरूले ठूला बन्नेहरूलाई भन्नेछन्- होइन, बरु तिमीहरूको रात दिनको चलखेलले गर्दा यस्तो भयो, जब तिमीहरू हामीहरूलाई ईश्वरको इन्कार गर्न र उहाँसंग अन्यलाई साझेदार ठहर गर्न भन्ने गर्थ्यौ। तिनीहरूले आफ्नो लाजलाई लुकाउनेछन् जब तिनीहरूले यातना देख्नेछन्। हामीले नकार्नेहरूको गर्धनमा नेल हाल्नेछौं। तिनीहरूले त्यही बदला पाउनेछन् जो तिनीहरू गर्ने गर्थे।

३४- हामीले जुन सुकै बस्तीमा सावधानकर्ता पठायौं, त्यसका धनाढयहरूले यही भने- तिमीलाई जे प्रदान गरेर पठाइएको छ हामी त्यसको इन्कार गर्दछौं। ३५- तिनीहरूले भने- हामीहरू बढी धन र सन्तान वाला छौं। हामीहरू कहिले सजाय पाउने छैनौं। ३६- भनिदिनुहोस्- मेरा पालनकर्ता जसलाई चाहनुहुन्छ धेरै जीविका प्रदान गर्नुहुन्छ र जसलाई चाहनुहुन्छ जीविकामा कमि गर्नुहुन्छ, तर अधिकांश मानिसहरूलाई थाहा छैन। ३७- तिमीहरूका धन-सम्पत्ति र सन्तान यस्तो वस्तु होइन जसले तिमीहरूलाई दर्जामा ईश्वरको निकटतम बनाउन्। तर जसले आस्था ल्याए र सत्कर्म गरे उनीहरूको पुण्य दूइ गुणा गरिनेछ र उनीहरू स्वर्गका उच्च भवनहरूमा सन्तुष्टताका साथ रहनेछन् । ३८- जुन मानिसहरू हाम्रा निशानीहरूलाई तल पार्ने तत्पर छन् तिनीहरू यातनामा होमिनेछन्। ३९- भनिदिनुहोस्- मेरा पालनकर्ता आफ्ना भक्तहरूमध्ये जसलाई चाहनुहुन्छ धेरै जीविका प्रदान गर्नुहुन्छ र जसलाई चाहनुहुन्छ कम जीविका प्रदान गर्नुहुन्छ।

तिमीहरूले जे पनि खर्च गर्छौ ईश्वरले त्यसको बदला दिनुहुनेछ । ईश्वर राम्रो जीविका प्रदानकर्ता हुनुहुन्छ ।

४०- जुन दिन ईश्वरले तिनीहरू सबैलाई जम्मा गर्नुहुनेछ, अनि फरिश्ताहरूलाई सोध्नुहुनेछ- के यिनीहरू तिमीहरूको भक्ति गर्दथे ? ४१- फरिश्ताहरूले जवाफ दिनेछन्- तपाई पवित्र हुनुहुन्छ ! हामीहरूको सम्बन्ध तपाईसंग छ न कि तिनीहरूसंग । बरु यिनीहरू जिन्नहरूको पूजा गर्थे । तिनीहरूमध्ये अधिकांश जिन्नहरूमा विश्वास राख्थे । ४२- आज तिमीहरूमध्ये कोही कसैलाई न कुनै फाइदा पुर्याउने सामर्थ्य राख्छ न हानि पुर्याउने सामर्थ्य नै । हामीले अत्याचारीहरूलाई भन्नेछौं- त्यस नर्कको यातना चाख जसलाई तिमीहरू झूठो ठहर गर्दै थियौ ।

४३- जब हाम्रा स्पष्ट आयतहरूको पाठ गरिन्छ तब तिनीहरू भन्छन्- यो त एक जना व्यक्ति हो जो तिमीहरूलाई तिमीहरूका पूर्वजहरूले गर्दै आएको पूजाबाट रोक्न चाहन्छ । तिनीहरूले भने यो रचेको झूठ हो । जब नकार्नेहरूसमक्ष सत्य आयो तब तिनीहरूले भने यो त स्पष्ट जादू हो । ४४- हामीले तिनीहरूलाई कुनै किताब दिएका थिएनौं जसलाई तिनीहरूले पढुन् र हामीले तपाईअघि कुनै सावधानकर्ता तिनीहरूतर्फ पठाएनौं । ४५- विगतका समुदायहरूले पनि झूठो ठहर गरे र यिनीहरू तिनीहरूसँग रहेका शक्ति र धन-सम्पत्तिका दसौं अंश पनि छैनन् । जब तिनीहरूले झूठो ठहर गरे तब कस्तो थियो मेरो प्रकोप ?!

४६- भन्नुहोस्- म तिमीहरूलाई एउटा उपदेश दिन्छु- तिमीहरू ईश्वरको लागि उभ, दूई दूई जना गरेर वा एकलै अनि विचार गर, तिमीहरूको साथी (मुहम्मद) को बुद्धि भ्रष्ट भएको छैन । उहाँ त तिमीहरूलाई एउटा कडा प्रकोपको बारेमा सावधान गर्नुहुन्छ । ४७- भनिदिनुहोस्- यदि मैले कुनै प्रतिदान मागेको छु भने त्यो तिमीहरू कै लागि हो । मेरो प्रतिदान मात्र ईश्वरको जिम्मामा छ । उहाँ हरेक वस्तुमाथि गवाह हुनुहुन्छ । मैले उहाँको सन्देश पुर्याइ दिएकोछु भन्ने कुरामाथि पनि उहाँ गवाह हुनुहुन्छ । उहाँ हरेक कुरामाथि गवाह हुनुहुन्छ ।

४८- भनिदिनुहोस्- मेरा पालनकर्ताले सत्यलाई (असत्यमाथि) प्रहार गर्नुहुनेछ। उहाँ लुकेका वस्तुहरूलाई जान्नुहुन्छ। ४९- भन्नुहोस्- सत्य आइसक्यो र असत्य न त शुरु हुन्छ न फिर्ता आउँछ। ५०- भन्नुहोस्- यदि म पथभ्रष्ट छु भने त्यसको हानि मलाई पुग्छ र यदि म मार्गदर्शनमा छु भने त्यो त्यस प्रकाशनाको कारणले हो जो मेरा पालनकर्ता पठाउनुहुन्छ। निस्सन्देह ईश्वर सर्वश्रोता र नजिक हुनुहुन्छ।

५१- जब तपाईंले देख्नु हुनेछ जतिखेर यिनीहरू डराएका हुनेछन् र भाग्न सक्ने छैनन् अनि नजिकैबाट समातिनेछन्। ५२- भन्नेछन्- हामी यसमाथि आस्था ल्यायौं तर यति टाढाबाट यसलाई कसरी पाउन सक्छन् ?! ५३- यसअघि तिनीहरूले यसको इन्कार गरे र न देखिकन टाढाबाट कुरा फ्याँक्दै गरे। ५४- तिनीहरू र तिनीहरूका कामनाबीच ओट हालिनेछ। जस्तो कि यसअघि यस किसिमका समुदायहरूसंग गरियो। ती ठूला धोकेबाजहरू शङ्कामा लिप्त रहे।

## सूरह फातिर- ३५

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१-प्रशंसा ईश्वरको लागि, आकाशहरू र पृथ्वीको सृष्टिकर्ता, देवदूतहरूलाई सन्देश वाहक बनाउने वाला जसका पखेटाहरू छन् दुई-दुई र तीन-तीन र चार-चार। उहाँ सृष्टिमा जे चाहनुहुन्छ बृद्धि गर्नुहुन्छ। निस्सन्देह ईश्वर हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ। २- ईश्वर जुन कृपा मानिसहरूको लागि खोल्नुहुन्छ त्यसलाई कोही बन्द गर्ने वाला छैन र जुन कृपा उहाँले बन्द गर्नुहुन्छ त्यसलाई कोही पनि जारी गर्ने वाला छैन। उहाँ प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ।

३- हे मानव ! आफूमाथि ईश्वरका वरदानहरूलाई स्मरण गर। के ईश्वरबाहेक

अन्य कोही सृष्टिकर्ता छ जो तिमीहरूलाई आकाश र भूमिबाट जीविका प्रदान गर्छ ? ईश्वरबाहेक कोही पनि वास्तविक पूज्य छैन। अनि तिमीहरू कहाँबाट धोका खाँदैछौ ? ४- यदि यिनीहरू तपाईंलाई झूठो ठहर गर्दैछन् भने तपाईंअघि विगतमा पनि धेरै रसूलहरू झूठो ठहर गरिए। सबै मामिलाहरू ईश्वरतर्फ नै फर्काइनेछन्।

५- हे मानव हो ! ईश्वरको वाचा सत्य हो, अनि सांसारिक जीवनले तिमीहरूलाई धोकामा न पारोस् न ठूलो धोकेबाजले तिमीहरूलाई ईश्वरको बारेमा धोकामा पारोस्। ६- निस्सन्देह शैतान तिमीहरूको शत्रु हो, अनि शैतानलाई शत्रु नै ठान। उसले आफ्नो समूहलाई यसै उद्देश्यले बोलाउँछ कि तिनीहरू पनि नर्क बासीहरू मध्ये बनुन्। ७- नकार्नेहरूका लागि कडा यातना छ। जुन मानिसहरूले आस्था ल्याए र सत्कर्म गरे उनीहरूका लागि क्षमादान र महान बदला छ।

८- के यस्तो व्यक्ति जसलाई उसको दुष्कर्म सुन्दर बनाएर देखाइयो अनि उसले त्यसलाई सुन्दर ठान्न थाल्यो। निस्सन्देह ईश्वर जसलाई चाहनुहुन्छ पथभ्रष्ट पार्नुहुन्छ र जसलाई चाहनुहुन्छ सीधा मार्ग देखाउनुहुन्छ। तपाईं यस्ता मानिसहरूप्रति चिन्ता लिएर आफ्नो ज्यान नगुमाउनुहोस्। ईश्वर तिनीहरूले गर्ने गरेका कार्यहरूलाई जान्नुहुन्छ।

९- ईश्वरले नै हावा पठाउनुहुन्छ जसले बादललाई हाँक्छ, फेरि हामी नै बादललाई हाँकेर मृत भूमितर्फ पुर्याउँछौं। अनि हामीले नै त्यसबाट भूमिलाई मृत भएपछि जीवित पार्यौं। त्यसरी नै हुनेछ पुनर्जन्म। १०- जुन मानिसहरू सम्मान चाहन्छन् भने सम्मान मात्र ईश्वरको लागि हो। उहाँतर्फ नै पवित्र वाणी चढछ र सत्कर्मले त्यसलाई माथि उचाल्छ। जुन मानिसहरू नराम्रा षड्यन्त्रहरू गर्छन् तिनीहरूका लागि कडा यातना छ र तिनीहरूका षड्यन्त्रहरू विफल हुनेछन्।

११- ईश्वरले नै तिमीहरूको सृष्टि माटोबाट गर्नुभयो, फेरि विर्यबाट गर्नुभयो, अनि तिमीहरूमध्ये पुरुष र महिला बनाउनुभयो। जुन सुकै स्त्रीलिङ्गले गर्भ धारण गर्छ र शिशुलाई जन्म दिन्छ ती सबैको ज्ञान ईश्वरलाई छ। सृष्टिहरूमध्ये

जसको पनि उमेरमा कुनै थप घट हुन्छ त्यो एउटा किताबमा लेखिएको छ । यी सबै ईश्वरको लागि सजिलो छ ।

१२- दूवै नदी एक समान छैनन् । एउटा मीठो छ, तिर्खा मेटाउने वाला, पिउनमा राम्रो, अर्को नुनिलो । दुवैबाट तिमीहरू माछा खान्छौ । बनाव सिंगारका वस्तुहरू निकाल्छौ जसलाई तिमीहरू पहिरन्छौ । तिमीहरू पानी जहाजहरूलाई हेर्छौ जो पानीलाई चिरेर गुड्छन् । तिमीहरू ईश्वरको वरदान खोज र ईश्वरप्रति आभार प्रकट गर । १३- ईश्वरले रातलाई दिनमा प्रवेश गराउनुहुन्छ र दिनलाई रातमा प्रवेश गराउनुहुन्छ । उहाँले सूर्य र चन्द्रमालाई आफ्नो नियन्त्रणमा लिनुभएकोछ । दुवै निर्धारित समयका लागि गतिशील छन् । तिमीहरूका पालनकर्ता मात्र ईश्वर हुनुहुन्छ । उहाँलाई छोडेर तिमीहरू जुन मूर्तीहरूको पूजा गर्छौ ती सबै खजुरको बिउमाथि रहेको झिल्ली बराबर वस्तुको पनि मालिक होइनन् । १४- तिमीहरूले मूर्तिहरूलाई पुकार्दा तिनीहरूले सुन्ने छैनन्, यदि तिनीहरू सुने पनि मद्दत गर्न सक्ने छैनन् । मानौं तिनीहरूले सुने पनि जवाफ दिने छैनन् । तिनीहरूले महाप्रलयको दिन तिमीहरूको शिर्कको इनकार गर्नेछन् । सुसूचित ईश्वरले बता जस्तो कोही पनि बताउन सक्दैन ।

१५- हे मानव ! तिमीहरू ईश्वरको आवश्यक्तामा छौ । ईश्वरलाई कसैको आवश्यक्ता छैन र उहाँ उहाँ प्रशंसनीय हुनुहुन्छ । १६- ईश्वरले चाहनुभएमा तिमीहरू सबैलाई सर्वनाश पारेर नयाँ सृष्टि ल्याउनुहुनेछ । १७- यो ईश्वरको लागि अति सजोलो छ । १८- कुनै पनि भार उठाउनेले अर्काको भार उठाउने छैन । बरु सबैले आफ्नै पापको भार उठाउनु पर्ने हुन्छ । यदि कोही पनि भार उठाउन अरूलाई पुकार्छ भने कसैले पनि उसको भार उठाउने छैन यद्दपि पुकारिने व्यक्ति नातेदार नै किन नहोस् । तपाईंले यस्ता मानिसहरूलाई मात्र ईश्वरको यातनाबाट डराउन सक्नुहुन्छ जो परोक्षमा रहेर पनि ईश्वरसित डराउँछन् र नमाज कायम गर्छन् । जो पनि पवित्र हुन्छ आफ्नै लागि पवित्र हुन्छ । सबैले ईश्वरतर्फ नै फर्केर जानुपर्छ ।

१९- अन्धो र देख्ने व्यक्ति एकसमान हुन सक्दैनन् २०- अन्धकारहरू र प्रकाश एकसमान हुन सक्दैनन् । २१- छायाँ र घाम एकसमान हुन सक्दैनन् । २२- जीवित र मृत एकसमान हुन सक्दैनन् । ईश्वर जसलाई चाहनुहुन्छ सुनाउनुरहुन्छ। तपाईंले चिहानमा रहेका मुर्दाहरूलाई सुनाउन सक्नुहुन्न । २३- तपाईं त मात्र एक जना सचेतक हुनुहुन्छ । २४- हामीले तपाईंलाई सत्यका साथ पठायौं, शुभसूचना दिनेवाला र सावधानकर्ता बनाएर । कुनै पनि समुदाय यस्तो छैन जसमा कुनै सावधानकर्ता न आएको होस् । २५- यदि तपाईंलाई यिनीहरू झूठो गर्दैछन् भने तपाईंअघि जुन सुकै रसूललाई उनको समुदायले झूठा ठहर गर्यो। तिनीहरूसमक्ष तिनीहरूका रसूलहरू स्पष्ट प्रमाणहरू, साना किताबहरू र प्रकाशमय किताब लिएर आएका थिए। २६- अनि जुन मानिसहरूले मानेनन् हामीले तिनीहरूलाई समात्यौं, विचार गर्नुहोस्, कस्तो थियो तिनीहरूमाथिको प्रकोप।

२७- के तपाईंले हेर्नु भएन, ईश्वरले आकाशबाट पानी बर्साउनुभयो फेरि हामीले त्यसबाट विभिन्न रङ्गका फलफूलहरू सृष्टि गर्यौं। पहाडहरूमा पनि सेता र राता विभिन्न रङ्गका टुक्राहरू छन् र अति काला पनि । २८- त्यस्तै मानव, चौपाया र जनावर पनि विभिन्न रङ्गका छन्। ईश्वरसित उहाँका भक्तहरूमध्ये मात्र ती व्यक्तिहरू डराउँछन् जो ज्ञनी छन्। निस्सन्देह ईश्वर प्रभुत्वशाली र क्षमाशील हुनुहुन्छ।

२९ जुन मानिसहरू किताब पढ्छन्, नमाज कायम गर्छन्, हामीले प्रदान गरेको धन-सम्पत्तिबाट खुल्लारूपमा र गोप्यरूपमा दान गर्छन् । उनीहरू यस्तो ब्यापारको आशा राख्छन् जसमा घाटको आशङ्का छैन । ३० ताकि ईश्वरले उनीहरूलाई उनीहरूका पूरा पूरा बदला देउन्। बरु आफ्नो वरदानबाट थप दिउन्। निस्सन्देह उहाँ क्षमाशील र कदर गर्ने वाला हुनुहुन्छ । ३१ हामीले जुन किताब

तपाईंतर्फ अवतरण गरेकाछौं त्यो सत्य हो, यो विगतका किताबहरूको पुष्टि गर्दछ । निस्सन्देह ईश्वर आफ्ना भक्तहरूको खबर राख्नुहुन्छ र देखि राख्नुहुन्छ ।

३२ फेरि हामीले किताबको वारिस बनायौं उनीहरूलाई जसलाई हामीले आफ्ना भक्तहरूमध्ये चयन गर्यौं । अनि उनीहरूमध्ये केही आफूमाथि अत्याचार गर्नेवाला छन्, उनीहरूमध्ये केही मध्य मार्गी छन् र उनीहरूमध्ये केही ईश्वरको कृपाले भलाइको कार्यमा अग्रसरता देखाउने वाला छन् । यही सबे भन्दा ठूलो कृपा हो । ३३ सधैं रहने बगैंचाहरू छन् जसमा यिनीहरू प्रवेश गर्नेछन् । त्यहाँ तिनीहरूलाई सुनका कडाहरू र मोती पहिराइनेछ र उनीहरूका लिबास रेशमका हुनेछन् । ३४ उनीहरू भन्नेछन् सबै प्रशंसा ईश्वरको लागि हो जसले हाम्रो चिन्तालाई समाप्त पार्नुभयो । निस्सन्देह हाम्रा पालनकर्ता क्षमाशील र कदर गर्ने वाला हुनुहुन्छ । ३५ जसले आफ्नो कृपाले हामीहरूलाई आबाद रहने घरमा प्रवेश गराउनुभयो, जहाँ न त कुनै कष्ट पुग्छ न थकाइ लाग्छ ।

३६- नकार्नेहरूका लागि नर्कको आगो छ, जहाँ तिनीहरूलाई न त मृत्यु आउनेछ र न नर्कको यातनालाई हलुका गरिनेछ । हामीले हरेक नकार्नेलाई यस्तै सजाय दिन्छौं । ३७- तिनीहरू त्यसमा रुने कराउनेछन्- हे हाम्रा पालनकर्ता ! हामीलाई नर्कबाट निकाल्नु होस्, अब हामी सत्कर्म गर्नेछौं, त्यस भन्दा फरक जो हामी गर्ने गर्थ्यौं । के हामीले संसारमा यति लामो उमेर दिएनौं जसमा एक जना बुझ्नेले बुझ्न सकोस्, जबकि तिमीहरूसमक्ष सावधानकर्ता पनि आए ?! अब चाख कि अत्याचारीहरूको कोही सहयोगी छैन ।

३८- ईश्वर आकाशहरू र पृथ्वीका परोक्षका ज्ञाता हुनुहुन्छ, निस्सन्देह उहाँ मनका कुराहरू पनि जान्नुहुन्छ । ३९- उहाँले नै तिमीहरूलाई धर्तीमा आबाद गर्नुभयो, अनि जसले इन्कार गर्नेछ त्यसको इन्कार उसै विरुध्द जानेछ। नकार्नेहरूका लागि उनीहरूको इन्कार तिनीहरूका पालनकर्तासमक्ष उहाँको रिसकै कारण बन्नेछ र तिनीहरूको इन्कारले तिनीहरूको घाटामै बढोत्तरी गर्नेछ ।

४०- भन्नुहोस्- अलि हेर तिमीहरूले ईश्वरबाहेक पुकार्दै आएका साझेदारहरूलाई, के तिनीहरूले पृथ्वीमध्ये के सृष्टि गरेको छ र आकाशमा कुनै साझेदारी छ ? वा तिनीहरूलाई हामीले कुनै किताब दिएकाछौं, अनि तिनीहरू त्यसको कुनै प्रमाणमा छन् ? बरु यी अत्याचारीहरू एक अर्कासित मात्र धोकामा आधारित वाचा गर्दैछन् । ४१- निस्सन्देह ईश्वरले आकाशहरू र पृथ्वीलाई खस्नबाट थाम्नु भएको छ कि ती दुवै न हल्लिउन् । यदि यी दुवै खस्छन् भने ईश्वरबाहेक कसैले पनि रोक्न सक्दैन । निस्सन्देह ईश्वर सहनशील र क्षमाशील हुनुहुन्छ ।

४२- तिनीहरूले पक्का कसम खाएका थिए- यदि तिनीहरूसमक्ष कुनै सावधानकर्ता आएमा तिनीहरूले अन्य समुदायभन्दा बढी मार्गदर्शन स्वीकार गर्ने वाला हुनेछन् । तर जब तिनीहरूसमक्ष एक जना सावधानकर्ता को आगमन भयो तब तिनीहरू सत्यबाट अझै टाढा भए । ४३- तिनीहरूले धर्तीमा घमण्ड गरे, चलखेल गरे र चलखेल गर्नेहरूलाई तिनीहरूको चलखेलले नै आफ्नो घेरामा लिने गर्छ । के यिनीहरू त्यसै अटल कानुनको प्रतीक्षा गर्दैछन् जो विगतका मानिसहरूमा लागु भयो ?! ईश्वरको नीति-नियममा तपाईंले कुनै परिवर्तन पाउनुहुन्न, तपाईंले ईश्वरको नीति-नियममा कुनै फेरबदल पाउनुहुन्न । ४४- के यिनीहरूले धर्तीमा घुम फिर गरेनन् ताकि तिनीहरूले देखुन् कस्तो भयो विगतका झूठा ठहर गर्नेहरूको परिणाम ? जब कि तिनीहरू बढि शक्तिशाली थिए । ईश्वरलाई कसैले पनि विवश पार्न सक्दैन न त आकाशहरूमा न पृथ्वीमा । निस्सन्देह उहाँ प्रभुत्वशाली र सर्वज्ञ हुनुहुन्छ ।

४५- मानिसहरूले गरेको अवज्ञा र पापको लागि यदि ईश्वरले तत्कालै पकड गरेर सजाय दिनुहुन्थ्यो भने सबै धर्ती बासी, तिनीहरूका चौपाया र धन-सम्पत्तिलाई सर्वनाश पार्नुहुन्थ्यो । तर ईश्वर एउटा निश्चित अवधी महाप्रलयसम्म अवसर दिनुहुन्छ जसको ज्ञान मात्र उहाँलाई छ । अनि जब महाप्रलय आउनेछ

तब ईश्वरले सबै भक्तहरूलाई देख्नुहुनेछ। उहाँबाट केही पनि लुकेको छैन। उहाँले तिनीहरूका कर्महरूको बदला दिनुहुनेछ, राम्रो कर्मको राम्रो बदला र नराम्रो कर्मको नराम्रो बदला।

## सूरह या. सीन.- ३६

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- या. सीन.। २- कसम छ विवेकपूर्ण कुर्आनको। ३- निस्सन्देह तपाईं रसूलहरूमध्ये हुनुहुन्छ। ४- एकदमै सीधा मार्गमा। ५- यो प्रभुत्वशाली र दयावान ईश्वरको तर्फबाट अवतरित भएको छ। ६- ताकि तपाईंले ती मानिसहरूलाई सावधान गर्नुहोस् जसका पूर्वजहरूलाई सावधान गरिएन, अनि तिनीहरू बेखबर छन्।

७- यिनीहरूमध्ये अधिकांशमाथि कुरा अनिवार्य भइसकेको छ तिनीहरूले आस्था ल्याउने छैनन्। ८- हामीले तिनीहरूको घाँटीमा नेल बाँधेका छौं, जो तिनीहरूको चिउडो सम्म छ जसले गर्दा तिनीहरूका टाउको माथि माथि उठ्दैछ। ९- हामीले तिनीहरूका अगाडि एउटा अडेस राखि दिएका छौं र एउटा अडेस पछाडि राखि दिएका छौं र तिनीहरूलाई छोपि दिएका छौं जसले गर्दा तिनीहरू हेर्न सक्दैनन्। १०- तपाईंले तिनीहरूलाई सावधान गराउनुहोस् वा न गराउनुहोस् तिनीहरूले आस्था ल्याउने छैनन्। ११- तपाईंले मात्र ती मानिसहरूलाई सावधान गराउन सक्नुहुन्छ जो उपदेशको अनुसरण गरुन् र ईश्वरसित डराउन्। र यस्ता मानिसहरूले मात्र लाभ उठाउनेछन् जसले यस कुर्आनको पुष्टि गरे, त्यसमा रहेको सन्देशको अनुसरण गर्छन् र ईश्वरसित न देखिकन डराउँछन्। यस्ता मानिसहरूलाई क्षमादान र सम्मानित प्रतिदानको शुभसूचना दिनुहोस्।

१२- हामीले अवश्य नै मृतहरूलाई जीवित पार्नेछौं। हामीले लेख्दैछौं जो

तिनीहरूले अगाडि पठाएका छौं र जो तिनीहरूले पछाडि छोडेका छन् । हामीले सबै कुराहरूलाई लौहे महफूज (सुरक्षित पेटिका) मा लेख्दैछौं ।

१३- यिनीहरूलाई गाउँ बासीको सत्य कथा सुनाउनुस् । जब तिनीहरूकहाँ रसूल आए । १४- जब कि हामीले तिनीहरूकहाँ दुई जना रसूलहरू पठायौं । तिनीहरूले दुवै रसूलहरूलाई झूठा ठहर गरे । अनि हामीले तेस्रो रसूल पठाए । उनीहरूलृ भने- हामीहरूलाई तिमीहरूसमक्ष पठाइएको छ । १५- मानिसहरूले भने- तिमीहरू हामीहरू जस्तै मानव हौ । तिमीहरूमाथि करुणामय (ईश्वर) ले कुनै प्रकाशना अवतरण गर्नुभएको छैन । तिमीहरू मात्र झूठो बोल्दैछौ । १६- उनीहरूले भने- ईश्वरलाई थाहा छ निस्सन्देह हामीहरू उहाँतर्फबाट पठाइएका हौं । १७- हामीहरूको जिम्मेवारी स्पष्टरूपमा पुर्याउनु मात्र हो । १८- मानिसहरूले भने- हामीहरूले तिमीहरूलाई अशुभ ठान्छौं । यदि तिमीहरूले बन्द गरेनौ भने हामीहरूले तिमीहरूलाई ढुङ्गामुडा बर्साएर मारिदिनेछौं र तिमीहरूलाई खुबै कष्ट पुग्नेछ । १९- उनीहरूले भने- तिमीहरूको अशुभ मान्नु तिमीहरूको साथमा छ । के यति सानो कुरामा कि तिमीहरूलई उपदेश दिइयो ? बरु तिमीहरू सीमा उल्लंघनकारी हौ ।

२०- शहरको टाढा स्थानबाट एकजना दगुर्दै आए र भने- हे मेरा समुदाय ! रसूलहरूको अनुसरण गर । २१-यस्ता रसूलहरूको अनुसरण गर जो तिमीहरूसित कुनै प्रतिदान माग्दैनन् । उनीहरू सीधा मार्गमा छन् ।

२२- म किन भक्ति न गरुँ त्यस ईश्वरको जसले मेरो सृष्टि गर्नु भयो र तिमीहरू उहाँतर्फ नै फर्केर जानेछौ ?! २३- के म उहाँलाई छोडेर अरूलाई उपास्य बनाउँ ?! यदि करुणामय (ईश्वर) ले मलाई कुनै कष्ट पुर्याउन चाहेमा यिनीहरूको सिफारिशले कुनै फाइदा पुर्याउने छैन, न तिनीहरूले मलाई छुटाउन सक्नेछन् । २४- निस्सन्देह त्यति खेर म ठूलो पथभ्रष्टतामा हुनेछु । २५- मैले तिमीहरूको पालनकर्तामाथि आस्था ल्याएको छु । तिमीहरू पनि मेरो कुरा मान । २६- भनियो- स्वर्गमा प्रवेश

गर । उनले भने- मेरो समुदायले जानेको भए कति जाति हुने थियो, २७- कि मेरो पालनकर्ताले मलाई क्षमा प्रदान गर्नु भयो र मलाई सम्मानित मानिसहरूमा सामेल गर्नु भयो ।

२८- त्यसपछि हामीले त्यसको समुदायमाथि कुनै सैन्य दल हामीले पठाएनौं र हामीलाई सैन्य दल पठाउने आवश्यता पर्दैन । २९- अनि भयङ्कर विसफोट भयो अनि तिनीहरू सबै पूर्णरूपमा निभे । ३०- अपसोच भक्तहरूप्रति, जुन सुकै रसूल तिनीहरूसमक्ष आए, तिनीहरूले उनको ठट्टा नै गरे । ३१- के तिनीहरूले देखेनन्- हामीले विगतका कति पय समुदायहरूको सर्वनाश गर्यौं ? अब तिनीहरू फिर्ता आउने छैनन् । ३२- तिनीहरूमध्ये कोही छैन जसलाई एकत्रित गरेर हामीसमक्ष हाजिर गरिने छैन ।

३३- एउटा निशानी तिनीहरूका लागि मृत भूमि हो । त्यसलाई हामीले जीवित पार्यौं र त्यसमा अन्न-बाली उमार्यौं, जसबाट तिनीहरू भोजन गर्छन् । ३४- त्यसमा हामीले खजुर र अङ्गुरका बगैँचाहरू सृष्टि गर्यौं र त्यसमा पानीका मूलहरू फुटायौं । ३५- ताकि मानिसहरूले त्यसका फल खाउन् । यी वस्तुहरूलाई तिनीहरूका हातले बनाएका छनन् । अनि के तिनीहरूले उहाँप्रति आभार प्रकट गर्नु पर्दैन ?। ३६- पवित्र हुनुहुन्छ ईश्वर, जसले हरेक वस्तुका जोडी बनाउनुभयो । ती वस्तुहरूको पनि जसलाई धर्तीले उमार्छ र स्वयम तिनीहरूको भित्रबाट पनि र ती वस्तुहरूबाट पनि जसलाई तिनीहरू जान्दैनन् ।

३७- एउटा निशानी तिनीहरूका लागि राति हो । हामी त्यसबाट प्रकाशलाई तान्छौं अनि तिनीहरू अन्धकारमा रहन् पुग्छन् । ३८- सूर्य आफ्नो रुकेको मार्गमा जाँदै गर्छ । यो प्रभुत्वशाली र सर्वज्ञ निर्धारित अनुमान हो । ३९- चन्द्रमा को लागि हामीले गन्तब्यहरू निर्धारण गरेकाछौं । यहाँसम्म कि त्यो खजुरको सुकेको पात झैं हुन पुग्छ । ४०- न त सूर्यसंग चन्द्रमालाई समात्ने शक्ति छ न रात दिन भन्दा पहिला आउन सक्छ । सबै आ-आफ्नो परिधामा तैर्दैछन् ।

४१- एउटा निशानी यो पनि हो कि हामीले उनीहरूका नसललाई भरिएका डुङ्गामा सवार गरायौं। ४२- हामीले उनीहरूका लागि त्यस्तै खालका अन्य वस्तुहरू पनि सृष्टि गर्यौं, जसमाथि तिनीहरू सवारी गर्छन्। ४३- यदि हामीले चाहेमा तिनीहरूलाई डुबाउन सक्छौं अनि न त कोही गुनासो सुन्ने वाला हुनेछ न त तिनीहरू जोगाइनेछन्। ४४- तर यो हाम्रो कृपा हो र तिनीहरूलाई एउटा निर्धारित समयसम्म फाइदा दिनुछ।

४५- जब तिनीहरूलाभनिन्छ- सावधान ! जो तिमीहरूको अगाडि छ र जो तिमीहरूको पछाडि छ ताकि तिमीहरूमाथि कृपा गरियोस्। ४६- तिनीहरूका पालनकर्ताका निशानीहरूमध्ये कुनै निशानी यस्तो आउँदैन जसबाट तिनीहरू पिठ्यूँ फर्काउँदैनन्। ४७- जब यिनीहरूलाई ईश्वरले प्रदान गर्नुभएको मध्ये खर्च गर तब नकार्नेहरूले आस्थावानहरूलाई भन्छन्- के हामीले त्यस्ता मानिसहरूलाई खुवाउँ, जसलाई ईश्वरले खुवाउन चाहेमा खुवाउनु हुने थियो ?! तिमीहरू स्पष्ट पथभ्रष्टतामा छौ।

४८- यिनीहरू भन्छन्- यो वाचा कहिले पूरा हुनेछ यदि तिमीहरू सच्चा हौ ?! ४९- यिनीहरू मात्र कर्कश ध्वनीको प्रतीक्षमा छन्, जसले तिनीहरूलाई समात्नेछ र तिनीहरू वादविवाद गरि राख्नेछन्। ५०- अनि तिनीहरू न त उपदेश दिन सक्नेछन् र न मानिसहरूतर्फ फर्कन सक्नेछन्। ५१- जब सूरमा फुकिनेछ तब तिनीहरू आ-आफ्ना चिहानबाट निस्केर आफ्ना पालनकर्तातर्फ हिँड्नेछन्। ५२- तिनीहरूले भन्नेछन्- हाय हाम्रो दुर्ताग्य ! हामीहरूलाई कसले हाम्रा चिहानहरूबाट निकाल्यो ?! यो त्यही हो जसको वाचा करुणामय (ईश्वर) ले गर्नुभएको थियो र रसूलहरूले सत्य भनेका थिए। ५३- त्यो कर्कश ध्वनी हुनेछ अनि अनि सबै जम्मा गरिएर हामीसमक्ष पुर्याइनेछन्।

५४- अनि आजको दिन कसै माथि अत्याचार गरिने छैन र तिमीहरूलाई त्यही मिल्नेछ जो तिमीहरू गर्दै थियौ। ५५- निस्सन्देह स्वर्गबासीहरू आज आफ्ना

कर्यमा मग्न हुनेछन् । ५६- उनीहरू श्रीमतीहरूसँग छायाँमा आफ्नी पलङ्गमा सिरानी लगाएर बसेका हुनेछन् । ५७- उनीहरूका लागि त्यहाँ फलफूलहरू हुनेछन् र उनीहरूका लागि ती सबै हुनेछन् जो उनीहरूले माग गर्नेछन् । ५८- उनीहरूलाई सलाम पुर्याइनेछ अत्यन्त दयावान ईश्वरको तर्फबाट ।

५९- हे अपराधीहरू हो ! आज तिमीहरू अलग होउ । ६०- हे आदमका सन्तान ! के मैले तिमीहरूलाई उपदेश दिएको थिइनँ- शैतानको अनुसरण नगर । निस्सन्देह त्यो तिमीहरूको स्पष्ट शत्रु हो । ६१- यो कि तिमीहरू मात्र मेरो भक्ति गर, यही सीधा मार्ग हो । ६२- शैतानले तिमीहरूमध्ये धैरै जनालाई बहकायो । अनि के तिमीहरू बुझि राखेका थिएनौ ?! ६३-  यो हो नर्क, जसको वाचा तिमीहरूसित गरिएको थियो । ६४- अब आफ्नो इन्कारको बदलामा यसमा प्रवेश गर । ६५- आज हामीले तिनीहरूको तिनीहरूको मुखमाथि मोहर लगाइदिनेछौं र तिनीहरूका हातले हामीसंग र तिनीहरूले गरेको कार्यको बारेमा तिनीहरूका खुट्टाहरूले गवाही दिनेछन् ।

६६- यदि हामीले चाहेका भए तिनीहरूका आँखाहरू खोस्न सक्ने थियौं, अनि तिनीहरू देख्न सक्ने थिएनन् । फेरि तिनीहरू बाटोतर्फ देखेमा त्यो कहाँ देखा पर्ने थियो । ६७- यदि हामीले चाहेका भए तिनीहरूको स्थानमा तिनीहरूको रूप बदलने थियौं अनि तिनीहरू अगाडि जान सक्ने थिए र न पछाडि फर्कन सक्ने थिए । ६८- हामीले जसको उमेर लामो गर्छौं, उसलाई उसको सृष्टिमा पछाडि फर्काइदिन्छौं । के तिनीहरू बुझ्दैनन् ।

६९- हामीले उहाँलाई कविता सिकाएनौं र यो उहाँको लागि उचित पनि छैन । यो त मात्र एउटा उपदेश र स्पष्ट कुर्आन हो । ७०- ताकि उहाँले ती मानिसहरूलाई डराउन् जो जीवित छन्, ताकि नकार्नेहरूमाथि प्रमाण प्रमाणित होस् ।

७१- के तिनीहरूले देखेनन्- हामीले आफ्ना हातले बनाएका वस्तुहरूमध्ये तिनीहरूका लागि चौपायाहरू सृष्टि गर्यौं, अनि तिनीहरू त्यसका मालिक

हुन् । ७२- हामीले चौपायाहरूलाई तिनीहरूका अधिनमा गरिदियौं । अनि तिनीहरूमध्ये केही उनीहरूका सवारी हुन् र केहीका मासु खान्छन् । ७३- उनीहरूका लागि त्यसमा फाइदा छन् र पिउने वस्तु पनि । के तिनीहरूले आभार व्यक्त गर्दैनन् ?! ७४- तिनीहरूले ईश्वरलाई छोडेर अन्य उपास्यहरू बनाएका छन्, शायद तिनीहरूको मद्दत गरियोस् । ७५- तिनीहरूले कुनै मद्दत गर्न सक्छने छैनन् र तिनीहरू उनीहरूका सैनिक बनाइएर हाजिर गरिनेछन् । ७६- अनि तिनीहरूका कुराले तपाईंलाई चिन्तित न पारोस् । तिनीहरूले लुकाउने र व्यक्त गर्ने कुरासित हामी अवगतछौं ।

७७- के मानवले देखेन- हामीले उसलाई विर्यबाट सृष्टि गर्यौं अनि ऊ धेरै झगडालु बन्यो ? ७८- के ऊ हामीसंग उदाहरण जोड्यो र ऊ आफ्नो सृष्टिलाई बिर्साइ दियो । ऊ भन्छ- हाडलाई कसले जीवित पार्नेछ जब त्यो सडेर जान्छ ? ७९- भन्नुहोस्- उसलाई उहाँले जीवित पार्नुहुनेछ जसले पहिलो पटक सृष्टि गर्नु भयो । उहाँ हरेक तरिकाबाट सृष्टि गर्ने ज्ञान राख्नु हुन्छ । ८०- उहाँ नै हुनुहुन्छ जसले तिमीहरूका लागि हरियो रुखबाट आगो सृष्टि गर्नुभयो जसबाट तिमीहरू आगो बाल्छौ । ८१- के जुन ईश्वरले आकाशहरू र पृथ्वी सृष्टि गर्नु भयो उहाँ ती जस्तैलाई सृष्टि गर्ने सामर्थ्य राख्नुहुन्न ? किन नहुनु, उहाँ अवश्य यस कार्यको सामर्थ्य राख्नुहुन्छ । उहाँ नै असल सृष्टिकर्ता र ज्ञाता हुनुहुन्छ । ८२- उहाँको मामिला त यो छ कि जब उहाँ कुनै वस्तु सृष्टि गर्ने इरादा गर्नुहुन्छ तब भन्नुहुन्छ, भइ हाल, अनि त्यो हुन पुग्छ । ८३- पवित्र हुनुहुन्छ ईश्वर जसको हातमा सबै कार्यको अधिकार छ र उहाँतर्फ नै फर्काएर लगिनेछौ ।

# सूरह अस्साफ्फात- ३७

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- कसम छ ती फरिश्ताहरूको जो पङ्कतिबद्ध भएर लामबन्दी गर्छन् । २- जो बेस्सरी हप्काउँछन् । ३- अनि जो उपदेश दिन्छन्, ४- कि तिमीहरूका पूज्य एक मात्र हुनुहुन्छ । ५- आकाशहरू तथा पृथ्वीका पालनकर्ता, ती दुवैबीच रहेका वस्तुहरू र सम्पूर्ण पूर्वहरूको पालनकर्ता ।

६- हामीले लोकको आकाशलाई ताराहरूको सुन्दरताबाट सजाएकाछौं । ७- र प्रत्येक उद्दण्ड शैतानबाट सुरक्षित गरेकाछौं ।

८- तिनीहरू मलए आला (उच्चतम महुभा) मा कान थापन सक्दैनन्, हरेक तर्फबाट प्रहार गरिन्छन् । ९- धपाउनको लागि, र तिनीहरूका लागि सधैंको यातना छ । १०- यदि कुनै शैतानले कुनै कुरा सुन्न सफल हुन्छ भने एउटा दनकदो ज्वालाले उसको पीछा गर्छ ।

११- तिनीहरूलाई सोध्नुहोस्- के तिनीहरूको सृष्टि गाह्रो छ वा ती वस्तुहरूको जो हामीले सृष्टि गरेका छौं ? हामीले मानवको सृष्टि टासिने माटोबाट गर्यौं । १२- बरु तपाईं अचम्म मान्नु हुन्छ र तिनीहरू ठट्टा गर्दैछन् । १३- जब तिनीहरूलाई उपदेश दिइन्छ तब तिनीहरू पाठ लिँदैनन् । १४- जब तिनीहरू कुनै नि+शानी देख्छन् तब ठट्टा गर्छन् । १५- तिनीहरू भन्छन्- यो त स्पष्ट जादू हो । १६- के जब हामी मर्छौं र सडेर माटोमा मिसिन्छौं के तब फेरि हामी जीवित पारिनेछौं ?! १७- के हामीअघि मरेका हाम्रा पूर्वजहरू पनि ?! १८- भन्नुहोस्- अँ, र तिमीहरू विवश पनि हुनेछौ ।

१९- त्यो एउटा डाँट हुनेछ, अनि तत्कालै तिनीहरू देख्न थाल्नेछन् । २०- र भन्नेछन्- हाय हाम्रो बर्बादी ! यो त बदला दिइने दिन हो । २१- यो त्यही निर्णयको दिन हो जसलाई तिमीहरूझूठो ठहर गर्दै थियौ । २२- भेला गर अत्याचारी,

तिनीहरूका साथीहरूलाई र ती उपास्यहरूलाई, २३- जसको पूजा तिनीहरू गर्दथे ईश्वरबाहेक। अनि तिनीहरूलाई नर्कको बाटो देखाउ। २४- तिनीहरूलाई रोक, तिनीहरूसँग सोधपूछ गर्नुछ। २५- तिमीहरूलाई के भएको छ कि एक अर्काको मद्दत गर्दैनौ ?! २६- बरु आज तिनीहरू आज्ञाकारी छन्।

२७- तिनीहरू एक अर्कातर्फ फर्केर प्रश्न उत्तर गर्नेछन्। २८- भन्नेछन्- तिमीहरू हामीसमक्ष दाहिने तर्फबाट आउने गर्थ्यौ। २९- उनीहरूले जवाफ दिनेछन्- बरु तिमीहरू आफैं आस्था ल्याउने वाला थिएनौ। ३०- तिमीहरूमाथि हाम्रो कुनै जोड जबरदस्ती थिएन बरु तिमीहरू आफैं उद्दण्ड मानिसहरू थयौ। ३१- अनि हामीहरू सबैमाथि हाम्रो ईश्वरको वचन सत्य सिद्ध भयो- हामीहरूले त्यसको स्वाद चाख्नै पर्छ। ३२- हामीले तिमीहरूलाई पथभ्रष्ट पार्यौं र हामी स्वयम पनि पथभ्रष्ट थियौं। ३३- त्यस दिन तिनीहरू सबै यातनामा एकसाथ ग्रस्त हुनेछन्।

३४- हामी अपराधीहरूसंग यस्तै गर्छौं। ३५- तिनीहरू ती मानिसहरू थिए जब तिनीहरूलाई भनिन्थ्यो- ईश्वरबाहेक अन्य कोही पूज्य छैन तब तिनीहरूले घमण्ड गर्थे। ३६- र भन्थे- के हामीले एक जना बौलाहा कविको कुरामा आएर आफ्ना भगवानहरूको पूजा गर्न छोडि देऔं ?! ३७- बरु उहाँ सत्य लिएर आउनुभएको छ र रसूलहरूको भविष्यवाणीको अनुरूप छ। ३८- निस्सन्देह तिमीहरूले पीडादायी यातना भोग्नु पर्ने हन्छ। ३९- तिमीहरूलाई त्यसैको बदला दिइँदै छ जो तिमीहरू गर्दै थियो।

४०- तर जो ईश्वरले चयन गर्नुभएका भक्तहरू हुन् , ४१- उनीहरूका लागि उत्तम जीविका हुनेछ। ४२- फलफूलहरू। उनीहरू सम्मानित जीवन बिताउने छन्। ४३- आरामदायी बगैंचाहरूमा। ४४- उनीहरू एक अर्कातर्फ फर्केर पलङ्गमा अडेस लगाएर बस्नेछन्।

४५- उनीहरूसमक्ष यस्तो कचौरा ल्उइने जो बगी रहेको विशेष रक्सीबाट

भरिएको हुनेछ । ४६- सफा सुघ्घर र पिउनेहरूका लागि स्वादिष्ट । ४७- न त्यसमा हानि हुनेछ र न त्यसले गर्दा दिमागमा असर पर्छ । ४८- उनीहरूसँग आफ्ना दृष्टि तल राख्ने ठुला आँखा भएकी स्त्रीहरू हुनेछिन् । ४९- मानौं उनीहरू लुकाएर राखिएका फुलहरू हुन् ।

५०- उनीहरू एक अर्कतर्फ फर्केर कुरा कानी गर्नेछन् । ५१- उनीहरूमध्ये एकजनाले भन्नेछ- संसारमा मेरो एकजना साथी थियो । ५२- ऊ भन्ने गर्थ्यो- के तिमी पुष्टि गर्नेहरूमध्ये हौ ? ५३- के जब हामी मर्छौं र सडेर धुलो माटो बन्न पुग्नेछौं तब हामी बदला पाउनेछौं ? ५४- भनिनेछ- के तिमी त्यस साथीलाई नियालेर हेर्न चाहन्छौ ? ५५- उसले त्यसलाई नियाल्दा उसलाई नर्कको बीचौं बीच पाउनेछ । ५६- उनले भन्नेछ- ईश्वरको कसम ! तिमी त मलाई बर्बादै पार्न लागेका थियौ । ५७- यदि ममाथि ईश्वरको कृपा भएको भए म पनि समातिएर ल्याइनेहरूमध्ये हुने थिएं । ५८- के अब हामीले मर्नु पर्ने छैन ? ५९- सिवाय पहिलो पटक, जो हामी मरि सक्यौं । अब हामीहरूलाई कुनै यातना दिइने छैन । ६०- निस्सन्देह यही महान सफलता हो । ६१- यस्तै सफलताको लागि कर्म गर्नेहरूले कर्म गर्नुपर्छ ।

६२- के यो सत्कार बेस छ वा सिउँडीको रुख ?! ६३- हामीले त्यसलाई अत्याचारीहरूका लागि परीक्षाको साधन बनाएकाछौं । ६४- त्यो यस्तो रुख हो जो नर्कको गहिराइबाट उम्रन्छ । ६५- त्यसको बुड्गो यस्तो छ मानौं शैतानको टाउको । ६६- अनि तिनीहरूले त्यसलाई खानेछन् र आफ्ना पेट भर्नेछन् । ६७- त्यसपछि तिनीहरूलाई उम्लदो पानी मिसाएर दिइनेछ । ६८- त्यसपछि तिनीहरूको वापसी नर्कतर्फ नै हुनेछ । ६९- तिनीहरूले आफ्ना पूर्वजलाई पथभ्रष्टतामा पाए । ७०- अनि पूर्वजहरूको पदचिन्हमाथि अन्धविश्वासका साथ हिँड्न थाले । ७१- यिनीहरूअघि विगतका अधिकांश समुदायहरू पथभ्रष्ट भए । ७२- हामीले तिनीहरूमा पनि सावधानकर्ता पठायौं । ७३- हेर्नुहोस्, कस्तो भयो

तिनीहरूको परिणाम जसलाई सावधान गराइएको थियो । ७४- सिवाय ती मानिसहरूको जसलाई ईश्वरले चयन गर्नुभयो ।

७५- नूहले हामीलाई पुकारे, अनि हामी कति राम्रो पुकार सुन्नेवाला छौं । ७६- हामीले उनलाई र उनका अनुयायीहरूलाई एउटा ठूलो चिन्ताबाट जोगायौं । ७७- हामीले उनको नसललाई बाकि रहनेवाला बनायौं । ७८-हामीले उनको तरिका पछिल्लाहरूमध्ये एउटा समूलाई छोड्यौं । ७९- सलाम छ नूह को लागि सम्पूर्ण संसारमा । ८०- हामीले सुकर्मीहरूलाई यस्तै बदला दिने गर्छौं । ८१- निस्सन्देह उनी हाम्रा आस्थावान भक्तहरूमध्ये थिए । ८२- अन्य सबैलाई हामीले डुबाइदियौं ।

८३- उनकै तरिकाको अनुसरण गर्ने इब्राहीम पनि थिए । ८४- जब उनी आए पवित्र तथा स्वच्छ हृदय लिएर आफ्ना पालनकर्तानजिक । ८५- जब उनले आफ्नो बुवा र समुदयलाई भने- तिमीहरू कसको पूजा गर्छौ ?! ८६- के तिमीहरू ईश्वरलाई छोडेर मन गढन्त भगवानहरूलाई चाहन्छौ ? ८७-  जगतका सत्य ईश्वरको बारेमा तिमीहरूको के विचार छ ?!

८८- अनि इब्राहीम ले तारातर्फ हेरे । ८९- र भने- मलाई सञ्चो छैन । ९०- तिनीहरूले उनलाई छोडेर गए । ९१- अनि इब्राहीम मूर्तीतर्फ गए र भने- के तिमीहरू खाँदैनौ ?! ९२- तिमीहरू किन कुरा गर्दैनौ ?! ९३- अनि इब्राहीम ले तिनीहरूलाई बेस्सरी कुटे । ९४- अनि मानिसहरू दगुर्दै उनीतर्फ आए ।

९५- इब्राहीमले भने- के तिमीहरू आफ्नै हातले बनाएको मूर्तीको पूजा गर्छौ ?! ९६- जबकि तिमीहरू र तिमीहरूको र जो तिमीहरू बनाउँछौ सबैको सृष्टि ईश्वरले गर्नुभयो । ९७- तिनीहरूले भने- उसको लागि एउटा घर बनाउ अनि इब्राहीमलाई दन्कदो आगोमा फ्याँकि देउ । ९८- उनको समुदायले उनी विरुध्द षडयन्त्र गरे तर हामीले तिनीहरूलाई विफल पार्यौं । ९९- उनले भने- अब म आफ्नो पालनकर्तातर्फ जाँदैछु, उहाँले मलाई सीधा मार्ग देखाउनुहुनेछ । १००- हे

मेरा पालनकर्ता ! मलाई सुकर्मी सन्तानहरू प्रदान गर्नुहोस् । १०१- अनि उनलाई एउटा सहनशील छोराको शुभसूचना दियौं ।

१०२- जब उनी भाग दौड गर्ने उमेरमा पुगे तब उनले भने- हे मेरा पुत्र ! मैले सपनामा तिम्रो बलि गरिरहेको देखें । यस बारेमा तिम्रो के विचार छ ? उनले जवाफ दिए- यदि ईश्वरले मेरो बलि गर्ने आदेश दिनुभएको छ भने अवश्य गर्नुहोस् । ईश्वरको आदेशसमक्ष मलाई धैर्यवान र राजी खुशी पाउनुहुनेछ । १०३- जब दुवै जना ईश्वरको लागि समर्पित भए तब इब्राहीम ले छोरालाई अनुहारको बल सुताए । १०४- हामीले पुकार्यौं- हे इब्राहीम ! १०५- तिमीले देखेको सपनालाई साकार पार्यौ । हामी सुकर्मीहरूलाई यस्तै बदला दिने गर्छौं । १०६- निस्सन्देह यो स्पष्ट परीक्षा थियो । १०७- हामीले ठूलो बलिको सट्टामा उनलाई छुटायौं । १०८- हामीले उनको तरिकामाथि पछिल्ला मानिसहरूमध्ये एउटा समूहलाई छोड्यौं । १०९- सलाम छ ईब्राहीममाथि । ११०- हामी सुकर्मीहरूलाई यस्तै बदला दिने गर्छौं । १११- निस्सन्देह उनी हाम्रा आस्थावान भक्तहरूमध्ये थिए । ११२- हामीले उनलाई इस्हाक को शुभसूचना दियौं, सत्कर्मीहरूमध्ये एक जना नबी । ११३- हामीले उनलाई र इस्हाकलाई बर्कतयुक्त (मङ्गलमय) बनायौं । ती दुवैका सन्तानहरूमध्ये राम्रा पनि छन् र आफूमाथि अत्याचार गर्नेहरू पनि ।

११४- हामीले मूसा र हारूनमाथि उपकार गर्यौं । ११५- हामीले उनीहरू र उनीहरूका समुदायलाई एउटा ठूलो संकटबाट मुक्ति प्रदान गर्यौं । ११६- हामीले उनीहरूको मद्दत गर्यौं, अनि उनीहरू विजय प्राप्त गरे । ११७- हामीले उनीहरू दुवैलाई स्पष्ट किताब प्रदान गर्यौं । ११८- हामीले दुवै जनालाई सीधा मार्ग देखायौं । ११९- हामीले पछि आउने समुदायहरूमध्ये एउटा समूहलाई उनीहरूको तरिकामा छोड्यौं । १२०- सलाम छ मूसा तथा हारूनमाथि । १२१- हामी सुकर्मीहरूलाई यस्तै बदला दिन्छौं । १२२- निस्सन्देह उनीहरू दुवै हाम्रा आस्थावान भक्तहरूमध्ये थिए ।

१२३- इल्यास पनि ईश्दूतहरूमध्ये थिए । १२४- जब उनले आफ्नो समुदायलाई भने- १२५- के तिमीहरूलाई डर लाग्दैन । के तिमीहरू बअललाई पुकार्छौ र सर्वोत्तम सृष्टिकर्तालाई छोड्छौ ? १२६- सत्य ईश्वरलाई, जो तिमीहरूका पनि पालनकर्ता हुनुहुन्छ र तिमीहरूका पूर्वजहरूको पनि । १२७- तिनीहरूले इल्यासलाई झूठो ठहर गरे, तसर्थ तिनीहरू समातिनेहरूमध्ये हुनेछन् । १२८- सिवाय ईश्वरका विशेष भक्तहरू । १२९- हामीले उनको तरिकामाथि पछि आउने समुदायहरूमध्ये एउटा समूहलाई छोड्यौं । १३०- सलाम होस् इल्यास माथि । १३१- हामी सत्कर्मीहरूलाई यस्तै बदला दिने गर्छौं । १३२- निस्सन्देह उनी हाम्रो आस्थावान भक्तहरूमध्ये थिए ।

१३३- निस्सन्देह लूत पनि रसूलहरूमध्ये थिए । १३४- जब हामीले उनलाई र उनका अनुयायीहरूलाई मुक्ति प्रदान गर्यौं । १३५- सिवाय उनकी बूढी जो पछि रहनेहरूमध्ये थिइ । १३६- त्यसपछि हामीले अन्य मानिसहरूलाई सर्वनाश गर्यौं । १३७- तिमीहरू तिनीहरूको बास-स्थान हुँदै आवतजावत गर्छौ, बिहानिको समयमा । १३८- र रातको समयमा पनि ।

१३९- निस्सन्देह यूनुस पनि रसूलहरूमध्ये थिए । १४०- जब उनी भागेर भरिएको डुङ्गासम्म पुगे । १४१- चिट्ठा निकाल्दा उनी नै गलती गर्नेवाला पाइए । १४२- उनलाई माछाले निल्यो अनि उनी आत्म-निन्दा गर्न थाले । १४३- यदि उनी महमागान गर्नेहरूमध्ये नभएको भए १४४- मानिसहरूको पुनर्जन्मसम्म माछाको पेटमै रहने थिए । १४५- अनि हामीले उनलाई एउटा चौरमा हालि दिएं र उनी अति कमजोर थिए । १४६- हामीले उनीमाथि एउटा छायाँ दिने रुख उमार्यौं । १४७- हामीले उनलाई एक लाखभन्दा बढी मानिसहरूतर्फ पठायौं । १४८- उनीहरूले आस्था ल्याए तसर्थ हामीले उनीहरूलाई एउटा निश्चित समय सम्म लाभ उठाउने मौका दियौं ।

१४९- तिनीहरूलाई सोध्नुहोस्- के तिमीहरूका पालनकर्ताको लागि

छोरीहरू छन् र तिनीहरूका लागि छोराहरू ?! १५०- के हामीले देवदूतहरूलाई स्त्री बनाएका छौं, के तिनीहरू हर्दै थिए ?! १५१- सुनि राख, तिनीहरू रचेको कुरा गर्दै थिए, १५२- कि ईश्वरका सन्तान छन्, तिनीहरू पक्का झूठा हुन् । १५३- के ईश्वरले छोराको तुलनामा छोरीलाई रोज्नुभएको छ ?! १५४- तिमीहरूलाई के भएको छ ? तिमीहरू कस्तो अन्यायपूर्ण निर्णय गर्छौ ?! १५५- के तिमीहरू बुद्धिले काम लिँदैनौ ? १५६- के तिमीहरूसँग कुनै स्पष्ट प्रमाण छ ?! १५७- यदि तिमीहरू आफ्नो दावीमा सच्चा छौ भने कुनै किताब लिएर आउ ।

१५८- तिनीहरूले ईश्वर र जिन्नबीच नातेदारी जोडेका छन् जब कि जिन्नहरूलाई थाहा छ कि तिनीहरू समातिएर हाजिर गरिनेछन् । १५९- तिनीहरूले भनेको कुराबाट ईश्वर पवित्र हुनुहुन्छ । १६०- तर जो ईश्वरले चयन गर्नुभएका भक्तहरू हुन् । १६१- तिमीहरू र ईश्वरबाहेक तिमीहरू जसको भक्ति गर्छौ, १६२- ईश्वरबाट कसैलाई फेर्न सक्दैनौ । १६३- सिवाय ती मानिसहरू जो नर्कमा जाने वाला छन् । १६४- हामीहरूमध्ये प्रत्येकको लागि एउटा विशेष स्थान छ । १६५- हामीहरू ईश्वरसमक्ष पङ्कतिबद्ध उभेका हुन्छौं । १६६- हामीहरू ईश्वरको पवित्रताको गुणगान गर्छौं ।

१६७- यिनीहरू भन्ने गर्थे- १६८- यदि हामीहरूसँग विगतका शिक्षा भएको भए १६९- हामीहरू ईश्वरका विशेष भक्त हुने थिए । १७०- अनि तिनीहरूले इन्कार गरे, तसर्थ तिनीहरूले चाँडै जान्ने छन् । १७१- हामीले पठाएका भक्तहरूको बारेमा हाम्रो निर्णय पहिला नै भइ सकेको छ । १७२- निस्सन्देह उनीहरू नै विजयी गरिनेछन् । १७३- निस्सन्देह हाम्रो सैनिक नै विजयी रहनेछन् । १७४- अनि केही समयसम्म तिनीहरूलाई बेवास्ता गर्नुहोस् । १७५- हेर्दै जानुहोस तिनीहरूले पनि चाँडै नै हेर्नेछन् ।

१७६- के यिनीहरू हाम्रो प्रकोपको लागि हतार गर्दैछन् ?! १७७- जब तिनीहरूमाथि प्रकोप अवतरण हुनेछ तब तिनीहरूको बिहानि अति नराम्रो

बिहानि हुनेछ जसलाई त्यसबाट डराइएको छ । १७८- केही समयको लागि तिनीहरूलाई बेवास्ता गर्नुहोस् । १७९- हेर्नुहोस्, तिनीहरू आफैंले पनि चाँडै नै हेर्नेछन् । १८०- तपाईंका पालनकर्ता पवित्र हुनुहुन्छ, प्रतिष्ठाका मालिक, ती कुराहरूबाट जो यिनीहरू बयान गर्दछन् । १८१- सलाम छ रसूलहरूमाथि । १८२- सबै प्रशंसाहरू ईश्वरको लागि, जो सम्पूर्ण जगतका पालनकर्ता हुनुहुन्छ ।

## सूरह साद- ३८

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- साद । कसम छ उपदेश-युक्त कुर्आनको । २- तर नकार्नेहरू घमण्ड र जिद्दीमा छन् । ३- यिनीहरूअघि कतिपय समुदायहरूलाई हामीले सर्वनाश गर्यौं, अनि पुकार्न थाले, तर त्यो समय बच्ने समय थिएन ।

४- तिनीहरूले अचम्म माने कि तिनीहरूमध्येबाट एक जना सावधानकर्ताको आगमन भयो, तब नकार्नेहरूले भने- यो जादूगर हो, झूठा हो । ५- के उसले यति धेरै उपास्यहरूलाई एक बनाइदियो, उसले त अचम्मको कुरा हो । ६- तिनीहरूका ठूला बडाहरू सक्रीय भए । आउ आफ्ना उपास्यहरूमाथि कायम रह । यो एउटा लक्षय हो । ७- यो हामीले अघिल्ला धर्ममा सुनेका छैनौं । यो रचेको कुरा हो । ८- के हामीहरूमध्ये यसै व्यक्तिमाथि ईश-वाणी अवतरण गरियो, बरु यिनीहरू हाम्रो उपदेशको बारेमा शङ्कामा छन् । बरु तिनीहरूले अहिलेसम्म हाम्रो प्रकोपको स्वाद चाखेका छैनन् ।

९- के यी तिनीहरूसँग तपाईंका पालनकर्ताको वरदानको खजाना छ ? जो प्रभुत्वशाली र दानशील हुनुहुन्छ । १०- के आकाशहरू, पृथ्वी र यी दुवैबीच रहेका वस्तुहरूका शासन-सत्ता तिनीहरूको हातमा छ ? त्यसो छ भने तिनीहरू भर्याङ लगाएर चढुन् । ११- अन्य लस्करहरूमध्ये यो एउटा लस्कर पनि बर्बाद

हुनेछ । १२- तिनीहरूअघि नूहको समुदाय र आदले र चुकुल वाला फिऔंन, १३- समूद र लूतको समुदाय र ऐकावालाले झूठा ठहर गरेका थिए। यिनीहरू ठूला ठूला समूह थिए । १४- गिनीहरूले रसूलहरूलाई झूठा ठहर गरे अनि तिनीहरूमाथि हाम्रो प्रकोप अवतरित भयो । १५- यिनीहरू मात्र एउटा कर्कश ध्वनीको प्रतीक्षामा छन्, जसपछि कुनै अवसर प्राप्त हुने छैन। १६- तिनीहरूले भने- हे हाम्रा पालनकर्ता ! हामीहरूलाई हाम्रो भाग्यको यातना महाप्रलयअघि नै दिनुहोस्।

१७- तिनीहरूले भनेको कुरामा धैर्य गर्नुहोस् र हाम्रो भक्त दाऊदलाई याद गर्नुहोस्, जो शक्तिशाली र ईश्वरतर्फ फर्कने वाला थिए। १८- हामीले पहाडलाई उनको अधिनमा दिएका थियौं, जो बिहानि बिलुका उनीसंग ईश्वरको पवित्रताको गुणगान गर्थे। १९- र चराहरूलाई पनि, तिनीहरू पनि भेला भएर। सबै ईश्वरतर्फ फर्कनेवाला थिए । २०- हामीले उनको सत्ता-शासनलाई सुदृढ पार्यौं, उनलाई तत्वदर्शिता प्रदान गर्यौं, र मामिलाहरू निर्णय गर्ने शक्ति प्रदान गर्यौं।

२१- के तपाईंलाई मुकदमा वालाको जब समाचार प्राप्तभयो, जब तिनीहरू पर्खाल नाघेर भक्ति-स्थलमा प्रवेश गरे। २२- जब तिनीहरू दाउदकहाँ पुगे तब उनी डराए। तिनीहरूले भने- नडराउनुहोस्, हामीहरू दुवै प्रतिपक्षी हौं, एकले अर्कोमाथि अत्याचार गरेको छ । तसर्थ हामीहरूबीच निसाफका साथ निर्णय गरिदिनुहोस्। बे इन्साफी न गर्नुहोस् र हामीहरूलाई ठीक मार्ग देखाउनुहोस्।

२३- यो मेरो भाइ हो र ऊसँग ९९वटा भेडीहरू छन् र मसँग एउटा भेडी मात्र छ। ऊ भन्छ- त्यो पनि मलाई हस्तान्त्रण गर । र तर्क वितर्कमा मलाई पराजित गरेको छ । २४- दाऊदले भने- तिम्रो भाइले तिमीसँग रहेको एउटा भेडी मागेर वास्तव मै तिमीमाथि अत्याचार गरेको छ। अधिकांश साझेदारहरू एक अर्कामाथि अत्याचार गर्छ, सिवाय सत्कर्मी आस्थावानहरू, तर यस्ता मानिसहरूको संख्या कम छ। यसबाट हामीले दाऊद लाई परीक्षामा हालेकाछौं

भन्ने कुरामा उनको मनमा आयो। अनि उनले आफ्ना पालनकर्तासित माफि मागे र सज्दामा खसे रुजु गरे। २५- हामीले उनको त्यस (गलती) लाई माफ गर्यौं। निस्सन्देह उनको लागि हामीकहाँ निकटता छ र राम्रो पऋणम छ।

२६- हे दाऊद ! हामीले तिमीलाई धर्तीमा खलीफा (शासक) बनायौं, अतः मानिसहरूबीच निसाफका साथ निर्णय गर र इच्छाको अनुसरण न गर। इच्छाको अनुसरणले तिमीलाई सीधा मार्गबाट पथभ्रष्ट पार्नेछ। निस्सन्देह जुन मानिसहरू सीधा मार्गबाट पथभ्रष्ट हुन्छन् तिनीहरूका लागि कडा यातना छ, किनभने तिनीहरूले हिसाबको दिनलाई बिर्सेका छन्।

२७- हामीले आकाश, पृथ्वी र यी दुवै बीच रहेका वस्तुहरूलाई बिना उद्देश्य सृष्टि गरेका छैनौं। यस्तो सोंचाइ नकार्नेहरू राख्छन्। नकार्नेहरूका लागि विनाश र आगो छ। २८- के हामीले सत्कर्मी आस्थावानलाई आतङ्कवादी जस्तो बनाउने छौं र ईशभय राख्नेहरूलाई दुष्कर्मी जस्तो बनाउने छौं ? २९- यो मङ्गलमय किताब हो जो हामीले तपाईंमाथि अवतरण गरेकाछौं, ताकि मानिसहरूले त्यसका श्लोकहरूमा चिन्तन मनन गरुन् र बुद्धिमानहरूले त्यसबाट पाठ सिकुन्।

३०- हामीले दाऊदलाई सुलैमान प्रदान गर्यौं, सर्वश्रेष्ठ भक्त। आफ्ना पालनकर्तातर्फ रुजु गर्नेवाला। ३१- जब उनीसमक्ष बेलुका तेज तथा उत्तम घोडाहरू प्रस्तुत गरिए। ३२- सुलैमानले भने- मैले ईश्वरको स्मरणमाथि सांसारिक धन-सम्पत्तिलाई प्राथमिक्ता दिएको छु। यहाँसम्म कि सूर्य अस्त भयो। ३३- घोडाहरूलाई मेरो नजिक ल्याउ। उनले पिँडुला र गर्धन झाड्न थाले।

३४- हामीले सुलैमानको परीक्षा लियौं। हामीले उनको सिंहासनमाथि शरीर राखिदियौं। फेरि उनले रुजु गरे। ३५- उनले भने- हे मेरा पालनकर्ता ! मलाई माफ गर्नुहोस् र मलाई यस्तो सत्ता-शासन प्रदान गर्नुहोस् जस्तो सत्ता-शासन अन्य कसैको लायक न होस्। निस्सन्देह तपाईं धेरै दानशील हुनुहुन्छ। ३६- अनि हामीले वायुलाई उनको नियन्त्रणमा गरिदियौं, जो उनको आदेशले नम्र गतिमा

हिँड्ने गर्थ्यो । ३७- हामीले जिन्नलाई पनि उनको नियन्त्रणमा गरि दियौं, हरेक प्रकारका कामदार र समुद्रमा डुब्की लगाउने । ३८- अन्य जो जन्जीरमा जकडेर राखिएका थिए । ३९- यो हाम्रो वरदान हो, तिमीले जसलाई दिन चाहन्छौ देऊ र जसलाई वञ्चित राख्न चाहन्छौ वञ्चित राख । ४०- उनको लागि हामी कहाँ निकटता छ र राम्रो परिणाम ।

४१- हाम्रा भक्त अय्यूबलाई याद गर्नुहोस्, जब उनले आफ्ना पालनकर्तालाई पुकारे, शैतानले मलाई कष्ट र यातना पुर्याएको छ । ४२- खुट्टाले जमिनमा हिर्काऊ । यो चिसो पानी हो, नुहाउनको लागि र पिउनको लागि । ४३- हामीले उनलाई उनको परिवार प्रदान गर्यौं र त्यसमा थपेर दियौं । आफ्नो तर्फबाट कृपा स्वरूप र बुध्दिमानहरूको लागि उपदेश स्वरूप । ४४- तिमी एउटा झाडूले श्रीमतीलाई हिर्काउ र कसम नतोड । निस्सन्देह हामीले उनलाई धैर्यवान पायौं । उनी अति राम्रो भक्त थिए । ईश्वरतर्फ धेरै फर्कने ।

४५- हाम्रा भक्त इब्राहीम, इसहाक र याकूबलाई याद गर्नुहोस् । उनीहरू हात वाला र दृष्टिवान थिए । ४६- हामीले उनीहरूलाई एउटा विशेष कुराबाट विशिष्ट पारेका थियौं र त्यो परलोकको स्मरण थियो । ४७- उनीहरू हामीकहाँ चयन गरिएकाहरू मध्ये हुन् । ४८- इस्माईल, अल-यसअ तथा जुल-किफ्ललाई याद गर्नुहोस् । यी सबै सुकर्मीहरूमध्ये थिए ।

४९- यो उपदेश हो र निस्स्न्देह ईशभय राख्नेहरूका लागि राम्रो घर छ । ५०- सधैं रहने बगैंचा, जसका ढोकाहरू उनीहरूका लागि खुल्ला रहनेछन् । ५१- उनीहरू सिरानीमा अडेस लगाएका हुनेछन् र फलफूल र पेय पदार्थ ल्याउने आदेश दिरहेका हुनेछन् । ५२- उनीहरूका लागि लजालु दँतौरी श्रीमतीहरू हुनेछिन् । ५३- यी हुन् ती वस्तुहरू जसको वाचा तिमीहरूसँग महाप्रलयको दिनको लागि गरिँदैछ । ५४- यो हो हाम्रो जीविका, जो कहिले समाप्त हुने छैन ।

५५- यो भयो कुरा र उद्दण्डहरूका लागि नराम्रो बास-स्थान छ । ५६- नर्क,

जसमा तिनीहरू पस्नेछन् । कति नराम्रो बास्-स्थान हो यो । ५७- यो उम्लिरहेको पानी र घाउबाट निस्कने पीप हो, अनि तिनीहरूले चाखुन् । ५८- यस किसिमका अन्य वस्तुहरू पनि हुनेछन् । ५९- यो एउटा गिरोह पस्दै छ । तिनीहरूका लागि कुनै स्वागत छैन । तिनीहरू आगोमा पस्ने वाला छन् । ६०- अनुयायीहरूले भन्नेछन्- बरु तिमीहरूको लागि स्वागत छैन । तिमीहरू नै हामीहरूलाई पथभ्रष्ट पारेका छौ । कति नराम्रो बास-स्थान हो यो । ६१- अनुयायीहरूले भन्नेछन्- हे हाम्रा पालनकर्ता ! हामीहरूलाई पथभ्रष्ट पार्नेहरूलाई नर्कको दोहोरो यातना दिनुहोस् । ६२- अगुवाहरूले भन्नेछन्- हामी किन ती मानिसहरूलाई नर्कमा देखि रहेका छैनौं जसलाई हामीहरू नराम्रा ठान्दथियौं । ६३- के हामीहरू उनीहरूको ठट्टा गरेका थियौं वा हामीहरूको दृष्टि बहकेका छन् ?! ६४- निस्सन्देह यो कुरा सत्य हो, नर्क बासीहरूको परस्पर झैं झगडा ।

६५- भनिदिनुहोस्- म त एक जना सावधानकरता हुँ । ईश्वरबाहेक कोही पनि भक्ति योग्य छैन, उहाँ एक मात्र हुनुहुन्छ र प्रभुत्वशाली हुनुहुन्छ । ६६- उहाँ आकाशहरू, पृथ्वी र ती दुवैबीच रहेका वस्तुहरूका पालनकर्ता हुनुहुन्छ । उहाँ प्रभुत्वशाली र क्षमाशील हुनुहुन्छ । ६७- भनिदिनुहोस्- यो एउटा ठूलो सूचना हो । ६८- तर तिमीहरू यस महान सूचनाबाट विमुख हुँदैछौ । ६९- मलाई उच्चतम संसारको कुनै जानकारी छैन जब उनीहरू परस्पर वाद विवाद गर्दै थिए । ७०- मतर्फ प्रकाशना यस कारणले आउँछ कि म स्पष्ट सावधान हुँ ।

७१- जब तपाईंको पालनकर्ताले देवदूतहरूलाई भन्नुभयो- म माटोबाट एकजना मानवको सृष्टि गर्नेछु । ७२- अनि जब म त्यसलाई ठीक पार्नेछु र थत्यसभित्र आत्मा फुक्नेछु तब तिमीहरू उनलाई ढोग । ७३- सबै देवदूतहरूले ढोगे । ७४- सिवाय इब्लीस, उसले घमण्ड गर्यो र नकार्नेहरूमध्ये बन्यो । ७५- ईश्वरले भन्नुभयो- हे इब्लीस ! तिमी कुन कारणले आदम लाई ढोगेनौ, जसलाई मैले आफ्नो दुवै हातले सृष्टि गरें ?! के तिमीले घमण्ड गर्यौं वा वा तिमी

उच्च दर्जा वाला छौ ?! ७६- उसले भन्यो- म आदम भन्दा श्रेष्ठ छु । तपाईंले मलाई आगोबाट सृष्टि गर्नुभयो र उनलाई माटोबाट । ७७- ईश्वरले भन्नुभयो- तिमी स्वर्गबाट निस्क । तिमी तिरस्कृत छौ । ७८- महाप्रलयसम्म तिमीमाथि मेरो धिक्कार छ ।

७९- इब्लीसले भन्यो- हे मेरा पालनकर्ता ! मलाई त्यस दिनसम्म अवसर दिनुहोस् जब मानिसहरू पुनः जीवित पारेर उठाइनेछन् । ८०- ईश्वरले भन्नुभयो- तिमीलाई अवसर दिइयो । ८१- एउटा निश्चित दिनसम्म । ८२- इब्लीसले भन्यो- तपाईंको सम्मानको कसम ! म यी सबैलाई पक्कै पथभ्रष्ट पार्नेछु । ८३- सिवाय तपाईंका ती भक्तहरू जसलाई तपाईंले विशिष्ट पार्नु भएको छ । ८४- ईश्वरले भन्नुभयो- यो सत्य हो र म मात्र सत्य कुरा भन्छु । ८५- मैले तिमीहरूबाट र तिमीहरूको अनुसरण गर्नेहरूबाट म अवश्य नै नर्कलाई भर्नेछु ।

८६- भनिदिनुहोस्- म यसप्रति तिमीहरूबाट कुनै प्रतिदान माग्दिन र मलाई त्यसको जिम्मा पनि दिइएको छैन । ८७- यो त मात्र उपदेश हो संसारबसीहरूका लागि । ८८- तिमीहरूले यसले दिएको सूचनालाई अवश्य नै जान्नेछौ ।

# सूरह अज्जुमर- ३९

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- यो किताब ईश्वरको तर्फबाट अवतरित गरिएको छ जो प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ । २- निस्सन्देह हामीले तपाईंमाथि यो किताब सत्यका साथ अवतरित गरेका छौं । अतः तिमीहरू मात्र एक ईश्वरको भक्ति गर, उहाँकै लागि धर्मलाई विशिष्ट पार्दै । ३- जानिराख ! ईश्वरकै लागि स्वच्छ र पवित्र धर्म हो । ईश्वरलाई छोडेर तिनीहरूले अन्य सहयोगी-मित्र बनाएका छन् यो तर्क दिँदै कि यिनीहरूले हामीहरूलाई ईश्वरसँग नजिक पार्नेछन् । यिनीहरूले जुन कुरामा विभेद गर्छन्

त्यसको बारेमा ईश्वरले अवश्य निर्णय गर्नुहुनेछ। ईश्वर झूठो ठहर गर्ने र सत्यलाई नकार्नेहरूलाई सीधा मार्ग देखाउनुहुन्न।

४- यदि ईश्वरले कसैलाई आफ्नो पुत्र ग्रहण गर्न चाहेमा आफ्ना प्राणीहरूमध्ये कसैलाई पनि पुत्र ग्रहण गर्न सक्नु हुन्थ्यो। तर ईश्वर पवित्र हुनुहुन्छ। ईश्वर एकमात्र र प्रभुत्वशाली हुनुहुन्छ। ५- ईश्वरले आकाशहरू र पृथ्वीलाई सत्यका साथ सृष्टि गर्नुभयो। उहाँले रातलाई दिनमा र दिनलाई रातमा प्रवेश गराउनुहुन्छ। उहाँले सूर्य र चन्द्रमालाई आफ्नो अधीनमा राख्नुभएको छ। प्रत्येक निश्चित समयसम्म गतिशील छ। सुन, ईश्वर प्रभुत्वशाली र क्षमाशील हुनुहुन्छ।

६- हे मानव ! ईश्वरले तिमीहरूको सृष्टि एक जना व्यक्तिबाट गर्नुभयो र उनीबाट नै उनको जोडी बनाउनु भयो। उहाँले नै तिमीहरूका लागि भाले पोथी जनावरका आठवटा जोडी सृष्टि गर्नुभयो। उहाँले तिमीहरूको सृष्टि तिमीहरूका आमाका गर्भमा गर्नु हुन्छ, एउटा सृष्टिदेखि अर्को सृष्टि, तीन वटा अन्धकारमा। सत्य ईश्वर नै तिमीहरूका पालनकर्ता हुनुहुन्छ। सत्ता शासन उहाँ कै छ। उहाँबाहेक कोही भक्ति-योग्य छैन। अनि तिमीहरू कहाँ फेरिँदैछौ ?!

७- यदि तिमीहरू इन्कार गर्छौ भने ईश्वरलाई तिमीहरूको आवश्यक्ता छैन। उहाँले यो कुरा मन पराउनुहुन्न कि भक्तहरूले उहाँलाई नकारुन्। यदि तिमीहरू आभार व्यक्त गर्छौ भने उहाँले यो कुरा मन पराउनु हुन्छ। कुनै पनि व्यक्तिले अर्को व्यक्तिको भार बोक्ने छैन। फेरि तिमीहरू सबै आफ्ना पालनकर्तातर्फ नै फर्काइनेछौ, अनि तिमीहरूले गरेका कार्यहरूबारे उहाँले सूचित गर्नुहुनेछ। निस्सन्देह उहाँ हृदयहरूमा रहेका कुराहरूलाई जान्नुहुन्छ।

८- जब मानवलाई कुनै कष्ट पुग्छ तब आफ्ना पालनकर्तातर्फ फर्केर उहाँलाई पुकार्छ। जब उहाँले आफ्नो तर्फबाट वरदान प्रदान गर्नुहुन्छ तब त्यस कष्टलाई बिर्सन्छ जसको लागि उसले ईश्वरलाई पुकार्दै थियो र अरूलाई ईश्वरको समकक्ष ठहर गर्न थाल्छ ताकि उहाँसम्म पुग्ने मार्गबाट पथभ्रष्ट गर्न सकुन्। भन्नुहोस्-

तिमीहरू आफ्नो इन्कारबाट थोरै दिनको लागि लाभ उठाइ हाल । निस्सन्देह तिमीहरू आगोमा जानेछौ । ९- के यस्तो व्यक्ति जो रातका प्रहरहरूलाई ढोगेर तथा उभेर बिताउँछ, महाप्रलयबाट डराउँछ र आफ्ना पालनकर्ताको कृपाको आशा राख्छ (के यस्तो व्यक्ति राम्रो छ वा नकार्ने व्यक्ति राम्रो छ ?!) भन्नुहोस्- के जान्ने र न जान्ने व्यक्ति एकसमान हुन सक्छ ?! बुद्धिमानहरू नै उपदेश ग्रहण गर्छन् ।

१०- भनिदिनुहोस्- हे आस्था ल्याएका भक्तहरू हो ! आफ्ना आफ्ना पालनकर्तासित डराउ । जुन मानिसहरूले यस संसारमा सत्कर्म गर्नेछन् उनीहरूका लागि राम्रो बदला छ । ईश्वरको धर्ती फराकिलो छ । निस्सन्देह धैर्यवानहरूलाई अनगन्ति प्रतिदान दिइनेछ ।

११- भन्नुहोस्- मलाई आदेश दिइएको छ कि म मात्र ईश्वर कै भक्ति गरुँ, उहाँकै लागि धर्मलाई विशिष्ट पार्दै । १२- मलाई यो आदेश पनि मिलेको छ कि सर्वप्रथम स्वयम मुस्लिम (आज्ञाकारी) बनुँ । १३- भनिदिनुहोस्, यदि म आफ्नो पालनकर्ताको अवज्ञा गर्छु भने मलाई एउटा भयावह दिनको यातनाबाट डर लाग्छ । १४- भनिदिनुहोस्- म ईश्वरको भक्ति गर्छु, धर्मलाई उहाँकै लागि विशिष्ट पारेर । १५- तिमीहरू उहाँबाहेक जसको भक्ति गर्न चाहन्छौ गर । भनिदिनुहोस्- वास्तविक घाटा खानेहरू ती मानिसहरू हुन् जसले आफूलाई र आफ्ना परिवारलाई महाप्रलयको दिन घाटामा पारे । सुन- यही स्पष्ट घाटा हो । १६- तिनीहरूको माथिबाट पनि आगो नै आगो हुनेछ र मुनिबाट पनि आगो नै आगो । यही त्यो चिज हो जसबाट ईश्वर आफ्ना भक्तहरूलाई डराउनुहुन्छ । हे मेरा भक्तहरू हो ! मसित डराउ ।

१७- जुन मानिसहरू शैतानको भक्तिबाट जोगिए र ईश्वरतर्फ फर्के, उनीहरूका लागि शुभसूचना छ । मेरा भक्तहरूलाई यस कुराको शुभसूचना दिनुहोस् । १८- जुन मानिसहरू कुरालाई ध्यानपूर्वक सुन्छन्, अनि त्यसको राम्रो कुराको

पालना गर्छन् । उनीहरू नै हुन् जसलाई ईश्वरले मार्गदर्शन गर्नु भएको छ । उनीहरू नै बुद्धिमान हुन् ।

१९- जुन मानिसहरूमाथि यातनाको निर्णय लागु भयो, के तपाईं यस्ता खाले मानिसहरूलाई आगोबाट मुक्ति दिन सकनुहुन्छ र ?! २०- तर जुन मानिसहरू आफ्ना पालनकर्तासित डराए उनीहरूका लागि धेरै तल्ला भएका स्वर्गका उच्च महलहरू हुनेछन्, जसको तल नहरहरू बगि रहेका हुनेछन् । यो ईश्वरको तर्फबाट वाचा हो र उहाँ कहिले वचन भङ्ग गर्नुहुन्न ।

२१- के तिमीहरूले देखेनौ- ईश्वरले आकाशबाट पानी बर्साउनुभयो, अनि त्यसलाई धर्तीका मूलहरूमा जारी गर्नुभयो फेरि त्यसबाट नाना प्रकारका बालीनाली उमार्नु हुन्छ । फेरि त्यो सुक्छ र तिमीहरूलाई पहेलो देख्छौ । फेरि उहाँले त्यसलाई टुक्रा टुक्रा पार्नुहुन्छ । निस्सन्देह यसमा बुध्दिमानहरूका लागि उपदेश छ । २२- के यस्तो व्यक्ति जसको छातीलाई ईश्वरले इस्लामको लागि खोल्नुभएको छ र ऊ आफ्नो पालनकर्ताको तर्फबाट एउटा प्रकाशमा छ । बर्बादी छ यस्तो व्यक्तिको लागि जसको हृदय ईश्वरको स्मरणप्रति कठोर भएको छ । यस्ता मानिसहरू स्पष्ट पथभ्रष्टतामा छन् ।

२३- ईश्वरले उत्तम वाणी अवतरण गर्नुभयो । यस्तो किताब जो मिल्दा जुल्दा पटक पटक दोहोर्याइएको, यसले गर्दा आफ्ना पालाकार्तासित डराउनेहरूका आङ जिरिङ्ग हुन थाल्छ । तिनीहरूका जिउ र हृदय नम्र भएर ईश्वरको स्म्रणतर्फ आकर्षित हुन्छन् । यो ईश्वरको मार्गदर्शन हो । उहाँले जसलाई चाहनुहुन्छ यसबाट मार्गदर्शन गर्नुहुन्छ । जसलाई ईश्वर पथभ्रष्ट गर्न चाहनुहुन्छ उसलाई कोही पनि मार्गदर्शन गर्न सक्दैन ।

२४- के यस्तो व्यक्ति जसले अनुहारबाट नराम्रो यातनालाई रोक्छ । अत्याचारीहरूलाई भनिनेछ- चाख त्यस कर्मको स्वाद जो तिमीहरू गर्दै थियो । २५- यिनीहरूअघिका समुदायहरूले पनि झूठा  ठहर गरे अनि तिनीहरूमाथि

यस्तो स्थानबाट प्रकोप आयो जहाँबाट तिनीहरूले सोचेका पनि थिएनन् । २६- ईश्वरले तिनीहरूलाई लोकमा अपमानको स्वाद चखनउनुभयो र झन ठूलो छ । तिनीहरूले जानेका भए बेस हुने थियो ।

२७- हामीले यस कुर्आनमा हरेक किसिमका उदाहरणहरू वर्णन गरेकाछौं ताकि तिनीहरूले उपदेश ग्रहण गरुन् । २८- यो अरबी कुर्आन हो, यसमा कुनै टेढोपन छैन । ताकि मानिसहरू डराउन् । २९- ईश्वर एक जना यस्तो व्यक्तिको उपमा वर्णन गर्नुहुन्छ जसका विभिन्न जिद्दी साझा मालिकहरू हुन्छन् । र दोस्रो एकजना जसको एक जना मालिक मात्र हुन्छ । के यी दुवै जनाको अवस्था एकसमान हुन सक्छन् त । सबै प्रशंसाहरू मात्र ईश्वरका लागि हुन् । तर अधिकांश मानिसहरू जान्दैनन् । ३०- तपाईंको पनि निधन हुनेछ र यिनीहरू पनि मर्नेछन् । ३१- अनि तिमीहरू महाप्रलयको दिन ईश्वरनजिक आ-आफ्ना मुकदमा पेश गर्नेछौ ।

३२- त्यो व्यक्ति भन्दा ठूलो अत्याचारी को होला जसले ईश्वरमाथि झूठो आरोप लगायो र सत्यलाई झूठो ठहर गर्यो जब त्यो त्यस समक्ष आयो । के यस्तो नकार्ने व्यक्तिको बास-स्थान नर्क होइन र ?! ३३- सत्य लिएर आउने र त्यसको पुष्टि गर्ने मानिसहरू नै ईशभय राख्नेहरू हुन् । ३४- उनीहरूका लागि उनीहरूका पालनकर्ताको तर्फबाट ती सबै हुनेछन् जो उनीहरूले चाहनेछन् । पुण्यकर्मीहरूको यही बदला हो । ३५- ताकि ईश्वरले तिनीहरूबाट तिनीहरूका पापहरूलाई उनीहरूबाट समाप्त पारुन् र उनीहरूले गरेका सत्कर्मको बदला देउन् ।

३६- के ईश्वर आफ्नो भक्तको लागि पर्याप्त हुनुहुन्न ?! यिनीहरू तपाईंलाई उहाँबाहेक अरूबाट डराउँछन् । जसलाई ईश्वर मार्गदर्शन गर्न चाहनुहुन्छ उसलाई कोही पनि पथभ्रष्ट गर्न सक्दैन । ३७- ईश्वर जसलाई मार्गदर्शन दिन चाहनुहुन्छ उसलाई कोही पनि पथभ्रष्ट पार्न सक्दैन । के ईश्वर प्रभुत्वशाली र बदला लिनेवाला हुनुहुन्न ।

३८- यदि तपाईंले यिनीहरूलाई सोध्नुहुन्छ- आकाशहरू र पृथ्वीलाई कसले सृष्टि गर्नुभयो ? तिनीहरूले भन्नेछन्- ईश्वरले । सोध्नुहोस्- तिमीहरूको के विचार छ । ईश्वरबाहेक जसलाई तिमीहरू पुकार्छौ, यदि ईश्वरले मलाई कुनै कष्ट दिएमा के तिनीहरूले त्यसलाई निवारण गर्न सक्छन् ?! यदि ईश्वरले ममथि कुनै कृपा गर्न चाहनुभएमा के तिनीहरूले त्यसलाई रोक्न सक्छन् ?! भनिदिनुहोस्- मेरो लागि ईश्वर नै पर्याप्त हुनुहुन्छ । भरोसाउहाँमाथि नै भरोसा गर्छु । भरोसा गर्नेहरूले मात्र उहाँमाथि भरोसा गर्नुपर्छ । ३९- भनिदिनुहोस्- हे मेरो समुदाय ! तिमीहरू आफ्नो स्थानमा कार्य, म पनि कार्य गर्दै छु । तिमीहरूले चाँडै नै जान्नेछौ, ४०-कि कस माथि अपमानित गर्ने प्रकोप आउँछ र कसमाथि कहिल्यै न टर्ने प्रकोप आउँछ । ४१- हामीले मानिसहरूको मार्गदर्शनको लागि यो किताब तपाईंमाथि सत्यका साथ अवतरित गरेका छौं, अनि जसले यसबाट मार्गदर्शन प्राप्त गर्छ त्यसको लाभ उसैलाई प्राप्त हुन्छ । जो पथभ्रष्ट हुन्छ त्यसको हानि उसैलाई पुग्छ । तपाईं तिनीहरूमाथि निरीक्षक हुनुहुन्न ।

४२- ईश्वरले नै ज्यानहरूलाई मृत्यु दिनुहुन्छ त्यसको निधनको समयमा र जसको निधनको समय आएको छैन उसलाई निन्द्रको अवस्थामा । जसको निधनको समय आएको हुन्छ उसको ज्यानलाई नियन्त्रणमा लिनुहुन्छ र जसको निधनकोसमय आएको हुँदैन उसको ज्यानलाई एउटा निश्चित समयको लागि फिर्ता दिनुहुन्छ । निस्सन्देह यसमा निशानीहरू छन् चिन्तन मनन गर्ने मानिसहरूका लागि ।

४३- के यिनीहरूले ईश्वरलाई छोडेर अन्यहरूलाई सिफारिशकर्ता बनाएका छन् ?! ४४- भन्नुहोस्- यद्यपि तिनीहरूले न कुनै अधिकार राख्छन् र न कुनै कुरा बुझ्छन् । भन्नुहोस्- सबै किसिमका सिफारिश मात्र ईश्वरको अख्तियारमा छ । आकाशहरू र पृथ्वीको सत्ता शासन मात्र उहाँकै हातमा छ । अनि तिमीहरू उहाँतर्फ नै फर्काएर लगिनेछौ । ४५- मात्र ईश्वरको स्मरण हुँदा परलोकमाथि

ईमान नराख्नेहरू घृणा गर्छन् । तर जब तिनीहरूसमक्षअन्यहरूको वर्णन गरिन्छ तब तिनीहरू खुशी हुन्छन् । ४६- भनिदिनुहोस्- हे ईश्वर ! आकाशहरू तथा पृथ्वीका सृष्टिकर्ता ! परोक्ष तथा दृश्यका ज्ञाता ! तपाईंले आफ्ना भक्तहरूबीच ती मामिलाहरूको निर्णय गर्नुहुनेछ जसमा उनीहरू मतभेद गर्दैछन् । ४७- यदि अत्याचार गर्नेहरूसँग पृथ्वीमा रहेका सबै थोक भए पनि र साथै थप त्यसको बराबर भए पनि ती सबैलाई तिनीहरूले महाप्रलयको दिन कडा यातनाबाट जोगिनको लागि अर्थदण्ड स्वरूप दिनेछन् । ईश्वरको तर्फबाट यस्तो मामिला पेश आउनेछ जसको तिनीहरूले कलपना समेत गरेका हुने छैनन् । ४८- तिनीहरूसमक्ष तिनीहरूले गरेका दुष्कर्मको दुष्परिणाम प्रकट हुनेछ र तिनीहरूलाई त्यस यातनाले घेर्नेछ जसको तिनसीहरू ठट्टा गर्ने गर्थे ।

४९- जब मानिस कुनै सङ्कटमा हुन्छ तब हामीलाई पुकार्छ । जब हामी आफ्नो कृपा प्रदान गर्छौं तब भन्न थाल्छ- यो मेरो ज्ञानको कारणले दिइएको छ । वास्तवमा यो परीक्षा हो, तर अधिकांश मानिसहरू जान्दनैन् । ५०- यिनीहरूअघिका मानिसहरूले पनि यस्तै कुरा भनेका थिए तर तिनीहरूले आर्जन गरेका वस्तुले तिनीहरूलाई कुनै फाइदा पुर्याएन । ५१- तिनीहरूमाथि तिनीहरूले गरेका दुष्कर्मको परिणाम आयो । यिनीहरूमध्ये पनि अत्याचारीहरूमाथि त्यस्तै दुष्परिणाम चाँडै नै आउनेछ । यिनीहरूले हामीलाई विवश पार्न सक्ने छैनन् । ५२- के यिनीहरूलाई थाहा छैन- ईश्वर जसलाई चाहनुहुन्छ धेरै जीविका प्रदान गर्नुहुन्छ र जसलाई चाहनुहुन्छ कम जीविका प्रदान गर्नुहुन्छ ?! निस्सन्देह यसमा निशानीहरू छन् आस्था ल्याउनेहरूका लागि ।

५३- भनिदिनुहोस्- हे मेरा भक्तहरू हो जसले आफूमाथि अत्याचार गरेका छौ ईश्वरको कृपाबाट निराश नहोउ । निस्सन्देह ईश्वर सबै पापहरू माफ गर्नुहुन्छ । निस्सन्देह उहाँ क्षमाशील र कृपावान हुनुहुन्छ । ५४- तिमीहरू आफ्नो

पालनकर्तातर्फ फर्क र उहाँप्रति आज्ञाकारी बन यस अघि कि तिमीहरूमाथि कुनै आपदा आओस् अनि तिमीहरूको कुनै सहयोग नहोस् ।

५५- तिमीहरू अनुसरण गर यस किताबको उत्कृष्ट पक्षको जसलाई तिमीहरूका पालनकर्ताले अवतरण गर्नुभएको छ, यसअघि कि तिमीहरूमाथि अकस्मात आपदा आओस् र तिमीहरूलाई यसको खबर पनि न होस् । ५६- कहिँ कुनै व्यक्तिले यो भनोस्- मैले गरेको कमिप्रति अपसोच, जो मैले ईश्वरको बारेमा गरेँ र म ठट्टा गर्नेहरूमा सम्मिलित रहेँ । ५७- वा कसैले यो भनोस- यदि ईश्वरले मलाई मार्गदर्शन गरेका भए, म पनि ईशभय राख्नेहरूमध्ये हुने थियौं । ५८- वा कसैले यातना देखेपछि यो नभनोस्- यदि मलाई लोकतर्फ पुनः फर्काइएको भए म सत्कर्मीहरूमध्ये हुने थिएं । ५९- अँ तिमीहरूसमक्ष मेरा श्लोकहरू आए, अनि तिमीहरूले त्यसलाई झूठो ठहर गर्यौ, घमण्ड गर्यौ र नकार्नेहरूमा सामेल रह्यौ । ६०- तपाईंले महाप्रलयको दिन यस्ता झूठा ठहर गर्नेहरूका अनुहार काला देख्नुहुनेछ जसले ईश्वरमाथि झूठ बोलेका थिए । के घमण्डीहरूको बास स्थान नर्क होइन र ?! ६१- जुन मानिसहरू ईशभय राख्छन् ईश्वरले उनीहरूलाई सफलता तथा मौक्ष प्रदान गर्नुहुनेछ । उनीहरूलाई कुनै कष्ट पुग्ने छैन र न उनीहरू चिन्तित हुनेछन् ।

६२- ईश्वर प्रत्येक वस्तुका सृष्टिकर्ता हुनुहुन्छ र उहाँ नै प्रत्येक वस्तुका संरक्षक हुनुहुन्छ । ६३- आकाशहरू र पृथ्वीका साँचाहरू उहाँ कै हातमा छ । जुन मानिसहरूले ईश्वरका निशानीहरूलाई झूठा ठहर गरे तिनीहरू नै घाटा बेहोर्नेहरू हुन् । ६४- भन्नुहोस्- हे अज्ञानीहरू हो ! के तिमीहरू मलाई ईश्वरबाहेक अरूको पूजाको आदेश दिंदैछौ ?! ६५- तपाईंभन्दा अघिका रसूलहरूमाथि पनि वही (प्रकाशना) गरिएको थियो कि यदि तिमीहरू ईश्वरको भक्तिमा कसैलाई साझेदार बनाउँछौ भने तिमीहरूका कर्महरू बर्बाद हुनेछन् र तिमीहरू घाटा खानेहरूकध्ये

हुनेछौ। ६६- बरु मात्र ईश्वरको भक्ति गर र उहाँप्रति आभार व्यक्त गर्नेहरूमध्ये बन।

६७- मानिसहरूले ईश्वरको त्यस्तो कदर गरेनन् जस्तो उहाँको हक हो। महाप्रलयको दिन पृथ्वी ईश्वरको मुठ्ठीमा हुनेछ र सबै आकाशहरू उहाँको दाहिने हातमा बेरिएको हुनेछन्। तिनीहरूले गरेको साझेदारीबाट ईश्वर पवित्र तथा उच्च हुनुहुन्छ। ६८- सूर (शंख) फुकिनेछ अनि आकाशहरू र पृथ्वीमा रहेका सबै प्राणीहरू बेहोश भएर लडनेछन्, सिवाय हुनेछन्, सिवाय त्यसको जसलाई ईश्वरले चाहनुहुनेछ। फेरि दोस्रो पटक सूरमा फुकिनेछ जसले गर्दा सबै उभेर देख्न थाल्नेछन्। ६९- पृथ्वी आफ्नो पालनकर्ताको प्रकाशले प्रकाशमय हुनेछ। कर्म-पत्रहरू राखिनेछन् र सन्देष्टाहरू तथा गवाहहरू हाजिर गरिनेछन्। मानिसहरूबीच ठीक ठीक निर्णय गरिनेछ र तिनीहरूमाथि कुनै अत्याचार हुने छैन। ७०- प्रत्येक व्यक्तिलाई उसको कर्मको पूरा बदला दिइनेछ। तिनीहरूले गर्ने कार्यहरूलाई ईश्वर राम्ररी जान्नुहुन्छ।

७१- नकार्नेहरूलाई समूहमा पारेर नर्कतर्फ हाँकिनेछ। जब तिनीहरू नर्कनजिक पुग्नेछन् तब नर्कका ढोकाहरू खोलिछन्। त्यसका सुरक्षाकर्मीहरूले सोध्नेछन्- के तिमीहरूसम्म तिमीहरूमध्येबाट रसूलहरू आएका थिएनन्, जो तिमीहरूसमक्ष ईश्वरका श्लोकहरू पढेर सुनाउने गर्थे र तिमीहरूलाई यस दिनको भेँटबाट डराउने गर्थे ?! तिनीहरूले भन्नेछन्- हो। तर यातनाको वाचा नकार्नेहरूमाथि पूरा भयो। ७२- भनिनेछ- तिमीहरू नर्कको ढोकामा पस, त्यसमा सधैं बस्नको लागि। कति नराम्रो बासस्थान हो घमण्डीहरूको।

७३- जुन मानिसहरू आफ्ना पालनकर्तासित डराए उनीहरू समूह समूहमा स्वर्गतर्फ लगिनेछन्। जब उनीहरू स्वर्गनजिक आउनेछन् तब त्यसका ढोकाहरू खोलिनेछन् र त्यसका सुरक्षाकर्मीहरूले भन्नेछन्- तिमीहरूमाथि सलाम छ। सम्पन्न रह, सधैं बस्ने गरी स्वर्गमा प्रवेश गर। ७४- उनीहरूले भन्नेछन्- सबै

प्रशंसाहरू ईश्वरको लागि, जसले हामीहरूसंग गरेको वाचा पूरा गर्नुभयो । उहाँले हामीहरूलाई स्वर्गका भूमिको वारिस बनाउनुभयो । हामीहरू स्वर्गमा जहाँ चाहेमा बसोबास गर्न सक्छौं । सत्कर्मीहरूको बदला कति राम्रो छ । ७५- तपाईंले देवदूतहरूलाई ईश्वरको सिंहासनलाई घेरेर आफ्ना पालनकर्ताको पवित्रताको गुणगान गरिरहेका देख्नुहुनेछ । मानिसहरूबीच ठीक ठीक निर्णय गरिनेछ र भनिनेछ- सबै प्रशंसाहरू ईश्वरका लागि हुन्, सम्पूर्ण जगतका सृष्टिकर्ता ।

## सूरह गाफिर- ४०

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- हा. मीम. । २- यो किताब अवतरित गरिएको छ ईश्वरको तर्फबाट जो प्रभुत्वशाली र सर्वज्ञ हुनुहुन्छ । ३- ईश्वर माफ गर्नेवाला, तौबा स्वीकारकर्ता, कडा सजाय दिनेवाला र प्रभुत्वशाली हुनुहुन्छ । उहाँबाहेक कोही पूज्य छैन । उहाँतर्फ नै फर्केर जानुपर्छ ।

४- ईश्वरका श्लोकहरूमा वादविवाद ती मानिसहरू गर्छन् जो नकार्ने वाला छन् । तिनीहरूका शहरमा घुमफिरले तपाईंलाई धोकामा नपारोस् । ५- यिनीहरूअघि नूहको समुदायले झूठा ठहर गर्यो अनि त्यसपछिका गिरोहले पनि । सबै समुदायहरूले आफ्ना रसूललाई समात्ने इरादा गरे । तिनीहरूले अनाहक झगडा गरे, ताकि तिनीहरूले यसबाट सत्यलाई परास्त गरुन्, अनि मैले ती सबै समुदायहरूलाई समातें, अनि कस्तो थियो मैले दिएको सजाय ? ६- यस्तै तपाईंका पालनकर्ताको को कुरा ती मानिसहरूमाथि पूरा भयो जसले इन्कार गरे । तिनीहरू नर्कबासी हुन् ।

७- जसले सिंहासन उठाएर राखेका छन् र जो त्यसको वरिपरि छन् ती सबै आफ्ना पालनकर्ताको प्रशंसाका साथ पवित्रताको गुणगान गर्दैछन् र उहाँमाथि

आस्था राख्छन् । उनीहरू आस्थावानहरूका लागि क्षमाको प्रार्थना गर्छन्- हे हाम्रा पालनकर्ता ! तपाईंको ज्ञान र कृपा हरेक वस्तुमाथि छाएको छ, अतः तपाईं माफ गर्नुहोस् तौबा गर्ने र तपाईंको मार्गको पालना गर्नेहरूलाई र उनीहरूलाई नर्कको आगोबाट सुरक्षित राख्नुहोस् । ८- हे हाम्रा पालनकर्ता ! उनीहरूलाई सधैं रहने स्वर्गमा प्रवेश गराउनुहोस् जसको वाचा तपाईंले उनीहरूसंग गर्नु भएको छ । उनीहरूसँग उनीहरूका सत्कर्मी पुर्खा, श्रीमती, सन्तानहरूलाई पनि । निस्सन्देह तपाईं प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ । ९- उनीहरूलाई दुष्कर्मबाट जोगाउनुहोस् र जसलाई तपाईंले दुष्कर्महरूबाट जोगाउनु भयो उनीहरूमाथि तपाईंले कृपा गर्नु भयो । र यही महान सफलता हो ।

१०- नकार्नेहरूलाई पुकारेर भनिनेछ- तिमीहरूमाथि ईश्वरको रोष बढी छ त्यस रोषभन्दा जो तिमीहरूलाई आफूमाथि छ । जब तिमीहरूलाई आस्थातर्फ बोलाइन्थ्यो तब तिमीहरू इन्कार गर्थ्यौ । ११- तिनीहरूले भन्नेछन्- तपाईंले हामीलाई दुई पटक मृत्यु दिनुभयो र दुई पटक जीवन दिनुभयो । हामीले आफ्ना पापहरू स्वीकार गर्यौं अनि के यसबाट निस्कने कुनै उपाय छ ?! १२- यो तिमीहरूमाथि यस कारणले छ कि जब तिमीहरूलाई मात्र एक ईश्वरको भक्तिको आह्वान गरिन्थ्यो तब तिमीहरू इन्कार गर्थ्यौ र जब ईश्वरसँग साझेदार ठहर गरिन्थ्यो तब तिमीहरू स्वीकार गर्ने गर्थ्यौ । निर्णय मात्र ईश्वरको अख्तियारमा छ जो महान र उच्च दर्जा वाला हुनुहुन्छ ।

१३- ईश्वर नै हुनुहुन्छ जो तिमीहरूलाई आफ्ना निशानीहरू देखाउनुहुन्छ र आकाशबाट जीविका उतार्नुहुन्छ । उपदेश मात्र त्यही व्यक्ति ग्रहण गर्छ जो ईश्वरतर्फ फर्कने गर्छ । १४- अतः मात्र ईश्वरलाई पुकार। धर्मलाई उहाँकै लागि विशिष्ट पार्दै । यद्यपि नकार्नेहरूले मन नपराओस् । १५- उहाँ उच्च दर्जा वाला र महान सिंहासनका मालिक हुनुहुन्छ । उहाँ आफ्ना भक्तहरूमध्ये जसमाथि चाहनुहुन्छ प्रकाशना अवतरण गर्नुहुन्छ, ताकि उहाँले महाप्रलयको दिनबाट

सावधान पारुन् । १६- जुन दिन तिनीहरू स्पष्ट देखिनेछन्, त्यस दिननीहरूको कुनै पनि वस्तु ईश्वरबाट लुकेको हुने छैन । आज कस्को शासन हो ?! एक मात्र प्रभुत्वशाली ईश्वरको । १७- आज प्रत्येक व्यक्तिलाई उसको कर्मको बदला दिइनेछ। कसैमाथि अत्याचार हुने छैन । निस्सन्देह ईश्वर तत्कालै निर्णय गर्नेवाला हुनुहुन्छ ।

१८- तिनीहरूलाई नजिक आउने कष्टकर दिनबाट सावधान गराउनुहोस्, जब हृदय घाँटीसम्म पुग्नेछ । त्यस दिन सबै चिन्ताबाट भरिएका हुनेछन् । अत्याचारीहरूका न कुनै मित्र हुनेछ न कोही सिफारिशकर्ता जसको कुरा मान्य होस् । १९- ईश्वर जान्नुहुन्छ आँखाले गर्ने छल र हृदयहरूले लुकाएको कुराहरूलाई । २०- ईश्वरले हकका साथ निर्णय गर्नुहुनेछ । सत्य ईश्वरबाहेक जसलाई तिनीहरू पुकार्छन् तिनीहरू कुनै पनि कुराको निर्णय गर्दैनन् । निस्सन्देह ईश्वर सुन्ने वाला र देख्ने वाला हुनुहुन्छ ।

२१- के तिनीहरूले धर्तीमा घुम फिर गरेनन् कि देखुन् के परिणाम भयो ती मानिसहरूको जो पहिले बितेका छन् ?! तिनीहरू यिनीहरूभन्दा बढी थिए शक्तिमा र तिनीहरूले धर्तीमा बढी प्रभावहरू छोडे । अनि ईश्वरले तिनीहरूलाई तिनीहरूको पापको कारणले समात्नु भयो । ईश्वरको प्रकोपबाट तिनीहरूलाई कोही पनि जोगाउने वाला थिएन । २२- यो यस कारणले भयो कि तिनीहरूसमक्ष तिनीहरूका रसूलहरू स्पष्ट प्रमाणहरू लिएर आए तर तिनीहरूले इन्कार गरे अनि ईश्वरले तिनीहरूलाई समात्नुभयो । निस्सन्देह ईश्वर शक्तिशाली हुनुहुन्छ र कडा सजाय दिने वाला हुनुहुन्छ ।

२३- हामीले मूसालाई स्पष्ट निशानीहरू र स्पष्ट प्रमाणहरू दिएर पठायौं, २४- फिऔंन, हामान र कारूनतर्फ । तिनीहरूले भने- मूसा जादूगर हो र झूठा हो । २५- जब मूसा तिनीहरूसमक्ष नितान्त सत्य लिएर पुगे तब फिऔंनले

भन्यो- उसमाथि ईमान ल्याउनेहरूका छोराहरूलाई हत्या गर र तिनीहरूका महिलाहरूलाई जीवित छोड। तर नकार्नेहरूको षडयन्त्र प्रभावहीन रहयो।

२६- फिऔंनले भन्यो- मलाई छोड, म मूसाको हत्या गर्छु र उसले आफ्नो पालनकर्तालाई पुकारोस्। उसले तिमीहरूको धर्मलाई परिवर्तन गर्नेछ र आतङ्क फैलाउनेछ भन्ने मलाई आशङका छ। २७- मूसाले भने- म शरण चाहन्छु आफ्नो र तिमीहरूका पालनकर्ताको प्रत्येक यस्तो घमण्डीबाट जो हिसाबको दिनमा आस्था राख्दैन।

२८- फिऔंनका सन्तानहरूमध्ये आफ्नो ईमान लुकाएको एकजना आस्थावान व्यक्तिले भने- के तिमीहरूले एक जना व्यक्तिलाई मात्र यस कारणले हत्या गर्नेछौ कि उनले मेरो पालनकर्ता ईश्वर हुनुहुन्छ भन्दछन्, जबकि उनी ईश्वरको तर्फबाट स्पष्ट प्रमाणहरू पनि लिएर आएका छन्। यदि उनी झूठा हुन् भने उनको झूठको हानि उनैलाई पुग्नेछ। यदि उनी सत्य हुन् भने उनले सावधान गरेको प्रकोप तत्कालै तिमीमाथि आउनेछ। ईश्वर यस्तो व्यक्तिलाई मार्गदर्शन गर्नुहुन्न जो सीमा उल्लङ्घन् गर्छ र झूठा छ। २९- हे मेरा समुदाय ! आज तिमीहरू सत्तामा छौ र धर्तीमा सर्वोपरी छौ। अनि ईश्वरको प्रकोपको मुकाबिलामा कसले हाम्रो सहयोग गर्नेछ यदि त्यो हामीहरूमाथि आयो भने ?! फिऔंनले भन्यो- म त त्यही सल्लाह दिन्छु जो बुझ्दैछु। म तिमीहरूको मार्गदर्शन ठीक भलाइको मार्गतर्फ गर्दैछु।

३०- आस्था ल्याएको व्यक्तिले भने- हे मेरा समुदाय ! मलाई के आशङ्का छ भने तिमीहरूमाथि त्यस्तै दिन आउनेछ जस्तो विगतका समूहहरूमाथि आएको थियो। ३१- जस्तो दिन नूहको समुदाय, आद, समूद र तिनीहरूपछि आएका मानिसहरूमाथि आएको थियो। ईश्वर आफ्ना भक्तहरूमाथि कुनै अत्यचार गर्न चाहनुहुन्न। ३२- हे मेरा समुदाय ! तिमीहरूमाथि रुने कराउने दिन आउनेछ भन्ने कुराबाट म डराउँछु। ३३- जुन दिन तिमीहरू पिठ्यूँ फर्काएर भाग्नेछौ र ईश्वरबाट जोगाउने कोही पनि हुने छैन। जसलाई ईश्वर पथभ्रष्ट गर्नुहुन्छ उसलाई

कोही पनि मार्गदर्शन दिन सक्दैन। ३४- यस अघि यूसुफ तिमीहरूसमक्ष स्पष्ट प्रमाणहरू लिएर आए, तर तिमीहरू शङ्कामा रहयौ। जब उनको निधन भयो तब तिमीहरूले भन्यौ- ईश्वरले यूसुफ पछि कुनै रसूल पठाउनु हुने छैन। यस्तै ईश्वरले पथभ्रष्ट पार्नुहुन्छ सीमा उल्लंघन गर्ने र शंका गर्नेहरूलाई। ३५- जो ईश्वरका श्लोकहरूमा वादविवाद गर्छन् बिना प्रमाण जो तिनीहरूसमक्ष आएको होस्। ईश्वर र आस्थावानहरू यसलाई मन पराउँदैनन्। यसरी ईश्वर मोहर लगाउनुहुन्छ प्रत्येक घमण्डी तथा उद्दण्डको हृदयमाथि।

३६- फिऔंनले भन्यो- हे हामान ! मेरो लागि उच्च भवन बनाऊ, ताकि म मार्गहरूसम्म पुगुँ। ३७- आकाशहरूको मार्गसम्म। अनि मूसाको ईश्वरलाई नियालेर हेरुँ। मेरो विचारमा त मूसा झूठो छ। यसरी फिरऔनको लागि उसको दुष्कर्मलाई सुन्दर बनाइयो र यसरी उसलाई सत्मार्गबाट रोकियो। फिऔंनको चलखेल विफल भयो।

३८- आस्था ल्याउने व्यक्तिले भने- हे मेरा समुदाय ! तिमीहरू मेरो अनुसरण गर, म तिमीहरूलाई सीधा मार्ग देखाउनेछु। ३९- हे मेरा समुदाय ! यो सांसारिक जीवन क्षणिक हो। असल बास-स्थान परलोकको घर हो। ४०-जसले दुष्कर्म गर्नेछ उसले त्यसकै बराबर बदला पाउनेछ। जसले पुण्य कर्म गर्नेछ, चाहे ऊ पुरुष होस् वा महिला, यस शर्तमा कि ऊ आस्थावान होस्, यस्तै मानिसहरू स्वर्गमा जानेछन्। उनीहरूले अनगिन्ती जीविका पाउनेछन्। ४१- हे मेरा समुदाय ! आखिर किन यस्तो हुँदैछ कि म त तिमीहरूलाई सफलतातर्फ आह्वान गर्दैछु तर तिमीहरू मलाई नर्कतर्फ बोलाउँदैछौ ?! ४२- तिमीहरू मलाई बोलाउँदैछौ कि म ईश्वरको इन्कार गरुँ र यस्तो चिजलाई उहाँसँग साझेदार बनाउँ जसकोबारेमा मलाई कुनै ज्ञान छैन। जब कि म तिमीहरूलाई प्रभुत्वशाली र क्षमाशील ईश्वरतर्फ बोलाउँदैछु। ४३- सत्यता के छ भने तिमीहरू जसतर्फ आह्वान गर्दैछौ, उसको आवाज न त लोकमा छ न परलोकमा। तिनीहरू पुकारको जवाफ पनि दिंदैनन्।

निस्सन्देह हामी सबैले फर्केर मात्र एक ईश्वरतर्फ नै जानुछौं। हद पार गर्नेहरू नै नर्कबासी हुन्। ४४- तिमीहरूपछि मेरो कुरालाई याद गर्नेछौ। म आफ्नो मामिला मात्र एक ईश्वरलाई हस्तान्त्रण गर्छु। निस्सन्देह ईश्वर सबै भक्तहरूका संरक्षक हुनुहुन्छ।

४५- अनि ईश्वरले उनीहरूलाई तिनीहरूको चलखेलबाट जोगाउनुभयो र ले फिऔन र उसका सैनिकहरूलाई नराम्रो आपदाले घेर्यो। ४६- आगो, जो तिनीहरूसमक्ष बिहानि र बेलुका पेश गरिन्छ। महाप्रलयको दिन भनिनेछ- फिऔनका अनुयायीहरूलाई कडा यातनामा हाल।

४७- जब तिनीहरू नर्कमा परस्पर झगडा गर्नेछन् तब कमजोर पारिएकाहरूले ठूला बन्नेहरूलाई भन्नेछन्- हामीहरू तिमीहरूका अनुयायी थियौं, अनि के तिमीहरूले हाम्रो अंशको आगो हटाउन सक्छौ ?! ४८- ठूला बन्नेहरूले भन्नेछन्- हामी सबै यहाँ नर्कमा छौं। ईश्वरले भक्तहरूबीच निर्णय गरिसक्नु भएको छ। ४९- नर्कबासीहरूले नर्कका निरिक्षकहरूलाई भन्नेछन्- आफ्नो पालनकर्तालाई एक दिनको लागि भए पनि यस सधैंको यातनालाई कम गर्न भन्नुस् न। ५०- उनीहरूले भन्नेछन्- के रसूलहरू तिमीहरूसमक्ष स्पष्ट प्रमाणका साथ आएका थिएनन् ?! तिनीहरूले भन्नेछन्- अँ, अनि निरिक्षकहरूले भन्नेछन्- तिमीहरू आफैं ईश्वरलाई निवेदन गर। नकार्नेहरूको पुकार खेर नै जानेछ।

५१- हामीले अवश्य नै रसूलहरू र आस्थावानहरूको मद्दत लोकमा र परलोकमा गर्नेछौं जब गवाह उभेका हुनेछन्। ५२- जुन दिन अत्याचारीहरूलाई तिनीहरूको बहानाले कुनै फाइदा पुर्याउने छैन। तिनीहरूलाई धिक्कार हुनेछ र तिनीहरूका लागि नराम्रो बासस्थान हुनेछ। ५३- हामीले मूसालाई मार्गदर्शन प्रदान गर्यौं र बनी इस्राईललाई किताबको वारिस बनायौं। ५४- निर्देशन तथा उपदेश विवेकशीलहरूका लागि। ५५- अनि तपाईं धैर्य गर्नुहोस्। निश्चय नै

ईश्वरको वाचा सत्य हो, आफ्नो त्रुटिको माफि माग्नुहोस् र बिहानि बेलुका ईश्वरको प्रशंसाका साथ पवित्रताको गुणगान गर्नुहोस् ।

५६- जुन मानिसहरू ईश्वरका श्लोकहरूमा बिनाप्रमाण वाद विवाद गर्छन् तिनीहरूको हृदयमा बडप्पन छ जहाँसम्म तिनीहरू पुग्न सक्ने छैनन् । तपाईं ईश्वरको शरण खोज्नुहोस् । निस्सन्देह उहाँसुन्ने वाला र देख्ने वाला हुनुहुन्छ ।

५७- निस्सन्देह आकाशहरू र पृथ्वीको सृष्टि मानिसहरूको सृष्टिभन्दा कठिन कार्य हो । तर अधिकांश मानिसहरू जान्दैनन् । ५८- अन्धो र देख्ने व्यक्ति एक समान हुन सक्दैनन् । सत्कर्मी आस्थावान र पापीहरू एकसमान हुन सक्दैनन् । तिमीहरू धेरै कम विचार गर्छौ । ५९- निस्सन्देह महाप्रलय अवश्य आउनेछ जसमा कुनै शङ्का छैन, तर अधिकांश मानिसहरू जान्दैनन् ।

६०- तपाईंका पालनकर्ताले भनि सक्नु भएछ- मात्र मलाई पुकार, म तिमीहरूको प्रार्थना स्वीकार गर्नेछु । जुन मानिसहरू मेरो भक्ति गर्ने मामिलामा घमण्ड गर्छन् तिनीहरू चाँडै नै अपमानित भएर नर्कमा पस्नेछन् । ६१- ईश्वर नै हुनुहुन्छ जसले तिमीहरूका लागि रात बनाउनुभयो ताकि तिमीहरू त्यसमा आराम गर र दिनलाई प्रकाशमय बनाउनुभयो । निस्सन्देह ईश्वर मानिसहरूमाथि अति कृपावान हुनुहुन्छ त्यसैले उनीहरूलाई वाह्य तथा आन्तरिक दुवै किसिमका वरदानहरू प्रदान गर्नुभयो तर अधिकांश मानिसहरू उहाँप्रति आभार व्यक्त गर्दैनन्। ६२- उहाँ ईश्वर तिमीहरूका पालनकर्ता हुनुहुन्छ, प्रत्येक वस्तुका सृष्टिकर्ता । उहाँबाहेक कोही पूज्य होइन । अनि तिमीहरू कहाँ बहकाइँदैछौ । ६३- त्यसरी नै ती मानिसहरू बहकाइँदैछन् जो ईश्वरका श्लोकहरूको इन्कार गर्छन् ।

६४- ईश्वर नै हुनुहुन्छ जसले तिमीहरूको लागि पृथ्वीलाई बसोबास-स्थान बनाउनुभयो र आकाशलाई छाना बनाउनुभयो, तिमीहरूको रूपरेखा बनाउनुभयो, अति सुन्दर रूप रेखा । उहाँले तिमीहरूलाई उत्कृष्ट वस्तुको जीविका प्रदान

गर्नुभयो। उहाँ ईश्वर हुनुहुन्छ, तिमीहरूका पालनकर्ता। बर्कत वाला हुनुहुन्छ ईश्वर जो सारा जगतका पालनकर्ता हुनुहुन्छ। ६५- ईश्वर जीवन्त हुनुहुन्छ, उहाँबाहेक कोही पूज्य होइन। तिमीहरू मात्र उहाँलाई पुकार, धर्मलाई उहाँकै लागि विशिष्ट पार्दै। सबै सृष्टिहरूका पालनकर्ता ईश्वरकै लागि सबै प्रशंसाहरू हुन्।

६६- भनिदिनुहोस्- मलाई यस कुराबाट मनाहि गरिएको छ कि म ईश्वरबाहेक तिमीहरूले पूजा गर्ने वस्तुहरूको भक्ति गरुँ। जब कि मसमक्ष यसको प्रमाणहरू पनि आइ सकेका छन्। मलाई आदेश भएको छ कि म आफूलाई सारा जगतका पालनकर्तासमक्ष हस्तान्त्रण गरुँ। ६७- ईश्वर नै हुनुहुन्छ जसले तिमीहरूको सृष्टि माटोबाट गर्नु हुन्छ, फेरि विर्यबाट, फेरि रगतको डल्लोबाट, फेरि तिमीहरूलाई शिशुको रूपमा निकाल्नुहुन्छ। फेरि तिमीहरूलाई विकसित पार्नु हुन्छ ताकि तिमीहरू पूर्ण परिपक्व होउ, अनि बुढेसकालमा पुर्याउनुहुन्छ। तिमीहरूमध्ये कोही त्यसअघि नै मर्छ। ताकि तिमीहरू एउटा निश्चित अवधि सम्म पुग, र ताकि तिमीहरू विचार गर। ६८- ईश्वर नै हुनुहुन्छ जो मृत्यु र जीवन प्रदान गर्नुहुन्छ। जब उहाँ कुनै कार्यको निर्णय गर्नुहुन्छ तब भन्नुहुन्छ- भइ हाल, अनि त्यो हुन पुग्छ।

६९- के तपाईंले ती मानिसहरूलाई देख्नुभएन जो ईश्वरका श्लोकहरूलाई विवादास्पद बनाउँछन्। तिनीहरू कहाँबाट विमुख पारिन्छन्। ७०- जसले किताबलाई झूठो ठहर गरे र ती वस्तुहरूलाई पनि जसका साथ हामीले उनीहरूलाई पठायौँ। तिनीहरूले चाँडै नै जान्नेछन्। ७१- जब तिनीहरूको गर्धनमा नेल हुनेछ र जन्जीर, अनि तिनीहरू घिसारिने छन्। ७२- तातो पानीमा, फेरि तिनीहरूलाई आगोमा हालिनेछ। ७३- फेरि तिनीहरूलाई भनिनेछ- कहाँ छन् ती, जसलाई तिमीहरू साझेदार बनाएका थियौ ?! ७४- ईश्वरबाहेक, तिनीहरूले भन्नेछन्- तिनीहरू हामीहरूबाट हराए। बरु हामीहरू यसअघि कसैलाई पुकारि रहेका थिएनौँ। यसरी ईश्वर पथभ्रष्ट पार्नुहुन्छ नकार्नेहरूलाई। ७५- यो यस कारणले कि तिमीहरू धर्तीमा अनाहक खुशी रहने गर्थ्यौ र यस कारणले कि तिमीहरू घमण्ड

गर्थ्यौं । ७६- नर्कका ढोकाहरूमा पस, त्यसमा सधैँ बस्ने गरी । कति नराम्रो बास स्थान हो घमण्डीहरूको ।

७७- अनि धैर्य गर्नुहोस्, निस्सन्देह ईश्वरको वाचा सत्य हो । फेरि तिनीहरूसँग जुन कुराको वाचा गर्दैछौँ त्यसको केही अंश हामीले तपाईंलाई देखाउनेछौं वा तपाईंलाई मृत्यु दिनेछौं । तिनीहरूले हामीतर्फ फर्केर आउनु पर्नेछ ।

७८- हामीले तपाईंअघि धेरै सन्देष्टारू पठायौं । ती सन्देष्टाहरूमध्ये केहीका सत्य कथा तपाईंलाई सुनाएकाछौं र केहीका सुनाएका छैनौं । कुनै सन्देष्टाको यो क्षमता थिएन कि उनी ईश्वरको अनुमति बिना कुनै चमत्कार प्रस्तुत गरुन् । अनि जब ईश्वरको आदेश आयो तब निसाफका साथ निर्णय गरियो । अनि पापीहरू त्यतिखेर घाटामा परे ।

७९- ईश्वर नै हुनुहुन्छ जसले तिमीहरूका लागि मवेशीहरू सृष्टि गर्नुभयो, ताकि तीमध्ये कसैमाथि सवारी गर र कसैको मासु खाउ । ८०- तिमीहरूका लागि त्यसमा अन्य फाइदाहरू पनि छन् । ताकि तिमीहरू आफ्नो मनमा रहेका आवश्यक्ता पूरा गर । ती मवेशीहरूमाथि र डुङ्गाहरूमाथि तिमीहरूलाई सवार गरिन्छ । ८१- ईश्वर तिमीहरूलाई थप निशानीहरू देखाउनुहुन्छ । यी निशानीहरू यस कुरालाई प्रमाणित गर्छन् कि ईश्वर सामर्थ्यवान र एक मात्र हुनुहुन्छ । अनि तिमीहरू ईश्वरका कुन कुन निशानीहरूको इन्कार गर्छौ ?!

८२- के तिनीहरूले धर्तीमा घुम फिर गरेनन् कि देखुन्- के कस्तो परिणाम भयो विगतका मानिसहरूको ?! विगतका समुदायहरू यिनीहरूभन्दा बढी धनि, शक्तिशाली र धर्तीमा बढी प्रभाववाला थिए । तर तिनीहरूको कमाइ तिनीहरूलाई काम लागेन । ८३- जब तिनीहरूसमक्ष रसूलहरू स्पष्ट प्रमाणका साथ आए तब तिनीहरू आफ्ना ज्ञानमाथि खुशी रहे । अनि तिनीहरूमाथि त्यो प्रकोप आयो जसको तिनीहरू ठट्टा गर्ने गर्थे । ८४- हाम्रो प्रकोप देखेपछि तिनीहरूले भने- हामी एक ईश्वरमा आस्था ल्यायौं र ती वस्तुहरूको इन्कार गर्यौँ जसलाई हामी ईश्वरसँ

साझेदार ठहर गर्थ्यौं। ८५- तिनीहरूको आस्था तिनीहरूको काम लागेन जब तिनीहरूले हाम्रो प्रकोपलाई देखे। यही ईश्वरको नीति हो जो उहाँका भक्तहरूमा जारी रहयो। त्यतिखेर इन्कार गर्नेहरू घाटा खाए।

## सूरह हा. मीम. अस्सज्दह- ४१

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- हा. मीम. । २- यो अति करुणामय र कृपावान ईश्वरको तर्फबाट अवतरित गरिएको वाणी हो । ३- यो यस्तो किताब हो जसका श्लोकहरू स्पष्ट रूपमा वर्णन गरिएको छ। अरबी भाषाको कुरआन। ती मानिसहरूका लागि जो ज्ञान राख्दछन्। ४- शुभसूचना दिने वाला र सावधान गर्नेवाला। अनि तिनीहरूमध्ये अधिकांश मानिसहरू विमुख भए । अनि तिनीहरू सुनि रहेका छैनन् । ५- तिनीहरूले भने- हाम्रा हृदयहरू त्यसबाट पर्दामा छन् जसतर्फ तिमी हामीहरूलाई बोलाउँदै छौ। हाम्रो कानमा बुचो छ, हामीहरू र तिमीबीच पर्दा छ। तिमीहरू आफ्नो कार्य गर हामीहरू आफ्नो कार्य गर्दैछौं।

६- भनिदिनुहोस्- म तिमीहरू जस्तै मानव हुँ। मतर्फ प्रकाशना गरिन्छ- तिमीहरूका उपास्य एक मात्र हुनुहुन्छ । अनि तिमीहरू सीधा रह उहाँतर्फ र उहाँसंग माफि माग। बरबादी छ बहुदेववादीहरूका लागि। ७- जो जकात चुक्ता गर्दैनन् तिनीहरू परलोकको इन्कार गर्छन्। ८- निस्सन्देह जुन मानिसहरू आस्था ल्याए, सत्कर्म गरे उनीहरूका लागि कहिल्यै समाप्त नहुने प्रतिदान छ।

९- भन्नुहोस्- के तिमीहरू त्यस अस्तित्वको इन्कार गर्दछौ जसले दुई दिनमा पृथ्वीको सृष्टि गर्नुभयो तर तिमीहरू उहाँको समकक्षी बनाउँछौ ?! उहाँ पालनकर्ता हुनुहुन्छ सम्पूर्ण जगत बमसीका। १०- ईश्वरले नै पृथ्वीमाथि पहाडहरू बनाउनुभयो । उहाँले पृथ्वीमा लाभदायक वस्तुहरू राख्नु भयो । चार दिनमा

त्यसको जीविका निर्धारण गर्नुभयो । पूरा भयो जवाफ प्रश्नकर्ताहरूका लागि । ११- फेरि ईश्वर आकाशतर्फ ध्यान दिनु भयो र त्यो धुवाँ थियो । ईश्वरले आकाश र पृथ्वीलाई भन्नुभयो- चाहेर होस् वा नचाहेर होस्, तिमीहरू मेरो आउ । दुवैले भने- हामीहरूले खुशी का साथ हाजिर छौं । १२- ईश्वरले दूई दिनमा सात वटा आकाशको सृष्टि गर्नुभयो । अनि प्रत्येक आकाशमा त्यसको आदेश पठाउनुभयो । हामीले सांसारिक आकाशलाई ताराहरूबाट सुसज्जित गर्यौं र त्यसलाई सुरक्षित पार्यौं । यो प्रभुत्वशाली र सर्वज्ञ ईश्वरको योजना हो ।

१३- यदि यिनीहरू विमुख हुन्छन् भने भनिदिनुहोस्- मैले तिमीहरूलाई त्यस्तै प्रकोपबाट डराउँछु जस्तो प्रकोप आद तथा समूदमाथि अवतरित भयो । १४- जब तिनीहरूसमक्ष रसूल आए, तिनीहरूको अगाडिबाट पनि र पछाडिबाट पनि कि - मात्र एक ईश्वरको भक्ति गर । तिनीहरूले भने- यदि हाम्रा पालनकर्ताले चाहनु भएको भए उहाँले देवदूतहरू पठाउनु हुने थियो । तिमीले ल्याएको सन्देशको हामी इन्कार गर्छौं ।

१५- आदको यो अवस्था थियो कि तिनीहरूले धर्तीमा बिना अधिकार घमण्ड गरे । तिनीहरूले भने- को छ हामीभन्दा बढी शक्तिशाली ? के तिनीहरूले देखेनन्- जुन ईश्वरले तिनीहरूको सृष्टि गर्नुभयो उहाँ तिनीहरूभन्दा बढी शक्तिशाली हुनुहुन्छ ?! तर तिनीहरू हाम्रा निशानीहरूको इन्कार गरि राखे । १६- हामीले केही अशुभ दिनहरूमा तिनीहरूमाथि कडा हावाहुरीको प्रकोप पठायौं, ताकि तिनीहरूलाई सांसारिक जीवनमा अपमानजनक प्रकोप चखाऔं । परलोकको यातना त यसभन्दा बढी अपमानजनक छ । तिनीहरूलाई कुनै सहयोग पुग्ने छैन । १७- त्यो जो समूद थियो, तिनीहरूलाई पनि हामीले सीधा मार्ग देखायौं, तर तिनीहरूले मार्गदर्शनको तुलनामा अन्धोपनलाई रोजे । अनि तिनीहरूलाई अपमानजनक प्रकोपको ठूलो स्वरले समात्यो, तिनीहरूको दुष्कर्मको कारणले ।

१८- हामीले ती मानिसहरूलाई जोगायौं, जो आस्था ल्याएका थिए र ईशभय राख्दथे।

१९- जुन दिन ईश्वरका शत्रुहरू नर्कतर्फ जम्मा गरिनेछन् फेरि तिनीहरू अलग अलग पारिनेछन् । २०- यहाँसम्म कि जब तिनीहरू त्यहाँ पुग्नेछन् तब तिनीहरूका कान, तिनीहरूका आँखाहरू र तिनीहरूका छालाहरूले तिनीहरूले गरेका कर्महरूको गवाही दिनेछन्। २१- तिनीहरूले आफ्ना छालालाई भन्नेछन्- तिमीले हामीविरुद्ध किन गवाही दियौ ?! उसले भन्नेछ- हामीलाई त्यही ईश्वरले बोल्ने शक्ति दिनु भयो जसले हरेक वस्तुलाई बोल्ने शक्ति प्रदान गर्नुभयो। उहाँले नै तिमीहरूलाई पहिलो पटक सृष्टि गर्नुभयो र उहाँसमक्ष नै तिमीहरू ल्याइएका छौ। २२- तिमीहरूले आफ्ना पालनकर्ताबारेमा गरेको गुमानले नै तिमीहरूलाई बर्बाद पार्यो । अतः तिमीहरू घाटा खानेहरूमध्ये भयौ । २३- यदि ईश्वरको बारेमा तिमीहरूले राखेको यही गलत धारणाले तिमीहरूलाई बर्बाद पार्यो, अनि तिमीहरू घाटा खानेहरूमध्ये भयौ। २४- यदि तिनीहरूले सहन गर्छन् भने तिनीहरूको बासस्थान नर्क हो र यदि तिनीहरूले माफि माग्छन् भने तिनीहरूलाई माफि पनि मिल्ने छैन।

२५- हामीले यिनीहरूमाथि केही साथीहरू तैनात गरेका छौं, जसले तिनीहरूलाई तिनीहरूका अगाडि तथा पछाडिका वस्तुहरूलाई सुन्दर बनाएर देखाए। तिनीहरूमाथि त्यही कुरा सिध्द भयो जो तिनीहरू अघिका मानव र जिन्नको समूहमाथि सिध्द भएको थियो। निस्सन्देह तिनीहरू घाटामा पर्नेहरू थिए।

२६- नकार्नेहरूले भने- यस कुर्आनलाई नसुन र यसमा अवरोध उत्पन्न गर, ताकि तिमीहरू विजयी रह । २७- हामीले नकार्नेहरूलाई कडा यातना चखाउनेछौं र तिनीहरूलाई तिनीहरूका दुष्कर्मको अति कठोर बदला दिनेछौं।

२८- यो ईश्वरका शत्रुहरूको बदला हो, अर्थात आगो। तिनीहरू त्यसमा सधैं रहनेछन्, यसको बदला स्वरूप कि तिनीहरू हाम्रा श्लोकहरूको इन्कार गर्दथे।

२९- नकार्नेहरूले भन्नेछन्- हे हाम्रा पालनकर्ता ! हामीहरूलाई ती जिन्न र मानवलाई देखाउनुहोस्, जसले हामीहरूलाई पथभ्रष्ट पारेका थिए। हामीले तिनीहरूलाई आफ्नो खुट्टामुनि कुल्चनेछौं ताकि अपमानित होउन्। ३०- जुन मानिसहरूले भने- हाम्रा पालनकर्ता ईश्वर हुनुहुन्छ, र त्यसमा अडिग रहे पक्कै उनीहरूमाथि देवदूतहरू अवतरण हुन्छन् र उनीहरूलाई भन्छन्- तिमीहरू न त आशंका गर न चिन्ता गर र त्यस स्वर्गको शुभसूचनाबाट ख़ुशी होउ जसको वाचा तिमीहरूसित गरिएको छ। ३१- हामी सांसारिक जीवनमा पनि तिमीहरूका मित्र हौं र परलोकमा पनि। तिमीहरूका लागि त्यहाँ तिमीहरूले मन पराउने र माग गर्ने सबै वस्तुहरू छन्। ३२- क्षमाशील तथा परम दयालुको तर्फबाट तिमीहरूको पाहुनासत्कारको लागि।

३३- त्यो व्यक्तिभन्दा रामो भनाइ कसको होला जसले एक ईश्वरतर्फ बोलायो, सत्कर्म गर्यो र भन्यो- म आज्ञाकारीहरूमध्ये हुँ। ३४- सुकर्म र दुष्कर्म एकसमान हुन सक्दैनन्। तपाईं जवाफमा त्यो भन्नुहोस् जो त्यो भन्दा उत्तम होस्। अनि तपाईंले के देख्नुहुन्छ भने तपाईंसंग जसको शत्रुता थियो ऊ यस्तो बन्यो जस्तो कोही निकटतम मित्र। ३५- यो कुरा यस्ता मानिसहरूलाई मात्र प्राप्त हुन्छ जो धैर्यवान र भाग्यशाली हुन्छन्। ३६- यदि शैतानले तिमीहरूको मनमा कुनै शंका उत्पन्न गर्छ भने ईश्वरको शरण खोज। निस्सन्देह उहाँ सुन्ने वाला र जान्ने वाला हुनुहुन्छ।

३७- ईश्वरका निशानीहरूमध्ये हुन् रात तथा दिन र सूर्य तथा चन्द्रमा। तिमीहरू न सूर्य पूजा गर न चन्द्रमा पूजा गर, बरु मात्र त्यस ईश्वरको भक्ति गर जसले यी सबैलाई सृष्टि गर्नुभयो, यदि तिमीहरू ईश्वरको वास्तविक भक्त हौ भने।

३८- यदि तिनीहरू घमण्ड गर्छन् भने ईश्वरनजिक रहेकाहरू दिनो रात ईश्वरको पवित्रताको गुणगान गर्दैछन् र कहिल्यै थाक्दैनन् ।

३९- ईश्वरका निशानीहरूमध्ये हुन्- तपाईं भूमिलाई सुख्खा अवस्थामा देख्नुहुन्छ, अनि जब हामी त्यसमाथि पानी बर्साउँछौं तब नम्र हुन्छ र जीवित हुन्छ । निस्सन्देह जुन ईश्वरले त्यसलाई जीवित पार्नु भयो उहाँ मृत मानिसहरूलाई जीवित पार्ने वाला हुनुहुन्छ । निस्सन्देह उहाँ हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ । ४०- जुन मानिसहरू हाम्रा श्लोकहरूको उल्टो अर्थ लगाउँछन् त्यो हामीबाट लुकेको छैन । के जुन मानिसहरूलाई आगोमा हालिनेछ उत्तम छन् वा ती मानिसहरू जो महाप्रलयको दिन शान्तिका साथ आउनेछन् ? तिमीहरूको जे इच्छा छ गर ईश्वर त्यसलाई देख्नु हुन्छ ।

४१- जुन मानिसहरूले ईश्वरको उपदेशको इन्कार गरे जब त्यो तिनीहरूसमक्ष आयो । निस्सन्देह यो प्रतिष्ठत किताब हो । ४२- यसमा असत्य न त अगाडिबाट आउन सक्छ, न पछाडिबाट । यसलाई तत्वदर्शी र प्रशंसनीयले अवतरित गर्नुभएको छ । ४३- तपाईंलाई त्यही कुरा भनिदै छ जो तपाईंभन्दाअघिका रसूलहरूलाई भनिएको थियो । निस्सन्देह तपाईंका पालनकर्ता माफ गर्ने वाला पनि हुनुहुन्छ र कडा सजाय दिने वाला पनि हुनुहुन्छ ।

४४- यदि हामीले कुर्आनलाई गैर अरबी भाषामा अवतरण गरेको भए, यिनीहरूले भन्ने थिए- यसका श्लोकहरू किन स्पष्ट पारिएन । गैरअरबी किताब र अरबी मानिसहरू ? भन्नुहोस्- यो आस्था ल्याउनेहरूका लागि मार्गदर्शन र उपचार हो । आस्था न ल्याउनेहरूका कानमा बुचो छ र यो तिनीहरूको हकमा अन्धोपन हो । मानौं तिनीहरू टाढाको स्थानबाट पुकारिन्छन् ।

४५- हामीले मूसालाई किताब प्रदान गरेका थियौं, तर त्यसमा मतभेद उत्पन्न गरियो । यदि तपाईंको पालनकर्ताको तर्फबाट पहिला नै कुरा निश्चित न भएको भए तिनीहरूबीच निर्णय गरिने थियो । यिनीहरू यसको बारेमा हैरान पार्ने

शङ्कामा छन् । ४६- जसले पनि सत्कर्म गर्छ, आफ्नै लागि गर्छ । जसले पनि दुष्कर्म गर्छ, त्यसको हानि उसैले बेहोर्नुपर्छ । तपाईंका पालनकर्ता भक्तहरूमाथि अत्याचार गर्ने वाला हुनुहुन्न ।

४७- महाप्रलयको ज्ञान ईश्वरसंगै सम्बंधित छ । कुनै पनि फल गाभाबाट निस्कदैन र कुनै स्त्रीले गर्भ धारण गर्दैन र शिशु जन्म दिंदैन तर त्यसको ज्ञान ईश्वरलाई छ । जुन दिन ईश्वरले सोध्नुहुनेछ- कहाँ छन् तिमीहरूले मेरो भक्तिमा साझेदार ठहर गरेका मूर्तीहरू ? तिनीहरूले जवाफ दिनेछन्- हामी तपाईंलाई यही भन्न चाहन्छौं कि हामीमध्ये लकोही पनि यसको दावेदार थिएन । ४८- ती सबै तिनीहरूबाट हराउनेछन् जसलाई तिनीहरू पुकार्ने गर्थे । तिनीहरूको लागि बचावको कुनै उपाय छैन भन्ने कुरा तिनीहरूले बुझ्नेछन् ।

४९- मानव भलो माग्न थकित हुँदैन । तर कष्ट पुगेमा निराश र दुखि हुन पुग्छ । ५०- यदि हामी मानवलाई पुगेको कष्टपछि आफ्नो कृपाको स्वाद चखाउँछौं तब ऊ भन्छ- यो मेरो हक हो । मेरो विचारमा महाप्रलय आउने छैन । यदि मलाई ईश्वरतर्फ फर्काइनेछ भने उहाँ नजिक पनि मेरो लागि भलो छ । हामीले अवश्य नै यी नकार्नेहरूलाई तिनीहरूले गरेको कर्महरूबाट सूचित गर्नेछौं र तिनीहरूलाई कडा यातनाको स्वाद चखाउनेछौं ।

५१- जब हामी मानवमाथि कृपा गर्छौं तब ऊ विमुख हुन्छ र आफ्नो कोल्टो फेर्छ र जब उसलाई कष्ट पुग्छ तब ऊ लामो प्रार्थना गर्न थाल्छ । ५२- भन्नुहोस्- बताउ यदि यो कुर्आन ईश्वरको तर्फबाट अवतरित भएको छ अनि तिमीहरू यसलाई इन्कार गर्छौ भने त्यो व्यक्ति भन्दा ठूलो पथभ्रष्ट अरू को हुन सक्छ जो विरोधमा धेरै टाढा पुग्छ ?!

५३- हामी तिनीहरूलाई निशानीहरू देखाउनुहुनेछौं, जगतमा पनि र तिनीहरूभित्र पनि, यहाँसम्म कि तिनीहरमाथि स्पष्ट हुन्छ कि यो कुरआन सत्य हो । के यो कुरा पर्याप्त छैन कि तपाईंका पालनकर्ता हरेक वस्तुका गवाह हुनुहुन्छ ।

५४- सुनिराख- यिनीहरू आफ्ना पालनकर्तासित भेंटको बारेमा शङ्कामा छन् । सुनिराख, ईश्वर सबै वस्तुहरूसित अवगत हुनुहुन्छ ।

# सूरह अश्शूरा- ४२

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- हा. मीम. २- ऐन. सीन. काफ. ३- यसरी प्रभुत्वशाली र तत्वदर्शी ईश्वर प्रकाशना अवतरण गर्नुहुन्छ तपाईंतर्फ र तपाईंअघिका सन्देष्टाहरूतर्फ । ४- ईश्वर कै छन् जे जति आकाशहरू र पृथ्वीमा छन् । उहाँ सबैभन्दा माथि र महान हुनुहुन्छ । ५- नजिक छ कि आकाश माथिबाट चिरा चिरा होस् । देवदूतहरू उहाँको पवित्रताको गुणगान गर्दैछन् उहाँको प्रशंसा गर्दै र धर्ती बासीहरूका लागि क्षमायाचना गर्दैछन् । जानिराख ईश्वर अति क्षमाशील र दयावान हुनुहुन्छ । ६- जुन मानिसहरूले ईश्वरलाई छोडेर अन्यलाई संरक्षक मित्र बनाएका छन्, ईश्वर तिनीहरूमाथि संरक्षक हुनुहुन्छ र तपाईं तिनीहरूका जिम्मेबार हुनुहुन्न ।

७- हामीले यसरी तपाईंतर्फ अरबी कुरआन अवतरित गर्यौं ताकि तपाईं मक्का बासी र त्यसका वरिपरि रहेका मानिसहरूलाई डराउनुहोस् र तिनीहरूलाई जम्मा गरिने दिनबाट सावधान गराउनुहोस्, जसको आगमनमा कुनै सन्देह छैन । एउटा जमात स्वर्गमा हुनेछ र अर्को गिरोह आगोमा ।

८- ईश्वरले चाहनुभएमा सबै मानिसहरूलाई एउटै समुदाय बनाउनुहुन्थ्यो । तर ईश्वर जसलाई चाहनुहुन्छ आफ्नो कृपामा प्रवेश गराउनु हुन्छ र अत्याचारीहरूको कोही सहयोगी-मित्र छैन । ९- के यिनीहरूले ईश्वरलाई छोडेर अन्यलाई कार्य-साधक बनाएका छन् । ईश्वर नै कार्य-साधक हुनुहुन्छ । उहाँ मृतहरूलाई जीवित पार्नुहुन्छ र उहाँ हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ । १०- जुन सुकै कुराहरूमा

तिमीहरू मतभेद गर्छौ त्यसको निर्णाय ईश्वर कै जिम्मामा छ । उहाँ ईश्वर नै मेरा पालनकर्ता हुनुहुन्छ । म उहाँमाथि नै भरोसा गर्छु र उहाँतर्फ नै फर्कन्छु ।

११- ईश्वर नै आकाशहरू र पृथ्वीको सृष्टिकर्ता हुनुहुन्छ । उहाँले तिमीहरूकै जातिबाट तिमीहरूका जोडीहरू सृष्टि गर्नुभयो । उहाँले जनावरहरूको पनि जोडी बनाउनुभयो । यसबाट उहाँ तिमीहरूको नसल चलाउनुहुन्छ । ईश्वर जस्तो कोही पनि छैन । उहाँ सर्वश्रोता र सर्वद्रष्टा हुनुहुन्छ । १२- उहाँ कै अख्तियारमा छ आकाशहरू र पृथ्वीका साँचाहरू । उहाँ जसलाई चाहनुहुन्छ धेरै जीविका प्रदान गर्नुहुन्छ । निस्सन्देह उहाँ हरेक कुराका ज्ञाता हुनुहुन्छ ।

१३- ईश्वरले तिमीहरूका लागि त्यही धर्म निर्धारण गर्नुभएको छ, जसको आदेश उहाँले नूहलाई दिनुभएको थियो र जसको प्रकाशना हामीले तपाईंतर्फ गर्यौं । जसको आदेश हामीले इब्राहीमलाई, मूसालाई र ईसालाई दिएका थियौं कि धर्मलाई कायम राख र मतभेद उत्पन्न न गर । बहुदेववादीहरूमाथि त्यो कुरा अति भारी छ जसतर्फ तपाईं तिनीहरूलाई बोलाउँदै हुनुहुन्छ । ईश्वर जसलाई चाहनुहुन्छ आफ्नो लागि चयन गर्नुहुन्छ । उहाँ ती मानिसहरूलाई आफूतर्फ मार्गदर्शन गर्नुहुन्छ जो उहाँतर्फ फर्कने गर्छन् ।

१४- जुन मानिसहरू विभिन्न गिरोहमा विभाजित भए, नितान्त सत्यको आगमनपछि विभाजित भए, मात्र परस्पर जिद्दी गरेको कारणले । यदि तपाईंका पालनकर्ताको तर्फबाट एउटा समय निश्चित न भएको भए तिनीहरूबीच निर्णय भइ सकेको हुने थियो । जुन मानिसहरूलाई तिनीहरू पश्चात किताब प्रदान गरियो तिनीहरू त्यसबारे यस्तो शङ्कामा छन् जसले तिनीहरूलाई हैराम पारेको छ ।

१५- अनि तपाईं त्यसै तर्फ बोलाउनुहोस् र त्यसैमा अडिग रहनुहोस् जसको तपाईंलाई आदेश भएको छ । तिनीहरूका इच्छाहरूको अनुसरण न गर्नुहोस् । भन्नुहोस्- ईश्वरले अवतरित गर्नुभएको किताबमाथि मैले आस्था ल्याएं । मलाई तिमीहरूबीच निसाफका साथ निर्णय गर्ने आदेश भएको छ । ईश्वर हामी र

तिमीहरू सबैका पालनकर्ता हुनुहुन्छ । हामीले गर्ने गरेका कर्महरू हाम्रा लागि, तिमीहरूले गर्ने गरेका कर्महरू तिमीहरूका लागि । हामी र तिमीहरूबीच कुनै झगडा छैन । ईश्वरले हामी सबैलाई जम्मा गर्नुहुनेछ । हामी सबैले फर्केर उहाँतर्फ नै जानुछ । १६- जुन मानिसहरू ईश्वरको बारेमा तर्कवितर्क गर्छन्, जबकि मानिसहरू यसलाई स्वीकार गरिसकेका छन्, तिनीहरूका प्रमाण तिनीहरूका पालकर्ता नजिक असत्य हो । तिनीहरूमाथि रोष छ र तिनीहरूका लागि कडा यातना छ ।

१७- ईश्वर नै हुनुहुन्छ जसले सत्यका साथ कुर्आन अवतरण गर्नुभयो र तराजु पनि । तिमीहरूलाई के थाहा शायद यो समय नजिक छ । १८- जुन मानिसहरू त्यसमा आस्था राख्दैनन् तिनीहरू यसको लागि हतार गर्छन् । यसमा आस्था राख्नेहरू त्यसबाट डराउँछन् । यो सत्य हो भनेर उनीहरूलाई थाहा छ । याद राख जुन मानिसहरू यस समयको बारेमा वादविवाद गर्छन् तिनीहरू पथभ्रष्टतामा धेरै टाढा पुगेका छन् ।

१९- ईश्वर आफ्ना भक्तहरूप्रति स्नेही हुनुहुन्छ, जसलाई चाहनुहुन्छ जीविका प्रदान गर्नुहुन्छ । उहाँ शक्तिशाली र प्रभुत्वशाली हुनुहुन्छ । २०- जुन मानिसहरू सांसारिक खेती चाहन्छन् हामी तिनीहरूलाई त्यसबाटा केही दि हाल्छौं र परलोकमा तिनीहरूका लागि कुनै अंश रहदैन ।

२१- के यिनीहरूका लागि केही साझेदारहरू छन् जसले तिनीहरूका लागि यस्तो धर्म निर्धारित गर्नुभएको छ जसको अनुमति ईश्वरले दिनुभएको छैन ? यदि निर्णयको कुरा निश्चित न भएको भए तिनीहरूका निर्णय गरिने थियो । निस्सन्देह अत्याचारीहरूका लागि कडा यातना छ । २२- तपाईंले अत्याचारीहरूलाई डराइरहेका देख्नुहुनेछ, तिनीहरूले गरेको कुकर्मले गर्दा । तर तिनीहरूलाई अवश्य नै सजाय मिल्नेछ । जुन मानिसहरूले आस्था ल्याए र सत्कर्म गरे उनीहरू स्वर्गका बगैंचाहरूमा हुनेछन् । उनीहरूका लागि उनीहरूका पालनकर्ता नजिक ती सबै थोक हुनेछन् जसको इच्छा उनीहरूले गर्नेछन् । यही महान पुरस्कार हो ।

२३- यो कुरा हो जसको शुभसूचना ईश्वर आफ्ना ती भक्तहरूलाई दिनुहुन्छ जो आस्था ल्याए र सत्कर्म गरे। भनिदिनुहोस्- म यसको लागि तिमीहरूसित कुनै प्रतिदान चाहदिन, तर नातेदारीको माया। जसले कुनै पुण्य गर्नेछ हामी उसको भलोमा बृध्दि गर्नेछौं। निस्सन्देह ईश्वरले क्षमाशील र कदर गर्नेवाला हुनुहुन्छ।

२४- के तिनीहरू भन्छन्- मुहम्मदले ईश्वरमाथि झूठो कुरा रच्नुभएको छ। ईश्वरले चाहनुभएमा तपाईंको हृदयमाथि मोहर लगाउनु हुन्थ्यो। तर ईश्वर सत्य कुरा प्रमाणित गर्नुहुन्छ र असत्यलाई समाप्त पार्नुहुछ आफ्ना वाणीहरूबाट। निस्सन्देह उहाँ मनका कुराहरू जान्नुहुन्छ। २५- ईश्वर नै हुनुहुन्छ जो आफ्ना भक्तहरूका तौबा स्वीकार गर्नुहुन्छ र उनीहरूका दुष्कर्महरूलाई माफ गर्नुहुन्छ। उहाँ तिमीहरूले गरेका कार्यहरू जान्नुहुन्छ। २६- ईश्वर ती मानिसहरूको प्रार्थना स्वीकार गर्नुहुन्छ जो आस्था ल्याए र जसले सत्कर्म गरे। उनीहरूलाई आफ्नो कृपाबाट थप प्रदान गर्नुहुन्छ। नकार्नेहरूका लागि कडा यातना छ।

२७- यदि ईश्वरले आफ्ना भक्तहरूका लागि जीविका खोल्नु भएमा तिनीहरूले धर्तीमा आतंक मच्चाउने थिए। तर ईश्वर जसरी चाहनुहुन्छ निश्चित जीविका अवतरण गर्नुहुन्छ। निस्सन्देह उहाँ आफ्ना भक्तहरूलाई जान्नुहुन्छ र देख्नुहुन्छ। २८- ईश्वर नै हुनुहुन्छ जो पानी बर्साउनुहुन्छ जबकि तिनीहरू त्यसबाट निराश भइसकेका हुन्छन् र आफ्नो कृपा फैलाउनुहुन्छ। उहाँ नै कार्य साधक र प्रशंसनीय हुनुहुन्छ। २९- ईश्वरकै निशानीहरूमध्ये हो आकाशहरू र पृथ्वीको सृष्टि र ती प्राणीहरू जो उहाँले तिनीहरूबीच फेलाउनुभएको छ। उहाँ तिनीहरूलाई जम्मा गर्ने सामर्थ्य राख्नुहुन्छ जहिले चाहनुहुन्छ।

३०- जे जति संकट तिमीहरूलाई पुग्छ त्यो तिमीहरूका हातले गरेका कार्यहरूले गर्दा पुग्छ। ईश्वरले तिमीहरूका धेरै पापहरू माफ गर्नुहुन्छ। ३१- तिमीहरू धर्तीमा ईश्वरको नियन्त्रणबाट निस्कन सक्दैनौ। ईश्वरबाहेक न कोही तिमीहरूको कार्य-साधक छ न कोही सहयोगी नै।

३२- ईश्वरका निशानीहरूमध्ये हुन् समुद्रमा चलिरहेका पहाड जस्ता अग्ला पानीजहाजहरू हुन् । ३३- ईश्वरले चाहनुभएमा हावालाई बन्द गर्नु हुन्छ, अनि ती जहाजहरू समुद्रको सतहमा रोकिनेछन् । निस्सन्देह यीभित्र निशानीहरू छन् प्रत्येक धैर्य गर्ने र उहाँप्रति आभार व्यक्त गर्ने व्यक्तिका लागि । ३४- ईश्वरले चाहनुभएमा मानिसहरूको कर्महरूले गर्दा ती जहाजहरूलाई नष्ट गर्न सक्नुहुन्छ वा उहाँले चाहनु भएमा धेरै मानिसहरूलाई माफ गर्न सक्नुहुन्छ । ३५- ताकि हाम्रा निशानीहरूमा झगडा गर्नेहरूलाई थाहा होस् कि तिनीहरूका लागि भाग्ने कुनै स्थान छैन ।

३६- तिमीहरूलाई जे जति दिइएको छ ती सबै सांसारिक सरसामान मात्र हुन् । जे जति ईश्वर कहाँ छ त्यो बढी उत्तम र बाँकि रहने वाला छ ती मानिसहरूका लागि जो आस्था ल्याए र जो ईश्वरमाथि भरोसा गर्छन् ।

३७- ती मानिसहरू जो ठूला पापहरू र अश्लील कार्यहरूबाट बच्ने गर्छन् । जो रिस आउँदा आउँदै पनि माफ गर्छन् । ३८- जसले आफ्ना पालनकर्ताको अहवानलाई स्वीकार गरे र नमाज कायम गरे । उनीहरू आफ्ना कार्यहरू परस्पर सरसल्लाहले गर्छन् । हामीले प्रदान गरेका धनसम्पत्तिबाट खर्च गर्छन् । ३९- उनीहरूमाथि कसैले अत्याचार गरेमा सत्यका साथ बदला लिन्छन् । ४०- तिनीहरूमाथि अत्याचार गरिएमा त्यति मात्र बदला लिन्छन् । जसले माफ गरे र सुधार गरे उनीहरूको प्रतिदान ईश्वरको जिम्मामा छ । निस्सन्देह उहाँ अत्यचारीहरूलाई मन पराउनुहुन्न । ४१- पीडित व्यक्तिले बदला लिएमा उसको पकड हुने छैन । ४२- पकड ती अत्याचारीहरूको हुनेछ जो मानिसहरूमाथि अत्याचार गर्छन् र धर्तीमा अनाहक आतंक मच्चाउँछन् । यिनीहरू नै हुन जसको लागि पीडादायी यातना छ । ४३- जुन मानिसहरूले सहन गरे र माफ गरे निस्सन्देह यो आँटको काम हो ।

४४- ईश्वरले जसलाई पथभ्रष्ट गर्नुहुन्छ उसको कोही कार्य-साधक हुँदैन ।

तपाईंले अत्याचारीहरूलाई देख्नुहुनेछ- जब तिनीहरू यातनालाई देख्नेछन् तब भन्नेछन्- के फर्केर जाने कुनै उपाय छ । तपाईंले तिनीहरूलाई नर्कअगाडि उभ्याइएको देख्नुहुन्छ । ४५- तिनीहरू अपमानित भएर निहुरेका हुनेछन् र तेर्सो आँखाले देखिराखेका हुनेछन् । आस्थावानहरूले भन्नेछन्- वास्तवमा यिनीहरू हुन् घाटा खानेहरू, जसले महाप्रलयको दिन आफूलाई र आफ्ना परिवारलाई घाटामा पारे । सुनि राख, अत्याचारीहरू सदा सर्वदाको यातनामा हुनेछन् । ४६- तिनीहरूका सहयोगीहरू हुने छैनन् जसले ईश्वरको मुकाबिलामा तिनीहरूको सहयोग गर्न सकुन् । जसलाई ईश्वर पथभ्रष्ट गर्नुहुन्छ, उसको लागि कुनै मार्ग हुने छैन ।

४७- तिमीहरू ईश्वरको आह्वानलाई स्वीकार गर यस्तो दिनको आगमनअघि जो टारिनेछैन । त्यस दिन तिमीहरूलाई कुनै शरण लिने ठाउँ मिल्दैन । तिमीहरूले कुनै पनि चिजलाई इन्कार गर्न सक्ने छैनौ । ४८- यदि तिनीहरू विमुख हुन्छन् भने हामीले तपाईंलाई तिनीहरूका लागि संरक्षक बनाएर पठाएका छैनौं । तपाईंको जिम्मेबारी हाम्रो सन्देश पुर्याउनु मात्र हो । जब हामी मानवमाथि कृपा गर्छौं तब ऊ प्रसन्न हुन्छ । जब मानवलाई उसको पापले गर्दा कुनै कष्ट पुग्छ तब ऊ कृतघ्न हुन्छ ।

४९- आकाशहरू र पृथ्वीको सत्ताशासन ईश्वरकै हातमा छ । उहाँले जे चाहनुहुन्छ सृष्टि गर्नुहुन्छ । जसलाई चाहनुहुन्छ छोरीहरू मात्र प्रदान गर्नुहुन्छ र जसलाई चाहनुहुन्छ छोराहरू मात्र प्रदान गर्नुहुन्छ । ५०- जसलाई चाहनुहुन्छ छोरा र छोरी दुवै प्रदान गर्नुहुन्छ । उहाँ जसलाई चाहनुहुन्छ निस्सन्तान बनाउनुहुन्छ । निस्सन्देह उहाँको पूर्ण ज्ञानवान र प्रभुत्वशाली हुनुहुन्छ ।

५१- कुनै मानवको यो सामर्थ्य छैन कि ईश्वरले ऊसँग कुरा गरुन् तर प्रकाशनाद्वारा वा पर्दा पछाडिबाट वा कुनै देवदूतद्वारा प्रकाशना पठाएर उहाँको अनुमतिबाट जो उहाँले चाहुन् । निस्सन्देह उहाँ सबैभन्दा उच्च स्थानमा हुनुहुन्छ

र तत्वदर्शी हुनुहुन्छ । ५२- यसरी हामीले तपाईंतर्फ पनि प्रकाशना गर्यौं, एउटा आत्मा आफ्नो आदेशबाट । तपाईंलाई थाहा थिएन कि किताब भनेको के हो र तपाईंलाई थाहा थिएन कि ईमान भनेको के हो ? तर हामीले यस कुर्आनलाई प्रकाश बनायौं । यसद्वारा हामी मार्गदर्शन गर्छौं आफ्ना भक्तहरूमध्ये जसलाई चाहन्छौं । निस्सन्देह तपाईं सीधा मार्गतर्फ आह्वान गर्नुहुन्छ । ५३- त्यस ईश्वरको मार्गतर्फ जसको लागि ती सबै वस्तुहरू छन् जो आकाशहरू र पृथ्वीमा छन् । सुनि राख, सबै मामिलाहरू ईश्वरतर्फ नै फर्केर जानेछन् ।

## सूरह अज्जुख्रुफ- ४३

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- हा. मीम. । २- कसम छ यस स्पष्ट किताबको । ३- हामीले अरबी भाषामा यो कुर्आन बनाएका छौं ताकि तिमीहरू बुझ । ४- निस्सन्देह यो असल सुरक्षित पेटिकामा हामी नजिक छ । उच्च तथा विवेकपूर्ण ।

५- के हामी यस कारणले तिमीहरूलाई उपदेश न देऔं कि तिमीहरू सीमा उल्लंघनकारी हौ ? ६- हामीले विगतका समुदायहरूमा कतिपय सन्देष्टाहरू पठायौं । ७- तिनीहरूसमक्ष कुनै यस्तो सन्देष्टा आएन जसको ठट्टा तिनीहरूले न गरेका होउन् । ८- अनि जुन मानिसहरू यिनीहरूभन्दा शक्तिशाली थिए तिनीहरूलाई हामीले सर्वनाश गर्यौं । अतः उनीहरूभन्दा कम शक्तिशालीहरूलाई सजिलै सर्वनाश गर्न सक्छौं । विगतका समुदायहरूको उदाहरण बितिसकेको छ ।

९- यदि तपाईंले यिनीहरूलाई सोध्नुहुन्छ- आकाशहरू र पृथ्वीको सृष्टि कसले गरेका छन् ? तिनीहरूले अवश्य यही जवाफ दिनेछन्, प्रभुत्वशाली र सर्वज्ञ ईश्वरले सृष्टि गर्नुभयो । १०- जसले पृथ्वीलाई बिछयौना बनाउनुभयो र त्यसमा तिमीहरूका लागि बाटो घाटो बनाउनुभयो, ताकि तिमीहरू मार्ग भेटाउन

सक । ११- जसले आकाशबाट पानी बर्साउनु भयो निश्चित मात्रामा । फेरि त्यसबाट मृत भूमीलाई जीवित पार्नुभयो । त्यसरी नै तिमीहरूको पुनर्जन्म हुनेछ । १२- जसले नाना थरीका वस्तुहरू सृष्टि गर्नुभयो । तिमीहरूका लागि पानी जहाज र चौपायाहरू सृष्टि गर्नुभयो जसमा तिमीहरू सवारी गर्छौ । १३- ताकि तिमीहरू त्यसका पिठ्यूँहरूमाथि जमेर बस र त्यसमाथि सवार हुँदा आफ्ना पालनकर्ताको वरदानलाई स्मरण गर र भन- पवित्र हुनुहुन्छ ईश्वर जसले यिनीहरूलाई हाम्रो नियन्त्रणमा दिनुभयो, उहाँले नियन्त्रणमा नदिएको भए हामी यसमाथि नियन्त्रण गर्न सक्ने थिएनौं । १४- निस्सन्देह हामी आफ्ना पालनकर्तातर्फ फर्कने वाला छौं ।

१५- यिनीहरूले ईश्वरका भक्तहरूमध्ये उहाँका अंश ठहर गरे । निस्सन्देह मानव स्पष्ट बेगुणि छ । १६- के ईश्वरले आफ्ना प्राणिहरूमध्ये आफ्नो लागि छोरीहरू रोज्नुभयो र तिमीहरूलाई छोराहरू प्रदान गर्नुभयो ?! १७- जब तिनीहरूमध्ये कसैलाई त्यस कुराको शुभसूचना दिइन्छ जसलाई तिनीहरू कर्णामय (ईश्वर) संग जोड्छन् तब उसको अनुहार चिन्ताले कालो हुन्छ र ऊ चिन्तामा डुब्छ । १८- के जसको पालन पोषण गरगहनामा हुन्छ र जो वाद विवाद हुँदा आफ्नो कुरा भन्न सक्दैन ?! १९- तिनीहरूले करुणामय (ईश्वर) का भक्त देवदूतहरूलाई स्त्री ठहर गरेका छन् । के तिनीहरू उनीहरूको सृष्टि हुँदा त्यहाँ उपस्थित थिए ?! तिनीहरूको यस दावीलाई लेखिनेछ र तिनीहरूसँग सोधपूछ गरिनेछ ।

२०- तिनीहरूले भने- यदि करुणामय (ईश्वर) ले नचाहेको भए हामीले तिनीहरूको पूजा गर्ने थिएनौं । तिनीहरूसँग यसको कुनै ज्ञान छैन, तिनीहरू अनुसन्धान बिना कुरा गर्छन् । २१- के हामीले यिनीहरूलाई यसअघि कुनै किताब दिएका छौं, जसलाई यिनीहरूले बलपूर्वक समातेका छन् । २२- बरु तिनीहरू भन्छन्- हामीले आफ्ना पूर्वजहरूलाई एउटा तरिकामा पायौं र हामीहरू पनि तिनीहरूकै अनुसरण गर्दैछौं । २३- त्यसरी नै हामीले तपाईंभन्दा अघि जुनसुकै गाउँमा सावधानकर्ता पठायौं त्यसका धनाढयहरूले भने- हामीले आफ्ना

पूर्वजहरूलाई एउटा तरिकामा पायौं र हामीहरू तिनीहरूकै अनुसरण गर्दैछौं। २४- सावधानकर्ताले भने- यद्दपि मैले तिमीहरूका पूर्वजका मार्गभन्दा राम्रो मार्ग बताए पनि ? तिनीहरूले भने- तिमीले ल्याएको सन्देशको हामी इन्कार गर्दैछौं। २५- अनि हामीले तिनीहरूसित बदला लियौं। अनि हेर कस्तो परिणाम भयो रसूलहरूलाई झूठा ठहर गर्नेहरूको।

२६- जब इब्राहीमले आफ्नो बुवा र आफ्नो समुदायलाई भने- तिमीहरू जुन वस्तुहरूको पूजा गर्छौ त्यससँग मेरो कुनै सरोकार छैन। २७- तर उहाँ जसले मेरो सृष्टि गर्नुभयो। निस्सन्देह उहाँले मेरो मार्गदर्शन गर्नुहुनेछ। २८- इब्राहीमले यही वाणी आफूपछि आफ्नो सन्तानहरूमा छोडे ताकि उनीहरूले उनीतर्फ फर्कुन्। २९- बरु मैले यिनीहरूलाई र यिनीहरूका पूर्वजहरूलाई सांसारिक सर-सामान प्रदान गर्यौं, यहाँसम्म कि सत्य आयो र रसूल स्पष्टरूपमा सुनाउने। ३०- जब तिनीहरूसमक्ष सत्य आयो तब तिनीहरूले भने- यो जादू हो र हामी यसलाई इन्कार गर्छौं।

३१- तिनीहरूले भने- यो कुर्आन यी दुईवटा गाउँहरूका कुनै महान व्यक्तिमाथि किन अवतरण भएन ? ३२- के यिनीहरू तपाईंका पालनकर्ताको कृपाको वित्रण गर्छन् ? सांसारिक जीवनमा हामीले यिनीहरूबीच जीविकाको वित्रण गरेका छौं र हामीले एक अर्कामाथि ग्राह्यता दिएका छौं, ताकि एक अर्काबाट काम लेउन्। तपाईंका पालनकर्ताको कृपा उत्तम छ त्योभन्दा जो यिनीहरू जम्मा गर्दैछन्। ३३- यदि यो कुरा नभएको भए कि सबै मानिसहरू एउटै तरिकामा हुनेछन्, हामीले करुणामय (ईश्वर) को इन्कार गर्नेहरूका लागि तिनीहरूका घरहरूका छानाहरूलाई चाँदीको बनाउने थियौं र भर्याङ्लाई पनि जसमाथि तिनीहरू चढ्छन्। ३४- तिनीहरूका घरका ढोकालाई पनि र सोफालाई पनि जसमाथि तिनीहरू अडेस लगाएर बस्छन्। ३५- र सुनका पनि। यी सबै

सांसारिक जीवनका सरसामान मात्र हुन् र परलोक तिमीहरूका पालनकर्ता नजिक ईशभय राख्नेहरूका लागि हो ।

३६- जो व्यक्ति विमुख हुन्छ हामीले त्यसमाथि एउटा शैतान तैनात गरिदिन्छौं जो उसको मित्र बन्न पुग्छ । ३७- शैतान साथीहरू तिनीहरूलाई सीधा मार्गबाट रोक्छन् तर तिनीहरू आफूलाई मार्गदर्शनमा रहेका ठान्दछन् । ३८- यहाँसम्म कि जब ऊ हामीकहाँ आउनेछ तब भन्नेछ- मेरो र तिमीबीच पूर्व र पश्चिमबीच रहेको दूरी भएमा बेस हुन्थ्यो । कति दुष्ट साथी थियो । ३९- ईश्वरले भन्नुहुनेछ- तिमीहरूले आफूमाथि अत्याचार गरेकोले आज यस कुराले तिमीलाई कुनै फाइदा दिने छैन । तिमीहरू दुवै यातनामा एक अर्काको साझेदार हौ ।

४०- के तपाईंले बहिरालाई सुनाउनुहुन्छ र अन्धालाई मार्ग देखाउनुहुन्छ र ती मानिसहरूलाई जो स्पष्ट पथभ्रष्टतामा छन् ?! ४१- यदि हामीले तपाईंलाई उठाएमा हामी तिनीहरूसित बदला लिनेछौं । ४२- वा तपाईंलाई देखाउनेछौं त्यो चिज जसको वाचा हामीले तिनीहरूसँग गरेका छौं । ४३- हामी यिनीहरूमाथि पूर्ण सामर्थ्य राख्छौं, ईश्वरले तपाईंतर्फ जुन वही गर्नुहुन्छ त्यसलाई बलपूर्वक समात्नुहोस् । निस्सन्देह तपाईं सीधा मार्गमा हुनुहुन्छ । ४४- यो तपाईंको लागि र तपाईंको समुदायको लागि उपदेश हो । चाँडै तिमीहरूसित सोधपूछ हुनेछ । ४५- तपाईं आफूअघि पठाइएका रसूलहरूलाई सोध्नुहोस्- के हामीले करुणामय (ईश्वर) बाहेक अन्य कुनै उपास्य ठहर गरेका थियौं कि त्यसको भक्ति गरियोस् ?!

४६- हामीले मूसालाई आफ्ना निशानीहरूका साथ फिऔंन र उसका मन्त्रीहरूसमक्ष पठायौं । मूसाले भने- म सबै सृष्टिहरूका पालनकर्ताको रसूल हुँ । ४७- जब मूसा हाम्रा निशानीहरू लिएर तिनीहरूसमक्ष पुगे तब तिनीहरू उनीमाथि हाँस्न थाले । ४८- हामी तिनीहरूलाई जुन निशानी देखाउँथियौं त्यो अघिल्ला निशानीभन्दा ठूलो हुने गर्थ्यो । हामीले तिनीहरूलाई प्रकोपमा ग्रस्त गर्यौं ताकि तिनीहरू फर्कुन् । ४९- तिनीहरूले मूसालाई भने- हे जादूगर ! तिमी

आफ्ना पालनकर्तासित हाम्रा लागि प्रार्थना गर । त्यस वचनको आधारमा जो उहाँले तिमीहरूसित गर्नुभएको छ, हामीहरू अवश्य सीधा मार्ग अपनाउनेछौं। ५०- जब हामीले तिनीहरूबाट प्रकोपलाई समाप्त पार्यौं तब तिनीहरूले वचन भङ्ग गरे।

५१- फिऔंनले आफ्नो समुदायबीच ठूलो स्वरमा भन्यो- हे मेरा समुदाय ! के इजिप्टमाथि मेरो शासन-सत्ता छैन र यी नहरहरू जो मेरो महलको तलतिरबाट बगिरहेका छन् ? के तिमीहरू देख्दैनौ ?! ५२- म उत्तम छु त्यस भन्दा जो कमजोर छ र स्पष्ट कुरा पनि गर्न सक्दैन । ५३- अनि किन उनीमाथि सुनका चुराहरू आएनन् वा देवदूतहरू उनीसमक्ष क्रमबद्ध आउनु पर्ने थियो । ५४- फिऔंनले आफ्नो समुदायलाई मुर्ख बनायो, अनि तिनीहरूले उसको कुरा माने । तिनीहरू अवज्ञाकारी मानिसहरू थिए। ५५- जब तिनीहरूले हामीलाई रोष दिलाए तब हामीले तिनीहरूसित बदला लियौं र सबैलाई समुद्रमा डुबाइ दियौं। ५६-अनि हामीले तिनीहरूलाई विगतका कथा र अरूका लागि पाठ बनाइ दियौं।

५७- जब मर्यम पुत्र ईसाको उदाहरण दिइयो तब तपाईंको समुदायका मानिसहरूले होहल्ला गर्न थाले। ५८-तिनीहरूले भने- हाम्रा उपास्यहरू राम्रा छन् वा ईसा ?! यो उदाहरण तिनीहरू तपाईंसंग वादविवाद गर्नको लागि गर्छन्। ५९- बरु यिनीहरू झगडालु छन्। ईसा त मात्र हाम्रो एक जना भ्क्त थिए जसमाथि हामीले कृपा गरेका थियौं र उनलाई बनीइस्राईलको लागि उदाहरण बनाएका थियौं। ६०- यदि हामीले चाहेमा तिमसीहरूबीच देवदूहरू सृष्टि गर्न सक्छौं, जो धर्तीमा तिमीहरूको वारिस होउन्। ६१- ईसा महाप्रलयको एउटा चिन्ह हुन्, अनि तिमीहरू त्यसमा कुनै शङ्का नगर र मेरो अनुसरण गर। यही सीधा मार्ग हो। ६२- शैतानले तिमीहरूलाई यसबाट रोक्न न पाओस्। निश्चय नै त्यो तिमीहरूको खुल्ला शत्रु हो।

६३- जब ईसा स्पष्ट प्रमाणहरू लिएर आए र भने- म तिमीहरूसमक्ष विवेक

लिएर आएको छु, ताकि म तिमीहरूका लागि ती कुराहरू स्पष्ट पारुँ जसमा तिमीहरू मतभेद गर्छौ । अतः तिमीहरू ईश्वरसँग डराऊ र मेरो आज्ञापालन गर । ६४- निस्सन्देह ईश्वर मेरो पनि पालनकर्ता हुनुहुन्छ र तिमीहरूको पनि, तसर्थ मात्र उहाँकै भक्ति गर । यही सीधा मार्ग हो । ६५- गुटहरूले मतभेद गरे । बर्बादी छ ती मानिसहरूका लागि जसले अत्याचार गरे। एउटा पीडादायी दिनको यातनाबाट ।

६६- यिनीहरू मात्र महाप्रलयको प्रतीक्षा गर्दैछन्, जो अकस्मात आउनेछ र तिनीहरूलाई खबर पनि हुँदैन ?! ६७- सबै मित्रहरू त्यस दिन एक अर्काका शत्रु बन्नेछन्, सिवाय ईश-भय राख्नेहरू । ६८- हे मेरा भक्तहरू ! आज तिमीहरूलाई न कुनै डर छ न तिमीहरू चिन्तित नै हुनेछौ । ६९- जुन मानिसहरू आस्था ल्याए र आज्ञाकारी रहे । ७०- स्वर्गमा प्रवेश गर । तिमीहरू पनि र तिमीहरूकी श्रीमतीहरू पनि । तिमीहरूलाई खुशी पारिनेछ । ७१- उनीहरूसमक्ष सुनका थाल र कचौराहरू पेश गरिनेछन् । त्यहाँ उनीहरूले मन पराउने र आँखालाई शीतल पार्ने वस्तुहरू हुनेछन् । तिमीहरू त्यसमा सधैं रहनेछौ । ७२- यही त्यो स्वर्ग हो जसको मालिक तिमीहरू बनाइएका छौ, तिमीहरूले गरेको कर्मले गर्दा । ७३- तिमीहरूका लागि त्यसमा धेरै फलफूल छन् जो तिमीहरू खानेछौ ।

७४- निस्सन्देह अपराधी मानिसहरू सधैं नर्कको यातनामा रहनेछन् । ७५- तिनीहरूको यातनामा कमि गरिने छैन । तिनीहरू निराश भएर त्यसमा परि रहनेछन् । ७६- हामीले तिनीहरूमाथि अत्याचार गरेनौं बरु तिनीहरू आफैं अत्याचारी थिए । ७७- तिनीहरूले पुकार्नेछन्- हे मालिक ! तपाईंका पालनकर्ताले हामीलाई सखाप नै पारुन् । देवदूतले भन्नेछन्- तिमीहरूले यसरी नै परि रहनु पर्छ । ७८- हामी तिमीहरूसमक्ष सत्य लिएर आएका थियौं, तर तिमीहरूमध्ये अधिकांशले त्यसलाई मन पराएनन् । ७९- के तिनीहरूले कुनै कुरा ठहर गरेका छन् अनि हामीले पनि एउटा कुरा ठहर गर्नेछौं । ८०- के ठान्दछन् तिनीहरूले-

हामी तिनीहरूका भेद र सरसल्लाहलाई सुनि रहेका छैनौं ? किन नहुनु, हामीले पठाएकाहरू तिनीहरूले गरिराखेका कार्यहरू लेख्दै गर्छन् ।

८१- भनिदिनुहोस्- यदि करुणामय (ईश्वर) को कुनै सन्तान छ भने म सर्वप्रथम ईश्वरको भक्ति गर्नेवाला हुँ । ८२- आकाशहरू र पृथ्वीका ईश्वर, सिंहासनका मालिक, उहाँ ती कुराहरूबाट पवित्र हुनुहुन्छ जसलाई मानिसहरू बयान गर्छन् । ८३- तिनीहरूलाई छोडिदिनुहोस् कि तिनीहरूले वाद विवाद गरुन् र खेल कुद गरुन् यहाँ सम्म कि तिनीहरूले त्यो दिनको सामना गरुन् जसको वाचा तिनीहरूसित गरिँदैछ ।

८४- उहाँ नै आकाशहरूका ईश्वर हुनुहुन्छ र उहाँ नै पृथ्वीका ईश्वर हुनुहुन्छ । उहाँ तत्वदर्शी र सर्वज्ञ हुनुहुन्छ । ८५- मंगलमय हुनुहुन्छ ईश्वर जसको सत्ता शासन आकाशहरू, पृथ्वी र यी दुवैबीच रहेका सबै वस्तुहरूमाथि छ । उहाँलाई नै महाप्रलयको ज्ञान छ र उहाँतर्फ नै तिमीहरू फर्काइनेछौ ।

८६- ईश्वरबाहेक जसलाई यिनीहरू पुकार्छन् तिनीहरूसंग सिफारिश गर्ने अधिकार छैनन् । तर तिनीहरू जो सत्यको गवाही दिनेछन् र उनीहरू जानकार हुनेछन् । ८७- यदि तपाईंले तिनीहरूलाई कसले सृष्टि गर्नुभयो भन्ने सोध्नुहुनेछ भने तिनीहरूले यही जवाफ दिनेछन्- ईश्वरले । अनि तिनीहरू कहाँ पथभ्रष्ट हुँदैछन् ?! ८८- उहाँलाई रसूलले यो भन्नेछ भने कुराको खबर छ कि हे मेरा पालनकर्ता ! यिनीहरू यस्ता मानिसहरू हुन् जो आस्था ल्याइरहेका छैनन् । ८९- अनि तपाईं तिनीहरूलाई नजरअन्दाज गर्नुहोस् र भन्नुहोस्- सलाम छ तिमीहरूलाई । तिनीहरूले चाँडै नै जान्नेछन् ।

# सूरह अद्दुखान- ४४

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- हा. मीम.। २- यस स्पष्ट किताबको कसम। ३- हामीले यसलाई एउटा मंगलमय रातमा अवतरण गरेका छौं। निस्सन्देह हामी सावधान गर्नेवाला थियौं। ४- यस रातमा हरेक तत्वदर्शी वाला मामिला निर्धारित गरिन्छ।

५- हाम्रो आदेशबाट। निस्सन्देह हामी पठाउने वाला थियौं। ६- तपाईंका पालनकर्ताको कृपाबाट। उहाँ मात्र सर्वश्रोता र सर्वज्ञ हुनुहुन्छ। ७- आकाशहरू, पृथ्वी र ती दुवैबीच रहेका वस्तुहरूका मालिक, यदि तिमीहरू विश्वास राख्छौ भने। ८- उहाँबाहेक कोही पूज्य छैन। उहाँ नै जीवन र मृत्यु दिनुहुन्छ। उहाँ तिमीहरूका पनि पालनकर्ता हुनुहुन्छ र तिमीहरूका पूर्वजहरूका पनि पालनकर्ता हुनुहुन्छ।

९- बरु तिनीहरू शङ्कामा छन् र खेल तमासामा लागेका छन्। १०- प्रतीक्षा गर्नुहोस् त्यस दिनको जब आकाश एउटा स्पष्ट धुवाँका साथ जाहेर हुनेछ। ११- यसले मानिसहरूलाई घेर्नेछ। यो एउटा पीडादायी यातना हो। १२- हे हाम्रा पालनकर्ता ! हामीबाट प्रकोप हटाउनुहोस्। हामी आस्था ल्याउँदैछौं। १३- तिनीहरूका लागि उपदेश कहाँ छ, जब कि तिनीहरूसमक्ष रसूल आइ सकेका थिए स्पष्टरूपमा सुनाउने वाला ?! १४- फेरि तिनीहरूले पिठ्यूँ फर्काए र भने- यो त एउटा पढाइएका बौलाहा हुन्। १५- यदि हामी तिमीहरूबाट अलि प्रकोप हटाउँछौं भने तिमीहरू फेरि आफ्नो त्यसै अवस्थामा फर्कनेछौ। १६- जुन दिन हामीले तिनीरूलाई कडाइका साथ समात्नेछौं, त्यस दिन हामीले पूरा बदला लिनेछौं।

१७- हामीले यिनीहरूअघि फिऔंनको समुदायको परीक्षा लियौं, तिनीहरूसमक्ष ईश्वरका प्रतिष्ठत रसूल आए। १८- ईश्वरका भक्तहरूलाई मसँग

जानदेऊ, म ईश्वरको तर्फबाट भरोसा लायक रसूल हुँ। १९- ईश्वरको मुकाबिलामा घमण्ड न गर। म तिमीहरूसमक्ष स्पष्ट प्रमाण प्रस्तुत गर्दै छु। २०- म आफ्नो र तिमीहरूका पालनकर्ताको शरण लि सकेको छु यस कुराबाट कि तिमीहरू मलाई ढुङ्गा प्रहार गरेर मार। २१- यदि तिमीहरू ममाथि आस्था ल्याउँदैनौ भने मबाट अलग होउ।

२२- मूसाले ईश्वरलाई पुकारे- यिनीहरू अपराधी हुन्। २३- अब तिमी रातौं रात मेरा भक्तहरूलाई लिएर जाउ, तिमीहरूको पीछा गरिनेछ। २४- तिमी नदीलाई दूई भागमा बाँडिएको अवस्थामा नै छोड्, उसको सैनिक डुब्ने वाला छ। २५- तिनीहरूले कतिपय बगैँचा र मूलहरू छोडेर गए, २६- खेतीहरू र राम्रा सभवनहरू पनि, २७- मोजमस्तीका सामानहरू जसमा तिनीहरू मगन रहने गर्थे। २८- यस्तै भयो, हामीले अन्य समुदायलाई ती वस्तुहरूका मालिक बनाइ दियौं। २९- तिनीहरूमाथि न त आकाश रोयो, न जमिन र न तिनीहरूलाई अवसर दिइयो।

३०- हामीले बनीइस्राईललाई अपमानजनक यातनाबाट मुक्ति प्रदान गर्यौं। ३१- अर्थात फिऔंनबाट, निस्सन्देह ऊ उद्दण्ड र सीमा उल्लङ्घनकारी थियो। ३२- हामीले बनीइस्राईललाई आफ्नो ज्ञानको आधारमा संसार बासीहरूमाथि प्राथमिक्ता दियौं। ३३- हामीले उनीहरूलाई यस्ता निशानीहरू दियौं जसमा स्पष्ट वरदान थियो।

३४- यिनीहरू भन्छन्- ३५- यो नै हाम्रो पहिलो मृत्यु हो। यसपछि हाम्रो पुनर्जन्म हुने छैन। ३६- यदि तिमी सच्चा छौ भने ल्याउ हाम्रा पूर्वजहरूलाई। ३७- के यिनीहरू उत्तम छन् वा तुब्बअ समुदाय र तिनीहरूभन्दा अघिका समुदाय। हामीले तिनीहरूको सर्वनाश गर्यौं, निस्सन्देह तिनीहरू अपराधी थिए।

३८- हामीले आकाशहरू, पृथ्वी र यी दुवैबीच रहेका वस्तुहरूलाई खेलको लागि सृष्टि गरेका छैनौं। ३९- बरु हामीले यिनीहरूलाई एउटा सत्यका साथ सृष्टि

गरेका छौं, तर अधिकांश मानिसहरू जान्दैनन् । ४०- निस्सन्देह निसाफको दिन तिनीहरू सबैका लागि निर्धारित समय हो । ४१- जुन दिन कुनै नातेदार अन्य कुनै नातेदारको काम आउने छैन । न तिनीहरूको मद्दत गरिनेछ । ४२- तर ती मानिसहरू जसमाथि ईश्वरको कृपा हुनेछ । निस्सन्देह ईश्वर प्रभुत्वशाली र दयावान हुनुहुन्छ ।

४३- सिउँडीको रूख । ४४- पापीको भोजन हुनेछ । ४५- यो फल कालो तेल जस्तो हुनेछ जो पेटमा उम्लनेछ । ४६- जसरी अति तातो पानी उम्लने गर्छ । ४७- यसलाई समात र घिसारेर नर्कको बीचसम्म लिएर जाउ । ४८- फेरी यसको टाउकोमाथि तातो पानीको यातना खन्याउ । ४९- चाख यसलाई तिमी बडो सम्मानित थियौ । ५०- यो त्यही चीज हो जसमा तिमीहरू शङ्का गर्दै थियौ ।

५१- निस्सन्देह ईशभय राख्नेहरू शान्तिपूर्ण स्थानमा हुनेछन् । ५२- बगैंचाहरूमा र मूलहरूमा । ५३- पातला र मोटा रेशमका पोशाक लगाएर आमुन्ने सामुन्ने बसेका हुनेछन् । ५४- यो कुरा यस्तै छ र हामीले उनीहरूको बिहे ठूला ठूला आँखा भएका अपसराहरूसँग गराउनेछौं । ५५- उनीहरूले त्यहाँ माग गरि रहेका हुनेछन् अति सन्तुष्ट भएर । ५६- उनीहरूलाई मृत्युले समात्ने छैन तर पहिलो मृत्यु जुन सांसारिक जीवनमा आयो । ईश्वरले उनीहरूलाई नर्कको यातनाबाट जोगाउनु भयो । ५७- यो तपाईंको पालनकर्ताको कृपाले हुनेछ । यही हो महान सफलता ।

५८- हामीले यस किताबलाई तपाईंको भाषामा सजिलो पारेका छौं, ताकि मानिसहरूले उपदेश ग्रहण गरुन् । ५९- अनि तपाईं पनि प्रतीक्षा गर्नुहोस् र तिनीहरू पनि प्रतीक्षा गर्दैछन् ।

# सूरह अलजासियह- ४५

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- हा. मीम. । २- यो अवतरित गरिएको किताब हो, प्रभुत्वशाली र तत्वदर्शी ईश्वरको तर्फबाट । ३- निस्सन्देह निशानीहरू छन् आकाशहरू र पृथ्वीमा आस्थावानहरूका लागि । ४- तिमीहरूको सृष्टिमा र ती जनावरहरूमा जो उहाँले धर्तीमा फैलाउनुभएको छ निशानीहरू छन् । ५- रात तथा दिनको आवतजावतमा, ईश्वरले आकाशबाट उतारेको जीविकामा, अनि मृत भूमिलाई जीवित पार्ने कार्यमा, बग्ने हावामा बुद्धिमानहरूका लागि निशानीहरू छन् । ६- यी ईश्वरका श्लोकहरू हुन् जसलाई हामी सत्यका साथ तिमीलाई सुनाउँदैछौं । अनि ईश्वर र उहाँका श्लोकहरूपछि कुन कुरा हो जसमा तिनीहरू आस्था ल्याउनेछन् त ?!

७- बर्बादी छ प्रत्येक त्यस व्यक्तिको लागि जो झूठा छ । ८- जो ईश्वरका श्लोकहरू सुन्छ जब त्यसको पाठ गरिन्छ, तर घमण्डका साथ जिद्दी गर्छ, मानौं उसले सुने कै छैन । अनि तपाईंले तिनीहरूलाई पीडादायी यातनाको शुभसूचना दिनुहोस् । ९- जब तिनीहरू हाम्रा श्लोहरूमध्ये कुनै चिजको खसूचना पाउँछन् तब त्यसको ठट्टा गर्छन् । यस्ता मानिसहरूका लागि अपमानजनक यातना छ । १०- अगाडि नर्क छ । तिनीहरूलाई तिनीहरूका आय-आर्जनले फाइदा पुर्याउने छैन । ईश्वरबाहेक जसलाई तिनीहरूले कार्य-साधक बनाएका छन् तिनीहरूहरूले पनि कुनै फाइदा पुर्याउने छैन । तिनीहरूका लागि ठूलो यातना छ । ११- यो मार्गदर्शन हो र जसले आफ्ना पालनकर्ताका श्लोकहरूको इन्कार गरे तिनीहरूका लागि कष्टकर यातना छ ।

१२- ईश्वर नै हुनुहुन्छ जसले समुद्रलाई तिमीहरूको नियन्त्रणमा दिनुभयो, ताकि उहाँको आदेशले त्यसमा पानी जहाज गुडुन् र ताकि तिमीहरू त्यसमा जीविका खोज र आभार व्यक्त गर । १३- ईश्वरले आकाश र पृथ्वीका सबै

वस्तुहरूलाई तिमीहरूको सेवामा खटाउनुभयो । यी सबैलाई आफ्नो तर्फबाट । निस्सन्देह यसमा चिन्तन मनन गर्नेहरूका लागि निशानीहरू छन् ।

१४- आस्थावानहरूलाई भनिदिनुहोस्- उनीहरूले ती मानिसहरूलाई माफ गरुन् जो ईश्वरका दिनहरूको आशा राख्दैनन् । तर्फबाट पुग्ने कष्टलाई वास्ता नगरुन्, ताकि ईश्वरले एउटा समुदायलाई तिनीहरूको कर्मको बदला देउन् । १५- जसले सत्कर्म गर्नेछ त्यसको लाभ उसैलाई पुग्नेछ र जसले दुष्कर्म गर्नेछ त्यसको सजाय उसैले पाउनेछ । फेरि तिमीहरू आफ्ना पालनकर्तातर्फ फर्काइनेछौ ।

१६- हामीले बनीइस्राईललाई किताब, निर्णय-शक्ति र ईशदूतत्व प्रदान गर्यौं । उनीहरूलाई पवित्र जीविका प्रदान गर्यौं र उनीहरूलाई संसार बासीहरूमाथि प्राथमिकता प्रदान गर्यौं । १७- हामीले उनीहरूलाई धर्मको बारेमा स्पष्ट निशानीहरू प्रदान गर्यौं । तिनीहरूले ज्ञान आएपछि मतभेद गरे मात्र जिद्दीको कारणले । तिनीहरूले परस्पर गरेको विभेदको निर्णय तपाईंका पालनकर्ताले महाप्रलयको दिन तिनीहरूबीच गर्नुहुनेछ । १८- फेरि हामीले तपाईंलाई धर्मको एउटा स्पष्ट तरिकामा कायम गर्यौं । अनि तपाईं त्यसै अनुसार जीवन बिताउनुस् र यस्ता मानिसहरूको अनुसरण न गर्नुस जो ज्ञान राख्दैनन् । १९- यिनीहरू ईश्वरको मुकाबिलामा तपाईंलाई कुनै फाइदा पुर्याउन सक्दैनन् । अत्याचारीहरू एक अर्काका साथी हुन् । ईशभय राख्नेहरूका साथी ईश्वर हुनुहुन्छ । २०- यो मानिसहरूका लागि विवेकपूर्ण कुरा हो । मार्गदर्शन तथा कृपा ती मानिसहरूका लागि हुन् जो विश्वास राख्छन् ।

२१- के दुष्कर्म गर्नेहरूले यो ठानेका छन् कि हामीले तिनीहरूलाई ती मानिसहरू झैं बनाइ दिनेछौं जो आस्था ल्याए र सत्कर्म गरे, अनि तिनीहरू सबैका जिउनु र मर्नु एकसमान हुन पुगोस् ?! अति नराम्रो निर्णम हो जो तिनीहरू गर्दैछन् । २२- ईश्वरले आकाशहरू र पृथ्वीको सृष्टि हिकमतका साथ गर्नु भएकोछ, ताकि

प्रत्येक व्यक्तिलाई उसले गरेको कार्यको बदला दिइयोस् र तिनीहरूमाथि कुनै अत्ययाचार हुने छैन।

२३- के तपाईंले यस्ता मानिसहरूलाई देख्नुभयो जसले आफ्नो इच्छालाई ईश्वर बनाएको छ। ईश्वरले यस्ता मानिसहरूलाई तिनीहरूका ज्ञानका बावजुद पथभ्रष्ट पार्नुभयो। ईश्वरले तिनीहरूको कान तथा हृदयमा मोहर लगाउनुभयो र तिनीहरूको आँखामा पर्दा हाल्नुभयो। अनि ईश्वरले पथभ्रष्ट गरेपछि कसले तिनीहरूलाई मार्गदर्शन गर्न सक्छ ? के तिमीहरू ध्यान दिदैनौ ?!

२४- तिनीहरू भन्छन्- हामीहरूको यस सांसारिकबाहेक अरु कुनै जीवन छैन। हामी मर्छौं र जीवित हुन्छौं। हामीलाई युगको आवत जावतले मार्छ। तिनीहरूसंग यसबारेमा कुनै ज्ञान छैन। तिनीहरू मात्र अनुमानको भरमा कुरा गर्छन्। २५- जब तिनीहरूसमक्ष हाम्रा स्पष्ट श्लोकहरूको पाठ गरिन्छ तब तिनीहरूसंग यसबाहेक कुनै प्रमाण हुँदैन कि यदि तिमीहरू सच्चा छौ भने हाम्रा पूर्वजहरूलाई जीवित पारेर ल्याउ। २६- भन्नुहोस्- ईश्वर नै तिमीहरूलाई जीवन दिनुहुन्छ, उहाँ नै मृत्यु दिनुहुन्छ र उहाँले नै महाप्रलयको दिन जम्मा गर्नुहुनेछ। यसमा कुनै शङ्का छैन। तर अधिकांश मानिसहरू जान्दैनन्।

२७- ईश्वरकै सत्ताशासन छ आकाशहरू र पृथ्वीमा। जुन दिन महाप्रलय कायम हुनेछ त्यस दिन असत्यवादीहरू घाटामा पर्नेछन्। २८- तपाईंले त्यस दिन हरेक समुदायलाई घुँडा टेकेर बसेको देख्नुहुनेछ। प्रत्येक समुदायलाई उसको कर्मपत्र लिनको लागि बोलाइनेछ। आज तिमीहरूलाई तिमीहरूले गरेका कर्मको बदला दिइनेछ। २९- यो हाम्रो पत्र हो, जसले ठीक ठीक गवाही दिँदैछ। तिमीहरूले गरेको हामी लेखाउने गर्थ्यौं।

३०- जुन मानिसहरूले आस्था ल्याए र जुन मानिसहरूले सत्कर्म गरे उनीहरूका पालनकर्ताले उनीहरूलाई आफ्नो कृपामा प्रवेश गराउनुहुनेछ। यही स्पष्ट सफलता हो। ३१- जुन मानिसहरूले इन्कार गरे- के तिमीहरूसमक्ष हाम्रा

श्लोकहरूको पाठ गरिदैन थियो, तर तिमीहरूले घमण्ड गर्यौ र तिमीहरू अपराधि थियौ। ३२- जब तिमीहरूलाई भनिन्थियो- ईश्वरको वाचा सत्य हो, महाप्रलयमा कुनै सन्देह छैन, तब तिमीहरू भन्ने गर्थ्यौ- महाप्रलय भनेको के हो हामीहरूलाई थाहा छैन, हामी मात्र अनुमान गर्छौं र हामी यसमा विश्वास गर्दैनौं।

३३- तिनीहरूसमक्ष तनीहरूका कर्महरूको नराम्रो परिणाम जाहेर हुनेछ। उनीहरूलाई त्यो चिजले घेरामा लिनेछ जसको उपहास तिनीहरू गर्ने गर्थे। ३४- तिनीहरूलाई भनिनेछ- आज हामी तिमीहरूलाई बिर्सिदिनेछौं जसरी तिमीहरूले यस दिनको आगमनलाई बिर्सेका थियौ। तिमीहरूको बास-स्थान आगो हो र कोही तिमीहरूको सहयोगी छैन। ३५- यो यस कारणले कि तिमीहरूले ईश्वरका श्लोकहरूको ठट्टा गर्यौ। सांसारिक जीवनले तिमीहरूलाई धोकामा राखेको थियो। आज न त तिनीहरूलाई यसबाट निकालिनेछ न तिनीहरूको बहाना नै स्वीकार गरिनेछ।

३६- सबै प्रशंसा मात्र ईश्वरको लागि हो, जो मालिक हुन् आकाशहरूका, मालिक हुन् पृथ्वीका र मालिक हुन् सम्पूर्ण जगतका। ३७- ईश्वरकै लागि हो महानता आकाशहरू र पृथ्वीमा। उहाँ प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ।

## सूरह अल्-अह्काफ- ४६

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- हा० मीम०। २- यो किताब सर्वशक्तिमान तत्वदर्शी ईश्वरको तर्फबाट अवतरित गरिएको छ। ३- हामीले आकाशहरू, पृथ्वी र यी दुईबीचका सम्पूर्ण वस्तुहरूलाई हकका साथ र निश्चित अवधिको लागि सृष्टि गरेका छौं। तर नकार्नेहरू ती कुराहरूबाट विमुख छन् जसबाट तिनीहरूलाई सावधान गरिएको छ।

४- भन्नुहोस्- के तिमीहरूले ती वस्तुहरूमाथि विचार गर्यौ जसलाई तिमीहरू

ईश्वरबाहेक पुकार्छौं, मलाई देखाउ तिनीहरूले धर्तीमा के सृष्टि गरेका छन् वा आकाशमा तिनीहरूको साझेदारी छ ? मसमक्ष यसअघिका कुनै किताब लिएर आउ वा कुनै ज्ञान जो आउँदै गरेको छ यदि तिमीहरू सच्चा छौ भने। ५- त्यो व्यक्तिभन्दा बढी पथभ्रष्ट को हुन सक्छ जो ईश्वरबाहेक ती वस्तुहरूलाई पुकार्छन् जो महाप्रलयसम्म पनि त्यसको जवाफ दिन सक्दैनन् र तिनीहरूलाई कसैले पुकार्छन् भन्ने कुराको पनि जानकारी छैन। ६- जब मानिसहरूलाई भेला गरिनेछ तब यिनीहरू तिनीहरूका शत्रु हुनेछन् र तिसनीहरूले गरेको पूजालाई नकार्नेछन्।

७- जब हाम्रा स्पष्ट श्लोकहरू उनीहरूलाई पाठ गरेर सुनाइन्छ, तब नकार्नेहरू पुगेको सत्यबारे भन्छन्- यो त स्पष्ट जादू हो। ८- के तिनीहरू भन्छन्- मुहम्मदले आफ्नो तर्फबाट यसलाई रचेका हुन् ? भन्नुहोस्- यदि मैले आफ्नोतर्फबाट रचेको छु भने तिमीहरू अलि पनि मलाई ईश्वरबाट बचाउन सक्दैनौ। तिमीहरूले रचेको कुराबाट ईश्वर अवगत हुनुहुन्छ। मेरो र तिमीहरूबीच साक्षीको लागि ईश्वर नै पर्याप्त हुनुहुन्छ। उहाँ क्षमाशील र दयावान हुनुहुन्छ।

९- भन्नुहोस्- म कुनै अनौठो रसूल होइन। मलाई थाहा छैन, मसंग के गरिनेछ र तिमीहरूसंग के गरिनेछ। म त मात्र ती कुराहरूको अनुसरण गर्छु जो प्रकाशनाद्वारा मसम्म आउँछ। म त स्पष्टरूपमा सावधान कर्ता हुँ। १०- भन्नुहोस्- के तिमीहरूले विचार गर्यौ, यदि यो कुर्आन ईश्वरको तर्फबाट आएको हो र तिमीहरूले त्यसलाई नकार्यौ र बनी इस्राईलका एकजना साक्षीले यसको गवाही पनि दिएको छ। अनि उनले आस्था पनि ल्याए तर तिमीहरूले घमण्ड गर्यौ ? वास्तवमा, ईश्वर अत्याचारी मानिसहरूलाई सत्य मार्ग देखाउनुहुन्न।

११- नकार्नेहरू आस्थावानहरूबारे भन्छन्- यदि यो सन्देश राम्रो भएको भए त्यसलाई हामीभन्दा पहिले यिनीहरूले अपनाउने थिएनन्। तिनीहरूले यसबाट मार्गदर्शन पाएनन् तसर्थ तिनीहरूले भन्नेछन्- यो त पुरानो झूठ हो।

१२- यस अघि मूसाको किताब मार्गदर्शन र दया थियो। अब यो कुर्आन

शो जो पहिलेका किताबहरूको पुष्टि गर्छ, अरबी भाषामा, ताकि आफूमाथि अत्याचार गर्नेहरूलाई चेतावनी देओस् । यो शुभसूचना हो सत्कर्मीहरूको लागि। १३- निस्सन्देह जुन मानिसहरूले भने- हाम्रा पालनकर्ता हुनुहुन्छ र त्यसमा अडिग रहे उनीहरूलाई न कुनै डर हुनेछ र न उनीहरू दुःखी हुनेछन् । १४- उनीहरू नै हुन् जो स्वर्गमा जानेहरू, उनीहरू त्यसमा सदाका लागि रहनेछन्, उनीहरूले गरेका सत्कर्महरूको बदलामा ।

१५- हामीले मानिसलाई आफ्ना मातापिताप्रति राम्रो व्यवहार गर्ने आदेश दियौं । उसकी आमाले कठिनाईका साथ गर्भमा राखिन् र कठिनाईका साथ उसलाई जन्म दिइन् । उसलाई दूध छुटाउने अवधि तीस महिना रहेको छ । यहाँसम्म कि जब ऊ परिपक्व भयो र उसको उमेर चालीस वर्ष पुग्यो तब भन्न थाल्यो- हे मेरा पालनकर्ता ! तपाईंले ममाथि र मेरा मातापितामाथि गर्नुभएको कृपाको लागि तपाईंप्रति आभार प्रकट गर्ने अवसर प्रदान गर्नुहोस् र यस्तो सत्कर्म गर्ने अवसर प्रदान गर्नुहोस् जसबाट तपाईं खुशी हुनुहुन्छ । मेरा सन्तानलाई सत्कर्मी बनाउनुहोस् । मैले तपाईंतर्फ रुजु गरें र म तपाईंसँग क्षमा माग्दछु र म आज्ञाकारीहरूमध्ये हुँ । १६- यिनीहरू हुन जसका सत्कर्महरूलाई हामी स्वीकार गर्नेछौं, यिनीहरूका पापहरूलाई क्षमा गर्नेछौं र यिनीहरूका पापलाई क्षमा दिनेछैनौं । यिनीहरू स्वर्गबासीहरूमध्ये हुनेछन् । सत्य वाचा जो उनीहरूसंग गरिँदै थियो ।

१७- जसले आफ्ना मातापितालाई भन्यो- म तपाईंहरूसित दिक्क छु, म चिहानबाट जीवित भएर निस्कनेछु भनी तपाईंहरू मलाई डर देखाउनुहुन्छ जब कि मअघि धेरै समुदायहरू बितिसकेका छन् । उनीहरू दुवै ईश्वरसंग बिलौना गर्छन्- आस्था न ल्याएमा बर्बाद हुन्छौ, तसर्थ आस्था ल्याउ । निस्सन्देह ईश्वरको वाचा सत्य हो । अनि ऊ भन्छ- यी सबै अघिल्लाहरूका कथाहरू मात्र हुन् । १८- यिनीहरू ती व्यक्तिहरू हुन् जसमाथि ईश्वरको कुरा पुरा भयो, ती समूहहरूसंग

जो विगतमा बिति सकेका छन्, जिन्न तथा मानवमध्ये । निस्सन्देह तिनीहरू घाटामा रहे ।

१९- प्रत्येकको लागि उसका कार्यहरूअनुसार नै दर्जा छ । ताकि ईश्वरले उनीहरूका कर्महरूको पूरा पूरा बदला देउन् र उनीहरूमाथि अत्याचार हुने छैन । २०- जुन दिन नकार्नेहरूलाई आगोमा ल्याइनेछ त्यतिखेर भनिनेछ- तिमीहरूले सांसारिक जीवनमा आफ्ना राम्रा वस्तुहरू लिइसकेका छौ र त्यसलाई भोग गरिसकेका छौ । आज तिमीहरूलाई अपमानित गरिने यातना दिइनेछ किनभने तिमीहरू संसारमा अनाहक घमण्ड गर्दै थियौ र किनभने तिमीहरू अवज्ञा गर्दै थियौ ।

२१- आदको भाई (हूद) लाई सम्झनुहोस् । जब उनले आफ्नो समुदायलाई अह्काफमा सावधान गरे, उनी भन्दा पहिले र पछि धेरै सावधानकर्ताहरू बिति सकेका थिए । सबैले यही कुरा भने- ईश्वरबाहेक अन्य कसैको उपासना न गर । मलाई तिमीहरूको विषयमा एउटा महान दिनको यातनाको डर लागेको छ । २२- तिनीहरूले भने- के तिमी हामीहरूलाई हाम्रा उपास्यहरूको उपासनाबाट टाढा राख्न आएका हौ ? यदि तिमी आफ्नो वाचामा सच्चा छौ भने तिमीले वाचा गरेको यातना लिएर आउ । २३- उनले भने- त्यसको ज्ञान त मात्र ईश्वरलाई छ । म त मात्र त्यो सन्देश पुर्याउँदै छु जसलाई दिइएर मलाई पठाइएको छ । तर म के देख्छु भने तिमीहरू अज्ञानताको कुरा गर्छौ ।

२४- जब तिनीहरूले त्यसलाई बादलको रूपमा आफ्नो उपत्यकातर्फ आइरहेको देखे तब भने- यो त बादल हो जो हामीमाथि बर्सनेछ । होइन , बरु त्यो हो जसको लागि तिमीहरू हतार गर्दै थियौ । त्यो हावाहुरी हो जसमा पीडादायी यातना रहेको छ । २५- ईश्वरको आदेश अनुसार त्यसले हरेक कुरालाई ध्वस्त पार्नेछ । अनि तिनीहरू यस्तो भए कि तिनीहरूका घरबाहेक त्यहाँ केही पनि देखा परिरहेको थिएन । अपराधीहरूलाई हामी यस्तै सजाय दिने गर्छौं ।

२६- हामीले तिनीहरूलाई ती कार्यहरूको शक्ति दिएका थियौं, जुन कार्यहरूको शक्ति तिमीहरूलाई दिएका छैनौं। हामीले उनीहरूलाई कान, आँखा र हृदय प्रदान गर्यौं तर ती कान, आँखा र हृदय तिनीहरूको काम लागेन, किनभने तिनीहरू ईश्वरका निशानीहरूलाई नकार्ने गर्थे। तिनीहरूलाई त्यस कुराले समात्यो जसको तिनीहरू ठट्टा गर्ने गर्थे। २७- हामीले तिमीहरूका वरिपरीका बस्तीहरू पनि नष्ट पार्यौं। हामीले पटक पटक आफ्ना निशानीहरू बतायौं ताकि तिनीहरूले त्यसो न गरुन्। २८- अनि किन ती वस्तुहरूले तिनीहरूको मद्दत गरेनन् जसलाई तिनीहरूले ईश्वरको निकटता प्राप्त गर्नको लागि उपास्य बनाएका थिए ? बरु यी सबै तिनीहरूबाट हराएर गए। यो तिनीहरूको झूठ थियो र तिनीहरूले रचेका कुरा थिए।

२९- जब हामीले तपाईंतिर जिनहरूको एउटा समूह लिएर आयौं। उनीहरू कुर्आन सुन्न थाले। जब उनीहरू उहाँनजिक आए तब भने- चुप लाग ! जब कुर्आनको पाठ पूरा भयो तब उनीहरू सावधानकर्ता बनेर आफ्नो समुदायमा फर्के।

३०- उनीहरूले भने- हे मेरो समुदाय ! हामीले एउटा किताबको पाठ सुनेका छौं जसलाई मूसापछि अवतरण गरिएको छ। यसले ती भविष्यवाणीहरूको पुष्टि गर्छ जो पहिले देखि उपस्थित छ। यो सत्यतर्फ र एउटा सीधा मार्गतर्फ मार्गदर्शन गर्छ।

३१- हे हाम्रा समुदाय ! ईश्वरतर्फ आह्वान गर्ने व्यक्तिको आहवानलाई स्वीकार गर र त्यसमाथि आस्था ल्याउ, ईश्वरले तिमीहरूका पापहरूलाई क्षमा गर्नुहुनेछ र तिमीहरूलाई पीडादायी यातनाबाट सुरक्षित राख्नुहुनेछ।

३२- अनि जसले ईश्वरका आह्वान कर्ताको आह्वानलाई मान्दैन उसले उसले पृथ्वीमा परास्त गर्न सक्दैन र ईश्वरबाहेक उसको अरू कोही सहयोगी हुने छैन। यस्ता मानिसहरू स्पष्ट पथभ्रष्टतामा छन्।

३३- के तिनीहरूले देखेनन्- जुन ईश्वरले आकाशहरू तथा पृथ्वीको सृष्टि गर्नु भयो र जसलाई तिनीहरूको सृष्टि गर्ने कार्यले थकित पारेन, उहाँ मृतहरूलाई जीवित पार्ने शक्ति राख्नु हुन्छ ? अँ उहाँ हरेक कार्यको शक्ति राख्नुहुन्छ।

३४- जुन दिन यी नकार्नेहरूलाई नर्कसमक्ष उपस्थित गरिनेछ, के यो वास्तविक्ता होइन । उनीहरूले भन्नेछन्- अँ, हाम्रा पालनकर्ताको कसम । भनिनेछ- चाख यातना त्यस इन्कारको बदलामा जो तिमीहरू गर्ने गर्थ्यौ।

३५- तपाईं धैर्य धारण गर्नुहोस्, जसरी दृढ संकल्प भएका रसूलहरूले धैर्य गरे। त्यसको लागि हतार न गर्नु होस्, जुन दिन तिनीहरूले त्यसलाई देख्नेछन् जसको वाचा तिनीहरूसंग गरिँदैछ, मानौं तिनीहरू दिनको एक घडीभन्दा बढी रहेनन्। यसलाई पुर्याउनु छ। अवज्ञाकारीहरू नै बर्बाद हुनेछन्।

## सूरह मुहम्मद- ४७

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- जुन मानिसहरूले इन्कार गरे र मानिसहरूलाई रोके तिनीहरूका कर्महरूलाई ईश्वरले नष्ट पार्नुभयो । २- जुन मानिसहरू आस्था ल्याए, सत्कर्म गरे र ती कुराहरूलाई माने जो मुहम्मदमाथि अवतरित गरिए, जो नितान्त सत्य हो उहाँका पालनकर्ताको तर्फबाट, अनि ईश्वरले उनीहरूका पापहरूलाई क्षमा गर्नुभयो र उनीहरूको अवस्थालाई ठीक पार्नुभयो। ३- यो यस कारणले जुन मानिसहरूले इन्कार गरे तिनीहरूले असत्यको अनुसरण गरे र जुन मानिसहरूले आस्था ल्याए उनीहरूले सत्यको अनुसरण गरे जो उहाँको पालनकर्ताको तर्फबाट हो। यसरी ईश्वर मानिसहरूका लागि उदाहरण बयान गर्नुहुन्छ।

४- अनि नकार्नेहरूसँग भिडन्त हुदाँ तिमीहरू तिनीहरूको गर्धन काट, यहाँसम्म कि जब तिनीहरूलाई खुबै हत्या गरेपछि बन्धक बनाएर बाँध ।

तिमीहरूले तिनीहरूलाई बन्धक बनाइसकेपछि कि त तिनीहरूमाथि उपकार गरेर रिहा गर कि त फिरौती लिएर रिहा गर यहाँसम्म कि युद्ध समाप्त होस्, यो हो गर्नु पर्ने काम । यदि ईश्वरले चाहनु भएमा आफैँ बदला लिनु हुने थियो तर उहाँको उद्देश्य केही मानिसहरूद्वारा अन्य केहीको परीक्षा लिनु थियो । जुन मानिसहरू ईश्वरको मार्गमा शहादत प्राप्त गर्नेछन् उनीहरूका कर्महरूलाई ईश्वरले बर्बाद गर्नुहुने छैन । ५- उहाँले उनीहरूलाई सीधा मार्ग देखाउनुहुने उनीहरूको अवस्थामा सुधार्नु हुनेछ । ६- उनीहरूलाई स्वर्गमा प्रवेश गराउनुहुनेछ जसको पहिचान उहाँले गराउनुभएको छ ।

७- हे आस्थावानहरू हो ! यदि तिमीहरूले ईश्वरका सहयोग गर्छौ उहाँले तिमीहरूको सहयोग गर्नुहुनेछ र तिमीहरूको पाइलालाई बलियो पार्नुहुनेछ । ८- जुन मानिसहरूले इन्कार गरे तिनीहरूको लागि बरबादी छ । ईश्वरले तिनीहरूका कर्महरूलाई नष्ट पार्नुहुनेछ । ९- यो यस कारणले भयो कि तिनीहरूले त्यस कुरालाई घृणा गरे जो ईश्वरले अवतरित गर्नुभयो । तसर्थ ईश्वरले उनीहरूका कर्महरूलाई नष्ट पार्नु भयो । १०- के तिनीहरूले देशमा घुमफिर गरेर हेरेनन् कि ती मानिसहरूको परिणाम हेरुन् जो आफू विगतमा बिति सकेका छन् । ईश्वरले तिनीहरूलाई उखेलेर फ्याँक्नुभयो । नकार्नेहरूसमक्ष तिनीहरूकै उदाहरण आउँछ । ११- यो यस कारणले कि ईश्वर आस्थावानहरूका कार्यसाधक हुनुहुन्छ र नकार्नेहरूको कोही सहयोगी छैन ।

१२- निस्सन्देह ईश्वरले आस्था ल्याएर सत्कर्म गर्नेहरूलाई यस्ता बगैंचाहरूमा प्रवेश गराउनुहुनेछ जसका तलतिरबाट नहरहरू बगिरहेका हुनेछन् । तर नकार्नेहरू यसरी जीवन बताउँछन् र यसरी खनन्छन् जसरी चौपायाहरू खान्छन् । तिनीहरूको बासस्थान नर्क हो । १३- पहिले बितेका कैयौं नगरहरू छन् जो तपाईको यस बस्तीभन्दा धेरै शक्तिशाली थिए जसका बासीहरूले तपाईलाई निकाले । तर हामीले तिनीहरूलाई नष्ट पार्यौं अनि कोही त्यसको सहयोगी रहेन ।

१४- के जो आफ्ना पालनकर्ताको तर्फबाट एउटा प्रष्ट प्रमाणमा उनी त्यस व्यक्ति सरह हुनसक्छन् जसको दुष्कर्म उसको लागि आकर्षक बनाइएको छ र ऊ इच्छाहरूको अनुसरण गर्छ ? १५- स्वर्गको उदाहरण जसमा ईशभय राख्नेहरूलाई प्रवेश गराउने वाचा गरिएको छ त्यसका गुणहरू यी रहेका छन्- त्यहाँ यस्ता पानीका नहरहरू छन् जसमा बास्ना आउने छैन र त्यहाँ दूधका नहरहरू छन् जसको स्वाद परिवर्तन हुँदैन । त्यहाँ मदिराका नहरहरू हुनेछन् जो पिउनेहरूका लागि स्वदिष्ट हुनेछ । त्यहाँ महका नहरहरू हुनेछन् जो अति शुध्द हुनेछन् । त्यहाँ उनीहरूका लागि हरेक प्रकारका फलफूलहरू हुनेछन् । उनीहरूका पालनकर्ताको तर्फबाट क्षमा हुनेछ । अनि के उनीहरू ती मानिसहरू सरह हुन सक्छन् जो सदाका लागि नर्कमा रहनेछन् र जसलाई उम्लदो पानी पिलाइनेछ जसले तिनीहरूका पेटका आन्द्राहरूलाई टुक्रा टुक्रा पार्नेछन् ?

१६- तिनीहरूमध्ये केही यस्ता मानिसहरू छन् जो तपाईंको कुरा सुन्छन् तर जब तिनीहरू तपाईंबाट टाढा जान्छन् तब ज्ञानीहरूलाई सोधछन्- उनले भर्खरै के भने ? तिनीहरू नै हुन् जसका हृदयहरूमाथि ईश्वरले मोहर लगाइदिनुभएको छ र तिनीहरू आफ्नो नराम्रो इच्छाको अनुसरण गर्छन् । १७- जुन मानिसहरूले सत्य मार्ग अवलम्बन गरे उनीहरूलाई ईश्वरले अझै मार्गदर्शन र ईशभय प्रदान गर्नुहुन्छ ।

१८- के तिनीहरू यस प्रतीक्षामा छन् कि तिनीहरूमाथि अकस्मात महाप्रलय आउनेछ ? त्यसका निशानीहरू जाहेर भइसकेका छन् । जब महाप्रलय आउनेछ तब तिनीहरूका लागि उपदेश ग्रहण गर्ने मौका कहाँ रहनेछ ? १९- जानि राख कि ईश्वरबाहेक अरू कोही उपास्य छैन र माफि माग आफ्ना पापहरूका लागि साथै आस्थावान पुरुषहरू तथा आस्थावान महिलाहरूका लागि । ईश्वर तिमीहरूका क्रियाकलाप र बसाईसित अवगत हुनुहुन्छ ।

२०- आस्था ल्याउनेहरूमध्ये केही भन्छन्- कुनै सूरह किन अवतरण गरिदैन ? अनि जब एउटा स्पष्ट सूरह अवतरित गिरयो जसमा युद्धको पनि उल्लेख

थियो तब तपाईंले देख्नु भयो जसको हृदयमा रोग छ तिनीहरूले तपाईंतिर यसरी हेर्छन् जसरी कसैमाथि मृत्यु छाएको हुन्छ, अनि बर्बादी छ तिनीहरूका लागि। २१- तिनीहरूले आदेशको पालना गर्नु पर्छ र राम्रो कुरा गर्नुपर्छ। जब मामिलाको स्पष्ट निर्णय हुन्छ तब तिनीहरूले ईश्वरसित राम्रो रहेका भए तिनीहरूका लागि झन राम्रो हुने थियो। २२- यदि तिमीहरू विमुख हुन्छौ भने तिमीहरूसंग यही आशा छ कि तिमीहरू पृथ्वीमा अशान्ति सृजना गर्नेछौ र सम्बन्ध तोड्नेछौ। २३- यिनीहरू नै हुन् जसलाई ईश्वरले आफ्नो दयाबाट टाढा पार्नुभयो अनि तिनीहरूको सुन्ने शक्ति खोस्नुभयो र तिनीहरूको हेर्ने शक्ति खोस्नुभयो।

२४- के यिनीहरू कुर्आनमा सोँच विचार गर्दैनन् वा यिनीहरूको हृदयहरूमा ताल्चा लागेको ? २५- जुन मानिसहरू मार्गदर्शन स्पष्ट भएपछि पिठ्यूँ फर्काए शैतानले तिनीहरूलाई धोका दियो र ईश्वरले तिनीहरूलाई ढील दिनुभयो। २६- यो यसकारणले भयो कि तिनीहरूले ती मानिसहरूलाई भने जो ईश्वरले अवतरित गर्नुभएको कुरालाई मन पराउँदैनन्- केही कुराहरूमा हामीहरू तिमीहरूको अनुसरण गर्नेछौं। तिनीहरूका गोप्य कुराहरूलाई ईश्वर जान्नुहुन्छ। २७- त्यतिखेर के हुनेछ जब देवदूतहरूले तिनीहरूका अनुहार र पिठ्यूँमा हिर्काउँदै तिनीहरूको आत्मालाई निकाल्नेछन्। २८- यो यस कारणले भयो कि तिनीहरूले त्यस कुराको अनुसरण गरे जो ईश्वरलाई रिस दिलाउने खालको थियो र तिनीहरूले ईश्वरको प्रसन्नता प्राप्त गर्न मन पराएनन् अनि ईश्वरले तिनीहरूका कर्महरूलाई अकार्थ पार्नुभयो।

२९- जुन मानिसहरूका हृदयमा रोग छ के ईश्वरले तिनीहरूको इर्ष्यालाई जाहेर गर्नुहुने छैन भन्ने कुरा ठानेका छन् ? ३०- यदि हामीले चाहेमा तिनीहरूलाई देखाउने थियौं अनि तपाईंले उनीहरूलाई उनीहरूको निशानीले चिन्न सक्नुहुने थियो। तैपनि तपाईं तिनीहरूलाई तिनीहरूको भाषा शैलीले चिन्नुहुनेछ। ईश्वर तिमीहरूको कार्मसित अवगत हुनुहुन्छ।

३१- हामीले अवश्य तिमीहरूको परीक्षा लिनेछौं ताकि जानौं ती मानिसहरूलाई जो हाम्रो मार्गमा जिहाद गर्छन् र अडिग रहन्छन् । ताकि हामीले तिमीहरूको अवस्थाहरूलाई जाँच गरौं । ३२- निस्सन्देह जुन मानिसहरूले इन्कार गरे, ईश्वरको मार्गबाट रोके, रसूलको बिरोध गरे जब कि मार्गदर्शन तिनीहरूमाथि परस्ट भइ सकेको थियो, तिनीहरूले ईश्वरलाई कुनै हानी पुर्याउन सक्दैनन् । ईश्वरले तिनीहरूका कर्महरूलाई बर्बाद पार्नुहुनेछ ।

३३- हे आस्थावानहरू हो ! ईश्वरको आज्ञापालन गर, रसूलको आज्ञपालन गर र आफ्ना सत्कर्महरूलाई बर्बाद न गर । ३४- निस्सन्देह जुन मानिसहरूले इन्कार गरे, ईश्वरको मार्गबाट रोके अनि इन्कार गर्ने अवस्थामा नै मरे ईश्वरले तिनीहरूलाई कहिल्यै क्षमा गर्नुहुने छैन । ३५- तिमीहरू आँट न गुमाउ, सम्झौताको लागि अनुरोध न गर । तिमीहरू नै विजयी हुनेछौ । ईश्वर तिमीहरूसँग हुनुहुन्छ । उहाँले तिमीहरूका कर्महरूमा कमी गर्नुहुने छैन ।

## सूरह अल्-फत्ह- ४८

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- निस्सन्देह हामीले तपाईंलाई स्पष्ट विजय प्रदान गर्यौं । २- ताकि ईश्वरले तपाईंका अघि र पछिका पापहरूलाई क्षमा गरुन्, तपाईंमाथि आफ्ना अनुग्रहहरूलाई पूरा गरुन् र तपाईंलाई सीधा मार्ग देखाउन् । ३- अनि तपाईंलाई प्रभावकारी सहयोग प्रदान गरुन् ।

४- उहाँ नै हुनुहुन्छ जसले आस्थावानहरूका हृदयमा सन्तुष्टता अवतरण गर्नुभयो ताकि उनीहरूका आस्थाकासाथ यिनीहरूका आस्थामा पनि बृध्दि होस् । आकाशहरू र पृथ्वीका सम्पूर्ण सेनाहरू केवल उहाँका हुन् । ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ । ५- ताकि ईश्वरले आस्थावान पुरुषहरू तथा आस्थावान

महिलाहरूलाई यस्ता बगैंचाहरूमा प्रवेश गराउन जसका तलतिरबाट नहरहरू बगिरहेका हुनेछन् । उनीहरू त्यसमा सधैं बस्नेछन् । ताकि ईश्वरले उनीहरूका निकृष्टताहरूलाई समाप्त पारुन् । ईश्वरको नजिक यही महान सफलता हो । ६- ताकि ईश्वरले कपटी पुरूषहरू र महिलाहरू, साझेदार ठहर गर्ने पुरूषहरू र महिलाहरूलाई यातना देउन् जो ईश्वरसंग नराम्रो सोच राख्छन् । आपदा तिनीहरूमाथि नै आउनेछ । तिनीहरूमाथि ईश्वरको क्रोध र धिक्कार भयो । तिनीहरूका लागि उहाँले नर्क तयार पारेर राख्नुभएको छ जो अति नराम्रो बासस्थान हो । ७- आकाशहरू र पृथ्वीका सम्पूर्ण सेनाहरू केवल ईश्वरका हुन् । ईश्वर शक्तिशाली र तत्वदर्शी हुनुहुन्छ ।

८- निस्सन्देह हामीले तपाईंलाई गवाही दिने वाला, शुभ-सूचक र सावधान-कर्ता बनाएर बनाएर पठाएका छौं । ९- ताकि तिमीहरूले ईश्वरमाथि र उहाँका रसूलमाथि आस्था ल्याउ, रसूलको सहयोग गर र सम्मान गर । तिमीहरू बिहान बेलुका ईश्वरको महिमागान गर्नेछौ । १०- जुन व्यक्तिहरू तपाईंसँग शपथ लिन्छन् वास्तवमा उनीहरू ईश्वरसँग शपथ लिन्छन् । ईश्वरको हात उनीहरूका हातमाथि छ । अनि जसले त्यसलाई तोड्नेछ, त्यसैलाई त्यसको हानि पुग्नेछ । अनि जसले यस ईश्वरसँग गरेको वाचा पूरा गर्नेछ उहाँले त्यसको महान बदला दिनुहुनेछ ।

११- जुन गाउँलेहरू पछि रहे तिनहरूले तपाईंलाई भन्नेछन्- हाम्रो सम्पत्ति र हाम्रा सन्तानले हामीलाई व्यस्त राखे । तसर्थ तपाईं ईश्वरसँग हाम्रो लागि क्षमा माग्नुहोस् । तिनीहरू आफ्ना जिब्रोबाट यस्तो कुरा गर्छन् जो तिनीहरूको मनमा छैन । तपाईं भन्नुहोस्- को हो जो ईश्वरसमक्ष तिमीहरूलाई लाभ वा हानि पुर्याउने अधिकार राख्छन् ? बरु ईश्वर तिमीहरूको क्रियाकलापहरूसित अवगत हुनुहुन्छ । १२- बरु रसूल र उहाँका साथीहरू आफ्ना घर परिवारमा फर्केर आउनेछैनन् भनी तिमीहरूले ठानेका थियौ । तिमीहरूलाई यो सोच सुन्दर लाग्यो र तिमीहरूले अति नराम्रो सोच राख्यौ का पालनकर्ताले आफ्ना नबीको

सहयोग गर्नुहुन्न भनी तिमीहरूले उहाँको विषयमा नराम्रो सोँच राख्यौ। ईश्वरको र तिमीहरू नष्ट हुनेहरूमध्ये भयौ। १३- जसले ईश्वरमाथि र उहाँका रसूलमाथि आस्था ल्याएन हामीले तिनीहरूका लागि दन्कदो आगो तयार पारेर राखेका छौं। १४- आकाशहरू र पृथ्वीको सत्ता शासन मात्र ईश्वरको लागि हो। उहाँ जसलाई चाहनुहुन्छ क्षमा गर्नुहुन्छ र जसलाई चाहनुहुन्छ यातना दिनुहुन्छ। ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ।

१५- जब तिमीहरू युद्धमा प्राप्त सम्पत्ति लिन जानेछौ तब पछि रहेकाहरूले भन्नेछन्- हामीलाई पनि सँगै जान देउ। तिनीहरू ईश्वरको कुरालाई परिवर्तन गर्न चाहन्छन्। भन्नुहोस्- तिमीहरूले कदापि हामीसँग जान मिल्दैन। ईश्वरले पहिला नै यो भनि सक्नु भएको छ। तब तिनीहरूले भन्नेछन्- बरु तिमीहरू हामीसँग डाहा गर्दैछौ। बरु तिनीहरू थोरै बुझ्छन्। यसै कारणले उनीहरू उहाँको अवज्ञामा लिप्त भए।

१६- पछि रहने गाउँलेहरूलाई भन्नुहोस्- चाँडै नै तिमीहरू यस्ता मानिसहरूतिर बोलाइनेछौ जो अति शक्तिशाली छन्। तिमीहरूले तिनीहरूसँग युद्ध गर्नेछौ वा उनीहरूले इस्लाम ग्रहण गर्नेछन्। यदि तिमीहरूरले आज्ञापालन गर्नेछौ भने ईश्वरले तिमीहरूलाई राम्रो प्रतिदान दिनुहुनेछ। यदि तिमीहरू विमुख हुन्छौ जस्तो कि पहिला भएका थियौ भने उहाँले तिमीहरूलाई पीडादायी यातना दिनुहुनेछ। १७- न अन्धोलाई कुनै पाप लाग्छ न लङ्गडोलाई र न बिरामीलाई। जसले ईश्वर र उहाँका रसूलहरूको आज्ञापालन गर्नेछ ईश्वरले उसलाई यस्ता बगैंचाहरूमा प्रवेश गराउनुहुनेछ जसको तलतिरबाट नहरहरू बगिरहेका हुनेछन्। जो विमुख हुन्छ उसलाई ईश्वरले पीडादायी यातना दिनुहुनेछ।

१८- ईश्वर आस्थावानहरूसित प्रसन्न हुनुभयो जब उनीहरू रूखमुनि तपाईंसँग शपथ लिँदै थिए। उनीहरूको हृदयमा रहेका कुरालाई ईश्वरले जान्नुभयो। अनि उहाँले उनीहरूको हृदयमा शान्ति अवतरण गर्नुभयो र उहाँले

नजिकको सफलता प्रदान गरेर बदला दिनुभयो। १९- उनीहरूले युध्दमा प्राप्त धेरै सम्पत्तिहरू पाउनेछन्। ईश्वर शक्तिशाली र तत्वदर्शी हुनुहुन्छ। २०- तिमीहरूले युध्दमा धेरै धनहरू प्राप्त गर्नेछौ भनी ईश्वरले तिमीहरूसित वाचा गर्नुभएको छ। अनि उहाँले यो तत्कालै तिमीहरूलाई प्रदान गर्नुभयो। तिमीहरूबाट तिनीहरूको हात रोक्नुभयो ताकि यो आस्थावानहरूका लागि निशानी बनोस् र ताकि उहाँले तिमीहरूलाई सीधा मार्गमा हिँड्न लगाउन्। २१- अनि एउटा विजय अझै छ जसको शक्ति तिमीहरूमा छैन। ईश्वर मात्र त्यसको सामर्थ्य राख्नुहुन्छ र ईश्वर हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ।

२२- यदि यी नकार्नेहरू तिमीहरूसित युद्ध गरेका भए तिनीहरू अवश्य पिठ्यूँ फर्काएर भाग्ने थिए। अनि तिनीहरूले कुनै सहयोगी र समर्थक पाउने थिएनन्। २३- यो पहिले देखि चल्दै आएको ईश्वरीय नीति हो। तपाईंले ईश्वरीय नीतिमा कुनै परिवर्तन देख्नु हुने छैन। २४- उहाँ नै हुनुहुन्छ जसले मक्काको उपत्यकामा तिनीहरूको हात तिमीहरूबाट र तिमीहरूको हात तिनीहरूबाट रोक्नु भयो, यसपछि कि तिमीहरूलाई तिनीहरूमाथि काबु दिनु भएको थियो। तिमीहरू गरिरहेका कार्यहरूलाई ईश्वर हेरिरहनुभएको छ।

२५- तिनीहरू नै हुन् जसले इन्कार गरे र तिमीहरूलाई मस्जिदे हराममा प्रवेश गर्नबाट रोके र बलीका जनावरहरूलाई पनि रोकेर राखे कि त्यो आफ्नो स्थानमा पुग्न न सकुन्। यदि (मक्कामा) धेरै आस्थावान पुरूष र आस्थावान महिला यस्ता छन् जो अन्जानमा पिसिने थिए जसको आरोप तिमीहरूमाथि आउने थियो। ताकि ईश्वरले जसलाई चाहुन् आफ्नो दयामा समावेश गराउन्। यदि उनीहरू फरक फरक भएको भए उनीहरूमध्ये नकार्नेहरूलाई हामीले पीडादायी यातना दिने थियौं।

२६- जब नकार्नेहरूले आफ्नो हृदयमा पक्षपात उत्पन्न गरे इस्लाम पूर्वको पक्षपात, अनि ईश्वरले आफ्नो तर्फबाट सन्तुष्टता अवतरित गर्नुभयो आफ्ना

रसूलमाथि र आस्थावानहरूमाथि । ईश्वरले उनीहरूलाई ईशभयको कुरामा अडिग राख्नुभयो जसको उनीहरू बढी अधिकार राख्थे र त्यसको लायक थिए। ईश्वर हरेक कुराको सामर्थ्य राख्नुहुन्छ।

२७- निस्सन्देह ईश्वरले आफ्ना रसूललाई सत्यमा आधारित सपना देखाउनुभयो। अनि ईश्वरले चाहनु भएमा तिमीहरू अवश्य मस्जिदे हराममा प्रवेश गर्नेछौ, शान्ति पूर्वक कपाल खौरनेछन् र केहीले कपाल छोटो पार्दै। तिमीहरूलाई कुनै डर हुने छैन। ईश्वरले त्यो कुरा जान्नुभयो जो तिमीहरूले जानेनौ। अनि उहाँले पहले नै विजय प्रदान गर्नुभयो।

२८- ईश्वर नै हुनुहुन्छ जसले आफ्ना रसूललाई मार्गदर्शन र सत्य धर्म दिएर पठाउनुभयो ताकि उहाँले यस धर्मलाई सम्पूर्ण धर्महरूमाथि विजयी पारुन्। ईश्वर पर्याप्त साक्षी हुनुहुन्छ।

२९- मुहम्मद ईश्वरका रसूल हुनुहुन्छ। उहाँका साथीहरू नकार्नेहरूमाथि कठोर छन् र एक आपसमा दयालु। तिमीले उनीहरूलाई निहुरेको र नतमस्तक अवस्थामा देख्नेछौ। उनीहरू ईश्वरको वरदान र प्रसन्नताको खोजमा रहन्छन्। उनीहरूको निशानी उनीहरूको अनुहारमा छ सज्दाको प्रभावले। उनीहरूका यी गुणहरूको उल्लेख तौरातमा छ। इन्जीलमा उनीहरूको उदाहरण खेतीसित दिइएको छ जसले पहिले आफ्नो अंकुर निकाल्यो अनि त्यसलाई बलियो पार्यो अनि त्यो झन मोटो भयो अनि डाँठमाथि सीधा खडा भयो। त्यो कृषकहरूलाई राम्रो लाग्छ ताकि त्यसबाट नकार्नेहरूलाई बोलाओस्। उनीहरूमध्ये जुन मानिसहरू आस्था ल्याए र सत्कर्म गरे ईश्वरले उनीहरूसित क्षमा र महान प्रतिदानको वाचा गर्नु भएको छ।

# सूरह अल्-हुजुरात- ४९

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- हे आस्थावानहरू हो ! तिमीहरू ईश्वर र उहाँका रसूलभन्दा अगाडि न बढ र ईश्वरसँग डराउ । निस्सन्देह ईश्वर सर्वश्रोता र सर्वज्ञ हुनुहुन्छ ।

२- हे आस्थावानहरू हो ! तिमीहरू आफ्नो स्वर नबीको स्वरभन्दा उच्च न पार । जसरी तिमीहरू एक अर्कालाई बोलाउँछौ त्यसरी उहाँलाई न बोलाउ । यस्तो न होस् कि तिमीहरूका कार्यहरू बर्बाद होस् र तिमीहरूलाई थाहा न होस् ।
३- जु मानिसहरू ईश्वरका रसूलसमक्ष आफ्नो स्वरलाई सानो राख्छन् ईश्वरले उनीहरूका हृदयहरूलाई आफ्नो भयको लागि छान्नु भएको छ । उनीहरूका लागि क्षमा र महान प्रतिदान छ । ४- जुन मानिसहरू तपाईंलाई तपाईंका कोठाहरूको बाहिरबाट पुकार्छन् उनीहरूमध्ये धेरै जना समझ राख्दैनन् । ५- तपाईं आफैँ आउञ्जेल यदि उनीहरूले धैर्य गरेका भए उनीहरूका लागि राम्रो हुने थियो। ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ ।

६- हे आस्थावानहरू हो ! यदि कुनै अवज्ञाकारी तिमीहरूसमक्ष केही सूचना दिन्छ भने त्यसको छानबिन गर, यस्तो न होस् कि तिमीहरूले कुनै समूहलाई अन्जानमा हानि पुर्याउ र पछि तिमीहरूलाई पश्चाताप होस् । ७- जानी राख, तिमीहरूमाझ ईश्वरका रसूल हुनुहुन्छ । यदि उहाँले अधिकतम विषयमा तिमीहरूको प्रस्ताव मान्नुभयो भने तिमीहरू नै सङ्कटमा पर्नेछौ । तर ईश्वरले तिमीहरूका लागि आस्थालाई प्रीय बनाउनु भयो र तिमीहरूको हृदयमा त्यसलाई सुन्दर बनाउनु भयो । अनि तिमीहरूको लागि इन्कार, पाप र अवज्ञालाई घृणित बनाउनुभयो । यस्ता मानिसहरू नै सीधा मार्गमा छन् । ८- ईश्वरको अनुग्रह र अनुकमपाको कारणले । ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ ।

९- यदि मुस्लिमहरूका दुई समूह परस्पर झगडा गर्छन् भने उनीहरूबीच

मेलमिलाप गराउ । यदि कुनै एउटा समूहले अर्कोमाथि अत्याचार गर्छ भने अत्याचारी समूहसँग युद्ध गर यहाँ सम्म कि त्यो ईश्वरको आदेशतर्फ फर्कोस्। यदि त्यो समूह ईश्वरको आदेशतर्फ फर्कन्छ भने उनीहरूबीच न्यायका साथ मेलमिलाप गराउ। न्याय गर, वास्तवमा न्याय-निसाफ गर्नेहरूलाई ईश्वर मन पराउनुहुन्छ।
१०- आस्थावानहरू एक अर्काका दाजुभाइ हुन् । आफ्ना दाजुभाइहरूबीच मेलमिलाप गराउ। ईश्वरसंग डराउ ताकि तिमीहरूमाथि दया गरियोस्।

११- हे आस्थावानहरू हो ! न पुरुषले अरू पुरुषको ठट्टा गरोस्, सम्भव छ, ठट्टा गरिएको व्यक्ति उत्तम होस्। न महिलाले अरू महिलाको ठट्टा गरोस्, सम्भव छ, ठट्टा गरिएको महिला उत्तम होस्। न एक अर्काको निन्दा गर, न एक अर्कालाई नराम्रो उपनामले पुकार । नबी आउनु अघि केही अन्सारहरूको अवस्था यस्तै थियो। तिमीहरूमध्ये जो यसो गर्दछ ऊ पापी हो। आस्थापछि पापी हुनु नराम्रो कुरा हो। जो यसबाट रोकिदैनन् तिनीहरू नै अत्याचारी हुन्।

१२- हे आस्थावानहरू हो ! धेरै विचारहरूबाट टाढा बस । वास्तवमा, केही विचारहरू पाप हुन्छन् । अनि कसैको गोप्य कुराहरूको खोजि न गर । तिमीहरूमध्ये कोही पनि कसैको कुरा उसको अनुपस्थितिमा न काटोस् । के तिमीहरूमध्ये कोही चाहन्छ कि उसले आफ्नो दाजुभाइको मृत शरीरको मासु खाओस् ? तिमीहरू यसबाट घृणा गर्छौ । ईश्वरको भय राख । निस्सन्देह ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ।

१३- हे मानव ! हामीले तिमीहरूलाई एउटा पुरूष र एउटी महिलाबाट सृष्टि गर्यौं र तिमीहरूका धेरै जातिहरूमा र फरक फरक वंशहरू बनायौं ताकि एक अर्कालाई चिन्न सक । ईश्वरको दृष्टिमा तिमीहरूमध्ये सबैभन्दा सम्मानित त्यो व्यक्ति हो जो तिमीहरूमध्ये सबैभन्दा बढी ईशभय राख्छ। निस्सन्देह ईश्वर सर्वज्ञ र खबर राख्ने वाला हुनुहुन्छ।

१४- गाउँलेहरू भन्छन्- हामीले आस्था ल्यायौँ । भन्नुहोस्- तिमीहरूले

आस्था ल्याएका छैनौ बरु यो भन- हामीहरूले इस्लाम ग्रहण गर्यौं । अहिलेसम्म तिमीहरूको हृदयमा आस्था पसेको छैन । यदि तिमीहरूले ईश्वर र उहाँका रसूलको आज्ञापालन गर्छौ भने ईश्वरले तिमीहरूका सत्कर्महरूमा कुनै कमि गर्नु हुने छैन । निस्सन्देह ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ । १५- आस्थावानहरू ती मानिसहरू हुन् जो ईश्वर र उहाँका रसूलमाथि आस्था ल्याए र त्यसमा शंका गरेनन् । ईश्वरको मार्गमा आफ्ना जीउधनका साथ धर्म युध्द गरे । यिनीहरू नै सच्चा मानिसहरू हुन् ।

१६- भन्नुहोस्- के तिमीहरू ईश्वरलाई आफ्नो धर्मबारे जानकारी दिन चाहन्छौ ? जब कि ईश्वर जान्नु हुन्छ जे जति आकाशहरू र पृथ्वीमा छन् । ईश्वर सबै कुराहरूसित अवगत हुनुहुन्छ । १७- यिनीहरू इस्लाम अपनाए भनी तपाईंमाथि उपकार जताउँछन् । भन्नुहोस्- आफ्नो इस्लामको उपकार ममाथि न जताउ । बरु ईश्वरको उपकार हो तिमीहरूमाथि कि उहाँले तिमीहरूलाई आस्था अपनाउन मार्गदर्शन गर्नु भयो, यदि तिमीहरू सच्चा छौ भने । १८- निस्सन्देह ईश्वर आकाशहरू र पृथ्वीका अदृश्यहरूको ज्ञान राख्नु हुन्छ । ईश्वर तिमीहरूको क्रियाकलापहरूलाई हेरिरहनुभएको छ ।

## सूरह काफ- ५०

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- काफ०, महान कुर्आनको कसम । २- बरु तिनीहरूलाई अचम्म लाग्यो कि तिनीहरूमध्येबाट एक जना सावधान कर्ता आउनुभयो । नकार्नेहरूले भने- यो आश्चर्यको कुरा हो । ३- के मरेर माटो भएपछि के हामी पुनः जीवित भएर उठ्नेछौं ? फेरि जीवित हुनु अति परको कुरा हो । ४- धर्तीले आफूभित्र कति घटाउँछ भन्ने कुरा हामीलाई थाहा छ । हामीसँग एउटा किताब छ जसमा

सबै कुराहरू सुरक्षित छन् । ५- बरु तिहरूले सत्यलाई झूठो ठहर गरे जब त्यो तिनीहरूसमक्ष आइ सकेको छ । यिनीहरू चिन्तित छन् ।

६- के तिनीहरूले आफूमाथि रहेको आकाशलाई देखेनन् ? हामीले कसरी त्यसलाई सृष्टि गर्यौं ? हामीले त्यसलाई सजायौं र त्यसमा कुनै चिरा छैन । ७- हामीले पृथ्वीलाई फैलायौँ र त्यसमा पर्वतहरूलाई राख्यौँ, अनि त्यसमा हरेक प्रकारका सुन्दर वस्तुहरू उमार्यौं । ८- बुझाउन र स्म्रण गराउन प्रत्येक त्यस भक्तको लागि जो हामीतर्फ फर्कन्छन् । ९- हामीले आकाशबाट धेरै फाइदा जनक पानी बर्सायौँ अनि त्यसबाट बगैंचाहरू उमार्यौं र काटिने अन्नहरू । १०- फलका झुप्पाहरू भएका अग्ला अग्ला खजूरका रूखहरू उमार्यौं । ११- भक्तहरूका जीविकाको लागि । हामीले यसद्वारा सुकेको भूमिलाई जीवित पार्यौं । त्यसरी नै हामी मृतलाई जीवित पार्नेछौं ।

१२- तिनीहरूभन्दा पहिले नूहको समुदाय, इनारवालाहहरू र समूदले झूठो ठहर गरे । १३- आदले, फिऔंनले र लूतको समुदायले पनि । १४- ऐकाबासीहरू र तुब्बाका समुदायले पनि झूठो ठहर गरे, ती सबैले सन्देष्टाहरूलाई झूठो ठहर गरे । अनि मैले चेतावनी दिएको कुरा तिनीहरूमाथि लागु भयो । १५- के हामी पहिलो पटक सृष्टि गर्न असमर्थ रहयौं ? बरु तिनीहरू नयाँ सृष्टिबारे सन्देहमा छन् ।

१६- हामीले मनुष्यको सृष्टि गर्यौं र हामी उसको मनमा आउने कुराहरू जान्दछौँ । हामी उसको मुटुसँग जोडिएको उसको घाँटीको नशाभन्दा नजिक छौं । १७- जब उसका कर्मलाई दुईजना लेख्छन्, जो उसको दाहिने र देब्रे बसेका छन् । १८- कुनै शब्द ऊ बोल्दैन तर ऊसँग तैयार संरक्षक उपस्थित हुन्छ ।

१९- मृत्युको बेहोशी सत्यका साथ आइ पुग्यो, यो त्यही चिज हो जसबाट तिमीहरू भाग्ने गर्थ्यौं । २०- अनि सूर फूकिनेछ र यो डराउने दिन हुनेछ । २१- हरेक व्यक्ति यसरी आउनेछ कि उसको साथमा एक जना हाँक्ने वाला र एक जना गवाह हुनेछ । २२- तिमीहरू यसबाट असावधान रहयौ अनि हामीले तिमीहरूबाट पर्दा

हटायौँ अनि आज तिमीहरूको दृष्टि तेज छ। २३- ऊसँगै रहेको देवदूतले भन्नेछ- यो जो मसँग थियो हाजिर छ। २४- नर्कमा हाल बेगुणी विरोधीलाई। २५- पुण्य कर्मबाट रोक्ने वाला, हद पार गर्ने वाला र शंकामा रहने वालालाई। २६- जसले ईश्वरसँग अन्य उपास्यहरू बनायो, तसर्थ उसलाई पीडादायी यातनामा हाल। २७- उसको शैतान साथीले भन्नेछ- हे हाम्रा पालनकर्ता ! मैले उसलाई उद्दण्ड बनाएनौँ बरु ऊ आफैं पथभ्रष्ट र टाढा परेको थियो। २८- भनिनेछ- तिमीहरू मेरो सामु झगडा न गर किनकि मैले पहिला नै तिमीहरूलाई यातनाबाट सावधान गरि सकेका थियौँ। २९- मकहाँ कुरा परिवर्तन हुँदैन र म भक्तहरूमाथि अत्याचार गर्दिन।

३०- जुन दिन हामीले नर्कलाई भन्नेछौ- तिमी भर्यौ त ? उसले भन्नेछ- अरू छन् र ? ३१- स्वर्ग ईशभय राख्नेहरूको नजिक ल्याइनेछ, टाढा हुने छैन। ३२- यो हो त्यत्र वस्तु जसको वाचा तिमीहरूसँग गरिँदै थियो, प्रत्येक फर्कने र याद राख्नेहरूका लागि। ३३- जो करुणामय (ईश्वर) सँग भय राख्यो न देखिकन र फर्कने हृदयका साथ आयो। ३४- स्वर्गमा प्रवेश गर, यो दिन सदा रहनेछ। ३५- त्यहाँ उनीहरूले चाहेका सबै थोक हुनेछन् र हामीसँग अझै छ।

३६- हामीले यिनीहरूअघि कतिपय समुदायहरूलाई नष्ट पार्यौँ। तिनीहरू यिनीहरूभन्दा बढी शक्तिशाली थिए। तिनीहरूले देशहरूमा धेरै भाग दौड गरे कि छ कुनै आश्रय-स्थल। ३७- त्यसमा उपदेश छ त्यस व्यक्तिको लागि जोसँग हृदय होस् वा जो एकाग्र भएर सुनोस्।

३८- हामीले आकाशहरू र पृथ्वी र जेजति आकाशहरू र पृथ्वीबीचमा रहेका छन् सम्पूर्णलाई ६ दिनमा सृष्टि गर्यौं र हामीलाई थकाइ लागेन। ३९- तिनीहरू जे जति भन्छन् त्यसमा धैर्य गर्नुहोस्, आफ्ना पालनकर्ताको प्रशंसाका साथ महिमा गान गर्नुहोस्, सूर्योदयअघि र सूर्यास्तअघि। ४०- रातमा उहाँको महिमागान गर्नुहोस् नतमस्तक भए पछि।

४१- कान थाप्नुहोस् कि जुन दिन पुकार्ने वालाले नजिकको ठाउँबाट पुकार्नेछ । ४२- जुन दिन मानिसहरूले अवश्यरूपमा भयंकर स्वर सुन्नेछन्, त्यो बाहिर निस्कने दिन हुनेछ । ४३- निस्सन्देह हामी नै जीवित पार्छौं र मृत्यु दिन्छौं र हामीतिर नै फर्कनुछ । ४४- जुन दिन धर्ती खुल्नेछ अनि उनीहरू बाहिर निस्कनेछन् । यो भेला पार्ने काम हाम्रो लागि सहज छ ।

४५- यिनीहरूले भनेको कुराको ज्ञान हामीलाई छ र तपाईं उनीहरूलाई विवश गर्न सक्नुहुन्न । अनि तपाईं कुर्आनको सहयोगले त्यस व्यक्तिलाई डराउनुहोस् जो मैले डराएमा डराउँछ ।

# सूरह अज्-जारियात- ५१

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- कसम धूलो उडाउने हावाको । २- अनि बोक्छ भारीलाई । ३- अनि बग्छ बिस्तारै । ४- अनि छुट्याउँछ मामिलालाई । ५- तिमीहरूसित जुन वाचा गरिएको छ त्यो वास्तवमा सत्य हो । ६- निसाफ अवश्य नै हुनेछ र यसमा कुनै शंका छैन । ७- कसम छ जालीदार आकाशको । ८- निस्सन्देह तिमीहरू विरोधाभाषमा परेका छौ । ९- त्यसबाट तिनीहरू नै फर्कन्छन् जो फेरिन्छन् ।

१०- अटकलले कुरा गर्नेहरू बर्बाद भए । ११- जो असावधानीमा भूलमा छन् । १२- तिनीहरू सोध्छन्- बदला दिइने दिन कहिले आउनेछ ? १३- जुन दिन तिनीहरू नर्कमा होमिनेछन् । १४- चाख स्वाद आफ्नो बदमाशीको । यो हो त्यो चिज जसको लागि तिमीहरू हतार गर्दै थियो । १५- निस्सदेह ईश-भय राख्नेहरू बगैंचाहरू र मूलहरूमा रहनेछन् । १६- उनीहरूका पालनकर्ताले दिनुभएका बदलाहरू लिइरहेका हुनेछन् किनकि पहिले उनीहरू सत्कर्मी थिए ।

१७- उनीहरू रातमा थोरै मात्रै सुत्थे। १८- अनि बिहानको समयमा क्षमा याचना गर्थे। १९- उनीहरूका धन-सम्पत्तिमा मागन्तेहरू र वञ्चितहरूका लागि अंश थियो।

२०- पृथ्वीमा निशानीहरू छन् आस्था राख्नेहरूको लागि । २१- तिमीहरूभित्र पनि, के तिमीहरू हेर्दैनौ ? २२- आकाशमा तिमीहरूको जीविका छ र त्यो वस्तु पनि जसको तिमीहरूसित वाचा गरिँदैछ । २३- अनि आकाश र पृथ्वीका मालिकको कसम, त्यो अवश्य हुनेछ जस्तो कि तिमीहरू कुरा गर्छौ।

२४- के तपाईंलाई इब्राहीमका पाहुनाहरूको खबर प्राप्त भयो ? २५- जब उनीहरू उनीकहाँ पुगे अनि सलाम गरे । उनले भने- तिमीहरूलाई पनि सलाम । यिनीहरू अपरिचित मानिसहरू हुन् । २६- उनी सुटुक्क आफ्नो घर गए र एउटा बाछा भुटेर लिएर आए । २७- अनि बाछा उनीहरूसमक्ष पेश गरे, अनि भने- तिमीहरू किन खानुहुन्न ? २८- उनको मनमा डर उत्पन्न भयो, अनि उनीहरूले भने- न डराउनुहोस् । अनि उनलाई ज्ञानी छोराको शुभ सूचना दिए । २९- उनकी पत्नी बोल्दै आइन्, अनि आफ्नो टाउकोमा हानिन् र भनिन्- बूढी र बाँझी । ३०- उनीहरूले भने- यस्तै भन्नुभएको छ तिम्रो पालनकर्ताले । वास्तवमा, उहाँ तत्वदर्शी र सर्वज्ञ हुनुहुन्छ।

३१- इब्राहीमले भने- हे देवदूतहरू हो ! तिमीहरू कुन उद्देश्यले आएका छौ ? ३२- उनीहरूले भने- हामीहरू एउटा अपराधी समुदाय (लूतको समुदाय) तर्फ पठाइएका छौँ । ३३- ताकि तिनीहरूमाथि कडा माटोको ढुङ्गाको वर्षा गरौँ । ३४- जसमा चिन्ह लगाइएको छ तपाईका पालनकर्ताको तर्फबाट सीमा उल्लङ्घन गर्नेहरूका लागि । ३५- त्यहाँ जति आस्थावानहरू थिए सबैलाई हामीले निकाल्यौं । ३६- अनि हामीले त्यहाँ नगरमा एउटा घर परिवारबाहेक अरू कुनै मुस्लिम घर परिवार पाएनौँ । ३७- हामीले एउटा निशानी छोड्यौं ती मानिसहरूका लागि जो पीडादायी यातनाबाट डराउँछन् ।

३८- मूसा को कथामा पनि निशानी छ, जब हामीले उनलाई एउटा स्पष्ट प्रमाणका साथ फिरऔनसमक्ष पठायौं । ३९- अनि फिऔंन आफ्नो शक्तिमाथि घमण्ड गर्दै विमुख भयो र भन्यो- ऊ कि त जादूगर हो वा पागल । ४०- अनि हामीले उसलाई र उसका सबै सैनिकहरूलाई समातेर समुद्रमा फ्याँक्यौं । फिऔंन धिक्कारको लायक थियो । ४१- आदमा पनि निशानी छ जब हामीले तिनीहरूमाथि नाफा न दिने हावा पठायौं । ४२- त्यो जसमाथि चल्यो त्यसलाई टुक्रा टुक्रा पार्यो । ४३- समूदमा पनि निशानी छ, जब उनीहरूलाई भनियो- तिमीहरू केही अवधिको लागि लाभान्वित होउ । ४४- तिनीहरूले आफ्नो पालनकर्ताको आदेशको मुकाबिलामा घमण्ड गरे अनि तिनीहरूलाई कर्कश ध्वनीले समात्यो र तिनीहरू हेरि राखेका थिए । ४५- तिनीहरू न त उठ्न सके न आफ्नो बचाव गर्न सके । ४६- नूहको समुदायलाई पनि यसअघि । निस्सन्देह तिनीहरू अवज्ञाकारी मानिसहरू थिए ।

४७- हामीले आकाशको सृष्टि आफ्नो बलले गर्यौं र हामी त्यसलाई विस्तार गर्दैछौं । ४८- हामीले पृथ्वीलाई बिछायौँ अनि कति राम्रो हामी बिछाउने वाला छौँ । ४९- हामीले हरेक वस्तुलाई जोडी जोडी ताकि तिमीहरू ध्यान देउ । ५०- तसर्थ दगुर ईश्वरतर्फ, म उहाँको तर्फबाट स्पष्ट सावधानकर्ता हुँ । ५१- ईश्वरसँग अरू कसैलाई उपास्य नबनाउ, म उहाँको तर्फबाट स्पष्ट सावधानकर्ता हुँ ।

५२- त्यस्तै तिनीहरू भन्दा पहिलेका समुदायहरूमा कुनै यस्तो रसूल आएनन् जसलाई तिनीहरूले जादूगर वा पागल न भनेको होस् । ५३- के तिनीहरू एक अर्कालाई यसको उपदेश दिँदै आएका छन् ?! बरु यी सबै उद्दण्ड मानिसहरू हुन् । ५४- तसर्थ, तपाईं यिनीहरूलाई बेवास्ता गर्नुहोस् । तपाईंमाथि कुनै दोष छैन । ५५- तपाईं तिनीहरूलाई सम्झाउँदै गर्नुहोस् किनभने सम्झउनु आस्थावानहरूलाई फाइदा पुर्याउँछ ।

५६- मैले जिन्न र मनुष्यलाई मात्र यस उद्देश्यले सृष्टि गरेको हुँ कि उनीहरूले

मेरो उपासना गरुन् । ५७- म उनीहरूबाट जीविका माग्दिनँ र न यो चाहन्छु कि उनीहरूले मलाई खुवाउन् । ५८- निस्सन्देह ईश्वर नै जीविका प्रदान-कर्ता, अति शक्तिशाली र प्रभुत्वशाली हुनुहुन्छ । ५९- जुन मानिसहरूले अत्याचार गरे तिनीहरूको समय आइ सकेको छ जसरी तिनीहरूका विगतका साथीहरूको समय आएको थियो । तसर्थ तिनीहरूले हतार नगरुन् । ६०- तसर्थ नकार्नेहरूका लागि विनाश छ त्यस दिन जुन दिनको वाचा तिनीहरूसित गरिँदै छ ।

## सूरह अत्-तूर- ५२

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- कसम छ तूरको । २- अनि लिखित किताबको, ३- विशाल पानामा । ४- आबाद घरको । ५- उच्च छानाको । ६- उम्लदो समुद्रको । ७- निस्सन्देह तपाईंको पालनकर्ताको प्रकोप अवश्य आउनेछ । ८- त्यसलाई कोही टार्ने वाला छैन । ९- जुन दिन आकाश हल्लिनेछ । १०- र पर्वतहरू हिँड्न थाल्नेछ । ११- बर्बादी छ त्यस दिन झूठो ठहर गर्नेहरूको लागि । १२- जो कुराहरू काट्छन् खेल्दै । १३- जुन दिन तिनीहरू नर्कको आगोमा धकेलिनेछन् । १४- यो हो त्यो आगो जसलाई तिमीहरू झूठो ठहर गर्थ्यौ । १५- के यो जादु हो वा तिमीहरू यसलाई देखिरहेका छैनौ ? १६- नर्कमा पस, अनि तिमीहरू धैर्य गर्न सक वा धैर्य गर्न न सक तिमीहरूका लागि एक समान छ । तिमीहरू त्यही बदला पाउँदैछौ जो तिमीहरू गरि राखेका थियौ ।

१७- निस्सन्देह ईशभय राख्नेहरू बगैंचाहरूमा र अनुग्रहहरूमा हुनेछन् । १८- उनीहरू ईश्वरले प्रदान गर्नुभएका वस्तुहरूबाट खुशी हुनेछन् । उनीहरूका पालनकर्ताले उनीहरूलाई नर्कको यातनाबाट जोगाउनु भयो । १९- तिमीहरू खाउ र पिउ आनन्दका आफ्ना सत्कर्महरूको बदलामा । २०- सिरानीहरूमा

अडेस लगाएर पङ्क्तिबध्द भएर पलङ्गहरूमाथि । अनि हामी उनीहरूको विवाह ठूलो ठूलो आँखा भएकी अपसराहरूसँग गराउनेछौं ।

२१- जुन मानिसहरूले आस्था राखे र उनीहरूका सन्तानले पनि उनको अनुसरण गर्दै आस्था राखे, हामी उनीहरूका सन्तानलाई उनीहरूसँग जम्मा गर्नेछौं । र उनीहरूको सत्कर्मबाट केही पनि कम गर्ने छैनौं । हरेक व्यक्ति आफ्नै कमाइमा फँसेका छन् । २२- हामीले उनीहरूलाई उनीहरूले रुचाएका मासु र फलफूलहरू निरन्तर दि राख्नेछौं । २३- उनीहरूबीच उत्कृष्ट पेय पदार्थका पियालाहरूको आदान प्रदान भइ राख्नेछ, जो बेकारका र पापका कुराहरूबाट पवित्र हुनेछन् । २४- उनीहरूको सेवामा बच्चाहरू दगुरिरहेका हुनेछन्, मानौं उनीहरू सुरक्षित राखिएका मोती हुन् । २५- उनीहरू एक अर्कातिर फर्केर कुराकानी गरिराखेका हुनेछन् । २६- उनीहरूले भन्नेछन्- हामीहरू आफ्ना घर-परिवारमा डराउने गर्थ्यौं । २७- अनि ईश्वरले हामीहरूमाथि कृपा गर्नुभयो र हामीहरूलाई अत्याधिक जलाउने घामको यातनाबाट जोगाउनुभयो । २८- हामीहरू पहिला उहाँलाई नै पुकार्ने गर्थ्यौं । निस्सन्देह उहाँ परोपकारी र दयावान हुनुहुन्छ ।

२९- तसर्थ तपाईं उपदेश गर्दै गर्नुहोस् । आफ्ना पालनकर्ताको कृपाले तपाईं न त ज्योतिषी हुनुहुन्छ न पागल नै । ३०- के तिनीहरू भन्छन्- मुहम्मद कवि हुनुहुन्छ र हामी उहाँमाथि आपदाको प्रतीक्षामा छौं । ३१- भन्नुहोस्- तिमीहरू प्रतीक्षा गर, म पनि तिमीहरूसँग प्रतीक्षा गर्नेहरूको साथमा छु । ३२- के तिनीहरूको बुद्धिले तिनीहरूलाई यही सिकाउँछ वा तिनीहरू उद्दण्ड मानिसहरू हुन् । ३३- के तिनीहरू भन्छन्- मुहम्मदले यो कुर्आन आफैँ रचनुभएको हो ? बरु तिनीहरू आस्था ल्याउन चाहदैनन् । ३४- अनि तिनीहरूले यस्तै किसिमको एउटा वाणी बनाएर ल्याउन् यदि तिनीहरू सच्चा छन् ।

३५- के तिनीहरू सृष्टिकर्ता बिना नै सृष्टि भएका हुन् त ? वा उनीहरू स्वयंका सृष्टिकर्ता हुन् ? ३६- के आकाशहरू र पृथ्वीलाई तिनीहरूले सृष्टि गरेका हुन् ?

बरु तिनीहरू आस्था राख्दैनन् । ३७- के तिनीहरूसँग तपाईंका पालनकर्ताको भण्डार छ वा तिनीहरू दारोगा हुन् ? ३८- वा के तिनीहरूसँग कुनै भर्याङ छ जसमाथि चढेर तिनीहरू कुरा सुन्छन् । अनि तिनीहरूका सुन्ने वालाले कुनै स्पष्ट प्रमाण प्रस्तुत गरोस् । ३९- के ईश्वरका लागि छोरीहरू छन् र तिमीहरूका लागि छोराहरू ।

४०- के तपाईं तिनीहरूसँग ज्याला माग्नुहुन्छ कि तिनीहरू जरिवानाको बोझमुनि दबेका छन् । ४१- के तिनीहरूसँग अदृश्यको ज्ञान छ कि तिनीहरू लेख्छन् ? ४२- के तिनीहरू कुनै षड्यन्त्र गर्न चाहन्छन् कि नकार्नेहरू त्यस षड्यन्त्रका शिकार हुनेछन् । ४३- के ईश्वरबाहेक तिनीहरूको अन्य कोही उपास्य छ ? ईश्वर पवित्र हुनुहुन्छ तिनीहरूले बनाएका साझेदारबाट ।

४४- यदि तिनीहरूले आकाशबाट कुनै टुक्रा झर्दै गरेको देखे भने तिनीहरूले भन्नेछन्- यो तह तह बादलहरू हुन् । ४५- अनि तिनीहरूलाई छोड्नुहोस्, यहाँसम्म कि तिनीहरू त्यस दिनको यातनामा परुन् जसमा तिनीहरूको होश गुम्नेछ । ४६- जुन दिन तिनीहरूको उपाय तिनीहरूको कुनै काम लाग्ने छैन, न तिनीहरूलाई कुनै सहयोगी मिल्नेछ । ४७- ती अत्याचारीहरूका लागि यसबाहेक पनि थप यातना छ, तर अधिकांशलाई यसको ज्ञान छैन ।

४८- तपाईं धैर्यका साथ आफ्ना पालनकर्ताको निर्णयको प्रतीक्षा गर्नुहोस् । वास्तवमा, तपाईं हाम्रा निगरानीमा हुनुहुन्छ । अनि तपाईं आफ्नो पालनकर्ताको प्रशंसाकासाथ महिमागान गर्नुहोस् जब तपाईं जाग्नुहुन्छ । ४९- रातमा पनि उहाँको महिमागान गर्नुहोस् र ताराहरू अस्ताउने समयमा पनि ।

## सूरह अन्-नज्म- ५३

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१-कसम छ ताराको जब त्यो अस्ताउँछ। २- तपाईंका साथी न पथभ्रष्ट हुनुभएको छ न त बहकिनुभएको छ। ३- उहाँ आफ्नो इच्छाले कुरा गर्नु हुन्न। ४- कुर्आन त एउटा प्रकाशना मात्र हो जो उहाँतर्फ पठाइन्छ। ५- उहाँलाई शक्तिशाली देवदूतले शिक्षा दिएको छ। ६- बुध्दिमान तथा विवेकशीलले। ७- जिब्रील जाहेर भए र उनी आकाशको माथिल्लो क्षितिजमा थिए। ८- अनि उनी नजिक भए। ९- उनी ओर्ले र उहाँबाट दुई धनुष बराबर वा त्यसभन्दा पनि कम दूरीमा थिए। १०- अनि ईश्वरले प्रकाशना गर्नुभयो आफ्ना भक्ततर्फ जुन प्रकाशना गर्नुभयो। ११- रसूलको हृदयले झूठ बोलेन जो उहाँको आँखाले देख्यो। १२- के तिमीहरू त्यस कुरामा वादविवाद गर्छौ जो उहाँले देख्नुभयो ? १३- उहाँले जिब्रीललाई अझै एक पटक ओर्लि रहेको अवस्थामा देख्नुभयो। १४- (सबैभन्दा ठूलो रूख) सिद्रतुल् मुन्तहा नजिक। १५- यस रूख नजिक स्वर्ग छ, आरामका साथ बस्ने स्थान। १६- जब यस रूखलाई ढाकेको थियो जसले ढाकेको थियो। १७- आँखा बहकिएन र सीमाभन्दा अगाडि पनि बढेन। १८- उहाँले आफ्ना पालनकर्ताका ठूला ठूला निशानीहरू देख्नुभयो।

१९- के तिमीहरूले लात र उज्जाको विषयमा विचार गर्यौ ? २०- अनि तेस्रो मूर्ति मनातको विषयमा पनि ? २१- के तिमीहरूका लागि छोराहरू छन् र ईश्वरको लागि छोरीहरू ? २२- यो त अन्यायपूर्ण विभाजन भयो। २३- यी मात्र नामहरू हुन् जो तिमीहरूले र तिमीहरूका पुर्खाहरूले आफैँ राखेका छौ। ईश्वरले यस विषयमा कुनै प्रमाण अवतरण गर्नुभएको छैन। तिनीहरू मात्र अनुमानको र विचारको अनुसरण गर्दैछन् र आफ्नो इच्छाको जब कि तिनीहरूसमक्ष तिनीहरूका पालनकर्ताको तर्फबाट मार्गदर्शन आइ सकेको छ। २४- के मानवले

ती सबै पाउँछ जो उसले चाहन्छ ? २५- मात्र ईश्वरको नियन्त्रणमा छ परलो र संसार।

२६- आकाशहरूमा कतिपय यस्ता देवदूतहरू छन् जसका सिफारिश कुनै काम लाग्ने छैन सिवाय त्यसको जसलाई ईश्वरले अनुमति दिनुहुन्छ र मन पराउनुहुन्छ। २७- निस्सन्देह जुन मानिसहरू परलोमा आस्था राख्दैनन् तिनीहरू देवदूतहरूलाई स्त्रीको संज्ञा दिन्छन्। २८- जब कि तिनीहरूसँग यसको कुनै प्रमाण छैन । तिनीहरू मात्र अड्कलबाजीको अनुसरण गर्दैछन् र र अडकलबाजीले सत्यतामा कुनै फाइदा दिँदैन। २९- तपाईं यस्ता मानिसहरूलाई बेवास्ता गर्नुहोस् जो हाम्रो उपदेशबाट विमुख हुन्छन्, सांसारिक जीवनबाहेक अरू केही न चाहदैनन्, तिनीहरूको बुध्दि यहीँसम्म पुगेको छ । ३०- तपाईंको पालनकर्ता राम्ररी जान्नुहुन्छ को उहाँको मार्गबाट भटकेका छन् र को सत्मार्गमा छन्।

३१- ईश्वरकै हुन् जे जति आकाशहरू र पृथ्वीमा छन् ताकि उहाँले नराम्रा कर्म गर्नेहरूलाई नराम्रो बदला र सत्कर्म गर्नेहरूलाई राम्रो बदला प्रदान गरुन्, ३२- जो ठूलाठूला पापहरू र अश्लील कार्यहरूबाट आफुलाई जोगाउँछन्, सिवाय साना पापहरूको। निस्सन्देह तपाईंको पालनकर्ता अति क्षमाशील हुनुहुन्छ। उहाँ तिमीहरूबारे बढी ज्ञान राख्नुहुन्छ जब उहाँले तिमीहरूको सृष्टि धर्तीबाट गर्नुभयो र जब तिमीहरू आमाको गर्भमा शिशुको रूपमा थियौ । तिमीहरू आफूलाई चोखो न ठान, उहाँ ईशभय राख्नेहरूलाई राम्ररी जान्नुहुन्छ।

३३- के तपाईंले त्यस व्यक्तिलाई देख्नुभयो जो विमुख भयो ? ३४- जसले थोरै धन खर्च गर्यो फेरी रोक्यो। ३५- के उसलाई अदृश्यको ज्ञान छ र त्यसलाई देखि राखेको छ ? ३६- के उसलाई त्यसको सूचना मिलेन जो मूसाका किताबहरूमा छ ? ३७- र इब्राहीमका, जसले आफ्नो कुरा पूरा गरे । ३८- कि कुनै बोक्ने वालाले कसैको भारी बोक्ने छैन। ३९- र यो कि मानवको लागि त्यही छ जो

उसले कमायो। ४०- र यो कि उसको कमाइ चाँडै देखाइनेछ। ४१- अनि उसलाई उसको पूरा बदला दिइनेछ। ४२- र यो कि सबैले आफ्नो पालनकर्तासम्म पुग्नुछ।

४३- नस्सन्देह उहाँले नै प्रसन्न पार्नु हुन्छ रूवाउनुहुन्छ। ४४- र उहाँ नै मृत्यु दिनुहुन्छ र र जीवित पार्नुहुन्छ। ४५- उहाँले नै पुरूष र महिलाको जोडी सृष्टि गर्नुभयो। ४६- एउटा वीर्यको थोपाबाट जब त्यसलाई गर्भमा खसालिन्छ। ४७- उहाँकै जिम्मामा छ दोस्रो पटक जीवित पार्नु। ४८- उहाँले धन-सम्पत्ति प्रदान गर्नुभयो र पुञ्जि-पति बनाउनुभयो। ४९- उहाँ नै शिअरा नामी ताराको मालिक हुनुहुन्छ।

५०- ईश्वरले नै नष्ट पार्नुभयो पहिलो आदलाई, ५१- र समूदलाई, अनि कसैलाई बाँकि छोड्नुभएन। ५२- यस अघि नूहको समुदायलाई। निस्सन्देह तिनीहरू अति अत्याचारी र उदण्ड थिए। ५३- उहाँले घोप्टो पारिएको बस्तीहरूलाई पनि फ्याँक्नुभयो। ५४- त्यसलाई ढाक्यो जुन चिजले ढाक्यो। ५५- अनि तिमीहरूले आफ्ना पालनकर्ताका कुन कुन कमालहरूलाई झूठो ठहर गर्छौ ?

५६- उहाँ एक जना सावधानकर्ता हुनुहुन्छ, पहिला आएका सावधानकर्ताहरूमध्ये। ५७- नजिक आउने नजिक आइपुगेको छ। ५८- ईश्वरबाहेक कोहरू हटाउन सक्दैन। ५९- के तिमीहरूलाई यस कुराबाट आश्चर्य लाग्छ ? ६०- तिमीहरू हाँस्छौ र रुन्छौ पनि। ६१- तिमीहरू घमण्ड गर्छौ। ६२- तसर्थ मात्र ईश्वरको लागि नतमतक होउ र मात्र उहाँको भक्ति गर।

# सूरह अल्-कमर- ५४

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- महाप्रलय नजिक आइपुग्यो र चन्द्रमा फुट्यो । २- तिनीहरूले जुन सुकै निशानी देखेमा विमुख नै हुनेछन् र भन्नेछन्- यो त जादू हो जो अघिदेखि आउँदैछ । ३- तिनीहरूले झूठो ठहर गरे र आफ्नो इच्छाको अनुसरण गरे । हरेक कामको समय तोकिएको छ । ४- तिनीहरूसमक्ष ती सूचनाहरू आइपुगेका छन् जसमा धेरै उपदेशहरू छन् । ५- अति उच्च स्तरीय तत्वदर्शिता तर चेतावनीहरू तिनीहरूलाई फाइदा पुर्याइ रहेको छैन । ६- तिनीहरूलाई बेवास्ता गर्नुहोस् । जुन दिन पुकार्ने वाला एउटा अति भयानक कुरातिर बोलाउनेछ । ७- तिनीहरू आँखालाई झुकाएर चिहानहरूबाट निस्कनेछन् मानौँ छरिएका सलहहरू हुन् । ८- दगुर्दै बोलाउनेतिर । नकार्ने व्यक्तिले भन्नेछ- यो एकदमै कठिन दिन हो ।

९- तिनीहरूअघि नूहको समुदायले झूठो ठहर गर्यो । तिनीहरूले हाम्रो भक्तलाई झूठो ठहर गरे । तिनीहरूले उनलाई उनलाई तर्साए । १०- अनि नूहले आफ्ना पालनकर्तालाई पुकारे- म दबाइएको हुँ मलाई सहयोग गर्नुहोस् । ११- अनि हामीले मुसलधारे वर्षाकासाथ आकाशका ढोकाहरू खोलिदियौं, १२- र धर्तीबाट मूलहरू बगायौं, अनि सबै पानी एउटा काममा लागे जो निश्चित भइ सकेको थियो । १३- हामीले नूहलाई तख्ता र काँटी (डुँगा) मा सवार गरायौं । १४- हाम्रो आँखाअगाडि गुडिरहेको थियो । त्यस व्यक्तिको बदला लिनको लागि जसको अवहेल्ना गरिएको थियो । १५- अनि त्यसलाई निशानीको लागि छोड्यौँ अनि कोही छ विचार गर्ने ? १६- अनि कस्तो थियो मेरो यातना र कस्तो थियो मेरो चेतावनी ? १७- हामीले कुर्आनलाई उपदेशको लागि सजिलो बनाएकाछौं अनि कोही छ उपदेश ग्रहण गर्ने ?

१८- आदले झूठो ठहर गर्यो । अनि कस्तो थियो मेरो यातना र मेरो चेतावनी ?

१९- हामीले तिनीहरूमाथि अति कडा निरन्तर धिक्कार (कडा चिसो) को दिनमा। २०- त्यसले मानिसहरूलाई उचालेर फ्याँक्दै थियो मानौं तिनीहरू जरैसित उखेलिएका खजूरका रूखहरू हुन्। २१- अनि कस्तो थियो मेरो यातना र मेरो चेतावनी ? २२- हामीले कुर्आनलाई उपदेशको लागि सजिलो बनाएकाछौं अनि कोही छ उपदेश ग्रहण गर्ने ?

२३- समूदले चेतावनीलाई झूठो ठहर गरे । २४- तिनीहरूले भने- के हामीले आफैँ भित्रको मान्छेको अनुसरण गरौँ त ? त्यसो भएमा हामी गलती र पागलपनमा ग्रस्त हुनेछौँ। २५- के हामी सबैलाई छाडि ऊमाथि मात्र प्रकाशना अवतरण गरियो त ? होइन, बरु ऊ झूठो र ठूलो बन्ने वाला छ। २६- अनि भोली तिनीहरूले थाहा पाउनेछन् उनीहरूमध्ये को झूठो र ठूलो बन्ने वाला छ। २७- हामी एउटा ऊँटनीलाई पठाउने वाला छौँ तिनीहरूका लागि परिक्षा बनाएर। तसर्थ, तिमी प्रतीक्षा गर र धैर्य गर। २८- तिनीहरूलाई अवगत गराउ कि पानी तिनीहरूबीच र ऊँटनीबीच बाँडिएको छ। प्रत्येकले आफ्नै पालोमा उपस्थित हुनुपर्दछ। २९- अनि तिनीहरूले आफ्नो मान्छेलाई पुकारे, जसले प्रहार गर्यो र ऊँटनीको हत्या गर्यो। ३०- अनि कस्तो थियो मेरो यातना र मेरो चेतावनी ? ३१- हामीले तिनीहरूमाथि एउटा धमाका पठायौं, अनि तिनीहरू टुटका टाट जस्तो भए। ३२- हामीले कुर्आनलाई उपदेशको लागि सजिलो बनाएकाछौं अनि कोही छ उपदेश ग्रहण गर्ने ?

३३- लूतको समुदायले चेतावनी दिनेहरूलाई झूठो ठहर गरे। ३४- हामीले तिनीहरूमाथि ढुङ्गा बर्साउने आँधी पठायौं । मात्र लूतको परिवार त्यसबाट जोगियो । हामीले उनीहरूलाई बिहानिको समयमा जोगायौँ। ३५- आफ्नो तर्फबाट कृपा गरेर। हामी यस्तै बदला दिन्छौँ जो कृतज्ञ हुन्छन्। ३६- लूतले उनीहरूलाई हाम्रो यातनाको डर देखाए तर तिनीहरूले त्यस चेतावनीमा वादविवाद गरे। ३७- तिनीहरूले लूतका पाहुनाहरूलाई उनीबाट लिन थाले।

तर हामीले तिनीहरूका आँखालाई अन्धा बनायौं। अब चाख मेरो यातना र मेरो चेतावनी ? ३८- बिहानको समयमा तिनीहरूमाथि आपदा आयो जो रोकिएको थियो। ३९- अब चाख मेरो यातना र मेरो चेतावनी ? ४०- हामीले कुर्आनलाई उपदेशको लागि सजिलो बनाएकाछौं अनि कोही छ उपदेश ग्रहण गर्ने ?

४१- फिऔंनको समुदायसमक्ष पुगे सावधानकर्ता। ४२- तिनीहरूले हाम्रा सबै निशानीहरूलाई झूठो ठहर गरे। अनि हामीले विजयी र शक्तिशालीले समात्ने झैँ समात्यौँ।

४३- के तिमीहरूका नकार्नेहरू विगतका मानिसहरूभन्दा उत्तम छन् वा तिमीहरूका आकाशीय किताबहरूमा माफि लेखिएको छ ? ४४- के तिनीहरू भन्छन्- हामी यस्तो जमात हौँ जो सर्वोपरी रहनेछौँ ? ४५- यो समूह चाँडै नै पराजित हुनेछ र पिठ्यूँ फर्काएर भाग्नेछन्। ४६- बरु महनप्रलय तिनीहरूसित गरिएको वाचाको समय हो र महाप्रलय अति कडा र तीतो सत्य हो। ४७- वास्तवमा अपराधीहरू पथभ्रष्टता र मुर्खतामा छन्। ४८- जुन दिन तिनीहरू आगोमा घोप्टो पारी अनुहारको भरले घिसरियाइनेछ, चाख स्वाद आगोको।

४९- हामीले निश्चित भाग्यअनुसार हरेक वस्तु सृष्टि गरेका छौँ। ५०- हाम्रो आदेश अकस्मात आउनेछ, जस्तै आँखाको झिम्कनु। ५१- हामी नष्ट पारिसकेकाछौं तिमीहरूसँग रहेकाहरूलाई, अनि छ कोही सोच विचार गर्ने ? ५२- तिनीहरूले गरेका सबै थोक किताबहरूमा लेखिएको छ। ५३- प्रत्येक सानो र ठूलो कुरा लेखिएको छ। ५४- निस्सन्देह ईशभय राख्नेहरू बगैंचाहरू र नहरहरूमा रहनेछन्। ५५ उनीहरू बसेका हुनेछन् सच्चा सभामा, सर्वशक्तिमान शासक नजिक।

# सूरह अर्-रहमान- ५५

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- रहमान (करुणामय ईश्वर) ले २- कुर्आनको शिक्षा दिनुभयो । ३- उहाँले मनुष्यको सृष्टि गर्नुभयो, ४- उसलाई बोल्न सिकाउनुभयो। ५- सूर्य र चन्द्रमाको लागि एउटा निर्धारित हिसाब छ। ६- ताराहरू र रूखहरू उहासमक्ष नतमस्तक हुन्छन् । ७- उहाँले आकाशलाई उच्च पार्नुभयो र उहाँले तराजु राख्नुभयो । ८- कि नाप तौलमा जियादति न गर। ९- न्यायका साथ ठीक तराजुले तौल गर र तौलमा न घटाउ।

१०- उहाँले पृथ्वीलाई प्रणीहरूका लागि राख्नुभयो । ११- त्यसमा फलफूलहरू र रूखहरू छन् जसमा खोल हुन्छन्। १२- भुसा भएका अन्नहरू पनि छन् र सुगन्धित फूलहरू पनि । १३- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? १४- उहाँले सृष्टि गर्नुभयो मानवलाई खन खन बज्ने पकाइएको माटोबाट, १५- र जिन्नलाई आगोको ज्वालाबाट। १६- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? १७- उहाँ मालिक हुनुहुन्छ दुवै पूर्वहरू र दुवै पश्चिमहरूका। १८- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? १९- उहाँले बगाउनु भयो दुई वटा नदीहरूलाई, मिलेर बग्ने वाला। २०- दुबै बीच एउटा पर्दा छ जसले गर्दा एक अर्कमा प्रवेश गर्दैनन्।

२१- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? २२- यी दूवैबाठ मोतीहरू निस्कन्छन्। २३- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? २४- उहाँकै हुन् समुद्रमा पहाडहरूझैं जहाजहरू। २५- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ?

२६- पृथ्वीमा जे जति छन् सबै सखाप हुने वाला छन्। २७- मात्र तपाईंका

पालनकर्ता बाँकि रहने वाला हुनुहुन्छ, महान र सम्मानित । २८- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? २९- उहाँसँग नै माग्छन् जे जति आकाशहरू र धर्तीमा छन् । प्रत्येक दिन उहाँको एउटा काम छ । ३०- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ?

३१- हामी चाँडै नै फुर्सतमा हुनेछौं तिमीहरूका लागि हे दूई भारी काफिलाहरू ! ३२- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? ३३- हे जिन्न तथा मनुष्यका समूहहरू ! यदि तिमीहरू आकाशहरू र पृथ्वीका सीमाबाट निस्कन सक्छौ भने निस्क । तिमीहरू बिना प्रमाण-पत्र निस्कन सक्ने छैनौ ? ३४- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? ३५- तिमीहरूमाथि आगोका ज्वालाहरू र धुँवा छोडिनेछन्, अनि तिमीहरू बचाव गर्ने सक्ने छैनौ । ३६- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ?

३७- अनि जब आकाश फुटेर छालाझैं रातो हुनेछ । ३८- अनि तिमीहरू ईश्वरका कुन कुन शक्तिहरूलाई झूठो ठहर गर्नेछौ ? ३९- त्यस दिन कुनै मनुष्य र जिनसित उनीहरूका पापहरूको विषयमा सोधिने छैन । ४०- अनि तिमीहरू ईश्वरका कुन कुन शक्तिहरूलाई झूठो ठहर गर्नेछौ ? ४१- अपराधीहरू चिनिनेछन् आफ्ना चिन्हहरूबाट अनि समातिनेछन् निधारका कपाल र खुट्टाबाट । ४२- अनि तिमीहरू ईश्वरका कुन कुन शक्तिहरूलाई झूठो ठहर गर्नेछौ ? ४३- यो नर्क हो जसलाई पराधीहरू झूठो ठहर गर्छन् । ४४- तिनीहरू घुम्नेछन् त्यसबीच र उम्लँदो पानीबीच । ४५- अनि तिमीहरू ईश्वरका कुन कुन शक्तिहरूलाई झूठो ठहर गर्नेछौ ?

४६- जुन मानिसहरू आफ्ना पालनकर्तासमक्ष उपस्थित हुन डर राख्छन् उनीहरूका लागि दुईवटा बगैंचाहरू छन् । ४७- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? ४८- दुवै धेरै हाँगाहरू भएका । ४९- अनि तिमीहरू

ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? ५०- यिनीहरूबीच दुईवटा मूलहरू बगिरहेका हुनेछन् । ५१- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? ५२- यी दुई बगैंचाहरूमा हरेक प्रकारका फलफूलहरूका दुई प्रकार हुनेछन् । ५३- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? ५४- उनीहरू सिरानीमा अडेस लगाएर यस्ता बिछयौमा बसेका हुनेछन् जसका अस्तर बाक्लो रेशमका हुनेछन् । ती बगैंचाहरूका फल नजिकै झुण्डि रहेका हुनेछन् । ५५- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? ५६- ती स्वर्गहरूमा आँखा झुकाएर राख्ने महिलाहरू हुनेछन्, जसलाई स्वर्गबासीहरूअघि न मनुष्यले छोएका हुनेछन् न जिन्नले । ५७- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? ५८- उनीहरू मोती र मुङ्गा जस्ता हुनेछन् । ५९- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? ६०- सुकर्मको बदला सुकर्मबाहेक अरू के हुन सक्छ । ६१- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ?

६२- यी दुई बगैंचाहरूबाहेक अरू दुई बगैंचाहरू छन् । ६३- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? ६४- अत्याधिक हरिया हुनेछन् । ६५- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? ६६- यी बगैंचाहरूमा प्रशस्त पानी बगिरहने दुईवटा मूलहरू हुनेछन् । ६७- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? ६८- यी बगैंचाहरूमा फलहरू, खजूर र अनार हुनेछन् । ६९- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? ७०- यी बगैंचाहरूमा सुन्दर र राम्रो व्यवहार गर्ने महिलाहरू हुनेछन् । ७१- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? ७२- अपसराहरू बसेकी । ७३- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? ७४- उनीहरूलाई पहिले न कुनै मनुष्यले हात लगाएको हुनेछ न कुनै जिन्नले । ७५- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर

गर्नेछौ ? ७६- सिरानीहरूमा अडेस लगाएर हरिया पलङ्गमा र बहुमूल्य र सफा बिछयौनामा बसेकि । ७७- अनि तिमीहरू ईश्वरका कुन कुन कृपाहरूलाई झूठो ठहर गर्नेछौ ? ७८- अति मङ्गलमय छ तपाईंका पालनकर्ताका नाम, महान र उच्च ।

## सूरह अल्-वाकिअह- ५६

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- जब निश्चित रूपमा आउने (महाप्रलय) आउनेछ । २- त्यसको आगमनमा कुनै सन्देह छैन । ३- त्यो तल पार्ने र माथि पुर्याउने चिज हुनेछ । ४- जब पृथ्वीलाई हल्लाइनेछ । ५- र पहाडहरू चकनाचुर हुनेछन् । ६- अनि ती सबै छरिएका धुलो-माटो बनेर बन्नेछन् । ७- तिमीहरू तीन समूहमा बाँडिनेछौ ।

८- दाहिने वाला, कति राम्रा हुनेछन् दाहिने वाला । ९- देब्रे वाला, कति नराम्रा देब्रे वाला । १०- अघि बढ्नेहरू त अघि नै बढने वालाहरू हुन् । ११- उनीहरू निकटतम मानिसहरू हुन् । १२- अनुग्रहले भरिएका बगैंचाहरूमा । १३- उनीहरूका अधिकांश पहिलेका समुदायहरूबाट हुनेछन् । १४- थोरै विगत मानिसहरूमध्ये हुनेछन् । १५- सुन्दर पलङ्गमा । १६- सिरानीहरूमा अडेस लगाएर एक अर्काको आमुन्ने-सामुन्ने बसेका हुनेछन् । १७- उनीहरूको सेवामा सधैं रहने बालकहरू घुमिरहनेछन् । १८- प्यालाहरू, गिलासमा र पेयपदार्थ लिएर घुमिरहनेछन् । १९- त्यसले गर्दा न त टाउको दुख्नेछ न त बुध्दिमा कमि आउनेछ । २०- र फलफूलहरू, उनीहरूले जसलाई चाहना गरुन् छानुन् । २१- उनीहरूले रूचाएको चराको मासु । २२- ठूला-ठूला आँखा भएकी अपसराहरू । २३- मानैं खोलमा राखिएका मोतीका दाना । २४- प्रतिदान, उनीहरूले गर्ने गरेका सत्कर्महरूको । २५- त्यसमा उनीहरूले कुनै बेकार र पापको कुरा सुन्ने छैनन् । २६- तर मात्र सलाम सलामको भनाइ ।

२७- दाहिने वालाहरू, अति उत्तम दाहिने वाला। २८- काँडाविहीन बयरका रूखहरू मुनि । २९- तहतह रहेका केराहरूमा । ३०- विस्तृत छायाँहरूमा । ३१- बगिरहने पानीमा । ३२- प्रशस्त फलफूलहरूमा । ३३- जो न त समाप्त हुनेछन् र न त्यहाँ कुनै रोक टोक हुनेछ। ३४- उच्च ओछ्यानमा। ३५-हामीले महिलाहरूलाई विशेष रूपमा सृष्टि गरेकाछौं। ३६- अनि उनीहरूलाई कुमारी राखेका छौँ। ३७- मायालु र एउटै उमेरका। ३८- दाहिने वालाहरूका लागि। ३९- अघिल्लाहरूमध्ये ठूलो समूह हुनेछ। ४०- पछिल्लाहरूमध्ये पनि ठूलो समूह।

४१- देब्रे वालाहरू, कति नराम्रा देब्रे वालाहरू । ४२- आगो र उम्लदो पानीमा। ४३- कालो धुँवाको छायामुनि । ४४- न शीतलता न सम्मानित । ४५- तिनीहरू यसअघि धनि थिए। ४६- तिनीहरूले ठूलो पापमा जिद्दी गरे । ४७- तिनीहरू भन्ने गर्थे- मरेर माटो र सडेको हाड भइसकेपछि के हामीहरू पुनः जीवित पारिनेछौँ ? ४८- के हाम्रा अघिल्ला पुर्खाहरू पनि ? ४९- भन्नुहोस्- अघिल्ला र पछिल्ला । ५०- सबैलाई भेला पारिनेछ, एउटा निश्चित दिनको समयमा । ५१- अनि हे पथभ्रष्टहरू र झूठा ठहर गर्नेहरू हो ! ५२- तिमीहरू सिउँडिको रूखबाट खानेछौ। ५३- तिमीहरूले आफ्ना खाली पेटलाई त्यसबाट भर्नेछौ । ५४- त्यसमाथि तिमीहरूले अत्याधिक तातो पानी पिउनेछौ । ५५- तिर्खाले आतुर भएको ऊँटले धेरै पानी पिएझैं तिमीहरूले पनि पानी पिउनेछौ। ५६- यो तिनीहरूको स्वागत हुनेछ निसाफको दिन।

५७- हामीले तिमीहरूको सृष्टि गरेका छौँ अनि तिमीहरू किन पुष्टि गर्दैनौ ? ५८- के तिमीहरूले विचार गर्यौ जो विर्य तिमीहरू स्खलन गर्छौ ? ५९- के तिमीहरू त्यसको सृष्ट गर्छौ वा हामीले सृष्टि गर्छौँ? ६०- हामीले तिमीहरूबीच मृत्यु निर्धारित गरिदिएकाछौं। हामी असक्षम छैनौं, ६१- कि तिमीहरूको स्थानमा तिमीहरू जस्तै सृष्टि गरौँ र तिमीहरूलाई यस्तो रूपमा बनाऔँ जसलाई तिमीहरू

जान्दैनौ । ६२- तिमीहरूलाई पहिलो पटकको सृष्टिलाई जान्दछौ अनि किन पाठ लिँदैनौ ? ६३- के तिमीहरूले विचार गर्यौ त्यस वस्तुमा जो तिमीहरू रोप्ने गर्छौ ? ६४- के तिमीहरू त्यस बिउलाई उमाछौं वा हामी उमाछौं ? ६५- यदि हामीले चाहेमा त्यसलाई टुक्रा टुक्रा बनाइ दिन्छौँ अनि तिमीहरू कुराकानी गरि राख्छौ । ६६- हामी त हरजाना तिर्ने अवस्थामा पुग्यौँ । ६७- बरु हामी पूर्णरूपमा वञ्चित भयौँ । ६८- के तिमीहरूले विचार गर्यौ त्यस पानीमा जो तिमीहरू पिउँछौ ? ६९- के त्यसलाई तिमीहरूले बादलबाट बर्साउँछौ ? ७०- वा हामी त्यसलाई बर्साउँछौँ । हामीले चाहेमा त्यसलाई धेरै नै नुनिलो बनाइ दिन्छौँ, अनि तिमीहरू किन आभार व्यक्त गर्दैनौ ? ७१- के तिमीहरूले विचार गर्यौ त्यस आगोमा जसलाई तिमीहरू बाल्छौ ? ७२- के तिमीहरूले सृष्टि गर्यौ त्यसका रूखहरूलाई वा हामी हौँ त्यसको सृष्टि-कर्ता ? ७३- हामीले यसलाई उपदेश बनाएकाछौं र यात्रुहरूको लागि फाइदा-जनक । ७४- अनि तपाईं आफ्ना पालनकर्ताको महिमान गर्नुहोस् ।

७५- होइन, म कसम खान्छु ताराहरूका स्थानहरूको । ७६- यदि तिमीहरूले विचार गर्छौ भने यो महान कसम हो । ७७- निस्सन्देह यो प्रतिष्ठित कुर्आन हो । ७८- एउटा सुरक्षित किताबमा । ७९- यसलाई पवित्र बनाइएकाहरू मात्र छुन्छन् । ८०- उतारिएको छ सम्पूर्ण सृष्टिहरूको पालनकर्ताको तर्फबाट । ८१- अनि के तिमीहरू यसलाई बेवास्ता गर्छौ ? ८२- आफ्नो अंश यही लिन्छौ कि यसलाई झूठो ठहर गर्छौ ।

८३- अनि किन न होस्, जब प्राण घाँटीसम्म आइपुग्छ । ८४- त्यस समय तिमीहरू देखिरहेका हुन्छौ । ८५- हामी तिमीहरूभन्दा बढी मृतकको नजिक हुन्छौं तर तिमीहरू देख्दैनौ । ८६- अनि किन न होस्, यदि तिमीहरू शासन अन्तर्गत होइनौ भने, ८७- त्यस मृतकको प्राणलाई किन फर्काउँदैनौ यदि तिमीहरू सच्चा हौ । ८८- यदि मृतक निकट्तम मानिसहरूमध्ये हो भने ।

८९- उसको लागि आराम छ, राम्रो जीविका छ र अनुग्रह-पूर्ण बगैँचा छ। ९०- यदि ऊ दाहिने हातवालाहरूमध्येको हो भने, ९१- तिमीहरूका शान्ति छ किनभने तिमीहरू दाहिने हात वालाहरूमध्ये हौ। ९२- यदि ऊ झूठो ठहर गर्नेहरूमध्ये छ भने, ९३- अत्याधिक तातो पानीबाट तिनीहरूको आतिथ्य छ। ९४- र नर्कमा पस्नु। ९५- निस्सन्देह यो नितान्त सत्य हो। ९६- तसर्थ, तपाईं आफ्ना महान पालनकर्ताको महिमा गान गर्नुहोस्।

## सूरह अल्-हदीद- ५७

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- ईश्वरको महिमागान गर्छन् जे जति आकाशहरू र पृथ्वीमा छन्। उहाँ शक्तिशाली र तत्वदर्शी हुनुहुन्छ। २- आकाशहरू र पृथ्वीको राज्य-सत्ता मात्र उहाँको हो। उहाँ जीवित पार्नुहुन्छ र मृत्यु दिनुहुन्छ र उहाँ हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ। ३- उहाँ प्रथम पनि हुनुहुन्छ र अन्तिम पनि, उहाँ स्पष्ट पनि हुनुहुन्छ र गोप्य पनि। उहाँलाई हरेक कुराको ज्ञान छ। ४- उहाँले नै हुनुहुन्छ जसले सृष्टि गर्नुभयो आकाशहरू र पृथ्वीलाई ६ दिनमा। अनि उहाँ सिंहासनमा विराजमान हुनु भयो। उहाँ जान्नुहुन्छ जे जति पृथ्वीमा प्रवेश गर्छ, जे जति पृथ्वीबाट निस्कन्छ, जेजति आकाशबाट अवतरण हुन्छ र जे जति आकाशतर्फ जान्छ। तिमीहरू जहाँ हुन्छौ उहाँ तिमीहरूसँग हुनुहुन्छ। ईश्वर तिमीहरूको कार्यहरूलाई देखिरहनुभएको छ। ५- आकाशहरू र पृथ्वीको राज्य-सत्ता मात्र उहाँको हो। सबै मामिलाहरू उहाँतिर नै फर्केर जान्छन्। ६- उहाँ रातलाई दिनमा प्रवेश गराउनुहुन्छ रातलाई दिनमा प्रवेश गराउनुहुन्छ र उहाँ मनमा रहेका कुराहरू जान्नुहुन्छ।

७- आस्था ल्याउ ईश्वरमाथि र उहाँका रसूल माथि, अनि खर्च गर त्यस धनबाट जसको उत्तराधिकारी उहाँले तिमीहरूलाई बनाउनुभएको छ।

तिमीहरूमध्ये जसले आस्था ल्याउँछ र खर्च गर्छ उसको लागि महान प्रतिदान छ। ८- तिमीहरू किन ईश्वरमाथि आस्था ल्याउँदैनौ जब कि रसूल तिमीहरूलाई आह्वान गरिराख्नुभएको छ कि तिमीहरू आफ्ना पालनकर्तामाथि आस्था ल्याउ र उहाँले तिमीहरूसँग वाचा लि सक्नुभएको छ यदि तिमीहरू आस्थावान हौ। ९- उहाँले नै हुनुहुन्छ जसले आफ्ना भक्तमाथि स्पष्ट श्लोकहरू अवतरण गर्नु भयो ताकि तिमीहरूलाई अन्धकारहरूबाट निकालेर प्रकाशतिर ल्याउन्। ईश्वर तिमीहरूप्रति कोमल र दयावान हुनुहुन्छ। १०- तिमीहरूलाई के भएको छ कि तिमीहरू ईश्वरको मार्गमा खर्च गर्दैनौ जब कि आकाशहरू र पृथ्वी सबै ईश्वरकै रहनेछन्। तिमीहरूमध्ये जसले विजयपछि खर्च गरे र युध्द गरे उनीहरू ती मानिस बराबर हुन सक्दैनन् जसले विजयअघि खर्च गरे र युद्ध गरे। ईश्वरले सबैसँग भलाइको वाचा गर्नुभएको छ। ईश्वर तिमीहरूको कार्यहरूबाट अवगत हुनुहुन्छ।

११- छ कोही जसले ईश्वरलाई ऋण देओस् राम्रो ऋण कि उहाँले धेरै गुणा बढाएर देउन् र उसको लागि सम्मानित प्रतिदान छ। १२- जुन दिन तपाईंले आस्थावान पुरूषहरू र आस्थावान महिलाहरूलाई देख्नुहुन्छ उनीहरूका अगाडि र दाहिनेतर्फ उनीहरूको प्रकाश हिँडिरहेको हुनेछ। आजको दिन तिमीहरूका लागि शुभसूचना छ बगैंचाहरूको जसका तलतिरबाट नहरहरू बगिरहेका हुनेछन्, यो महान सफलता हो। १३- जुन दिन कपटी पुरूषहरू र कपटी महिलाहरूले आस्थावानहरूलाई भन्नेछन्- हामीलाई अवसर दिनुहोस् कि तपाईंहरूको प्रकाशबाट फाइदा उठाऔँ। भनिनेछ- तिमीहरू पछाडि फर्केर जाउ अनि प्रकाश खोज। अनि ती दुबैबीच एउटा पर्खाल खडा गरिनेछ जसमा एउटा ढोका हुनेछ जसको भित्री भागमा दया हुनेछ र बाहिरी भागमा यातना हुनेछ। १४- कपटीहरूले आस्थावानहरूलाई पुकार्नेछन्- के हामी तपाईंहरूको साथमा थिएनौं र? उनीहरूले भन्नेछन्- अँ, तर, तिमीहरूले आफूलाई उत्पीडनमा हाल्यौ अनि बाटो पर्खि राख्यौ, शङ्कामा रहयौ र झूठा आशाले तिमीहरूलाई धोकामा

राख्यो, यहाँसम्म कि ईश्वरको निर्णयको समय आयो र धोकाबाजले ईश्वरको विषयमा तिमीहरूलाई धोकामा राख्यो। १५- अनि आज न त तिमीहरूको कुनै फिरौति स्वीकार गरिनेछ न त नकार्नेहरूको। तिमीहरूको बासस्थान आगो हो। यही तिमीहरूको मित्र हो र यो नराम्रो बासस्थान हो।

१६- के आस्थावानहरूको लागि त्यो समय आएको छैन कि उनीहरूका हृदयहरू ईश्वरको उपदेशबाट डराओस् र त्यस सत्यसमक्ष जो अवतरित भएको छ ? उनीहरू ती मानिसहरू झैँ न बनुन् जसलाई पहिले किताब प्रदान गरिएको थियो। तिनीहरूमाथि लामो अवधि बितेपछि तिनीहरूको हृदय कठोर भयो। उनीहरूमध्ये अधिकांश मानिसहरू अवज्ञाकारी छन्। १७- जानि राख, ईश्वर भूमि मृत भएपछि त्यसलाई पुनः जीवित पार्नुहुन्छ। हामीले तिमीहरूसमक्ष निशानीहरू प्रस्तुत गरेकाछौं, आशा छ तिमीहरू बुझ्नेछौ।

१८- निस्सन्देह दान दिने पुरूष र दान दिने महिला र जुन मानिसहरूले ईश्वरलाई ऋण दिए उनीहरूलाई थपेर प्रदान गरिनेछ र उनीहरूको लागि सम्मानजनक प्रतिदान छ। १९- ईश्वरमाथि र उहाँका रसूलहरूमाथि आस्था ल्याउनेहरू आफ्ना पालनकर्ताकहाँ सच्चा साक्षी हुन्। उनीहरूको लागि उनीहरूका प्रतिदान र उनीहरूको प्रकाश छ। जुन मानिसहरूले नकारे र हाम्रा श्लोकहरूलाई झूठो ठहर गरे तिनीहरू नर्कका बासिन्दाहरू हुन्।

२०- जानि राख, सांसारिक जीवन खेल, मनोरञ्जन, सजावट, परस्पर सेखी झार्नु, सम्पत्ति र सन्तान बढाउनको निम्ति परस्पर प्रतिस्पर्धा गर्नु मात्र हो। यसको उदाहरण त्यस वर्षा सरह हो जसबाट उम्रेका बोटबिरूवाले किसानहरूलाई खुशी पार्छ। त्यसपछि त्यो सुक्छ, तपाईंले त्यसलाई पहेंलो भएको देख्नुहुन्छ, त्यसपछि त्यो टुक्रा टुक्रा हुन्छ। परलोमा कठोर यातना पनि छ र ईश्वरको तर्फबाट क्षमा र प्रसन्नता पनि। सांसारिक जीवन त धोकाको पूञ्जी बाहेक केही होइन। २१- दगुर आफ्ना पालनकर्ताको क्षमादानतर्फ र यस्तो स्वर्गतर्फ जो आकाश र पृथ्वी बराबर

विशाल छ । यो ती मानिसहरूका लागि तयार पारिएको छ जो ईश्वर र उहाँका रसूलमाथि ल्याउँछन् । यो ईश्वरको अनुकम्पा हो जुन उहाँ जसलाई चाहनुहुन्छ प्रदान गर्नुहुन्छ । ईश्वर अपार अनुकम्पा वाला हुनुहुन्छ ।

२२- जुन सुकै सङ्कट धर्तीमा आउँछ वा तिमीहरूलाई पुग्छ त्यो आउनु अघिदेखि नै सुरक्षित किताबमा लेखिएको हुन्छ । यो ईश्वरको लागि सहज छ । २३- ताकि तिमीहरू दुःखी न होउ ती कुराहरूमा जो तिमीहरूबाट गुम्छ, न ती कुराहरूमा घमण्ड गर जो उहाँले तिमीहरूलाई प्रदान गर्नुभएको छ । ईश्वर मन पराउनुहुन्न घमण्डीहरू र मपाईं गर्नेहरूलाई । २४- जो कन्जुस्याइँ गर्छन् र अरूहरूलाई कन्जुस्याइँ गर्ने शिक्षा दिन्छन् । जो विमुख हुन्छ भने ईश्वर सु-सम्पन्न र प्रशंसनीय हुनुहुन्छ ।

२५- हामीले आफ्ना रसूलहरूलाई निशानीहरू दिएर पठायौं । हामीले उनीहरूतर्फ किताब र तराजु अवतरण गर्यौं ताकि मानिसहरू न्यायमा कायम होउन् । हामीले फलाम अवतरण गर्यौं जसमा अति धेरै शक्ति छ र मानिसहरूका लागि फाइदाहरू छन् । ताकि ईश्वरले जानुन् कि को न देखिकन ईश्वर र उहाँका रसूलको सहयोग गर्छ । निस्सन्देह ईश्वर शक्तिशाली र र प्रभुत्वशाली हुनुहुन्छ ।

२६- हामीले नूह र इब्राहीमलाई पठायौं र उनीहरूका सन्तानहरूमा ईशदूतत्व र किताबलाई राख्यौं । अनि उनीहरूमध्ये केही सत्मार्गमा छ र उनीहरूमध्ये धेरै अवज्ञाकारी छन् । २७- हामीले ती रसूलहरूकै पदचिन्हमाथि आफ्ना रसूल पठायौं र उनीहरूकै पदचिन्हमाथि हामीले मर्यम पुत्र ईसालाई पठायौं र उनलाई इन्जील प्रदान गर्यौं । जुन मानिसहरूले उनको अनुसरण गरे हामीले उनीहरूको हृदयमा करूणा र दया उत्पन्न गर्यौं । अनि उनीहरूले जोगीपन आफैँ बनाए, हामीले उनीहरूमाथि अनिवार्य गरेका थिएनौं । तिनीहरूले ईश्वरको प्रसन्नता प्राप्त गर्नको लागि यो तरिका अपनाए तर त्यसको पूरा ध्यान राखेनन् । अनि जुन

मानिसहरूले तिनीहरूमध्ये आस्था ल्याए उनीहरूलाई हामीले त्यसको बदला दियौँ र तिनीहरूमध्ये अधिकांश मानिसहरू अवज्ञाकारी छन् ।

२८- हे आस्थावानहरू हो हो ! ईश्वरकाको भय गर र उहाँका रसूलमाथि आस्था ल्याउ । ईश्वरले आफ्नो कृपामध्ये दुई भाग प्रदान गर्नुहुनेछ र प्रकाश प्रदान गर्नुहुनेछ जसलाई लिएर तिमीहरू हिँड्नेछौ । उहाँले तिमीहरूलाई क्षमा दिनुहुनेछ । ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ । २९- ताकि यहूदीहरू र ईसाईहरूले जानुन् कि तिनीहरू ईश्वरका कृपामध्ये कुनै कुराको अधिकार राख्दैनन् र यो कि कृपा मात्र ईश्वरको हातमा छ र उहाँ जसलाई चाहनुहुन्छ दिनुहुन्छ । ईश्वर अपार कृपाको मालिक हुनुहुन्छ ।

# सूरह अल्-मुजादिला- ५८

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- ईश्वरले सुन्नुभयो त्यस महिलाको कुरा जो आफ्नो पतिको बारेमा तपाईंससँग वादविवाद गर्थि र ईश्वरलाई गुनासो गर्थि । ईश्वरले तपाईं दुबैको कुरा सुन्नुभयो । निस्सन्देह ईश्वर सर्श्रोता र सर्वज्ञ हुनुहुन्छ ।

२- तिमीहरूमध्यो जुन मानिसहरू आफ्नी पत्नीसँग जिहार गर्छन् उनीहरूकी पत्नी उनीहरूकी आमा होइनन् । उनीहरूलाई जन्म दिनेहरू मात्र उनीहरूकी आमा हुन् । वास्तवमा, तिनीहरू तर्कहीन र झूठो कुरा गर्छन् । ईश्वर माफ गर्ने वाला र क्षमाशील हुनुहुन्छ । ३- जुन मानिसहरू आफ्नी पत्नीहरूसँग जिहार गर्छन् र आफूले भनेको कुराबाट रुजु गर्न चाहन्छन् उनीहरूले हात लगाउनुअघि एक जना दासलाई मुक्त गर्नुपर्छ । यसबाट तिमीहरूलाई उपदेश दिइन्छ र ईश्वर अवगत हुनुहुन्छ जे जति तिमीहरू गर्छौ । ४- तर यदि कसैले दास भेटाएन भने उसले लगातार दुई महिना ब्रत बस्नु पर्छ, यस अघि कि उनीहरूले एक अर्कालाई हात

लगाउन् । यदि कसैले यो गर्न सक्दैन भने उसले ६० जना गरिबगुरुवालाई खाना खुवाउनु पर्छ । यो यस कारणले कि तिमीहरू ईश्वर र उहाँका रसूलमाथि आस्था ल्याउ । यो ईश्वरका सीमाहरू हुन् र नकार्नेहरूका लागि पीडादायी यातना छ ।

५- जुन मानिसहरू ईश्वर र उहाँका रसूलको विरोध गर्छन् तिनीहरू अपमानित हुनेछन्, जसरी तिनीहरू अघिका मानिसहरू अपमानित भए । हामीले स्पष्ट श्लोकहरू अवतरण गरेका छौं र नकार्नेहरूका लागि अपमान-जनक यातना छ । ६- जुन दिन ईश्वरले तिनीहरू सबैलाई पुनः जीवित पार्नुहुनेछ र तिनीहरूले गरेका कार्यसित तिनीहरूलाई सूचित गराउनुहुनेछ । ईश्वरले तिनीहरूका कर्महरूको गन्ती राख्नुभएको छ जब कि तिनीहरू त्यसलाई बिर्सेका हुनेछन् । हरेक कुरा ईश्वरसमक्ष छ ।

७- के तपाईंले देख्नुभएन कि ईश्वर जान्नुहुन्छ जे जति आकाशहरूमा छन् र जे जति पृथ्वीमा छन् । जहाँ तीन जना कानेखुसी गर्छन् त्यहाँ ईश्वर चौथो हुनुहुन्छ । जहाँ पाँच जना गोप्य कुरा गर्छन् त्यहाँ ईश्वर छैठौं हुनुहुन्छ । न त्योभन्दा कमको, न त्योभन्दा बढीको, उनीहरू जहाँ भएपनि ईश्वर उनीहरूसँग हुनुहुन्छ । अनि महाप्रलयको दिन उनीहरूले गरेका कुराबाट उनीहरूलाई सूचित गर्नुहुनेछ । वास्तवमा, ईश्वरलाई हरेक कुराको ज्ञान छ । ८- के तपाईंले देख्नुभएन ती मानिसहरूलाई जसलाई कानेखुसी गर्नबाट मनाहि गरिएको थियो र पनि तिनीहरू गर्दैछन् जसबाट तिनीहरूलाई मनाहि गरिएको थियो । तिनीहरू पाप, जियादति र रसूलको अवज्ञाबारे कानेखुसी गर्छन् । जब तिनीहरू तपाईंसमक्ष आउँछन्, तब यस्तो तरिकाले सलाम गर्छन् जुन तरिकाले ईश्वरले तपाईंलाई सलाम गर्नुभएको छैन । तिनीहरू मनमनै भन्छन्- हामीले भनेको यस कुराले गर्दा ईश्वर हामीलाई किन यातना दिनुहुन्न । तिनीहरूका लागि नर्क नै पर्याप्त छ, जसमा तिनीहरू पर्नेछन् र अति नराम्रो बास-स्थान हो ।

९- हे आस्थावानहरू हो ! जब तिमीहरू कानेखुसी गर्छौ तब पाप, अत्याचार

र रसूल को अवज्ञाको विषयमा कानेखुसी न गर बरु पुण्यकर्म तथा ईशभयको विषयमा कानेखुसी गर। ईश्वरको भय गर जहाँ तिमीहरू भेला गरिनेछौ। १०- यो कानेखुसी शैतानको तर्फबाट हो ताकि तिनीहरू आस्थावानहरूलाई दुःख देउन्। तर शैतानले कुनै दुःख पुर्याउन सक्दैन तर ईश्वरको आदेशले। आस्थावानहरूले ईश्वरमाथि नै भरोसा गर्नु पर्दछ।

११- हे आस्थावानहरू हो ! यदि तिमीहरूलाई सभामा स्थान फराकिलो पार्न भनिन्छ भने तिमीहरू फराकिलो पार। ईश्वरले तिमीहरूको लागि फराकिलो पार्नुहुनेछ । यदि तिमीहरूलाई भनिन्छ- उभ, तब तिमीहरू त्यहाँबाट उभ । तिमीहरूमध्ये जो आस्थावानहरू छन् र जसलाई ज्ञान प्रदान गरिएको छ, ईश्वरले उनीहरूको दर्जालाई उच्च पार्नुहुनेछ । ईश्वर तिमीहरूका कार्यहरूबाट अवगत हुनुहुन्छ।

१२- हे आस्थावानहरू हो ! जब तिमीहरू रसूलसँग कानेखुसी गर्न चाहन्छौ भने त्यसभन्दा पहिले दान गर । यो तिमीहरूको लागि उत्तम र पवित्र हुनेछ । यदि तिमीहरूसित केही छैन भने ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ। १३- के तिमीहरूले कानेखुसी गर्नु अघि दान दिनाबाट डरायौ ?! यदि तिमीहरूले यसो गर्न सकेनौ भने ईश्वरले क्षमा गर्नु भयो। अब तिमीहरू पूर्ण रूपले नमाज कायम गर, जकात देउ र ईश्वर र उहाँका रसूलको आज्ञापालन गर। ईश्वर तिमीहरूको कार्यबाट अवगत हुनुहुन्छ। १४- के तपाईंले देख्नुभएन, यस्ता मानिसहरूसँग मित्रता गाँस्नेहरूलाई जसमाथि ईश्वरले रिस प्रकट गर्नुभयो । यिनीहरू न त तपाईंमध्ये छन् न तिनीहरूमध्ये । तिनीहरू जानी जानी झूठो कुरामा कसम खान्छन्। १५- ईश्वरले अब तिनीहरूका लागि कठोर यातना तयार पारेर राख्नुभएको छ। तिनीहरूले गरेका कार्यहरू अति नराम्रा छन्। १६- तिनीहरूले आफ्नो कसमलाई ढाल बनाएका छन्। तिनीहरू ईश्वरको मार्गबाट रोक्दछन्। तिनीहरूका लागि अपमानजनक यातना छ।

१७- तिनीहरूलाई तिनीहरूका धन-सम्पत्ति तथा सन्तानहरूले ईश्वरबाट अलि पनि बचाउन सक्दैनन् । तिनीहरू नर्कबासी हुन् , त्यसैमा रहनेछन् । १८- जुन दिन ईश्वरले तिनीहरू पुनः जीवित पार्नुहुनेछ तिनीहरू उहाँसमक्ष पनि त्यस्तै कसम खानेछन् जस्तो तपाईसँग कसम खान्छन् । तिनीहरूले के ठानेका छन् भने तिनीहरूको कुनै आधार छन् । सुनि राख, तिनीहरू नै झूठा हुन् । १९- शैतानले तिनीहरूलाई वशमा पारेको छ र तिनीहरूलाई बहकाएर ईश्वरको स्मरण गर्न बिर्साइदिएको छ । तिनीहरू शैतानका गिरोह हुन् । सुनि राख, शैतानको गिरोह अवश्य नै बर्बाद हुने वाला छ । २०- जुन मानिसहरू ईश्वर र उहाँका रसूलको विरोध गर्छन् तिनीहरू नै सबै भन्दा बढी अपमानित व्यक्तिहरू हुन् । २१- ईश्वरले लेख्नुभएको छ कि म र मेरा रसूल विजयी हुने छन् । वास्तवमा, ईश्वर सर्व-शक्तिमान र प्रभुत्वशाली हुनुहुन्छ ।

२२- तपाईंले यस्तो समुदाय पाउनुहुन्न जो ईश्वरमाथि र परलोकमाथि आस्था राख्दा राख्दै ईश्वर र उहाँका रसूलको विरोधिसँग मित्रता गाँस्छन् । यद्यपी उनी तिनीहरूका पिता वा छोरा वा दाजुभाई वा नातेदारहरू नै किन नहोउन् । यिनीहरू नै हुन् जसको दिलमा ईश्वरले आस्था लेख्नुभएको छ र उनीहरूलाई आफ्नो तर्फबाट शक्ति प्रदान गर्नुभएको छ ईश्वरले उनीहरूलाई यस्ता बगैंचाहरूमा प्रवेश गराउनुहुनेछ, जसको तलतिरबाट नहरहरू बगिरहेका हुनेछन् । उनीहरू त्यहाँ सदा रहनेछन् । ईश्वर उनीहरूसित प्रसन्न हुनुभयो र उनीहरू ईश्वरसँग राजी खुशी भए । यिनीहरू नै ईश्वरका जमात हुन् र ईश्वरको जमात नै विजयी हुनेछ ।

# सूरह अल्-हश्र- ५९

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- ईश्वरको महिमागान गर्छन् जे जति पृथ्वी र आकाशहरूमा छन् । उहाँ शक्तिशाली र तत्वदर्शी हुनुहुन्छ । २- उहाँले नै नकार्ने अहले किताबलाई तिनीहरूको घरबाट पहिलो पटक एकत्रित गरेर निष्कासित गर्नुभयो । तिनीहरू निस्कनेछन् भने तपाईंले सोच्नु भएको थिएन । तिनीहरूका किल्लाले तिनीहरूलाई जोगाउनेछ भन्ने कुरा तिनीहरूले ठानेका थिए । तिनीहरूले न सोचेको ठाउँबाट ईश्वर तिनीहरूसम्म पुग्नुभयो । ईश्वरले तिनीहरूको हृदयमा रुवाफ हाल्दिनुभयो । तिनीहरू आफ्नै हातले आफ्ना घरहरू भत्काइ रहेका थिए र मुस्लिमहरूको हातबाट पनि । हे दृष्टिवानहरू हो ! पाठ सिक ।

३- यदि ईश्वरले तिनीहरूका लागि देश निकाला न लेख्नुभएको भए उहाँले तिनीहरूलाई संसारमा यातना दिनुहुन्थ्यो र परलोकमा तिनीहरूका लागि आगोको यातना छ । ४- यो यस कारणले कि तिनीहरूले ईश्वर र उहाँका रसूलको विरोध गरे । जसले ईश्वरको विरोध गर्छ उसलाई उहाँले कठोर यातना दिने वाला हुनुहुन्छ । ५- खजुरका जु रूखहरूलाई तिमीहरूले काट्यौ वा त्यसका जरामाथि खडा राख्यौ त्यो ईश्वरको आदेशले गर्यौं । ताकि उहाँले अवज्ञाकारीहरूलाई अपमानित गरुन् ।

६- ईश्वरले जे जति सम्पत्ति तिनीहरूबाट आफ्ना रसूलतर्फ फर्काउनुभयो त्यसको लागि तिमीहरूले न त घोडा दौडायौ न उँट । ईश्वर आफ्ना रसूलहरूलाई जसमाथि चाहनुहुन्छ प्रभुत्व प्रदान गर्नुहुन्छ र ईश्वर हरेक कामको सामर्थ्य राख्नुहुन्छ । ७- ईश्वरले जे जति सम्पत्तिहरू नगरबासीहरूबाट आफ्ना रसूललाई प्रदान गर्नुभयो त्यो ईश्वरको लागि हो, उहाँका रसूलको लागि हो र नातेदारहरू, अनाथहरू, गरिबहरू तथा यात्रुहरूको लागि हो, ताकि त्यो तिमीहरूको

धनीहरूमा सिमित न रहोस् । रसूलले तिमीहरूलाई जे जति दिनुहुन्छ त्यसलाई लिउ र जसबाट मनाहि गर्नुहुन्छ त्यसबाट टाढा बस । ईश्वरको भय राख । ईश्वर कठोर यातना दिने वाला हुनुहुन्छ । ८- यस धनमा ती गरिब शर्णार्थीहरूको अंश छ जो आफ्ना घरहरू र धन-सम्पत्तिहरूबाट निकालिए । उनीहरू ईश्वरको वर्दान र प्रसन्नता चाहन्छन् । उनीहरू ईश्वर र उहाँका रसूलको सहयोग गर्छन्, यिनीहरू नै सच्चा हुन् ।

९- जुन मानिसहरू पहिले देखि मदीनामा बसोबास गरेका छन् र आस्थामा कायम छन्, आफूतर्फ पलायन गरेर आउनेहरूलाई मन पराउँछन् र शर्णार्थीहरूलाई केही दिएमा आफ्नो मन सानो पार्दैनन्, उनीहरूलाई प्राथमिकता दिन्छन् यद्यपि तिनीहरू भोको रहन्छन् । जुन मानिसहरूलाई धनको लोभबाट सुरक्षित राखियो उनीहरू नै सफल हुनेछन् । १०- यिनीहरूपछि आएकाहरू भन्छन्- हे हाम्रा पालनकर्ता ! हामीलाई क्षमा गर्नुहोस् र हाम्रा ती दाजु भाइहरूलाई पनि क्षमा गर्नुस जसले हामीभन्दा पहिले आस्था ल्याए । कुनैपनि आस्थावानको लागि हाम्रो मनमा इर्ष्या न राख्नुहोस् । हे हाम्रा पालनकर्ता ! तपाईं अति स्नेही र दयावान हुनुहुन्छ ।

११- के तपाईंले ती मानिसहरूलाई देख्नु भएन जो छल कपटमा लिप्त छन् ? तिनीहरू अहले किताबमध्ये इन्कार गरेका आफ्ना दाजु भाइहरूलाई भन्छन्- यदि तिमीहरूको देश निकाला हुन्छ भने तिमीहरूसँग हामीहरू पनि निस्कनेछौं । यस मामिलामा हामी कसैको कुरा मान्ने छैनौं । यदि तिमीहरूसित युद्ध गरिन्छ भने हामी तिमीहरूको सहयोग गर्नेछौं । ईश्वर साक्षी हुनुहुन्छ कि तिनीहरू झूठा हुन् । १२- यदि तिनीहरूलाई निकालिन्छ भने यिनीहरू तिनीहरूसँग निस्कने छैनन् र यदि तिनीहरूविरुध्द युद्ध गरिन्छ भने यिनीहरूले तिनीहरूको सहयोग गर्ने छैनन् । यदि तिनीहरूको सहयोग गरे भने यिनीहरूअवश्य पिठ्यूँ फर्काएर भाग्नेछन् अनि तिनीहरूले कहीँ सहयोग पाउने छैनन् ।

१३- निस्सन्देह ईश्वरको भन्दा बढी तिमीहरूको डर तिनीहरूको मनमा बसेको छ । यो यस कारणले कि तिनीहरू बुध्दिहीन मानिसहरू हुन् । १४- तिनीहरू एक भएर तिमीहरूविरुध्द कहिले युद्ध गर्दैनन् तर किल्लाभित्र सुरक्षित बस्तीमा वा पर्खाल पछाडि रहेर । तपाईंलाई लाग्छ तिनीहरू एकजुट छन्, वास्तवमा तिनीहरूका हृदय विभाजित छन् । किन भने तिनीहरू विवेक राख्दैनन् ।

१५- तिनीहरूको उदाहरण यिनीहरूभन्दा पहिलेका समुदाय जस्तो छ, जो आफ्नो कुकर्मको परिणाम भोगिसकेका छन् । तिनीहरूका लागि कष्टकर यातना छ । १६- शैतान जस्तै, जो मानिसलाई भन्छ- इन्कार गर । जब ऊ इन्कार गर्छ तब शैतान भन्छ- मेरो कुनै सरोकार तिमीसँग छैन । म सम्पूर्ण सृष्टिको पालनकर्ता ईश्वरसँग भय राख्छु । १७- अतः दुवैको परिणाम के भयो भने दुवै नर्कमा गए जहाँ तिनीहरू सदाका लागि रहनेछन् । अत्याचारीहरूको यही सजाय हो ।

१८- हे आस्थावानहरू हो ! ईश्वरको भय राख । हरेकले यो देखोस् कि उसले भोलीको लागि के पठाएको छ । ईश्वरको भय राख किनकि ईश्वर तिमीहरूले गरेका कार्यहरूसित अवगत हुनुहुन्छ । १९- तिमीहरू ती मानिसहरूसरह न बन जो ईश्वरलाई बिर्सि दिए अनि ईश्वरले उनीहरूलाई स्वयंबाट नै विर्साइदिनुभयो । तिनीहरू नै अवज्ञाकारी हुन् । २०- नर्क बासीहरू र स्वर्ग बासीहरू एक समान हुन सक्दैनन् । स्वर्ग बासीहरू नै सफल मानिसहरू हुन् ।

२१- यदि हामीले यस कुर्आनलाई कुनै पहाडमाथि अवतरित गरेको भए तपाईंले त्यस पहाडलाई कठोर भएतापनि ईश्वरको डरले टुक्रा-टुक्रा भएको देख्नुहुनेथ्यो । यी उदाहरणहरू हामीले मानिसहरूका लागि वर्णन गरेकाछौं, ताकि उनीहरूले विचार गरुन् । २२- उहाँ ईश्वर हुनुहुन्छ जसबाहेक अरू कोही उपास्य छैन । अदृश्य र दृश्य सबै कुराका ज्ञाता हुनुहुन्छ । उहाँ दयावान र करुणामय हुनुहुन्छ । २३- उहाँ ईश्वर हुनुहुन्छ जसबाहेक कोही उपास्य छैन । उहाँ सम्राट हुनुहुन्छ, पवित्र हुनुहुन्छ, पूर्ण शान्ति हुनुहुन्छ, अमन दिने वाला, निरिक्षक,

प्रभुत्वशाली, शक्तिशाली, महान बनेर रहने वाला, त्यस साझेदारीबाट पवित्र हुनुहुन्छ जो मानिसहरू गर्छन् । २४- उहाँ ईश्वर हुनुहुन्छ, सृष्टिकर्ता, अस्तित्व प्रदान कर्ता, रूप प्रदान कर्ता । सबै राम्रा नामहरू उहाँ कै हुन् । आकाशहरू र पृथ्वीमा रहेका सबै उहाँकै महिमा गान गर्छन् । उहाँ प्रभुत्वशाली र तत्वदर्शी हुनुहुन्छ ।

## सूरह अल्-मुम्तहिनह- ६०

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- हे आस्थावानहरू हो ! तिमीहरू मेरा र आफ्ना शत्रुहरूलाई मित्र न बनाउ । तिमीहरू तिनीहरूसँग मात्रता जाहेर गर्छौ जब कि तिनीहरू त्यस सत्यको इन्कार गर्छन् जो तिमीहरूसमक्ष आयो । तिनीहरू रसूललाई र तिमीहरूलाई मात्र यस कारणले देश निकाला गर्छन् कि तिमीहरू आफ्ना पालनकर्ता ईश्वरमाथि आस्था राख्छौ । यदि तिमीहरू मेरो मार्गमा युद्ध गर्न निस्केका छौ र मलाई खुशी पार्ने इच्छा छ भने तिमीहरू तिनीहरूतर्फ मित्रताको सन्देश गोप्य रूपमा न पुर्याउ । तिमीहरूले लुकाएका र जाहेर गरेका कुराहरूलाई म जान्दछु । जसले पनि यसो गर्छ ऊ सीधा मार्गबाट हट्यो । २- यदि तिनीहरूले तिमीहरूमाथि नियन्त्रण प्राप्त गर्छन भने तिनीहरू तिमीहरूको शत्रु बन्नेछन् र आफ्ना हात तथा जिब्रोबाट तिमीहरूलाई कष्ट पुर्याउनेछन् । तिमीहरू पनि नकार्नेहरूमध्ये बन भन्ने चाहना गर्नेछन् । ३- तिमीहरूका नातेदारहरू र सन्तानहरू महाप्रलयको दिन तिमीहरूको कुनै काम लाग्ने छैन । ईश्वरले तिमीहरूबीच निर्णय गर्नुहुनेछ । ईश्वर तिमीहरूको क्रियाकलापलाई देख्नुहुन्छ ।

४- तिमीहरूको लागि इब्राहीम र उनका साथीहरूमा राम्रो नमुना छ, जब उनीहरूले आफ्ना समुदायलाई भने- तिमीहरूसित र ईश्वरलाई छाडेर तिमीहरूले

उपासना गर्ने गरेकाहरूसित हाम्रो कुनै सरोकार छैन। हामी तिमीहरूलाई नकार्छौं। तिमीहरू र हामीहरूबीच सधैँको लागि शत्रुता र कटुता उत्पन्न भइसकेको छ, यहाँसम्म कि तिमीहरू एक ईश्वरमाथि आस्था ल्याउ । सिवाय इब्राहीमको आफ्ना बुवालाई यो भन्नु कि म तपाईंको लागि ईश्वरसँग क्षमायाचना गर्नेछु र म ईश्वरसमक्ष तपाईंको लागि कुनै अधिकार राख्दिन। हे हाम्रा पालनकर्ता ! हामीले तपाईंमाथि नै भरोसा गर्यौं, तपाईतिर नै फर्कियौँ र तपाईंतर्फ नै फर्केर जानुछ । ५- हे हाम्रा पालनकर्ता ! हामीलाई नकार्नेहरूका लागि परीक्षा नबनाउनुहोस्। हे हाम्रा पालनकर्ता ! हामीहरूलाई क्षमा गर्नुहोस्। वास्तवमा, तपाईं शक्तिशाली र तत्वदर्शी हुनुहुन्छ। ६- निस्सन्देह तिमीहरूका लागि उनीहरूभित्र राम्रो उदाहरण छ, यस्ता मानिसहरूका लागि जो ईश्वर र परलोकका आशा राख्छन् । जुन मानिसहरू पिठ्यूँ फर्काउने भने ईश्वर निष्पृह र प्रशंसनीय हुनुहुन्छ। ७- आशा छ, ईश्वरले तिमीहरू र उनीहरूबीच मित्रता उत्पन्न जो सँग तिमीहरूले शत्रुता गर्यौ। ईश्वर सबै थोक गर्ने क्षमता राख्नुहुन्छ र उहाँ क्षमाशील र दयावान हुनुहुन्छ।

८- ईश्वर तिमीहरूलाई ती मानिसहरूसँग भलाइ गर्न र निसाफ गर्नबाट रोक्नुहुन्न जसले धर्मको मामिलामा तिमीहरू विरुध्द युध्द गरेनन् र तिमीहरूलाई तिमीहरूका घरबाट निष्कासन गरेनन् । निस्सन्देह ईश्वर न्याय गर्नेहरूलाई मन पराउनुहुन्छ। ९- ईश्वर मात्र तिमीहरूलाई ती मानिसहरूसँग मित्रता गाँस्न मनाहि गर्नुहुन्छ जसले तिमीहरूविरुध्द धर्मको कारणले युद्ध गरे, तिमीहरूलाई आफ्ना घरहरूबाट निष्कासन गरे र तिमीहरूको निष्कासनमा मद्दत गरे। जुन मानिसहरू तिनीहरूसँग मित्रता गाँस्छन् तिनीहरू नै अत्याचारी हुन्।

१०- हे आस्थावानहरू हो ! जब मुस्लिम महिलाहरू पलायन गरेर तिमीहरूतर्फ आउँछन्, तब तिमीहरू तिनीहरूको परीक्षा लेउ। ईश्वर तिनीहरूको इमानलाई राम्ररी जान्नुहुन्छ। उनीहरूको परीक्षा लिएपश्चात उनीहरू आस्थावान हुन् भन्ने कुरा प्रमाणित हुन्छ भने उनीहरूलाई नकार्नेहरूतर्फ नफर्काउ। ती महिलाहरू न

तिनीहरूको लागि वैध छन् न तिनीहरू मोमिन महिलाहरूको लागि वैध छन् । नकार्ने पतिहरूले जे जति उनीहरूमाथि खर्च गरेका छन् त्यसलाई फिर्ता गर । उनीहरूलाई महर दिएर उनीहरूसँग विवाह गर्नु वैध छ । नकार्ने महिलाहरूलाई विवाह बन्धनमा रोकेर न राख । तिमीहरूले गरेको खर्च नकार्नेहरूसित माग । यो ईश्वरको आदेश हो । उहाँ तिमीहरूबीच निर्णय गर्नुहुन्छ । ईश्वर सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ । ११- यदि तिमीहरूकी पत्नीहरूका महरमध्ये नकार्नेहरूको जिम्मामा केही बाँकि रहन्छ, अनि तिमीहरूको पालो आउँछ भने जसकी पत्नीहरू गएकि छन् उनीहरूलाई चुक्ता गर जे जति तिनीहरूले खर्च गरे । जुन ईश्वरमाथि तिमीहरू आस्था राख्छौ उहाँसँ डराउ ।

१२- हे नबी ! जब आस्थावान महिलाहरूले ईश्वरसँग कसैलाई साझेदार ठहर गर्ने छैनन्, चोरी गर्ने छैनन्, व्यभिचार गर्ने छैनन्, आफ्ना सन्तानको हत्या गर्नेछैनन्, हात खुट्टासमक्ष कुनै अभियोग लगाउने छैनन्, राम्रा कार्यहरूमा अवज्ञा गर्ने छैनन् भनी शपथ लिन्छन् भने उनीहरूसँ शपथ लिनुहोस् र उनीहरूको लागि ईश्वरसित क्षमा माग्नुहोस् । वास्तवमा, ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ ।

१३- हे आस्थावानहरू हो ! तिमीहरू ती मानिसहरूलाई मित्र न बनाउ जसमाथि ईश्वरको रोष प्रकट भयो । तिनीहरू परलोकसित निराश भएका छन् जसरी चिहानमा रहेका नकारेका मृतकहरू निराश छन् ।

## सूरह अस्-सफ- ६१

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- ईश्वरको गुणगान गर्छन् ती सबै वस्तुहरू जो आकाशहरू र पृथ्वीमा छन् । उहाँ शक्तिशाली र तत्वदर्शी हुनुहुन्छ । २- हे आस्थावानहरू हो ! तिमीहरू यस्तो कुरा किन भन्छौ जो स्वयम गर्दैनौ । ३- तिमीहरू स्वयं न गर्ने र अरुलाई अर्ति दिने

कुरा ईश्वरको नजरमा अति घृणित रहेको छ । ४- ईश्वरले ती मानिसहरूलाई मन पराउनुहुन्छ जो उहाँको मार्गमा पङ्क्तिबद्ध भई यसरी युद्ध गर्छन् मानौँ सीसाले बनेको पर्खाल होस् ।

५- जब मूसाले आफ्नो समुदायलाई भने- हे मेरो समुदाय ! तिमीहरू किन मलाई सताउँछौ ? जब कि तिमीहरूलाई थाहा छ, म तिमीहरूको लागि ईश्वरको तर्फबाट पठाइएको रसूल हुँ । तर जब तिनीहरू विमुख भए तब ईश्वरले तिनीहरूको हृदयलाई फेर्नु भयो । ईश्वर अवज्ञाकारीहरूलाई मार्गदर्शन गर्नुहुन्न ।

६- जब मर्यम पुत्र ईसाले भने- हे इस्राईलका सन्तानहरू हो ! म तिमीहरूतर्फ ईश्वरले पठाउनुभएको रसूल हुँ । म पुष्टिकर्ता हुँ त्यस तौरातको जो मभन्दा अघि देखि उपस्थित छ र शुभ-सूचक हुँ एक जना रसूलको जो मपछि आउनुहुनेछ, जसको नाम अहमद हुनेछ । जब ईसा उनीहरूसमक्ष स्पष्ट निशानीहरू लिएर आए, तब तिनीहरूले भने- यो त स्पष्ट जादू हो । ७- त्यो व्यक्तिभन्दा ठूलो अत्याचारी को हुन सक्छ जो ईश्वरमाथि लाञ्छना लगाउँछ जब कि उसलाई इस्लामतिर बोलाइन्छ । ईश्वर अत्याचारीहरूलाई मार्गदर्शन गर्नुहुन्न । ८- तिनीहरू के चाहन्छन् भने ईश्वरको प्रकाशलाई आफ्नो मुखबाट निभाउन् जब कि ईश्वर आफ्नो प्रकाशलाई पुरा गरेरै छोड्नुहुन्छ, यद्यपी नकार्नेहरूलाई जति पनि मन न परोस् । ९- ईश्वर नै हुनुहुन्छ जसले पठाउनुभयो आफ्ना रसूललाई पठाउनुभयो मार्गदर्शन तथा सत्य धर्मका साथ, ताकि उहाँले यसलाई सबै धर्हरूमाथि विजयी बनाउन्, यद्यपी यो बहुदेववादीहरूले जति पनि मन न पराउन् ।

१०- हे आस्थावानहरू हो ! के म तिमीहरूलाई यस्तो व्यापारको विषयमा बताउँ, जसले तिमीहरूलाई एउटा पीडादायक यातनाबाट मुक्त गर्नेछ ? ११- तिमीहरू ईश्वर र उहाँका रसूलमाथि आस्था ल्याउ र उहाँको मार्गमा आफ्नो जीउ-धनले धर्म-युध्द गर । यदि तिमीहरूलाई थाहा छ भने यो कार्य तिमीहरूको लागि उत्तम रहेको छ । १२- ईश्वरले तिमीहरूको पापलाई क्षमा गर्नुहुनेछ र

तिमीहरूलाई यस्ता बगैंचाहरूमा प्रवेश गराउनुहुनेछ जसको तलतिरबाट नदीहरू बगिरहेका हुनेछन् र उत्तम घरहरूमा बसाउनुहुनेछ जो सदा रहने बगैँचाहरूमा हुनेछन् । यो ठूलो सफलता हो । १३- अर्को वस्तु पनि जसको तिमीहरू कामना गर्छौ ईश्वरको तर्फबाट सहयोग र तत्कालै प्राप्त हुने विजय । आस्थावानहरूलाई शुभ-सूचना दिनुहोस् ।

१४- हे आस्थावानहरू हो ! तिमीहरू ईश्वरको सहयोगी बन । जब ईसाले हवारीहरूलाई सोधे- को ईश्वरको लागि मेरा सहयोगी बन्छ ? हवारीहरूले जवाफ दिए- हामी हौँ ईश्वरका सहयोगी । अनि बनी इस्राईलमध्ये केही मानिसहरू आस्था ल्याए र केही मानिसहरूले इन्कार गरे । हामीले शत्रुहरूविरूद्ध आस्थावानहरूको सहयोग गर्यौं, अनि उनीहरू विजयी भए ।

## सूरह अल्-जुमुआ- ६२

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- पृथ्वी र आकाशहरूमा रहेका सम्पूर्ण सृष्टिहरू ईश्वरको गुणगान गर्छन् जो ईश्वर सम्राट, पवित्र प्रभुतवशाली र तत्वदर्शी हुनुहुन्छ । २- उहाँले नै हुनुहुन्छ जसले एक जना रसूल उम्मी (पढ्न र लेख्न नजान्ने) हरूभित्र उनीहरूमध्येबाट पठाउनुभयो । जो उनीहरूलाई आफूमाथि अवतरित श्लोकहरूको पाठ गरेर सुनाउनुहुन्छ, उनीहरूलाई शुध्द पार्नुहुन्छ, उनीहरूलाई किताब तथा तत्वदर्शिताको शिक्षा दिनुहुन्छ, उनीहरू यसअघि स्पष्ट पथभ्रष्टतामा थिए । ३- उहाँ पछि आउनेहरूका लागि पनि रसूल हुनुहुन्छ । उहाँ शक्तिशाली र तत्वदर्शी हुनुहुन्छ । ४- यो ईश्वरको वरदान हो जुन उहाँ जसलाई चाहनुहुन्छ प्रदान गर्नुहुन्छ । उहाँ महान कृपाका मालिक हुनुहुन्छ ।

५- जुन मानिसहरूलाई तौरातको अनुसरणको जिम्मेवारी दिइयो तर

तिनीहरूले त्यसलाई बहन गरेनन्, तिनीहरूको उदाहरण त्यस गधा सरह हो जसले किताबहरूको भार बोकेको हुन्छ । कति नराम्रो उदाहरण हो ती मानिसहरूको जसले ईश्वरका श्लोकहरूलाई झूठो ठहर गरे । ईश्वर अत्याचारीहरूलाई मार्गदर्शन प्रदान गर्नुहुन्न । ६- भन्नुहोस्- हे यहूदीहरू हो ! यदि तिमीहरूको विचारमा तिमीहरू अरु मानिसहरूको तुलनामा ईश्वरको प्रिय हौ भने तिमीहरू मृत्युको कामना गर, यदि तिमीहरू सच्चा छौ । ७- तिनीहरूले कहिल्यै यसको कामना गर्ने छैनन् ती कुकर्महरूले गर्दा जो तिनीहरूका हातले अगाडि पठाइ सकेको छ । ईश्वरलाई अत्याचारीहरूलाई राम्ररी जान्नुहुन्छ । ८- भन्नुहोस्- तिमीहरू जुन मृत्युदेखि भाग्छौ त्यो अवश्य नै आउनेछ । अनि तिमीहरूले गर्ने गरेका क्रियाकलापहरूको विषयमा तिमीहरूलाई उहाँले बताउनुहुनेछ ।

९- हे आस्थावानहरू हो ! जब शुक्रबारको दिन जुमाको नमाजको लागि पुकारिन्छ तब तिमीहरू ईश्वरको स्मरणतर्फ जाउ र किन बेच गर्न छोडि देउ । यो तिमीहरूको लागि उत्तम छ, यदि तिमीहरू जान्दछौ भने । १०- जब तिमीहरू नमाज पढिसक्छौ तब धर्तीमा फैल । ईश्वरको जीविकाको खोजि गर, ईश्वरलाई खुबै जप, ताकि तिमीहरू सफलता पाउ । ११- जब उनीहरू कुनै व्यापार वा मनोरन्जनको सामाग्री देख्छन् तब त्यसतर्फ दगुर्छन् र तपाईंलाई उभिएको अवस्थामा छोड्छन् । भन्नुहोस्- जे जति ईश्वरसँग छ त्यो व्यापार र मनोरन्जन भन्दा उत्तम छ । ईश्वर सर्वोत्तम जीविका प्रदानकर्ता हुनुहुन्छ ।

## सूरह अल्-मुनाफिकून- ६३

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- जब कपटीहरू तपाईंसमक्ष आउँछन् तब भन्छन्- तपाईं साँच्चै नै ईश्वरका रसूल हुनुहुन्छ भनी हामी गवाही दिन्छौं । तपाईं साँच्चै नै ईश्वरका रसूल हुनुहुन्छ

भन्ने कुरा उहाँलाई थाहा छ। ईश्वर साक्षी हुनुहुन्छ कि यी कपटीहरू झूठा हुन्। २- तिनीहरूले आफ्ना कसमहरूलाई ढाल बनाएका छन्। तिनीहरू ईश्वरको मार्गबाट रोक्छन्। वास्तवमा धेरै अति घृणित छ जो तिनीहरू गर्दैछन्। ३- यो यस कारणले छ कि तिनीहरूले आस्था ल्याए फेरि इन्कार गरे अनि तिनीहरूको हृदयमा मोहर लगाइयो अनि तिनीहरू बुझ्दैनन्।

४- जब तिमीहरू तिनीहरूलाई देख्छौ तब तिनीहरूका जिउ सुन्दर देखिन्छ। जब तिनीहरू बोल्छन् तब तिनीहरूको कुरा सुन्छौ। मानौं तिनीहरू अडेस लगाइएका काठहरू हुन्। तिनीहरू हरेक आवाजलाई आफैँविरुध्द ठान्छन्। तिनीहरू नै शत्रु हुन्, उनीहरूबाट सावधान ! ईश्वरले तिनीहरूलाई नष्ट पारुन, तिनीहरू फर्केर कहाँ गइरहेका छन् ?! ५- जब तिनीहरूलाई भनिन्छ- आउ ताकि ईश्वरका रसूल तिमीहरूका लागि क्षमा याचना गरुन् तब तिनीहरू मुन्टो फर्काउँछन्। तपाईले तिनीहरूलाई घमण्ड गर्दै विमुख हुँदै देख्नुहुन्छ। ६- तपाईंले तिनीहरूका लागि क्षमा याचना गर्नु वा न गर्नु एक समान छ, ईश्वरले कदापि तिनीहरूलाई क्षमा गर्नु हुने छैन। ईश्वरको अवज्ञाकारीहरूलाई कहिल्यै मार्गदर्शन गर्नुहुन्न।

७- तिनीहरू नै हुन् जो भन्छन्- ईश्वरका रसूलसँग रहेकाहरूमाथि खर्च न गर यहाँसम्म कि उनीहरू छर्पष्ट होउन्। आकाशहरू र पृथ्वीका खजानाहरू केवल ईश्वरका हुन्, तर कपटीहरू बुझ्दैनन्। ८- तिनीहरू भन्छन्- जब हामी मदीना फर्केन्छौँ तब त्यहाँबाट प्रतिष्ठितहरूले अपमानितहरूलाई निकाल्नेछन्। जब कि प्रतिष्ठा त केवल ईश्वरको लागि, रसूलको लागि र आस्थावानहरूको लागि हो, तर कपटीहरूलाई थाहा छैन।

९- हे आस्थावानहरू हो ! तिमीहरूको धन र सन्तानहरूले तिमीहरूलाई ईश्वरको स्म्रणबाट न बिर्साओस्। जसले यस्तो गर्छ ऊ नै घाटा बेहोर्नेछ। १०- हामीले तिमीहरूलाई जे जति प्रदान गरेका छौँ त्यसबाट मृत्यु हुनु अघि

नै खर्च गर। अनि उसले भन्ने छ- हे मेरा पालनकर्ता ! मलाई अझै अवसर किन दिनुभएन जसले गर्दा म दान गर्थें र सत्कर्मीहरूमा सामेल हुने थिएँ। ११- कुनै प्राणीको मृत्युको समय आएपछि ईश्वरले उसलाई समय प्रदान गर्नुहुने छैन। तिमीहरू जे गर्छौ त्यसको ज्ञान ईश्वरलाई छ।

## सूरह अत्-तगाबुन- ६४

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- ईश्वरको गुणगान गर्छन् जे जति आकाशहरूमा छन् र जे जति पृथ्वीमा छन्। उहाँ कै राज्य-सत्ता छ, राम्रा प्रशंसाहरू केवल उहाँको लागि छ र उहाँ हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ। २- उहाँले नै हुनुहुन्छ जसले तिमीहरूको सृष्टि गर्नुभयो अनि तिमीहरूमध्ये कोही नकार्ने वाला छ र कोही आस्थावान छ। ईश्वर तिमीहरूका कार्यहरूबाट अवगत हुनुहुन्छ। ३- उहाँले नै आकाशहरू र पृथ्वीलाई ठीक तरिकाले सृष्टि गर्नु भयो र उहाँले तिमीहरूको रूप बनाउनुभयो र अति उत्तम रूप बनाउनुभयो। उहाँतिर नै फर्केर जानुपर्नेछ। ४- उहाँ जान्नु हुन्छ जे जति आकाशहरूमा छ र जेजति पृथ्वीमा छ। उहाँलाई तिमीहरूले जाहेर गर्ने र लुकाउने सम्पूर्ण कार्यहरू थाहा छ। उहाँ हृदयमा रहेका कुराहरू पनि जान्ने वाला हुनुहुन्छ।

५- के तिमीहरूलाई ती मानिसहरूको बारेमा सूचना पुगेन जसले यसअघि इन्कार गरे अनि तिनीहरूले गरेका कार्यहरूको स्वाद चाखे र तिनीहरूको लागि पीडादायी यातना छ। ६- यो यस कारणले कि तिनीहरूसमक्ष तिनीहरूका रसूल स्पष्ट निशानीहरूका साथ आए तब तिनीहरूले भने- के मनुष्यले हामीलाई सत्य मार्ग देखाउने हो त ? तसर्थ तिनीहरूले इन्कार गरे र विमुख भए। ईश्वरले तिनीहरूसित कुनै सरोकार राख्नुभएन। उहाँ निस्पृह र प्रशंसनीय हुनुहुन्छ।

७- नकार्नेहरूले दावी गरे तिनीहरू मृत्युपश्चात कदापि जीवित पारेर उठाइने छैनन् । भन्नुहोस्- अँ मेरो पालनकर्ताको कसम, तिमीहरू अवश्य जीवित पारी उठाइने छौ । अनि तिमीहरूले गरेका कार्यहरूको विषयमा तिमीहरूलाई सूचित गरिनेछ । यो ईश्वरको लागि सहज कार्य हो । ८- अनि आस्था ल्याउ ईश्वरमाथि, उहाँका रसूलमाथि र हामीले अवतरित गरेको प्रकाशमाथि । तिमीहरूले गर्ने कार्यहरूबाट ईश्वर अवगत हुनुहुन्छ । ९- जुन दिन उहाँले तिमीहरूलाई भेला हुने दिनमा भेला गर्नु हुनेछ, त्यही दिन हार जीतको दिन हुनेछ । जुन मानिसहरूले ईश्वरमाथि आस्था राखेका हुनेछन्, सत्कर्म गरेका हुनेछन् ईश्वरले उनीहरूका पापहरूलाई उनीहरूबाट छुट्याउनु हुनेछ र यस्ता बगैंचाहरूमा प्रवेश गराउनुहुनेछ जसका तलतिरबाट नहरहरू बगिरहेका हुनेछन् । उनीहरू त्यहाँ सदाका लागि रहनेछन्, यही हो महान सफलता । १०- जुन मानिसहरूले इन्कार गरे र हाम्रा श्लोकहरूलाई झूठो ठहर गरे तिनीहरू नै आगो वाला हुन्, त्यसमा तिनीहरू सदाका लागि रहनेछन्, त्यो नराम्रो बासस्थान हो ।

११- जुन सुकै कष्ट आउँछ ईश्वरको आज्ञाले आउँछ । जसले ईश्वरमाथि आस्था राख्छ ईश्वरले उसको हृदयलाई मार्ग देखाउनुहुन्छ । ईश्वर सबै कुराका ज्ञाता हुनुहुन्छ । १२- तिमीहरू ईश्वरको आज्ञापालन गर र रसूलको आज्ञापालन गर । यदि तिमीहरू विमुख हुन्छौ भने हाम्रो रसूलमाथि स्पष्टरूपमा पुर्याइदिनु मात्र हो । १३- ईश्वर, उहाँबाहेक कोही उपास्य छैन । आस्थावानहरूले मात्र ईश्वरमाथि भरोसा राख्नु पर्दछ ।

१४- हे आस्थावानहरू हो ! तिमीहरूका केही पत्नीहरू र केही सन्तानहरू तिमीहरूका शत्रु हुन्, तिनीहरूदेखि सावधान ! यदि तिमीहरूले माफ गर्छौ, नजर अन्दाज गर्छौ, क्षमा गर्छौ भने ईश्वरले क्षमाशील र दयावान हुनुहुन्छ । १५- तिमीहरूको सम्पत्ति र सन्तान तिमीहरूको लागि परीक्षाका चिजहरू हुन् र ईश्वरकहाँ महान प्रतिदान रहेको छ । १६- अनि तिमीहरू सकेसम्म ईश्वरसँग

डराउ, सुन, मान र खर्च गर, यो तिमीहरूको लागि बेस हो। जुन मानिसहरू मनको कन्जुस्याइँबाट सुरक्षित रहे उनीहरू नै सफल हुनेछन् । १७- यदि तिमीहरूले ईश्वरलाई राम्रो ऋण दिन्छौ भने ईश्वरले तिमीहरूको प्रतिदानलाई कय्यौँ गुणा बढाउनुहुनेछ र तिमीहरूलाई माफ गर्नुहुनेछ । ईश्वर गुणग्राही र सहनशील हुनुहुन्छ। १८- अदृश्य र दृश्यको ज्ञाता हुनुहुन्छ, शक्तिशाली हुनुहुन्छ र तत्वदर्शी हुनुहुन्छ।

## सूरह अत्-तलाक- ६५

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- हे सन्देष्टा ! जब तपाईं आफ्नी पत्नीलाई तलाक दिन चाहनुहुन्छ तब उसको पहिलो अवधिको लागि तलाक दिनुहोस् र त्यस अवधिको गन्ती राख्नुहोस्। ईश्वरको भय राख्नुहोस, जो तपाईंका पालनकर्ता हुनुहुन्छ । ती महिलाहरूलाई आफ्नो घरबाट न निकाल्नु होस् र स्वयं उनीहरू पनि ननिस्किउन्। तर उनीहरूले खुल्ला अश्लिल कार्य गरेको खण्डमा निकाल्नु बेग्लै कुरा हो। यो ईश्वरको सीमा हो, जसले ईश्वरका सीमाहरूको उल्लङ्घन गर्छ उसले आफूमाथि अत्याचार गर्छ। तिमीलाई थाहा छैन, हुन सक्छ ईश्वरले त्यस तलाकपश्चात कुनै बाटो निकाल्नुहुनेछ। २- अनि जब उनीहरू आफ्नो अवधि पूरा गर्छिन् तब कि त उनीहरूलाई आफ्नो राम्रो तरिकाले राखि हाल कि त राम्रो तरिकाले छोडि देउ र आफ्नो मानिसहरूमध्ये दुईजना विश्वासीलो साक्षी बनाउ र ठीक ठीक ईश्वरको लागि साक्षी देउ। यो उपदेश त्यस व्यक्तिलाई दिइन्छ जो ईश्वरमाथि र महाप्रलयमाथि आस्था राख्छ। जो व्यक्ति ईश्वरको भय राख्छ, ईश्वरले उसको लागि निकास निकाल्नुहुनेछ। ३- उसलाई अकल्पनीय ठाउँबाट जीविका प्रदान गर्नुहुनेछ। जो आफ्ना ईश्वरमाथि भरोसा राख्छ उसको लागि उहाँ पर्याप्त हुनुहुनेछ।

निस्सन्देह ईश्वर आफ्नो काम पूरा गरेरै छोड्नुहुन्छ । ईश्वरले हरेक कामको लागि एउटा भाग्य निर्धारित गर्नुभएको छ ।

४- तिमीहरूकी महिलाहरूमध्ये जसको महिनवारी बन्द भइ सकेको छ, यदि तिमीहरूलाई शङ्का छ भने उनीहरूको अवधि तीन महिना हो, त्यस्तै ती महिलाहरूको अवधि जसको महिनवारी शुरु भएको छैन । गर्भवती महिलाहरूको अवधि नीहरूले बच्चा जन्माउनु सम्म रहेको छ । जुन मानिसहरू ईश्वरको भय राख्छ ईश्वरले उसको कामलाई सहज बनाउनुहुनेछ । ५- यो ईश्वरको आदेश हो जो उहाँले तिमीहरूका लागि अवतरण गर्नुभएको हो । जसले ईश्वरको भय राख्छ ईश्वरले उसले उसको पापलाई उसबाट समाप्त पार्नुहुनेछ र उसलाई महान प्रतिदान दिनुहुनेछ ।

६- तिमीहरू ती महिलाहरूलाई आफ्नो क्षमता अनुसार बसोबास प्रदान गर जहाँ तिमीहरू बस्छौ । उनीहरूलाई दिक्क पार्नको लागि कष्ट न पुर्याउ । यदि उनीहरू गर्भवती छिन् भने उनीहरूले बच्चा जन्माएसम्म उनीहरूमाथि खर्च गर । यदि उनीहरू तिमीहरूका सन्तानलाई स्तनपान गराउँछिन् भने उनीहरूलाई पारिश्रमिक देउ । तिमीहरू आपसमा पुण्य गर्न सिकाउ । कुरा न मिलेको खण्डमा अन्य कोही महिलाले स्तनपान गराउने छ । ७- सम्पन्न व्यक्तिले आफूले आफ्नो सामर्थ्य अनुसार खर्च गर्नुपर्दछ । अनि जसको आय कम छ उसले त्यति खर्च गरोस् जति ईश्वरले दिनुभएको छ । ईश्वर कसैलाई पनि उहाँले दिनुभएको भन्दा बढी खर्च गर्न भार दिनु हुन्न । ईश्वरले कठिनाइपछि चाँडै नै सहजता उत्पन्न गर्नुहुनेछ ।

८- धेरै नगरहरू छन् जसले आफ्ना पालनकर्ताको आदेश उल्लङ्घन गरे, र उहाँका रसूलको पनि । अनि हामीले तिनीहरूको कडा हिसाब लियौं र तनीहरूलाई भयानक दण्ड दियौं । ९- तसर्थ तिनीहरूले आफ्ना नराम्रा कार्यहरूको यातना भोगे र अन्ततः तिनीहरूले घाटा बेहोरे ।

१०- ईश्वरले तिनीहरूका लागि कडा यातना तयार पार्नुभएको छ । अतः ईश्वरको भय राख हे बुद्धिमानहरू हो, जो आस्था ल्याएका छौ ! ईश्वरले तिमीहरूका लागि एउटा उपदेश अवतरित गर्नुभएको छ । ११- एक जना रसूल, जो तिमीहरूसमक्ष ईश्वरका स्पष्ट श्लोकहरू पाठ गरेर सुनाउनुहुन्छ ताकि ती मानिसहरूलाई अन्धकारहरूबाट निकालेर प्रकाशमा ल्याउन् जो ईश्वरमाथि आस्था ल्याए र सत्कर्म गरे । जुन मानिसहरू ईश्वरमाथि आस्था ल्याउँछन् र सत्कर्म गर्छन् ईश्वरले उनीहरूलाई यस्ता बगैंचाहरूमा प्रवेश गराउनुहुनेछ जसको तलतिरबाट नहरहरू बगिरहेका हुनेछन् । जसमा उनीहरू सदाका लागि रहनेछन् । ईश्वरले उनीहरूलाई राम्रो जीविका प्रदान गर्नुभयो ।

१२- ईश्वर नै हुनुहुन्छ जसले सृष्टि गर्नुभयो सातवटा आकाशहरूको र ती जस्तै पृथ्वीहरू । तीभित्र उहाँको आदेश अवतरित हुन्छ, ताकि तिमीहरू जान कि ईश्वर हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ । ईश्वरले हरेक कुरालाई आफ्नो ज्ञानबाट घेर्नुभएको छ ।

## सूरह अत्-तह्रीम- ६६

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- हे नबी ! तपाईं किन त्यस वस्तुलाई आवैध गर्नु हुन्छ जसलाई ईश्वरले तपाईंका लागि वैध गर्नु भएको छ ? त्यो पनि पत्नीहरूलाई खुशी पार्नको लागि । ईश्वर क्षमाशील र दयावान हुनुहुन्छ । २- ईश्वरले तिमीहरूका लागि तिमीहरूका कसम भङ्ग गर्न निश्चित गर्नुभएको छ । ईश्वर तिमीहरूका कार्य-साधक हुनुहुन्छ । उहाँ सर्ज्ञ र तत्वदर्शी हुनुहुन्छ ।

३- जब नबीले आफ्नी एक जनी पत्नीलाई गोप्य रूपमा भन्नुभयो, जब उनले अर्कोलाई बताइन् तब ईश्वरले नबीलाई त्यस कुराबाट अवगत गराउनुभयो । अनि

नबीले केही कुरा बताउनु भयो र केही कुरा बताउनु भएन। जब नबीले उनलाई यो कुरा बताउनुभयो तब उनले सोधिन्- तपाईंलाई कसले यो कुरा भन्नु भन्यो ? नबीले भन्नुभयो- सबै कुराको ज्ञाता र सू-सूचितले मलाई भन्नु भयो। ४- यदि तिमी दुबैजना ईश्वरतर्फ फर्कन्छौ भने तिमीहरूको हृदय रुजु भइ सकेको छ। यदि तिमीहरू दुवैले नबीविरूद्ध कार्यवाहीहरू गर्छौ भने ईश्वर उहाँको संरक्षक-मित्र हुनुहुन्छ, जिब्रील र सत्कर्मी आस्थावानहरू पनि र साथै अन्य देवदूतहरू उहाँको संरक्षक-मित्र हुन्। ५- यदि नबीले तिमीहरू सबैलाई तलाक दिनुभयो भने तिमीहरूका पालनकर्ताले उहाँलाई तिमीहरूको बदलामा तिमीहरूभन्दा राम्री पत्नीहरू प्रदान गर्नुहुनेछ, जो मुस्लिम, आस्थावान, आज्ञाकारी, परायश्चित गर्ने, उपासना गर्ने, ब्रत बस्ने विवाहिता र कन्या हुनेछिन्।

६- हे आस्थावानहरू हो ! जोगाउ आफूलाई र आफ्ना परिवारका सदस्यहरूलाई त्यस आगोबाट जसको इन्धन मानिसहरू र ढुङ्गाहरू हुनेछन्। त्यसको लागि कठोर र प्रबल देवदूतहरू नियुक्त छन्। उनीहरू ईश्वरले दिनुभएको आदेशको अवज्ञा गर्दैनन्। उहाँले दिनुभएको आदेशको पालना उनीहरू पक्कै गर्छन्। ७- हे मानिसहरू हो जसले इन्कार गर्यौ ! तिमीहरू आज बहाना न बनाउ। तिमीहरू त्यही बदलामा पाइ रहेका छौ जो तिमीहरू गर्दै थियौ।

८- हे आस्थावानहरू हो ! ईश्वरसमक्ष सच्चा प्रायश्चित गर। आशा छ, तिमीहरूका पालनकर्ताले तिमीहरूका पापहरू क्षमा गर्नुहुनेछ र तिमीहरूलाई यस्ता बगैँचाहरूमा प्रवेश गराउनुहुनेछ जसका तलतिरबाट नदीहरू बगिरहेका हुनेछन्। त्यस दिन ईश्वरले नबीलाई र उहाँसँग आस्था ल्याएकाहरूलाई अपमानित गर्नुहुने छैन। उनीहरूका प्रकाश उनीहरूको अगाडि र दायाँतर्फ दगुरि रहेका हुरनेछन्। उनीहरू भनि रहेका हुने छन्- हे हाम्रा पालनकर्ता ! हाम्रो प्रकाशलाई हाम्रोलागि पूर्ण गरिदिनुहोस्। हामीहरूलाई क्षमा गर्नुहोस्। निस्सन्देह तपाईं हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ।

९- हे नबी ! नकार्नेहरू तथा कपटीहरिवरुध्द युद्ध गर र तिनीहरूसँग कडा व्यवहार गर । तिनीहरूको बास-स्थान नर्क हो, र त्यो अति नराम्रो बासस्थान हो । १०- ईश्वरलाई नकार्नेहरूका लागि उहाहरण वर्णन गर्नुहुन्छ नूहको पत्नीको र लूतको पत्नीको । ती दुबै हाम्रा दुईजना असल भक्तहरूकी पत्नी थिइन् । यी दुई असल भक्तहरूकी पत्नी थिइन् । तर दुवैले उनीहरूसँग विश्वासघात गरिन् अनि दुवै सन्देष्टाहरूले ईश्वरको मुकाबिलामा कुनै फाइदा पुर्याउन सकेनन् । दुवै पत्नीहरूलाई भनियो- आगोमा पस, पस्नेहरूसँग ।

११- ईश्वर आस्थावानहरूको लागि उदाहरण दिनुहुन्छ फिऔंनकी पत्नीको, जब उनले भनिन्- हे मेरा पालनकर्ता ! मेरो लागि आफूनजिक स्वर्गमा एउटा घर बनाउनुहोस् र मलाई फिऔंन तथा उसको दुष्कर्मबाट जोगाउनुहोस् र अत्याचारी समुदायबाट मुक्ति प्रदान गर्नुहोस् । १२- इम्रानकी छोरी मर्यम, जसले आफ्नो सम्मानको सुरक्षा गरिन् । अनि हामीले त्यसमा आफ्नो आत्मा फुक्यौँ। उनले आफ्ना पालनकर्ताका वाणीहरू र उहाँको किताबको पुष्टि गरिन् र उनी आज्ञाकारीहरूमध्ये थिइन् ।

## सूरह अल्-मुल्क- ६७

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- अति मङ्गलमय हुनुहुन्छ जसको हातमा सत्ता-शासन छ र उहाँ हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ । २- जसले मृत्यु र जीवनको सृष्टि गर्नुभयो ताकि तिमीहरू परीक्षा लेउन् कि तिमीहरूमध्ये को सुकर्म गर्छ र उहाँ शक्तिशाली र क्षमाशील हुनुहुन्छ । ३- जसले सातवटा आकाशहरू तहतह गरी । तिमीले करुणामय (ईश्वर) को सृष्टिमा कुनै प्रकारको त्रुटि देख्ने छैनौ । राम्ररी हेर त, के तिमीले कतै चर्केको देख्छौ ?! ४- बारम्बार हेर, तिम्रा आँखाहरू असमर्थ भई तिमीतिर फर्कनेछन् ।

५- हामीले नजिकको आकाशलाई दीपकहरूबाट सजाएका छौँ। हामीले यिनीहरूलाई शैतानहरूलाई मार्ने साधन बनाएका छौँ। हामीले तिनीहरूको लागि आगोको यातना तयार पारेकाछौं। ६- जुन मानिसहरूले आफ्ना पालनकर्ताको इन्कार गरे तिनीहरूका लागि नर्कको आगो छ, र त्यो निकृष्ट बास-स्थान हो। ७- जब तिनीहरूलाई त्यसमा फ्यालिनेछ तिनीहरूले त्यसको दहाड सुन्नेछन्। ८- त्यो दन्कि रहेको हुनेछ, मानौँ क्रोधले फुट्नेछ। जब त्यसमा कुनै गिरोहलाई हालिनेछ तब त्यसको इन्स्पेक्टरले सोध्नेछन्- के तिमीहरूसमक्ष कुनै सावधानकर्ता आएनन् र ?! ९- तिनीहरूले भन्नेछन्- अँ हामीसमक्ष सावधानकर्ता आए तर हामीले उनलाई झूठो ठहर गर्यौँ, हामीले भन्यौँ- ईश्वरले केही अवतरण गर्नुभएकै छैन, तिमीहरू पथभ्रष्टतामा छौ। १०- तिनीहरूले भन्नेछन्- यदि हामीले सुनेका भयौँ र बुझेका भयौँ हामी नर्कमा पर्नेहरूमध्ये हुने थिएनौं। ११- तिनीहरूले आफ्ना पापहरूलाई स्वीकार गर्नेछन्, धिक्कार छ नर्कबासीहरूमाथि !

१२- जुन मानिसहरू आफ्ना पालनकर्तासित उहाँलाई न देखिकन डराउँछन् उनीहरूका लागि क्षमा-दान र महान प्रतिदान। १३- तिमीहरू आफ्ना कुरा लुकाएर गर वा पुकारेर गर ईश्वरलाई हृदयमा रहेका कुराहरूको पनि ज्ञान हुन्छ। १४- के उहाँले जान्नु हुने छैन जसले सृष्टि गर्नुभएको छ र उहाँ सुक्षमदर्शी र सूसूचित हुनुहुन्छ।

१५- उहाँले नै हुनुहुन्छ जसले तिमीहरूका लागि धर्तीलाई नम्र बनाउनुभयो ताकि तिमीहरू त्यसका मार्गहरूमा हिँड्न सक र उहाँको जीविकाबाट खाउ। उहाँतर्फ नै तिमीहरूलाई लगिनेछ। १६- के तिमीहरू आकाशमा हुनुभएका ईश्वरबाट निडर भएका छौ कि उहाँले तिमीहरूलाई धर्तीमा धंसाउन, अनि त्यो काँप्न थालोस् ?! १७- के तिमीहरू आकाशमा हुनुभएका ईश्वरबाट निडर भएका छौ कि उहाँले तिमीहरूमाथि ढुङ्गा बर्साउने हुरी बतास पठाउन् ? अनि तिमीहरू

जान, कस्तो रहयो मेरो डराउनु ? १८- यिनीहरू अघिका मानिसहरूले पनि झूठो ठहर गरेका थिए। अनि कस्तो रहयो मेरो फटकार ?

१९- के तिनीहरू आफूमाथि चराहरूलाई उड्नेबेला एक पटक पखेटा हावामा फैलाउने र अर्को पटक पखेटा बन्द गर्ने गरेको देख्दैनन् ?! करुणामय (ईश्वर) बाहेक अरू कोही छैन जसले तिनीहरूलाई थामेका हुन्छन् । निस्सन्देह उहाँ हरेक कुरालाई देखिरहनु भएको छ । २०- आखिर को हो जो लस्कर बनेर करुणामय (ईश्वर) विरुध्द तिमीहरूको मद्दत गर्न सकोस् । नकार्नेहरू धोकामा परेका छन् । २१- आखिर को छ जो तिमीहरूलाई जिविका प्रदान गर्न सकोस् यदि ईश्वरले त्यसलाई रोक्नु हुन्छ भने । बरु तिनीहरू उद्दण्डाता र बिदकनमा अडान लिएका छन् ।

२२- के जो व्यक्ति आफ्नो अनुहारको भरमा हिँड्छ ऊ बढि मार्ग पाउने वाला छ वा त्यो व्यक्ति जो सीधा मार्गमा सीधा हिँड्दै छ ?! २३- भन्नुहोस्- उहाँ नै हुनुहुन्छ जसले तिमीहरूका लागि कान, आँखा र हृदय बनाउनुभयो । तिमीहरू कमै आभार व्यक्त गर्छौ । २४- भन्नुहोस्- ईश्वर नै हुनुहुन्छ जसले तिमीहरूलाई धर्तीमा फैलाउनुभयो र तिमीहरू उहाँसमक्ष नै भेला गरिनेछौ ।

२५- तिनीहरू भन्छन्- यदि तिमी सच्चा हौ भने यो वाचा कहिले पुरा हुनेछ ? २६- भन्नुहोस्- यसको ज्ञान मात्र ईश्वरलाई छ । म त स्पष्ट रूपमा सचेतक मात्र हुँ । २७- जब तिनीहरूले त्यसलाई नजिक पुगेको देख्नेछन् तब नकार्नेहरूको अनुहार बिग्रनेछ, अनि तिनीहरूलाई भनिनेछ- यही हो त्यो चिज जसलाई तिमीहरू माग्ने गर्थ्यौ । २८- भन्नुहोस्- यदि ईश्वरले मलाई र मेरा साथीहरूलाई मारिदिनुभयो वा हामीमाथि दया गर्नुभयो र हामीलाई थप समय दिनुभयो भने भन, नकार्नेहरूलाई ईश्वरको पीडादायी यातनाबाट कसले बचाउनेछ ? २९- भन्नुहोस्- उहाँ करुणामय हुनुहुन्छ हामीले उहाँमाथि आस्था ल्यायौँ र उहाँमाथि नै भरोसा गर्यौँ। चाँडै नै तिमीहरूले थाहा पाउनेछौ को स्पष्ट पथभ्रटतामा छ । ३०- भन्नुहोस्- मलाई भन,

यदि तिमीहरूको पानी मुनि झर्यो भने कसले तिमीहरूलाई सफा पानीको दिन सक्छ ?

## सूरह अल्-कलम- ६८

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- नून० ! कसम छ कलमको र जे जति मानिसहरू लेख्छन् । २- तपाईं आफ्ना पालनकर्ताको कृपाले पागल हुनुहुन्न । ३- वास्तवमा, तपाईंको लागि प्रतिदान छ, कहिल्यै समाप्त न हुने । ४- निस्सन्देह तपाईं एउटा महान नैतिकतामा हुनुहुन्छ । ५- चाँडै नै तपाईंले पनि देख्नुहुनेछ र तिनीहरूले पनि देख्नेछन्, ६- कि तिमीहरूमध्ये कसमाथि पागलपन सवार थियो । ७- तपाईंका पालनकर्ता नै जान्नु हुन्छ को उहाँको मार्गबाट हटेको छ र को उहाँको मार्गमा हिँड्दैछ ।

८- तसर्थ तपाईं झूठो ठहर गर्नेहरूको कुरा न मान्नुहोस् । ९- तिनीहरू के चाहन्छन् भने तपाईं लचिलो हुनुहोस्, अनि तिनीहरू पनि लचिलो हुनेछन् । १०- तपाईं धेरै कसम खानेहरूको कुरा न मान्नुहोस् । ११- जो महत्वहीन छ, अरूको कुरा काट्ने वाला र चुक्ली गर्ने वाला छ, १२- भलाइबाट रोक्ने वाला छ, हद पार गर्ने वाला छ, हक मार्ने वाला छ, १३- अत्यन्तै कठोर छ, खानदानी छैन, १४- यो यस कारणले कि ऊ धनी र सन्तान वाला छ । १५- जब उसलाई हाम्रा श्लोकहरूको पाठ गरेर सुनाइन्छ तब भन्छ- यी अतीतका निराधार कथाहरू हुन् । १६- हामी चाँडै नै उसको नाकलाई डामनेछौं ।

१७- हामीले उसलाई परीक्षामा हालेका छौँ जसरी बगैंचा वालालाई परीक्षामा हालेका थियौँ, जब तिनीहरूले कसम खाएका थिए कि एका बिहानै त्यसका फलहरू अवश्य तोड्नेछन् । १८- तर तिनीहरूले इन् शा अल्लाह भनेनन् । १९- अनि त्यस बगैँचामाथि गुजरने वाला गुजरयो र तिनीहरू सुतिरहेका

थिए । २०- अनि त्यो बिहान यस्तो रहयो जस्तो काटिएको बाली नाली । २१- अनि बिहान तिनीहरूले एक अर्कालाई बोलाए। २२- बिहानै आफ्नो खेततिर जाउ यदि तिमीहरू फलहरू टिप्न चाहन्छौ भने । २३- तिनीहरू हतारिएर आफ्नो बगैंचा तिर गए र एक अर्कासँग काने खुसी गर्दै थिए, २४- आज तिमीहरूको बगैंचामा कुनै गरिब पस्न नपाओस् । २५- तिनीहरू आफन्तलाई केही न दिने सामर्थ्यवान छन् भन्ने कुरा ठानेर हिंडे । २६- जब तिनीहरूले बगैँचालाई हेरे तब भन्न थाले- हामीले बाटो बिराएका छौँ। २७- बर् हामीहरू वञ्चित भएका छौँ। २८- तिनीहरूमध्ये सर्वश्रेष्ठ व्यक्तिले भन्यो- के मैले भनेको थिइनँ कि तिमीहरू किन ईश्वरको महिमा गर्दैनौ ? २९- उनीहरूले भने- हाम्रा पालनकर्ता पवित्र हुनुहुन्छ । निस्सन्देह हामी अत्याचारी थियौँ । ३०- त्यसपछि उनीहरूले एक अर्कालाई दोष दिन थाले । ३१- उनीहरूले भने- अपसोच हामीमाथि निस्सन्देह हामीहरू हद पार गर्ने वाला थियौँ। ३२- सम्भवतः हाम्रो पालनकर्ताले हामीलाई यस बगैंचाभन्दा उत्तम बगैँचा दिनुहुनेछ । हामी उहाँतर्फ नै फर्कन्छौँ। ३३- यसरी नै आउँछ आपदा तर परलोकको यातना झन् कठोर हुनेछ । तिनीहरूले जानेका भए बेस हुने थियो ।

३४- निश्चय नै ईशभय राख्नेहरूका लागि उनीहरूका पालनकर्ताकहाँ अनुग्रहले भरिएको बगैँचा छ । ३५- के हामीले आज्ञाकारीहरू र अवज्ञाकारीहरूलाई ए समान गर्नेछौँ ? ३६- तिमीहरूलाई के भयो, तिमीहरू कस्तो निर्णय गर्छौ ? ३७- के तिमीहरूसँग कुनै किताब छ जसमा तिमीहरू पढ्छौ ?! ३८- त्यसमा यस्तो कुरा छ जसलाई तिमीहरू मन पराउँछौ ? ३९- के तिमीहरूका लागि हामीमाथि महाप्रलयसम्म बाकि रहने कसमहरू छन् कि तिमीहरूका लागि त्यही छ जसको तिमीहरू निर्णय गर्छौ । ४०- तिनीहरूलाई सोध्नुहोस्- तिनीहरूमध्ये को यसको जिम्मेबार छ ? ४१- के तिनीहरूका केही साझेदारहरू छन्, अनि

तिनीहरूले आफ्ना साझेदारहरूलाई ल्याउन् यदि तिनीहरू आफ्नो दावीमा सच्चा छन् ।

४२- जुन दिन वास्तिक्ताबाट पर्दा उठाइनेछ अनि मानिसहरूलाई नतमस्तक हुनको लागि बोलाइनेछ तब तिनीहरू नतमस्तक हुन सक्ने छैनन् । ४३- तिनीहरूको आँखा झुकेको हुनेछन्, तिनीहरूमाथि अपमान छाएको हुनेछ, तिनीहरूलाई सज्दा गर्न भनिन्थ्यो जब तिनीहरू ठीक ठाक थिए । ४४- तसर्थ, तपाईं छोड्नुहोस् मलाई र ती मानिसहरूलाई जो मेरा वाणीलाई झूठो ठहर गर्छन् । हामी तिनीहरूलाई बिस्तारै बिस्तारै ल्याउँदैछौँ त्यहाँबाट जहाँको बारेमा तिनीहरूलाई थाहा छैन । ४५- म तिनीहरूलाई अवसर प्रदान गर्दैछु निस्सन्देह मेरो योजना बलियो छ ।

४६- के तपाईंले तिनीहरूबाट पारिश्रमिक माग्नु हुन्छ कि त्यसको जरिमानामुनि दब्दै छन् ? ४७- वा तिनीहरूसँग अदृश्यको ज्ञान छ जसलाई उनीहरू लेखिरहेका छन् ? ४८- अनि आफ्ना पालनकर्ताको फैसला आउन्जेल धैर्य गर्नुहोस् र माछावाला जस्तो न बन्नुहोस्, जब उनले पुकारे र उनी चिन्ताले भरेका थिए। ४९- यदि उनीमाथि उनका पालनकर्ताको कृपा नभएको भए, उनी निन्दनीय अवस्थामा उजाड भूमिमा फ्याँकिने थिए । ५०- अनि उनका पालनकर्ताले उनलाई प्रशस्त प्रदान गर्नुभयो र उनलाई पुण्यकर्मी भक्तहरूमा समावेश गर्नु भयो । ५१- जब यी नकार्नेहरू उपदेश सुन्छन् तब यसरी तपाईंलाई यसरी हेर्छन् मानौँ आफ्नो आँखाबाट तपाईंलाई चिप्लि दिनेछन् र भन्छन्- यो पक्का पागल हो । ५२- यो संसार बासीहरूका लागि मात्र एउटा उपदेश हो ।

# सूरह अल्-हाक्कह- ६९

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- त्यो हुने चिज, २- के हो त्यो हुने चिज ? ३- तपाईंलाई के थाहा, के हो त्यो हुने चिज ? ४- समूद तथा आदले यस कर्कश ध्वनिलाई नकारे । ५- समूद, त्यो अति ठूलो घटनाद्वारा नष्ट पारियो । ६- आद, अति तेज आँधीले नष्ट पारियो । ७- ईश्वरले त्यस आँधीलाई सात रात र आठ दिनसम्म जारी राख्नुभयो । तपाईंले तिनीहरूले आफ्ना भुइँमा यसरी देख्नुहुन्छ मानौं खसेका खोखला खजूरका रूखहरू हुन् । ८- अनि के तिनीहरूमध्ये कसैलाई पनि जीवित देख्नु हुन्छ ? ९- फिऔंन, ऊभन्दा पहिलेका समुदायहरू र उल्टो पारिएको बस्तीहरूले अपराध गरे । १०- ती सबैले आफ्ना पालनकर्ताका रसूलको अवज्ञा गरे अनि ईश्वरले कडाइका साथ समात्नुभयो । ११- जब पानीले उचाईको सीमा नाघ्यो, तब हामीले तपाईं (का पुर्खाहरू) लाई डुङ्गामा सवार गर्यौं । १२- ताकि हामीले त्यसलाई यादगार बनाऔं र ताकि याद राख्ने कानले त्यसलाई याद राखोस् ।

१३- जब सूरमा अकस्मात फुँक मारिनेछ, १४- पृथ्वी र पहाडहरूलाई माथि उचालिएर एकै पटकमा टुक्रा टुक्रा पारिनेछ । १५- अनि त्यस दिन आवश्यमभावी काम हुन पुग्नेछ । १६- आकाश चिरिनेछ अनि त्यो त्यस दिन सजिलै भाँचिने वस्तु हुनेछ । १७- देवदूतहरू त्यसको किनारामा हुनेछन् । अनि तपाईंको पालनकर्ताको सिंहासनलाई आठ जाना देवदूतहरूले आफूमाथि उचालेका हुनेछन् । १८- त्यसदिन तिमीहरू पेश गरिनेछौ र तिमीहरूको कुनै रहस्य लुकेको हुने छैन ।

१९- जुन व्यक्तिलाई उसको कर्म-पत्र उसको दाहिने हातमा दिइनेछ उसले भन्नेछ- ल मेरो कर्म-पत्र पढ । २०- मलाई विश्वास थियो कि मैले मेरो हिसाबको सामना गर्नु पर्ने हुन्छ । २१- उनी मन पराउने ऐशमा हुनेछन्, २२- उच्च बगैँचामा, २३- त्यसका फलहरू नजिक झुण्डि रहेका हुनेछन् । २४- खाउ र पिउ मज्जा गर्दै,

ती कार्यहरूको बदलामा जो तिमीहरूले बितेका दिनहरूमा गर्यौ । २५- अनि जसलाई उसको कर्म-पत्र उसको देब्रे हातमा दिइनेछ, उसले भन्नेछन्- मैले मेरो कर्म-पत्र प्राप्त न गरेको भए हुनेथ्यो । २६- मेरो हिसाब के छ भन्ने कुरा मलाई थाहा न भएको भए राम्रो हुनेथ्यो । २७- त्यही मृत्यु निर्णायक मृत्यु भएको भए । २८- मेरो सम्पत्ति मलाई काम लागेन, २९- मैले सत्ता गुमाएँ । ३०- यस व्यक्तिलाई समात र उसको घाँटिमा नेल हाल, ३१- अनि उसलाई नर्कमा हाल । ३२- त्यसपछि उसलाई सत्तरी हात लामो जन्जिरमा जकडिदेउ । ३३- यो व्यक्ति महान ईश्वरमाथि आस्था राख्दैन थियो, ३४-गरिबहरूलाई खाना खुवाउन प्रोत्साहित गर्दैनथ्यो । ३५- अतः आज यहाँ कोही सहयोगी छैन, ३६- घाउका रगत र पीपबाहेक उसको लागि अरू केहि भोजन छैन, ३७- त्यसलाई पापीहरूबाहेक कसैले खाने छैन् ।

३८- अनि होइन, म कसम खान्छु ती वस्तुहरूको जो तिमीहरू देख्छौ, ३९- र जे तिमीहरू देख्दैनौ । ४०- निश्चय नै यो एक जना प्रतिष्ठित सन्देश-दाताको वाणी हो । ४१- यो कुनै कविको कथन होइन, तर तिमीहरू कमै आस्था ल्याउँछौ । ४२- अनि यो ज्योतिषीको पनि कथन होइन । तिमीहरू कमै विचार गर्छौ । ४३- यो सम्पूर्ण सृष्टिको पालनकर्ताको तर्फबाट अवतरण गरिएको छ । ४४- यदि उहाँले स्वयं रचेर कुनै कुरा मसँग जोडेको भए, ४५- हामीले उहाँको दाहिने हात समात्ने थियौं, ४६- अनि हामी उहाँको मुटुको नसा नै काट्ने थियौं, ४७- अनि तिमीहरूमध्ये कसैले पनि हामीलाई रोक्ने वाला हुने थिएन । ४८- निस्सन्देह यो उपदेश हो, डराउनेहरूका लागि, ४९- हामीलाई थाहा छ कि तिमीहरूमध्ये यसलाई केही झूठो ठहर गर्ने वाला पनि छन् । ५०- नकार्नेहरूका लागि पश्चाताप छ । ५१- यो अति विश्वसनीय सत्य हो । ५२- अनि तपाईं आफ्नो महान पालनकर्ताको नामको पवित्रता बयान गर्नुहोस् ।

# सूरह अल्-मआरिज- ७०

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- माग्ने वालाले अवश्य रूपमा आउने प्रकोप माग्यो । २- नकार्नेहरूबाट कोही यसबाट बचाउने वाला छैन । ३- ईश्वरकत्र तर्फबाट जो भर्याङ्ग वाला हुनुहुन्छ । ४- उहाँतर्फ देवदूतहरू र जिब्रील चढेर जान्छन्, एउटा यस्तो दिनमा जसको अवधि पचास हजार वर्ष छ । ५- अनि तपाईं धैर्य गर्नुहोस् राम्रो तरिकाको धैर्य । ६- तिनीहरू त्यसलाई टाढा देख्छन्, ७- र हामी यसलाई नजिक देख्दैछौं । ८- जुन दिन आकाश तेलको तलछट जस् हुनेछ, ९- र पहाडहरू चुटिएको ऊन जस्तो हुनेछन् । १०- कुनै मित्रले अर्को मित्रलाई सोध्ने छैन । ११- तिनीहरू देखाइनेछन् । अपराधिले यातनाबाट बाँच्नको लागि आफ्नो सन्तानलाई, १२- आफ्नी पत्नी र दाजुभाइलाई, १३- आफ्नो खान्दानलाई, जो उसलाई आश्रय दिने वाला थियो, १४- पृथ्वीमा बस्ने सबैलाई फिरौतीमा राख्न तैयार हुनेछ ।

१५- होइन, त्यो त दन्कदो आगो हुनेछ, १६- जसले छाला नै निकाल्नेछ, १७- त्यसले यस्तो सबै व्यक्तिलाई बोलाउनेछ जसले पिठ्यूँ फर्काए र विमुख भए, १८- धन जम्मा गरे र थुपारेर राखे, १९- वास्तवमा, मनुष्य कम आँट राखेको सृष्टि गरिएको छ । २०- जब उसलाई कष्ट पुग्छ तब ऊ ब्याकुल हुन्छ, २१- जब ऊ समपन्न हुन्छ तब कन्जुस्याईँ गर्न थाल्छ । २२- तर त्यो नमाजी, २३- जो नियमित रूपमा नमाज पढ्छ, २४- जसको धनमा निश्चित हक छ, २५- माग्नेहरूको र वञ्चितहरूको, २६- जो निसाफको दिनमा विश्वास राख्छ, २७- जो आफ्ना पालनकर्ताको यातनाबाट डराउँछ । २८- वास्तवमा कसैले पनि आफ्ना पालनकर्ताको यातनाबाट निडर हुनुहुँदैन । २९- जो आफ्ना गुप्ताङ्गको रक्षा गर्छ, ३०- सिवाय आफ्नी पत्नीहरू र दासीहरूको, त्यसमा उनीहरूको लागि कुनै निन्दा छैन । ३१- तर जो व्यक्ति यीबाहेक अन्य केही चाहन्छ भने

यस्तो व्यक्ति सीमाहरू नाघ्नेहरूमध्ये हो। ३२- जो नासोको सुरक्षा गर्छ र प्रतिज्ञा पूरा गर्छ, ३३- जो गवाहीहरूमा कायम रहन्छ, ३४- जो नमाजको रक्षा गर्छ। ३५- यस्ता मानिसहरू नै स्वर्गमा सम्मानपूर्वक लागि रहनेछन्।

३६- अनि ती नकार्नेहरूलाई के भएको छ कि तिनीहरू तपाईंतर्फ दगुर्दै आउँदैछन् ? ३७- दाहिने र देब्रेतर्फबाट बिभिन्न समूहमा, ३८- के तिनीहरूमध्ये प्रत्येकले लालच राख्छ कि उसलाई अनुग्रहले भरिएका स्वर्गमा प्रवेश गराइनेछ ? ३९- कदापि होइन, उनीहरूलाई थाहा भएको वस्तुबाट हामीले उनीहरूको सृष्टि गर्यौं।

४०- अनि होइन, म कसम खान्छु पूर्वहरू र पश्चिमहरूका पालनकर्ताको, हामी यस कुराको समर्थ्य राख्छु, ४१- कि तिनीहरूलाई परिवर्तन गरेर तिनीहरूभन्दा राम्रो ल्याउँ, हामी असमर्थ् छुइन। ४२- तिनीहरूलाई छोड्नुहोस् कि तिनीहरूले कुरा गरुन् र खेल तमासा गरुन् यहाँसम्म कि तिसनीहरू आफ्ना त्यस दिनको सामना गरुन् जसको तिनीहरूसँग वाचा गरिंदैछ। ४३- जुन दिन तिनीहरू आफ्ना चिहानहरूबाट यसरी दगुर्नेछन् मानौं एउटा निशानातर्फ भाग्दैछन्। ४४- तिनीहरूको आँखा झुकेका हुनेछन्, अपमानमा डुबेका हुनेछन्। यो हो त्यो दिन जसको वाचा गरिएको थियो।

## सूरह नूह- ७१

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- हामीले नूहलाई उनको समुदायतिर रसूल बनाएर पठायौं कि तिनीहरूमाथि एउटा पाडादायी आपदा आउनुअघि नै तिनीहरूलाई सावधान गर। २- नूहले भने- हे मेरो समुदायका मानिसहरू हो ! म तिमीहरूको लागि स्पष्ट सचेतक हुँ। ३- केवल ईश्वरको उपासना गर, उहाँको भय राख र मेरो आज्ञापालन गर।

४- ईश्वरले तिमीहरूको पापलाई माफ गर्नुहुनेछ र तिमीहरूलाई एउटा निश्चित अवधिसम्म बाँकि राख्नुहुनेछ, वास्तवमा जब ईश्वरले निश्चित गर्नु भएको समय जब आउँछ तब त्यो टारिने छैन। तिमीहरूले जानेका भए बेस हुने थियो।

५- नूहले भने- हे मेरा पालनकर्ता ! मैले मेरो समुदायलाई रातदिन आह्वान गरिराखें। ६- तर मेरो आह्वानले तिनीहरूलाई झन् टाढा पार्यो। ७- म तिनीहरूलाई जहिले बोलाएँ कि तपाईंले क्षमा गर्नु होस्, तिनीहरूले आफ्ना औंलाहरूले आफ्ना कान बन्द गरे र आफ्ना लुगाले आफूलाई छोपे, जिद्दी गरे र घमण्ड गरे। ८- अनि मैले उनीहरूलाई सार्वजनिक रूपमा आह्वान गरें। ९- अनि मैले खुल्ला रूपमा आह्वान गरेँ र गोप्य रूपमा पनि समझाएँ। १०- मैले भनेँ- माफि माग, ईश्वर अति क्षमाशील हुनुहुन्छ। ११- उहाँले तिमीहरूमाथि धेरै वर्षा बर्साउनु हुनेछ। १२- तिमीहरूलाई धन-सम्पत्ति र सन्तानमा प्रगति दिनुहुनेछ, तिमीहरूका लागि बगैंचाहरू सृष्टि गर्नु हुनेछ र तिमीहरूको लागि नहरहरू बनाउनुहुनेछ। १३- तिमीहरूलाई के भएको छ कि तिमीहरू ईश्वरको महानताको आशा राख्दैनौ। १४- जब कि उहाँले तिमीहरूलाई विभिन्न चरणमा सृष्टि गर्नुभयो। १५- के तिमीहरूले देखेनौ ईश्वरले एकमाथि अर्को गरी कसरी सातवटा आकाशहरू बनाउनुभयो ? १६- त्यसमा चन्द्रमालाई ज्योति र सूर्यलाई दीप बनाउनुभयो। १७- ईश्वरले तिमीहरूलाई माटोबाट विशेष तरिकाले सृजना गर्नुभयो। १८- अनि उहाँले तिमीहरूलाई भूमिमै फर्काउनु हुनेछ। अनि त्यसैबाट बाहिर निकाल्नु हुनेछ। १९- ईश्वरले तिमीहरूका लागि धर्तीलाई समतल बनाउनु भयो। २०- ताकि तिमीहरू त्यसका खुल्ला बाटोमा हिँड।

२१- नूहले भने- हे मेरा पालनकर्ता ! तिनीहरूले मेरो कुरा मानेनन्। तिनीहरूले यस्ता मानिसहरूको अनुसरण गरे जसका धन र सन्तानहरूले तिनीहरूका घाटामा नै बृध्दि गरे। २२- तिनीहरू खुबै षडयन्त्र गरे। २३- तिनीहरूले भने- तिमीहरू आफ्ना भगवानहरूलाई न छोड र कदापि न छोड वद, सुवाअ, यगूस,

यऊक र नस्रलाई। २४- मूर्तीहरूले धेरै मानिसहरूलाई पथभ्रष्ट गरेका छन्। अब तपाईं पथभ्रष्टहरूको पथभ्रष्टतामा नै बृध्दि गर्नुहोस्। २५- आफ्ना पापहरूले गर्दा तिनीहरू पानीमा डुबाइए, अनि आगोमा हालिए। तिनीहरू ईश्वरबाट जोगाउने कुनै सहयोगी पाएनन्।

२६- नूहले भने- हे मेरा पालनकर्ता ! यी नकार्नेहरूमध्ये कसैलाई पनि धर्तीमा न छोड्नुहोस्। २७- यदि तपाईं छोड्नुहुन्छ भने तिनीहरूले तपाईंका भक्तहरूलाई पथभ्रष्ट पार्नेछन्। तिनीहरूका नसलमध्ये सबै दुष्कर्मी र कट्टर नकार्नेहरू नै जन्म लिनेछन्। २८- हे मेरा पालनकर्ता ! मलाई क्षमा गर्नुहोस्, मेरा आमाबुवा, आस्था ल्याएर मेरो घरमा आउनेहरू र सबै आस्थावान पुरूष र महिलालाई माफ गरिदिनुहोस्। अनि अत्याचारीहरूको विनाशमा नै वृध्दि गर्नु होस्।

## सूरह अल्-जिन- ७२

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- भन्नुहोस्- मलाई प्रकाशना गरिएको छ कि जिन्नको एउटा समूहले कुर्आन सुन्यो। र भन्यो- हामीले आश्चर्यजनक कुर्आन सुन्यौं। २- जो मार्गदर्शन गर्छ। तसर्थ हामीले त्यसमा आस्था ल्यायौँ र हामी आफ्ना पालनकर्तासँग कसैलाई साझेदार ठहर गर्ने छैनौं। ३- र यो कि हाम्रा पालनकर्ताको शान अति उच्च छ र उहाँले कसैलाई न पत्नी बनाउनु भएको छ न सन्तान नै। ४- र यो कि हाम्रा अल्लारे व्यक्ति ईश्वरको बारेमा विकृत कुरा गर्ने गर्थ्यौं। ५- हामीले यो ठानेका थियौं कि मनुष्य र जिनले ईश्वरको शानमा कुनै झूठो कुरा गर्ने छैन। ६- मनुष्यहरूमध्ये केही व्यक्तिहरू जिन्नहरूमध्येका केही व्यक्तिहरूको शरण लिने गर्थे, जसले गर्दा जिन्नको घमण्ड बढेको थियो। ७- तिनीहरूले पनि तिमीहरू जस्तै ठानेका थिए- मृत्युपश्चात ईश्वरले कसैलाई जीवित पार्नु हुने छैन।

८- हामीले आकाशको अनुगमन गर्यौं अनि हामीले पायौं कि त्यो कडा पहरादारहरू र ज्वालाहरूबाट भरिएको छ । ९- हामीहरू केही ठाउँहरूमा सुन्नको लागि बस्ने गर्थ्यौं, तर अब जो पनि सुन्न खोज्छ तयार ज्वाला पाउँछ । १०- हामीहरूलाई थाहा छैन कि धर्ती बासीहरूका लागि नराम्रो चाहिएको छ वा उनीहरूका पालनकर्ताले उनीहरूको लागि भलाईको इरादा गर्नुभएको छ । ११- र यो कि हामीहरूमध्ये कोही ईशभय राख्ने छन् भने कोही अर्को खालको । हामीहरू विभिन्न तरिकाहरूमा छौं । १२- र यो कि हामीहरू बुझि सकेका छौं हामीहरू ईश्वरलाई धर्तीमा पराजति गर्न सक्दैनौं न भागेर उहाँलाई विवश पार्न सक्छौं । १३- र यो कि जब हामीहरूले मार्गदर्शनको कुरा सुन्यौं तब हामीहरूले आस्था ल्यायौं । अनि जो व्यक्ति आफ्ना पालनकर्तामाथि आस्था ल्याउँछ उसलाई न कुनै कमीको डर हुनेछ न कुनै जियादतिको डर हुन्छ । १४- र यो कि हामीहरूमध्ये कोही आज्ञाकारी छन् भने कोही सिधा बाटोबाट हटेका छन् । तसर्थ जसले आज्ञापालन गर्यो उसले भलाइको मार्ग पायो । १५- जुन व्यक्तिहरू सिधा बाटोबाट हटेका छन् तिनीहरू नर्कको इन्धन बन्नेछन् ।

१६- (मलाई प्रकाशना गरिएको छ कि) यदि यिनीहरू सीधा मार्गमा अडिग रहेको भए हामीले तिनीहरूलाई प्रशस्त प्रदान गर्ने थियौं । १७- ताकि त्यसमा उनीहरूको जाँच गरौं । अनि जो व्यक्ति उहाँको उपदेशबाट विमुख हुनेछ उसलाई उहाँले कठोर यातना दिनुहुनेछ । १८- र यो कि मस्जिदहरू ईश्वरका हुन्, अनि तिमीहरू ईश्वरका साथ अरू कसैलाई नपुकार । १९- र यो कि जब ईश्वरको भक्त उहाँलाई पुकार्नको लागि उभ्नुभयो, तब मानिसहरू उहाँमाथि आक्रमण गर्न तयार भए । २०- किनभने म मात्र आफ्ना पलनकर्तालाई पुकार्छु र उहाँसँग कसैलाई साझेदार ठहर गर्दिन । २१- भन्नुहोस्- म तिमीहरूलाई न कुनै हानि पुर्याउने अधिकार राख्छु न कुनै फाइदा नै । २२- भन्नुहोस्- मलाई ईश्वर बाहेक कोही बचाउन सक्दैन न उहाँबाहेक अरू कसैको शरण पाउन सक्छु । २३- अनि ईश्वरको

तर्फबाट पुर्याउनु छ र उहाँको सन्देश पुर्याउने जिम्मेबारी छ । अनि जसले ईश्वर र उहाँको रसूलको अवज्ञा गर्नेछ उसको लागि नर्कको आगो छ जसमा तिनीहरू सदा रहनेछन् ।

२४- यहाँसम्म कि जब तिनीहरूले देख्नेछन् त्यस चिजलाई जसको वाचा गरिएको छ तब तिनीहरूले जान्नेछन् कि कसका सहयोगीहरू कमजोर छन् र को संख्याँमा कम छन् । २५- भन्नुहोस्- चेतावनी दिइएको यातना नजिक छ वा त्यसको लागि लामो समय बाँकी छ भन्ने कुरा मलाई थाहा छैन । २६- उहाँ नै अदृश्यका ज्ञाता हुनुहुन्छ उहाँ आफ्नो अदृश्यको ज्ञान कसैसमक्ष प्रकट गर्नुहुन्न, २७- सिवाय त्यस रसूललाई जसलाई उहाँले छान्नु भएको छ, अनि उहाँको अगाडि र पछाडिबाट सुरक्षा कर्मी खटाउनु हुन्छ । २८- ताकि ईश्वरले जानुन् कि रसूलले आफ्ना पालनकर्ताको सन्देश पुर्याउनु भयो । ईश्वर उनीहरूको वातावरणलाई घेरामा लिनु भएको छ र उहाँले हरेक चिजको गणना गर्नु भएको छ ।

## सूरह अल्-मुज्जम्मिल- ७३

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- हे आफ्नो लुगामा बेरिएका, २- रातमा उभ्नु होस् सिवाय थोरै भाग, ३- आधा रात वा त्यसभन्दा कम, ४- वा त्यसमा अलि बृद्धि गर्नु होस् र कुर्आनलाई बिस्तारै पाठ गर्नुहोस् । ५- हामी तपाईंमाथि एउटा भारी कुरा हाल्ने वाला छौं ।

६- वास्तवमा रातमा जाग्नु कठिन कार्य हो र धेरै राम्रो उच्चारण हुन्छ । ७- निस्सन्देह तपाईंलाई दिनमा धेरै कामहरू हुन्छन् । ८- आफ्ना पालनकर्ताको नामको जप गर्नु होस् र एकाग्र भई मात्र उहाँतर्फ सम्बोधित होउ । ९- उहाँ पूर्व र

पश्चिमका मालिक हुनुहुन्छ। उहाँबाहेक कोही उपास्य छैन। तसर्थ उहाँलाई कार्य-साधक बनाउ। १०- मानिसहरू जे जति भन्छन् त्यसलाई सहन गर्नु होस् र राम्रो तरिकाले तिनीहरूबाट टाढा रहनुहोस्। ११- झूठो ठहर गर्ने धनी मानिसहरूको मामिला म माथि छोड्नु होस् र तिनीहरूलाई अलि केहि समय दिनु होस्। १२- मसँग जन्जिर छ र दन्कँदो आगो छ। १३- घाँटिमा निल्न न सकिने खालको खाना छ र पीडादायी यातना छ। १४- जुन दिन धर्ती र पर्वतहरू हल्लिनेछन् र पर्वतहरू बालुवाका चिप्लिने ढेर बन्नेछन्।

१५- हामीले तिमीहरूतर्फ एक जना रसूल पठाएकाछौं, तिमीहरूमाथि गवाह बनाएर, जसरी हामीले फिऔंनतर्फ एकजना रसूल पठाएका थियौं। १६- फिऔंनले रसूलको अवज्ञा गर्यो, अनि हामीले उसलाई कडाइका साथ समात्यौँ। १७- यदि तिमीहरूले नकाछौं भने तिमीहरू त्यस दिनको यातनाबाट कसरी बाँच्न सक्छौ जसले बच्चालाई बुढो बनाइ दिन्छ। १८- जसमा आकाश फुट्नेछ। निस्सन्देह ईश्वरको वाचा अवश्य पूरा हुनेछ। १९- यो एउटा उपदेश हो। अनि जसले चाहन्छ आफ्नो पालनकर्तासम्म पुर्याउने बाटो रोजोस्।

२०- निस्सन्देह तपाईंका पालनकर्ता जान्नुहुन्छ कि तपाईं करिब रातको दुई तिहाइ वा आधा रात वा एक तिहाइ रात नमाज पढनुहुन्छ र तपाईंका साथीहरूको पनि एउटा जमात तपाईंसँग नमाज पढछ। ईश्वर नै रात र दिनलाई निर्धारण गर्नुहुन्छ। उहाँले जान्नु भयो कि तपाईंले त्यसलाई पूरा गर्न सक्नुहुन्न। अनि उहाँले तपाईंमाथि कृपा गर्नुभयो। अब कुर्आनबाट पढ्नुहोस् जति तपाईं भियाउनु हुन्छ। उहाँले जान्नुभयो तिमीहरूमध्ये कतिपय मानिसहरू बिरामी हुनेछन् र कतिपय मानिसहरू ईश्वरका जीविका आर्जन गर्नका निम्ति यात्रामा हुनेछन्। अन्य यस्ता मानिसहरू पनि हुनेछन् जो ईश्वरको मार्गमा युद्ध गर्नेछन्। अतः त्यसबाट पढ जति तिमीहरूका लागि सजिलो हुन्छ। नमाज कायम गर, जकात चुक्ता गर र ईश्वरलाई ऋण देउ राम्रो ऋण। जुन सुकै भलाइ तिमीहरूले अगाडि पठाउनेछौ त्यसलाई

ईश्वरकहाँ उपस्थित पाउनेछौ । त्यो उत्तम छ र पुण्यमा बढी छ । ईश्वरसँग क्षमा माग, निस्सन्देह क्षमाशील र दयावान हुनुहुन्छ ।

## सूरह अल्-मुद्दस्सिर- ७४

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- हे लुगामा बेरिएका, २- उठ्नुहोस् र मानिसहरूलाई डर देखाउनुहोस्, ३- र
आफ्नो पालनकर्ताको महिमागान गर्नुहोस्, ४- आफ्ना लुगालाई पवित्र राख्नुहोस्,
५- फोहोरलाई त्याग्नु होस् । ६- यस्तो न गर्नुहोस् कि उपकार गर्नु होस् र धेरै
प्रतिदान खोज्नु होस्, ७- आफ्ना पालनकर्ताको लागि धैर्य गर्नुहोस् ।

८- अनि जब कर्कश ध्वनी फुकिनेछ । ९- त्यो अलि कठीन दिन हुनेछ ।
१०- नकार्नेहरूको लागि सजिलो हुने छैन । ११- छोड्नुहोस मलाई र त्यस
व्यक्तिलाई जसलाई मैले एक्लै सृष्टि गर्यौं, १२- र उसलाई अपार धन दिएँ,
१३- नजिक बस्ने छोराहरू । १४- हरेक प्रकारका सामान उसको लागि जुटाएँ,
१५- अनि उसले त्यसमा थप वृद्धिको लालच गर्छ । १६- कदापि होइन, ऊ हाम्रा
श्लोकहरूको विरोधि हो । १७- चाँडै नै म उसलाई कठीन चढाइ चढाउने छु ।

१८- उसले सोच्यो र कुरा बनायो । १९- अनि ऊ बर्बाद भयो उसले कस्तो
कुरा बनायो ! २०- फेरी ऊ बर्बाद भयो उसले कस्तो कुरा बनायो ! २१- अनि
उसले देख्यो, २२- अनि उसले आँखा तर्यो र अनुहार बनायो, २३- अनि पिठ्यूँ
फर्कायो र घमण्ड गर्यो । २४- अनि भन्यो- यो त मात्र जादू हो जुन पहिले देखि
आउँदैछ । २५- यो त मात्र मनुष्यको वाणी हो ।

२६- म उसलाई चाँडै नै नर्कमा होम्ने छु । २७- तपाईंलाई के थाहा
के हो नर्क ? २८- न बाँकि राख्नेछ र न छोड्नेछ । २९- छाला डाम्ने वाला,
३०- त्यसमाथि उन्नाईसवटा फरिश्ताहरू छन् । ३१- हामीले मात्र देवदूतहरूलाई

नर्कका सुरक्षाकर्मी बनाएकाछौं। हामीले त्यसको जुन गन्ती राखेका छौँ त्यो मात्र नकार्नेहरूको परीक्षाको लागि। ताकि किताब प्रदान गरिएकाहरूले विश्वास गरुन्, आस्थावानहरूको आस्थामा हामीले वृद्धि गरौँ। किताब प्रदान गरिएकानहरू र आस्थावानहरूले शंका न गरुन्। ताकि हृदयमा रोग भएकाहरू र नकार्नेहरूले भनुन्- यसबाट ईश्वरको तात्पर्य के हो ? यसरी ईश्वर जसलाई चाहनुहुन्छ पथभ्रष्ट गर्नुहुन्छ र जसलाई चाहनुहुन्छ मार्गदर्शन दिनु हुन्छ । यो त मात्र उपदेश हो मानिसहरूका लागि।

३२- कदापि होइन, चन्द्रमाको कसम ! ३३- रातको जब त्यो फर्कन्छ, ३४- बिहानको जब त्यो प्रकाशमय हुन्छ। ३५- निस्सन्देह नर्कको आगो ठूला सङ्कटहरूमध्येको एक हो। ३६- मानिसहरूका लागि डरावा छ। ३७- ती मानिसहरूका लागि जो तिमीहरूमध्ये अगाडि बढ्छ वा पछाडि हट्छ । ३८- यस्तो व्यक्ति आफ्ना कर्महरूको सट्टामा गिर्वी छ। ३९- सिवाय दाहिने हात वाला । ४०- उनीहरू बगैंचाहरूमा हुनेछन् र सोधिरहेका हुनेछन्- ४१- अपराधिहरूसँग, ४२- तिमीहरूलाई कसले नर्कमा होम्यो ? ४३- तिनीहरूले भन्नेछन्- हामीहरू नमाज पढ्दैनथ्यौं, ४४- र हामीहरू गरिबहरूलाई खुवाउँदैनथ्यौं, ४५- र हामीहरू वाद वाद गर्नेहरूसँग वाद विवाद गर्थ्यौं, ४६- र हामीहरू निसाफको दिनलाई झूठो ठहर गर्ने गर्थ्यौं, ४७- यहाँसम्म कि त्यो आवश्यमभावी कुरा हामीहरूमाथि आयो। ४८- अनि सिफारिशकर्ताहरूको सिफारिसले तिनीहरूलाई कुनै फाइदा दिने छैन।

४९- तिनीहरूलाई के भएको छ कि तिनीहरू उपदेशबाट पिठ्यूँ फर्काउँछन् ? ५०- मानौं तिनीहरू जंगली गधाहरू हुन्, ५१- जो सिंहसँग डराएर भाग्दैछन्। ५२- बरु तिनीहरूमध्ये हरेकको चाहना छ कि तिनीहरूलाई खुल्ला पात्रो दिइयोस्। ५३- कदापि होइन ! बरु तिनीहरू परलोकसित डराउँदैनन्। ५४-कदापि होइन, यो त एउटा उपदेश हो।

५५- तसर्थ जसको चाहना छ उसले उपदेश लिओस् । ५६- ईश्वरले नचाहेसम्म तिनीहरूरले उपदेश लिन सक्ने छैनन् । उहाँ नै हुनुहुन्छ जोसँग भय राख्नु पर्छ र उहाँ नै हुनुहुन्छ क्षमा गर्ने अधिकार राख्ने ।

## सूरह अल्-कियामह- ७५

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- होइन, म कसम खान्छु महाप्रलयको दिनको । २- र होइन, म कसम खान्छु निन्दा गर्ने आत्माको । ३- के मनुष्यलाई लाग्छ, उसको हामी उसका हाडहरूलाई एकत्रित गर्ने छैनौं ?! ४- किन होइन, हामी उसका औँलाहरूलाई पहिले जस्तै पूर्ण रूपले बनाउने सामर्थ्य राख्दछौं । ५- तर मुष्य उहाँसमक्ष ढिटाइ गर्न चाहन्छ । ६- उनीहरू महाप्रलय कहिले आउनेछ भनी सोध्छन् ? ७- जब आँखाहरू तिरमिराउनेछ । ८- चन्द्रमाको प्रकाश हराउनेछ । ९- चन्द्रमा र सूर्यलाई एकत्रित पारिनेछ । १०- त्यसदिन मनुष्यले भन्नेछ- म कहाँ भागुँ ? ११- कदापि होइन, कहीँ आश्रय छैन । १२- त्यसदिन तपाईंको पालनकर्ताकहाँ नै आश्रय छ । १३- त्यसदिन मनुष्यलाई बताइनेछ कि के उसले अगाडि पठाएको छ र के उसले पछि छोडेको छ । १४- बरु मनुष्य स्वयम आफूलाई जान्दछ । १५- यद्यपी उसले जति पनि बहानाहरू प्रस्तुत गरोस् ।

१६- तपाईं कुर्आन पढदा जिब्रो न चलाउन्होस् कि यसलाई चाँडै सिक्नु होस् । १७- हाम्रो जिम्मामा छ त्यसलाई जम्मा गर्नु र त्यसलाई सुनाउनु । १८- जब हामी त्यसलाई सुनाउँछौँ तब त्यसको वाचनको अनुसरण गर्नुहोस् । १९- अनि हाम्रो जिम्मामा छ त्यसको व्याख्या गर्नु ।

२०- कदापि होइन, तिमीहरू चाहन्छौ चाँडै आउने चिज, २१- र छोड्छौ जो पछि आउनेछ । २२- केही अनुहारहरू त्यस दिन उज्यालो हुनेछन् । २३-

आफ्ना पालनकर्तातर्फ हेरिरहेका हुनेछन् । २४- केही अनुहारहरू त्यस दिन दुःखी हुनेछन् । २५- अनुमान गर्नेछन् कि तिनीहरूसँग कम्मर भाँच्ने मामिला गरिनेछ । २६- कदापि होइन, जब प्राण उसको घाँटीसम्म आइपुग्नेछ । २७- भनिनेछ- को हो झारफुँक गर्ने ? २८- उसले अनुमान गर्नेछ कि अब यो विछोडको समय हो । २९- पिँडौलासँग पिडौँला बेरिनेछ । ३०- त्यो दिन हुनेछ उसको पालनकर्तातर्फ जाने ।

३१- उसले न सत्य ठान्यो र न नमाज नै पढ्यो । ३२- बरु झूठो ठहर गर्यो र विमुख भयो । ३३- अनि घमन्डका साथ हिंड्दै आफ्नो साथीकहाँ गयो । ३४- अपसोच छ तिमीमाथि अपसोच छ । ३५- फेरि अपसोच छ तिमीमाथि अपसोच छ । ३६- के मनुष्यको विचारमा ऊ यस्तै छोडिनेछ ? ३७- के ऊ स्खलन भएको वीर्यको एउटा थोपा थिएन ? ३८- त्यसपछि ऊ रगतको ढिक्कोमा पऋणत भयो । अनि ईश्वरले उसको सृजना गर्नुभयो र उसका अङ्ग ठीक पार्नुभयो । ३९- त्यसपछि उहाँले त्यसको दुई किसिम गर्नुभयो पुरूष र महिला । ४०- के उहाँ मृतलाई जीवित पार्न सक्षम हुनुहुन्न र ?

## सूरह अद्दह्र- ७६

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- कहिले मनुष्यमाथि युगमा एउटा समय बितेको छ कि ऊ कुनै उल्लेखनीय चिज थिएन । २- हामीले मनुष्यलाई मिश्रित वीर्यबाट सृष्टि गर्यौं । हामीले उसलाई उलटो पुल्टो गरि राख्यौँ अनि हामीले उसलाई सुन्ने र देख्ने वाला बनायौँ । ३- हामीले उसलाई मार्गदर्शन प्रदान गर्यौं । अब ऊ कि त आभार प्रकट गर्ने वाला बनास् कि त नकार्ने वाला ।

४- हामीले नकार्नेहरूका लागि जन्जिर, नेल तथा दन्कँदो आगो तयार

पारेकाछौं। ५- सत्कर्मीहरू यस्ता पियालामा पिउनेछन् जसमा कपूरको मिसावट हुनेछ। ६- त्यस मूलबाट भक्तहरूले पिउनेछन्। ७-उनीहरूले त्यसबाट शाखाहरू निकाल्नेछन्। उनीहरू आफूमाथि अनिवार्य गरेका उपासनालाई पूरा गर्छन् र यस्तो दिनदेखि डराउँछन् जसको सङ्कट चारैतिर फैलिएको हुनेछ। ८- उनीहरू प्रेम पूर्वक गरिब, टुहुरो र बन्दीलाई खुवाउँछन्। ९- हामी मात्र ईश्वरलाई प्रसन्न पार्नको लागि तिमीहरूलाई खाना खुवाउँछौँ, हामी तिमीहरूबाट न त बदला चाहन्छौँ न धन्यवाद। १०- हामी हाम्रा पालनकर्ताको तर्फबाट एउटा कठिन दिनको आशङ्का राख्छौँ। ११- ईश्वरले उनीहरूलाई त्यस दिनको कठोरताबाट जोगाउनु भयो र उनीहरूलाई ताजापन र खुशी प्रदान गर्नु भयो। १२- उनीहरूलाई धैर्यको प्रतिफल स्वरूप स्वर्ग र रेशमको वस्त्र प्रदान गर्नु भयो। १३- त्यहाँ उनीहरू खाटमा अडेस लगाएका हुनेछन्, उनीहरूले न गर्मी देख्नेछन् न चिसो। १४- स्वर्गका छायाँ उनीहरूमाथि झुकेको हुनेछ र त्यसका फलफूलहरू उनीहरूको वशमा हुनेछन्। १५- उनीहरूसमक्ष चाँदीका भाँडाहरू र काँचका प्यालाहरू घुमिरहेका हुनेछन्। १६- चाँदीका प्यालाहरू हुनेछन् जसलाई भर्ने वालाले उचित तरिकाले भरेको हुनेछ।

१७- उनीहरूलाई एउटा थप पेय पदार्थ पिलाइनेछ जसमा अदुवाको मिश्रण हुनेछ। १८- यो स्वर्गमा सल्सबील नाम गरेको मूल हो। १९- स्वर्गमा उनीहरूको सेवामा सदा बालक नै रहने बालकहरू घुमिरहनेछन्। तपाईंले उनीहरूलाई देख्दा तितर बितर गरिएका मोतीहरू ठान्नु हुन्छ। २०- तपाईंले जहाँ देख्दा महान वरदानहरू र महान राज्य-सत्ता देख्नुहुनेछ। २१- उनीहरूले पातलो र बाक्लो दुवै किसिमका रेशमको उत्कृष्ट हरियो पोशाक लाएका हुनेछन् र उनीहरूलाई चाँदीको बाला पहिराइनेछ। अनि उनीहरूका मालिकले उनीहरूलाई उत्कृष्ट पेय पदार्थ पिलाउनु हुनेछ। २२- निस्सन्देह यो तिमीहरूको प्रतिदान हो र तिमीहरूको सत्कर्महरू स्वीकार्य भए।

२३- हामीले तपाईंमाथि कुर्आनलाई अलि अलि गरेर अवतरण गर्यौं । २४- तपाईं आफ्ना पालनकर्ताको निर्णयप्रति धैर्य धारण गर्नुहोस् र तिनीहरूमध्ये कुनै पापी र बेगुणीको अनुसरण नगर्नुहोस् । २५- बिहिन र बेलुकी आफ्ना पालनकर्ताको नामको जप गर्नुहोस् । २६- रातमा पनि उहाँसमक्ष नतमस्तक हुनुहोस् । रातका लामो समयहरूमा उहाँको महिमा गान गर्नुहोस् । २७- तिनीहरू चाँडै प्राप्त हुने चिज चाहन्छन् र पछि आउने कठिन दिनलाई बेवास्ता गरेका छन् । २८- हामीले नै उनीहरूको सृष्टि गरेकाछौं र उनीहरूका अंगहरूलाई सुदृढ पारेकाछौं । हामीले जहिले चाहेमा उनीहरूलाई नष्ट गरी उनीहरू जस्तै अरूलाई प्रतिस्थापन गर्नेछौं । २९- यो एउटा उपदेश हो, अनि जसको इच्छा छ उसले आफ्नो पालनकर्ताको मार्ग अपनाओस् । ३०- ईश्वरले नचाहेसम्म तिमीहरूले चाहन सक्दैनौ । निस्सन्देह उहाँ सर्वज्ञ र तत्वदर्शी हुनुहुन्छ । ३१- उहाँ जसलाई चाहनुहुन्छ आफ्नो दया अन्तर्गत लिनुहुन्छ । अत्याचारीहरूका लागि उहाँले पीडादायी यातना तयार राख्नुभएको छ ।

## सूरह अल्-मुर्सलात- ७७

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- कसम हावा हुरीको जब त्यो छोडिन्छ । २- अनि त्यो अति तेज गतिमा चल्छ । ३- बादलहरूलाई उचालेर फैलाउँछ । ४- फेरि मामिलालाई छुट्याउँछ । ५- फेरि उपदेश प्रसार गर्छ । ६- बहाना स्वरूप वा डरावा स्वरूप । ७- जुन कुराको वाचा गरिँदैछ त्यो अवश्य पूरा हुनेछ ।

८- अनि जब ताराहरू प्रकाशहीन हुनेछ । ९- जब आकाश चर्किनेछ । १०- जब पहाडहरू धूलो बनाइनेछन् । ११- जब रसूलहरूलाई तोकिएको समयमा भेला गरिनेछ । १२- कुन दिनको लागि तिनीहरू स्थगित गरिएका छन् ।

१३- निर्णयको दिनको लागि । १४- तपाईंलाई निर्णयको दिनको विषयमा के थाहा ?! १५- बर्बादी छ त्यस दिन झूठो ठहर गर्नेहरूको लागि । १६- के हामीले पहिलेका समुदायहरूलाई नष्ट पारेनौँ ? १७- फेरी हामी पठाउँछौँ तिनीहरूपछि पछि आउनेहरूलाई । १८- हामीले अपराधीहरूसँग यस्तै गर्छौँ। १९- बर्बादी छ त्यस दिन झूठो ठहर गर्नेहरूको लागि ।

२०- के हामीले तिमीहरूलाई एउटा महत्वहीन पानीबाट सृष्टि गरेको होइन र ?! २१- अनि त्यसलाई हामीले एउटा सुरक्षित ठाउँमा राख्यौं । २२- एउटा निर्धारित अवधिसम्म । २३- अनि हामीले निर्धारित गर्यौं । हामी कति राम्ररी निर्धारण गर्ने वाला छौं । २४- बर्बादी छ त्यस दिन झूठो ठहर गर्नेहरूको लागि । २५- के हामीले धर्तीलाई समेट्ने चिज बनाएनौं ? २६- जीवितलाई र मृतहरूलाई । २७- हामीले यसमा पहाडहरू स्थापित गर्यौँ । हामीले तिमीहरूलाई मिठो पानी पिलायौँ । २८- बर्बादी छ त्यस दिन झूठो ठहर गर्नेहरूको लागि ।

२९- हिँड त्यस वस्तुतर्फ जसलाई तिमीहरू झूठो ठहर गर्थ्यौ । ३०- हिँड तीन शाखा वाला छायातर्फ । ३१- जसमा न छाया छ न घामबाट जोगाउन सक्छ । ३२- जसले तातो ज्वालाहरू बर्साउनेछ जो भवन जति ठूलो हुनेछ । ३३- पहेलो उँटहरू जस्तै । ३४- बर्बादी छ त्यस दिन झूठो ठहर गर्नेहरूको लागि । ३५- यो त्यो दिन हो जसमा मानिसहरू केही बोल्न सक्ने छैनन् । ३६- तिनीहरूलाई मजबूरी पेश गर्ने अवसर पनि प्राप्त हुने छैन । ३७- बर्बादी छ त्यस दिन झूठो ठहर गर्नेहरूको लागि । ३८- यो निर्णयको दिन हो । हामीले तिमीहरूलाई र पहिलेका समुदायहरूलाई भेला पारेकाछौं । ३९- यदि तिमीहरूसँग कुनै चाल छ मेरो विरुध्द चलाउ । ४०- बर्बादी छ त्यस दिन झूठो ठहर गर्नेहरूको लागि ।

४१- निश्चय नै डर राख्नेहरू छायामा र मूलहरूबीच हुनेछन् । ४२- फलफूलहरूमा हुनेछन् जो उनीहरू चाहन्छन् । ४३- स्वाद लिएर खाउ र पिउ, ती सत्कर्महरूको बदलामा जो तिमीहरू गर्ने गर्थ्यौ । ४४- हामी सत्कर्मीहरूलाई

यस्तै प्रतिदान दिन्छौं । ४५- बर्बादी छ त्यस दिन झूठो ठहर गर्नेहरूको लागि । ४६- खाउ र मोजमस्ती गर केहि दिन, वास्तवमा तिमीहरू पापी हौ । ४७- बर्बादी छ त्यस दिन झूठो ठहर गर्नेहरूको लागि । ४८- जब तिनीहरूलाई भनिन्छ- निहुर तब निहुरदैनन् । ४९- बर्बादी छ त्यस दिन झूठो ठहर गर्नेहरूको लागि । ५०- अब त्यसपछि तिनीहरू कुन कुरामा आस्था ल्याउनेछन् ?!

## सूरह अन्-नबा- ७८

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- मानिसहरू कुन चिजको बारेमा सोध्दैछन् ?! २- त्यस ठूलो सूचनाको विषयमा । ३- जसमा तिनीहरू मतभिन्नता राख्छन् । ४- कदापि होइन ! चाँडै नै तिनीहरूले जान्नेछन् । ५- कदापि होइन ! चाँडै नै तिनीहरूले जान्नेछन् । ६- के हामीले धर्तीलाई बिछयौना बनाएनौँ ? ७- र लागि पर्वतहरूलाई किला ? ८- हामीले तिमीहरूलाई जोडि जोडि बनाएका छौँ । ९- निद्रालाई बनायौँ थकाइ समाप्त पार्ने साधन । १०- हामीले रातलाई पर्दा बनायौँ । ११- हामीले दिनलाई जीविका खोज्ने समय बनायौं । १२- हामीले तिमीहरूमाथि सातवटा बलिया आकाशहरू बनायौँ । १३- हामीले त्यसमा एउटा चम्किलो दीप राखि दियौँ । १४- हामीले पानीले भरेको बादलबाट मोसलधारे वर्षा बर्सायौँ । १५- ताकि त्यसद्वारा उमारौँ अनाज र तरकारी, १६- र घना बगैंचा । १७- निस्सन्देह निर्णयको दिन एउटा निश्चत समय छ ।

१८- जुन दिन बिगुल फुकिनेछ, अनि तिमीहरू समूह समूहमा आउनेछौ । १९- आकाशलाई खोलिनेछ अनि त्यसमा ढोकै ढोकाहरू हुनेछन् । २०- पहाडहरू चलाइनेछन् अनि ती धुलो हुनेछन् । २१- निस्सन्देह नर्क पर्खाइमा बसेको छ । २२- उद्दण्डहरूको बास-स्थान । २३- जसमा तिनीहरू अनन्त

कालका लागि बस्नेछन् । २४- त्यसमा तिनीहरूले न चिसो वस्तु चाख्नेछन् न कुनै पेय-पदार्थ, २५- सिवाय तातो पानी र पीप । २६- तिनीहरूका दुष्कर्षहरू सरह बदला । २७- तिनीहरू हिसाबको आशा राख्दैनथे । २८- तिनीहरूले हाम्रा श्लोकहरूलाई पूर्णरूपमा झूठो ठहर गरे । २९- हामीले प्रत्येक वस्तुहरूको गन्ती लेखेर राखेकाछौँ । ३०- अनि चाख, हामी तिमीहरूको यातनामा नै बृद्धि गर्नेछौं ।

३१- निश्चम नै ईशभय राख्नेहरूका लागि सफलता छ । ३२- बगैचा र अंगुर । ३३- समान उमेरकी किशोरीहरू । ३४- भरिएका प्याला । ३५- त्यहाँ उनीहरूले बेकारको कुरा र झूठ सुन्ने छैनन् । ३६- बदला तिमीहरूका पालनकर्ताको तर्फबाट, तिनीहरूका कर्महरू अनुसार । ३७- करुणामय (ईश्वर) को तर्फबाट जो आकाशहरू, पृथ्वी र ती दुईबीचमा रहेका वस्तुहरूका मालिक हुनुहुन्छ । कसैले उहाँसँग कुरा गर्ने शक्ति राख्दैन । ३८- जुन दिन आत्मा (जिब्रील) र देवदूतहरू पंक्तिमा उभिनेछन् । उनीहरूमध्ये कसैले करुणामय (ईश्वर) को अनुमति बिना बोल्न सक्ने छैन । उनले ठीक कुरा गर्नेछन् । ३९- यो दिन सत्य हो अनि जसले चाहन्छ उसले आफ्नो पालनकर्ताकहाँ आश्रय-स्थल बनाओस् । ४०- हामीले तिमीहरूलाई नजिक आउने यातनादेखि सावधान गरेका छौँ । जुन दिन मनुष्यले उसको हातले अगाडि पठाएको कर्मलाई देख्नेछ, अनि नकर्नेले भन्नेछ- बरु म माटो भएको भए बेस हुन्थ्यो ।

## सूरह अन्-नाजिआत- ७९

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- कसम छ जरैदेखि उखेल्ने हावा-हूरीको । २- कसम छ बिस्तारै बग्ने हावाको । ३- कसम छ उडि रहेका बादलहरूको । ४- अनि प्रतिस्पर्धा गरेर अगाडि बढ्नेहरूको । ५- अनि मामिलाको योजना बनाउनेहरूको । ६- जुन

दिन हल्लाउनेले हल्लाउनेछ । ७- यसपछाडि एउटा अर्को चिज आउनेछ । ८- कतिपय मुटुहरू त्यस दिन धड्किं रहेका हुनेछन् । ९- तिनीहरूको आँखा झुकि राखेका हुनेछन् । १०- तिनीहरूले भन्छन्- के हामीहरू फेरि पहिला कै अवस्थामा आउनेछौं त ?! ११- के जब हामीहरू सडेका हाडहरू हुनेछौं ? १२- तिनीहरूले भने- यो फर्कनु त घाटाको कुरा हुनेछ । १३- त्यो त एउटा फटकार हुनेछ, १४- अनि तिनीहरू एक्कासी चौरमा उपस्थित हुनेछन् ।

१५- के तपाईंलाई मूसाको कुरा पुग्यो ?! १६- जब उनको पालनकर्तांले उनलाई 'तुवा' नामी पवित्र उपत्यकामा पुकार्नुभयो । १७- फिऔंन कहाँ जाउ, ऊ उद्दण्ड भएको छ । १८- उसलाई भन- के तिमी सुध्रन चाहन्छौ ? १९- अनि म तपाईंलाई तपाईंका पालनकर्तातिर मार्गदर्शन गरुँ अनि तपाईं डर मान्नुहोस् । २०- अनि मूसाले उसलाई ठूला ठूला निशानीहरू देखाए । २१- तर फिऔंनले झूठो ठहर गर्यो र कुरालाई मानेन । २२- अनि ऊ फर्कियो उपाय गर्दै । २३- अनि उसले भेला गर्यो र पुकार्यो २४- उसले भन्यो- म तिमीहरूको सबै भन्दा महान पालनकर्ता हुँ । २५- अनि ईश्वरले उसलाई लोक र परलोकको प्रकोपमा समात्नुभयो । २६- निस्सन्देह त्यसमा उपदेश छ प्रत्यक डर राख्ने व्यक्तिको लागि ।

२७- के तिमीहरूको कठीन छ वा आकाशको ? ईश्वरले त्यसलाई बनाउनु भयो । २८- त्यसको छानालाई उच्च पार्नुभयो र त्यसलाई ठीक पार्नु भयो । २९- रातलाई अन्ध्यारो र दिनलाई प्रकाशमय बनाउनुभयो । ३०- पृथ्वीलाई त्यसपछि विस्तार गर्नुभयो । ३१- त्यसबाट त्यसको पानी र बोटबिरूवा उमार्नुभयो । ३२- पहाडहरूलाई स्थिर पार्नुभयो । ३३- जीवन-सामग्री स्वरूप तिमीहरूको लागि र तिमीहरूका मवेशीहरूको लागि ।

३४- अनि जब ठूलो हो-हल्ला आउनेछ । ३५- जुन दिन मानिसले आफूले गरेका कर्महरूलाई सम्झनेछ । ३६- देख्नसक्नेसमक्ष नर्क प्रकट गरिनेछ । ३७-

अनि जसले उद्दण्डता मच्चायो, ३८- संसारको जीवनलाई प्राथमिकता दियो। ३९- नर्क उसको बास-स्थान हुनेछ। ४०- अनि जो व्यक्ति आफ्नो पालनकर्तासमक्ष उपस्थित हुन डरायो र मनलाई इच्छाबाट रोक्यो, ४१- स्वर्ग उसको बास-स्थान हुनेछ। ४२- तिनीहरू महाप्रलयको बारेमा सोध्छन् कि त्यो कहिले आउनेछ? ४३- तपाईंको के सरोकार त्यसको वर्णनसित। ४४- यो मामिला तपाईंको पालनकर्ताको जिम्मामा छ। ४५- तपाईंको जिम्मामा डराउनु मात्र हो जो डरोस्। ४६- जुन दिन तिनीहरूले देख्नेछन् अनि तिनीहरूले ठान्नेछन्- तिनीहरूले संसारमा जीवन बिताएनन् तर एक साँझ वा एक बिहानि।

## सूरह अ-ब-स- ८०

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- निधार खुम्चाउनुभयो र बेवास्ता गर्नुभयो, २- यस कारणले कि एकजना अन्धो व्यक्ति आए। ३- तपाईंलाई के थाहा कि उनी सुध्रिने थिए?! ४- वा उपदेश सुनेर त्यसलाई स्वीकार्ने थिए् कि। ५- जसले बेवास्ता गर्छ, ६- तपाईं त्यसको चिन्ता गर्नु हुन्छ। ७- जब कि ऊ न सुध्रेमा तपाईंमाथि कुनै जिम्मेबारी छैन। ८- तर जो व्यक्ति तपाईंतर्फ दगुर्दै आउँछन्, ९- र उनी डराउँछन्, १०- तपाईं उनलाई बेवास्ता गर्नुहुन्छ। ११- कदापि होइन, यो त एउटा उपदेश हो। १२- अनि जसले चाहन्छ उसले उपदेश ग्रहण गरोस्। १३- त्यो यस्ता पानाहरूमा छ जो प्रतिष्ठत छन्। १४- उच्च दर्जामा छन् र पवित्र छन्। १५- लेखन्दासहरूका हातहरूमा। १६- सम्मानित र असल।

१७- सर्वनाश होस्, मनुष्यको कति कृतघ्न रहेको छ! १८- ईश्वरले उसलाई कुन वस्तुले सृष्टि गर्नुभयो?, १९- एक थोपाबाट सृष्टि गर्नुभयो अनि उसको भाग्य निर्धारण गर्नुभयो। २०- अनि उसको लागि बाटो सहज पार्नुभयो। २१- त्यसपछि उसलाई मृत्यु दिनु भयो र चिहानमा पुर्याउनुभयो। २२- अनि जब

उहाँले चाहनुहुन्छ उसलाई पुनः जीवित तुल्याउनुहुन्छ। २३- कदापि होइन, उसले पूरा गरेन जसको आदेश ईश्वरले दिनुभएको थियो। २४- अनि मनुष्यले आफ्नो खानातिर हेरोस्, २५- हामीले प्रशस्त पानी बर्सायौँ। २६- अनि हामीले धर्तीलाई खुबै चियौं। २७- अनि उमार्यौँ त्यसमा अन्न बाली, २८- र अङ्गुर र तरकारीहरू, २९- जैतून र खजूर, ३०- घना बगैंचा, ३१- फलफूल र घास, ३२- तिमीहरू र तिमीहरूका चौपायाहरूका जीवन यापनका साधनहरू।

३३- अनि जब कानलाई बहिरा पार्ने होहल्ला हुनेछ। ३४- जुन दिन मनुष्य भाग्नेछ आफ्ना दाजुभाइदेखि, ३५- आफ्ना आमादेखि र आफ्ना बुबादेखि, ३६- आफ्नी पत्नीदेखि र आफ्ना छोराहरूदेखि, ३७- तिनीहरूमध्ये प्रत्येकलाई त्यस दिनको यस्तो चिन्ताले घेरेको हुनेछ कि जसले तिनीहरूलाई अन्य कसैतिर सम्बोधित हुन दिने छैन। ३८- केही अनुहारहरू त्यसदिन उज्यालो हुनेछन्। ३९- हाँस्दै, रमाइलो गर्दै। ४०- केही अनुहारहरूमाथि धुलो-माटो उडिरहेका हुनेछन्। ४१- तिनीहरूमाथि कालोपन छाएको हुनेछ। ४२- यिनीहरू नै नकार्ने र ढीट छन्।

# सूरह अत्-तक्वीर- ८१

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- जब सूर्यलाई बेरिनेछ, २- जब ताराहरू ज्योती-हीन हुनेछन्, ३- जब पहाडहरूलाई चलाइनेछ, ४- जब दस महिनाकी गर्भवती ऊँटनीहरू बिना रेख देख यता उति घुम्नेछन्। ५- जब जंगली जनावरहरू भेला हुनेछन्। ६- जब समुद्रमा आगो लगाइनेछ। ७- जब एक एक किसिमका मानिसहरू भेला पारिनेछन्। ८- जब जिउँदै पुरिएकी बालिकासँग सोधिनेछ। ९- कि कुन अपराधमा उसको हत्या गरियो ?! १०- जब कर्म-पत्रहरू खोलिनेछन्। ११- जब आकाश खुल्नेछ। १२- जब नर्क दन्काइनेछ। १३- जब स्वर्ग नजिक ल्याइनेछ। १४- हरेक व्यक्तिले जान्नेछ कि ऊ के लिएर आएको छ।

१५- अनि होइन, म कसम खान्छु पछि हट्ने, १६- घुमिरहने र लुक्ने

ताराहरूको। १७- रातको जब जान थाल्छ, १८- बिहानको जब त्यो आउन थाल्छ, १९- कि यो सम्मानित रसूलले ल्याउनुभएको वाणी हो। २०- शक्तिशाली, सिंहासनको मालिकको नजरमा उच्च दर्जा वाला, २१- उनको मानिन्छ, अमानतदार। २२- तपाईंका साथी पागल हुनुहुन्न। २३- उहाँले जिब्रीललाई स्पष्ट क्षितिजमा देख्नुभयो। २४- उहाँ परोक्षका ज्ञानका लालची हुनुहुन्न। २५- यो तिरस्कृत शैतानको वाणी होइन। २६- अनि तिमीहरू कहाँ जाँदैछौ ?! २७- यो त संसार बासीहरूका लागि उपदेश हो। २८- यस्ता मानिसहरूका लागि जो तिमीहरूमध्ये सीधा बाटोमा हिँड्न चाहन्छ। २९- तिमीहरू चाहना गर्न सक्दैनौ, तर सम्पूर्ण जगतका पालनकर्ता ईश्वरले चाहना गरुन्।

## सूरह अल्-इन्फितार- ८२

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- जब आकाश चर्किनेछ। २- जब ताराहरू छिन्न भिन्न हुनेछन्। ३- जब समुद्रहरू बग्न थाल्नेछन्। ४- जब चिहानहरू खोलिनेछन्। ५- प्रत्येक व्यक्तिले जान्नेछ उसले अगाडि के पठाएको छ र पछाडि के छोडेको छ। ६- हे मानव ! कसले तिमीलाई सम्मानित पालनकर्ताप्रति धोकामा पारेको छ ?! ७- जसले तिम्रो सृष्टि गर्नुभयो, तिम्रो अङ्गहरूलाई राम्ररी आकार दिनुभयो र तिमीलाई सन्तुलित बनाउनुभयो। ८- उहाँले जुन रूपमा चाहनु भयो ढाल्नु भयो। ९- कदापि होइन ! बरु तिमीरू निसाफको दिनलाई झूठो ठहर गर्छौ। १०- जब कि तिमीहरूमाथि निरिक्षकहरू तैनात छन्। ११- प्रतिष्ठिट लेखनदास। १२- तिमीहरू गरेको उनीहरू जान्दछन्। १३- निश्चय नै सत्कर्मीहरू ऐशमा हुनेछन्। १४- निश्चय नै पापीहरू आगोमा। १५- तिनीहरू निसाफको दिन त्यसमा हालिनेछन्। १६- तिनीहरू त्यसबाट कहिले छुट्टिने छैनन्। १७- तपाईंलाई के थाहा, निसाफको दिन के हो ? १८- फेरि तपाईंलाई के थाहा, निसाफको दिन के हो ? १९- त्यस दिन कुनै ज्यानले अर्को ज्यानको लागि केही गर्न सक्ने छैन। मामिला त्यस दिन मात्र ईश्वरको हातमा हुनेछ।

# सूरह अल्-मुतफ्फिफीन- ८३

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- विनाश छ नाप तौलमा कमि गर्नेहरूका लागि, २- जो मानिसहरूबाट नाप गर्दा पूरा लिन्छन्, ३- अनि जब अरूलाई नापेर वा तौलेर दिन्छन् तब त्यसमा कमी गरेर दिन्छन्। ४- के तिनीहरू बुझ्दैनन् कि एक दिन जीवित पारेर उठाइनेछन् ?! ५- एउटा ठूलो दिनको लागि, ६- जुन दिन सबै मानिसहरू सम्पूर्ण सृष्टिका पालनकर्तासमक्ष उभेका हुनेछन्। ७- कदापि होन, निस्सन्देह त्यस दिन पापीहरूको कर्म-पत्र सिज्जीनमा हुनेछ। ८- तपाईंलाई के थाहा सिज्जीन के हो ? ९- त्यो एउटा लेखिएको किताब हो। १०- विनाश छ त्यसदिन झूठा ठहर गर्नेहरूका लागि। ११- जो निसाफको दिनलाई झूठो ठहर गर्छन्। १२- त्यस दिनलाई ती मानिसहरू झूठो ठहर गर्छन् जो हद पार गर्ने वाला र पाप गर्ने वाला छ। १३- जब तिनीहरूलाई हाम्रा श्लोकहरू सुनाइन्छ, तब भन्छन्- यो विगतका मानिसहरूका कथाहरू हुन्। १४- कदापि होइन, बरु तिनीहरूका हृदयमाथि तिनीहरूका दुष्कर्महरूको खिया परेको छ। १५- कदापि होइन, बरु त्यस दिन तिनीहरूलाई आफ्ना पालनकर्ताबाट पर्दामा राखिनेछ। १६- अनि तिनीहरू नर्कमा जानेछन्। १७- अनि भनिनेछ- यही त्यो चिज हो जसलाई तिमीहरूले झूठो ठहर गर्थ्यौ।

१८- कदापि होइन, निस्सन्देह सत्कर्मीहरूको कर्म-पत्र इल्लियीनमा छ। १९- तपाईंलाई के थाहा के हो इल्लियीन भनेको ? २०- लिखत किताब हो। २१- निकटतम देवदूतहरूको निरिक्षणमा। २२- निस्सन्देह सत्कर्मीहरू शान्तिमा रहनेछन्। २३- उनीहरू आसनहरूमा बसेर देखिराखेका हुनेछन्। २४- उनीहरूको अनुहारमा आनन्दको भाव महसूस गर्नेछौ। २५- उनीहरूलाई सिलबन्द बोतलमा मदिरा पिलाउनेछ। २६-त्यसमा कस्तूरीको मोहर हुनेछ। यो त्यो चिज हो जसको लालच लालच गर्नेहरूले गर्नु पर्छ। २७- त्यस मदिरामा तस्नीमको मिश्रण हुनेछ। २८- तस्नीम यस्तो मूल हो जसबाट निकटतम भक्तहरूले पिउनेछन्।

२९- निस्सन्देह जुन मानिसहरू अपराधि थिए तिआस्थावानहरूको खिल्ली उडाउने गर्दथे । ३०- तिनीहरू आस्थावानहरूको छेउबाट हिँड्दा परस्पर आँखाबाट सङ्केत गर्थे । ३१- जब तिनीहरू आफ्ना मानिसहरूमा फर्कन्थे तब खिल्ली उडाउँदै फर्कन्थे । ३२- आस्थावानहरूलाई देख्दा भन्थे- यी बहकेका मानिसहरू हुन् । ३३- जब कि तिनीहरू निरिक्षक बनाइएर पठाइएका छैनन् । ३४- तर आज आस्थावानहरू नकार्नेहरूको खिल्ली उडाइ रहेका हुनेछन् । ३५- आसनहरूमा बसी हेरिरहेका हुनेछन् । ३६- वास्तवमा नकार्नेहरूलाई तिनीहरूका कार्यहरूको उचित बदला मिल्यो ।

## सूरह अल्-इन्शिकाक- ८४

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- जब आकाश चर्कनेछ । २- त्यसले आफ्नो पालनकर्ताको आदेश सुन्नेछ र यही उसको लागि उचित छ । ३- जब धर्तीलाई फैलाइनेछ । ४- धर्तीले आफूभित्र रहेका वस्तुहरूलाई बाहिर फ्याक्नेछ र रित्तो हुनेछ । ५- त्यसले आफ्नो पालनकर्ताको आदेश सुन्नेछ र यही उसको लागि उचित छ । ६- हे मानव ! तिमी बिस्तारै आफ्ना पालनकर्तातर्फ बढ्दैछौ र अन्ततः उहाँसँग मिल्नेछौ । ७- अनि जसको दाहिने हातमा उसको कर्म-पत्र दिइनेछ, ८- ऊ सँग सहज हिसाब लिइनेछ । ९- अनि ऊ आफ्ना मानिसहरूमा हर्षोल्लासका साथ फर्कनेछ । १०- जसलाई उसको कर्म-पत्र उसको पिठ्यूँपछाडिबाट दिइनेछ, ११- उसले मृत्युलाई पुकार्नेछ । १२- ऊ नर्कमा जानेछ । १३- ऊ आफ्ना मानिसहरूमा सन्तुष्ट रहन्थ्यो । १४- उसले पुनः जीवित हुने छैन भनी सोचोको थियो । १५- किन न हुनु, तिनीहरूका पालनकर्ता उसलाई हेरिरहनु भएको थियो । १६- अनि होइन, म कसम खान्छु क्षितिजको, १७- र रातको र ती सबैको जसलाई त्यसले समेट्छ, १८- र चन्द्रमाको जब त्यो पूर्ण हुन्छ, १९- कि तिमीहरूले अवश्य नै एक चरणबाट अर्को चरणमा पुग्नु पर्छ । २०- अनि तनीहरूलाई के भएको छ कि तिनीहरू आस्था आस्था ल्याइ रहेका छैनन् ?! २१- जब तिनीहरूसमक्ष

कुर्आनको पाठ गरिन्छ तब तिनीहरू आफ्ना पालनकर्तासमक्ष नतमस्तक हुँदैनन् ?! २२- बरु नकार्नेहरू झूठो ठहर गर्दैछन् । २३- ईश्वर जान्नुहुन्छ जे जति तिनीहरू जम्मा गर्दैछन् । २४- अतः तिनीहरूलाई पीडादायी दण्डको शुभ सूचना दिनुहोस् । २५- तर जुन मानिसहरूले आस्था ल्याए र सत्कर्म गरे उनीहरूका लागि कहिल्यै समाप्त न हुने प्रतिदान छ ।

# सूरह अल्-बुरूज- ८५

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- कसम छ बृज भएको आकाशको, २- बाचा गरिएको दिनको, ३- देख्ने वालाको र देखिने चिजको, ४- कि बर्बाद भयो खाडल वाला । ५- जसमा दन्कदो इन्धनको आगो थियो । ६- जब तिनीहरू त्यसमाथि बसेका थिए । ७- आस्थावानहरूसँग जे जति गरिदै थियो त्यसलाई तिनीहरू देख्दै थिए । ८- तिनीहरू उनीहरूसँग मात्र यस कारणले शत्रुता राखेका थिए कि उनीहरूले प्रभुत्वशाली प्रशंसित ईश्वरमाथि आस्था ल्याएका थिए । ९- उहाँको शासन-सत्ता आकाशहरू र पृथ्वीमा छ र उहाँ हरेक चिजलाई देख्दै हुनुहुन्छ । १०- जुन मानिसहरूले आस्थावान पुरुष र आस्थावान महिलालाई सताए अनि प्रायश्चित गरेनन् तिनीहरूका लागि नर्कको यातना छ । ११- जुन मानिसहरूले आस्था ल्याए र सत्कर्म गरे उनीअहरूका लागि बगैंचा छ जसको तलतिरबाट नदीहरू बगिरहेका हुनेछन् । यही महान सफलता हो । १२- निश्चय नै तपाईंको पालनकर्ताको पकड अत्यन्तै कडा छ । १३- उहाँले नै शुरु गर्नुहुन्छ र उहाँले नै पुनः गर्नु हुनेछ । १४- उहाँ क्षमाशील र स्नेही हुनुहुन्छ । १५- महान सिंहासनको मालिक हुनुहुन्छ । १६- चाहना गर्नु भएका कार्यहरू गरेरै छोड्ने वाला । १७- के तपाईंले सैनिकहरूको सूचना प्राप्त भएको छ ?! १८- फिर्औन र समुदको । १९- बरु यी नकार्नेहरू झूठो ठहर गर्नमा लागेका छन् । २०- ईश्वरले तिनीहरूलाई हरेक दिशाबाट घेर्नु भएको छ । २१- बरु यो सम्मानित कुर्आन हो । २२- सुरक्षित पेटिकामा लेखिएको छ ।

## सूरह अत्-तारिक- ८६

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- कसम छ आकाशको र त्यसमा उदाउने वालाको, २- तपाईंलाई के थाहा छ के हो राति उदाउने वाला ?! ३- चम्किलो तारा । ४- कुनै प्राणी यस्तो छैन जसमाथि सुरक्षा कर्मी न होस् । ५- अनि मनसष्यले हेर्नु पर्छ कि ऊ कुन तत्वले सृष्टि गरिएको छ ? ६- ऊ छचल्कदो पानीबाट सृष्टि गरिएको छ । ७- जो निस्कन्छ पिठ्यूँ र छातीको बीचबाट । ८- निस्सन्देह उहाँ दोस्रो पटक उसलाई सृष्टि गर्ने सामर्थ्य राख्नुहुन्छ । ९- जुन दिन रहस्यहरूको परिक्षण गरिनेछ । १०- त्यस समय मनुष्यसँग कुनै शक्ति हुने छैन न कोही सहयोगी । ११- कसम छ आकाशको जसबाट वर्षा आउँछ । १२- चर्कने धर्तीको । १३- निस्सन्देह यो स्पष्ट वाणी हो । १४- यो खेल तमासा होइन । १५- तिनीहरू षडयन्त्र गर्नमा जुटेका छन् । १६- र म पनि योजना बनाउँदैछु । १७- नकार्नेहरूलाई मौका दिनुहोस्, तिनीहरूलाई थोरै दिनको मौका दिनुहोस् ।

## सूरह अल्-आला- ८७

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- आफ्नो पालनकर्ताको नामको पवित्रता वर्णन गर्नुहोस् जो सबै भन्दा उच्च हुनुहुन्छ । २- जसले सृष्टि गर्नुभयो र ठीक पार्नु भयो । ३- जसले ठहराउनु भयो अनि मार्गदर्शन गर्नुभयो । ४- जसले आहार उमार्नु भयो । ५- अनि त्यसलाई कालो फोहर बनाउनु भयो । ६- हामी तपाईंलाई पढाउनेछौं र तपाईंको बिर्सनु हुन्न । ७- सिवाय जुन ईश्वरले चाहनु हुनेछ । उहाँ स्पष्ट र लुकाइएका सबै कुरा जान्नुहुन्छ । ८- हामी तपाईंलाई सहज मार्गमा डोर्याउनेछौं । ९- अतः उपदेश दिनुहोस् यदि उपदेश फाइला दिन्छ भने । १०- यस्तो व्यक्तिले उपदेश ग्रहण गर्नेछन् जो ईशभय राख्छ । ११- यस्तो व्यक्तिले उपदेश ग्रहण गर्ने छैन जो अभागी हुनेछ । १२- यस्तो व्यक्ति ठूलो आगोमा होमिनेछ । १३- अनि ऊ न

मर्नेछ न जीवन जिउन सक्छ । १४- सफल भयो जसले आफूलाई शुध्द पार्यो । १५- आफ्नो पालनकर्ताको नाम लयो र नमाज पढ्यो । १६- बरु तिमीहरू सांसारिक जीवनलाई प्राथमिकता दिन्छौ, १७- र परलो उत्तम र निरन्तर रहने वाला छ । १८- यही विगतका पानाहरूमा पनि छ । १९- इब्राहीम र मूसाका पानाहरूमा ।

# सूरह अल्-गाशियह- ८८

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- के तपाईंसमक्ष ढपक्कै ढाकने चिजको सूचना प्राप्त भएको छ ?! २- केही अनुहारहरू त्यस दिन अपमानित हुनेछन् । ३- परिश्रम गर्ने र थकित । ४- तिनीहरू दन्कदो आगोमा जानेछन् । ५- उनीहरूलाई उमलि रहेका मूलहरूबाट पानी पिलाइनेछ । ६- तिनीहरूका लागि काँडा भएका झाडबाहेक कुनै खाना हुने छैन । ७- जसले न मोटा बनाउनेछ न भोक मेटाउनेछ । ८- केही अनुहारहरू त्यस दिन खुशी हुनेछन् । ९- आफ्ना सत्कर्मप्रति प्रसन्न हुनेछ । १०- उच्च बगैँचामा । ११- उनीहरूले त्यसमा कुनै बेकारका कुराहरू सुन्ने छैनन् । १२- त्यसमा बगिरहेका मूलहरू हुनेछन् । १३- त्यसमा बेडहरू हुनेछन् उच्च बिछाइएका । १४- पानी राख्ने भाँडाहरू तयार पारिएका । १५- अनि एक पछि अर्को गरी लगाइएका गद्दाहरू । १६- गलैंचाहरू हरेकतर्फ । १७- के तिनीहरू उँटलाई हेर्दैनन् कसरी सृष्टि गरिएको छ ?! १८- आकाशलाई कि कसरी उच्च पारिएको छ ?! १९- पहाडहरूलाई कि कसरी उभ्याइएका छन् ?! २०- र धर्तीलाई कि कसरी फैलाइएको छ । २१- अनि तपाईं सावधान गर्नुहोस् किनकि तपाईं मात्र सावधानकर्ता हुनुहुन्छ । २२- तपाईं तिनीहहरूमाथि निरिक्षक हुनुहुन्न । २३- तर जो विमुख भयो र अस्वीकार गर्यो, २४- ईश्वरले तिनीहरूलाई कडा यातना दिनुहुनेछ । २५- हामीतिर नै तिनीहरूले फर्केर आउनु पर्छ । २६- अनि हाम्रो जिम्ममा छ तिनीहरूको हिसाब लिनु ।

# सूरह अल्-फज्र- ८९

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- कसम छ प्रभातको। २- दस रातहरूको। ३- जोडा र बेजोडाको। ४- रातको जब त्यसको आगमन हुन्छ, ५- के यसमा बुध्दिमानहरूको लागि पर्यप्त कसम छैन र ? ६- के तपाईले देख्नुभएन तपाईंका पालनकर्ताले आदसँग कस्तो व्यवहार गर्नुभयो ? ७- अग्ला स्तम्भ वाला इरमसँग। ८- जो जस्तो त्यस नगरमा अर्को समुदायले जन्म लिएन। ९- समूदसँग, जसले उपत्यकामा चट्टान कुँदे। १०- चुकुल वाला फिऔंनसँग। ११- जसले देशहरूमा उद्दण्डता मच्चायो। १२- अनि त्यसमा धेरै फसाद मच्चायो। १३- अनि तपाईंका पालनकर्ताले तिनीहरूमाथि आपदाको कोर्रा बर्साउनुभयो। १४- निस्सन्देह तपाईंका पालनकर्ता पर्खाइमा हुनुहुन्छ। १५- मनुष्यको अवस्था के छ भने जब उसका पालनकर्ता उसको परीक्षा लिनुहुन्छ र सम्मान र वैभव प्रदान गर्नुहुन्छ तब ऊ भन्छ- मेरा पालनकर्ताले मलाई सम्मान प्रदान गर्नु भयो।

१६- अनि जब उहाँले उसको परीक्षा लिनुहुन्छ र उसको जीविका उसमाथि सीमित पार्नुहुन्छ तब ऊ भन्छ- मेरा पालनकर्ताले मलाई अपमानित गर्नुभयो। १७- कदापि होइन, बरु तिमीहरू अनाथको आदर गर्दैनौ। १८- र तिमीहरू गरिबलाई खुवाउन एक अर्कालाई प्रेरित गर्दैनौ। १९- विरासतको धन हडपेर खान्छौ। २०- तिमीहरू धनसित धेरै प्रेम गर्छौ। २१- कदापि होइन, जब पृथ्वीलाई चिरा पारेर धुलो माटो बनाइनेछ। २२- तपाईंका पालनकर्ता आउनुहुनेछ र देवदूतहरू पंक्तिबद्ध भएर आउनेछन्। २३- त्यसदिन नर्कलाई ल्याइनेछ अनि मनुष्यले बुझ्नेछ। तर त्यतिखेर बुझ्ने मौका रहने छैन। २४- उसले भन्नेछ- हामीले आफ्नो जीवनमा आगामि दिनको लागि केही पठाएका भयौं। २५- त्यसदिन न त ईश्वरको जस्तो कसैले यातना दिनेछ, २६- न उहाँले बाँधे जस्तो कसैले बाँध्नेछ। २७- हे सन्तुष्ट आत्मा ! २८- हिंड आफ्ना पालनकर्तातर्फ, उहाँ तिमीसँग प्रसन्न र तिमीहरू उहाँसँग प्रसन्न। २९- अनि सामेल होउ मेरा भक्तहरूमा। ३०- र प्रवेश गर मेरो स्वर्गमा।

## सूरह अल्-बलद- ९०

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- होइन, म कसम खान्छु यस शहरको, २- र तपाईं यसमा बसोबास गर्नु भएको छ, ३- कसम छ पिता र उसको सन्तानको, ४- हामीले मनुष्यलाई कष्टमा सृजना गरेकाछौं । ५- के उसको विचारमा उसमाथि कसैको बल चल्दैन ? ६- उसले भन्छ- मैले धेरै धन खर्च गरेको छु । ७- के उसलाई कसैले देखेको छैन भनेर ठान्छ ? ८- के हामीले उसलाई दिएनौं दुईटा आँखा, ९- एउटा जिब्रो र दुईटा ओठ ? १०- हामीले उसलाई दुई वटा बाटो देखाएका छौँ । ११- ऊ उपत्यका चढेन । १२- तपाईंलाई के थाहा के हो त्यो उपत्यका ? १३- गर्धन छुटाउनु । १४- वा भोकको समयमा खाना खुवाउनु । १५- आफन्त र अनाथलाई । १६- वा अभावग्रस्तलाई । १७- अनि ती व्यक्तिहरू यस्ता मानिसहरूमध्ये होउन जो आस्था ल्याए र एक अर्कालाई धैर्य तथा सहानुभूतिको उपदेश दिए । १८- यिनीहरू नै भाग्यवानी हुन् । १९- जसले हाम्रा श्लोकहरूको इन्कार गरे तिनीहरू अभागि हुन् । २०- तिनीहरूमाथि आगो छाएको हुनेछ ।

## सूरह अश्-शम्स- ९१

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- कसम छ सूर्यको र त्यसको घाम चढनको । २- चन्द्रमाको जब त्यो सूर्यपछि आउँछ । ३- दिनको कसम जब त्यो प्रकाशमय हुन्छ । ४- रातको जब त्यसले छोप्छ । ५- आकाशको र जस्तो कि त्यसको सृष्टि गर्नु भयो । ६- पृथ्वीको र जस्तो कि त्यसलाई विस्तृत पार्नु भयो । ७- आत्माको र जस्तो कि त्यसलाई ठीक पार्नु भयो । ८- फेरि त्यसलाई समझ बूझ दिनु भयो, त्यसको पापको र पुण्यको । ९- सफल भयो जसले आफ्नो आत्मालाई शुद्ध पार्यो । १०- असफल भयो जसले त्यसलाई दुषित पार्यो । ११- समूदले आफ्नो उद्दण्डताले गर्दा झूठो ठहर गर्यो । १२- जब उनीहरूको बै भन्दा ठूलो अभागी व्यक्ति उभ्यो । १३- ईश्वरका रसूलले तिनीहरूलाई भने- ईश्वरको उँटनी र त्यसको पानी पिउनबाट सावधान । १४- तर

तिनीहरूले झूठो ठहर गरे र उँटनीको हत्या गर्यो। अनि तिनीहरूका पालनकर्ताले तिनीहरूमाथि विनाश अवतरित गर्नु भयो र सबैलाई सखाप पार्नु भयो । १५- त्यसपछि के हुनेछ भन्ने कुराबाट उहाँ डराउनुहुन्न।

# सूरह अल्-लैल- ९२

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- कसम छ रातको जब त्यो फैलिन्छ, २- दिनको जब त्यो प्रकाशित हुन्छ, ३- र त्यसको जो उहाँले सृष्टि गर्नु भयो पुलिङ्ग र स्त्रीलिङ्ग, ४- कि तिमीहरूका क्रियाकलापहरू बिभिन्न प्रकारका छन्। ५- अतः जसले खर्च गर्यो र डरायो। ६- र उसले भलाइलाई सत्य मान्यो, ७- उसको लागि हामी सजिलो बाटोलाई सहज पार्नेछौं। ८- जसले कन्जुस्याइँ गर्यो र बेपर्वाह रहयो, ९- भलाइलाई झूठो ठहर गर्यो, १०- उसलाई अप्ठ्यारो बाटोतर्फ डोर्याउनेछौँ। ११- उसको सम्पत्तिले उसलाई केही पनि फाइदा पुर्याउने छैन। १२- निस्सन्देह हाम्रो जिम्मामा छ मार्ग देखाउनु। १३- निस्सन्देह हाम्रो नियन्त्रणमा छ परलोक र लोक। १४- अतः मैले डराएँ तिमीहरूलाई दन्कँदो आगोबाट। १५- त्यसमा त्यही पर्नेछ जो ठूलो आभागी हुनेछ। १६- जसले झूठो ठहर गर्यो र विमुख भयो। १७- हामीले त्यसबाट सुरक्षित राख्नेछौँ धेरै ईशभय राख्नेलाई। १८- जो आफ्नो सम्पत्ति खर्च गर्छ आत्म-शुध्दिको लागि। १९- उसले गरेको खर्च कसैले ऊमाथि गरेको कृपाको बदलामा गरेको होइन। २०- तर मात्र आफ्नो महान्तम पालनकर्ताको प्रसन्नता प्राप्त गर्नको लागि। २१- उहाँ चाँडै नै प्रसन्न हुनु हुनेछ।

# सूरह अद्-दुहा- ९३

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- कसम छ प्रकाशमय दिनको, २- रातको जब त्यो चारैतिर फैलिन्छ, ३- तपाईंको पालनकर्ताले तपाईंलाई एक्लै छोड्नुभएको छैन र तपाईंसँग रिसाउनुभएको पनि छैन। ४- निस्सन्देह परलोक तपाईंको लागि लोकभन्दा उत्तम छ। ५- चाँडै नै

ईश्वरले तपाईंलाई यति प्रदान गर्नुहुनेछ कि तपाईं सन्तुष्ट हुनुहुनेछ। ६- के ईश्वरले तपाईंलाई अनाथ पाउनु भएन, अनि उहाँले शरण प्रदान गर्नु भयो। ७- तपाईंलाई खोज तलास गरि रहेको पाउनु भयो अनि मार्ग देखाउनु भयो। ८- उहाँले तपाईंलाई निर्धन पाउनुभयो अनि तपाईंलाई धनी बनाउनुभयो। ९- अनि तपाईं अनाथमाथि कडाइ न गर्नु होस्। १०- माग्नेलाई नहप्काउनु होस्। ११- आफ्ना पालनकर्ताको कृपाको वर्णन गर्नु होस्।

## सूरह अल-इन्शिराह- ९४

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- के हामीले तपाईंको छाती खोलिदिएनौं ? २- र तपाईंको त्यो भार हटाइ दियौं, ३- जसले तपाईंको पिठ्यूँलाई झुकाएको थियो। ४- हामीले तपाईंको चर्चालाई उच्च पार्यौं। ५- कठिनाइपछि सहजता छ। ६- निश्चय नै कठिनाइपछि सहजता छ। ७- तपाईंले फुर्सत पाएपछि मेहनेत गर्नुहोस्। ८- अनि आफ्ना पालनकर्तातर्फ ध्यानाकर्षण राख्नु होस्।

## सूरह अत्-तीन- ९५

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- कसम छ अञ्जीरको र जैतुनको, २- सीना पहाड, ३- र यस अमन वाला शहरको, ४- हामीले मानुष्यलाई सर्वोत्तम संरचनामा सृष्टि गर्यौं। ५- त्यसपछि उसलाई सबैभन्दा तल झार्यौं। ६- तर जुन मानिसहरूले आस्था ल्याए र सत्कर्म गरे उनीहरूका लागि कहिले समाप्त नहुने पुण्य रहेको छ। ७- अब किन तिमीहरू बदला मिल्ने कुरालाई झूठो ठहर गर्छौ ? ८- के ईश्वर समस्त शासकहरूभन्दा महान्तम शासक हुनु हुन्न र ?

## सूरह अल्-अलक- ९६

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- पढ्नुहोस् आफ्नो पालनकर्ताको नामबाट जसले सृष्टि गर्नुभयो। २- सृष्टि

गर्नु भयो मनुष्यलाई रगतको डल्लोबाट । ३- पढ्नुहोस्, तपाईंका पालनकर्ता अति दयालु हुनुहुन्छ, ४- जसले शिक्षा दिनस भयो कलमबाट । ५- मुनष्यलाई ती सबै सिकाउनुभयो जसको ज्ञान उसलाई थिए । ६- कदापि होइन, मनुष्य उद्दण्डता गर्छ, ७- यस कारणले कि ऊ आफूलाई आत्मनिर्भर पाउँछ । ८- निस्सन्देह तपाईंका पालनकर्तातिर फर्कनुपर्नेछ ९- के तपाईंले देख्नु भयो त्यस व्यक्तिलाई जो रोक्छ, १०- एक जना भक्तलाई जब उहाँ नमाज पढ्नु हुन्छ । ११- तिमीहरूको के विचार छ यदि उहाँ मार्गदर्शनमा हुनुहुन्छ भने ? १२- वा ईश-भय सिकाउनुहुन्छ ? १३- तिम्हरूको के विचार छ यदि रोक्ने व्यक्तिले झूठो ठहर गर्यो र पिठ्यूँ फर्कायो ? १४- के उसले जानेन कि ईश्वर देखि राख्नु भएको छ ? १५- कदापि होइन, यदि ऊ रोकिएन भने हामीले उसलाई निधारको कपाल समातेर तान्नेछौं । १६- त्यस निधारलाई जो झूठो र पापी छ । १७- अब उसले बोलाओस् आफ्ना समर्थकहरूलाई । १८- हामीले पनि नर्कका देवदूतहरूलाई बोलाउनेछौं । १९- कदापि होइन, उसको कुरा नमान्नुहोस् । नतमस्तक हुनुहोस् र निकट हुनुहोस् ।

## सूरह अल्-कद्र- ९७

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- हामीले यसलाई अवतरित गरेका छौं कद्रको रातमा । २- तपाईंलाई के थाहा के हो कद्रको रात ? ३- कद्रको रात एक हजार महिनाभन्दा पनि उत्तम छ । ४- देवदूतश्ताहरू र आत्मा (जिब्रील) आफ्नो पालनकर्ताको अनुमतिले अवतरण गर्छन्, हरेक आदेश लिएर, ५- त्यो रात पूर्णरूपमा शान्ति हो बिहानि भएसम्म ।

## सूरह अल्-बय्यिना- ९८

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- अहले किताब र बहुदेववादीहरूमध्ये जसले इन्कार गरे तिनीहरूले त्याग्ने वाला छैनन् यहाँसम्म कि स्पष्ट प्रमाण आओस् । २- ईश्वरको तरफबाट एक

जना रसूल, जसले तिनीहरूलाई पवित्र पानाहरू पढेर सुनाउन् । ३- जसमा ठीक विषयहरू लेखिएका छन् । ४- अहले किताबहरू स्पष्ट प्रमाण पाएपछि नै विभाजित भए । ५- जब कि तिनीहरूलाई यही आदेश दिइएको थियो कि तिनीहरूले एकमात्र ईश्वरको उपासना गरुन् धर्मलाई उहाँकै लागि निष्कप्ट पारेर र एकाग्र भएर, नमाज कायम गरुन्, जकात चुक्ता गरुन् र यही ठीक धर्म हो । ६- निस्सन्देह अहले किताब र बहुदेववादीहरूमध्ये जसले इन्कार गरे तिनीहरू नर्कको आगोमा पस्नेछन्, सधैँको लागि त्यहीँ रहनेछन् । तिनीहरू निकृष्ट प्राणी हुन् । ७- जुन मानिसहरूले आस्था ल्याए र सत्कर्म गरे उनीहरू उत्तम प्राणी हुन् । ८- उनीहरूको प्रतिदान उनीहरूका पालनकर्ताकहाँ सधैँ रहने बगैंचाहरू छन्, जसको तलतिरबाट नहरहरू बगिरहेका हुनेछन् । उनीहरू त्यसमा सदाका लागि रहनेछन् । ईश्वर उनीहरूसित खुशी र उनीहरू उहाँबाट खुशी । यो त्यस व्यक्तिको लागि हो जो आफ्ना पालनकर्तासँ डराउँछ ।

## सूरह अज्जिल्-जाल- ९९

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- जब पृथ्वी बेस्सरी हल्लाइनेछ, २- पृथ्वीले आफू भित्र रहेका भारीहरू बाहिर फाल्नेछ, ३- मनुष्यले भन्नेछ- यसलाई के भएको छ ? ४- त्यस दिन त्यसले आफ्ना अवस्थाहरू बताउनेछ । ५- किनभने तपाईंका पालनकर्ताको यही आदेश हुनेछ । ६- त्यस दिन मानिसहरू अलग अलग निस्कनेछन् ताकि तिनीहरूका कर्महरू तिनीहरूलाई देखाइयुन् । ७- अनि जुन व्यक्तिले कण बराबर पनि सत्कर्म गरेको हुनेछ उसले त्यसलाई देख्नेछ । ८- अनि जुन व्यक्तिले कण बराबर पनि दुष्कर्म गरेको हुनेछ उसले त्यसलाई देख्नेछ ।

## सूरह अल्-आदियात- १००

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ ।

१- कसम छ ती घोडाहरूको जो हस्याङ्-फस्याङ् गर्दै दगुर्छ, २- अनि चट्टानमाथि खुर हानेर आगोको अगुल्टो निकाल्ने, ३- अनि एका बिहानै छापा मार्ने वाला,

४- अनि धुलो उडाउने वाला, ५- अनि त्यति खेर सैनिकहरूबीच पस्ने वाला। ६- वास्तवमा, मनुष्य आफ्नो पालनकर्ताप्रति बेगुणी छ। ७- र ऊ आफैँ त्यसको साक्षी छ। ८- ऊ धनको मोहमा अति पक्का छ। ९- के ऊ त्यस समयलाई जान्दैन जब ऊ चिहानबाट निकालिन्छ। १०- र निकालिनेछ जे जति उसको हृदयहरूमा छ। ११- निस्सन्देह उनीहरूका पालनकर्ता त्यसदिन उनीहरूका अवस्थासँग अवगत रहनु हुनेछ।

## सूरह अल्-कारिअह्- १०१

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- ठूलो स्वर भएको, २- के हो त्यो ठूलो स्वर भएको ? ३- तिमीहरूलाई के थाहा के हो त्यो ठूलो स्वर भएको ? ४- जु दिन मानिसहरू कीरा फट्याङ्ग्रा जस्ता उडि रहेका हुनेछन्, ५- पहाडहरू चुटिएको ऊन जस्तो हुनेछन्। ६- अनि जसका पल्ला भारी हुनेछ, ७- ऊ मन पराउने आराममा हुनेछ। ८- जसको पल्ला हलुका हुनेछ, ९- उसको बासस्थान खाडल हुनेछ। १०- तपाईंलाई के थाहा हो त्यो खाडल ? ११- दन्कँदो आगो।

## सूरह अत्-तकासुर- १०२

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- बढिभन्दा बढिको चाहनाले तिमीहरूलाई असावधान बनाएको छ, २- यहाँसम्म कि तिमीहरू चिहानमा पुग्यौ, ३- कदापि होइन, तिमीहरूले चाँडैनै थाहा पाउनेछौ। ४- फेरि कदापि होइन, तिमीहरूले चाँडै जान्नेछौ। ५- कदापि होइन, यदि तिमीहरूले यकिनका साथ जानेका भयौ कि ६- तिमीहरूले अवश्य नै नर्कलाई देख्नेछौ। ७- तिमीहरूले नर्कलाई यकिनको आँखाले देख्नेछौ, ८- फेरि त्यस दिन अनुकम्पाहरूको बारेमा अवश्य सोध पूछ हुनेछ ।

## सूरह अल्-अस्र- १०३

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- कसम छ युगको, २- निस्सन्देह मनुष्य घाटामा छ। ३- तर सिवाय ती

मानिसहरूको जो आस्था ल्याए, सत्कर्म गरे, एक अर्कालाई सत्यको उपदेश दिए र परस्पर धैर्यको उपदेश दिए।

## सूरह अल्-हुमजह- १०४

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- बर्बादी छ प्रत्येक त्यस व्यक्तिको जो धाक लगाउँछ र कमि कमजोरी निकाल्छ, २- जसले धन जम्मा पर्यो र गणना गरेर राख्यो। ३- उसको धन सधैँ ऊ सँग रहनेछ भनेर ठानेको छ। ४- कदाप होइन, ऊ फालिनेछ जलाइने स्थानमा। ५- तपाईंलाई के थाहा के हो त्यो जलाइने स्थान ? ६- ईश्वरले दन्काउनु भएको आगो। ७- जो मुटुसम्म पुग्नेछ। ८- त्यो त्यसमाथि बन्द गरिनेछ। ९- अग्ला-अग्ला स्तम्भहरूमा।

## सूरह अल्-फील- १०५

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- के तपाईंले देख्नु भएन तपाईंका पालनकर्ताले हात्तीवालाहरूसित के गर्नुभयो ? २- के उहाँले तिनीहरूको षड्यन्त्रलाई विफल पार्नु भएन ? ३- तिनीहरूमाथि चराहरू पठाउनुभयो झुन्डका झुन्ड। ४- जो तिनीहरूमाथि माटोको ढुङ्गाले हिर्काइ राखे। ५- फेरि ईश्वरले तिनीहरूलाई खाइएको भूसा जस्तो बनाउनु भयो।

## सूरह कुरैश- १०६

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- यस कारणले कि कुरैश परिचित भए, २- जाडो तथा गर्मीमा यात्रासित परिचित भए, ३- तिनीहरूले यस घरका मालिकको उपासना गर्नु पर्छ, ४- जसले उनीहरूलाई भोकको बेला खुवाउनुभयो र डरको अवस्थामा अमन प्रदान गर्नु भयो।

## सूरह अल्-माऊन- १०७

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- के तपाईंले देख्नु भएन त्यस व्यक्तिलाई जो निसाफको दिनलाई झूठो ठहर गर्छ ? २- त्यही हो जो टुहुरोलाई हप्काउँछ, ३- गरिबहरूलाई खुवाउन प्रोत्साहित गर्दैन। ४- अनि बर्बादी छ त्यस नमाज पढनेवालाको लागि, ५- जो आफ्ना नमाजप्रति लापरवाही गर्छन्, ६- जो देखावटी गर्छन्, ७- सामान्य उपभोगको सामान पनि दिँदैनन्।

## सूरह अल्-कौसर- १०८

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- हामीले तपाईंलाई कौसर प्रदान गरिसक्यौँ। २- अनि मात्र ईश्वरका लागि नमाज पढ र बली देउ। ३- वास्तवमा, तपाईंको शत्रु नै बे नामो निशान छ।

## सूरह अल्-काफिरून- १०९

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- भन्नुहोस्- हे नकार्नेहरू हो ! २- म त्यसको भक्ति गर्दिन जसको भक्ति तिमीहरू गर्छौ। ३- र न तिमीहरू त्यसको भक्ति गर्ने वाला छौ जसको भक्ति म गर्छु। ४- म त्यसको उपासना गर्ने वाला होइन जसको उपासना तिमीहरू गर्छौ। ५- न तिमीहरू त्यसको उपासना गर्ने वाला छौ जसको उपासना म गर्छु। ६- तिमीहरूका लागि तिमीहरूको धर्म र मेरो लागि मेरो धर्म।

## सूरह अन्-नस्र- ११०

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- जब ईश्वरको सहयोग आओस् र विजय, २- अनि तपाईंले मानिसहरूलाई ईश्वरको धर्ममा प्रवेश गरेको देख्नुहुनेछ हूलका हूल, ३- तब आफ्ना पालनकर्ताको प्रशंसाकासाथ महिमागान गर्नुहोस् र उहाँसँग क्षमादान माग्नुहोस्।

## सूरह अल्-मसद- १११

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- अबू लहबको हात भाँचोस् र ऊ बर्बाद होस्। २- न धन उसलाई काम लाग्यो न त उसको कमाइ। ३- ऊ चाँडै नै दन्कँदो आगोमा पर्नेछ। ४- र उसको पत्नी पनि जो टाउकोमाथि लिएर हिँड्छे। ५- उसको घाँटीमा डोरी छ बडारिएको।

## सूरह अल्-इख्लास- ११२

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- भनिदिनुहोस्- उहाँ ईश्वर हुनुहुन्छ एक मात्र। २- ईश्वर आत्म-निर्भर हुनुहुन्छ। ३- न उहाँको कुनै सन्तान छ र न उहाँ कसैको सन्तान हुनुहुन्छ। ४-कोही उसको बराबरी को छैन।

## सूरह अल्-फलक- ११३

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१- भन्नुहोस्- म शरण माग्छु बिहानको मालिकको, २- प्रत्यक दुष्टबाट जो उहाँले सृष्टि गर्नु भयो। ३- अन्धारको दुष्टताबाट जब त्यो फैलिन्छ। ४- गाँठोहरूमा फुँक मार्नेहरूको दुष्टताबाट। ५- ईर्ष्या गर्नेहरूको दुष्टताबाट जब ऊ इर्ष्या गर्छ।

## सूरह अन्-नास- ११४

शुरु ईश्वरको नामबाट जो अति कृपाशील अत्यन्त दयावान हुनुहुन्छ।

१-भन्नुहोस्- म शरण माग्छु मानिसहरूको पालनकर्ताको, २- मानिसहरूका सम्राटको, ३- मानिसहरूका उपास्यको, ४- भ्रम उत्पन्न गर्ने अनि लुक्नेको दुष्टताबाट। ५- जो मानिसहरूको हृदयमा भ्रम उत्पन्न गर्छ। ६- जिन्नहरूमध्ये र मानिसहरूमध्ये।

कुर्आन अल्लाहको किताब हो, जो असल अरबी भाषामा पूर्णरूपमा सुरक्षित छ। यसतो कुनै किताबको अनुवाद असल किताबको विकल्प हुन सक्दैन। तर यसको यो अर्थ होइन कि अरबी भाषा नजान्ने व्यक्तिले कुर्आन बुझ्नै सक्दैन। कुर्आन जाहेरमा अरबी भाषामा छ तर वास्तविक रूपमा यो प्राकृतिक भाषामा छ।

प्रत्येक किताबको एउटा शीर्षक हुन्छ र कुर्आनको शीर्षक मानव जातिलाई अल्लाहको सृष्टिको योजनासित अवगत गराउनु हो। अर्थात मानव जातिलाई यो बताउनु हो कि अल्लाहले यस संसारको सृष्टि किन गर्नु भएको छ? मानव जातिलाई यस सांसारमा बसो बास गराउनुको उद्देश्य के हो? मृत्यु अघिको जीवन अवधिमा मानव जातिसँग के चाहिएको छ र मृत्यु पछिको जीवन अवधिमा ऊसँग के हुने वाला छ? मानव एउटा सदा सर्वदा रहने प्राणि हो र उसको जीवन मृत्युपछि पनि जारी रहनेछ। कुर्आन उसको पूर्ण जीवनको लागि मार्ग दर्शन गर्ने किताब हो।

Quran Buy

ISBN 978-93-94886-79-7

9 789394 886797

www.goodwordbooks.com www.cpsglobal.org